# प्रदेश सभा
# बागमती प्रदेश
# पाँचौ अधिवेशन
# कारवाहीको सम्पूर्ण विवरण

२८ माघ, २०७६

मंगलबार

(बैठक संख्या - १३)

**प्रदेश सभाको पाँचौ अधिवेशको आजको बैठक माननीय सभामुख श्री सानुकुमार श्रेष्ठको अध्यक्षतामा दिनको ३:०० बजे प्रारम्भ भयो।**

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, प्रदेश सभाको आजको बैठकको कारवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरु, आज विशेष समयको कार्यक्रम नरहने व्यहोरा जानकारी गराउँदछु।

माननीय सदस्यहरु, अब शुन्य समयको कार्यक्रम प्रारम्भ हुन्छ। शुन्य समयमा बोल्न चाहानु हुने माननीय सदस्यहरुलाई १ मिनेटको समय निर्धारण गरेको छु। माननीय मीना ज्ञवाली।

**माननीय मीना ज्ञवाली (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))**:- माननीय सभामुख ज्यू,बालुवाटार स्थित ललिता निवासको २९९ रोपनि सरकारी जग्गा मध्धे ११२ रोपनि जग्गा ब्यक्तीको नाममा दर्ता भई हिनामिना गरि विभिन्न ब्यक्तीका नाम बाट २ अर्व ४१ करोड ६९ लाख बढि धितो पारित भई विविन्न बैंक तथा बित्तिय संस्थाहरु बाट अरबौ ऋण प्रभाह भएको अवस्थामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गहन अनुसन्धान गरि यस्तो गलत कार्यमा संलग्न १७५ जाना विरुध विशेष अदालतमा यहि माघ २२ गते बुधवार मुद्दा दायर गरेको छ। भ्रष्टाचार बिरुद्धमा संघिय सरकारले चालेको यो कदमको सम्मान गर्दै हार्दिक धन्यवाद ज्ञापन गर्दछु सरकार प्रति धन्यवाद।

**माननीय सभामुख** :- माननीय रमा आले मगर।

**माननीय रमा आले मगर (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))**:- एक नम्बरमा पशुपतिनाथको मन्दिरमा चादिको जलरीको सट्टा सुनको जलरी लगाउने कुरा भएको हुदा यो किन लगाउनु पर्यो त्यसमा सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। दुई नम्बरमा खेर गहिरहेको नाङ्गा पहाडहरु, डाढाहरुलाई चाहि अब उपयोगमा ल्याउनको लागि म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। त्यसै गरि तिन नम्बरमा कोरोना भाईरसको बारेमा हामीले हिजो धेरै छलफल गर्‍यौ।

यो छलफल प्रश्चात कोरोना भाईरसका नेपाली बिरामिहरु जति छन् ति बिरामिहरुलाई नेपालमा ल्याएर उपचार गर्नु भन्दा पनि वहाहरुलाई सम्बन्धीत ठाउमै सुरक्षित ढङ्गले उपचार गरेर नेपालमा फर्काईनु पर्छ भन्ने म चाहि ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद।

**माननीय सभामुख**:- माननीय रत्न प्रसाद ढकाल।

**माननीय रत्न प्रसाद ढकाल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))**:- माननीय सभामुख ज्यू, हाम्रो आव ०७६/०७७ सालको योजनाहरुको कार्यान्वयनको निम्ती पहिले चौमासिकमा खासै योजना कार्यान्वयन भएको देखिएन। दोस्रो चौमासिक सुरु भैसकेको

छ। प्रदेश पुर्वाधार बिकास कार्यक्रम लगायतका कैयौ बजेटका योजनाहरु कार्यान्वयन हुन सकेको छैन् र कैयौ कार्य विधिहरु समेत हाम्रो सरकारले बनाउनु पर्नि हो।

त्यो नबनाएको अवस्थमा योजना कर्यनयन कहिले, कसरी यो सम्भव हुन्छ। नत्र भने भएको बजेटहरु पनि फ्रिज हुने र योजना कर्यनयन नहुदा खेरि हामीले समृद्धि नेपाल र सुखि नेपालीको नारा,नारामा मात्रै सिमित हुने देखिन्छ। त्यस कारणले यो सरकारको क्रियाकलापले हामीले कसरी यो योजनाहरु समय मै कार्यान्वयन गर्न सक्छौ। धन्यवाद।

**<u>माननीय सभामुख</u>:-** माननीय रमेश पौड्याल।

**<u>माननीय रमेश पौड्याल (विवेकशील साझा पार्टी)</u>:-** माननीय सभामुख महोदय, हालै अख्तियारले दायर गरेकोबालुवाटार जग्गा सम्बन्धी मुद्धामा चाहि अख्तियारमा सरकारको कार्यकारीको छायाँ परेको प्रष्ट देखिएको छ। त्यसले चाहि निर्णय गर्ने प्रधानमन्त्री जोगिने र निर्णयको लागि साहायकसिद्ध हुने मन्त्री र सचिवपर्ने एउटा त्यस्तो परिपाटि देखिएको छ।

साथै सरकार बादि हुने फौजदारि मुद्धामा पनि अब मिलापत्र गर्न सकिने देखिएको छ र अब देशमा जति पनि देश भरि चोरि मुद्धा डकैति मुद्धामा जति मान्छे रहेका छन् उनिहरुले आएर मैले चोरेको सामान फिर्ता गर्छु भन्यो भने वहाहरुलाई रिहा गरि दिनु पर्ने भएको छ। यदि अख्तियारले अहिले राखेको नजिरलाई मानेर जानि हो भने यो स्थिति देखिने छ। म यसको लागि चाहि सरकार मार्फत संघिय सरकारको ध्यानाकर्षण गराउछु। धन्यवाद।

**<u>माननीय सभामुख</u>:-** माननीय बुद्धिमान माझी।

**<u>माननीय बुद्धिमान माझी (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुख ज्यू, स्थानिय तहका पदाधिकारी सदस्यहरुले पाउनु पर्ने सेवा सुविधा सन्दर्भमा यथासिघ्र प्रदेश कानुन संशोधन गरेर व्यवस्था गर्नको लागि यो गरिमामय सदन मार्फत सदनमा सभामुख मार्फत प्रदेश सरकारको म गम्भिर ध्यानाकर्षण गर्न चाहन्छु। धन्यवाद।

**माननीय सभामुख**:- माननीय सृजना सयजू।

**माननीय सृजना सयजू (नेपाल मजदुर किसान पार्टी)**:- नोवल कोरोना भाईरसको माहामारी बिरुद्ध विवेक र बुद्धि बहादुरी पुर्वक लडि रहेको चिन र चिनिया जनता प्रति हाम्रो एकिबद्धता छ। यस्तो संवेदनशिल समयमा केहि पश्चिममा र अन्य संञ्चार माध्यमहरुले अतिरन्जना पुर्व समाचार दिहि रहेको प्रति नेपाली जनतालाई सचेत बनाउन आवश्यक छ। मुहानमा पढ्नको लागि गएका १८० नेपाली विधार्थीले खानै पाएन्न असुरक्षित छन् भन्ने कुरा हल्ला मात्रै हो।

निसन्देह नेपाली विधार्थि मानसिक तनाव खेप्दै छन् तर तिनलाई राख्न क्वारेनटाईनको बन्दोबस्तको निम्ति नेपाल सरकारले छनोट गरेको काठमाडौं उपत्यकाका कुनै पनि ठाउँहरु उपयुक्त छैन्न। सम्भावित क्षतिबाट जोगिन आवश्यक छ। कोरोना भाईरस पनि विश्व जनसंख्यालाई जोखिममा पार्न अमेरिकाले उत्पन्न गरेको भन्ने समाचार छ। ब्यापार युद्धमा असफल, सफल नभएपछि अमेरिकाले चिन बिरुद्ध किटाणु युद्ध सुरु गरेको त होईन। ईतिहासका किटाणु युद्धहरुको थप अध्ययन तथा बिश्लेषण यति खेर आवश्यक अनुभव गरिदैछ। धन्यवाद।

**माननीय सभामुख**:- माननीय ज्ञानेन्द्र शाक्य।

**माननीय ज्ञानेन्द्र शाक्य (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))**:- माननीय सभामुख ज्यू, मैले उठाउन खोजेको एउटा विषय केहो भन्दा खेरि यो ललितपुर निर्वाचन छेत्र नं.२ (२) अन्तर्गत विश्व सम्पदा सुचिमा सुचिकृत दरबार स्क्वायर मँगला बजारबाट सौगल, सुनधारा र ग्वार्खो हिडने सडक सबै २ वर्ष देखि एकदम जिर्ण अवस्थामा रहेको खाल्डाखुल्डी र घाम लाग्दा धुलो, पानी पर्दा हिलोको अवस्थामा रहेको जानकारी गराउछु र यस विषयमा यो मुलत २ वर्ष अगाडी देखि यो मेल्मचि खानेपानि प्रयोजना अन्तर्गत झन्डै ५ पटक खन्ने र ५ पटक पुर्ने पनि भैसकेको छ र हाल आएर मलाई लाग्छ त्यो ठाउमा चाहि खन्ने रपुर्ने ...।

**माननीय सभामुखः-** माननीय जीवन खड्का।

**माननीय जीवन खड्का (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))ः-** सभामुख महोदय, हिजो मात्रै एउटा दुखान्त घटना भएको छ। पुर्व सचिव अर्जुन कार्कीकी पत्नी मुना कार्कीको जुन हत्या रहस्यपुर्ण छ। त्यसको हाल सम्मको चाहि के अवस्था हो त्यो बारेमा एथासिघ्र सदनलाई जानकारी होस र साथसाथै सात महिना भो हाम्रो बजेट पास गरेको आठौ महिना लाग्न लागि सक्यो। अहिले सम्म बजेटको कार्यान्वयनको मन्त्रालय मै कार्यान्वयनको लागि लेखापढि र कागजमै लेखापढिमा सिमित रहने हो भने कहिले त्यो कार्यनयन हुने हो।

काम चाहि हुने तल गएर काम कहिले हुने हो। यो बारेमा पनि यथासिघ्र ध्यानाकर्षण होस। साथै स्थानिय तहका पदाधिकारीहरुको सेवा सुविधाको सन्दर्भमा यथासिग्र कानुन ल्याउने व्यवस्था पनि गरियोस सरकारलाई यस तर्फ पनि ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद।

**माननीय सभामुखः-** माननीय नरोत्तम वैद्य।

**माननीय नरोत्तम वैद्य (नेपाली कांग्रेस)ः-** सभामुख महोदय त्यो अस्ती चाहि अन्नपूर्ण पोस्टमा त्यो पशुपतिनाथको मन्दिरमा सुनको जलरी १४१ किलोको सुनको जलरी राख्ने कुरा चाहि समाचारमा आएको कुरा म के भने यो सभामा जानकारी दिन चाहन्छु र यो चाहि के भने पसुपतिनाथ एउटा चाहि के भने एउटा एक किसिमको सोस्लिट आफु बहुत साधारण भएर आफनो भक्तलाई चाहि सम्रान्त बनाउने।

त्यस्तो सोस्लिट माहादेवलाई चाहि सामन्ती बनाउने अब सुनले मोडने अब माहादेवलाई सुनले मोडने किसिमको जुन क्रियाकलाप हुन लागेको छ। यो चाहि के भने यो प्रदेश सरकारले टुलटुल हेरि राग्ने कि केहि गर्ने हो। यो प्राचिन स्मारक संरक्षण ऐन त्यो प्रदेश यो पशुपतिनाथको मन्दिरको व्यवस्थापनलाई लाग्छ कि लाग्दैन त्यता पट्टि सरकारको ध्यान जाओस यो विषयमा सरकारले...।

**<u>माननीय सभामुख</u>:-** माननीय शान्ति प्रसाद पौडेल।

**<u>माननीय शान्ति प्रसाद पौडेल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुख ज्यू, क्षेत्रीय भौतिक बिकास कार्यक्रम अन्तर्गत जुन तिन करोड प्राप्त भएको छ। यसको निर्देशिकामा ५० लाख सम्म टेन्डर गर्नु पर्ने भनेको छ र अहिले सम्म पैसा निकासा भैरहेको छैन्। टेन्डरको प्रकृया २ महिना भन्दा भढि समय लाग्ने भएको र केन्द्रीय आर्थिक ऐन संघ बाजेको हुनाले यो निर्देशिका सच्याउनको लागि सरकार निर्देशन होस र त्यो उपभोक्ता समिति बाट काम गर्न पाउने गरि त्यसको व्यवस्था होस। धन्यवाद।

**<u>माननीय सभामुख</u>:-** माननीय देवकी श्रेष्ठ।

**<u>माननीय देवकी श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुख ज्यू, म ललितपुरको ललितपुर जिल्लामा घटनाहरु घटि रहेको छ र पहिला पनि हाम्रो माननीय चेतनाथ संजेलज्यूले भन्नु भएको थियो। केहि मात्रामा घर जलेको थियो र धेरै ५० लाख जतिको नोक्सानी भएको थियो। फेरि हाम्रो यो ललितपुर १४ वडामा श्रीमान श्रीमती बाफ लिन जादा खेरि त्यहाँ वहाँहरुको मृत्यु भयो।

त्यहाँको मालिकलाई थुनेको पनि छ र फेरि हिजो पनि हाम्रो कुपनडोलमा पुर्व सचिव अर्जुन कार्कीको पत्नी चाहि अस्पताल लादालादै मृत्यु भयो र यो चौधरी काम गर्ने चौधरीको चाहि झुण्डिएर गर्यो भन्ने छ यो रहस्यमय छ। यसमा चाहि राम्रो संग जाँचबुज गर्नुपर्छ र अर्को कुरो के भने कोरोना भाईरस लागेका...।

**<u>माननीय सभामुख</u>:-** माननीय गोमा भुर्तेल।

**<u>माननीय गोमा भुर्तेल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** मैले पोहोर पनि कुरा उठाएको थिएजुन बिदेश जाने दाजुभाईहरुको घर फर्कीदा छोराछोरी र आफुले कमाएको सम्पति सकियो त्यस कारणलेयो सचेतना कार्यक्रमहरु अगाडि बढाउनु पर्यो र अर्को कुरो

दशौं वर्ष सङ्गै बस्ने अनि रिस उठेसि बलत्कार भो भनेर चाहि एउटा पुरुषलाई मात्र जेल लाने कानुन बनेको छ। अब त्यस्ता अपराधि महिला पनि संगै कारवाही गर्नुपर्छ भन्ने खालको कानुन बन्नु पर्छ भन्ने कुरा राख्छु हस धन्यवाद।

**<u>माननीय सभामुख</u>:-** माननीय सरस्वती बाटी।

**<u>माननीय सरस्वती बाटी (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** सभामुख महोदय, अहिले यो फेबरवरि ९ मा चाहि भएको कालिकोटमा वडा सदस्य महिला जनप्रतिनिधीको जुन किसिमको हत्या भएको छ। त्यो पानि छोएको आधारमा हत्यामा संलग्न भएका राजीब दास साहि र सृजन साहिलाई कडा भन्दा कडा कार्वाही गर्न माग गर्न चाहन्छु र अर्को नोवल कोरोना भाईरस जुन खाल्को नेपालीहरुमा त्यहा बसेका नेपालीहरुमा भएको छ। त्यो त्यही बसेर त्यही स्थानमा बसेर सुरक्षित उपचार गर्नु आवश्यक हुन्छ र नेपालमा फर्काईने भन्ने कुरो यो नेपालमा हामीले त्यसको समाधान गर्नको लागि समस्या हुने भएकोले त्यो कुरालाई सचेत हुनको लागि म अनुरोध गर्न चाहन्छु र अर्को भनेको छौउगोठ भत्काउदै बस्दै बस्दै ३०० भन्दा बढि यो गोठ भत्काईएको छ। छौउगोठ बास्तवमा छौउगोठ किन राखियो र किन भैरहेको छ भन्ने.....।

**<u>माननीय सभामुख</u>:-** माननीय विजया श्रेष्ठ के.सी।

**<u>माननीय विजया श्रेष्ठ के.सी (नेपाली कांग्रेस)</u>:-** सभामुख ज्यू, नेपालीको लागि खुसिको खबरको कुराहोअख्तियार दुरुपयोग अनुसन्धान आयोगले चर्चित ललिता निवास प्रकरणको भण्डाफोर गरेको छ र पनि यसको देश ब्यापि बिरोध हुन थालेको छ। नेपाली कांग्रेसले एउटै आवाज निकालेको छ। निर्दोष दण्डित हुनु हुदैन् दोषिले उन्मुक्ति पाउनु हुदैन। भ्रष्टाचारि जोसुकै होस कानुनि दाएरामा ल्याउनु नै पर्छ। तर भएको केछ भने त्तकालिन मन्त्रीमण्डलका विजय गक्षेदार र चन्द्र देब जोशि जस्ता पात्र दामिने त्यहि क्याबिनेटका नाईके प्रधानमन्त्रीहरु उन्मुक्ति पाउने।

नितिगत कारण देखाई कसैलाई पाखा कसैलाई काखा गर्ने अख्तियार यो बिभेधकारी अख्तियार हो। घुसियाले घुस फिर्ता गर्न मन्जुर गरे कानुन नलाग्ने निमुखालाई मात्र कानुन लाग्ने। महोत्तरी बेलबासिकी तिलक कुमारीलाई कानुन लाग्ने बिष्नु पौडेल जी को छोरालाई कानुन नलाग्ने। सभामुख महोदय जर्ज अर्जेले भनेको ज्सतै all animals are equal but some are more equal भन्ने कुरा यहाँ चरितर्थ भएको छ। धन्यवाद।

**<u>माननीय सभामुख</u>:-** माननीय राम लाल महतो।

**<u>माननीय राम लाल महतो (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुख महोदय, मैले चाहि यो सभामुख मार्फत सम्बन्धित निकाएको ध्यानाकर्षण गर्न चाहन्छु। यो चितवन राष्ट्रिय निकुन्जको जंगलि हातिको कारणले गत वर्ष पनि ३ जाना मृत्यु भएको छ र यस वर्ष पनि ३ जानाको मृत्यु भई सकेको छ र अहिले जंगलि हातिले माडि, ठोरी तिर र यता भरतपुर महानगरपालिका दुबै तिर अहिले घरहरु भत्काउने र धनजनको क्षति गर्ने काम चाहि अन्नहरु चाहि नस्ट गरि दिने काम गरिरहेको छ। सम्बन्धीत निकाएको ध्यान जाओस धन्यवाद।

**<u>माननीय सभामुख</u>:-** माननीय रजनी अमात्य जोन्छे।

**<u>माननीय रजनी अमात्य जोन्छे (नेपाली कांग्रेस)</u>:-** माननीय सभामुख महोदय, ललिता निवासको १३६ रोपनि जग्गा प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पुर्व मन्त्री बिजय गक्षेदार लगायत १७५ जानालाई पुनर्राविदन अदालत भ्रस्टाचार मुद्धामा रिट दाएर गरेकोमा पुर्व प्रधानमन्त्री द्वय माधव कुमार नेपालज्यू र बाबुराम भट्टराई नपर्नुमा यो के हो? अख्तियार दुरुपयोग निवार्ण आयोगले मन्त्रीस्तर निर्णय गरेकोलाई केहि गर्न नसके पनि नितिनियम छ। यस्ले गर्दा जन्न देशमा भ्रस्टाचारको मौलाएको छ। यो एक राजनितिक द्वेयका कारणले मात्र भएकोले यो गरिमामय सदन मार्फत सम्बन्धीतलाई ध्यान दिन चाहन्छु। धन्यवाद जय नेपाल।

**<u>माननीय सभामुख</u>:-** माननीय केशव राज पाण्डे।

**<u>माननीय केशव राज पाण्डे (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** सभामुख महोदय, अहिले देशमा ललिता निवास संसंगै एम.सि.सि पनि चर्चामा छ। त्यो संसदले अनुमोदन गर्ने बितिकै कार्यान्वयनमा जादा ३ नं. प्रदेशका ५ वटा जिल्ला माथि ४०० भोल्टको चाहि तार प्रसारण हुनेछ। त्यसको अर्को पाटो ३०० किलो मिटर बाटो जुन बन्दै छ। त्यो चाहि ३ नं. प्रदेश भन्दा बाहिर बन्दै छ।

त्यसैले प्रभाबित ३ नं. प्रदेशका ५ वटा जिल्ला बन्ने त्यसको फाईदा चाहि अन्त अरुकाले लिने यो कार्य नहोस र यसले संघिय संसद सरकारलाई सचेत पार्ने काममा हामी लागौं। यहि कुरा राख्न चाहन्छु धन्यवाद।

**<u>माननीय सभामुख</u>:-** माननीय वेली मैया घले।

**<u>माननीय वेली मैया घले (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुख महोदय, ३ नं. प्रदेश गठन भएको पनि दुई वर्ष पुरा भएर तिन लाग्दै छ। तर हाम्रो यो १३ वटा जिल्लामा धेरै जनजातिको बसोबास गर्ने त्यसमा पनि निमुखा श्रमजिबि वर्गहरुको बसोबास गर्ने भएको कारणले गर्दा अहिले मुल्य वृद्धि आक्रान्त रुपमा बढि रहेको छ। यसमा सरकारको ध्यान जाओस धन्यवाद।

**<u>माननीय सभामुख</u>:-** माननीय न्हुक्षे नारायण श्रेष्ठ।

**<u>माननीय न्हुक्षे नारायण श्रेष्ठ (नेपाली कांग्रेस)</u>:-** माननीय सभामुख महोदय, संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान अनुसार गठित तिन तहको सरकार अहिले हामी संघीयता उसमा छौ र जो अनुसार लोकतान्त्रिक देशमा सर्वमाननीय जुन सार्वजनिक लेखा समिति भनेको सरकारलाई सार्वजनिक खर्चमा मितव्ययीता पारदर्शिता र एउटा जवाफदेहिताको कुरा आउछ। यसमा दुई तहको सरकारमा चाहि कार्यान्वयन हुने काम हुने तर स्थानिय तहमा कुनै पनि स्थानिय तहले त्यो सार्वजनिक लेखा समिति बनाउदा

खेरि बिपक्षीलाई दिएको पाइएन उनिहरु आफनो अनुकुलको सार्वजनिक लेखा समितिहरु बनाएर आफनै डाढु पर्‍यौ आफै संग राखेर एकदम भ्रष्टाचार भैरहेको मैले पाई रहेको छु। त्यसमा सरकारको ध्यान जानु पर्‍यो यसलाई कसले नियमन गर्ने हो। स्थानिय सरकारलाई स्थानिय सरकार चाहि एकदम मनपरि तन्त्र भएको छ। यो भ्रस्टाचारको सिंहदरवारको अधिकार गाँउमा लाने भनेको भ्रस्टाचार हामीले गाँउगाँउ टोलटोलमा लगिरहेका छौ। त्यसको लागि नियन्त्रण नियगमन कस्ले गर्छ। हामी आफनो स्वायत्त....।

**<u>माननीय सभामुखः</u>-** माननीय विसाल खड्का।

**<u>माननीय विसाल खड्का (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुख ज्यू, संघीयताको मर्म बिपरित जनताले दुख पाउने गरि सृजना गरिएका सबै डिभिजन कार्यलयलाई भङ्ग गरेर सबै जिल्लामा एकिकृत कार्यलय स्थापना गरेर तुरुन्त गरियोस भन्ने सरकार संग माग गर्न चाहन्छु। दोस्रो कुरा सरकारले पैसा दिने तर धुर्मुस सुन्तलि फाउन्डेसन नामको एन.जि.ओ को नाममा चाहि सरकारको अंग NGO को अंग सरकार भन्ने जस्तो जुन हर्कत भैरहेको छ। यसको स्पष्टिकरण सदनलाई गरियोस भन्ने म माग गर्न चाहन्छु। तेस्रो कुरा स्थायि राजधानी भैसक्दा खेरि पनि प्रदेश सभाको हल यो खाबो गाडेको कोठामा कहिले सम्म रहि रहन्छ। म जानकारी माग गर्दछु।

**<u>माननीय सभामुखः</u>-** माननीय बद्री मैनाली।

**<u>माननीय बद्री मैनाली (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** सभामुख ज्यू, बागमती प्रदेश अन्तर्गतको नुवाकोट जिल्लाको काठमाडौं टोखाछरे सडक जो सडकलाई जुन सडकलाई देशकै राजनीतिक सडकको रुपमा लिईन्छ। तर यस पालिको बजेटमा न संघीय सरकारको न प्रदेश सरकारको चाहि बजेट छुटाउन सकिएन जुन सडकको कारणले गर्दा त्यो नुवाकोटका र रसुवाका चाहि जनताको चाहि आवतजावत गर्ने खास गरि धादिङ्गको जनताको आवतजावत गर्ने अत्यनत कठिन अवस्था भएको छ। त्यसको

लागि प्रदेश सरकार बाट थप बजेट छुटाउनको लागि म सरकारको ध्यानाकर्षण गराउन यस सदन मार्फत चाहि ध्यानाकर्षण गराउन हस धन्यवाद।

<u>**माननीय सभामुखः**</u>- माननीय सीता अधिकारी।

<u>**माननीय सीता अधिकारी (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))ः**</u>- माननीय सभामुख महोदय, केन्द्रको राजधानी देखि प्रदेशको राजधानी आउने अत्यन्त छोटो बाटो फाखेल र कुलेखानी सम्मको बाटो अत्यन्त जिर्ण बन्दै गएको छ। गत साल टालटुल पारेको पनि अहिले अत्यन्तै भत्किएर त्यो जस्ताको त्यस्तै भैसकेको छ। यो बाटोको स्तर उन्नति साथै हाम्रो प्रदेशको गौरवको आयोजनामा राखिएको भिमफेदि कुलेखानिको सुरुङ्ग मार्गको प्रगति के भैराखेको छ। यसको जानकारीको लागि म माग गर्न चाहन्छु। हस्त धन्यवाद।

<u>**माननीय सभामुखः**</u>- माननीय सदस्यहरु, अब म माननीय मुख्यमन्त्रीको तर्फ बाट माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री शालिकराम जम्कट्टेललाई प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक माथि बिचार गरियोस भन्ने प्रस्ताव पेस गर्न अनुमति दिन्छु।

<u>**माननीय शालिकराम जम्कट्टेल, मन्त्री, आन्तरिक मामिला तथा कानुन मन्त्रालयः**</u>- माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक माथि बिचार गरियोस भन्ने प्रस्ताव सम्मानित सभामा पेश गर्दछु। धन्यवाद।

<u>**माननीय सभामुखः**</u>- माननीय सदस्यहरु, अब प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक माथि बिचार गरियोस भन्ने प्रस्ताव माथि अर्थात विधेयक माथिको सामान्य छलफल प्रारम्भ हुन्छ।

माननीय सदस्यहरु, यस छलफलमा विधेयकको सैदान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा जानकारी गराउँदछु। उक्तमा छलफलमा बोल्न चाहनुहुने माननीय सदस्यहरुले आ-आफनो नाम चिटमा लेखी सभामुखको डयास संगै बसेका कर्मचारिहरुलाई उपलबध गराई दिनु हुन अनुरोध गर्दछु। छलफलमा भाग लिने माननीय सदस्यहरुलाई ३ मिनेटको समय निर्धारण गरेको छु।

माननीय सृजना सायजू।

<u>**माननीय सृजना सायजू (नेपाल मजदुर किसान पार्टी)**</u>:- माननीय सभामुख महोदय, राष्ट्र सेवक कर्मचारीहरुको सेवा सुविधा बारे एथोचित ध्यान पुऱ्याउने विषयमा कसैको बिमति नहोला। देशको विकासको निम्ती कर्मचारीहरुको मनोबल वृद्धि योगदानको कदर तथा प्रोत्साहान जति आवश्यक हुन्छ। त्यो भन्दा भढि अनुसाशन कार्य क्षमता अभिवृद्धि तथा ईमानदारी महत्वपुर्ण हुने गर्दछ। प्रदेशको हकमा पनि यहि नियम लागु हुन्छ। आज देशमा भ्रष्टाचार अनिमितताले सिमा नाग्दैछ।

हाम्राकर्मचारीहरुलाई त्यस बाट कसरी टाढा राख्न सकिन्छ गम्भिर छलफल तथा तयारीको आवश्यकता छ। सेवाभावको अवाभ वफादारीको कमि आदि बाट प्रदेश या देश बन्दैन। मितव्ययिता अपनाउने चुहावट नियन्त्रण गर्नेर समग्र कर्मचारी पंतीलाई जनता प्रति जिम्मेवार बनाए मात्र परिवर्तन सम्भव हुन्छ। सेवा, सुविधा या पारिश्रमिकमा हेरफेर संग संगै परिणाममुखि र परिवर्तन गमी कार्यको निम्ति अग्रसरता र वातावरण निर्माणमा जोड आजको आवश्यकता हो। किन भने यसै प्रदेश सभा भित्र राजनैतिक नेत्रित्व कमजोर र स्थायि संयन्त्र बलियोछ।

त्यस कारण हामीले काम गर्न सकेनौ भन्ने याचना फेरीफेरी शून्य हामी तयार छैनौ। हिजो आज जनता बिच चर्चा छ कर्मचारीहरुको सेवा सुविधा पारिश्रमिक विधिमा ध्यानपुर्याउने प्रदेश सरकारले स्थानियतहका जन निर्वाचित प्रतिनिधीहरुको निमति उचित प्रबन्ध मिलाउने ढोका किन बन्द गरेको। यो परिस्थिति लम्बायएर स्थानिय तहमा भ्रष्टाचार अझै बढि मौलाउने छ। स्थानियतह भ्रष्टाचार अनियन्मितताको निमित्त बदनाम

हुदै गरेको बारे हामी पक्कै पनि बेखबर छैनौ। समस्या बल्झाउने ढंगमा प्रदेश सरकार किन प्रस्तुत हुदै छ। अनि जन निर्वाचित निकायहरु प्रतिनिधि सभा र प्रदेश सभामा बन्दोबस्त हुने तर स्थानियतहलाई मात्र अलग प्रावधान अघि सारेर भेदभाव गर्नु फलदाई नहुने निस्चित छ। स्थानिय तह जस्तो जनता संग प्रत्यक्ष सरोकार राख्ने र अत्यन्त संबेदनशिल निकायलाई अन्योलको स्थितिमा छोडेर के अराजकता बढाउन खोजीको हो।

यो अस्पष्टता र अन्योलको स्थिति चिर्न नसके सम्म प्रदेश लोक सेवा आयोगको ऐनले पुर्णता पाउने देखिदैन प्रभावकारी बन्ने छैन्। जनतालाई प्रजातन्त्रको प्रत्कक्ष अनुभुति दिलाउन कर्मचारीका साथै स्थानियतहलाई उच्च मनोबल सहित सक्रिय बनाउनुको बिकल्प छैन्। कुनै पनि बाहानामा स्थानियतहलाई गतहिन बनाउने कार्य नहोस। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय नरोत्तम वैद्य।

**<u>माननीय नरोत्तम वैद्य (नेपाली कांग्रेस)</u>:-** सभामुख महोदय, यो लोक सेवा आयोगको विधेयक चाहि हतार हतारमा ल्गायो अनि चाहि के भने त्यो गहन छलफल नै नगरिकन अनि बिज्ञहरु संग आवश्यक परामर्श छलफल नै नलिकन हतारहतारमा ल्यायो त्यो तुरुन्तै संशोधन गर्नु पर्यो। त्यो पनि अत्यादेश मार्फत अनि त्यो अत्यादेशलाई प्रतिस्थापन गरेर फेरि अर्को संशोधनको त्यो जुन के भने अहिले प्रस्ताव गरेको छ। त्यसलाई मैले के भने सकारातमक रुपमा लिदै तर यो अहिले चाहि के भने हतारहतारमा ऐन संशोधन गर्ने ऐन बनाउने काम चाहि नगरियोस।

यो विषयमा के भने गहन छलफल गरियोस र छलफल पछि मात्र सबैको सुझावलाई मध्यनजर राखेर यो संवेदनशिल कर्मचारीको विधेयक यो लोक सेवा आयोगको विधेयक के भने पास गर्ने वातावरण बनोस यो चाहि के भने समितिमा जाओस र गहन छलफल होस र त्यस पछि मात्र एउटा वातावरण बनाउ। जय नेपाल।

**<u>माननीय सभामुखः</u>-** माननीय रजनी अमात्य जोन्छे।

**<u>माननीय रजनी अमात्य जोन्छे (नेपाली कांग्रेस)</u>:-** माननीय सभामुख महोदय, प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक, विधेयक संख्या ४९ प्रदेश सभा सचिवालय बागमती प्रदेश बाट ल्याएको यो संशोधन लोक सेवा संविधानमा यो संविधान एकदम यो भन्दा अगाडि पनि पास भैसकेको। यो हतारहतारले नियम बनाउने र फुर्सतमै संशोधन गर्ने जस्तो यहा भैरहेको यस्तो गरिमामय सदनमा यसरी आउने राम्रो पनि होईन। अर्को कुरा के भने जुन सुकै जेपनि यहा के हुन्छ भने "हुन्छ" को धैरै आवाज हुन्छ। हुन्न भन्नेको यहा केहि नहुने।

यसरी पनि नियम बनिरहेको छ यहा। हरेक हुदैनको पनि महत्व हुनुपर्छ भन्ने यो सदन मार्फत म अनुरोध गर्दछु। संशोधन कर्ताको पनि यहा केहि आवाज नै हुदैन संशोधनमा जुन छलफल गर्नु पर्ने त्यो पनि छलफल नभएको देख्छु। त्यो पनि लोक सेवा आयोगका सदस्यहरुको पारिश्रमिक सुविधा, विदा, औषधी उपचारको सुविधाको प्रावधान राखेकोमा खुसि नै ब्यक्त गर्दछु। यसको दफा प्रस्तावनाको दफा ५ मा के भनेको छ भने आयोगका अध्यक्ष, सदस्य प्रत्येक वर्ष १२ दिनका दरले बिरामि बिदा पाउनेछ भन्यो यो पनि कुनै नियम हो। कर्मचारीमा चाहि हरेक महिनाको बिरामि बिदा १ दिन हुन्छ। यो काँहाबाट के हो यो पनि प्रष्ट हुनु पर्ने जस्तो लाग्छ। हुनत संशोधनमा पनि राख्छु।

अर्को एउटा स्वास्थ्यको लागि पनि भनिएको छ। उपचार खर्च बापत रकम खुलाउने प्रयोजनलाई चिकित्सकको प्रेसकृपसन भन्ने यहा यो छ यो। यो सरकारी अस्पतालमा भने कर्मचारीमा छ यसमा चाहि प्रष्ट छ। हुन त यो ५ वर्षको लागि मात्र नियुक्ति गरेको छ। यसमा सम्बन्धित ठोस ध्यान होस भनेर म अनुरोध गर्दछु। धन्यवाद। जय नेपाल।

**<u>माननीय सभामुख</u>:-** माननीय रमेश पौड्याल।

**<u>माननीय रमेश पौड्याल (विवेकशील साझा पार्टी)</u>:-** माननीय सभामुख महोदय, यो लोक सेवा आयोगको संशोधन विधेयक आउदै गर्दा खेरि यो विधेयक नं. ४९ रहेको छ।

यसले के देखाउछ भन्दा खेरि हाम्रो विधेयकको संख्या यो हाउसले पारित गर्दै गरेको विधेयकको संख्या बढि रहेको छ र सायद यो भोलि कसैले सोध्दा खेरि सरकारले यो संसदका हामी सदस्यहरुले तपाईहरुले के काम गर्नु भो भन्दा खेरि हामीले ४९ वटा विधेयक पारित गर्यौ भन्ने ठाँउमा पुर्याएको छ।

तर मेरो प्रश्न काँहा निर छ भनेदेखि यो हाम्रो सक्षमताले हाम्रो कार्य कुशलताले गर्दा खेरि यो विधेयकको संख्या बढि रहेको छ किहाम्रो कमजोरी र असक्षमताले बढि रहेको छ। यहाँ कुरा उठेको छ जुन विधेयक लोक सेवाको आयो र जुन घनिबुध ढंङ्गछलफल हुनु पर्थियो त्यो छलफल हुन सकेन र त्यो हतारहतारमा पारित गर्ने कुराहरु भयो र त्यो छलफल भन्नाले खेरि सदन भित्रको छलफल मात्र जनाउदैन। त्यो चाहि stakeholder संगसदन भन्दा बाहिर पनि छलफलहरु हुन्छ हुनु पर्दछ र त्यसले गर्दा मलाई के लाग्दछ भने देखि खालि विधेयकको संख्या मात्रै थपेर हामीले यति वटा विधेयक पारित गर्यौ यति वटा कानुन बनायौ भन्ने तिर नलागिकन त्यो विधेयकमा चाहि त्यसलाई गुणस्तरीय बनाउनको लागि सबै पक्षलाई समेटनको लागि सबैको चासोलाई समाहित गर्नको लागि चाहि सरकारले ध्यान दियोस।

सबै भन्दा पहिला म त्यो कुरा राख्न चाहन्छु र दोस्रो विषय म के राख्न चाहन्छु भन्दा खेरि यहा यो आवास सुविधामा चाहि के गरिएको छ भन्दा खेरि यो घर भाडा तिर्ने हकमा चाहि अध्यक्ष र सदस्यहरुलाई बराबरि २०/२० हजार रुपैया प्रस्ताव गरिएको छ। तर आफ्नै घरमा बस्नेलाई चाहि मर्मत संम्भारमा चाहि अध्यक्षलाई १० हजार सदस्यलाई ७ हजार ५ सए भनेर तोकिएको रहेछ। मैले यो भाडा तिर्दा खेरि समान दर हुने तर आफ्नै घरमा बस्दा मर्मतमा चाहि यो बिभेत किन गरिएको हो। कि चाहि सदस्यको अलि सानो घर हुन्छ अध्यक्षको अलि ठुलो घर हुन्छ भनेर परिकल्पना गरिएको हो कि। म यो कुरा प्रश्न राख्न चाहन्छु। धन्यवाद।

**माननीय सभामुखः-** माननीय मणिराम फुयाल।

**<u>माननीय मणिराम फुयाल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुख महोदय, म यदाकदा मात्र रोस्ट्रममा ऊभिने माईक समात्ने मान्छे हु। बोल्नेको हक्कमा त धेरै वर्ष धेरै समय बोलि राखेर त्यो खालको पृष्ठभुमि बाट आएको हो। मलाई के लाग्यो भने म सुरुमा हाम्रो मन्त्रीज्यूले कति होमवर्क गर्नु भए छ अलि हतारीनु पो भए छ कि धेरै समय भएको थिएन पास गर्या। संशोधनको कुरा आई हाले छ भन्ने लाग्या थियो। वहाँले महसुश गर्नु भो तो काफि छ।

यो जोतिषलाई हेराएर साहित हेराएर संशोधन ल्याउने पनि होईन। परिस्थितिले माग्दा आवश्यकताले माग्दा लिएर आएको विधेयक आज पास गरेको कानुन भोलि नै संशोधनमा ल्याउन सकिन्छ। त्यस कारण जिवन भनेकै learning by doing हो trial and error हो गर्दै सिक्दै जाने हो। यो ज्योतिष हेराउन साईत खोजेर गएर हामीले चाहि संशोधन ल्याउन थाल्यौ भने कति दिन पुखे पछि चाहि संशोधन ल्याउन यो भन्ने कुरा पनि प्रश्न त उठ्छनि त। त्यसो हुनाले यो बाहालको खाल उठाउने कुरा होकि जस्तो लाग्यो।

दुईटा कुरा आज बोलौनत धेरै भो नबोलेको पनि भन्ने लागेर अहि कति कोहिन कसैले त support गर्नु पर्छ intension लाई नत्रभने परिकार नै हुदैन जाहाको तेहि रहन्छ त्यो मान्छे त्यो जिवन तेहि रहन्छ। त्यस कारण यो ल्याएको बिलकुल ठिक गर्नु भएको छ भन्ने मलाई लाग्छ। मेरो कुरा एति नै हो। हस धन्यवाद।

**<u>माननीय सभामुख</u>:-** अब म माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री शालिकराम जम्कट्टेललाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु।

**<u>माननीय शालिकराम जम्कट्टेल, मन्त्री, आन्तरिक मामिला तथा कानुन मन्त्रालय</u>:-** माननीय सभामुख ज्यू, प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक माथि यो सैद्धान्तिक छलफलमा अहिले माननीय ज्यूहरुले आफ्नो धारणाहरु राखु भएको छ। म वहाँहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

यसमा मैले धेरै राखु पर्ने कुरा छैन। अब हामी ऐन हतारमा बनायौ कि अथवा ढिलो बनायौ कि। अब अजै दुई चार वर्ष कुरेको भए हुन्थो कि त्यो चाहि आ आफनो सोचाई दृष्टिकोण हो। अब मैले यसमा मैले केहि भन्नु पर्छ जस्तो लाग्दैन तर हामी प्रदेश सरकार नितान्त नयाँ सरकार हो। यहाँहरुलाई थाहा छ। संघिय संरचनाको हामी हाम्रो देश गरिब भो हाम्रो देशमा केहि भएन बिकास भएन भनेर हामी धेरै कराउछौ भनिरहन्छौ हामी म पनि भन्छु तर किन भएन भनेर हामी निष्कर्षमा पुग्दैनौ। हामी संग आग्रह छ पुर्वाग्रह छ हामि संग आ-आफ्नो दृष्टिकोण छ। हाम्रा पार्टि अलग छन्। घोषणा पत्र अलग छन्। प्रत्येक पक्ष प्रतिपक्ष छ अब यि सबै कुराहरु अभिव्यक्त हुन्छ। त्यो पनि ठिकै छ। त्यसलाई अब भोलि समय सापेक्ष अथवा समयमा त्यसका जवाफहरु दिने तैर तरिकाहरु पनि हाम्रा छन्।

त्यसैले यसमा पनि मैले केहि भन्नु छैन्। समयले त्यसको जवाफहरु दिदै जान्छ। यो विधेयक चै हामिले वास्तवमा असाध्यै धेरै माग गरेको विधेयक हो। किनभने हरेक सरकारको आफ्नो कर्मचारी आफुले भर्ना गरेको कर्मचारीहरु हुन्छन। नेपालको सन्दर्भमा हामि सबैलाई थाहा छ। हामि कसरी कर्मचारीहरुको भर्ना लिन्छौ भन्ने कुरा प्रदेश सरकार एउटा यस्तो सरकार हो अहिले त समायोजन भएर प्रदेश सरकार मै समायोजन भएर कर्मचारी साथिहरु आउनुभयो। र केहि कर्मचारी साथिहरु आउनुभयो अझै पुरा त हुनुहुन्न। हामिसंग अहिले पनि झन्डै करिब करिब ५०% को हाराहारिमा मात्रै कर्मचारी साथिहरु हुनुहुन्छ हैन धेरै हुनुहुन्न अहिले पनि। त्यसैले हामिले असाध्यै धेरै माग गरेको हो। र यहाँहरु सबैलाई थाहा छ हामि सबैलाई थाहा छ।

प्रदेश लोक सेवा सम्बन्धी ऐनको मापदण्ड संघिय संसदले नबनाईकन हामिले बनाउन पाउदैनौ थियो। जब माथि प्रदेश लोक सेवा आयोग सम्बन्धि मापदण्ड बन्यो। मापदण्ड बनिसकेपछि हामिले अलि हतार हतारमा यो विधेयक बनायौ। किनकि हाम्रो यो भन्दा अगाडि हाम्रो चाहि अब प्रदेश सभाको अधिवेशन अन्त्य हुन तर्फ जादै थियो त्यसैले अलि हतार हतारमा हामिले यो विधेयक ल्यायौ। त्यो विधेयक संसदले पास गरेर

तपाईको चै अब प्रदेश प्रमुखले प्रमाणिकरण गरिसकेपछि त्यसलाई कार्यन्वयन गर्न लानि क्रममा हामिले अध्यक्षको नियुक्ति त्यसपछि सदस्यहरुको नियुक्ति गर्यौं तर हामिले कानून बनाउदा खेरी यहाँ सेवा सुविधा संग सम्बन्धित छ यो यसको सेवा सुविधाको मापदण्डहरु चै अहिले माननीय सदस्य ज्युहरुलाई थाहा छ।

अहिले हामिले आफैले केहि पनि तोकेका छैनौ। यो चै प्रचलित कानून बमोजिम छ। संघिय सरकार अथवा हाम्रो नेपालको सिङ्गो राज्य प्रणालिमा जसरी राजनितिक नियुक्तिका अब निजामति तपाईको चै अरु सुरक्षा निकाय अन्य क्षेत्रमा जो तलव भत्ता सुविधाहरुको एउटा मापदण्ड छ। त्यहि मापदण्ड भित्र रहेर आएको छ। हामिले प्रदेश सरकारले अहिले आफुले गरेको निर्णय यति मात्रै छ कि हामिले यसपालि चै जम्मा थोरै संघिय सरकारले बढाएको भन्दा हामिले अझ २-४% कम गरेरै हामिले तलव सेवा सुविधा बढाएका छौं। हामिले गरेको निर्णय यति मात्रै हो।

हैन धेरै कुराहरु चै संघिय सरकारको नितीगत निर्णयहरु संघिय सरकारको प्रचलित मान्यताहरु अथवा नेपालको प्रचलित मान्यता अनुसार आउने भएको हुनाले हामिले खासै त्यस्तो फेर बदल केहि पनि गरेको छैनौ। ठिकै छ यो विधेयक अब जो संशोधन छ यो चै समितिमा हाम्रो संग छलफल होस। माननीय ज्युहरुले त्यसमा आफ्नो धारणाहरु राख्नुस। यति कुरा राख्छु हस्त धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, अब यो छलफल यहि समाप्त हुन्छ। माननीय सदस्यहरु अब म प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक माथि बिचार गरियोस भन्ने प्रस्तावलाई निर्णयात प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक माथि बिचार गरियोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु अब अर्को बैठक मिति २०७६ साल माघ २९ गते बुधवार दिनको १ बजे बस्ने गरी यो बैठक स्थगित हुन्छ।

**(तदनन्तर बैठक २०७६ साल माघ २९ गते बुधावर दिनको १:०० बजेसम्मका लागि स्थगित भयो।)**

**अन्त्य - दिनको ३:५६ बजे।**

# प्रदेश सभा
# बागमती प्रदेश
# पाँचौ अधिवेशन
# कारवाहीको सम्पूर्ण विवरण

२९ माघ, २०७६

बुधबार

(बैठक संख्या - १४)

**प्रदेश सभाको पाँचौ अधिवेशको आजको बैठक माननीय सभामुख श्री सानुकुमार श्रेष्ठको अध्यक्षतामा दिनको २:०० बजे प्रारम्भ भयो।**

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, प्रदेश सभाको आजको बैठकको कारवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरु, आज विशेष समयको कार्यक्रम नरहने व्यहोरा जानकारी गराउँदछु।

माननीय सदस्यहरु माननीय प्रदेश प्रमुखको कार्यलयबाट विधेयक प्रमाणिकरणको पत्र प्राप्त भएको छ। म उक्त पत्रको व्यवहोरा पढेर सुनाउछु।

प्रदेश सभाको मिती २०७६ साल माघ १७ गतेको बैठकबाट पारित भै नेपालको संविधानको धारा २०१ को उपधारा (१) बमोजिम प्रमाणीकरणको लागी मिति २०७६।

१०।२७ गते पेश हुन आएको दोहाए बमोजिमको विधेयक माननीय प्रदेश प्रमुख श्री विष्णु प्रसाद प्रसाइ ज्युबाट नेपालको संविधानको धारा २०१ उपधारा (१) बमोजिम प्रमाणीकरण भएकोले सोको प्रमाणिकृत थान १ प्रति यसैसाथ सम्लङ्न राखि पढाएको व्यावहोरा यसै साथ अनुरोध गर्दछु।

| **क्र.सं.** | **विधेयक नं.** | **विधेयक** | **प्रमाणीकरण मिति** |
|---|---|---|---|
| १ | २१/०७६ | प्रदेश दुग्ध विकास ऐन २०७५ लाइ संसोधन गर्न बनेको विधेयक | २०७६/१०/२८ |

मिति २०७६/१०/२८

रुद्र प्रसाद पौडैल।
निमित्त सचिव

माननीय सदस्यहरु अब विषेश समयको कार्यक्रम प्रारम्भ हुन्छ विषेश समयमा बोल्न चाहानु हुने माननीय सदस्यहरुको दलिय आधारमा नाम प्राप्त भएको छ। म यहाँहरुलाई बोल्न समय दिन्छु।

सर्वप्रथम माननीय नारायण बाहादुर सिलवाल समय ४ मिनेट

**<u>माननीय नारायण बाहादुर सिलवाल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुख महोदय म यो सदनमा सर्वप्रथम त क्रिकेटमा अमेरीकालाइ ३५ रनमै सिमित गरेर हराउन सफल भएकोमा ठुलो देशलाई सानो देशले केहि न केहि ठाउमा सक्दो रहेछ यसको लागी म खोलाडि साथिहरुलाइ बधाइ दिन चाहान्छु। र म खास गरि चर्चित विषय अहिले ललिता निवास जग्गा रहेको क्षेत्रबाट म यहाँ प्रतिनिधित्व गरिरहेको छु। ललिता निवासको बारेमा विविध चर्चा हुने गरेको छ तर बहस छलफल रहेको छ यो राम्रौ पक्ष पनि हो।

संसदमा माथि पनि देखे तल पनि देखे प्रदेशमा पनि मैले अनुमान गरेको थिए राज्यको त्यो सम्पत्ती राज्य कै नाममा फिर्ता गर्ने सम्पत्ती प्रक्रिया सुरु हुदा वर्तमान सरकारलाइ बाधाइको ओहिरो आउने छ धन्यवाद शुरु हुने छ।। सकारात्मक काम सरु

भएको मा प्रतिपक्ष उभिएर धन्यवाद दिन शुरु हुन्छ। भन्ने लागेको थियो संसद अवरोध भएर पो शरु भयो सवाल ललिता निवाश जग्गा २०४७ सालमा कृष्ण प्रसाद भट्टराइको मन्त्रीमन्डलले सर्वश्वा हरणमा परेका लोकतान्त्रिक आन्दोलनमा पिडितहरुको जग्गा फिर्ता गर्ने नितिगत निर्णय मा टेकेर शरु भएको छ।

२०४९ सालमा गिरिजा प्रसाद कोइरालको सरकारको नेतृत्वमा रहेको मन्त्रिमण्डले सरकारले त्यो जग्गा सुवार्ण शम्शेर को परिवारको नाममा फिर्ता गर्ने गरि निर्णय प्रक्रिया अगाडि बढेको थियो। त्यसमा टेक्दै त्यस पछिका सरकार हरु पटक पटक बाबुराम भट्टराईको, माधव नेपाल सरकारको पालमा पनि विभिन्न निर्णय खास गरि मोहिका सवाल मा बालुवाटरको प्रधानमन्त्रि विस्तार गर्ने सवालमा रहेर विभिन्न निर्णय, भएका देखिन्छ। तर त्यो जोसुकै भए पनि अहिलेको केपी ओली सरकारले फिर्तागर्ने प्रक्रिया शारदा प्रसाद त्रितालको नेतृत्वमा आयोग गठन गरेर छानविन गरिसके पछि निश्केको निश्कर्ष अख्यतियारलाइ कारबाहि गर्न सरकारलाइ पठायो।

सिआइवि लाइ अनुसन्धान गरेर कारबाहिको प्रक्रिया अगाडि बढाउन सरकारले निर्देशन दियो। भने पछि केपि ओलीको सरकारले त जग्गा फिर्तागर्ने आफ्नो अभियानमा चलायो त्यसकै विरुद्ध संसद आवाज उठ्यो अवरोध भयो चकित रहने एउटा विषय मैले यो संसदमा उभिईरहदा यो विषयमा निरन्तर अगाडि आइरहने युवराज कोइराला जो जग्गा फिर्ता गर्ने अभियानमा लामो समय निर्रन्तर आफ्नो विभिन्न चुनौती को बावजुत पनि धम्किको बावजुत पनि रहनु भएको मा उहाँलाइ धन्यवाद दिनु पर्छ। प्रेमकुमार राई, गृहमन्त्री रामबाहादुर थापा बादल, अख्तियारका प्रमुख निविन कुमार घिमिरे लगाएतका व्यक्तिहरु पनि धन्यवादका पात्र छन एउटा सकारात्मक कामको शरुवात भएको छ।

हामीले यदि नितिगत निर्णयको लागि पनि कारबाहि गर्ने अधिकार यदिचाहिन्छ भने कानुनमै परिवर्तन गर्ने निति हामी कानुन बनाउने मान्छे हरुले हो अख्तियार लाइ अहिले गालिगरेर होइन त्यो कानुन बनाउने कामको नेतृत्व शेरबाहादुर दौवा ज्यूले गर्नु भयो केपी ओली ज्यूले प्रचण्ड ज्युले गर्नु भयो होला ति चोन्ज गर्नु पर्ने निति निर्माताहरुलाइ पनि अख्तियारले हेर्ने अधिकार दिउँ होइन भने अख्तियारलाइ गालिगरेर होइन अख्तियारले

राम्रो काम शरु गरेर उत्प्रेरण दिने गरेर काम अगाडि बढाउ भन्ने गरेर भन्ने कुरो म यो संसदमा राख्न चाहान्छु हस्त धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय न्युक्षनारायण श्रेष्ठ समय ४ मिनेट

**<u>माननीय न्युक्षनारायण श्रेष्ठ (नेपाली कांग्रेस)</u>:-** माननीय सभामुख महोदय आज हामी सरकारको दुई वर्षको महोत्सव मनाउदै गर्दा हाम्रो क्षेत्रको जनताले के भन्छ भने तिमिहरुको सरकारले के गरेको छ। भन्छ हामी दुई वर्ष पुगिसकेको छ चाइनाले हजार वेडेको हस्पिटल आठ दिनमा बनाउन सक्छ तर हामी ले ८० किलो मिटरको बाटो दुई वर्षमा दुईवटा खाडल पनि पूर्न काम गर्दैनौं दुइ वर्ष त्यतिकै वित्यो एकदमै महत्वपूर्ण काम गरे भएर मुख्य मन्त्री ले भाषण गर्नु हुन्छ यो लज्जस्पद कुरा हो कसको लागी हामि प्रदेश सरकारर कहाँ गएको के गरेको भन्ने हराएको अवस्था छ। स्थानिय सरकार भ्रष्टचारमा एकदमै उन्मुक्त भएर चलेको छ।

अब यो सबै तिनै तहमा एउटा सर्वजनिक लेखा समिति भनेको एउटा सरकारलाइ लोकतान्त्रिक बाटो हिडाउनलाइ र पार्दशिता र प्रभावकारी बढाउनलाइ एउटा सर्वजनिक लेखा समिति बन्छ। त्यसले त्यो सम्म केन्द्र प्रदेशमा चाहि विपक्षी लाइदिने चलन छ यहिले सम्म तर अहिले स्थानिय तहहरुमा मैले धेरै स्थानिय तहहरुमा गएर बुझे, बुझ्दा खेरी तपाइहरुको लेखा समिति कहाँ छ के छ हामी यसो उहाँलाइ पनि जानकारी गराउनु पर्यो र त्यो सम्वन्धी ट्रेनिकहरु गराउनु पर्यो भनेर जादै गर्दा आफ्नै मान्छे ३ जना राखेर लेखा समिति हरु गठन गरेको त्यो भने पछि यो कहाँ सम्मको लोकतन्त्रिक र संस्थागत र स्थानिय सरकारलाइ संस्थागत गर्ने यो तीनै तहको यो संघीय संरचनालाई संस्थागत गर्ने हो कि अथवा भ्रष्टचारलाइ संस्थागत गर्ने हो मलाइ केहि जानकारी भएन।

स्थानिय सरकारले अहिले सम्म भैरहेका कामहरु कुनै केहि गर्न नपर्ने डाडु पन्यू आफै संग कार्यपालीका पनि आफै व्यवस्थापिका पनि आफै नियम कानुन आफै बनाउने आफै गर्ने तर एउटा कुरा चाहि हाम्रो प्रदेश को कमजोरी के छ भने स्थानिय सरकारले खाइपाइ आइसकेको सेवा सुविधाहरु हामीले दिन नसक्दाखेर वडाध्यक्षहरु अहिले

उपसमिति गठन गरेर अहिले टोल टोलमा गएर आफ्नो फेवरको उपसमिति गठन गर्ने अहिले उपसमितिहरु संग संगै कमिसन खादै हीड्ने यो प्रवित्तीहरु बढेको छ। हामीले प्रदेश सरकारको हामी प्रदेश सरकारमा छौं प्रदेश सरकारमा चाहि हामी केहि पनि अधिकार छौंन।

हामी ले भन्दा स्थानिय तहको स्वायत्त सरकार हो तिमीहरुको केहि लाग्दैन भन्छ हामी लाई केहि मतलब छैन। यसको लागी कसले के गर्ने हो हामी सुखु नेपाली संवृद्ध नेपाल बनाउने भनेर नेपालमा जुट्दै गर्दा स्थानिय तहमा त्यसरी भ्रष्टचार भएको र हामी टुल टुल हेरेर बस्ने। त्यसको कसले जिम्मेवारी लिनेहो त्यसले चाहि यो सभामुख मार्फत जिम्मेवारी साथीहरुले यसको भुमिका निर्वाह गर्नु पर्यो भन्ने म अनुरोध गर्दछु र साथै हाम्रो प्रदेश मा बस्तै गर्दा सात महिना समय वित्तिसक्यौ सात महिना वित्तिसक्दा यो सम्मको खर्चमा २२ अर्व पुँजिगत खर्चमा जम्मा २ अर्ब मात्रै खर्च भएको भने पछि समय चाहि यस ५८ प्रसेन्ट गैसक्यो हाम्रो समय सिमा चाहि तर खर्चचाहि जम्मा १२.२४ प्रतिशत मात्रै भएको छ। यसको लागि सरकारले प्रगति गरेको हो भन्ने अथवा होइन भन्ने के भन्ने त्यो माननीय सदस्यहरु आफैलाइ जानकारी होला।

हाम्रो प्रदेशमा यो जम्मा १२ प्रतिशत मात्रै जम्मा पुँजि खर्च भएको र धेरै खर्चहरु र कार्यविधिहरु हामी लाई केहि जानकारी नभैकन के के काम गरेको हो अबन्डा खर्च राखेर कुन कुन उसमा खर्च गरेको हो नेता कार्यकर्ताहरुलाइ बाड्नलाइ कार्यविधि आफ्नो सजिलेमा बनाउउदै जाने हो भने हामी यहाँ बसेको केहि काम छैन त्यसको लागी हामी सबैलाइ जिम्मेवार, सरकारलाइ जिम्मेवार दिनको लागी चाह यो सबै कार्यविधिहरु सबै बनाएको कार्य विधिहरु नियमावलीहरु चाहि हाम्रो प्रदेश लाइ जानकारी गराएर र छलफल गरेर मात्रै पास हुनु पर्छ भन्ने म यस सभाबाट अनरोध गर्दछु।

र साथै अर्को कुरो हाम्रो यो धेरै प्रदेशहरुमा चलिआएको कोरोना रोग भन्ने छ त्यसमा सरकारले धेरै तिन चार ठाँउमा राख्ने भन्ने यो क्वारान्टाइन उस भएको छ त्यसमा सबै माननीय साथीहरुले पनि कोहि साथिहरुले विरोध पनि भैसकैको छ यो रोगि मान्छे हाम्रो ठाँउमा राख्न लागेको भनेर त्यो केहो त्यसको लागी प्रदेश सरकारले के के चालु

भैरहेको छ अहिले भर्खरै काभ्रेमा रोग पत्तालाग्यो भनेर हो हल्ला चलेको छ यो पनि के हो मन्त्रि ज्युले यसको पनि स्पष्ट जवाफ दिनु पर्यो के रे त्रासमा जनतालाइ हुन्न भन्ने अनुरोध गर्दै मेरो समय सकिएको हुनाले विदा हुन्छु हस्त धन्यवाद। जय नेपल।

**<u>माननीय सभामुखः</u>-** माननीय मिना ज्ञवाली समय ४ मिनेट

**<u>माननीय मिना ज्ञवाली (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुखज्यु बागमती प्रदेश सरकारले दोस्रो वार्षिक उत्सव मनाएको छ। सरकारलाइ बधाई ज्ञापन गर्दछु। आगामी दिनमा अझै आफैमा सक्षमता सरकारले बढाओस जनमुखि कार्यहरु गरेर उच्च सफलता प्राप्त गरोस हार्दिक शुभकामना व्यक्त गर्दछु। र आज प्रदेश सरकारले गत केहि समय अगाडि सार्ह खेलमा विजय प्राप्त गर्नु भएका विभिन्न विधाका खेलाडिहरुलाई प्रदेश सरकारले आफ्नो प्रदेश अन्तर्गतको खेलाडिलाइ पुरस्कृत पनि गरेको छ।

पुरस्कृत हुने प्रदेश बासी खेलाडिहरुलाइ हार्दिक बधाइ ज्ञापन गर्दछु र यस प्रदेशमा आफ्नो कार्यसफलता देखाउन सक्षम हुनु भएका कर्मचारीहरुलाइ पनि सरकारले पुरस्कृत गरि उच्च बल बढाउने कार्य गरेको छ उहाँहरु लाइ पनि हार्दिक बधाइ ज्ञापन गर्दछु। सरकार प्रति पनि म धन्यवाद ज्ञापन गर्दछु। यसै गरि पूर्वमाननीय ज्युले पनि भन्नु भयो क्रिकेट खेलमा नेपालले उच्च सफलता प्राप्त गरेको छ अमेरीका जस्तो देशलाइ पराजित गरेर हाम्रो विश्वामा देखाएको मा हार्दिक बधाई एवम सम्मान व्यक्त गर्न चाहान्छु। हालै चीनको हुवेइ प्रान्तबाट ब्रेकआउट भएको कोरोना भाइरसको विरुद्धमा यसमा सजकता उपनाउनको लागी संघिय सरकार स्थानिय सरकार प्रदेश सरकार को ध्यानाकर्षण गराउन चाहान्छु। यसै गरि निती कार्यक्रम बजेट र संसदमा मुख्य मन्त्रि ज्युले विभिन्न समय मा बोल्नु भएका सरकारी आश्वासन हरु जस्तै सरकारी आश्वासनहरुमा सुरुङमार्ग निर्माण गर्ने प्रदेश रिङरोड, आयत प्रस्तिस्थापन गर्ने, पाच वर्षमा घर घरमा छनो पनि पुर्याउने, स्थानिय तहको केन्द्र सम्म पक्कि सडक पुर्याउने प्रदेशकै आफ्नै भैतिक पूर्वधार कम्पनी निर्माण गर्न लगाएतका सरकारले आश्वास्थ पारेका

विषयहरुको सन्दर्भमा हाल सम्मका कार्यप्रगती विवरण हरु के छ यी विभिन्न आश्वासनहरुको बारेमा कुन चरण सम्म सरकारले प्राप्त गरेको छ सो को जानकारी यस सभालाइ र यस सभा मार्फत सम्पुर्ण प्रदेश वासीहरुलाइ जानकारी गराउन म सभामुख मार्फत मन्त्रि ज्युलाइ आग्रह गर्दछु।

दुइ वर्ष पुगीसकेको छ हामीले सरकारले पुरा गरेको दुईवर्षको बधाइ त दियौ तर भने जति सफलता चाहि प्राप्त गरेका छैनौ जस्तो लाग्छ। हामी त्यसमा त्यति धेरै सन्तुष्ट त छैनौ तर सरकारले राजधानी तोक्ने नामाकरण गर्ने जस्ता विभिन्न कामहरु पनि यो प्रदेश सभाले सम्मन्न गरेको छ त्यसमा खुसी व्यक्त गर्नु पर्छ। तर बजोटको कार्यन्वयनको पक्षमा सरकार कमजोर देखिएको तथ्या हामीले स्वाकार्नु पर्छ। आगामि दिनमा बजेट कार्यन्वायन विषयमा पुजीँगत खर्च बढाउने विषयमा समयमै सरकारको ध्यानाकर्षण गराउन चाहान्छु र सरकारको ध्यानाकर्षण होस भन्ने आग्रह गर्दछु। धन्यवाद

**<u>माननीय सभामुखः</u>-** माननीय रमेश पौडयाल समय ४ मिनेट

**<u>माननीय रमेश पौडयाल (विवेकशील साझा पार्टी)</u>:-** माननीय सभामुख महोदय विगत लामो समय देखि यस एउटा मुद्धामा निकै विवादित ढ्ङले बहसमा छ। यो यती होल्डिङ भन्ने एउटा कम्पनी छ। म त्यहाँ आज यहाँ दोहयाएर के कुरा राख्न चाहान्छु भन्देखी हामी सबै को महत्वपूर्ण समय र स्रोत यो विषयमा र कम्पनीको र राज्यको सन्चालकहरु खासगरि अहिलेको सत्ता पक्ष सरकारको सम्वन्ध के हो भन्ने विषयले देखाएको छ। यहाँ पत्रकारहरुले लेख्नु परेको छ विश्लेषकहरुले विश्लेषण गर्नु परेको छ।

आमनागरिकहरुले आवाज उठाउनु परेको छ। र यो गलत भयो भनेर भन्नु परेको छ। भन्ने देखि अर्को तिर सत्ता पक्ष सरकार पक्ष छ सरकारको नेतृत्व गरिरहनु भएको हाम्रा प्रधानमन्त्री अलि अस्वस्थ्य पनि हुनु हुन्छ। उहाँको अहिले चाहि पछिल्लो समयमा हप्ताको करिव १० घण्टा त आफ्नो उपचारको लागी छुट्याउनु पर्ने छ।त्यो किड्नीको डायलासिस गर्दा १० घण्टा जान्छ त्यो महत्वपूर्ण समयबाट पनि उहाँले यति होल्डिगास्को पक्षमा बोलिराख्नु पर्ने स्थिति छ। यो बिडम्वना पूर्ण स्थिति छ सभामुख

महोदय। म के अनुरोध गर्न चाहान्छु भन्दा खेरि यो चाहि पाथिभराको जमिन देखि लिएर सगरमाथ क्षेत्रको गोम्दोक देखि लिएर, गोकर्ण रिसोर्ट देखि लिएर, दरबार मार्गको जग्गा देखि लिएर अरु कति निकुञ्जका जग्गाहरु लिएर अहिलेको नेकपालाइ पार्टिकार्यलय दिने देखि लिएर यावत विषय हरु जोडिएका छन।

यहाँ राजदुत नियुक्ति देखि जियम नियुक्ती देखि यो कम्पनीको इयरलाइन्स चड्ने विषय हरु पनि जोडिएका छन यसले अब हामी यसमा खर्च नगरिकन के सल्लाह दिन चाहान्छु भन्देखी सरकारले एकमुष्ठ निर्णय गरिदियोस एउटै निर्णय बाट यो यति होल्डिङलाइ कुन कुन निकुन्जलाइ दिनु पर्ने हो कतिवटा जियम राजदुत र मन्त्रि दिनुपर्ने हो एउटै निर्णय बाट गरौं। पटक पटक यस्तो निर्णय गरेर यो सिङ्गो देशमा यसमा किन इनर्जी खर्च गर्ने किन पनि यो गर्ने जरुरी भयो सभामुख ज्यू अहिलेको सरकार पक्षर यो यति होल्डिङ संग यति घनिष्टता गासिएको रहेछ। उसले त्यो संग नातासम्बन्ध टुटाउन नसक्ने रहेछ दिनै पर्ने रहेछ भने एउटै निर्णय बाट सबै दिदीउ।

के के दिनु पर्ने हो सबै दिउ त्यो भए पछि देशले अर्को विषयमा बहस गर्न पाउछ। होइन भन्देखि यो स्वार्थको प्रष्ट गन्ध देखिएको विषयमा हामी आम तवर बाट नागरिकसमाजले विद्वत वर्गले पत्रकारले विश्लेषकले सनञ्चार माध्यमले सधै बोलिराख्ने सरकारले दिईराख्ने निरन्तर गइराख्ने यस्तो अवस्था अन्त्य गरौं म यो सुझाव दिन चाहान्छु सभामुख महोदय, त्यसै गरि ललिता निवासमा हाम्रो प्रधानमन्त्री ज्युले यो पनि भन्नु भएको छ म भ्रष्टहरुको मुखै हेर्दिन भन्नु भएको छ। अब उहाँकै पार्टिको शक्तीशाली महासचिवले चाहि त्यहाँ आठआना जग्गा किन्नुभयो आठआना जग्गा चार लाखमा किनेको भनेर अख्तियारको बयानमा पनि छ।

अब चार लाखमा आठआना उहाँले पचासहजार आनामा जग्गा किन्दा खेरी जुन चाहि आनाको विसैलाख पर्ने वेलामा उहाँले पचासहजार आनामा कसरी त्यो जग्गा प्राप्त गर्नु भयो। भ्रष्टचारीको मुखै नहेर्ने प्रधानमन्त्री कम्तीमा आफ्नो महासचिव लाइ अगाडि राखेर कमरेट तपाइलाइ त कसरी यो चिठ्ठा पर्यो कसरी लटरी लाग्यो भनेर एक चोटि सोद्धए हुन्थ्यो नित। जुन बेला उहाले जग्गा किन्नु भयो उहाँ को जग्गामा बाटौं थिएन र

पछि चाहि अघिल्दिन सम्म बाटो नभएको भोलि पल्ट हेर्दा खेरी त्यहाँ आठ मिटरको बाटो पुगेको छ माधव नेपालको क्याविनेटले एउटा निर्णय गर्दा उहाँले फेरी सोधिदोए हुन्थ्यो नि त कमरेड तपाइलाइ किन यसरी लोटरी ल्याग्यो अरु तीन करोड नेपालीलाइ नलाग्ने लटरी तपाइलाइ मात्रै किन लाग्यो भनेर सोध्यिय हुन्थ्यो नि हामीले पनि कम्तिमा प्रधानमन्त्रीलाइ धन्यवाद दिन पाउथ्यौनि। त्यो अवसरको म सरकारलाइ अनुरोध गर्न चाहान्छु। सभामुख महोदय धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय बेलिमाया घले समय ४ मिनेट

**<u>माननीय बेलीमाया घले (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>ः-** माननीय सभामुख महोदय हाम्रो नेपाल सरकारको स्वामित्वमा रहेको एक मात्र यातायात व्यवस्था मन्त्रालय अन्तर्गत रहेको चन्द्रगिरिनगरपालीका अन्तर्गत रहेको नगरपालीका बडा नम्वर ५ मा अवस्थित जमिन एउटा कित्ता ३२ रोपनी १४ आना, अर्को कित्ता ३ आना ३ पैसो रहेको छ टोटल गर्दा खेरी ३३ रोपनी ३ आना जमिन छ त्यो जमिन हुदा हुदै पनि त्यहाँ दुइ पाङ्ग्रे सवारी सधानको नविकरण गर्ने कर तिर्ने कार्यलय अवस्थीत छ त्यो जमिन यत्रतत्र छिन्न भिन्न भैसक्यो चारै तिर बाट त्यसको अतिक्रमण हुदै आइसक्यो तर त्यो कार्यलयहरु चाहि धेरै घरहरु भाडामा लिएर चलाइरहेको छ।

त्यो भएको कारणले गर्दा म सरकार मार्फत के ध्यानाकर्षण गराउन चाहान्छु भने हाम्रो सरकारलाइ त्यसकार्यलयलाइ पत्रचार पनि गरिसकेको छ २०७६ साल भदौ ४ गते पत्रचार गरेको छ। त्यो जमिन आफ्नो हो प्रदेशको स्वामित्वमा ल्याइ त्यहाँ स्थायी भवन निर्माण गरि जनताहरुलाइ सेवा दिन पाए राम्रो हुने भने पत्रचार गरिसकेको छ र गत वर्ष मैले पनि सम्वन्धित मन्त्रालयलाइ ध्यानाकर्षण पत्र बुझाएको थिए। तर हाल सम्म पनि त्यो काम कारवाहि अगाडि नवढिरहेको कारणले गर्दा मैले पुन सभामुख मार्फत सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराउन चाहान्छु।

यो कुरालाइ मैले किन जोड दिइरहेको छु भने त्यो कार्यलयको भाडाको कारणले गर्दा त्यहाँ हरेक वर्ष हामी निर्वाचित हुने जनप्रतिनिधिहरुलाइ त्यो कार्यलयको प्रमुखले

सधै धम्काइरहने गर्छ। तपाइहरु यहाँ व्यवस्थित कार्यलय राख्दिनु भएन भने हामी सरेर जान्छौं भनेर भनिरहनु भएको छ।। चन्द्रागिरिनगरपमालीका काठमाण्डौं जिल्लाको सबै भन्दा ठुलो नगरपालिका भुगोलको हिसावले जनसङ्ख्याको हिसावले माहानगर पछि त्यहि एउटा सरकारी कार्यलय आएको मा हाम्रा त्यहाँका बासिन्दाहरु खुसिभैरहेका छन केहि केहि ले स्थायी भएपनि रोजगारी पाइरहेका छन। तर हरेक वर्षचाहि फेरी माघ मसान्तमा त्यो घरको करार सकिन्छ फेरी अब फागुन लागेपछि हामिलाइ त्यहाँ का सरकारी कर्मचारिहरुले उठेर जान्छौं भनेर धम्काउछन घरबेटिहरुले त्यस्तै विचौलियालागाएर नियमअनशारत त्यो घरको प्रत्येक वष १० प्रतिशत बढ्ने हो नि त तर अनाश्यक रुपमा घर भाडा वढाइरहेको छ त्यो भएर म सभामुख मार्फत उक्त जग्गालाइ तुरुन्त प्रदेश सरकारको सम्वन्धीत मन्त्रालयको स्वामित्वमा ल्याइ स्थायी भवन निर्माण गरि त्यहाँ सेवा ग्रहिहरुलाइ सस्तो सुलभ सेवा दिन म पुन अनुरोध पनि गर्दछु।

किन मैले यो जोड दिईरहेको छु भने चालु आर्थिक वर्षको माघ मशान्त भित्र मात्रै त्यो विचैलियाको तानातानीको कारणले हरुले त्यहाँ सेवा ग्राहिहरु झनझटिलो हुदा पनि त्यहाँ ६७ करोड ११ लाख चाहि राजस्व अस्ती माघमा म आउदा बुझेर ६७ करोड ११ लाख राजस्व उठिसकेको छ यो प्रदेश बागमती प्रदेशको सबै भन्दा राजस्वको ठुलो स्रोत पनि यातायात भएको कारणले गर्दा त्यो ठाउलाइ व्यवस्थित बनाएर त्यहाँ बाट राम्रो संग सेवा ग्राहिहरुलाइ सेवा दिन सक्यौ भने हाम्रो प्रदेशको धेरै आम्दानी पनि हुने छ जनताहरुले राम्रो संग सेवा पनि प्राप्त गर्ने कुरालाइ विशेष यो सभामुख मार्फत यो सरकारले ध्यानपुर्याओस भन्दै मेरो भनाइ यहि अन्त्य गर्छु हस्त धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय कृष्णलाल भडैंल समय ४ मिनेट

**<u>माननीय कृष्णलाल भडेलँ (नेपाली कांग्रेस)</u>:-** माननीय सभामुख महोदय, सबैभन्दा पहिले म आजको दिनलाइ खुसीको दिन रमाइलो दिन राम्रो दिन भनेर मैले महशुस गरे सबैलाइ स्वागत योज्ञ छ। आज हामी मन्त्रिमण्डल दुइ वर्षपुरा गरेको अहिलेको कार्यक्रममा बसेर आयौ र सबै विधायकमा खेलको जगतमा नेपाललाइ चिनाउने

खेलाडिहरुलाइ हामीले धन्यवाद र शुभाकामना प्रगतिपथमा लागोस भन्ने शुभकामना दिन चाहान्छु।

हाम्रो राष्ट्रसेवाक कर्मचारी मित्रहरुले पनि सेवा गरेवापत राम्रा काम गरेवापत उहाँहरुले सम्मान पाएको छ। र विभिन्न निकायमा पाएका सम्मान पाएका व्यक्तित्वहरुलाइ हामीले सम्मान गर्नै पर्छ उहाँहरुको उज्वल भविष्यको शुभकामना व्यक्त गर्नु पर्छ र आजको कार्यक्रममलाइ मैले एकदमै रमाइलो क्षण राम्रो दिनको रुपमा मैले लिए। सभामुख महोदय म आफ्फै भक्तपुरको पहिलो कुरा उठाउन चाहे।

भक्तपुरको भट्टे पार्टिबाट नगरकोट जाने सडक करिव छ सात वर्ष देखि सम्झौता रह्यो निर्माणकार्य अगाडि बढयो र हाल सम्म निर्माण कार्यले सम्मन्न पाइरहेको छैन। गत मंसिर ताका भोलि केहि होलाकी यो सदनको काम भोलिनै सम्मन्न होलाकि ढङ्गले दिनहु चाहि तपाइको राति पनि दिउसो पनि काम हुन थाल्यो निर्माणकार्य अगाडि बढन थाल्यो र चार पाच वटा डोजर पनि चल्यो स्क्याभेटरहरू पनि चल्यो सबै चल्ले म्याटेरीयलहरू पनि आए र मंसिर ७४ \७५ पछिको चुनाव पछि सबै कामहरु हराए। त्यहाँ के भने देखि सैलुन कन्ट्रसनले जुन निर्माण कार्य अगाडि बढाएको थियो उहाँ शारदा भक्त अधिकारी ज्यू हुनुन्छ त्यसको प्रोपाइटर।

उहाँ त्यो सरकारले भन्दै गरे हामी यो महिना भित्र निर्माण कार्य अगाडि बढाउछौँ भनेर चुनावी मुद्दा पनि बनाए। जनताले पन्याएन र हाल सम्म पनि अहिलेको त झन ठप्प छ काम हुन एक एक लोवर पनि त्यहाँ छैन मैले सम्वन्धित निकायका एक जना प्रमुख लाइ सम्पर्क गर्दा विचार फोन उठाउन छोडिसक्यो घायल भए हजुर म त पैसा छैन भन्छ अर्बौं अर्वको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले आज चाहिने निर्माण काई ठप्प बनाएर त्यस क्षेत्रको जनताको दुखमा सधै सताइरहेको छ। यसै सन्दर्भमा हाम्रा नेपालका हाम्रा दाजुभाइहरु हाम्रा दाजुभाइहरु अहिले कोरोना भाइरसले जुन चिनमा पिडीत हुनुन्छ सरकारले उहाँलाइ फिर्ता गरिरहने कुरा गरिरहदा म सरकारलाइ अत्यन्तै स्वागत योग्य काम सरकारले तुरुन्त उहाँहरुलाइ ल्यायोस भन्ने शुभकामना सरकारको यो राम्रो काम प्रति म सरकारलाइ धन्यवाद पनि दिन चाहान्छु।

तर ल्याएर कहाँ राख्ने भन्ने कुरामा चाहि विवाधित छ कहिले विद्युत प्राधिकारणमा राख्ने भन्छ भक्तपुर विद्युत प्राधिकरणमा ठाँउखालि गराउछ जसमा चारै तिर प्रदुषण छ। नगरकोट जाने बाटो प्रदुषण छ त्यो ठाँउनै प्रदुषण छ त्यस्ता ठाँउमा विरामीलाइ राख्दा के हुन्छ त्यसकारणले उचित ठाउँमा अलि गर्मी ठाँउमा राखु पर्दछ त्यस कारणले विरामीहरुको लागि मध्यनजर गरेर अभिलम्भ नेपाल ल्याउनु पर्यो तर अलिकति गर्मि ठाउँ अलिकती बस्तीभन्दा दुइ तीन किलोमिटर टाढा राख्ने व्यवस्था होस र उपत्यकामा चाहि यो हुन्न भन्ने कुरा मैले निवेदन गर्न चाहे।

र अर्को कुरा हामीले जुन अघि मात्रै हामिले राम्रा कुरालाइ हरायो कुरालाइ यहाँ तपाइको समान हराएका कुरालाइ भनेर देखाएदा यो गल्ति भन्ने यो विरोधै गर्यो भन्ने कुरालाइ चाहि मैले अलिकति केहो मैले बुझ्नै सकिन प्रतिपक्षले अथवा सरकार भन्दा बाहिरको पक्षका बाहिर बसेका हामीले बोल्दै गर्दा राम्रा कुरा गर्दा खेरी पनि हराएका कुरा गर्दा पनि यो तपाइको समान हरायो भनेर देखाउदा पनि तपाइहरुले विरोध गर्नु भयो। भष्ट्रचारको विरोध कहाँ गरेका छौं। भ्रष्ट्रचारीलाइ कारवाहि गरेको कुरालाइ हामी सम्मान व्यक्त गर्छौं तर भ्रष्ट्रचार गर्दै गर्दा छुटेका कुरा हरुलाइ यहाँ यो छुटेको छ हौं भन्दा हामिले देखाउदा प्रतिपक्षले विरोध गरेको हुन्छ अहिले भर्खरै माननीय ज्युले उठाउनु भयो के फिर्ता दिदैमा भ्रष्ट्रचार मुक्त हुने उसो भए देखि सबै कुरा ठगी गर्छ सबै कुरा फिर्ता गर्ने अनि माफि दिने।

अनि चोरिन्छ समान फिर्ता दिए माफि पाउने यो पनि भ्रष्ट्रचारको कुनै अशंहो हौं यसलाइ पनि कारवाहि गर्नु पर्छ भन्दा खेरी प्रतिपक्षदलले भ्रष्ट्रचारिलाइ संरक्षण गर्यो भन्ने हामिले भ्रष्ट्रचारीलाइ कारवाहि गर्नु पर्छ भन्ने चाहो जो सुकै होस। चाहे शेरबाहादुर दैवा होस चाहे विजय कुमार गञ्छदार किन नहोस सबैलाइ समान ढङ्गले कारबाहि हुनु पर्छ भनेर प्रतिपक्षले कुरा उठाउदा खेरी यहाँ चाहि तपाइको फेरि विरोध गर्यो कारवाहि गर्नु हुन्न भन्यो। कहाँ कारवाहि गर्नु हुन्न भनेको छ कारबाहि गर्नु पर्छ भ्रष्ट्रचारिलाइ सबैलाइ कारवाहि हुन्छ सबैलाइ समान रुपमा चाहि कारवाहि अगाडि बढापउनु पर्छ र अहिले हामीले विकास का कुरा गर्दै छौं हामी दैनिक काठमाण्डौबाट मकवानपुर आउने बाटो हाम्रो चाहिने मुख्य मन्त्रिज्यले भन्दा खेरी अघि मलाइ आन्द आएको थियो।

तर आउने बाटो आउदै जादै गर्दा खेरी विरात्क लाग्छ तर आज सम्म बाटोको प्रक्रिया एउटा प्वाल टाल्ने काम पनि भएको छैन यदि काम भएको छैन भने थप म त्यसमा यहाँहरुलाइ चाहि निवेदन गर्नु चाहान्छु। अभिलम्व बाटो निर्माण गर्न लगाउनु पर्यो त्यसकारणले हामीले विरोध गरेका कुरामा देखाएको कुरामा हराएको चिज यहाँ छ भन्दै गर्दा खेरी त्यसलाइ विरोध गरेको भन्ने चाहि यहाँहरु चाहि सरकार पक्ष नलाग्न म हार्दिक अनुरोध गर्दछु।

र अन्त्यमा म के भन्न चाहान्छु भने विकास निर्माणका कुराहारु संमासदहरुले छुटाएका विकास निर्माणका कुरा हरु अहिले सम्म जिल्ला जिल्लामा पुगिसकेका छैन त्यो पैसा ल्याप्स हुने अवस्था देखिएको छ त्यसकारण तुरुन्त जिल्लामा पठाएर सहिसलामत ढङ्गले त्यो विकास निर्माणका कुराहरु अगाडि बढाउन सभामुख मार्फत सम्वन्धित निकायलाइ ध्यानाकर्षण गराउन चाहान्छु। धन्यवाद जय नेपाल।

**<u>माननीय सभामुखः</u>-** माननीय मनु सिग्देल समय ४ मिनेट

**<u>माननीय मनु सिग्दे (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))ः</u>-** माननीय सभामुख महोदय, प्रदेश सरकारले दुई वर्षपुरा गरेको छ। त्यो दुइ वर्ष पुरा गरिरहदा आज जुन कार्यक्रमहरु सम्पन्न भयो म सर्वप्रथम प्रदेश सरकारलाइ हार्दिक बधाई दिन चाहान्छु र आज सम्मानीत हुनुहुने सम्पूर्ण खेलाडीहरु, राष्ट्रसेवाक कर्मचारी साथीहरु, सञ्चार जगत लगाएत विभिन्न तह लगाएत विभिन्न क्षेत्र सम्मानीत भएको छ।

सम्मानीत हुनुहुने सबैलाइ म प्रदेश सभाको सदस्यको हैसियतले हार्दिक बधाई दिन चाहान्छु। र बधाई छिमेकी राष्ट्र भारतमा हिजो दिल्ली सरकारको निर्वाचन परिणाम प्राप्त भएको छ। म एउटा प्रदेशको सदस्यको हैसियतले डेजरिवालको जुन पार्टिले अत्याधीक बहुमतको साथ विजय हासिल गरेको छ। म अर्विन डेजरिवालको जुन एउटा उहाँको चाहि प्रदेश प्रमुखको रुपमा तेस्रो पल्ट उहाँले विजय हिसिल गर्नु भएको छ उहाँको पार्टिलाइ म हार्दिक बधाइ दिन चाहान्छु।

र हामी प्रदेश सभाको दुई वर्ष देखि अति भर्खरै हामीले प्रदेश सभाको दुइ वर्ष पुरा गर्यौ र आज प्रदेश सरकारले गरेका कामहरुको हामी त्यसलाइ सम्मान गर्छौं र यो प्रदेशमा नयाँ एउटा संरचना नेपालकै सन्दर्भमा नयाँ संरचनामा प्रवेश गरिरहदा पक्कै पनि अफ्ठाराहरु थिए पक्कै पनि हामी संग ऐन कानुन निर्माण गर्ने थुप्रै दायित्व र जिम्मेवारी हरु थिए यद्यपी यो प्रदेशले लगभग आधाआधी विधेयक हरु हामीले पास गरिसकेका छौं। र त्यसलाइ कार्यन्वायन गर्ने चुनैती हरु पनि त्यतीकै छन र म हामीले पास गरेका एउटा विधेयक सर्वच्च अदालतले खारेज गरिदिएको छ स्थानिय तहको जनप्रतिनिधिहरुको सेवा सुविधाहरु बाट बन्चित हुनु परेको अवस्था छ प्रदेश सरकारलाइ यो विषयमा ध्यानाकर्षण गराउन चाहान्छु। यथासिग्रह आज स्थानिय तहको भ्रष्ट्रचार को कुरा गरिरहदा खेरि तिनिले नखाइकन काम गर भनेर कसरी भन्न सक्छौं।

त्यो विस्तारै स्थानीय सरकारले स्थानिय जनप्रतिनिधिहरु ले छिटो भन्दा छिटो उहाँहरुको सेवा सुविधाको सन्दर्भमा हामीले त्यो एउटा निर्णय गर्नु पर्ने त्यो विधेयक हामीले ल्याउनु पर्ने त्यो विधेयक खास सिघ्र गरियोस भन्ने पनि म माग गर्न चाहान्छु। अर्को एउटा विषय हामीले दुई वर्ष विताइ रहदा खेरि थुप्रै ठाँउमा हामीले भन्ने गरेको विषय सत्तादल पार्टिको सदस्यको हैसियतले विभिन्न सामाजिक कार्यक्रममा जादा र पार्टिकै कार्यक्रममा जादा खेरी पनि बारम्वार आउने गरेको प्रश्न जसको जवाफ के दिने भन्ने पनि म आज सभामुख मार्फत त्यसको जवाफ पनि म माग्न चाहान्छु। त्यो प्रदेशले किन एउटा महिलालाइ किन मन्त्री बनाउन सकेन ? यो प्रश्न पार्टीर सामाजीक संघ संस्थाका कार्यक्रममा हामी माथि ओइरने प्रश्न हो। यसको जवाफ अब देखि हामीले यस्तो प्रश्न सुन्न नपर्ने गरि म त्यसको जवाफ चाहान्छु।

त्यसको जवाफ भनेको यो प्रदेश सरकारमा देशको प्रतिनिधित्व, समावेशि सरकारमा भन्ने कुरा नै त्यसको जवाफ हो म यो कुरा छुट्टैनै अब हामी सग तीन वर्षको समय बाँकी छ यो तीन वर्ष को अवधीमा यस्ता प्रश्न हामीले सुन्नु पर्ने छैन यो प्रदेशमा सभासदहरु महिला सभासदहरु थुप्रै योग्यता र क्षमता राखेका सभासदहरु हुनुन्छ। हिजो

युद्धको बेलामा कमान्डर भैसक्नु भएका कमान्डर हरु हुनुन्छ जसले युद्धको अग्रिम मोर्चामा आफ्नो मोर्चा सम्माल्नु भएको थियो दुष्मनलाइ हावाकावा खेलाउनु भएको थियो त्यस्ता साथीहरु पनि हुनुन्छ।

हिजो पार्टिको जिम्मेवारीमा निरन्तर रुपमा लामो समय सम्म पार्टिको जिम्मेवारी पुरा गर्ने सभासदहरु पनि हुनुन्छ। तर राजकिय जिम्मेवारी दिन हामी किन डराइराखेका छौं ? किन हामी सरकारको समेल गराउन हामी किन डराइ राखेका छौं म यस प्रश्नको जवाफ चाहान्छु सभामुख महोदय अब यो मन्चमा मात्रै होइन हामी ले कहि पनि उभिएर यो प्रश्नको सामना गर्न नपरोस धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सुरेन्द्रराज गोसाइ समय ४ मिनेट

**<u>माननीय सुरेन्द्रराज गोसाई (नेपाल मजदुर किसान पार्टी)</u>:-** सभामुख महोदय आज हामी सरकारले दुइ वर्ष विताएको समय विताएको विषयमा छलफल चलाएदै छौं। र सर्वसाधारण जनता के भन्दछन भने माल पाएर के गर्नु चाल पाएपो। र आज हामी यसरी दुइवर्ष विताउदै गर्दा आज हामी देख्दछौं यो प्रदेश सभाको प्रभाव के कती छ।

प्रदेश सरकारको उपस्थिति कहाँ छ र हामी विषेश समय मा बोल्छौं र यो विषेश समयमा उठेका कुराहरुको सुनुवाइ हुन्छ कि हुदैन? यहाँ सम्बन्धीत मन्त्रालयका मन्त्री ज्यू हुनुन्छ या हुनुहुन्न सम्बन्धीत मन्त्रालयबाट उपस्थित भएर त्यसको बारेमा टिर्पोट त्यसको बारेमा रेकर्ड राख्ने परिपार्टि हामीले बसाल्यौं कि बसालेनौं प्रश्न उठ्छ ? त्यसकारण एकातर्फ सभामुखज्यु को म गम्भीरता पुर्वक म ध्यानाकर्षण गराउन चाहान्छु। यदि भएको छैन भने त्यसमा आवश्यक रुलिङको नित्ति म हार्दिक अनुरोध पनि गर्दछु। र साथ साथै सदनलाइ बन्धक बनाउने सधनलाइ निश्वप्रभावी बनाउने त्यो काम अबका दिन हुरुमा नहोस जो जति भयो त्यो दुइ वर्षमा भयो दुइ वर्ष पश्चातका दिन हरुमा नहोस त्यता तर्फ पनि म गम्भीता पूर्वक ध्यानाकर्षण गराउन चाहान्छु। साथ साथै हामिले भ्रष्ट्रचारको विरोध गरौं, भ्रष्ट्रचाहरी हइनौं र भ्रष्ट्रचारी होउ भन्ने आदि इत्यादी प्रश्न हरु यहाँ उठे समयको बर्बादी पनि संयम पनि भ्रष्ट्रचारी हो।

र बेलौमा कुनै पनि काम नगर्नु त्यो पनि भ्रष्ट्रचारहो र कसैले परार्मश दिइएको छ। कार्यव्यवस्था परामर्शमा कसैले परामर्श दिएको छ कसैले बैठकमा परामर्श दिएको छ त्यो बमोजिम हामी उत्राउदैनौ व्यवहारमा उतार्दैनौं भने त्यो पनि भ्रष्ट्रचरण हो। त्यता तर्फ पनि सरकारको सम्बन्धीत सम्पूर्णको म गम्भीरता पुर्वक ध्यानाकर्षण गराउन चाहान्छु। साथ साथै सरकारको त्रीआङ्गीक सिद्धन्त अर्थात शक्ती पृथकिकरणको सिद्धन्त, बमोजीम हामी चलिराखेका छौ कि छैनौं ? त्यस को बारेमा हामी अवगत छौकि छैनौं सरकार कति दिन चलायौं त्यो महत्वपूर्ण होइन सिद्धन्त र व्यवहारमा तालमेल मिलाएर हामी अगाडि बढौ कि बढनौं त्यो महत्वपुर्ण सवाल हुने गर्दछ साथ साथै हामीले के कती परिणमा देखायौं हामी परिणम मुखि छ कि छैनौं परिणमा शुन्य तर ठुला ठुला गफ हाकेर अब जनताले विश्वास गर्ने वाला छैनन किन भने यो हामी यहिले प्रजातान्त्रीक व्यवस्था छौं प्रजातन्त्रमा हरेकको ल्याकत जनताले राख्ने गर्दछन जनताको आँखा दुरविन सरह हो भन्ने बारेमा शासक दलले यदि वेल्लौमा होक्का राख्न सकेन भने हिजो जसरी पन्चायती व्यवस्थाले विदालिनु परेको थियो तर अहिले तमाम कुनै पनि सरकारले विदा लिनु पर्ने दिन त्यती टाढा हुने छैन भन्ने बारेमा कमसे कम प्रजातन्त्रको बारेका सामान्य रुपमा धारण राख्ने अवगत हुनेहरुले त्यसमा होक्का राख्नु पर्दछ भन्ने म यहाँ सभामुख मार्फत पनि ध्यानाकर्षण गराउन चाहान्छु।

र हामीलाइ थाहा छ भ्रष्ट्रचारको कुरा हिजोका दिनमा पनि उठेका थिए अहिले ललिता निवासको पनि कुरा उठ्दैछ र यति को कुरा उठ्दैछ र यी सम्पूर्णमा हामी के भन्दछौं भने कुनै पनि भ्रष्ट्रचारीको उन्मुक्तीकसैले पनि नपाउन गंगा जल छर्कने काम कसै बाट पनि नहोस यो तर्फ पनि मैले गम्भीरता पूर्वक ध्यनाषण गराउन चाहान्छौं र ललिता निवासको मात्र कुरा होइन आज जनताको सम्पत्ती आज खोला र बोगाका जनता फेरी पनि नाङ्गो खुट्टाले पैदल हिड्दै ललितपुर देखि काठमाण्डौ सम्म हिजो सम्म पनि धर्ना गरे पैदल र्याली गरे सम्पदाको समर्क्षणको निम्ती संस्कृतीको संरक्षणको निम्ती उठिवास गर्न पाइदैन कुनै पनि प्रजातान्त्रीक शक्ती र दलले भनेर जनता आज उड्दैछन उस्तै सघर्षमा छन।

वर्षौं देखी सघर्षमा छन तिनिहरुको आवाज सुन्ने किनसुन्ने ? यदि प्रजातन्त्रमा विश्वास गर्छन भने जनता को आवाजको बेलैमा संवोधन हुनु पर्दछ .र बालुवाटारका कान्डहरु, ललीता निवासका कान्डहरु फेरी पनि नदोहोरिउन यति हरु द्धारा सन्चालीत ठोकेदार हरु डनहरु द्धारा सन्चालीत सरकारको रुपमा कलङ्कीको त्यो र बिल्ला भिर्न नपरोस यहि शुभकामनाका साथ विदा हुन्छु धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय छिरिङ दोर्जेलामा समय ४ मिनेट

**<u>माननीय छिरिङ दोर्जे लामा (नेपाली कांग्रेस)</u>:-** माननीय सभामुखज्यू मैले अहिले जुन विषय उठान गरिरहेको छु। म पहिले पनि यो बोर्डमा आएर उठान गरिसकेको छु। यहाँ पूर्ववक्ता माननीय ज्यूहरुले कुरा राखिसक्नु भएको छ हामीले उठान गरेका विषयहरुलाइ कसरी सरकारले संवोधन गरिरहेको छ। हामीले राखेका प्रश्नहरुको उत्तर कसरी आइराखेको छ यहाँ चर्चा परिचर्चा भैसकेको छ।

म त्यता तीर जान्न मैले अहिले सम्म शुन्य समय र विषेश समय मा राखेका कुनै पनि प्रश्नको उत्तर आएको छैन। त्यो विषयको चाहि म सभामुखज्युलाइ ध्यानाकर्षण गराउन चाहान्छु। यो विषय अरु जुन प्रश्न उठेका विषयहरु छ जो विषयहरु उत्तर आउनु पर्छ पर्दैन त्यो उत्तर दिनु पर्छ पर्दैन त्यो विषेश अधिकार सभामुखको तजविजमा भएको ले गर्दा म सभामुख ज्युको ध्यानाकर्षण गराउन चाहान्छु।

र सरकारलाइ पनि यहाँ उठेका प्रश्न हरुको उत्तर यहाँ अस्ती पनि शुन्य समयमा र विषेश समयमा उठेका प्रश्न हरुको उत्तर आन्तरीक मामीला तथा कानुन मन्त्री ज्युले दिनु भयो तर उहाँ ले केहि प्रश्नहरुको उत्तर उहाँले राखिदिनु भएन त्यसकारणले छुटेका प्रश्नहरुको पनि उत्तर राखिनु पर्छ भन्ने माग गर्न चाहान्छु। हामीले २०२० लाइ नेपालको पर्यटन वर्ष को रुपमा हामीले मनाउदै आइराखेका छौ र प्रदेश सरकारले पनि यो नितीलाइ पर्यटन वर्षलाइ संघिय सरकारको जुन निती राखेको छ पर्यटन वर्ष भनि त्यसलाइ पनि सहज ढङ्गले हामीले कसरी अगाडि बढाउनु पर्छ हामिले कसरी बढाउनु

पर्छ भनेर प्रदेश सरकारलाइ लाग्नु भएको छ त्यसको लागी म प्रदेश सरकारलाइ म धन्यवाद दिन चाहान्छु।

प्रदेश सरकार हो एउटा छुट्टौ अङग हो, तर अङ हुदै गर्दा पनि संघिय सरकार ले के कस्तो नितीहरु ल्याएको छ र संघिय सरकारले के कस्तो कार्यक्रमहरु ल्याएको छ। त्यो सरकारले ल्याएको कार्यक्रमहरुले कस्तो किसिमले हामीले साच्चैनै सहयोग पुर्याएको खण्डमा एउटा चाहि गन्तव्यमा पुर्याउन सक्छ भनेर प्रदेश सरकारले जुन किसिमको सोच राखेको छ त्यसको लागी पनि म धन्यवाद दिन चाहान्छु। तर यो भन्दै गर्दा खेरी हामीले पर्यटन वर्ष मनाउदै गर्दा खेरी कुन ठाँउमा हामीले पर्यटन वर्षको निम्ती हामीले के के गरेका छौं त यहाँ जोडोयाममा आएर त मन्त्रीज्यूले त जानकारी गराउनु भउको छ यो भयो त्यो भयो महोत्शव कहाँ गर्नु भयो तपाइहरुले महोत्शव ? हामीले २० लाख बाहिरे पर्यटक भित्राउने हामीले उद्देश्य राखेको छ त्यो मामिलामा हामीले केके गरेका छौं त र विषेश गरेर विदेशी पर्यटकहरु के के हेरेर नेपालमा आउछ त ? उनिहरुले के प्रथामिकता राखेर नेपाल आउने गर्छत ?

पहिले प्रथमत उहाहरु प्याकेजमा आउदै गर्दा त नेपालमा विश्वसम्पदा सुचीमा कती वटा मनोमेन्टस्सहरु छ साइटस्सहरु छ त्यो हेर्न जान्छु भनेर आउछ त्यस पछि आउछन ट्रकिङ्ग गर्नको लागी आउछन हाकिङ गर्नको लागी आउछ र आफ्नो स्वास्थ्य परिक्षणको लागी नेपाल आउने गरेको देखिन्छ. र विषेश गरेर काठमाण्डौ उपत्यकामा रहेको सात किलोमिटर परिधि भित्र रहेको विश्व सम्पदा सुचीमा हेर्न पाइन्छ भनेर उहाँहरु काठमाण्डौ आउने गरेको छ. तर त्यस्ता पर्यटन क्षेत्रहरुमा जुन समितिहरु बनेको छ विभिन्न विकास समितिहरु बनेको छ त्यो विकास समितिमा प्रदेश सरकारको स्टेप के हो त ?

प्रदेश सरकारले आफ्नो पहुच आफ्नो अस्तितत्व त्यहाँ देखाइ राखेको छ त यी कागजहरु जसरी कर्मचारी ले गर्दा खेरी चाहि ढिला भयो भन्छ होइन म त्यो मान्न तयार छुइन तपाइले प्रसेए ढिलो गरेर सरकाले ले छिटो भन्दा छिटो प्रसेश अगाडि बढाउनु पर्छ त्यस्ता समितिहरुमा पनि प्रदेशको चाहि एक किसिमको उपस्थिति जनाउनु पर्छ भन्ने म

माग गर्न चाहान्छु र विषेश गरेर पाहुना खान बोलायो प्रेसर भएको रोगी लाइ मिठो आफुलाइ मन परेको तरकारी पाकाइदै अनि नुन बढि हाल्दियो अब धन्यवाद भनौकि गालि गरौं।

यहाँ कुरा उठ्यो ललिता निवास को ललिता निवासमा केहि कसैले पनि प्रतिपक्ष दलको नेपली काङ्गेसको सदस्य भएको कारणले म भन्छु केहि कुनै सदस्यले त्यो गलत भयो भनेको छैन भ्रष्ट्रचारलाइ कारबाहि हुनुहुन्न भनेको छैन भ्रष्ट्रचारीलाइ कारवाहि हुनु पर्छ तर कसैले उन्मुक्ती पाउनु पर्छ भन्ने कुरा राखेको छ यो पुन एक पटक स्मरण गराउन चाहान्छु धन्यवाद जय नेपाल

**<u>माननीय सभामुखः</u>-** माननीय ओम बाहादुर ग्लान समय ४ मिनेट

**<u>माननीय ओम बाहादुर ग्लान (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))ः</u>-** माननीय सभामुखज्यु, आज साविक को यो ३ नम्बर प्रदेश हाल बागमती प्रदेश सरकारले दुई वर्ष पुरा गरेको हामी वर्ष गाठो मनाइरहेका छौ र यसको आगामी वर्ष गुणात्मक ढङ्गले फलदायी र परिणाम मुखी होस म यो शुभकामना व्यक्त गर्न चाहान्छु।

प्रदेश सरकारले एउटा कुरा पनि ख्याल गर्नु पर्दछ। गौतम बुद्धले भन्नु भएको छ एक ठाँउमा जो जागेको छ उसको लागी रातलामो हुन्छ जो थाकेको छ उसको लागी बाटो लामो हुन्छ त्यसकारणले अलिकति हामी जाग्नु पर्यो रात हाम्रो लागी लामो भैरहेछ भन्ने प्रकारको जागरुकता आओस र लक्ष्यमा पुग्नु भन्दा जरुरी कुरा चाहि आफुले सहि ढङ्ले यात्रा गर्नु पनि हो यो कुरालाइ मनन गरेर प्रदेश सरकार अगाडि बढ्ने छ त्यो कुरालाइ म सदिक्षा राख्नु चाहान्छु।

र यो हामीले यहिले सुखि नेपाली सवृद्धि नेपालीको कुरा गरिरहेको छौ बिचमा निकै डिपिआर फेशन आयो अहिले आइ इ इ र इ आइ ए फेसन आइरहेको छ र यो प्रक्रीयाले विकास निमार्णका धेरै कार्यहरुमा अवरोध सृजना भएको छ। त्यस माथि बनको कर्मचारी हरु काम भैरहेको बोलामा बढि डराउने अख्तीयार का कर्मचारी हरु त्यसलाइ कार्यवाही गर्न तम्सिने खालको प्रवृत्तीले विकास निमार्णमा खुव प्रभाव परिरहेको

स्थिति हामीले देखिरहेका छौं यो पिढालाइ अन्त्य गर्नको लागि कुनै एउटा विधि अपनाएर हामी जान आवश्यक छ नत्र भने ग्रामीण भेगको विकास गर्नको लागी यो फेसनले राम्रो गर्दैन भन्ने कुरा म ध्यानाकर्षण गराउन चाहान्छु सरकार को।

अहिले नेपाल सरकारको संघिय सरकारले आधार स्पष्ट गरेर जुन जग्गाको भु स्वामित्व दिने कुरा आउदै छ यो कुरा भैरहदा खेरी यो कुरा लाइ एउटा मौकाको रुपमा लिएर खास गरि हाइवे क्षेत्रमा र शहरी क्षेत्रमा त्यसको आशपासमा रहेको जमिनहरु अतिक्रमण बढेको छ, मैले यो मनरी गाउँपालीकाको ७, ८, ६ नम्बर वडामा यो समस्या धेरै देखि रखेको छु यदि तपाइहरुलाइ त्यसको लगात चाहिन्छ भने कहाँ कहाँ अतिक्रमण भैरहेको छ भन्ने कुरा को डिटेल पनि दिन सक्छु।

यो तर्फ प्रदेश सरकारले सम्वन्धीत मन्त्रालयले ध्यान दियोस म यो राख्न चाहान्छु। र अर्को कुरा यो प्रदेश पूर्वाधार विकास कार्यक्रम अन्तर्गत हामीले ३ करोड रकम त्यसमा छुट्टायौं, यसमा प्रत्यक्ष निर्वाचित संसदलाइ त्यहाँको माननीयलाइ संयोजक बनाइएको छ सञ्चै भन्ने हो भने सम्बन्धीत निर्वाचन क्षेत्रमा रहेको अरु माननीय हरुलाइ औपचारीक रुपमा मात्रै त्यहाँ उम्भाइएको छ यदी त्यस्तो हो भने त्यहाँ रहेका सबै समानुपातिक सांसदहरुलाइ पनि बरु २ करोड बराबरको योजना सरकारले नै छुट्टाउने गरि अर्को व्यास्था गराउनको लागि म सरकारको ध्यानाकर्षण गराउन चाहान्छु। र स्थायी राजधानी हेटौडा हेटौडाको बाटो अहिले ट्रफिक जाम सबै तपाइले हेर्नु हुन्छ भने अहिले हामी जहाँ कुरा अल्मलिरहेका छौ यो सडक यति भत्तकाउन हुन्छ कि हुदैन भन्ने कुरा जुन सकुचीत भावना अभिव्यक्त भएको छ यो कुरा लाइ तुरुन्तै सच्चाएर त्यो सडक विस्तार को लागि प्रदेश सरकारले कडा भन्दा कडा इस्टेप हरु र कठोर निर्णय गरेर अगाडि बढनको लागी मैले पहिला पनि भनेको थिए र अहिले पनि यो कुरालाइ दोह्राउन चाहान्छु।

अन्त्यमा यो विभिन्न ठाउँमा मन्टेश्वारी बालबालीकालाइ पढाउने ठाउँहरु खेलेको मैले देखे त्यो विद्यालयहरुमा त्यो मन्टेश्वारी हरुमा भर्ना गराएका बच्चाहरुले हिन्दि मात्रै बोल्न थालेको छ हिन्दि भाषाको कार्टुन हरु देखाएर पढन पाढन भएकोले त्यस्तो

कुराहरु मा प्रदेदश सरकारलको सम्वन्धीत मन्त्रालयको अनुगमनले कार्यलाइ अगाडि बढाओस म अहिले यति राख्न चाहान्छु नमस्कार धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय इन्द्रमाया गुरुङ समय ४ मिनेट

**<u>माननीय इन्द्रमाया गुरुङ (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))ः</u>-** माननीय सभामुखज्यू, आज यस गरिममया सदनमा सर्वप्रथम यस प्रदेश सरकारले दुईवर्ष पुरा गरि तीनमा सुरु गरेको अवस्थामा सफलताको लागी म हार्दिक बधाइ तथा शुभकामना दिन चाहान्छु। यसैगरि हाम्रो राष्ट्रसेवक कर्मचारीहरु, खोलाडिहरु सबै व्यक्तीहरु सबै सम्मान हुनु भएको छ उहाँहरुलाइ हार्दिक बधाइ तथा शुभकामना व्यक्त गरन चाहान्छु।

यसै सिलसिलामा आज म केहि कुराहरु म यस सभामार्फत राख्न चाहान्छु। सर्वप्रथम सुन्धुपाल्चोक जिल्ला जुगल गाउपालीका वडा नम्बर ८ मा केहि अज्ञात रोगहरु फैलीइ त्यसमा दुइसय एक जना जना विरामी भैरहेको अवस्था छ त्यो के कारणले हो भन्ने कुरा पत्तालगाएनको लागी यस सरकारको ध्यान जाओस भन्ने पनि म ध्यानाकर्षण गर्न चाहान्छु। र अरु म प्रदेश सरकार, संघीय सरकार, स्थानिय सरकार अहिले भैरहेको अवस्थामा केहि महिला तथा बालबालीका सम्वन्धि केहि कुराहरु म राख्न चाहान्छु।

जस्तै स्थानिय सरकार नहुदा संघीय तथा प्रदेश सरकार नहुदा नेपाल सरकारले महिला तथा बालबालीका, सिमान्तकृत, दलित जनजाति उत्पिडित वर्गको लागि लक्षित बजेट भनेर छुट्टाएर काम गरिएको थियो त्यो अहिले कतै कतै हराइरहेको आवाश भैरहेको छ त्यसको लागि हाम्रो यस बागमती प्रदेश सरकार को ध्यान जाओस र केन्द्रिय सरकारको पनि यसै सभा मार्फत ध्यानाकर्षण गर्न चाहान्छु।

किन मैले यो कुरा गरिरहेको छु भन्दा महिला तथा बालबालीकाहरुलाइ लक्षीत बजेट छुटटाएर काम गर्दा धेरै नै महिलाहरु, दलितहरु जनजाती उत्पिडित वर्गले राहात मिलेको उहाँहरुको हितमा काम भैरहेको अवस्था थियो भने अहिले त्यो विवेधमा भर्रपर्ने कुरा भएको छ। किन भन्दा नितीमा नहुदा खेरी मन लाग्दा खेरि मन लाग्नि विचार पुर्याउनी पालीकाले कार्यन्वायन पनि गरेको अवस्था छ नगरपालीकाले त्यो किसिमको

कार्यपनि गरेको छ त्यसमा ध्यानानपुर्याउने काम नभइरहेको अवस्था पनि छ त्यसो भएको हुनाले यस नितीमा बजेटको व्यवस्था गरियोस भनेर म ध्यानाकर्षण गराउन चाहान्छु त्यसै गरेर दुई नम्बर बुदाँ मा मानवबेचविखन विरुद्धको प्रदेशनिति निमार्ण गर्नको लागी पनि म माग गर्न चाहान्छु।

महिला तथा बालबालीका संरक्षणको लागी संरक्षण तथा कार्यभन्ने गए बजेट व्यवस्थापन गरि ११९ वटै स्थानिय सरकारमा यस प्रदेश सरकारले निर्देशन गरोस भन्ने म माग राख्न चाहान्छु र त्यसै गरेर मानवबेचविखन विरुद्धको पुर्नरसुधार केन्द्रहुरु संघले आठ वटा जिल्लाहरुमा ८ वटा केन्द्रहरु सन्चालनगरेको अवस्था थियो अहिले हालसालै के भैरहेको छ त्यसको कुरा हामीले जानकारी पाउन सकिरहेका छैन। यसको लागी पनि केन्द्रिय सरकारको ध्यानाकर्षण गराउन चाहान्छु।

हिंसाविरुद्धको सेफकियर हाछुस पनि १५ वटा जिल्लामा भैरहेको अहिले त्यो अहिले कहाँ भैरहेछ के भैरहेको छ भन्ने कुरा केहि जानकारी हामीलाइ नभएको र यसलाइ एकदमै व्यवस्थित ढङ्गले कार्यन्वायन गर्नको लागी पनि म अनुरोध गर्न चाहान्छु किन भन्दा खेरि हिसा विरुद्धको थुप्रै व्यक्तीहरु हिंसामा परेको कुनैले बास वस्ने स्थान नपाएको यस्ता खालका समस्याहरु भोग्नु परेको अवस्था मा यी कुराहरुको पनि कार्यन्वायन गर्न म ध्यानाकर्षण गर्न चाहान्छु।

गृह र सोफ हाउस सन्चालन स्थानिय सस्थाको सहकार्य आर्थिक सहयोगमा गरेर पनि यसलाइ गर्न सकिन्छ अथवा राज्यले नै जिम्मेवारी लिएर सन्चालन गर्नु पर्दछ र मुख्य उद्दश्ये बेचविखनबाट प्रभावीत र हिंसा विरुद्ध टाउको लुकाउन आवास पाओस भन्ने म अनुरोध गर्न चाहान्छु यसैगरि मानव बेचविखन विरुद्धको तथा ओसारपोसार नियन्त्रण ऐन २०६४ यथसिघ्र संसोधन गरियोस भन्ने म संघको सरकारको पनि म ध्यानाकर्षण गराउन चाहान्छु।

यसै गरि हाम्रो प्रदेश विश्वाविद्यालय ऐन, प्रज्ञा प्रतिष्ठान ऐन प्रदेश महिला कानुन अहिले सम्म बनेको छैन त्यसै गरि जेष्ठनागरिक ऐन, बनिरहेको अवस्था छैन ति सबै बनोस भन्ने म ध्यनाकर्षण गर्न चाहान्छु। र स्थानिय तहका जनप्रतिनिधिहरुको सेवा

सुविधा सम्वन्धि तुरुन्त कानुन भनेर उहाँहरुको लागी तुरुन्त कानुन ले कार्यन्वयन गर्नसकोस र प्रदेश सरकारको ध्यानकर्षण गर्न चाहान्छु हस्त धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय प्रदिप कुमार कटुवाल क्षेत्री केसी समय ४ मिनेट

**<u>प्रदिप कुमार कटुवाल क्षेत्री केसी (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** सभामुखज्यू, म निकै लामो समय पछि सधनमा केहि विषेश कुराहरु राख्न गैरहेको छु यो खास गरि आफ्नो दायित्व पुरा नहुदा खेरी के के विषयहरु उठेका छन माननीय ज्युहरुले राखिसक्नु भएको छ। धेरै विषय उजागर भैसकेको छ सन्दर्भ के हो भने हामीले अहिले कुरा गरिरहदा खेरि काम गरिरहदा खेरि आज तिनै तहको सरकारमा विषेश गरि अहिले केपि ओलीको सरकारले जुन योगदानको साथ राष्ट्र निमार्ण गर्ने आय वृद्धि गर्ने रोजगारी दिने लागएतका ठुला ठुला उद्योगहरु ठुला ठुला परियोजनाहरु चाहि ठुलठुला हाइड्रोपावर चलाउने जुन उदघोष गरेको छ।

त्यसलाइ साकार पर्न सन्दर्भमा हाम्रा केहि योजनाहरु हाम्रा प्रदेश बाट गरिनुपर्ने कुराहरु केहि ढिला भएको महशुस भएको छ माननीय सभामुखज्यू हामीले दुइ वर्ष प्रदेश को नाम प्रदेशको स्थान तोकीरहदा खेरी आज हामी खुसियालीको सन्दर्भमा खेलाडीहरुलाइ पुरस्कृत गरौं कर्मचारीहरुलाइ पुरस्कृत गरौं। यो सन्दर्भ गरिरहदा खेरी हामीलाइ हिजो हामीहरुले गरिरहेका कामहरुमा केहि केहि अलमलमा पर्यौं अघिनै माननीय साथीले भनिसक्नु भएको छ जुन गुरु योजनाले अलमलायो।

जुन गुरु योजनामा अर्बौ रकम छुटंटाइयो त्यो अहिले सम्म बनिरहेको छैन त्यो कता गयो। यो ढिला सुस्तिको सन्दर्भको कुरा गर्दा खेरी हामी शुसासन दिन सकिरहेका छैनौं केहि केहि विषयहरुले यहाँ ख्याल गर्नै पर्छ। हामीले औद्योगिक क्षेत्र छुट्टाएका छौं सिन्धुलिलाइ विषेश गरि औद्योगीक क्षेत्र छुट्टाएका छौं तर त्यहाँ दुइवटा पुलहरु बागमती र कमलाको पुलहरु अहिले सम्म बनेको छैन। त्यहाँ एउटा जिम्मेवार भएर काम गर्न सकिरहेका छैनौं हाम्रो सिन्धुलिको तिन पाटन गाउँपालीका भनेको देशको सबै भन्दा ठुलो गाउँपालीका त्यहाँ सम्म जाने बाटो को लागी विगत समय देखि हामीले चाहि बहुवर्षे

टेण्डर गर्ने भनेर त्यहाँ बजेट छुट्टाइएको थियो त्यो बजेट अहिले सम्म गएन त्यो बहुवर्षे टेण्डर अहिले सम्म भएन अर्थ मन्त्रीज्यु यहि हुनुन्छ मैले खास गरि त्यो योजना कहाँ लुकिरहेको छ यसलाइ यसले कसरी सार्थक रुप पाउछ भन्ने कुरा राख्न म चाहान्छु।

यस्तै अहिले हामिकहाँ धर्मकाटाँको नाममा हामी अहिले हाम्रो अधिकार क्षेत्र भित्रको काम गरिरहेका छैनौं भन्ने मलाइ लागेको छ अहिले प्रदेशको मातहातमा आएको यातायात प्रयोगलाइ हामी प्रयोग गर्न सकिरहेका छैनौं राजस्व छलरहेको छ। हाम्रौं सिन्धुली जिल्लामा धर्मकाँटाको नाममा त्यो दश टन भन्दा माथि समान बोक्न नपाउने त्यो पनि राती ९ बजे मात्रै गाडि हिडाउन पाउने यस्तो खाले कामहरु भएको छ त्यसले गर्दा एउटा व्यवसायीहरु निरुत्साहित भएको छ कर त्यहाँ मरिरहेको छ राजस्वा उठिरहेको छैन त्यहाँ चाहि विभिन्न हिसिबले हामिले त्यहा करेक्सन गर्न खोज्दा खेरि चाहि त्यहाँ करेक्सन भएको छैन।

मैले यो असारमा जुन हामीले बाढिपहिरो लाग्यो हामिले राहात दिने भनौं सरकारको तर्फ बाट त्यो पैसा अहिले सम्म निकाश भएको छैन। त्यो पैसा अहिले सम्म गएको छैन हिजो को दिन सम्म आजको दिन सम्म गएको छैन। यहाँ कागजमा गयो होला यो कागजमा जाने कुराले के अड्यो भने ११४ नम्बर मा पठाउने पर्ने दैविकप्रकोपको रकम १२४ नम्बरमा पढाएर त्यो कहिले सल्टिन्छ त्यस्तै प्रत्येक गाउँपालीकाहरुलाइ हामीले त्यो बेला ५० लाखको दरले रकम विनियोजीत गर्ने अख्तियारी जस्तो एउटा चिठ्ठि पठायौं त्यो गएको छैन यस्ता कुराहरु छन अहिले ढुङगिट्टि बालुवा प्रयोग गर्न नपाएर बाटो बनाउन पाइएको छैन घर बनाउन पाइएको छैन यो अलमल परेको छ सभामुखज्यु।

त्यस्तौ यो स्थानीय तहको पदाधिकारीहरुले जुन पाउने निन्तम पारिश्रमिकको कुरा भएको थियो यसलाइ फेरी पनि कुनै कार्यविधि बनाएर छिटो भन्दा छिटो पढाउनु पर्छ भन्ने मेरो माग यिनै कुरा राखेर मेरो आफ्नो भनाइ अन्त्य गर्छु हस्त धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु अब यो छलफल यहिँ समाप्त हुन्छ।

मानननीय सदस्यहरु अब म माननीय मुख्य मन्त्री डोरमणी पौडेलको तर्फबाट माननीय आर्थिक मामिला तथा योजना मन्त्री कैलाश प्रसाद ढुङ्गेललाइ अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा व्यवहार सुविधा सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि विचार गरियोस भन् प्रस्ताव पेश गर्न अनुमती दिन्छु।

<u>माननीय कैलाश प्रसाद ढुङ्गेल, मन्त्री, आन्तरिक मामिला तथा योजना मन्त्रालय</u>ः- माननीय सभामुखज्यू सभामुखज्यूको अनुमतीले अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा व्यवहार सुविधा सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि विचार गरियोस भन् प्रस्ताव सम्मानीत सभामा पेश गर्दछु धन्यवाद।

<u>माननीय सभामुख</u>ः- माननीय सदस्यहरु अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा व्यवहार सुविधा सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि विचार गरियोस भन् प्रस्ताव माथी अर्थात विधेयक माथिको सामान्य छलफल प्रारम्भ हुन्छ।

माननीय सदस्यहरु यस छलफलमा विधेयकको सैद्धान्तीक पक्षमा मात्रै छलफल हुने व्यवहोरा जानकारी गराउदछु। उक्त छलफलमा बोल्न चाहानु हुने माननीय सदस्यले आआफ्नो नाम चिटमा लेखि सभामुख सग बसेको कर्मचारी लाइ उपलब्ध गराउन अनुरोध गर्दछु।

छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यलाइ ३ मिनेटको समय निर्धारण गरेक छु। सर्वप्रथम माननीय सुरेन्द्र गोसाइ

<u>माननीय सुरेन्द्र राज गोसाइ (नेपाल मजदुर किसान पार्टी)</u>ः- सभामुख महोदय, वर्तमान सरकार केन्द्रकरण तर्फ नै अग्रसर भएको हरेक पाइलाले प्रष्ट पार्दैछ। सन्तुलीत विकास होइन देश कै सन्तुलन विगार्ने सोच सरकारमा हावी भएको अनुभव हुदै छ।

काठमाण्डौमा उपलब्ध सेवा तथा सुविधा क्रमश हरेक प्रदेश र जिल्लामा पुर्याए मात्रै जनताले तुलनात्मक रुपमा सहजता र सुविधाको अनुभव गर्न पाउने छन। जनतालाइ आफ्नै ठाँउ तथा आफ्नै गाउँमा अवसर रोजगारको सृजना आजको

आवश्यकता हो। काठमाण्डौलाइ थप काकाकुल र कोलाहलमय बनाएर कर्णालीहरुमा काठमाण्डौको सेवा र सुविधा पुर्याएर परिवर्तनको अनुभुति दिन आवश्यक छ।

हालको निम्ती सरकारबाट जनताको अपेक्षा यहि नै हो। देशको विकासको निम्ती स साना शहरको व्यवस्थित विकासको अवधारण आवश्यक छ नेपाल जस्तो विपन्न देशको निम्ती स्मार्ट सिटिको नाममा ठुला ठुला शहर निर्माण गरि जनसङख्याको केन्द्रकरण कती घातक हुन्छ विगतको अनुभवले बताउछ। प्रकृतीक विपत्तीको दृष्टिकोण बाट समेत कति जोखिम युक्त हुन्छ भन्ने आज अनुभव गर्दैछौं। काठमाण्डौ केन्द्रत सोच तथा व्यवहारकै कारण देश बर्बादी तर्फ उन्मुख छ।

आआफ्नो गाउँ जिल्ला तथा प्रदेश को विकासको निम्ती जुट्नु पर्ने बेला शहर केन्द्रित मानसिकता बढावा दिनु प्रतिउत्पादक हुने कुनै शंका छैन। बसाइसराइको समस्या समाधान गर्न त्यसलाइ बल्झिन नदिन तर्फ सरकार सजक रहनु बुद्धमानी हुने छ। यतिखेर सरकार जनतालाइ आ आफ्नो ठाँउमा बसेर या फर्केर विकास निमार्णमा लाग्न उत्साहित गर्ने त्यसको निम्ति आवश्यक सम्पूर्ण वातावरण निमार्ण गर्नु तर्फ लाग्नुनै दुरदर्शिताको परिचय हुने छ।

यस आधारमा यो विधेयकले सरकारको प्रथामिकताको विषय छनोट मै समस्या भएको बताउछन साथै अन्तर्र प्रदेश बासिन्दाको सम्मान सुरक्षा सुविधा आदि बारे भन्ने बोल्ने तर स्थानिय वासिन्दाको निम्ती केहि वन्दवस्त मिलाउन नसक्ने यो आफैमा सुहाउने पक्ष जरुर होइन। स्थायी बासिन्दाले सास्ती खोप्नु पर्ने र विस्थापित हुने अवस्था आउन सक्ने सजगता अपरिहार्य छ।

स्थायी वासिन्दाको सुविधाको बारेमा चनाखो भएझै तिनका कर्तव्य तथा जिम्मेवारीको विषयमा किन विधेयक मैन छ यो विधेयकको अपरिहार्यता र औचित्य बारे थप प्रष्टयाई आवश्यक छ यो विधेयकले पुर्णताको अनुभव माग गर्दछ धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सरस्वती बाटी समय ३ मिनेट

**<u>माननीय सरस्वती बाटी (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** सभामुख महोदय, अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि सैद्धन्तीक छलफल अनुशार यो नेपालको संविधान धारा २३३ को उपधारा (३) मा एक प्रदेश ले अर्को प्रदेशामा को वास्सिन्दालाइ आफ्नो प्रदेश कानुन बमोजीम सम्मान सुरक्षा र व्यवहार उपलब्ध गराउनु पर्छ भन्ने विधेयकको छलफलमा गैरहेका छौं।

यस विधेयक वास्तवमै यो आवश्यक विधेयक थियो यो अधुरो विधेयक भए पनि यसले संवोधन गर्न खोजेका कुराहरु संघीयता संग सम्वन्धित भएर सघीयतालाइ अझै बलियो र समन्यत्मक ढङ्गबाट आगाडि बढ्नु को लागी यो विधेयक अत्यन्त आवश्यक थियो र यो विधेयक तयार गर्ने टिमलाइ हार्दिक धन्यवाद दिदै स्वागत गर्न चाहान्छु।

विधेयकमा सैद्धन्तीक छलफलको क्रममा भन्नु पर्दा खेरी यहाँ दफा ३ नम्वरको बास्तिन्दा सम्मान सुरक्षा र व्यवहार सुविधा विषयको यो दफा ३ को ख उपदफामा चाहि अन्य प्रदेश बाट यो प्रदेशबाट यसमा आइ वसोवास गर्न वासिन्दाहरुलाइ संविधान र प्रचलित संघीय तथा प्रदेशका बमोजिम प्रदेश कानुन कुनै पनि व्यक्ती सार्वजनिक निजिक्षेत्र बाट भेदभाव वा असमान व्यवहार गरिने छैन भनिसके पछिडि यहाँ तल आएर चार नम्वरको दफामा चाही भेदभाव नगरिने भन्ने दफा राखिएको छ यो दफा हटाउनु पर्छ भन्ने म माग गर्न चाहान्छु। मेरो सुझाव रहेको छ।

र अर्को नम्वरमा चाहा ५ नम्वरको दफामा के छ भन्दा खेरी सजाय भनेर राखिएको छ कसैले दफा चार बमोजिम भनिएको छ त्यसमा चाहि दफा ३ (ख) नै भन्नु पर्छ त्यसमा चाहि जरिवानाको व्यवस्था गरिएको छ त्यो पनि घटाउनु पर्छ भन्ने कुरा म राख्न चाहान्छु। त्यस्तै गरिकन यो वस्ति संस्कृतीक सम्पदा र जगेर्ना गर्नु पर्ने र भत्ताकाएर सुविधा प्रदान गर्नु पर्ने भन्ने यस्तो कुराहरु चाहि हुदा खेरी जनताहरुको अवस्था मा सुधार आउन सक्कदैन काकुलको अवस्थामा रहन्छ र त्यसो भएको हुनाले हुनु हुदैन भन्ने त्यस्तै गरिकन दफा ९ मा विषेश सुविधा सम्वन्धि व्यवस्था भनेर भनिएको छ यस प्रदेशमा बसोबास कुनै खास जाति धर्म र समुदायको ठाँउबाट सांस्कृतीक सम्पदा र

धरोहर, सांस्कृतीक, रहनशहन सीप कला को विकास हुने गरि आइयलवको १५९ उल्ङघन नहुने गरि भनेर थपेर बास्सिन्दा हरुलाइ संविधान प्रचलित संघीय प्रदेशिक कानुनमा भएको व्यवस्थाको अतिरिक्त प्रत्येक सरकारले थप सेवा सुविधा प्रधान गर्न सक्छ भन्ने खालको यो बुदाँहरु राख्नु पर्छ भन्ने खालको कुरा राख्न चाहान्छु हस्त धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय रमेश पौड्याल समय ३ मिनेट

**<u>माननीय रमेश पौड्याल (विवेकशील साझा पार्टी)</u>:-** माननीय सभामुख महोदय, प्रस्तुत विधेयकको सैद्धन्ती छलफलमा प्रवेश गर्नु भन्दा अगाडी म एउटा कुरा के राख्न चाहान्छु भन्दा खेरी जुन उत्साह र उमङ्गले जुन विगतमा यो प्रदेशको राजधानीको नामाकरणको विषय टुङ्गायौं त्यस पछिका जति पनि बैठक हरु भैरहेका छन त्यो उत्साह र उमङ्ग कता गैरहेको छ।

त्यहाँ कुन फ्रक्टरले काम गरिरहेको छ कि त्यहाँ बैठक गरिराख्दा खेरी उपस्थितिको सङ्ख्या हाम्रो सहभागिता को सङ्ख्या ले हामीले के सोच्ने ? के ? बुझ्ने ? त्यो उत्साहा हिजो चाहि हामीले यो निर्णय गर्दै गर्दाको उत्साह किन आज एक मिनेट व्यतित नहुदै यो मुर्झाइरहेको स्थिति छ यसमा पनि म ध्यानाकर्षण गराउन चाहान्छु सभामुख महोदय यो विधेयकको विषयमा प्रवेश गर्नु भन्दा अगाडि के लाग्यो भने यसको नाम नै छ सम्मान सुरक्षा समान व्यवहार यहि हाउसमा भर्खरै कुरा पनि उठेको छ ११० मध्य ३७ जना महिला हरु यो संसदमा प्रतिनिधित्व गर्नु हुन्छ यहाँ समान व्यवहार भउको छ ? हामीले त्यता तिर प्रश्न गर्नु पर्छ जस्तो लाग्छ सभामुख महोदय संविधानको स्प्रिट अनुसार हरेका ठाउँमा जुन चाहि ३३ प्रतिशत को सहभागीता सुनिश्चचित गरिरहेको छ त्यहाँ आज सरकारले आफु दुई वर्ष पुगे भनेर आफूले चिल्लो चिल्लो गाता भएको किताब बाड्दै गर्दा खेरी आज त्यो संविधानको स्प्रिटलाइ बदर गरिएको छ ? त्यो भावनालाइ बदर गरिएको छ ? भन्दा गरिएको छैन सभामुख महोदय।

त्यसले गर्दा खेरी यो त कस्तो भयो भने जसले आफ्नो घर भित्र समान व्यवहार कायम गर्न सक्दैन उसले समुदायमा गएर टोलमा गएर समान व्यवहार गरेर भाषण गरे जस्तो अल्लिनमिल्दो कुरा भएन र सभामुख महोदय मलाइ त्यस्तो लागेको छ। र यँहा जुन घर भित्रको असमानता छ त्यसलाइ सम्वोधन गर्ने कुरामा पनि म के अनुरोध गर्न चाहान्छु भन्दा खेरी यहाँ हामीले सुनेका छौ संघीय मन्त्रीमण्डलमा पनि बनाएर मन्त्रीहरुको प्रफर्मेन्स गरेर कसले कस्तो काम गर्नु भयो भन्ने अहाँलाइ राख्ने फाल्ने भन्ने अभ्यास लागु गर्ने भने भएको थियो यद्यापी त्यो पुरै लागू भएन फेल हुनु पर्ने पास भए पास हुनु पर्ने फेल भए भनेर पनि आयो तर पनि त्यो कुरा यहा लागु गरेर चाहि यदि राम्रो प्रफर्मन्स दिन नसक्ने मन्त्रीहरु पुरुष मन्त्रीहरुलाइ विदा गरेर त्यहाँ महिला मन्त्रीहरु लाई क्याविनेटको जिम्मा दिन सकिन्थ्यो कि।

त्यहाँ बल्ल समान व्यवहार गरे पछि बाहिर अरु प्रदेशका बासिन्दालाइ समान व्यवहार गर्ने कुरा दोस्रो चरणमा छलफल गर्न सकिन्थ्यो कि त्यो गर्दा अलि सजिलो हुन्थ्यो कि मान्छेहरुले अलिकति पत्याउथ्यो कि मेरो गाँउघरमा एउटा उखान छ सभामुख महोदय कसैले ठुलो कुरा गर्यो भने खुट्टिदेख्दै चालपाइयो भन्छन। त्यसले गर्दा खेरी कम्तीमा आफ्नो घर भित्रको समान व्यवहार समाल्न हून म सरकारलाइ अनुरोध गर्न चाहान्छु। त्यस पछि बाहिर अरु प्रदेशहरुको समान व्यवहारको बारेमा छलफल गरौंला धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय रजेनी अमात्य जोन्छे समय ३ मिनेट

**<u>माननीय रजेनी अमात्य जोन्छे (नेपाली कांग्रेस)</u>:-** सभामुख महोदय प्रदेश, सभा सचिवालय बागमती प्रदेशको विधेयक सङख्या पचास बाट हाल मात्र प्राप्त हाल अन्तप्रदेश वासिन्दाको समान सुरक्षा र सुविधा गर्न बनेको विधेयक संविधानको धारा २३३ को उपधारा (३) मा उल्लेख भए बमोजिम एक प्रदेशले अर्को प्रदेशको वासिन्दालाइ आ

आफ्नो नियम कानुन बमोजिम सुरक्षा र व्यवहार सुविधा दिनको निम्ति कानुनी व्यवस्था गर्न आवश्यक भएको ले ल्याएको विधेयकको कारण र उद्देश्य राम्रो नै भएको देखिन्छ।

बागमती प्रदेश अझ राजधानी भएको प्रदेशमा सुख शान्ती उच्च शिक्षा रोजगारी अवसर प्राप्त गर्न सक्ने प्रदेशमा बाहिरबाट अन्य प्रदेशबाट आउने जनसङख्या स्वाभैले नै बढि हुने छ अझ सशस्त्र द्धोन्दको कारण तथा २०७२ सालको महामारी भूकम्पको कारणले गर्दा झन वस्ति सरेर आएका हरू यस प्रदेशमा धेरै छन। यसकारण पनि यो विधेयक यस सधनमा आउन ढिलो नै भएको महशुस गर्दछु यो विधेयकको प्रस्तावनाको ५ को सजायमा १० हजार रुपैया देखि १ लाख रुपैया वा सो भन्दा बढि जरिवाना लिन सकिन्छ भने वाक्य थप गर्न उपयुक्त देखिन्छ।

साथै प्रस्तावनाको दफा ७ मा ऐन विपरीत कार्यभएको मितिले ३५ दिन भित्रमा सो भन्दा बढि ४५ दिन भित्र ज्यादै असमान्य कार्यको लागि मात्र मुद्दा दायर गर्न सक्ने छ भन्ने शब्द थप गर्नु पर्दछ माननीय सभामुख महोदय, हुनत हामीले संसोधनमा पनि राख्न सकिन्छ तर पनि सर्रसर्रती हेर्दा खेरि यो देखिएको हामीले जाएर गर्दछौं त्यस्तै प्रस्तावनाको ९ र १० को विषेश सुविधासम्बन्धी व्यवस्थाको नियम बनाउनसक्ने भन्ने प्रावधान ठिक र राम्रो भएको देखिन्छ यति भन्दै आफ्नो भनाई यहि टुङ्ग्याउछु धन्यवाद जय नेपाल।

**<u>माननीय सभामुखः</u>-** छिरिङ् दोर्जे लामा समय ३ मिनेट

**<u>माननीय छिरिङ दोर्जे लामा (नेपाली कांग्रेस)</u>:-** माननीय सभामुखज्यु, यो विधेयक माथि सैद्धान्तीक छलफल गर्ने क्रममा यो विधेयक आफैमा पनि एउटा चाहि आवश्यकता थियो र आवश्यकताको कारणले गर्दा खेरी यो विधेयक आएको भन्ने मैले महशुस गरेको छु। संविधानको एउटा धाराको लाइन मा लेखिएको एउटा सेन्टेन्स लाई समातेर एउटा विधेयक तयार गरिएको छ आउनै पर्थ्यो आयो।

तर हामीले साझा सुचीमा राखेको र चाहि एकल अधिकारमा राखेको कुरा हरु विधेयकमा ल्याइ राखेको छ कि छैन प्रश्न यहाँ निर गर्न चाहान्छु। हामीले स्पष्ट रुपमा

संविधान मा लेखिएको छ अनुसुची छ एकल अधिकार सुचिको सबैलाइ जानकारी छ त्यसको तपाइको २४ मा लेखेको छ भुमि मिति र सो सम्बन्धी कानुन भनेर। त्यो कानुन किन हामीले ल्याइरहेका छौं एक दोस्रो यो साझा सुचिमा छ एक सुचिमा छ गुठि व्यवस्थापन, त्यो गुठी व्यवस्थापनको चाहि किन हामीले कानुन ल्याइरहेका छैनौं हामीले मलाइ जहाँ सम्म लाग्छ प्रायरटि केलाइ दिने भन्ने कुरालाइ चाहि अलिकती फोकस सरकारले गर्दिनु भएको भए राम्रो हुन्थ्यो भन्ने मैले कुरा राख्न चाहे।

साथै मैले यहाँ एउटा कुरा राख्न चाहान्छु यहाँ अहिले पनि यहाँ वस्दा वस्दा हामीमा दई तीन वटा कुरा भयो हामी माननीय ज्युहारु कुरा गर्दा खेरी र सधनको कर्मचारी हरु सग चिट आदान प्रधान भैरहेथ्यो हाम्रो। संविधानको धारा १८५ ले प्रदेश सभाको गणपुरक सङ्ख्यको बारेमा उल्लेख गयौं र त्यहाँ स्पष्ट रुपले लेखिएको छ यस संविधानमा अन्यथा लेखिएको बाहेक प्रदेशसभाको बैठकमा सम्पूर्ण सदस्य सङ्ख्याको सम्पूर्ण सदस्य सङ्ख्याको एक चौथाइ सदस्य सङख्या उपस्थित नभए सम्म कुनै प्रश्न कुनै प्रशताव निर्णयको लागि प्रस्तुत गरिने छैन।

मैले यहाँ गणपुरक सङ्ख्या पुग्या छैन भन्ने खोजेको होइन मैले यहाँ के हो भन्दा खेरी यदि कदम कदाचित गणपुरक छैन पुगेको रैनछ भने माथि बसेकाले टाउको गनेर मात्रै यो कम्तीमा पनि संविधानको १८५ नम्बरको धारालाइ सम्मान गर्दुन हुन अनुरोध गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय भिमसेन खत्री समय ३ मिनेट

**<u>माननीय भिमसेन खत्री (नेपाली कांग्रेस)</u>:-** माननीय सभामुखज्यू, यो अन्तरप्रदेश वासिन्दाको समान सुरक्षा र व्यवहार सुविधा सम्बन्धमा व्यवसव्था गर्न बनेको विधेयक भनेर चाहिनी यहा प्रस्तुत गरिएको छ र यसमा शब्द के छ। भन्दा यसमा अत्यन्त महत्वपूर्ण शब्द रहेछ अन्तरप्रदेश वासिन्दाको समान सुरक्षा।

मैले चाहि के देखे भन्दा खेरी यो सधनमा अथवा चाहि सधन भन्दा बाहिर अथवा सरकारको तीनवटा निकाय अहिलेको स्थानिय तह, प्रदेश सरकार र संघीय सरकार

प्रत्येक ठाउँ चाहि समान भनेर शब्दमा राखिएको छ। तर कानुन भन्छ तर कानुन व्यवहारमा चाहि लागु हुदैन। मैले यसलाइ किन उ गर्न खोजेको भने देखि प्रत्येक नागरिकले आफ्नो बोल्न पाउने स्वतन्त्र अधिकार, अभिव्यक्ती, स्वतन्त्र वाक स्वतन्त्र प्रकाशन स्वतन्त्र सबै स्वतन्त्रता राखिएको छ तर यहा के गरिएको छ भन्दा खेरी यहा विषेश गरि अघिनै कुरा उठ्याइयो फेरी म दोह्राउछु यहाँ अब मन्त्रीमण्डल गठन हुन्छ अब ११० मा ३७ जनत महिला हरु नै हुनुहुन्छ यहाँहरुले कति सम्मानता प्राप्त गर्नु भयो त्यो थाहा छैन।

अब त्यस्तै हाम्रो समाजमा के छ भन्दा खेरी महिला, दलित, अपाङ्ग, अल्पसङख्यक यी विभिन्न उ हरु छ अब प्रत्येक तहमा स्थानिय तहमा चाहिनि त्यो अल्पसङ्ख्या दरले अथवा अपाङ्गभएका हरुले निति निमार्ण तहमा कति अधिकार प्राप्त गरेका छन कुनै पनि मलाइ लाग्छ स्थानीय तहमा अपाङ्गता भएको व्यक्ती हरुलाइ समान रुपमा चाहिनी चाहि प्रतिनिधित्व गराएको छैन।

त्यहाँ उनीहरुको प्रतिनिधित्व नहुने वित्तिकै उनिहरुको आवश्यकता के हो त उनिहरुको माग के हो त अथवा उनिहरुलाइ के के कुरा चाहिन्छ त्यो कुरा चाहि स्थानिय तहका पदाधिकारीले त्यसलाइ चाहि हेर्दैन। तर हाम्रो संविधान अत्यन्त महत्वपूर्ण राम्रो छ उत्कृष्ठ छ तर व्यवहारमा त्यसलाइ लागु गर्न सकिएको छैन। प्रदेश सरकार विभिन्न तह विभिन्न उसमा के छ भन्दा खेरी समानता प्राप्त गर्न सकेको छैन एक देखि दश वटा बुदाँहरु छ म त्यो बुदाँहरुको बारेमा व्याख्या गर्न चाहान्न तर मैले के भन्ने खोजेको भन्देखि सबै ठाँउमा नेपालमा बस्ने प्रत्येक व्यक्तीले चाहे त्यो महिला होस, दलित होस, अल्पसङ्ख्यक होस, अथवा फरक फरक धर्म भएका प्रत्येक नागरिक पाउनु पर्यो संविधान अनुशार समान अधिकार समान प्रतिनिधित्व आफ्नो बाच्न पाउने अधिकार चाहि प्राप्त गर्नु पर्छ त्यहि अनुशार को प्रस्तावना कानुनमा ल्याउन खोजेको चाहि मलाइ अन्त्यतै राम्रो लाग्यौ।

तर त्यो व्यवहारमा तपाइहरुले सरकारमा वस्ने हरुले सघीय सरकारमा बस्ने प्रदेश सरकारमा बस्ने हरुले यसलाइ कति व्यवहारमा प्रयोग गर्न सक्नुहुने छ। यो

व्यवहारमा जति लागू हुन्छनि त्यतिनै चाहि यो राम्रो हुन्छ। तर व्यवहारमा लागु नहुने नेपालमा के छ भन्दा खेरि नेपालको चाहि पूर्व मेची देखि पश्चिम माहाकाली उत्तरमा हिमालय पाहाड र दक्षिणमा हाम्रो जुन छ नि छिमेकि र सात वटा प्रदेश छ सात वटा प्रदेशका वासिन्दाहरु आउदा खेरी सबैलाइ के भन्द खेरी कानुनी आधारमा चाहे त्यो न्यायीक आधारमा होस चाहे त्यो आर्थिक आधार होस वा भाषीक आधारमा होस चाहे त्यो सम्पत्ती आर्जन गर्ने होस सबैलाइ समान अधिकार दिनु पर्छ भनेको छ।

तर यसमा चाहि के देखिएको छ भन्दा खेरी अल्पसङ्ख्या अपाङ्गता भएका व्यक्तीहरु लाइ पनि समान अधिकार सुविधा दिनु पर्छ भन्ने कुरा यसमा उल्लेख छैन र यसको लागी छुट्टै कानुन चाहिने होकि के हो मैले चाहि यसमा विषेश समय लिएर बोल्ने विचार गरेको थिए। तर एउटैमा राखेर मैले आफ्नो विचार राखे। र आगामी दिनहरुमा सरकारले कानुन बनाउदा त्यो व्यवहारमा लागु हुने किसिमको हावादार भन्छनि लागु नहुने लेख्दै जाने थप्दै जाने र अर्को एउटा अलिकती समय त गैसक्यो एउटा कुरा के छ भन्दा खेरी यहाँ उसलाइ चाहि प्रत्येक्ष निर्वाचित सभासद सांसदहरूलाइ र अरु त्यो समानुपातीकहरूलाई विभेद गरेको तपाईहरुले स्पष्ट अनुभव गर्नु भएको छ।

पहिला चाहि ३ करोड बाडिएको थियो नि अब कति कार्यन्वयन भयो भएन त्यसमा के भन्देखी प्रत्येक्ष निर्वाचितको संयजकत्व मा चाहि उसको उसमा चाहि बसेर हामीले साईन गर्दिनु पर्यो ठिक छ यो तर त्यसलाइ कति कार्यन्वयन गर्ने व्यवहारमा कत्तिको उतार्न सक्नु हुन्छ त्यो कुरा चाहि समय ले देखाउछ समयले बताउछ यति भन्दै मेरो भनाइ यहि टुङ्गाउछु हस्त जय नेपाल।

**<u>माननीय सभामुखः</u>-** माननीय विजया श्रेष्ठ के. सी.

**<u>माननीय विजया श्रेष्ठ के. सी. (नेपाली कांग्रेस)</u>:-** माननीय सभामुखज्यू आज अन्तरप्रदेश वासिन्दाको समान सुरक्षा र व्यवहार र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक हाम्रो हातमा परेको छ। र संविधानले पनि यसलाइ बुझेको छ

संवैधानीक विषयमा संवैधानीक व्यवस्थालाइ कार्यन्वायनमा ल्याउन को लागि ऐन जरुरी छ।

त्यसैले यो एकदम महत्वपूर्ण कानुन भन्ने मैले बुझेको छु। सभामुख महोदय हामी बागमती प्रदेशका वासिन्दा हौं बागमती प्रदेशमा अन्य प्रदेश बाट आउने वासिन्दाहरु बसाँइसराइ गर्ने वासिन्दाहरु को लर्को धेरैन छ भन्ने कुरा हामी सबैले बुझेका छौं। र किनभने बागमती प्रदेशलाइ अवशरको प्रदेश पनि भनिएको छ। मानिन्छ संवृद्धि यहिंहोला सुख यहि होला भनेर अन्य प्रदेश बाट पनि वासिन्दाहरु यहाँ आउछन त्यो अहिले झन बढेको छ। अर्को कुरा बागमती प्रदेशमा पनि काठमाण्डौं भक्तपुर ललितपुर उपत्यका झन् यट्रक्सनको केन्द्रविन्दु बनेको छ र यहाँ अन्य प्रदेश बाट होस अथवा बागमती प्रदेश बाटनै होस यहाँ बसोबास गर्ने यहाँ अस्थायी तथा स्थायी रुपले बसोबास गर्ने जनताको धेरै चाप बढेको छ जसले गर्दा काठमाण्डौंमा जनसङ्ख्याको चाप बढेको छ कंक्रिट भएको जङ्गलका रुप काठमाण्डौको छ। यो हामी सबैले बुझेका छौं संविधान अनुसार पनि हामी कसैले पनि कसैलाई तिमी यहाँ उपत्यकामा नआउ नबस बस्न पाउदैन भन्न पाउदैन कानुनले पनि दिदैन र हामी कसैले पनि भन्न पाउदैन।

यसकारण यो विधेयक को मर्म पनि यहि हो आएका जनसङ्ख्याको चापलाई कसरी व्यवस्था गर्ने र यिनिहरुलाइ कसरी व्यवस्थित रुपले सुविधा, अवसर हरू दिने भन्ने कुरा को यो विधेयकको मर्म पनि भएको मैले बुझेको छू। तर सभामुख महोदय हामीले अरू जिल्लाबाट आएका विषेश अस्थायी बसोबास गर्ने नेपालीनगरिकको विचमा रहेको भेदभाव अरू कहि हेर्न जानु पर्दैन डरा र डरा व्यवस्थापन घर व्यवस्थापनलाई मात्रै हरे पुग्छ प्रदेश सरकार स्थानीय निकायलाई यसले कसरी व्यवस्थापन गर्ने भन्ने कुरा यहाँ जरुरी छ यो एक उदाहरण हो।

अर्को कुरा कुनै नागरिकले आम्दानी छरियर रहेको सम्पत्तीको आयकर तर्ने बारेपनि भद्रगोल व्यवस्था छ। ऐन प्रष्ट छैन बुझ्न गारो छ भन्ने मतदाताको गुनासो छ कर तिर्नु भन्दा कर तिर्न जादाँ टचर छ त्यसकारण कुनैतिरिसके पछि कुनै कर बार बारकार्यलय जान नपर्ने व्यवस्था होस यो विधेयकले यो पनि समाउनु पर्छ भन्ने मलाइ

लागेको छ त्यस्तै कुनै पनि वासिन्दा अस्थायी वा स्थायी वासिन्दाको लागी कम्प्युटराइज सिस्टम भयो भने राखियो भने नागरिकलाइ सानो कुराको लागी पनि कुनै झनझट नहुने। बार बार दर्ताको लागी चलानीको लागी कुनै पेपरहरु लिनलाइ गार्हो नहुने व्यवस्था होस भन्ने पनि यहि विधेयकले गरोस भन्ने मेरो आवेदन छ प्रदेश प्रदेश विचको झमेला मारमा नागरिकहरु पर्ने छैनन भन्ने सुझाव सभामुख ज्युको मार्फत म सरकारलाइ दिन चाहान्छु। होइन भने कानुन बनाउने व्यवहारमा लागू नहुन सक्छ र दण्ड सजायको व्यवस्थाले मात्रै सुरक्षा दिन सकिदैन भन्ने कुरा अनुरोध गर्दै विदा हुन्छु, जय नेपाल धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय आर्थिक तथा योजना मन्त्री कैलाश प्रसाद ढुङ्गेललाइ छलफलमा उठेका प्रश्नको जवाफ दिन अनुमती दिन्छु।

**<u>माननीय कैलाश प्रसाद ढुङ्गेल, मन्त्री, आर्थिक तथा योजना मन्त्रालयः</u>-** अन्तर्रप्रदेश वासिन्दाको समान सुरक्षा, व्यवहार, सुविधा सम्वन्धमा व्यवस्था गर्ने बनेको विधेयक माथिको छलफल अत्यन्तै राम्रो वातावरणमा माननीय ज्युले राखु भएको छ यो वास्तवमा यसरी सम्झदा खेरी यो मानवले मानवलाइ गर्ने व्यवहार संग यो सम्बन्धीत छ अहिले हाम्रो अहिलेको अवस्थामा बागमती प्रदेश भित्र आफ्नो देश भित्रका विभिन्न प्रदेशका नागरिकहरु काम विषेशले उपचारको विषेशले अध्यायनको विषेशले एक ठाँउ बाट अर्को ठाँउमा जाने व्यवस्था संविधानले पनि दिएको छ। हाम्रो त यो बागमती प्रदेश कस्तो छ भन्दा खेरी यो विदेशि नागरिक पनि छन् यहाँ।

आफ्नो मात्रै छैनन विदेशि समेत आएका छन त्यसो भएको हुनाले माननीय सदस्यज्युहरुले अत्यन्तै गहकिला सुझावहरु राखु भएको छ यो राम्रो छ। यो आवश्यकै थियो राम्रो तरिकामा आयो समयमा आयो भन्ने जुन आएको छ यसलाइ मैले शब्दमा धेरै मैले खोल्न चाहान्न किनभने मैले बोलेको भन्दा पनि माननीयज्युहरुले बोलेकोभारी छ समान व्यवहारको कुरा हामीले उठाउदै आएका छौं जुन वेला सम्म हामीले उठाउदैनौं तव सम्म पुरा भैसक्छ पुरा भैसक्छ हामीले उठाउन छोडेपछि र यो संविधानले यो सरकारले अहिलेको वर्तमान अवस्थाले समान व्यवहारै खोजेको छ यसमा असमान

व्यवाहार कसैले खोज्न सक्दै सक्दैन कसैले खोज्यो भने आइतबार खोजे सोमबार आउछ सोमबार नखोजे मगंलबार आउछ नआइ नछोड्ने कुरालाइ हामीले भनिरहनै पर्दैन यो भित्र करको व्यवस्थापनको पनि कुरा उठ्यो जे जे चिज माननीय ज्युले सुझाव दिनु भएको छ।

सुझावलाइ असल सुझावलाइ योग्या सुझावलाइ आवश्यक सुझावलाइ संवोधन गर्न कुरा भैहाल्छ त्यसो भएको हुनाले यहाँ भन्दा बढी बोल्नु पर्ने आवश्यकता रहेन माननीय ज्युले दिएको सुझावलाइ आवश्यकता अनुसारको व्यवस्था हुन्छ धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु अब यो छलफल यहिँ समाप्त हुन्छ।

माननीय सदस्यहरु अब म अन्तर्रप्रदेश वासिन्दाको समान सुरक्षा व्यवहार सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथी विचार गरियोस भन्ने प्रस्तावमा निर्णय प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ अन्तर्र प्रदेश वासिन्दाको समान सुरक्षा व्यवहार सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि विचार गरियोस भन्ने प्रशताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु अब अर्को सुचना जारि नभए सम्म यो बैठक स्थगित हुन्छ।

**(तदनन्तर बैठक अर्को सूचना भएपछि वस्नेगरी स्थगित भयो।)**

**अन्त्य - दिनको ४:०२ बजे।**

# प्रदेश सभा
# बागमती प्रदेश
# पाँचौ अधिवेशन
# कारवाहीको सम्पूर्ण विवरण

११ फागुन, २०७६

आईतबार

(बैठक संख्या - १५)

**प्रदेश सभाको पाँचौ अधिवेशको आजको बैठक माननीय सभामुख श्री सानुकुमार श्रेष्ठको अध्यक्षतामा दिनको १:०० बजे प्रारम्भ भयो।**

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, प्रदेश सभाको आजको बैठकको कारवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरु, आज विशेष समयको कार्यक्रम नरहने व्यहोरा जानकारी गराउँदछु।

माननीय सदस्यहरु माननीय प्रदेश प्रमुख कार्यलयबाट मन्त्रिपरिषद् पुर्नगठन सम्बनधित पत्र प्राप्त भएको छ। उक्त पत्रको व्यवहोरा पढेर सुनाउछु।

प्रस्तुत विषयमा मिति २०७६/११/५ गते सोमबार माननीय प्रदेश प्रमुख विष्णु प्रसाद प्रसाईज्यूले नेपलको संविधानको धारा १६८ को उपधारा (९) बोमोजिम माननीय

मुख्यमन्त्रीज्यूको सिफारिसमा देहाय बोमोजिम मन्त्रीपरिषद् पूर्नः गठन गरि कार्य विभाजन गनुभएको व्यवहोरा आदेश अनुसार अनुरोध गर्दछु।

| सि.नं. | नाम थर | कार्यविभाजन |
|---|---|---|
| १ | श्री डोरमणि पौडेल | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्याल |
| २ | श्री शालिकराम जमकट्टेल | आन्तरिक मामिला तथा कानुन मन्त्रालय |
| ३ | श्री अरुण प्रसाद नेपाल | उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय |
| ४ | श्री कैलाश प्रसाद ढुंगेल | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ५ | श्री दावा दोर्जे लामा | भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय |
| ६ | श्री युवराज दुलाल | सामाजिक विकास मन्त्रालय |
| ७ | श्री रामेश्वर फुयाल | भौतिक पूर्वाधार विकास मन्त्रालय मन्त्रालय |

मिति २०७६/११/७

दुर्गा ढकाल
सचिव

माननीय सदस्यहरु अब प्रश्न उत्तरको कार्यक्रम प्रारम्भ हुन्छ। सार्वप्रथम माननीय मुख्यमन्त्री श्री डोरमणि पौडेललाई माननीय रमेश पौड्याललले राख्नु भएकोले लिखित प्रश्नको उत्तर सभामा टेबुल गर्न अनुमति दिन्छु।

**माननीय डोरमणि पौडेल, मुख्यमन्त्री)ः-** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले प्रश्न कर्ता माननीय रमेश पौड्याल राख्नु भएको लिखित प्रश्नको उत्तर सम्मानित सभामा टेबुल गर्दछु। धन्यवाद।

**माननीय सभामुखः-** माननीय सदस्यहरु माननीय मुख्यमन्त्रीज्यले टेबुल गर्नुभएको उत्तर माननीय सदस्यहरु आ-आफ्नो पिजन होलबाट लिन सक्नुहुनेछ।

माननीय सदस्यहरु अब म माननीय भूमि व्यवस्था कृषि तथा सहकारीय मन्त्री दावा दोर्जे लामालाई रोष्टमा आमन्त्रण गर्दछु।

अब म प्रश्न नं. १.का प्रश्न कर्ता माननीय छिरीङ्ग दोर्जे लामालाई आफ्नो प्रश्न राख्न अनुमति दिन्छु।

**<u>माननीय छिरीङ्ग दोर्जे लामा (नेपाली कांग्रेस)</u>ः-** माननीय सभामुखज्यू, माननीय मन्त्रीज्युलाई मैले माननीय सभामुखज्यूको अनुमतिमा यो प्रश्न राख्न गईराखेको छु। सडकमा छाडा छोडेका गाई वाच्छा कारणले काठमाडौ उयत्यका लगाएत विभिन्न क्षेत्रमा देखिएका समस्या समाधान तथा राष्ट्रय जनवारको सुरक्षा यसको लागि परोर्कारी सांस्थाबाट चालिएका कदमहरुको निरन्ता र समस्याको दिर्घकालिन समाधानको लागि प्रदेश सरकारको योजना के छ ?

**<u>माननीय सभामुख</u>ः-** अब म माननीय भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री दावा दोर्जे लामालाई माननीय छिरीङ्ग दोर्जे लामाले राखु भएको प्रश्नको उत्तर दिन समय दिन्छु।

**<u>माननीय दावा दोर्जे लामा, मन्त्री भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय</u>ः-** माननीय सभामुखज्यू, सडकमा छाडिका गाई वाच्छाको कारणले काठमाडौ लगाएत विभिन्न सहरी क्षेत्रमा देखिएका समस्याहरुमा यस मन्त्रालयको ध्यान आकर्षण भएको छ। पशुहरुको पनि ५ वटा स्वतन्त्रता हुने गर्दछ।

यसरी छाडा छोडिएको पशुहरुको भोक प्यासबाट स्वतन्त्रता आशाज बासबाट स्वतन्त्रता रोक र दुखाईबाट स्वतन्त्रता, डरबाट स्वतन्त्रता र सामान्य व्यवहार व्यक्त गर्ने स्वतन्त्रता नष्ट भई पशुको अवस्था दैयनिय हुन जान्छ। यस विषयलाई प्रमुख समस्याको रुपमा पहिचान गरि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, हेंटौडा, बागमती प्रदेशले यस समस्या समाधानको लागि अल्पकालिन तथा दिर्घकालिन सोच बनाएको छ।

अल्पकालिन सोचमा यस मन्त्रालयले सडकमा छाडा छोडिएको गाई वाच्छाहरु व्यवस्थित बास दिनको लागि आर्थिक वर्ष २०७६/७७ को वार्षिक स्वीकृत कार्यक्रम स्थानीतहको ५० प्रतिशत लागत सहभागितामा कान्जि हाउस निर्माण टोखा र बुडानिलकठ नगरपालिकामा काठमाडौ जिल्लामा बजेट व्यवस्थापन भई कार्यान्वयनको अवस्थामा रहेको छ। आर्थिक वर्ष २०७५/७६ मा पशु कल्याण प्रवधन कार्यक्रम अन्तर्गत गत स्थानीय तहको सम्बन्धमा छाडा पशु व्यवस्थापन कार्यक्रममा वनकालि गौशला स्थिति मठ मन्दीर गाई वाच्छा तथा समाज विकास अभियान २०७१ लाई अनुदान प्रधान गरिएको थियो।

उक्त सांस्थाले पशुपति क्षेत्र वरपर रहेका छाडा पशुहरुको व्यवस्थापन कार्य गर्दै आईरहेको छ। आगमी आर्थिक वर्षहरुमा पनि आवश्यकता तथा औचित्य आधारमा काठमाडौ लगाएतका अन्य स्थानहरुमा जाहाँ छाडा छोडिएको गाई वाच्छाहरुको प्रमुख समस्या रहेको छ। ति स्थानहरुमा कन्जि हाउस निर्माण गर्ने कार्यक्रमलाई निरन्तन्ता दिने लक्ष्य राखिको छ।

यी कार्यक्रमहरुले पशुहरुको स्वतन्त्रता निश्चतता गरि समान्य बाच्न पाउँने अधिकारलाई रक्षा गर्ने छ। दिर्घकालिन सोचहरुमा प्रदेश दुग्ध विकास बोर्ड मार्फत हामी खरिद गरि आवास्यक स्थानहरुमा यो हामीले प्रदेश दुग्ध विकास बोर्ड मार्फत चाहिँ गाई बाच्छि लगाएतका खरिद गर्न योजना भएको कुरा जानकारी गराउँदछु र अवश्यक स्थानहरुमा यसको बिक्रि वितरण सहज गरि गाईको बाच्छाको जन्मदारमा कमि आई बाच्छिको मात्र उत्पादन हुने कुरामा प्रदेश सरकारको विस्वास रहेको साथै अन्य छाडा छोडिएको गाई बाच्छाहरुको व्यवस्थापन गर्ने परोपकारी सांस्थाहरुको पहिचान गरि प्रदेश सरकारबाट सूढीकरणले कार्यक्रमहरु प्रस्ताव गरिने छ। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** प्रश्न कर्ता माननीय सदस्यको यसमा कुनै पूरर्क प्रश्न भएमा राख्न अनमुति दिन्छु।

**<u>माननीय छिरीङ्ग दोर्जे लामा (नेपाली कांग्रेस)</u>ः-** माननीय मन्त्रीज्यूलाई धन्यवाद। यो प्रश्नको उत्तर दिनु भएकोमा मेरो पुरर्क प्रश्नमा मेरोछोटो एउटा प्रश्न छ यस विषयमा। यो स्थानीय सरकार सँग चाहिँ समवन्य गरेर यो हाम्रो प्रदेश सरकारले विशेष गरेर बाच्छी भन्दा पनि बाच्छालाई अलि बढी चाहिँ छाडा छोडिएको र जस्तै पाले र राखेको छ।

गाईबाट बाच्छी पाएको खण्डामा आफै राख्ने बच्छा पाएको खण्डामा चाहिँ छोडने यो स्थितिलाई पनि छाडा छोडेको स्थितिलाई पनि, कसरी हाम्रो सरकारले चाहिँ कन्ट्रोल मेकानिजम बनाउँछ अथवा बनाएको छ भन्ने म जानकारी गरि दिनु हुन अनुरोध गर्दछु।

**<u>माननीय दावा दोर्जे लामा, मन्त्री, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय</u>ः-** माननीयज्यू, हामीले प्रदेश दुग्ध विकास बोर्ड मार्फत सेक्सड सिमेन खरिद गरि आवश्यक स्थानहरुमा यसको बिक्रि वितरण सहज गराईने भनेको छ नि यो चाहिँ सेक्सड सिमेन मार्फत चाहिँ बाच्छो भन्दा नि बाच्छी धैरे उत्पादन गर्ने योजना हो। यो दुग्ध विकास बोर्डको अहिले गठन भईसकेको छ।

त्यसको चाहिँ उपध्याक्ष नियुक्ति भएको छैन। त्यो नियुक्ति भईसके पछि यो प्रक्रियमा हामी अगाडी जाने कुरा यहाँहरुलाई जानकारी गराउँन चाहन्छु। धन्यवाद।

**<u>माननीय सभामुख</u>ः-** माननीय मन्त्रीज्यू आसन ग्रहण गर्न सक्नु हुने छ।

माननीय सदस्यहरु माननीय मुख्यमन्त्री श्री डोरमणि पौडेललाई अन्तर प्रदेश बासीन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि दफावार छलफलको लागि प्रदेश मामिला समितिमा पढाईयोस भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

**<u>माननीय डोरमणि पौडेल, मुख्यमन्त्री</u>ः-** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले अन्तर प्रदेश बासिन्दाको समान, सुरक्षा, व्यवहार र सुविधा सम्बन्धमा व्यवस्था

गर्न बनेको विधेयक माथि दफावार छलफलको लागि प्रदेश मामिला समितिमा पढाईयोस भन्ने प्रस्ताव सम्मानित सभामा पेश गर्दछु। धन्यवाद।

**मानननीय सभामुख**ः- माननीय सदस्यहरु अब म माननीय मुख्य मन्त्री श्री डोरमणि पौडेलले प्रस्तुत गर्नु भएको अन्तर प्रदेश बासीन्दाको समान, सुरक्षा, व्यवहार र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि दफावार छलफलको लागि प्रदेश मामिला समितिमा पढाईयोस भन्ने प्रस्तावलाई निर्णयर्थ प्रस्तुत गदर्छु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस् ।

हुन्न भन्ने आवज सुनिएन तसर्थ अन्तर प्रदेश बासीन्दाको समान, सुरक्षा, व्यवहार र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि दफावार छलफलको लागि प्रदेश मामिला समितिमा पढाईयोस भन्ने प्रस्ताव सार्वसमितिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु अब म माननीय मुख्यमन्त्री श्री डोरमणि पौडेललाई प्रदेश लोक सेवा आयोग ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक माथि दफावार छलफलको लागि प्रदेश मामिला समितिमा पढाईयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

**माननीय डोरमणि पौडेल, मुख्यमन्त्री**ः- माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक माथि दफावार छलफलको लागि प्रदेश मामिला समितिमा पढाईयोस् भन्ने प्रस्ताव सम्मानीत सभामा पेश गर्दछु। धन्यवाद।

**माननीय सभामुख**ः- माननीय सदस्यहरु अब म माननीय मुख्यमन्त्री डोरमणि पौडेलले प्रस्तुत गर्नुभएको प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न

बनेको विधेयक माथि दफावार छलफलको लागि प्रदेश मामिला समितिमा पढाईयोस् भन्ने प्रस्ताव निर्यणर्था प्रस्तुत गदर्छु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस् ।

हुन्न भन्ने आवज सुनिएन तसर्थ प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक माथि दफावार छलफलको लागि प्रदेश मामिला समितिमा पढाईयोस भन्ने प्रस्ताव सार्वसमितिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु प्रदेश युवा परिषद्को सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई अनुमति मागने प्रस्ताव माथि कुनै पनि माननीय सदस्यको विरोधको सूचना प्राप्त नभएकोले प्रदेश सभा नियमावलि २०७४ को नियम १०६ को उपनियम (२) बोमोजिम प्रदेश युवा परिषद्को सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रस्तुत गर्न अनुमति प्राप्त भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु अब म माननीय सामाजिक विकास मन्त्रीको तर्फबाट माननीय भौतिक पूर्वधारा विकास मन्त्री रामेश्वर फुयाललाई प्रदेश युवा परिषद्को सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सभामा पेश गर्न अनुमति दिन्छु।

**माननीय रामेश्वर फुयाल, मन्त्री, भौतिक पूर्वधारा विकास मन्त्रालयः-** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले युवाको हक हितको संरक्षण संवद्धन र सशक्तिकारण गरि शिक्षा, सिप, उद्यमशीलता र रोजगारीमा युवाको प्रतिनीधित्व भूमिका र योगदान प्रवर्द्धन गर्दै सहमुन्नत प्रदेश तथा मूलुकको निर्माणको लागि युवा सम्बन्धि नीति निर्माण देखि कार्यान्वयन तह सम्म उनीहरुको सार्थक सहभागिता अभिवृद्ध गरि प्रदेश तथा राष्ट्र विकासको मुल प्रवाहमा युवालाई समावेश गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न तथा नेपालको संविधानको धारा ५१ मा राज्यका नीतिहरु अन्तर्गत खण्ड (ङ) को बुँदा नं.

(७) मा राष्ट्रय विकासमा युवा सहभागिता अभिवृद्ध गर्ने व्यवस्था रहेको तथा प्रदेश सरकार बागमती प्रदेशको अ.व २०७६/७७ को नीति तथा कार्यक्रमको बुँदा नं. १८० मा युवा नेतृत्व विकास तथा उद्यमशीलताका लागि प्रदेश युवा परिषद् गठन गरि कार्यान्वयन ल्याउने उल्लेख भएकोले उक्त व्यवस्थालाई कार्यान्वयनमा गर्न प्रदेश युवा परिषद्को सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्मानित सभमा पेश गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु अब अर्को बैठक आजै ३:३० बजे बस्ने गरि यो बैठक स्थागीत हुन्छ।

**(तदनन्तर बैठक २०७६ साल फागुन ११ गते आजै दिनको ३:३० बजेसम्मका लागि स्थगित भयो।)**

**अन्त्य - दिनको १:४७ बजे।**

# प्रदेश सभा
# बागमती प्रदेश
# पाँचौ अधिवेशन
# कारवाहीको सम्पूर्ण विवरण

११ फागुन, २०७६

आईतबार

(बैठक संख्या - १६)

**प्रदेश सभाको पाँचौ अधिवेशको आजको दोश्रो बैठक माननीय सभामुख श्री सानुकुमार श्रेष्ठको अध्यक्षतामा दिनको ३:३० बजे प्रारम्भ भयो।**

<u>**माननीय सभामुखः**</u>- माननीय सदस्यहरु, प्रदेश सभाको आजको दोस्रो बैठकको कारवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरु आजको यस बैठकमा शून्य समयको कार्यक्रम नरहने व्यहोरा जानकारी गराउँदछु।

माननीय सदस्यहरु अब विशेष समयको कार्यक्रम प्रारम्भ हुन्छ। विशेष समयमा बोल्न चाहन्नु हुने माननीय सदस्यको नाम प्राप्त भएको छ। म उहाँहरु बोल्न समय दिन्छु।

सर्वप्रथम माननीय गणेश दुलाल समय ४ मिनेट।

**माननीय गणेश दुलाल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))**:- माननीय सभामुख महोदय,काठमाडौ उपत्यकामा यति जनघत्व बढेको छ। अहिले नेपालको जनसंख्याको ४७ प्रतिशत भन्दा बढी काठमाडौ उपत्यकामा बसोबास गर्छ भन्ने तथ्याङ्क छ। हामीले कुनै जनसंख्यालाई व्यवस्थापन गर्न विभिन्न ठाउँमाहरुमा शौचालय बन्न, आराम स्थालहरु बनाउ र कुनै सार्वजनिक स्थालहरु निर्माण गरौ भन्दा खेरि सरकारी जग्गाहरु व्यापक रुपमा अतिक्रमण भएको कुराहरु हामी सबैले बुझेका छौ।

त्यही क्रममा नेपाल सरकारले एउटा सार्वजनिक जग्गा खोज तलास गर्ने एउटा आयोग निर्माण गर्यो। र हामीले काठमाडौ उपत्यका विभिन्न ठाउँमा रहेका ति सार्वजनिक जग्गाहरु खोज्दै गयौं। त्यहि क्रममा यस्ता यस्ता घटनाहरु यस्ता यस्ता तथ्याङ्गहरु हामीले फेला पर्यौं। काठमाडौ उपत्यका भित्र काठमाडौको मुटुमा रहेको नयाँ बानेश्वरमा १ सय रोपनी भन्दा बढी जग्गाहरु सार्वजनिक जग्गाहरु व्यक्तिले अतिक्रमण गरेको पाईयो। त्यही क्रममा विगत फागुन ४ गते भूमि सुधार मन्त्री सहित हामीहरु गयौ र विभिन्न ठाउँमा सार्वजनिक जग्गाहरु प्रमाणित भएर आएका छन।

त्यहाँ सार्वजनिक बोर्डहरु टास्ने काम भयो सभामुख महोदय त्यति मात्र कथा पुगेन कथामा थुरै पात्रहरु लिएर आए। विगतमा सरकारी तहका माथिलो निकायमा बसने व्यक्तिहरु र न्यायलयको उच्च ओदामा बस्ने व्यक्तिहरुले सार्वजनिक जग्गाहरुलाई व्यक्तिको नाममा पारेका थुप्रै तथ्याङ्कहरु हामीले प्राप्त गरौ। ति नै तथ्य तथा तथ्याङ्गहरुको आधारमा हिजो फागुन १० गते करीब ६ रोपनी २ आना जग्गामा विगत लामो समय देखि व्यक्तिले अतिक्रमण गरेर २ तले घर बनाउँने र विभिन्न टहरा बनाएर भाडामा लगाएको पाईयो। त्यसलाई हामीले सार्वजनिक घोषणा गर्यौं। सार्वजनिक स्थल बनायौ र ति संरचनाहरु भत्कायौ सभामुख महोदय र त्यहि क्रममा जाँदै गर्दा केही सार्वजनिक ठाउँहरुमा मन्त्री सहित हामी बोर्ड टास्न जाँदा मन्त्रीले आदेश दिनु भयो। कर्मचारीले एक ठाउँमा बोर्ड टास्दै भनेर फलानो ठाउँमा बोर्ड टास्ने रिपोर्टिङ गर्नु भयो।

तर बोर्ड अर्कै ठाउंको बनाएर लगियो सभामुख महोदय त्यो कुरा हामीले फिलडमा गएपछि थाहाँ पार्यौं। जनताबाट त्यस्ता प्रक्रिया आए र हामीले फिल्डमा

गएपछि त्यो थाहाँ पाएपछि स्पोर्टमै गएर ति कुराहरु सच्चाएर अब १७ गते ति ठाउँहरुमा जाहाँ गाडनु पर्ने हो त्यहाँ गाडनु पर्ने योजना बनाएर सभामुख महोदय यसरी सार्वजनिक जग्गाहरु व्यक्तिले अतिक्रमण गरेका कुरा खोजेर सार्वजनिक गर्नु पर्छ भन्ने कुरा म यो विषय समयमा यो सदनमा राख्न चाहन्छु। सभामुख महोदय व्यक्तिले अतिक्रमण गर्ने सरकारी जग्गाहरुलाई अब सरकारले सबै लिएर सार्वजनिक स्थालहरु निर्माण गर्नु पर्छ। त्यही कुराहरु राख्दै बिदा हुन्छु। धन्यवाद। नमस्कार

**<u>माननीय सभामुखः</u>-** माननीय राधा घले। समय ४मिनेट।

**<u>माननीय राधा घले (नेपाली कांग्रेस)</u>ः-** माननीय सभामुख महोदय, विगत २ वर्ष अगाडी प्रधानमन्त्रीज्यूले बडो गर्वका साथ भन्नु भएको थियो। म यो देशलाई भ्रष्टचार शून्य बनाउँछु। तर यसै बिचामा यति धेरै भ्रष्टचारहरु यति काण्डै काण्डहरु आई पुगे भ्रष्टचार, बलत्कार सबै काण्डै काण्डहरु यी काण्डमा वाईडवडी काण्ड, ३३ किलोको सुन काण्ड, निमलाको हत्या काण्ड यस्तै काण्ड काण्डको बिचमा बालुवाटार काण्ड अनि नेपालको ट्रस काण्ड यी काण्डै काण्ड हुँदा खेरि यति धेरै ठूलो काण्डहरुको बिचमा सारा भ्रष्टचारहरु शून्य भए सभामुख महोदय यस्तै गरेर भखरै फेरि अर्को काण्ड सेकुयूरिटी पिन्टिङ्ग काण्डमामन्त्रीज्यू आफै कमिसनमा संग्लन भएको प्रस्ट अडियो रेकर्ड बाहिर आईसकेपछि मन्त्रीज्यूले बाध्य भएर राजीनामा दिनु पयो र फेरि प्रधानमन्त्रीज्यूले बडो गर्वका साथ भन्नु भयो म भष्टचारी कसैलाई पनि छोड्दीन तर हामी प्रश्न गर्न चाहन्छु ? यो गरिमामय सदन मार्फत सभामुख मार्फत के प्रधानमन्त्रीज्यूले के साच्चिनै भ्रष्टचारीहरुलाई छोड्नु हुनु त ? त्यसो भए देखि बालुवाटार जग्गा प्रकरणमा जसले आनाको ५० हजार रोपनीमा जग्गा किन्नु भएको छ।

पत्याउँनु हुन्छ ५० हजार रोपनीमा जग्गा पाईन्छ बालुवाटारमा र ठूला नेतालाई त्यो नलाग्ने आज कुनै पनि सजाय नपाउँने जग्गा फिर्ता गरे वापत उहाँले उन्मूक्ती ति पाउने। नेता र मन्त्रीहरुल उन्मूक्ती पाउने अरु जनसाधारण नागरिकले चाहि सजाय वेहोर्नु पर्ने त्यस्तो पनि काही न्याय हुन्छ। म यो प्रश्न यो सभा मार्फत गर्न चाहन्छु।

सभामुख महोदय मन्त्रीले राजीनामा दिनु भयो अनि सक्यो। अब फेरि यसको छानबिन हुन्छ कि हुँदैन। यदि मन्त्रीले राजीनामा दिएर। भ्रष्टचार गरिसकेपछि। मन्त्रीले राजीनामा दिएर हुने भए। नेताहरुले किनेको जग्गा फिर्ता गरेर हुने भए। अनि यस्तो संवैधानीक अंग छ। संवैधानीक अंगहरु चाहिँ सरकारको छाया पर्ने भएको भए अब नागरिकले के अपेक्षा गर्ने यो सरकारबाट सभामुख महोदय अर्को एउटा अहिले आएको प्रश्नहरु यी नै प्रश्नहरुको बिचमा अर्को प्रश्न छ। यदि यो सरकारले छानबिन गरेर मन्त्रीनज्यूहरुको बालुवाटारको जग्गा लगाएत यो चाहिँ छानबिन हुन्छ कि हुँदैन। प्रिन्टङ्ग प्रेसको यो छानबिन होस।

यो हाम्रो माग हो। त्यस्तै प्रदेशको कुरा छ। आज ९ महिना हुँदा १२ प्रतिशत बजेट खर्च गर्न सकेको छैन। अनि सरकारलाई केले रोक्यो ? यो बजेट खर्च गर्न विकास गर्न जनता आशा गरिरहेका छन। विकासको लागि तर यहाँ केही पनि हुन सकिरहेको छैन। गफ मात्र गरिरहेको छ प्रदेश सरकार त्यसकारण म फेरि यहि प्रश्न गर्न चाहन्छु। केले रोक्यो। हामी नागरिकहरु हामी आउँने बाटो धेरै टाढाको कुरा नगरै आज चाहिँ यो राजधानी प्रदेशको राजधानी हेटौडा आउँने बाटो कुरा गर्दै गर्दा खेरि आज दैनिकि हजारौ नागरिकहरु आवज जावत गर्छन। ज्यान एकदमै जोखिममा राखेर यो बाटो यति दुरावस्थामा छ। हामी आफै आउँदै गर्दा मन्त्रीज्यूहरु यहि बाटोबाट झण्डा हलाएर आउँदै गर्नुहुन्छ। फेरि पनि किन देख्नु हुन यो बाटो कहिले बन्छ ? माननीय सभामुख महोदय म यहि कुराहरु राख्दै बिदा हुन्छु। धन्यवाद। जय नेपाल।

**<u>माननीय सभामुखः</u>-** माननीय रमेश पौडयाल। समय ४ मिनेट।

**<u>माननीय रमेश पौडयाल (विवेकशील साझा पार्टी)</u>:-** माननीय सभामुख महोदय, सेकुरुटी प्रेस काण्डमा चाहिँ ७० करोड भ्रष्टचारको सेटिङ गरेको विषयमा आजै मात्र भ्रष्टचार विरोधि अभियता विजयबाबु सिवाकोटी र प्रितम सुवेढीले अख्तियार दुरुपयो अनुसन्धान आयोगमा पूर्वमन्त्री गोकुल बासकोटा लगाएत माथि छानबिन गरि भ्रष्टचारको

मुद्धा लगाईयोस भनेर उजुरुरी गरेको म सम्मानी सभामा जानकारी गराउँन चाहन्छु। यहाँ मन्त्रीज्यूले नैतिकताको आधारमा राजीनामा गर्नु भो भनेको छ।

आफू राष्ट्र सेवक कर्मचारीहरु माथि तथा नाम अशिलिल शब्दहरुको वर्षा गर्ने आफु २७ अर्बको लागत ईटमेटमा २८ अर्ब बनाई देउ भनेर भन्ने अनि राजीनामा बाध्याता बस समाजीक सञ्जालमा आम जन समुदायमा प्रेसर आईसकेपछि राजीनामा गर्ने?के त्यो नैतिकताको राजीनामा हो ? यदि यो नैतिकताको राजीनामा हो भने अनैतिकताको राजीनामा कस्तो हुन्छ सभामुख महोदय म यो प्रश्न गर्न चाहन्छु। यो कुनै पनि व्यक्ति कुनै पनि अपराधमा कर्ममा संलग्न छ भन्ने त्यो नैतिकताको राजीनामा हुन सक्दैन।त्यो अपराधको आधारमा गरिएको राजीनामा हुन्छ सभामुख महोदय यो राजीनामा सँग सँगै यहाँ गोकुल बासकोटा व्यक्तिको कुरा छैन।

यो राजीनामा सँग सँगै प्रश्न के पनि उठेको छ भने यो देशका प्रधानमन्त्रीले तयो भिडियोको अडियोको चाहिँ आवज डेढ महिना अघि सुन्नु भएको थियो। तर त्यो कुरा उहाँले तुरुन्तै अख्तियारलाई रिपोर्टिङ गर्नु पर्ने थियो। मन्त्रीलाई चाहिँ बर्खाएत गर्नु पर्ने थियो। छानबिन अगाडी बढाउनु पर्ने थियो। उहाँले चाहिँ यो यसरी आम मिडियाबाट बाहिर नआउन बेला सम्म त्यो कुराहरु लुकाएर राखु भयो। किन राखु भयो अब नैतिकताको सियो उहाँ तिर सोजिन्छ सभामुख महोदय अब उहाँले जवाफ दिनु पर्छ कि पर्दैन ? यसमा चाहिँ सिंगो देशले प्रतिक्षा गरिराखेको विषय छ।

तर बिडम्बना यो अडियो सुनि सकेपछि उहाँले चाहिँ पूर्व मन्त्रीलाई अझै पुरस्कृत गर्नु भयो भईरहेको एउटा विभाद माथि उहाँको पोर्ट फोलियो। यहाँले के गर्नु भयो त भन्दा खेरि सहरी विकास मन्त्रालय पनि थपि दिनु भयो र काभ्रेको धुलिखेलमा गएर के भन्नु भो भन्ने मान्छे भन्नेको प्रतिभा भनेको काभ्रेले जन्माउँछ गोकुल बासकोटा जस्तो हुनु पर्छ। तुलोको एक पट्टि गोकुल बासकोटा राखौ र अर्को पटि बाँकि सबै राखे पनि त्यही गह्रौ हुन्छ भन्नु भो हामीले त्यति खेर कुरा बुझेनौ सभामुख महोदय उहाँले भन्नु भएको ७० करोड ओजनको कुरा गर्नु भएको रहेछ। हामीले अहिले बल्ल बुझौंम त्यसले गर्दा खेरि यो देशको सर्वौच्च कार्यकारी प्रधानमन्त्री पनि यो केसमा तानिएर आउँनु भएको

छ।अब यसमा यसको सुनिचितथन कसरी हुन्छ। निपक्ष छानबिन कसरी हुन्छ। भोलि अख्तियार पर्यो भने देखि आज ति पूर्व मन्त्री आज पनि प्रधान मन्त्रीको प्रोपटि निजी सम्पति माथि बालकोटमा बसि राखेकाछन्।

त्यहाँ गएर अख्तियारले छापा हान्न पर्यो भन्ने अहिलेको अख्तियारले त्यो गर्न समक्ष छ? म प्रश्न गर्न चाहन्छु। सभामुख महोदय नभए देखि म भ्रष्टचारीको मुखनै हेर्दिन भन्ने कुरा बोलेर मात्र सीमित हुन्छ। त्यसमा हामी स्पष्ट हुनु जरुरी छ। यो सँग सँगै अर्को विषय के पनि उठाउँन चाहन्छु भन्ने सभामुख महोदय अब यो खास गरि शैक्षिक क्षेत्रको हामी अन्त्य तिर आईरहेका छौ।

एस.ई.ई परिक्षा र कक्षा ८ को परिक्षामा चाहिँ यसलाई लिएर एउटा बजारमा अस्वस्थ किसिमको प्रतिस्पर्धा हुनु गरेको छ।यसमा चाहिँ विद्यार्थीहरुलाई बढी अंक प्राप्त गर्ने विद्यार्थीहरुको फोटो बनाएर ब्यानर बनाएर ठाउँठाउँमा टास्ने निजी स्कूलहरु यसलाई अत्यना व्यवसायीकरण गरि राखेको स्थिति छ। यो स्थितिको अन्त्य हुनु पर्छ र खाली यसरी चाहिँ शिक्षामा भएको व्यापारी अस्वस्थ किसिमको प्रतिस्पर्धा र यो अस्वस्थ किसिमको व्यापारी कारण पनि अन्त्य हुनु पर्छ म यहाँ माग राख्न चाहन्छु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय दिपेन्द्र श्रेष्ठ। समय ४ मिनेट।

**<u>माननीय दिपेन्द्र श्रेष्ठ (नेपाली कांग्रेस)</u>:-** सभामुख महोदय, आज प्रदेश सरकार र संघीय सरकारले हर्सोल्लासग साथ २ वर्ष कार्यकाललाई चाहिँ उपलब्धि मुलक मानेर मनाई राख्दै गर्दा जनताका न्यूनतम आधारभूत कुराहरु पुर्त्ति हुने अभिलासा जनताले राख्दै गर्दा र मुलुकको संवृद्धि र समुन्नतिमा आधारित भएर विश्वको सबै भन्दा शक्ति शालि सरकारले एउटा मुलुकको उत्पति राजनीतिक समस्याको सामधान गर्ला भन्ने जुन एउटा उकृट अभिलासा लिएका थिए, जनताहरुले त्यो आज तुसरापाता भएक छ। यो बिचमा सयौ घटनाहरु घटि सकेका छन।

म छोटो समयमा अभिव्यक्त गर्न सक्दिन। विशेष त मलाई अहिले भर्खरै चाहिँ स्मरण गराउँन चाहन्छु। आज सार्वजनिक भएको सर्वाधिक चर्चित अडियो टेप प्रकरण

जुन, सेक्यूरीटी प्रेस खरीद प्रकरणमा आज सञ्चार मन्त्रीज्यू जुन ७० करोडको डिलिङ गरेको सार्वजनिक भयो। त्यसले नेपाली जनताहरु मर्माहत भएका छन। मात्र होईन। सरकार अब संस्थागत भ्रष्टचार गर्न चाहिँ तत्पर छ अग्रसर छ।

यो नीतिगत भ्रष्टचार गर्नका लागि गरिएको प्रपज पनि हो भन्ने कुरा प्रर्दाफास भएको छ। सरकारको प्रवक्ता सञ्चार मन्त्री सरकारको प्रवक्ता हुनु पर्ने हुन्छ र सरकारको प्रवक्ता भनेको अलटिमेटलि सरकारकै एउटा नीतिलाई अनुसरण गर्ने त्यसलाई चाहिँ पर्दाफास गर्ने माध्यम हो। त्यसकारणले पनि यो घटनालाई नेपाली जनताले सहज रुपले बुझेका छैन्। यो गम्भिर घटना हो। यसमा चाहिँ प्रधानमन्त्री समेत-मिलेमतो देखिन्छ। त्यसकारण पनि यो खोजबिनलाई चाहिँ अब पादर्शित गराउँनको लागि नैतिकता देखाउने हो भने प्रधानमन्त्रीजीले पनि राजीनामा दिएर आफूलाई चाहिँ चोखो बनाउँन पर्ने र एउटा कानूनको कठघरामा ल्याउनु पर्ने र आवश्यकता मैले महसुस गरेको छु।

आम नेपाली जनताले त्यसलाई आत्म साथ गर्नु पर्छ भनेर भनि पनि राखेका छन्। अहिले बालुवाटारको प्रकरणको जग्गामाको कुरामा पनि म केहि कुरा बोल्न चाहन्छु। जुन बालुवाटारको ललिता निवास बिक्री प्रकरणमा चाहिँ अख्तियार मार्फत विशेष अदालतले १७५ जनालाई कारबाहीको प्रक्रियामा ल्याईयो र ल्याउँदै गर्दा खेरि सरकार कती पूर्वग्रही ढंगले अगाडी बढ्यो। भौतिक मन्त्रालयले बाटोको लागि सहजीकरणको लागि खुलाउछ। भूमि सुधार मन्त्रालयले किता काँट गर्नको लागि चाहिँ बाटो खुलाउछ।तर त्यो निर्माण गर्ने प्रधानमन्त्री पूर्व प्रधानमन्त्री माधव नेपाल र बाबु राम भट्टाराईलाई चाहिँ अछुतो राख्न प्रयास गरिन्छ। त्यति मात्र होईन।

त्यहाँ चाहिँ विष्णु पौडेल नेपाल कम्युनिष्ट पार्टीको महासचिव जसले चाहिँ ५० हजार आनामा जग्गा लिएर ३९ लाख बैकमा राखेको प्रमाण रहन्द फेरि पनि उहाँहरु जस्तो मान्छेलाई जग्गा फिर्ता गरियो भनेर पूर्वाग्रही ढंगले बचाउँने प्रयास गरिन्छ भने यो जस्तो दुःखद कुरो के हुन्छ। यो सरकारले अख्तियारलाई राज्यको अंग होईन कि आफ्नो सरकारको अंग बनाउँन गएको पनि एउटा दृष्टन्ता नेपाली जनताले महसुस गर्न थालि सकेका छन। यो गम्भिर कुरा हो र म फेरि पनि अन्त्यमा भन्न चाहन्छु।

आज हाम्रो चाहिँ नि मन्त्री पदमा अर्यालज्यूले चाहिँ सरकारी जग्गालाई चाहिँ सार्वजनिक जग्गामा खामो गाडदै हिड्नु भयो।

म उहाँलाई चाहिँ भन्न चाहन्छु। उहाँले १० नं. वडामा सरकारी भवन रहेको वडा कार्यलयमा पनि नेपाल सरकारको जग्गा हो भनेर ५ रोपनी १२ आना भएको जग्गालाई चाहिँ ४ रोपनी जग्गालाई कायम गरिएको छ र त्यहाँ फेरि नेपाल सरकारको हो भनेर खामो गाड्दा खेरि फेरि उहाँहलाई भनु मन लाग्ज लाग्ने पर्नेले मन्त्रीज्यू तपाईले काम पाउँनु भएको छैन ? त्यस्तै आनमनगरको एउटा जग्गा जहाँ सार्वजनिक जग्गा थियो। त्यहाँ ९ किता भनेर चाहिँ उहाँले खामो गाड्नु भयो। नेपाल सरकारको जग्गा हो भने र अर्को चाहिँ तपाईको जुन १० नं. किता जुन सरकारी जग्गा हड्पि रहेको ठाउँमा त्यहाँ चाहिँ खामो गाडन सक्नु भएन र यो सबै घटनाले के देखिन्छ भन्ने ललिता निवास प्रकरण जग्गालाई चाहिँ गुपचुप गराउँनको लागि अब हामी के गर्दै छौ भनेर माईन्ड डाईबर्ट गर्नको लागि यो सरकार चाहिँ त्यता तिर गएको हो कि के हो भन्ने पनि लाग्छ र फेरि पनि मन्त्रीज्यूलाई आग्रह गर्दछु।

अब तपाईहरुले टुडिखेलमा गएर खामो गाडनु नेपाल सरकारको हो भनेर खुल्ला मन्चमा गएर गर्नु होस सिंहदबारमा गएर खामो गाडनु भन्दै यस्ता बकमफुसे काम र झुटो प्रचारका काम नगर्न आग्रह गर्दै आफ्नो संक्षिप्त धाराण राख्दै म बिदा हुन्छु। धन्यवाद। नमस्कार।

<u>माननीय सभामुखः</u>- माननीय रीना गुरुङ्ग। समय ४ मिनेट।

<u>माननीय रीना गुरुङ्ग (राष्ट्रिय प्रजातन्त्र पार्टी - संयुक्त)</u>:- माननीय सभामुख महोदय, सर्वप्रथम प्रदेशको रिक्त मन्त्रालय पूर्वधारा विकास मन्त्रालय पूर्ति भएको छ। मन्त्री बन्नु भएका माननीय मन्त्री रमेश्वर फुयाललाई हार्दिक बधाई एवम् सफल कार्य कालको शुभकामना पनि दिन चाहन्छु। तर सफल कार्यकलको शुभकामना दिई राख्दा खेरि मन्त्रालय पद पूर्ति भएको छ। मन्त्रीपरिषद्ले पूर्णता पनि पाएको छ।

खुशीको कुरा हो। तर कता कता पूनः कुनै पनि महिला मन्त्री परिषद्मा नआएकोले फेरि पूनः यो हाम्रा प्रदेश नं. ३ महिला मैत्री किन नहुन सकेको भन्नेमा ठूलो प्रश्न चिन्ह फेरि पनि आएको छ। चाहे त्यो समानुपातिक प्रत्यक्ष बिचको एउटा खाल्डो छ। त्यसले पूर्ति गर्नेको कुरा किन नहोस। मन्त्रीपरिषद्को कुरा छ। पदाधीकारीको कुरा छ। त्यसमा चाहिं अहिले कुनै पनि मन्त्री पनि महिला नबनाउँने पदाधाकारी महिला नबनाउँने समानुपातिकमा चाहिँ धेरै महिलाहरुको संख्या छ। उता चाहिँ विभेद पूर्ण धेरै नीतिगत निर्माण लिने यस्तो कुराहरु अहिले सम्म जुन प्रदेश सरकारको क्रियाकलाप छ।

त्यसमा भोलिको दिनमा यो क्रियाकलाप सुध्रियोस। यो क्रियाकलाप यता रोष्टमा उभिएर महिला माननीयहरुले आफ्नो लागि लडनु पर्ने अवस्था चाहिँ नआओस किन कि हामीहरुले आफ्नो लागि होईन। बाहिरी महिलाहरुको लागि आवज उठाउँने तर यता उल्टो कुरा भई रहेको छ। हामीहरुले आफ्नो लागि परेको छ। त्यहि भएर यो कुराको सुनावाईयोस भन्ने मैले सभामुख मार्फत प्रदेश सरकारले आग्रह गर्न चाहे र हिजो कान्तिपुर पत्रीकामा आज मैले एक समाचार देखे प्रदेश लोकसेवा आयोगले १०० यौ को संख्यामा कर्मचारी भर्ना गरिदै छ। आज मात्र अध्योदिशद्धारा लोकसेवा आयोगको अध्यक्षको चाहिँ नियुक्ति लगाएत, पारिश्रमिक लगाएत यी कुरामा विधेयक पारित गर्नै लागेका छौ।

विधेयक पारित गरि राख्दा खेरि यो समाचार आउँदा खेरि मैले यताबाट सरकारसँग के आग्रह गर्न चाहे भने कुन प्रकियाबाट भर्ना हुन्छ। कुनै पक्का पनि लोकसेवा आयोग केही नकेही प्रकिया लेला तर भोलिको दिनमा चाहिँ जति पनि कर्मचारीको भर्ना प्रकिया छ। त्यसमा सरकारको कुनै पनि हस्तक्षेप नहोस। प्रकियामा पूर्ण रुपमा स्वायत्त एउटा लोकसेवा आयोगलाई स्वायत्त छोडियोस भोलि दिनमा कुनै पनि मन्त्रीको नजिको कर्मचारीहरुले भर्ना गर्ने नहोस भन्ने कुरा जुन कुरा उहाँहरुले नीतिगत निर्णय लिएको हुन्छ। जुन प्रक्रिया अपनाईएको हुन्छ।

त्यो पनि एकदम पादर्शि होस भन मैले आवहन चाहे र अर्को कुरा अहिले यो प्रदेश सरकारले बजेट अहिले लास्ट क्वाटरमा आउँदा खेरि पनि बजेट खर्च सकेको

छैन। कसले रोकेको छ। यो बजेट खर्च गर्न यहि प्रदेश सरकारको निर्णयबाट हाम्रो बजेटबाट चाहिँ ३/३ करोड प्रदेशका प्रत्यक्ष निर्वाचित माननीयहरुको लागि पनि छुटाएको थियो। उहाँहरुले चाहिँ काम गर्न सक्नु भएन कि प्रदेश सरकारले चाहिँ काम गर्न सक्नु भएन कि यसको जवाफ चाहिँ प्रदेश सरकारबाट यता आउँनु पर्दछ र यो प्रदेश निर्वाचित माननीयहरुको लागि छुटाएको ३ करोड लगाएताका जति पनि योजनाहरु छन। त्यसको माथि अनुगमन समिति पनि बनियोस।

काम पुरा हुनु भन्दा पहिला अनुगमन समिति बनियोस। अहिले देश भरि गोकुल बास्कोटा भर्खरै कुरा पनि आयो। त्यस्ता गोकुल बास्कोटा प्रकरणहरु चाहिँ हाम्रा प्रदेशमा नदोरिनको लागि प्रदेश खरिदको प्रकिया छ। जति पनि विभिन्न समाग्रीकहरु खरिद प्रकिया गर्दा त्यसको चाहिँ एउटा निस्पर्क्ष रुपमा चाहिँ एउटा खुला रुपमा चाहिँ सबैको सामु खरिद प्रकियाहरु चाहिँ अगाडी आयोस भने आवन गर्दै बिदा हुन्छ। नमस्कार

**<u>माननीय सभामुखः</u>-** माननीय दिपक निरौला। समय ४ मिनेट।

**<u>माननीय दिपक निरौला (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))ः</u>-** माननीय सभामुखज्यू, मुलुकमा शासन सन्चालन गर्ने ठाउँमा धेरै पार्टीहरु पुगका छन। सबैले जनताका हितका खातिर गर्ने सुशासन कायम गर्ने भनिएको छ। वर्तमान सरकारले पनि त्यहि कुरो उदघोस गरेको छ। व्यवहारमा पनि कतिपय कुराहरुलाई पुष्टी गर्ने खालका प्रयत्नहरु पनि भएका छन्।

यद्धपि यो समाजमा समय क्रममा केही घटनाहरु घटेका छन। तिनका सत्य तथ्य छानबिनका विषय वस्तुहरु समय क्रममा अगाडी आउँने नै छन। हाम्रो यो संसदमा पनि यी विषय वस्तुहरुमा चर्चा चल्ने गरेका छन। हामी अगाडी गएका दृष्टताहरु पनि देखेका छौं। म भ्रष्टचार भएको छ कि छैन भनेर विषयवस्तु भन्दा पनि यसको पक्षमा यसको विपक्षमा उभिने वा नउभिने भन्दा पनि हामी आफैले सोच्नु पर्ने पहिलो विषय वस्तु

हामीले उठान गरेका विषय वस्तु अथवा उठिरहेका विषय वस्तु तथ्य प्रामाण छन कि छैन भन्ने खालको क्रममा हामीले बुझनु आवश्यक हुन्छको हुदैन।

आजको प्रवृतिले देखाएका कुराहरु कुन ढंगले आईरहेका छन भन्ने कुरालाई हामीले जगजाहेर गर्न सक्छौ। हास्यव्याङ्ग क्यारिकेचर गर्नेहरुले क्यारिकेचर गर्नेहरुले उस्तै खालका स्वर निकाले पनि उस्तै अनुहार बनाएर पनि क्यारिकेचर गरेका देखाएको छ। हामीले सुनेका छौ देखेका छौ। के आज आएका विषय वस्तु त्यस्तै होईन भनेर भन्न सकिन्छ। म आफु संमलग्न रहेको पार्टी ने.क.पा. अहिले घटि रहेको घटना विषयमा जे ढंगले प्रश्नहरु उठि रहेका छन। सडक आन्दोलन अवरोध गर्न कहिले पनि लालायत भएन लागेन त्यो निर्देशन हामीमा छैन।

हामीले देखेका छौ। लोकतन्त्रको पूरेदारी गर्ने पार्टीहरुले नियम कानूनहरु र उहाँले गर्नु भएका प्रर्दशन पनि हाम्रा अगाडी जगजाहेर नै छ। आज ने.क.पा.ले सडक अवरोध गरेको छैन संघमा आज मन्त्रीहरुले आफू माथि लागेको अभियोमा चाहिँ प्रश्न उठि सकेपछिबाट राजधानी आएर तत्काल आफ्नो नेतृत्वलाई चाहिँ आफु माथि भएका विषयहरुको छानबिन गरियोस। त्यसका विषयका तथ्य सत्य सार्वजनिक गरियोस अख्तियारले सी.आई.बिले ककसले हुन सक्छ लिएर आवोस भने। आज सम्म कुन ने.क.पा. बाहेकका कुन चाहिँ दलका मन्त्रीहरुले त्यो खालको साहस देखाएर प्रत्यत गर्नु भएको थियो।

हामीले यस तर्फ ध्यान दिने कि नदिने त्यसकारणले गर्दा खेरि म के मात्र निवेदन गर्न चाहन्छु भने सभामुखज्यू हामीले राख्ने तथ्यहरु, हामीले कुराहरु तथ्यमा आधारीत छन कि छैन भन्ने कुराहरु हामीले हेर्न जरुरी छ। ललिता निवास प्रकरणको प्रश्न उठाई रहदा खेरि यो विषय वस्तु वर्तमान सरकारले छानबिन गरेको विषय वस्तु निर्णय प्रक्रिया कहिलेबाट सुरुवात भएको थियो।

आफ्नो वियागीय जिम्मेवारी भन्दा बाहिर लिएर आउने अनि तिनले भ्रष्टचारको विषय वस्तु देख्यो भन्ने अख्तियारले छानबिन गर्दा खेरी अख्तियारको विरुद्ध लान्छना लाउनेहरुले आज गोकुल बास्कोटा विरुद्ध छानबिन गरियोस। भनि रहन्दा खेरी

विषयगक्षदार जस्तो प्रत्यक्ष ने.क.पा. सत्ताका माननीयले गरेन भन्न खोजिएको हो भने हामी त्यसको पक्षमा छैनौ। तर सोच्नु पर्ने खालको कुरा के हो भने देखि विजय गक्षदारलाई छानबिन गर्न हुँदैन भन्ने खोजेको जस्तो हो र हामी त भनेका छौ छानबिन गर्नु पर्छ भनेर भनेका छौ। हामीले मात्र होईन अभियोग लाग्ने खालको स्थतीति बनेको व्यक्तिलाई समेत गर्नु पर्छ। जहाँ सम्म प्रधान मन्त्रीको टेप रेकर्डको कुराहरु सुन्ने कुरा छ।

आज मात्र सम्बन्धित व्यक्तिले भनेका छन। मैले बुझाएको छैन भनेका छन। आज हामी किन हल्लाको पिछी घुमरी रहेका छौ। जुन संस्थासँगको कुराकानी जुन देशको विषय वस्तु सँग उठेर आएको कुरो छ। त्यो देश त्यो कम्पनी सँग कारोबारको विषय वस्तु अगाडी बढेको छैन। माननीय सभामुखज्यू कि आज फरक देशहरु सँग त्यो विषय वस्तुलाई अगाडी त्यो पनि जिटुजि मार्फत गर्ने खालको प्रक्रिया अघि बढि रहेकोछ र हामीले धेरै आंशका गर्नु जरुरी छ र सरकारले यो अख्तियारलाई प्रभावित गर्ने खालको स्थिति परेको छ र अख्तियारले आफ्नो खालको प्रक्रिया अगाडी बढी रहेको छ। त्यस तर्फ हाम्रो सम्मानित सभाको ध्यान त्यस तर्फ जानु पर्छ भन्दै आफ्नो भनाईहरुलाई अन्त्य गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय नरोत्तम वैद्य। समय ४ मिनेट।

**<u>माननीय नरोत्तम वैद्य (नेपाली कांग्रेस)</u>ः-** सभामुख महोदय, सभामुख महोदय मार्फत के के कुरा चाहिँ यो सदनमा जानकारीकमा ल्याउँन चाहन्छु। सब भन्दा पहिला के भन्ने यो सर्वोच्च अदालताको फैसालले स्थानीय निकायको कर्मचारीहरुले जुन पारिश्रमिक सुविधन लिई राखेको थियो। त्यो सर्वोच्च अदालतले रोक्नको अवस्था छ। अनि सबै स्थानीय निकायको पदाधीकारी, मेयर, उपमेयर कर्मचारी सबैले तलब पारिश्रमिक सुविधा केही नपाएर उहाँ अफ्ठ्यो भईरहेको अवस्था छ।

त्यसमा के भने सर्वोच्च अदालतले त्यो सर्वोच्च अदालतको फैसाललाई मध्यनजर राखेर यो प्रदेशले चाहिँ स्थानीय सरकारको तलव, सुविधा सबै चाहिँ यथास्रिघ व्यवस्था

गरदिनको लागि आग्रह गर्दछु। यो ऐन बनाउँनको लागि तदारुकताका साथ प्रयास गर्दिन को लागि आग्रह गर्दछु। पहिलो कुरा दोस्रो कुरा चाहिँ पशुपतिनाथमा नयाँ एउटा न्युज आईरहेको छ। नयाँ न्युज चाहिँ पशुपतिनाथको जुन चाँदिको जलहरी निकालेर सुनुको जलहरी चाहिँ राख्ने त्यसमा चाहिँ १ तोला भन्दा बढी राख्नेको स्मारिकामा नाम प्रकासित गर्ने भनेर अहिले चाहिँ १ सय कति किलोको सुनको जलहरी अनि १ अर्ब चानचुनको जलहरी चाहिँ भन्ने राख्ने कार्यक्रमका साथ सन्चालक परिसदको निर्णयका साथ अगाडी आईराखेको अवस्था छ।

महादेव संसार भरि भगवान शिव समाजवादी आफु सधारण खरानी घस्ने आफ्नो भक्तलाई सम्रन्त बनाउँने अनि सिम्पल एक किसिमको भने हो भन्ने यो होचिमि असाध्यै सधारण खरानी घसर्ने भक्तलाई सम्म्राना बनाउँने तर अहिले सुससनको जलहरी राख्दै छ। यो प्रदेशलाई थाहाँ छ कि छैन। यो सरकारलाई थाहाँ छ कि छैन। यो पशुपतिनाथको मन्दरी ३ नं. प्रदेशको अन्तर्गत पर्छ कि पर्दैन ? अनि महादेवलाई सक्षामन्त बनाउँन लाग्या।

त्यो महादेवले सुनको जलहरी खोजेको हो ? त्यसैले यो विषयमा यो प्रदेशको ध्यान जवोस, सरकारको ध्यान जाओस यथास्रिघ प्रचिन स्मारक संरक्षण ऐनका सम्मान गरेर प्राचिन स्मारक संरक्षण ऐनको स्प्रीटलाई सम्मान गरेर प्राचिन स्मारक ऐन नभएको कुरा गर्न पाईदैन। विश्व सम्पदाको सूचिको स्प्रिटमा जे छ त्यो त्यो बाहेक गर्न पाईन्न। अनि पशुपति विकास कोषले गर्न पाईने अनि अहिले चन्दा उठाईरहेको छ। अनि हामीले मुख दर्शक भएर हेर्ने, त्यसैले मेरो आग्रह यो सरकारले ध्यान देओस। हाम्रो प्रदेशले ध्यान देओस। अर्को कुरा चाहिँ के भने यो भ्रष्टचारको सम्बन्धमा के भने देओस यो अर्ति उपदेशको आवश्यकतै छैन।

अर्ति उपदेशको आवश्यकता मेरो सरकारले अपराध गरेको छ भने पाता कस्ने हो। यदि यो सरकारले अपराध गरेको छ भने उसलाई पनि पाता कस्नु पर्छ भनेको हो त मेरो सरकारको मान्छेले गरेको छ। मेरो कांग्रेसको मान्छेले गरेको छ भने उहाँलाई पनि सजाँय गर्नु पर्यो। गल्ति माधव नेपालले पनि गरेको छ। अनि विष्णु पौडेलले पनि

गरेको छ। अनि बाबुरामले पनि गरेको छ। उसलाई पनि कारबाही गर भन्न नहुने? हामीले कहाँ निर पूर्वाग्रह राख्यौ त्यसले मेरो आग्रह के भने भ्रष्टचार भएको छ। यसले ठूलो नै रुप लिएको छ।

यसमा केवल सञ्चार मन्त्री मात्र मुछिएको छैन। यो सेटिमा प्रधानमन्त्रीको समेत संलग्नता छ जस्तो मलाई लाग्छ। त्यसैले कारबाही प्रधानमन्त्री देखि सुरु गर्ने कि गर्ने भन्ने कुरा हो। अरु लामो कुरा गर्ने भन्दा पनि यो भ्रष्टचार मुलुक डुबाउन लाग्यो। नेपाली जनता निरास हुँदै गई राखेको छ। सरकार असफल हुँदै गई राखेको छ। नेपाली जनताले चाहिँ विकल्प सडकबाट नखोजोस भन्दै आफ्नो दुई शब्द यही टुग्याउँछु। जय नेपाल।

**<u>माननीय सभामुखः</u>-** माननीय केशव राज पाण्डे। समय ४ मिनेट।

**<u>माननीय केशव राज पाण्डे (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** सभामुख महोदय, म यो रोष्टमा उभिरहन्दा हिजो आज चर्चामा आएको विषय वस्तु बोलिन भने न्याय हुँदैन जस्तो मलाई लाग्छ। अहिले सेकुरुटी प्रेस खरिदको कुरा चर्चामा आईरहेको छ। सञ्चार मन्त्रीले राजिनाममा दिनु भएको छ। अख्तियारले उहाँको अफिसको सम्पूर्ण खाताहरु शिल गरेको छ। छानबिन गर्दैछ।

छानबिनमा उहाँ दोशि देखीन भयो भने हामी रोष्टम घेर्न जादैनौ। जुलुस र नारा लगाउन जादैनौ र एउटा दोसी छुटेएर आए पछि १ सय किलोको माला बोकेर पनि जाँदैनौ र कारबाही गर्नु पर्छ र कारबाही हुने अख्तियारले छानबिन गर्नुपर्छ भन्ने पक्षमा हामी छौ। तर हामीले यो कुरा गरिरहदा कस्तो लागि रहेको छ भने, सञ्चार मन्त्रीले एउटा मिश्र भने सँग कुरा कानी गर्नु भयो। अनि उसले ल्याएको कम्पनी सँग समान किन्दिन भन्नु भयो र किनु भएन।

जसले मेरो समान किन किनिस भनेर मैले कमिसन खान पाईन भनेर बोलि रहेको छ। उसलाई हामीले वहईवाई गरिराखेका छौ। जसले तिम्रो कम्पनिको समान किन्दिन। अको कम्पनीको सस्तोमा किन्छु। ४ अर्ब सस्तो किन छु भनेर जर्मिन र फ्रान्सको

कम्पनि सँग २३ अर्ब ७० करोड र २३ अर्ब ३० करोडको काममा हेरि रहेको छ। त्यसपछि हामी ४ अर्ब घटेको हामी हेरि राखेको छैनौ।

त्यसलाई पनि हेर्नु पर्छ भन्ने मलाई लाग्छ र २७ अर्ब बाट २३ अर्बमा आउँने कुरो चाहिँ ठिक हो कि होईन। त्यो पनि सोच्नु पर्छ। यति हुँदा हुँदै पनि त्यहाँ गलतछ भने कारबाही गर्नु पर्छ। त्यो कारबाही गर्नको निम्ति हाम्रो पार्टी पनि तयार हुन्छ। सरकार पनि तयार हुनु पर्छ भन्ने मलाई लाग्छ। सँगै अघि पनि आईसक्यो गभरमेन्ट टु गभरमेन्ट डिलिङग भई रहेको छ। जब गभरमेन्ट टु गभरमेन्ट भएको ठाउँमा एजेन्टको कुरा कहाँबाट आउँछ। राजदुतले त्यो हाम्रो एजेन्ट होईन। त्यो मान्छे छैन भनि रहेको छ। त्यो कुरा नि कसरी आउँछ।

त्यो पनि छानबिन गर्नु पर्छ। सँग सँगै उसले लेखा समितिका मान्छेलाई पनि सबै अडियो सुनाएको त्यहाँ पनि गएर लभिङ्ग गरेको भन्ने कुरा पनि आईरहेको लेखा समितिका मान्छेले त्यो कुनै पनि कुरा आईरहेका होईन भनेर बोलि रहेका छन। लेखा समितिको प्रमुख भनेको नेपाली कांग्रेसकै हुनुहुन्छ र उहाँलाई पनि गएर भनेको रहेछ। तिमीले गर्देउ भनेको रहेछ। उहाँ तानिने कि नतानिने यो प्रश्न पनि हाम्रो अगाडी छ। उहाँ माथि पनि छानबिन हुनु पर्छ। किन भने त्यहि मिश्रकै कुरा विश्वास गर्ने हो भने अब उहाँलाई छानबिन हुनु पर्यो कि परेन ? उहाँ माथि पनि छानबिन हुनु पर्छ। यो अर्को मार्ग हो। सँगै कण्डाका कुराहरु गर्दा निमला हत्या काण्ड हामी बुरुक बुरुक उफियो। कहाँ त्यो समातेको मान्छे हुँदै होईन भनेर अहिले खोजि गर्दै जाँदा।फेरि दिलिप विष्टकोमा पुग्यो। त्यही गएर अडकिएको छ।

हामी त्यहाँ उफ्यो त्यहि दिलिप विष्ट निर्दोस छ भनेर, नारा लगायौ नि जुलुस लगायौ नि अहिले ति गएर अड्केको छ। ललिता निवास काण्ड हामीले विष्णु पौडयलको मात्र नाम लिईरहेका छौ। ६७ जना त्यता मान्छेहरु जसले जग्गा खरिद गरेका थिए। खरिद बिक्रि गर्छु भन्नेलाई छुट दिईएको छ। विष्णु पौडेयल मात्र होईन। कतिमा किने त्यो हामीले मालपोतलाई सोध्नु पर्यो। अहिले पनि २५-२५लाख ५० आनाको जग्गाहरु मालपोतको मूल्याङ्क २० लाख १५ होला। त्यतिमा पास गरे होलान। तर त्यो पनि छानबिन गर्नु पर्छ गर्नु हुन्न भन्ने पक्षमा होईन। गर्‍हौ यदि दोसी हो भने कारबाही गर्‍हौ।

अब अख्तियारको कानूनले के भनेको छ भन्दा नीतिगत निर्णय गर्ने समितिका निर्णयहरुमा छानबिन नगर्ने मन्त्री मण्डलले नीतिगत निर्णय गर्यो।

जब अख्तियारको कानूनले हामीले बनाएका कानूनकांग्रेसी भएर बनाएका कानून अर्को पार्टीले बनायको कानूनले त्यो नगर्ने भनेको छुट पाउँनु भए हो। यस्तो हामीले ख्याल गर्नु पर्छ। हामीले आलमको केशलाई पनि ध्यान दिनु पर्छ। ३३/३३ जना एउटै भट्टिमा सकाउँने केशलाई पनि ध्यान दिनु पर्छ। त्यसले अहिलेको सरकार यो मेरो र त्यो अर्काको भनेर होईन। जसले दोसी काम गरेको छ।

जसले भ्रष्टचारमा संमलग्न भएको छ। जसले चाहिँ अन्याय पूर्ण काय गर्छ। त्यो कसैललाई पनि नछोड्ने गरि सबैलाई कारबाही गर्ने गरि जे कुरा बोलि रहेको छ। त्यसलाई व्यवहार पुष्टि गर्ने गरि लागि रहेको छ। एक पल्ट यो सरकारलाई हामी सबैले धन्यवाद दिनुपर्छ। धन्यवाद दिदैं बिदा हुन्छु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु अब यो छलफल यहि समाप्त हुन्छ।

माननीय सदस्यहरु अब म प्रदेश लोकसेवा आयोग ऐन २०७६लाई संसोधन गर्न बनेको विधेयकको सम्बन्धमा प्रदेश मामिला समितिले गरेको निर्णयको प्रतिवेदन पेश गर्न समितिका सभापति माननीय माधव प्रसाद पौडयललाई अनुमति दिन्छु।

**<u>माननीय माधव प्रसाद पौडयल, सभापति, प्रदेश मामिला समितिः</u>-** माननीय सभामुख महोदय, प्रदेश सभाको मिति २०७६ फागुन ११ गते बसेको बैठकको निर्णयानुसार प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम (१) को खण्ड (ख) बमोजिम प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न वनेको विधेयक दफावार छलफलका लागि समितिमा आजै प्राप्त भएको थियो।

सो विधेयकमाथि आजको सभाको पहिलो बैठक समाप्त भएपश्चात समितिको वैंठक वसि यस सम्वन्धमा विधेयक प्रस्तुतकर्ता माननीय मुख्यमन्त्री तथा विधेयकमा संशोधन पेश गर्नुहुने माननीय सदस्य तथा समितिका माननीय सदस्य समेतको राय सुझाव तथा संशोधनका आधारमा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई

संशोधन गर्न बनेको विधेयक का सम्बन्धमा आवश्यक परिमार्जन सहित सर्वसम्मतिले पारित गरेको प्रतिवेदन प्रदेश सभाको बैठकमा पेश गर्ने निर्णय गरेको थियो।

मानननीय सभामुख महोदय, प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक माथिको समितिमा भएको दफावार छलफलमा सहभागी माननीय मुख्यमन्त्री, समितिका माननीय सदस्यहरु, प्रमुख सचिव, प्रदेश सभाका सचिव लगायत समिति-सचिवालयका कर्मचारीहरु तथा अन्य सम्बद्ध कर्मचारीहरुलाई समेत समितिको तर्फबाट धन्यवाद व्यक्त गर्न चाहान्छु ।

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले अब म प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम प्रस्तावित "प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक" का सम्बन्धमा समितिले छलफल गरी तयार पारेको प्रतिवेदन, २०७६ यस सम्मानीत सभामा पेश गर्दछु।

धन्यवाद।

**माननीय सभामुखः-** माननीय सदस्यहरु अब अर्को बैठक मिति २०७६ फागुन १२ गते सोमबार दिनको ३ बजे बस्ने गरि यो बैठक स्थागित हुन्छ।

**(तदनन्तर बैठक २०७६ साल फगुन १२ गते सोमवर दिनको ३:०० बजेसम्मका लागि स्थगित भयो।)**

**अन्त्य - दिनको ५:०० बजे।**

# प्रदेश सभा
# बागमती प्रदेश
# पाँचौ अधिवेशन
# कारवाहीको सम्पूर्ण विवरण

१२ फागुन, २०७६

सोमबार

(बैठक संख्या - १७)

**प्रदेश सभाको पाँचौ अधिवेशको आजको बैठक माननीय सभामुख श्री सानुकुमार श्रेष्ठको अध्यक्षतामा दिनको ३:०० बजे प्रारम्भ भयो।**

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, प्रदेश सभाको आजको बैठकको कारवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरु, आज विशेष समयको कार्यक्रम नरहने व्यहोरा जानकारी गराउँदछु।

माननीय सदस्यहरु आज मिति २०७६ फागुन १२ गते पर्न गएको सेर्पा समुदाय लगाएता बौध धर्म लम्विले मनाउँने महत्वपूर्ण पर्व १४७ ग्याल्पोल्होसार अवसरमा देश

विदेशमा रहनु हुने सेर्पा समुदाय लगाएत समस्त नेपाली दिदि बहिनी तथा दाजुभाई मा प्रदेश सभा बागमती प्रदेश र मेरो व्यक्तिगत तर्फबाट सुख शान्ति संवृद्धि उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

माननीय सदस्यहरु अब शून्य समयको कार्यक्रम प्रारम्भ हुन्छ। शून्य समयमा बोल्न चाहनु हुने माननीय सदस्यलाई १ मिनेटको सयम निर्धारण गरेको छु। माननीय बिजुला वर्मा राणा।

<u>**माननीय बिजुला वर्मा राणा (नेपाली कांग्रेस)**</u>**:-** माननीय सभामुख महोदय, जन्म दिन मनाउँने स्वतन्त्र सबै नागरिकलाई छ। तर यो देशको प्रधान मन्त्री हो। जसले नेपालको नक्साको केक बनाएर काठमाडौंबाट हेलिकपटर चार्टर गरेर कुनै एउटा गाउँमा गएर बथर्डे मनाउनु नेपाली नागरिकको यहाँको मौलिकता यहाँको चाहिँ हाम्रा परम्परा माथि कुल्चिदै यो देशको अखण्डता र यो देशको स्वतन्त्रता र राष्ट्रियता माथि निमर्मता पूर्व यो देशको प्रधानमन्त्री प्रस्तुत हुनु भएको छ।यसै सभाबाट हामी भन्न चाहन्छौ र माग गर्न चाहन्छौं।

उहाँले सम्पूर्ण जनताको अगाडी आएर उहाँले माफि माग्नु पर्छ। त्यो हाम्रो परम्परा होईन। त्यो हाम्रो दृष्टन्त होईन। त्यो हाम्रो मौलिकता होईन। त्यसैले नेपाली जनता सामु आएर माफ माग्नु पर्छ भनेर हामी यहाँबाट माग गर्न चाहन्छौं। अर्को विषय बासकोटा प्रकरण हिजो यहाँ सत्ता पक्षको संसादले विशेष समयमा बोल्नु भयो त्यो भिडियो चाहिँ क्यारिकेचर.....।

<u>**माननीय सभामुख**</u>**:-** माननीय विराज भक्त श्रेष्ठ।

<u>**माननीय विराज भक्त श्रेष्ठ (विवेकशील साझा पार्टी)**</u>**:-** माननीय सभामुख महोदय, स्थानीय तहको वेतिथिको बारेमा देश भरि जानकारी हामी सबै जना सन्दर्भ अवगत नै छौं। सबै भन्दा बढी अधिकार सम्पन्न स्थानीय तह सिंहदरबार गाउँगाउँ पुग्छ भन्ने स्थानीय तह आज डोजर अतांक र सहरी क्षेत्रमा अनियमिता चेपटामा परेको छ।

ईमान्दर जनप्रतिनीधिहरु मनोवल गिर्दो छ। यसलाई सुव्यवस्थित गर्नको लागि प्रदेश सरकारले हस्तक्षेप गर्नु पर्ने आवश्यक देखेको छन। यो हुँदै गर्दा खेरि प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय र प्रदेश सभाको सार्वजनिक लेखा समितिको गम्भीर ध्यानाकर्षणगराउँन चाहन्छु। धन्यवाद। नेपालको जय होस।

**<u>माननीय सभामुखः</u>-** माननीय रमेश पौड्याल।

**<u>माननीय रमेश पौड्याल (विवेकशील साझा पार्टी)</u>ः-** सभामुख महोदय, हिजो तेहथुमको आठराईमा ४ वटा हेलिकपटर ओर्लिय यति होल्डिसको प्रयोजनमा नेपालको नक्सा भएको केक पुग्यो। ६ हजार मान्छेलाई भोज खुवाईयो आधुनिक नेपालका सबै राजमहाराज माथ दिने गरि कम्युनिष्टप्रधानमन्त्री सादगिपूर्ण जन्म दिन मनाईयो। केक काट्दै गर्दा थाहाँ लाग्यो केक बिटुलो पो रहेछ। केकको कालपानी र लिम्पिया धरा टुक्रा खोक्रो राष्ट्रवादी पेलटमा राखेर प्रधानमन्त्री भन्दा पहिले नै अरु कसैलाई दिएको रहेछ। प्रधानमन्त्री पार्टी अनुशान पालनमा दृठ देखिनु भयो।

जन्म दिवसलाई घर परिवार मात्र सीमित राख्न आफैले जारी गरेका आचर सहिंतालाई ध्यान दिदै उहाँले यति होल्डिङ यसलाई पनि सामाहोरमा सहभागि गराउँनु भर्यो र पुष्टि गर्नुभयो। पुजीको नातपारिवारिक भन्दा न्यानो र प्रगार्ड हुन्छ भनेर कार्यक्रममा एउटा कमि खट्कीयो प्रदेश १ का मुख्यमन्त्रीले हेलिप्यारमा सोफा राखेर फोट खिचाएन। काममा सिङो नभाचे पनि हनुमान चालिसा र गणेश स्वतन्त्र पाठ गरेरै आफ्नो कुर्सीको आयु लमाउँन सकिने सर्णिम मौका मुख्यमन्त्री किन खेर फाले लोकल, बुझ्न सकेन अन्त्यमा प्रधान मन्त्रीलाई जन्म दिनको ढिलो गरि शुभकामना। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय शोभा शाक्य।

**<u>माननीय शोभा शाक्य (विवेकशील साझा पार्टी)</u>ः-** माननीय सभामुख महोदय, संघीय, लोकतन्त्र, गणतन्त्रीक लोकतन्त्र नेपालको संविधान २०७२ घोषणा संगै मुलुक

विकासको दिशामा उन्मूख हुने अपेक्षा गरेका थियौं। तर पछिला जनआन्दोल राजनीतिक परिवर्तन र यसले देखाका सपनाहरु पुरा हुने थोरै संकेत देखेका परेका छैन। समाजिक न्याय, सुसस्कृत, लोकतन्त्र, सम्वृद्धीका आधारमाभूत मुल्य मान्यता पेस स्वतन्त्र, वाक स्वतन्त्रता मानव अधिकार र जनजीवनका विषयमा अझ अनुदात बन्दै गएको छ। भ्रष्टाचार तिव्र राज्य, दोहनको चर्को छ, बजार भाउ, मुल्य वृद्धि चर्को छ, वाईर्ड वडी, जहाज खरिदमा भ्रष्टाचार, ललिता निवास, सरकारी जग्गा काण्ड, गुठी विधेयक, मिडिया काउनसिल विधेयक, सुचना प्रविधि विधेयक, ३३ किलो सुन काण्ड, गोकर्ण रिर्सोट जग्गा काण्ड, मोदिको नागरिक अविन्दन काण्ड, स्थानीय सरकारले लगाएको कर काण्ड, निमला बलात्कार हत्या काण्ड, मार्सि भात काण्ड, डा.केसी अनुसन काण्ड, पष्पु कन्टक्सन काण्ड, मेलम्चि खानेपानी ठेक्दारको काण्ड .......।

**<u>माननीय सभामुखः</u>-** माननीय सरस्वती बाटी।

**<u>माननीय सरस्वती बाटी (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** सभामुख महोदय, संविधानमा समावेशी समानुपातिक प्रवधानहरु रहेको सबैलाई जनाकारी नै छ।२०७२मा जानकारी त्यो प्रवधानहरु हुँदा हुँदै त्यहि आधारमा निर्वाचन प्रणालीले महिलाहरु समानुपातिक समावेशीका कुराहरु प्रतिनिधित्व गर्दै अगाडी बढेको यस प्रदेशले नेतृत्वमा निर्णायक नेतृत्व प्रदान गर्ने सन्दर्भमा महिलाहरुको प्रतिनीधित्व नहुन दुखद कुरा हो।त्यसो भएको कारणले गर्दा चाडो भन्दा चाडो महिलाहरुलाई पनि समावेशीपूर्ण सहभागिता बनाएर मन्त्री परिषद्को तहमा निर्णायक भूमिका दिनको लागि सभामुख मार्फत प्रदेश सरकारलाई हार्दिक अनुरोध गर्न चाहन्छु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय निमा लामा।

**<u>माननीय निमा लामा (नेपाली कांग्रेस)</u>:-** माननीय सभामुखज्यू, नेपालका आदिवासी, जनजाति सेर्पा, तोप्केगोला, ल्हामु, बालुम, होमि, नाके, छुदाम, डोल्पो,लोपा, आदिले मनाउने राष्ट्रिय पर्व ग्याल्पोल्होसारको पहिलो दिन आज पर्ने गएकोले देश विदेशमा रहनु

भएको सम्पूर्ण हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु। साथै आदिवासी जनजाति सभ्यता ईतिहास पहिचान सँग जोडिएको पर्वहरुको कटौति गरेको सार्वजनिक बिदालाई पूर्न स्थापनाको लागि जोर्डदार माग गर्न चाहन्छु।

सभामुख महोदय चिनको वुहानबाट सुरु भएको कोभिर्ड १९ कोरोना भाईरस संक्रमण चिनमा २५ सय ९२ जना मृत्यु भएकोछ।दक्षिण कोरियामा ७ जनाको मृत्यु भई सकेको छ। कोरियामा संक्रमित हुने संख्या ७ सय ५३ भन्दा बढी छ।जापनामा डामन्ड पिन्स पानी जहाजमा ३ जनाको मृत्यु भई सकेको छ। जापनामा कोरोना भाईरस हुनेहरु संख्या १३५ बढी पुगिसको छ।

हकङकमा २ जनाकको मृत्यु भई सकेको छ। विश्वभर ७९ हजार१ सय ४० जनाको कोरोना भाईरस संक्रिमत बनेका छन। कोरिया जापनाले उच्च सर्तकाता अपनाएको छ। जापना, कोरिया, हकङकमा नेपालीहरु छन। उनीहरुको सुरक्षामा ध्यान दिनु पर्छ कि पर्दैन। यता हाम्रो प्रदेशका २ नाकाहरु तोतो पानी र रसुवागढी नाका खुला छन। एयरर्पोटमा सतर्कता अपनाए पनि यी खुला ठाउँहरुमा सतर्क अपाएको छैन। सिमा जोडिएका ...।

**<u>माननीय सभामुखः</u>-** माननीय दिपेन्द्र श्रेष्ठ।

**<u>माननीय दिपेन्द्र श्रेष्ठ (नेपाली कांग्रेस)</u>:-** सभामुख महोदय, आज प्रदेश सरकार गठन भएको २ वर्ष पुग्दा खेरि प्रदेशले आफ्नो गतिविधिलाई अगाडी बढाउँन सकेको छैन। १२ प्रतिशत पुजिगत खर्च समेत अहिले गर्न नसकेको अनुभूति आम जनताले गरिरहेको बेलामा आज मेरो क्षेत्र काठमडौं क्षेत्र १ को क मा पुजीगत खर्च बढाउँनको लागि सरकारको प्रयोजित योजना हो कि प्रदेश सभा संसादहरु अहिले आवश्यकतालाई भन्दा पनि मन लागि करोर्ड रुपैंयाका प्रोलोयन ठाउँ ठाउँमा बाड्दै हिडेका छन र उपभोक्ता समिति मार्फत काम गरिएर यसरी जुन आश्वासन दिएर विकासका योजनालाई प्राथमिकता, गौरवको योजनालाई प्राथमिकता भन्दा पनि व्यक्ति विशेषलाई यसरी

उपभोक्ता समिति मार्फत उठाएर बजेटलाई चाहिँ सरकारकै मिलोमतोमा आर्थिक अभिमियता गर्ने अभिप्रया हो कि होईन भने यस्तो कमसेमक प्रदेशको क्षेत्रको निर्वाचित संसादलाई समेत जानकारी नगराईकन यसरी विकासको बजेट छरिने सोच छरिने जुन योजना छ। यस्ता कुराहरुलाई चाहिँ ध्यानाकर्षणमुख्यमन्त्रीज्यूलाई गराउँन चाहन्छु।

<u>**माननीय सभामुख**</u>**:-** माननीय बेली माया घले।

<u>**माननीय बेली माया घले (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))**</u>**:-** माननीय सभामुख महोदय, हामीले यसै वर्ष भिजिट २०/२०लाई भव्य रुपममा मनाउँने भनेकै वर्ष अहिले कोरोना भाईरसले गर्दा खेरि बाह्र पर्यटक त भिन्त्राउन सकेनौ। तर आन्तरिक पर्यटन भित्रीने एउटा महत्वपूर्ण Destination मध्ये चितवनको हाम्रो सौराहमा पनि अहिले गत साल ४१ वटा गैंडाको मृत्यु भएको यो वर्षको आजको दिन सम्म आउँदा पनि ७ वटा गैंडाको मृत्यु भएको भन्ने कुरा त्यहाँका मेयर मार्फत समान्य छलफलमा जानकारी पायौ। यसले गर्दा खेरि हामीले भिजिट २०/२० त यो २०२०को लागि मात्र होईन होला। नेपाललाई सधै भ्रमण वर्ष बनाई रहनको लागि हाम्रो त्यस सँग रिलेटेर्ड मन्त्रालयले यस्त चिजहरुलाई ध्यान दिनु भएको छ कि छैन। यदि दिनु भएको छैन। म सभामुख मार्फत उहाँको ध्यानाकर्षण गराउन चाहन्छु। यो गैंडा मर्नुको मुख्य कारण भन्नेको हाम्रो प्रदेश राजधानी रहेको छेउकै राप्ती नदीमा थुप्रै काठमाडौंबाट धुलामै भएका ...।

<u>**माननीय सभामुख**</u>**:-** माननीय रत्न प्रसाद ढकाल।

<u>**माननीय रत्न प्रसाद ढकाल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))**</u>**:-** माननीय सभामुखज्यू, संघीयताको मुल मर्म भनेको जनताको घर दैलोमा सेवा सुविधा पुर्याउँने हो। काम छिटो छरितो होस भन्ने अभिदाय हो। सिंहदबारको अधिकार र प्रदेशहरुमा कैद गर्न होईन। तसर्थ सेवा कार्यलयहरु मन्त्रालयका निर्देशनलयहरु विस्तार गरियोस। विषयगत कार्यलयहरु जिल्ला तथा स्थानीय तहहरुमा विस्थार गरियोस र छिटो भन्दा छिटो

जनताको सेवा सुविधा काम कारवाहीहरु, योजनाहरु कार्यान्वयन गर्नको निम्ति सबै क्षेत्रमा कार्यलयहरुको विस्थार गरियोस। धन्यवाद।

<u>**माननीय सभामुख**</u>:- माननीय सीता अधिकारी।

<u>**माननीय सीता अधिकारी (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))**</u>:- माननीय सभामुख महोदय, यो देशको राजनीतिक परिवर्तनमा महिलाहरुको ठूलो भूमिका छ। महिलाहरुको त्यग, तपस्या, बलिदान र संघर्ष मात्र पछिलो परिवर्तन गणतन्त्र, धर्म निस्पेक्षेता, संघीयता स्थापित भएको त्यसैको फल स्वरुप संविधानले राज्य अंगहरुमा ३३ प्रतिशत महिला सहभागिता शुनिश्चित गरेको छ। तर हाम्रो प्रदेश सरकारले पटक-पटक संविधानको भावनालाई लत्याउँने काम गरेको छ। पछिलो पटक मन्त्री मण्डललाई पुर्णता दिन पनि महिला अटाउन नसकुनको कारण के हो? यसको संसदमा जानकारी गराईयोस र अर्को कुरा प्रदेश सरकारले गठन गर्दै गर्दा मुख्यमन्त्रीज्यूले भनु भएको थियो। हाम्रो प्रदेशलाई नमूना प्रदेश रुपमा हामी विकास गर्छौं भनु भएको थियो। उहाँले महिला बिहिन मन्त्री बनाएर नमूना प्रदर्सन गर्नुभएको छैन ? म प्रश्न गर्न चाहन्छु। हस धन्यवाद।

<u>**माननीय सभामुख**</u>:- माननीय जीवन डंगोल।

<u>**माननीय जीवन डंगोल (नेपाली कांग्रेस)**</u>:- सभामुख महोदय, प्रथम निर्वाचित दुई तिहाईको प्रधानमन्त्री वि.पि कोईराले कुनै दुविधा नेपाल आमाको ए मुठी माटो उठाएर सोध जे विवेकले आउँछ त्यहि गर भनेका थिए। कालन्तरले आज दुई तिहाई नजिको प्रधानमन्त्री के.पी ओलि आफ्नो जन्म दिन मनाउँन नेपाल आमा नक्सा केक काटेका छन। नयाँ प्रतिभाको तमासा उजा गर गरेका छन। आम जनता सुत्न सकिरहेका, निदाउँन सकिरहेका छैन। नक्कली राष्ट्रवादीले काला पानी, लिपुलेक, लिम्पीयाधुरा आवज उठि रहेको बेलामा प्रधानमन्त्रीले यो के भन्न खोजेको ? के गर्न खोजेको हो? सन्देश के दिन खोजिएको हो ? म प्रश्न गर्न चाहन्छु। धन्यवाद जय नेपाल।

**माननीय सभामुख**ः- माननीय ईन्द्र माया गुरुङ्ग।

**माननीय ईन्द्र माया गुरुङ्ग (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))**ः- माननीय सभामुखज्यू, व्यवस्था मात्र होईन। यो संविधान निर्माण संरक्षण, कार्यान्वयन गर्ने हाम्रो सरकार सँग समावेशी समानुपातिकको पक्ष धर ने.क.पा. र बागमती प्रदेशको सरकारले समावेशी प्रतिनीधित्व सहितको सरकार कहिले बन्छ ? संविधानमा व्यवस्था भए अनुसार ३३ प्रतिशत महिला मन्त्री समावेश हुन्छ कि हुँदैन ? म यो सभामुख मार्फत प्रश्न गर्न चाहन्छु सरकारलाई। धन्यवाद।

**माननीय सभामुख**ः- माननीय ओम बहादुर ग्लान।

**माननीय ओम बहादुर ग्लान (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))**ः- माननीय सभामुखज्यू, सबै भन्दा पहिला नेपालको सेर्पा समुदायले मनाउँदै आएको २१४७ औ ग्याल्पो ल्होसारको शुभकामना व्यक्त गर्न चाहन्छु र यो बिदाको बारेमा प्रदेश सरकारले सामन्य शुभकामना समेत नदिएको कुरालाई म ध्यानाकर्षण गराउँन चाहन्छु र सरकारले अलिकता यो विज्ञप्ती दिने, शुभकामना दिने, श्रद्धान्जली दिने, संवेदान दिने जस्ता कुराहरुमा अलिक मि भएको महसुस गरेको छु। त्यो भावनाको संमवोदन गर्नको लागि यो कार्यमा कन्जुस्यायी नहोस म यो ध्यानाकर्षण गराउँन चाहन्छु। प्रदेश सरकारको जय होस। महिलाहरुको जय होस।

**माननीय सभामुख**ः- माननीय बलराम पौडेल।

**माननीय बलराम पौडेल (नेपाली कांग्रेस)**ः- सभामुखज्यू, हाम्रो चितवन जिल्लामा माडी नगरपालिका वडा नं.१का वडा अध्यक्ष कृष्ण प्रसाद पौडेल आभरण अनसन बसेको आज छैटौ दिन भयो र उहाँ आज राती भरतपुर हस्पिटलमा ल्याएर भर्ना गरेको छ र उहाँले सम्मएता माडी विकासको लागि माडी चितवनबाट पिछडीको क्षेत्र चारै तिर नदी र खोलाले काटेर सबै उजाडै बनाएको क्षेत्र त्यो क्षेत्रको विकासको लागि नेपाल सरकार सँग प्रदेश सरकार सँग त्यो क्षेत्रको विभिन्न विकासको लागि उहाँले माग राखेर

आवरण अनसन बस्नु भएको छ र उहाँको जीउ धनको सुरक्षाको साथै म प्रदेश सरकारसरो के माग गर्न चाहन्छु भन्ने उहाँले राखेका मागहरु प्रदेश सरकारले कति संवोधन गर्न सक्छ। त्यो मागहरुको बारेमा त्यो माडी विकासको लागि संवोधन गर्नको लागि आदरणीय मुख्यमन्त्रीज्यू सँग अनुरोध गर्ने चाहन्छु।

**<u>माननीय सभामुख</u>ः-** माननीय रीना गुरुङ्ग।

**<u>माननीय रीना गुरुङ्ग (राष्ट्रिय प्रजातन्त्र पार्टी - संयुक्त)</u>ः-** माननीय सभामुख महोदय, चितवनको माडी नगरपालिकामा युवा वडा अध्यक्ष कृष्ण पौडेल विभिन्न माग राख्दै विकासका माग राख्दै निकुञ्ज ऐन संशोधनको माग राख्दै अनसन रहत हुन्छ र अनसन भएर पिन आज छैटौ दिन हो। अहिले उहाँको जीवन मरणको अवस्थामा हुनु हुन्छ। अहिले भरतपुर अस्पतालमा आई.सी.युमा भर्ना हुनु हुन्छ। त्यो भएर अहिले मैले हाम्रो प्रदेश सरकार सँग उहाँको जीवन रक्षाको लागि ध्यानाकर्षण गराउँन चाहन्छु।

माडी भनेको राज्यबाट उपक्षेत क्षेत्र हो। माडी संग तिता मिठा ईतिहासहरु जोडिएको छ। तिता ईतिहास जोडिदैमा माडीलाई उपेक्षीत गर्न पाउँदैन। हाम्रो राज्य केक मात्र काट्ने सकिन्छ। भोलिको दिनमा त्यो माडीलाई हाम्रो नक्साबाट चाहिँ उखार्डने काम चाहिँ नहोस। यति भन्दै मेरी पनि सरकार सामु ध्यानाकर्षण गराउँन चाहन्छु। धन्यवाद।

**<u>माननीय सभामुख</u>ः-** माननीय भिमसेन खत्री।

**<u>माननीय भिमसेन खत्री (नेपाली कांग्रेस)</u>ः-** सभामुख महोदय, म धेरै लामो चाहिँ गर्दिन यो ग्याल्पो ल्होसारको सम्पूर्ण नेपाली हार्दिक बधाई। यो विभिन्न जात, धर्म, सांस्कृती, रितिरिवाज मनाउँने हाम्रो नेपालीहरुको परम्परा हो। धर्म हो सांस्कृत हो। त्यसलाई बचाउँनु पर्छ र बुढानिलकण्ठ नगरपालिका भित्र पर्ने बुढानिलकण्ठ क्षेत्र विकास छ। त्यो २०४२ साल देखि अहिले सम्म चर्चा गरेर त्यसको क्षेत्र विकास गर्नको लागि

विभिन्न कदम चालिएको छ। तर कुनै पनि कामपुर्ण रुपमा सफल नभएको २०४२ भन्दा खेरि राज विरेन्द्रको भ्रमण, २०४७ सालमा कृष्ण प्रसाद भट्टराई जो अन्तरिम सरकारको प्रधान मन्त्री हुनु हुन्थ्यो।

त्यसलाई चाहिँ विकासको लागि अग्रामी दिशा दिनको लागि महत्वपूर्ण भूमिका खेलनु भएको र हालको सरकारले पनि त्यस तर्फ ध्यान दिएको। तर अहिले सम्म के कति प्रगति भयो अथवा के कति काम हुँदैछ। त्यसको बारेमा पूर्ण जानकारी पाउँनको लागि म यो सदन मार्फत हार्दिक अनुरोध गर्न चाहन्छु। धन्यवाद।जय नेपाल।

**मानननीय सभामुख**:- माननीय मिलन बाबु श्रेष्ठ।

**माननीय मिलन बाबु श्रेष्ठ (नेपाली कांग्रेस)**:- सभामुख महोदय, म ध्यानाकर्षण गराउँन चाहन्छु। मुख्यमन्त्रीज्यूलाई कि माडी नगरपालिकाका वडा अध्याक्ष वडा नं. १का वडा अध्यक्ष कृष्ण प्रसाद पौडेल अमन अनसनमा बस्दै गएको आज छैटो दिन भई सक्यो। आज राती उहाँको स्वास्थ्य विग्रहत अवस्था भएर भरतपुरको अपस्तालमा आई.सी.युमा राखेको अवस्था छ। उहाँले संवृद्धि र विकास, शान्ति, सुरक्षाको लागि आमरण अनसन बस्नु भएको थियो।

तर त्यसको व्यवस्था गरेर प्रदेश सरकारले वेवास्था गरे, संघीय सरकारले वेवास्था गरे र त्यहाँका जिल्ला प्रशानसन समेतले उहाँलाई व्यवस्था गरेको परिस्थिति छ र त्यसको लागि नेपाली कांग्रेसले पनि माग गरेको विज्ञाप पत्र बुझाईएको अवस्थामा पनि उहाँको शान्ति, सुरक्षाको लागि सबैले मध्ये नजर गरेर आमरण अनसनयहाँको सुरक्षाको ज्यान धनको जिउँद सुरक्षा समेतलाई मध्ये जनर गरेर सबैले यो प्रदेश सरकार ध्यानाकर्षणगर्न चाहन्छु र उहाँले राखेका मागहरुको प्रति हामीहरुले प्रदेश सरकार सरकारको पनि म ध्यानाकर्षणगराउँन चाहन्छु र संघीय सरकारबाट पनि त्यसको ...।

**माननीय सभामुख**:- माननीय नरोत्तम वैद्य।

**<u>माननीय नरोत्तम वैद्य (नेपाली कांग्रेस)</u>ः-** सब भन्द पहिला समाजवादी प्रधानमन्त्री अनि कम्युनिष्टको समाजवादी पार्टी कस्तो हुँदो रहेछ भन्ने कुराको उदाहरण हिजोको हाम्रो प्रधानमन्त्रीको जन्म दिनले देखाएको छ। अब मनमन अधिकारी पनि समाजवादी रहेछ। यो हाम्रो प्रधानमन्त्री खड्क वलि प्रधानमन्त्री रहेछ। पुष्पकमल दाहाल चाहिँ प्रधानमन्त्री रहेछ। यो सर्वहाराको प्रधानमन्त्रीको क्याट गोरि कस्तो हुँदो रहेछ। अब हामी नेपाली कांग्रेसको प्रधानमन्त्री पनि त्यो वि.पि.कोईराला प्रधानमन्त्री आफ्नो छोरीको विवाहमा चाहिँ समाजवादी विवाह अनि निमन्त्रण लीथो लेखको कागज अनि लीथो गरेको कागजमा कृपया दाजो नल्याउँनु होला। अनि समाजवादी विवाह गरेको मात्र देखियो। तर हाम्रो प्रधानमन्त्री समाजिक सुरक्षा ऐनलाई पनि सम्मान नगरिकन चाहिँ त्यो....।

**<u>माननीय सभामुख</u>ः-** माननीय शान्ति थिङ्ग।

**<u>माननीय शान्ति थिङ्ग (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>ः-** माननीय सभामुख महोदय, आज मनाई रहेको २१४७ ग्याल्पो ल्होसारको सबैमा शुभकामना र विशेष गरेर हिमाली तामाङ समुदाय र सेर्पाहरुले मनाईरहेने यस पर्वमा पनि प्रदेश सरकारले बिदा नदिएकोमा त्यसमा ध्यानाकर्षण गराउँन चाहन्छु र विभिन्न सांस्कृतीक कार्यक्रमहरु जिल्लाहरुमा हुने कारणले पनि यस बेलामा यसरी प्रदेश सभाको वैठक नराख्नको लागि अगामी दिनहरुमा ध्यानाकर्षण गराउँन चाहन्छु र अहिले भर्खरै बन्दै गरेको मन्त्री मण्डल पुर्ण गठनमा पनि यो प्रदेश सरकारको नजरले कुनै पनि महिलालाई नदेखेकोमा के कारणले देख्न सकेन भन्ने प्रश्न सभामुख मार्फत यस प्रदेश सरकारलाई ध्यानाकर्षणगराउँन चाहन्छु। धन्यवाद।

**<u>माननीय सभामुख</u>ः-** माननीय सदस्यहरु शून्य समयको कार्यक्रम यहि समाप्त हुन्छ।

माननीय सदस्यहरु अब म माननीय समाजिक विकास मन्त्री युवराज दुलाललाई प्रदेश युवा परिषद्को सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि विचार गरियोस भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

**<u>माननीय युवराज दुलाल, मन्त्री, समाजिक विकास मन्त्रालयः</u>-** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले प्रदेश युवा परिषद्को सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि विचार गरियोस भन्ने प्रस्ताव सम्मानि सभामा पेश गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुख</u>ः-** माननीय सदस्यहरु अब म प्रदेश वा परिषद् सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि विचार गरियोस भन्ने प्रस्तावमा माथि अर्थात विधेयक माथिको छलफलमा सामन्य छलफल प्रारम्भ हुन्छ। माननीय सदस्यहरु यस छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा जानकारी गराउँछु।

उक्त छलफलमा बोल्न चाहनु हुने माननीय सदस्यले आ-आफ्नो नाम चिटमा लेखि सभामुखको डास सँगै बसेका कर्मचारीहरुलाई उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछु। छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय राधा घले।

**<u>माननीय राधा घले (नेपाली कांग्रेस)</u>ः-** माननीय सभामुख महोदय, आज प्रदेश युवा परिषद् सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि छलफल गर्दै गर्दा मलाई एउटा कुरा याद आयो। जब २०६२/६३को आन्दोलन पछाडी संविधान ड्रफ्ट हुदै थियो। त्यति खेर हामी ८ वटा राजनीतिक युवा सगठनले युवा मन्त्रालय र युवाको लागि छुटै युवा परिषद् चाहिँ छ। युवा स्वरोजगारा कोष चाहिँ छ भनेर हामीले आन्दोलन गर्यौं। त्यसको फल स्वरुप युवा स्वरोगार कोष बन्यो। त्यस्तै युवा मन्त्रालय र युवा परिषद्हरु बने जब २०७२ साल माघ १२ गते राष्ट्रय युवा परिषदमा उपध्याक्षकको नियुक्त भयो।

त्यसपछडी ४ वर्ष पुरा भईसक्दा जम्मा जम्मी ८ वटा मात्र बैठक बसेको छ। जब कि युवा परिषद्को जुन मिटिङ कम्तिमा ४ महिनमा १ चोटि बस्नु पर्छ भन्ने छ र त्यसमा पनि धेरै लामो हामीहरुले चाहिँ के भन्यो भन्ने युवाको हक हितको लागि भनेर

जुन युवा सगठनहरुले आन्दोलन गरेका थिए। तर त्यो युवा सगठनबाट नलिकन तिनीहरु सँग सरसल्लाह नगरिकन उपाध्यक्ष ल्याईएको थियो।

अहिले जुन युवा संगठन यो युवापरिषद्को सम्बन्धमा व्यवस्था गर्न बनेको यो विधेयक आएको छ र त्यति खेर हामीले भनेका थियौ। वेरोजगारा युवाहरुको लागि रोजगारा व्यवस्था गरियोस। त्रिभूवन अन्तराष्टिय विमानस्थलबाट हजारौ युवा हरेक दिन विदेश पलायन हुँदै छन। त्यसकारण यहाँ नै रोजगारा सृजना गर्नुपर्ने उनीहरुको युवा उद्यमशीलताको विकास गर्नु पर्छ भने कुराहरु थिए। तर यी सबै कुराहरु आज चाहिँ गहन भएको छ। राष्ट्रय युवा परिषद्उपाध्यक्षको नियुक्त हुन साथ कसैलाई पनि सरसल्लाह नगरिकन एक लौटि रुपमा ६५ वटा जिल्लाहरुमा आफ्नो कार्यकर्ताहरु भर्ति गरिएको थियो।

जहाँ चाहिँ अधिकृत सरहको सेवा सुविधा सहित एउटा युवा समितिको अध्यक्ष गठन गरिएको थियो। अहिले पनि ६३ वटा छ। कहि यस्तै खालको कार्य कर्ता भर्ति गर्ने फेरि युवा परिषद् हाम्रो प्रदेशमा नहोस भन्ने पनि म आग्रह गर्न चाहन्छु। त्यस्तै ग्याल्पो ल्होसार उपलक्ष्यमा सम्पूर्ण हार्दिक मंगमल शुभकामना व्यक्त गर्न चाहन्छु। धन्यवाद। जय नेपाल।

**मानननीय सभामुख**:- माननीय नारायण बहादुर सिलवाल।

**माननीय नारायण बहादुर सिलवाल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))**:- माननीय सभामुख महोदय, सर्वप्रथम ग्योल्पो ल्होसारमा अवसमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु सबैमा त्यसपछि प्रदेश युवा परिषद्को व्यवस्था गर्न बनेको विधेयक प्रदेश सरकारले ल्याएको छ। आवश्यक थियो। त्यसको लागि धन्यवाद दिन चाहन्छु। म यसमा छलफल चलि रहँदा यसको उद्धेश्य प्रस्टमा राखु भएको छ। सरकारको तर्फबाट मन्त्रीज्यूले वास्तवमा हाम्रो देशले अहिले युवाहरुको शक्तिलाई परिचालन गर्ने कुरामा चुकेका कारणले जति प्रगती गर्नुपर्ने हो।

त्यो त्यसमा हामी सफलता प्राप्त गरि राखेका छैन। हाम्रो श्रम शक्ति, बौद्धक शक्ति पलायन हुने स्थितिलाई नियन्त्रण गर्नको लागि मलाई लाग्छ आवज उठेर यो केन्द्र पनि युवा परिषद् गठन भएको थियो र प्रदेश पनि मलाई त्यहि लक्ष्य काम अगाडी बढाउँन खोजेको देखिन्छ। त्यसैले मेरो पनि यसमा के कुरा चाहिँ सहमति अलिकति बहस गर्नेको कि हाम्रो समितिमा छलफल हुँदा माथि देखि तलको संरचनाहरु बनेर खालि नियुक्तका लागि परिषद् बन्नुले परिमाण पत्र हुँदैन। त्यसैले नीतिगत मुलत गर्ने अध्यान अनुसन्धान गर्ने, काममा यसलाई केन्द्रित गर्ने हो भने केन्द्रमा परिषद् छ र प्रदेश मात्रै परिषद् बनेर मातहतका कमिटिहरुको आवश्यकता हुँदैन होला यदि यसलाई काममा साचिकै केन्द्र गर्ने हो भने परिमाणमुखी काम भोलि गर्न सक्छ। बौद्धिक व्यक्तिहरु देखि लिएर हरेक क्षेत्रलाई समेटर बहस छलफल गर्दै त्यस निर्णयहरु दिएर थप ऐन नियम बनाउँदै काम गर्यौं मात्र यो परिषद्को उद्धेश्य प्राप्त हुन सक्छ। नत्र हामी कतै फेरि अल्मलिछु कि भर्ति त आज एउटाले गर्ला भोलि अर्को आउँछ भर्ति गर्न भर्तिमा मात्र केन्द्रित हुन्छ कि खेलकुद परिषद् गठन गरो।

तल देखि माथि युवा परिषद् गठन गरो। तल देखि माथि खालका संरचना हामी गएर खर्च धान्न नसक्ने तिर जाछौ कि भन्ने कुरामा अलि सचेतनाका साथ र चिनको युथलिकले गरेको काम सँग सक्ने गरेर अध्यान अनुसन्धान गरेर यो विधेयकलाई पूर्णता बनाउँने काममा हतार नगरिकन अलि बहस छलफल व्यार्पक गरेर समिति मार्फत आवोस भन्ने कुरामा म आफ्नो विचार राख्न चाहन्छु। धन्यवाद।

**<u>माननीय सभामुख</u>ः-** माननीय सरस्वति बाटी।

**<u>माननीय सरस्वति बाटी (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>ः-** माननीय सभामुख महोदय, अहिले हामी प्रदेश युवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सन्दर्भमा सैद्धान्तिक छलफल छौ। छलफल भन्दा अगाडी म यहाँहरु बिचमा २१४७ ग्याल्पो ल्होसार नयाँ वर्षको हार्दिक मंलगमय शुभकामना व्यक्त गर्न चाहन्छु।

वास्तवमा यो युवा शक्तिलाई नेपालको उन्नती, प्रगति संवृद्धिको लागि कसरी चाहिँ जनशक्तिलाई नेपालमा राखेर अगाडी बढाउँन सकिन छ भन्ने विषय वस्तुलाई लिएर यो युवा परिषद् गठन गर्ने सन्दर्भमा विधेयक आएको छ। यस विषयमा म यहाँहरु समक्ष के राख्न चाहन्छु भन्दा खेरि यो ४०.३५ प्रतिशत जनयुवा शक्ति छ। यो जनशक्तिलाई यो देशमा राखेर संवृद्धिको बाटोमा अगाडी बढाउँनको लागि युवा परिषद्ले लिएका जति पनि उद्धेश्यहरु छ। त्यो उद्धेश्यहरु ज्यादै महत्वपूर्ण त्यसो भएका कारण यो विधेयक यहाँ आई पुगेको छ भन्ने मलाई लागेको छ। त्यसकारणले म सभामुख मार्फत मन्त्री परिषद्लाई धन्यवाद दिन चाहन्छु।

यो विधेयकमा आईरहँदा यो संक्षिप्त कुराहरु गर्दा खेरि धेरै कुराहरु यसमा शुद्धा शुद्धीको कुराहरु पनि छन। प्रदेश समितिको गठनको सन्दर्भमा यहाँ अलिकति के भनेको छ भन्दा खेरि परिषद् गठनको देयाह भनेको छ। प्रदेश सरकारले युवा सम्बन्धि विशेष मन्त्री हेर्ने मन्त्री भनेको छ। मन्त्री यदि पुरुष भयो भने प्रदेश सरकारले नियुक्त गर्न उपाध्यक्षको रुपमा महिला हुन अति आवश्यक छ भनेर यो व्यवस्थापन यहाँ हुनु पर्छ जस्तो मलाई लागेको छ किन भन्दा खेरि हामीले संविधान अनुसार संवैधानिक अग अन्तरगत रहेरकाम गर्दा खेरि महिला र पुरुषको अध्यक्ष र उपाध्यक्ष भन्ने हुन्छ। त्यसो भयो भन्ने यो राम्रो हुन्छ भन्ने मलाई लागेको छ। त्यस्तै गरिकन यहाँ जिल्ला युवा समिति अध्यक्षहरु मध्ये परिषद् मनोनित गर्ने भनिएको छ। ३ जना भनेर भनेको छ। त्यसमा महिला भनिएको छैन।

त्यस मध्ये एक महिला हुने गरिकन १३ वटा जिल्ला छ। १३ वटा जिल्लामा महिला मध्ये त्यसबाट ३ प्रतिशत हुने गरिकन गर्नु पर्छ भने चाहिँ राख्नु पर्छ। यहाँ चाहिँ ग. भनेको छ गर्ने भन्नु पर्ने ठाउँमा गर्नेछ यस्तो कुराहरु धेरै ठाउँमा छ। त्यस्तो भएको कारणले यो कुराहरु सच्याउँन जरुरी छ जस्तो युवा वैज्ञानिकलाई प्रोत्साहन गर्ने कार्यक्रम सन्चालन गर्न सकिने भने छ। यहाँ चाहिँ गर्न मात्र गनुपर्ने सकिने भनेर लेखिए छ। यो विषयगत अनुसार चाहिँ शुद्धा शुद्धी धेरै ठाउँमा त्यस्तो विषयहरु छ। यो चाहिँ समितिमा गएर विशेष गरिकन व्यापक छलफल गरेर अगाडी मात्र ल्याउँनु पर्छ भने

मान्यता म राखर्दछु। त्यसो भएको कारण मन्त्री परिषद्लाई यहि समितिमा यो लगेर व्यवस्थित गरेर छलफलमा अगाडी बढाएर मात्र ल्याउँन उपयुक्त हुन्छ भन्ने कुरा म राख्न चाहन्छुं। धन्यवाद।

**मानननीय सभामुख**:- माननीय रिना गुरुङ्ग।

**माननीय रिना गुरुङ्ग (राष्ट्रय प्रजातन्त्र पार्टी - संयुक्त)**:- माननीय सभामुख महोदय, सर्वप्रथम प्रदेश युवा परिषद्को सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक बागमती प्रदेशमा ल्याउँनु भएकोमा प्रदेश सरकार र माननीयमन्त्रीज्यूलाई बधाई दिन चाहन्छु। बधाई दिन साथै भोलिको दिनमा हामीहरुले यहि रोष्टमा उभिएर प्रदेश युवा परिषद् युवाहरुको संरक्षण, उत्थान, उहाँको उन्नती, प्रगतिको लागि होईन कि यो प्रदेश युवा परिषद् भनेको ने.क.पाको कार्य कर्ता भर्ना केन्द्र बनेको छ भन्ने अवस्था नआवोस भन्ने पनि म यताबाट सचेत गराउँन चाहन्छु।

आज हामीहरु युवा परिषदको सम्बन्धमा व्यवस्था गर्ने बनेको विधेयक माथि छलफल गरि राख्दा खेरि चाहिँ यो विधेयक पढी राख्दा खेरि चाहिँ मैले स्वयंसेवकको अवधारणहरु पनि पढे स्वयं सेवकको अवधारण पढि राख्दा खेरि चाहिँ विकास निर्माण चाहिँ स्वयं सेवक, युवा स्वयं सवेकहरुले प्रोत्साहन गर्ने गरिने छ। युवा स्वयं सेवकहरुले चाहिँ भर्ना गरिने छ भन्ने लगाएतका कुराहरु चाहिँमा म के भन्न चाहन्छु। सभामुख मार्फत सरकारलाई युवाहरुले चाहिँ हामीले स्वयं सेवक बने तिर प्रोत्साहन गर्नु हुँदैन।

युवाहरुले चाहिँ रोजगारी चाइन्छ। फुल टाईम रोजगारी चाईन्छ। युवाहरुले आवसर चाहिँ चाइन्छ। स्वयं सेवक उहाँहरुले बनाउँने वितिकै यो एउटा उहाँहरुको प्रगतिमा बाधक हुन्छ र यसले चाहिँ प्रस्ट चाहिँ के पनि देखिन्छ भने हामीहरुले चाहिँ स्वयं सेवक बनाएर राखेको होईन कि कहि न कहि विभिन्न कार्य कर्ताहरुले व्यवस्थापन गर्ने तिर गईरहेका छौ। त्यो भएर स्वयं सेवक भन्ने अवधारण समाप्त होस भन्ने कुरा पनि मैले योमचबाट चाहिँ आग्रह गर्न चाहे युवाका कुराहरु चलि रहेका छन। भर्खरै शून्य

समयमापनी कुरा उठेकको छ। माडीका विदेशमा एमफलि गरेर आएका १ जना युवा वडा अध्यक्ष कृष्ण पौडेल उहाँले माडीका विकासको लागि विभिन्न बुँदा सहित अनसनमा बस्नु भएको छ। भर्खरै पनि ध्यानाकर्षण गराउँछु। म पूर्ण ध्यानाकर्षण गराउँन चाहन्छु।

माडी कस्तो ठाउँ छ भन्ने माडीमा चाहिँ माडीको जनसंख्याले घट्दो क्रम छ। माडीको जनताहरु विकास निर्माणको कारणले गर्दा खेरि बाह्यियको अवस्था छ। भोलिको दिनमा यहि क्रममा चाहिँ माडीमा जादा खेरि युवाहरु कहाँ छ भनेर बत्ति बालेर युवाहरुले खोजने समय पनि नआओस। भोलिको दिनमा चाहिँ अहिले हाम्रो पुस्ता लिपुलेक हाम्रो छ भन्ने कालपानी हाम्रो छ भन्ने अव्यवस्था छ।

भोलिको दिनमा चाहिँ यो कहीन काही नीतिगत रुपमा माडी जस्ता ठाउँहरुलाई चाहिँ नेपालबाट चाहिँ बाहिर गर्ने सर्डन्त्रण नहोस। भोलिका पुस्ताहरुले चाहिँ हाम्रो माथि आरोप लगाए चाहिँ भोलिका पुस्ताहरुले माडी हाम्रो हो। माडी नेपालको भन्ने चाहिँ अवस्था पनि नआओस। यति भन्दै बिदा हुन चाहन्छु। नमस्कार

**<u>माननीय सभामुख</u>:-** माननीय रत्न प्रसाद ढकाल।

**<u>माननीय रत्न प्रसाद ढकाल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** सर्वप्रथम २१४७ ग्योल्पो ल्होसारको हार्दिक शुभकामना दिन चाहन्छु र प्रदेश सरकारले प्रदेश युवा परिषद्को सम्बन्धमा व्यवस्था बनेको विधेयक त्यो अन्त्यतै महत्वपूर्ण विधेयक हो। यो ढिलै भए पनि ल्याएको छ।

प्रदेश सरकारलाई धन्यवाद दिन चाहन्छु। खास गरि परिवर्तनको संवाहरु युवा शक्ति जस बिना कुनै पनि परिवर्तन सम्भाव थिएन र म महत्वपूर्ण भूमिका खेलर यो संघीयता र संविधान निर्माण खातिर युवाहरु लडेका थिए। ति युवाहरुलाई सहि ढंगले राष्ट्रले डोर्याउनको निम्ति प्रदेशले डोर्याउको निम्ति उनीहरुलाई आवश्यक उचित व्यवस्था गर्नको निम्ति प्रदेश सरकारले बेलैमा ध्यान दिनु पथ्यो।

त्यो ढिला भई सकेको थियो। किन भन्ने आज लाखौ लाखौ युवाहरु जो विदेशीयका छन। अरबका खाडीहरुमा छन। हजारौ युवाहरु बेरोजगार भएर सहरका गल्लिहरुमा भौतारि रहेका छन।ति युवाहरुलाई हाम्रो प्रदेशले कसरी सोचि रहेको छ।हाम्रो सरकारले उनीहरुलाई कसरी परिचालन गर्छ। संरक्षण कसरी गर्छ। उनीहरुलाई स्वरोजगारा गराउँछ र एउटा प्रकारको अराजक दिशा तिर गईरहेको समाजलाई नियन्त्रण गर्नको निम्ति युवाहरुको महत्वपूर्ण भूमिका हुन्छ। मुलुकलाई अगाडी बढाउँनको लागि निम्ति जुन तागत्मा जुन शक्तिमा त्यो बल छ।

त्यो नैतिकवान त्यो परिवर्तनका भाग युवा शक्तिलाई नजर अन्दाज गरेर यो प्रदेश सन्चलन सक्दैन। त्यसकारण उनीहरुलाई सहि ढंगले बढाउँको निम्ति ता कि एउटा व्यवस्था जो हिजो संघमा पनि थियो। आज प्रदेशमा छ। भोलि यसको साखा विस्तार हुँदै जाँला। त्यो एउटा विसुद्ध कार्यकारी परिषद्को निम्ति मात्र उनीहरुलाई ठोस, अमूर्त रुपमा अगाडी बढाउँको निम्ति एउटा योजना गर्नको निम्ति मेरो विचारमा यो विधेयक निकै महत्वपूर्ण छ।

यसले ति युवाहरुलाई समेटने छ र युवाहरुको भविष्यको खातिर भोलिका दिनमा प्रदेश सरकारले आफ्नो जुन प्रकारले ध्यान दिनु पर्ने थियो। त्यो ढंगले हाम्रो प्रदेशमा कुन ठाउँमा कुन युवा जनशक्तिहरुलाई परिचालन गरेर। यो प्रदेशको विकास गर्न सकिन्छ र संवृद्धि हासिल गर्न सकिन्छ भन्ने कुरामा प्रदेश सरकारले ध्यान दिने छ। भन्ने कुरा राख्दै मेरो भनाई यहि अन्त्य गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुख</u>ः-** माननीय माधव प्रसाद पौडेल।

**<u>माननीय माधव प्रसाद पौडेल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>ः-** सभामुख महोदय, सब भन्दा पहिला म यो ग्याल्पो ल्होसारको उपलक्ष्यमा सबैमा शुभकामना व्यक्त गर्न चाहन्छु र साथ साथै यो सामाजिक मन्त्रालयको तर्फबाट प्रदेश युवा परिषदको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक जुन प्रस्तुत गरेर युवाहरुलाई राष्ट्रिय विकासमा सहभागिता गराउँनको लागि जुन खालको पहल कदम लिएको छ।

प्रदेश सरकारलाई धन्यवाद दिन चाहन्छु र यस विधेयकमा धेरै व्यवस्थाहरु गरेको छ। यसमा चाहिँ मलाई के लाग्छ भन्ने यो ठूलो काम हो र अघि नै पूर्ववक्ता साथीहरुले भनेर गईसक्नु भयो।

यो युवाहरुको एउटा परिचालनमा खास गरेर जनप्रनीधिहरु स्थानीय तहका सरकारका प्रतिनीधिहरु र प्रदेश सभाका सदस्यहरुलाई पहिचान गर्ने कुराहरु ऐनले समेटे भन्ने देखि यसले अझ यस विधेयकले उद्धेश्य पुरा गर्न सजिलो हुन्छ। त्यसकारणले प्रदेश सदस्यहरु हाम्रा ११० सदस्यको भूमिका पनि यसले यो विधेयकले निर्धारण गरौस र त्यसै गरि स्थानीय तहको भूमिकालाई निर्धारण गरोस र यसरी समेट्यो मात्र यो विधेयकको उद्धेश्य पुरा हुन्छ भन्ने खालको राख्दै म बिदा हुन्छु।

**<u>माननीय सभामुख</u>:-** माननीय दिपेन्द्र श्रेष्ठ।

**<u>माननीय दिपेन्द्र श्रेष्ठ (नेपाली कांग्रेस)</u>:-** माननीय सभामुख महोदय, प्रदेश युवा परिषद्‌को सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा आफ्नो धारण राख्दै छु। सर्वप्रथम त म यस विधेयकलाई लिएर आउँनु भएकोमा मन्त्री अन्तस्करण देखि हार्दिक धन्यवाद दिन चाहन्छु। वास्तवमा मैले सरसर्ति अध्यान गर्दा खेरि यसको अभिप्रया उद्धेश्य अन्त्यतै राम्रो छ। तर मलाई चाहिँ यसको नियत कार्यान्वयन पक्षमा चाहिँ पूर्ण रुपले चाहिँ शंका उत्पन भएको छ।

किन कि यसमा छनौट समितिमा को को रहेने त्यसका चाहिँ छनौटका प्रक्रियाहरु कतिको परादर्शिक हुन्छ भन्ने कुरा महत्वपूर्ण विषय हो। मलाई कता कता लागि रहेको छ। कतै यो युवा परिषद्‌को अवधारणा ल्याएर आफ्नो सगठीत सदस्यहरुलाई भर्ति गर्ने एउटा कलुसीत भावनात व्यक्त गरेको हो कि जस्तो मलाई लागि रहेको छ र यता तिर जान आवश्यक हुँदैन र त्यो संकिण मानसिकताबाट सरकारलाई उन्मूख हुनको लागि सुझाव दिन चाहन्छु। वास्तवमा अहिले युवा उद्यशीलतालाई लक्षीत कार्यक्रम ल्याउँन सकेनौ भन्ने समुन्नत राष्ट्रको परिकल्पना र संवृद्धिको सुखी जनताको अवधारणलाई सार्थक बनाउँन सम्भाव छैन।

अहिले भनिन्छ मानव संसाधनको उपयोग नै विकासको आधारशीला र आर्थिकको कारतत्व हो भनेर प्रमाणी भई सकेको छ। विश्वमा भई सकेको छ। विश्वको अर्थविधहरु अहिले अबको केही दशक पछि संम्वृद्ध शालि राष्ट्र चिन र भारत हुने छ भनेर चाहिँ पूर्वअनुमान लगाई राखेका छन। त्यसको पछाडी धेरै कारण छैन। बढो जनसंख्या र त्यो जनसंख्याको सदुपयोग समुचित उपयोग नै त्यसको विकासको आधारशीला भनेर भनिएको छ। मलाई दुखका साथ व्यक्त चाहन्छु। प्रदेश सरकार गठन भएको २ वर्ष भई सकेको छ।

आज सम्म पनि मुलुकले एउटा पनि युवा उद्यमशीलतालाई लक्षित कार्यक्रम दिन सकि रहेको थिएन। जसकारण आज हजारौ युवाहरु चाहिँ नि विदेशीने क्रम दिन प्रति दिन बढी रहेको छ। यो कुरालाई एड्रेस गरेर यसको चाहिँ संख्या बढाएर अन्त्य पादरर्शिता ढंगबाट यो युवा परिषदमा रोजगारा अवसहरु युवालाई दिने प्रवन्ध गरियोस र यसमा मुलुकको चाहिँ प्रगति हुने विश्वास गर्दै आफ्नो संक्षिप्त धारणा राख्दै बिदा हुन्छु। धन्यवाद। नमस्ते

**<u>माननीय सभामुख</u>ः-** माननीय भिमसेन खत्री।

**<u>माननीय भिमसेन खत्री (नेपाली कांग्रेस</u>**)ः-_यो अन्त्यत महत्वपूर्ण विधेयक हो। कारण के हो भन्दा खेरि जुन सुकै देशको विकास निर्माण गनको लागि मानव सधान र स्रोत त्यो सब भन्दा महत्वपूर्ण तत्व के हो भन्दा खेरि युवा शक्ति जसले चाहिँ के हुन्छ भन्ने हरेक काममा देश विकासको हरेक क्षेत्र ठाउँमा हरेक क्रियाकलपा सहयोग पुर्याउँन सक्छ। जस्तो परिभाषा स्पष्ट छैन।

कित देखि कतिलाई चाहिँने यो युवा भन्न खोजेको हो। युवा परिषदमा मलाई लाग्छ २० देखि ४० सम्मका उमेर समुहमा रहेका व्यक्तिहरुलाई युवा भनेर खोजिएको होला र त्यो युवा शक्तिले चाहे शिक्षा क्षेत्रमा होस। चाहे विज्ञानको क्षेत्रमा होस। व्यापार, खेलकुद तिहरुले के गर्छ भन्ने आ-आफ्नो नजिकका आफ्ना साथी भाई सबैलाई

के हुन्छ भन्दा खेरि अत्यत शसक्तीकरण रुपमा चाहिँ परिचालन गर्न सक्छन र एउटा उद्धेश्य प्राप्त हुन्छ।

हामीले विगतको ईतिहास नेपालको ईतिहास हेर्दै जाने हो भन्ने प्रत्येक ईतिहासको पाईला-पाईलामा के छ भन्दा खेरि युवाहरुको भूमिका अन्त्यत महत्वपूर्ण हुन्छ। २००७ सालको परिवर्तन हेर्ने हो भने त्यति बेलाको युवाहरुले राणा शासनको अन्त्य गर्‍यौं। प्रजातन्त्र स्थापना गरौ। २०१७ सालको प्रतिक्रान्तिमा पनि युवाहरुले के त भन्दा खेरि पञ्चायत व्यवस्थाको विरुद्ध शसक्तीकरण आन्दोलन गरे तिस वर्ष लाग्यो। २०४६ सालको आन्दोलनमा के छ भन्दा खेरि युवाहरुकै शसक्तीकरण प्रतिरोध कारणले पञ्चायति व्यवस्था ढल्यो।

बहुदलीय व्यवस्थापन स्थापना भयो। २०६२/६३मा चाहिँ के भने देखि राज ज्ञानेन्द्र चालेको त्यसका ति कदम अथवा त्यो बगीरहेको संसारमा बगेको युवा शक्तिको नजर अन्दाज गर्न नसकेर के हो भन्दा खेरि राजतन्त्र समाप्त भयो। त्यसकारण प्रत्येक राजनीति क्रान्ति हो भन्नुहोस अथाव चाहिँ आर्थिक विकासमा अहिले पूर्ववक्ता साथीले भनु भो भन्ने विश्वको जति पनि विकासीत धनि समपन्न देश भने छ। ति देशहरुमा के छ भन्दा खेरि प्राकृति साधन स्रोतहरु भन्दा मानव स्रोत साधन र युवाहरुलाई परिचालन गरेर। अत्यन्त शसक्तीकरण रुपमा के गरिराख्छ भन्न भन्दा खेरि देश विकासको लागि महत्वपूर्ण भूमिका लेखि राखेका हुन।

हाम्रो नेपालमा पनि के छ भन्दा खेरि कृषिको विकास भए छैन। उद्योगधन्दाको विकास भएको छैन। रोजगारीको अवस सृजना गरेको छैन। यो उसले के गर्न सक्छ भन्दा खेरि अहिले आएको विधेयकले राज नीतिक उद्धेश्य प्राप्ति भन्दा विशेष गरि आर्थिक विकास, समाजिक सचेतना परिवर्तनको लागि चाहिँ संवाहरुको यसले काम गरोस। कसैको चाहिँ भर्ति केन्द्र अथवा कुनै पार्टी, दलको विशेषमा यो विधेयक चाहिँ नजाओस भन्ने भनाई राख्दै मेरो भनाई यहि टंग्याउँछु। हस त जय नेपाल।

**<u>माननीय सभामुख</u>ः-** माननीय रमेश पौड्याल।

**<u>माननीय रमेश पौड्याल (विवेकशील साझा पार्टी)</u>:-** माननीय सभामुख महोदय, यो प्रदेश युवा परिषद् विधेयकको सैद्धान्तिक छलफलमा भाग लिंदै गर्दा खेरि मलाई के लाग्छ भने सबै भन्दा पहिला हामी स्पष्ट हुनु पर्दछ। हामीले युवा शक्तिलाई कसरी हेरि राखेका छौ। यसलाई चाहिँ एउटा सत्तामा पुग्ने भर्याङ्ग बनाउँने बनाउँने शक्तिको रुपमा हेर्छौ कि त्यसलाई एउटा सृजनात्मक शक्ति हो।

त्यसलाई बदलनको लागि सहिस अर्थमा राजनीतिक मुलधारामा यसको योग्दान हुनु पर्छ भनेर भन्ने छौ र साथै यसलाई चाहिँ एउटा ढुंगा हाने ईट्टा हाने टायर बाल्ने नेपाल बन्द गर्ने शक्तिको रुपमा हामी हेर्छौ कि यसलाई फुल रोपने, सृजनात्मक काम गर्ने सन्देश दिने हिसाबले हेर्छौ भने कुरामा स्पष्ट जरुरी छ जस्तो लाग्छ र यो विधेयक आउँदै गर्दा खेरि यसको खास गरिकन परिषद्को गठनको विषय छ र यहाँ मैले के देखे भन्दा खेरि ४० वर्ष ननाघेको सदस्यहरु पर्छ भन्ने जुन स्वागत योग्यको विषय छ।

मेरो साथ साथै जिज्ञास के पनि छ भन्दा खेरि यहाँ धेरै सदस्यहरु पदेन जस्तै प्रदेशको नीति तथा योजना आयोगबाट आउँने आर्थिक मामिला तथा योजना मन्त्रालयबाट सचिव र सदस्यहरु अरु धेरै पदन सदस्यहरु छन। त्यो सदस्यहरु हकमा के हुन्छ भनेर स्पष्ट बोलिएको छैन। त्यसले गर्दा यहाँ परिक्षेद ५ को ३ (ग)मा ४० वर्ष ननाघेको व्यक्ति हुनु पर्छ भनिए पनि भोलि चाहिँ पदैन सदस्यहरु चाहिँ फेरि पनि ४० वर्ष माथिका मान्छेहरु आएर ति मान्छेहरु कै बहुमत हुने हो भन्ने यो लेख्नु कुनै ओचितय छैन। यसलाई स्टिकलि लागु गर्ने गरेर ४० वर्ष ननाघेको मान्छेहरुको कमिटि बनाउँने गरेर कसरी त्यसलाई सुनिश्चीत गरेर जान सकिन्छ।

त्यसमा मन्त्रीज्यूको विशेष ध्यान जावौस म यो कुरा राख्न चाहन्छु र त्यसै गरि यो परिक्षेद ५ मा चाहिँ जुन समितिको गठन भनेर भनिएको छ। यो शीर्षकमा यो कार्यकारी समिति रहेको देखिन्छ। त्यसले गर्दा यो शब्दको समान्य शब्द छुटेको मात्र नभएर समिति भनेको समान्य अरु केही किसिमको समिति होईन। कार्यकारी समिति हो भन्ने भने कुरामा त्यसमा स्पष्टता चाहिन्छ भन्ने मलाई लाग्द छ र त्यसले गर्दा खेरि यो जुन ढगंले हामीले सोचि राखेका छौ।

यो प्रदेश चाहिँ युवाहरुलाई राजनीतिमा माथि पुग्नको लागि आफ्नो भर्याङ्ग बनाउँने होईन कि उनहरुलाई स्वासरफूर्त रुपमा राखेर राजनीतिको मुल धारामा आउँनको लागि तमतयार पार्ने सोचको राजनीतिलाई तमतयार पार्ने ढंगले यो विधेयक अगाडी बढाउँन पर्छ भने कुरा म यहाँ राख्न चाहन्छु। धन्यवाद।

**<u>माननीय सभामुख</u>ः-** माननीय रमा आले मगर।

**<u>माननीय रमा आले मगर (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>ः-** माननीय सभामुखज्यू, सर्वप्रथम म ग्याल्पो ल्होसारको सन्दर्भमा सम्बन्धित समुदाय र सम्पूर्ण नेपालीहरुलाई हार्दिक मंगलमय शुभकामना व्यक्त गर्न चाहन्छु र त्यसै गरि आज समाजिक विकास मन्त्रालय अन्तर्गत बनेको प्रदेश युवा परिषद्को सन्दर्भमा व्यवस्था गर्न बनेको विधेयकको विषय वस्तुमा छलफल गर्न क्रममा म अगाडी बढी रहेको छु।

यो सन्दर्भमा सब भन्दा पहिला यो विधेयक ल्याएर युवा परिषद् अन्तर्गत रहि युवालाई व्यवास्थापन गर्न सोचाई रहयो। यो सोचईका साथ ल्याउनु हुने यो विधेयक ल्याउँनु हुने माननीय मन्त्रीज्यू र प्रदेश सरकारलाई धन्यवाद दिन चाहन्छु। म यो प्रदेश युवा परिषद्को विधेयकलाईअध्यान गरि रहन्दा खेरि मलाई दुई वटा कुरा खट्िक रहेको छ। एउटा चाहिँ हामीले यो प्रदेश युवा परिषद्को जुन सन्दर्भको छ। यो वर्डले मलाई कता-कता बाह्रै गरिरहेको हो कि भन्ने म आफुले महसुस गरिएको छु।

किन भन्ने हामीले लामो समय देखि युवा युवति महिलाहरुलाई प्रतिनीधित्व गर्ने वर्ड मिलेन महिला र पुरुष दुवैलाई सम्बोधन गर्ने वर्ड चाहि बनाउँनु पर्छ। शब्द बनाउँनु पर्छ। शब्दले प्रतिनीधित्व गराउँनु पर्छ भनेर हामीले लामो समय लड्यौ। तर अहिले पनि हामी लड्दा खेरि लडौ। लडि सकेपछडी जुन उपलब्धि हामीले हासिल गरौ।

त्यो उपलब्धिलाई हामीले कार्यान्वयन गर्न सन्दर्भमा फेरि पनि महिला र पुरुष दुवैलाई प्रतिनीधित्व गर्न वर्ड शब्द चाहिँ हामीले छनौट गर्न सकेनौ भन्ने मलाई लाग्छ। त्यसो हुँदा खेरि म माननीय मन्त्रीज्यूलाई माननीय सभामुख मार्फत चाहिँ म ध्यानाकर्षण

गराउँन चाहन्छु। एउटा अर्को कुरा मलाई कहाँ निर खट्किक रहेको छ भने हामी लामो समय देखि महिलाहरुको प्रतिनीधित्व, महिलाहरुको सहभागितामा हामी लडौं त्यो २०६२/६३ आन्दोलन अरु आन्दोलनहरुलाई पनि हेरौं।

हामीले यो हेरि रहन्दा खेरि के देखाई रहेको छ भन्ने अहिले बागमती प्रदेशमा हेरि रहने हो भने चाहिँ हामीले क्याविनेटको सन्दर्भमा, चाहे हामीले मन्त्री मण्डलको सन्दर्भमा, चाहे हामी हरेक विधेयकहरु बनाउँने सन्दर्भमा हाम्रो संविधानले कोर्ड गरेको एक तिहाई प्रतिशत महिलाहरुको सहभागिता हामीले पाउँन सकेका छैनौं।

जसको कारणले गर्दा खेरि बागमती प्रदेशको महिलाहरुले सिर ठाडो पारेर कहि महिलाहरुको बारेमा बोल्न पर्रे भन्ने बोल्न सकिने अवस्था छैन। त्यसो हुँदा यो युवा परिषद्ले त यो परिस्थिति आउँन नदिने गरेर चाहिँ प्रतिनीधित्व गराओस भन्ने कुरा यहाँ राख्दै मेरो भनाई यहि अन्त्य गर्न चाहन्छु। धन्यवाद नमस्कार।

**<u>माननीय सभामुख</u>:-** माननीय वेलि मैया घले।

**<u>माननीय वेलि मैया घले (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुखज्यू, युवा परिषद् विधेयकको सैद्धान्तिक छलफलमा भाग लिई रहँदा सर्वप्रथम म हाम्रो ग्याल्पो ल्होसारको समत नेपालीहरुलाई सभामुख मार्फत हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु। यो विधेयक ५१ औं विधेयकको रुपमा सैद्धान्तिक छलफल भाग लिईरहेका छौं।

म एउटा फोरममा विधेयक आउँनु भन्दा अगाडी म एउटा फोरममा अन्तराष्ट्रिय फोरममा सहभागि हुन अवसर पाएको थिए काठमाडौमा मलाई सबैले यो चाहि माननीय त्यहि खेर ३ नं. को माननीय प्रदेश त्यहि बेला बागमती प्रदेश भई रहेको थिएन। प्रदेश नं.३ को माननीय चिनायो। मलाई अफ्ठयारो लाग्यो।

अप्ठयारो लागे पछि विदेशी फोरमका विशेष गरि श्रम जीवि महिलाहरुले धेरै म सित आकसति भएर प्रश्न गरे। तिमीहरुको को के हो भनेर हाम्रो राज्य पूर्ण संरचनाको बारेमा प्रश्न गर्नुभयो ? मैले भन्ने हाम्रो भर्खरै राज्य संरचना भएको छ। एकात्मक

राज्यबाट हामीले प्रदेशमा गएको छ। त्यस पछि हामीले जिज्ञास गर्नुभयो त्यो गई सकेपछि तिमीहरुले कानूनहरु विशेष गरि संघ सँग रिलेट कस्ता कस्ता कानूनहरु बनाउँयो भन्ने मैले यस्ता-यस्ता कानून त भनिन समय थोरैको कारण उहाँले हामी २ वर्ष पुग्दै छौ। तर हामीले ४५ वटा विधेयक चाहिँ पास पारित गरिसकेका थियौ। ४५ वटा विधेयक पारित गरौ।

त्यसपछाडी हाम्रो २ वटा विधेयक चाहिँ पाईप लाईनमा छ भनेर भन्दा उहाँहरुले जिब्रो टोक्नु भो म त्यति भाषा बुझथिन मलाई दोभाषाले मलाई उल्था गरि रहनु भो थियो। किन उनले जिब्रो टोक्यको सोधे मैले अनि त्यसपछाडी उनले सोधिन दुई वर्षमा ४५ वटा विधेयक भनेर आतिनु भो के गर्ने त हाम्रो देश भर्खरै पुन संरचनामा गएको छ। नगरिन नहुने काम चाहिँ हामीले कानून मार्फत ल्याउँन पर्ने भएको कारणले गर्दा गरे भनेर म चाहिँ स्केप भए अनि उनीहरुले उद्धारण दियो। अमेरिकामा एउटा विधेयक बन्नलाई दुई वर्ष छलफल गरेर दुई वर्ष छलफल गर्दा पनि अडाई वर्ष लाग्यो रे त्यो विधेयक ल्याउँनलाई अनि मैले त्यसको प्रोसेस बताए उहाँहरुलाई प्रोसेस के के हुन्छ भन्दा खेरि त उहाँले प्रत्येक स्टेक होल्डर त्यसपछडी व्यक्ति व्यक्ति पनि जानु हुँदा रहेछ।

हामीले यसरी तिमीहरु ४५ वटा भनेसी उनीहरुले व्याङ्गत्मक तिमीहरुको त्यो माननीयहरुले पनि त्यसमा सबै ध्यान गर्दैन। त्यहि हो रियालीट त्यहि हो। त्यो त होईन। गर्छौ मैले यो किन भन्न खोजेको भन्ने हाम्रो बाध्यता यो छ। हामी भर्खरै पून संरचनामा गई रहेकाछौ। नगरिक नहुने काम गर्न पर्ने भएकोले यो विधेयक आएको छ। विधेयक ल्याउँने टिमलाई सभामुख मार्फत हार्दिक कृतज्ञ ज्ञापन गर्दै यसको उद्धेश्य अन्त्यत राम्रो छ।

मैले यहाँ छलफलमा भाग लिईरहेको माननीयज्यूहरुलाई केही जवाफ चाहिँ होईन। तर यहाँ कुनै पन पार्टीको जस्तो विधान फलानो पार्टीको युवालाई संरक्षण गर्न त भनेको छैन विधेयक हामी सकारात्मक आखाँबाट हेरौं भन्ने छौ। हामी अहिले हेरक चिज नकारात्मक आखाँबाट हेरेका छौ।

एउटा चिज नराम्रोलाई ५सय वटा समाजिक सञ्जाल प्रयोग गर्छौं। त्यो नराम्रो नराम्रो भन्न तर राम्रो चिजलाई २-३ वटा समाजिक सञ्जाल प्रोभोक गरि रहेको हामीले पाएका छौ। हाम्रो देश कता लादैं छौ। त्यहि भएको कारणले गर्दा युवालाई संरक्षण गर्नु पर्छ। युवालाई प्रवर्धन गर्नुपर्छ भनेर ल्याएको विधेयक असाध्यै राम्रो छ। धन्यवाद।

**<u>माननीय सभामुख</u>ः-** माननीय शोभा शाक्य।

**<u>माननीय शोभा शाक्य (विवेकशील साझा पार्टी)</u>ः-** माननीय सभामुख महोदय, सर्वप्रथम २१४७ औ ग्याल्पो ल्होसारको उपलब्धमा सम्पूर्ण नेपालीहरुलाई हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ। आज जुन प्रदेश युवा परिषद्को सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको टेबुल भएको छ। यसको लागि माननीय मन्त्रीज्यूलाई धेरै-धेरै यो विधेयकलाई स्वागत गर्न चाहन्छु। किन भन्ने यो युवा भनेकै हाम्रो भविष्यको कर्णधार हो। भविष्यको कर्णधारहरुलाई हाम्रो नेपालमा राखु र हाम्रो नेपालमै काम दिएर राखु यो एकदमै महत्वपूर्ण विषय हो।

यस विषयमा हाम्रो मन्त्रीज्यू पनि युवानै हुनु हुन्छ। त्यसकारण उहाँले अझ राम्रो सँग बुझनु हुन्छ भन्ने म चाहन्छु। युवाहरुनै हाम्रो भविष्यका कारण दार भएको कारणले युवाहरुको जुन विधेयकले जुन विषय वस्तु आएको छ। यसमा धेरै राम्रो भएको छ। तर यो विषय वस्तुलाई पनि कागजमा मात्र सिमित नराखिकन हाम्रो विधेयक जस्तै गरेर सबैमा समान रुपमा चाहिँ सबैलाई समेटियोस भन्न चाहन्छु। दलबाट माथि उठेर हाम्रो देशको लागि पनि काम गर्नको लागि यो विधेयकमा राखिएको विषय वस्तु अन्तर्गत चाहिँ आफ्नो दलबाट उठेर सबैलाई समेटियोस भन्न चाहन्छु। यो विधेयक ढिलै भए पनि यो विधेयक आयो।

धेरै खुशी लाग्यौ। किन भन्ने हाम्रो युवाहरु सबै विदेश पलाएन भएको अवस्था छ। अहिले हामीले हेर्दा खेरि गाउँ-गाउँनै युवा बिहिन भएको छ भने काठमाडौ भ्यालिका पनि सबै युवाहरु विदेश पलान भएको अवस्था छ।

त्यसकारण उहाँहरुको लागि चाहिँ नेपालमै काम दिनको लागि पनि यो विधेयकले धेरै भूमिका खेल्छ भन्ने मलाई लाग्छ। युवाहरु नभएको कारणले गर्दा चाहिँ सबै उद्योग बन्द भएको अवस्था छ। हाम्रो पर्यटनहरुको लागि पनि पर्यटकहरु आउँने बेलामा युवाहरुलाई पनि परिचालन गरेर पर्यटनहरुको निर्देशनहरु हाम्रो देशमा भएका सांस्कृत, सम्पदाको निर्देशन गराउँने त्यस्तोमा पनि यसमा समेटिएर लगोस भन्न चाहन्छु। यो विधेयकलाई स्वागत गर्दछौ। मेरो भनाई यहि अन्त्य गर्दछौ। धन्यवाद।

**<u>माननीय सभामुख</u>ः-** माननीय निमा लामा।

**<u>माननीय निमा लामा (नेपाली कांग्रेस)</u>ः-** माननीय सभामुख महोदय, प्रदेश युवा परिषद्को सम्बन्धमा व्यवस्था गर्न बनेको विधेय सैद्धान्तिक पक्षको वछलफलमा भाग लिन चाहन्छु। सब भन्दा पहिला समाजिक विकास मन्त्रालय मन्त्रीज्यूलाई म हार्दिक धन्यवाद दिन चाहन्छु र यो युवाहरुको हक, हित, संरक्षण, संवर्धन, शसक्तीकरणको सिप, उद्यमशीलता, रोजगारीमा युवाको प्रतिनीधि गर्नको लागिको सबैको ग्यारेन्टि गर्नको लागि जुन विधेयक पेश भएको छ।

यो उद्धेश्य र कारणमा लेखेको बमोजिम लेख बोमोजिम भोलिका दिनमा यो विधेयकबाट छलफल पारित भईसकेपछि हामीले यो बागमती प्रदेशका युवा साथीहरु तपाईले यो एकदमै विधेयकले युवा प्रतिभाहरुको खोजि, प्रोसात्हन र यो सन्चालन गर्ने कार्यहरुमा यो विधेयक सफल हुने छ भन्ने मैले विश्वास लिएको छु र अर्को कुरा यो विधेयकमा छलफल गरिरहन्दा खेरि युवा सम्बन्धि धेरै झण्डै २ वटा जति विधेयक पारित गरेर कार्यान्वयनमा गईसकेको अवस्था छ।

त्यसमा यो खेलकुद परिषद् विधेयक जसमा युवाकै सहभागिता बढी हुने विधेयक पारित भएर यो कार्यान्वयनमा गईसकेको अवस्था हो र अर्को कुरा यो युवा भन्ने बितिकै यो श्रम रोजगारी सँग पनि सम्बन्ध हुने भएको हुनाले र मलाई लाग्छ यो समाजिक विकास मन्त्रीज्यूले पनि यो श्रमको मन्त्रालयको पनि जिम्मेवारी लिने भएकोले यसमा

हाम्रो संघीय श्रम मन्त्री आईसकेपछि श्रममन्त्रीको जहिले पनि उहाँहरुको एचिभमेन्ट कहाँबाट देखाउँछ भन्ने हामीले जापन सँग जना रोजगारीको लागि सिग्नेचर गरौ। कोरिया जानको लागि कति जना युवाहरु लाने भनेर सिग्नेचर गरौ।

त्यसलाई नै एचिभमेन्टको रुपमा लिने गरेको हुनाले यो युवा जुन विधेयक आएको छ। यो युवा परिषद्को विधेयक यसले तपाईको एउटा ईनोभेटिस आईडिया जेनेऐ गर्ने खालको युवाहरुको तपाईको डेबलप गर्नेको लागि यो विधेयक आएको छ। सफलता मिलोस भन्ने मेरो आफ्नो भनाई राख्दै विदा हुन चाहन्छु। धन्यवाद। जय नेपाल।

**<u>माननीय सभामुख</u>:-** माननीय विराज भक्त श्रेष्ठ।

**<u>माननीय विराज भक्त श्रेष्ठ (विवेकशील साझा पार्टी)</u>:-** माननीय सभामुख महोदय, सर्वप्रथम म २१४७ औ ग्याल्पो ल्होसारको शुभकामना व्यक्त गर्दछु। त्यसपछि प्रस्तावनामा काम गर्नुपर्छ मैले देख्छु। यसमा के भनेको छ शिक्षि, सिप, उद्यमशीलता, रोजगारी भन्ने गरे छ। यसमा अलिकति नैतिक शिक्षाको कुराहरु, प्रतिभाको कुराहरु पनि आओस। किन भने अहिले शिक्षालय मात्र डिजरमेन्ट गर्दैन। यो भन्दै गर्दा माननीयमन्त्रीज्यू पनि ४० वर्ष मुनी म पनि ४० वर्ष मुनी भएकोले गर्दा खेरि हाम्रो पुस्ताले पनि प्रतिनीधित्व गर्ने विधेयक पनि हो यो किन भन्ने २० वर्ष स्थानीय तहको चुनाव नहुँदा खेरि एउटा होल्ड पुस्ता नै सुशकृत राज्य नीतिको अभ्यासबाट बन्चित पनि भएको थियो।

२० वर्ष नहुँदा खेरि त्यति खेर ५ वर्षको बच्चा २५ वर्ष हुँदा सम्म उसले कुनै पनि राजनीति अभ्यास नै गर्न पाएको थिएन। हाम्रो युवा पुस्ता एउटा राजनीतिकबाट बन्चित भएका पुस्ता पनि हो। त्यसै गर्दा यो विधेयकले नीतिगत तहबाटै सम्बोधन गर्न सक्यो भन्ने सुसंकृत राजनीतिक अब यो कुरा मैले भन्ने पर्ने हुन्छ। यति खेर युवाहरुलाई के मा लगाउथ्यो भन्दा ढुङ्गा हानलाई लगाउथ्यो। टायर जलाउँनलाई लगाउथ्यो। त्यसैले गर्दा खेरि उहाँहरुको विकास पनि कस्तो खालको भएको छ भन्ने ठेक्का गर्ने, ठेकेदारी गर्ने, टेण्डर हाल्ने त्यसमा मात्र गाको थियो।

अब आउँदा खेरि अबको पुस्ता एटलिस आजको दिन मैले प्रतिनीधित्व गरेको संसदमा युवाको यो विधेयक आउँदा खेरि रचनात्मक काममा लाग्यौस। आज मैले भन्ने पर्ने अर्को कुरा पत्रकारीतामा एकदम धेरै युवाहरुको भूमिका र हस्तक्षेप त्यसले गर्दा खेरि हेर्ने हो भने सूचना यस्तो कुराहरुरर चाहिँ एकदम राम्रो पाउँन थालेका छौ। अहिले प्रतिपक्ष भने त मलाई संसार जगत लाग्छ। संसार जगत उजागर गरेर आजको दिन ७० करोर्ड काण्ड देखि लिएर यस्ता काण्डहरु चाहिँ राम्रो सँग बाहिर आईरहेको छ। यसमा अर्को कुरा के छ भन्दा खेरि जिल्लाको परिकल्पना गरेको छ। मेरो विचारमा जिल्ला राख्नु हुन हुँदैन जस्तो मलाई लाग्छ।

किन भन्दा खेरि संविधानले पनि नहेरेको कुरा हो। जिल्ला भन्दा पनि स्थानीय तह अन्तर्गत लानु सक्नु पर्छ। किन भन्ने जिल्ला भनेको संविधानले आईडेन्टिफाई पनि गरेको छ। अनि जिल्ला गर्दा अर्को एउटा कुरा छ भने काठमाडौ १०-११ वटा स्थानीय तह ११ वटा स्थानीय तह भएको ठाउँमा चाहिँ एउटा युवा परिषद्को अध्यक्ष हुने, एउटा मात्र चुनावी क्षेत्र भएको ठाउँमा पनि एउटा हुने भन्दा खेरि प्रतिनीधित्व चाहिँ कम्मजोर गर्दछ भने पछि यो चिजमा मन्त्रीज्यूलाई म सचेत गराउँन चाहन्छु। अनि अर्को भन्ने पर्ने कुरा के छ भन्दा कुनै पनि देशले फडको मार्ने भनेको चाहिँ त्यो देशमा युवा जनशक्तिको प्रतिशत कति छ।

अहिले हाम्रो देशमा ४० प्रतिशत भन्दा बढी युवा शक्ति छ भनेपछि विश्वव्यापिप अध्यानले के भन्छ भन्दा खेरि त्यो जनशक्ति बढी भएको देशले विकास गर्ने संम्भावना बढी छ। त्यो सँग मसल पावर बढी हुन्छ। यहि चिज विकसित अर्थन्त्रत हेर्नु भयो भन्ने युवा जमाजको संख्या १५ प्रतिशत भन्दा कम छ भनेपछि ४० प्रतिशत बढीलाई सम्बोधन गर्ने यो प्रणाली हामीले विकास गर्दै गर्दा खेरि चाहिँ त्यहाँ बस्ने सदस्यहरु दलगत भाग वण्डा कोटाको तर्फबाट होईन कि उत्कृष्टता आधारमा आओस। उसले के योग्दा गरेको छ। विषय विज्ञहरु के छ। रुची के छ भन्ने आधारमा आओस भन्ने कुरा राख्न चाहन्छु। नेपालको जय होस। धन्यवाद।

**माननीय सभामुख**:- माननीय नरोत्तम वैद्य।

**माननीय नरोत्तम वैद्य (नेपाली कांग्रेस)**:- सभामुख महोदय, वास्तवमा फुलको आखाँमा फुलै संसार, काडाको आखाँमा काडै संसार अब हामीले कसरी लिन्छौ त्यसमा भर पर्ने कुरा हो। यो सकारात्मक सोच लिएर यो ऐन आएको छ। यसलाई सकारात्मक रुपमा ग्रहण गर्नु पर्छ। मैले यसमा २-३ वटा छुटैको कुरा सैद्धान्तिक रुपमा लिनु पर्ने कुरा २-३ यसमा समावेश भए राम्रो हुन्थ्यो भन्ने कुरा मेरो पार्टीको हाम्रो नेता गगन थापाज्यूले एक ठाउँमा भाषण गर्दा खेरि उहाँले भनु हुन्थ्यो।

२०३० पछि हामीलाई मिसिनले चलाउँछ। २०३० सम्म हामीले मिसिनलाई चलाउँछ। त्यसैले यो ऐनमा २०३० सम्ममा हामीले मिसिनले चलाउँछौ। २०३० पछि हामीलाई मिसिनले चलाउँछ। त्यो जवान चाहिँ आईटिकको जवानमा नेपालीको जनभक्ती पनि आईटिकको जवान सँग मेल खाने किसिमको जनभक्ती तयार गर्ने शिलशिलामा त्यसको एउटा सोच बन्न जरुरी छ। दोस्रो कुरा के भनि दोस्रो यो प्रकोभ व्यवस्थापनको सम्बन्धमा उद्धेश्य राखिको देख जस्तो २०७२ सालको ठूलो भूईचालो आयो त्यो टाईममा स्थानीय निकाय थिएन।

त्यो टाईमा रेर्डक्रस पनि नभएको बिच्लीमा पथ्यौ। रेर्डक्रसले प्रारम्भिक हामीलाई त्यो राहत नपुर्याएको भए बिच्लिमा पुग्थ्यो। यो उद्धेश्यमा विपत व्यवस्थापनको एउटा कुरा यसमा छुटेको छ। त्यो पनि सँगै राख्नु पर्छ कि जस्तो अहिले ऐमालेले आफ्नो शाखा मध्येमा विपत व्यवस्थापन शाखानै छुटै राखेको छ। अरु पार्टीहरुले समाजिक कल्याण शाखा भनेर छुटै राखेको देखिन्छ।

यो देश भरि शाखा प्रशाखा हुने भएको कारणले गर्दा विपत व्यवस्थापनको कुरा पनि यसमा सँगै ल्याउनु पर्छ कि भन्ने मेरो आग्रह हो। अर्को दोस्रो कुरा यो ४० वर्षको युवा पुस्ता हुने भएको कारणले गर्दा चाहिँ नेपाल अधिराज्य भरि एउटा रक्तदान कार्यक्रमलाई त्यो कन्टिन्नयु गर्ने र रगतको लागि हामी आफ्नै आत्मनिर्भर हुने वातवरण

पनि उसले सँगै लग्नु पर्छ। अनि रगत निःशुल्क उपलब्ध गराउँने वातवरण बनाउँदै जानु पर्छ कि भन्ने मेरो सुझाव हो। यो सकारात्मक छ। यसलाई सकारात्मक रुपमा लिनु पर्छ।

**<u>माननीय सभामुख</u>ः-** माननीय छिरीङ्ग दोर्जे लामा।

**<u>माननीय छिरीङ्ग दोर्जे लामा (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>ः-** सभामुखज्यू, सर्वप्रथम म २१४७ औ ग्याल्पो ल्होसार को अवसमा सम्पूर्ण नेपालीहरुलाई शुभकामना दिन चाहन्छु र अहिले हामी सैद्धान्तिक छलफलमा छौं। प्रदेश युवा परिषद् सम्बन्ध बनेको विधेयकको बारेमा यहाँ धेरै माननीयज्यूहरुले आ-आफ्नो सैद्धान्तिक रुपले चाहिँ आफ्नो तर्क राख्नु भएको छ।

आफुले जस्तो किसिमले यो विधेयक आउँनु पर्छ भन्ने सोच राख्नु भएको छ। त्यो किसिमको सैद्धान्तिक छलफलमा त्यसरीनै प्रस्ष्ट पारि सक्नु भएको छ। मैले धेरै कुरा मैले राख्न खोजेको कुराहरु आईसेको छ। तर मलाई यो हाम्रो सैद्धान्तिक छलफल सकिने बितिकै सैद्धान्तिक छलफलमा उठेका प्रश्नहरुको उत्तर पक्कै पनि हाम्रो समाजिक मन्त्रालयको मन्त्रीज्यूले दिनु हुने छ।

मैले २ वटा प्रश्न गर्ने खोजे यहि सन्दर्भमा यो विधेयक भित्र जति पनि समितिहरु बनेको बन्दै छ र त्यो समितिको सदस्यहरु बन्दै हुनु हुन्छ विशेष गरेर युवाहरु उहाँहरुलाई हामीले यो विधेयकबाट नै कसरी चाहिँ मनोनय गर्ने चयन गर्ने भन्ने कुरा उल्लेख हुनु पर्छ स्पष्ट रुपमा यदि त्यो गरेको खण्डमा को कोहि कसैले पनि दलगत रुपले यहाँ भर्ति केन्द्र हुन्छ अथवा चाहिँ मन्त्रीज्यूको आसेपासेले मात्र सदस्य पाउँछ अथवा उहाँकै चाकरी गर्नेले मात्र पाउँछ अथवा अरु कुराहरु यस्ता नकारात्मक कुराहरुको सन्देश चाहिँ बाहिर जादैन भन्ने कुरा मलाई लाग्छ र दोस्रो कुरा यो युवा परिषद् हामीले प्रदेशिक युवा परिषद् बनाउँदै छौं।

यो नेपाल राष्ट्र भरिको होईन। यो हाम्रो क्षेत्र अधिकार भित्रको प्रदेशिक युवा परिषद् बनाउँदै छौ। हिजो प्रदेशिक खेलकुद परिषद् बनाउँदै गर्दा खेरि ऐनको मार्फत जब हामी यो खेलकुद परिषद्को सदस्यहरु बनाउँदै गर्दा खेरि अथवा त्यसको संरचनाहरु बनाउँदै गर्दा खेरि राष्ट्रिय खेलकुद परिषदले के गर्यौं त ? त्यसको स्पष्ट कुरा समाजिक मन्त्रीज्यूलाई थाहाँ छ।

कहाँ कहाँ के के समस्याहरु भए भन्ने कुरा ति समस्याहरु फेरि पनि यो ऐनबाट भएर यो विधेयकलाई ऐनको रुपमा परिमत भई सकेपछि ति समस्याहरु नआउँनको लागि उहाँ एड्रेस गरेको छ कि छैन भन्ने प्रश्न गर्दै म यहाँबाट बिदा हुन चाहन्छु। धन्यवाद। ज य नेपला।

**<u>माननीय सभामुख</u>ः-** अब म माननीय समाजिक विकास मन्त्री युवराज दुलाललाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु।

**<u>माननीय युवराज दुलाल, मन्त्री, समाजिक विकास मन्त्रालय</u>ः-** माननीय सभामुखज्यू, प्रदेश युवा परिषद्को व्यवस्था गर्ने बनेको विधेयक माथि माननीय सदस्यहरुले सैद्धान्तिक पक्ष माथि माननीय सदस्यज्यूले जसरी सक्रियाता पूर्वक भाग लिनु भयो करिब सबै माननीय सदस्यज्यूहरुले युवा परिषद्को विधेयकलाई स्वागत गर्नुभएको छ। युवा परिषद् स्थापना गर्नु र जे उद्धेश्यले विधेयक ल्याएका छौ।

त्यो आफैमा राम्रो छ भन्ने हिसाबले सबैले आफ्नो धारणा राख्नु भएको छ र यसको सैद्धान्तिक पक्ष माथि मलाई लाग्छ सबैले समर्थन पनि जनाउँनु भएको छ। त्यसको लागि म सबै माननीय सदस्यज्यूहरु प्रति हार्दिक आभार सहित धन्यवाद व्यक्त गर्न चाहन्छु। विधेयकको खास गरिकन यसको सैद्धान्तिक पक्ष माथि बहसमा प्रदेशले युवा परिषद् स्थापना गर्नु आवश्यक छ वा छैन के उद्धेश्यले गर्ने छ ? भन्ने कुरा धेरै कुराहरु उद्धेश्यमा स्पष्ट नै छ। हामीले संविधानको व्यवस्था अनुसार नेपालको संविधानले गरेको व्यवस्था अनुसार युवाहरुको हक हित र अधिकारको संरक्षण गर्दै खास गरिकन राष्ट्र निर्माणमा यस हाम्रो हकमा प्रदेशको विकास र निर्माणमा युवाहरुको संमग्र

सहभागिता नीति निर्माण देखि कार्यान्वयनतह सम्म युवाहरुको सहभागिता र आवश्यकतालाई सम्बोधन गनको लागि लामो समयको नेपालमा भएका राजनीतिक अन्य संघर्षहरुबाट युवाहरुको सहभागिता सुनिश्चत गर्नु पर्छ।

राष्ट्र निर्माणको लागि भन्ने एउटा निकर्षमा सिङो देश पुगेको जुन कुरालाई संवैधानीक व्यवस्था पनि गरेको संविधानमा राज्यका नीतिहरु अन्तर्गत युवाहरुको हक हित र युवाको सहभागिता सुनिश्चत गर्नु पर्ने व्यवस्था गरेको कारणले र हामी सबैलाई देश निमार्णको लागि, प्रदेश निमार्णको लागि युवा जनशक्तिलाई अधिकतम प्रयोग गर्नु पर्ने आवश्यकता रहेको र युवाहरुले पनि राष्ट्र निर्माण आफ्नो योगदान खोजेको कारणले हामी युवा परिषद् निर्माण गर्ने युवाहरुलाई प्रदेश निर्माणमा सहभागि गराउने उदेश्यले हामी यो काम गर्ने लागेका छौ।

त्यसकारणले माननीय सदस्यहरु मध्ये अधिकास माननीयज्यु सदस्यहरुले यो विधेयकलाई मलाई लाग्छ सकारात्मक ढंगले लिनु भएको छ। केही माननीय सदस्यज्यूले केही सन्देह यसमा व्यक्त गर्नु भएको छ। म त्यसलाई पनि नकारात्मक हिसाबले लिन चाहन्न। हामीले यो विधेयक माथि मात्र होईन। हामीले यस्ता समग्रह पक्षहरु माथि सरकार ल्याउँने कुनै पनि क्रियाकलपालाई हामीले सबैले सकारात्मक तरिकाले हेर्नु पर्छ।

यो सरकार, यो मन्त्रालय, यो मन्त्री कम्तिमा कोही व्यक्तिलाई केही बनाएर यो देशको विकास हुन्छ भन्ने कुरामा मात्र होईन। एउटा पद्धतिबाट देशलाई अगाडी चलाए पछि समग्रहमा सबैलाई एउटा वातरवण सहभागिताको वातवरण सृजना गरेपछि मात्र देश निर्माण गर्न सकिने छ भन्ने दृष्टिकोणबाट निर्देशित छ र त्यो बुझाई हाम्रो सरकारमा पनि हाम्रो मन्त्रालयमा पनि हामी सबैमा रहेको छ।

यो संसदमा पनि रहेको छ भन्ने विश्वास म व्यक्त गर्न चाहन्छु। त्यसकारणले माननीय सदस्यज्यूले राख्नु भएको जस्तै विधेयकलाई कसरी संवृद्ध बनाएर एउटा ऐनको रुपमा लाने भन्ने अधिकार यहि संसदमा निहित छ। त्यसकारणले यो संसदले यो

विधेयकलाई आवश्यक परिकृत गरि एउटा राम्रो कानूनी दस्तावेजको रुपमा विकास गर्ने त बाकिँनै छ। त्यसकारणले जति पनि कुराहरु माननीय सदस्यहरुले राखु भएको छ। भावनाहरु र विचारहरु व्यक्त गर्नु भएको छ।

म त्यसको लागि पनि सम्मान व्यक्त गर्न चाहन्छु र म पूर्ण प्रतिबद्धता व्यक्त गर्न चाहन्छु भन्ने हामी व्यक्ति केन्द्रित गरेर त्यो काम गर्ने छैनौ। हामीले संविधानले दिएको अधिकारलाई, संविधानले दिएको जिम्मेवारीलाई पुरा गर्नको लागि सरकारले त्यो काम गर्दै छ। हामीहरु यहाँहरुकै आवज संम्बोधन गर्नको लागि युवाहरुको आवजलाई संम्बोधन गर्नेको लागि हामी यो काम गर्दै छौ। त्यसकारणले यस अर्थमा नै यसलाई लिनु पर्छ भन्ने कुरा म राख्न चाहन्छु। विधेयकमा कुनै गलत नियत संमावेश छैन। त्यहाँ शब्दमा पनि छैन। भाव र अर्थमा पनि छैन।

सके सम्म यसलाई स्पष्ट पार्ने, संमावेशी बनाउँने युवाहरुलाई सापेक्षित प्रतिपधात्मक वातरवणबाट नेतृत्व विकासको अवसर सृजना गर्ने र युवाहरुले युवाहरुकै हक हित र राष्ट्र निमार्णको लागि योग्दान दिने एउटा फेल्म फर्म निर्माण उद्धेश्यबाट नै हामीले विधेयक प्रस्ताव गरेका छौ। त्यसको भएको हुनाले यसलाई नियत बहसनै केही गर्नको लागि ल्याएको भनेर अरु हिसाबले गर्दा खेरि हामीले विधेयकलाई संवृद्ध पार्नेको लागि यहाँहरुले दिनु भएको उद्धारण जस्तै विभिन्न देशहरुमा कसरी कानून संम्वृद्ध हुन्छ। छोटो हुन्छ। कानूनले काम गर्नको लागि बोटो पहिल्याउँनु पर्छ। कानूनले काम गर्नको लागि बोटो छेक्ने होईन।

त्यसकारण यता तिर सतर्क भएर अगाडी जानु पर्ने आवश्यकता पनि हाम्रा अगाडी छ। त्यसकारणले हामीले बढी आफैलाई शंका गर्दा खेरि हाम्रा कानूनहरु काम गर्न मार्ग प्रससंत गर्ने भन्दा पनि काम गर्ने माग अवरोद्धको रुपमा चाहिँ कतिपय विकास भएको पनि हामीले काम गर्ने सवालमा सन्दर्भमा हामीलाई महसुस भएको छ। त्यस हिसाबले काम गर्ने एउटा माग दशकको रुपमा हामीले कानूनहरु पदति सँग राम्रो ढंगले काम गर्ने मार्ग दशर्क रुपमा कानूनहरु हामीले निर्माण गरेर जानु पर्छ। त्यस हिसाबमा पनि सम्पूर्ण माननीय सदस्यज्यूहरुको सक्रिय सहभागिताको म सरकारको तर्फबाट मन्त्रालयको

तर्फबाट अपेक्षा पनि व्यक्त गर्न चाहन्छु र यहाँहरुले विभिन्न विषयहरु उठान गर्नुभएको छ।

कतिपय दफाहरु छलफलमा गर्नुपर्ने विषयहरु उठाउँनु भएको छ। जस्तो समय अहिले खर्चन चाहन्न फेरि पनि हामी माननीय सदस्यज्यूहरु सँग विषयहरुमा पछि पनि छलफल गर्ने नै छौं र कतिपय युवा परिचालन सन्दर्भमा ऐनमा भन्दा कार्यक्रममा व्यवस्था हुनु पर्ने कुराहरु पनि माननीय सदस्यहरुले उठान गर्नु भएको छ ति कुराहरु हामी प्रदेश सरकारका वार्षिक, नीति, कार्यक्रम, बजेटहरुमा संमावेश गर्ने अगामी दिनहरुमा युवा परिषद् स्थापन भएपछि परिषद्ले त्यस्ता कार्यक्रमहरुलाई संम्बोधन गर्ने स्वयं सेवक परिचालन, विपत व्यवस्थापन लगाएता युवाहरु भूमिका यस्ता कुरा रहेका छन। ति कुराहरुलाई ऐनमा समावेश भन्दा कार्यक्रम हिसाबले गर्ने हो।

तर एउटा स्वयं सेवक परिचालन गर्ने भनेको अर्थ हामीले प्रदेश विकास स्वयं सेवक जस्तो अन्य तरिकाले यसलाई राखिएको छैन। युवा परिषद्को उद्धेश्यको काम, कर्तव्य, अधिकारमा राखिएको भन्नेको राष्ट्र निर्माणमा राष्ट्रलाई विपत पर्दा कुनै पनि बेलामा युवाहरुलाई परिचालन गर्नु पर्ने हुन्छ।

युवाले नै भने हिसाबले त्यो परिचालन गर्ने अधिकारमा यो गर्न उपयुक्त हुन्छ भन्ने हिसाबले प्रस्तावित गरिएको छ। त्यस्ता थुप्रै कुराहरु छन र एउटा जहिले पनि यहाँहरुले राख्नु भयो। त्यसलाई मैले खबरदारीको रुपमा लिएको छु। हामीले जहिले पनि राजनीतीक कार्यकर्ता भर्ति केन्द्रको रुपमा केही गर्न लाग्यौ कि भनेर छलफल सुवात गर्दा खेरि हामी अन्तै पुग्छौ। यो राजनीतिक कार्यकर्ता भर्ति कुरा चाहिँ छलफलकै लागि सन्दर्भिक छैन भन्ने मलाई लाग्छ। किन भने हामी युवालाई नै युवाको नेतृत्व गर्ने जिम्मेवारी दिने हो।

हामी कोही युवा कुनै राजनीतिक दलमा आस्था राख्नछौ होला ? कसैलाई भोट हाल्छौ होला? चाहे जो सुकै ल्याएनि त्यो काही न काही हुन्छ भन्ने कुरा हामी विज्ञ हौ। त्यता तिर बहसको कुनै अर्थ नै छैन। हामीले सहि ढंगले नेतृत्व छनौट गर्ने एउटा मूल्याङ्कन पदति विकास गरेका छौ कि छैनौ ? सहि उद्धेश्य पुरा गर्ने तरिकाले सरकार

केन्द्रित छ कि छैन भने कुरा मुख्य कुरा हो भन्ने मलाई लाग्छ। त्यस हिसाबले पनि हामी अगाडी जानु पर्छ र यहाँहरुको खबरदारी सचेतकको लागि सम्मान गर्न चाहन्छु। मैले अघि पनि आग्रह गरे विधेयक संम्वृद्ध पार्ने जिम्मेवारी प्रदेश सभाको नै हो र हामीले सके सम्म यसको नेतृत्वमा ल्याउँदा खेरि एउटा छनौटको विधिबाट ल्याउँने प्रक्रियाको सुरुवता गरेका छौ। यस अगाडीका हाम्रो पराम्परामा हाम्रो संघीय सरकार नेपाल सरकारको पूर्व पराम्परामा यस्तो धेरै छैन।

विरलै मात्र पाईन्छ। हामीले एउटा छनौट मापण्ड न्यूनत कार्यविधि बनाएर मात्र ल्याउँने व्यवस्थाको पनि हामीले सुरुवात गरेकाछौ र यसबाट पनि प्रदेश सरकारको नियत के छ भन्ने कुरा हामी सबै स्पष्ट हुनु पर्छ भन्ने म धारणा राख्न चाहन्छु र मैले पूर्ण सबैलाई माननीयज्यूहरुलाई सैद्धान्तिक पक्षमा सहमतिको लागि र यहाँको सुझावहरुको लागि विशेष धन्यवाद दिदै आफ्नो भनाई अन्त्य गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुख</u>ः-** माननीय सदस्यहरु अब यो छलफल यहि समाप्त हुन्छ।

माननीय सदस्यहरु अब म प्रदेश युवा परिषद् सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि विचार गरियोस भन्ने प्रस्तावलाई निर्णथर्था प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोस् ।

हुन्न भन्ने आवज सुनिएन तसर्थ प्रदेश युवा परिषद्को सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि विचार गरियोस भन्ने प्रस्ताव सर्वसम्मतिले स्विकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु अब यो बैठक १५ मिनेट पछि बसने गरि स्थागित हुन्छ।

**<u>माननीय सभामुख</u>ः-** माननीय सदस्यहरु १५ मिनेटकोलागि स्थगित भएको वैठकको कार्यावाही पुनः प्रारंभ हुन्छ।

माननीय सदस्यहरु अब म प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकको सम्बन्धमा प्रदेश मामिला समितिले गरेको निर्णयको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न माननीय मुख्यमन्त्री श्री डोरमणि पौडेललाई अनुमति दिन्छु।

**<u>माननीय डोरमणि पौडेल, मुख्यमन्त्री</u>ः-** सभामुखज्यू, सभामुखज्यूको अनुमतिले प्रदेश लोक सेवा आयोग ऐन, २०७६लाई संशोधन गर्न बनेको विधेयकको सम्बन्धमा प्रदेश मामिला समितिले गरेको निर्णयको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस् भन्ने प्रस्ताव सम्मानित सभामा पेश गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुख</u>ः-** माननीय सदस्यहरु अब म माननीय मुख्यमन्त्री श्री डोरमणि पौडेलले प्रस्तुत गर्नुभएको प्रदेश लोक सेवा ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकको सम्बन्धमा प्रदेश मामिला समितिले गरेको निर्णयको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस् ।

हुन्न भन्ने आवज सुनिएन तसर्थ प्रदेश लोक सेवा ऐन, २०७६लाई संशोधन गर्न बनेको विधेयकको सम्बन्धमा प्रदेश मामिला समितिले गरेको निर्णयको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्विकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु अब प्रदेश लोक सेवा आयोग ऐन, २०७६लाई संशोधन गर्न बनेको विधेयकको सम्बन्धमा प्रदेश मामिला समितिले गरेको निर्णयको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस भन्ने प्रस्ताव माथिको छलफलमा प्रारम्भ हुन्छ।

माननीय सदस्यहरु यो छलफलमा समितिको प्रतिवेदन सो सम्बन्धि विधेयकका दफाहरु तथा आनुसाङ्गीक अन्य दफाहरु मात्र छलफल गर्न सकिने छ।

उक्त छलफलमा बोल्न चाहनु हुने माननीय सदस्यहरुले आ-आफ्नो नाम चिटमा लेखि सभामुखको डास सँगै बसेका कर्मचारीहरुलाई उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछु।

छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु।

सर्वप्रथम माननीय रमेश पौड्याल।

<u>माननीय रमेश पौड्याल (विवेकशील साझा पार्टी)</u>:- माननीय सभामुख महोदय, प्रस्तुत लोक सेवा संशोधन विधेयकमा बोल्न उभिएको छु। खासमा मैले नबोले पनि हुन्थ्यो। संशोधन कर्ताको हिसाबले समितिमा बसेर छलफल भई सकेको विषय थियो। तर मैले यहाँ बोलेर एउटा सन्देश के पनि दिन चाहन्छु।

खास गरी सभामुख महोदय अनुरोध गर्न चाहन्छु भन्ने हाम्रो आजको दिन सम्म पनि समितिका गतिविधिहरु, समितिका छलफलहरु रेकर्ड हुने गर्दैन। त्यसै गर्दा खेरी कुन माननीय सदस्यले समितिमा के तर्क राख्नु भयो कुनै विधेयकको कुनै धारामा के बोल्नु भो कुरा बाँकि सदस्यहरु माननीय सदस्यहरुलाई थाहाँ हुन्न, हाउसलाई थाहाँ हुन्न त्यो नभए पछि आम सार्वसाधारण नागरिकलाई थाहाँ हुने त प्रश्न नै उठेन।

त्यसले गर्दा पनि मैले त्यो समितिको बैठकमा भाग लिएर राखेको कुराहरु रेकर्ड नभएकोले स्थितिले गर्दा खेरि यहाँ आएर दोहोर्याउनको लागि बाध्या भएको छु। साथ साथै सभामुखज्यूलाई के पनि अनुरोध गर्न चाहन्छु भन्ने देखि शीघ्र समितिका बैठकहरु रेकर्ड गर्ने त्यो प्रक्रिया चाहिँ लागु गरियोस भनेर अनुरोध गर्न चाहन्छु। यो विधेयकमा

आएर भनु पर्दा खेरि मैले आफुले राखेको संशोधन्मा छलफल भएर समितिले एउटा निर्णय गरेर प्रतिवेदन लिएर आईसकेको समिति हो।

मेरो एकै लाईनमा मात्र भन्नु के छ भन्दा खेरि सरकारले जुन ढंगले सेवा सुविधाहरु प्रस्ताव गरेर अगाडी लिएर आएको स्थिति थियो। त्यसमा चाहिँ समितिमा छलफल गर्दा खेरि समिति अझै सरकार भन्दा पनि बढी उद्धार भएर चाहिँ त्यहाँ प्रस्ताव गरेको सेवा सुविधा थप गर्ने खालको परिस्थिति बन्यो।

त्यसले गर्दा खेरि मैले थोरै मात्र केही कुरा राख्न चाहेको भन्ने देखि एउटा ओभर साईट बडीको हिसाबले सांसदले सरकारलाई मितव्यपी हिसाबको लागि किफायति हिसाबले राज्यको स्रोतहरु खर्च गर्नको लागि चाहिँ सुझाव, दिने झक्झाकाउँने गर्नुपर्ने स्थितिमा सरकार भन्दा पनि उदार ढंगले चाहिँ सांसदीय समितिहरु जानु चाहिँ उपयुक्त हुन कि ढंगले मैले जुन कुरा समितिमा दज गरेको थिए। त्यहाँ रेकर्ड नभएको कारणले गर्दा यो सम्मानित संसदमा त्यहि कुरा दज गर्न चाहन्छु। धन्यवाद।

**<u>माननीय सभामुख</u>:-** माननीय मुख्यमन्त्री डोरमणि पौडेललाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु।

**<u>माननीय डोरमणि पौडेल, मुख्यमन्त्री</u>:-**माननीय सभामुखज्यू, सम्मानित सभामा माननीय सदस्यज्यूले जे विषय उठाउनु भएको छ। हिजो यो विषयमा गहन छलफल भएको छ। उहाँ स्वम पनि बैठकमा सहभागि हुनुथ्यो।

अब सरकारले ल्याएको भन्दा पनि बढी सेवा र सुविधाको बारेमा केही माननीय सांसदहरुले संशोधन राख्नु भएको थियो। र यो संशोधन माथि छलफल भएर सबैको पूर्ण सहभागिताका साथ सक्रियताका साथ छलफल भएर हामी एउटा निष्कर्षमा पुगेका हौ। त्यो एउटा संवैधानीक अंग र त्यसको जिम्मेवारी पनि ज्यादै ठूलो र अरु कर्मचारीको स्टास भन्दा माथि हुने भएको हुनाले उसलाई एक स्टेप अलिकति माथि नै राख्न पर्छ।

गरिमालाई कायम गर्नको निम्म पनि लोक सेवा आयोग गरिमालाई राख्नको निम्त पनि उसलाई वृद्धि गर्न पर्छ भन्ने त्यो बैठकमा छलफल भयो त्यसै अनुसार निर्णय भएको हो। म यहि नै कुरा माननीय सदस्यज्यूलाई अवगत गराउदै यो जस्ताको त्यस्तै प्रस्तुत भएको संशोधलाई पारित गरिदिनु हुन म अनुरोध गर्दछु। धन्यवाद।

<u>**माननीय सभामुख**</u>**:-** माननीय सदस्यहरु अब यो छलफल यहि समाप्त हुन्छ।

माननीय सदस्यहरु अब प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकको सम्बन्धमा प्रदेश मामिला समितिले गरेको निर्णयको प्रतिवेदन विधेयक अंग बनोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोस् ।

हुन्न भन्ने आवज सुनिएन तसर्थ प्रदेश लोक सेवा आयोग ऐन, २०७६लाई संशोधन गर्न बनेको विधेयकको सम्बन्धमा प्रदेश मामिला समितिले गरेको निर्णयको प्रतिवेदन विधेयक बनोस भन्ने प्रस्ताव सर्वसम्मतिले स्विकृत घोषणा गर्दछु।

माननीय सदस्यहरु अब म प्रदेश लोक सेवा आयोग ऐन, २०७६लाई संशोधन गर्न बनेको विधेयकको दफा २ देखि ११ सम्म दफाहरु तथा सो सँग सम्बन्धित उपदफाहरु अनुसूचि १.क. विधेयकको अंग बनोस भने निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोस् ।

हुन्न भन्ने आवज सुनिएन तसर्थ प्रदेश लोक सेवा आयोग ऐन, २०७६लाई संशोधन गर्न बनेको विधेयकको दफा २ देखि ११ सम्म दफाहरु तथा सो सँग सम्बन्धित उपदफाहरु अनुसूचि १.क. विधेयकको अंग बनोस भन्ने प्रस्ताव सर्वसम्मतिले स्विकृत घोषणा गर्दछु।

माननीय सदस्यहरु अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु।

**प्रस्तावना:-** प्रदेश लोक सेवा आयोग ऐन, २०७६लाई संशोधन गर्न बान्छानिय भएकोले

बागमती प्रदेश सभा यो ऐन, बनाएको छ।

**संक्षप्ति नाम र प्रारम्भ:-** यस ऐन,को नाम प्रदेश लोक सेवा आयोग पहिलो संसोध ऐन, २०७६ रहेको छ। यो ऐन, तुरुत प्रारम्भ हुने छ।

माननीय सदस्यहरु अब म विधेयकको प्रस्तावना र नाम प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक अंग बनोस भनि निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोस् ।

हुन्न भन्ने आवज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकको अंग बनोस भन्ने प्रस्ताव सर्वसम्मतिले स्विकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु अब म माननीय मुख्यमन्त्री श्री डोरमणी पौडेललाई प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकलाई पारित गरियोस भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

**<u>माननीय डोरमणि पौडेल, मुख्यमन्त्री</u>:-** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले प्रदेश लोक सेवा आयोग ऐन, २०७६लाई संशोधन गर्न बनेको विधेयकलाई पारित गरियोस भन्ने प्रस्ताव पेश गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुख</u>:-** माननीय सदस्यहरु अब माननीय मुख्यमन्त्री श्री डोरमणी पौडेल पेश गर्नुभएको प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकलाई पारित गरियोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस् ।

हुन भन्ने आवज सुनिएन तसर्थ प्रदेश लोक सेवा आयोग ऐन, २०७६लाई संशोधन गर्न बनेको विधेयकको सर्वसम्मतिले स्विकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु अब अर्को बैठक २०७६ फागुन १९ गते सोमवार १ बजे बस्ने गरि यो बैठक स्थागित हुन्छ।

**(तदनन्तर बैठक २०७६ साल फगुन १९ गते सोमवर दिनको ३:०० बजेसम्मका लागि स्थगित भयो।)**

**अन्त्य - दिनको ५:२३ बजे।**

# प्रदेश सभा
# बागमती प्रदेश नं ३
# पाँचौ अधिवेशन
# कारवाहीको सम्पूर्ण विवरण

१९ फागुन, २०७६

सोमबार

(बैठक संख्या - १८)

**प्रदेश सभाको पाँचौ अधिवेशको आजको बैठक माननीय सभामुख श्री सानुकुमार श्रेष्ठको अध्यक्षतामा दिनको १:०० बजे प्रारम्भ भयो।**

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, प्रदेश सभाको आजको बैठकको कारवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरु, आज शुन्य समय समयको कार्यक्रम नरहने व्यहोरा जानकारी गराउँदछु।

माननीय सदस्यहरु अब विशेष समयको कार्यक्रम प्रारम्भ हुन्छ। विशेष समयमा बोल्नु चाहानुहुने माननीय सदस्यहरुको नाम प्राप्त भएको छ, म वहाँहरुलाई समय दिन्छु।

सर्वप्रथम माननीय अष्टलक्ष्मी शाक्य, समय ४ मिनेट।

**माननीय अष्टलक्ष्मी शाक्य (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))**:- सभामुख महोदय, हाम्रो देशको सम्मानीय प्रधानमन्त्री, नेपाल कम्युनिष्ट पार्टीका श्रद्धेय अध्यक्ष केपी शर्मा ओली आज वहाँ हाम्रै देशको त्रिभुवन विश्व विद्यालयमा भर्ना हुँदै छ। तपाई हामी सबैलाई थाहा छ सूचना पनि बाहिर आईसकेको छ। दोस्रो चोटी वहाँको किट्नी फेर्ने त्यो तयारीका साथ आज वहाँ जाँदै हुनुहुन्छ। वहाँको सफल त्यो क्रिया हुनेछ, सफल किट्नी फेर्ने काम हुनेछ भन्ने हामीलाई पूर्ण विश्वास लागेको छ त्यो प्रदेशलाई र वहाँको शिघ्र स्वास्थ्य लाभको कामना पनि गर्दछु।

वहाँको दृढ ईच्छा शक्ति छ र पाँच दिन भित्रमा सफल भएर वहाँ फेरी देशको यो काम काजमा आफ्नो कार्यभारमा फर्किने भन्ने वहाँले दृढ ईच्छा व्यक्त गर्नु भएको छ र हामी सबैको तर्फबाट वहाँलाई शुभकामना व्यक्त गरौं। हिजो एउटा कार्यक्रममा म पनि सहभागी थिएँ, राष्ट्रिय सभागृहको हाम्रो पुर्व अर्थ मन्त्री भरतमोहन अधिकारीको स्मृती दिवस थियो। त्यहाँ प्रमुख अतिथी पूर्व प्रधानमन्त्री र अहिले हाम्रो पार्टीको नेपाल कम्युनिष्ट पार्टीको श्रद्देय अध्यक्ष पुष्प कमल दाहाल प्रमुख अतिथि हुनुहुन्थ्यो।

तर त्यहाँ अब कार्यक्रम राम्रो ढंगले सम्पन्न भयो स्मृति सभा तर अन्तिम समापन हुने क्रममा चाहीँ थाहा छैन त्यहाँ त्या घटनाक्रम अचानक नै भयो सुनियोजित पनि होईन, भन्ने लाग्छ मलाई जुत्ता प्रहार गर्ने काम भयो। त्यो आक्रोस हो, आक्रोसको अभिव्यक्ति हो भन्ने हामीले ठानेका छौं। तर अब त्यस्तो खालको घटना स्मृति सभा जस्तो ठाउँमा चाहीँ नहुनु पर्थ्यो। तर भयो त्यस्को लागि म दुःख व्यक्त गर्न चाहन्छु। हाम्रो देशमा यस्तो खालको अराजकता जुन सृजना भइरहेको छ, त्यस्ताको खालको गतिविधि चाहीँ अराजकताको यस्तो खालको गतिविधि गर्नु हुँदैन।

एउटा नेपाली नागरिकको हिसाबले अनुशासित हुन जरुरी छ। होला चित्त नबुझेको कुरा होला असन्तुष्टिहरु होला, पिडाहरु होला अनेकौं घटना क्रमहरु होला। तर त्यसो हुँदाखेरी पनि अभिव्यक्ति गर्ने विभिन्न उपायहरु हुन्छ। आफ्नो कुरा राख्ने विभिन्न

माध्यमहरु हुन्छ। त्यो माध्यमहरलाई केही पनि उपयोग नगरिकन एकैचोटी एउटा अभद्र व्यवहार जस्तो देखा पर्यो त्यहाँ। जुत्ता प्रहार गर्ने यो खालको गतिविधि, यो खालको उच्श्रीङ्खलता, अराजकताप्रति म दुःख व्यक्त गर्न चाहन्छु र यस्तो खालको हुने छैन भन्ने विश्वास गर्न चाहन्छु।

कोरोना अहिले विश्वलाई नै आतङ्कित पारिरहेको आतङ्तिक मात्रै होइन साह्रै चिन्तित पारि रहेको नोवेल कोरोना भाईरस हाम्रो देशमा पनि अहिले छिरिहालेको स्थिति छैन भन्ने कुरा अस्तिको हाम्रो सामाजिक विकास मन्त्रीले पनि भनिसक्नु भएको छ। हाम्रो मुख्य मन्त्रीले पनि बोलिरहनु भएको छ। म सरकारलाई धन्यवाद दिन चाहन्छु। जुन सचेतनता वहाँले अपनाईरहनु भएको छ, जनतालाई सचेत पार्ने काम गरिरहनु भएको छ। धन्यवाद दिन चाहन्छु तर पनि हामी आफै स्वयम सचेत हुनु सबभन्दा जरुरी हुन्छ। र सरकारले ल्याएको कार्यक्रमलाई हामीले आत्मसात गरेर जनताको बिचमा खास गरिकन बागमती प्रदेशमा घर घरमा पुर्याउनु पर्ने जरुरी हुन्छ। र छिरी हाल्यो भने त छिरी हाल्यो नि त। समस्या त आईहाल्यो नि त।

त्यसैले समस्या आउनु भन्दा रोग आउनु भन्दा पहिले नै हामी सचेत भएर लाग्न सक्यौं भने राम्रो हुन्छ। हामी सांसद भएकोले जनप्रतिनिधि भएको हुनाले जनताको घर घरमा गएर प्रचार प्रसार गरौं भन्ने कुरा राख्दै आफ्नो कुरा यहीं टुङ्ग्याउन चाहन्छु। धन्यवाद

**माननीय सभामुख** :- माननीय बुद्धिमान माझी, समय ४ मिनेट।

**माननीय बुद्धिमान माझी (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))**:- माननीय सभामुख महोदय, विशेष गरिकन म लदी पर्वमा केन्द्रित भएर केही विषय वस्तु राख्न चाहन्छु। माझी समुदायको महान चाड लदी पर्व पानी पूजा फाल्गुन महिनाको हरेक वर्ष तेस्रो हप्ता मंगलबारको दिन देशव्यापी रुपमा मनाउँदै आइरहेको व्यहोरा यो गरिमामय सदनमा

अवगत गराउन पाउँदा म अत्यन्तै हर्षित भएको छु र यहि मिति २०७६ साल २० गते भोली हुने लदी पर्वको ऐतिहासिक अवसरमा नेपाल कम्युनिष्ट पार्टी नेकपा संसदीय दलको सचेतकको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट यहाँहरु सम्पूर्ण लगायत देश विदेशमा रहनुहुने सम्पूर्ण माझी एवम् सम्पूर्ण नेपाली दाजु भाइ तथा दिदी बहिनीहरु सबैमा उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक मंगलमय शुभकामना म व्यक्त गर्न चाहन्छु।

देशको झण्डै ५८ ओटा जिल्लामा छरिएर बसोबास गर्ने यो समुदायको ६८ सालको जनगणनाको तथ्याङ्कको आधारमा झण्डै ८३,७१४ जना जनसंख्या रहेको छ। यो अल्पसंख्यक अति सिमान्तकृत समुदाय हो र हामीले लदी पर्वलाई राष्ट्रिय पर्वमा सूचीकृत गर्नको लागि र माझी समुदायमा मात्र भए पनि एक दिन सार्वजनिक विदाको लागि ६९ साल देखि नै नेपाल सरकार अनि मुख्य राजनीतिक दलको बीचमा हामी ज्ञापनपत्र स्मरण पत्र मार्फत गम्भिर ध्यानाकर्षण गराएका छौं।

तथापि अहिसम्म पनि त्यसले स्थान पाउन सकेन सूचीकृत हुन सकेन। माझी जातिको आफ्नै भाषा, धर्म, संस्कार, सँस्कृति पहिचान बनाएको स्थापित जातिको एउटा चाडले माननीयता नपाउने, पशुको चाडले माननीयता पाउने यो विडम्वना हो मान्नुपर्छ। र जहाँसम्म लाग्छ पछिल्ले चरणमा नेपालको संविधानले व्यवस्था गरे अनुसार अनुसूची ६ प्रदेशको अधिकार सूचीभित्र पर्छ। प्रदेशको अधिकार सूचीको १८ नं. बुँदामा क्रम संख्यामा भाषा, लिपी, सँस्कृति, ललितकला धर्मको संरक्षण प्रयोग गर्ने प्रावधान राखिएको छ। तिनलाई संविधानको मर्म र भावना अनुरुप यथाशिघ्र बागमति प्रदेश सरकार र संघिय सरकारमा गम्भिर म ध्यानाकर्षण गराउन चाहन्छु चाँडै नै कार्यन्वयन होस् र साथसाथमा लदी पर्वलाई राष्ट्रिय पर्वमा सूचीकृत र माझी समुदायलाई एक दिनको लागि मात्र भए पनि विदा दिने व्यवस्था गरियो भने आउने साल २०७७ सालको नयाँ क्यालेण्डरमा रातो अक्षरले लेखेको हेर्ने तिब्र ईच्छा आकांक्षा पूरा होस्।

यस समग्र राष्ट्रिय एकतालाई सुदृढ गर्न मजबुद बनाउनको लागि राज्यले यसरी संबोधन गर्न सक्यो भने राष्ट्र अझै बलियो हुने र मजबुत हुने एउटा संदेश जान्छ। म यो

गरिमामय सदनमा यहाँहरु सम्पूर्णमा राख्न चाहन्छु, यो अपिल गर्न चाहन्छु र चाँडै नै संवोधन हुनेछ आशा एवम् विश्वास छ। धन्यवाद, अभिवादन।

**<u>माननीय सभामुख</u> :-** माननीय राधा घले, समय ४ मिनेट।

**<u>माननीय राधा घले (नेपाली कांग्रेस)</u>:-** माननीय सभामुख ज्यू, सर्बप्रथम त म आज यो देशको सम्माननीय प्रधानमन्त्री ज्यू आफ्नो दोस्रो पटक किड्नी ट्रान्स्प्लान्टको लागि मनमोहन कार्डियो अस्पतालमा भर्ना हुनुहुदै छ र यसको लागि वहाँको किड्नी ट्रान्सप्लान्टको सफलताको शुभकामना सहित वहाँलाई शिघ्र स्वास्थ्य लाभको पनि कामना गर्न चाहन्छु र म आग्रह पनि गर्न चाहन्छु पाँच दिन मै म तयार भएर फेरी काम काजमा फर्किन्छु भनेर प्रतिबद्धता जायर गर्नु भएको छ।

म वहाँलाई के आग्रह गर्न चाहन्छु भने स्वास्थ्य सबैभन्दा ठूलो कुरा हो। स्वास्थ्य रहे मात्र देशलाई समृद्ध नेपाल र सुखी नेपाली बनाउँन सकिन्छ। त्यस कारण सबैभन्दा पहिला वहाँले जुन धेरै चिन्ता गरिराख्नु हुन्छ आफ्नो भ्रष्ट मन्त्री र नेताहरुको त्यो चिन्ताबाट अलिकति मुक्त भएर आफ्नो स्वास्थ्यको ख्याल गर्न पनि म आग्रह गर्न चाहन्छु। माननीय सभामुख महोदय, त्यस्तै अहिले एकदमै धेरै विश्वलाई हल्लाईरहेको यो कोरोना भाईरस हुन त हाम्रो प्रदेश वा हाम्रो देशमा सबै व्यवस्था भईसकेको छ।

कोरोनाको यहाँ चाहीं कुनै संक्रमण छैन भनेर भनिरहेको अवस्थामा तर हामीले हेरिरहँदा खेरी अहिले पनि विश्वको धेरै देशहरु संक्रमित भईसकेका छन् र हाम्रो देशमा पनि बाहिरबाट आउने पाहुनाहरु जुन आईरहेको छ तर त्यहाँ डेस्कको व्यवस्था गरेको रहेछ तर त्यहाँ डाक्टर छ न त कर्मचारी। त्यस कारण यसको पनि व्यवस्थाहोस् र भाली देशलाई संक्रमणबाट जोगाउनको लागि सबैभन्दा पहिला संक्रमण लागिसके पछि त्यसबाट जोगिन हामीसँग कुनै स्रोत साधन छ जस्तो मलाई लाग्दैन। त्यसै संक्रमण हुनुभन्दा पहिल्यै यसको व्यवस्थाहोस् भन्ने म आग्रह गर्न चाहन्छु। त्यसो भए दोस्रो कुरा

छ यहाँ महिलाको हाम्रो देशमा समस्त विश्व कै कुरा गर्नु पर्दा हाम्रै देशको कुरा गर्नु पर्दा पनि आधाभन्दा बढी जनसंख्या महिलाको छ।

तर सबैभन्दा पिडित प्रताडित महिला नै छ। हिंसामा परेको पनि महिला नै छ र आज प्रदेशभित्र धेरै महिलाहरु हिंसामा परिरहेको छ। प्रदेशभित्रको सरकारमा त महिलाको कुनै ठाउँ छैन। फेरी पनि प्रदेशको महिलाहरुलाई चाहिँ अलिकति शान्ति सुरक्षाको लागि व्यवस्था गरियोस् भन्ने पनि माग गर्न चाहन्छु। हिजो मात्र एउटा बच्चा बोकेको महिलालाई मैले समाचारमा हेरेको थिएँ, महिलामाथि देशको सक्षक भनेर जसलाई जनताले तिरको करबाट जागिर खाएको प्रहरीले निर्घात कुटपिट गरेको जुन देखिएको छ। यो चाहिँ साह्रै दुखुद घटना हो।

यस्तो घटना फेरी नदोहोरियोस् जसले गरिएको छ कारवाही गरिएको छ तानिएको उसमा भनिएको तर छानविन गरेको कारवाही होस् भन्ने पनि म माग गर्न चाहन्छु। र अव अहिले माझिहरुको यो लदी पर्वको उपलक्ष्यमा समस्त माझी जुन अहिले भर्खरै पनि डेटा दिनु भएको छ। ८३,७१५ माझीको जनसंख्या यति ठूलो जनसंख्या भएको एउटा संरक्षण गर्नुपर्ने ठूलो भन्दा पनि अलि जनजातिभित्र वहाँहरुलाई संरक्षित गर्नुपर्ने देखिन्छ र माझीको यो लदी पर्वको उपलक्ष्यमा वहाँहरुलाई शुभकामना व्यक्त गर्न पनि चाहन्छु र वहाँहरुले यो प्रदेशले कमसेकम अस्ति भर्खरै ग्याल्पो ल्होछारको पनि छुट्टिको व्यवस्था मिलाइएको थिएन त्यसैले यो प्रदेशभित्र ५६% आदिवासी जनसंख्याहरु छन् आदिवासीको बसोबास् छन् त्यसैले आदिवासीहरुको चार्डपर्वमा यो प्रदेशले विदाको व्यवस्था मिलाईयोस् भन्ने पनि आग्रह गर्न चाहन्छु। धन्यवाद, जय नेपाल।

**<u>माननीय सभामुख</u>:-** माननीय विशाल खड्का, समय ४ मिनेट।

**<u>माननीय विशाल खड्का (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुख महोदय, पछिल्लो समय मानवजातिलाई नै चुनौतीको रुपमा फैलिरहको कोरोना भाईरसको

आतंक नेपालमा पनि चर्चा हुन थालिएको छ। यसको वास्तविकता कति हो के छ अथवा आवश्यकताभन्दा बढी आतंकको रुपमा आएको छ कि यसलाई एउटा सरकारले एउटा निति बनाएर सत्यतथ्य जे हो त्यो मात्र बाहिर आउने व्यवस्था मिलाइयोस् र सरकारको के तयारी छ त्यसको लागि सरकारको तयारीको लागि जनतालाई स्पष्ट पारियोस्। दास्रो कुरा अहिले मेरो जिल्लाबाट म निर्वाचित भईरहँदा राष्ट्रिय गौरभको माथिल्लो तामाकोशीको आयोजना निर्वाचन सकिए पछाडी लगत्तै स्थलगत निरिक्षणमा जाँदा खेरी हामीलाई रिपोर्ट बुझाइएको थियो कि ९९ प्रतिशत काम सकियो भनेर।

तर आज तीन वर्ष बितिसक्दा खेरी पनि माथिल्लो तामाकोसीको काम अहिलेसम्म सम्पन्न हुन सकेको छैन बरु सुनिदै छ अर्को एक वर्ष लाग्दै छ भनेर। करिब ३५ अर्बमा सम्पन्न हुने प्रोजेक्टको अनुमानित लागत अहिले दुई गुणा बढेर गएको छ। यसभित्र यो ढिला हुनुको कारण र लागत बढ्नुको कारण के हो यसको एउटा अध्ययन गरी जनतालाई स्पष्ट पारियोस् किनभने त्यहाँ जनताको समेत लगानी छ।

म तेस्रो कुरा हाम्रो खाडीचौरबाट चरीकोट जाने सडकको कारण जुन अलपत्र पर्यो ठेकेदारको लापरवाही कारणले मुडेसम्मको खण्ड अहिले काम भईरहेको र मुडेदेखि चरीकोटसम्मको खण्डको काम अहिले पनि अलपत्र छ। पटक पटक हामीले धेरै कुरा संघीय मन्त्रालयमा हामीले कुरा उठाउँदा खेरी एउटा ठेकेदारको अगाडी सिंगो राज्य निरिह हुने जस्तो अवस्था रह्यो र आज पटक पटक, पटक पटक कुरा उठाउँदा जनताको आवाज उसै धुलाले उठाईरहेको अवस्था छ।

र त्यो बाटोको कारणले धेरै मानिस एम्बुलेन्स नै चल्न नसक्ने हुदा धेरै मानिसको अनाहकमा अकालमा मृत्यू समेत भएको छ। त्यसैले यो एउटा सामाजिक अपराध पनि हो। त्यस हिसाबले जो सार्वजनिक खरिद ऐन पछिल्लो संसोधनले पछिल्लो संसोधनको नवौं संशोधनको आधारमा सबै निर्माण व्यवसायीहरुको स्वतः म्याद थपिने कुरा आएको छ। यस्तो प्रकृतिका विशिष्ट अवस्थाका कामहरुमा हाम्रो कामहरु के हो ? राज्यको नीति

के हुन्छ यो जनताले सोधिरहेका छन्। सरकारले एउटा धारणा बनाउनु पर्छ र त्यस्ता ठेकेदारहरुलाई कारवाही गर्नुपर्छ। निरपेक्षरुपमा सबै ठेक्काको म्याद थपिन्छ भन्ने कुराको हामीले मान्न सक्दैनौं।

र अर्को कुरा आज हामी यो सदनमा आउँदै गर्दा खेरी आज यो आर्थिक वर्षको करिब दुई तिहाई महिना हामीले बिताईसक्यौं तर हाम्रो आर्थिक खर्चको, पूँजीगत खर्चको प्रगति विवरण को रेसियो कहाँ निर छ होला ? त्यसो हुँदा हाम्रो कर्मचारीतन्त्र अथवा हाम्रो सरकारले कसरी काम गरिरहेको छ। बजेट परेको कुरा किताबमा हेर्न पाईन्छ तर गाउँमा जाँदा खेरी देख्ने अवस्था छैन।

त्यसैले यो पूँजीगत खर्च बढाउने कुरालाई प्रदेश सरकारले कसरी सोचिरहेको छ, यो अवस्थाबाट जनता झन निरास हुने अवस्था छ। यो सँगसँगै आज संघीयताको नाममा हामीले जनतालाई सुगमता दिनुपर्ने हो तर जिल्ला जिल्लामा डिभिजनहरु राखिदा खेरी जनताले असाध्यै दुःख पाईरहेको र सबै सेवाग्राही अप्ठ्यारो व्यहोरिरहेको अवस्था त्यसैले मेरो यो जोडदार माग हो कि सभामुख मार्फत प्रदेश सरकारसँगको माग हो। प्रत्येक जिल्लामा रहेका डिभिजन कार्यालयहरुलाई भङ्ग गरिनुपर्छ र १३ वटै जिल्लामा एकिकृत कार्यालय सेवाको स्थापना गरिनु पर्छ त्यसको तयारी के छ सरकारले जानकारी गराओस् भन्ने म अनुरोध गर्न चाहन्छु।

अन्तिममा अहिले विभिन्न हाम्रो प्रदेशभित्र बहुजातीय संरचना छ, जस्ते अस्ति सोनाम ल्होछारमा विदा दिइयो, ग्याल्पो ल्होछारमा विदा पाएन आज अर्को लदी पर्वको कुरा आउँदै छ। त्यसैले सरकारले एउटा धारणा सार्वजनिक गरिनु पर्छ कि हाम्रा जातीय क्लष्टरहरु के के हुन् ? हाम्रा आन्तरिक राष्ट्रियताको स्थिती कस्तो हो र कुन कुन चार्डमा हामीले विदा दिने हो ? त्यो स्पष्ट पारिनु पर्छ भन्दै मेरो कुरा सक्छु, धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय विराज भक्त श्रेष्ठ, समय ४ मिनेट।

**<u>माननीय विराज भक्त श्रेष्ठ (विवेकशिल साझा पार्टी)</u>:-** माननीय सभामुख महोदय, देशमा कुनै पनि किसिमको राजनीतिक परिवर्तमा भूमिगत होस् या सशस्त्र क्रान्ती अथवा जनआन्दोलन राजनीतिक दलहरुलाई सत्ता प्राप्त गर्न मद्दत मात्रै होइन त्यसको आवश्यकता पूर्तिगर्ने सञ्चालककर्मीको बारेमा केही कुरा राख्न चाहन्छु। अहिले आएर सञ्चार जगतमा हो विकृतिहरु छन् मान्छेका चरित्र हत्या गर्ने देखि लिएर यस्ता कुराहरु पनि आएका छन् तर हामीले त्यो जगतले गरेको देशमा राजनीतिक परिवर्तनको योगदानलाई पनि हामीले बिर्सिनु हुन्न। यो सञ्चारकर्मी सञ्चार जगत कस्तो भईदियो भन्दा सात साल देखि नै कसैको सत्ता पाउने बाटो चाहीँ भयो तर खोला तऱ्यो लौरो बिर्‍स्यो पनि भएको छ।

यसमा भएको विकृतिका कुराहरु पनि छन् तर आज मैले कुरा गर्न गईरहेको कुरा विकृति भन्दा पनि सञ्चारकर्मी पत्रकार मित्र कमल पौडेल जो चाहीँ अहिले ब्लड क्यान्सर लागेर सिभिल अस्पतालमा बसि रहनु भएको छ, अहिले सहकर्मी सञ्चारकर्मी मित्रहरुले विदेशबाट पैसा उठाएर वहाँको उपचार भईरहेको छ। अनि हाम्रो संविधानले नै के भनेको छ, शिक्षा र स्वास्थ्य चाहीँ राष्ट्रको दायित्व भनिरहेको छ। अनि करोडौं पर्ने त्यस्तो खालको खर्च त नागरिकहरुले गर्न सक्दैन।

भनेपछि निष्ठाको पत्रकारिता गर्ने, ईमान्दार पत्रकारहरु उपचार नपाएरै पर्नुपर्ने हो सभामुख महोदय ? दशकौं सक्रिय र निष्ठाको पत्रकारिता गर्दै आउनु भएका सञ्चारकर्मी कमल पौडेल ब्लड क्यान्सरबाट पिडित भई निजामती अस्पताल मिन भवनमा उपचार गराउँदै हुनुहुन्छ वहाँको उपचारको लागि सहायता प्रधान गर्न सदन मार्फत प्रदेश सरकारको माग गर्दछु।

हरेक नागरिक करोडौं पर्ने उपचार आफै गर्न सक्दैनन् न त नागरिक ठूलो सञ्जालबाट सहयोग जुटाउन सक्छन् तसर्थ कम्तीमा संविधानले निर्देशित गरेको शिक्षा र स्वास्थ्यको जिम्मा राज्यले लिनै पर्छ र त्यस तर्फ अग्रसर हुन अनुरोध गर्दछु। धन्यवाद नेपालको जय होस्।

**माननीय सभामुख**:- माननीय रमा आले मगर, समय ४ मिनेट।

**माननीय रमा आले मगर (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))**:- सभामुख महोदय, सबैभन्दा आज नेकपाको अध्यक्ष एवम् सम्माननीय प्रधानमन्त्री मृगौला प्रत्यारोपणको लागि शिक्षण अस्पतालमा भर्ना हुँदै हुनुहुन्छ। यसको लागि म वहाँको शिघ्र स्वास्थ्य लाभको कामना व्यक्त गर्न चाहन्छु र यस्का साथै आज म अर्को विषयवस्तु चाहीँ ट्रष्टको जग्गाको सन्दर्भमा म आज यहाँ कुरा उठान गर्न गईरहेको छु।

सबैभन्दा पहिला चाहीँ यो ट्रष्टको जुन आजको एक हप्ता दुई हप्ता अगाडी सार्वजनिक मिडिया र पत्रपत्रिमा धेरै चर्चा परिचर्चा उठिरहेको छ आईरहेको छ र त्यसको बारेमा सदनमा संघीय सदनमा पनि कुरा उठिरहेको छ। यो सन्दर्भमा कुरा उठिरहँदा खेरी काठमाण्डौ क्षेत्र नं. १० ख को तत्कालिन गा.वि.स., महादेव स्थान, माता तिर्थ, सतुङ्गल र क्षेत्र नं. ९ को ईचङ्गु गा.वि.स.मा रहेका जग्गाहरु चाहीँ ट्रष्टमा परेको ट्रष्टको नाममा चाहीँ ट्रष्टमा गएको भनेर चाहीँ त्यो पत्र पत्रिकामा उठिरहेको म आफुले देखेको छु।

यो उठि रहँदाखेरी मैले पनि धेरै पत्रपत्रिकाहरु र आफ्नो क्षेत्रमा रहेको चाहीं त्यही सन्दर्भमा लागिरहनु भएको त्यसै जग्गामा बसोबास गर्नुभएको साथी भाइहरुसँग छलफल गर्दा डकुमेन्ट हेर्दा के देखिन्छ भने त्यतिबेलाको अर्थ मन्त्रालयको २०२६ साल ६ को महिना १३ गते नेपालको राजपत्रमा प्रकाशित सूचना अनुसार तत्कालिन महाराज धिराजबाट आर्थिक वर्ष २०२६/२०२७ साल देखि नै त्यस्तो जग्गाहरुको चाहीं आय स्तर समेत नै अब हामीले नलिने त्यतिबेलाको महाराज धिराजहरुले चाहीं परित्याग गरिसकेको चाहीं मैले डकुमेन्टमा पाएको छु अथवा पत्रिकाहरुमा पाएको छु र त्यसरी परित्याग गरिसके पछाडी, तत्कालीन गाविसमा रहेको जुन क्षेत्र नं. १० ख मा रहेको महादेव स्थान, मातातिर्थ, सत्तङ्गोल र ९ नं. क्षेत्रको ईचङ्गु गाविसको जनताहरुले चाहीं त्यतिबेलाको जग्गा धनीको श्रेस्ता र त्यसपछि मोहियानी हकको प्रमाण पत्र र फिल्डमा

बुझाईएको अथवा रसिद अथवा मालपोतको रसिदको आधारमा चाहीँ त्यो जग्गाहरु अहिले चाहीँ वास्तविक जग्गा वास्तविक जोतहा कै नाममा भईसकेको देखिन्छ। त्यो पत्रिकाहरु अथवा डकुमेण्टहरुले त्यो देखिन्छ।

तर त्यो जब यो सञ्चार माध्यममा र संघीय प्रदेशमा यो कुरा उठिसकेपछि विशेष चाहीँ क्षेत्र नं. १० ख मा रहेको जनताहरुको जहाँ चाहीँ अहिले जुन जग्गाहरु परेको छ त्यो जग्गाहरु अहिले पनि के छ भने कति चाहीँ भाइ भाइको बिचमा अंशबण्डा भईसकेको छ कति चाहीँ त्यो बिक्री वितरण भएर अगाडी बडिसकेको छ। यो बिक्री वितरण भईसकेको र भाइ भाइको बीचमा अंशबण्डा भइसके पछाडी अहिले ट्रष्टको सन्दर्भ जुन कुरा उठि सके पछाडी त्यहाँ बसोबास गर्ने लगभग चार सय घरधुरीको जनताहरुको चाहीँ न त रातमा निन्द्रा र न त दिनमा भोक छ यो अवस्थामा त्यहाँको जनताहरु तड्पिरहेको छ।

यस अर्थ यसको वास्तविकता के हो ? जनतालाई रातमा निन्द्रा र दिनमा भोक पनि नहुने अवस्थाबाट छिट्टै मुक्त गर्नको लागि म चाहीँ सभामुख मार्फत प्रदेश सरकारबाट चाहीँ संघीय सरकारबाट चाहीँ यो समस्या छिटो भन्दा छिटो समस्याको लागि चाहीँ समाधान गर्नको लागि म हार्दिक अनुरोध गर्दछु, धन्यवाद।

**<u>माननीय सभामुख</u>:-** माननीय छिरिङ्ग दोर्जे लामा, समय ४ मिनेट।

**<u>माननीय छिरिङ्ग दोर्जे लामा (नेपाली कांग्रेस)</u>:-** माननीय सभामुख ज्यू, यो रोस्टममा उभिदै गर्दा एउटै विषय पटक पटक दोहोऱ्याउन सायदै प्रदेश सभाका सदस्य ज्यूहरुलाई त्यो मनले मानिरहेको हुँदैन तर हामीले उठाएका विषयलाई संवोधन नगर्दासम्म उठाईरहनुपर्छ भन्ने कुरा पनि फेरी त्यसलाई पनि मार्न नसकिरहेको अवस्थामा म पुनः एक पटक मैले पहिला दोहोऱ्याएको एउटा विषय यहाँ पुनः राख्न चाहन्छु। ७५ साल चैत्र २७ गतेको दिन यहि रोस्टरमा उभिएर मैले एउटा विषयलाई यहाँ जानकारी गराएको थिएँ र सरकारलाई पनि केहि कुराको माग गरेको थिएँ।

र त्यो बारेमा सरकारबाट जवाफ आउने कुरामा कहिल्यै पनि त्यो कुरालाई एड्रेस भएन। मैले यो भन्दा अगाडीको विशेष समयमा पनि यो कुरा राखेको छु, सरकारले अहिलेसम्म किन हो खै धेरै कुराहरुको उत्तर त आएको छ तर मैले राखेको कुनै पनि विषयको उत्तर आएको छैन। के कारणले यो नेग्लिजेन्स् गरिरहेको छ अथवा हामीलाई त्यो किसिमको चाहीँ यो प्रश्नको उत्तर दिनै पर्दैन जस्तो वहाँलाई लागेको हो भने त्यो पनि भनिदिनुपर्यो। यो प्रश्नको उत्तर छैन अथवा दिन उपयुक्त छैन अथवा त्यो प्रश्नै ठिक छैन भनेर पनि भनिदिनुपर्यो।

अहिले संघीय सरकारको सहरी विकास मन्त्रालय अन्तरगत रहेको अधिकार सम्पन्न एकिकृत बागमती विकास समिति छ र सो विकास समितिले बागमती सौन्दर्यकरणको नाममा त्यहाँका किसानहरुको किसानहरुको जग्गा लिएको अवस्था छ यो धेरै भईसक्यो। त्यहाँका किसानहरुले आफ्नो लगभग १८८ रोपनी जग्गा अधिग्रहण गरेको तर त्यस्तो कुनै पनि मुआब्जा नदिएको भन्ने कुराहरु वहाँहरुले आन्दोलन गरिरहेको अवस्थामा वहाँले कृषि सहकार्य तथा प्राकृतिक स्रोत समितिलाई वहाँले निवेदन दिएपछि सो समितिले पनि एउटा प्रतिवेदन रिलिज गरिसकेको अथवा प्रतिवेदन बुझाईसकेको अवस्था छ र सरकारलाई पनि त्यो प्रतिवेदन मार्फत निर्देशन दिएको छ, मुआब्जा दिनुपर्छ र साँच्चै नै त्यहाँका किसानहरु पिडित छन् भनेर कुरा आईसकेको छ,प्रतिवेदमा स्पष्ट लेखिइसकेको छ।

मैले सिर्फ यतिमात्र यो प्रदेश सरकारको जिम्मेवारी होइनहोला भन्ने कुरा यहाँ उठ्न सक्ला तर प्रदेश सरकारले त्यही बागमतीको नाममा ०.५ प्रतिशत रजिष्ट्रेशन जग्गा उपत्यकाभित्रको जग्गा रजिष्ट्रेशन वापन पैसा लिन्छ। त्यही बागमती सभ्यताको नाममा प्रदेशमा लिन्छ। त्यो दिने भएर आइसक्दा खेरी दुईटा आर्थिक वर्ष कटिसकेको अवस्था छ त्यो दुईवटा आर्थिक वर्षमा त्यो पैसा कति जम्मा भयो म उत्तर माग्न चाहन्छु सरकारलाई प्रदेश सरकारलाई।

कहाँ जम्मा भइराहेको छ ? के सरकार प्रदेश सरकारमा आइसकेको छ कि छैन त्यो पैसा ? आईसकेको छैन भने कहाँ अड्की रहेको छ। फेरी पनि यो विषयलाई कर्मचारीतन्त्रले गर्दा अड्केको हो की ? कुनै प्रकृयागत रुपले अड्किएको हो की ? अथवा संघीय र प्रदेशको एउटा समन्वय भूमिका नभएर अड्किएको हो की ? त्यसको म प्रश्न गर्न चाहन्छु। र सरकारलाई के पनि अनुरोध गर्न चाहन्छु भने माग मात्र हैन अनुरोध पनि गर्न चाहन्छु।

प्रदेश सरकारले यी पिडित किसानहरुको विषयको सम्बोधन गर्नको लागि संघीय सरकार मार्फत प्रदेश सरकार मार्फत संघीय सरकारलाई यो छिटो भन्दा छिटो यो मुआब्जाको प्रक्रिया अगाडि बढाउनको लागि भूमिका खेलियोस् भनेर म सभामुख मार्फत यो प्रदेश सरकारलाई अनुरोध गर्न चाहन्छु, धन्यवाद,जय नेपाल।

**<u>माननीय सभामुख</u>:-** माननीय सिता लामा, समय ४मिनेट।

**<u>माननीय सिता लामा (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुख, कोरोना भाईरस भनेर चिनिने कोभिड-१९ को संक्रमण विश्वका विभिन्न मुलुकहरुमा फैलिने क्रम तिब्र रुपमा छ। अन्तरराष्ट्रिय मिडिया अनुसार चिनका अलवा दक्षिण कोरिया, ईटली, ईरान र जापानमा संक्रमितहरु धेरै छन्। यी पाँच वटा देशबाट नेपालमा निर्वाद पर्यटक भित्री रहेका छन्। कोभिड-१९ को संक्रमण तिब्र भएको अवस्थामा फागुन ८ गते देखि यता ८ दिनमा मात्रै १२,७९६ जना नेपाल भित्रिएका छन्। जसमध्ये डब्लू. एच. ओ. का अनुसार जोखिममा रहेका पाँच देशहरु चिन, ईरान, ईटली, जापान र कोरियाका नागरिकहरु मात्रै १,३७८ जना छन्।

अध्यागमण विभागका अनुसार पछिल्लो ८ दिनमा अर्थात् फेब्रुअरी २२, २७ तारिखसम्ममा चिनबाट ५७२ जना, ईरानबाट १७ जना, ईटलीबाट २१९ जना, जापानबाट ३४१ जना र कोरियाबाट २२९ जना गरी जोखिममा रहेको पाँचवटा देशहरुबाट

१२,७९६ जना विदेशीहरु नेपालमा आएको भनेर यो अद्यागमण विभागको तथ्याङ्कले बताउँदछ। त्यसै गरेर फेब्रुअरी १ देखि २७ तारिखसम्ममा त्रिभुवन विमानस्थलबाट भित्रिएको नेपालीहरु १,०२,७४० जना हुनुहुन्छ। विभिन्न देशहरुबाट ७३,५३२ र चिनिया नागरिक मात्रै ३,१३० जना हुनुहुन्छ।

भारतले बिहीबारबाट लागु हुनेगरी जापान र दक्षिण कोरियाका नागरिकहरुलाई भारत प्रवेशमा तत्काल रोक लगाएको छ। नेपालले संक्रमण फैलिएको देशहरुबाट फर्किनेलाई विना रोकतोक भित्र्याईरहेको छ। संक्रमित देशहरुबाट निर्वाद रुपमा नेपाल प्रवेश भईरहेको छ। कोभिड-१९ संक्रमण तिब्र भएका देशबाट आउनेलाई रोक लगाउने विषयमा नेपालले कुनै तयारी गरेको छैन। बरु पर्यटन बोर्डले पूर्व निर्धारित नेपाल भ्रमण रद्द नगर्न पर्यटनहरुलाई आव्हान गरिरहेको छ। दक्षिण कोरियाली सञ्चार माध्यमका अनुसार संसारका पचास देशहरु दक्षिण कोरियालीहरुलाई तत्कालका लागि प्रवेशमा रोक गराइएका छन्।

त्यसैले प्रिभेन्सन् ईज बेटर द्यान क्योर अर्थात रोग लाग्नुभन्दा अगावै सचेत र सतर्कता अपनाउनका लागि सभामुख मार्फत जिम्मेवारी निकायहरु र नेपाल सरकारको ध्यानाकर्षण गराउँदै उचित कदम चाल्नको लागि म हार्दिक अनुरोध गर्दछु, धन्यवाद।

**<u>माननीय सभामुख</u>ः-** माननीय योगेन्द्रराज संग्रौला, समय ४ मिनेट।

**<u>माननीय योगेन्द्रराज संग्रौला (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>ः-** माननीय सभामुख महोदय, धेरै पटक मृत्युलाई जितेर मृत्युसँग पौठी जोरी खेलेर फेरी एक पटक मृत्युसँग पौठी जोरी खेल्नका लागि तयार भएर दृढ ईच्छाशक्तिका पर्यायी स्वाभिमानी देशका सम्मानीय प्रधानमन्त्री केपी शर्मा ओली ज्यू आजै त्रिभुवन शिक्षण अस्पतालमा दोस्रो पटक मृगौला प्रत्यारोपण गर्नका लागि आज भर्ना हुँदै हुनुहुन्छ र बुधबार वहाँको शल्यक्रिया हुँदैछ।

हामीलाई विश्वास छ, हामी सबैको तर्फबाट सभामुख महोदय फेरी पनि एक पटक वहाँको शिघ्र स्वास्थ्य लाभको कामना गरौं र पुनः एक पटक यो देशको लागि फेरी पनि आफ्नो यात्रालाई अगाडी निरन्तरता बढाईरहनको लागि हामी सबैको तर्फबाट शुभकामना व्यक्त गरौं भन्ने म सभामुख मार्फत यो आफ्नो विचार व्यक्त गर्न चाहन्छु।

त्यसै गरी हिजो मात्र नेकपाका अध्यक्ष पुर्व प्रधानमन्त्री पुष्पकमल दाहालज्यू माथि सभागृहमा दुर्व्यवहार भयो। कतिपयलाई लागिरहेको छ यो सुनियोजित हैन कता कता यो आकष्मिक जस्तो अथवा भावनामा आएर तुरुन्तै एउटा भएको जस्तो घटना भएको जस्तो लागिरहेको हुनसक्छ मलाई त्यो लाग्दैन। यो घटना सुनियोजित हो, लोकतन्त्रमाथि, गणतन्त्रमाथि प्रहार हो।

केवल पुष्पकमल दाहाल नेकपाको अध्यक्षमाथि मात्र भएको यो प्रहार होइन। त्यसो हुनाले म नेपालको संविधानले सबैलाई मौलिक अधिकार मार्फत आफ्ना रानीतिक आस्थाहरु, आफ्ना विचारहरु, आफ्ना जुनसुकै किसिमका कुराहरु राख्ने यो मौका दिइएको छ। यस्ता अराजकहरु, अराजनीतिहरुप्रती मेरो घोर जतिसुकै निन्दा गरेपनि निन्दा गर्ने शब्द यहाँ नभएको यहाँ सभामुख मार्फत जानकारी गराउन चाहन्छु।

यसदेखि बाहेक मैले एउटा राख्ने पर्ने कुरा भर्खरै भौत्तिक पूर्वधार विकास मन्त्री नियूक्ति हुनु भएको छ। म फेरी पनि फोखेलको बाटो हामी सबै जना आउँछौं मैले यसपालि के देखें त भन्दा खेरी फर्पिङ्गदेखि फाखेलसम्म आउनको लागि हामी बाटोमा विभिन्न मोडहरुमा हामी आउँदा खेरी मैले जम्मा ११ वटा घरहरु अत्यन्तै जोखिममा मैले पाएँ। जो टर्निङ्ग हुँने बित्तिकै त्यहाँ जुनसुकै बेला पनि गाडिहरु ठोकिने, जुनसुकै बेला त्यहाँ घरमा हुँने मानिसहरुलाई ठोकिने र दुर्घटनामा पर्ने त्यो ११ घरहरुका लागि प्रदेश सरकारको तर्फबाट के गरेर हुन्छ जतिसक्दो चाँडो मुआब्जा दिएर हुन्छ कि केहि गरेर हुन्छ कि हामीले के भन्दा खेरी एउटा कार्यक्रम बनाउनलाई म सभामुख मार्फत मन्त्री ज्यूलाई म आग्रह पनि गर्न चाहन्छु।

यसदेखि बाहेक अर्को कुरो काठमाण्डौ उपत्यकाभित्र अथवा देशका हाम्रो प्रदेशभित्रका विभिन्न शहरहरुमा दुर्घटना ग्रस्त भएर ट्राफिक कार्यालयभित्र बसेका मोटरसाईकल, गाडीहरु मेरो आफ्नो अनुमानमा मैले एउटा अध्ययन गरेको थिएँ, करिब करिब मोटरसाईकल मात्रै एक लाख जस्तो के भनेदेखि हुन आउँदो रहेछ। यस्तो व्यवारिसे अवस्थामा छ जसलाई के भन्दा खेरी एउटा आयस्रोत तथा एउटा राजस्वपनि हामी बनाउन सक्दछौं।

प्रदेश सरकारको तर्फबाट केन्द्रीय सरकारसँग संघीय सरकारसँग के गर्न सकिन्छ र कसरी राजस्व लिन सकिन्छ, संकलन गर्न सकिन्छ त्यसको बारेमा पनि गाडी मोटरसाईकलको बारेमा पनि हामीले केहि कदम चाल्नु उपयुक्त हुन्छ जस्तो लाग्दछ। अहिले यो कुराहरु राख्दै म विदा हुन चाहन्छु, धन्यवाद, नमस्कार।

**<u>माननीय सभामुख</u>:-** माननीय रिना गुरुङ्ग, समय ४ मिनेट।

**<u>माननीय रिना गुरुङ्ग (राष्ट्रिय प्रजातन्त्र पार्टी - संयुक्त))</u>:-** माननीय सभामुखज्यू, सर्बप्रथम सम्मानीय प्रधानमन्त्री ज्यूको सफल शल्यक्रिया र शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु। सभामुखज्यू अहिले विश्व नै कोरोना भाईरसबाट आतंकित र प्रभावित दुबै नै छ। यो कोरोना भाईरसप्रति चाहीँ भ्रम र सत्य आफ्नै ठाउँमा होला तर सत्य भनेको के छ भने, चाईना, दक्षिण कोरियामा मात्रै होइन विभिन्न मुलुक तीन दर्जनभन्दा विभिन्न मुलुकमा चाहीँ कोरोना भाईरस फैलिरहेको छ र दिनहूँ दिन ती देशहरुबाट मृतकको संख्या बढीरहेको छ यो चाहीँ सत्य नै हो र यो सत्यलाई हेरेर हाम्रो नेपालमा पनि कुनै पनि समयमा यो दुर्घटना हुन सक्छ।

विश्व देशहरुले त कोरोना भित्रिएपछि त्यसको निराकरण गर्न गाह्रो भईरहेको छ। हाम्रो देशमा कोरोना भित्रियो भने त्यसको अवस्था के होला। त्यसको लागि बागमती प्रदेशले विभिन्न ठाउँहरुमा सरुवागढीदेखि लिएर हाम्रो विभिन्न नाकाहरुमा स्वास्थ्यकर्मी

टोली एउटा प्राविधिक सहित खटाईयोस्। र प्रिभेन्सन् ईज व्याटर द्यान क्योर भनिन्छ, त्यही भएर भोलीको दिनमा चाहीँ कोरोना उपचार चाहीँ कोरोना छिर्ने वातावरण नबनाईयोस्। भन्ने चाहीँ म प्रदेश सरकार सामु चाहीँ आग्रह गर्न चाहन्छु। र सभामुख महोदय, अस्ति भरखरै समाचारहरु हेरि रहँदा खेरी एउटा भिडियो सार्वजनिक भयो।

भाईरल पनि भयो, भिडियोमा हेर्दा खेरी चाहीँ एक जना महिलामाथि चाहीँ प्रहरीले एउटा महिला चसले चाहीँ अवोध एउटा शिशु पनि बोकेकी थिईन्, ति महिलामाथि एउटा प्रहरीले चाहीँ निर्ममता पुर्वक लठ्ठिले प्रहार गरेको धकेलेको चाहीँ दृष्यहरु मैले देखे भिडियो पनि देखे ती भिडियो चाहीँ मैले पुरा पनि मैले देख्न सकिएन। आङ नै सिरिङ्ग भयो। त्यो घटना पछिको यथार्थ के हो आफ्नो ठाउँमा होला तर त्यो भिडियो हेर्दा खेरी चाहीँ मानौ त्यो महिला जघन्य अपराधी नै होला, तर एउटा महिला त्यो पनि बच्चा बोकेको माथि चाहीँ प्रहरीले यस्तो क्रियाकलाप यस्तो चाहीँ घटना घटाउन पाउँछ या पाउँदैन।

यस्तो प्रहार गर्न पाउँछ या पाउँदैन। त्यही भएर सभामुख महोदय, म यो सभा मार्फत नै ती महिला बागमती प्रदेश की महिला हुन्। ती घटना भनेको बागमती प्रदेशभित्र भएको छ। भोलीको दिनमा चाहीँ बागमती प्रदेशभित्र यस्तो जघन्य अपराध नै भन्न चाहन्छु। प्रहरीद्वारा घटाईएको जघन्य अपराध त्यस्तो भालीको दिनमा नहोस् भन्ने कुरा मैले तपाईलाई ध्यानाकर्षण गराउँदै ति प्रहरी माथि सिघ्रभन्दा सिघ्र कारवाही होस् भन्ने पनि आग्रह गर्न चाहन्छु, माग गर्दछु र सभामुख महोदय, हामीहरु यता बोली रहँदाखेरी विभिन्न विषयमा बोल्छौँ, कहिले विभिन्न विधेयकमाथि छलफल हुन्छ, विभिन्न सरकारका कार्यप्रतिमाथि टिप्पणी हुन्छ, कहिले सरकारका पक्षमा पनि टिप्पणी हुन्छ, कहिले सरकारको विरोधमा टिप्पणीहरु भईरहेको छ।

यसको विभिन्न समयमा लाईभ पनि प्रसारण भएको हुन्छ। तर कहिले लाईभ प्रसारण हुने यो सभाबाट कहिले नहुने भन्ने कुरा अत्यन्तै दुर्लभ घटना भएको त्यो भएर

यसको पछाडी पनि कुनै सुनियोजित घटना चाहीँ नहोस्। विरोध हुँदा खेरी लाईभ नहुने, विरोध नहुँदा खेरी लाईभ हुने यस्तो कुराहरु नहोस् त्यसको लागि चाहीँ यो सभाबाट जति पनि माननीयहरुले बोल्नु हुन्छ हरेक कुराको चाहीँ लाईभ प्रसारण होस् भन्ने चाहीँ माग गर्दै बिदा हुन चाहन्छु, नमस्कार।

**<u>माननीय सभामुख</u>ः-** माननीय सन्त बहादुर प्रजा, समय ४ मिनेट।

**<u>माननीय सन्त बहादुर प्रजा (नेपाली कांग्रेस)</u>ः-** सभामुख महोदय, आज यस विशेष समय मार्फत सुरुमा त भर्खरै लामो समय देखि हामीले भौतिक मन्त्रीज्यू खाली थियो, त्यसको सट्टामा मुख्यमन्त्री ज्यूले सञ्चालन गरि रहनु भएको थियो। यस सदनले भौतिक मन्त्री हामीले भर्खरै पाएका छौं। वहाँलाई मेरो व्यक्तिगत तर्फबाट हार्दिक बधाई व्यक्त गर्न चाहन्छु र आज हामी विशेष समयको सन्दर्भमा हामी छलफल गरिरहँदा मलाई अलिकति खड्किएको विषय वा सरकारले यस सदनले ध्यान दिनुपर्ने विषय जस्तो मलाई लाग्छ। आज हामी झण्डै २ वर्षको अन्तरालमा हामी बजेट सञ्चालन गरिरहेका छौं, सरकार सञ्चालन गरिरहेका छौं।

समय पनि थोरै छ, अहिले हालसालै भर्खरै गत साल पाँच करोडको बजेट विशेष अनुदान मार्फत रुपमा चाहीँ सञ्चालन भएको थियो। हालै अर्थमन्त्रालयबाट विशेष अनुदान र समपुरकको कोषबाट हालै वितरण बजेट विनियोजन भएको छ। यसमा अर्थमन्त्रालयलाई म धन्यवाद पनि व्यक्त गर्न चाहन्छु। र मैले त्यो कार्यविधि वितरण गर्दै गर्दा कार्यविधि हेरैं र केही स्थानीय तहका साथीहरुसँग जन प्रतिनिधिहरुसँग पनि मैले केहि आवाजहरु सुने।

र यसमा वितरण गर्दै गर्दा खेरी हामीले तीस लाख पनि वितरण गरेको छौं। एक करोडसम्म वितरण गरिसकेको छौं। यसलाई चाहीँ सरकारले ध्यान नपुर्याएको हो की भन्ने मैले महसुस गरेको छु र कार्यविधिमा ई-विडिङ्ग पुरै ठेक्का मार्फत गर्नु पर्ने भन्ने

खालको एउटा कार्यविधि निर्माण गरिएको रहेछ। यो उपभोक्ता समितिले पनि गर्न सक्ने तीस लाख, पचास लाख बजेट हो र यसलाई उपभोक्ता समिति र जनतालाई पनि बञ्चित गर्ने गरी यो कार्यविधि सञ्चालन भएको हो, जस्तो मैले महशुस गरेको छु र त्यसै खालको स्थानीय तहमा पनि जन गुनासो छ यसमा चाहीं मन्त्री परिषदको साथीहरु, मन्त्री ज्यूहरुले चाहीं क्याबिनेटलाई यो विशेष ध्यान जाओस् भन्न म यहाँबाट अनुरोध गर्न चाहन्छु र धेरै पटक मैले यसै सदनबाट कुरा उठाईरहेको र सदन कहिले सत्ता कहिले प्रतिपक्ष त यो त भईनैहाल्छ र मेजर कुरा के हो भने यस मकवानपुर जिल्ला बागमती प्रदेशको राक्सिराङ्ग, कैलाश गाउँपालिका अति नै विकट क्षेत्र, ग्रामीण क्षेत्र त्यहाँ बसोबास झण्डै ९० प्रतिशत तामाङ्ग र चेपाङ्ग बसोबास गर्छ र त्यहाँको समुदायहरु मकै, कोदो बालीमा आश्रित छ र त्यसपछि गाँजा पनि वैकल्पिक रुपमा लागाउन थाल्छ, वैकल्पिक क्षेत्रको हिसाबले र दिनहुँ प्रहरीले गाँजाको भरियाको कारणले गर्दा त्यहाँको जनताहरुलाई प्रहरीले चाहीं थुन्ने काम भएको छ।

यतातिर सरकारको योजना बजेट बन्दा खेरी, बजेट निर्माण गर्दा खेरी सरकारको त्यता ध्यान नपुगेको हो की ? त्यहाँ प्रतिपक्ष जित्दै गर्दा हो की ? त्यस्तो खालको पनि मलाई भान परेको छ। त्यता तिर सत्ता पक्ष प्रति पक्ष नभईकन समग्र त्यहाँको जनता र त्यहाँको भूगोलको क्षेत्रको आधारमा विकास निर्माण विनियोजन होस् भन्ने सरकारलाई अनुरोध गर्न चाहन्छु।

अन्तिममा मैले यो सहित दुई पटक हुन्छ होला आदरणीय गृहमन्त्री ज्यू यहाँ हुनुहुन्छ। राक्सीराङ्ग गाउँपालिका वडा नं. ७ मा तीन जना चेपाङ्गहरु विषालु च्याऊले गत आसारमा च्याऊबाट मृत्यु भएको थियो। त्यसको राहात क्षतिपूर्ती पाएको छैन। सी.डी.ओ. कार्यालयमा त्यो फाईल पुगेको छ। त्यता तिर सरकारको ध्यान जाओस् भन्ने यहाँबाट अनुरोध गर्दै विदा हुन्छु, हवस् धन्यवाद। जय नेपाल।

**<u>माननीय सभामुख</u>ः-** माननीय प्रेम बहादुर तामाङ, समय ४ मिनेट।

**माननीय प्रेम बहादुर तामाङ (स्वतन्त्र)**:- सभामुख महोदय, घमण्ड र दम्भले दमित मेरो देश कर, महङ्गी, भ्रष्टचार, दलाल, कमिशन, अन्याय र अत्याचारले आक्रान्त मेरो देश अहिले फेरी एक पटक यो कोरोना भाईरसद्वारा अत्यन्त आतङ्कित भईरहेको छ। ज्वरोको औषधी नपाएर हुम्लाका हुम्लेली जनताहरु मरिरहेको छ।

एउटा सिटामोल नाम गरेको ट्यावलेट हुम्लामा पठाएर हुम्लेली जनताको जीवन रक्षा गर्न नसक्ने सरकारले नेपाली जनताको रक्षा गर्ला कोरोनाको भ्याक्सिन नै तयार गर्ला भन्ने कुरो नेपाली जनताले पत्याईरहेको छैन। त्यसो भएको कारणले गर्दा म विशेष गरी यो कोरोना भाईरस मार्फत कोरोना भाईरसद्वारा यो तीन नं. प्रदेशका जनताहरुलाई चाहीँ नछोओस्, छुन नदिनको लागि को कहाँ कसरी पर्खाल बनेर बस्नु पर्ने हो, त्यो तयारी यो सरकारले गरोस् भन्न चाहन्छु।

रसुवागढी नाका जो चिनसँग जोडिएको छ, त्यहाँबाट धेरै चाईनिजहरु यता नेपाल तिर आउने गर्छ त्यहाँ सामाजिक विकास मन्त्रीज्यूको भ्रमणले राम्रो व्यवस्थापन भएको छ। अझ त्यसलाई व्यवस्थित ढंगले हेल्थडेस्कहरु राखेर कर्मचारीहरु थप गरेर अझ व्यवस्थित गर्न सक्यौं भने त्यहाँबाट कोरोना भित्रिएला भन्ठान्नु पर्दैन किनभने यो सरकारबाट सबैभन्दा हेपेका, चेपेका, दबिएका रसुवाली जनता यो नेपाल कै जनताको रक्षाको निमित्त कोरोना भाईरसलाई यता छिर्न नदिएर पर्खाल बनेर बस्न तयार छ। त्यत्ति हिम्मत छ रसुवाली जनतामा त्यस्को लागि माननीय मन्त्री ज्यूको चाहीँ अलिकति सहयोगको आवश्यकता पर्छ।

यो कोरोना भाईरस यो विभिन्न धामहरुमा लागोस्, भ्रष्ट धाममा लागोस्, तर्क तस्कर धाममा लागोस्, कमिशन खोरी धाममा लागोस्,दलाल धाममा लागोस् तर उत्तरगया धाममा नलागोस्। किनभने यो राज्यबाट हेपिएको जिल्लाले हो। यहाँका जनताले अझै पनि व्यवस्थित खानेपानी खान पाईरहेको छैन। अझै पनि किसानको खेतहरु सुकिरहेको छ। अझ पनि सडकहरु ठाउँ ठाउँमा पुगिसकेको छैन। सुनेको छु यहि प्रदेशको १२ ओटा

जिल्लामा त चार पटक पिच हुन्छ रे एउटै सडक हाम्रो मा त जनताले मोटर चड्ने, साईकल चड्ने बाटो पनि छैन।

भ्याक्सिन यो कोरोनासँग लड्ने क्षमता त कहाँ हुनु त्यसरी विभिन्न खालको धाममा जाओस् तर म अनुरोध गर्छु माननीय मन्त्री ज्यूलाई, यो उत्तर गया धाममा अथवा रसुवामा चाहीं नपठाईयोस् भन्ने मेरो अनुरोध। यसको लागि के के गर्नु पर्नेहो केहि पनि कसुर बाँकी नराखिकन गर्नुस् अरु के के गर्नुपर्छ त्यसको लागि हामी रसुवाली गर्न तयार छौं। त्यसैगरी यो दुई तिन वटा कुराहर जो यस्तो खालको पुर्वाहग्रह छ, प्रदेशिक सरकार यस्तो खालको संकृणता छ, धेरै वटा बजेट गएका छन्, बजेटहरु गएका धेरै वटा चाहीं टेण्डर भएका छन् तर जहाँ जहाँ सोझा मान्छेहरु, सिधा मान्छेहरु अलिकति घुस लेना देना गर्न नजान्ने मान्छेहरु बसेको ठाउँको बजेटहरु अहिलेसम्म टेण्डर भएको छैन।

म माननीय आदरणीय सभामुख मार्फत माननीय भौतिक पूर्वाधार मन्त्री ज्यूलाई अनुरोध गर्न चाहन्छु, यो रोङ्गा, गोल्जुङ्ग, सोम्दाङ सडक अहिलेसम्म टेण्डर भएको छैन। एकै पटक गएको बजेटमा दुई चोटी टेण्डर भईसक्यो, यसमा ध्यान जाओस् त्यसैगरी पर्यटन मन्त्री ज्यूलाई पनि अनुरोध गर्छु सातदोबाटो, ठूलो गाउँ, डाँडा गाउँ, करु मञ्याङ्ग, तिरु, गोगने हाकु हुँदै गत्लाङ्ग जोड्ने सडकको पैसा कहाँ गयो थाहा छैन।

जहाँ सोध्न गयो थाहा छैन यदि यो कसैले चोरेको हो भने त्यो चोरलाई कारवाही होस्। होईन भने खोजेर त्यहाँको जनतालाई दिईयोस् र सभामुख महोदय सरकारका विकासे मन्त्रालयबाट फेरी पनि योजना बाँडीदै छ रे हल्ला सुनेको यदी यो हल्ला मात्र होईन भने अरिङ्गालहरुले मात्र नपाओस्, माहुरीले पनि यो विकास पाओस् किनभने माहुरीले मह तयार गर्छ, धन्यवाद।

**<u>माननीय सभामुख</u>:-** माननीय दिपेन्द्र श्रेष्ठ, समय ४ मिनेट।

**<u>माननीय दिपेन्द्र श्रेष्ठ (नेपाली कांग्रेस)</u>:-** सभामुख महोदय, सर्बप्रथम म मृगौला प्रत्यारोपनमा स्वास्थ्य लाभ गरिरहनु भएका सम्माननीय प्रधानमन्त्री ज्यूको स्वास्थ्य लाभको कामना गर्दछु।

वास्तवमा अहिले राजधानीतिर धेरै ठूलो सन्नाटा छाएको छ। मुलुककै सञ्चार मन्त्री गोलुल बास्कोटा सरकारका प्रवक्ताले सेक्युरिटी प्रिन्टिङ्ग प्रेसमा गरिएको भ्रष्टाचारमा गरिएको डिलिङ्गको सम्बन्धमा आज हर्सौं दिन भईसक्दा खेरी पनि त्यो कुरा किन गुपचुप भईरहेको छ।

सम्माननीय प्रधानमन्त्री ज्यूले यो होईन वहाँले गरेको होईन यो भ्रम रहेछ, अर्कैको टेप हो भनेर एउटा चाहीं नियम क्राईटेरीया र आफुले नै धामी र झाँक्री बनेको घटना क्रमलाई अहिले यतिखेर राजधानीमा व्यापक चर्चा पाएको छ र यो अतन्त गम्भीर घटना सरकारी स्तरबाट सरकार कै प्रवक्ताले गरिएको एउटा भ्रष्टाचारको संलग्नतामा देखिएको एउटा ओपन प्रमाण सहित आएको घटनालाई सरकारले अझसम्म पनि कारवाहीको प्रक्रियामा ल्याउन सकेको छैन र यसको म सम्मानीय सभामुख मार्फत ध्यानाकर्षण गराउन चाहन्छु।

आज मुलुक विश्वभरी नोभेल कोरोना भाईरसको संक्रमण फैलिदो छ र झण्डै ४६ वटा देशहरुमा यसको संक्रमण तिव्र गतीमा अगाडी आउँदै छ र अहिले विश्व स्वास्थ्य संगठनले पनि नेपाल पनि तिव्र जोखिममा परेको छ भन्ने कुराको संकेत गरिसकेको अवस्थामा आज हेर्ने हो भने सरकारी स्तरबाट कुनै पनि यसको सुरक्षात्मक प्रविधिहरु र त्यो भाईरसलाई परिक्षण गर्ने अत्यधुनिक प्रविधिहरु कुनै पनि तयारी गरिएको अभाससम्म दिइएको छैन र यो गम्भिर विषय हो र यसमा सरकारको ध्यानाकर्षण पनि म गराउन चाहन्छु।

म अर्को विषयमा संक्षिप्त धारण राख्छु, सरकारले, प्रदेश सरकारले, स्थानीय सरकारले र संघीय सरकारले सँधैभरी सार्वजनिक जग्गालाई संरक्षण गर्ने भन्ने आफ्नो अभिव्यक्ति विचारहरु त राख्दै आईरहेको छ, करिब करिब दुई वर्ष पुग्न लागिसक्यो त्यता तिर दत्त चित्त भएर लागेको त छैन तर केही समय अगाडी भूमि सुधार मन्त्री पद्मा अर्यालज्यूले एउटा नाटक मञ्चन गर्नु भयो र काम त राम्रो थालनी गर्नु भएको थियो तर

अहिले त्यो नाटकको रुपमा परिवर्तन भएको आवास आम नेपाली जनताले गर्न थालेका छन्। वहाँले काठमाण्डौं क्षेत्र नं. १ अन्तर्रगत दश नं. वडा भवनमा पाँच रोपनी बाह्र आना जग्गा रहेको ठाउँमा वहाँले नेपालका सरकारको जग्गा भनेर चार रोपनी भनेर साईन बोर्ड लगाउनु भएको थियो त्यो १ रोपनी १२ आना जग्गा कहाँ गयो मन्त्री, प्रश्न गर्न चाहन्छु माननीय सभामुख मार्फत।

त्यस्तै आलोक नगरमा सत्र रोपनी जग्गा सार्वजनिक जग्गामा वहाँले दश रोपनी जग्गा सार्वजनिक भनेर नेपाल सरकारको भनेर टार्नु भयो त्यो जग्गा सात रोपनी जग्गा कहाँ गयो म मन्त्रीज्यूलाई प्रश्न गर्न चाहन्छु र त्यत्तिमात्र होइन अनाम नगरमा जहाँ सार्वजनिक जग्गा भनेर पार्किङ्ग भईरहको नौं नं. कित्ताको जग्गामा वहाँले चाहीँ साईनबोर्ड लगाउनु भयो नेपाल सरकारको भनेर तर त्यसैको छेऊमा चाहीँ अक्सिडेण्टल स्कुलले हडपेको दश नं. कित्तामा रहेको सार्वजनिक जग्गामा चाहीँ जहाँ अति नै अतिक्रमण गरेको ठाउँ थियो, त्यहाँ चाहीँ अहिले पनि साईनबोर्ड लगाउनु भएको छैन तर त्यति बला मन्त्री ज्यूले प्रतिबद्धता लगाउनु भएको थियो, यहाँ म चाँडै लगाउँछु भनेर वास्तवमा मलाई अहिले आम क्षेत्र नं. १ बासीले यो चाहीँ मन्त्रीज्यूले फोटो खिच्न र प्रचारात्मकको रुपले आउनको लागि गरिएको आवास भएको छ, अनुभूती गरेको छन्।

त्यस कारण म सम्मानीत सभा मार्फत अवगत गराउन चाहन्छु। यो सार्वजनिक जग्गा संरक्षण गर्ने अभियानमा दत्त चित्त भएर प्रदेश सरकार पनि लाग्नु जरुरी छ भन्दै आफ्नो संक्षिप्त धारणा राख्दै विदा हुन्छु। धन्यवाद, नमस्ते।

**<u>माननीय सभामुख</u>ः-** माननीय विजया श्रेष्ठ केसी, समय ४ मिनेट।

**<u>माननीय विजया श्रेष्ठ केसी (नेपाली कांग्रेस)</u>ः-** माननीय सभामुखज्यू, सबैभन्दा पहिला सम्मानीय प्रधानमन्त्री ज्यूको शल्यक्रिया सफल होस्, वहाँलाई दिर्घ जीवन मिलोस् यहि ईश्वरसँग प्रर्थना गर्न चाहन्छु। सभामुख ज्यू अस्ति शनिबार राजधानीको सभागृहमा

भव्य प्रोग्राम भईरहेको बेलामा जुम्लाको एउटा युवाले सबैभन्दा शक्तिशाली नेतालाई लक्षियत गरेर जुत्ता प्रहार गरेको खबर छ्यापछ्यासी छ।

यो अत्यन्त दुखद खबर हो र यसको अनुसन्धान अवश्य हुनेछ के, किन, कसरी भनेर अनुसन्धान अवश्य हुनेछ र सरकारले त्यस युवालाई हदैसम्मको सजाय पनि देला तर प्रश्न अर्को छ, सभामुखज्यू किन आज नेपाली युवाहरु नेपाली कार्यकर्ताहरु आफ्नो नेतप्रति आफ्नो प्रिय यति शक्तिशाली नेताहरुप्रति यति आक्रोसित निरासा किन छन् ? यो प्रश्नको जवाफ ईतिहासले खोज्नेछ यस तर्फ हामीसबैको ध्यान जान जरुरी छ। अर्को कुरा यस प्रदेशमा मन्त्री मण्डलले पुर्णता पाएको भनिएको छ तर हामीले हजारौं पटक कराउँदा पनि एक जना महिला मन्त्रीलाई यहाँ राखिएको छैन।

यो संविधानको ठाडो उल्लङ्घन हो। संविधानको मर्म विपरितको कार्य हो। सभामुख ज्यू यो पनि दुखद् हो र यसको जवाफ पनि ईतिहासले खोज्नेछ यसमा पनि विचार गरियोस्। सभामुखज्यू, अबको नेपालको प्रधानमन्त्री, मुख्यमन्त्रीहरु वातावरण संरक्षणको पृष्ठभूमि दिगो विकासको अर्थतन्त्र बुझ्ने र कार्यान्वयन गर्न सक्ने महिला हुनुपर्छ भन्ने अहिलेको माग छ। अहिलेको परिस्थितीको माग छ।

तब मात्रै संविधानको मर्मलाई न्याय हुनेछ र अहिले आएको राजनीतिक उपलब्धीहरुको प्रमुख योगदानकर्ता महिलाप्रति न्याय हुनेछ भन्ने अहिले यो समयको माग हो। सभामुखज्यू, विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरसको कारणले नेपालमा पनि नेपालको सरकारले भिजिट नेपाल २०२० लाई अहिले स्थगन गरिसकेको कुरा साकारात्मक छ र यसको लागि नेपाल सरकार धन्यवादको पात्र छ तर यसको साथै भिजिट नेपाल २०२० मा अहिलेसम्म भएका उपलब्धिहरु के के गर्यो खर्च विवरणहरु पारदर्शी रुपले जनताले पाउनु पर्छ भन्ने मेरो माग राख्दै बिदा हुन्छु धन्यवाद, जय नेपाल।

**<u>माननीय सभामुख</u>ः-** माननीय पुकार महर्जन, समय ४ मिनेट।

**माननीय पुकार महर्जन (नेपाली कांग्रेस)ः-** सभामुख महोयद, म यस सभामा सभामुख मार्फत केन्द्रीय सरकारको ध्यानाकर्षण गर्न चाहन्छु। हुन त यो विषयमा पूर्ववक्ता माननीयज्यूले पनि भनिसक्नु भएको छ म वहाँलाई सम्मान व्यक्त गर्न चाहन्छु। अहिले माता तिर्थ जग्गा प्रकरण एउटा तातो बहसको विषय बनेको छ।

कि परापुर्व कालदेखि माता तिर्थमा काम गर्दै आएको किसानहरुको करिब चार हजार रोपनी जग्गा २०२१ सालमा नापी हुँदा किसानको मोही महलमा मोही जनियो र मोही तीन कारणबाट जनिन सक्छ। एउटा फिल्ड बुकमा नाम हुनु पर्यो, दोस्रो जग्गा पुर्जा हुनुपर्यो, तेस्रो दुई नं. अनुसूचीमा नाम हुनुपर्यो। ती तीनै वटाका बाबजुत मोही महलमा मोही जोडियो। २०२६ सालमा सरकारले द्वेध स्वामित्व अन्त्य गर्ने भन्ने नाममा कि किसानहरुको नाममा जग्गा ल्याईदियो। त्यो निर्णय २०२६ साल ६ को महिना १३ गते भएको छ।

तर कुरा आउँछ १७३ रोपनी जग्गा त्यो बेलामा मोहीको नाममा आउन सकिएन। कारण के विविध कारण प्राविधिक कारणले कि नाबालक, कोही विदेशी गएको र नाता प्रमाणितका विभिन्न कारणले गर्दा खेरी त्यो १७३ रोपनी जग्गा मोहीहरुले आफ्नो नाममा लिन सकेन र त्यही विषय आज तातो बहस बनेको छ र २०२६ साल पछि २०३९ सालमा पटक पटक मोहीहरुले ताकेता गर्दा खेरी पनि आफ्नो नाममा ल्याउन सकिएन र २०४६ सालमा मिसिल नं. २२१ मा निर्णय भएको भनेर त्यो जग्गा दरवारको नाममा फेरी फिर्ता गरियो तर विडम्बना के छ भने त्यो जुन २२१ मिसिल नं. को निर्णय भनिएको छ, त्यो निर्णय मै आज उपलब्ध हुन सकेको छैन पाउन सकेको छैन।

कसैलाई थाहा छैन यो २२१ मिसिल नं. कहाँ छ भनेर। त्यसैले आधारमा दरवारको नाममा लगिएको छ त्यसपछि २०४६ साल पछि विरेन्द्रको नाममा र विरेन्द्रभन्दा पछि ज्ञानेन्द्रको नाममा लगियो र २०६४ सालमा त्यहीँ जग्गालाई ट्रष्टको

नाममा लियो। ट्रष्टको नाममा लगियो अहिले बहसको विषय भनेको नै ट्रष्टको नाममा हो। हुन त ट्रष्टको नामको जग्गा मोहीको नाममा लिन पाउँदैन त्यो एउटा आफ्नो ठाउँमा छ।

तर मोहीको नाम हुँदा हुँदै अहिले पनि मोही महलमा मोहीको नाम यथावत छ तर ट्रष्टको नाममा कसरी गयो भन्ने एउटा प्रश्न चिन्ह पनि खडा भएको छ र आज त्यसपछि विभिन्न आयोगहरु बने र मोहीलाई जग्गा उपलब्ध गराउनु पर्छ भन्ने हिसाबले आयोग बनेर आयोगको सचिब र भूमि सुधारले पनि सरकारलाई त्यही सुझाब दिईयो कि मोहीको नाममा लानु पर्छ भन्ने सुझाब दिइयो।

पछि आएर भट्टराईको सरकारले त्यही सुझाबको आधारमा मोहीको नाममा जग्गा नामसारी गरिदिएको अवस्था हो। र आज के भने विडम्बना के छ भने अन्य कुराहरुलाई, अन्य विषयहरुलाई एकातिर पन्छाउनको लागि छायामा पार्नको लागि आज यो जुन माता तिर्थ जग्गा प्रकरण अगाडी सारिएको छ, त्यो प्रति घोर खेद व्यक्त गर्न चाहन्छु, धन्यवाद। जय नेपाल।

**माननीय सभामुख**:- माननीय बिजुला बर्मा राणा, समय ४ मिनेट।

**माननीय बिजुला बर्मा राणा (नेपाली कांग्रेस )**:- माननीय सभामुख महोदय, प्रदेश नं. ३ रसुवागढी नाका र सिन्धुपाल्चोक जो चाइनासँग जोडिएको छ र चाईनामा चाहीँ कोरोना भाईरसले एकदमै प्रभावित भन्ने जुन कुराहरु आईरहेको छ नेपाल अथवा ३ नं. प्रदेश पनि यसबाट अछुतो रहने अवस्था छैन। त्यसैले हाम्रा तर्फबाट हामी आग्रह गर्न चाहन्छौँ यसको उच्च सतर्कता अथवा सुरक्षा प्रदेश सरकारले नै अपनाउनु पर्दछ अथवा यो देशको सरकारले अपनाउनु पर्दछ भनेर हामी यो मञ्चबाट आग्रह गर्न चाहन्छौँ र अर्को कुरा कुनै पनि देशको आर्थिक समृद्धी त्यतिबेला सम्पन्न हुन्छ जति बेला त्यो देशका सम्पूर्ण नागरिकहरु सुरक्षित अथवा आफूलाई चाहीँ सुरक्षित महशुस गरेर सुकुनको निन्द्रा पाएका हुन्छन्।

तर आज हामीले हिजो एउटा भिडियो भाईरल भएको देख्छौं, एउटा महिलामाथि पुलिस प्रशासनले जगन्य अपराध गरिरहेको। हामीले त्यो चाईनालाई बिर्सिसकेका छौं जहाँ अपराध हिजो भएको थियो कम्युनिष्ट सरकारको नाममा हामी चाहीं पूर्वि जर्मनीलाई बिर्सिसकेका छौं हामीले चाहीं अरु अरु कम्युनिष्ट मुलुकहरुलाई बिर्सीसकेका छौं एउटा ईतिहास बनाई सकेका छौं तर बार बार यो देशको सरकार किन निर्ममता पुर्वक कहिले पत्रकारलाई भौत्तिक कारवाही गर्दै अगाडी आउँछ,कहिले चाहीं एउटा महिलालाई दुरव्यवहार गर्दै अगाडी आउँछ, कहिले एउटा यात्रुलाई हवाई मार्गमा चाहीं जुन दुरव्यवहार गरेर चाहीं लगिन्छ पुलिस प्रशासनमा यस्ता दृष्टान्तहरु किन दोहोरिन्छन् ?

वर्तमान किन बनाईन्छ यो कम्युनिष्ट बनिसकेको कम्युनिष्टलाई हामी यो सरकारलाई प्रश्न गर्न चाहान्छौं र आज हामीले भन्नुपर्दा एउटा बच्चा हामीले विश्वलाई हेर्नु पर्दा अरु अरु देशमा विकसित मुलुमा एउटा बच्चाको कति धेरै अधिकार हुन्छ, तर काखमा एउटा बच्चा लिइरहेको महिलालाई यसरी एउटा ईन्स्पेक्टरले निर्ममता पूर्वक प्रस्तुत हुँदा बच्चाको मनमा कति आधात पुग्यो होला ? उसको यो सरकार यो पुलिस प्रशासनप्रति कस्तो दृष्टिकोण बन्यो होला ?

त्यसैले हामी यस मञ्च, यस सभाबाट आग्रह गर्न चाहन्छौं र त्यहाँ निष्पक्ष छानविनहोस् र त्यो बालकको अधिकारको सुरक्षा गरियोस् महिला दिदी बहिनीको जुन अधिकारको सुरक्षा गरियोस् र पुलिस प्रशासनको यदि गल्ती छ भने सशक्त कारवाही गरियोस् भनेर यहाँबाट हामील माग गर्न चाहन्छौं। र अर्को विषय मैले अधुरै छोडेको थिएँ, बास्कोटा प्रकरण जहाँ भिडियो क्यारिकेचरको कुरा थियो, नभन्दै प्रधानमन्त्री ज्यूले भिडियो क्यारिकेचर पनि हुन सक्छ ? वहाँको आवाज हुन सक्छ ? भनेर कुरा बाहिर आएको छ, फेरी पनि अपराधीलाई उन्मुक्ती दिने कोसिस यो सरकार गर्दै छ।

त्यसैले यो प्रपञ्च र नाटक फेरी पनि रचिदै छ, यदि यस्तो हुन्छ भने फेरी पनि हामी प्रतिपक्षको तर्फबाट आग्रह गर्न चाहन्छौं। चाहे भ्रष्टचारी लाल झण्डामुनी होस् चाहे

चारतारे झण्डामुनी होस्, चाहे एकतारे झण्डामुनि होस्। त्यसलाई नेपालको चन्द्र सूर्य अंकित झण्डामुनी नै ल्याएर कारवाही गर्नुपर्छ। यो सबै नेपालीको माग भनेर हामी यहाँबाट भनेर भन्न चाहन्छौं। कसैलाई राजनीति प्रतिशोधको आधारमा काखमा राखिने कसैलाई पाखा गर्नु हुँदैन भन्छौं। यहाँ अहिले एकजना सांसदज्यूले फेरी पनि नेतालाई बचाउने कुरा गर्नुभयो र यसरी तपाईले नेतालाई बचाउनु, जुत्ता हानेको कुरा बचाउनु भनेको तपाईले फसाउनु हो।

यदि तपाईले हिजो गरेको प्रतिबद्धतामा खेतिमा झुटको नारामा अन्न फलेन हामी भोका छौं भने त्यो प्रतिविम्व हो। त्यसैले हामीले त्यो मार्गमा हिंड्नु हुन्न। सही मार्गमा हिंड्नु पर्छ भन्ने एउटा बाटो पनि देखाएको हो। जाँदा जाँदै नेपाली काँग्रेस प्रतिपक्ष कहिल्यै पनि मृत्यु रोजेर सुख चाहदैन त्यसैले यो देशमा जस्तो सुकै प्रवृद्धि भएपनि जस्तोसुकै झुटा नारा लगाएर यहाँ आएको सरकार भएपनि अहिले केपी हाम्रा प्रधानमन्त्री सम्माननीय प्रधानमन्त्री हस्पिटलमा भर्ना हुँदै हुनुहुन्छ भनेपछि वहाँको सिघ्र स्वास्थ्य लाभको कामना गर्छौं र वहाँको उत्तर उत्तर आउने दिनमा अझ प्रगति होस् हामी कामना गर्न चाहन्छौं र वहाँले जस्तो व्यवहार गरेपनि अथवा वहाँका झुठा नाराहरु सत्यमा परिणत नभए तापनि यो कामना गर्दै म यहाँबाट बिदा हुन्छु हवस् धन्यवाद, जय नेपाल।

**<u>माननीय सभामुख</u>:-** माननीय शोभा शाक्य, समय ४ मिनेट।

**<u>माननीय शोभा शाक्य (विवेकशिल साझा पार्टी)</u>:-** माननीय सभामुख महोदय, सर्बप्रथम हाम्रो देशका सम्मानीय प्रधानमन्त्री बिरामी हुनुहुन्छ। वहाँको किड्नी फेर्ने सिलसिलमा हस्पिटल भर्ना हुँदैछ र किड्नी फेर्ने पनि सुनेका छौं। त्यसको लागि म सर्बप्रथम वहाँको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

साथै किड्नीको बिषयमा हाम्रो नेपालमा एउटा नियम छ, आफ्नै परिवारले दिनुपर्छ, अरुले दिन मिल्दैन। त्यो नियम वहाँको कहाँसम्म पालना भएको छ, म यो प्रश्न राख्न

चाहन्छु। किनभने जनताहरु किड्नीको प्रोभलमले धेरै बिरामी भएर किड्नी फेर्न नपाएर बिरामी भएर जनताहरु बसिरहेको अबस्था छ।

तर हाम्रो नेपालमा भएको नियमलाई प्रधानमन्त्रीदेखि लिएर सबैलाई समानहोस् भन्न चाहन्छु। यो समान गर्नको लागि पनि म सभामुख मार्फत ध्यानाकर्षण गर्न चाहन्छु। सभामुख महोदय, हाम्रो ललितपुरमा सम्मिक महादान पर्व भएको थियो, चौध र पन्ध्र दुई दिन। त्यस कार्यक्रममा काठमाण्डौ, किर्तिपुरदेखि चोभारसम्म लिएर सबै देव देवताहरुलाई त्यहाँ ल्याएर एक सय साठ्ठी ओटा देव देवताहरुलाई ल्याएर त्यहाँ सम्मिक महादान पर्व हुन्छ।

त्यहाँ चाहीँ हरेक पाँच वर्षमा एक चोटी हुन्छ। त्यो सम्मिक महादान पर्व नाग बाहालको हिरान्यवर्न महाभ्याल गोल्डेन टेम्पलले भव्यताका साथ सम्पन्न गरेको छ त्यसलाई म हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु। सभामुख महोदय, हाम्रो ललितपुरमा मंगल बजारबाट ग्वार्खो जाने बाटो, सौगलबाट थैना जाने बाटो पानी पर्यो भने त्यहाँ धान रोप्न मिल्छ,घाम लाग्यो भने त्यहाँ धुलोले बसीनसक्नु अवस्था छ। त्यहाँका जनताहरुले बीच बीचमा साईन बोर्ड राखेर यो २०२० को समयमा यो बाटो कसले बनाउने यो बाटोमा ध्यानाकर्षण जाओस् भनेर बीच बीचमा बन्द गरेर राखिरहेको पनि धेरै भईसक्यो।

बैशाखमा मछिन्द्रनाथ तान्ने बेलामा बाटो बनाईयो जेठमा बाटो बिगारियो। अहिलेसम्म बनाएको अवस्था छैन त्यस कारण त्यो बाटो कसले बनाउने कसले हो ? यो प्रश्न राख्न चाहन्छु। हामी त्यहीँबाट हिँडिरहनु पर्छ हामीलाई सरकारको ध्यान कहिले जाने भनेर सोधिरहनु हुन्छ। त्यस कारण यो सरकारको ध्यान जाओस् भन्न चाहन्छु। सभामुख महोदय, हामीले गोकुल बास्कोटाको ७० करोड भ्रष्टाचारको विषयमा धेरै सुन्यौं तर राजिनामा दिए पुग्छ ? सरकारको कारवाही हुँदैन ? सरकारको कारवाही भएर उच्च अदालतबाट निर्णयहोस् यसको लागि पनि सर्बसाधारणलाई जस्तै काम कारवाही होस् भनेर म विनम्र आग्रह गर्दै सभामुख मार्फत ध्यानाकर्षण गराउन चाहन्छु।

सभामुख महोदय, पछिल्लो समय चीनको वुहानबाट फैलिएको कोरोना भाईरस अहिले संसार भरि आक्रान्तको रुपमा फैलिएको छ। यो कोरोना भाईरस आउनुभन्दा पहिला हाम्रो नेपालमा हाम्रो यो ३ नं. प्रदेशमा हामी कसरी बच्छौं ? चीनमा त दश दिनमा हस्पिटल बनाएर बिरामीलाई राख्ने ठाउँ बनाउन तर हाम्रो नेपाल असम्भव छ। त्यस कारण हाम्रो मन्त्रीज्यूले प्रदेश तीनमा पनि ध्यानाकर्षण गरियोस् भन्ने आफ्नो भनाई राख्दै मेरो भनाई यहीं अन्त्य गर्न चाहन्छु। हाम्रो देशको जय होस्, हामी सबैको जय होस्।

**<u>माननीय सभामुख</u>ः-** माननीय नरोत्तम वैद्य, समय ४ मिनेट।

**<u>माननीय नरोत्तम वैद्य (नेपाली कांग्रेस)</u>ः-** सभामुख महोदय, सभामुख महोदय मार्फत मलाई लागेको कुरा टु दी प्वाईन्ट राख्न चाहन्छु। यो धेरै साथीहरुले, हाम्रो धेरै माननीय ज्यूहरुले धेरै किसिमबाट, धेरै कोणबाट आफ्नो कुराहरु राखेको देखिन्छ। त्यसलाई कान भएको सरकार भए सुन्छ।मुख भएको भए चाहीं समयमा जवाफ दिन्छ। अब मलाई लागेको कुरा चाहीं के भने दुई, तीन ओटा कुरा टु दी प्वाईन्ट गर्ने सिलसिलामा चाहीं म अलिकति पृथक कुरा गर्छु।

नेपालको संविधानमा कार्यकारीणी पदको चौबीसै घण्टा कार्यकारीणी पदको अवधारणको कल्पना गरेको छ। एक मिनेट पनि कार्यकारीणी पदको खाली नहोस् भन्ने कलपना गरेको छ, नेपालको संविधानमा। अहिले प्रधानमन्त्री ज्यू औषधी उपचार गर्न जाँदै हुनुहुन्छ, किड्नी फेर्न जाँदै हुनुहुन्छ, किड्नी फेर्दा खेरी वहाँ चाहीं बेहोस् गरेर अपरेशन गर्नुपर्छ। अब कति दिन अस्पतालमा बस्नुपर्छ।

अनि नेपालको संविधान त्यो नेपालमा हुँदा हुँदै अस्पतालमा हुँदा हुँदै कार्यवाहक प्रधानमन्त्री दिनसक्ने प्रभिजन छैन। नेपालको संविधानमा छैन, अब यो के भने बिरामी भएको पिरियडमा संकटकाल लागु गर्नु पर्यो भने कसले गर्ने ? यो बिषयमा सरकारको

ध्यान गएको छ कि छैन ? यहाँ के भने यो मलाई लागेको के भने यो कार्यकारीणीको एक मिनेट पनि त्यो खाली नहोस् भन्ने कल्पना चाहीँ नेपालको संविधानमा गरेको देखिन्छ।

तर प्रधानमन्त्री औषधी गर्न जाँदै हुनुहुन्छ। यो बीचमा संकटकाल लागाउनु पर्यो यो बीचमा केही गर्नु पर्यो भने कसले गर्ने ? त्यसैले यो विषयमा सबैको ध्यान गएको छ कि छैन भन्ने एउटा कुरा। दोस्रो कुरा अहिले बजारमा छताछुल्ला आईरहेको कुरा चाहीँ नेपालको संविधान संसोधन गर्ने। एउटा के भने एउटा व्यक्ति एउटा सांसदलाई प्रधानमन्त्री बनाउनको लागि संविधान संसोधन गर्ने।

अनि संविधान संसोधन गर्ने नपाउनेले के पायो बोक्रै समेत चपायो। यसरी ख्याल ठट्टा गर्न पाईन्छ ? नेपालको संविधानको बारेमा एउटा व्यक्तिलाई सांसद बनाउन एउटा व्यक्ति प्रधानमन्त्री बनाउनको लागि यसरी ख्याल यसरी ख्याल ठट्टा गर्न पाईन्छ ? त्यसैले मेरो आग्रह के भने नपाउनेले के पायो बोक्रै समेत चपायो यो संविधानलाई यति बज्काना खेल खेलिरहेको देखिन्छ।

अब राष्ट्रपतिलाई कार्यवाहक दिन पाउने अनि यो अपर हाउसमा राष्ट्रपतिले मनोनित गर्ने सांसदहरु पुगेन त्यसमा थप्ने अनि यस्तो बज्काना कुराहरु गरिरहेको छ। यसमा सबैको ध्यान जान जरुरी छ। मेरो आग्रह यसमा ध्यान जान जरुरी छ। अब यो साँच्चिकै संविधान नै संशोधन गर्ने हो भने त्यसको प्रक्रिया छ। त्यसको केभने एउटा सरकारले गर्ने हो यो संविधान संसोधन गर्ने कुरा यो पार्टीले गर्ने होइन।

तर यति संविधान नै संशोधन गर्ने हो भने संविधान संशोधन यो धर्म सापेक्षताको लागि गर्ने कि? अनि यो हिन्दु धर्म सापेक्ष बनाउनको लागि गर्ने कि यो संविधान नै गर्ने हो भने अनि चाहीँ के भने यो संघीयता के भने अहिले हामीलाई संघीयताले काम गरेको छ कि छैन। त्यो विषयमा मुल्याङ्कन गरेर यो संविधान के भने यो संघीयता पनि ठिक छ कि छैन। यो विषयमा पनि मुल्याङ्कन गर्ने हो भने जनमत संग्रहमा जाने कि नजाने ?

अनि के भने यो धर्म सापेक्षता बनाउनको लागि संविधान संसोधन गर्ने शिलशिलमा जनमत संग्रहमा जाने कि नजाने ? त्यसैले अहिले के भने यदि आवश्यकता हो भने मेरो भनाई के भने आवश्यकता हो भने यो धर्म सापेक्षताको कुरा पनि हिन्दु धर्म सापेक्षताको कुरा पनि यो संघीयता पनि के भने संविधान सभाले ल्याएको होइन।

पुनः स्थापित संसदमा चाहीँ ल्याएको। संविधान सभामा नगईकन के भने शक्तिले पेलेर ल्याएको। त्यसैले यो विषयमा के भने जनमत संग्रहमा जानु पर्छ कि यो विषयमा संविधान संसोधनमा जानु पर्छ कि तर एउटा व्यक्तिलाई प्रधानमन्त्री बनाउनको लागि संविधान संशोधन गर्ने तिर गएको कुरा चाहीँ यो मनासिप लागेन मलाई लागेको कुरा चाहीँ टु दी प्वाईन्ट दुई तीन ओटा राखैं यसमा तल माथि भएमा क्षमा गर्नुहोस् भन्दै आफ्नो दुई शब्द यहीँ टुङ्ग्याउँछु, जय नेपाल।

**<u>माननीय सभामुख</u>:-** माननीय सदस्यहरु विशेष समयमा बोल्ने क्रम यही समाप्त हुन्छ। माननीय सदस्यहरु अब म माननीय सामाजिक विकास मन्त्री युवराज दुलाललाई प्रदेश युवा परिषदको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि दफावार छलफलको लागि शिक्षा, स्वास्थ्य तथा कृषी समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

**<u>माननीय युवराज दुलाल, मन्त्री, सामाजिक विकास मन्त्रालय</u> :-** माननीय सभामुख ज्यू, सभामुख ज्यूको अनुमतिले प्रदेश युवा परिषदको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि दफावर छलफलको लागि शिक्षा, स्वास्थ्य तथा कृषी समितिमा पठाइयोस् भन्ने प्रस्ताव सम्माति सभामा पेश गर्दछु, धन्यवाद।

**<u>माननीय सभामुख</u>:-** माननीय सदस्यहरु अब माननीय सामाजिक विकास मन्त्री युवराज दुलालले प्रस्तुत गर्नु भएको प्रदेश युवा परिषदको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक दफावार छलफलको लागि शिक्षा, स्वास्थ्य तथा कृषी समितिमा पठाइयोस् भन्ने प्रस्तावलाई निर्णायार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ प्रदेश युवा परिषदको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक दफावर छलफलको लागि शिक्षा, स्वास्थ्य तथा कृषी समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतीले स्वीकृती भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु, अब अर्को बैठक मिति २०७६ साल फाल्गुन २० गते मंगलबार दिनको ११:०० बजे बस्ने गरी यो बैठक स्थगित हुन्छ।

**(तदनन्तर बैठक २०७६ साल फागुन २० गते मंगलवार बिहान ११:०० बजे सम्मका लागि स्थगित भयो।)**

**अन्त्य - दिनको २:४९ बजे।**

# प्रदेश सभा
# बागमती प्रदेश
# पाँचौ अधिवेशन
# कारवाहीको सम्पूर्ण विवरण

२० फागुन, २०७६

मंगलबार

(बैठक संख्या - १९)

**प्रदेश सभाको पाँचौ अधिवेशको आजको बैठक माननीय सभामुख श्री सानुकुमार श्रेष्ठको अध्यक्षतामा बिहान ११:०० बजे प्रारम्भ भयो।**

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, प्रदेश सभाको आजको बैठकको कारवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरु, आज विशेष समयको कार्यक्रम नरहने व्यहोरा जानकारी गराउँदछु।

माननीय सदस्यहरु, आज मिति २०७६ फागुन २० गते अल्पसंङ्ख्यक अति सिमान्कृतमाझी समुदायले हरेक वर्ष फागुन महीनाको तेस्रो हप्ताको मंगलबार मनाउने महान चर्व लदिपर्व पानी पुजाको अवसरमा देश बिदेशमा रहनु हुने माझी समुदाय लगायत

समस्त नेपालीलाई दिदिबहिनि तथा दाजुभाईहरुमा बागमती प्रदेश सभा र मेरो ब्यक्तीगत तर्फ बाट सुख, शान्ती, समृद्धि एवम उत्तर उत्तर प्रगतिको हार्दीक मंगलमय शुभकामना ब्यक्त गर्दछु।

माननीय सदस्यहरु, अब शुन्य समयको कार्यक्रम प्रारम्भ हुन्छ। शुन्य समयमा बोल्न चाहानु हुने माननीय सदस्यहरुलाई १ मिनेटको समय निर्धारण गरेको छु। माननीय सिता लामा।

**<u>माननीय सिता लामा (नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.))</u>:-** माननीय सभामुख, नयाँ युगमा नेपाललाई लैजाने सन्दर्भमा श्रमिक वर्गको हितका लागि योगदानमा आधारित सामाजिक सुरक्षा नेपाल सरकारले घोषणा गरेको लामो समय बितिसक्दा पनि कार्यान्वयन असाध्यै धिमा गतिमा भएकोले बागमती प्रदेश सरकारलाई आफ्नो प्रदेश भित्र रहेका संगठित तथा असंगठित छेत्रका सम्पुर्ण मजदुरहरुलाई लागु गराउनको लागि बिषेश योजनाका साथ अघि बढ्न जोरजाड माग गर्दै आज विश्व श्रवण दिवशको दिनमा हाम्रो सरकारले सुन्नु हुनेछ भन्ने बिश्वासका साथ सबैलाई श्रवणदिवशको हार्दिक शुभकामना।

**<u>माननीय सभामुख</u>:-** माननीय शोभा शाक्य।

**<u>माननीय शोभा शाक्य (विवेकशील साझा पार्टी) </u>:-** लघु पर्वको शुभकामना दिँदै ललितपुरको पाटन दरबार स्क्वायर भित्र भनाकेवमा बाँदरहरुको संख्या धेरै नै बृद्धि भएर त्यहाँका साँस्कृतिक सम्पदाहरुको धेरै नै नोक्सान गरि रहेको अवस्था छ र त्यसमा बिगार्ने र त्यही आसपासमा रहेका घरहरुमा समेत धेरै नै दुख दिएको हुनाले बाँदरहरुलाई समातेर चिडिया खाना अथवा अनेत्र स्थानान्तरण गर्नको लागि प्रदेश सरकारलाई ध्यानाकर्षण गर्न चाहान्छु। साथै यस बारेमा प्रदेश सरकारको के योजना छ। धन्यवाद।

**<u>माननीय सभामुख</u>:-** माननीय देवकी श्रेष्ठ।

**माननीय देवकी श्रेशष्ठ (नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.))**:- माननीय सभामुखज्यू, चिनको वुहान सहरबाट कोरोना भाईरसको संक्रमणले चिनलाई मात्र आक्रान्त पारिरहेको छैन्।बिस्तारै अन्य देश जापान, दक्षिण कोरिया, ईरान,अमेरिका लगायत देशहरुमा पनि फैलिरहेको कुरा संचारमाध्यम बाट सुन्दै आएका छौ।जब पर्यो राति तब बुडी ताति भन्ने उखान लागु नहोस।प्रदेशको क्षमता वा स्रोत छैन भने समयमा नै केन्द्रीय सरकारलाई यसको पुर्ण रोकथामको लागि पहल गर्न अनुरोध गर्नु पर्यो र ढिलो भैसक्यो र एयरपोर्ट बाट बिदेशीहरु नजाँचिकन भित्र आईरहेको छ र अहिले नेपालमा पनि संक्रमण भयो भन्ने कुरो आईरहेको छ।धन्यवाद।

**माननीय सभामुख**:- माननीय विजया श्रेष्ठ के.सी।

**माननीय विजया श्रेष्ठ के.सी (नेपाली कांग्रेस)**:- माननीय सभामुख ज्यू, लदिपर्वको सबैमा **शुभकामना।सभामुख** ज्यू, पत्रकार रबि लामिछाने र पुर्व मन्त्री गोकुल बास्कोटाज्यूको केश अडियोबाट आको केश एकै खालको हुन्।पत्रकार रबि लामिछानेलाई थुनेर अनुसन्धान गर्नु पर्ने तर पुर्व मन्त्री ज्यूलाई यो झुटो केश हो भनेर सरकारले बचाउनु पर्ने कारणके होला यो जनता जान्न चाहान्छन्।

अर्को कुरा यस वर्षको आर्थिक वर्ष समाप्त हुन लगभग चार महिना बाँकी छ।हाल सम्म प्रदेश सरकारले १० देखि १२% सम्म मात्र बिकास बजेट खर्च गरेको छ भन्ने कुरा सुन्नमा आएको छ।यो के हो यसको निरिक्षण, अनुगमन कसरी भैरहेको छ।लेखा बिकास समितिले यसलाई कुन दृष्टीले हेरेको छ र के गरिरहेको छ।यसको पनि जानकारी पाउ।धन्यवाद।जय नेपाल

**माननीय सभामुख**:- **माननीय** नरोत्तम बैद्य।

**माननीय नरोत्तम बैद्य (नेपाली कांग्रेस)**:- सभामुख मोहदय, यो सरकार संग कान छ कि छैन्।कुरा चै यो प्रदेश सभा सभासदहरुले जति बोले पनि सुन्दै सुन्दैन।अनि चाहि के भने समयमा जवाफ दिनु पर्ने कुरा जवाफ दिदैन।त्यसैले यो सभासदहरुको चाहि

गरीमा घट्दै गएको हो कि यो मुख्य मन्त्री ज्यूको अनि सम्बन्धित मन्त्री ज्यूहरुको कान चाहि बाक्लो हुदै गएको हो कि जस्तो मैले फिल गरेको छु।

त्यो पशुपतिनाथको उसमा चाहि सुनको जलरी चादिको जलरी निकालेर सुनको जलरी राख्न लागेको सम्बन्धमा अहिले चाहि के भने चन्दा उठाउदै गईराखेको देखिन्छ।कसैले २ तोला सुन राख्दै गएको छ,कसैले ३ तोला सुनराख्दै गएको छ अनि यो पशुपतिनाथ चाहि ३नं. प्रदेशमा पर्छ कि पर्दैन।यो ३नं. प्रदेशमा पर्छ भनेयो विषयमा के भने ३ नं. प्रदेशको धारणा के ३नं. प्रदेशको सरकारको......

**माननीय सभामुखः- माननीय** सरस्वती बाटी।

**माननीय सरस्वती बाटी(नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.)) :-** सभामुख महोदय, सम्माननीय प्रधानमन्त्रीज्यू नेपाल कम्युनिष्ट पार्टी (ने .क. पा) का अध्यक्ष केपि शर्मा ओलि दोस्रो पटक किड्नी फेर्न टिचिङ्ग हस्पिटल भर्ना हुनु भएको छ।वहाँको सफल उपचार र साथै सुस्वास्थ्यको हार्दिक शुभकामना व्यक्त गर्न चाहान्छु।त्यस्तै गरि कोरोना भाइरस जसरी फैलिदै रहेको छ यो फैलिन नदिनको लागि सुरक्षित हुनको लागि सुचना प्रवाह गर्ने कामहरुको बारेमा अति ध्यान दिनुपर्ने आवश्यकता देख्दछु।

त्यसको साथ साथै सरकारी जग्गा सुरक्षित र व्यवस्थापन नागरीकन बसोबास र रोजगारीका अवसर संवैधानिक ऐन, कानुन एवम् बिकास निर्माण योजनाहरु जस्ता विषय बस्तुहरुको सकारात्मक र सहि सुचनाहरु प्रदान गर्ने नागरिकको अधिकार सुनिश्चित गर्नको लागि प्रत्येक बिहान रेडियो,एफ .एम सुन्ने चाहि अवस्था बनाउनको लागि यो चाहि प्रदेश सरकार मार्फत सम्बन्धित निकायलाई ध्यानाकर्षण गराउन चाहान्छु।हस्त धन्यवाद।

**माननीय सभामुखः- माननीय** वेलि माया घले।

**माननीय वेलि माया घले (नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.)):-** माननीय सभामुख ज्यू,सभामुख मार्फत सम्माननीय प्रधानमन्त्रीज्यूको स्वास्थ्य लाभको कामना गर्दै। म भर्खरै

समाचारमा आई रहेका विशेष समयमा पनि केहि माननीय ज्यूहरुले उठाउनु भएका हाम्रो काठमाडौं जिल्लाका महानगरपालिका बिशेष गरि पुर्व थानकोट गा.बि.स., महादेब स्थान गा.बि.स., मातातिर्थ गा.बि.स.मा बसोबास गर्ने जनताको अहिले दिनमा भोक न रातमा निन्द्रा भइ रहेको ट्रष्टको विषयमा अवगत गराउन चाहान्छु।

कित्तानं. १ मा रहेको साबिक सतुङ्गल गा.बि.स.मा १ रोपनि छाना १ पैसा स-साना टुक्रामा किसानहरुले खेति गरि रहेको छ। त्यसथै गरि मातातिर्थ साबिक मातातिर्थ गा.बि.स.को (क) र (ख) मा ५९ रोपनि १ आना ३ पैसा जमिन पनि स-साना कित्तामा छरिएर रहेको र मोहिहरुले बसोबास गरि रहेको र खेति बाली गरि रहेको। त्यसथै माहादेब स्थान ४ (क), (ख), (ग) मा रहेको जमिन पनि त्यसै गरि रहेको तर म.प.को पुर्वधार बिकास समितिले २०६९ भदौ महिना ११ गतेको दिन निर्णय गरि मोहि नाममा नाम सारि भएको सो बारे...

**<u>माननीय सभामुख</u>:-** माननीय बिराज भक्त श्रेष्ठ।

**<u>माननीय बिराज भक्त श्रेष्ठ (विवेकशील साझा पार्टी)</u>:-** माननीयसभामुख महोदय, यो सदनको आवाज सरकार सम्म किन पुगिरा छैन भन्ने कुराको जिज्ञासा राख्न चाहन्छु यो शून्य समयमा। यो शून्य समय होकि नशून्य समय हो बिजया छैनसभामुख महोदय। दुई वर्ष भई सक्यो कुनै पनि सदनमा उठेको प्रदेश सभा सदस्यहरुले उठाको प्रश्नको गतिलो जवाफ हामीले पाएका छैनौ। पटक पटक यहि सदन बाट सडक व्यवस्थापन,बिधुतिय सवारी साधन,काठमान्डौको धुलो,ट्राफीक जाम,पानिका कुरा हामीले उठाका छौ।

त्यो कुरा प्रदेश सरकारले एक चोटि पनि सम्बोधन गरेको छैन् तर संघिय सरकारमा अहिले अर्थ मन्त्री जिले चाहि त्यो कुराहरुको सम्बोधन गरेर सम्बन्धीत मिडियाको फ्रन्ट पेज मै आउन थालेको छबिदुतिय गाडिहरु देखि लिएरसडक व्यवस्थापन। अर्को कुरा स्थानिय तहमा भई रहेको भ्रष्टाचारको कुरा पनि यो सदनमा पटक पटक उठायौ हामीले। आज त्यसको विधेक पनि आउदै छ सेवा सुबिधाको। अनि

अस्ति भर्खरै ग्रह मन्त्री जिले स्थानिय तहलाई कारवाहि गर्यो भने एक जाना पनि स्थानिय तहको जनप्रतिनिधी बाँकी हुदैन भन्ने अभिव्यक्ति आको छ। संघ सरकारले शून्य प्रदेश सरकारले किन नशून्य .....

**<u>माननीय सभामुख</u>:-** माननीय रमेश पौड्याल।

**<u>माननीय रमेश पौड्याल (विवेकशील साझा पार्टी)</u>:-** माननीयसभामुख महोदय, शतासिन ने.क.पा को जिम्मेवार नेत्रीत्व पङ्ति बाटचाहि अहिले कायम मुख्य मन्त्री जीले संसदीय दलमा बहुमत गुमाउनु भएको छ। वहाँ अल्पमतमा पर्नु भएको छ भन्ने भनाईहरु मिडियामा पढ्न पाएका छौ। मलाई यो कुरा सत्य वा गलत थाहा छैन्। तर एउटा प्रश्न उठेको छ। अब मुख्य मन्त्री जीले आफुमा यो संसदको बहुमतको बिश्वास छ भन्ने कुरा नैतिक रुपमा पनि प्रमाणित गर्नु पर्ने छ कुरा म राख्न चाहन्छु।

त्यसले गर्दा खेरि यो हाउसको पुर्ण बहुमत म कमाड गर्छु भनेर भन्ने हो भने नैतिक रुपमा नेपालको संबिधानको धारा १८६ को १ अनरुप बिश्वासको मत लिएर अगाडि बढ्नको लागि मुख्य मन्त्री जीलाई सुझाब दिन चाहन्छु। धन्यवाद।

**<u>माननीय सभामुख</u>:-** माननीय मीना ज्ञवाली।

**<u>माननीय मीना ज्ञवाली (नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.))</u>:-** माननीय सभामुख ज्यू, लदिपर्वको शुभकामना व्यक्त गर्दछु। त्रिबि शिक्षण अस्पताल माहाराजगञ्जमा मृगौंला प्रत्यारोपणको लागि भर्ना हुनु भएका सम्मानिय प्रधानमन्त्री केपि शर्मा ओलिज्यूको सफल प्रत्यारोपण एवम् शिघ्र स्वास्थ्य लाभको शुभकामना व्यक्त गर्दछु। वहाँको उच्च मनोबलको प्रसंशा गर्न चाहान्छु।

W.H.O को रिपोर्ट अनुशार नेपाल कोरोना भाईरसको उच्च जोखिममा रहेको छ भनिएको छ। मुलुक र मुलुक बासिलाई यस जोखिमबाट बचाउनका लागी जनतालाई शुसुचित गर्दै सबैप्रकारका उपायहरु अबलम्वन गर्न संघिय सरकार, प्रदेश सरकार एवम् स्थानिय सरकारको ध्यानाकर्षण गराउदछु। साथै सम्पुर्ण देशबासि बुवाआमा दाजुभाई

दिदिबहिनीहरुलाई यसप्रकारको फ्लुबाट बच्नका लागी सचेत भई नचाहिने अफवाह भ्रमबाट मुक्त हुनका लागी हार्दिक अपिल गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुख</u>ः-** माननीय बिजुला वर्मा राणा।

**<u>माननीय बिजुला वर्मा राणा (नेपाली कांग्रेस)</u>ः-** चालु आर्थिक वर्षको अन्त्यमा आई पुग्दा यो सरकार पुर्ण रुपमा असफल र कमजोर साबित भएको छ। हामीले आर्थिक वर्ष २०७५/७६ को बजेट बिनियोजन र रातो किताब आउदै गर्दा यो किताबको मुंल्यानकन सदन र रोस्टम बाट होईन सडक बाट जनताले गर्ने छन् भनेका थियौ।

अहिले आर्थिक वर्षको अन्त्यमा आई पुग्दा खेरि जम्मा बिकास खर्च बिनियोजन चालु खर्च चाहि १२% ले भएको छ। जस्ले के देखाउछ भने १२ अंक भनेको सडक बाट यो सरकार जनता जनाधारणाको मुंल्यानकन बाट यो सरकार पुर्ण रुपले चाहि फेल भएको देखिन्छ। जस्को कारण बाट यो सरकारको क्रियाकलाप, रबैया र आउने जुन प्रबिधि बाट चाहि हामीले यो गरीमामय प्रदेश सभा माथि नै आँच आउने र प्रश्न चिन्नहरु खडा हुने पनि देखिन छ। हस धन्यवाद। जय नेपाल।

**<u>माननीय सभामुख</u>ः-** माननीय केशव राज पाण्डे।

**<u>माननीय केशव राज पाण्डे (नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.))</u>ः-** सभामुख महोदय, सबै भन्दा पहिला लदि पर्वको शुभकामना र संगै सम्माननीय प्रधानमन्त्री ज्यूको मृगौला प्रत्यारोपणको पनि शुभकामना र हिजो एउटा राजपत्र प्रकाशित भएको छ। त्यो राजपत्र र प्रमाणिकरण गरेको नियमावलि बिलकुलै फरक छ। यस्तो किन भैरहेको छ पटक पटक किन हुन्छ। यसको म सम्बन्धीत निकायसंग प्रश्न सोधन चाहे र संगै नुवाकोटको पासाङलामु मार्ग ५ वर्ष देखि अस्तव्यस्त छ। त्यसको कार्यन्वयनमा गहि रहेको टेन्डर त्यस प्रति पनि मैले प्रदेश सरकार मार्फत संघिय सरकारको ध्यानाकर्षण गराउन चाहे धन्यवाद।

**मानननीय सभामुख**:- माननीय शशि जङ थापा।

**माननीय शशि जङ थापा (नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.))**:- माननीय सभामुख ज्यू, ६६ राज्यमा फैलिएको कोरोना भाईरस संक्रमणको उच्च जोखिममा हाम्रो राष्ट्र पनि छ।W.H.O ले त्यहि खालको प्रतिबेदन पेश गरेको छ।नेपाल सरकारले पनि आम जनताहरुलाई पनि सज्जकता अपनाउन अनुरोध गरेको छ।भिडभाडमा नजान र भोजभतेर नगर्न पनि भनिरहेको छ।हामीले पनि हिउँदे अधिवेशन लामो सम्म चलायोम म माननीय सभामुख ज्यूलाई हिउँदे अधिवेशन चाँडो समापन गर्न हार्दिक अनुरोद गर्न चाहन्छु। धन्यवाद।

**मानननीय सभामुख**:-माननीय जिबन खड्का।

**माननीय जिबन खड्का (नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.))**:- सभामुख महोदय, जुन कोरोना भाईरसको प्रकोप बारेमा जनतालाई जनचेतना कार्यक्रम सुरुवात संगसंगै बजार बाट माक्सहरु गायब गरिएको छ र ५ रुपैया पर्ने चिजलाई ५० रुपैया सम्म पुर्याएका छ।तसर्थ यस तर्फ चाही सरकारको ध्यानाकर्षण गराउन चाहन्छु र ललितपुर महानगरपालिका वडा नं २५ मा जुन महिला माथि दुर्व्यवहार भएको छ प्रहरी बाट र त्यो दुर्व्यवहारको घटनाको बारेमा राम्रो संग छानबिन होस।

साथ साथै जुन महिलाको पुर्व जरनेल संगको सम्बन्धको कुराको आधार लिएर निकै समयको देखिको बादबिबाद भैरहेको छ।त्यस विषयमा पनि छानबिन होस भन्ने अनुरोध गर्दछु।धन्यवाद।

**मानननीय सभामुख**:- माननीय भिमसेन खत्री।

**माननीय भिमसेन खत्री (नेपाली कांग्रेस)**:- सभामुख महोदय, बिषेश गरि यो लदि पर्वको अवसरमा हार्दिक शुभकामना।यो बिभिन्न अस्पतालहरु बाट निस्कने अत्यन्त फोहोर बिभिन्न किसिमको रगत दुषित पदार्थहरु उचित ब्यवस्थापन नहुदा खेरी अहिले

बिश्वव्यापि रुपमा फैलिरहेको कोरोना भाईरस त्यसै मार्फत पनि ब्यापक रुपमा पनि प्रशारण हुन सक्ने सम्भावना प्रति प्रदेश सरकारको ध्यान आकर्षण गर्न चाहन्छु।

अर्को काठमाडौं जिल्लाको कान्ति बाल हस्पिटल अत्यन्त नाजुक अवस्था बाट चलिराछ र त्यसमा चाही के छ भन्दा खेरि एउटै बेडमा तिन चार जाना केटाकेटी एकै ठाँउमा राखेर उपचार गरि रहेको अवस्थामा त्यो बालबालिकामा यदि रोग फैलियो भने त्यसको अर्थ के होला।यस प्रति चाही प्रदेश सरकारको ध्यान आकर्षण गर्दै मेरो यो भनाई यहि तुग्याउछु।जय नेपाल।

**<u>माननीय सभामुख</u>:-** माननीय जुनेलि माया श्रेष्ठ।

**<u>माननीय जुनेलि माया श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.))</u> :-** सभामुख महोदय, सर्वप्रथम त म लदि पर्वको हार्दिक मंगलमय शुभकामना दिन चाहन्छु र समाननीय प्रधानमन्त्री स्वास्थ्य उपचारको लागि अहिले मृगौला प्रत्यारोपनको लागि गईरहनु भाको छ।वहाँको सफल शल्यक्रिया होस् र शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहान्छु।र यो कोरोना भाईरसको चै एउटा भाईरस एकदमै आंतङ्कित भईरहेको अबस्था छ।

अहिले भारतमा पनि एकजना मान्छे मरिसकेको भन्ने समाचार आको छ र हामि सबै तिरबाट घेराबन्दिमा परिराखेकोछौ।र हामिले यो सिमानाहरु चै अत्यन्त सतर्कताका साथ आम जनताहरुलाई सुरक्षा गर्नको लागी सरकारको ध्यान जाओस् म भन्न चाहान्छु।र ८ मार्चको शुभकामना पनि दिन चाहान्छु।यो महिलाहरुको महान पर्व ८ मार्च। यो ८ मार्चको शन्दर्भमा उठाएका.....

**<u>माननीय सभामुख</u>:-** माननीय योगेन्द्रराज संग्गैला।

**<u>माननीय योगेन्द्रराज संग्गैला (नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.))</u>:-** माननीय सभामुख महोदय, शुन्य समयमा उठाएका बिषयबस्तुहरु मलाई के लागी रहेछ। कतै शुन्यमा बिलाउने त होईनन् जस्तो मलाई लागीरहेको थियो।तर यो भन्दा अगागी मैले

एउटा शुन्य समयमा उठाएको बिषय के थियो भनेदेखि सडकमा अथवा देखिएका विभिन्न ठाँउमा हाम्रा प्रदेशभरी सुकेका रुखहरु काँटिनु पर्दछ।

त्यसको ठाँउमा सुन्दरता कायम गर्नुपर्दछ।र विभिन्न दुर्घटना हुनबाट बचाउनुपर्दछ भनेर मैले शुन्य समयमा उठाएको थिए।मैले ति रुखहरु सुकेका रुखहरु काटेको मैले पाए।त्यसो हुनाले शुन्य समयमा उठेका कुराहरु कार्यान्वयन हुँदा रहेछन्।म यसको लागी उद्योग पर्यटन वन तथा वातावरण मन्त्रि ज्यु लगायत सम्पुर्ण मन्त्रालयमा रहने कर्मचारी मित्रहरु सबैमा हार्दिक धन्यवाद समेत भन्न चाहान्छु।धन्यवाद।

**<u>माननीय सभामुख</u>ः-** माननीय पार्वति सिलवाल।

**<u>माननीय पार्वति सिलवाल (नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.))</u>ः-** सभामुख महोदय त्रि.वि. वि. शिक्षण जनअस्पताल महाराजगंजमा स्वास्थ्य उपचारको लागी भर्ना हुनु भएका सम्माननीय प्रधानमन्त्री केपि शर्माविलि ज्युको स्वास्थ्य लाभको कामना व्यक्त गर्न चाहान्छु।यतिवेला कोरोना भाईरस विश्वव्यापि रुपमा अर्थात ६० भन्दा बढि देशमा फैलिरहेको छ। अहिले सम्म ९० हजार भन्दा बढि मानिसहरु डरबाट प्रभावित भएका छन् भने ३ हजारको मृत्यु भईसकेको छ।

विश्व स्वास्थ्य संगठन W.H.O ले नेपाल पनि उच्च रहेको रिपोर्टिङ गरिसकेको छ।त्यसैले प्रदेश सरकारलाई सबै उपायहरु अबलम्बन गरी उच्च सतर्कता अपनाउनको लागि म हार्दिक अनुरोध गर्न चाहान्छु।त्यसैगरी चाईनाबाट उद्धार गरिएका १ सय ७५ नेपालि नागरिकलाई सकुसल उद्धार गरेकोमा म सरकारलाई धन्यवाद दिन चाहान्छु।धन्यवाद।

**<u>माननीय सभामुख</u>ः-** माननीय राजेन्द्र प्रसाद पाण्डे।

**<u>माननीय राजेन्द्र प्रसाद पाण्डे (नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.))</u>ः-** सभामुख महोदय, समाननीय प्रधानमन्त्री ज्यु को मृगौला प्रत्यारोपण सफल होस्।वहाँको स्वास्थ्य

हाम्रो रओस्।लदि पर्वको सफलताको शुभकामना।संसदको बैठकमा उपस्थिति घट्यो।सांसदहरुमा उत्साह देखिएन्।

मन्त्रीहरुको उपस्थिति पनि खासै देखिएन्।शुन्य समयमा बोलेका आवाजहरुलाई महत्वपुर्ण आवाजहरु जो छन् त्यसलाई महत्व दिएको पनि देखिएन्।सांसदले टि.भी एफ. एम मा समयलाई किनेर भएपनि लाईभ गर्ने व्यवस्था मिलाएमा संसदको प्रभावकारीता बढ्ने थियो।सभामुखको यस तर्फ ध्यान जाओस्।

**माननीय सभामुखः-** माननीय सदस्यहरु अब म माननीय मुख्यमन्त्री श्री डोरमणि पौडेललाई स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन २०७५ लाई संशोधन गर्न बनेको विधयेक सभामा पेश गर्न अनुमती दिन्छु।

**माननीय मुख्यमन्त्री श्री डोरमणि पौडेलः-** माननीय सभामुख, ज्यु सभामुख ज्युको अनुमतीले स्थानिय तहका पदाधिकारी तथा सदस्यलाई प्रदान गरिने सुविधाको लागी स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ कार्यान्वयनमा रहेको छ।उक्त ऐनमा रहेको मासिक सुविधा सम्वन्धि व्यवस्थालाई संर्वोच्च अदालतको मिति २०७६।०७।०१ गतेको फैसलाले वदर गरिदिएको छ।

संर्वोच्च अदालतको उक्त मितिको फैसला कार्यान्वयन गर्दै स्थानिय तहका पदाधिकारी तथा सदस्यको सेवा सुविधा सम्वन्धि ऐन, २०७५ लाई संशोधन गरी नेपालको संविधान अनुकुल बनाउन पर्नि भएकोले उल्लेखित आवश्यकतालाई संबोधन गर्नका लागी यो विधेयक तयार गरी प्रदेश सभा समक्ष पेश गरेको छु। धन्यवाद।

**माननीय सभामुखः-** माननीय सदस्यहरु अब अर्को बैठक आजै दिनको १२:१५ बजे बस्ने गरी स्थगित हुन्छ।

**(तदनन्तर बैठक २०७६ साल फागुन २० गते आजै दिनको १२:१५ बजे सम्मका लागि स्थगित भयो।)**

**अन्त्य - बिहान ११:५५ बजे।**

# प्रदेश सभा
# बागमती प्रदेश
# पाँचौ अधिवेशन
# कारवाहीको सम्पूर्ण विवरण

२० फागुन, २०७६

मंगलबार

(बैठक संख्या - २०)

**प्रदेश सभाको पाँचौ अधिवेशको आजको दोश्रो बैठक माननीय सभामुख श्री सानुकुमार श्रेष्ठको अध्यक्षतामा दिनको १२:१५ बजे प्रारम्भ भयो।**

**<u>माननीय सभामुखः</u>**- माननीय सदस्यहरु, प्रदेश सभाको आजको दोश्रो बैठकको कारवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरु आज शुन्य समय र विशेष समयको कार्यक्रम नरहने व्यहोरा जानकारी गराउँदछु।

माननीय सदस्यहरु अब म माननीय मुख्य मन्त्री श्री डोरमणि पौडेललाई स्थानी तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक माथि विचार गरियोस भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु।

**<u>माननीय डोरमणि पौडेल, मुख्य मन्त्रीः</u>-** सभामुखज्यू, सभामुखज्यूको अनुमतिले स्थानी तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक माथि विचार गरियोस भन्ने प्रस्ताव सम्मानित सभामा पेश गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु अब स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक माथि विचार गरियोस भन्ने प्रस्ताव माथि अर्थात विधेयक माथिको समान्य छलफल प्रारम्भ हुन्छ।

माननीय सदस्यहरु यस छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यवहोरा जानकारी गराउँदछु। उक्त छलफलमा बोल्न चाहनु हुने माननीय सदस्यहरुले आ-आफ्नो नाम चिटमा लेखि सभामुखको डास सँगै बसेका कर्मचारीहरुलाई उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछु।

छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु।

सर्वप्रथम माननीय रमेश पौड्याल।

**<u>माननीय रमेश पौड्याल (विवेकशील साझा पार्टी)ः</u>-** सभामुख महोदय, स्थानीय तहको पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, जुन संशोधन गर्न यो विधेयक आएको छ। म सर्वप्रथम के राख्न चाहन्छु भन्दा खेरि सम्मानीत सर्वोच्च अदालतले स्थानीय तहमा पारिश्रमिक नदिनु भनेर फैसाल गरिसके पछि अहिले यसलाई शब्द परिवर्तन गरेर सुविधा भनेर ल्याएको छ र जुन अहिले १४ वटा शीर्षकमा सुविधाहरुको प्रस्ताव गरिएको छ र सब भन्दा पहिला म के राख्न चाहन्छु भने सम्मानीत सर्वोच्च अदालत स्पिट के हो ? सर्वोच्चले खाली कहिले सिधै तपाईले हातले नाक छुन थाल्नु भो त्यसै गर्दा घुमाएर छुनु होस भनेर भने को हो त ? स्थानीय तहमा जसरी राज्यको ढुकुटीबाट जसरी अहिले यो पारिश्रमिकहरु बाडियो र नाम फेरर सुविधा भनेर लिएको छ। के सर्वोच्चको आशाय तेति मात्र हो कि नाम बदले हुन्छ।

रकम जति सुकै लिए पनि हुन्छ। त्यो आशाय हो त भन्ने म एउटा प्रश्न राख्न चाहन्छु ? यो १४ वटा शीर्षकमा विभाजन गर्दै गर्दा खेरी यो स्थानीय तहको मात्र होईन सभामुख महोदय यो चाहिँ संघीय संसद देखि प्रदेशीक संसद देखिसम्पूर्ण तहका तत्काको जनप्रतिनीधिहरुले के कति सुविधा राज्यबाट लिने भन्ने प्रश्न पनि हो ? र यसमा चाहिँ १४ वटा शीर्षकमा सुविधाहरु विभाजन गरिराख्दा खेरि मासिक समन्यव तथा अनुगमन भत्ता भनेर भनिएको छ। त्यसै गरि बैठक भत्ता भनिएको छ। बैठक भत्ता भनेको बुझ्न सकिने कुरा हो।

कोही बैठकमा उपस्थिति भएको आधारमा उसको बैठक भत्ता उसले प्राप्त गर्दछ। मासिक समन्यव तथा अनुगमन भत्ता भनेर चाहिँ १० हजार देखि १४ हजार सम्म यहाँ चाहिँ प्रस्ताव गरि राख्दा खेरि यहाँ के लेखियो भन्ने मासिक समन्यव तथा अनुगमन भत्ता भुक्तानि लिदा मासिक रुपमा प्रतिवेदन तयार गरि पेश गर्न पर्ने छ भनिएको छ। भने पछि यो चाहिँ प्रस्ट शब्दमा भन्दा कागज मिलाएर खाए हुन्छ भनेर भन्न खोजिएको हो भन्ने मलाई लाग्द छ।

सभामुख महोदय नभए देखि मासिक समन्यव र अनुगमन कुन कुन दिनमा कति कति भयो।त्यसको आधारमा मात्र एकिन गरेर भत्ता दिनु पर्ने ठाउँमा एक मुट रुपमा भत्ता राखिएको छ। त्यसले गर्दा मलाई के लाग्छ भन्ने यो सम्मानीत सर्वोच्च अदालतको जुन फैसाल छ। जुन उसको आदेश छ। त्यसको पनि अपव्याख्या हो र यो विधेयकले खाली त्यो सिधै नाक छुनेको सट्टा घुमाएर नाक छुनु काम मात्र गरेको छ। नयाँ कुरा केही पनि लिएर आएको छैन भन्ने कुरा म यहाँ राख्न चाहन्छु। धन्यवाद।

**<u>माननीय सभामुख</u>ः-** माननीय विराज भक्त श्रेष्ठ।

**<u>माननीय विराज भक्त श्रेष्ठ (विवेकशील साझा पार्टी)</u>ः-** माननीय सभामुख महोदय, एउटा अभ्यासको हिसाबमा यसरी विधेयक संशोधन आउँनु एकदम राम्रो हो। यसले चाहिँ संविधानको मर्म देखि लिएर सर्वोच्चले गर्ने निर्यणहरुलाई अझ बलियो बनाउँछ। तर हामीले त्यहि गल्तिहरु दोहार्याई राख्नु हुँदैन किन भने संशोधन उपसंशोधन गर्यौं भने हाम्रो

क्षमता र हाम्रो गरिमामा पनि प्रश्न चिन्ह आउँछ। पूर्ववक्ता माननीयज्यूले भन्नु भएको जस्तै यसमा जसरी सेवा सुविधा दिने कुरा गरेको छ त्यो ठिक छ।

तर त्यो सेवा सुविधा दिएको वापतमा कामहरु भईरहेको छ कि छैन भनेर अनुगमन गर्ने प्रणाली पनि यसमा नियमावलिको मार्फतबाट हामीले व्याख्या गर्नु सक्नु पर्छ जस्तो मलाई लाग्छ। मैले पटक पटक संसदमा उठाई रहेको कुरा के भन्दा स्थानीय तहमा वेथीती नै छ गाउँपालिका देखि लिएर गाउँका सदस्यहरु अध्क्षयहरु डोजर व्यवसायामा लाग्नु भएको छ। त्यसलाई नियमन कसरी गर्ने हामी अहिले प्रदेश सभा चाहिँ जिम्मेवार निकाय भएको छ।

मैले यो भन्दै गर्दा खेरि ईमान्दार जनप्रतिनीधिहरुलाई ठेस लाउँन खोजेको होईन।ईमान्दरीले काम गर्नै नसक्ने भएको छ। सबै कुरो मिलोमतमा हुन्छ भन्ने पछि हामीले यस सेवा सुविधाको कुराहरु व्याख्या गर्ने हामी सँग अधिकार भए देखि हामीले त्यसलाई नियमव गर्ने अनुगमन र त्यो अनुसार काम भएको छ वा छैन भनी त्यसलाई कारवाही हो कि के हो भन्ने कुरा पनि अब व्याख्या गर्नु पर्छ। त्यो भएन भने अराजाताको चाहिँ अब सिमा रहँदैन।

अब सहरी क्षेत्रको वेतिथी अनियमिता छ। जनप्रतिनीधिहरु कोही पनि उत्तदारदाहित्व छैन। न प्रदेशका संसदहरु प्रति कोही प्रति जनता प्रति छैन भनेपछि त्यसलाई हामीहरुले कसरी डिफाईन गर्ने यहाँ धेरै जना माननीय सदस्यहरु पहिले स्थानीय तहबाट आउनु भएको थियो।

तपाईहरुको पालमा हुने स्थानीय तहको व्यवस्थापन अहिले हेर्नु होस त अस्ता व्यस्त नै भएको छ। त्यसैले गर्दा पहिला स्थानीय तहको हुँदा मेयर उपमेयर देखि लिएर जनप्रतिनीधि भई सकेको माननीय सदस्यहरु आउँनु भएको थियो। त्यो अनुसारको काम नभएकोले तपाईहरुको अझ बढी जिम्मेवारी हुन्छ जस्तो लाग्छ यसलाई नियमन गर्नको लागि अब स्थानीय तह बलियो भएन भने त यो संघीयतामा नै मान्छेहरुको विश्वास उठ्छ।

त्यसले गर्दा खेरि यो विधेयक संशोधन गर्दै जाँदा समितिमा जाँदा खेरि त्यसलाई नियमन कसरी गर्ने उहाँहरुले पाउँने सेवा सुविधान त्यो अनुसार काम भएको छ कि छैन। अघि पूर्ववक्ता माननीयज्यूले भन्नु भएको जस्तो एकमुण्ट हिसाबले दिने होईन कि त्यसलाई पनि कहिँन-काहि चेक एक ब्यालेन्स डेमोक्रोसीको एउटा इम्पोटेन्ट पार्ट भनेको चेक एक ब्यालेन्स हो। चेक एक ब्यालेन्स नभएर एकमुण्ट दिन थाल्यो भन्दा खेरि त्यसले अर्को भ्रष्टाचारको बिउ रोप्छ जस्तो लाग्छ। यहि सुझावहरु राखेर बिदा हुन्छु। धन्यवाद। नेपालको जय होस।

**<u>माननीय सभामुख</u>ः-** माननीय पुकार महर्जन।

**<u>माननीय पुकार महर्जन (नेपाली कांग्रेस)</u>ः-** माननीय सभामुख महोदय, आज प्रदेश सरकारले लामो प्रतिक्षा रहेको स्थानीय तहको पदाधीकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ लाई संशोधन गर्न खोजेको विधेयक ल्याएको छ। यो एउटा साहनिय कुरा हो। कि धेरै आवज उठि रहेको छ र यो विधेयक हेर्दै गर्दा हामी समान्ताको धेरै कुरा गर्छौं।

मानविय समानताको कुरा गर्छौं। तर यो विधेयकले काही विभेद गरौ कि जस्तो मलाई लाग्छ। किन भने जब खाजा भत्तामा समानता हुनु पर्ने जस्तो मलाई लाग्छ। खाजा भत्ता मेयर उपमेयर वडा अध्यक्ष, सदस्य, कार्यपालिका सदस्यले खाने के ? खाजा भत्तामा जुन विभेद गरिएको छ। मलाई लाग्छ हामी बिचमा पनि ठूलो र सानो हिसाबले खाने पनि फरक छ कि भन्ने मलाई लाग्छ। त्यसकारण यसमा अलि विभेद भएको हो कि जस्तो मलाई लाग्छ। त्यसै गरि अर्को एउटा शीर्षक छ। सरसफाई र मर्मत सरसफाई र मर्मत छुटै प्रकृती हो। मर्मत छुटै प्रकृतीको हो। सरसफाई एउटै ठाउँमा राखे छ।

त्यो पनि अलि मिलेन जस्तो मलाई लाग्छ। सरसफाई हामी सबैको लागि नितान्त आवश्यकता हो। सरसफाईको शीर्षकमा रकम र सुविधा दिने हो भने त्यहि अनुसार सबैलाई हुनु पर्ने र वडा सदस्यहरुलाई त्यो दिएको छैन। अर्को के भने बैठक

भत्ता भनेर जुन दिएको छ। बैठक महिनाको कति पटक चाहिँ बस्न पाउँने त्यो चाहिँ उल्लेख गरिएको छैन। त्यो चाहिँ उल्लेख गर्नुपर्छ जस्तो मलाई लाग्छ। यति भन्दै बिदा हुन चाहन्छु। धन्यवाद। जय नेपाल।

**<u>माननीय सभामुख</u>:-** माननीय बेली मैया घले।

**<u>माननीय बेली मैया घले (ने.क.पा.)</u>:-** माननीय सभामुख महोदय, स्थानीय तह पदाधीकारी सदस्यहरु सेवा सुविधा सम्बन्धि पुन व्यवस्था भएको विधेयक ल्याउँनु भएकोमा म सभामुख मार्फत सरकारलाई धन्यवाद दिन चाहन्छु। किन भने २०७६ साल कार्तिक गते सर्वोच्च अदालतको फैसालले उहाँहरुको सेवा सुविधा रोकेको थियो, यसलाई फुकाएमा म पुन सरकारलाई धन्यवाद दिन चाहन्छु। हामी २१ औ शताब्दिमा आर्दशका कुराले पेट भरदैन।

पेट भर्नको लागि अन्न चाहिन्छ। त्यो भएको कारणले गर्दा साच्चीकै आर्दश कै कुरा गर्ने हो भने व्यवहार प्रदेश सरकारबाट गरौ नत हामी सम्पूर्ण मन्त्री देखि माननीयहरुले कुनै पनि सेवा सुविधा नलिउ। त्यसपछि संघलाई पनि हामी प्रदेश सरकार मार्फत ध्यानाकर्षण गराउ, त्यसपछि स्थानीय सरकारलाई गरौ। दुई तहको सरकारले लिने भुईकै जराकै सरकारले चाहिँ लिनु हुँदैन भन्ने यो कहाँ को न्याय हो ? त्यो भएको कारणले गर्दा यो प्रदेश सरकारले न्याय गर्छत समग्र जनताको हितको न्याय गर्छ।

न्याय गर्दैन त कसैको पनि न्याय गर्दैन। कसैलाई काखा कसैलाई पाखा गर्नुहुन भन्ने कुरा म राख्न चाहन्छु। किन भने यसमा मैले सरर्सित अध्ययन गरे हिजो हामीले ढिले नै प्राप्त गरौ। त्यो ढिलो नै प्रप्त गर्दा पनि त्यो अन्त्यतै हामी सँग गासिएको धेरै नगरपालिका, गाउँपालिका सदस्यहरु मुख्य मन्त्री कानून मन्त्रीलाई थुप्रै चोटि डेलिकेगन पनि आएर ध्यानाकर्षण पनि गराई रहनु भएको थियो।

हाम्रो सरकार स्थानीय सरकार भन्दा १ वर्ष ढिलो जन्मिएयो त्यो भएको कारणले गर्दा काम कारवाही अगाडी बढाउँदा कमि कमजोरी भयो त्यो कमी कमजोरीलाई सच्चाएर अहिले यो कुरा लिएर आएको छ। यसमा अझै पनि यसमा पुगेको

छैन। हामीले भन्ने सक्छौ अब तल गएर सर्वोच्चले फैसाल गरेको चिजलाई खुलुलोपन ल्याएर यसलाई फुकाएर तपाईहरुलाई चाहिँ हामीले गर्छौं। पछि काम गर्दै सिक्ने कुरा भएको कारणले गर्दा तपाईहरुलाई पछि यसमा नपुग्ने कुराहरु थप्ने आश्वासन गर्छौ।

यो म विशेष गरि सभामुख मार्फत सरकारलाई ध्यानाकर्षण गराउँन चाहन्छु। हाम्रो गोपियता भन्ने माननीयहरुको पनि रहेन्छ। विधेयक आज छलफल हुँदै छ। हिजो हामीले प्राप्त गरौ। तर मलाई थुप्रै स्थानीय तहको जनप्रतिधिहरुले हाम्रो फलानो-फलानो छ रे फेरि त्यस्तो गर्न लाग्यो रे प्रदेश सरकारले फर्केलास काठमाडौ भन्नु भयो।

तपाईलाई यो कसले भएको भन्नुहोस भनेर कोईसन गरे उहाँले माननीयको नाम गोप्य राख्नु भयो हामी माननीयहरुले गोपियतालाई भङ्ग गरौं भने त्यसको असर हामी आफैले भोक्नु पर्छ भने कुरा अवगत गराउँदै यो विधेयक ढिलै भए पनि अदालतले गरेको फैसाललाई खुकुलोपन गर्ने फुकाउँने काम गरेकोमा सरकारलाई पून धन्यवाद दिदै बिदा हुन्छु। धन्यवाद।

**<u>माननीय सभामुख</u>ः-** माननीय नरोत्तम वैद्य।

**<u>माननीय नरोत्तमवैद्य (नेपाली कांग्रेस)</u>ः-** सभामुख महोदय, सभामुख महोदय मार्फत यो स्थानीय पधादीकारीहरुलाई त्यो सुविधा सहुलिएत दिने शिलशिलमा जुन ऐन, चाहिँ आएको छ। त्यसलाई चाहिँ सैद्धान्तिक छलफलकोशिलशिलमा दुई तिनटा कुरा हामीले विचार गर्नु पर्ने अवस्था छ। सब भन्दा पहिला अदालतको फैसललाई सम्मान गरेर।

अदालतको स्पिटलाई समाएर यो ऐन, चाहिँ आएको देखीन्छ र अब पहिला फैसल गर्दा खेरि १ नं. प्रदेशलाई चाहिँ आदेश जारी गरेन ६ वटा प्रदेशलाई चाहिँ जारी गरेको ६ वटा प्रदेशमा चाहिँ पारिश्रमिक भन्ने कुरा राखियो। अनि १ नं. प्रदेशमा चाहिँ पारिश्रमिक नराखेको कारणले गर्दा खेरि त्यो १ नं.मा चाहिँ जारी भएन त्यसलै हामी राजानीतिक गर्ने मान्छेहरु हामी जुन सुकै पदमा राजानीतिक गरे पनि हामी कर्मचारी होईनौ।

हामीलाई चाहिँ के भने पारिश्रमिक चाईदैन। हामीलाई के भन्ने दशै खर्च चाईदैंन। अब त्यो पारिश्रमिक भनेर ल्याएको कारणले गर्दा अदालतले भने के त्यो लोकेन्द्र ओलि अधिवक्ताले राखेको मुद्धामा अदालतले प्रमाण पेश जारी गरेको देखिन्छ। फैसाल भएको देखिन्छ। त्यसमा सर्वोच्च अदालतको प्रधान न्यायाधीश समेत छ। त्यसैले मेरो आग्रह के भने देखि अब यो एका तिर यो कुरा छ। अर्को तिर के भन्ने पदाधिकारी स्थानीय पदाधिकारीहरु सबैले के भने दिन दिनै काम काम पनि गर्नुपर्छ। दैनिक रुपमा आफ्नो दिन चर्या पनि चलाउँनु पर्छ। दिन चर्या पनि चलाउँनु पर्छ। दिन चर्या चलाउँन पुग्ने किसिमको एउटा सहुलिएत र त्यो चाहिँ सुविधा पनि दिनै पर्छ। तर सहुलिएत र सुविधा दिदा खेरि चाहिँ भेदभाव गर्नु भएन भेदभाव गर्नु भएन अनि जीवन निर्वाह हुने किसिमको चाहिँ सुविधा र सहुलिएत हुनु पर्यो।

जसले पनि जीवन निर्वाह होस। त्यो लोकेन्द्र ओलिले मुद्धा पनि के भने स्थानीय पदाधीकारीहरुले जीवन निर्वाह गर्नको लागि सुविधा र सहुलिएत चाहिन्छ भन्ने कुरामा उहाँले पनि आगुमेट गरेको देखिन्छ। त्यो मुद्धामा मैले नि हेरेको छु। अब त्यो मुद्धा मैले पनि हेरेको छु। उहाँहरु सँग छलफल गरेको छु।

त्यसैले मेरो आग्रह के भने सुविधा सहुलिएत चाहिँ जीवन निर्वाह हुने गरिकन होस। त्यसमा भेदभाव नगरोस। अहिले राखेको चाहिँ के भने त्यो जुन रकम कलमको कुराहरु छ। त्यो जीवन निर्वाह गर्ने खालको पुग्ने खालको छ जस्तो मलाई लाग्दैन। यो विषयमा सम्बन्धित समितिमा अझ दफाबार छलफल गरेर केही कुरा चाहिँ के के कुरामा थप्नु पर्छ कि जस्तो लाग्छ। जय नेपाल।

**<u>माननीय सभामुख</u>ः-** माननीय भीमसेन खत्री।

**<u>माननीय भीमसेन खत्री (नेपाली कांग्रेस)</u>ः-** सभामुख महोदय, स्थानीय पदाधीकारीहरुको सेवा सुविधा व्यवस्था गर्न बनेको विधेयक यहाँ प्रस्तुत भएको छ। यो एक किसिमको के भने देखि अत्यन्त महत्वपूर्ण र स्वागत योग्य छ।

कारण के भन्दा खेरि स्थानीय तहका पदाधीकारीहरु चाहे नगरपालिका मेयर, उपमेयर अथवा गाउँपालिकाको अध्यक्ष, उपअध्यक्ष, वडा अध्यक्ष लगाएत अरु पदाधीकारीहरु त उहाँको पनि के भन देखि जनता सँग दिन दिनै भिडनु पर्छ। अनेक किसिका समस्याहरु आउँछ। अनेक समस्याहरु सँग जुध्नु पर्छ। विभिन्न किसिमका नीति तथा योजनाहरु बनाउँनु पर्छ। कार्यक्रम सन्चालन गर्नु पर्छ। विभिन्न ठाउँहरुमा भेटघाट पनि होला।

त्यसकारण सेवा सुविधा बरु के छ भन्दा सर्त कस्तो हो। किन दिईने भन्दा देखिन्छ। अब यो भन्नेलाई अलि अफठ्यरो किन भने स्थानीय तहका पदाधीकारी विशेष गरि चाहिँ मेयर, उपमेयर अथवा सम्पन्न भएका नगरपालिका स्थानीय तहका पदाधीकारीले विभिन्न किसिमबाट गाडी सुविधा प्राप्त भएका छन। अथवा गाडी छैन भने मोटरसाईकल।

त्यो सुविधा प्रयोग गर्दा खेरि त्यसैले उचित लाभ दिएको छ कि छैन सर्वसाधारण जनताहरुलाई सेवा प्राप्त भएको छ कि छैन। ति कुराहरु चाहिँ एउटा कुरा हो र अर्को उदाहरणको लागि के छ भन्दा खेरि अब स्थानीय तहमा सिधै जनसम्पर्क हुन्छ। हामीहरु भन्दा जनता सँग उहाँहरु विझेको हुन्छ। अब कसैको चाहिँ के छ भन्दा मुद्धा मामिला परिवारीक भित्रको अथवा परिवार भन्दा बाहिरको त्यसलाई पनि सहज रुपमा सल्टाउनको लागि पनि के छ भन्दा खेरि नियमित रुपमा निरन्तर रुपमा सम्पर्क रहनु पर्छ।

उहाँहरुलाई के हुन्छ भन्दा खेरि हामीले बोल्दा खेरि मेरो समस्यामा चाहिँ उहाँहरुले ध्यान दिएन भन्ने किसिमको समस्या देखाईन्छ र यसले गर्दा खेरि प्रत्येक वडामा काम गर्ने चाहे चाहिँ सदस्या होस, चाहे वाड अध्यक्ष होस अथवा कार्यपालिका सदस्य हुन अथवा चाहिँ अरु पदाधीकारी त्यसकारण हो। सुविधा दिदा चाहिँ हामीले कन्जुसाई गर्नुहुँदैन। तर त्यो सेवा सुविधा चाहिँ उचित रुपमा प्रयोग भएको छ कि छैन ? र अर्को चाहिँ स्थानीय तहमा चाहिँ भ्रष्टाचारको व्यापक चर्चा भई रहेको छ। त्यो सुविधा प्राप्त गरे पछि त्यो घट्छ कि घट्दैन त भष्टाचार त्यो चाहिँ हामीले हेर्नु पर्छ।

यदि भ्रष्टाचार भएन भने देखि गर्छ र यसको साथ साथै के भने अनुगमन प्रक्रिया र मूल्याङ्कन त्यो यसमा मापन योग्य छ कि छैन। अनुगमन गर्दा खेरि के-के कुरामा चाहिँ ठिक गरेको छ या छैन। त्यो स्पष्ट रुपमा देखिन्छ। त्यो भौतिक होस वा समाजिक क्षेत्रमा गरेको चाहिँ कार्यक्रमहरु कति सुविधा जनक अथवा लजीकल्ली कसरी छ अगाडी बढी रहेछ।

त्यस तर्फ चाहिँ विशेष गरि प्रदेश सरकारको अब हामीहरु पनि सदस्यहरु पनि सायद प्रदेश सरकारको सदस्यहरु पनि परौला। प्रदेश सरकारले त्यस्तो यन्त्र बनाओस जसले गर्दा खेरि त्यहाँ भ्रष्टाचार विस्तारै घट्दै गएर शून्यमा जाओस। यति भन्दै मेरो भनाई यहि टुंग्याउँछु। हस त जय नेपाल।

**<u>माननीय सभामुख</u>:-** माननीय रिना गुरुङ्ग।

**<u>माननीय रिना गुरुङ्ग (राष्ट्रिय प्रजातन्त्र पार्टी, संयुक्त)</u>:-** माननीय सभामुख महोदय,स्थानीय तहको पदाधीकारी तथा सदस्यहरु सुविधा सम्बन्ध ऐन, २०७५लाई संशोधन गर्न बनेको विधेयक प्रस्तुत भएको छ। सम्मानिय सर्वोच्च अदालतको निर्णय सकिए पछि पहिले पारिश्रमिक थियो। अहिले सुविधा भनेर आएको छ। फरक चाहिँ केही पनि छौ। पहिला हामीहरुले जे सुविधा चाहिँ हामी स्थानीय निकायले दिने भनेको थियो।

अहिले त्यसले नाम चेज गरेर ४५ हजार थियो। अहिले पनि ४५ हजार बनेर आएको छ। घुमाई फिराई जुन बेला सम्मानित सर्वोच्च अदालत निर्णय गरेको थियो। सम्पूर्ण माननीयज्यूले पनि थाहा छ होला हाम्रो समाजिक सञ्जालमा एउटा ठूलो खुशी यालि आएको थियो।सबै जना चाहिँ एकदम खुशी भएका थिए। अब जनप्रतिनीधिहरुको सेवा सुविधा रोकिएको छ। एकदमै खुशीलाई मनाए सबैले खुसियाली साटासाट गरे। धन्यवाद दियो सर्वोच्च अदालतलाई सबैको जनप्रतिनीधिहरु रोक्नु पर्छ भनेर चाहे चरम माग पनि आएको थियो।

कहिन कहि माग आउँने। कहिन कहिँ हाम्रो स्थानीय निकायले चाहिँ राम्रो काम गरेन कि भन्ने भान भएर नै आएको होला भन्ने सभामुख महोदय मैले यो सरकारलाई पनि ध्यानाकर्षण गराउँन चाहे किन कि हाम्रो देशमा चाहिँ प्रदेशको आवश्यकता नभएर पनि प्रदेश संघीयता लिएर आयो। तर स्थानीय निकायको आवश्यकता थियो र स्थानीय निकाय आयो र चुनावी के थियो भन्ने गाउँ-गाउँमा सिहंदबार भनेर चुनावी नारा पनि लेर आयो। तर पछिलो समयमा जनताको गुनासो बुझदा खेरि चाहिँ गाउँ-गाउँमा सिहंदबार त आएन सिहं चाहि आए तर दबार आएन भनेर गाउँ-गाउँका सबै नागरिकको चाहिँ गुनासो यहि रहेको छ। त्यहि भएर हाम्रो प्रदेश सरकारले चाहिँ जनतालाई चाहिँ जनताको सामु जनप्रतिनीधिहरुलाई चाहिँ सेवा सुविधा दिनेको नाममा चाहिँ सेवासुविधा मात्र नदिम कि उहाँहरुको चाहिँ जुन कार्य सम्पदान छ।

राम्रो सँग भएको छ कि छैन। स्थानीय तहमा चाहि शुसान कायम भएको छ कि छैन। त्यसको लागि चाहिँ गम्भीर भएर अनुगमन होस भन्ने कुरा चाहिँ मैले आग्रह गर्न चाहे किन कि अहिले सबै जनाको गुनासो गाउँ-गाउँमा छोटे-छोटे राजाहरु धेरै भए छोटे-छोटे राजाहरुले चाहिँ जनताको सुनाई भएन उहाँहरुको चाहे कोले काखा कोले पाखा पार्टी कार्य कर्ता देखि लिएर धेरै आवज त्यहि छ। त्यहि भएर चाहिँ छोटे-छोटे राजा होईन कि जनता सामु अहिले पनि सबै लागि सकेको छ। छोटे-छोटे राजा होईन कि नेपालमा वडा महाराजा कोहि आउँनु पर्ने अवस्था थियो। म यति नै भन्न चाहन्छु। धन्यवाद।

**<u>माननीय सभामुख</u>ः-** माननीय दिपक निरौला।

**<u>माननीय दिपक निरौला (नेपाली कम्युनिष्ट पार्टी (नेकपा)):-</u>** माननीय सभामुखज्यू, अहिले हामी जुन संशोधित विधेयक माथि सैद्धान्तिक गईरहेका छौ। लामो प्रतिक्षाको घडी प्रश्चात यो आएको हो। मलाई लाग्छ यो संसदमा यो संसोधित विधेयक किन आउँन सकेन भनेर धेरै पटक हामी माननीयले प्रश्न उठाएका थियो। त्यस अर्थ

संसदको यो भावनालाई बुझेर यो संशोधन विधेयक ल्याएकोमा सरकार प्रति हार्दिक आभार र धन्यवाद दिन चाहन्छु।

यो सैद्धान्तिक विषय र छलफलको क्रममा २-३ वटा विषयहरुलाई यहाँ राख्दा सान्दर्भिक हुन्छ भन्ने मैले पाएको छु। एउटा त सर्वोच्च अदालतले गरेको फैसला प्रतिनीधित सभा, राष्ट्रिय सभा र प्रदेश सभाका जनप्रतिनीधि र स्थानीय तहको बिचमा संविधान बनाउँदा नै केही अलिकति विभेद भएको छ कि भन्ने ठाउँबाट व्याख्या भएको छ। शब्दलाई व्याख्या गर्ने अधिकार संविधानलाई प्राप्त भएको हुनाले त्यो व्याख्यामा हामी बध्या छौ।

मैले धेरै टिप्पणि गर्न चाहन्न। तर हामीले मनन गर्नु पर्ने खालको विषय वस्तु के हो ? भने देखि चाहिँ स्थानीय तहमा भ्रष्टाचारको कुरा कानी उठाई रहन्दा खेरि सैद्धान्तिक रुपमा आएको बेरुजुलाई पनि अहिले भ्रष्टाचारको रुपमा व्याख्या गर्ने गरिन्छ। त्यो परिस्थिति हाम्रा कारणले उब्जिएको हो कि होईन। यो विधेयक ल्याउदा खेरि चाहिँ यो सरकारले ध्यान दिनु पर्थ्यो मलाई लाग्छ। त्यो बेरुजुको कारण कहाँ निर लागेको छ भन्दा खेरि चाहिँ प्रदेश सरकारले नियम बनाए पछि मात्रै पाउँनु पर्ने सुविधाहरुका कुराहरु छन।

अगाडी नै उहाँहरुले बनाउँनु भएको एउटा स्थिति रहेको छ। त्यो विषय वस्तु हिजो त एडजेष्ट हामीले प्रवेश गर्न सकेनौ। आज पनि हामीले एडजेष्ट प्रवेश गर्न सकिरहेको छैनौ। यसकारणले गर्दा खेरि यो ऐन, तुरुन्त प्रारम्भ हुने छ भन्ने ठाउँबाट होईन। स्थानीय तहले सपथ ग्रहणका मिति गरेको मिति देखि लागु हुने गरिकन भनेर ल्याउँनु पर्ने आवश्यकता छ भन्ने मैले ठान्दछु।हामी कारवाहीका ३ नै तह २ तहले राष्ट्रय संघ र प्रदेशले चाहिँ यो कुरो हुने सपथ खाए देखि हुने यहाँ किन नहुने यसकारण यो गर्न जरुरी छ।

अर्को समितिहरु कानूनी रुपमा चाहिँ ५ वटा समितिहरु स्थानीय तह भनेका छौं। काठमाडौ महानगरपालिका बाहेक अरु सबै ५ वटा समिति रहेका छन। यहाँ चाहिँ ३

वटा समिति र बैठक भत्ताको व्यवस्थापन गरेका छौं। यसकारणले गर्दा खेरि यो भिवेद पनिगरेन यो ५ वटै समितिलाई बैठक भत्ता प्राप्त गर्ने खालको व्यवस्था पनि गर्नुपर्छ।

महानगर, उपमहानगरपालिकाको बिचमा फरक हुन्छ भन्ने कुरा हामीले यहाँ पनि देखेका छौ भन्दा खेरि चाहिँ समितिको संख्याको हकमा पनि महानगरपालिकालाई अलिकति थप संख्या समिति बनाउँने अधिकार सहित हामीले त्यो कुरो पनि प्रत्यायोजन गर्नुपर्छ र ति समितिहरुलाई त्यो विषयमा एडजेष्ट पर्छ भन्ने विषय राख्दै बिदा हुन्छु। धन्यवाद।

**मानननीय सभामुख**:- माननीय गणेश दुलाल।

**माननीय गणेश दुलाल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा)):-** माननीय सभामुख महोदय, अहिले सरकारले स्थानीय तहका पदाधीकारी र सदस्यहरुको सेवासुविधा २०७५मा संशोधन गर्ने विधेयक पेश गरेको छ। हामी संघीय राजधानीका माननीयहरु यसबाट धेरै पिडमा छौ। महानगरको नगर अधिवेशनमा प्रदेश माननीयहरुलाई यहि कारणले गर्दा महानगरले नबोलाउँने स्थिति बनेको छ। त्यो हाम्रो अफ्ठारो र हामी डाडु पन्यो लिनेहरुले हाम्रो नेपालीमा उखान छ।

जसको हातमा डाडु हुन्छ। उसले अलिअलि चोक्टा भ्याउँछ। हामी प्रदेश माननीयहरु यो प्रदेश सरकार, प्रदेश सभा जसले भत्ता निर्धारण सेवा सुविधाको कानून बनाउँछ। हामी निर्वाचित भएर आएर। सपथ ग्रहण भए देखि खाने कानून हामी बनाउँने हाम्रो हातमा कलम छ भनेर जा हो पायो त्यहि सहि गर्ने तर हामी भन्दा लगभग ६-७ महिना अगाडीबाट निर्वाचित भएर आएका ति जनप्रतिनीधि सेवा सुविधा सम्बन्धि विधेयकमा हामीले अलिकति विभेद गरौ कि जस्तो महसुस भएको थियो। ढिलै भए पनि त्यो सरकारले त्यो महसुस बुझेर यो संशोधन विधेयक ल्याएको छ। म सरकारलाई धन्यवाद दिन चाहन्छु।

सम्मानित न्यायलय माननीय न्यायधीशहरु जसले फैसला सुनाउँनु हुन्छ। जसले उर्दि जारी गर्नुहुन्छ। उहाँहरुले पनि सेवा सुविधा अलिअलि लिएको छ कि यसलाई पनि

ममन गर्नुपर्ने आवश्यक छ। स्थानीय तह हामीले जे बनायौ। अलिले म त यस्तो पिडामा छु। एउटा वडाको एउटा प्रदेश छ। वडा अध्यक्ष बिहान देखि गएर टेबुलमा बसेर सहि गर्छ। हेंटौडा उपमहानगरपालिका १९ वडा छ। त्यति जनसंख्या व्यवस्थापन गरेको वडा छ। त्यहाँका वडा अध्यक्ष र त्यहाँ पदाधीकारीहरुले सेवा सुविधा नपाउँदा हामीलाई जुन आक्रोस पोख्नु हुन्छ। त्यसलाई यो प्रदेश सरकारले सम्बोधन गरेको छ। धन्यवाद। सलाम नमस्कार।

**<u>माननीय सभामुख</u>:-** माननीय जीवन खड्का।

**<u>माननीय जीवन खड्का (नेपाल कम्युनिष्ट पार्टी, ने.क.प))</u>:-** सभामुख महोदय, स्थानीय तहका पदाधीकारी तथा सदस्यको सुविधा सम्बन्धमा ऐन, २०७५ जुन ल्याउँने काम ढिलै भए पनि भएको छ। अन्त्यत स्वागत योग्य कुरा हो र स्थानीय तहका पदाधीकारीहरु अन्त्यत कामको चाप छ र जुन सम्मानित सर्वोच्च अदालतको फैसला पछाडी एक डेढ महिना सम्म त चुप लाएर बस्नु भो स्थानी तहका साथीहरु त्यसपछाडी हरेक समय हामी हाम्रा सुविधाको बारेमा हामीले निर्णय गर्ने अधिकार छ। तर उहाँको सुविधा हामीलाई दिएको छ।

हामीलाई दिएको कुरामा उहाँहरु बिहान उज्यालो भए देखि राती १० बजे सम्म जनताको काममा सरोकार राख्नु हुन्छ। यस्तो तहलाई संवेदनशील भएर छलफल गर्नुपर्ने ठाउँमा अनेक खालका कानूनी दाउपेच कुराहरु राखेर अल्झाउँने काम गर्नु हुन र यो सेवा र सुविधाको सन्दर्भमा के कति दिने अहिले जुन विधेयक प्रस्तुत भएको।सेवा सुविधामा पनि अलिकति हामीले विवेक पुर्याएर छलफल गर्नु पर्ने लाग्दछ। यो अन्त्यत राम्रो विषय हो तसर्थ यसलाई म स्वागत गर्दै आफ्ना मन्तव्य यहि टुंग्याउँछु। धन्यवाद।

**<u>माननीय सभामुख</u>:-** माननीय नारायण बहादुर सिलवाल।

**<u>माननीय नारायण बहादुर सिलवाल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा)):-</u>** माननीय सभामुख महोदय, संसोधित विधेयक आएको छ। त्यसको म समर्थन गर्न चाहन्छु।

स्भावले हाम्रो समाज लामो समय देखि समान्ति चिन्तनदारा ग्रसित थियो नै हामी तल्लो तहमा बसने मान्छेहरुले खाएको सम्पूर्ण सुविधा सहुलिएत मलाई लाग्छ।

निर्णय गर्ने न्यायधीश देखि झण्डा हलाउने मन्त्री देखि सलामी खाने संसाद देखि यी सबै सरकारी सुविधा खान्छौ तर जुगलको त्यो लेकमा शेर्पा दाई चप्पल लाउँदै २ दिन हिडेर गाउँपालिका आई पुग्नु पर्ने वडा अध्यक्ष सदस्य चाहे महानगरको सुविधा सम्पन्न भएपनि १८ घण्टा सम्मि जनताका हरेक झै-झगडा देखि सात सिमना देखि सिफारी गरेर पनि नभ्याउँने व्यक्ति जो १८ घण्टा सम्म गर्छन। तिनले खाएका सुविधा सहुलिएतमा काठमाडौका दुई लाख देखि ५ लाख सम्म तलब खाएर संपादकिय लेख्ने संपादक देखि रिपोटर गर्ने पत्रकार समेत विरुद्धमा उभिएर सम्पूर्ण स्थानीय तहका प्रतिनीधिहरुलाई भ्रष्टाचारीको रुपमा देख्ने, डोजर प्रतिनीधिको रुपमा देखने यो मानसीकताको विरुद्ध हामी रहनु पर्छ।

केहि प्रतिशत मान्छेहरु जुन सुकै ठाउँमा पनि विग्रिएका छन। तर मलाई लाग्दैन ९५ प्रतिशत स्थानीय प्रतिनीधिहरु अहिले जनताको सेवामा दत्त चित्त भएर लाएको छ। संसादहरुमा पनि केही बेठिक काममा लागेका होला। मन्त्रीहरुलाई कारवाही परेको छ। कानून विपरित गरेकोमा कारवाही गर्नु पर्छ। त्यसको पक्षमा हामी उभिनु पर्छ। तर समग्रमा प्रतिनीधिहरु माथि विश्वास कम हुने खालका टिप्पणीहरु यहि रोष्टमा उभिएर हामीले नै कतै फलाएनौ कि त्यो समाजमा नकारात्मक वातवरण सृजना गर्ने भूमिका हामीले खेल्यो कि कतै यो कुरामा पनि हामी अलिकति सचेत हुँदै वास्तवमा स्थानीय प्रतिनीधिहरुलाई पूर्व माननीयज्यूले वैद्य माननीयज्यूले राखेको विचारमा सहमत छु।

अझ विशेलेषण गर्नुपर्छ। काहि अपुर्ग भएको छ कि उहाँले जीवको पार्जन गर्नु पुग्ने गरिनै हामीले व्यवस्था गर्नु पर्छ र भ्रष्टाचार अनियमिता गर्नुपर्छ भन्ने राष्ट्रको कानून बमोजिम कडाईका साथ अगाडी बढ्ने कुरामा दृढ भएर लाग्नु पर्छ भन्ने विचार राख्दै बिदा हुन चाहन्छु। धन्यवाद।

**<u>माननीय सभामुख</u>:-** माननीय राजेन्द्र प्रसाद पाण्डे।

**<u>माननीय राजेन्द्र प्रसाद पाण्डे(ने.क.पा.)</u>:-** सभामुख महोदय, अहिले बैठकमा प्रस्तुत भएको स्थानीय तहका पदाधीकारी तथा सदस्यको सुविधा ऐन, २०७५ संशोधन गर्न बनेको विधेयकमा आफ्ना केही विचार राख्न चाहन्छु। यो सैद्धान्तिक विषय हो। त्यसै यसलाई दफाबार छलफलमा म अहिले प्रवेश गर्न चाहन्न त्यो ७२ घण्टा सम्म संशोधन गर्ने समय हुन्छ त्यति बेला छलफल गरौला। हिजो संविधानको शब्द ध्यान नपुर्याईकन हामीले ऐन, बनायौ। त्यहि कुरालाई कसैले आधार बनाएर मुद्धाको विषय बनायो।सर्वोच्च अदालतले पनि एउटा निर्णय दियौ। अहिले हामीले त्यसलाई सच्चाउनको लागि यो विधेकय ल्याएका छौ।

म आफु संविधान निर्माणमा पनि भाग लिएको हुनाले ३ तहको सरकार राष्ट्रिय गौरवका आयोजना सम्पन्न गर्ने, राष्ट्र नीति बनाउँने, अन्तराष्ट्रिय क्षेत्रका कुराको जिम्मेवारी लिने केन्द्रिय सरकार हिजो केन्द्रले गरेका सबै कामहरु विकास निर्माणका कामहरु जिम्मा लिने प्रदेश सरकार जनताले सरभिर्स दिने डेलिभरि गर्ने डे टु डे सार जनताको समस्यालाई समाधन गर्न स्थानीय सरकार यसरी भाग लगाको हौ। त्यहि भाग लगाए अनुसारको यो सेवा प्रधान गर्ने जिम्मा लिएको स्थानीय सरकार जनप्रतिनीधीको एउटा ठूलो संख्या छ।

वास्तवमा तिनलाई भन्ने हो भने जनताले माम्दा भेटाउँने सरकार हो। केन्द्रको सरकार टेलिभिजनमा देख्ने सरकार हो। प्रदेश सरकार चाहि अलि नजिकै नजिकै छ रे भनेर थाहाँ पाउँने सरकार हो। यो चाहै छाम्दा भेटिने सरकार हो। आपत पर्दा घुडामा टाउँको राखेर रुन पाउँने सरकार हो। त्यस भएको हुनाले स्थानीय तहको जनप्रतिनीधिहरु अन्त्यतै धेरै व्यस्ता रहन्छन। उनीहरुको काम धेरै भारि हुन्छ र भोक भोकै खट्न पनि संभाव हुँदैन यो प्रतिनीधिहरुलाई स्थानीय सरकार सञ्चालन ऐन, निर्माण गर्दा म आफु पनि ३१ दिन खटेको छु। त्यो काममै हेर्दा पनि पुर्ण कालिन भएर काम गर्ने काम धेरै भरिदिएका छौ। धेरै खट्नु पर्ने पर्छ उहाँहरुले होल्टाईमर भएर। उनीहरुलाई कसमे कम बाच्न पुग्ने हामीले हेर्नु पर्छ।

यदि त्यसो नगरेर सालोको नाममा डोजर किनु पर्ने परस्थिति सृजना हुन्छ। सम्बन्धि स्थानीय सरकारको आफ्नो आम्दानी छ भन्ने त्यसमा विधेयकमा एउटा ठाउँ पनि राखि दिनु पर्छ। यसले समेट्न नसकेका सुविधाका कुराहरु त्यहाँबाट पनि समेट्न सक्छौ है। तिमीलाई आवश्यक पार्यो भन्ने खालको गेट खोल्न दिनु पर्छ। त्यसो भयो भन्ने यो सरकारलाई जनता प्रति उत्तदाहि, ईमान्दार,नैतिकवान जनताको सेवा अधरात्र खटिन सक्ने सरकारको रुपमा बनाउँन चाहेका छौ र ईमान्दार सरकार बनाउँन चाहेका छौ। त्यहि अनुसारको भाषा र उदेश्य अनुसारको काम हुन सक्छ भन्ने मलाई लाग्छ। धन्यवाद।

**<u>माननीय सभामुख</u>:-** माननीय सीता लामा।

**<u>माननीय सीता लामा (नेपाल कम्युनिष्ट पार्टी (नेकपा)):-</u>** माननीय सभामुख, सर्वोच्च अदालतको फैसाललाई २०७६/७/१ गते गएको जुन फैसाल छ। त्यसलाई कार्यान्वयन गर्दै स्थानीय तहका पदाधीकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकको सैद्धान्तिक छलफलमा हामी उपस्थिति भएका छौ। लामो समय प्रश्चत स्थानीय तहका पदाधीकारी तथा सदस्दयको सुविधा सम्बन्धि ऐन, २०७५ लाई संशोधन गर्न बनेको यो विधेयक सरकारले ल्याएकोमा सर्वप्रथम सरकारलाई धन्यवाद ज्ञापन गर्दछु। हामी सबैले बाच्न पाउँनु पर्छ। बाच्ने मानिस नैसगिक अधिकार हो।

त्यसकारणले गर्दा हामी सँग भएको ३ तहका सरकारमा स्थानीय तहको सरकार भन्नेको सर्भिस प्रोभाईडर हो। उसलाई असंख्य समस्याहरु छन। त्यसलाई अब सम्बोधन भएको छ। त्यसकारणले गर्दा खेरि पनि म मुख्यमन्त्री डोरमणि पौडेल लगाएतको टिमलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। साथै यो विधेयकमा हाम्रो यो विधेयक हातमा आईरहदा खेरि प्रत्यायोजीत व्यवस्था सम्बन्धमा कुनै पनि व्यवस्था नगरेको हुँदा पूर्ण मुख्यमन्त्रीलाई फेरि पनि धन्यवाद ज्ञापन गर्दछु। स्थानीय तह भनेको जनता सँग प्रत्यक्ष

सरोकार राख्ने प्रत्यक्ष सम्पर्क हुने निकाय हो। त्यसलाई व्यवस्थित गर्नु र मयार्दित बनाउँन आवश्यक छ।

यो हामी सबैले भोगि रहेको देखी रहेको कारणले गर्दा खेरि स्थानीय तहमा सुशासन कायम गर्नको लागि बागमती प्रदेश सरकारले एउटा मेकानिजम डेभलप गर्न आवश्यक छ। त्यो चाहिँ हामीले डेभलप गायौ भने पक्कै पनि स्थानीय तहलाई हामीले व्यस्थिति गर्ने छौ र स्थानीय तहले जुन किसिको सरर्भिस उपलब्ध गराईरहेको छ। त्यसलाई अझ हामीले मयार्दित गर्दै साच्चीकै सुशासन कायम गर्नको लागि हामी सक्षम हुने छौ भन्दै मेरो भनाई यहि अन्त्य गर्दछु। हस त धन्यवाद।

**<u>माननीय सभामुख</u>ः-** माननीय विजय श्रेष्ठ के.सी।

**<u>माननीय विजय श्रेष्ठ के.सी (नेपाली कांग्रेस)</u>ः-** माननीय सभामुखज्यू, स्थानीय तहको पदाधीकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५लाई संशोधन गर्न बनको विधेयक हाम्रो हातमा छ र अदालतको व्याख्यालाई हामी पालना गर्दै, सम्मान गर्दै, सैद्धान्तिक छलफलमा हामी भाग लिई रहेको छु। यसमा मेरो केहि सुझावहरु म राख्न अनुमति चाहन्छु।

यस विधेयकमा बैठक बस्दा महिनामा कति पटक बैठक बस्ने भन्ने सिमा तोकिनु पर्छ भन्ने मलाई लागेको छ र सुशासनको लागि ति बैठकहरुको अनुगमन प्राणालीमा रहनु पर्छ र अनुगमन पनि गरिनु पर्छ भन्ने मेरो विचार छ। दोस्रो कुरा सँगै बसेर खाजा खाने पदाधीकारी सदस्यहरु हुन। पदाधीकारीहरुलाई अलग रेट र सदस्यहरुलाई अगल खाजाको रेट हुनु हुदैन।

या त पदाधीकारीहरुले स्पेशल खाने हो कि यसलेको पनि एउटा प्रश्न चिन्ह आउँने छ। उचित सुविधा सबैले पाउँनु पर्छ। स्थानीय तहमा काम गर्ने हाम्रा जनप्रतिनीधिहरु हाम्रा साथीहरु खटि रहनु भएको छ र उहाँमा अहिले भ्रष्टाचारको मुद्धाहरु पनि धेरै सुनिएको छ। यो विधेयकले भ्रष्टाचार मौलाउन नपाओस। उहाँहरुले पाउँनु पर्ने

सुविधा कसेकम बाच्न पाउँने सुविधा सबैले पाउँनु पर्छ भन्ने माग राख्दै आफ्नो विचार सक्याउँछु। धन्यवाद। जय नेपाल।

**<u>माननीय सभामुख</u>:-** माननीय ओम बहादुर ग्लान।

**<u>माननीय ओम बहादुर ग्लान (नेपाली कम्युनिष्ट पार्टी (नेकपा)):-</u>** माननीय सभामुखज्यू, हामी स्थानीय तहका पदाधीकारी तथा सदस्यको सेवा सुविधा सम्बन्धी ऐन, २०७५लाई संशोधन गर्न बनेको विधेयकको छलफलमा छौ र यहाँ धेरै माननीयज्यूले राखि सक्नु भो हामीले यो सेवा सुविधा भन्ने बितिकै हामीले सेवा गरे वापत लिईने सुविधा यसमा धेरै दुविधामा रहनु परेन सुविधा लिने हो। कार्य गर्दा सम्म लिने हो। यसमा कोही खुशी हुने कोही दुखी हुने कुरा पनि छैन र महत्वपूर्ण कुरा के छ भने जुन समुदायबाट प्रतिनीधित्व गराएका छौं।

हिजो एउटा कमाउँने एउटा घर समालने त्यो एउटा समाजबाट आएका मान्छेहरुलाई एउटा मान्छे हिडेको हिडै गर्ने अर्कोले केही पनि गर्न नपाउँने भएर जुन घरबार बिग्रिन सक्ने अवस्था पनि भएको छ। त्यसकारणले जुन समुदायबाट हामीले माथि उठाउँनको लागि भनेर जुन मान्छेहरुलाई प्रतिनीधि गराएकाछौं। त्यसमा सेवा सुविधामा समान्त ल्याईनु पर्छ।

महानगरको उपमहानगरको चाहिँ बढी गर्ने मनोनितको झन कम गर्ने जस्ता कार्य हाम्रो न्याय पूर्ण ढंगको यो गरिनु पर्दछ भन्ने कुरा मैले देख्दछु र अर्को कुरा के हो भन्ने हामी यो प्रदेश संसदमा संघीय संसदमा समानुपातिक र प्रत्यक्ष निर्वाचित संसादहरुले जुन समान सुविधा लिई राखेको छ। त्यो कुरालाई पनि ख्याल गरेर स्थानीय तहमा पनि जुन समुदयामा प्रतिनीधीत्व भएको छ। निर्वाचित हुनु भएको छ। उहाँहरुको पनि समान सेवा सुविधा व्यवस्था गरिनु पर्छ।

यो पक्षलाई यो विधेयक मार्फत मिलाएर लैजानु पर्छ भन्ने कुरा मलाई लागेको छ। त्यस तर्फ सरकारले ध्यान दिने छ भन्दै म पूनः सरकारलाई धन्यवाद दिदै मेरो भनाई यहि टुंग्याउँन चाहन्छु। धन्यवाद।

**मानननीय सभामुख**:- माननीय योगेन्द्र राज संग्रौला।

**माननीय योगेन्द्र राज संग्रौला (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))**:- माननीय सभामुख महोदय, धेरै वर्ष अगाडी अघि एक जना माननीयज्यू यो संसद भित्र स्थानीय तहमा निकायमा बसेर धेरै साथीहरु माननीय हुनु भएको छ र के भन्ने देखि धेरै पीडा कस्तो के हुन्छ भन्ने किसिको कुराहरु उठाउँनु भयो धेरै वर्ष अगाडी म पनि काठमाडौ महानगरपालिकाको वडा अध्यक्ष थिए।

हाम्रा प्रसिद्ध कलाकार मनद कृष्ण श्रेष्ठ र हरीवंश आचर्यज्यूले एउटा कान्तिपुर टेलिफिल्म बनाउनु भएको थियो। अहिले मलाई स्मर्ण भएको छ। एउटा वडा अध्यक्ष उ गरेर उगरेर मर्छ र चित्र गुप्तको छेउमा गएर बहव छ कि तिमी किन आयो भन्दा यति दुःख भयो, यति दुःख भयो अनि उ गरेर म यहाँ आए भन्छ। अहिलेका मैले सुनेको छु। त्यो बेलामा उ गर्ने उ गर्ने भयो निकै दुख थियो। एका तिर घर कहाँ पुग्ने त्यस्तो थियो।

यति लामो समय सँग अहिलेका जनप्रतिनीधिहरुले गाउँपालिका, नगरपालिका, महानगरपालिकर जिल्ला समवन्य समितिका साथीहरु जनप्रतिनीधिहरुले हामी जस्तै जो भर्खर भर्खर के भन्ने देश सेवाको लागि जनताको सेवाको लागि आउँनु भएको छ।

उहाँहरुले यस्तो लामो समय सम्म पनि सुविधा नपाउँदा अहिले सम्म उ गरे उ गरे भन्ने सुनिएको छैन। त गर्नु पर्ने थियो। अघि माननीय नरोमत्त वैद्यज्यूले माननीय नारायण सिलवालज्यूले उठाउँनु भयो मलाई के लागेको छ भन्ने प्रस्तावित हामी छलफल गर्नेछौ। हामी सिसोधन पनि राखौला दफाबार छलफल गरौला। तर मेरो आफ्नो हिसाबमा उहाँहरुलाई जुन प्रकारले हामीले सुविधा विनियोजित गरेका छौ प्रस्तावित गरेका छौ। त्यसले पुग्दैन आजको सन्दर्भमा जुन बेला काठमाडौ महानगरपालिका वडा अध्यक्ष थियौ र प्रतिनीधि थियो।

त्यहाँको जनसंख्या त्यहाँको भूगोल त्यहाँको चाप अथवा कुनै पनि ठाउँको चाप अहिले त सरकार हो नि त त्यो बेला स्थानीय निकाय थियो। अहिले सरकार छ। त्यस

भएकोले यसमा हामीले राम्रो गरि छलफल गर्नुपर्छ। गम्भीरता पूर्व छलफल गर्नुपर्छ। र हामीले यधपी के भन्ने देखि मापण्डमा एउटा मान्छेलाई बाच्नको लागि कति चाहिँ छ भन्ने किसिमको कुरा अब हामीले कसरी गर्ने निर्धारण कसरी गर्ने होईन। तर अघि माननीयज्यूले भन्नु भयो त्यहाँ दलित समुदायका साथीहरु हुनु हुन्छ वेरोजगार साथीहरु हुनु हुन्छ।

जसलाई हामीले तपाईहरु आउँनुस तपाईहरु सेवा गर्नको लागि आउँनु होस भनेर हामीले भन्यौ उहाँहरुको के भन्ने देखि राम्रो गरि सोचनु पर्छ। गम्भीरता पूर्वक सोच्चनु पर्छ र हामी यसलाई राम्रो किसिमले छलपल गनुपर्छ भन्ने किसिमको म सभामुख मार्फत म राख्न चाहन्छु। धन्यवाद। नमास्कार।

**माननीय सभामुखः-** माननीय जीवन डंगोल।

**माननीय जीवन डंगोल(नेपाली कांग्रेस):-** आदरणीय सभामुख महोदय, आज हामी स्थानीय तहका पदाधीकारी तथा सुविधा सम्बन्धि ऐन, २०७५ लाई संशोधन गर्न विधेयक माथि छलफलमा छौ। सर्वप्रथम धन्यवाद दिन चाहन्छु नै किन भन्ने हामी सर्वोच्च अदालतको निर्णयलाई सम्मान गर्दै हामी सचिएका छौ। तर संशोधन विधेयक ल्याउँनु परिस्थिति बन्नु नै यस प्रदेश सरकारको ऐना हेर्न नपर्ने गरि जनता सामु छलङ्ग भएका छन।

यस्तो परिस्थिति फेरि पनि नदोहोरियोस भन्ने सरकार प्रति सचेतनाको अनुरोध गर्दछु। सुख दुखको साथी जनताको पक्का सेवक स्थानीय जनप्रतिनीधि हो। त्यसलै हामीले गाउँमा-गाउँमा सिंहदबार भन्ने नारा दिएका थियौ। तर आज जनता सामु गाउँ-गाउँमा सिंहदबार होईन। गाउँ-गाउँमा भ्रष्टाचार भन्ने व्यापक पनि हुन थालेको छ। तर म सबैलाई एउटै खाल्डोमा राखेर हेर्न चाहन्न। आफ्नो गाडी सुविधालाई नलिएर जनतालाई एम्बुलेश किन्न जनप्रतिनीधि हाम्रा सामु नभएका होईन। तर यसैले यस सेवा र सुविधा कति प्राप्त हुन्छ।

त्यसैले मात्र भ्रष्टाचार निमूल हुन्छ भन्ने कुरा पनि म भन्न सक्दिन। एउटा उदाहरण म मा छ। १० वर्ष अगाडी मेरो मोवालई हरायो। रिक्सावालको सामुहमा हरायो। त्यसैले १ महिना पछि मेरो घरमा बुटल देखि काठमाडौ आएर पुर्याई दियो। तर २ महिना पछि मोवाईल हरायो।

त्यहि खेर मेरो सानो मोवाईल थियो। अहिले सामसुङ मोवालई त्यस्तो सामुहमा हरायो कि त्यो पनि सानो अवस्था थियो। सबैले आईफोन चलाउँने अवस्था भएको समुहमा हरायो। तर त्यो मोवाईल फर्केने त्यसैले एउटा उदाहरण हो भन्न चाहन्छु। त्यसैले यस विधेयकमा भएका यो हामीले गरेका विधेयक बनाउँदा सहानुभूति होईन। समानुभूति पनि होस भन्ने म भन्न चाहन्छु।

यो भ्रष्टाचारको सन्दर्भमा गृह मन्त्रीज्यू आफैले भ्रष्टाचारी कारवाही गर्ने हो भन्ने सम्पूर्ण स्थानीय तह सिदिन्छ भनेर भन्ने भएको छ। गृहमन्त्री जस्तो लेभलेवकि त्यो नबोल्नु पर्थ्यो। बोलि सकेपछि मओन बसन मिल्छ। कि भ्रष्टाचारी पनि बहुमत र २ तिहाई जित्न सकिन्छ भन्ने प्रोफ गर्न खोजेको हो कि ? यसमा म प्रश्न पनि गर्न चाहन्छु। धन्यवाद। जय नेपाल

**<u>माननीय सभामुख</u>:-** माननीय मुख्यमन्त्री श्री डोरमणि पौडेललाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु।

**<u>माननीय श्री डोरमणि पौडेल (मुख्यमन्त्री)</u>:-** माननीय सभामुखज्यू, माननीय सभामुखज्यूको अनुमतिले अहिले माननीयज्यूहरुले उठाउनु भएको विधेयक माथिको जुन छलफल छ। त्यसमा धेरै विषयहरु उठान भएका छन र सब भन्दा पहिला म के भन्न चाहन्छु भने धेरै माननीयज्यूहरुले यो विधेयकको औचित्य माथि प्रष्ट पारिसक्नु भएको छ।

त्यसको आवश्यकता र औचियता स्थानीय तहमा काम गर्ने सबै प्रतिनीधिहरुले लामो समय देखि सुविधा नपाई रहेको अवस्थामा यो विधेयक आएको छ र यो विधेयक ल्याउँनु भन्दा धेरै पटक छलफल बहस कार्यलयमा पनि गरियो र यसमा केही प्राविधिक

समस्याहरु तलव भन्न सकेनौ। त्यसलाई बेक्रडाउन गर्न पर्यो अब बेक्रडाउन गर्ने क्रममा १३ -१४ वटा बुँदाहरुमा समावेश गर्रो। अब तलमाथिका कुरा कस्तो हुँदो रहेछ भन्ने अब संसाद भन्दा माथि बेक्रडाउन गरेको अंक पार्न मिल्ने कि नमिल्ने एउटा पोर्ट मिलाउनु पर्यो।

स्टाटस पनि मिलाउनु पर्यो। हिजो उहाँले पाईरहेको सुविधालाई नघट्ने गरि सिद्धान्त अहिले के बनायो भन्ने पहिलै उहाँहरुले जुन सुविधा पाउँनु भएको थियो। त्यो सुविधालाई नघट्ने गरि पुर्याउँने भन्ने हाम्रो सैद्धान्तिक सहमति भयो। सहमतिका आधारमा धेरै छलफल हामीले गर्यौं र सके सम्म त्यसलाई मिलाउँने प्रत्यन गरियो र त्यो मिलाउँने प्रत्यन गर्दा पहिले सम्मानित सर्वोच्च अदालतले १नं. देखि बाहेका सबै जहाँ तलब भन्ने गरेका पारिश्रमिक भनेर उल्लेख गरिएका थिए। ति सबै खारेज भए र १नं. प्रदेशमा पारिश्रमिक भन्ने उल्लेख गरिएको थिएन र त्यसलाई चाहिँ अदालतले छुदै छुएन।

त्यो अर्थमा पनि हामीले सबै प्रदेशहरुबाट उहाँहरुको त्यो स्टान्डर लिएर आएका सबै बनाएका केही बन्नै बाँकी छ। १ नं. लगाएताका सबै प्रदेशहरुबाट हामीले त्यो मागायौ र अध्यान गरेर छलफल गरेर सकेसम्म यसलाई सहज बनौस र यो चाहिँ कानूनी हिसाबले पनि यसलाई स्विकार्य हुनु पर्यो र सबै संसदमा पनि स्विकार हुनु पर्यो भन्ने हिसाबमा यो प्रस्तुत गरिएको हो। मलाई लाग्छ छलफलको विषय बनेको छ। छलफल आज भएको छ।

भोलि यो समितिमा जाला समितिले यसलाई परिकृत पनि गर्ला कतिपय केही कुराहरु तल माथि परेको रहेछ भन्ने समितिले सच्चाउँन पनि सक्छ। मलाई लाग्छ जहाँ सम्म सरकार प्रस्तुत गरेको यो विधेयकको हो। यो विधेयक लामो समय सम्म धेरै छलफल गरेर ल्याईएको छ र त्यसमा पनि अझै केही परिमार्जन र परिकृत गर्नुपर्दा समिति मार्फत यो हुने नै छ भन्ने विश्वास दिलाउँदै म माननीय सदस्यज्यूहरुले उठाउनु भएको जुन जिज्ञासा प्रस्तुत गर्न उठाउनु भएको विषयहरु छ। ति सबैको सम्मान गर्छु। धन्यवाद।

**<u>माननीय सभामुख</u>ः-** माननीय सदस्यहरु अब यो छलफल यहि समाप्त हुन्छ।

माननीय सदस्यहरु अब म स्थानीय तहका पदाधीकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५लाई संशोधन गर्न बनेको विधेयक माथि विचार गरियोस भन्ने प्रस्तावलाई निर्णयर्था प्रस्तुत गर्दछु। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले हुन भन्नु होला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नु होस। यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नु होस। हुन भन्ने आवज सुनिएन तसर्थ स्थानीय तहका पदाधीकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५लाई संशोधन गर्न बनेको विधेयक माथि विचार गरियोस भन्ने प्रस्ताव सर्वसमितिले स्विकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु अब यो बैठक अर्को सूचना जारी नभए सम्मको लागि स्थागित हुन्छ।

**(तदनन्तर बैठक अर्को सूचना नभए सम्मका लागि स्थगित भयो।)**

**अन्त्य - दिनको १:२० बजे।**

# प्रदेश सभा
# बागमती प्रदेश
# पाँचौ अधिवेशन
# कारवाहीको सम्पूर्ण विवरण

४ चैत्र, २०७६

मंगलबार

(बैठक संख्या - २१)

**प्रदेश सभाको पाँचौ अधिवेशको आजको बैठक माननीय सभामुख श्री सानुकुमार श्रेष्ठको अध्यक्षतामा दिनको १:०० बजे प्रारम्भ भयो।**

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, प्रदेश सभाको आजको बैठकको कारवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरु, आज शून्य समयको कार्यक्रम नरहने व्यहोरा जानकारी गराउँदछु।

माननीय सदस्यहरु प्रदेश प्रमुख कार्यलयबाट प्रदेश सभा सचिव नियुक्ति सम्बन्धि पत्र प्राप्त भएको छ। उक्त पत्रको व्यवहोरा पढेर सुनाउँछु।

श्री कृष्णहरि खड्काज्यू,
ललितपुर महानगरपालिका-२४,
धापालेख ललितपुर।

नेपालको संविधानको धारा १९५ को उपधारा (१) बमोजिम माननीय प्रदेश सभामुखको सिफारीसमा माननीय प्रदेश प्रमुख विष्णु प्रसाद प्रसाईज्यूबाट मिति २०७६/११/२१ गते भएको निर्णय अनुसार यहाँलाई प्रदेश सभाको सचिव पदमा नियुक्ति गर्नुभएको व्यवहोरा सहर्स जानकारी गराउँछु। प्रदेश सभाको सचिव पदमा नियुक्ति हुनु भएकोमा हार्दिक बधाई छ। यहाँको कार्यकाल सफलताको कामना गर्दछु। आज्ञाले

दुर्गा ढकाल
सचिव

माननीय सदस्यहरु अब विशेष समयको कार्यक्रम प्रारम्भ हुन्छ। विशेष समयमा बोल्न चाहन्नु हुने माननीय सदस्यहरुको नाम प्राप्त भएको छ।

म उहाँहरुलाई बोल्न समय दिन्छु। सर्वप्रथम राजेन्द्र प्रसाद पाण्डे समय ४ मिनेट।

**माननीय राजेन्द्र प्रसाद पाण्डे (नेपाल कम्युनिष्ट पार्टी (नेकपा)):-** सभामुख महोदय, सभामुख मार्फत म यो सदनमा यति बेला संसार भरि संसारलाई नै आतंकित भईरहेको कोरोना भाईसरको संक्रमणको सवालमा केही कुराहरु राख्न चाहन्छु। कोरोना भाईसरको संक्रमणले संसार नै आक्रन्त भएको छ।

जनस्वास्थ्यको क्षेत्रमा यति ठूलो चूनौति देखा परेको छ कि जसको कारण विश्व अर्थतन्त्र नै धोस्त हुने सम्भावना छ। १९३०मा ग्रेट डिप्रेसन भनेर हामी अर्थशात्रमा पढ्ने गर्छौ। त्यो ग्रेट डिप्रेसन हुँदा खेरि संसारको अर्थतन्त्र यति धेरै धोस्त पुगेको हुने थियो। त्यसले धेरै वर्ष लाग्यो संसार उठ्नलाई आज त्यसै गरि यो संसार भरिनै गोलि नछोडीकन बन्दुक नपडकाई मिसलाय नप्डकाईन यो अर्को तेस्रो विश्व युद्ध हाम्रो माजमा देखा परेको छ। यसको बेलामा उपचार सकिएन भन्ने यसले हामी हामी यति अफ्याठरोमा फस्छौ भन्ने खालको कुरा अहिले हामी देखि रहेका छौ।

चिन एउटा सशक्त राष्ट्र थियो। त्यहाँ शुरु भो उसले आफ्नो स्थितिलाई मजबुद बनायो उसले आफ्नो देशको अन्य प्रातमा जान पनि दिएन त्यसलाई बेलैमा कट्रोल गर्न

काम गर्यो र त्यहि कुरा हामिले सुन्दा सुन्दै देख्दा देख्दै संसारका अरु धेरै देशमा त्यस्तो स्थिति रहेन। चिनमा शुरु भएको एकमद इटलि, त्यसै गरि इरान, स्पेन, युरोपका धेरै मूलुकमा जब कि चिन एउटा देशबाट शुरु भएको थियो भन्ने १५७ वटा बढी देशमा यो स्थिति गई सकेको यो संसारकै लागि पनि एउटा साहै ठूलो अफ्याठ्रो स्थिति बनेको छ।

अहिले पनि हामी हाम्रो देशमा हेर्नै हो भन्ने हामी यसको बारेमा जति आवश्यक तयारी गर्नु पर्ने हो। हामी त्यो तयारी गर्न सकि राखेको छैन। अहिले पनि हाम्रो पुरानो चलन छ। हात मिलाउँने, अगालो मार्ने, विभिन्न भोज भतेर, मठ, मन्दरी, चर्चा सबै ठाउँमा जति बेला पनि जाने त्यो काम अहिले पनि चलि रहेको छ। एका तिर सुनिरहेको छौं।

संसार भरि समस्या परि सक्यो है भन्ने पनि देखि राख्छौं। अर्को तिर हामी जति सचेत मान्छेहरु पनि यसको बारेमा प्रिक्वेशन लिन सकिराखेको छैन। म यता तिर म ध्यान केन्द्रित गर्न चाहन्छु र विशेष गरि म के पनि भन्न चाहन्छु भन्ने सरकारले भर्खरै केही महत्वपूर्ण निर्णय लिएको छ। केन्द्रिय सरकारले मलाई लाग्छ हिजो अस्ति मात्र मुख्यमन्त्री स्वास्थ्य समाजिक विकास मन्त्रीहरु ७ वटै प्रदेशको जम्मा गरेर काठमाडौमा केही मिटिङ्ग भएको छ।

त्यसले केही अस्पतालहरुमा आई.सि.युको बेडहरु संख्या बढाउँने खालको कुरा पनि गरेको छ। तर म देख्छु ओपन बोडहरु भएको देश काकडभित्ता देखि कन्चनपुर सम्मका धेरै वटा नाकहरु छन। ति नाकबाट भित्रिने मान्छेहरुको चेक जाँच हामी कहाँ गर्न त्यो कही देख्ने स्थिति पनि छैन। अर्को तिर हाम्रो जनताको चेतना पनि कस्तो छ भन्दा खेरि सकभर कुरा नभनौ आफ्नै ठाउँमा ठिक गरौ भन्ने खालको स्थिति पनि छ। मानौ उद्धारणको लागि अहि हेंटौडमा कोरोना संक्रमति मान्छे देखा पर्यो शंका लाग्यो भन्ने यहाँ चेक गर्ने ठाउँ छैन।

त्यो खालको ल्यव छैन। त्यहाँ तिर सरकारको ध्यान जान जरुरी छ। प्रदेश सरकारले यस कुरामा ध्यान दिनु जरुरी छ। अब हाम्रा पुराना कयौ स्टिमहरु पनि बदल्न जरुरी छ। थम लगाएर हाजिर गर्ने चलन काम लाग्दो रहेन्छ। अब त्यो थम

लागाउँने भन्ने त्यो पनि एउटा संक्रमणको एउटा गेट रहेछ। यस्ता धेरै कुराहरु छन। हामीले अहिले सोचन जरुरी छ। प्रदेश सरकारले आफ्नै संक्रियतामा स्थानीय सरकारलाई पनि समावेश गरेर चेतना मुलक कामहरु पनि चलाउँनु पर्यो।

स्कूलहरुलाई पनि संक्रिय गराउनु पर्यो र धेरै ठाउँमा स्कूल बन्द हुने स्थिति बनेको छ। रेडियो, टेलिभिजन धेरै ठाउँबाट यो कुरा जानकारी गराउदै हरेक व्यक्तिलाई तपाई आफै सत्तक हुनु होस्। संक्रिय हुनु अस्पतालमा पुग्ने स्थिति बनोस भन्ने खालको कुरा गराउन जरुरी छ। त्यसको हुनाले प्रदेश सरकारको तर्फबाट खेल्ने भूमिका पूर्ण रुपले निभाउँन सकोस र विशेष गरि दक्षिण सिमाको नाकाहरुबाट जो सर्न सक्ने सम्भावना .................।

**<u>माननीय सभामुखः-</u>** माननीय न्हुक्षे नारायण श्रेष्ठ। समय ४ मिनेट।

**<u>माननीय न्हुक्षे नारायण श्रेष्ठ (नेपाली कांग्रेस)</u>ः-** माननीय सभामुख महोदय, विश्व आक्रन्त भएको कोरोना भाईसरले गर्दा नेपालको पर्यटन व्यवासयी होईन। हामी भ्रमण वर्षको बेलामा आज दैनिक १ अबर ८० करोड घाटामा गएको अवस्था र विश्वले नै पारिवारिक जमघट सम्म नगर्नु भन्नेको अवस्थामा हामी जनप्रतिनीधिहरु यो ठाउँमा पउस्थिति भएर बैठक बसि रहेका छौ।

यसको सन्देश के जाला यो प्रदेश सरकार अथवा प्रदेश सभाले सोच्नु पर्ने विषय बनेको छ। त्यहि भएको हुनाल कोरोना भाईसर यो आक्रमणले गर्दा विश्वमा नै जनचेतना जगाउँने खालको कार्यक्रम नलिईकन यो बैठकमा बस्नु त्यहि सोयनिय नरहेकोले यो बैठक संसदीय यो हल्ला नफैलिए सम्म यो भ्यासिन नआए सम्म चाहिँ यो सन्चालन गर्नु उचित हुँदैन भन्ने ठानेर यो बैठक सभा चाहिँ स्थागित गर्नुपर्छ भन्ने म यो सभामुख मार्फत जोडदार माग गर्दछु र अर्को कुरो संम्वृद्ध नेपाल र सुखी नेपली बनाउने, भष्टचार उन्मूख गर्ने तखरमा हामी लाग्येका छौ।

तर यो एकदम विल्कुल अमान्ये रुपमा भईरहेको छ। अहिले सम्म ६६ प्रतिशत समय करिब दुईटा चौमासिक सकिदा खेरि प्रदेश सरकारको खर्च १५ प्रतिशत मात्र

भएको छ। अब यो १५ प्रतिशत बजेट खर्च भईरहँदा ६६ प्रतिशत समय गईसक्यो। एउटा चौमासिकमा यो पहिला हामीले सरकार प्रतिवद्धमा जाहेर गरेको बैशाख भन्दा पछि गईसकेपछि असारै बजेट हामी लिदैंनौ। बैशाख देखि हामी प्रवाह गर्दैनौ।

कार्यान्वयन हामी रोक लाउँछौ भन्ने कुरा १ महिनामा हामी कतिको प्रतिफल प्राप्त होला। १५ प्रतिशतले अब अर्को बाँकी ८५ प्रतिशत यो चैत महिना भरिमा संम्भाव छ खर्च गर्ने ? अहिले सम्म यो सरकारले के गरेको छ। त्यो मात्र नभईकन पारदर्शिताको कुरामा गईरहन्दा खेरि अहिलेको सरकारले अबन्डान राखिएको पैसाहरु मनोमानि ढंगले आफ्नो कार्य कर्ता भरनपोषणाको हिसाबमा कार्यविधि बनाएर हो कि कुन आधारमा यो रकमहरु बढीएको छ।

कसरी यो रकम हल्ला सुनिरहेको छु। रकम गर्दै छ। हचुवाको तालमा जनप्रतिनीधिहरुलाई सोचदै नसोचिकन खल्तिबाट मन्त्रीहरुले बजेट राख्ने खर्च कार्यान्वयन नगर्ने फेरि रकममान्तरण गर्ने यहि हो लोकतन्त्रमा पादर्शितमा भन्नेको यसको जावाफ कसले दिन्छ? यो के हो? त्यसको कारणले गर्दा खेरि कुनै पनि मापदण्ड अरु सँग मागदा खेरि मापदण्ड पुर्याउनु पर्ने आफ्नो कार्यकर्ता आएपछि मापदण्ड पुर्याउँन नपर्ने मन्त्रीको आफ्नो खल्तिको गाडी बाड्ने देखि हरेक कार्यकर्तालाई बाडने हाम्रो मान्छे त्यो सक्षम राम्रो मान्छे त्यो ठाउँमा छ भन्दा खेरि पनि होईन।

मलाई पार्टीबाट निर्देशन आएको छ। त्यो गर्नुपर्छ भन्ने हिसाबमा हरेक काम भएको हुनाले यसलाई पादर्शित सम्म लानको लागि यो के हो ? यसको पनि जवाफ दिनु पर्यो। अर्को कुरो आर्थिक अनुसासन नभईकन सुशासन कायम हुन भन्ने हिसाबमा लोकतन्त्रको मान्यता अनुरुप यो आर्थिक अनुसान कायम गर्नको लागि पादर्शितमा जाने हो भन्ने अब आउँने चालु आर्थिक वर्षमा त्यो बजेट बनाउँदै गर्दा हाम्रो जनप्रतिनीधिको सहभागिता र जुन बोलेको कुराहरुमा मुख्यमन्त्रीहरुले सम्म आध्वासन गरेको कुराहरु हामी कार्यविधि बनाउँदै गर्दा यहाँ हामी समानुपातिकको माननीयहरु हुनु हुन्छ।

म पनि मुख्यमन्त्री कहाँ जादै गर्दा उहाँले भन्नु भएको एउटै कुरा हामीलाई के आध्वासन गरेर पढाउँनु भयो भने हामीले कार्यविधि बनाएर तपाईहरुको समानुपातिकले

सहि नगेर सम्म यो कार्यान्वयनमा हामी बजेट निकास गर्दैनौ भनेर उहाँले बोल्नु भएको यो भयो कि भएन यसमा कतिको कार्यान्वयन भयो यो हामीले सोध्न पर्ने बेला आएको छ। समानुपातिक भने पछि अर्कै दर्जाको संसाद हुने माननीय हुने हामी जनप्रतिनीधि होईन।

एउटै प्रणालीबाट हामी चुनवा जितरे यो ठाउँमा आईरहदा हामीले दोस्रो दजाको जस्तो जुन मान्यता दिएको हुनाले यो सरकारले अब आउँने बजेटमा सोध्नै पर्ने अवस्था छ। हरेक मन्त्रालयमा म पनि एउटा सभापतिको हैसियतले त्यो समितिमा छलफल तपाईहरुमा ल्याउँला हामीलाई एकदम गुभराहमा राखेर अहिलेको सरकारले आफ्नो पादर्शितलाई........।

**<u>माननीय सभामुख</u> :-** माननीय डा. राजेन्द्र मान श्रेष्ठ।

**<u>माननी डा. राजेन्द्र मान श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय महोदय, सर्वप्रथम नयाँ युक्त प्रदेश सभा सचिव कृष्ण खड्काज्यूलाई म स्वागत र बधाई सफलताको शुभकामना दिन चाहन्छु। कोभिड १९ कोबाट हामी सबै संसार भरि आतकङ भएका छौ। संयमीत भई सचेतना पूर्वक समानमा गरौ। म राजेन्द्र पाण्डेले अगाडी राखु भएका केही विषयमा म समर्थन र जोड दिन चाहन्छु। मैले चटयाङ को बारेमा प्रदेश सभाको शुरुवात देखि धेरै पटक बोल्दै आए।

यसको बारेमा आज फेरि बोल्न चाहेको छु। यो पृथ्विको उत्पति सँगै जिवको सृटि भन्दा अगाडी देखि नै रहि रहेको चटयङ्गको बारेमा धार्मिक ग्रन्थहरुमा पनि धेरै पाईन्छ। मनसुन पूर्व देखि मनसुनको अन्ति सम्मा यो चटयाङले धेरै प्रभाव पार्छ संसार भरि नै प्रभाव पार्छ। अमेरिकमा १९४० सम्म वर्षमा ३ सय भन्दा बेसि मर थियो। तर गएको २०११ देखि जम्मा २८ जना मर्ने गरेको न्यूनिकरण भयो। हाम्रो देशमा २०११ मा यसको अन्तराष्ट्रिय समेलन भयो।

तर सहभागि मुलुक अफ्रिकन राष्ट्रले त्यहाँ न्यूनिकरण गर्नमा सफलता प्राप्त गरे। हामीले त्यसमा सफलता पाएका छैनौ। गएको डेढ वर्ष देखि म यस प्रदेश सभाको

सदस्यको हैसियतले प्रदेश सरकार सँग यसलाई कार्यक्रमिक रुपमा प्रस्ताव सहित भिपाशील छु। गतवर्ष ३ वटा कार्यक्रमहरु जिल्ला सदरमुकाम केन्द्रित कार्यक्रम भयो। संसारकोयो चटयाङ प्रभावित ५ औ राष्ट्र अफ्रिकन राष्ट्र बाहेक भन्दा खेरि पहिलो मुलुक पर्छ। चटयाङ प्रभावित राष्ट्र पर्छ। हामी धेरै कुराहरु थाहाँ पाउँन सक्छौ। गएको साल बैशाखमा गोदावरी नगरपालिकामा अभिनेत्रि करिश्मा मानन्धरको घर मै चटयाङ पर्यो। रुख चिरा पर्यो।

गढीको कुरा अघिल्लो वर्ष उठाए अहिले वर्ष अगाडी नै उठाई सके यसरी असार महिनामा राक्सिराङ्ग गाउँपालिकामा एकै घरमा हप्तामा २ चोटि परेको गर्भवती सहित ७ जना घाईते भए। प्रजा जाति प्रजा थरका व्यक्तिहरु गएको फागुन २३ गते भर्खरै यहि मकावापुर जिल्लाको भिमेफेदी ९ वडाको च्याउ खोलामा बिहान सबेरै २३ वर्षिय विजय स्याङतानको निधन भयो। उनी श्रिमति २२ वर्षिय सविता स्याङतान घाईते भईन जनताहरु अज्ञान छन। मेग गर्जन हुने बितिकै घरवरीपरी राक्सि छरेर पनि सुरक्षित हुन खोजछन। तर हामी प्रत्येक वर्ष धेरै कार्यक्रमहरुमा सहभागि हुन्छौ। तालिममा सहभागि हुन्छौ।

ऐन बनाएर विपत व्यवस्थापन निर्देशिक समिति नि बनाउँछौ। विपत व्यवस्थापन निर्देशिक समितिमा २ जना विज्ञ महिला सहित ३ जना सभासद मानोनयन गर्ने काम १ वर्ष भन्दा बेसि भईसक्यो। तर पनि यसमा पूर्णता भएको छैन। म तत्काल यसको पूर्णताको लागि आज उठान चाहन्छु। यो बामगती प्रदेशमा प्रत्यके वर्ष ३० देखि ३२ जनाको निधन हुने गर्छ। सब भन्दा वेसि मकवानपुर जिल्लामा निधन हुन्छ। तर त्यसको लागि सचेतन कार्यक्रम यस वर्ष बढाउँन चाहन्छौ। यसको लागि कम्तिमा मकवानपुर जिल्लामा भए पनि न्यूनिकारण गर्न प्रशिक्षक प्रशिक्षण तालिम आयोजना गरेर सोत व्यक्ति तयार गरेर मकवानपुर जिल्ला, नुवाकोट जिल्ला लगाएताका केही प्रभावित जिल्लाहरुमा, प्रत्येक विद्यालयहरुमा विषय सिकाएर तालिम ...।

**<u>माननीय सभामुख</u>:-** माननीय सन्त बहादुर प्रजा। समय ४ मिनेट।

**<u>माननीय सन्त बहादुर प्रजा (नेपाली कांग्रेस)</u>:-** सभामुख महोदय, आज यस विशेष समयमा मेरो केही क्षेत्रमा यसै मकवानपुरको केही घटानहरु यहाँ म राख्न चाहन्छु। हिजो मात्र २०७६ चैत ३ गते यस मकवानपुर जिल्लाको राक्सिराङ्ग गाउँपालिका वडा नं. ६ अन्तर्गत वर्ष ३७को सुमन थिङको गाडीमा दुर्घटना भई दुख हुनु भएको छ र उहाँहरुको परिवार प्रति संवदेना र निधन प्रति हार्दिक श्रदाञ्जली व्यक्त गर्न चाहन्छु।

यस गरिमाय सदनबाट मकवानपुरको राक्सिराङ्ग गाउँपालिकाको अन्तर्गत पछाडी परेको सयौ वर्ष देखि गाडी नपुगेको ठउँ स्थानीय तहको सरकार आईसकेपछि यो बाटो खन्नेर निर्माण गर्ने कार्य हुँदै रहेको मलेखुबाट झण्डै २६ किलोमिटर रहेको र यो बाटो धादीङ मलेखुको जोडने सडक खण्ड पर्छ। त्यसैकारण गर्दा खेरि फेरि पनि दुर्घटना हुनुबाट रोक्नको लागि यस प्रदेश सरकार र स्थानीय सरकारको बाटो निर्माण र प्रविधिक स्टमेट डिजाई अनुसार छ कि छैन भनेर प्रदेश सरकारको र स्थानीय सरकारको सयुक्त तेता तिर ध्यान जाओस भन्ने कुरा चाहन्छु र सम्बन्धित निकायले नियम ऐनले जे पाउँछ, जे दिन्छ निर्देशन गरिएको छ।

त्यो राहतको व्यवस्था जो दुखद निधन प्रतिको परिवारलाई मिलोस भन्ने कुरा यहाँ माग गर्न चाहन्छु र अस्ति देखि धेरै कुराहरु राखिसक्यौ। यहि मकवानपुर जिल्लाको महनहरी गाउँपालिका राक्सिराङ्ग हुनै मलेखु ५२ किलो मिटर सडक खण्ड अहिले प्रदेश सरकार र स्थानीय सरकार, संघीय सरकारबाट झण्डै ४ करोडको बजेटको व्यवस्था मिलाएको छ। यो बजेट व्यवस्था मिलाई सकेपछि त्यहाँको उपभोक्ता समितिबाट बाटो खन्ने निर्माण गर्ने तिव्र काम कार्य हुँदै गर्दा अहिले स्थानीय सरकार र सम्बन्धित रासी वन डिभिजनको कार्यलाई कर्मचारी बिचको र त्यहाँको उपभोक्ता समिति बिच र जनप्रतिनीधि एक किसिमको द्वन्द भएको छ र अस्ति भर्खरै भौतिक मन्त्रीज्यू त्यहाँ पुग्नु भई सकेको छ।

वन मन्त्रीज्यू पनि त्यहाँ पुग्नु भईसको छ र यसमा हामी सम्बन्धित मन्त्रालय मन्त्रीज्यू सँग कुरा गरि सकेको अवस्था यसलाई तत्काल त्यो कार्य बजेट फ्रीज नहुनको लागि नदिनको लागि सरकारले एउटा आयोग समिति गठन गरेर त्यसलाई चाहिँ उच्च

समिति गठन गरेर बजेट फ्रीज गरियोस। सरकारको त्यता ध्यान आऔस र अर्को कुरा सरकारले तत्काल वन ऐन अन्तर्गत कार्यविधि गर्न कार्यविधि निर्देशन गर्न आवश्यकता छ।

त्यसो भएको हुनाले यो बजेट फिरिज भयो बन्यो भोलि हामी २ तिहाईको सरकार छौ। यति संसद छौ। स्थानीय तहमा सरकारक छौ। हामीले के पाउँने जनताले के पाउँने भोलि हामी एक तर्फले रोक्दै गर्ने एक तर्फको कार्यविधिले बजेट विनियोजन गर्दै गर्ने एक तर्फले रोक्दै गर्ने हो भन्ने जनतालाई हामी कुन आशा दिने हामी संम्वृद्धि विकास र संम्वृद्धिको कुरा गरि राखेका छौ।

अब यो जनताको काम गर्न सक्ने भन्ने हामीले नै कानून ऐन बनाउँन सकेन भन्ने हामी सरकारको जवाफदेही हुन्छ भन्ने कुरा सरकार प्रदेश सरकारको ध्यान जाऔस भन्दै र अन्यतिमा अगाडी नै माननीयज्यूहरुले कुरा उठाई सक्नु भएको छ। यो। रकमान्तर बजेट याहरुले मन्त्रालयबाट चाहिँ भई राखेको कुरा प्रस्त बाहिर कुरा आईरहेको छ। यो समानुपातिक संमावेशीक कुरा र सिद्धान्तको लडाईहरु धेरै कुरा गर्यौं। समानुपातिकको माननीय सदस्य.......।

<u>**माननीय सभामुख**</u>**:-** माननीय विराज भक्त श्रेष्ठ। समय ४ मिनेट।

<u>**माननीय विराज भक्त श्रेष्ठ (विवेकशील साझा पार्टी)**</u>**:-** माननीय सभामुख महोदय, विश्व व्यार्पिक महाव्धि कोभिड १९ अथवा कोरोना भाईसरबाट संसार भरि नै आक्न्त् भई रहेको अवस्थामा सबै नेपालीहरुलाई सचेतना र संयम अपाउन अनुरोध गर्दछु। प्रदेश सभा माननीयज्यूहरुलाई आ-आफ्नो क्षेत्रमा जनचेतना जगाउँने कार्यक्रम लिएर जान आहबन गर्दछु।

प्रदेश सरकारले पनि आ-आफ्नो सबै समयन्त्र यो महाबधि परास्त्त गर्न परिचालन गरौं। सकेसम्म केही समय भिडभाड, सभा समाहोरो रोकेर सम्पूर्ण शक्ति नागरिकको स्वास्थ्य सुरक्षामा लगाउँन अनुरोध गर्दछु। अहिले भर्खरै एउटा अध्यानले के पनि देखाको छ भन्दा संक्रमणहरु फैलिने धेरै तरिकाहरु छ। त्यो मध्ये चाहिँ हामीले

चलाउँने पैसाका नोटहरु पनि रहेछ। यसको विपतको बेलालाई पनि हामीले अवसरमा कसरी पनि लान सक्छौ भन्ने अहिले हामीहरुले डिजिटल क्यासको कुराहरु छ। त्यो पैसाको नोटहरुबाट हुने संक्रमणलाई न्यूनिकरण गरेरर डिजिटल नोटको एउटा राम्रो पार्ट के पनि छ भन्ने त्यसले भष्टाचारलाई पनि न्यूनिकरण गर्छ। किन भन्ने त्यो डकुमेट हुन्छ।

त्यसमा पनि ध्यान दिनु हुन संघ सरकार सँग पहल गर्नु हुन अनुरोध गर्दछु। माननीय सभामुख महोदय भिटि नेपाल २०२० स्थागित भएको छ। कुनै तयारी बिना घोषणा गरेको उक्त कार्यक्रमलाई सघाउँन खास गरि पर्यटन व्यवसायीहरुल स्वतस्फुर्त रुपमा लगानी थपेका थिए। पूर्वधारा थपेका थिए। सेवा थपेका थिए। तर व्यवसायीकहरु कार्यक्रम स्थागित भएपछि थलियाका छन। उनीहरुको मनोवल गिर्ननदिने प्रदेश सरकार र संघ सरकार मिलेर आर्थिक सायता वा व्याजमा सहुलियतका केही कार्यक्रम ल्याउँनै पर्ने पर्छ।

यसको लागि पनि हार्दिक अनुरोध गर्दछु। यसले अघि कस्तो माननीयज्यूले एक जनाले भन्नु भयो विश्व अर्थतन्त्रमा यसले हानेको यसले लगभग ३ ट्रिलियन डलरको नोक्सान गर्छ भन्ने प्राम्भीक आकडा छ। नेपालमा यसले कता तिर लान्छ भन्दा यसले वेरोजगाराहरु निमत्याउँछ। वेरोजगारी निम्तीय पछि के हुन्छ अपराधका घटनाहरु बढेनेवाला छ। सो यसमा पनि प्रदेश सरकार अलिकति जिम्मेवारी भएर चासो लिन हुन अनुरोध गर्दछु। कोरोना त विश्व व्यापिक महाब्याधी भई हाल्यो। संसार नै यो विरुद्ध लडदै हिड्छ। मैले अघिलो वर्ष डेगु फैलिएको कुरा गर्दा खेरि कुरा उठाको थिए। त्यति खेर डेगु चाहिँ जाडो महिनाको शुरुवाति क्रममा संक्रमण भएको थियो।

त्यसै गर्दा त्यति असर गर्न पाएन। तर यो पालित त गर्मि महिना शुरुमा नै डेगु शुरुभएको छ। यो महामारीको रुपमा फैलियो भन्ने यो हामीले अब नियन्त्रण गर्न सक्दैनौ। अहिले नै यसमा सचैत हुनु पर्छ।मौसमि परिवर्तन नेपालमा डेगु रोगको प्रकोपको संम्भावना विगत जस्तै यसपालि पनि छ। ललितपुर रुपन्देही लगाएताका केही ठाउँहरुमा यसको प्रारम्भीक जानकारी आएको छ। डेगु लागेको बारेमा माननीय सभामुख

महोदय प्रदेश सरकारलाई यथा सिग्रह सबै स्रोत साधन प्रयोग गरि डेगु रोग लाग्न नदिन पूर्व तयारी गर्न र उपचारको व्यवस्था तयार राख्न फेरि एक पटक ध्यान आकर्षण गराउँन चाहन्छु। नेपालको जय होस।

**<u>माननीय सभामुख</u>ः-** माननीय रिता माझी। समय ४ मिनेट।

**<u>माननीय रिता माझी (राष्ट्रिय प्रजातन्त्र पार्टी)</u>ः-** माननीय सभामुख महोदय सर्वप्रथम माझी समुदायको महान पर्व लदित पुजाको अवसरमा सभामुख मार्फत र सिङो संसद मार्फत शुभकामना प्रधान गर्नुभएको सिङो सभालाई सभामुख विषय-विषय सम्पूर्ण मार्फत माझी समुदाय तर्फबाट हार्दिक धन्यवाद सहित आभार व्यक्त गर्न चाहन्छु। हाल नेपालमा विभिन्न खालको संक्रमण र चूनौतिहरु रहदै आएको थियो।

विशेष गरेर नेपालमा हाल भष्टाचार गरिवि, आदिवासी, जनजातिहरुमा र धर्म परिवर्तनको अर्को चूनौति थपिएको थियो। त्यो सँग सँगै अर्को गरिविहरु माथि मंहगिको चूनौतिक थपिएको थियो। त्यो सँग-सँगै आज देशले नै संसारले धान्न नसकेने गरेर अर्को चूनौति थपिएको छ। जुन कोरोना भाईसरको चूनौति यो हाम्रो सानो मुलुक जसले यसलाई साचै अन्य देशमा जसरी फैलियो भन्ने हाम्रो देशमा हजार र सयको मात्रै दरमा होईन। लाखौको दरमा नेपाली जनताहरुले त्यसै आफ्नो ज्यान गुमाउँनु पर्ने स्थिति नआउँला भन्न सकिदैन।

त्यसकारण प्रदेश सरकार र संघीय सरकारले यो विषयमा समयमा नै सचेतना अपनाउँदै र आम जनताहरुलाई सचेतना मुलुक कार्यक्रममा मार्फत विभिन्न माध्यम मार्फत यो विषयमा जानकारी सचेतना जगाउनु त्यति कै जरुरी छ। त्यति मात्र होईन। नेपालमा अहिले कोरोना भन्दा बढी जुन मच्याईको आतंकीत छ। त्यो आतंकीतले नेपालीलाई फेरि बिरामी पार्नको लागि डर लागेको छ। यो प्रति पनि प्रदेश सरकार समयमै सचेत हुनु जरुरी छ। सँगै केही समय अगाडी मात्रै संघीय सरकारको स्वास्थ्य मन्त्रीज्यूले बोल्नु भएको शब्दले फेरि जनतालाई अर्को आतङकित बनाएको थियो। त्यो कुराहरुलाई सचिएको छ।

साचै सचिएको अनुसार काम हुन्छ कि हुँदैन भन्नेमा फेरि पनि अर्को शंका उब्जिएको छ। त्यति मात्र होईन नेपालमा कोरोनाको भाईसरको संक्रमणको आतंक मच्चिए सँगै त्यसको नाममा काल बजारी चम्की रहेको छ। कालो बजारी गर्ने सबै क्षेत्रका व्यक्तिहरुले अवसर पाईरहेको छ। जुन नेपालमा हाल ग्यास, पेट्रोल त्यसै माक्स लगाएत नुन तेल र अन्य खाद्या पदार्थमा जुन कालो बजारी शुरुवता भएको छ। यो कालो बजारीलाई प्रदेश सरकारले र संघीय सरकारले नरोक्ने हो भन्ने साच्चै जनता त आतंकीत छदै छ कोरोनाबाट त्यति मात्र होईन खाद्या संकट पर्ने हो कि भनेर अर्को आतंकीतबाट प्रदेश सरकारले संघीय सरकारले आम जनतालाई आतङकित नतुल्याउँनको लागि पनि विशेष ध्यान आकर्षण गराउँन चाहन्छु। त्यो सँग सँगै म के भन्न चाहन्छु भन्ने यो सममेहित समयमा साचै प्रदेश सभा सन्चालन गरि राख्न कति को उचित आवश्यक छ।

यो कुराको पनि सबैको ध्यानाकर्षण गराउँन चाहन्छु। र अन्तिमा के भन्न चाहन्छु भन्ने प्रदेश सरकारले सन्चालन गरिरहेको विभन्न शीर्षकको बजेटहरु साचै शीर्षकमा विनियोजन गरे अनुसार खर्च भईरहेको छ। अथवा छैन कि पहुँचै आधारमा खर्च भई रहेको हो कि अथवा जनताको आवश्यकता भन्दा बाहिरको विषयमा खर्च भईरहेको छ। त्यो विषयमा प्रदेश सरकार सँग सचेत हुनु जरुरी छ। आज जनतालाई १० लाख बरबारको खानेपानी कुनै ठाउँमा समस्या समाधन हुँदै छ भन्ने प्रदेश सरकार १० लाखले चौतारो बनाउँदै छ।

त्यति मात्र होईन। २०/३० लाखले कुनै ठाउँमा खानेपानी र सिचाईको आयोजनाहरु सम्पूर्ण सम्पन्न हुँदै छ भन्ने त्यो २०-३०लाख पैसा खानेपानी र सिचाई होईन प्रदेश सरकारको कुनै ठाउँको पार्क बनाउँन व्यत छ भन्ने कसरी प्रदेश जनताको प्रदेशको आम जनता समस्या समाधन हुन्छ। यो तर्फबाट पनि प्रदेश सरकारको समयमै ध्यान जाओस भन्दै ध्यान आकर्षण गराउँन चाहन्छु। धन्यवाद। जय राष्ट्र जय जनता।

**<u>माननीय सभामुख</u>:-** माननीय निमा लामा। समय ४ मिनेट।

**माननीय निमा लामा (नेपाली कांग्रेस)**:- माननीय सभामुखज्यू, चिनको बुहानबाट शुरु भएको कोभिड १९ भाईसर संक्रमणको अहिले विश्वको १४० औं राष्ट्र भन्दा बढी देशमा फैलिएको छ। त्यसै गरेर १ लाख ७० हजार भन्दा बढीलाई यसको संक्रमण देखिएको छ र ७ हजार भन्दा बढी ज्यान गुमाईसकेको अवस्था छ। यो फागुन १२ गतेमा मैले शून्य समयमा पनि यहि सम्बन्धि कोरोना भाईसर सम्बन्धि सरकारको ध्यान आकर्षण गराएको थियो।

त्यसमा सचेतना अपनाउँन निम्ति मैले अनुरोध पनि गरेको थियो। तर सरकारले यो सहज र सहज सुविधा उपलब्ध गराउँने भन्दा पनि यो त्रास फैलाउने काम गरिरहेको अनुभूति हामीलाई भएको छ। तयारी शून्य छ। कोरोना भाईसरको संक्रमण परिक्षण निःशुल्क र सर्वसुलब बनाउँन लागि पनि म अनुरोध गर्न चाहन्छु। अस्पतालमा निःशुल्क उपचारको व्यवस्था हुनु पर्यो।

अस्पतालबाट संकास्पद बिरामी भागेको भन्ने समाचार पनि पत्र पत्रिकामा आईरहेको छ। यदि निःशुल्क उपचारको व्यवस्था भए कि भाग्ने सभामुख महोदय समाजिक सञ्चालहरु अनलाईनहरुमा यो कोरोनाको त्रास एकदमै जोडतोडले फैलिरहेको छ।

हिजो मात्र केही अनलाईहरुले १ नेपालीको मृत्यु भयो भनेर समाचार छापे समाजिक सञ्जालमा भईरहेको। यस्तो गतिविधि नियन्त्रण गर्ने तर्फ सरकार लागेको छ कि छैन। भरतपुर अस्पतालमा कोरोना संक्रमण छैन भनेर सार्वजनिक गरेको पेश विज्ञाप्ती कृतय गर्दै कोरोना भेटियो भनेर आयो। त्यसै गरि अर्को लुम्बिनि अञ्चल अस्पतालमा रुघा लागेको बिमारीलाई अशंका भन्दै समाचार आउँछ। यसले त्रास फैलाउँदै छ। म यता तर्फ पनि म ध्यान आकर्षण गराउँन चाहन्छु।

यहि त्रासले गर्दा खेरि माक्सको अभाव सेनिटाईजरको अभाव भईरहेको छ भन्ने कालो बजारीहरुलाई सरकारले बढवा दिईरहेको छ। यसले झन त्रास फैलिएको छ। भिडभाडमा नजानु भन्ने सरकारले सार्वजनिक यातायातमा कोचेर हिडेको देखेको छ कि छैन। सभामुख महोदय मन्त्रीले ग्याँस पाईन्छ भनेर भन्छन तर बजारमा जनताले ग्याँस

पाईरहेको छैन। यसरी त्रास फैलाउँदा जनजीवन मात्र होईन। पर्यटक क्षेत्र पनि धरासय बनेको छ।

सभामुख महोदय बामगती प्रदेश सबै भन्दा ठूलो पर्यटकिय गन्तव्य स्थाल पनि हो। कोरोनाको कारण संवैधिक प्रभाव पर्ने यसै प्रदेशमा पर्दछ। पर्यटनबाट रोजगारी पनि यसै भित्र छ। यो सब भन्दा चौपहट बनेको छ। ८० प्रतिशत पर्यटन व्यवसायीकहरु घरभाडामा लिएर व्यपार गेरको छन। जुन हाल घर भाडा तिर्न नसक्ने अवस्थामा छैन। तसर्थ सरकारले घर भाडामा विशेष राहत दिनु पर्छ। कम्तिमा ३ महिनाको लागि छुट दिनको लागि अनुरोध गर्दै मेरो आफ्नो भनाई यहि टुंग्याउँछु। धन्यवाद। जय नेपाल।

**<u>माननीय सभामुख</u>:-** माननीय इन्द्र माया गुरुङ्ग। समय ४ मिनेट।

**<u>माननीय इन्द्र माया गुरुङ्ग (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुखज्यू, आज यस गरिमाय सभामा म केही बुँदाहरु लेखित आएको छु। त्यो कुराहरु राख्न चाहन्छु। आजको मेरो विषय छ। मनोरञ्जन तथा सत्कार क्षेत्रका श्रमिकहरु संरक्षणको लागि नीतिगत व्यवस्था गरियोस भन्ने सम्बन्धमा म केही बुँदाहरु राख्न अनुमति चाहन्छु।

नेपालको संविधानले महिला बालबालिका तथा श्रमिकहरुको हकको सुनिश्चता गरेको छ। हाम्रो संविधानले मौलिक हक अन्तर्गत उचित श्रम सहितको रोजगारीको अधिकारलाई स्थापित गर्दै शोषण मानव बेचबिखन बालश्रम तथा योन शोषण लगाएका विषयलाई कानूनी रुपमा दण्डनीय मानेको छ। संघीय लोकतन्त्रीक नेपालको श्रम ऐन २०७४ले श्रम ऐनका सम्बन्धमा दृष्टीले न्यूनतम मापदण्ड गरेको र सबै श्रमिकहरुमा ऐनका प्रवाधनहरु समान रुपमा लागुने व्यवस्था गरेको छ। श्रमिकहरुको लागि अनिर्वाय श्रम सझौता कार्यअविधि न्यूनतम ज्याला साप्ताहिक बिदा सुत्केरी बिदा शिशु स्याहार, रात्री कालिन श्रमिका लागि यातायात र सुरक्षका लागि व्यवस्था रोजगारी छनौटको स्वतन्त्रा तथा श्रमिक सुरक्षका व्यवस्था श्रमिकहरु लागि उपयुक्त श्रम अवसर सुरक्षति जीवनको व्यवस्था गरेको छ।

तर मनोरञ्जन तथा सत्कार क्षेत्र भो कार्यरत श्रमिकहरुका लागि संविधानमा उल्लेखित हक, अधिकार तथा राज्यका नीति वैदेशीक सिद्धान्त श्रम ऐनका व्यवस्था केलव कागजी प्रवधान मात्र देखिएको छ र व्यवहारीक कार्यन्वयन हुन सकेको छैन। यस क्षेत्रका श्रमिकहरु न्यूनतम श्रमिक अधिकार, श्रम मापदण्ड, उचित श्रम व्यवस्थाका आधारभूत व्यवहारहरुबाट पनि बञ्चित छन। मनोरञ्जन तथा सत्कार व्यवसायमा करिब ६० हजार श्रमिक कार्यगत रहेका छन।

विशेष गरि बागमती प्रदेश काठमाडौ लगाएत प्रमुख सहरी पर्यटन क्षेत्रका दोहोरी साझ, डान्स बार, रोधि घर, डिस्को, खाज घर, क्याभिन र मसाज पार्लर लगाएका व्यवसायमा महिला श्रमिकहरुको र बालबालिकाहरुको ठूलो संख्या रहेका छन।

यस क्षेत्रका श्रमिकहरु श्रम शोषणा यौन हिसा र बेचबिखनको पनि सिकार भएको अध्यानप्रतिवेदन र राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनले पनि देखाएको छ।बदलिएको राज्य संरचना अनुरुप उक्त निर्देशिकाको कार्यान्वयन उक्त निर्देशिकामा उल्लेख गरेको अनुगम तथा कारबाही समिति पुर्ण रुपमा गठन र परिरचालन हुन सक्ने व्यवस्था छैन। यदपि विगतमा निर्देशिकमा उल्लेख भए अनुसार गठित जिल्ला समिति प्रशासन प्रमुखको अध्यक्षतामा ३ सदस्य एंवम् अनुगमन समिति बनि कारबाही भएको शुरुवात भएको थियो। तर यो अहिले छैन।

त्यसलाई पूर्ण कारवाही गर्नको लागि यो संसदन मार्फत संघीय सरकार प्रदेश सरकारलाई म हार्दिक अनुरोध सरकारको ध्यानाकर्षण गराउँन चाहन्छु। मनोरञ्जन र संस्कार सेवामा काम गर्ने महिला श्रमिकहरुलाई समाजिक रुपमा नै बहिकृत हुनु पर्ने तथा कोठा भाडा समेत नपाउँने प्रहरी प्रशासनबाट नै पटक पटक हुने ज्याजती यातना लान्छना गोपनियताको हकको ख्यालै नगरि सार्वजनिक बदनाम गर्ने व्यवस्था भएकोले यस कार्यलाई रोक्नको लागि पनि म कार्यान्वयन गर्नको लागि यस बागमती प्रदेशमा मार्फत म ध्यानाकर्षण चाहन्छु। मनोरञ्जन तथा संस्कार क्षेत्रमा डान्स, रेष्टुरेन्ट दोहोरी साझ, मसाज, क्याविन तथा खुल्ल रेष्टुरेन्ट कार्यरत श्रमिक महिलाहरुको कामलाई कानूनी मान्यता नदिएको नियुक्ति पत्र परिचय पत्र सासाहित बिदा...

**माननीय सभामुख**ः- माननीय सुरेन्द्र राज गोसाई। समय ४ मिनेट।

**माननीय सुरेन्द्र राज गोसाई (नेपाल मजदुर किसान पार्टी)**ः- सभामुख महोदय, एमसिसि सम्झौता विरुद्ध निरन्तरत सर्घषमा छौं। एमसिसि अर्को कोरोना हो। एमसिसिले देशकै जान लिन्छ। कोरोना जति आतक्रित पार्दे छ। एमसिसि त्यो भन्दा घातक स्थिति नै ल्याउँदै छ। संसार अमेरिकाको मेलेनियम च्यालेन्ज कर्पोरेसन बारे वास्तविक बताउँन नेपालको संवाधिनता, स्वतन्त्रा र साभौमिक रक्षाको पक्षमा देशका विभिन्न जिल्ला क्षेत्रमा पुगेर छलफल गोष्ठि अन्तरक्रिया बहस चलायौ। सार अमेरिका दुत वासमा हजारौ जनता सहितको जुलुसलाई विरुद्ध पत्र बुझायो।

देशका संवेदनशील जनता देश भक्त दाजुभाई दिदिबहिनी स्वाधिन्ता स्वतन्त्रताको मुल्यमा विदेशी सहयोग लिन नहुने पराधिनता स्वीकार्व नहुने आफै खुट्टामा उभिएर विकास निमार्ण गर्नु पर्ने पक्षमा भएको हामीले पायौ। विदेशीक सामु झुकेर होईन। आफ्ना गौरवका साथ हिनताबोध माथि विजय हासिल गर्दै अगाडी बढ्ने भावना शासक जनतामा हुनु पर्ने आवाज सुनियो।

नेपाली सासकहरुले श्रीलंकाले किन एमसिसि अस्वीकार गयो भन्न पछिलो घटनाबाट पाठ सिक्नु पर्ने सुझाव पनि सुनियो। त्यही भावना यो संसद समक्ष पनि राख्न चाहन्छौ। देशघाति एमसिसि सम्झौता नेपालको संसदबाट पारित नगराउँन र देशको साचो अमेरिका सराज्यवाद र भारतिय विस्तारवाद सक्षम हस्तारन्तरण गर्न नदिन हाम्रो सघर्ष निन्तरन्त चालु रहने छ।

आज विश्व कोभिड १९को संक्रमणबाट आक्रमण छ। यो महामारी विरुद्ध लडन हाम्रो तयारी जुन ढंगमा हुन पर्ने त्यो नभएको प्रस्ट छ। सरकारको गम्भीरता यति खेर अत्यन्त आवश्यक छ। महामारी नआउँदै कालो बजारीको महामारी फैलिसकेको छ। सरकारको उपस्थिति जनता खोज्दै छन। महामारी काममा समेत सरकार टालटुले काममा व्यवस्था भएको प्रति जनता आक्रोसक पोख्दै छन।

स्वास्थ्य सम्बन्धित सामग्रीक दैनिक उपभोग्य वस्तुको सर्वसुलभ बनाउन र कालो बजारी नियन्त्रण गर्न कडा कारवाही गर्नुपर्ने र क्रियाकलप अगाडी बढाउँन पर्ने माग गर्दैनछन जनता यहि बेला सरकार मन्त्रीहरुबाट आईरहेको गह्रैर जिम्मेवारी अव्यक्तिले जनतालाई दुखी बनाएको छ। महामारीकै समयमा भारतिय विस्तावाद आफ्नो प्रभुत्व भई फिजाउँने ढंगमा प्रस्तुत भई रहेको राजनीतिक विश्लेषकहरु बताउँदै छन। यता तर्फ पनि नेपाल सरकार सचेत बनुपर्ने संवेदनशील जनताको आवज छ। कोरोना संक्रमण बिच ५ लाख विद्यार्थी एसी.ई परिक्षा दिदै छन।

उच्च सर्तकताका उपाय अपनाउँन माग गर्दछु। साथै सरकार स्वयसँग अस्पताल हुनु पर्ने सेवा भाव देश प्रति बभदार चिकित्सक र स्वास्थ्य कर्मिहरु आवश्यक भएको यो महामारीले यो शिक्षा दिईरहेको जनता अनुभव गर्दै छन। नेपाल सरकारको बेलैमा चेत खुल्यो। राज्यका सम्पूर्ण चिज निजी क्षेत्रलाई सुमपेका देशको आजको दुर्द्धशाबाट बेलैमा नेपाल सरकारले पाठ होस। यो महामारीकै बेला भए पनि शिक्षा र स्वास्थ्य राज्यको दाहित्व भित्र निवर्वाद राखेर निःशुल्क बनाउँन आवश्यक तयारी थाल्ले वृद्धि तथा साहकमा आहोस् जनता यहि अपेक्षा गर्दैछ।

कोरोना भाइसर फैलिनु पछाडी सारा अमेरिक सराज्यवादको हात भएको चर्चा चल्दै छ। अमेरिकि सेना के कति जिम्मेवार छ भन्ने बारे बहस पनि चल्दै छ। The Eyes of darkness पुस्तक बारे आलोचनत्मक अध्यान हुँदै छ। ईतिहासमा सार अमेरिकि सामराज्यवादले गरेका जैविक युद्ध बारे निपतनाम माथि गरेको जिवाणु हमलाबारे नयाँ पुस्ता छलफल गर्दै छ। यसै प्रकारको कोभिड १९ संक्रमण बारे अध्यान गरिए विश्वले चाडै यथार्थ जानकारी पाउँने छन। धन्यवाद।

**<u>माननीय सभामुख</u>:-** माननीय वेली मैया घले। समय ४ मिनेट।

**<u>माननीय वेली मैया घले (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुख महोदय, मैले विगत विशेष समयमा पनि उठाई रहेका कुरा सरकार सभामुख मार्फत सरकारको ध्यानाकर्षण नपुगेको हो कि हामीले उठाईएको कुरा हरेक कुरा रेकर्डमा मात्र

सिमित गरिएको पूर्ण फेरि शहिद स्मृति प्रतिष्ठान हामी त्रीभुवन पार्क भन्ने गर्छौं। त्यसको विषयमा म यो विशेष समयमा आफ्नो सभामुख मार्फत सरकारलाई ध्यानाकर्षण गराउँन चाहन्छु। विगत लामो समय देखि त्यहाँ कार्यरत कर्मचारीहरु दिनानु दिन अब उहाँको सन्तानहरुले मुखमा ताल्चा लगाउँनु पर्ने आवस्था भईरहेको छ। त्यहाँ कार्यरत १९ जन स्थाई कर्मचारी जसले १८-१९ वर्ष देखि आफ्नो श्रम लगानी गरिसक्नु भयो।

त्यतै गरि करारमा रहेका ७ जना श्रमिक, त्यसै गरि ज्याला दारीमा रहेका २ जना श्रमिक उहाँहरुको पनि झण्डै १ दशक भन्दा लामो समय त्यहाँ कार्यरत भई सक्यो। तर उहाँहरुको सरकारले न समयमा त्यसैलाई तलब खुवाउँन सकेको छ।तर ४वर्ष त भई सकेको उहाँको सन्चय कोषमा कुनै १ रुपैया रकम गएको छ। न नागरिक लगानी कोषमा यो सरकारलाई किन ध्यान आकर्षण गरे २०७५ साल भदौको संघीय सरकारको क्याविनेट बैठकले त्यो फाईल प्रदेश सरकार समक्ष पठाईएको छ। आज ८ महिना हुँदा पनि त्यो फाईल अध्यान गर्दैन भन्ने यो सरकारले गर्न खोजेको के सभामुख मार्फत विशेष ध्यानाकर्षण गराउँन चाहन्छु।

यदि हामीले काम गर्न सक्दैनौ भन्ने स्थानीय तहमा पठाउनु होस्। हामी त्यहाँ पलह गर्छौं। हामी त्यही नगरपालिकामा हुर्कि खेलेको त्यहि पार्क हाम्रो भएको छेउमा भएको कारणले गर्दा हामीलाई बाटो घाटो सार्वजनिक यातायात र पानी पधेरोमा जाँदा पनि हामीलाई मुख देखाउँन पनि नसक्ने अवस्था छ। भई रहेको छ। एक जना कर्मचारीले आफ्नो बालबच्चा पालन नसके जागिर राजिनाममा दिनु भो तर त्यो जागिर राजिनाममा दिएर पाउँने उपदान पनि आज जागिर छोडेको ४ महिना भई सक्दा पनि ४ रुपेया पनि पाएको छैन। यो सरकारले त्यो फाईलको विषयमा यति रडिको टोकरीमा हाल्नु भएको छ भन्ने खोज्नको लागि यहाँको माननीयहरु सदको लागि तर्पर रहने छ। हैन त्यो फाईल सुरक्षित आफ्नो सोकेमा छ भन्ने पिल्ज सभामुख मार्फत त्यो सोकेको चाबी आजैबाट खोल्नको लागि म सरकारलाई ध्यानाकर्षण गर्न चाहन्छु।

अर्को कुरा भनेको हामीलाई यो ट्रस्ट आतंकीतले अन्त्यतै चन्द्रागिरी बासीलाई दुख दिए रहेको छ। साना-साना कितामा साना-साना घरेडिमा बसोबास गरिरहेको

किसानहरुलाई अहिले ट्रस्टको नाममा जग्गा भएको र ट्रस्टले चाहिँ त्यो छानबिन समितिलाई मुद्धा हालिरहेको भनिरहेको छ।। त्यहाँ जनताहरुले हामीलाई सधै प्रश्न गरि रहनु भएको छ। संघीय सरकारको आफ्नो पहुँच भएका आफ्नो ल्याक्त भएका सम्बन्धित अफिसहरुमा लाग्दा खेरि कुनै खालको जनतालाई राहत हुने जनतालाई चित बुझदो जवाफ आईरहेको छैन।

त्यो भएको कारणले गर्दा ट्रस्टको जग्गाको विषयमा ट्रस्टको मुद्धाको विषयमा पनि प्रदेश सरकारकले सभामुख मार्फत संघीय सरकारलाई यथोचित सत्य तथ्य के हो ? छानबिन गरोस भन्नको लिग पनि म विशेष ध्यानाकर्षण गराउँदै। अन्त्यमा फेरि पनि जोड दिन चाहन्छु। २०७५ सालको भदौ महिनाको क्याभिनेटको बैठकले संघीय सरकारको क्याभिनेटको बैठकले प्रदेश सरकारलाई प्रदेशले चलाउँने त्रिभूवन पार्क भने फाईल पेश गरेको छ। त्यो फाईलको विषयमा छिटो भन्दा छिटो छानबिन गर्नको लागि सभामुख मार्फत सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराउदै आफ्नो भनाई यहि टुंग्याउँन चाहन्छु। धन्यवाद।

<u>माननीय सभामुख</u>ः- माननीय रिना गुरुङ्ग। समय ४ मिनेट।

<u>माननीय रिना गुरुङ्ग (राष्ट्रिय साझा पार्टी - संयुक्त)</u>ः- माननीय सभामुख महोदय, कोभिड कोरोनाले अहिले विश्व कै अर्थतन्त्रले जुन प्रभाव पारेको छ। सबैलाई थाहाँ नै छ। विश्व नै तत्रसित छ। हाम्रो जेरेशनमा पहिलो पटक हामीले देखेको पढेको थियो होला। विगतमा यस्तो भएको त्यस्तो भए तर हामीहरुले चाहिँ अनुभूति गरेको अहिले पहिलो पटक रोकिएको अवस्थामा छ।

विश्व रोकि भईराख्दा खेरी विश्वका विभिन्न मुलुकहरुमा कोरोना भाईसरको संक्रमण भएको छ। नेपाल पनि रोकिको अवस्थामा आएको छ। नेपालमा चाहिँ कोरोना भाईसरको संक्रमण छैन। नेपालमा संक्रमण छ भष्टाचारको र कालो बजारीको। भष्टाचार र कालो बजारीको संक्रमणले गर्दा खेरी पुरा अहिले नेपालमा चाहिँ संक्रमण नफैलियपनि नेपाल रोकिएको अवस्थामा छ। अहिले बागमती सरकारले अहिले यो विषयमा गम्भीरता

पूर्व कदम चालेन भन्ने भोलिको दिनमा बागमती प्रदेशको कारणले नेपाली अर्थतन्त्र कोरोना भाईसर संक्रमण भए पनि नेपालकै अर्थतन्त्र ध्वस्त हुने अवस्थामा पनि आउँन सक्ने छ भन्ने मैले प्रदेश सरकार समक्ष आग्रह गर्न चाहे अस्ति भर्खरै काठमाडौमा लाखौको लगाएत माक्सहरु भेटिएको छ।

त्यस्तो क्रियाकलापहरुलाई कडा भन्दा कडा कारवाही गरियोस भन्ने म प्रदेश सरकार सँग आग्रह गर्न चाहन्छु। यो अर्थतन्त्रको कुरा गरि राख्दा खेरि टुरिजमको कुरा आयो। टुरिजममा हामीहरुले एकदम तयारी नगरे पनि एकदम विशाल कार्यक्रमहरुको संघमा चाहिँ भिटिज नेपाल २०२० हामीहरुले घोषणा गरौं। अरबको लगानी हाम्रो देशमा चाहिँ नेपाली लगानी कर्ताले नै अरबको लगानी गरौ।

तर अहिले आए चाहिँ त्यो सबै अरबको लगानी कर्ताहरु चाहिँ ध्वस्त हुने अवस्थामा आएको छ। सम्पूर्ण पर्यटक व्यवसायीहरु अगाडी जाम कि पछाडी जाम उतै बसौ कही अगाडी भन्ने एउटा चल्न छ। अगाडी कुदका लागिको चाहिँ खाल्डो पछाडी पनि खाल्डो यस्तो यस्तो अवस्थामा आईपुगेको त्यसमा बागमती प्रदेश सरकारले गम्भीर रुपमा कदम चालुन भन्ने मैले चाहिँ आग्रह गर्न चाहन्छु। अर्थतन्त्रको कुरा गरिराख्दा खेरि आज हामीहरु भर्खरै माननीयज्यूले भन्नु भयो अहिलेको समयमा सरकारले सभा, समेलन नगर्नु भन्नेको समयमा हामीहरु चाहिँ अहिले सभा समेलन गर्न आईपुगेका छौ।

सभा समेलन गरिराख्दा खेरि यो केन्द्रिय सरकारको निर्णय नमानेको हो कि भन्ने जस्तो देखिन्छ। केन्द्रिय सरकारको निर्णय नमानेको भन्दा पनि अहिले हामीहरु अर्थतन्त्रको कुरा गरिराख्दा पनि नेपालले संघीयता धान्नको लागि चाहिँ एडीबि संघ अरबको हैन खरबको ऋण लिएको छ। त्यसमाथि पनि कोरोनाले गर्दा खेरि भोलिको दिनमा नेपालको अर्थततन्त्र डामा डोल भन्ने अवस्थामा पनि आउँछ। भोलिको दिनमा चाहिँ यो सबै कुराले चाहिँ यो संघीय प्रणालीले चाहिँ धान्न सक्छ या सकदैन। त्यसमाथि हामीहरु चाहिँ कोरोना संक्रमणका बिचमा बैठकका लागि हामीहरु आए र चाहिँ साही गर्ने तलब भत्ता बुझने यो सबै लोजिकल छ।

कतिको चाहिँ राम्रो छ भन्ने कुरा मैले सभामुख मार्फत चाहिँ मैले सरकारलाई अनुरोध गर्न चाहे र यसै बिचमा सरकार एकदमै आपर्त्ति पूर्व जवाफ आउँछ। हामीहरुले जनतालाई कोरेन्टाईमा गर्न सक्दैन भनेर यो केही शब्दावलि चेन्ज गरेर उहाँहरुले जनता त्रसित नभई अलि फरक खालको अभिव्यक्ति आउँनु पर्दथ्यो। उहाँहरुको अभिव्यक्ति जनताले त्रसित खालको अभिव्यक्तिहरु आएको छ। त्यहि भएर अहिले जनताले कोरोन्टाईन गर्न सक्दैन भन्नु भएको छ भोलिको दिनमा यो दुई तिहाईको सरकारले जनतालाई कोरेन्टाईन गर्नु पर्ने अवस्था नआओस।

भोलिको दिनमा संक्रमण फैलियको हकमा अहिलेबाट एउटा विशेष खालको कार्य दल बनाउँदै भोलिको दिनमा संक्रमण भएको खण्डामा चाहिँ उपचार निःशुल्क होस। एसईसी परिक्षा सन्चालन कोही खण्डमा संक्रमण फैलियो भन्ने त्यसले पनि स्थागति गरुन भन्ने भनाई राख्दै बिदा हुन्न चाहन्छु। जय राष्ट्र जय जनता।

**<u>माननीय सभामुख</u>ः-** माननीय विजय श्रेष्ठ के.सी.। समय ४ मिनेट।

**<u>माननीय विजय श्रेष्ठ के.सी. (नेपाली कांग्रेस)</u>ः-** माननीय सभामुखज्यू, कोरोना भाईसरबाट हामी सबैलाई मुक्त मिलोस हे ईश्व सँग प्रार्थना छ। भर्खर हामीले अन्तराष्ट्रिय नारी दिवस मनाएका छौं। पहिला जस्तो उत्साहनक रुपले अन्तराष्ट्रिय नारी दिवस मनाउँन पाएनौ। त्यहि अवसरमा हामीले एक जना अत्यत जटिल क्यान्सर पीडित अन्त्यतै गरिव विपन्न युवालाई सहयोग गर्ने अवसर पायौ।

जसले हामीलाई शान्ति मिलेको छ। सभामुख महोदय ति युवा अन्त्यतै गरिव थिए। उहाँको आधा भागमा ५ किलोको टियुमर हुँदा उनले काठमाडौ आउँने जर्मको गर्न सकेनन किन भने उनी सँग बस चढने पैसा पनि थिएन। उहाँहरुको आफन्त र सहयोगी दिलहरु काठमाडौ पुरायौ र सरकारी अपस्ताले अत्यन जटिल छ। हामी सँग साधन छैन भनेर उहाँको सक्रिया गर्न मानेन ति बिरामी हरिसिद्धी अस्पतालमा पुगेर। प्राईभेट अस्पतालमा पुगेर पनि निःशुल्क रुपले उने उपचार पाईरहेका छन। उहाँलाई क्यान्सरबाट मुक्त मिलोस।

दिर्घ जीवन होस भन्ने कामना पनि गर्न चाहन्छु। सभामुख महोदय यहि जटिल रोग क्यान्सरको कुरा गर्दा म क्यान्सर सम्बन्धी अस्पतालका गाएको बारेमा आफ्नो जिज्ञासहरु र विचारहरु राख्न अनुमति चाहन्छु। भक्तपुर अस्पताल नेपालको क्यान्सर २-४ वटा क्यान्सर अस्पताल मध्ये दोस्रो ठूलो अस्पताल सुविधा सम्पन्न अस्पताल जनतालाई सेवा गरेको अस्पताल मानिछ। जो अहिले आफैमा क्यान्सर लगाएको हो कि भन्ने अनुमान गर्न जनताहरु लागेका छन। अभिभावकले नपाएर हो ?अथवा कुन अस्था व्यवस्थले हो ?अथवा कुन खेलले हो? यो अस्पताल एउटा पीडित बन्न पुगेको छ जनताहरु भन्दै छन।

यो क्यान्सर अस्पताललाई क्यान्सर नलागोस र सरकारमा यसमा ध्यान जाओस भन्ने जनताहरुको गुनासो छ। १९९२मा क्यान्सर रिलिभ सोसाईटिले स्थापना गरेको यो अस्पताल अन्त्यत राम्रो सुविधा सम्पन्न अस्पताल मानिन्थो र यसले धेरै भन्दा धेरै जनतालाई सेवा पनि गरको थियो। यसकारण अहिले यो अस्त व्यस्त हुनुमा के पर्यो अध्यान गरोस सभामुख मार्फत म सरकारलाई अनुरोध गर्न चाहन्छु। यसको अध्यान गरियोस। यसको हेर विचार गरियोस। यसको जिम्मेवारी सरकारले लिने कदम पहल गरियोस भन्ने म अनुरोध गर्न चहान्छु। सभामुख महोदय एक अध्यानले बताएको छ।

नेपालमा वर्षिय नि ३० हजारको हाराहारीमा क्यान्सर पीडितहरु बढ्दै छन र २० हजार जनताहरु क्यान्सर रोगले आफ्नो ज्यान गुमाउँदै छन। यो अवस्था हाम्रो नेपालको छ भन्ने दिलिको राजिव गन्धी अस्पतालमा जाने संख्या हजारौको संख्या छ। जहाँ नेपाली धेरै छन। त्यहाँको राजिव गन्धी अस्पतालको ३ वटा ठूलो बिलिङ् मध्येमा एउटा बिलिङ नेपली रोगीहरुको पैसाले बनेको भनेर त्यहाँको स्टाफहरुले भन्ने गरेको कुरा हामीले सुनेका छौ भने हाम्रो अर्थतन्त्र क्यान्सर रोगकै कारण पनि कति बाहिर गएको छ। यसलाई पनि हामीले ध्यान दिनु जरुरी छ।

त्यसै विश्व परिवेशमा २०१८ मा भएको अनुसन्धानले वर्सेनि १७ मिलियन रोगीहरु क्यान्सरले पीडित छन। २०४० सम्म यो बढेर २७.५ मिलियन बढ्ने छ भनेर अनुमान लाएको छ। त्यसकारण हामी अहिले नै सर्त्तक बनौ र क्यान्सर अस्पताल जस्तो

महत्वपूर्ण अस्पताललाई प्रदेश सभाले आफ्नो अस्पताल बनाओस र संरक्षण गरोस। अज सुविधा सम्पन्न बनाओस। ता कि त्यो बिरामी त्यो जटिल विरामी, त्यो गरिवि बिरामी अलिम जस्तो उपचार निःशुल्क पाओस।

<u>माननीय सभामुख</u>:- माननीय सरस्वति बस्नेत। समय ४ मिनेट।

<u>माननीय सरस्वति बस्नेत (ने.क.पा.)</u>:- सभामुख महोदय, आज यो विश्व नै कोभिड १९अथवा कोरोना भाईसरको रोगले विश्व आक्रन्त छ र यसमा नेपालीहरुलाई चाहिँ समाजिक सञ्जालहरुले र विभिन्न पत्रपत्रिका अनलाईन खबरहरुले नेपालीहरु अज बढ्ता आंक्रत बनाएको छ। मैले प्रदेश सरकार मार्फत के भन्न चाहन्छु भने यस्ता समाजिक सञ्जालहरुमा अनलाईन खबरहरु अनावश्यक लेखनेहरुलाई कारवाहीको माग गर्न चाहन्छु र यसैगरि अब हामीले प्रदेश सरकारले पनि सभा समेलन भन्दा पनि हामी प्रदेश समाका माननीयहरु पनि कुन क्षेत्रमा खटाउँने हो।

हामीले यो जनचेतना स्थानीय तह सम्म, वडा तह सम्म हामीले यो जनचेतनाको लागि हामीलाई विशेष जिम्मेवारी दिने काम गरियोस भन्ने म अनुरोध गर्दछु र अर्को कुरो कोरोनाको साथ साथै नेपालमा फेरि पनि कतिपय ठाउँमा डेगुको प्रभाव देखिन थाल्यो को भनिएको छ। यसले पनि कसरी रोक्न सकिन्छ। प्रभावकारी ढंगले हामीले यसलाई जनचेतना जगाउँन पर्छ भन्ने मैले ठानेको छु।

त्यसैगरि थोरै सुकुम्वासी समस्या र त्यसको समाधान सम्बन्धि थोरै विषय यहाँ राख्न चाहन्छु। सुकुम्वासी अहिले कसरी बढी रहेको मैले पाएको छु भने प्रत्येक मालपोतमा जग्गा किन बेच गर्दा खेरी प्रत्येक मालपोतमा एक १-२ जना सुकुम्वासी बन्नेरहेछ। यसको जग्गा छ।

उसको जग्गा छ। उसले विभिन्न कारणले गर्दा जग्गा बेच्न चाहने त्यो बेचन चाहेने कुरोलाई त्यो मालपोतले नियन्त्रण गरेको छ कि छैन। त्यो विषय मैले प्रदेश सरकार मार्फत सभामुख मार्फत केन्द्रिय सरकारलाई मैले ध्यानाकर्षण गराउँन चाहन्छु। हामी एका तिर सुकुम्वासी समस्या समाधान गर्नको लागि लाग्ने तर जग्गा मालपोतमा

किन बेच गर्दा त्यो किन बेच गर्ने प्रत्येक मालपोतले चाहिँ उसको जग्गा कुनै पनि ठाउँमा छ कि छैन। त्यो नहेरिकन जग्गा अर्कोलाई पास गरी दिएको कारणले धेरै मान्छेहरु सुकुम्वासी बनेका छन।

त्यो सुकुम्वासी समस्या समाधान गर्नको लागि त्यो नियन्त्रण नगरेर सम्म एउटा झनझन समस्य होईन बढेर जाने पाएको छु र अर्को कुरो जुन काठमाडौको विकराल सुकुम्वासी समस्या छ। विशेष गरेर त्यो समाधान समाधान गर्नको लागि प्रत्येक गाउँपालिकालाई आफ्नो गाउँको सुकुम्वासी कति हो। त्यो ठाउँमा चाहिँ उसलाई आकलन गर्नु लगाएर अथवा अनुमान त्यहाँ कति हो। त्यो रेकर्ड लिनु लगाईयो भन्ने काठमाडौको सुकुम्वासी समाधान हुन्छ। आफ्नो जिल्लामा आफ्नो स्थानीय सरकारले ति सुकुम्वासीहरुलाई व्यवस्था गायो भन्ने सुकुम्वासी समस्याको समाधान हुने मैले देखको छु। हस मैले यि नै भनाईहरु राख्दै। धन्यवाद।

**<u>माननीय सभामुख</u>ः-** माननीय नरोत्तम वैद्य। समय ४ मिनेट।

**<u>माननीय नरोत्तम वैद्य(नेपाली कांग्रेस):-</u>** सभामुख महोदय, अनि सभामुख मार्फतकेही कुरा चाहिँ राख्न चाहन्छु। सब भन्दा ठूलो कुरा चाहिँ सब भन्दा पहिला म हिजोको अनपूर्ण पोटमा सर्वसाधारणले भत्काए सिमा स्तम्भ भन्ने कुराकोमा तपाईहरुको ध्यान खिच्न चाहन्छु। यो वास्तवामा के भन्ने भारतमा पानी पर्यो भन्ने यहाँ छाता ओढने, चाईनामा हिउँ पर्यो भन्ने ओभरकोट लगाउँने तर नेपाललाई केही पर्यो भन्ने कोही नबोल्ने अनि सत्ता पक्ष बोल्छ न प्रतिपक्ष बोल्छ। सत्ता पक्ष कानमा तेल हालेर बस्छ।

आफ्नै सत्ता पक्षको संसादले सार्वजनिक महत्वको प्रस्ताव ल्याउँदा पनि ध्यान दिदैन। हाम्रो सिमा मिचेको सम्बन्धमा चाहिँ सर्वजनिक महत्वको प्रस्ताव ल्यायो। तर सत्ताले के भन्ने नसत्ता सँग कान छ न मुखले बोल्छ। सिमा मिचेको मिचै छ। त्यस्तो अवस्था छ। हामी बिहान सुत्दा खेरि बेलुकी सुत्दा खेरि नेपालमा सुत्छौ। बिहान उठदा खेरि भारतमा पुगेको हुन्छौ। अनि हामी यस्तो अवस्थामा छौ। बेलुकी हामी सुत्दा खेरि नेपलमा सुति रहेको हुन्छौ।

भोलि पल्ट बिहान हुँदा चाईनामा पुगि राखेको हुन्छौ। यस्तो अवस्था छ। तर हाम्रो देशको नेताहरु भारतमा पानी पर्यो भन्ने यहाँ छाता ओढछ। अनि चाईनामा हिउँ पर्यो भन्ने यहाँ ओभरकोट लगाउँछ। नेपाललाई केही पर्यो केही बोल्ने वाला छैन। त्यसैले मेरो आग्रह यो प्रदेशले भारतले दिउँसै चै सिमा अतिक्रण दिउँसै हाम्रो जमिनमा सिमा स्तम्भ बनाउँन आउँदा पनि यो प्रदेश पनि मुख दशक भएर बसछ भन्ने यो प्रदेश पनि मेरो आग्रह हामी सबैको ध्यान जाऔस।

हाम्रो देश अहिले मिचिदै छ। हाम्रो सिमाना खुचिदै छ। तर हामी चाहिँ मुख दर्शक भएर बसेछौ। हामीले केही गरौ। यो प्रदेशले केहफी गरौं। यो सरकारले केही गरौस भन्ने कुरा राख्दै मेरो आफ्नो दुई शब्द यहि टुंग्याउँछु। जय नेपाल।

**<u>माननीय सभामुख</u>ः-** माननीय सभामुख प्रदिप कुमार कटुवाल क्षेत्री। समय ४ मिनेट।

**<u>माननीय प्रदिप कुमार कटुवाल क्षेत्री (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>ः-** सभामुख महोदय, आज हामी प्रदेशीक भाको छौं। आज म यता आउँदै थिए। जिल्लाको साथीहरु परदेशी भन्नु भयो देशमै आउनु होस भन्नु भो। आफैलाई कता कता १-२ वटा प्रश्नहरु आफै भित्र खडा भए यो के रहेछ त भन्दा हामीले प्रदेशलाई प्रभावकारी बनाउँन सकेका छैनौ।

के के विषयहरु साथीहरुले राखु भएको छ। अलि बढी आतक्रित हुने भन्दा पनि कामहरु भएका छन। १५ प्रतिशत बजेट जिल्लामा काम हुँदा त कति देखिदो रहेछ यसलाई अलि प्रतिशत बढाउँन पर्यो। काम स्तरिथ कामलाई अलिछिटो बढाउँन पर्यो भन्ने म माग गर्न चाहन्छु। खासमा १-२ वटा विषयहरु हामीले ल्पानिङ्ग कमिसनहरु बनायौ। प्रदेशमा पनि बनायौ। केन्द्रमा पनि ल्पानिङ्ग कमिसन छ। तर ल्पानिङ्ग कमिसनले के गयौ त भन्दा हामी जनप्रतिनीधिले बजेट बाड्लाई नपाउँने उनीहरुले बजेट सिफारिस गर्ने यसले गर्दा के समस्या पैदा गयौं भन्ने समस्या थाहाँ नभएका मान्छेहरुले पैसा लगाउँदा

खेरि१-२ वटा समस्याहरु क्रियट भएका छन। गाउँपालिकामा जाने बाटोलाई पैसो नहाल्ने।

तर के भन्दा कुनै एउटा गाउँमा जाने बाटोलाई पैसा हाल्दा यसका प्रभाव हितनता भएको छ। त्यसैले गर्दा केन्द्रको पनि प्रदेशको पनि योजना आयोगलाई प्रभावकारी बनाउन पर्यो भन्ने हो र मन्त्रालयको अनुगमन राम्रो भईरहेको छैन। अब धेरै साथीले भन्नु भो ह मा ह किन मिलाउँ। अलि प्रभाव रहेका मन्त्रीहरुको प्रभाव भएको ठाउँमा बढी गयौं भन्ने छ। यसलाई अनुगमन गरेर यो मन्त्रालयको संख्या पनि बढाउँनु पर्ने हो कि अनुगमन पुगेन भन्ने लागेको छ। त्यहाँ खास गरि हाम्रो सिन्धुली जिल्ला एउटा नाकाको रुपमा विकास भएको छ।

यो चाहिँ वि.पी राजमार्ग, मदन भण्डारी राजमार्ग, पुष्पलाल राजमार्ग छन। त्यहाँ यातायात व्यवस्थाको एउटा कार्यलय हुन जरुरी छ र यातायात चलाउँनको लागि सिन्धुलीमा वि.पि.राजमार्गमा गाडीहरु चलाउँन पाईदैन। ट्रकहरु चलाउँन पाईदैन। त्यहाँ दोलखा, रामेछाप, खोटाङ, सोलुखुबु जस्ता जिल्लाहरु छन। त्यहाँ यति पीडा छ। राती ९ बजेबाट गाडी चलाउन पर्छ। ट्रक चलाउँन पर्छ। अनि मास्तिर लाने बाटो खन्न लाने डोजर मेशिनहरु बोक्न पाईदैन।

अनि त्यसपछि सधै सधै एउटा तनावको जिवन हामीले त्यहाँको जनप्रतिनीधिले बोक्नु परेको छ। मैले धेरै पल्टक भनि सके हाम्रो प्रदेशमा जुन अहिले यातायातको कार्यलय आउँने भएको छ। यो लाईसन लिन पनि अलि सहज गर्नु पर्ने र अनि यो सहज रुपले चलाउँनको लागि म यो प्रदेश मार्फत अगाडी बढाउँन चाहन्छु भन्न चाहन्छु। हामीले बाटो खन्यौ। खुशीले बाटो खन्यौ त्यो बेला तर आज त्यो बाटो हिड्न नपाउँदा दुःख भएको छ।

खास गरि यहाँ अहिले हाम्रो वेतिथि बढ्नको कारण के छ भन्दा खेरि हामीले हरेक क्षेत्रमा वेतिथि बढाएको मान्छेहरुलाई प्रोत्साहित दिएका छौ। काही राम्रो काम भएन। त्यहाँ काममा चाहिँ नियमिता भएन भनेर नोट छापेर अख्तियारलाई लेराउँन भनिन्छ। त्यो प्रक्रिया भएन यो घुस खाने भष्टाचार गर्ने मान्छेलाई नयाँ चोरीका गतिविधि

सचालन गर्छन। त्यसमा अलिकति प्राभावकारी ल्याउँनु पर्छ भन्ने लागेको छ। खास गरि हामी देशी हुनको लागि हाम्रा कामका पक्षहरु प्राभवकारी हुनु पर्छ। टेन्डर अहिले सबै ठेक्कदार बेरोजगार हुँदै छन।

ईविडिङ भन्यौ यो तर त्यसले पनि राम्रो गरि राखेको छैन। अब यो अख्तियारी अलि टाईमले पठाउँन पर्यो। जो अहिले कोरोना भाईसरको बारेमा जति हामी चर्चा गरिराखेका छौ। संवैधानिक अपनाउँन। आतंकित नबनाउँन भन्ने मलाई लागि रहेको छ। गत वर्ष हामीले बाढी पहिरो लाग्दा पनि पैसा दिने ५० लाखको दरले प्रत्येक गाउँपालिका भन्यौ। अहिले सम्म गएन र अहिले फेरि अर्को बाढी पीडित लाग्न बेला आउँन लाग्यो।

यसको लागि चाहिँ समयमै स्रोत जम्मा गर्नु पायो र स्वास्थ्य भवनहरु २ वर्ष पहिला चाहिँ स्वास्थ्य भवन ३ वर्ष पहिला चाहिँ तकालिन स्वास्थ्य मन्त्री गगन थापाले हामी आफैले बनाँउँने भन्नु भयो त्यो रोकिएर बसेको छ। दाताहरुले दिने पैसा चाहिँ रोकिएर बसेको छ। ति स्वास्थ्य भवनलाई छिटो भन्दा छिटो टेजर गरेर स्वास्थ्य भवनहरु बनियोस भन्न चाहन्छु र हामी देशकै हौ। प्रदेशका होईनौ। यो प्रदेशको सरकार प्रभावकारी.....।

**<u>माननीय सभामुख</u>ः-** माननीय प्रेम बहादुर पुलामी। समय ४ मिनेट।

**<u>माननीय प्रेम बहादुर पुलामी (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>ः-** माननीय सभामुखज्यू, माननीय सदस्यज्यूहरु हिजो बिहान सबेरै राक्सिराङ्ग ६ वाट एउटा दुखद घर्टना खबर सुन पर्यौं। ७२९६नंम्बरको मिनि ट्रक दुर्घटना हुँदा एक जना सुमन थिङको दुखत निधन भयो। म उहाँ प्रति श्राद्धञ्जिल व्यक्त गर्न चाहन्छु। उहाँको परिवार प्रति संवेदना प्रकट गर्न चाहन्छु।

सभामुखज्यू मकवानपुर जिल्ला बैकया गाउँपालिका वडा नं. १ स्थिति साविक धियाल गा.वि.स चैत २८ गते त्यहाँको जनप्रतिनीधि वडा सदस्य प्रेम बहादुर फुयाल र त्यहाँको कर्मचारी साथीहरुलाई विप्लव माओवादीको नाममा केही मानिसहरुले ४ घण्टा

सम्म अपरण गरेर राखि सकेपछि वडा अध्यक्ष बुद्धिमान वाईवा त्यहाँ पुग्नु भयो उहाँलाई पनि केही सत्तहरुमा धोवि डाँडा बन्दक बनाएर राखियो भएको थियो। ५ लाख पैसा माग गर्दै ४ घण्टा पछि मुक्त गरियो।

चैत १ गते शनिबार तिनै समुहले त्यस भेगमा रहेका तिर्थ लाल थोकर र प्रविन जिम्मालाई निधात कुटपिट गरियो। हामीले प्रहरी प्रशासन जति छिटो पठाउँने कोशीस पनि गर्यौं। विकट ठाउँ भएकोले रौतहट र मकवानपुरको सिमा पर्ने त्यो ठाउँमा समयमा पुग्न नसक्दा त्यहाँ तिर्थ लाल थोकर लगाएता साथीहरुलाई धेरै कुटपिट गरेर छोडीएको छ। अहिले तिर्थ लाल थोकर उपचाररत हुन्छ। बार निजगढ नगरपालिका ९ स्थिति सस्वास्थ्य क्लिनिकमा उपचार गराई राख्नु भएको छ। उहाँको स्वास्थ्य लाभको कामना गर्न चाहन्छु।

नेपाल सरकार प्रदेश सरकारलाई अनुरोध गर्न चाहन्छु। त्यस भेगमा जनतालाई त्रसित बनाएर विप्लव माओवादीको नाममा जुन गतिविधि गरिराखेको छ। त्यसको नियन्त्रणको निम्ति तकालै पहल कदमी लिन म आग्रह गर्न चाहन्छु। यति सरकारको तर्फबाट संभव हुँदैन भन्ने जन स्तरबाट यसको प्रतिरोध गर्न तयार भएको कुरा पनि म यहाँहरुको बिचमा राख्न चाहन्छु। त्यस क्षेत्रको सुरक्षाको लागि विकट ठाउँलाई उनीहरुले आधार मानेर केही मान्छेहरुले यो अपाराधी गतिविधिहरु सन्चालन गरिराखेको छ।

त्यसको नियन्त्रणको लागि म सरकार सँग तकालै चौकी स्थापनाको पनि माग गर्न चाहन्छु। त्यसको गर्न सक्यो भन्ने त्यस क्षेत्रमा रहेका जसरी ईपिल घारीमा आएर उनीहरुले त्यहाँ तिर्थलाल थोकर लगाएतका साथीहरुलाई कुटपिट गर्न थाल्ये त्यो क्षेत्रको सुरक्षाको लागि हामी यो जोडद्धार माग गर्न चाहन्छौ कि सरकारको तर्फबाट त्यहाँको बस्ति र गाउँहरुलाई सुरक्षति प्रधान गर्न पनि म आग्रह गर्दै मेरो भनाईलाई यहि टुंग्याउँन चाहन्छु। धन्यवाद। नमस्कार

**<u>माननीय सभामुख</u>:-** माननीय शोभा शाक्य। समय ४ मिनेट।

**माननीय शोभा शाक्य (विवेकशील साझा पार्टी)**:- सभामुख महोदय, सर्वप्रथम आज म विशेष समयमा कोरोना कोभिड १९ को भाईसरले संसार भरि नै आक्रमित त्रसिति बनाएको छ। साथै त्यस भाईसरबाट मृत्यु हुनेहरुमा म संवेदना प्रकट गर्न चाहन्छु र भाईसरबाट संक्रमित व्यक्तिहरु यर्था शिग्र स्वास्थ्य लाभको कामना गर्दछु। साथै नेपलमा यो भाईसर नआईदियोस।

यो भाईसर संक्रमित नहोस भनेर हाम्रो नेपालमा भएका सम्पूर्ण ३३ कोटि देवदेउतालाई म प्रार्थना पनि म गर्न चाहन्छु। किन भन्ने यो भाईसर नेपाल भित्र पसिएको खण्डमा हाम्रो यो प्रदेशमा भएका अस्पतालहरुमा अहिले नै भरिपूर्ण बिरामीहरु छन भने यो संक्रमितबाट आउँने हाम्रा बिरामीहरुलाई कहाँ राख्ने यो प्रदेश सरकारको तर्फबाट ध्यान आकर्षण गर्न चाहन्छु।

यो प्रदेश सरकार र नेपाल सरकारको तर्फबाट यस भाईसरबाट बिरामी हुने सम्पूर्ण बिरामीहरुलाई निःशुल्क गरियोस भनेर म माग पनि गर्न चाहन्छु। यो स्वास्थ्य र शिक्षा भनेको सधारण जनताको यातायात राज्यको दाहित्व हो। त्यसकारण यो राज्यको दाहित्वलाई यस प्रदेश सरकारले यो बागमती प्रदेशले नमूनाको रुपमा गरियोस भनेर म सभामुख मार्फत आग्रह पनि गर्न चाहन्छु।

यस सन्दर्भमा गएको २०७२ सालको महाभूकम्पबाट घर भत्कियाकाहरु अहिले पनि टहारमा जीवन यापन गरिरहेको छ।यस जीवन यापनाका क्रममा धेरै उहाँहरु यो भाईसरले गर्दा अझ त्रसित भएका छन।

त्यसकारण जुन बुंगमती खोकना लगाएत हाम्रो नेपालमा यो प्रदेशको १२ वटा जिल्ला भूकम्पबाट प्रभावित क्षेत्र हो। त्यस मध्येमा पनि फैचा बासीहरुको अहिले सम्म पनि घर बनिएको अवस्था छैन। उहाँहरु अहिले पनि टहारामा बस्नु पर्ने अवस्था छ। उहाँहरु कसैको घरको पुर्जा छैन।

कसैको के छैन भन्दा भन्दै उहाँहरु २०७२ साल देखि उहाँहरु अहिले सम्म पनि टहारामा जीवनयापन गरिरहेको छ। त्यही टहारामा मृत्यु भईसकेको अवस्था छ। त्यसकारण हाम्रो यो प्रदेश सरकारको ध्यान जाओस र भूकम्प पीडितहरुलाई छिटो भन्दा

छिटो घर बनाउँनको लागि प्रयास गरियोस भन्ने म सभामुख मार्फत विनम्रर आग्रह गर्न चाहन्छौ। कुनै कुनैले घर बनायो। तर सरकारको तर्फबाट २ प्रतिशतका दरले बैकबाट ऋण प्रधान गरेर ऋण लिएर घर बनाउँनेहरु छन।

उनीहरुलाई २ वर्ष पछि १४ प्रतिशतको ब्याज राखिकोमा उहाँहरुको घर लिलामी प्रोसेमा छ। त्यसकारण उनीहरुको लागि यो १० वर्षको लागि २ प्रतिशत भनेको त्यसलाई चाहिँ कायम गरियोस। यो सभामुख मार्फत म यो सरकारलाई ध्यानाकर्षण गर्दै मेरो भनाई यहि अन्त्य गर्न चाहन्छु। हाम्रो देशको जय होस। हाम्रो नेपालको जय होस। हामी सबैको जय होस।

**<u>माननीय सभामुख</u>ः-** माननीय सदस्यहरु विशेष समयमा बोल्ने क्रम यहि समाप्त हुन्छ।

माननीय सदस्यहरु म माननीय मुख्यमन्त्री तर्फबाट माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री शालिक राम जम्कट्टेलाई स्थानीय तहका पदाधीकारी तथा सदस्यको सेवा सुविधा सम्बन्धि ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक दफाबार छलफलको लागि प्रदेश मामिला समितिमा पठाईयोस भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु।

**<u>माननीय शालिकराम जम्कट्टे मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय</u>ः-** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले स्थानीय तहका पदाधीकारी तथा सदस्यको सेवा सुविधा सम्बन्धि ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक दफाबार छलफलको लागि प्रदेश मामिला समितिमा पठाईयोस भन्ने प्रस्ताव सम्मानित सभामा पेश गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुख</u>ः-** माननीय सदस्यहरु अब म माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री शालिक राम जम्कट्टेलाई प्रस्तुत गर्नु भएको स्थानीय तहका पदाधीकारी तथा सदस्यको सेवा सुविधा सम्बन्धि ऐन २०७५लाई संसोध्न गर्न बनेको बिधेयक

दफाबार छलफलको लागि प्रदेश मामिला समिति पठाईयोस भन्ने प्रस्तावलाई निर्णयर्था प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस् ।

हुन्न भन्ने आवज सुनिएन तसर्थ भएको स्थानीय तहका पदाधीकारी तथा सदस्यको सेवा सुविधा सम्बन्धि ऐन २०७५लाई संसोध्न गर्न बनेको बिधेयक दफाबार छलफलको लागि प्रदेश मामिला समिति पठाईयोस भन्ने प्रस्ताव सर्वसमितले स्विकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु अब अर्को बैठक मिति २०७६ चैत ५ गते बुधबार विहान ११ बजे बस्ने गरि यो बैठक स्थागित हुन्छ।

**(तदनन्तर बैठक २०७६ साल चैत्र ५ गते बुधवार बिहान ११:०० बजेसम्मका लागि स्थगित भयो।)**

**अन्त्य - दिनको २:३० बजे।**

# प्रदेश सभा
# बागमती प्रदेश
# पाँचौ अधिवेशन
# कारवाहीको सम्पूर्ण विवरण

५ चैत्र, २०७६

बुधबार

(बैठक संख्या - २२)

**प्रदेश सभाको पाँचौ अधिवेशको आजको बैठक माननीय सभामुख श्री सानुकुमार श्रेष्ठको अध्यक्षतामा बिहान ११:०० बजे प्रारम्भ भयो।**

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, प्रदेश सभाको आजको बैठकको कारवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरु, आज शुन्य समय र विशेष समयको कार्यक्रम नरहने व्यहोरा जानकारी गराउँदछु।

माननीय सदस्यहरु, अब म माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री कैलाश प्रसाद ढुंगेललाई माननीय शोभा शाक्यले राखनु भएको लिखित प्रश्नको उत्तर सभा समक्ष टेबुल गर्न अनुमति दिन्छु।

**<u>माननीय कैलाश प्रसाद ढुंगेल, मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय</u>ः-** माननीय सभामुख ज्यू, सभामुखज्यूको अनुमतिले प्रश्नकर्ता माननीय शोभा शाक्यले राख्नु भएको लिखित प्रश्नको उत्तर सम्मानित सभामा टेबुल गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुख</u>ः-** माननीय सदस्यहरु, माननीय आर्थिक मामिला तथा योजना मन्त्रीले टेबुल गर्नु भएको उत्तर माननीय सदस्यहरुले आ आफ्नो पिजनहोल बाट लिन सक्नु हुने छ।

माननीय सदस्यहरु, अब म माननीय मुख्य मन्त्री श्री डोरमणि पौडेललाई शुन्य समय र विशेष समयमा माननीय सदस्यहरुले उठाउनु भएको प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु।

**<u>माननीय डोरमणि पौडेल, मुख्यमन्त्री</u>ः-** माननीय सभामुख ज्यू, सभामुख ज्यूको अनुमतिलेयस सदनमा माननीय सदस्य ज्यूहरुले विभिन्न बैठकहरुको शुन्य समय र विषेश समयमा उठाउनु भएको प्रश्नहरुको जवाफ दिन गई रहेको छु।माननीय सदस्य ज्यूहरु समय समयमा यहाहरुले राख्नु भएको जीज्ञासालाई सके सम्म हल गर्ने प्रयतन गर्ने छु। यहा धेरै प्रश्नहरु उठेका छन तर धेरै प्रश्नमा एकरुता भएको हुनाले मैले समग्रमा उठेकाप्रश्नहरुलाई एकमुस्ट बनाएर जवाफ दिने प्रयत्न गरेको छु।

सबै भन्दा पहिले प्रदेश सरकारका योजनाहरु समयमा नै सम्पन्न हुन नसकेको कुराहरुमा धेरै माननीय सदस्यहरुले जिज्ञाशा राख्नु भएको छ र यो एउटा हाम्रो आर्थिक नियम र कानुनले पनि हामीलाई निर्धारित समयमा योजनाहरु सम्पन्न गर्ने एउटा कठिनाई भएको जानकारी गराउन चाहन्छु र धेरै योजनाहरुलाई डि.पि.आर नगरेको अव्सथामा तैयारी डि.पि.आर तयारी गर्ने काम सम्पन्न नभैसकेकोले पनि योजनाहरुको समयमा ठेक्का पट्टा गर्न पनि अलिकति समय लाग्ने र त्यो अर्थमा अब अहिले योजनाहरुको डि.पि.आर तैयारी गर्ने कामसम्पन्न भईसकेको छ।

सबै ठेका पट्टा गर्ने कामहरु, ठेक्का लगाउने कामहरु पनि प्रारम्भिक तयारीहरु सम्पन्न भईसकेको व्यहोरा म जानकारी गराउँछु र अब हाम्रो योजनाहरु विगतमा निर्णय भएका, स्वीकृत भएकायोजनाहरु सबैठेका पट्टामा गई सकेको व्यहोरा म यहाहरुलाई जानकारी गराउन चाहान्छु। सबै भन्दा महत्वपुर्ण उठाईएको यो राजधानि काठमाडौं र प्रदेशको राजधानि हेटौंडा जोड्ने बाटोको विषयमा धेरै कुराहरु उठाउँनु भएको छ र त्यो विषयमा सरकार अत्यन्त गम्भिर र संबेदनशिल छ र यो बाटोलाई झिटो भन्दा झिटो तयारी गर्ने अभियानमा सरकार लागेको छ र अहिले निर्माणको काम सुरु पनि भैसकेको छ।

अर्को संसंगै सबैको जिज्ञाशा र चासोको विषय रहेको हेटौंडा यो भिमफेदी देखी कुलेखानि सम्मको सुरुङ मार्गलाई अध्यन गर्ने डि.पि.आर गर्ने काम भैरहेको दुर्त गतिमा भैरहेको र अबको केहि दिन भित्रमा नै यसले आफ्नो प्रतिवेदन बुझाउने र सुरुङ मार्गको आयोजनाको टेन्डर यहि आर्थिक बर्षमा आहान गरिने छ रभिमफेदी फाखेल सडकको स्तर ऊनति गर्ने कार्य अहिले भईरहेको छ।

जुन यहाहरले पनि देखि स्कनु भैसकेको छ र अब अर्को जल्दो बल्दो विषय कोरोना भाईरसको विषय प्रकोप र यसले निम्त्याउन सक्ने बिपद प्रति पनि धेरै माननीय ज्यूहरुको जिज्ञाशा रहेको छ र यसमा हाम्रो सामजिक बिकास मन्त्रीले पहिले पनि यो विषयमा हाम्रा तयारीहरुको विषयमा जानकारी गराई सक्नु भैसकेको छ र सरकार यो प्रति पनि गम्भिर छ र यो कोरोना भाईरसको विषयमा जनचेतना मुलक प्रिभेनटिभ उपायहरु अपनाई जारुकताका साथ कार्यान्वयन गरिएको छ।कोरोना भाईरसको जोखीम सम्भावित स्थलमा हेल्प डेक्सको स्थापना गिरएको छ।

यस भाईरसले निम्त्याउन सकने जनधनको क्षतिलाई मध्येनजर गरि आपद कालिन स्थितिमा परिचालन गर्नको लागि आवश्यक जनशक्ति तयारी अवस्थामा राखिएको छ। यसका साथैकोरोना भाईरस देखि हालमा उपचारका लागि आवश्यक व्यवस्था मिलाउन लजेस्टिक सपोर्ट सहित प्रदेश स्टेट अस्पतालहरुलाई तयारी अवस्थामा राखिएको

छ।प्रदेश सरकारले सशस्त्र प्रहरी बल संग सहकार्य गरि ४० सैयाको आइसोलेशन वार्डको कोरोना प्रकोप सम्बन्धमा काम गर्ने आकास्मिक क्याम्प गर्ने योजना अनुरुप अगाडि बढेको छ र जोखिम भएका प्रदेशका नाकाहरुमा थरमल चेकपको व्यवस्था गर्ने तयारी गरेको छ।

प्रदेश सरकारले संघिय सरकार तथा स्थानिय तह संग संमन्वय गरि कोरोना रोकथाम तथा नियन्त्रणका लागि आ-आफनो कार्य क्षेत्र बाट काम गर्ने गरि तयारी गरिएको छ।त्यसै गरि प्रदेश सरकारको हालको संगठन संरचनालाई बस्तुनिस्ठ एवं प्रभावकारी बनाउनको लागि विषय विज्ञहरुको परामर्शमा संगठनमा तथा व्यवस्थापान अध्ययन कार्य भैरहेको छ।यस अध्ययनको मुख्य उदेश्य भनेको सेवा प्रवालाई नागरिक नजिक पुराउन सेवा संग सम्बन्धित निकायहरु नागरिकको नजिकको बिन्दु सम्म पुर्याउनु रहेको छ।यो हामीले हिजो घरघरमा सिह दरबार भनेर भनेका थियौ अहिले हामीले हाम्रो सेवालाई त्यो ढंगले नजिक पुराउन सकेको छ।

निकै कारणले हामी संग भएका जनशक्तिका कारणले पनि हामीले सम्बन्धीत क्षेत्रमा सेवा पुराउन नसकेको अवस्थामा अब अहिले हामीले ओ.एन.एम वनि सकेको छ र यस अनुसार लोक सेवाको पनि गठन भैसकेको छ र त्यसैले हामीले यो आगामी वर्षको देखि यो अहिले भई रहेको सेवा र सुविधालाई सकेसम्म प्रत्येक जिल्ला बाट सबै खालका सेवा र सुविधा उपलबध गराउन पर्छ भन्ने हिसावमा काम भई रहेको छ र त्यस अनुसार पुराउनुको निम्ती सरकार सचेत र सजक पनि छ भन्ने कुरामा जानकारी गराउन चाहान्छु।

त्यसै गरि उठेको थियो मानव र बन्यजन्तु बिच हुने द्धन्दको कुरा धेरै उठयो र यस सन्दर्भमा प्रदेश सरकारको कार्यक्षेत्र भित्र पर्ने बनमा भौतिक तथा मानबिय क्षति भएमा प्रदेश सरकार स्वयेले नै क्षतिपुर्ति दिने गरेको छ।यदि मानबिय र भौतिक क्षति संघिय सरकारको क्षेत्रअधिकार भित्र भयो भने प्रदेश सरकारको सिफारिसमा संघिय सरकारले क्षतिपुर्ति दिने व्यवस्या रहेको छ। राष्ट्रिय निकुन्जका बन्यजन्तु बाट सुरक्षाका

लागि ईलेक्ट्रीक वाएर फिनिसिङ पर्खाल निर्माण स्थानिय स्रोत परिचालन गरि ५६० रोपनिमा जडिबुटि खेति र स्थानिय समुदाय संघ मिलेर ट्रेन्स निर्माण ज्सता कार्यहरु सम्पन्न गरिएको छ।

अर्को विषय स्थानियतहका पधदिकारीहरुको सेवा सुविधा समबन्धी विधेयक यस सभामा पेश भैसेको छ र छलफलको क्रममा हामी यसै अधिवेशन बाट सम्पन्न गर्ने स्वीकृत गर्नेसमेत तयारीमा रहेको म जानकारी गराउन चाहान्छु जुन छलफलमा आईसकेको छ। प्रदेश सभा भवन लगायतका बिभिन्न भौतिक पुर्वधारका विषयमा धेरै विषयहरु उठेका छन् रप्रदेश सभा भवनको टेन्डर आवान भैसकेको छ हुने क्रममा छ नक्सा र त्यसको डि.पि.आर को लागि केहि समय लाग्यो र हामीले प्रदेशको राजधानी निरधारण नभैसकेको अवस्थामा अलिकति ढिलो भएकै हो किनभने निर्माण गरि सके पछि भोलि राजधानी नहुदा खेरिको अवस्थामा समस्यामा पर्ला भनेर पनि केहि ढिलाई भो र त्यस पछि हामीले सुरु गरेका छौ।

आज भोलि सम्ममा यसको टेन्डर प्रकृयामा गई सकेको छ टेन्डर निक्लीने व्यवहोरा जानकारी गराउछु र अर्को अधिवेशन सम्ममा बर्खे अधिवेशन सम्ममा हामी त्यस तजारुकताका साथ काम अगाडि बढि सक्नेछ। प्रदेश लोकसेवा आयोगलाई स्वायत्त बनाउन पर्ने मागहरु पनि यहाँहरुले उठाउनु भएको छ र त्यो जायज पनि छ। सरकार लोकसेवाको छबि तथा विश्वसनियता कायम राख्ने काम प्रति निकै नै संवेदनशिल छ।त्यसैले यहि फागुन १५ गतेका दिन नेपालका सबै प्रदेश लोकसेवाहरुको अनुभव आदानप्रदान गर्न र कारेरत एकरुकता कायम गर्ने प्रयास स्वरुप बैठक यस प्रदेशमा संञ्चालन भएको थियो।त्यस बैठकमा यस प्रदेशमा सरकारले प्रदेश लोकसेवालाई गरेको बिश्वास र सहयोगको प्रशंसा पनि भएको थियो।

आउँदो दिनमा पनि सरकार र लोकसेवा बिच समन्वय सहकार्य जारी नै रहन्छ।प्रदेश लोकसेवा बाट विज्ञापन भै स्थायि पदपुर्ति गर्ने प्रक्रिया अगाडि बडेएको छ।त्यस सन्दर्भमा यस सरकारलाई निम्न लिखित कानुनि जटिलता फुकाउनको लागि

संघिय सरकारलाई लेखि पठाईए छ। स्वीकृत दरवनदी श्रेणिगत भएको कर्मचारी समायोजन तहगत रुपमा भएकोले पदपुर्तीको विज्ञापन तहगत वा श्रेणिगत गर्नु पर्ने प्रदेश लोक सेवा आयोगको सिफारीसमा नियुक्त हुने कर्मचारीको सेवा सर्त तथा सुबिधाका समबन्धी ब्यवस्था स्पष्ट हुनु पर्ने।

यो विषयमा आज मात्रै हामीले माथी पठाएका छौ रप्रदेश लोक सेवा आयोगको गठन भैसके पछि हाम्रा काममा धेरै सहजता हुने रकर्मचारीको आपुर्ती हुने र हामी सबै सेवा र सुविधालाई नजिक बाट पुर्याउन सकिने प्रतिबद्धता पनि म यहाँ बाट जाएर गर्न चाहान्छु र माननीय सदस्यज्यूहरुले उठाउनु भएको मलाई लाग्छ धेरै विषयहरु समेटिएको छ र मैले अहिलेलाई यति नै यहाहरु संग यति भने र यसमा केहि थपगट छुटपुट केहि रहेछन भने फेरी पनि हामी छलफल गर्ने छौ। मैले अहिलेलाई यति मात्र भने। धन्यवाद।

<u>**माननीय सभामुख**</u> **:-** माननीय सदस्यहरु, अब म प्रदेश युवा परिषदको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि शिक्षा, स्वास्थ्य तथा कृषि समितिले गरेको निर्णयको प्रतिवेदन पेश गर्न समितिका सभापति माननीय घनश्याम दाहाललाई अनुमति दिन्छु।

<u>**माननीय घनश्याम दाहाल, सभापी, शिक्षा, स्वास्थ्य तथा कृषि समिति**</u> **:-** माननीय सभामुख ज्यू, सभामुख ज्यूको अनुमतिले प्रदेश सभाको मिति २०७६ फागुन ११ गते बसेको बैठकले प्रदेश युवा परिषद्को सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि दफावार छलफल गर्न यस समितिमा पठाएकोमा सो प्रयोजनको लागि मिति २०७६ साल चैत ३ र ४ गतेको दिनमा बसेको समितिको बैठकले संशोधन प्रस्तावहरु माथि दफावार छलफल गरि विधेयकको उदेश्य अज स्पष्ट होस भनि मनसायले देहाए बमोजिम संशोधन गर्ने निर्णय गरेकोले प्रदेश सभा नियमावलिको नियम ११९ अनुसार समितिले गरेको निर्णयको प्रतिवेदन सहितको विधेयक सभामा पेश गर्ने निर्णय अनुसार यो प्रतिवेधन पेश गरेको छु। धन्यवाद।

**माननीय सभामुखः-** माननीय सदस्यहरु, अब म माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री शालिकराम जम्कट्टेललाई प्रदेश सुचानाको हक सम्बन्धी ऐन २०७६ लाई सम्सोधन गर्न बनेको विधेयक सभामा पेश गर्न अनुमति दिन्छु।

**माननीय शालिकराम जम्कट्टेल, मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालयः-** माननीय सभामुख ज्यू, सभामुख ज्यूको अनुमतिले प्रदेश सुचानाको हक सम्बन्धी ऐन, २०७६ लाई संम्सोधन गर्न बनेको विधेयक सम्मानित सभामा पेश गर्दछु। धन्यवाद।

**माननीय सभामुखः-** माननीय सदस्यहरु, अब अर्को बैठक आजै दिनको ३ बजे बस्ने गरि यो बैठक स्थगित हुन्छ।

**(तदनन्तर बैठक २०७६ साल चैत्र ५ गते आजै दिनको ३:०० बजेसम्मका लागि स्थगित भयो।)**

**अन्त्य - बिहान ११:४० बजे।**

# प्रदेश सभा
# बागमती प्रदेश
# पाँचौ अधिवेशन
# कारवाहीको सम्पूर्ण विवरण

५ चैत्र, २०७६

बुधबार

(बैठक संख्या - २३)

**प्रदेश सभाको पाँचौ अधिवेशको आजको दोश्रो बैठक माननीय सभामुख श्री सानुकुमार श्रेष्ठको अध्यक्षतामा दिनको ३:०० बजे प्रारम्भ भयो।**

**माननीय सभामुखः-** माननीय सदस्यहरु, प्रदेश सभाको आजको दोश्रो बैठकको कारवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरु, आज शुन्य समय र विशेष समयको कार्यक्रम नरहने व्यहोरा जानकारी गराउँदछु।

माननीय सदस्यहरु म अब माननीय आन्तरीक तथा कानुन मन्त्री श्री शालिकराम जमरकट्टेललाई प्रदेश सुचनाको हक सम्बन्धी ऐन, २०७६ लाई संसोधन गर्न बनेको विधेयक माथि विचार गरियोस भन्ने प्रस्ताव पेश गर्न अनुमती दिन्छु।

**माननीय शालिकराम जम्कट्टेल, मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालयः-** माननीय सभामुखज्यू सभामुखज्युको अनुमतीले प्रदेश सुचनाको हक सम्बन्धी ऐन, २०७६

लाइ संशोधन गर्न बनेको विधेयक माथि विचार गरियोस भन्ने प्रस्ताव सम्मानीत सभामा पेश गर्दछु धन्यवाद।

<u>**माननीय सभामुखः**</u>**-** माननीय सदस्यहरु अब प्रदेश सुचनाको हक सम्वन्धि ऐन, २०७६ लाइ संसोधन गर्न बनेको विधेयक माथि विचार गरियोस भन्ने प्रस्ताव माथि अर्थात विधेयक माथिको सामान्य छलफल प्रारम्भ हुन्छ।

माननीय सदस्यहरु यस छलफलमा विधेयकको सैद्धन्तीक पक्षमा मात्रै छलफल हुने व्यवहोरा जानकारी गराउदछु। उक्त छलफलमा बोल्न चाहानु हुने माननीय सदस्यले आ आफ्नो नाम चिटमा लेखी सभामुख संगै वसेका कर्मचारीहरुलाइ उपलब्ध गराउन हुन अनुरोध गर्दछु।

छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम नरोत्तम बैद्य

**माननीय नरोत्तम बैद्य (नेपाली कांग्रेस):-** सभामुख महोदय, सभामुख महोदय मार्फत आफुलाइ लागेको कुरा टुदिपोइन्ट राख्न चाहान्छु। यो बास्तवमा चाहि के भन्ने प्रदेश सुचना हकको सम्बन्धमा यो ऐन बनेको सायद एक वर्ष भएको छैन। यो एक वर्ष भएको छैन यो संसोधन आइसक्यो।

यस्तो अपरिपक्को तरिका बाट ऐन बनाउदा खेरी विचार गर्नु पर्छ कि पर्दैन, यो असाध्यै दुख लाग्ने कुरा यो हामी जस्तो जनप्रतिनिधि भनेर टोपलेका छौं ऐन आउछ यस्तो इम्याचुवर छ महिनामा ऐन परिवर्तन गर्ने किसिमको ल्याउछ। अब यसमा अब फेरी पनि ऐन छिटो छिटो पास गर्ने किसिमको सोच बनायो भने फरी तीन महिनामा चाहि के भने जस्तो किसिमको वातावरण बन्छ। त्यसैले यो विषयमा के भने हामी जनप्रतिनिधिसम्म पुग्नु भन्दा अगाडि विज्ञहरु संग एक पल्ट गहन छलफल गर्नु पर्यो। र गहन छलफल गर्नु पर्यो र अहिलेको परिपेक्षमा ऐन हतारहतार बनाउन जरुरी छैन यसलाइ एकदम मसिनो मोहिनत गरेर ल्याएको खण्डामा यो बिच बिचमा संसोधन गर्नु पर्देन भन्ने मलाइ लाग्छ।

अरु कुरा मेरो के भने यो विकशीत मुलुकमा यो सुचनाको हक सम्बन्धमा यसलाइ असाध्यै समारात्मक रुपमा लिन्छ जुन सुकै डकुमेन्ड उसले निवेदन दिएको ३ मिनेटमा उसले दस्तुर तिरेर प्रतिलिपि लिन्छ। हाम्रो मुलुकमा अहिले पनि ऐन छ हामीले अहिले पनि विधिवत निवेदन दियो भने अहिले पनि सुचना पाहिराखेका छैनौं। त्यसैले यो ऐनमा मात्रै होइन व्यवहारमा पनि कार्यन्वायन गर्ने किसिमको वातावरण बन्नु पर्यो।

मैले उदाहरणको रुपमा भन् खोजेको चाहि के भने पशुपतीमा सुनको जलरी राख्न खोजीएको सम्वन्धमा के भने मैले जलैरी सुनको राख्ना खोजेको सम्बन्धमा मैले मुद्दा हाल्नको लागी निर्णयको कपि माग्न गैरहेको विधिवता निवेदन दिएको आज एक महिना हुन लागी सक्यो यो दिएको त्यसैले यो ऐन देखाउनको लागी मात्र कि कार्यन्वयन गर्नको लागी पनि हो त्यता तिर पनि मन्त्री ज्युले के भने ध्यान दिइदियोस।

अनि यसमा पनि प्रदेशमा पनि सुचना अधिकृत को हो नामै हुनु पर्थ्यो फोटो हुनु पर्थ्यो अनि उसको एउटा सेक्सन पनि हुनु पर्थ्यो तर प्रदेशमा पनि मैले यो देखेको छैन यो ऐनमा मात्रै ल्याउनु भएन व्यवहारमा पनि ल्याउनु पर्यो भन्दै आफ्नो दुई शब्द यहि टुङ्गाउछु जय नेपाल।

**<u>माननीय सभामुखः</u>-** माननीय रमेश पौड्याल

**<u>माननीय रमेश पौड्याल (विवेकशिल साझा पार्टी)</u>ः-** माननीय सभामुख महोदय यो सुचनाको हक सम्बन्धी ऐन वास्तवमा ६२। ६३को जनआन्दोलन लोकतन्त्र पछिको एउटा महत्वपूर्ण पछिको ऐन हो भन्ने कुरा मा सायद दुईमत नहोला। किन भने नागरिकलाइ सुसुचित हुन पाउने कुराको सुनिश्चितता यो ऐनले गरेको छ। अब हाम्रो हकमा भन्दा खेरी २०७६ साल भदौ को ११ गते संसदले यो ऐन परित गरेको थियो। अहिले मन्त्री ज्युले संसोधनको प्रश्ताव ल्याउनु भएको छ मलाइ संसोधनको प्रस्ताव ल्याएर आउने कुरा स्वाभाविक हो जस्तो लाग्छ तर के चाहि अस्वाभाविक जस्तो लाग्छ।

यो विचमा यो ऐनको प्रयाप्त प्रयोग हुन सकेको थियो भने नागरिकहरुले यो ऐनको प्रयोग गरेर सुचना हरु लिन सकेको स्थिति थियो भने अनि त्यो बेलामा का का गाढौं पर्यो भने का का गार्यो पर्यो संसोधन आएको थियो भने त्यसलाइ खुल्ला दिलले स्वागत गर्ने सकिन्थयो। र भैदियो के भन्दा खेरि ऐन पारित भएर गए पछि मन्त्रीज्यूलाइ पहिलै पाइलामा गार्यो परेको थियो उहाँले चाहि पुनरावेदन समितिको अध्यक्ष नियुक्त गर्न सक्नु भएन। भन्नेलाइ ऐनमा त्रुटि सहित ऐन पारित भएर गयो त्यसको जिम्मेवार यो संसद पनि होला त्यसको जिम्मेवार त्यसको सदस्यको हिसावले म आफु पनि हुला तर म के भन्दछु भने मन्त्री ज्यू स्वाभाविक रुपमा सांसदहरुको तुलनामा उहाँ रिसोसेसको हिसबले जनशक्तीको हिसाबले बढि सम्वृद्ध हुनुन्छ।

उहाँ को माताहतमा कार्य गर्ने एउटा टिम हुन्छ कमिटि हुन्छ त्यसले बसेर अध्यायन गर्नु पर्ने हो उहाँ संग यर हरू हुन्छन। सल्लाहा सुझाव दिनु पर्ने हो कसरी ड्रफ गरिन्छ विलहरु भन्ने कुरा त्यहाँ हुनु पर्ने हो। त्यहाँ, त्यो कुरामा म पहिलो चोटि होइन म पटक पटक यो कुराहरु त्रुटि भैरहेको छ यो विलको मात्रै कुरा होइन अरूहरू धैरै विलहरू आइरहेका छन जुन पारित भएर जान्छन कुनै अभ्यासमा नगइकन कुनै कार्यन्वयनमा नगइकन एकैचोटि लै यहाँ त अफट्योरो पर्यो भनेर संसोधन हुने गर्छ। त्यसले गर्दा हामीले गल्ति बाट सिक्ने कि नसिक्ने हामीले कमजोरी बाट सिक्ने कि नसिक्ने यदि मन्त्रालयमा त्यो जनशक्ती छैन भने त्यो जनशक्तीको व्यवस्था हुनु पर्यो। यदि जनशक्ती भएर काम गरिरहेको छैन भने त्यसको पनि फ्लोअप हुनु पर्यो। नभए देखि हाम्रो कामलाइ देखि सिङ्गो देशवासीले देश विदेशमा बस्ने मान्छेहरुले नागरिकहरुले सचेत जनसुमुदायहरुले हेरिरहेका हुन्छ र हामिले के गरिरहेका छौ भने कुरा पार्दशी ढङ्गले हेरीरहेका हुन्छौं।

त्यसले गर्द खेरी हाम्रो काम भनेको खाली पोखी उठाउनु जस्तो भैरहेको छ यसमा चाहि सबै गम्भिर हुनु पर्छ सरकार गम्भिर हुनु पर्छ भन्ने मलाइ लाग्दछ र आगमि दिनमा चाहि सरकारको तर्फबाट यस्ता ऐनहरुमा थप सचेतताका साथ ड्रफ्टिङ्ग गर्दा देखिनै बढि सतर्क भएर यस्तो ऐनहरु आओस त्यो कार्यन्वयनमा गएर परिक्षण भएर कहाँ

कहाँ कठिनता कहाँ कहाँ जटिलता आउछ त्यस पछि मात्र संशोधनमा आओस भन्ने अनुरोध गर्दै यहाँ बाट विदा हुन्छु हस्त धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु अब म माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री श्री शलिकराम जम्कट्टेललाइ छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनु अनुमती दिन्छु।

**<u>माननीय शलिकराम जम्कट्टेल, मन्त्री आन्तरिक मामिला तथा कानून मन्त्रालय</u>:-** माननीय सभामुखज्यू, यो प्रदेश सुचनाको हक सम्बन्धी जुन संशोधन गर्न बनेको विधेयकको सैद्धान्तिक छलफल मा दुईजना माननीय ज्युहरूले अत्यन्तै महत्वपूर्ण सुझावहरु आफ्नो धारणहरु राखु भएको छ।

साथ साथै पशुपतीमा अहिलेको पुरानो जलरीलाइ हटाएर माननीय ज्यू कताहुनुन्छ मैले यहिले देखिन त्यो चाहि एक दमै राम्रो हो जस्तो लाग्छ। मलाइ सुनको जलरी राख्री एकदम राम्रो हो जस्तोलाग्छ मलाइ माननीय ज्युले पटक पटक यो कुरा उठाउनु भएको छ त्यो भित्र अरू अन्तर्र कुन्तर के के छ तपाइ माननीय ज्यु घाटे वैद्य ज्यू नै पर्नु भयो धेरै अब पशुपतिमा बुझेको होइन सबै अब पशुपतिको क्षेत्र विकास कोशमा वस्नु भएको सबै थाहा भएको हुनाले अब मुसाको खुट्टा मुसाले नै देख्छ रे भने जस्तो होला नत्र भने मलाइ लाग्छ त्यो चाहि एकदमै राम्रो हो जस्तो लाग्छ।

मलाइ त्यो चाहि एकदमै राम्रो हुछ खिया लाग्दैन सधै टल्किरहन्छ। पशुपति जस्तो ठाँउ विश्वभरी का दर्शनार्थीहरु आउछन पर्यटकहरु आएर हेर्नु हुन्छ त्यसरी यो मलाइ राम्रौ लागेको छ हौ मलाइ अब यसमा चाहि किन लागाउनी भनेर सुचना माग्ने अधिकार चाहि हामी सबैको छ यो चाहि अब सम्वन्धित निकायले दिनु पर्छ।

अर्को यो विधेयक चाहि किन अहिले संसोधन गर्नु पर्यो भन्दा माननीय ज्युहरुले भनेको कुरा ठिकै हो अब कानुन बनाउदा खेरी हामीले धेरै ढोकाहरु पार गर्नु पर्छ त्यो एउटा मात्रै ढोका छैन धेरै वाट कम्प्युटरमा चल्नु पर्छ त्यो एउटा मात्रै कम्प्युटरमा चलेर पुग्दैन त्यसो हुदाँ खेरी यसमा अलिकती हाम्रो त्रुटि नै भएको हो जुन तपाइहरुले

अध्यायन गर्दा थाहा पाइसक्नु भएको छ हाम्रो त मुख्यत भनेको दफा ११ र दफा १२मा विशेषत योग्यता सम्बन्धी हामिले चाहि जे व्यवस्था गरेको हो त्यो चाहि दफा ११ मा गरेको व्यवस्था र दफा १२ मा गरेको व्यवस्था चाहि बाजियो हामीले त्यसमा चाहि अदक्ष्य र सदस्य नियुक्ती गर्नने समस्य पर्यो त्यसकारणले गर्दा खेरी कार्यन्वयनमा जान समस्य पर्यो कार्यन्वयन नभैकन हामीहरुले यो विधेयक लाइ संसोधन गर्ने अवस्था आएकै हो यो कुरा सत्य हो मैले त्यो कुरा अन्यथा राख्नु पर्ने छैन।

आगामी दिनमा कानुनहरु बनाउदा खेरी विधेयकहरु बनाउदा खेरी यसलाइ ध्यान दिउला दिने कुरा नै छ फेरी यो सुचना को हक सम्बन्धी हकमा चाहि प्रयाप्त छलफल गरेको हो हाम्रो क्षमताले भ्याए सम्म आफ्नो जहाँ जहाँ चाहि हामीले सक्छौं त्यो सम्म चाहि हामीले सम्बद्ध सबै पक्ष संग हामीले प्रयाप्त छलफल चाहि गरेको हो नगरेको होइन। तैपनि अब पास भएर आउने क्रममा यसमा अलिकति त्रुटि भयो त्यसले गर्दा यो संसोधनमा आएको हो। यति कुरा राख्दै यहाँहरुको सुझावलाइ आगामी दिनमा विधेयकहरु तयार पर्ने कुरामा गम्भिरता पूर्वक लिने प्रतिवद्धता व्यक्त गर्न चाहान्छु धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु अब यो छलफल यहिँ समाप्त हुन्छ।

माननीय सदस्यहरु अब म प्रदेश सुचनाको हक सम्वन्धी ऐन २०७६ लाइ संसोधन गर्न बनेको विधेयक माथि विचार गरियोस भन्ने प्रस्तावलाइ निर्णय प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन त्यसर्थ प्रदेश सुचनाको हक सम्वन्धी ऐन २०७६ लाइ संसोधन गर्न बनेको विधेयक माथि विचार गरियोस भन्ने प्रस्ताव सर्वसम्मती ले घोषणा भएको स्विकृत गर्दछु।

मानननीय सदस्यहरु अब अर्को बैठक मिति २०७६ साल चैत ६ गते बिहिवार दिनको ११ बजे बस्ने गरि यो बैठक स्थिगित हुन्छ।

**(तदनन्तर बैठक २०७६ साल चैत्र ६ गते विहीवार बिहान ११:०० बजेसम्मका लागि स्थगित भयो।)**

**अन्त्य - दिनको ३:३५ बजे।**

# प्रदेश सभा
# बागमती प्रदेश
# पाँचौ अधिवेशन
# कारवाहीको सम्पूर्ण विवरण

६ चैत्र, २०७६

विहीबार

(बैठक संख्या - २४)

**प्रदेश सभाको पाँचौ अधिवेशको आजको बैठक माननीय सभामुख श्री सानुकुमार श्रेष्ठको अध्यक्षतामा बिहान ११:०० बजे प्रारम्भ भयो।**

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, प्रदेश सभाको आजको बैठकको कारवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरु, आज शुन्य समय र विशेष समयको कार्यक्रम नरहने व्यहोरा जानकारी गराउँदछु।

माननीय सदस्यहरु अब म स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकको सम्बन्धमा प्रदेश मामिला समितिले गरेको निर्णय प्रतिवेदन पेश गर्न समितिको सभापति माननीय माधव प्रसाद पौडेललाई अनुमति दिन्छु।

**माननीय माधव प्रसाद पौडेल, सभापती, प्रदेश मामिला समिति**ः- माननीय सभामुख महोदय, प्रदेश सभाको मिति २०७६ चैत्र ४ गते बसेको बैठकको निर्णयानुसार प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम (१) को खण्ड (ख) बमोजिम स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ लाई संशोधन गर्न वनेको विधेयक दफावार छलफलका लागि समितिमा मिति २०७६ चैत्र ५ गते प्राप्त भएको थियो।

सो विधेयकमाथि मिति २०७६।१२।५ र ६ गते गरी दुई वटा बैठकमा लगातार ७ घण्टा सम्मको छलफल गरिएको थियो। यस सम्वन्धमा विधेयक प्रस्तुतकर्ता माननीय मुख्यमन्त्री, आन्तरिक मामिला, कानून मन्त्री तथा विधेयकमा संशोधन पेश गर्नुहुने माननीय सदस्य तथा समितिका माननीय सदस्य समेतको राय सुझाव तथा संशोधनका आधारमा स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ लाई संशोधन गर्न वनेको विधेयकका सम्बन्धमा आवश्यक परिमार्जन सहित प्रतिवेदन समितिको वैठकमा सर्वसम्मतिले पारित गरेको प्रतिवेदन प्रदेश सभाको बैठकमा पेश गर्ने निर्णय गरेको थियो।

माननीय सभामुख महोदय, स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ लाई संशोधन गर्न वनेको विधेयक माथिको समितिमा भएको दफावार छलफलमा सहभागी माननीय मुख्यमन्त्री, माननीय आन्तरिक मामीला तथा कानून मन्त्री, समितिका माननीय सदस्यहरु, प्रमुख सचिव, प्रदेश सभाका सचिव, प्रदेश सरकारका सचिव लगायत समितिका सचिव तथा सचिवालयका कर्मचारीहरु तथा अन्य सम्बद्ध कर्मचारीहरुलाई समेत समितिको तर्फबाट धन्यवाद व्यक्त गर्न चाहान्छु ।

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले अब म प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम प्रस्तावित "स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ लाई संशोधन गर्न वनेको विधेयक" का

सम्बन्धमा समितिले छलफल गरी तयार पारेको प्रतिवेदन, २०७६ यस सम्मानीत सभामा पेश गर्दछु।

धन्यवाद।

__माननीय सभामुखः-__ माननीय सदस्यहरु समितिले पारित गरेको प्रतिवेदन सहितको यो विधेयक सभाको १ घण्टा पछि बसने बैठकमा निर्णयार्थ पेश हुने व्यहोरा माननीय सदस्यलाई जानकारी गराउँदछु।

माननीय सदस्यहरु अब म माननीय समाजिक विकास मन्त्री श्री युवराज दुलाललाई प्रदेश युवा परिषद्को सम्बन्धमा व्यवस्था गर्नको बनेको विधेयक माथि शिक्षा, स्वास्थ्य तथा कृषि समितिको निर्णय प्रतिवेदन सहितको विधेयक सभामा छलफछ गरियोस भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

__माननीय युवराज दुलाललाई, मन्त्री, समाजिक विकास मन्त्रालयः-__ माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले प्रदेश युवा परिषद्को सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि शिक्षा, स्वास्थ्य तथा कृषि समितिले तयार गरेको निर्णयको प्रतिवेदन सहितको विधेयक सभामा छलफल गरियोस भन्ने प्रस्ताव सम्मानित सभामा पेश गर्दछु। धन्यवाद।

__माननीय सभामुखः-__ माननीय सदस्यहरु अब म माननीय समाजिक विकास मन्त्री श्री युवराज दुलालले प्रस्तुत गर्नु भएको प्रदेश युवा परिषद्को सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि शिक्षा, स्वास्थ्य तथा कृषि समितिले गरेको निर्णयको प्रतिवेदन सहितको विधेयक सभामा छलफल गरियोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस् ।

हुन्न भन्ने आवज सुनिएन तसर्थ प्रदेश युवा परिषद्को सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि शिक्षा, स्वास्थ्य तथा कृषि समितिले गरेको निर्णयको प्रतिवेदन सहितको विधेयक सभामा छलफल गरियोस भन्ने प्रस्ताव सर्वसमितिले स्विकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु अब म प्रदेश युवा परिषद्को सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि शिक्षा, स्वास्थ्य तथा कृषि समितिले गरेको निर्णयको प्रतिवेदन सहितको विधेयक सभामा छलफल गरियोस भन्ने प्रस्ताव माथिको छलफल प्रारम्भ हुन्छ।

माननीय सदस्यहरु यो छलफलमा समितिको प्रतिवेदन सो सम्बन्धि दफाहरु तथा आनुसांगीक अन्य दफाहरु छलफल गर्न सकिने छ।

उक्त छलफल बोल्न चाहन्नु हुने माननीय सदस्यहरुले आ-आफ्नो नाम चिटमा लेखि सभामुखको डास सँग बसेका सचिवयलको कर्मचारी उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछु।

छलफल भाग लिने प्रत्येक माननीयलाई ३ मिनेटको समय निर्धारण गरेको छु।

सर्वप्रथम माननीय विराज भक्त श्रेष्ठ।

**माननीय विराज भक्त श्रेष्ठ (विवेकशील साझा पार्टी):-** माननीय सभामुख महोदय, सर्वप्रथम म समितिका सभापतिज्यूले व्यवस्थिति तरिकाले बैठक सन्चालउनु भएको र एकदम राम्रो सँग दफाबार छलफल सहभागि गराउँनु भएकोमा आभारी व्यक्त गर्दछु। साथै माननीय मन्त्रीज्यू एकदम सक्रियता साथ पुरै बैठकमा पुरा समय दिएर सक्रियताका साथ उदार भावनाले बैठकमा उपस्थिति हुन भएकोमा उच्च सम्मान व्यक्त गर्दछु। तर मैले हिजो आउँदा खेरि के चाहिँ एउटा कुरा पाए भन्दा प्रस्तावनाको कुरामा थप गर्ने भनेर कही कुराहरु राखेको थिए।

किन भन्दा अहिले सम्म नेपालमा पटक-पटक अधिकारका लडाईहरु भए सबै चिज भएर यो युवा परिषद्मा पनि अधिकारको मात्र कुरा नगरौ। अब आउँने पुस्ताका

युवालाई जिम्मेवारी दाहित्वका कुराहरु पनि बोध गराउँन पर्छ। अधिकारको मात्र होईन। अधिकारले के गर्यो हाम्रो समाजलाई सबै चिजलाई छिन भिन्न गरेर आएको छ भने पछि युवा परिषद् जस्तो जुन चाहिँ प्रदेश सरकारकै मातहतमा बनेको कुरामा पनि छिन भिन्न अधिकारको लडाईको लागि मात्र होईन कि समाजिक उत्तरदायित्व बहन गरोस जिम्मेवारीहरु पनि बहन गरोस।

अहिले कोरोनाभाईसको संक्रमण छ। त्यसमा केही युवा परिचालन गर्न ति सके युवाहरुले अपनत्व महसुस गरेर किन भने तपाईहरुले हेर्नु भयो भन्ने कसैले पनि देश आफ्नो नै लाग्दैन। सबै जना छरिएको जस्तो मैले चाहिँ त्यसमा प्रस्तावनको मर्मलाई नबिग्रने गरेर किन भन्दा प्रस्तावना भन्नेको विधेयकको आत्म पनि हो। त्यो आत्म नबिग्रिने गरेर त्यसमा थप गरेर अझ त्यो विधेयकलाई बलियो बनाउने हिसाबले राखेको थिए। तर पछि जानकारी पाउँदा कस्तो कुरा भयो भन्दा प्रस्तावना हामीले चेन्जनै गर्न नपाउँने जस्तै कुरा भोकिन गर्न पाउदैन।

सार्वभौम सदनले अथवा समितिले निर्णय गर्दा त्यो सबै चिज नै छलफल गर्न हो। मर्म चाहिँ मार्नु भएन मर्मलाई अझ बलियो परिस्कृत बनाउँन पाईन्छ। त्यसमा चाहिँ म पूर्न कुनै तरिकाले ध्यान दिन मिल्छ भन्ने अधिकार सँग जिम्मेवारी र दाहित्व चाहि खट्केको छ। यहि कुराहरु निवेदन म यहाँबाट बिदा हुन्छ। नेपालको जय होस।

<u>माननीय सभामुखः</u>- माननीय माधव प्रसाद पौडेल।

<u>माननीय माधव प्रसाद पौडेल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:- माननीय सभामुख महोदय, यो प्रस्तावित विधेयक सम्बन्धमा मैले नि संशोधन राखेको थिए र म यो संशोधनमा उपस्थिति हुन सकिन म क्षमा चाहन्छु। मेरो भावना चाहिँ के थियो भन्ने अहिले चारै तिरबाट संघीयताको विरुद्धमा हमाला भई रहेको अवस्था र प्रतिनिधि सभामा समेत संघीयतको विरुद्धमा संशोधन प्रस्ताव ऐन, आईरहेको प्रसंगमा प्रदेश सभाका सदस्यको भूमिका फराकिलो गर्नु पर्छ र हामी प्रदेश भरिका युवालाई परिचालन गर्छौं भन्ने देखि यो प्रदेश सभाका सदस्यको भूमिका बिना युवा परिचालन हुन सक्दैन त्यही कारणले

यो विधेयकमा जब सम्म प्रदेश सभाका सदस्यको भूमिका फराकिलो गरेर हामीले जुन निर्वाचन एकाईको निर्वाचित भएर आएका छौ।

ति एकाईको रुपमा समिति बनाएर प्रदेश सभाको सदस्यको भूमिकालाई चाहिँ निर्धारण गरोयो भने मात्रै यो विधेयकले सार्थकता पाउँछ भन्ने कुरा मैले आफ्नो एउटा संशोधन प्रस्तावमा पेश गरेको थिए। त्यो अनुकुल चाहिँ एउटा स्विकृत भएर आएन त्यसकारणले म फेरि पनि एउटा मन्त्रीज्यूको ध्यान सदन समक्ष ध्यानाकर्षण गराउँन चाहन्छु। हामीले प्रत्येक विधेयकमा अब प्रदेश सभाका सदस्यको भूमिकालाई फराकिलो गराउँन सकौं।

भूमिका दिएनौ भने देखि यसले मात्रै हामीले प्रदेशको अस्तित्वलाई कायम गर्न सक्दैनौ। हाम्रा कार्यक्रम अगाडी बढाउँन सक्दैनौ। त्यसकारणले फेरि पनि म आग्रह गर्दै आफ्नो भनाई यहि टुंग्याउँछु। हस। धन्यवाद

**<u>माननीय सभामुखः</u>-** माननीय रमेश पौड्याल।

**<u>माननीय रमेश पौड्याल (विवेकशील साझा पार्टी)</u>:-** माननीय सभामुख महोदय, प्रस्ततु युवा परिषद विधेयकको समितिको प्रतिवेदन माथि छलफलमा बोल्दै गर्दा खेरि यहाँ विषय उठान भएको छ र समितिमा एक जना संसादमा एउटा संशोधन कर्ता कर्ताको हिसाबले मैले पनि भाग लिएको र समितिको छलफलबाट चाहिँ पारित भएको विषयलाई यहाँ प्रतिवेदनमा नसमेटिएको देखियो र अहिले पूर्ववक्ता माननीयज्यूले पनि राखेर जानु भो यो त प्रस्तावना चेन्ज गर्न मिल्दैन।

यति त्यो मिल्दैन भन्ने कुन नियमवलि कुन ऐन, कुन संविधान अनुसार मिल्दैन। त्यो म प्रश्न राख्न चाहन्छु। दोस्रो कुरा दफाबार छलफल लगिसकेपछि जुन कुरा छलफलमा उठेको थियो। सोहि मन्त्रीज्यूले त्यो कुरालाई संशोधन कर्ता माननीयज्यूको विषयलाई स्वीकार गरेको अवस्था थियो। त्यसमा साक्षिहरु सबै माननीयज्यूहरु हुनु हुन्छ। सभापति ज्यूले मिटिङ गर्नु भएको छ। त्यो कुराहरु प्रतिवेदनमा समावेश हुन र

त्यसलाई चाहिँ ऐन,को अंक बन्दैन भने देखि त्यो समितिमा गएर दफाबार छलफल गर्नुको औचितय के हो? भन्ने पनि प्रश्न उठेको छ।

सभामुख महोदय त्यो विषय कहाँबाट यस्तो भईरहेको छ। त्यसैले गर्दा मलाई के लाग्छ भने यो चाहि सिङो हामीले मिनिपाल्यमेन्ट भन्ने समिति माथिको प्रहार हो। समितिको एउटा मर्यादा माथिको प्रहार हो। मलाई लाग्छ। मन्त्रीज्यूले स्वीकार गर्नु भएको छ। त्यसमा सम्पूर्ण माननीयज्यू समितिका सदस्य माननीयहरु र संशोधनकर्ता माननीयज्यूहरु पनि त्यहाँ त्यसको साक्षि हुनु हुन्छ।

यो विषयलाई प्रतिवेदनमा छुटाएको विषय गम्भीर विषय भन्ने कुरा म ध्यान आकर्षण गराउँन चाहन्छु र आउँदा दिनमा समितिको मर्यादलाई समितिको गरिमालाई कायम गर्नको लागि यसरी एक ढंगले खुला हिसाबले भई सकेको छलफललाई मन्त्रीज्यूले पनि स्वीकार गरिसकेको विषयलाई पनि अनदेखा गरेर जाने त्यसलाई प्रतिवेदनमा समेटर नल्याउँने खालको गल्तिहरु नगरियोस भन्ने कुरा पनि म राख्न चाहन्छु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय नरोत्तम वैद्य।

**<u>माननीय नरोत्तम वैद्य (नेपाली कांग्रेस)</u>:-** सभामुख महोदय, मार्फत अब वास्तवमा के भने यो ऐन, को सम्बन्धमा मन्त्रीज्यूले समय दिएर गहन छलफल गरेर चाहिँ के भन्ने यो ऐन,लाई यहाँ सम्म ल्याएको अवस्था छ र त्यसको लागि मन्त्रीज्यूलाई जति प्रंशासा गरेपनि पुग्दैन। तर चाहिँ के भन्ने मन्त्रीज्यूले हामी सबैले एउटा सर्वसम्मत रुपमा स्वीकारेको कुरा चाहिँ प्रस्तावनामा सबैको भावनालाई नेतृत्व गर्ने गरिकन त्यो परिमाजन गर्ने कुरा त्यसमा मन्त्रीज्यूले वचन दिनु नै भएको त्यही मुताविकको ऐन, आउँछ भन्ने आशा गरेको थिए।

तर त्यो आएन दुःखत भयो। सार्वभौम सदनको अपमान गरेको जस्तो फिलभयो हामीलाई एउटा कुरा दोस्रो कुरा के अहिलेको परिपक्षमा हामी अधिकार सम्पन्न प्रदेश बनाउँने शिलशिलामा केन्द्र सँग सिमित अधिकार अनि प्रदेश सँग धेरै अधिकार अनि

प्रदेश अन्तरग स्थानीय निकाय तर त्यो ऐन,मा जिल्लाको अस्तित्वलाई स्वीकार गरेको देखिन्छ। तर निर्वाचन क्षेत्रस्तरीय आत्तीत्वलर्प स्विकारेको देखिन्न। अब जिल्लालाई नक्साबाट हटाउँदै लानु पर्छ। एक त यहि प्रदेश दाजु जिल्ला विकास समिति छ फेरि किन जिल्ला राख्नु पर्यो।

त्यो चाहिँ जिल्ला संसदीक प्रदेशको त्यो निर्वाचन क्षेत्र स्तरीय कमटि गठन गर्नु पर्थ्यो। त्यसमा प्रदेशको संसादको अहं भूमिका हुन्थ्यो। त्यो चाहिँ माधवज्यूले ईकिंत गर्न खोज्नु भएको कुरा यहि कुरामा हो जस्तो लाग्छ मलाई। यसमा चाहिँ अलिकति हाम्रो ध्यान कम दिएको हो। यसमा हाम्रो ध्यान जानु पर्छ कि भन्ने कुरा राख्दै आफ्नो दुई शब्द यहि टुंग्याउँछु। जय नेपाल।

**माननीय सभामुखः-** माननीय रीना गुरुङ्ग।

**माननीय रीना गुरुङ्ग (राष्ट्रिय प्रजातन्त्र पार्टी-संयुक्त):-** माननीय सभामुख महोदय, सर्वप्रथम प्रदेश युवा परिषदको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक आज पारित हुदै छ। पक्का पनि विधेयकले प्रदेश भित्र रहेका सम्पूर्ण युवाको हक हित र युवा मुखी नीति निर्माण गर्नेमा सहयोग पुग्ने छ र मन्त्रीज्यूको समितिमा दिने समय उहाँको फराकिलो विचारको प्रशंसा गर्न चाहन्छु।

सूचना तथा सञ्चार शब्द थपि दिनु भएको रहेछ त्यसको लागि पनि म धन्यवाद दिन चाहन्छु र हुन त सबै संशोधन पुरै हुनु पनि छैन। तर कतिपय कुरा सरकारको कुरा नमिला तर पनि मैले एउटा कुरा चाहिँ मैले भन्न चाहे एउटा संशोधन के थियो भन्ने एटलिस्ट संसदको योग्यता +२ हुनै पायो भन्ने थियो। उता केही कानूनका कुराहरु आए होला।

१६ वर्ष युवाले चाहिँ +२ नगर्ने पनि सक्छ। +२ नगरेको कारणले गर्दा उमेर पुग्दैन त्यो भएको कारणले गर्दा एटलिस्ट शिक्षमा चाहिँ +१२ नराखम भन्ने कुराहरु पनि पनि चल्यो। तर मैले अहिले पनि के भन्न चाहन्छु भन्ने युवा परिषद्को कुराकानि गरिरहेको छ। हामीहरु अहिलेको सयममा चाहिँ पहिलेको समयमा चाहिँ नीति निर्माण

गर्दा खेरि सायद त्यो बेलामा चाहिँ पढाई भन्ने शब्द, अध्यान भन्ने शब्द यति उचित नहोला कि पहिलाको नेताहरु देखि लिएर धेरै कुराहरु जेल मै हुन्थ्ये। पढने टामई पनि पाउँने थिएन।

तर अहिलेको समयमा युवाहरुले पढ्ने समय छ र हामीहरु विभिन्न ठाउँमा जादा खेरि एटलिस्ट अहिले पनि जनताले चाहिँ नेताहरुलाई के भन्छ पढाई त हुनु नै पर्यो भनेर। त्यो भएर हामीले युवा परिषद्को अबधारणा लिएर आएका छौ। युवा परिषद्को धारणा लिएर आउँदा खेरि सदस्यहरुको एटलिस्ट उहाँहरुको योग्ता हामीले +२ तोक्दिनु पर्ने थियो। तर यता तोकिएन मैले फेरि पनि देख्य युवाको परिभाषा १६ देखि ४० होला। तर सदस्यको योग्तामा १६ भन्दा पनि ४०सम्मको युवा भनिएको छ। त्यहि भएर पूर्ण पनि आग्रह गर्न चाहे एटलिस्ट हामी सदस्यहरुले चाहिँ लिदा खेरि उहाँको योग्ता पनि फेरि पनि पूर्ण निर्धारण गरौं।

भोलिको दिनहरुमा जिल्ला समितिहरुको अब धारणा आएको छ। जिल्ला समिति अध्यक्ष सहित विभिन्न सदस्यहरु हुने छ। धेरै भन्दा धेरै युवाहरुले चाहिँ यो समितिमा चाहिँ एउटा भाग लिने छ। उहाँहरु चाहिँ युवा समितिको सदस्य अध्यक्ष हुने छ। भोलिको दिनमा हामीहरुले पक्कै पनि यो समिति बनाउँदा खेरि राजनीतिक आग्रह पूर्वआग्रह नगरम भोलिको दिनमा युवा समितिमा चाहिँ कुनै पर्टिकुलर दलका नेताहरुका नजिक भएरका युवाहरु भर्ना केन्द्र नराखौ किन कि यस्तो भयो भन्ने युवा समितिको औचित्य ने हराउँछ भोलिको दिनमा झन उद्धेश्यको लागि हामीले युवा परिषद बनाएको छ।

त्यसको अपोजिभट काम हुन्छ। पर्टिकुलर पार्टिका युवाहरुले मात्रै जिल्ला समितिमा काम पाउँने रहेछ। उहाँहरुले तलब भत्ता खान पाउँने रहेछ। यो त युवा समिति भनेको भर्ना केन्द्र रहेछ भन्ने कुरा चाहिँ तमाम युवाहरुमा पर्ने गएको हुन्छ। यति भन्दै बिदा हुन चाहन्छु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सरेश नेपाल।

**माननीय सरेश नेपाल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))**:- माननीय सभामुखज्यू, यो विधेयक जुन अहिले समितिमा छलफल भएर आएको छ। मेरो कृषि समितिले निर्णय गरेको छ। मेरो जिज्ञास भनौ या यहाँहरुको बिचमा मैले राख्न खोजेको सानो एउटा प्रस्ताव के भन्ने या के भन्ने यो कानून निर्माणको प्रक्रिया चाहिँ हामीले एउटा प्रस्ष्ट सहमति बनाएर जानु पर्छ। यो अन्तराष्ट्रिय अभ्यास के हो? हाम्रो मूलकको पनि संघीय कानूनहरु संघीय सदन बनाएको कानून कसरी बनाउँछ।

संशोधनमा के के विषयमा प्रवेश गर्न अथवा जुन संशोधन सरकारले कानून संशोधन ल्याउँछ। तर त्यो कानून संशोधन भनेर एउटा दफामा ल्याउँछ। हामी काहाँ अनेक दफा आकर्षति गर्ने र अनेक ठाउँमा संशोधनको मिटिङमा छलफल हुने म एउटा समितिको सभापति भएको नाताले मैले आफुले भोग्नु परेको समस्या पनि मैले यहाँ राखे। तर हामी संघीय संसोदनको अभ्यासलाई हेर्दा खेरि के बुझिन्छ भने एउटा कानून अघिलो संसदले पास गरिसकेको हुन्छ। बनाई सकेको हुन्छ।

त्यो सदनको मूलकको सम्पति भई सकेको हुन्छ। अब त्यसलाई चाहिँ संशोधन नराखेको विषयमा फेरि संशोधन आयो भन्ने फेरि छलफल भयो अथवा समितिमा छलफल भयो भने त्यसलाई नैतिक रुपले कानूनलाई जसरी छलफल अगाडी बढाउँन पर्ने हो। त्यो छलफल अगाडी बढेको मानिदैन। यसले गर्दा खेरि जुन ठाउँमा संशोधन राखेको हो। त्यो ठाउँमा मात्र जान जरुरी हुन्छ। एक यो कुरामा हामी प्रस्ष्ट हुनु पर्यो। दोस्रो कुरो चाहिँ नयाँ कानून बनाउँदै छौ। तर नयाँ कानून चाहिँ सदनले अघिलो चोटि पास नगरेको नया विषयमा गएको हुनाले त्यसले संशोधनन नआएको विषयमा पनि त्यो प्रवेश गर्न सक्छ। त्यो संघको चाहिँ अभ्यासमा पनि त्यो छ। अन्तराष्ट्रिय अभ्यासमा त्यो छ।

हामीले विभिन्न प्रशिक्षणमा पनि कानून निर्माणको प्रशिक्षणमा सहभागि हुँदा पनि प्रशिक्षकहरुले हामीलाई बताएको कुरा त्यही हो र यसले गर्दा खेरि नयाँ कानून बनाउँदै छौ। हामी धेरै विषयमा प्रवेश गर्न सक्छौ। प्रस्तावन देखि लिए विभिन्न विषयमा हामी जान सक्छौ। तर जब संशोधनको कुरा आउँछ। अनि संशोधनमा सरकारले जे ल्याएको

छ। त्यो दफामा त्यो खाले कुरामा मात्र हामी प्रवेश गर्छौं। अन्यत्र गर्दैनौं। यति कुरामा हामी एउटा मापण्ड बनाएर अघि बढौ भने मलाई लाग्छ धेरै कुराहरुमा निकर्षमा सहज हुन्छ भन्ने लाग्छ। यति कुरा राख्दै। मेरो भनाई यहि टुंग्याउँछु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय समाजिक विकास मन्त्री युवराज दुलाललाई छलफलमा उठेका प्रश्नको जवाफ दिन अनुमति दिन्छु।

**<u>माननीय युवराज दुलाल, मन्त्री, समाजिक विकास मन्त्रालयः</u>-** माननीय सभामुखज्यू, युवा परिषद्को विधेयक माथि समितिले पेश गरेको संशोधन सहितको विधेयक माथि माननीयहरुले राख्नु भएको धारणाहरु सुनियो र मैले माननीय सदस्यले राख्नु भएको जस्तै समितिको बैठकमा आमन्त्रीत सदस्यको हैसियतले दुई बैठकमा म उपस्थिति भएर सबै माननीय सदस्यज्यूले राख्नु भएका संशोधनका दफाबार संशोधन र अन्य दफाबार छलफलमा पनि मैले सहभागि भए मलाई के अनुभूति भएको थियो भन्ने युवा परिषद्को विधेयक समितिमा छलफल हुँदै गर्दा खेरि यो समितिको तर्फबाट यो विधेयकलाई असाध्यै राम्रो बनाउँने र समग्र पक्षलाई समेट्ने र हामीले निर्माण गरेको विधेयक भोलि कानून बने पछि कार्यान्वयन योग्य हुने तत्कालै संशोधन गर्नुपर्ने त्यस्ता खालका अवस्था नआउँने गरि एउटा दुर सोचईका साथ माननीय सदस्यहरुले आ-आफ्ना ठाउँबाट भुमिका निर्वाह गर्नुभएको मलाई अनुभूति भएको थियो।

सँगै संशोधन कर्ता माननीय सदस्यहरु समितिका सबै सदस्यहरु माननीयज्यूहरुले राख्नु भएका धारणाहरुलाई विधेयकमा यथासक्य सम्बोधन पनि भएको हो भन्ने मेरो बुझाई रहेको छ र अहिले पनि त्यही लाग्छ यो विधेयकमा पहिला सरकारको तर्फबाट प्रस्तुत गरिएको विधेयक र अहिले समितिको तर्फबाट संशोधन सहित आएको विधेयकमा चाहिँ धेरै नै कुराहरु परिकृत भएको छ।

संशोधीत भएको छ र विधेयक राम्रो बनेको छ भन्ने कुरा मलाई लागेको छ र त्यसमा चाहिँ माननीय सदस्यज्यूहरुको ठूलो भूमिका पनि रहेको छ। माननीय सदस्यज्यूले राख्नु भएको विषयहरु खास गरि २-३ वटा विषय केन्द्रित भएको मैले पाए

पहिलो कुरा प्रस्तावनामा केही चाहिँ प्रस्तावनलाई आकर्ष बनाउँ युवाहरुलाई अधिकारका साथ साथै कर्तव्य बोध पनि गराउँने खालको विषय वस्तु समेटर लैजाउँ भन्ने एउटा सवाल आएको छ। एउटा सवाल जिल्लालाई आधार मानेर होईन।

प्रदेश निर्वाचन क्षेत्रलाई आधार मानेर हाम्रा समितिहरु रहनु पर्छ भन्ने सवाल आएको छ र अर्को सवाल चाहिँ जिल्ला युवा समिति सदस्यहरुको हैसियत १२ कक्षा वा सोहर हुने कि नहुने सवाल आएको छ र तेस्रो पक्षमा हुने १२ कक्षा सरह हुने कि नहुने भन्ने कुरा समितिमा नै माननीय सदस्यहरुले व्यार्पक छलफल गरेर हामीले औपचारिक शिक्षालाई मात्र होईन।

अनौपचारीक क्षेत्रबाट आएका युवाहरु सिप र ज्ञानलाई पनि देश विदेशमा विभिन्न सिप र प्रविधि सिकेर आएका युवाहरुको सिप र प्रविधिलाई पनि हामीले समेटनु पर्छ र उहाँहरुलाई पनि नेतृत्व विकासको एउटा अवसर दिनु पर्छ भनेर समितिले सर्वसहमति निर्णय गरेको हो भन्ने मेरो बुझाई रहेको छ। प्रदेश निर्वाचन क्षेत्रका समितिहरु बनाउँने सवालमा व्यापक छलफल भयो। बागमती प्रदेशको बनावटको हिसाबले हामी सँग दुई वटा मात्र प्रदेश निर्वाचन क्षेत्र भएका जिल्लाहरु पनि छन। २० वटा प्रदेश निर्वाचन क्षेत्र भएको जिल्ला पनि छ। त्यसकारण यो यस्तो खालको असन्तुलित खालको समिति बढी व्यवहारीक हुँदैन र अलि समानुपातिक प्रतिनीधि हुँदैन भन्ने एउटा कोणबाट हामीले छलफल गरौ र अहिले माननीय सदस्यहरुले राखु भए जसरी ६६ वटा निर्वाचन क्षेत्र हाम्रा कार्यकारी निर्वाचन क्षेत्र होईन।

सरकार सँग ६६वटा निर्वाचन क्षेत्रमा कार्यकारी निकायको रुपमा लान सक्ने अवस्था छैन। त्यो हाम्रो हामीले बुझेका छौ जस्तो लाग्छ मलाई कुरै गर्नका लागि मात्र हामीले कुरा गरेर हुँदैन। त्यहाँ चाहिँ सरकारी संरचना चाहिन्छ। बजेट र कार्यक्रम खर्च गर्नु पर्ने हुन्छ। त्यसले एउटा संरचनाको माग गर्छ। न प्रदेश सरकार ६६ वटा निर्वाचन क्षेत्र स्तरका संरचना निर्माण गरेर जान्छन। न संघीय सरकारले प्रतिनिधि सभाको निर्वाचन क्षेत्रलाई हाम्रो ३३ वटा निर्वाचन क्षेत्रलाई कार्यकारी एकाईको रुपमा गरेर जान्छ। दुई वटै कुरा होईन।

त्यसकारणले नहुने कुराहरुको बहसको कुनै अर्थ छैन भन्ने पनि म राख्न चाहन्छु। जहाँ सम्म समानुपातिक प्रतिनीधित्व हो, हामीले दुईवटा निर्वाचन क्षेत्र भएका जिल्लालाई र २० वटा प्रदेश निर्वाचन क्षेत्र भएका जिल्लालाई युवाहरुको प्रतिनीधित्व फरक हामीले गरिनै सकेका छौ। त्यो सँगै अर्को एउटा पनि संशोधन थियो। प्रस्ताव प्रदेश सभाका माननीय सदस्यहरुलाई युवा परिषदमा राख्न राख्नु पर्दो भन्ने कुरा थियो। त्यो चाहिँ प्रदेश सभा व्यवस्थापकिय हो। सरकार चाहिँ कार्यपालिका हो। कार्यपालिका र व्यवस्थापिका एकै ठाउँमा एउटै कमिटिमा सँगै बसेर काम गर्ने प्राक्टीस हुँदैन।

त्यसकारणले त्यसलाई गर्न नसकेको कुरा पनि म जानकारी गराउँन चाहन्छु। अरु धेरै कुराहरु प्रस्तावनाको सवालमा गम्भीरता पूर्व माननीयज्यूले राख्नु भएको छ। प्रस्तावना संशोधन हुन्छ कि हुँदैन भन्ने सवाल होईन।

यसमा कसरी जान सकिन्छ भन्ने हामीले छलफल गरेका छौ। प्रस्तावनामा किन भन्ने प्रस्तावनाको विषय चाहिँ सैद्धान्तिक छलफलको विषय हो। हामी जुन दिन सैद्धान्तिक छलफल भन्छौ। त्यो दिन मलाई एउटा तितो अनुभव के छ भन्ने यो प्रदेश सभामा भन्ने सैद्धान्तिक छलफल भनेको दिन दफामा छलफल गर्न थाल्छौ। त्यहि दिन राजनीतिक पूर्व ग्रहको आधारमा नियुक्ति हुन्छ भन्ने ति हामी पुगि हाल्छौ।

एकै चोटि त्यो दिन को बहस त्यसरी हुँदा खेरि सरकारलाई पनि हामी समितिलाई पनि र सिङो सभालाई पनि काम गर्न सजीलो हुन्छ भन्ने मेरो आफ्नो पनि एउटा सुझाव रहेको छ। सैद्धान्तिक छलफलको बेलामा प्रस्तावना सवालमा बढीनै मतहरु आउँनु पर्छ जस्तो मलाई लाग्छ। सैद्धान्तिक छलफल भनेके त्यही हो। तलको दफाबार छलफलहरु होईन। पहिलो कुरा त्यसकारण दोस्रो कुरा त्यहाँ भित्र पनि सम्बोधन गर्न सकिन्छ कि भनेर कोषिस गरेकौ हो र उहाँले राख्नु भएको माननीय सदस्यज्यूले राख्नु भएको खास गरिकन वातावरण संरक्षण, समाजिक विकासमा समाजिक उत्तरदाहित्वमा र दिगो विकास लगाएत सवालहरुमा युवाहरुलाई कसरी सम्बोधन गर्न सकिन्छ र अहिलेको दुनियको जल्दो बल्दो समस्या वातावरण संरक्षण र त्यसको दिगो उपभोगको कुरा पनि सँगै अहिलेको जल्दो बल्दो समस्या छ त्यसलाई सम्बोधन गरेर जाउँ भन्ने प्रस्तावमा

छलफल गरेकै हो र त्यसलाई चाहिँ तल युवा परिषदको काम गर्ने अधिकारमा सम्बोधन गरिएकै छ अहिले त्यो विषयलाई त्यहाँ लगेर काम र अधिकारमा दिगो विकास वातावरण संरक्षण लगाएताका विषयहरुमा युवा परिषदले चाहिँ भूमिका निर्वाह गर्नुपर्ने छ भन्ने विषय हामीले सम्बोधन गरौं।

त्यसकारणले त्यसलाई अवज्ञ गरिएको होईन। त्यहि गर्दा पनि विधेयकको उद्धेश्य पनि परिपुर्ति हुने जस्तो हामीलाई लागे पछि हामी यसरी लादा खेरि माथि राख्दा खेरि प्रसंग अलिमिलाउँन नसकेपछि प्रस्तावना चाहिँ गन्जागोल जस्तो भुडी जस्तो देखिए पछि हामीले काम गर्ने र अधिकार सम्बोधन गरिएको छ। प्रस्तावना संशोधन नहुने भन्ने हिसाबले काम गरिएको पनि छैन

त्यहाँ पनि केही शब्दहरु संशोधन भएर आएको नै छ। यसरी बुझनु पर्छ भन्ने मलाई लाग्छ। मलाई के कुरामा अनुरोध गर्न चाहन्छु भन्ने विधेयक बनाउँने सवालमा मन्त्रीको उपस्थिति आमन्त्रिक सदस्यको हैसियतमा हो। यहाँ हामी सबैलाई थाहाँ छ र सबै बसेरनै त्यहाँ छलफल भएको छ। विधेयक बनाउँदा खेरि सत्ता पक्ष र प्रतिपक्ष जस्तो त्यो भएको पनि थिएन। हुनु पनि हुँदैन।

त्यसरी नै बहसको लागि बहस गर्नुपनि हुँदैन। त्यसो गर्दा विधेयक राम्रो बन्दैन। कानून राम्रो बन्दैन। त्यसकारणले माननीय सदस्यज्यूले जति राख्नु भएको छ। मैले भन्ने एक एक गरेर हामीले हेर्ने को कि दफाहरुमा पनिमैले अहिले सम्म ६ वटा विधेयक समाजिक विकास मन्त्रालयको तर्फबाट टेबुल भएका विधेयकहरु मध्ये यो विधेयकमा जति माननीय सदस्यज्यूहरुको संशोधन सम्बोधन भएको र विधेयक चाहिँ परिकृत भएको मैले अरुमा पाएको पनि छैन। त्यसको लागि पनि म माननीयज्यू विशेष धन्यवाद दिन चाहन्छु। धन्यावद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु अब यो छलफल यहि समाप्त हुन्छ।

माननीय सदस्यहरु अब म प्रदेश युवा परिषद्को सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि शिक्षा, स्वास्थ्य तथा कृषि समितिले गरेको निर्णयको प्रतिवेदन विधेयकको अंग बनोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस् ।

हुन्न भन्ने आवज सुनिएन तसर्थ प्रदेश युवा परिषद्को सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि शिक्षा, स्वास्थ्य तथा कृषि समितिले गरेको निर्णयको प्रतिवेदन विधेयकको अग बनोस भन्ने प्रस्ताव सर्वसमितिले स्विकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु अब म प्रदेश युवा परिषद्को सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको दफा २ देखि २६ सम्मका दफाहरु तथा सो सँग सम्बन्धित उफदफाहरु र अनुसूचिमा १ विधेयकको अंग बनोस भन्ने निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस् ।

हुन्न भन्ने आवज सुनिएन तसर्थ प्रदेश युवा परिषद्को सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको विधेयकको दफा २ देखि २६ सम्मका दफाहरु तथा सो सँग सम्बन्धित उफदफाहरु र अनुसूचिमा १ विधेयकको अंग बनोस भन्ने प्रस्ताव सर्वसहमतिले स्विकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु।

**प्रस्तावनाः-** युवाको हक हितको संरक्षण संवदन सशक्तिकरण गरि शिक्षा र सिप उद्यमशीलता र रोजगारीमा युवाको प्रतिनीधीत्व भूमिका योग्दालाई प्रवदन गर्नलाई समुनत प्रदेश तथा राष्ट्र निर्माणको लागि युवा सम्बन्धि नीति र निर्माण कार्यान्वयन तह सम्म उनीहरुको सार्थक सहभागिता सम्वृद्धि गरि प्रदेश तथा राष्ट्र विकास मुल प्रभावमा युवालाई समावेश गर्न सम्बन्धमा कानूनी व्यवस्था गर्न बान्छनीय भएकोले बागमती प्रदेशको प्रदेश सभाले यो ऐन, बनाको छ।

**सक्षिप्त नाम र प्रारम्भः-** यस ऐन,को नाम प्रदेश युवा परिषद ऐन, २०७६ रहेको छ।

यो ऐन, तुरुन्त प्रारम्भ हुने छ।

माननीय सदस्य अब विधेयकको प्रस्तावना र नाम प्रदेश युवा परिषद्को सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक अंग बनोस भन्ने निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस् ।

हुन्न भन्ने आवज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम प्रदेश युवा परिषदको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अंग बनोस भन्ने प्रस्ताव सर्वसहमतिले स्विकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु अब म माननीय समाजिक विकास मन्त्री श्री युवराज दुलाल लाई प्रदेश युवा परिषद्को सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा पारित गरियोस भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

**माननीय युवराज दुलाल, मन्त्री, समाजिक विकास मन्त्रालयः-** माननीय सभामुखज्यू, सभामुखज्यू अनुमतिले प्रदेश युवा परिषद्को सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई पारित गरियोस भन्ने प्रस्ताव सम्मानित पेश गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु अब म अब माननीय समाजिक मन्त्री युवराज दुलालले पेश गर्नु भएको प्रदेश युवा परिषद्को सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई पारित गरियोस भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस् ।

हुन्न भन्ने आवज सुनिएन तसर्थ प्रदेश युवा परिषद्को सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सर्वसहमतिले स्विकृत भएको घोषणा गर्दछ।

माननीय सदस्यहरु अब अर्को बैठक आजै १ घण्टा पछि बस्ने गरि यो बैठक स्थागित हुन्छ।

**(तदनन्तर बैठक २०७६ साल चैत्र ६ गते विहीवार आजै १ घण्टा पछि वस्नेगरी स्थगित भयो।)**

**अन्त्य - बिहान ११:५२ बजे।**

# प्रदेश सभा
# बागमती प्रदेश
# पाँचौ अधिवेशन
# कारवाहीको सम्पूर्ण विवरण

६ चैत्र, २०७६

विहीबार

(बैठक संख्या - २५)

**प्रदेश सभाको पाँचौ अधिवेशको आजको दोश्रो बैठक माननीय सभामुख श्री सानुकुमार श्रेष्ठको अध्यक्षतामा दिनको १२:५२ बजे प्रारम्भ भयो।**

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, प्रदेश सभाको आजको दोश्रो बैठकको कारवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरु, आज शुन्य समय र विशेष समयको कार्यक्रम नरहने व्यहोरा जानकारी गराउँदछु।

माननीय सदस्यहरु अब म सार्वजनिक लेखा समितिका सभापति माननीय न्हुक्षे नारायण श्रेष्ठलाई। सार्वजनिक लेखा समितिको नदी तथा खनीजजन्य पर्दाथ संकलन र उपयोगको अवस्था र राजस्व सम्बन्धि अनुगमन प्रतिवेदन सभा समक्ष पेश गर्न अनुमति दिन्छु।

**माननीय न्हुक्षे नारायण श्रेष्ठ, सभापति, सार्वजनिक लेखा समिति** :- माननीय सभामुख महोदय, गत वर्ष २०७५/७६को आय व्यय प्रक्षपण अनुसार प्रदेश सरकारबाट अनुमानित आय दहत्तर बहत्तरबाट २ अरबको प्रक्षपण गरीएकोमा लेखा समितिबाट बुझ्दा खेरी आय व्ययको अवस्था हामीले बुझ्दै गर्दा जम्मा १५ करोड देखि मात्रै राजस्व आएको स्थानीयबाट भनेर जुन हाम्रो स्थानीय तह र प्रदेश सरकारको साझा दहत्तर बहत्तर ४० प्रतिशत प्रदेशले पाउँने ६० प्रतिशत स्थानीय तहले पाउँने त्यसमा धेरै व्यापक जनगुनासोको कुराहरु स्थानीय तहबाट जानी नजानी प्रदेशलाई नबुझाएको अवस्थाहरु र केही राजस्व चुहावट भएको भन्ने जनगुनासो आईसकेपछि हामीले माननीय रत्न ढकालको संयोजकत्वमा ५ सदस्यीय उप समिति गठन गरेका थियौं।

त्यो उप समितिको प्रतिवेदन सभामुखज्यूको अनुमतिले सार्वजनिक लेखा समितिको नीति २०७६ जेष्ठ १७ गतेको बैठकले यस प्रदेश भित्रका विभिन्न स्थानहरुमा खनिज तथा नदीजन्य वस्तुहरुको उपयोग, राजस्वको संकलन बाँड फाँड र चुहावटको सम्बन्धमा प्राप्त उजुरी र समस्याका विषयमा आवश्यक अध्यान तथा अनुगमन गरी समितिलाई प्रतिवेदन पेश गर्ने गरी माननीय रत्न प्रसाद ढकालको संयोजकत्वमा उप समिति गठन गरिएको थियो।

उक्त उपसमितिले लामो समय सम्म लगातार गरेको अनुगमन, अध्यान र अनुसन्धानबाट समिति समक्ष पेश भएको २०७६ पुस १७ गते उपसमितिले पेश गरेको यो प्रतिवेदन पटक-पटक समितिमा छलफल गरी सम्बन्धित मन्त्रालय सँग समेत छलफल गरी समितिको मिति २०७६ पुस २२ गते बैठकमा सर्वसहमत पारित गरि समितिको मिति २०७६ चैत ५ गते बैठकले प्रदेश सभामा पेश गर्ने निर्णय गरेकोले प्रदेश सभा निमयवलि २०७४ पहिलो संशोधन सहितको निमय १५८ को उपनिमय(१) बोमोजिम यो प्रतिवेदन यस सम्मानित सभामा पेश गरेको छु। धन्यवाद। जय नेपाल।

**माननीय सभामुखः-** माननीय सदस्यहरु प्रदेश सभा नियमवलि, २०७४ को नियम १२१को उप नियम २ सम्बन्धित व्यावस्थालाई निलमव गरेको छु।

माननीय सदस्यहरु अब म माननीय मुख्यमन्त्रीको तर्फबाट माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री शालिकराम जम्कट्टेललाई स्थानीय तहको पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धित ऐन,, २०७५ लाई संशोधन गर्न बनेको विधेयकको सम्बन्धमा प्रदेश मामिला समितिले गरेको निर्णयको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

**माननीय शालिकराम जम्कट्टेल, मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालयः-** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले स्थानीय तहको पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन,, २०७५ लाई संशोधन गर्न बनेको विधेयकको सम्बन्धमा प्रदेश मामिला समितिले गरेको निर्णयको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस भन्ने प्रस्ताव सम्मानित सभामा पेश गर्दछु। धन्यवाद।

**माननीय सभामुखः-** माननीय सदस्यहरु अब म माननीय मुख्यमन्त्रीको तर्फबाट माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री शालिकराम जम्कट्टेललाई स्थानीय तहको पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धित ऐन,, २०७५ लाई संशोधन गर्न बनेको विधेयकको सम्बन्धमा प्रदेश मामिला समितिले गरेको निर्णयको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस् ।

हुन्न भन्ने आवज सुनिएन तसर्थ स्थानीय तहको पदाधीकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकको सम्बन्धमा प्रदेश मामिला समितिले गरेको निर्णयको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस भन्ने प्रस्ताव सर्वसमितिले स्विकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु अब स्थानीय तहको पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धित ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकको सम्बन्धमा प्रदेश मामिला समितिले गरेको निर्णयको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस भन्ने प्रस्ताव माथिको छलफल प्रारम्भ हुन्छ।

माननीय सदस्यहरु यो छलफलमा समितिको प्रतिवेदन सो सम्बन्धित विधेयकका दफाहरु तथा अन्य आनुसांगिक दफाहरु मात्र छलफल गर्ने सकिने छ।

उक्त छलफलमा बोल्न चाहनु हुने माननीय सदस्यले आ-आफ्नो कागजमा लेखि सभामुखको डास सँगै बसेका सचिवलयका कर्मचारीलाई उपलब्ध गराई दिन अनुरोध गर्दछु।

छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय रमेश पौडयल।

**<u>माननीय रमेश पौडयल (विवेकशील साझा पार्टी)</u>:-** माननीय सभामुख महोदय, आज हामी नियम निलम्वीत गरेर छलफल गर्ने स्थानमा आईपुग्यौ हाम्रो हतारो हाम्रो चटारो र हाम्रो दबाब प्रस्ष्ट सँग बुझन सकिन्छ। म यो स्थानीय तहको पदाधिकारीको सम्बन्धमा आएको विधेयक के कुरा राख्न चाहन्छु भन्दा खरी हिजो कार्तिक १ गते सवौच्च अदालतको संवैधानीक ईजालासले जुन धरातल कमजोर भयो भनेर यसलाई चाहिँ अमान्य घोषति गरेको थियो। आज त्यहि धरातलमा टेकेर यो विधेयक फेरि आएको छ।

खास गरी संविधानको धारा २२० को (८) र २२७ सँग बाजीयो भनेर सवौच्चको आदेशमा भनिएको छ। आज आएको विधेयकमा पनि तात्विक रुपमा खासै अन्तर छैन। सभामुख महोदय मलाई यहाँ के भन्न मन लागेको छ भन्दा खेरी स्थानीय तहले चाहिँ सुविधा पाउँनु हुन्न भन्ने प्रश्न होईन। तर सुविधा संविधान बोमोजिम पाउँनु पर्छ भन्ने प्रश्न हो। संविधान बोमोजिम पाउँने कुरालाई हेर्दा खेरी जब सम्म संविधानमा भएको त्रुटी सच्याईदैन।

तब सम्म स्थानीय तहले सुविधा पाउँने कुरा व्यवहरमा संम्भव हुन सक्दैन। यो संविधानको बारेमा सवौच्च अदालतले गरेको व्यख्या पनि विपरित हुन जान्छ। मलाई यहाँ के भन्न मन लागेको छ भनि अहिलेको सत्तासिन नेकपा जसले चाहिँ केही समय अगाडी मात्रै आफ्नो सचिवालय बैठकले संविधान संशोधनको बारेमा अध्यान गर्ने एउटा कमिटि बनाएको थियो। त्यो संविधान संशोधन किन गर्न खोजिएको थियो भन्ने १ जना नेता बामदेव गौतम जसलाई जनताले निर्वचनमा पराजित गरेका थिए।

उहाँलाई राष्ट्रिय सभामा जान मन लाग्यो। त्यति मात्र होईन राष्ट्रिय सभा हुँदै त्यहाँबाट प्रधानमन्त्री मन लाग्यो। त्यसले गर्दा त्यसको अध्यान गर्ने समिति बनाईको थियो। सभामुख महोदय तर जुन व्यापक ढंगले आम रुपमा नागरिक समाज त्यसको विरुद भयो। स्वयं पार्टी पङ्तिका पनि न्यायका पक्षधार जुन कार्यकर्ताहरुले त्यसको विरुद गरे त्यसपछि नेकापाको चाहिँ सचिवालय त्यसबाट व्याक हुनु पर्यो भने पछि यहाँ के कुरा बुझिन्छ भन्दा खेरी एक जना व्यक्तिलाई जसलेकाबाट चढाएर प्रधानमन्त्री बनाउने सम्मको हदमा संविधान संशोधन गर्न तयार हुने सत्तासिन पार्टी आज स्थानीय तहलाई चाहिँ सुविधा दिने कुरामा संविधान संशोधन गर्न किन तयार हुन सकेन यो प्रश्न हो सभामुख महोदय त्यसले गर्दा खेरी आज स्थानी तहलाई चाहिँ सेवा दिईएको जस्तो, सुविधा दिईएको जस्तो देखाएर फेरि पनि स्थानीय नेतृत्वहरुलाई अपेहेलित गर्ने अपमानीत गर्ने काम भएको छ।

उहाँलाई १४ वटा शिर्षकमा चाहिँ विभिन्न सुन्दै अफ्ठ्यारो लाग्ने शीर्षकहरु राखेर अहिले उहाँहरुलाई विभिजित गरिएको छ। यसले गर्दा खेरी स्थानीय तहको नेतृत्व मनोबल बढाउँने भन्दा पनि मनोबल कमजोर गराउँछ भन्ने मलाई लाग्दछ र उहाँहरुलाई दिईने सुविधा चाहिँ संविधान संशोधन गरेर दिनु पर्छ भन्ने कुरा म यहाँ राख्न चाहन्न छु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय नरोत्तम वैद्य।

**<u>माननीय नरोत्तम वैद्य (नेपाली कांग्रेस)</u>:-** सभामुख महोदय, सभामुख महोदय मार्फत मलाई लागेको कुरा चाहिँ १-२ वटा कुरा राख्न चाहन्छु। यो चाहिँ ऐन, छलफल तयारी नगरिनक आउँने हतारमा-हतारमा ल्याउँने पछि पछुताउनेहो कि जस्तो मलाई लागेको छ। यसमा सम्बन्धमा सबै भन्दा ठूलो कुरा के भनि यो अधिवक्ता लोकन्द्र वलिज्यूले चाहिँ त्यो Frud Conslitution संविधानको अपहेलना हुने र संविधानको भावना विपरित आएको छ।

त्यसैले तलब र सुविधा तवल चाहिँ दिनु हुन्न भने किसिबाट मुद्धा हालेको अवस्था छ। अनि मुद्धा प्रामाण देश भएको अवस्था छ। त्यसमा मेरो आधारण चाहिँ मेरो कुरा के भन्ने अब यो समितिमा मैले पनि संशोधन प्रस्ताव राखेको कारणले गर्दा खेरी यो संशोधन राख्ने शिलशिलामा त्यो प्रस्तावमा यो जुन समितिमा विशेष सम्बन्धित समितिमा चाहिँ एकदम मसिनो एक्सरसाईज गर्ने प्रयास गरेको हो। हामीले छलफल गर्ने प्रयास गरेको हो। छलफल पनि गरेको हो।

तर यसमा के भने छलफल गरेर छलफलमा आउँदै नआएको कुरा पनि यसमा थपेर ल्याएको जस्तो लाग्यो।जस्त चाहिँ के भने त्यो कार्तिक १ गते देखि पारिश्रमिक नपाउँने कुरा लेखको छ। अब यसमा अहिले संशोधन भएर आएको कार्तिक १ गते देखिनै अहिले हामिले व्यवस्था गरिरहेको कुरा चाहिँ पाउँने राखेको छ। कार्तिक १ गते देखि नै पाउँने गरि राखेर ल्याएको कारणले गर्दा खेरी यहि ल्कज मुद्धा हाल्ने संम्भावन हुन्छ। किन भने कानूनमा त्यो ऐन, लागु भएको मिति देखि मात्र लागु हुन्छ। अदालतले फैसाल गरको मिति देखि लागु हुदैन। त्यसैले यहि मुद्धामा यही ल्कजमा फेरि के मुद्धा जाने संम्भावना छ।

यहि ल्कज संविधानमा यो संविधान सँग बाझियो।यो के भने फैसाल सँग बाजियो भनेर अब त मानहानीको मुद्धामा जाने संम्भावना छ। मानहानीको मुद्धामा जाने संम्भावना छ। त्यसैले मेरो आग्रह चाहिँ के भने यो अदालतको आदेशलाई सम्मान गरेर कार्तिक १ गते देखि पाउँने कुरा चाहिँ त्यसमा नराखि दिनुहोस। अरु कुरा यसमा राखिएको सम्बन्धमा हामी सबैको सहमतिको कुरा हो। यसमा मेरो विवादको विषय छैन।

तर कार्तिक १ गते देखि नै यसमा तोकिएको मुताविको सबै पाउँने कुरा चाहिँ यसमा मुद्धा लाग्छ हो। यसमा फेरि अदालतको मानहानीको मुद्धामा समेत जान सक्ने भएको कारणले गर्दा खेरी विचार गरियोस भन्दै आफ्नो दुई शब्द यहि टुंग्याउँछु। जय नेपाल।

**<u>माननीय सभामुख</u>ः-** अब म माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री शालिकराम जम्कट्टेललाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु।

**<u>माननीय शालिकराम जम्कट्टेल, मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय</u>ः-** माननीय सभामुखज्यू, विशेष गरी स्थानीय तहका पदाधीकारी तथा सदस्यहरुको सुविधा सम्बन्धमा व्यवस्था गर्ने बनेको विधेयकको ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकको प्रदेश मामिला समितिको प्रतिवेदन माथि यहाँ छलफल गर्दै छौ। यहाँ २ जना माननीयज्यूहरुले केही महत्वपूर्ण कुराहरु आफ्नो धारणाहरु राख्नु भएको छ।

म उहाँहरुले राखेको विषयमा त्यति धेरै राख्नु पर्छ जस्तो मलाई लाग्दैन। हामीले परिस्थिति सबैले बुझेकै छौ जस्तो मलाई लाग्छ। हामी कुन अवस्थामा हामीले २०७५ सालमा स्थानीय तहका पदाधीकारी र सदस्यहरुको व्याख्यात्मक सेवा सुविधा सम्बन्धी कानूनहरु बनाएयौ। संविधानमा के व्यवस्था थियो। संविधानमा पनि यो व्यख्यात्मक परिभाषा र व्यख्यात्मक गएर हेरै तवल र सेवा सुविधाहरुको परिभाषा पनि त्यहाँ छ। हामीले विशेषगरि त्यो कुरा त्यति खेर छलफलमा नचलेको हेन। राम्रै छलफल गरेको हो।

प्रदेश मामिला समितिमा पनि संशोधन त्यति खेर पनि आएको थियो र पछि हामीले पारिश्रमिक भनेर यहि हाउसबाट हामीले विधेयक पास गयो।नियम पास गयो र हामीले मात्र होईन।अरु प्रदेशहरुले पनि त्यसै गरि ऐन, बनाएर पास गर्नु भो र स्थानीय तहका जनप्रनीधिहरुले त्यही अनुसारको पारिश्रमिक सेवा सुविधा लिनु भो पछि सवौच्च अदालतमा मुद्धा पर्यो।मुद्धा परि सकेपछि सवौच्च अदालतले हामीले बनाएको जुन कानून हो र त्यसमा हामीले जसरी प्रारिश्रमिक भनेर हामीले पारिश्रमिक पाउने भनेर मासिक

पारिश्रमिक पाउने भनेर हामीले बनाएको कानून अनुसार उहाँहरुले पारिश्रमिक दिईरहनु भएको थियो त।

त्यो चाहिँ बदर गर्यो। यो बदर गरिसकेपछि हामीले विधेयक त फुकाउँनु पर्यो। विधेयक त हामीले बनाउँनु पर्यो। संविधानमा लेखिएको छ। संविधानमा स्थानीय तहका पदाधीकारी र सदस्यहरुले केही नपाउँने भनेको त छैन। पाउँने भनेकै तर त्यो पाउने कुरा चाहिँ संविधान सँग मिल्दो जुल्दो के हुन्छ भन्दा हामीले चाहिँ अहिले विशेष गरि मासिक पारिश्रमिक नभनीकन यसलाई सुविधाको रुपमा, संविधानमा जे शब्द राखिएको छ। धारा २२७ मा त्यहि अनुसार कै तपाईको चाहिँ अब सुविधा भन्ने शब्द राखेर नै अथवा त्यही परिभाषा गरेर यो विधेयक संशोधनमा ल्याईएको हो। मलाई लाग्छ यो संविधान सँग बाजिएको छैन।

त्यसले अब संविधानको सर्वोच्च अदालतलाई पनि यसले अपमानित गर्दैन। फैसाललाई अपमान पनि गर्दैन। त्यसैले मानहानी पनि यसले गर्दैन। मलाई लाग्छ अहिले हामीले संविधान संम्भवत ढंगले र संविधानले परिभाषा गरे अनुसार नै र अन्य एउटा प्रदेशमा यसको अभ्यास पनि रहेकोले त्यहि अनुसार नै यो विधेयक संशोधनमा आएको छ। त्यसैले मलाई लाग्छ यसले कार्तिक १ गते देखि जो स्थानीय तहका पदाधीकारीहरुले तलब र सेवा सुविधाहरु पाउँनु भएको छैन। यो विधेयक पास गरिसकेपछि मलाई लाग्छ उहाँहरुले संविधान त हामीले बनाएको कानून अनुसार सुविधाहरु लिन पाउँनु हुन्छ। यति कुरा यहाँहरुको बिचमा राख्दै म आफ्नो भनाई टुंग्याउँछु। हस त धन्यवाद।

<u>**माननीय सभामुखः**</u>**-** माननीय सदस्यहरु अब यो छलफल यहि समाप्त हुन्छ।

माननीय सदस्यहरु अब म स्थानीय तह पदाधीकारी तथा सदस्यको सुविधा सम्बन्धित ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकको सम्बन्धमा प्रदेश मामिला समितिले गरेको निर्णय प्रतिवेदन विधेयकको अंग बनोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोस् ।

हुन भन्ने आवज सुनिएन तसर्थ स्थानीय तहका पदाधीकारी तथा सदस्यले सुविधा सम्बन्धित ऐन, २०७५लाई संशोधन गर्न बनेको विधेयकको सम्बन्धमा प्रदेश मामिला समितिले गरेको निर्णयको प्रतिवेदन विधेयकको अंग बनोस प्रस्ताव सर्वसहमतिले स्विकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु स्थानीय तहको पदाधीकारी तथा सदस्य सुविधा सम्बन्धित ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधयेकको दफा २ देखि ७ सम्मको दफाहरु तथा सो सँग सम्बन्धित उप दफा अनुसूचि १. क र ख तथा सो सँग सम्बन्धित खण्डाहरु विधेयकको अंग बनोस भन्ने निर्णयार्था प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोस् ।

हुन्न भन्ने आवज सुनिएन तसर्थ स्थानीय तहका पदाधीकारी तथा सदस्यले सुविधा सम्बन्धित ऐन, २०७५लाई संशोधन गर्न बनेको विधयेकको दफा २ देखि ७ सम्मको दफाहरु तथा सो सँग सम्बन्धित उपदफा तथा अनुसूचि १. क र ख तथा सो सँग सम्बन्धित खण्डहरु विधेयकको अंग बनोस भन्ने प्रस्ताव सर्वसहमतिले स्विकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु।

**<u>प्रस्तावना</u>:-** स्थानीय तहका पदाधीकारी तथा सदस्यको सुविधा सम्बन्धित ऐन, २०७५ लाई संशोधन गर्न बान्छानिय भएकोले,

बागमती प्रदेश सभाले यो ऐन, बनाएको छ।

**<u>संक्षिप्त नाम र प्रारम्भ</u> :-** यस ऐन,को नाम स्थानी तहको पदाधीकारी तथा सदस्य सुविधा सम्बन्धित पहिलो संशोधन ऐन, २०७६ रहेको छ। यो ऐन, तुरुन्त प्रारम्भ हुन्छ।

माननीय सदस्यहरु अब म विधेयकको प्रस्तावना र नाम स्थानीय तहका पदाधीकारी तथा सदस्यको सुविधा सम्बन्धित ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकको अंग बनौस भनि निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस् ।

हुन भन्ने आवज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम स्थानीय तहको पदाधीकारी तथा सदस्यको सुविधा सम्बन्धित ऐन, २०७५लाई संशोधन गर्न बनेको विधेयकको अंग बनोस भन्ने प्रस्ताव सर्वसहमतिले स्विकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु अब म माननीय मुख्यमन्त्री तर्फबाट माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री शालिकराम जम्कट्टेललाई स्थानीय तहका पदाधीकारी तथा सदस्यको सुविधा सम्बन्धित ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक पारित गरियोस भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

**<u>माननीय शालिकराम जम्कट्टेललाई, मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय</u>:-** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले स्थानीय तहका पदाधीकारी

तथा सदस्यको सुविधा सम्बन्धित ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक पारित गरियोस भन्ने प्रस्ताव सम्मानित सभामा पेश गर्दछु। धनयवाद।

**मानननीय सभामुखः-** माननीय सदस्यहरु अब म माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री शालिकराम जम्कट्टेलले पेश गर्नुभएको स्थानीय तहका पदाधीकारी तथा सदस्यको सुविधा सम्बन्धित ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक पारित गरियोस भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले हुन्न भन्नु होला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नु होस।

यसको विपक्षमा हुने माननीय सदस्यले हुन्न भन्नु होस।

हुन्न भन्ने आवज सुनिएन तसर्थ स्थानीय तहको पदाधीकारी तथा सदस्यको सुविधा सम्बन्धित ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक सर्वसहमतिले स्विकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु प्रदेश सभा नियमवलि २०७४ को उप निमय १८३ उप निमय(१) बोमोजिम देहायका माननीय सदस्यहरु बैठकमा अनुपस्थिति रहने सूचना प्राप्त भएको छ। अब म उक्त सूचनाको विवरण जानकारी गराउँदछु।

१. माननीय उर्मिला कर्माचार्य,
२. माननीय गीता वाग्ले,
३. माननीय पशुपति चौलागाई,
४. माननीय प्रभात तामाङ,
५. माननीय प्रेम बहादुर तामाङ,
६. माननीय राधिका तामाङ,
७. माननीय रीता माझी,
८. माननीय डा.राजराम कार्की

माननीय सदस्यहरु अब म प्रदेश सभा नियमावली २०७४ देखि नियम १८३ को उपनियम (४) बोमोजिम उक्त सूचनालाई स्विकृतको लागि सभा समक्षका पेश गर्दछु।

माननीय सदस्यहरु यस प्रस्तावको समर्थन गरिदिनु हुन अनुरोध गर्दछु।

माननीय सदस्यहरु अब म प्रदेश सभाको ५ औ अधिवेशनमा सभाबाट सम्पन्न भएका काम कारबाही संक्षिप्त जानकारी प्रस्तुत गर्दछु।

बागमती प्रदेश सभाको ५औ अधिवेशन मिति २०७६ साल पुस २१ गतेबाट सुरु भई आजको यस बैठक समेत गरि २५ वटा बैठक बसेको छ। यस अधिवेशन अवधिमा ७ वटा विधेयक र १ अध्यादेश दर्ता भएको ४ वटा विधेयक र १ अध्यादेश पारित भएका छन।

यस पाँचौ अधिवेशन देखि प्रश्न उत्तर कार्यक्रम समेत सुरु भएको छ।

१. मौखिक प्रश्न उत्तरको कार्यक्रम भएको र

२. लिखित प्रश्नको उत्तर टेबुल भएको छ।

सार्वजनिक महत्वको विषय कोरोना भाईसर सम्बन्धमा सरकारले यसको रोकथाम, नियन्त्रण तयारीको बारेमा सभालाई जानकारी गएको छ।

यस पाँचौ अधिवेशनमा मिति २०७६ साल पुस २७ गते प्रदेशको स्थायी राजधानी हेटौडा र प्रदेशको नाम बागमती प्रदेश भन्ने निर्णय समेत भएको छ।

यस प्रदेश सभाले आफ्नो दोस्रो वार्षिक उत्सव कार्यक्रम समेत मिति २०७६ साल फागुन १८ गते सम्पन्न गरेको छ।

माननीय सदस्यहरु यस अधिवेशनलाई सफलता पूर्वक सम्पन्न गर्न सहयोग गर्नु हुने माननीय प्रदेश प्रमुख, प्रदेश सरकार, प्रदेश सरकारका माननीय सदस्यहरु, प्रदेश सभा सचिव तथा प्रदेश सभाका सचिवालयको कर्मचारीहरु, मर्यादपालक, सुरक्षा निकाय र पत्रकारमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

माननीय सदस्यहरु प्रदेश प्रमुखको कार्यलयबाट पत्र प्राप्त भएको छ। अब म पत्रको व्यवहोरा पढेर सुनाउँछु

बागमती प्रदेश मन्त्री परिषदको सिफारिस बोमोजिम नेपालको संविधानको धारा १८३ उप धारा (२) बोमोजिम संवत २०७६ साल चैत ६ गते बिहिबार राती १२:०० बजे देखि प्रदेश सभाको चालु पाँचौ अधिवेशन अन्त्य गरेको छौ।

मिति २०७६/१२/६

विष्णु प्रासद प्रसाई
प्रदेश प्रमुख

मानीय सदस्यहरु आज मिति २०७६ चैत ६ गते बिहिबार १२ बजे देखि प्रदेश सभाको चालु अधिवेशन अन्त्य हुने गरि यो बैठक स्थागित हुन्छ।

**(तदनन्तर बैठक २०७६ साल चैत्र ६ गते राती १२:०० बजे वाट चालु पाँचौ अधिवेशन अन्त्य हुनेगरी स्थगित भयो।)**

**अन्त्य - दिनको २:५२ बजे।**

# प्रदेश सभा
# प्रदेश नं ३
# पाँचौ अधिवेशन
# कारवाहीको सम्पूर्ण विवरण

२१ पुस, २०७६

सोमबार

(बैठक संख्या - १)

**प्रदेश सभाको पाँचौ अधिवेशको पहिलो बैठक माननीय सभामुख श्री सानुकुमार श्रेष्ठको अध्यक्षतामा सोमबार दिनको ३:०० बजे प्रारम्भ भयो।**

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु प्रदेश नम्बर ३ को प्रदेश सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरु अब म माननीय प्रदेश प्रमुखको कार्यलय बाट प्राप्त अधिवेशनको आह्वानको पत्र पढेर सुनाउछु।

प्रदेश नम्वर ३ मन्त्रीपरिषदको सिफारीसमा नेपालको संविधान धारा १८३ को उपधारा (१) बमोजिम सम्बत २०७६ साल पौष २१ गते सोमवार दिनको तिन बजे प्रदेश सभाको पाचौं अधिवेशन आह्वान गरेको छु।

विष्णु प्रसाद प्रसाइ
प्रदेश प्रमुख

पौष १५, २०७६

माननीय सदस्यहरु नेपालको राजनीतीक परिवर्तन तथा संघिय लोकतन्त्र गणतन्त्रको लागि जिवन उत्सर्ग गर्ने सबै ज्ञात अज्ञात सहित हरु प्रती भावपूर्ण श्रद्धन्जली अर्पणको लागी १ मिनेट मैन धारण गर्न अनुरोध गर्दछु।

**धन्यवाद।**

माननीय सदस्यहरु प्रदेश सभा सदस्यमा भक्तपुर क्षेत्र नम्बर १ (क) बाट निर्वाचीत हुनु भएकोमा माननीय कृष्णलाल भडेंललाइ मेरो व्यक्तीगत र प्रदेश सभाको तर्फ बाट हार्दिक बधाइ ज्ञापन गर्दौ यस प्रदेश सभामा स्वागत गर्दछु।

माननीय सदस्यहरु आज शुन्य समय र विषेश समय को कार्यक्रम नरहने व्याहोरा जानकारी गराउदछु।

माननीय सदस्यहरु अबम माननीय प्रदेश प्रमुख कार्यलय बाट प्राप्त विधेयक प्रमाणीकरणको पत्र पढेर सुनाउछु।

<u>पत्र १ः</u>

प्रदेश सभाको मिति २०७६ साल भाद्र १० र ११ गते बैठकमा पारित भैइ नेपालको संविधान धारा २०१ उपधार (१) बमोजीम प्रमाणीकरणको लागी मिति २०७६/६/२ गते पेश हुन आएको दोहाय वमोजीमको विधेयक माननीय प्रदेश प्रमुख श्री अनुराध कोइरालाज्यू बाट नेपालको संविधानको धारा २०१ उपधार(२) बमोजीम प्रमाणीकरण भएकोले सो को प्रमाणीकृत थान एक/एक यसै साथ सलग्न राखी पठाइएको व्याहेरा सादर अनुरोध गर्दछु।

| क्र.सं. | विधेयक नं. | विधेयक | प्रमाणीकरण मिति |
|---|---|---|---|
| १ | १४/०७६ | मदन भण्डारी स्वास्थ्य विज्ञानका प्रतिष्ठानको सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७६/६/२ |

| | | | |
|---|---|---|---|
| २ | १५/०७६ | देश भित्रको राष्ट्रिय वनको संरक्षण र सुव्यवस्था गर्न बनेको विधेयक | २०७६/ ६/२ |

मिति २०७६/६/५

रुद्र प्रसाद पौडैल।
निमित्त सचिव

**पत्र २ः**

प्रदेश सभाको मिति २०७६ साल भाद्र २४ गतेको बैठक बाट पारित भै नेपालको संविधानको धारा २०१ उपधार (१) बमोजिम प्रमाणीकरणको लागी मिति २०७६/६/२६ गते पेश आएको दोहाय बमोजीमको विधेयक माननीय प्रदेश प्रमुख श्री अनुराधा कोइरालाज्यू बाट नेपालको सविधानको धारा २०१ उपधारा (२) बमोजीम प्रमाणीकरण भएकोले सो को प्रमाणीकृत थान १ यसैसाथ सम्लग्न राखि पढाइएको व्यहोरा साधर अनुरोध गर्दछु।

| क्र.सं. | विधेयक नं. | विधेयक | प्रमाणीकरण मिति |
|---|---|---|---|
| १ | १६/०७६ | प्रदेश लोकसेवा आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिका सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७६/६/२८ |

मिति २०७६/६/२९

**पत्र ३ः**

प्रदेश सभाको मिति २०७६ साल भाद्र ११ र २५ गते को बैठक बाट पारित भै नेपालको संविधानको धारा २०१ उपधार (१) बमोजिम प्रमाणीकरणको लागी मिति २०७६/७/५ गते पेश हुन आएको दोहायबमोजीमको विधेयक माननीय प्रदेश प्रमुख श्री अनुराधा कोइरालाज्यू बाट नेपालको संविधानको धारा २०१को उपधार (२) बमोजिम प्रमाणिकरण भएको ले सोको प्रमाणीकृत थान १/१ प्रती यसैसाथ सम्लग्न राखि पढाइएको व्याहोरा सादर अनुरोध गर्दछु।

| क्र.सं. | विधेयक नं. | विधेयक | प्रमाणीकरण मिति |
|---|---|---|---|
| १ | १७/०७६ | प्रदेश सुचनाको हक सम्वन्धि हक सम्वन्धमा व्यावस्था गर्न बनेको विधेयक | २०७६/७/१४ |
| २ | १८/०७६ | सार्वजनिक निजि सहकारी र साझेदारी सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७६/ ७/१४ |

मिति २०७६/६/५

रुद्र प्रसाद पौडैल।
निमित्त सचिव

**<u>पत्र ४ः</u>**

चार प्रदेश सभाको मिति २०७६ साल भाद्र १२ गतेको बैठकबाट पारित भै नेपालको संविधानको धारा २०१ को उपधार (१) बमोजिम प्रमाणीकरणको लागि मिति २०७६/७/२२ गते पेश हुन आएको दोहायबमोजिमको विधेयक माननीय प्रदेश प्रमुख श्री विष्णु प्रसाद प्रसाईज्यूबाट नेपालको संविधानको धारा २०१ उपधारा (२) बमोजिम प्रमाणीकरण भएकोले सो को प्रमाणीकृत थान १ प्रति यसै साथ सम्लग्न राखी पठाएको व्याहोरा सादर अनुरोध गर्दछु।

| क्र.सं. | विधेयक नं. | विधेयक | प्रमाणीकरण मिति |
|---|---|---|---|
| १ | १९/०७६ | प्रदेशीक व्यापार तथा व्यवसायी सम्वन्धि विधेयक | २०७६/७/२२ |

मिति २०७६/७/२२

रुद्र प्रसाद पौडैल।
निमित्त सचिव

**पत्र ५ः**

प्रदेश सभाको मिति २०७६ भाद्र २५ गतेको बैठक बाट पारित भै नेपालको संविधानको धारा २०१ को उपधारा (१) बमोजिम लागि मिति २०७६/९/११ पेश हुन आएको दोहाय बमोजिमको विधेयक माननीय प्रदेश प्रमुख श्री विष्णु प्रसाद प्रसाइज्यूकोज्यु बाट नेपाल को

संविधानको धारा २०१ को उपधारा (२) बमोजिम प्रमाणीकरण भएकोले सोको प्रमाणीकृत थान १ प्रति यसै साथ संलग्न राखिए पठाएको व्यवहोरा सादार अनुरोध गर्दछु।

| क्र.सं. | विधेयक नं. | विधेयक | प्रमाणीकरण मिति |
|---|---|---|---|
| १ | २०/०७६ | प्रदेश भित्र औद्योगिक व्यवसाय स्थापना तथा सन्चालन गर्न बनेको विधेयक | २०७६/९/१८ |

मिति २०७६/९/१८

रुद्र प्रसाद पौडैल।
निमित्त सचिव

माननीय सदस्यहरु अबम प्रदेश सभाको पाचौं अधिवेशन सफलताको शुभकामना व्यक्त गर्न माननीय मुख्यमन्त्री श्री डोरमणी पौडेललाइ अनुमति दिन्छु।

**<u>माननीय डोरमणी पौडेल, मुख्यमन्त्रीः</u>-** माननीय सभामुखज्यू माननीय सदस्यज्यूहरु, आज हामी प्रदेश नम्बर ३ को प्रदेश सभाको पाचौं अधिवेशन को सरु गर्न गहिरहेका छौ र यो पाचौं अधिवेशनले विगतका भन्दा फरक नयाँ कार्यक्रमहरु साथ यो अधिवेशन सम्पन्न हुने छ भन्ने म यहाँ हरुलाइ अनुरोध गर्न चाहान्छु। र लामो समय देखि हामीले प्रतिक्षा गरेको सबै माननीय सदस्यज्यूहरुको जिज्ञासा सबै पत्रकारहरुको आमजनताहरुको सबै को एउटौ मात्र प्रश्न यो प्रदेश ले आफ्नो नाम र आफ्नो राजधानीलाइ स्थायी बनाउन सकेन भन्ने जुन भनाइ थियो र यो अधिवेशनले ति सबै जिज्ञासाहरुलाइ पुरा गर्ने छ।

र हामी यो अधिवेशन सक्कीनु भन्दा अगाडि नै यो विषयको टुङ्गोलागाउने छौ यो कुरा नै यो अधिवेशनको महत्वपूर्ण हुने छ र एतिहासीक अधिवेशन पनि हुने छ र त्यसैले केहि केहि जिज्ञासाहरु यो लामो समय सम्म अधिवेशन बसेन किन अधिवेशन हुदैन भन्ने पनि हाम्रा माननीय सदस्यहरुको केहि आम पिपुलहरुको पनि यो केहि पनि गर्दैनकि को हो भन्ने खालको जिज्ञासाहरु पनि मैले सुनेको छु। म यहाँहरुलाइ के अनुरोध गर्यौ भने अधिवेशन हिउदे अधिवेशन वर्खो अधिवेशन मात्रै हुन्छ।

त्यहि हिउदैं अधिवेशन र वर्खो अधिवेशन निमित्त अधिवेशनको निमित्त प्रयाप्त खुराकी जरुरी छ हामी त्यसै अधिवेशन बोलाएर त्यसको विषय वस्तु त्यसको परिणाम नदिने गरि अधिवेशन बोलाउनु भन्दा पनि अधिवेशन बसिसके पछि त्यसले कुनैन कुनै विषयमा महत्वपूर्ण छलफल गरेर निर्णय गर्नु पर्ने हुन्छ हिजो त्यस्ते समय थियो जतिबेला हामी संग ऐन कानुनहरु थिएनन र विगतका २ वर्षहामीले अत्यन्त मेहिनतका साथ अलि धेरै लामो समय पनि लिएम होला ऐन कानुन निर्माण गर्न।

अब ऐन कानुन पनि त्यो स्पिडमा त्यो दौरानमा अरु ऐनकानुन पनि आउदैनन र किनभने हामीलाइ अब खास काम गर्नको निमित्त नभैनहुने ऐनकानुनहरु त्यस्तो छैन विस्तरै विस्तारै बनाउदै गर्दा पनि हुने भएको हुनाले पनि यो अधिवेशन अलिकति लामो भएको हो कि भन्ने एउटा अर्थ त्यो लागाउन सकिन्छ। र अर्को मैले पटक पटक हरेक अधिवेशनमा साथीहरुको सबै माननीय ज्यूहरुलाइ आस्वास्थ बनाउदै यो अधिवेशनले एउटा आगामि अधिवेशनले हामी यो नाम र राजधानीका विषयमा टुङ्गो लागाउछौ भनेर भन्ने पनि गरेको र त्यसको पनि अलिकति अनकुलता सकेसम्म सहजता होस भन्ने हिसावले पनि केहि समय अलिकति लागेको हुन सक्छ र समग्रमा भन्दा यो अधिवेशन अत्यन्तै महत्वपूर्ण रहने छ। यो अधिवेशनले ऐतिहासीक निर्णाय गर्ने छ। यो दिर्घकालीन असर पार्ने खालको निर्णयहरु हामी गर्दै छौ र विल्कुल पद्धति सँगत निति संगत र संवैधानीक हिसाबले हामी जो कुरा संविधानमा व्यवस्था गरेको छ। त्यसै अनुरुप हामी मतदान प्रक्रिया द्धारा हामी सबै कुराको टुङ्गोलागाउने छौ भन्ने कुरा राख्दै अहिले अर्को लामो समय देखि हाम्रो प्रदेश सभाका सदस्यको एउटा पद रिक्त थियो अहिले त्यो पदको रिक्तता पनि यो अधिवेशन सम्म आउदा पुरा भैसकेको छ।

अहिले हामी जति हुनु पर्ने हो ११० सदस्यसङख्या त्यतिनै पुरा भएका छौ र यो विचमा हाम्रा अघिनै माननीय सभामुखज्यूले बधाइ शुभकामना दिइ सक्नु भएको छ म पनि सरकारको तर्फ बाट भर्खर आजको यो पहिलो अधिवेशनमा उपस्थित हुनु हुने माननीय प्रदेश सभाको कृष्णलाल भडेललाइ माननीयज्यूलाइ हार्दिक शुभकामना हार्दिक बधाइ र हार्दिक स्वागत पनि गर्न चाहान्छु। र संगै यो अधिवेशन पुर्णरुपमा सफलताको शुभकामना व्यक्त गर्दौ सबै सबैमा

माननीय सदस्यहरुले यो अधिवेशनलाइ सफल बनाउनको निमित्त त्यतिनै सहयोग गर्नु हुने छ भन्ने अपेक्षाका साथ र हामीले जे निर्णय गर्छौं त्यो निर्णयमा सबैको एक मनाका साथ विना विभाजित हामी यो राज्यको प्रदेशको निर्णय गर्दा खेरि प्रदेशको राजधानी प्रदेशको नामको फैसाला गर्दा खेरि पनि हामी सकभर सकेसम्म एक मत एक हुनाका साथ हामी निर्णाय गर्न सकौ भने यो अर्को इतिहास यसले रच्न सक्ने छ। यो ३ नम्बर प्रदेश मा विना विवाद विना विवाद यो निर्णाय भयो भन्ने यो सन्देश हामीले बाहिर प्रभाह गर्नसक्यौ भने हामीले यसले पनि अझ ठुलो महत्वराख्छ भन्दै म यहाँ हरु सँग त्यति मात्रै अनुरोध गरे फेरी पनि यो सभाको पूर्ण सफालताको कामना गर्दो विदा हुन्छु धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु अब म प्रदेश सभाको पाचौं अधिवेशन सफलताको शुभकामना व्यक्त गर्न माननीय इन्द्र बाहादुर बानियाँलाइ अनुमति दिन्छु।

**<u>माननीय इन्द्र बाहादुर बानियाँ (नेपाली कांग्रेस)</u>:-** सभामुख महोदय माननीयज्यू हरु र यो आज निकै लामो समय पछि लगभग ३ महिना भन्दा पनि बढि समय पछि हामी हिउदे अधिवेशनमा आज प्रदेश सभामा प्रवेश गर्न पाएका छौ।

प्रवेश गर्दै गर्दा हीउदे अधिवेशनको सफलताको शुभकामना पनि दिनु पर्ने छ। सर्वप्रथम ढिलै भए पनि सरकार ले प्रदेश प्रमुख मार्फत संसद मा सभामुख लाइ यो प्रदेश सभा सन्चालन गर्न जुन किसिमको प्रक्रिया गत रुपमा आयो सभामुखलाइ म विषेश धन्यवाद दिन चाहान्छु। कि प्रदेश सभा हामी हिउदे अधिवेशनमा प्रवेश गर्यौ र विषय हिउदे अधिवेशनको यो लामो समय सम्मको संसद नरहनु, संसद नहुनु र संसदमा धेरै विषयहरु माथि छलफल गर्नु पर्ने जनताको सरोकारको विषय यो प्रदेश भित्र घटेका घटनाहरु यो प्रदेश भित्र भएक गतिविधिहरु र मुलुकको समग्र गतिविधिलाइ हेरेर यो प्रदेशले आफ्ना बैठक र छलफल चालाउन पर्नेमा त्यो लामो समय सम्म हुन सकेन।

लामो समय किन रोक्यो किन अड्कियो भन्ने कुरा यो प्रदेश वासीलाइ र विषेश गरि मिडियाकर्मीहरुलाइ र सम्पूर्ण माननीयज्यूहरुलाइ र सभामुखज्यू सबैलाइ अवगतै छ कि

राजधानीर नामाकरण राजधानी र नामाकरण बास्तवका भन्ने हो भने आज २ वर्ष हाम्ले २०७४ माघ ७ गते यहि संसदमा हामीले प्रदेश सभामा बसेर सपथ खाएकै हो। हामीले सपथ खादै गर्दा सभामुख ज्यूले सबैलाइ सपथ खुवाउदै गर्दा हामिले भनेकै हौकि जनताको सोझो चिताएर देश र देशवासी र प्रदेश को हितमा हामीले निष्ठापुर्वक इमान्दारी पूर्वक काम गर्ने छौ भनेर हामीले सपथ खाएकै हो। तर त्यो सपथ अनुसार हामीले यो प्रदेश बासीको निष्ठापूर्वक इमान्दारि पूर्वक जनताको सोझो चिताएर इश्वारलाइ साक्षी राखेर हामीले सपथ खाएको आज २ वर्ष भयो हामीले के के गर्यौ। प्रदेश सभाले के के गर्यौ। सरकारले के के गर्यौ सभामुख महोदय, त्यसकारणले आजहामी राजधानी टुङ्गाउदै गर्दा बजारमा छरपष्ट मिडियामा संसदिय दलको नेता चाहि प्रतिपक्षले के भन्यो सत्ता पक्षले के भन्यो,नेकपाको सचिवालयले के भन्यो,भन्ने बाहेक अरु कुरा केहि पनि छैन।

नेकपाको संसदिय दलले नेकपाको सचिवालयले के भन्यो निर्देशन जारिगर्यौ रे यो गर्यो उ गर्यो रे भन्ने कुरा आयो हामीले हिजो संविधान हिजो बनाएकौ हो। सहमती सहकार्य एकता को सिद्धन्तमा हिजो मुलुकमा संविधान जारी भएकै हो हामी यो प्रदेश सभा बाट सहमती सहकार्य एकता गरेर सर्वसब्मत हामी चाहि यो राजधानी र नामाकरण टुङ्गाउन सक्नी तागतवर सबै पार्टिका माननीयहरु हामी छौ तर आज किन यसो गरिदै छ किन आज २ वर्ष लगाएर सचिवालय बाट निर्देशन आयो भन्ने कुरा आम नगरिक आम सन्चारकर्मी आम माननीयलाइ आज चाहि दुविधामा आज चाहि के छ भने हो पक्कै पनि हामी सबै ले दल बाट टिकट लिएर हाम्ले आ आफ्नो पार्टिको चुनाव चिन्ह लिएर जनताको विचमा गएकौ हो।

दलिय व्यवस्थामा दल सर्वापरी थियो त्यसमा दुविधा छैन, तर के छ भने दलले प्रदेश सेवा अनि संघीय संसद अनि स्थानिय सरकार भनेर संविधानमा व्यवस्था गरे अनुसार आफ्नो अधिकार आफैले प्रयोग गर्ने प्रदेश सभाले प्रयोग गर्ने भनेर लेखिएको संविधानको कुरालाइ हामीले त्यसलाइ वर्खिलाप गर्न मिल्नेकि नमिल्ने। र एउटा आज जिम्मेवार पार्टि मुलुक हाक्दै गरेको पार्टिले सचिवालय बाट त्यस्ते कुरा गर्न हुनेकि नहुने त्यसकारणले हामीले हिजो बैठक गर्दै गर्दा हाम्रो संसदिय दलको बैठक गर्दै गर्दा प्रदेश सभाको अधिकार माथि नेकपाको सचिवालयले गरेको

कुरा को हामीले खोद व्यक्त गर्दा तर प्रक्रिया गलत भयो भनेर निर्णाय प्रति हामीले मैले संसदिय दलको नेताको हैसियतले निर्णायको स्वागत पनि गरेको छु। र त्यो निर्णाय प्रति समर्थन पनि गरेको छु किन गरेको छु भन्दा खेरि आखिरी मुलुक यो नेपाल भन्ने देश हुदै गर्दा नेपाललाइ राजनीतिक काल खण्डमा ४६ देखि आज ६२/६३ आन्दोलन हुदै ७४ सम्म आउदै गर्दा मुलुकमा धेरै परिवर्तनहरु भए। हजारौ मान्छे सहिद भएका छन। हजारौको सीन्दुर पुछिएको छ। हजारौ घाइते भएका छन हजारौ मान्छेहरुको बलिदानी बगेको छ।

हिजो ४६ साल देखि परिवर्तन हुदै आउदा खेरि हामी लगभग ६२/६३को आन्दोलन आउदै गर्दा १६ वर्ष हामीले प्रजातन्त्रमा हिजो हामीले हिन्दु राष्ट्रसहितको प्रजातन्त्र राज्यौ र पछि समयको काल खण्डर आवश्यकताको सिद्धान्तमा १६ वर्ष भित्रैमा प्रजातन्त्र यो मुलुक बाट अन्यत्य भयो संघीय लोकतन्त्र गणतान्त्रिक मा सशस्त्र द्वव्द्ध सहितको माओवादि संग शन्ति प्रक्रिया गरेर हामीले मुलुकलाइ एउटा नयाँ नेपाल निर्माणगर्ने द्वन्द्ध व्यवस्थापन गर्ने र द्धन्द्ध व्यवस्थापन गर्दै गर्दा हामीले चाहि भनेका थियौ कि हिजो कांग्रसले पनि भनेको थियो द्धन्द्ध मेटिने पहिचान भटिने संघीयता भनेको केहो द्धन्द्ध मेटिने पहिचान भेटिने यहि हो संघीयता।

यसकारण हिजो एकात्मक राज्य थियो त्यहाँ चाहि सिमित मान्छेले सिमित स्रोत साधनको प्रयोग गर्थे अब हामीले संघियता भित्र द्धन्द्ध पनि मेटाउनी पहिचान पनि भेटिने राज्य व्यवस्था कायम गर्ने संघीयता भित्र सबै जात वर्ग समुदाय सबै चाहि यो सुव्यवस्था हो सबैले आफ्नो पन अपनत्वपन अपनाउन पाउने खालको व्यवस्था हो त्यसकारणले पहिचान पनि आवश्यक हो भन्ने कुरा हिजो हामीले पनि भन्यौ।

हाम्रा स्वार्गिय नेता भिम बाहादुर तामाङले पनि भन्नु भएको थियो द्धन्द्ध मेटिने पहिचान भेटिन संघिय व्यवस्था भनेको यहि हो र लोकतान्त्रीक व्यवस्थामा हामीले यो कुरालाइ पनि गम्भिरता पूर्वक लिनु पर्छ भन्ने हिजो कांग्रेसले भनेको थियो र अहिले लगभग लगभग ६२/६३ को एउटा हामीले सगसगै सहमति सहकार्य एकताको राजनिति बाट मुलुकमा निकास दियौ संविधान जारि गर्यौ र तराइ सम्मलाइ मिलाएर तिनतह सम्मको निर्वाचन भयो र आज मुलुकमा यो व्यवस्था चलेको नि १२ वर्ष भयो। ६२ देखि हामी ७४सम्म आउदै गर्दा १२ वर्ष भयो।

जनताले के के पाए नेताले के के पाए,अनि फेरी मिडियाकर्मिले न्यजमात्रै पाए। खाली के छ भने भ्रष्ट्रचार बढेको छ अनियमितता बढेको छ प्रचुर सरकार बहुमतको छ तर आज मुलुक चाहि निकाशबाट जनताको विकास बाट अनि संवृद्वीबाट किन आगडि बढ्न सकेन शब्दमा सुखि नेपाली समंरिद्ध नेपाल आज हरेकको मनमनमा हरेकको मुखमुखमा हरेकको जनजनमा आएको छ तर व्यहारमा के भैरहेको छ।

यो कुरा गम्भिर कुरा हो त्यसकारणले जनताले आज साच्चिकै सुखि नेपली सवृद्ध नेपालको परिकल्पना अनुशार दिशा निर्देश भएको छ, त्यो बाटोमा हामी हिड्न सकेका छौ ? सात वटा प्रदेशामा आजचाहि लगभग छ बटा प्रदेशमा प्रचुर बहुमतको सरकार छ आज राजधानी केन्द्रबाट भन्नु पर्ने अवस्था छ। आज २ वर्ष सम्म यो अवस्थामा पुग्ने अवस्था छ। त्यसकारणले हिजो हाम्रा आदरणीय सभापती शेरबाहादुर दैवा नेपाली कांग्रेसका नेपाली काग्रेसका पार्टि सभापती र त्तकालीन प्रधानमन्त्री आफुले चाहि सरकार छेदै गर्दा आफ्नो निर्वाचन सम्पन्न गरेर मुलुक मा दुइ तिहाइको हाराहारिमा लगभग चाहि प्रचुर बहुमतको सरकार लाइ राज्य जिम्मा लागाउदै गर्दा पनि तत्कालै कांग्रेसले नेताले हिजोको प्रधानमन्त्रीले आफ्नो निर्णाय लिएर मुलुकलाइ दिर्घकालीन निकाश दिन सक्ने कांग्रेस रहेछ भन्ने कुरा पुष्ठि गरेको छ कि तत्काले राज्य छेड्दै गर्दा भोली चुनैति के के आउछ थाहा छैन तर गरिएको निर्णाय त्यो दिर्घकालीन रचहि के छ भने दुर दर्शी र छ भन्नेकुरा अहिले समयले प्रमाणीत गर्दै छ।

कि राजधानी हेटौडा तोकिएको कुरा र त्यो बेलामा तत्कालीन राजधानी तोक्दै गर्दा प्रदेश प्रमुख पनि नेतोकियो भने त्यो त्याहाको प्रमाणीकरण कसले गर्छ संविधान अनुशार व्यवस्था कसले चालाउछ प्रदेशमा ? तत्कालीन नेपाली कांग्रेसका सभापती सर्द्धय प्रधानमन्त्रीले हिजोको दिन के छ भने तत्कालै चाहि के छ भने ७ वटौ प्रदेशको राजधानी तोक्नु भयो र त्यस्सै गरि प्रदेश प्रमुख पनि तोक्नु भयो त्यो त्यो तोकिएको कारणले आज हामी यो प्रदेश सभा हेटौडामा बस्न पाइरहेका छौ नत्र भने मलाइ लाग्छ आज २ वर्ष पुग्न नसक्ने आज २ वर्ष सम्म व्यवस्था गर्न नसक्केने प्रचुर बहुमतको सरकारले मलाइ लाग्छ आज काठमाण्डौको संघीयमै अर्को कतै कतै एउटा हलमा हाम्रो यो हुन्थ्यो होला हाम्रो। कुरा अहिले तथ्यले यथार्थले अहिलेको अवस्थाले

प्रमाणीत गरेको कुरा छ। त्यसकारण हामी भन्ने चाहान्छौ कि हिजो राज्यको पुर्नसरचना हुदै गर्दा इतिहास पनि हामीले सम्झिनु पर्छ इतिहासलाइ पनि हेर्नु पर्छ।

हिजो नेपालको ५ विकास क्षेत्र हुदा खेरी हटौडा १९ वटा जिल्ला तराइको बारा, पर्सा,रौतहट, सिराहा,महोत्तरी,धनुषालगाएतका ६वटा जिल्लार अहिले तत्कालीन रहेको १३ वटा जिल्ला १९ बटा जिल्लाको सदरमुकाम हिजो पनि थियो या प्रितनीहेडक्याटर देखि लिएर सेनाको प्रहरीको क्षेत्रीय कार्यलय देखि लिएर सबै तमाम कार्यलयरु हिजो यहाँ थियो यो हिसाव कितावले मलाइ लाग्छ सामारीक दृष्टिकोणले हेटौडा राजधानी हेटौडाको जनताको लागि आवश्यक कुरा होइन हेटौडाको जनताकोलगी के कुरा होला र हेटौडाको माननीयके लागि के कुरा होला र होइन यो नेपाल देशको लागि हेटौडा प्रदेशको राजधानी अनिर्वार्य थियो, अनिर्वाय छ, अनिर्वार्य रहन्छ भन्ने हिसाव कितावले आज हेर्दै जाने हो भने राष्ट्रियता स्वाधिनता, अखण्डता नेपालको सर्वभैमत्तालाइ हेर्ने हो भने हेटौडाको अनिवार्यता देखिदो रहेछ।

त्यसकारणले आज २ वर्ष पछि पनि सचिवालयले त्यो महसुस गर्यो र आफ्नो माननीयहरुले निर्णाय गर्न चाहि त्यसलाइ अन्तिम रुप दिन नसकिरहेको अवस्थामा पक्कै पनि दलिय व्यवस्था पार्टिले केहि कुरा भन्यो होला भन्छ यो स्वाभाविक प्रक्रिया हो तर प्रक्रियामा संवैधानीक प्रक्रिया भएनकी भन्ने मात्रै हाम्रो आपत्ती हो त्यसकारणले यो राजधानी मलाइ लाग्छ अहिले पनि हामिले देश लाइ बुझ्दै जानेहो भने तराइको आज बारामा हेरौं पर्सामा हरौं सर्लाहिमा हेरौं आज सर्लाहिको चाहि त्यो के छ भने नगरपुल निर हुरिवन पुल निर के छ भने जिल्ला प्रशासन राखेको भए हुन्थ्यो होला नित त्यहाँ चाहि जिल्ला प्रहरी कार्यलय त्यता रखेको भए हुन्थ्यो होलानी त किन बोर्डरको छेउमा लर मलङगवामा लगेर जिल्ला प्रहरी कार्यलय अनि त्यहा चाहि जिल्ला प्रशासन कार्यलय किन राख्यो? अनि त्यसै गरि बाराको कलहियामा चाहि किन राख्नु पर्यो रौतहटको किन चन्द्रनिगाहापुरमा राखेको भए हुन्थ्यो किन चाहि लगेर गौरमा राख्नु पर्यो हिजोको दिनमा सेना र प्रहरी किन बोर्डरको छेउ छेउमा राख्नु पर्यो प्रितन आज यहाँ छ हिजो बाहिनिपतिको कार्यलय विरगन्जमा लगेर किन राख्नु पर्यो ?

त्यसकारणले हामीले बुझ्नु पर्छ कि हामीले राष्ट्रिय स्वाधिनता अखण्डता नेपालको सबै कुरा सर्वभैमकतालाइ र आज चाहि हामीले संघियतामा लादैगर्दा खेरी संघियताको अवधारणामा हेटौडामा राजधानी हिजो किन तोकिएछ .त्यसकारणले मलाइ लाग्छ धेरै दृष्टिकोणले हिजो तत्कालिन निकास दिनु पर्ने पनि थियो र धेरै कुरा चाहिँ पुराना कुराहरुलाइ हिजोको संरचनालाइ हिजोको राज्य व्यवस्थालाइ हेर्दौ जादा खेरी र गर्न पर्ने कुरा हिजोको पनि र सकारात्मक कुरालाइ हामीले लिनु पर्छ अहिले हामीले तत्कालीन आफ्नो चाहि घर अगाडि राजधानी र बारीको डिलमा राजधानी र आँगन अगाडि राजधानि खोजेर कसैले पनि पाउदैन त्यो हुन सक्दैन यो राज्यको कुरा हो हिजोको दिनमा हामीले भन्ने हो भने नेपाल राज्यको चाहि राजधानी नेपालको राजधानी काठमाण्डौ हुदै गर्दा ताप्लेजुङ हुम्लार जुम्लालाइ काठमाण्डौ पाएक परेको छ काठमाण्डौ पाएक पर्छ त्यस कारण राज्यले निर्णय गर्दौ गर्दा कहिँ पाएक कहि अपाएक हुन्छ।

यो स्वाभावीक कृया हो यो त्यस कारणले राजधानी टुङ्गाउदै गर्दा कहिन कहि पर्छ र कहि पचासौ वर्ष विसौ वर्ष राजनिति गरेका सशस्त्र युद्ध गरेका अनि फेरी त्यसै गरि मुलुकको राणा शासन अन्त्य गर्दौ मुलुकको पुर्ण संरचनामा हिजो काङ्ग्रस हिड्दै गर्दा कम्निष्ट हिड्दै गर्दा धेरै गोता र धोका खाएर मुलुकको बारेमा धेरै हामी भन्दा पचासौ वर्ष पचासौ भोटा फटाएका नेता हरुले गरेको निर्णय कुराहरुलाइ पनि हामीले मनन गर्नु पर्छ। त्यसकारणले हाम्रो उ पनि आ आफ्नो दलको पनि ठिक हो आ आफ्नो बैठक हुन्छ दलको दलको बैठका आन्तरिक र बहस छलफल यहाँ पनि हामी पनि बोलीका दिनमा सभामुख ज्यूले चाहि के छ भनि विषय प्रवेश गर्दा खेरी आ आफ्नो कुरा हामीले दर्ज गर्न पाउछौ।

कसैले हेटौडा भन्ने,कसैले काभ्रो भन्नि, कसैले अहिले हाम्रो संसद सभामुखको सक्रियतामा हिजो समिति भनेको छ। समितिले रिपेट दिएको छ ५वटा जिल्लाको बारेमा संभवत अध्ययन गरेप सबैले आ आफ्नो कुरा भन्न पाइन्छ तर मैले बुझेको दलिय व्यवस्था मैले बुझेको यो चाहि लोकतन्त्रमा दल पनि हुन्छ दलको संसदिय दल पनि हुन्छ। संसदिय दलको विषेश परिस्थितिमा हुवीप पनि हुन्छ त्यसकारणले कसले के गर्ने भन्ने कुरा कसले स्वतन्त्र रुपमा छोड्ने कसले हुवीप लागाउने भन्ने कुरा राज्यको विषम परिस्थितिमा मुलुकको अल्पप्रणाली निर्णय गर्न हामी

जादै छौ या तत्कालीन निर्णय गर्दौ छौ या दिर्घकालीन निर्णाय गर्दौ छौ यो हामीले इतिहास लेख्ने बोला हो। इतिहास कोर्ने बेला हो र इतिहासको हामीले हेर्ने बेला हो त्यसकारणले यसको बारेमा हामीले दुइ दिन ढिलो होला चार दिन ढिलो होला दुइ वर्ष ढिला भयो अरु चार दिन ढिलो भएर के हुन्छ ? चार महिना ढिलो भएर के हुन्छ तर हामीले गरेको निर्णाय ऐतिहासिक हुनु पर्यो यो प्रदेश सभाले गरेको निर्णाय सुझवुझ हुनु पर्यो हामी सबैले आ आफ्ना विचार व्यक्त गर्न स्वतन्त्र छौं प्रदेश सभा भित्र। तर हामीले चाहि के छ भनि यसलाइ एउटा निचोडमा लिनु पर्छ र जसले हामीले गरेको निर्णायले यो प्रदेश सभाले हामीले गरेको निर्णाय दिर्घकालीन रछ हामीले गरेको निर्णाय ऐतिहासीक रहेछ र हामीले गरेको निर्णाय युग युग सम्म पुस्ताले हेर्न लाएकको रहेछ भन्ने कुरा हामीले बुझ्न जरुरी छ जस्तो मलाइ लाग्छ।

किन कि हामीले सबैको भए भरको दैलामा व्यक्तीगत रुपमा सबैलाइ चाहि के छ भनि सुविधा सम्पन्न भएका आर्थिक रुपमा सम्पन्न भएका चाहे कर्मचारी हुन चाहे फोर्सका मान्छे हुन् चाहे राजनितिक हुन सबैका काठमाण्डौ भ्याली भित्र सबैका निवास हुन्छ सबैको घर भ्याली भित्रै हुन्छ लगभग देशको जनसङ्ख्याको ३० देखि ४० प्रतिशत जनसङ्ख्या को उपस्थिति भ्यालीमा छ। सबैको शिक्षा र स्वास्थ्यमा दृष्टिकोणले हुने र खाने सबै दृष्टिकोणले काठमाण्डौमा बनाएका छन् नहुनेले पनि अफ्ठोरो अवस्थामा काठमाडौ तिर भ्याली भित्र बसेको अवस्था छ तर के छ भनि व्यक्तिगत रुपमा त सबलाइ काठमाडु व्यक्तिगत रुपमा हेर्दा खेरी राजधानी भ्यालीको आसपासमा भैदियो भने सुविधा होला आफ्नो लागि। तर हामी पहिला देश हेर्नेकी आफू हेर्ने पहिला समाज हेर्ने कि पहिला के छ कि आफुलाइ हेर्ने ? त्यसकारणले देशलाइ हेर्ने पर्यो प्रदेश को राजधानी कहाँ रहनि र कहाँ नरहनि कुरा भन्दा पनि देश।

भोली हाम्रो देश नेपाल र हाम्रो देश भित्रको प्रदेश कहाँ हुने भन्ने कुरा देश लाइ हरेर हुन्छ जस्तो मलाइ लाग्छ त्यस कारणले हिउदे अधिवेशन को मैले शुभकामना मनतव्य व्यक्त गर्दौ गर्दा हामी गम्भिर रुपमा यसलाइ चाडौ छिनो फानो गर्नु छ। यो विषयमा हामी धेरै अगाडि अब अलमलिने समय पनि छैन अब हामीले धेरै मुलुकको के छ भनि जनताको भावना बमोजीमा अगाडि बढ्नु पर्नु पर्ने पनि छ राजनिति भित्र पार्टि दल फरक हुन्छ।

तर संवद्धीको एजेण्डा मुलुकलाइ निकाशदिने कुरामा नेपाली काङ्ग्रेस हलल छैन। नेपाली कांग्रेसलले अहिले कसैले कांग्रेस लाइ भन्छ संसदमा प्रदेश देखि आज केन्द्रसम्म कांग्रेस निरिर्यहो की कांग्रेस कहि निदाइ रहेको हो कि कांग्रेस कहि चाहि कमजोर भएको होकि भन्छन काङ्ग्रेस कमजोर भएको छैन उकास्नि लि उकास्दैमा कांग्रेस लै लैमा लागेर हिड्दैन यो व्यवस्था फेला गर्न खोज्नेहरु पनि यो व्यवस्था भित्रै बसेर यहाँ आज चाहि यहि भित्र चाहि यो व्यवस्थालाइ कमजोर गर्न खोज्ने हरु छन्। यो व्यवस्था त्यति सजिलो आएको छैन यो व्यवस्था धेरै लामो द्धन्द व्यवस्थापन गर्दों मुलुकको एउटा निकास दिएर संघीय व्यवस्थामा गएको छ।

हामी पुरानै अवस्थामा फर्काउन खोज्ने पनि तत्वको खोल हुन सक्छ। त्यसकारणले हामी बकाउमा लाग्ने र काङ्ग्रेस चाहि कसैले उकास्दैममा टाएर बाल्न रोडमा निक्लिदैन, कसैले उकास्दैमा कांग्रेस माएक हातमा मान्चमा चाहि केरे प्रदेश सभामा र केन्द्रिय सभामा लाग्दैन कांग्रेस जिम्मेवारी पूर्ण ढ्ङ्गले आफ्नो अभिव्यक्ति राख्छ जिम्मेवारी पूर्ण ढङ्गले आफुले गर्ने पर्ने कुरा गर्छ त्यसकारणले हामीलाइ कसैको आग्रह पूर्वाग्रह छैन हामी स्वतन्त्र नेपाली को नेपालको प्रगतिमा र स्वतन्त्र नेपाल र अखण्डाता नेपालमा स्वाधिनताको पक्षमा हामी लडाइ हिजो राजा संग लड्यौ हामी कम्मूनीष्ट संग हातेमालो गर्दों नेपालको संमरिद्धको खोजिमा हामी संग संगै हिडेको हो। यो कुरा इतिहास साक्षि छ वर्तमान यहिले तथ्यले प्रमाणीत गर्छ भविष्य अझै हेर्न बाकी छ त्यसकारणले यो राजधानीको बारेमा धेरै नामका र टिका टिप्पणी मा कसैले हाम्ले आफु भित्र आ आफ्नो अभिव्यक्तिमा कसैले हुन दिन्छु।

भने होलान कसैले हुन दिन्न भने होलान, कसैले हटौडा हुनु पर्छ भने होलान, कसैले अन्त्यै हुनु पर्छ भने होलान तर जे जे पनि स्वतन्त्र हामी माननीय छौं हामी अभिव्यक्ति मिडियामा हामीले प्रदेश सभामा भन्ने पाइन्छ तर हामी सबैले भन्दछौ आ आफैले दर्ज गर्छौं तर यर्थार्थ कुरा हामी ले इतिहास सम्झिउ वर्तमान को अवस्था वुझै वर्तमानमा आज धेरै चुनौती छ आज राज्यको केन्द्रिय गभर्मेन्टले छ महिना लागि सक्यौ १५ प्रतिशत बजेट खर्च भएको छैन। आज प्रदेश सरकारको ५ प्रतिशत बजेट खर्च भएको छैन। असार देखि आज गनुहोस माघ चाहि अब आउन लागि सक्यो पुष जान लागि सक्यो छ महिना भैसक्यो आज ५प्रतिशत बजेट खर्च भएको छैन

हिजो पहिलो वर्षत हामीले भन्यौ प्रशासनीक व्यवस्था पनि यो हो। पहिला जन्मेको यो हो पहिला जन्मेको भर्खर १/२ वर्ष को हो प्रदेश तर केन्द्र सरकार जन्मेको आज भन्ने हो भने ५०औ वर्ष भयो संघीय व्यवस्थामा माथि पनि १५ प्रतिशत खर्च भएन हामीले कर्मचारी संयन्त्रलाइ आज ठिक ढङ्गले चलाउन सकेनौकि ? हाम्रो निति निर्माण ठिक भएनकि त्यहा पुर्नर विचार गर्ने हो कि प्रदेश पनि हामी दोस्रो वर्षमा हामी रनिङ् अब बजेट, गैसक्यो ५ प्रतिशत खर्च भउको छैन पुजिंगत बजेट कर्मचारीले खाने र गोष्टि गर्ने त ४० प्रतिशत भयो होला तर पुजीँगत जनताको विचमा जाने बजेट जनताको विचमा खर्च हुने बजेट, आज सम्म ५ प्रतिशत भएको छैन यो वर्षको। अनि हामीले राजधानीको कुरा टुङ्गाउन सकेको छैनौ जनताले हेरिरहेका छन प्रदेश सरकारलाइ। हामीलाइ हेरिरहेका छन।

त्यसकारण ले यो विषय टुङ्गाउन पर्ने छ। यसलाइ मैले भनि हाले हेटौडा बासीलाइ मकवानपुर बासीलाइ प्रदेश को राजधानी,यो प्रदेश भित्र जाहाँ रहादा पनि हामी सबै नेपालीको कांग्रेसको माननीयलाइ पनि। जहाँ रहेपनि यो १३ जिल्ला भित्र रहने हो त्यो रहने मा हामीलाइ केहि छैन तर देशको लागि प्रदेशको राजधानी हेटौडा आवश्यक छ। यो कुरा हामीले चाहि के छ भनि त्यसै भनेका होइनौं र आज त्यसै सचिवालय बाट निर्णय पक्के पनि निर्देशनको लागि नभएको होइन होला त्यसकारणले यो राजधानी विषय चाहि मलाइ लाग्छ हामीले जे गरे पनि हामीले के छ भने सबै कुरालाइ हेरेर समाझदारीमै हिजो सहमती सहकार्य एकतामा संविधान जारि गरियो। प्रदेश सभामा हामी यसलाइ यो कसैको व्यक्तिगत विषय होइन यो साझा विषय हो त्यसकारणले राजधानी हामी सबैको सर्वसब्वत रुपमा राजधानी पनि टुङ्याउ।

नामाकरण पनि सर्वसम्मतिमा टुङ्गाउ कुरा त ५ओटा काभ्रे, मकवानपुर, चितवन छ अनि त्यसै गरि भक्तपुर छ अनि नुवाकोट छ। राजधानी को अहिले चाहि आएको त्यसैले नाममा पनि साथीहरुले बजारमा छरप्रष्ठ आएको छ। नेवा ताम्सालीङ्गनको कुरा पनि छ बागमति त आइसकेको छ त्यस पछि त के छ भनि त्यसै गरि अहिले काष्टमाण्डप, चाहि नेपालमण्डल पनि छ धेरै हरु आएको छ लाङटाङ धेरै कुराहरु वजारमा आएको छ। धेरै कुरा हरु मिडियामा आएको छ।

त्यसकारणले हामीले पहिचानको कुरा गर्ने हो, हामीले संघियताको कुरा गर्ने हो हामीले चाहि द्धन्द मेटिने चाहि पहिचान भेटिने कुरा गर्ने हो, भने हामी सहमतीमा जे पनि चाहि हामी सल्लाह गरेर प्रदेश बाट जुनसुकै निर्णाय बाट हामी अगाडि बढ्न तयार छौ सहमती गरेर जानलाइ। तर के छ भने हामीले देश बुझ्झौ हामी सबैले गम्भिर ता पुर्वक सुझौं हेटौडा प्रदेशको राजधानी देशको लागि चाहिएको छ। यो प्रदेशको लागीत यो अनिर्वार्यरुपमा देखिएको अवस्था छ भन्दै यो प्रदेशको यो अहिले हिउदें अधिवेशनको शुभकामना, सफलताको कामना गर्दौ मेरो दलमा नेपाली काग्रेस मा एक जना सदस्य हाम्रो कृष्णलाल भडेल यो प्रदेश सभामा थपिनु भएको मा उहाँलाइ हार्दिक बधाई यहाँ बाट दिन चाहादै यहाँ बाट उहाँको यो प्रदेश सभामा सशक्त रुपमा आफ्नो क्षेत्रको रुपमा लिएर जनताका कुरालाइ लिएर निकै खरोरुपमा उत्रिनु हुन्छ भन्ने विश्वास राख्दै यो प्रदेश सभाको हार्दिक यो हिउदें अधिवेशनको शुभकामना व्यक्त गर्दै विदा हुन्छु धन्यवाद जय नेपाल।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु अब म प्रदेश सभाको पाचौं अधिवेशन सफलताको शुभकामना व्यक्त गर्न माननीय रमेश पौड्याललाइ अनुमति दिन्छु।

**<u>माननीय रमेश पौड्याल (विवेकशील साझा पार्टी)</u>:-** माननीय सभामुख महोदय, पाचौं अधिवेशनको यो हिउँदे अधिवेशनको शुभकामना मन्तव्य दिन यहाँ उभिदै गर्दा खेरी यस विचमा धेरै लामो समय पछाडि सबै माननीय सदस्य ज्यूहरु सँग भेटघाटको पनि अवसर जुरेको छ।

र त्यसकालागी शुभकामना म सुरुमा नै दिन चाहान्छु। र आजै मात्र हाउसमा प्रवेश गर्नु भएका माननीय कृष्णालाडेंल ज्यूलाइ पनि म शुभकामना दिन चाहान्छु। आजको दिनमा धेरै तितो कुरा गर्न नपरे हुन्थ्यो त्यस्तो अपेक्षा ममा पनि थियो सभामुख महोदय तर हाउस नचलेको बेलामा गाँउ वस्तीहरुमा जादै गर्दा खेरी डुल्न जादै गर्दा खेरी नागरिकहरु सँग भेटेर अन्तक्रिया गर्दै गर्दा खेरी एउटा प्रश्न चाहि सधै आउने गर्छ यो प्रदेश ले के गरिरहेको छ।

यो प्रदेश भन्ने संसद पनि छ यो प्रदेश भन्ने सरकार पनि छ तर यसले ठ्याक्कै यसले के गरिरहेको छ प्रश्न त्यहाँ निर आईरहेको छ। मलाइ लाग्द छ धेरै माननीय सदस्य ज्यूहरुले पनि

यो प्रश्न व्यहोरेको हुनु पर्छ। यो अहिले हामी प्रदेश सभाको कार्यकाल दुइ वर्ष व्यतीत गर्दै गर्दा खेरी यो प्रश्न लाइ साचिकै गम्भिर भएर सोच्ने हो भने यो प्रदेश संरचनाले के गरिरहेको छ त। यहाँ कुरा आइसकेको छ यसले आफ्नो नाम राख्न सकेन आफ्नो राजधानी तोक्न सकेन यो त ठुलो कुरा भयो मोटो राजनितिक विषय भयो त्यस भन्दा मसिनो विषयहरुमा यसले के गर्न सकेको छ त मैले हेर्दा खेरी सभामुख महोदय आशावान हुनु भन्दा निराशातिर चाहि जाने धेरै कुराहरु देखेको छु।

म एउटा मात्र प्रतिनिधि घटनालाइ लिएर कुरा गर्न गर्न चाहान्छु। गएको तीन महिनामा सिन्धुपाल्चोक जिल्लामा ठुला ठुला सवारी दुर्घटाहरु भए। असोजको विस गते बडरे भन्ने ठाँउमा दुर्घटना भएर ११ जनाको मृत्यू भयो ४० जना भन्दा बढि घाइते भए।

कार्तिक १७ गते सुकुटेमा चाहि १७ जनाको मृत्यू भयो त्यँहा कयौं घाईते भए। मंसिर २९ गते खाडि चौरमा देवि खण्डको ६ किलोमा चाहि दुर्घटना हुदा खेरी वस दुर्घटना हुदा खेरि १५ जनाको मृत्यू भयो १४ जना घाईते भए। यो त एउटा प्रतिनिधि घटना मात्रै हो अब हामी यहाँ के सुन्छौ भने प्रदेश संसद किन बस्नु पर्यो किन भने मुद्दा नै छैन किन स्थिति त्यस्तो होत यदि जिम्मेवार सरकार हुन्थ्यो भने सहि अर्थमा लोकतन्त्र हुन्थ्यो भने लोकतन्त्र भनेको उत्तरदायि शासन व्यवस्था हो।

कसैन कसैले त्यसको जवाफ देहिता उत्तरदायीत्यव वहन गरेको हुन्छ सभामुख महोदय,तर हामीकाहाँ के देखि यो भन्दा खेरी दर्जनै मान्छे हरुको चाहिँ दुर्घटनामा मृत्यू भैरहदा खेरी पनि कैयौं मान्छेहरु घाइते भइराख्दा खेरी पनि त्यस प्रति संवेदनहिनता देखियो जवकी प्रदेश परिवहनको अधिकार यातायातको अधिकार आफ्नो अधिकार भएर यसले चाहि ऐन सहित बनाएर कार्यन्यवनमा गहिरहेको स्थिति छ। सिन्धुपाल्चोकको बडरे घटनाको बारेमा कुरा गर्दा खेरी त्यहाँ ३४ सिट भएको बसमा १११ जना मान्छे जढेको भनेर रिपेट आएको छ। प्रशासनको तर्फबाट। भने यहाँ जिम्मेवारी कसैले लिनु पर्दैन?

हामीले हिजो सम्म पढ्दै आएको लोकतन्त्र यो उत्तरदायी यो जनउत्तरदायी शासन व्यवस्था हो भनेको पाठ्यपुस्तक अब बदल्नु पर्ने होकि? यो केहि प्रति उत्तरदायी हुनु नपर्ने

व्यवस्था हो। भनेर लेख्नु पर्ने होकि। यदि होइन भन्देखी प्रदेश सरकारले आफ्नो अधिकार भित्र रहेको विषयमा किन आज सम्म केहि पनि गर्न सकेको छैन। त्यो घटना कसरी भयो भनेर अध्यायन गर्न किन सकेन त्यहाँ दोषी को को हुन भनेर अध्यायन गर्न पत्ता लगाउन किन सकेन दोषीलाइ कारबाहि गर्न किन सकेन ? र ति पिढित निर्दोश मान्छेहरु मारिएका छन जोघाइते भएका छन तिनिहरुका पक्षमा अब आइन्दा यस्तो घटानाहरु दोहोरीन नदिन कदम उचाल्न किन सकेन। मैले धेरै ठुलो कुरा गरेको छैन सभामुख महोदय मैले प्रदेशको आफ्नो अधिकार क्षेत्र भित्र रहेको विषय मा के गर्न सक्यो भनेर मैले मात्रै प्रश्न उठाएको छु।

यी सबै कुराहरु हेर्दौ गर्दा खेरी आशा भन्दा निराशा नै व्यापक रुपमा देखिन्छ र त्यहाँ प्रदेश सभाले आफ्नो कार्यकालको आधाआधी समय गुजारी सक्दा खेरी यो स्थिति व्यहोरी राखेको छ। यहाँ भख्खरै आकँडा पनि सुनियो बजेट खर्च गर्ने मामलामा पनि आयन निराश जनक उत्थान नाजुक स्थिति छ भनेको यसरी चाहि हामीले देखेको संवृद्धी को सपना कसरी पुरा होला र कहिले पुरा होला। र हामी यसमा औपचारीक हिसाबले मात्रै सिमित हिसाबले मात्रै मिटिङहरु राख्ने र यस्ता जल्दा वल्दा नगरिक सँग प्रत्यक्ष जोडिएका विषयहरुमा चाहि आफ्नो धारणा नदिने प्रदेश सरकारले प्रदेश संसदले त्यसमा सक्रियता नदेखाउने हो भने प्रदेशको औचित्य माथि आमनागरिकले उठाउदै गरेको प्रश्नको जवाफ भोली कसले दिन्छ र कसरी दिन्छ यो अहिलेको आम प्रश्न छ सभामुख महोदय।

म यो हिँउदे अधिवेशनको जुन कार्य सुचिको रुपमा जुन अहिले स्थाइ राजधानी र यो नामाकरणको विषय जुन अघाडि आएको छ। यो मलाइ थेरै संका कहाँ निर छ भने यस्तो विषयमा आज भन्दा पनि अगाडि संसदमा जिम्मेवार निकाएबाट अभिव्यक्तिहरु रेकार्ड भएका छन र तिनलाइ कार्यन्वयन गरिएको छैन। कहिले १५ दिनमा टुङ्गिन्छ भनिएको छ कहिले यहिँ अधिवेशनमा टुङ्गिन्छ भनिएको छ।

कहिले दुइदिनमा टुङ्गिन्छ भनेको छ तर भएको छैन अव फेरी पनि आशा गर्नुको विकल्प छैन। अव यो हुन्छ भनेर आशा गर्नुको विकल्प छैन। म यहाँ निर के भन्ने चाहान्छु भने यो निर्णाय कसले गर्ने हो मलाइ के लाग्दछ भने संसदको लिडर भनेको मुख्य मन्त्री ज्यू हो यो

प्रदेश सभाको संविधान भनेर उहाँले व्याख्या गरिसके पछि स्वाभाविक रुपमा सधनको लीडरले यसमा लिड गर्नु पर्ने हुन्छ। निर्णाय दिनको लागि। यहाँले सक्नु भएन भने यहाँले कहि गएर सोध्नु भयो भने उहाँ को कुराहरु होलान पार्टिको कुन निकाएमा सोध्नु भयो। तर म के प्रस्ताव राख्न चाहान्छु भने अब सोधधा खेरि उभो फर्किएर होइन पोलिट ब्यूरो स्थाइ समिति सचिवालय तिनितिर फर्केर होइन स्टालिङ थालिन केन्द्रिय ताको अभ्यास तिर हामी लागेर कहि पुगुदैन।

अब भुइ तर्फ फर्केर सोध्यौ कि १३ जिल्लाको आमनगरिकलाइ घर घरमा गएर प्रश्न गरौं उहाँहरुले कहाँ भन्नु हुन्छ त्यहाँ निर चाहि तोकोन राजधानी त्यो अभ्यस यो मैले राखेको नौलो प्रस्ताव होइन सभामुख महोदय। हामी ले संविधान जारी गर्दौ गर्दा पनि आमनागरिकको राय बुझ्नी भनेर चाहिनि सबै संविधान सभाका सदस्यहरु गाउँ गाउँ जानु भएकै हो यदि हामीलाइ ११० जनालाइ निर्णाय को कठिनाइ छ भने भोली जाउन १३ वटै जिल्लामा हरेक टोल टोलमा गएर राय संकलन गर्यौ। त्यस पछि त्यो रायलाइ एउटा टुङ्गोमा पुर्याउ तर सधै उभो फर्कोर हेरेर मात्रै समस्याको समाधान हुन्छ जस्तो लाग्दैन त्यो उल्टो बाटो हो जस्तो लाग्छ त्यसले गर्दा आमनागरिक समक्ष जाउ म यो अनुरोध गर्न चाहान्छु।

अन्त्यमा पून एक चोटि यो अधिवेशनको शुभकामना व्यक्त गर्दौ आफ्नो भनाइ यहि अन्त्य गर्दछु धन्यवाद नमस्कार।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु अब म प्रदेश को पाचौं अधिवेशन सफलताको शुभकामना व्यक्त गर्न माननीय सुरेन्द्र राज गोसाइँलाइ अनुमती दिन्छु।

**<u>माननीय सुरेन्द्र राज गोसाइँ (नेपाल मजदुर किसान पार्टी)</u>:-** सभामुख महोदय, हामी पाचौं अधिवेशनमा छौं यो हिउदें अधिवेशनको शुभकामना दिन यहाँ उभिरहदा देश जनताका अनेक सवालहरुले घेरीरहेको अनुभाव गर्दौ छु।

जनता हामी तिर आशा अपेक्षाले हेरेको भन्दा पनि आक्रोसित भैरहको यर्थार्थले सताउदै छ। जनताको आन्दोलन बाट स्थापित संघिय व्यवस्था आज असफलता र अर्कमणताले घेरीएको देख्रे जनता आज भन्दै छन हिजो यो देशमा स्थानिय निकायलाइ स्वात्तार विकेन्द्रिकरण दिए पुग्छ

भनिएको थियो त्यहि व्यवहारीक उपाय भएको पुष्टि हुदै छ। संघियतामा देश प्रवेश गरेको १२ वर्ष वित्तिसक्यो अझै शासक दल र तिनका नेता को मनमा कुन संघियता किन पस्दैन मानसिकतामा संघियता किन अटेन। संघियता आज सम्म पनि निल्नुन ओकल्नु हुनु को कारण के हो यति धेरै अलमल अष्पस्ठता आज सम्म किन? शासक दलको नेताको चस्माले प्रदेश लाइ अझै किन पन्चायती अन्चल देख्छ शासक दलहरुले कार्यशैली व्यवहार अभिव्यक्तिले आज संघीयता उपहास गरिरहेको यो छोटो अवधिमा हामीले बारबार अनुभव गरिसकेका छौं। स्थानिय तह र प्रदेश लाइ बन्दक बनाएर प्रजातन्त्र हुर्कन बढ्न सक्दैन। देशमा संघियताको प्रश्न उठ्ने वित्तिकै हामीले देशको अखण्डता तथा सर्वभैमिकताको रक्षा,सन्तुलीत विकासको सुनिश्चतता भुगोलको आधारमा राज्यको संरचना आदिमा विषेश जोड दिनु तर्फ म ध्यानाकर्षण गराएका थियौ।

प्रदेश हरुको नामाकरण गर्दा जातिय तथा भाषिक द्वन्द ननिम्तीने गरि इतिहास भुगोल, संस्कृती,सभ्यतालाइ र जनभावनालाइ उत्प्रेरित उच्च कदर गर्दौ संवेधनशिलता र दुरदर्शिताका साथ पाइला चाल्नु पर्ने सुझाव राख्यौ। प्रदेशको नाउले प्रदेश वासिको गौरव बढाओस आफ्नो गौरवको अनुभुति जागोस। विभाजनको गन्ध फैलाउने र अन्त्यहिन विवादको विउ नवनोस प्रदेशको नाम। प्रदेशको राजधानी काठमाण्डौ उपत्यका भन्दा बाहिर राखेर जनताको सन्नतुलीत विकासको चाहानालाइ संवोधन आवश्यक छ। भनि आरम्वदेखि हाम्रो आफ्नो अभिमत जहेर गर्दौ आएको जगजाहेर छ। नेमोकिपाले देशको सुन्तिलित विकास र देशवासीको व्यपकहितको निम्ति केन्द्रिय राजधानी समेत दाङमा सार्ने प्रशताव यहाँहरु समक्ष जगजाहेरै छ। सान्दर्भिक छ। शासक दल र तिनका नेताहरुले जनताको मनोविज्ञान संग खोल्दैछन।गलत मानसिकताको विकास गर्दैछन।

राजधानी बनाउन सके मात्रै विकास हुन्छ नत्र हुदैन समाजलाइ हामी कतातिर ढोर्रहि रहेका छौं। सरकार पक्षपाती हुने छैन सम्पूर्ण ठाउँहरेक भूभाग मा सरकारले समान दृष्टि पुर्याउछ भनेर जनतालाइ अझै विश्वस्त बनाउन किन सकिएन राजधानी नबनाइ निकास सम्भव छैन भन्ने मनोविज्ञान विकास हुनुमा स्वायम शासक दल दोषी छन। तिनको नेतृत्व दोषी छ

जिम्मेवार छ। दलगत पक्षपात दृष्टिकोण जिम्वार छ सभामुख महोदय संवेदनशिल नेपाली जनता आज आश्चर्य चकित छन देश नयाँ नयाँ संकट फस्दैछ देशमा भारतीय विस्तावादको हस्तक्षेप बढ्दो छ। अमेरीकि संराज्यवाद को चलखेलले सिमा नाग्दै छ। तर मेरो सरकार यतिको मोहजालमा मग्न छ। मेरो प्रदेश न्वारन र बासको चिन्तामा नै छ।

लिम्पियाधुरा, कालापानी,लीपुलेक मा भैरहेको भारतीय अतिक्रमण नेपाली जनताको चासोको मुख्य विषय हो। ती नेपाली भुभाग समेटेर भारतले हालै जुन नक्सा प्रकाशन गर्यौ त्यो हाम्रो निम्ति स्विकार्य छैन भारतको नयाँ नक्सा खारेज गर्नु पर्ने आवाज सार देशभक्त नेपाली ले दिइरहेका छन। कालापानी क्षेत्रबाट नेपाली क्षेत्र बाट भारतिय सेना हटाउनु चर्को दवाव आवश्यकता छ। नेपालको जमिन नेपालकै बनाउनु सम्पूर्ण नेपालीको एक मन एकता साझा सङ्कल्प सार्वभैमिकताको रक्षाको आन्दोलन आज आवश्यक छ। भारतले हालै कालापानी आफ्नो रहेको झुटो दाविगरेको समाचार सर्वजनिक भयो नेपाल सार्वभैमिकता माथिको यो ठोडो हस्तक्षेप हो। चारै तिर बाट भारतको मिचाहा प्रवृत्ती हस्तक्षेप कार्य निती आदि कार्यको व्यापक विरोध गर्न ढलो भैसक्को छ। प्रदेश सरकार पनि आफ्नो क्षेत्र बाट संवेदनशिलताका साथ उठोस र आफ्नो कर्तव्य पुरागरोस भन्ने आग्रह र अनुरोध छ। देश भक्त जनताको यहि अपेक्षा एवम आवहान छ जनतासंग स्वारमा स्वार मिलाएर प्रदेश सरकार पनि बोलोस लिम्पियाधुरा हाम्रो हो कालापानी र लिपुलेक पनि हाम्रौ हो।

भारतीय सेना कालापानी छोड आज देशमा चिन्ताको र चर्चा मिलिनियम च्यालेन्ज कर्पोरेसन एम सि सि र समग्र अमेरीका को एसिया प्रश्न्त रणनिति छ। सहयोगको नाममा अमेरीका नेपाल आफ्नो संराज्यवादी पन्जा फैलाउदै छ। एसियामा द्धन्दको उत्तेजना फैलाउन युद्ध भड्काउन एसियाली संग एसियाली भिडाउन खोज्दै छ। ५५ अर्वको लोभ देखाएर नेपाललाइ रणभुमिमा परिणत गर्ने बैधानीकता खोज्दै छ। नेपाललाइ अमेरीको अर्को अफगानिस्तान वनाउन सचेत नेपालीले बेलैमा ध्यान पुर्याउन आवश्यक छ। वर्षको ५५ अर्वको रकमको निम्ति स्वाभिमान बोच्नु पराधिनता स्वाकार्नु कुनै हिसाबले पनि उचित होइन।

एक वर्ष भ्रष्ट्रचार रोक्न सके अरु संग भिक माग्नु पर्दैन त्यती रकमको निम्ति विदेशि सामु झुक्नु र गलत काम गर्नु पर्ने छैन। अमेरीका संग एम सि सि हस्ताक्षर गर्ने मन्त्री र तिनको दललाइ माफि दिन अस्विकार गर्ने छन। इतिहासको कठघरामा एक दिन अवश्य उभिएइने छ सभामुख महोदय सार अमेरीकाको संराज्यवाद चरित्र आज एका एक देखीएको जरुर होइन सहयोग प्रजातन्त्रर मानवअधिकार नाउँमा उ जहाँ जहाँ पुग्यो आज ती सम्पूर्ण भुभाग या देश अशान्त छन वर्वात भएका छन जनता आक्रान्त छन। इराक अपगानीस्तान, लिविय, सिरिया,यसका ज्वालन्त उदाहरण हुन यदि मानवअधिकारको उसको नारा झुटा सवित भैसकेको छ। तसर्थ नेपाल को सन्दर्भमा भन्ने हो भने एम सिसि अगाडि बढाउनु भनेको छिमेकि देश प्रति मित्र घात हुने छ। नेपाल स्वायम अमेरीकि सेनाको निम्ति एक चावि बन्ने छ।

नेपालको निम्ति त्यो आत्महत्या हुने छ मित्र हत्या र आम्महत्याको कुनै अपराध कुनै पनि बुद्धिमानी नेपालीको निम्ती स्वाकार्न्य हुने छैन। अमेरीकाले अणविक सैझौता गरेको इरानको स्थिति ताजै छ। जुन देश भित्र अमेरीकाले मित्रताको हात बढाउछ त्यो देश धोस्त भएका उदाहरण धेरै छन त्यसको उदाहणको लिस्ट यति धेरै लामो छ उसँग जति टाढा रहन सक्यौ त्यती त्यो देशको शान्ती प्रगती र अमनचेन कायम रहन्छ इतिहासले दिएको शिक्षा यहि हो अहिलेलाइ यसैको विश्वास गर्दछु। अन्तमा हिउदैं अधिवेशनको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु। हस्त धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु प्रदेश सभाको पाचौ अधिवेशन सफलताको शुभकामना व्यक्त गर्न माननीय रिता माझीलाइ अनुमति दिन्छु।

**<u>माननीय रिता माझी (राष्ट्रिय प्रजातन्त्र पार्टी)</u>ः-** माननीय सभामुख महोदय,आज हामी प्रदेश सभा प्रदेश नम्वर ३ को हिउँदे अधिवेशन को। पहिले बैठकमा छौ पाचौं अधिवेशनको यहाँहरुलाइ र सराकारलाइ यो हिउँदे अधिवेशनको हार्दिक हार्दिक सफलताको शुभकामना दिन चाहान्छु। वास्तवमा हामी पाचौ अधिवेशनमा प्रवेश गर्दै छौ तर प्रदेश सभाले गर्नु पर्ने महत्वपूर्ण निर्णय हरु गर्न बाकिँ नै छन। तर हामी आज कहाँ अल्झिरहेका छौ यो अल्झिरहेको जुन गाठो

छ यसलाइ फुकाउन का लागि शक्ती मिलोस ताकि प्रदेश सभामा रहेको दुइ तिहाइको बहुमत सरकारले आज सम्म किन आम प्रदेश बासीलाइ अल्मलाइ रहेको छ। यो प्रश्न कानमा गुन्जिरहेको छ।

म यहि विचमा के भन्न चाहान्छु भने लामो समय सम्म सधन वस्न सकिरहेको अवस्था थिएन। हामीले आम जनताको समस्या आम जनताहरुले भोग्नु परेको भोगाइलाइ यो सधन मार्फत सरकारलाइ पुर्याउन सकिरहेको अवस्था थिएन। किन आज सरकारले साच्चै जनताको समस्यहरु सुन्न नचाहेकै हो? अथवा प्रदेश सभामा आम संसदहरुको काम नपाएर आम संसदहरुले विज्नेस नपाइएर यो सधन नवोलाइएको हो। यदि प्रदेश सभामा प्रदेश सरकारको आवश्यकता र काम छैन भने किन संघियता लादिय किन हामी संघियताको कार्यन्वयन तिर जादै छौं। वास्तवमा संघियताले यो प्रदेशमा संसदहरुको काम छैन भने किन संघियता लाइ भङ्ग गर्नु पर्छ भन्ने मेरो माननीयता रहेको छ मेरो दलको माननीयता रहेको छ। यदि हामीलाइ दिएको अधिकार पनि हामी यो संसद मार्फत प्रयोग गर्न सक्दैनौं हाम्रो अधिकार चाहि प्रयोग गर्न सक्दैनौं हाम्रो अधिकार प्रयोग गर्नको लागी हाम्रो पार्टिको मुख ताकेर बस्छौ भने यो संसद को किन आवश्यकता छ?

किन प्रदेश संसदहरुलाइ निर्वाचित गर्न आवश्यकता छ ?यो प्रश्न प्रदेश सरकारमा रहेका सरकारका मन्त्रीज्यूहरु र मुख्यमन्त्रीज्यूहरुले दिन जरुरी छ। त्यती मात्र होइन म प्रदेश सरकारलाइ के भन्न चाहान्छु। भने अहिले को यो दुइ तिहाइको सरकार चालाउदै हुनुन्छ यहिले यहाँ ६६ वटा प्रत्यक्ष निर्वाचीत माननीय ज्यूहरु हुनुन्छ साच्चै तपाइहरुले एउटा ठुलो अन्याय गर्नु भएको छ। प्रदेश सरकारले किन भने ४४ जना माननीय सांसदहरुलाइ १३ वटा जिल्ला बाट प्रतिनिधित्व गर्ने १३ वटै जिल्लाको मत बाट आएको माननीय सांसद समानुपातिक सांसदहरुलाइ तपाइ हरुले कुन अधिकार कुन संविधानको ऐन कानुन वा कुन दफाको आधारमा त्यो सांसदहरुलाइ फेरी जिल्लाको एउटा क्षेत्रमा चाहि कुन्ठित गर्नु भयो ति जिल्ला को एउटा क्षेत्रमा स्थानीय पूर्वाधार विकास कार्यक्रम अन्तर्रगत त्यो जिल्लाको यो क्षेत्रमा बस्न चाहान्छु भन्ने पत्र नपढाए सम्म तपाइहरुले बनाएर दिएको कार्यविधि स्थानिय पूर्वधार प्रत्यक्ष सांसद ज्यूहरुले

मात्र बढ्न पाउने ३ करोड पैसामा हामी सहभागि हुन हामीलाइ बाध्य बनाइयो। त्यो बाध्य बनाउन अधिकार कहाँबाट पाउनु भयो प्रदेश सरकारका मन्त्रीहरुले मुख्य मन्त्री ज्यू यदि तपाइहरुले त्यो हाम्रो अधिकार खोस्दै हुनुन्छ भने हामी त्यो एउटा निर्वाचित क्षेत्र बाट निर्वाचित भएका होइन। हामी १३ वटा जिल्लाबाट आएको सांसद हो।

यो अधिकार तपाइहरुको खोस्ने अधिकार छैन त्यसकारणले यो भुल यो गल्तीलाइ सच्चाउन जरुरी छ। त्यती मात्रै होइन सम्माननीय माननीय सभामुख ज्यू म प्रदेश सरकार समक्ष के आग्रहगर्न चाहान्छु भने प्रदेश सरकारले भ्रष्टचार शुन्य सहनशिलताको लक्ष्य लिएको छ। एउटा कितावै प्रकाशन गरेको छ साच्चै यो भ्रष्ट्रचार अन्त्य हुन्छ त? यो ३ करोड पैसा जो स्थानिय विकासपूर्वधार को नाममा वढ्दै हुनुन्छ त्यो ३करोड पैसाले ६६जना माननीय ज्यूहरुलाइ प्रत्यक्ष रुपमा भ्रष्ट्रचारी बनाउदै छ। यो प्रति होसियार रहनु होस किन भने तपाइ आफैले दिएको ३ करोडको ले आफ्नै सांसदलाइ भ्रष्ट्रचार बनाउदै छ भने कस्तो कसरी शुन्य सहनशिलता हुन्छ भ्रष्टचारको अन्त्य कसरी हुन्छ यदि बास्तवमा प्रदेश नम्वर ३ को दुइ तिहाइको बहुमतको सरकार साच्चै जनताप्रती जिम्मेवार जनताप्रती जवाफदेहि छ भने त्यो खालको कामहरुलाइ अन्त्य गर्न जरुरी छ।

यदि अन्त्य गरिदैन भने प्रदेश सरकार आफै बोल्दै जान्छ। आफ्फै भ्रष्ट्रचारको दलदलमा फस्दै जान्छ त्यसकारणले यो हिउँदे अधिवेशनमा यो कार्यलाइ सञ्चाएर लानका लागी पनि शक्ती मिलोस भन्न म चाहान्छु। यति मात्रै होइन अहिले हाम्रा प्रदेश का मन्त्री ज्यूहरु साञ्चै काम पाइ राखु भएको छ कि छैन ? मलाइत कताकता लाग्छ प्रदेश सरकारले के एउटा मन्त्रलयले प्रपोजलहरु प्रश्तावहरु आह्वान गर्छ।

संस्थाहो कि यो प्रदेशको मन्त्रलय हो छुट्याउन मलाइ असाध्यौ गर्यो भैरहेको छ यदि प्रदेश मन्त्रालयमा यदि त्यो बजेट छ भने कुनै निकायलाइ दिनुहोस ति निकाय प्रस्तावना आह्वान गरेर कार्यक्रम चाहि कार्यन्वयन गर्नुहोस। यो प्रदेशको मन्त्रालय होइन प्रदेशको कुनै एउटा सरकारी निकाय जस्तोको यहिले काम छ। त्यसैले गर्दा प्रदेश सरकारले गरेका कतिपय राम्रा कामहरु पनि त्यहि कारणले गर्दा आज विवादमा आइरहेको छ। यो तर्फ पनि सुध्रिनु हुन पनि

मैले विसेष अनुरोध गर्न चाहान्छु। त्यति मात्रै होइन सञ्चै प्रदेश सरकारमा अहिले नेकपामा दुइ तिहाइको बहुमत हुनुन्छ कि महिला माननीय ज्यूहरु असक्षम हुनु हुन्छ। हिजो तपाइहरुको जनआन्दोलनको लागि हिजो तपाइहरुको बहुमत बहुसंख्यिक मतदान गर्ने बेलामा त्यहि महिलाहरु बहुमतले प्रदेश सभामा प्रदेश सरकारमा नेकपालाइ दुइतिहाइको बहुमत बनाएको छ। आज कहाँ नेकपाको सरकार अल्मल्लिएको छ।

किन महिला माननीय ज्युहरुलाइ यहाँहरुलाइ ठाँउ दिन आफ्नो घरको आफ्नो सम्पती आधा काटेर दिए जस्तो हुन्छ कि मलाइ लाग्छ तपाइहरुको पूर्खाले दिएको वंश काटिने होइन तपाइहरुको पूर्खाले दिएको सम्पती आधा आधा गर्नु पर्छ जस्तो मलाइ लाग्दैन त्यसकारणले यो हुउदैं अधिवेशनमा कम्तिमा पनि दुइतिहाइ एक तिहाइ महिला माननीय ज्यूहरुलाइ चाहि तपाइहरुले प्रदेशको मन्त्री बनाउनुहोला तपाइहरुको मन्त्री मन्डलमा महिला माननीयहरुलाइ मन्त्री बनाउनु हुन्न भने तपाइको घरमा महिला जसरी अपाङ्ग हुन्छ मन्त्रालय ले गर्ने हरेक काम पनि त्यसरी नै अधुरो हुन्छ। भएर जान्छ यो तपाइहरुले तपाइ हरुको सक्षमताको लागि हो। तपाइहरुको सफलताको लागी हो मैले यहि अपेक्षा गर्न चाहान्छु। र राष्ट्रीय प्रजातन्त्र पार्टिको तर्फबाट पनि यो हुउदे अधिवेशन पाचौं अधिवेशनको यो पहिले बैठक मार्फत सम्पूर्ण माननीय हरुलाइ र सरकारलाइ हार्दिक हार्दिक बधाइ तथा शुभकामना व्यक्त गर्न चाहान्छु धन्यवाद। जय राष्ट्र जय जनता।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु अब म प्रदेश सभाको पाचौं अधिवेशन सफलताको शुभकामना व्यक्त गर्न माननीय रिना गुरुङलाइ अनुमती दिन्छु।

**<u>माननीय रिना गुरुङ (राष्ट्रिय प्रजातन्त्र पार्टी - संयुक्त)</u>:-** माननीय सभामुख महोदय, प्रदेश सभा प्रदेश नम्वर ३ को यस पाचौं अधिवेशनको सर्वप्रथम शुभकामना दिन चाहान्छु। यस अघि लगातार ३ अधिवेशन सम्म राजधानी र नामाकरण को विषयलाइ टुङ्गोमा पुर्याइन्छ भनेर पटक पटक भनियो तर भएको थिएन।

यस अधिवेशनले पूर्ण रुपमा मूर्तता पाओस भन्ने चाहि म शुभकामना दिन चाहान्छु। साथै प्रदेश नम्वर ३ मा भक्तपुर बाट माननीय कृष्णलाल भडेल ज्यूलाइ चाहि हार्दिक बधाइ र सफल कार्यकालको शुभकामना दिन चाहान्छु। माननीय सभामुख महोदय, यो दुइ वर्ष हाम्रो प्रदेश सभाको कार्यकाल लगभग दुइ वर्ष सिद्धिसकेको छ। दुइ वर्ष सिद्धिदा सम्मपनि हामीहरु पुरानो मुद्धा राजधानी नामाकरणमा चाहि त्यसमै अड्किएका छौ।

दुइ वर्ष सम्म हामीले के के गर्यौ र अहिले पनि मुल्याङ्कन गर्दा केहि पनि गरेर धेरै पटक कुरा उठाएको हो राजधानी र नामाकरण को विषयमा नै अड्किएको अवस्था छ हामीहरु। र यो दुइतिहाइ हामीहरु बुझ्दा खेरी समस्त नेपाली जनताले बुझ्दा खेरी दुइतिहाइ भनेको के हो ? दुइतिहाइको तागत कति हो, पावर कति हो ?भनिदा चाहि हामीहरुको आम बुझाइ के थियो भने दुइ तिहाइ भनेको संविधानलाइ संसोधन गर्नसक्ने सरकार दइतिहाइको सरकार हुन्छ देशको विकास द्रुतगतिमा फाष्ट्र ट्र्याकमा चाहि गर्न सक्ने सरकार दुइतिहाइ सरकार हुन्छ। तर एकदमै निराश जनक पूर्ण रुपमा चाहि म खेद व्यक्त गर्न चाहन्छु। दुइतिहाइको कम्निष्ट सरकार कस्तो दुइतिहाइको सरकार बन्नपुग्यो।राजधानी र नामाकरण दुइ वर्षसम्म पनि नगर्न सक्ने दुइतिहाइको कम्यूष्ट सरकार राज्य संचालन गर्न नआउने दइतिहाइको कम्यनीष्ट सरकार/दुइ तिहाइको सरकारले राज्य सन्चालन गर्न नपाउदा अहिले नेपालमा चाहि हामीहरुले कस्तो खाले सुशासन दण्डहिन देखि दिएर नेपालको भुभागहरु लिएर हाम्रो हो भन्ने अवस्था छ यसलाइ भनिन्छ कम्यूनीष्ट सरकारले राज्य संचालन गर्न नसकेको।

यति मात्रै होइन उखु किसानले पनि मेरो उखुको मुल्य दिनु पर्यो मैले आफ्नो खेतमा लगाएको उखुको मैले मुल्य पाउनु पर्यो भन्दै उहाँहरु काठमाण्डौ आएर आन्दोलन गर्ने अवस्था छ जनताको अभिव्यक्ति स्वतन्त्र ता माथि चाहि अकुस लगाउन सक्ने दुइतिहाइको सरकार एकल दलिय अधिनायकवाद खोज्ने दुइतिहाइको सरकार बनेको छ। त्यहि भएर दुइतिहाइको सरकार चाहि द्रुत रुपमा विकास गर्ने सरकार होइन अहिलेको समयमा दुइ तिहाइको सरकार भनेको जनतालाइ दुख दिनरे सरकार बनेको भनेर यसको सिनोनेम भन्छ नि यो दुइतिहाइको चाहि मतलव के हुन्छ। भनि मतलव अर्को शब्दावलीमा चाहि मलाइ लाग्छ भोलीको दिनमा चाहि दुख

दिने भने पनि हुन्छ मैले चाहि भोलीको दिनमा डिस्नेरी बनाउने जति पनि हुनुन्छ उहाँहरुलाइ त्यहि सल्लाह दिन चाहान्छु।

भोलीको दिनमा जुन सरकार आए पनि यहाँहरुले पनि तपाइहरु को यो कम्यूनीष्ट सरकारको कार्य गति हेर्दा दुइतिहाइ चाहि नभइ दिए हुन्थो भनेर भोली जुन पार्टिको सरकार आए पनि उहाँहरु सवैले नि पहिलो सोचाइ चाहि यहि हुन्छ।

र यो राजधानी र नामाकरण र यो हरेक रोष्टरमा पनि आउदा खेरी चाहि एकदमै जोसको सम्म हरेक माननीयले यता आएर चाहि आग्रह पनि गरेको छ विन्ति पनि गरेको छ र धेरै कुराहरु पनि गरेको छ। र आएर चाहि पत्रीकामा पनि पढे कार्यव्यवस्थाको परामर्श समितिको बैठक पनि भयो। आज भोलीमा टुङ्गीन्छ। भनेर समाचार पनि आयो फेरी भोलीको चाहि संसद स्थगित भयो त्यो भएर कहिन कहिचाहि यो हाम्रो नेकपा दुइतिहाइ भनेर जुन संघादिएको छ यहाँहरुको चाहि होमर्वक पुगेन होमर्वक अहिले पनि नपुग्दा खेरी चाहि भोलीको बैठक स्थगित हुने होकि त्यहि भएर यो दुइतिहाइ चाहि अब चाहि यो दुइ तिहाइ भनेको शक्ती होइनकी कुनै पनि काम गर्न नसक्ने एउटा चाहि यस्तो आकडाँहो जसको चाहि दुइतिहाइलाइ डीभाइडगर्दा हामीहरुले कहिले पनि त्यसको हल ननिस्किने खाले अव यता हुदा हुदा चाहि समाचारमा पढियो नेकपाको केन्द्रले प्रदेश लाइ निर्णाय दिएको छ राजधानी र नामाकरणको विषयमा।

राजधानी र नामाकरण विकेन्द्रिकरण गर्नु पर्छ निर्णाय आफुमा ठिक होला तर प्रक्रिया गलत भयो। प्रक्रिया किन गलत भयो भने कहिँन कहि नेकपाको सरकारले पनि नेकपा पार्टिलाइ उहाँहरुले पनि के थाहा पायो भने संघियता भन्ने कुरा चाहि सायद हाम्रो देशमा चाहि फाप्दै छैन। यो संघियता भन्ने कुरा चाहि हाम्रो देशको लागि बनेको छैन भनेर चाहि उहाँलाइ यस्तो लगेको हुनसक्छ त्यो भएर चाहि उहाँले चाहि सार्वाधिकार हाम्रो केन्द्रय यो प्रदेश भन्ने पनि सन्चालन गर्ने पर्छ भनेर भनेर उहाँहरुले चाहि अलि दुख पनि लाग्यो यस्तो समाचार सुन्दा खेरि, त्यहि भएर उहाँको पनि मानसिक पटल मा यो संघियता भनेको सायद भोलीको दिनमा यसलाइ भङ्ग गर्ने तिर पनि जानु भयो मैले भने त्यसको भान भएको छ।

यो राजधानीको विषय मा मैले कति कुरा माननीयहरुको पनि मैले भनाइ सुनेको हुन्छु यो छेउमा भयो। एकदमै साइड भयो। धेरै कुराहरु भन्दा खेरी यहाँहरुलाइ के भन्न चाहान्छु भने हामीहरु २१औं सेन्चुरीमा छौं। पहिलेको समयमा के हुन्थ्यो भने चगियस खानको मङ्गोलीयको राजा चङ्गेश खान डरको कारणले गर्दा खेरी विभिन्ने राष्ट्रले आफ्नो राजधानी के गर्नु हुन्थ्यो भने एकदम सेन्टरमा पार्नु हुन्थ्यो। कहाँ बाट चङ्गेस खानको टोलि आउछ र हाम्रो देश ले चाहि विजय हासिल गर्छ भनेर यहाँहरुले चाहि एकदम केन्द्रमा चाहि सकभर चाहि लडाइ गर्ने र केन्द्र सम्म नपुग्ने गरि भन्ने माननीयताको संघमा चाहि विभिन्न राष्ट्रले चाहि एकदम विचमा आफ्नो राजधानी राखेर त्यो तर्क गर्ने थियो।

तर त्यो भनेको त धेरै शताब्दी पहिलेको कुरा हो अहिलेक टाइममा कसैलाइ कसै माथि आक्रमण गर्न चाहे भने अस्ति भर्खरै इरानमा नै जर्नेलको हत्या गरिएको छ। यो कुनै पनि देशले कुनै पनि अर्को देशमा आक्रमाण गर्न चाहायो भने एउटा न्युकिल्यर बमले नै गरेको हुन्छ। त्यहि भएर चाहि यो छेउमा गरेको हो या यस्तो गरेको जुन तर्कहरु छ सकभर चाहि यो तर्कहरुलाइ चाहि भोलिको दिनमा चाहि तर्क भन्दा पनि कुटनितिक रुपमा चाहि कुन ठाँउ चाहि राजधानीको लागि उपयूक्त हुन्छ भन्ने उतै तिर जानु पर्छ भन्ने सल्लाह दिन चाहान्छु। हाम्रो नेकपाको संसदिय दललाइ। र एउटा विषय एकदम गहन विषय हामीहरु यो संविधानको कुरा गर्छौं, समानताको कुरा गर्छौं, महिला पुरुषका कुरा गर्छौं,हुदा हुदा चाहि एउटा गहन कुरा चाहि विषय भनेको नै समानुपातीक र प्रत्यक्षको विषय भनेको के हो हामीहरुले संविधानमा चाहि सबैले सम्पूर्णले संसद भनेर व्याख्या गरिएको छ।

म साचीरहेको थिए यो विषय नबोलम किनकि संसदले नि आफ्नो रोइलो रोहिरहेको छ उहाँ ले जनताको काम के गर्ला भन्ने म्यासेज पनि जान सक्छ भनेर तर फेरी पनि म बाध्य भए सांसद समानुपातीक भनेको यता हाम्रो प्रदेश नम्बर ३ मा के गरिएको छ भने समानुपातीकलाइ यो समानुपातीक भने को तलब र भत्ता खानको लागी चाहि एउटा चाहि सेरोमोनियल रुपमा। किनकि केहि दल केहि दलहरुले चाहि समानुपातीक हामीले लिएर आएको भन्ने प्रणाली सिद्ध गर्नको लागि एउटा चाहि सिस्टम लिएर आउनु भयो सिद्धगर्नको लागि आएर साइडमा

लगाउदाखेरी समानुपातीक साचिकै समानुपातीक प्रणाली लगाउदा खेरी त्यसलाइ १०० प्रतिशत प्रयोग गर्न सक्नु भएको छ कि छैन भन्ने कुरा यो प्रदेश पूर्वधार विकास योजना जो छ।

प्रदेश विकास योजना तह चाहि ३ करोड पहिले पनि भनेको थिए ३ करोड भनेको चाहि पक्कै पनि कुनै पनि सांसदको घरको कमाएको पैसात छैन होला। कुनै प्रदेशको विकासको लागि चाहि एउटा अलटमेन्ट गरेको पैसा भ्रष्ट्रचार हुन्छ भन्ने कुरा पनि पहिले नै गरिएको थियो त्यो कुरा चाहि पहिले नै सरकारमा बाट चाहि पारित भएर आइसकेको कारणले गर्दा तर यसमा चाहि ३ करोड कहाँ कहाँ गर्यो यो र ३ करोड को राम्रो संग यूटिलजेसन भयो कि भएन भन्ने एउटा छनविन समिति गठन होस भोलिको दिनमा कुनै पनि सांसदले यो ३ करोड म चाहि भ्रष्ट्रचार गर्न नसक्ने भन्ने वातावरण होस भन्ने आग्रह गर्न चाहान्छु।

अर्को कुरा हामीले भिजिट नेपाल २०२० चाहि बनाइ राख्दा चाहि अहिले सरकार केन्द्र प्रदेश र स्थानिय तहमा एकदमै भव्य र सव्य रुपको हामीहरुले देखि राखेका छौ। तर यो भव्यता सव्यताको संघमा नै भव्यतासव्यताको यो अर्वको बजेट जनताको जुन रगत पसिनाको जुन बजेट छ त्यो बजेट चाहि भव्यतामा खर्च रगरम प्रदेश नम्बर ३ को भिजिट नेपाल २०२०को प्रोग्रमहरुमा पनि भोलिको दिनहरुमा कताबट पनि भ्रष्ट्रचारको गन्द नआझौस। भ्रमण चाहि नेता मन्त्रीहरुको भ्रमण वर्ष चाहि नबनोस यो पर्यटनको लागी चाहि भ्रमण वर्ष बनोस भन्ने आग्रह गर्दै यो अधिवेशनलाइ सफलरुपमा सफल पार्नको लागी आग्रह गर्दै म विदा हुन चाहान्छु जय राष्ट्र।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु प्रदेश सभाको पाचौं अधिवेशन सफलताको शुभकामना व्यक्त गर्न माननीय प्रेम बाहादुर तमाङ लाइ अनुमती दिन्छु।

**<u>माननीय प्रेम बाहादुर तमाङ (स्वतन्त्र)</u>:-** माननीय सभामुख महोदय, माननीय सदस्यहरु हामी यो पाचौं अधिवेशन को संघारमा छौ र यो पाचौं अधिवेशन सफलताको शुभकामना दिइ राख्दा यो प्रदेश सरकारले आजको दिन सम्म गरेका सबै गलत कामहरु सबै यो प्रदेश सरकारले विर्सिदियोस। प्रदेश सरकार एउटा कुवा भित्र रमाइ रहेको छ।

हामीले बझ्नु पर्छ यो पृथ्विका समुन्द्र पनि छ त्यो समुन्द्रको छालमा पौडने शाहास यो प्रदेश सरकारले गरोस। प्रदेश सरकार जड शुत्र बाट मुक्त भै अलिकति श्रृजनशिल पनि हुन सकोस। जस्तै केन्द्रले जे लेखेर दियो जसो लेखेर दियो त्यहि नै प्रदेशका सांसदहरुलाइ बाढ्ने थोरै पनि श्रृजतशिलता लागु गर्न नसक्ने जुन खालको जड शुत्रवाद यो सरकारमा छ यो त्यहाँ बाट मुक्त होस। प्रदेश सरकार आफ्नौ वर्ण आफ्नौ रुप आफ्नौ रङमा मात्रै रम्ने जुन खालको संस्कार यो दुइवर्षमा देखिएको छ र प्रदेश सरकारको मा जुन खालको घमण्ड र दम्म छ स्वाभावैले घमण्ड र दम्मले उपन्नती तिर होइन अवन्नति तिर लैजान्छ भन्ने बुझाइ सबैको। त्यसैले हामी चाहान्छौ अव यो सरकारको आयु ३ वर्षको छ।

३ वर्ष ५ वर्ष नकट्दै यो सरकारलाइ आफ्नै घमण्डले ले र आफ्नौ दम्मले सिद्धायो भन्ने हामीले सुने पनि यो प्रदेशका जनताले सुन्न नपरोस म यो शुभकामना दिन चाहान्छु। हामील अहिले राजधानी र नामाकरणको बहस मा पनि उपस्थित भैरहेको छौ। चार वटा दिवारले बन्द कोठा भित्र बाट एउटा फर्मान जारी भएको छ, एउटा आदेश जारी भएको छ। त्यो फर्मन र आदेश हिजोको यद्धकालीन आदेशहरु भन्दा पनि कडा ढङ्गले प्रस्तुत भैरहेको हामीले पनि अनुभुति गरिराखेका छौ।

हिजो कमान्डरले आदेश गर्ना साथ हामी मर्न तयार हुन्थ्यौ अब बलुवाटरमा बस्ने कमान्डरहरुले हेटौडामा बसि राखु भएका बालुवाटार मा बस्ने अविवेकि कमान्डरहरुले हटौडामा रहनु हुने विवेकी प्रदेश सदस्य ज्यूहरुलाइ एउटा कडा आदेश जारी गरेको छ। स्वाभावैले युद्धकालमा हामी सहिद हुनको निमित्त प्रतिस्प्रधा गर्थौ अब तपाइहरु जिउदो सहिद हुन प्रतिस्प्रधा गर्ने कि नगर्ने त्यो प्रेम तमाङले होइन तपाइको जिल्लाको जनताले हेरि राखु भएको छ। म माननीय सभामुख मार्फत माननीय सदस्य ज्यु हरुलाइ अनुरोध गर्न चाहान्छु। राजधानीको विषय अत्यन्तै महत्वपूर्ण विषय छ। त्यो भन्दा पनि नामाकरणको विषय यो भन्दा महत्वपूर्ण छ जस्तो मलाइ लाग्छ।

म धेरै कुरा गर्दिन हामी पहिचानका धेरै कुराहरु गरेर युद्ध होमियौं धेरै पहिचानका सपनाहरु देखाएर, देखेर हाम्रा अग्रजहरु सहिद हुनु भयो। मलाइ लाग्छ त्यो रगतले रुद्र

पाखिनको रगतले दिलमाया योनज्ञनको रगतले, अब हामीलाइ पोल्दैन सराप्दैन हामीले त सरापैला हाम्रो सराप लाग्दैन पनि तर मलाइ लाग्छ जसलाइ झुटो आश्वासन दिएर युद्धमा जवर्जस्ति धकेलेर सहिद हुन बाध्य बनाइयो, जुन नाराको आधारमा त्यो नाराहरु आज आफै बाट जसले श्रृजना गर्यो मान्छे नै त्यो नाराको जवर्जस्त रुपमा हत्या गर्न खोज्दै छ। त्यो हत्यालाइ नजिक बाट नियाली रहेका ति सहिदका अनुयायीहरुले नजिक बाट नियाली राखेको छ। र तिनको सराप माननीय सदस्यहरुलाइ नलागोस भन्ने मेरो बुझाइ हो। मलाइ लाग्छ जस्तो सुकै अविवेकि, जस्ते सुकै स्टलनवादि शैलिमा आदेश र फरमान जारी भए पनि यो प्रदेशमा विवेकी, र अत्यन्तै ज्ञान बुद्धि र बास्तविक जनताको प्रतिनिधिहरु यहाँ उपस्थित हुनु हुन्छ। त्योसो भएको कारणले गर्दा प्रदेशको राजधानीको हिसाबमा र नामाकरणको हिसावमा सहि निर्णय हुनेछ हामीले आशा मात्र गर्ने हो किन भने म संग त जम्मा एक भोट छ।

जनताले अत्यधिक दुइतिहाइ मत दिएर हिजोको पहिचानबादि हरुलाइ हिजोको पहिचानको मुद्धा उठान गर्ने नेताहरुलाइ यो प्रदेश सभामा प्रवेश गराएको छ। त्योसो भएको कारणले गर्दा मलाइ लाग्छ ७ जना ९ जनाले तानेको डोरी भन्दा ८० जनाले तानेको डोरी नै बलीयो होला भन्ने मेरो बुझाइ हो। यो डोरी तनाइ खेल्दा पनि ८० जनाकै बल नै बढि होला नारा लगाउदा पनि त्यो ९ जनाले लगाउने नारा भन्दा ८० जनाको नारा नै बुलन्द होला शक्तिशाली होला ३ नम्बर प्रदेशका जनताले हेरिराखेको छ।

हामी साच्चिकै जडसुत्रवादी हनु थैरै श्रृजनसिलवादि हुने। हामी सबै खालका जनविरोधीआदेश र फरमानहरुलाइ आत्मसाथ गर्दै अगाडि बढनेहो या जनताका आदेश हरुलाइ पनि एक पटक सिरोधादा गरेर अगाडि बढ्ने हिम्त गर्ने यो ममा भन्दा पनि दुइतिहाइको बल जर्बर्जस्तरुपमा आफु संग लिएर बस्नु भएका माननीय सदस्यहरु सगँ छ त्यसकारणले गर्दा राजधानी जनताले चाहेको ठाउँमा नाम जनताले चाहेको खोजेको हुनु पर्छ यदि हामी वस्तविक जनताका जनप्रतिनिधि हो भने एउटा कमान्डरको आदेशलाइ जस्ताको त्यस्तै सधै भरि कार्यन्वयन गर्ने मात्र नभइकन अलि श्रृजनसिल हुन सक्ने खालको हौं भन्ने खालको हामी त्यतातिर लाग्नु पर्छ भन्ने खालको मलाइ लाग्छ।

हामीले जनताले स्टार्लिङवाद लागु गर्नकै निमित्त तानाशाह लाद्धनकै निमित्त यो दुइतिहाइ दिएको होइन भन्ने मैले तिनै जनताबाट सुनेको छु। यो विचमा प्रदेश सरकारले प्रदेश सचिवालयले पनि हामीलाइ फ्रि दियो जता जाउ घुम्न जाउ धेरै जनताका आवाजहरु स्टार्लिनवाद होइन अब थेरै स्वतन्त्रता तिर अगाडि बढने हो कि भन्ने खालको आवाजहरु छ। यसले गर्दा म भन्न चाहान्छु यो पाचौं अधिवेशनले स्वाभबैले हामीलाइ अलि श्रृजनशिल बन्ने दिइयोस अलि फराकिलो बन्न दियोस भन्ने वुझाइ हो। यो विचमा जुन खालका विकृती र विसङगती हरु अत्यन्तै ३ नम्बर प्रदेश भरि देखेको छ।

त्यो खालको विकृती विसङगतीहरुको अन्त्य गरोस अन्त्य गराउने हिम्मत यो सरकारमा रहोस अनुदानहरुले स्वाभावैले अत्यन्तै विकृति हरु फैलाइएको छ मैलाएको छ किसानलाइ दिइने अनुदानहरु काठमाण्डौमा टाइसुट लाएर टलक्क टल्केको छालाको जुत्ता, सेन्ट छर्केको सुट, अनि किसानको घर मा भैसिलाइ लगाउने दाम्ला जस्ता टाइहरु भिरेर काठमाण्डौको शहरमा पसेका मान्छेहरुमा ति अनुदानहरु पुगेको छ र वास्तविक किसानहरु अनुदान नपाएर रोइरहका छन यस्ता खालका विकृती र विसंगतीहरु ले भरिपूर्ण भएको यो सरकार स्वाभावैले नयाँ ढङ्गले श्रृजनसिल ढङ बाट अगाडि जाओस भन्ने शुभकामना दिन चाहान्छु। धन्यवाद जय रसुवा,

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु अब म प्रदेश नामाकरण सम्वन्धी कार्यविधि २०७६ को प्रस्ताव पेश गर्न माननीय रामेश्वार फुइयाँलाइ अनुमति दिन्छु।

**<u>माननीय रामेश्वार फुइँयाल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुखज्यू प्रदेश सभा प्रदेश नम्बर ३ माननीय सभामुखको अनुमतीले यस सभा नियमावली २०७४ पहिले संसोधन सहितको नियम २१० बमोजिम कार्यव्यवस्था परामर्श समितिको मिति २०७६पौस २१ गतेको बैठकको निर्णय अनुसार प्रदेशको नामाकरण सम्वन्धी कार्यविधी २०७६ सम्बन्धी प्रस्ताव सम्मानीत सभामा पेश गर्दछु। धन्यवाद, लाल सलाम, जय नेपाल

**माननीय सभामुखः**- माननीय सदस्यहरु अब म माननीय रामेश्वार फुयाँल प्रस्तावक रहनु भएको प्रदेशको नामाकरण सम्बन्धी कार्यविधी २०७६ को प्रस्तावको समर्थन गर्न माननीय राधा घलेलाइ अनुमति दिन्छु।

**माननीय राधा घले (नेपाली कांगेस )**:- माननीय सभामुख महोदय, प्रमुख सचेतक माननीय रामेश्वार फुयाँलज्यूले पेश गर्नु भएको प्रस्तावको नामाकरण सम्वन्धी प्रस्तावको म समर्थन गर्दछु धन्यवाद।

**माननीय सभामुखः**- माननीय सदस्य हरु अब म माननीय रामेश्वार फुयाँल प्रस्तावक रहनु भएको प्रदेश को नामाकरण सम्वन्धि कार्यविधि २०७६को प्रस्तावको समर्थन गर्न माननीय रामेश पौडेललाइ म अनुमती दिन्छु।

**माननीय रामेश पौडेल (विवेकशील साझा पार्टी )**:- माननीय सभामुख महोदय म माननीय रामेश्वार फुयाँल प्रस्तावक रहनु भएको प्रदेशको नामाकरण सम्वन्धी कार्यविधि २०७६ को समर्थन गर्दछु। धन्यवाद

**माननीय सभामुखः**- माननीय सदस्यहरु अब म माननीय रामेश्वार फुयाँललाइ प्रदेशको नामाकरण सम्वन्धी कार्यविधि २०७६ माथि सभामा छलफल गरियोस भन्ने प्रस्ताव पेश गर्न अनुमती दिन्छु।

**माननीय रामेश्वार फुयाँल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))**:- माननीय सभामुखज्यू सभामुखज्यूको अनुमतीले प्रदेशको नामाकरण सम्बन्धी कार्यविधि २०७६ माथि सभामा छलफल गरियोस भन्ने प्रस्ताव सम्मानीत सभा पेश गर्दछु। लाल सलाम, जय नेपाल,धन्यवाद।

**माननीय सभामुखः**- माननीय सदस्यहरु अब म माननीय रामेश्वार फुयाँलले पेश गर्नु भएको प्रदेशको नामाकरण सम्बन्धी कार्यविधि २०७६ को प्रस्ताव माथि छलफल प्रारम्भ हुन्छ।

उक्त छलफलमा बोल्न चाहानु हुने माननीय सदस्यहरुले आफ्नो नाम चिटमा लेखि सभामुख सगै बसेका कर्मचारीहरुलाइ उपलब्ध गराउन हुन अनुरोध गर्दछु।

छलफलमा भाग लिने प्रत्यक माननीय सदस्यलाइ ३ मिनेटको समय निर्धारण गरेको छू। अब म माननीय नरोत्तम बैद्धयलाइ अनुमती दिन्छु समय ३ मिनेट

**माननीय नरोत्तम बैद्य (नेपाली कांग्रेस)**:- सभामुख ज्यूको आज्ञाले मलाइ लागेको यो नामवाली सम्बन्धमा यो जुन अहिले कार्यविधि आयो यसलाइ मैले एक किसिमको मैले अध्यायन गर्न पाएको छैन। अध्यायन गर्न नपाएको कारणले गर्दा म यो विषयमा धेरै गहिराइमा म जान चाहान्न। तर मेरो आग्रह के छ भन्दा जस्तो प्रदेशको सम्वन्धमा प्रदेशको राजधानी कहाँ राख्ने भन्ने सम्वन्धमा एउटा कार्यदल बनाएर कार्यदलले एउटा प्रतिवेदन दिएर प्रतिवेदन दिएको अवस्था छ।

यो नामावलीको सम्बन्धमा पनि यो ईस्यू ज्यादै संवेदनसिल भएको कारणले गर्दा यो नामावलीको सम्बन्धमा एउटा कार्यदल बनाएर कार्यदलले एककिसिमको १३ वटा जिल्लामा गहन छलफल गरेर एउटा के भने उहाँले प्रतिवेदन दिइ सके पछि यो विषयमा हामी बस्दा खेरी सबैभन्दा राम्रो हुन्छकि भन्ने मलाइ लाग्छ।

त्यसैले यो हुउदे अधिवेशनमा टुङ्गाउने गरिकन जानै पर्छ जस्तो मलाइ लाग्दैन यो विषयमा प्रदेश सभासदको संयजकत्वमा एउटा कार्यदल गठन होस उसले चाहि १३वटै जिल्लामा एउटा गहन छलफल गरोस, गहन वादविवाद गरोस र सबैको सुझावलाइ मध्यनजर राखेर एउटा प्रतिवेदन दियोस र त्यो प्रतिवेदनमा उल्लेख गरेको मुताविक नामावली दिए राम्रो हुन्थ्यो भन्ने मलाइ लाग्छ मलाइ अरु दुइ तिन वटा कुरा के भने यो प्रदेशलाइ नामावलीको सम्बन्धमा माओवादी, हाम्रो एमालेको सरकार को हुवीप जारी भएको छ यो हुवीप चाहि नेपाली कांग्रेसलाइ पनि जारी गरेको चाहि होइन होइ।

यो कुरा तपाइहरुले मध्यनजर राख्नुहोस अनि यो राजधानीको सम्वन्धमा पनि यो माओवादि एमालेले जारी गरेको हुवीप नेपाली कांग्रेसलाइ जारि गरेको चाहि होइन होइ हाम्रो

संसदिय दलको नेता ज्यूले हेटौडामा सर्मर्थन गरे पनि हाम्रो सर्मर्थन छैन हाम्रो समर्थन छैन किनभने यो विषयमा संसदमा यो विषयमा निर्णाय नै भएको छैन यो विषयमा आज हामी संसदिय दलको बैठक बस्दै छौं जसमा हामी निर्णाय गर्छौ माओवादि एमालेले समर्थन गर्न नसकेर बैठक अझै लम्माइरहेको अबस्था छ माओवादि एमाले को टुङ्गिएको छैन माओवादि एमाले भन्दा नि अगाडि हामी हाम्रो समर्थन छैन यसमा यो विषयमा हुवीप जारी हुन सक्दैन स्वतन्त्र भोट खसाल्छौ त्यसैले यहाँ रोष्टममा बोल्न पायो भनेर भावानामा बहकिएर बोल्न पाइन्न।

होला हेटौडा उहाँलाइ मन पर्ला हेटौडाको नागरिक होला तर हामी सबैलाइ १३ वटै जिल्लालाइ पाएक पर्ने राजधानी चाहिन्छ। भन्ने हाम्रो माग हो १३ जिल्ला मा पाएक पर्ने सिलसिलामा हेटौडो हो भने आपत्ती छैन हामीलाइ तर १३ वटौ जिल्लालाई पाएक पर्दैन भने हामीलाइ स्वाकार्य छैन यति भन्दै आफ्नो दुइ शब्द यहि टुङ्गाउछु जय नेपाल।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय डा राजनमान श्रेष्ठलाइ अनुमती दिन्छु माननीय सदस्यहरुलाइ विषय वस्तुमा केन्द्रत रहेर बोलि दिन हुन अनुरोध गर्दछु। समय ३ मिनेट

**<u>माननीय डा. राजेन्द्रमान श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** सभामुख महोदय आज देखि प्रारम्भ भएको पाचौं अधिवेशनको पूर्ण सफलताको कामना गर्दछु।

आज देखि सहभागी हुनु भएका हाम्रा प्रदेश सभा सदस्य कृष्णालाल भडेंलज्युलाइ स्वागत गर्न चाहान्छु। म यहिले भर्खरै हाम्रा मुख्य सचेतक रामेश्वार फुयाँल ज्यूले अगाडि सार्नु भएको पेश गर्नु भएको, नामाकरण सम्वन्धी कार्यविधिको स्वागत गर्न चाहान्छु। म अहिले हातमा पाइसके पछि कार्यविधि सबै पढिसके तर म बोल्न सक्ने स्थितिमा छैन। त्यसैले यो विषयमा म पछि बोल्ने छू। दिने वित्तिकै पाउने वित्तिकै सबै कुरा भैइहाल्दैनकी यस गर्न हुदैनकि भनेर म भन्न चाहान्छु। सबै भन्दा पहिले यो हामीले राजधानीको बारेमा झण्डौ दुइ वर्ष कुर्यौं समयलाइ ख्याल गरेर प्रयास पनि भयो, बिचमा त्यसको कार्यक्रम कार्य सुचि व्यवस्थापन नभएर रोकीएर अहिले अन्तिम चरणमा पुर्याउन प्रयासरत छै।

अनि आज नामाकरणको बारेमा एक्कासी आजै कार्यविधि पेश गरेर भोलि पर्सिनै टुङ्गाउने हिसावमा जादा खेरी हामी अलि के विषयलाइ टुङ्गाउन गैरहेका छौ। नामाकरण शब्द बाहेक अरु केहि छ त? हामी संग त्यसकालागी आवश्यक सबै कुराहरु इनर्भट्रिडकमा भित्र कन्टेक्स भित्र अथवा अध्यायन का कुराहरुभन्ने कुराहरु विना फ्याट जादा खेरी मलाइ लाग्छ यो प्रदेश सदस्यहरुको निर्णयको मापन गहिराइ घनत्व अत्यन्तै कम हुन जान्छ। आम जनताले हामीलाइ जिस्क्याउने छ कि भनेर मलाइ लागीरहेको छ। यस कारणले गर्दा खेरी जस्तो समाजमा सिङ छैन सिङ्ग उमारेर राख्छन। जो मान्छे माफ गर्नुस अनुहार गोर छैन उसको नाम तियोलाल राखेका हुन्छन जस्तै गरेर हामीले यो आम चलनलाइ होइन साच्चिकै नामले सबैको भावना यो प्रदेश भित्रका आम जनताको मन सबैलाइ समेट्ने उत्तरी कुना देखि दक्षिणी कुना पश्चिप पूर्व सबै तिरका जनता को भावना समेट्ने सबैलाइ एक मन बनाउने एकाधिकार बनाउने सबैलाइ उज्यालाउने सबैलाइ खुसी बनाउन सक्ने खालको एउटा नामले धेरै लाई नसके विधि ले सबैलाइ सहमत गराउने प्रयास गर्न आवश्यक छ।

यसैले विधि प्रकृयाको पनि भरपुर प्रयास व्यवस्थापन गर्न आवश्यकता छ यसै कारणले म सभामुख महोदय मार्फत यसको बारेमा पनि बर्खरै म भन्दा अगाडी बोल्नु हुने माननीय ज्यूले भन्नु भए जस्तै यसकोलागी हिजो को जस्ते होइन यो नामाकरणको लागि अल्लगै व्यवस्थापन गर्ने हिसाबमा अल्लगै व्यवहारीक ढङ्गले व्यापक जनताको विचमा राय मस्यैदा छलफल परामर्श गर्ने र जनताको मन सबै यहाँ हामी ल्याएर प्रदेश सभाको यो सचिवालयमा पस्कने गरेर अध्यायन कार्यदल बनाउन म माग गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय ओम बाहादुर ग्लान लाइ समय दिन्छु समय ३ मिनेट सबै माननीय सदस्यलाइ नामाकरणको कार्य विधि मात्रै बोलिदिन हुन अनुरोध गर्दछु।

**<u>माननीय ओम बाहादुर ग्लान (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुख ज्यू आज हामी यो प्रदेशको नामाकरण सम्बन्धी कार्यविधिमा छलफल गरिरहेका छौ। अघिल्ला

माननीय ज्युहरुले राख्नु भएका कुराहरुमा खास गरि अध्यायन उपसमिति बनाउने कुरा पनि जोडदार रुपमा राख्न चाहान्छु।

यसको दफा ७ र १२ जुन दर्ता क्रम अनुसार भनिएको छ त्यसमा वर्णानुक्रम अनुसार भन्ने शब्द राखिनु पर्दछ यो ७ मा पनि र १२ मा पनि प्रस्तावित वर्णानाक्रम अनुसार भनेर त्यसमा उल्लेख गरिनु पर्दछ यसो नगरिएको खण्डमा यसले एकोरो ढङ्गले शक्तिको दुरुपयोग हुने कुरालाइ मैले यहाँ उल्लेख गर्न चाहान्छु। र अर्को कुरा हामीले राजधानीको निम्ती त्यत्रो अध्यायन गरेर त्यती धेरै समय पछि प्रतिवेदन पेश भयो कार्यविधिको मामिलामा हामीलाइ नामाकरणको बारेमा यति हतार किन भयो हामीले पहिचानको कुरा गरिएको छ यो संविधानले व्यवस्था गरेको कुरामा हामी कुरा गरिरहेका छौं यहिले बाहिर तिर यस्तो कुरा सुन्दा खेरी खिसि टीओको विषय जस्तो बनाइ राखेको छ तपाइहरुले सम्झिराख्नु होला हामी कसैको ज्वाइ होउला कसैको आफन्ता होउला त्यो आफ्नो ठाँउमा छ।

तर यो जनयुद्ध र जनआन्दोलनले हामीलाइ थाहा नपाएको कुरा जुन हामीलाइ चेत जगाइदिएको छ जुन जागृत गराइ दिएको छ बास्तवमा हामी २५० वर्ष देखि जुन शासन व्यवस्थाहामीलाइ लादिएको थियो माचिएको थियो त्यो भावनाको संवोधन गर्न जस्तो कुरा संवेधनशिल विषयलाइ त्यति हतार मा कार्यविधि ल्याएर कुन्ठित गर्नु हुदैन भन्ने कुरा म राख्न चाहान्छु। र म यो सात नम्बर बुदाँ र १२ नम्बर दफाको यो दुइवटै वर्णनुक्रम अनुसार होस भन्ने कुरा उल्लेख होस र यसको उपसमिति बनाएर अध्याय समिति बनाउन म जोडदार माग गर्दौ आफ्नो भनाइ अन्त्य गर्न चाहान्छु धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय प्रतिमा श्रेष्ठलाइ अनुमति दिन्छु समय ३ मिनेट

**<u>माननीय प्रतिमा श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))ः</u>-** माननीय सभामुखज्यु माननीय रामेश्वार प्रसाद फुयाँल ज्यूले प्रस्ताव गर्नु भएको प्रस्ताव नामाकरण सम्बन्धी कार्यविधि २०७६ मा छलफल गर्न उभिएको छु। म यहाँ सबै भन्दा पहिले एउटा प्रश्न राख्न चाहान्छु। कि यो भन्दा अगाडि प्रस्ताव भएका नामहरु नेवातामसालीङ,नेवामण्डल र गौरीशंखर नामाकरण हुन पर्छ

भनेर प्रस्ताव माननीय सदस्यहरुले राख्नु भएको थियो यो विषयमा के हुन्छ सभाको सम्पत्ती भन्छ कि बन्दैन भन्ने कुरा म प्रश्न राख्न चाहान्छु।

हाम्रो प्रदेश सभानियमावलीमा सय जना साधारण जनता र तिन जना माननीय हरुको समर्थनमा कुनै चिजको प्रस्ताव आयो भन्देखिन त्यो सभाको सम्पत्ती भन्नछ त्यो सभाको छलफल हुन्छ भने यो विषय हुन्छ कि हुदैन म यसको जवाफ चाहान्छु। र दोस्रो कुरा यो हामीले राजधानी संभाव्यता अध्यायन समिति बनाएर प्रदेश नम्बर तीनको राजधानी कहाँ हुन्छ कहाँ संभव छ र संभावना के छ भनेर हामीले कार्यदल गठन गरेर त्यो प्रदेश सभा प्रदेश राजधानी संभाव्याता अध्ययन समिति बनाएका थियौ र त्यसै गरि नामाकरणको सन्दर्भमा पनि प्रदेश नम्बर ३को नामाकरण के गर्न सकिन्छ भनेर यो अध्यायन समिति कार्यदल गठन गरियोस मेरो यो जोड दार रुपमा माग हो र यसले लिएर आएको प्रतिवेदन अनुसार त्यस पछि हामीले नामाकरण प्रदेश नम्बर ३को नामाकरण के हुन सक्छ भन्ने कुरा जनताको आकाङ्क्षा मनोभावना को हुन्छ भन्ने कुरा त्यो आउन सक्छ र त्यो हामीले त्यसरी निर्णाय गरिसके पछि मात्रै वस्तुवादी हुन्छ भन्ने कुरा यो राय राख्न चाहान्छु।

तीन नम्वरमा यो हामीले राजधानी कार्यविधिमा राजधानीको भोटिङ गराउदा खेरी स्थाइ राजधानीको भोटिङ गराउदा खेरी वर्णनुक्रम अनुसार राखेर पहिला वर्णनुक्रममा कुन अङक आउछ राखेर त्यस अनुसार भोटिङमा जाने भन्ने कुरा आउछ त्यस अनुसार कार्यविधिमा जाने छ भने यो नामावली प्रदेश सभाको नामावली को भोटिङ गर्दा खेरी पनि क्रमसङ्ख्याको आधारमा कुन पहिलो छ भनेर होइन वर्णनुक्रम अनुसार त्यो भोटिङमा लाग्नको निम्ती यो सच्चाइयोस भन्ने कुरा म राख्न चाहान्छु जुन कुरा १२ नम्वरमा छ प्रस्तावित क्रमसंख्या अनुसार कुनै नामको प्रस्तावले प्रदेश सभा का सम्पूर्ण सदस्य संख्याको दुइतिहाइ बहुमत प्राप्त गरेमा उक्त प्रस्ताव पछिको क्रममा बाकीँ रहेको नामाकरण सम्वन्धी प्रस्तावलाइ निर्णायअर्थ प्रस्तुत गरिने छैन भन्ने कुरा जुन राख्नु भएकोछ क्रमसंख्या होइन वर्णानुक्रम अनुसार गरिनु पर्छ भदै म आफ्नो भनाइ राख्दै विदा हुन्छु हस्त धन्यावाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु अब यो बैठक १० मिनेटको लागि स्थगित गरिएको छ।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु आजै १० मिनेटकोलागि स्थगीत गरिएको बैठकको कारवाही प्रारम्भ हुन्छ।

अब म माननीय रामेश्वार फुयाँललाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु।

**<u>माननीय रामेश्वार फुयाँल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>ः-** माननीय सभामुखज्यू,भर्खरै पेश भएको कार्य विधिमा धेरै माननीय ज्यू हरुले प्रश्न राख्नु भयो त्यो प्रश्नहरुलाइ गम्भिरता पूर्वक लिएर भर्खरै कार्यव्यावस्था परामर्श समितिको बैठक पनि बस्यो। सबै राजनीतिक दलहरुको तर्फबाट सभामुखज्यू सहित हामीले विचार विमर्श गर्यौं, र छलफल गर्यौं आएका सुझावहरुलाइ ग्रहण गर्नै पर्ने टुङ्गोमा पनि पुग्यौ केहि सुझावहरुलाइ पूर्नर व्यावस्थित गरिनु पर्छ भन्ने पनि रह्यो।

यसैले हाम्रो यो कार्यविधिलाइ सोहि अनुसार ले हामी व्यवस्थापन गर्ने छौ। म आज संविधान घोषणा हुनु भन्दा अगाडिको सम्झना गरिरहेको छु। हामीले कसरी पारित गर्नु पर्यो पहिले संविधान सभा भङ्ग हुन पुग्यो त्यस पछि ७० मा अर्को निर्वाचन भयो नयाँ संविधान बनायौ नयाँ संविधान बनाउने बेलामा पनि यी विषयहरु नामको सवाल स्थायी राजधानीको सवाल टुङ्गाउने कुरा निकै गार्हो भयो जब संविधान घोषणा गर्यौं त्यस पछि हाम्रो हाम्रो प्रदेशलाइ अथवा स्टेटलाइ अन्य देशको विदेशिले पढ्दा खेरि कसरि पढ्नु होला म कल्पना गरिरहेको छु। १,२,३,४,५,६,७ यो अवस्थामा हामीले फेरी यो दुइ वर्ष भन्दा पनि बढि निर्वाचन पछाडि पनि वितायौ त्यसो भएको हुनाले हतार नै भएको छ।

तर हामीले हतार मानेका छैनौं सबै राजनितिक दलहरु गम्भिरता पूर्वक सोचेका छौ र कार्यविधि पनि टुङ्गो गर्छौं प्रस्ताव आवहान गर्छौं त्यो आएका प्रस्तावहरुलाइ अब प्रस्ताव कसरी प्रस्तुत गर्ने मतदानमा भन्दा वर्णानुक्रम अनुसार गर्नु पर्दछ भन्ने प्राप्त भएका सुझावहरुलाइ हामीले व्यवस्थापन गर्ने समाविष्ट गर्ने निर्णय गरेका छौ। यो माननीय ज्यूहरु बाट आएको सुझावलाइ मध्यनजर गरेर तर यसका लागी नाम यसै गरि कायम राखेर फेरि संभाव्यता अध्यायन समिति बनाउदै नजाउ र यो टुङ्गो गरेर प्रस्तावित भए अनुसार नै यो कार्यविधिमा जे प्रस्ताव भएर आएको

छ सोहिअनुसार अगाडि बढै भन्ने कुरा को टुङ्गोमा कार्यव्यवस्था समिति नै पुग्यौ हामी सबै नै पुगेका छौ त्यसो यो विषय पनि भन्दै हामी जे जे विषयहरु तपाइ हरु बाट सुझावहरु प्राप्त भए यो प्रदेशको सम्पती देशको सम्पति आउदो पुस्ताको पनि सम्पत्तीको रुपमा स्विकार गरिने छ। भनेर म आफ्नो भनाइ यहि छुङ्गाउन चाहान्छु,लाल सलाम, जय नेपाल।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, प्रस्तावक माननीय रामेश्वार फुयाँलले गेम स्विकार गर्नु भएको विषयलाइ समावेश गरि प्रदेशको नामाकारण सम्वन्धि कार्यविधि, २०७६तयार गर्न सचिवालयलाइ निर्देशन दिन्छु माननीय सदस्यहरु अबम माननीय रामेश्वार फुयाँललाइ प्रदेशको नामाकरण सम्वन्धि कार्यविधि २०७६ लाइ पारित गरियोस भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु।

**<u>माननीय रामेश्वार फुयाँल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुखज्यू सभामुखज्युको अनुमतीले प्रदेशको नामाकरण सम्बन्धी कार्यविधि २०७६लाइ पारित गरियोस भन्ने प्रस्ताव सम्मानीत सभामा पेश गर्दछु। लालसलाम, जय नेपाल।

**<u>माननीय सभामुखः</u>-** प्रस्तावक माननीय रामेश्वार फुयाँलले स्विकार गर्नु भएको विषयलाइ समावेश गरि प्रदेशको नामाकारण सम्वन्धि कार्यविधि,२०७६ पारित गरियोस भन्ने प्रस्ताव लाइ निर्णया पेश गर्दछु। यो प्रस्ताको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नु होला यसको विपक्षमा हुने माननीय सदस्यले हुन्नभन्नु होला यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नु होस यसको विपक्षमा हुने माननीय सदस्यले हुन्न भन्नु होस। हुन्न भन्ने आवाज सुनिएन तसर्थ प्रदेशको नामाकरण सम्वन्धि कार्यविधि, २०७६ सर्वसम्मतीले स्विकृत भएको घोषणागर्दछु।

माननीय सदस्यहरु अब अर्को बैठक मिति २०७६ साल पौष २३ गते बुधवार दिनको ३ बजे बस्ने गरि यो बैठक स्थगित हुन्छ।

**(तदनन्तर बैठक २०७६ साल पुस २३ गते बुधवार दिनको ३:०० बजेसम्मका लागि स्थगित भयो।)**

**अन्त्य - दिनको ५:१८ बजे।**

# प्रदेश सभा
# प्रदेश नं ३
# पाँचौ अधिवेशन
# कारवाहीको सम्पूर्ण विवरण

२३ पुस, २०७६

बुधबार

(बैठक संख्या - २)

**प्रदेश सभाको पाँचौ अधिवेशको आजको बैठक माननीय सभामुख श्री सानुकुमार श्रेष्ठको अध्यक्षतामा दिनको ३:०० बजे प्रारम्भ भयो।**

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु प्रदेश नम्बर ३ को प्रदेश सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरु आज शुन्य समय र विषेश समयको कार्यक्रम नरहने व्यवहोरा जानकारी गराउदछु।

माननीय सदस्यहरु, अब म माननीय मुख्य मन्त्रीको तर्फ बाट माननीय आन्तरिक तथा कानुन मन्त्री सालीक राम जम्कट्टेलाइ प्रदेश लोकसेवा आयोग ऐन, २०७६ लाइ संसोधन गर्न बनेको अध्यादेश २०७६ सभामा पेश गर्न अनुमती दिन्छु।

**<u>माननीय सालीकराम जम्कट्टेल, मन्त्री, आन्तरीक तथा कानुन मन्त्रालयः</u>-** माननीय सभामुखज्यू सभामुख ज्यूको अनुमतीले नेपालको संविधान धारा २४४ ले प्रत्येक प्रदेशमा प्रदेश लोकसेवा आयोग रहने र प्रदेश लोकसेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार का प्रदेश कानुन बमोजीम हुने भनी गरेको व्यवस्था बमोजीम प्रदेश सभाबाट प्रदेश लोक सेवा आयोग ऐन, २०७६ जारी भै पदाधिकारी समेत नियुक्ती भएको अवस्थामा प्रदेश लोकसेवा आयोगका पदाधिकारीहरु सेवासुविधा ऐनमा नै तोक्नु पर्ने र उक्त समयमा प्रदेश सभाको अधिवेशन संचालनमा नरहेकोले सो सम्वन्धमा तत्काल व्यवस्था गर्न नेपालको संविधानको धारा २०२ को उपधारा (१) वमोजिम प्रदेश सरकार मन्त्री परिषद्को मिति २०७६/८/५ गतेको बैठकको सिफारीस बाट माननीय प्रदेश प्रमुख बाट मिति २०७६/८/१५ गते प्रदेश लोकसेवा आयोग पहिलो संसोधन अध्यादेश २०७६ जारी भएको थियो।

नेपालको संविधानको धारा २०२ को उपधार (२) को प्रतिवन्दत्मक वाक्यामंशको खण्ड (क) मा प्रत्येक अध्यादेशमा अध्यादेश जारी भएपछि बसेको प्रदेश सभाको बैठकमा पेश गरिनेछ भन्ने व्यवस्था भएको अनुरुप यस सम्मानीत सभामा प्रदेश लोकसेवा आयोग पहिले संसोधन अध्यादेश, २०७६ प्रस्तुत गरेको छु धन्यावद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु प्रदेश सभा नियमावली २०७४ पहिले संसोधन सहितको नियम १५० को उपनियम (१) बमोजिम प्रदेश सभाको विषयगत समितिमा देहाएका माननीय सदस्यहरुको हेरफेर तथा थपघट गरेको छु।

| क्र सं | माननीय सदस्य | हाल रहेको समिति | हेरफेर गरिएको समिति |
|---|---|---|---|
| १ | मा० कृष्णालाल भडेंल | - | अर्थ तथा विकास समिति |
| २ | मा० प्रभात तमाङ्ग | सार्वजनिक लेखा समिति | अर्थ तथा विकास समिति |
| ३ | मा० पुकार मर्हर्जन | अर्थ तथा विकास समिति | सार्वजनिक लेखा समिति |
| ४ | मा० भिमसेन खत्री | सार्वजनिक लेखा समिति | शिक्षा स्वास्थ्य तथा कृषी समिति |

माननीय सदस्यहरु उक्त नामहरुमा सहमती जनाइदिन हुन अनुरोध गर्दछु। माननीय सदस्यहरु प्रदेश समिति उक्त नामहरु मा सहमती जनाएको घोषणा गर्दछु। माननीय सदस्यहरु अब म प्रदेश राजधानी संभाभ्यता अध्यायन विषेश समितिका सभापती माननीय दिपक निरौंलालाइ प्रदेश राजधानी संभाभ्यता अध्यायन विषेश समितिको प्रतिवेदन माथि सभामा छलफल गरियोस भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु।

**<u>माननीय दिपक निरौंला, सभापती, प्रदेश राजधानी सम्भाव्यता अध्ययन विशेष समितीः</u>-** माननीय सभामुख ज्यू, सभामुख ज्युको अनुमतिले प्रदेश राजधानी संभाभ्यता अध्यायन विषेश समितिको प्रतिवेदन माथि सभामा छलफल गरियोस भन्ने प्रस्ताव सम्मानीत सभामा पेश गर्दछु धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु अबम माननीय दिपक निरौंलाले पेश गर्नु भएको राजधानी संभाभ्यता अध्यायन विषेश समितिको प्रतिवेदन माथि सभामा छलफल गरियोस भन्ने प्रस्ताव माथि अर्थात प्रतिवेदन माथिको छलफल प्रारम्भ हुन्छ उक्त छलफलमा बोल्न चाहानु हुने माननीय सदस्यहरुले आ आफ्नो नाम चिटमा लेखि सभामुखको डोयास संगै बसेका कर्मचारीहरुलाइ उपलब्ध गराउन हुन अनुरोध गर्दछु। छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यलाइ ५ मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम म माननीय शशिजंङ थापालाइ अनुमती दिन्छु समय ५ मिनेट

**<u>माननीय शशि जंङ थापा (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))ः</u>-** माननीय सभामुख ज्यु सभामुखको आज्ञाले प्रदेश नम्बर ३ को स्थाइ राजधानी तोक्ने सम्वन्धमा म भक्तपुर बाट प्रतिनिधित्व गर्ने नाताले भक्तपुर जिल्लालाइ प्रदेश नम्बर ३ को राजधानी स्थाइ रुपमा तोकियोस भनेर यो भन्दा अगाडी २०७४ साल १२ /२६ गते विधिवत रुपमा प्रस्ताव दर्ता गरेका छौं त्यो दर्तामा यो हाउसले विवेक प्रयोग गरोस भन्ने आग्रह गर्न चाहान्छु।

र भक्तपुर एउटा ऐतिहासीक संस्कृतीक शहर पनि हो र यो १३वटै जिल्लाको लागी आकर्षणको केन्द्र पनि हो र शहरी सुविधा युक्त पनि क्षेत्र भएको हिसावले गर्दा खेरी भक्तपुर

जिल्ला नै ३ नम्बर प्रदेश को स्थाइ राजधानी राख्दा उपयूक्त हुन्छ भनेर हामीले १० वटा आधार सहित यसको दलिल पेश गरेका छौ। त्यो १० वटाँ आधार म प्रस्तावक र माननीय हरिसरण लामिछाने जो अहिले हामी सँग हुनुन्न उहाँले समर्थनको हिसाबले यो प्रस्ताव दर्ता गरेका छौं त्यो १० वटा आधारका बारेमा म यहाँ प्रकास गर्न चाहान्छु। भक्तपुर जिल्ला भक्तपुर सानो ठिमि भक्तपुर स्थित शिक्षा विभाग र सो मातहतमा रहेका परिक्षा नियन्त्रण कार्यलय शैक्षीक जनशक्ती केन्द्र लगाएत अन्य कार्यलयहरु रहेको करिव २०० रोपनी जग्घा र यसमा रहेका भैतीक संरचनाहरु क्रमिक रुपमा खाली हुने भएको ले ३ नम्वर प्रदेश को सबै मन्त्रलायहरु र सो सम्वन्धी कार्यलय हरु समेत स्थापना गर्न प्रयाप्त भवन तथा जग्गा उपलब्ध गर्न सकिने भरपर्दो आधार भएकाले यहाँ राजधानी राख्न उपयूक्त देखिन्छ।

अर्को ३ नम्बर प्रदेशका सचिवालय तथा सभाहल स्थापना गर्न मध्यपुर ठिमि नगरपालीका वडा नम्बर ९ स्थित कृषिविकास तालिम केन्द्र रहेको आधुनिक सुविधा सम्पन्न भैतीक संरचना तत्काल उपयोग गर्न सकिने अवस्था रहेकोले पनि यो उपयुक्त देखिन्छ र नेपाल सरकार शहरीविकास मन्त्रालयले ३ नं प्रदेशको स्थाइ राजधानी तोक्न गठन गरेको प्रविधिक टोलिलेसमेत उच्च प्रथामिकताको साथ भक्तपुरको सानो ठिम नै उपयूक्त हुने सुझाँव सहितको प्रतिवेदन पेश गरेको ले त्यसको आधार मा पनि भक्तपुर नै उपयुक्त देखिन्छ र प्रस्तावित स्थाइ राजाधानी तथा प्रदेश सचिवालय तथा सभाहल अरनिको राजमार्ग नजिकको दुरुमा रहेको र उक्त स्थानहरुमा पुग्न कुनै तिन दिशा बाट सडक सन्जाल समेत जोडिएको र सम्पूर्ण सडकहरु कालो पत्रे समेत भएको र सर्वजनीक यातायात समेत को सुविधा भएको हुनाले भक्तपुर उपयुक्त देखिन्छ।

माननीय सभामुज्यू ३ नम्बर प्रदेश अन्तर्गत १३वटै जिल्लालाइ पाएक पर्ने र भौगोलीक सुविधा सहित रहेकोले सर्वस्वाकार्य समेत हुन सक्ने आधार यहाँ देखिन्छ र तत्काल नेपाल सरकारले स्थाइ राजधानीको भौतीक संरचना तथा अन्य व्यवस्थापनको लागी छुटाएको बजेटको ठुलो हिस्सा जोगिने र त्यो रकम अन्य क्षेत्रको विकास मा खर्च गर्न सकिने हिसावले गर्दा खेरी पनि भक्तपुर नै उपयुक्त हुने देखिन्छ र केन्द्रय सरकारको सिंहदरबार स्थित मन्त्रालयहरु प्रस्तावित स्थानिय राजधानी बाट नजिक को दुरु मा रहेकोले केन्द्रीय सरकार संग आवश्यक पर्दा सहज ढङगले

समन्वय गर्न पनि सहज हुन्छ र भविष्यमा ३ नम्बर प्रदेश का स्थायी कार्यलयका संरचनाहरु निर्माण गर्न सुर्यविनायक नगरपालीका वडा नम्बर ८ स्थित भक्तपुर इट्टा टायल कारखाना रहेको २८५ रोपनी जग्गालाइ पनि उपयोग गर्ने सकिने आधार देखिन्छ।

सानो ठिमी स्थित शिक्षा विभागको कार्यलय क्षेत्र कम्पाउड पर्खाल सहित घेरीएको हुदा सुरक्षाको दृष्टिले समेत उपयूक्त हुने र साथै स्वछ सफा र प्रदुषण मुक्त रमणीय क्षेत्र भएको ले कार्य गर्ने जनशक्तीलाइ समेत उत्प्ररणा हुने हिसाबले पनि यो उपयुक्त देखिन्छ र प्रशतावित स्थाइ राजधानी क्षेत्र त्रिभुवनअन्ताराष्ट्रिय विमानस्थिल सगँ नजिकको दुरुमा रहेको हिसाबले पनि भक्तपुर भन्दा उपयुक्त अन्य ठाउँ हुदैन भन्ने म यहाँहरुलाइ दलिल पेश गर्न चाहान्छु। यो सम्मानीत सभाले भक्तपुरलाइ नै स्थाइ राजधानीको रुपमा पास गर्दिनु हुनेछ भन्ने आशा गर्दौ आफ्ना भनाइ टुङ्गाउछु हस्त धन्यवाद।

**<u>माननीय सभामुखः</u>- <u>अबम</u>** माननीय बलराम पौडेललाइ बोल्नको लागी अनुमति दिन्छु समय ५ मिनेट

**<u>माननीय बलराम पौडेल (नेपाली काङ्ग्रेस)</u>:-** माननीय सभामुखज्यु आज ढिलो भएर पनि हामी आफ्नो राजधानीको बारेमा छलफलको लागि यो गरिममया सधनमा हाम्रो प्रस्तावहरु पेश भएका छन र हामीले नेपालको इतिहासमा संघीयताको पहिले सधन भएको कारणले गर्दा आफ्नो राजधानी स्थाइ राजधानीको लागि टुङ्गोलागाउने हामी माननीय सदस्यज्यूहरुको अथवा यो गरिममाया हाउसको जिम्मेवार भएको हुनाले हामी लैहलैहमा नलागिकन आफ्नो भविष्य निर्माणको लागि इतिहासको पानामा कोर्नको लागी हामी सबै माननीय ज्युहरु तत्पर छौ।

यसै सिलसिलामा यसै हाउस बाट राजधानी अध्यायन गर्नको लागी एउटा समिति गठन भएको थियो त्यो समितिले ५ जिल्लाको नाम राजधानी उपयुक्त हुने ति मध्ये जुन सुकै ठाँउमा राख्न सकिने भन्ने किसिमको विभिन्न खाका सहितको अध्यायन गरेर प्रतिवेदन पेश गरेको छ। त्यसै सन्दर्भमा रहेर मेरा केहि कुराहरु यहाँ राख्नको लागि अनुमती चाहान्छु। माननीय सभामुखज्यु

वास्तवमा हिजो शेरबाहादुर पार्टि सभापती शेरबाहादुर दैउवा बाट जुन यो हेटौडा लाइ अस्थायी राजधानीको रुपमा नामाकरण घोषणा त्यसै गरिएको थिएन।

त्यसको भविष्य यसको इतिहास र यसको दिर्घकालीन सोचाइ माध्यनजर राखेर यो ठाउँ उपयुक्त हुन्छ भनेर तत्कालीन सरकारले घोषणा गरेको थियो। त्यस मध्यमा एउटा छ आर्थिक नाका। आर्थिक नाका भनेको नेपालको ७० प्रतिशत राजस्व उठ्ने विरगन्ज भन्सार यहि प्रदेशको बोर्डरमा पर्ने भएको कारणले गर्दा यो ठाउँ उपयूक्त हुन्छ भन्ने मलाइ लाग्दछ र अर्को छ क्षेत्रीय कार्यलयहरु हिजोका दिनहरुमा पनि क्षेत्रीय कार्यलयहरु हेटौडामा धेरै क्षेत्रीय कार्यलयहरु बसेको कारणले गर्दा क्षेत्रीय कार्यलय हरु यहि बाट सन्चालन भएको हुनाले यसलाइ अबका दिनमा पनि अस्थायी राजधानीलाइ स्थायी राजधानीमा नामाकरण गर्न यसै ठाँउलाइ स्थायी राजधानीको नामाकरण गर्न उपयुक्त हुन्छ जस्तो मलाइ लाग्छ।

अर्को यो हेटौडा पूर्वपश्चिम राजमार्गको मेरुदण्डको यो हेटौडा बजार छ। मकवानपुर जिल्ला छ त्यसकारणले गर्दा भविष्यमा धेरै राजमार्गहरु काठमाण्डौ जाने विभिन्न किसिमका राजमार्गहरु बन्ने क्रममा छन ती बन्ने क्रमले गर्दा खेरि मैले के भन्छु भने काठमाण्डौको बल्खुबाट हेटौडा आउने र बल्खु बाट काभ्रेजाने दुइ जना साथी दुइ तिर गयो भने पक्के पनि हेटौडा पहिला आउछ?

किन भन्दा किलो मिटरको हिसावले त्यो नजिक छ यो टाढा छ र त्यहाँ बढ्दो शहरीकरणको कारणले बाटो जाम भएको कारणले गडि नगुढ्ने कारणले त्यहाँ असाध्यै ढिलो समयमा काभ्रे पुग्ने अथवा भक्तपुर पुग्ने कारणले गर्दा खेरी यो तपाइको भोलीका दिन हरुमा अबका बाटाहरुका जुन संजाल छ यो संजालको विकास भए पछि यो हेटौडा नै उपयुक्त हुन्छ भन्ने मालइ लाग्दछ। र अर्को यो ठाउँ भनेको तपाइको दुइवटा प्रदेशको २ नम्बर प्रदेश र ३ नम्बर प्रदेशको बोर्डर लाइन हो यो/ यो बोर्डर लाइनको कारणले गर्दा खेरि २ नम्बर प्रदेशका ५ वटा जिल्लाहरु यो प्रदेशले छुने भएको हुनाले ३ नम्वर प्रदेशलाइ छुनेभएको हुनाले यो कारणले पनि हेटौडा राजधानी राख्दा उपयुक्त हुन्छ जस्तो मलाइ लाग्छ।

त्यस कारणले गर्दा खेरी हामी आफ्नो अमुल्य मत सांसदको अमुल्या मत यहि हेटौडाको पक्षमा दिनको लागी म लगाएत सबै माननीय साथीहरुलाइ अनुरोध गर्दौ यो हेटौडा को दुइतिहाइ

बहुमतले पास गर्दिन को लागी म सबै माननीय ज्युहरुको लागी हार्दिक अनुरोध गर्दौ मेरा भनाइहरु यहि टुङगाछु धन्यवाद, जय नेपाल।

<u>**माननीय सभामुखः**</u>- अब म माननीय रत्न प्रसाद ढकाललाइ समय दिन्छु समय ५ मिनेट

<u>**माननीय रत्न प्रसाद ढकाल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))ः**</u>- माननीय सभामुख ज्यू यो राजधानी संभाव्यता अध्यायन विषेश समिती ले आफुले पाएको समय अवधीको हिसावले २०७५ सालको बैशाख १४ गते यो गठन भएको रहेछ। यसको झण्डौ एक वर्ष भन्दा बढि समय पछि यो प्रतिवेदन यहाँ बारे छलफल हुदैछ सबै भन्दा पहिला त यो प्रतिवेदन तयार पार्नुहुने साथीहरुलाइ धन्यावाद चाहान्छु र अब यो प्रतिवेदन कार्यन्वयन को सफलताको शुभकामना व्यक्त गर्न चाहान्छु।

आजहामी नेपालको २०७२ सालको संविधान कार्यन्वयन र सघीयता कार्यन्वयनको चरणमा छौ यो चौतर्फी रुपमा अहिले संविधान प्रति, संविधानले व्यवस्था गरेका कयौ धारा र उपधाराहरु प्रती अथवा कयौ व्यवस्थाहरु प्रती, खास गरि संघियता समानुपातीक समावेशी पहिचानका जो नयाँ रुपहरु छन यस प्रती चौतर्फी रुपमा आवाजहरु उठिरहेका छन प्रश्नहरु खडा भैरहेका छन र एकात्मक राज्य व्यवस्थाको अभ्यस्त भएका हामी संघत्मक व्यवस्था मन नपराउने त्यस्ता विरोधीहरु बाट आज संघियता माथी प्रश्न खडा भैरहेको बेलामा संविधानलाइ कार्यन्वयन गर्ने र संघीयताको कार्यन्वयन गर्ने संविधानले प्रदत्तगरेका अधिकार प्रदेश सभाको सार्वभौम अधिकार प्रयोग गर्ने हामी चरणमा छन। यो एउटा निकै ठुलो खुसीको कुरा हो हामी प्रदेश सभा बाटनै संवैधानीक अधिकार प्रयोग गरेर राजधानी र नामाकरणको विषय टुङ्गाउदै छौ त्यस कारण यो एउटा खुसी र अवसरको क्षणमा छौ हामी।

यो प्रतीवेदन हामीले तयार गरौ प्रतिवेदन किन तयार गर्न जरुरी थियो, यसको औचित्यता किन थियो, सायद यो प्रदेश सभाले त्यो बुझेरै गरेको होला जहाँ पुरानो गएको सरकारले जुन जुन ठाउँ मा राजधानी अस्थायी ढङ्गले प्रस्ताव गर्यौ सायद त्यहि कुरालाइ कार्यन्वयन गर्न यो समिति गठन गरिरहन पर्थेन त्यसको आवश्यकता र औचित्य थिएन त्यसकारण प्रदेश ३ का अरु जिल्लाहरु पनि छन राजधानीका निम्ती उपयुक्त, लाएक र यो वहाँहरुले जुन जुन अवस्थाहरुको बारेमा

अध्यायन गर्नु भएको छ त्यो अवस्था ३ नम्बर प्रदेशका धेरै जनताहरुको मनोभावना बुझेर यो समिति गठन भएको छ र यो समितिले विभिन्न ५ जिल्लाको राम्रो बृहत ढङ्गले अध्यायन गरेको छ।

त्यो अध्यायनले के देखाएको छ भने सबै जिल्लाका बारेमा विविध पक्षका बारेमा, त्यसले यहाँ अध्यायन गरेको छ त्यसको भैगोलीक अवस्थाको बारेमा पूर्वाधारको अवस्थाको बारेमा, सामाजीक तथा संस्कृतिक अवस्थाको बारेमा वातावरणीय प्रभावको बारेमा सबै मा अध्यायन गरेको छ र समितिका साथीहरुलाइ धन्यावाद दिन चाहानुछु के काभ्रे जिल्ला कुनै पनि कुरामा कमि रहेनछ यहाँहरुले दिएको नम्बरमा यहाँहरुले दिएको छनोटमा यहाँहरुले यो प्रतिवेदनम समावेश गरिएको जुन ढ्ङ्गले आएका छन त्यसको निम्ती वर्णनुक्रममा मात्रै होइन सायद नम्बरको हिसाब मा दिने भए पनि काभ्रे एक नम्वरमा आउने गरि उहाँ हरुले जुन ढङ्गमा मेहिनत गर्नु भएको छ म साथीहरुलाइ धन्यवाद दिन चाहान्छु।

र अब हामीले के गर्छौ? यो अधिवेशन बाट हामीले राजधानी र नामाकरण टुङ्गाउदै छौ। आज नामाकरणको विषयमा पनि पहिचानको बारेमा बाहिर आवाजहरु बुलन्द भैरहेका छन। जो पहिचानको मुद्धा उठाएर हजारौ मान्छेहरुले बलिदान गरे धेरै मान्छे हरु जनआन्दोलनमा सहभागी भए जनआन्दोलत ६२/६३ सालको आन्दोलनमा ति सबै समुदायहरु को योगदान रह्यो उहाँहरुको आवाजलाइ हामीहरु कसरी संवोधन गर्छौ, ५ वटा जिल्लाहरु नाममा प्रस्तावमा भएका छन ती कुराहरुलाइ हामीले कसरी टुङ्गाउछौ यी निकै महत्वपूर्ण कुरा हो र त्यो अवसर आज हामी लिएर यहाँ आएका छौ त्यसकारण यो अवसरलाइ सहि ढङ्गले विवेक पुर्याएर हामीले यसको निष्कर्ष दिने छौ र हामीले राजधानी तोक्ने छौ र नामाकरण हामीले टुङ्गाएर खुसीका साथ हामीयहाँ बाट अधिवेशन बाट यो टुङ्गाउने हामी प्रकृयामा सहभागी भैरहेका छौ।

त्यसको निम्ती मैले धेरै कुरा भन्नु छैन सबै माननीय ज्युहरुलाइ हामीले यो प्रतिवेदनलाइ राम्रो सित अध्यायन गरौ मनै देखि अध्यायन गरौ अध्यायन गर्दौ जादा खेरी हामी एउटा निस्कर्षमा पुग्छौ त्यसै गरि ६२/६३ सालको जनआन्दोलनको म्याडेट र सबै जातजातीहरुको, सबै भाषाभाषीहरुको पहिचानको मुद्दालाइ एक चोटि संविधानमा बहुपहिचानको कुरालाइ हेरौ त्यो

कुरालाइ हेर्दा खेरी सायद राजधानी पनि काभ्रे जिल्ला अनुउपयूक्त होइन होला भन्ने निस्कर्षमा पुग्छौ र उपयुक्त हो भन्ने निस्कर्षका साथ पुग्न सक्छौ र त्यसै गरि पहिचानको हिसावले पनि यहाँ प्रस्ताव भएको विगतमा प्रस्ताव भएको र भोली नेवा ताम्मसालीङ को हिसाबले पनि यो उपयूक्त हो भन्ने निस्कर्षमा पुग्छौ पुग्न सक्छौ त्यसको निम्ती म सबैलाइ एक चोटी फेरी पुन विचारको निम्ती विवेक गर्नको निम्ति म अनुरोध गर्दौ मेरा भनाइ अन्त्य गर्छु धन्यवाद

<u>**माननीय सभामुखः**</u>- अबम माननीय विशाल खड्कालाइ अनुमती दिन्छु समय ५ मिनेट

<u>**माननीय विशाल खड्का (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))**</u>:- माननीय सभामुख महोदय आज ३ नम्बर प्रदेशको इतिहासमा अत्यन्तै महत्वपूर्ण विषय प्रवेश पाएको छ हाम्रो सदनमा म यसको लागी प्रदेश सरकार र माननीय सभामुख ज्यूलाइ म हार्दिक धन्यवाद दिन चाहान्छु। वास्तवमा नेपाल एउटा विशाल जनसङ्ख्या भएका भारत र चाइनाको विचमा वसेको कारणले होला अलिकति नेपाल सानो हो कि सानो होकि गरिन्छ तर वास्तवमा जनसङख्याको हिसाबले हेर्दा जति वेला ब्रिटिस साम्रराज्यले संसादलाई जितेको थियो त्यति खेरको जनसङख्या सँग अहिले हामी भएको नेपालीको जनसङ्ख्या लगभग उस्तै मोल खान सक्छ आजको समस्या हामी संग रहेको जो हिजो देखि दव्बीएर बसेको हामी सार्वभैम छौ भन्दा भन्दै पनि हामी मानसिक रुपमा हामी संग सोचको कुरा असाध्यै संमकिणर सानो सोचमा हामी रहेका छौ तथापि नेपाल एउटा प्रकृतीक रुपमा जो विविधताले भरिएको देश जो एकात्मक खालको जो गोर्खाली शासन पश्चात अथवा पन्चाएति ३० वर्षे काल खण्डमा जो एकात्मकखालको व्यवस्था भयो त्यसले राज्य पुर्नसंरचनाको बहस र समावेशीता समानुपातीक कुरालाइ संग संगै लिएर गयौ हामीले।

तर हाम्रो सोचमा परिवर्तन हुन नसक्दा आज हामीसंग रहेको हाम्रो पुस्तामा रहेको सबै भन्दा ठुलो चुनौती भनेको यो संघीयतालाइ हामी कसरी संस्थागत गर्न सक्छौ र संवृद्धिको समावेशी सोचलाइ हामी कसरी व्यवहारमा रुपमान्तरण गर्न सक्छौ भन्ने आजको यो प्रश्न यो प्रस्तावना संग हामी माथीको प्रश्न हो जस्तो लाग्छ। आज हामीले देख्छौ झापाबाट हेर्दात कर्णाली पारीलाइ सदुरपश्चिम भनिनु स्वाभविक थियो होला तर स्वयाम दार्चूलाको मान्छेले भाषण गर्दा खेरी म

सुदुरपश्चिमे भन्छ तर पूर्वलाइ सुदुरपूर्व भन्ने आँट गर्दौन हाम्रो मानसीकता यति लामो समय बाट हामी गाजीँएर बसेका छौ त्यस हिसावले आज संघीयता मार्फत यो राजधानीको बहस अथवा स्थायी राजधानी तोक्ने संग संगै पहिलो कुरात हामीले संघीयतालाइ कसरी संस्थागत गर्न सक्छौ यसको जवाफ हामीले दिनु पर्ने अवस्था छ त्यो संग संगै हाम्रो संवृद्धीको सोच के हो हाम्रो दृष्टिकोण केहो यो कुरा मार्फत जनतालाइ राजधानी मार्फत जनतालाइ कति सुगम हुन सक्छ या सक्दैन भन्ने कुरामा हामिले जवाफ दिनु पर्ने हुन्छ।

त्यसैले आज विविधतालाइ हामी जैविक विविधताको लागि अधिकारका बारेमा बोल्छौ तर माननीय विविधतालाइ चाहि हामी आफैले लत्याइ राखेका छौ त्यो कुरा हामी संघियतामा कसरी व्यक्त गर्छौं अथवा राजधानी र नामको सवालमा हामी कसरी अभिव्यक्त गर्छौं भन्ने कुरा यो हामी माथीका प्रश्न हरु हुन यीनै प्रश्नहरुका घेरामा रहेर आजहामीले यो प्रस्तावना माथि छलफल गर्दै जादा म एउटा प्रतिवेदन लेखन मसौदाको समितिको सदस्यको हिसाबले मैले राख्नु पर्ने त थिएन तर मैले एउटा कुरा चाहि स्पष्ट गर्नु पर्ने हुन्छ प्रतिवेदनमा वर्णानुक्रम स्पष्ट गरिएको छ बर्णनुक्रमा तर प्रतिवेदन हेर्दा खेरी १ २ ३ रोल नम्बर नहेरीकन कुन जेठो र कुन माइलो भनिएको छैन तर प्रतिवेदनले कन्टेनमा गएर हेर्ने हो भन्देखि कुन पहिला जन्मिएको क्रमश कुन जन्मिदै आएको भन्ने कुरा प्रष्ट देखिन्छ त्यसैले म गरिममया सधनमा यो गम्भिरता पूर्वक बहस गर्दा खेरी कन्टेनमा रहेर यसका अनुसुचीहरुलाइ समेत राम्रो समेत हेरेर हामिले १२१ बटा प्रश्नावली बनाएर त्यसलाइ अध्यायन गरेका थियौ।

भोली सम्म पनि हामि नाजवाफ नहुने गरि आज हामिले एउटा जवाफत दिनै पर्ने हुन्छ कि हामि राजधानी तोक्दै गर्दा दुइ महिना पछि फेरीने चिज होइन होला आज अध्यायन गर्दै जादा हाम्रो विधायकी अधिकार र प्रदेश सरकारको जुन संस्थागत गर्ने हाम्रो जिम्मेवारी र भोली सम्मको पुस्तालाइ सहज ढङ्गले हामी कठघरामा उभिन सक्ने हिसाबले हामी ले अध्यायन गर्न जरुरी छ त्यस हिसावले नै यो सधन त्यसमा सफल रहोस भन्ने म शुभकामना दिन चाहान्छु। र जो छलफलमा औपचारीक रुपमा आएको छन म त्यसको लागी हार्दिक धन्यवाद दिन चाहान्छु। धन्यावद

<u>**माननीय सभामुखः-**</u> अबम माननीय नरोत्तम बैद्यलाइ समय दिन्छु समय ५ मिनेट

**<u>माननीय नरोत्तम बैद्य (नेपाली कांग्रेस)</u>**:- सभामुख महोदय सभामुख महोदयको आज्ञाले मलाइ लागेको कुरा दुइ तिन वटा कुरा तपाइको अगाडि म राख्न चाहान्छु। सबै भन्दा पहिला यो प्रतीवेदनको उपर छलफल गर्दा खेरी यो प्रतिवेदननै हो की होइन यो कस्तो प्रतिवेदन यो काभ्रेमा राखे पनि हुन्छ नुवाकोटमा राखे पनि हुन्छ। भक्तपुरमा राखे पनि हुन्छ यहाँ राखेपनि हुन्छ त्यहाँ राखे पनि हुन्छ किटानी छैन किन राखेको यहाँलाइ संयोजक किन सदस्य बनाएको अनि किटानी भन्न सक्दैन।

यहाँ १ नम्वर यहाँ २ नम्बरमा यहाँ ३ नम्बरमा यहाँ ४ नम्बरमा राख्न सक्दैन भने किन संयोजक किन कमिटि चाहीएको किन यो कार्यदल चाहिएको यो प्रतिवेदन के भने यसको आधारमा निर्णाय गर्न सकिने संभावना देख्दिन मैले यसको आधारमा। यहाँले किटानी भन्नु भएको छैन हामीले कार्यदल किन बनाएको भन्दा किटानी कहाँ राख्दा हुन्छ तपाइले टुङ्गाइदिनुस भनेर त्यो कार्यदललाइ जिम्मेवारी दिएको तर किटानी चाहि नभएको यो हचुवा टाइपको प्रतिवेदन आएको छ यो पाँच सात लाख प्रदेशको पैसा हचुवाको भरमा खर्च भएको छ हचुवा भरमा खर्च भएको छ मलाइ लाग्छ।

त्यसैले मेरो आग्रह चाहि के भने यो प्रतिवेदन सरसरति हेर्दा खेरी गृहय कुरा सरसरती हेर्दा खेरि राजधानी भक्तपुरमा राख्नु पर्छ जस्तो लाग्छ। १ नम्बरमा भक्तपुर जस्तो देखिन्छ तर राजधानी भक्तपुरमा राख्ने सिलसिलामा संघीय राजधानीको संघै राख्दा खेरी त्यो केन्द्रले कामै गर्न दिदैन दिल्लिकोकेजरीवाल जस्तो हुन्छ त्यसैले भक्तपुर उपयुक्त छैन किन भने त्यो संगै राख्दा खेरीत संघले संघ सरकारले कामै गर्न दिदैन जस्तो दिल्लीको केजरीवाल त्यसैले मेरो भनाइ के भने हरेक हिसाव बाट पाएक पर्ने काभ्रे हुनु पर्यो।

यो प्रतिवेदनको हिसाव बाट मकवानपुरत लास्ट जाचमा पास हुदा खेरी १०० नम्बर आउने पास हुनेकि ३० नम्वर आउने पास हुने मलाइ भन्नु मकवानपुरमा कहाँ निर राख्नु हुन्छ भनेर सिफारीस गरेको छ छैन तर लास्टमा छ मकवानपुर मकवानपुरको सिफारीस गर्नु पर्छ भन्छ त्यो हामीलाइ माओवादी एमाले ले ह्वप जारी गर्छ त्यो माओवादी एमालेको लागि ह्वीप जारी होला, काङ्ग्रेसको लागि होइन हामी यो हेटौडाको कुरालाइ स्विकार गर्दौनौ नामको सम्वन्धमा बागमती पनि स्वीकार गर्दैनौ यो मेरो व्यक्तीगत कुरा हो यद्यापि मलाइ मेरो पार्टिको छलफल बाट निर्णय

गर्न बाँकि छ हामी एमाले माओवादीले के निर्णाय गर्दौ छ हेर्दौ छौ हामी तर हेटौडा हेटौडा रबागमती नाम हामीलाइ स्विकार्य छैन हेर्नुस यो कुरा धेरै पहिला टुङ्गीने कुरा हाम्रो सदस्य हाम्रो मुख्यमन्त्रीज्युको अशक्षमता हाम्रो मुख्यमन्त्रीज्यूको अर्कमण्ता ले गर्दा दुइ वर्ष लाग्यो अनि आफुले काम गर्न नसके पछि केन्द्रमा गुहार्छ सचिवालयमा गुहानर्छ मैलेत सकेन यो नाम तोक्दिनुस भन्छ।

अनी सचिवालयले ह्वप जारी गर्छ अनि हामीले मान्नु पर्ने त्यसैले यो स्विकार्य छैन मेरो आग्रह चाहि सबैले सार्वभैम सांसदले १३ वटा जिल्लालाइ पाएक पर्ने ठाँउ कुनै एउटा छ भने त्यो काभ्रे हुन सक्छ। त्यो काभ्रेमा सहमती हुनको लागी आग्रह गर्दछु जय नेपाल

**<u>माननीय सभामुखः</u>-** अबम माननीय पुकार महर्जनलाइ समय दिन्छु समय ५ मिनेट

**<u>माननीय पुकार महरर्जन (नेपाली कांग्रेस)</u>:-** माननीय सभामुख महोदय म आज यो स्टेजमा उभिदै गर्दा संभाव्यता अध्यायन समितिलाइ म हृदय देखि नै धन्यवाद ज्ञापन गर्न चाहान्छु।कि यहाँहरुले तेत्रो मेहिनताको साथ अध्यायन गरेर प्रतिवेदन तयार पार्नु भयो तर आज यो सभामा मलाइ लाग्छ यो अध्यायन प्रतिवेदन बारे छलफल गर्नु जरुरी छैन जस्तो मलाइ लाग्छ किन निर्णाय भैसकेको छ। निर्णाय ल्याइ सकेको छ र प्रतिवेदन ल्याइ सकेको छ र प्रतिवेदनमा हामिले छलफल गर्ने निर्णायको लागि हो तर हामी आज औपचारीकता पुर्याउदै छौ दुइ तिहाइको बहुमतको सरकार को दम्म र अर्मणाण्यताको कारण आज हाम्रो अधिकार लाइ सचिवालयलाइ दिएर सचिवालयले एउटा आदेश जारी भएको छ।

प्रदेशको राजधानी र नामका सम्वन्धमा र हाम्रो पार्टि सभापति सुसील कोइरालाले सहमती र सहकार्यको आधारमा जसरी संविधान निर्माण गर्नु भयो चार वर्षमा वन्न नसकेको संविधान आफ्नो कार्यकालमा निर्माण गर्नु भयो र त्यो संविधान भन्दा माथि केहि पनि छैन जस्तो मलाइ लाग्छ र संविधानको धारा २८८ को खण्ड (२) ले प्रष्ट व्याख्या गरेको छ, प्रदेशको स्थायी राजधानी दुइ तिहाइ मतले निर्धारण गर्ने छ पारीत गर्ने छ भनेर। तर आज हामी सपथ खाएको दुइ वर्ष पुग्न लागेको छ र यो दुइ वर्षमा पनि राजधानी र नाम तोक्न नसक्दा खेरी सचिवालयलाइ जिम्मा दिएर सचिवालयले तोकेको छ र आज यो जसरी सचिवालयले हाम्रो अधिकार माथि जुन किसिमको

खोलबाड गरेर नाम तोकेर राजधानी तोकिएको छ त्यस प्रति हाम्रो घोर विरोध छ र शिर्षस्त नेताहरुले जसरी आफ्नो दम्म र दम्मका आधारमा जसरी नाम हामिलाइ यो तोक्नु भनेर दियो। मलाइ लाग्छ आज हामीले धेरै परिवर्तन गर्यौं तर व्यवस्था परिवर्तन गर्यौं सोचमा परिवर्तन गर्न सकेनै।

सोच पञ्चायत कालीन जस्तै सोच छ र आज तानाशाह बन्ने सोच छ जस्तो मलाइ लाग्छ।त्यसकारण पनि आज जनयुद्धताकामा तत्कालीन जनयुद्ध ताकामा पहिचानको नारा दिएर जसरी जनताहरु र कार्यकर्ताहरुलाइ ज्यानको आहुती दिन आन्दोलनमा होमीय र आज त्यो पहिचानलाइ पनि धोति लगाएर बागमती प्रदेश भन्ने नाम दिइएको छ त्यसमा सहमती गर्नेकि नगर्ने हामिले त्यती तिर हाम्रो ध्यान दिन जरुरी छ।आज केन्द्रले लादयो भने हामी त्यता तिर लाग्ने कि नलाग्ने र हाम्रो अधिकार हामीलाइ मात्र बुख्याचा गराउने प्रयास गरिएको छ। यो सरकार पूर्ण रुपमा निर्ङकुशतातिर गैसकेको अवस्था छ आज केन्द्रमा सुचना प्रविधि र नेपाल विशेष सेवा कानुन ल्याएर हरेक चिजलाइ निर्यत्रण गर्न खोज्दै छ त्यस प्रती पनि म आपत्ती जनाउन चाहान्छु र सचिवालयले जुन किसिमको निर्णाय गरेर बजारमा यत्र तत्र हल्ला फैलेने गरि हाम्रो अधिकारलाइ कुन्ठित पारेको छ त्यस प्रती घोर विरोध गर्दै त्यो प्रस्तावलाइ त्यो जुन किसिमको निर्णाय लाद्न खोजिदै छ त्यसलाइ फीर्ता लिन सम्वन्धीत पक्षलाइ आग्रह गर्दै विदा हुन चाहान्छु।धन्यावाद जय नेपाल

**<u>माननीय सभामुखः</u>-** अब म माननीय हिरानाथ खतिवाडालाइ समय दिन्छु समय ५ मिनेट

**<u>माननीय हिरानाथ खतिवाडा (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>ः-** माननीय सभामुख महोदय, ढिलै भए पनि प्रदेश सरकारले स्थायी राजधानी र प्रदेश को स्थायी नामारणको लागि जो प्रस्ताव हाम्रो गरिमामय सदनमा ल्याएको छ। यसलाइ म सरकारको सम्मान गर्न चाहान्छु र समर्थन गर्न चाहान्छु।र स्थायी राजधानीको सन्दर्भमा गठित आयोग यो कार्यदलले आफ्नो गहन अध्यायन गरेर जिम्मेवारी पूर्वक पाँच वटा जिल्लालाइ स्थायी राजधानीको रुपमा जो प्रतिवेदन पेश गरेको छ

उहाँहरुको टिमलाइ पनि म उहाँहरु प्रति आभार प्रकट गर्दै उहाँहरुको लगनशिलताको पनि दुरुस्था गर्न चाहान्छु।

र अब यहाँ कुरा आइ रहेको छ स्थायी राजधानीको सन्दर्भमा के होत भन्ने सन्दर्भमा पुर्वबक्ता साथीहरुले पनि कुरा राखु भएको छ। र पाँच वटा जिल्ला स्थायी राजधानीको उपयुक्त ठाँउ हो विकल्पहो भन्ने कुरा आएको छ त्यस मध्य नुवाकोट, काभ्रे, भक्तपुर, चितवन र हेटौडा। मलाइ लाग्छ यो पाँचै वटा ठाँउहरु आ आफ्नो हिसावले महत्वपूर्ण र गरिवमय प्रदेशको राजधानी धान्न सक्ने भएको जिल्लहरु हो। जस्तो मलाइ लाग्छ र त्यो पनि एउटा फस्ट हुने हो त्यस मध्यको फस्ट एउटै हुन्छ त्यो गणितिय हिसावले हुन्छ बा त्यो प्रविधिक हिसाबले हुन्छ त्यो राजनितिक हिसाबले हुन्छ त्यो शासन प्रशासनको हिसाबले हुन्छ तर एउटा हुन्छ। तर मलाइ के लाग्छ भने नुवाकोट नेपाल एकिकरणको एउटा विरताको थलो हो नुवाकोट स्वायममा विस १८०० मा पृथ्विनारायण शाहले एउटा राजधानी बनाएर नुवाकोट जितिसके पछि बनाएर त्यहाँ बाट टेक्दै काठमाण्डौ उपत्यका जितेको म स्मरण गर्न चाहान्छु।

त्यती वेला पनि अर्ध राजधानीको रुपमा रहेको थियो नुवाकोट र हाम्रो प्रतिवेदनले पनि भनेको हिसाबले नुवाकोट मलाइ लाग्छ असाध्यै उपयुक्त मध्यको उपयूक्त जिल्ला नुवाकोट हो। त्यसमा हाम्रौ जिल्लाको माननीय बद्रि मैनाली जी प्रस्तावक रहेर त्यो नुवाकोट राजधानी हुन्नसक्छ भनेर संभाव्यता प्रस्ताव पेश गर्ने मध्यको एक जना सर्मर्थक म पनि हो त्यसमा माननीय आशा माया माननीय शान्ती थिङ तमाङ त्यहाँ रहनु भएको छ यसरी हामीले नुवाकोटको सन्दर्भमा भैरहदा खेरी नुवाकोट पनि उपयूक्त छ माननीय ज्युहरुलाइ सोच्नको निमित्त उपयुक्त छ भन्ने कुरामा दलिल पेश गर्न चाहान्छु। त्यस मध्य पहिलो कुरा केहो भने भ्याली भन्दा बाहिर रहेको र रसुवा धादिङ नुवाकोट आफु भैहाल्यौ चितवनलाइ पनि यो नजिक पर्ने अनि त्यस पछि सिन्धुपाल्चोक संग जोडिएको यो मध्य पहाडि लोक मार्गले मेलम्ची संग जोडेको छ।

र काभ्रेलाइ पनि टाढा नपर्ने सो हि बाटो भएर जादा र त्यस पछडि भ्यालीको तीन जिल्लात नुवाकोट संग जोडिएको छ यसलाइ कुन कुन ले जोड्छ भने एउटा पूर्वदेखि आउने लाइ रामेछाप देखि मेलम्ची सम्म जाने मध्यपहाडि लोक मार्गले नुवाकोट निजिक बनाएको छ धादिङको त तिन

तिर बाट नुवाकोट जोडिएको छ। मध्यपहाडी बाट पनि जोडिएको छ। त्यस पछाडि गल्छि बाट पनि जोडिएको छ र अरु साहेक मार्गहरु बाट पनि यो जोडिएको छ।

त्यस हिसाबले यो नौ बटा जिल्लाको एउटा आठो च्याप्ने एरिया मा अथवा आफैलाइ एकदकमै सुगम हुने हिसाबमा नजिक हुने ठाउँ हो जस्तो मलाइ लाग्छ जता बाट नाप्दा खेरी सिन्धुली, रामेछाप, दोलखा लाइ अपाएक पर्ने नै देखिन्छ तर यो हेटौडा समेतलाइ पनि नुवाकोट जानको लागी धेरै टाढा छैन एउटा कारण त्यो हो भने अर्को कुरा ठोरी केरुङ यो अन्तराष्ट्रिय मार्गको मध्य भागमा पर्छ र सबै राजधानी हरु किन हामी दक्षिण तिरको देशको किन नजिक नजिक सिमानामा जोड्ने हामीले कुनै राजधानी हरु त उत्तर तिरको मध्य भागलाइ नजिक हुने किन न जोड्ने त्यस हिसावले पनि यो ठोरी केरुङको मध्यभागमा पर्ने भएको ले महत्वपूर्ण छ। अर्को कुरा नेपाल विद्युत प्राधिकरण, त्रिशुली र देवीघाटको पैतीसय रोपनी खाली जग्गाहरु सरकारको लागी जहिले पनि प्रयोग गर्न सकिने जग्गा छ।

त्यती मात्र होइन सस्तो मुल्यमा पाइने जग्गाहरु जग्गा फाटहरु पिपल टार छ बट्टार, छ, आँकुटार छ विमलटाँर छ माहादेव फाँटहरु छ भने ढिकुरे फाँट सेरा फाँट थान्चिङफाँट चौडाह जस्ता ठुला फाँटहरु पनि रहेका छन त्रिशुली नदि तादी, लिखु, फलाखु, सलाखु नदिहरु बाट पानीको प्रयाप्त व्यवस्था छ काठमाण्डौ बाट जानको निमित्त गल्छि त्रिशुली अनि बालाजु त्रिशुली टोखा छहरे मध्य पहाडिले असाध्यै सुगम पार्ने सकिने। भोलीको ठाँउमा। र अहिले चिनियाँ राष्ट्रपती ज्युले नजिक चिन र नेपालको सम्वन्ध अझ नजिक मिलाउनको निमित्ति टोखा छहरे सुरुङ मार्ग लेत झन काठमाण्डौ र नुवाकोटको दुरी ४५ मिनेटको दुरुमा नजिक ल्याइदिनसक्ने संभावना छिटै भएको हुनाले नवाकोट राजधानीको निमित्त अबल्ल ठाउँ मध्यको अब्वल ठाउँ हो भन्ने मलाइ लाग्छ त्यसकारणले माननीय सासंद ज्युहरुले यसको बारेमा सोच दिनु होला।

नामको सन्दर्भमा पहिचानको कुरा हामीले धेरै उठायौ पहिचान वास्तवमा जनताले खोजेको हो जनताले खोजेको पहिचान नेवातामसालीङ एउटा हो। त्यो भन्दा अरु छ भने अरु पहिचानको बारेमा पनि छलफल हुन सक्ला तर एउटा नदि, कुनै तलाउ, कुनै एउटा मठमन्दिर आधारले जनताले त्यसमा पहिचान खोजिएको होइन त्यस कारण पहिचानको हिसावमा जनतालाइ एउटा

आस्वास्त पर्नको निमित्त हामी सोच्नु पर्छ जस्तो मालइ लाग्छ त्यस विषयमा म माननीय ज्युहारुलाइ यी बारेमा गम्भिरतापूर्वक सोच्नको निमित्त आग्रह गर्दै आफ्ना भनाइ यहि अन्त्य गर्छु हस्त धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय गीता वाग्लेलाई समय अनुमती दिन्छु समय ५ मिनेट

माननीय गीता वाग्ले, माननीय गीता वाग्ले

अब म माननीय प्रतिमा श्रेष्ठ समय अनुमती दिन्छु समय ५ मिनेट

**<u>माननीय प्रतिमा श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुख ज्यु हामी आज माननीय दिपक निरौलाले पेश गर्नु भएको प्रदेश राजधानी संभाव्यता अध्यायन विषेश समितिको प्रतिवेदन माथी छलफल गरिरहेका छौ र यो प्रतिवेदन माथि मेरो कुराहरु केहि राख्न चाहान्छु।

मुख्यमन्त्री गरि हामिले नेपालको पहिलो संविधान सभा राज्यको पुर्नर संरचना राज्य शक्तीको बाडफाँडले समिति ले राज्यको पूर्नसंरचनाले उच्च स्तरिय राष्ट्रिय सुझाव आयोग ले सर्व सम्मतीले प्रदेश निर्धारण लागी पहिचानको लाई प्रथामिकता र सामर्थलाइ साहयक आधार निर्धारण गरेको थियो। र दोस्रो संविधान सभाले त्यसलाइ सदर गरेको थियो त्यसैले माननीय ज्युहरुले लामो समय पछिडि हाम्रो प्रदेश सभाको गठन भैसके पछि लगभग आज दुइ वर्ष पछाडि हामी राजधानी काहाँ बनाउने भन्ने विषयमा स्थायी राजधानी तोक्ने विषयमा हामी छलफल मा विषय प्रवेश गरेको छ। र प्रतिवेदन राजधानी संभाव्यता अध्यायन समितिले अध्यायन गरेर प्रतिवेदन बुझाँएको पनि लामो समय पछाडि हामी यो छलफलजुटि राखेका छौ।

र यो छलफलमा जुट्नको लागी यो विषयबस्तु प्रदेश सभामा विषय वस्तु ल्याएर यहाँ प्रदेश सभामा हामीलाइ छलफल गर्न जुन सहभागी हुने मौका दिनु भएको छ लामौ समय पछि भए पनी हामी राजधानी विषयमा र नामाकरणको विषयमा हामी छलफल गैरहेका छौ यसको लागि म धेरै धेरै धन्यावाद दिन चाहान्छु। र हामीले मुख्य गरि पहिचानका पाच आधारहरु र सामर्थ्यका चार आधारहरुलाइ सविधानले आधार मानेर आइरहेको छ र सामर्थ्यको आधार भनेको एक नम्बर मा आर्थिक सम्बन्ध र सामर्थ्यको आधार र दोस्रोमा पूर्वधार र विकासको अवस्था, तेस्रोमा प्रकृतीक सघनता र स्रोतहरु को संभावना र चारमा प्रशासनीक सुघमता यी कुराहरुलाइ हामीले आधार

मानेर हाम्रो प्रदेश राजधानी स्थायी राजधानी कहाँ हुने भन्ने विषयमा यो प्रदेश सभाले गम्भिर छलफल गरोस।

जनतालाइ पाएक पर्ने ठाउँ र प्रशासनीक प्रदेश सरकारका सम्पूर्ण सेवाहरुलाई प्रशासनीक सेवाहरु जनताले पहुचमा सरल रुपले पहुचमा पुग्नको निम्ती म यो त्यहि डिसिजन सम्मानीत सभाले गर्ने छ भन्ने कुरा विषय राख्दै म यो प्रतिवेदन माथिको छलफल जुन प्रतिवेदनलाइ आधार मानेर १, २, ३ नम्बर गरेर जसरी प्रस्तुत गरेको छ जिल्ला हरु र लगभग मलाइ पनि लाग्ने कुरा केहो भने हुनत प्रदेश सभाको दुइ तिहाइ मतले हामी प्रदेश स्थायी राजधानी कहाँ हुने भन्ने कुरा निकट भविष्यमनै हामी त्यो टुङगो मा पुग्दै छौ र पुग्ने छ तर पनि प्रतिवेदनमा कम्तीमा यो जिल्ला यो भन्दा यो चाहि बेटर छ है भन्ने कुरा राखु भएको भए अझै सजिलो हुने थियो र कम्तीमा पनि पाचँ वटा जिल्लाहरुले माननीय ज्युहरुले हाम्रो जिल्लामा स्थायी राजधानी राख्दा खेरी राम्रो हुन्छ भन्नेर प्रस्ताव राखु भएको छ र त्यो आधारलाइ अध्यायन गरेर यो प्रतिवेदन ल्याएको हुनाले कम्तीमा पनि प्रथामिकताको आधारमा यो जिल्ला चाहि छ हौ भनेर आएको भए प्रतिवेदनमा आएको भए अझ राम्रो हुन्थ्यो भन्ने कुरा मेरो भनाइ राख्दै आफ्नो भनाइ यहि टुङ्गाउछु हस्त अभिवादन नमस्कार।

**<u>माननीय सभामुखः</u>-** अबम माननीय विजया श्रेष्ठलाइ अनुमती दिन्छु समय ५ मिनेट

**<u>माननीय विजया श्रेष्ठ (नेपाली कांग्रेस)</u>:-** माननीय सभामुख महोदय आज धेरै समयको अन्तराल पछि राजधानीको विषयलाइ बृहत छलफलमा ल्याइ दिनु भएको छ यस विषयमा छलफल हुँदा र अहिले नै यो सेसनमा राजधानीको निर्णय हुने छ अस्थायी राजधानी पाउने छौ भन्ने विस्वासका साथ म स्वागत गर्न चाहान्छु।

पुर्ववक्ता माननीय ज्युहरुले विभिन्न विचारहरु राखु भएको छ आ आफ्नो व्यक्तीगत विचारहरु स्वतन्त्र विचारहरु पनि राखु भएको छ म त्यसलाइ पनि स्वागत गर्न चाहान्छु। मलाइ पनी हिजो अस्ति यो कुरा स्थायी राजधानी विगतको पूर्वप्रधानमन्त्री सम्माननीय शेरबाहादुर ज्यूले विषेश अध्यायनका साथ अध्यायन गरेर विश्लेषण गरेर अस्थायी राजधानी निर्णय गर्नु भएको थियो यो कुरालाइ अस्थायी बनाउने कि स्थायी बनाउने नेकपाको दुइतिहाइको सरकारले अहिले दुइ वर्ष

पछी आएर निर्देशनालय बाट एउटा निर्देश दियो भनेर मिडिया बाट सुन्दा दुख लाग्यो र हाम्रो पार्टिले र हाम्रो पार्टिको नेताज्यू ले यसको यहाँ खेद प्रकट गरिसक्नु भएको छ मलाइ पनि यसमा खेदप्रकट गर्न मन लागेको छ।

किन भने संविधानले दिएको प्रधान गरेको प्रदेश सभालाइ एउटा स्वायत्त सरकार स्वायत्त प्रदेश भनेर जो संविधानले व्यवस्था गरेको थियो त्यको घाँटि निमोठियको छु मैले बुझेको छु। यो प्रदेश को स्थायी राजधानी गर्नलाइ हामी ११० जना मध्येमा बृहत छलफल गरेर पक्ष र विपक्ष एउटै भएर सहमती बाट हामी गर्न सक्थ्यौ त्यो कुरालाइ अलिकति नराम्रो म्यासेज गएको होकि भन्ने मलाइ लागेको छ। र पनि यस विषयमा छलफल गरेको ले यसलाइ अझै राम्रो हुन्छ भन्ने पनि मालइ लागेको छ।

मलाइ हिजो अस्ती पनि मनमा दोधार दोधार के गर्ने हो ला जस्तो लागी रहेको थियो तर अहिले आएर आफैले आफैलाइ विष्लेषण गर्दा मैले हेटौडा नै राजधानी हुनु पर्छ भनेर मैलेआफ्ना मनलाई ठम्माए जबकि मलाइ अलिकति गार्हो लाग्थ्यो लालितपुर बाट आउदा काठामाडौ बाट आउने साथी हरु थुप्रै हुनुन्थ्यो हाम्रो एउटौ काभ्रे अथवा भक्तपुर हुन पर्छ भन्न् हाम्रो एउटा माग थियो तर यसो विचार गर्दा हेटौडा हुनु पर्छ जस्तो मालइ लाग्यो। कारण के भने उपप्रधानमन्त्री ज्यूको टिमले यहाँ एकदम बृहत अध्यायन गरेको थियो र हावापानीको हिसाबले संस्कृतीक हिसाबले पूव यसको हेटौडाको इतिहासको कारणले पनि हेटौडालाइ माननीयता दिइएको थियो यहाँ बाट प्रमुख आर्थिक नाका विरगन्ज जम्मा ५०/५५ किलो मिटर टाढा छ त्यसले पनि हामिलाइ यसले सघाउने छ।

व्यापारीक दृष्टिले पनि यहाँ इन्फास्टक्चरहरु बढिराखेका छ वातावारण हावा पानीको हिसावले राम्रो छ र हामीले टाढा लाग्छ पोहोरपरार सम्म हामी मुख्यमन्त्री ज्यूलाइ बाटो राम्रो बनाउनु भनेर हामी गनगन पनि हामी गर्थ्यौं अहिले बाटो आउदा दिन हरुमा एउटा कुलेखानी हेटौडाको सुरुङमार्ग को डिपिआर सुरु भैसकेको छ भन्ने कुरा मन्त्रालय बाट थाहा पाएको हुनाले डेडघण्टा मा हामी पुग्छौ र हामि काठमाण्डौ बासी ललितपुर वासी हरुलाइ पनि सझिलो हुन्छ होला जस्तो मलाइ लाग्छ जस्तो एउटा विस्वास लिएको छु। अर्को कुरा के भने राजधानी अनिर्णायको

बन्धकको अनिर्णयमा रहेको हुनलाले दुइ वर्ष हाम्रो अलमल हाम्रो अस्थायी मनस्थिति भएको थियो यदि सारेछौ भने पनि अझ दुइ तिन वर्षत त्यसैमा जान्छ।

हामीले यो विकास गर्नु पर्ने समय मा संमृद्धि तिर लाम्कन पर्ने हामीले राजधानीलाइ मात्रै लिएर गर्नेकी यसलाइ यथास्थितिमा राखेर अझ राम्रो पारेर लाने हो त्यो पनि एउटा मनन गर्ने कुरा छ। र अर्को कुरा विगतको १९ वटा जिल्लाको राजधानी मकवानपुर हो भन्ने कुरा हामीले थाहा पाएका छौ, पहिला पनि मकवानपुरले यत्रो जिल्लाहरुलाइ लिड गरेको जिल्लाहुनाले अब पनि यो राजधानी उपयूक्त हुन्छ होला भन्ने विश्वास लिएको छु।

हो यहिले पनि हामीलाइ प्रदेश सरकार कहाँ छ, हामी सभासदहरुलाइ पनि अलमल परेको छ, आम जनताहरुलाइ त यसको सरकार कहाँ छ, यसको अफिस कहाँ छ .भन्ने साचिकै गारो भएको छ यसको व्यवस्थापन यो सरकारले छिटो भन्दा छिटो गरोस जनताहरु अन्यालमा छन कहाँ जाने, के गर्ने, कसो गर्ने भन्ने यो प्रचार प्रसार अझ राम्रो होस एउटा कुरा मलाइ खड्की रहेको के छ भने यहाँ सानो भए पनी एरपोर्ट छैन ठाँउ छ भने एरपोर्टको व्यवस्था पनि हनु पर्छ त्यसकारण अझै पनि राजधानीको लागि छलफल होस, वृहत छलफल होस मेलै यहाँ बोले यहाँ सहिछापत लागेको छैननी अझ छलफल भए अझ राम्रो हुन्थ्यो होला भन्ने यहाँहरुलाइ फेरी पनि शुभाकामना दिदैइ विदा हुन्छु जय नेपाल

**<u>माननीय सभामुखः</u>-** अब म माननीय बसुन्धरा हुमागाईलाइ समय दिन्छु समय ५ मिनेट

**<u>माननीय बसुन्धरा हुमागाई (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुख महोदय, आज हामी एउटा महत्वपूर्ण छलफल मा सहभागी भैरहेका छौ। प्रदेश को स्थायी राजधानी तोक्नको लागी बनाइएको समयको प्रतिवेदन उपर छलफल गरिरहेका छौ हामीले करिव २२ महिना अगाडि काभ्रे जिल्लाका चार जाना संसदहरुले प्रदेशको स्थायी राजधानी तोक्नौं यो अलमलमा नवसौ भनेर हामीले निवेदन हाल्यौ त्यस पछि क्रमश चार वटा जिल्ला भक्तपुर, मकवानपुर, नुवाकोट र चितवन सहित पाँच वाटा जिल्लालाइ निवेदन दिनुभयो राजधानी कहाँ बनाउन उपयूक्त छ भन्ने अध्यायन प्रतिवेदन दिनको निम्ती माननीय दिपक निरौलाको अध्यक्षातामा एउटा समिति वन्यो।

समितिले प्रतिवेदन दियौ त्यो प्रतिवेदन हामिले पास गर्यौं र त्यो प्रतिवेदनले के भन्छ र त्यो प्रतिवेदनले प्रदेशको राजधानी सबै भन्दा उपयूक्त स्थान प्रतिवेदन हरौ त्यसलाइ अध्यायन गरौ त्यसको आधारमा प्रदेशको राजधानी तोक्यौ तर सबै भन्दा उपयूक्त काभ्रे प्रदेश को राजधानी उपयूक्त छ।

यसले काभ्रे संग आठ वटा जिल्लाहरु हाम्रो प्रदेश मध्या १३ वटा जिल्ला छ ८ वटा जिल्लाहरु काभ्रे जिल्लाको सिमाना संग जोडिएको छ प्रकृतीक हिसाबले सौन्दर्य सबै हिसावले उपयुक्त छ। त्यति मात्रै होइन काठमाण्डौ उपत्यका बाट ३२ किलो मिटर टाढा छ वनेपा २६ किलो मिटर छ जहाँ हामीले केन्द्र तोक्छ भनौ त्यहाँ दुइ किलो मिटर बढि छ र ३२किलो मिटर भनेको पनौती सम्मको हामीले लियौ भने ३२ किलो मिटर भित्र सबै ठाँउमा हामी पुग्न सक्छौ काठमाण्डौ बाट। यसकारण पनि सबै भन्दा उपयूक्त काभ्रेनै हो भन्ने कुरामा सबै माननीय हरु कन्भिन्स हुनुन्छ दुइ तिहाइ भन्दा बढि कन्भिन्स हुनुन्छ।हामीलाइ विश्वास छ प्रदेशको स्थायी राजधानी काभ्रे बनाउने अभियानमा सबै माननीय ज्यूहरुको साथ सहयोगको निम्ति काभ्रे बाट जनप्रतिनिधी भएको नाताले म यहाँहरुलाइ अपिल आग्रह पनि गर्न चाहान्छु।

अर्को चिज, प्रदेशको राजधानी स्थायी तोक्नको निम्ती काभ्रे जिल्ला आफ्नो जिल्ला, भनेर हामीले राजधानी तोक्नु भनेको होइन हामीलाइ भन्दा सिन्धुपाल्चोकलाइ एक चोटि हेरौं, रामेछापालाइ एक पटका हेरौं, दोलखालाइ हेरौं सिन्धुलीलाइ मकवानपुर र काभ्रे दुबै ५०/५०हो त्यस पछि रसुवालाइ हेरौ नुवाकोटलाइ हेरौं आफैमा एक खालको संवृद्ध तर्फ उन्मुख दुइ वटा जिल्लाहरु यता छन। वहाँहरुलाइ पनि राम्रौ हुन्छ जस्तो लाग्छ जे जे भए पनि संघिय राजधानी संग टाढा रहन सक्दैनौ, सघिंय राजधानीका मन्त्रालयहरु संग काम लिनको निम्ती हामीलाइ सजिलो छ।

चितवन र मकवानपुरका माननीय ज्यूहरु प्रदेश सभाको बैठकमा काभ्रेमा तपाइहरु जानु भयो भने बैठक स्थगित भए पछि तपाइहरु काठमाण्डौ आए पछि मन्त्रालयमा आएर काम गर्न सक्नु हुने छ धेरै हिसावले उपयूक्त छ।आज तपाइले खर्चको हिसाबले हेर्नु हुन्छ मन्त्री ज्यूहरु राति राति मिटिङ सकिए पछि जानु पर्छ र यो काभ्रेमा भयो भने तपाइहरुले दुख व्याहोर्नु पर्दैन कर्मचारी नआएर बेहाल छ आए पनि वस्न नमानेर यहाँ समस्या छ। यदि काभ्रे हुने हो भने उसको

काठमाण्डौमा डेरा हुन्छ ८ बजे पनि ९ बजे पनि उ आएर वस्न सक्छ यसो हुदा खर्चको हिसावले आर्थिक हिसाबले संमृद्ध प्रदेश बनाउनको निम्ती काभ्रे उपयूक्त छ। यस बारे हामीले गम्भिर रुपमा छलफल गरौ। त्यो प्रतिवेदनले पनि काभ्रेलाइ सबै नम्बर जोडौं त्यो एक नम्बर हुन्छ जस्तो लाग्छ संविधानको मार्मर भावनालाइ पनि हामीले एक चोटि विचार गरौं संविधान को धारा २८८ को (२) ले दिइएको अधिकारको प्रयोग गर्यौ। दुइ तिहाइ जहाँ पुग्छ त्याहाँ राख्खौं।

जनता द्धारा निर्वाचित जनप्रतिनिधिहरुको अभिमत राख्ने थलो हो यो संसद, यो आफैमा सर्वभैम सम्पन्न छ। राजनितिका दलहरुको सल्हासुझाव स्वभाविकरुपमा हामीले लिनु पर्छ। हामी पनि दल प्रतिनिधि हौ, त्यहि दलले हामीलाय टिकट दिएर चुनावमा पठाएको हो र हामीलाइ चुनावमा पठायो तर हामीलाइ चुनावमा पठाँउदा त्याहाँको जनताको संवृद्धका निम्ती काम गर आफ्नो संस्थालाइ अहित हुने काम नगर भन्ने हिसवले हामीलाइ पठाएको छ। त्यसो भएको हुनाले यिनै कुराहरु तपाइहरुलाइ आग्रह गरे अनुरोध गरे र म अन्त्यमा कहिले काहिँ मत भनेको प्राविधिक कुरा हो, कहिले काहिँ हारेर पनि जितिन्छ स्थाइ राजधानी एक पटक तोक्ने हो सधै भरि हाम्रा भावि पुस्ताहरु सन्ततीहरुले गाली गर्ने ठाउँमा सहि नगरौ र हामीले सबै ले ठिक ठाक तोकेछ भन्ने वातावरण सृजना गरौं यहि अपिल र आग्रह गर्दै अन्त्यमा नारायणा गोपालले भनेको गित एक पटक स्मरण गर्दछु। मुटु माथि ढुङ्गा राखि हास्नु पार्यो छु।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय गिता वाग्लेलाइ अनुमति दिन्छु समय ५ मिनेट

**<u>माननीय गिता वाग्ले (नेपाली कांग्रेस)</u>:-** सभामुख महोदय हामीले राजधानीको विषयमा छलफल गर्दै गर्दा म लाइ त वास्तवमा हामी माननीयहरुलाई यति धेरै, हुनत यो छलफल गरेरै जादा बेशी हुन्छ। सबैले कस्ता वोल्दा रैछन ह, कस्ता कस्ता माननीयहरु आएका रैछन हँ, थाहा पनि हुन्छ भन्ने पनि हो।

तर मलाइ लाग्छ घ्यू पनि नमोथीकनत आउदैन घ्यू, दहि मोथ्नै पर्छ, यो धेरै अध्याय गरेर आदरणीय शेरबाहादुर दाइले धेरै नेताहरु सित सरसल्लाह गरेर डडेलधुराको मान्छेले मकवानपुरमा हिजो मुकुन्दसेनले पनि यो राज्य बनाएको हो। यो राज्यले कहाँ, कहाँ अकुपाइ गर्थ्यो त भन्दा

सिन्धुली, रामेछाप, मकवानपुर नुवाकोट यी साराचाहि अकुपाइ गर्यो त। अर्को कुरा हामी नेताहरु हामी देश र जनताको लागी होइन रहेछ म यसो यहाँ सुन्दा मेरो घरको डिलमै राजधानी लग्नपाए कति उत्तम हुन्थ्यो भन्ने कुरा धेरैको सुने। मलाइ त त्यो चितवन साभावित भनेर ल्याए र हरेक फाटिलो भने पनि जे भने पनि चितवन चाहिएको छैन।

नेताहरुले जुन किसिमको एउटा तपाइ हामीलाइ हामी छुट्यौ एक हाम्रो प्रभुत्वले हाम्रो विद्धवत्ताले हाम्रो उसले हामी माननीय यहाँ केहि पनि आएका छैनौं पार्टिले दिएको टिकटले हामी आएका हौंयहात य होर एक्लै एक्लै माननीय प्रभुत्व जमाएर बोलेको मैले देखेको छु, होला बोल्न पाइन्छ तर अनुशान भन्ने चिज घर देखिन सदन सम्मन सडक स्कुल सम्म सबै ठाउमा अनुशासन भन्ने विषय महत्वपूर्ण विषय हो। हामीलाइ मन्त्रि दिए खुस त्यो नेता ठिक मन्त्री नदिए त्यो नेता वेठिक। हामीलाइ सर्तपरे त्यो नेता ठिक हामीलाइ असर्त परे त्यो नेता बेठिक। आज यो मकवानपुर जिल्लामा किन राखियोत भन्दा प्रदेशको हालत काठमाण्डौ शहर हर्रहर्र गुडेर फुत्त फुत्त नेताहरुलाइ भेट्ने आफ्नो महत्वकाक्षा पूरा गर्ने भनेर हामी नेता भएका हौं, मेरो पनि घर धापासीमा छ, म पनि त्यहि वसेको हो यो मकवानपुर जिल्लामा हस्पिटलको हालत, त्यस्तो छ क्षेत्रीय हस्पिटलको हालत, यो मकवानपुर जिल्लामा पृतनाधिश छ।

यो मकवानपुरमा जिल्लामा आज सत्र तिर बाट बाटोको सोच ल्याएको छ र यो प्रदेश राजधानी बन्यो भने यो धेरै राम्रो हुन्छ र यसलाइ बनाउनु पर्छ भनेर नेताहरु बामपन्थीका नेता काङ्गगेसका नेता धेरै छलफल गरेर नामाकरण सातै प्रदेशको नामाकरण भएको हो। भने आज हामीले काभ्रे लैजाउ, चितवन लैजाउ, नुवाकोट लैजाउ यो मुखको तितो मात्रै हो यो हुनेवाला केहि छैन। तितो फाल्न जत्ती पनि पाइन्छ। यो प्रदेशमा आज के कुराको कमि छ हामीलाइ बस्न लाइ हामीले आज त्यत्रो रुग्ण भएर गएको छ हामीले चाहि उद्योगधन्दा हामी बनाउछौ खौं त त्यो उद्योग विहिन भएर गएको छ त्यसको चासो हामिलाइ छैन।

हाम्रो दायित्व होइन त्यो, हाम्रो दायित्वको होत। हामीलाइ तलव भत्ता अलि भाए हुन्थ्यो खल्तीमा राख्न पाए हुन्थ्यो यहाँ बाट खान धेरै पाए हुन्थ्यो त्यो होत त्यसले गर्दा हेर्नुहोस साथीहरु माननीय ज्यू म विनम्र अनुरोध गर्दछु यो दुइ तिहाहि मत बोली हामीले यो मत पनि खेर गयौ भने

अस्थायी राजधानी भनेर पनि मकवानपुरमै हुन्छ। स्थायी भयो भने हामिले सबैको कुर्चि टोबल पनि पाउछौ यति भन्दै मेरो भनाइ यहि टुङ्गाउछु यस्त धन्यावाद।

**<u>माननीय सभामुखः</u>-** अब म मानननीय कृष्ण लाल भडेंल लाइ अनुमती दिन्छु समय ५ मिनेट

**<u>कृष्णलाल भडेल (नेपाली कांग्रेस)</u>:-** माननिय सभामुख महोदय म सबै भन्दा पहिले यहाँ उपस्थित माननीय सदस्य ज्युहरु सबैलाइ धन्यवाद दिन चाहान्छु। किन भने यहाँहरु म आउदै गर्दा सबै माननीय सदस्य ज्यूहरुले र सफल कार्यकालको शुभकामना दिनु भएको थियो त्यसकारणले पनि यो शुभ अवसरलाइ छोपेर सबै माननीय हरुलाई हृदय देखि धन्यावाद दिन चाहे। अहिले हामी र दोस्रो कुरा माननीय सदस्य ज्युहरुलाइ यो पनि भाग्यमानि ठाने।

जव जव म यो ढोका बाट प्रवेश गरे हाम्रो देशको राजधानी नामकारण संगसंगै छिर्यो यसकारणले पनि कृष्ण भनेको खाचों रैछ भन्ने कुरा आज महसुस भए जस्तो लाग्यो यस बारेमा पनि म भाग्यमानि ठाने सभामुख महोदय यो राजधानीको र सम्वन्धमा म सबै कुरा भक्तपुरको बारेमा कुरा राख्दै गर्दा माननीय शशिजङ थापाले भनि सक्नु भएको छ फेरि त्यहि कुरालाइ दोह्राइ राख्दा खेरी समय लाइ मात्रै वर्वाद गर्ने जस्तो लाग्छ। सबै कुरा यहाँहरुको विचार गरे मेरो विचारमा मैले यो प्रदेशमा प्रतिनिधित्व गर्दा मैले चुनावमा सभासदको पद लड्दै गर्दा राजधानी भक्तपुरमा राख्छु भन्ने मेरो ज्वालन्त आवाज उठाउछु भन्ने प्रतिवद्धता उहाँले सुन्नु भएछ पहिले नै प्रस्ताव राख्नु भएको मा यहाँलाइ पनि धन्यवाद दिन चाहे। सभामुख महोदय, हामीले मेरौ घर छेउमा मेरै नजिक मेरौ वरपर राख्नु पर्छ भन्न खोजेको होइन, हामी जनताको प्रतिनिधी हो हामी सबै जनताको हामीमा १३ वटा जिल्ला छ हामीमा त्यसलाइ भौगोलिक दृष्टिकोणले कुन ठाँउमा उपयुक्त हुन्छ त त्यसालइ हामीले मनन गर्ने कि नगर्ने।

र आज हाम्रो सभामुख आफ्नो प्रदेशको सभासदको मलाइ कहाँ कहाँ पत्रिकामा हेर्दा प्रदेश सभा सदस्यले मैलिक अधिकार हनन भए जस्तो लागी रहेको छ। यो हाम्रो विषय हो सभामुख महोदय हामी ले जनता समक्ष जनताको न्याय, जनताको उद्धार गर्छु भनेर हामीले यहाँ प्रतिनिधित्व

गर्न आएको हो, कसैको नेता र नेताले गरेको निर्णयमा होइन। हिजो सम्म हामीलाइ थाहा थियो यहिँ प्रदेश सभाको बैठकले सहमती र सहकार्यको आधारमा प्रदेशको राजधानी टुङ्गाउन सकिन्छ जब सचिवालयको निर्णय हुन्छ पत्र पत्रीका आउछ सारै दुख लाग्दो कुरा हुन्छ। त्यस प्रति मेरो घोर भर्चना गर्न चाहान्छु। यो हामी प्रदेश सभा सदस्यहरुले चयन गर्न सक्ने प्रदेश राजधानी र राजधानीको नामाकरण यो हवीप जारी हुनु दुर्भाग्य पुर्ण हो भन्ने मलाइ लाग्दछ।

र मलाइ थाहा छ तल्कालीन, यो प्रदेश स्थायी प्रदेशको राजधानी तत्कालीन प्रधानमन्त्री वर्तमान माननीय सभापती आदणीय शेरबाहादुर दैडवाजी ले यहाँ अस्थायी राजधानी तोकिएको हामी सबैलाइ थाहा छ। यो संग संगै सात्तै वटा प्रदेश प्रमुख हरु तोकेको कुरा पनि हामिलाइ थाहा छ मलाइ थाहा छ हाम्रा वर्तमान प्रधानमन्त्री ज्यूले कहिँ कतै भनेको कुरा म यहाँ स्मरण गर्न चाहे। तत्कालीन शेरबाहादुरले लिएको निर्णय कुनै हालतमा फेर्छु भन्नु भएको छ हो उहाँले सातै वटा प्रदेशको प्रदेश प्रमुख पनि फेर्नु भयो। ताकत छ भने हेटौडाको अस्थायी राजधानी पनि फेरेर देखाउनुहोस, मेरो च्यालेन्ज छ अलिअलि छ हिम्मत छ भने प्रदेशको राजधानी पनि चेन्ज गरेर देखाउनुहोस नत नपुग्ने कुरा एउटा जिम्वार पार्टिको सम्मानीय प्रधानमन्त्री एउटा महत्वपूर्ण पार्ट पार्टिको अध्याक्ष जस्तो कुरा प्रधानमन्त्रि जस्तोले यस्तो कुरा हावादारी कुरा मिल्दैन जस्तो मलाइ लाग्छ सभामुख महोदय।

त्यसकारण यो हुवीप जारि गर्ने कुरा पनि हाम्रो चाहिनि एउटा दुर्भाग्या पूर्ण हो हाम्रो माननीय सदस्य ज्यु कति कुरा प्रतिवद्धता जाहेर गरेर आउनु भएको होला हर क्षेत्र बाट त्यो प्रतिवद्धताले हुवीय जारी भनेको साचिकै फेरी राणा र राजा फर्किने होकि भन्ने हामिलाइ चिन्तालागीरहेको छ। हिजो राणाको हुवीप जारी लाई हामी नटेरेर, हामीले संघर्ष गरेर यो मुलुकमा लोकतान्त्रीक गणतन्त्र ल्याएको कुरा हामीलाइ सर्वविधितै छ।

हामी राणालाइ लखेटौ राजा हटायौं तर यो सचिवालय बैठकले पुन राजा र राणालाइ पुर्वजिवित गर्न खोजेको हो कि भन्ने मलाइ आसंका लागेको छ मलाइ सभामुख महोदय यसकारणले हामीले मैले भन्दछु प्रदेशको राजधानी सबै त्यस्तै ठिक छ प्रदेशको राजधानी भक्तपुरमा हुनु पर्दछ हामी देवदेवाता र धर्ममा विश्वास गर्ने मानिसहरु मैले साच्चै भन्नु पर्दा खेरी नामाकरण चागुँनारायण

हुनु पर्दछ, चागुँनारायण किन हुनु पर्दछ भने चागुँनारायण भनेको विश्वामा सबै भन्दा पहिला उत्पन्न भएको चागुँनारायण हो हामीले जस्लाइ पहिला देख्छौ त्यसलाइ जेष्ठ भन्छौं त्यसकारण चागुँनारायण प्रदेशको नाम चागुँनारायण र प्रदेशराजधानी भक्तपुर माग राख्दै म विदा हुन चाहान्छु धन्यावाद जय नेपाल

<u>**माननीय सभामुखः**</u>- अब म माननीय मिना ज्ञावालीलाइ समय दिन्छु समय ५ मिनेट

<u>**मिना ज्ञावाली (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))**</u>:- माननीय सभामुखज्यु, आज हामी राजधानी संभ्याव्यता अध्यायन समितिको प्रतिवेदन उपर छलफल गरिरहेका छौ। २०७५ साल वैसाख १४ गते यहि सभाबाट बनेको यो समितिले आज एक वर्ष भन्दा पनि बढि भए पछि पेश गरेको प्रतिवेदन माथि छलफल गरेका छौं।

यो एकदमै ढिलाइ भएको छ यो ढिलाइमा राम्रो भयो भन्न त सक्दिन म तर पनि समितिले आफ्नो प्रतिवेदन पेश गरेको मा म समिति प्रति हार्दिक धन्यावद ज्ञापन गर्दछु। आज हामीलाइ प्रदेश नम्बर ३ का सारा जनताले, नेपाली जनताले र सघीयताको अभ्यास गरिरहेका हामिलाइ संसारका अरुले पनि नियालि रहेका छन। दुइ वर्ष देखि हामी यो विषयमा निरन्तर सदनमा कुरा उठाइ रहदा पनि हामिले प्रदेशको राजधानी र नामाकरणको सन्दर्भमा अघि बढ्न सकेनौ यसका लागि आज हामी थप अगाडि बढ्नका लागी उपस्थित भएका छौं। आज हामीले प्रदेशको न्यावरनको लागी केहि छलफल अगाडि बढाइ रहेका छौं। यस सन्दर्भमा विभिन्न कुरा हरु आए म त्यो सन्दर्भ भन्दा अगाडि त्यो प्रतिपक्षाका माननीय हरुले पटक पटक नेकपा एमाले र माओवादि भन्ने शब्द उच्चारण गरेको मा आपत्ती जनाउन चाहान्छु अहिले नेपालमा नेकपा एमाले र नेकपा माओवादि भन्ने पार्टि छैन यहाँ लाइ स्मरणःगराउन चाहान्छु।

नेपालमा अहिले नेपाल कमनिष्ट पार्टि नेकपा मात्रै छ र यहाँ हामी दल पनि हामी नेकपा छौं यो हिजो पनि यो यहाँ उठेको विषय हुनाले म यहाँलाइ स्मरण गराउन चाहान्छु। र दोस्रो कुरा म के भन्न चाहान्छु भने मिडियामा जे जस्तो आए पनि अहिले सम्म हाम्रो पार्टि नेकपाले हामीलाइ हुवीप जारी गरेको छैन भोट हाल्ने बेला सम्म के गर्छ थाहा छैन भोली हाम्रो दलको बैठक छ

त्यहा नयाँ कुरा आउला यो सन्दर्भमा प्रतिपक्षले धेरै टाउको दुखाइ छैन हुवीप जारी गर्दा तपाइ हरुलाइ हुवीप जारी गर्दैन हामीलाइ गर्छ नेकपाले हुवीप जारी गरेको सचिवालयले हुवीप जारी गर्ने हामीलाइ यहाँ सदनमा उठेको कुरा मलाइ अनौठो लाग्यो हुवीप जारी गर्छ त आफ्ना कार्यक्रतालाइ जारी गर्छ।

आफ्ना दलका सदस्यलाइ जारी गर्छ होला त्यसमा हामीले विचार गर्नु पर्ला अथवा हामीहरु ले आफ्ना कुरा हरु राखिरहेका छौं म यो कुरा भन्न चाहान्छु।र यो प्रतिवेदन राख्ने समितिले भौगोलीक सामाजिक संस्कृतीक विभिन्न आधारहरुलाइ राखेर अध्यायन गरेर प्रश्तावित पाचँ वटा ठाँउको बारेमा अध्यायन प्रतिवेदन पेश गरेको छ। म यो वा त्यो ठाउँ भन्न चाहान्न तर के भन्न चाहान्छु भने संघियता भनेको भुगोल पनि हो।संघियता भुगोल होइन भने सिहँदरवार बाट शासन गर्दा कर्णाली र सुदुरपश्चिमको विकास हुन्थ्यो भने नेपाल मा किन संघियता चाहियो।

यसर्थ म के आग्रह गर्न चाहान्छु भने संघियता भुगोल पनि हो यहाँ का जनता लाइ पाएक पर्ने ठाँउमा राजधानी हुनु पर्छ। यसमा हामी सबै माननीय हरुले ध्यान दिनु पर्छ होला आ आफ्नो दलले हुवीप जारी गर्ने स्थिति होला हामी दलका कार्यकर्ता हो हामीले माननीय कुरा होला तर आज हामी लाइ ३ नम्बर प्रदेशका सार जनताले हेरीरहेका छन र हामीले हाम्रो मत राख्दा खेरी यहाँहरुले पनि मुल्याङकन गर्ने कुरा हुन्छ। हाम्रा बाध्यताहरुलाइ यहाँहरुले पनि बुझ्ने कुरा हुन्छ त्यो विषय फरक विषय हो।

यसर्थ म के आग्रह गर्न चाहान्छु भने कम्तिमा रसुवाका गोसाइ कुण्डाका जनताले, सिन्धुपाल्चोका थाङपालका जनताले दोलखाको विकुका जनताले रसुवा काभ्रेको माहाभारतका जनताले पनि आफुले संघियताको महसुस गर्ने गरि उनि हरुले यो प्रदेशको राजधानी भएको हेर्न चाहान्छन हामी यो विषयमा अलिकति सेनीमेन्ट हुनै पर्छ र हामीले हाम्रो दललाइ आ -आफ्नो दललाइ हुइप जारी गरे पनि आफ्ना मत राख्नै पर्छ हामिले राखिरहेका छौ भोट हाल्ने दिन सम्म हाम्रो पार्टि ले के भम्ला त्यो छुट्टै कुरा हो। म आग्रह गर्न चाहान्छु अहिले सम्म हामीलाइ हाम्रो पार्टिलाइ कुनै हुवीप जारी गरेको पनि छैन र कसैले टाउको दुखाउनु पर्ने पनि छैन म यहिँ कुरा राख्दै आफ्ना भनाइ यहि टुङ्गाउछु हस्त धन्यवाद नमस्कार।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय लक्ष्मण लम्साललाइ अनुमती दिन्छु समय ५ मिनेट

**<u>माननीय लक्ष्मण लम्साल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुखज्यू माननीय सदस्य ज्यूहरु, राजधानी संभाव्य अध्यायन समितिको प्रतिवेदन एक वर्ष पछि पनि यो सदनमा प्रस्तुत भएको छ यसमा हामी सबैले म चाहि धेरै खुसि छु। र हामी सबै खुसि छौं किन भने यो रोस्टमामा हामीले धेरै पटक भन्यौ। हाम्रो प्रदेशको स्थायी राजधानी र नामाकरण छिटो भन्दा छिटो हुनु पर्छ भनेर भन्यौ हामीले सपथ खाएको दुइ वर्ष पछाडि भए पनि यो छलफल प्रारम्भ भएको छ यो टुङ्गिने छ भन्ने हाम्रो विश्वास छ।

अहिले प्रदेश का नागरिकले मात्रै होइन देश र प्रदेशमा वसेका सबै नागरिकले हरुले प्रदेश सभामा पहिले पटक बनेको यो प्रदेश सभामा निर्वाचित माननीय सदस्य ज्युहरुले अब गर्ने निर्णय मुलत राजधानी र नामाकरणको सन्दर्भमा कस्तो निर्णय गर्नु हन्छ। यहाँ हरुले कसरी सोचिरहनु भएको छ। उहाँहरुले जनतालाइ राखेका प्रतिवद्धताहरुलाइ कसरी संवोधन गर्नु हुन्छ उहाँहरुले भोलीको सुदुर नेपालको भविष्यलाइ, संघियताको भविष्यलाइ, संविधानको भविष्यलाइ खास गरि नागरिकको परिवर्तन, संवृद्धि, सुखि नेपाली को जुन संकल्प छ त्यसाइ कसरी पुरा गर्नु हुन्छ मैले भने प्रदेश नम्वर ३का जनताले मात्रै होइन देश र विदेशमा रहेका सारा नेपालीहरु ले हामीलाइ यति वेला नियालि रहेका छन। यो महत्वपूर्ण र ऐतिहासीक घडिमा पक्कै पनि हामी सुविचारीक ढङ्गले तथ्यगत हिसाबले र आजको आवश्यकताको हिसावले यो सधन यो गरिममया सधनले लामो अनुभव लामो यात्रा पार गरेर आएका आदरणीय माननीय ज्युहरु यहा हुनुन्छ उहाँहरुले पक्कै पनि एउटा सहि निर्णाय गर्नु हुन्छ भन्ने कुरा आज सबैले हामीलाइ नियाली रहेको बेलामा यो महत्वपूर्ण सनदर्भमा यो प्रतिवेदन जुन आएको छ यसका बारेमा हामी छलफल गर्न उपस्थित भएका छौं।

र म यो संग संगै के आग्रह गर्न चाहान्छु भने तिन हिसावले औचित्य के हो, संभावना केहो र सामर्थ्यो के हो। औचित्यको हिसाबले राजधानी कहाँ हुनु पर्छ। संभावनाको हिसाबले राजधानी कहाँ हुनु पर्छ र सामार्थ्यताको हिसाबले राजधानी कहाँ हुनु पर्छ। मलाइ लाग्दैन हामीले बुझेका छैनौं हामीले राम्रो संग बुझेका छौं। यो सधनले गम्भिरता पुर्वक एउटा समिति नै बनाएर हामीले संभाव्य अध्यायन गर्ने लामो समय खर्चेका छौं। माननीय सदस्य ज्युहरुले ठुलो महिनत गर्नु भएको

थियो पर्के पनि यो हाम्रो संसद यो हाम्रो संसदको ले बनाएको समितिको निश्कर्ष लाइ हामी त्यो निश्कर्षलाइ हामी आत्म साथ गर्ने छौं। पर्के पनि त्यो समितिले दिएको निश्कर्ष यो संसदले समितिले सुझाव दियो समितिले यहाँ कुरा राख्यो र यो संसदले त्यसलाइ गम्भिरतापूर्वक लिने छ भन्ने विश्वास लिएको छु।

अहिले काभ्रेमा समितिको प्रतिवेदन हेर्ने हो भने पनि काभ्रे औचित्य पुष्ठि हुन्छ। संभावनाको कुरा गर्ने हो भने विभिन्न कोण बाट समितिले छलफल चलाएको छ त्याहाँ दुरीका हिसावले छलफल चलाएको छ, त्यहाँ कतिवटा भुगोललाइ जोडिएको छ समग्र ३ नम्बर प्रदेशका नागरिकहरु मुलत धेरै नागरिकहरुलाइ कसरी सुविधा पुग्छ र हाम्रो संविधानको भावना के हो, मर्म के हो यी सबै चिजलाइ नियालेर त्यो समितिले आफ्नो एउटा रिपोट बुझाएको छ मलाइ लाग्छ हामी त्यो भन्दा पर जानु पर्छ जस्तो मलाइ लाग्दैन। त्यसो भएको हुनाले सामर्थताको कुरा पनि संग संगै छ सामर्थभनेको के हो। सामर्थ्यको कुरा गर्दा आज मात्र छलफल भएको होइन यो औपचारीक सधनमा मात्र होइन हामी बाहिर विभिन्न हिसाबले छलफल गरिरहेका छौ।

विभिन्न दलहरु मा छलफल गरिरहेका छौं पार्टिहरुमा छलफल गरेका छौं विभिन्न चोक र गल्ली हरुमा नागरिकहरुले पनि आ आफ्नो मत गरि राख्नु भएको छ विद्धवानहरुले पनि लिखिरहनु भएको छ यो राजधानी भन्ने विषयमा यसको नामाकरण गर्ने विषय चाहि सामर्थ्यको हिसाबले हाम्रो प्रतिवेदन ले मात्र होइन आज प्रदेशवासीहरुले पनि त्यहाँ काभ्रेकै कुरा गर्नु हुन्छ भने त्यहाँ राजधानी माग गर्दै गर्दा काभ्रेको जनप्रतिनिधि भएर मात्र होइन काभ्रेको जनप्रितनिधि मात्र भएर होइन त्यहाँ दुइवटा ठुला ठुला राजमार्गहरु छन महत्वपूर्ण शहर बनाउने ठाउँहरु छ, सुगमताको हिसाबले १३ जिल्लाका नागरिकहरुलाइ जोड्ने ठाउ छ संस्कृतीको हिसासबले पनौतीको बारेमा तपाइ हामी सबैलाइ थाहाँ छ संस्कृतीक हिसाबले पनि पनौती काभ्रे एउटा महत्वपुर्ण ठाउ हो, संस्कृतीक हिसावले, धार्मिक हिसाबले, ऐतिहासिक हिसाबले भोलीको विकासको संभावनाको हिसाबले सबै नागरिकलाइ सुगमताको हिसाबले यो प्रदेशका संसद वा माननीय हरुलाइ सफलता होइन नागरिकको सफलतको हिसाबले नै काभ्रे ठिक छ भन्ने कुरा यो प्रतिवेदनमा पनि निश्कर्ष छ हामी सबैले त्यो ढङ्गले छलफल चलाइ रहेका छौं।

त्यसैले अगाडि वढाएको हुनाले यो विषयमा यो सन्दर्भमा यो राजधानीको केन्द्र बनाउने नामाकरण गर्ने विषयमा पक्कै पनि हाम्रो प्रदेश सभाका माननीय ज्यूहरु यो विषयमा गम्भिरता पुर्वक ध्यान दिनु हुने छ हामि छलफल गरेका छौ प्रत्यक माननीय हरुको मनमन मा छ अब प्रदेशको केन्द्र काभ्रे जिल्लमा हुन्छ त्यसका लागि यो प्रदेश सभाका सबै सदस्यहरु पहिले त्यसालाइ स्थायी राजधानी बनाउने भनेर आतुर हुनुहुन्छ भन्ने विश्वासका साथ आफ्ना भनाइ अन्त्य गर्छु धन्यवाद नमस्कार

**<u>माननीय सभामुखः</u>-** अब म माननीय इन्द्रमाया गुरुङ लाइ अनुमती दिन्छु समय ५मिनेट

**<u>माननीय इन्द्रमाया गुरुङ (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** यस सभाका सभामुख ज्यु को मार्फत यस गरिममया सदनमा म केहि कुराहरु राख्न चाहान्छु।सर्वप्रथम जुन एउटा प्रदेश राजधानीको संभाव्या अध्यायन टोलीले जुन एउटा प्रतिवेदन आज यहाँ छलफलमा ल्याइयो त्यसको लागी म स्वागत पनी गर्न चाहान्छु।र यहाँहरुलाइ धन्यवाद पनि दिन चाहान्छु ढिलै भए पनि यो कुरा लाइ सदनमा ल्याइएको छ त्यसको लागि म स्वागत गर्न चाहान्छु।

यहाँ उभिएर बोली रहदा म सिन्धुपाल्चोकको एउटा जनप्रतिनिधी म सिन्धापाल्चोक को मात्र होइन म १३ वटौ जिल्लाको जनप्रतिनिधि पनि हु अहिले यहि सदनमा भन्न चाहान्छु।यो अर्थमा कि सबै हामी जनप्रतिनिधि हो सबै जनाले जनताको मत पाएर हामी निर्वाचीत भएका छौं। एउटा समानुपातीक प्रणालीबाट आएका माननीय हरु यहाँ हुनुन्छ, दोस्रो प्रत्यक्ष निर्वाचीत बाट आएका हामी माननीयहरु हौं हामीले त्यतीखेर घोषणा पत्रमा भनेका छौं बोलेका छौं हामी जनताको मनोभावना विपरीत हामी जान सक्दैनौभन्ने कुरा हामी सबैले बोलेर आएका छौ त्यहि हिसावले म पनि यो खोज बाट के भन्न चाहान्छु भने हामिले जनताको मनोभावना विरुद्ध पक्कै पनि हामी जादैनौ हामी जान सक्दैनौं मलाइ लाग्दछ।

यसै भएको हुनाले म के भन्न चाहान्छु भने हामीले अघि पनि कुरा उठाइसकेका छौं सिन्धुमाल्चोक जिल्लाको पेम्वाथान देखि जुगल गाउपालीका आउन दुइ दिन लाग्छ त्यस ठाँउ बाट काठमाण्डौ आइपुग्नलाइ अर्को एक दिन तीन दिन लाग्छ काठमाण्डु सम्म आउदा तीन जादा तिन

दिन छ दिन, हेटौडा आउन कति दिन लाग्ने हो हामीले त्यसालाइ पनी एक चोटि मध्यनजर गरौं भनाइ म यहाँ राख्न चाहान्छु। त्यसै गरि नुवाकोट अनि दोलखा रामेछाप रसुवाको जनतालाइ पनि हामी तुलना गए। मैले यहाँ सुनिरहेको छु भनिरहनु भएको छ माननीय ज्युहरुले धेरै जसोले काठमाण्डौको कुरा तुलनागरिरहेको छ अनि मकवानपुरको कुरालाइ सिन्धुपाल्चोक कुरालाइ धादिङको कुरालाइ हामी त्यो ठाउँको मात्रै सदस्य हौ कि हामी सबै ठाउँको सदस्य हौं भन्ने कुरालाइ पनि मनन गर्नु पर्छ होला त्यस ठाउँको जनताको मनोभावनालाइ पनि बुझ्नु पर्छ होला अनि हामी माननीय हरु मात्रै होला यहाँ बैठक बोलाएको बेलामा मात्रै आउने हो सिमितिको बैठक भएको बेलामा मा हामी यहाँ आउने होला हामी यहाँ काम परेको बेलामा मात्रै यहाँ आउने होला अरु बेलामा हामी आउनु पर्दैन।

त्यो हिसाबले हामी थेरै होला त्यति खेर आउदा पनि हामिलाइ केहि भने पनि सरकारले सुविधा दिएको छ त्यो सुविधा खाएर हामी यहाँ आएका छौं त्यो सुविधा पाएर हामी यहाँ आएका छौं हामी जस्ता त यहाँ आएर वस्नलाइ पुरै कुनै समस्य नपर्ला कुनै समस्या छैन त्यसको दुविधा केहि पनि छैन तर गोल्छे गुम्बाका जनताहरु अनि रामेछाप बाट आउनु पर्ने, लामा बगर देखि आउन पर्ने दोलखाको लामाबगर बाट आउनु पर्ने अनि रामेछापको दनैवति बाट आउनु पर्ने जनताहरु अनि रसुवाको केरुङबाट आउनु पर्ने जनताहरु, नुवाकोटको गोसाइ कुण्ड बाट आउनु पर्ने जनताहरु को हितामा हुन्छ कि हुदैन भन्ने कुरालाइ म अलीकति कोट्याउन चाहान्छु। त्यसको बारेमा हामी सबैले पक्के पनि माननीयहरु ले जुन हामीले त्यतिखेर जुन घोषणा पत्रमा प्रतिवद्धता गरेको वचनलाइ हामीले पुरा गर्नको लागी पक्के पनि सोच्न पर्छ होला सोच्नु हुन्छ भन्ने मलाइ आशा र विश्वास छ यहि हैसियतले , यहि कुरा म यहाँ राख्न चाहान्छु।

हामीले जुन किसिमको प्रतिवद्धता गरेर आएका छौं ति कुराहरुलाइ हामीले पक्के पनि विर्सनु हुन्न भन्ने मेरो माननीयता हो त्यसो भएको हुनाले हामीले जुन किसिमको एउटा सामाजिक न्यायमा हामी लडेका छौं हामीले समाजिक न्याय सुरक्षित गर्न समानुपातीक समावेशिता स्वायत्त मुलक सिद्धन्तको आधारमा समतामुलक समाजको निर्माण गर्ने क्रममा हामीले जुन सकल्पक बोकेर आएका छौं त्यो सकल्पलाइ पुरा गर्नु पर्छ भन्ने मेरो माननीयता हो। यहाँहरुले पनि यो माननीयतालाइ लिनु

भएको छ। भन्ने मलाइ विश्वास छ त्यसो भएको हुनाले हामीले जुन किसिम को एउटा संविधानले निर्धारण गरेको संविधानले दिएको सर्वभैविक अधिकार २८८ धारा (२) उपदफ ले दिएको अधिकार जुन छ त्यसले हामीलाई कुन्ठित नगरियस, हामीले सबैको स्वतन्त्रपूर्वकले मतदान गरेर तत्कालीन प्रदेश सभाको सदस्य संख्याँको दुइ तिहाइले यो राजधानी निर्णय गर्न पाउने अधिकार सुनिश्चित रहेस भन्ने पनि म यसै सधन मार्फत राख्न चाहानछु।

अन्यथा यहा नलागोस भन्ने पनि म यहा भन्न चाहान्छु किन भन्दा हामी जनताले जिताएर पढाएका हामी जनप्रतिनिधी हौं जनताको भावना विपरीत जान सक्विन्न भन्ने माननीयताले मेरो यो व्यक्तिगत माननीयता हो त्यसो भएको हुनाले हामी त्यो कुरालाइ पक्कै पनि यो सदनले यो सभाले हामीलाइ स्वतन्त्र अधिकार स्वायत्त अधिकार हामीले पाउछौ भन्ने मेरो माननीयता र म यो कुरालाइ जोडदारका साथ राख्न चाहान्छु र जनतालाइ पाएक पर्ने र जनताले लोकतन्त्र आएको कुरालाइ महसुस गर्न सकियोस सहज रुपले चाहि पहुचमा पुग्न सकोस भन्ने मेरो माननीयता राख्दै पाएक पर्ने ठाउँ राजधानी तोक्नु पर्छ टुङ्गोलागाइयोस भन्ने माग राख्दै मेरो भनाइहरु यहाँ टुङ्गाउछु हस्त धन्यवाद

**<u>माननीय सभामुखः</u>-** अब म माननीय विजय सुबेदी लाइ अनुमति दिन्छु समय ५ मिनेट

**<u>माननीय विजय सुवेदी (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुख महोदय, प्रदेश राजधानी संभाव्यता अध्यायन समिति का संयोजक दिपक निरौला जी ले प्रस्तुत गर्नु भएको प्रस्ताव गर्नु भएको विषयमा आज हामीहरु छलफल प्रारम्भ भएको छ यो हामी सबै प्रदेश संसदले प्रदेश बासीहरुको लागी निकैनै खुसीको कुरा हो यद्यपी हामी अलिकति समयको हिसाबले केहि अलिकति लामो समय लाग्यो दुइ वर्ष भयो।

तर अब हामी एउटाँ परिपक्क स्थितिमा आइपुगेक छौ र यसलाइ निश्कर्षमा हामीले पुर्याउन सक्दछौ यस कुराको हिसावले पनि यो सदनको धेरैनै महत्व छ भन्ने मलाइ लाग्छ। आज यहाँ विभिन्न विषय उठे संभाव्यता अध्यायन समितिले नै कुनै स्पष्ट ठाँउ किटान गरेर आएको भए हुन्थ्यो भन्ने पनि छ, भन्ने कुरा पनि उठ्यो तर वास्तवमा एउटा कुनै ठाँउ भन्दा पनि समितिको निश्कर्षक

भन्दा यी पाँच वटा ठाउँहरु मध्ये राजधानीको लागी उपयुक्त छ भन्ने अर्थमा यो पाँचै वटा ठाँउको लागि प्रस्तावित गरिएको छ। त्यसै गरि यो सार्वभैम संसद माथि आइ पुगेको छ र त्यसैले अब सार्वभैम सांसदहरुले नै हामी यसको निश्कर्षमा पुग्दछौं।

यसैले त्यस विषयमा किटाँनीनै हुदा खेरी पनि आखिर निर्णय हुने ठाँउ यहि बाट हो। हामी हरु यहिँ ठाउबाट निश्कर्षमा पुग्दछौ आज यो निश्कर्षमा आइपुग्दा खेरी केहि केहि अलिकति माथिङ्गलहरु अलि अर्को ढङ्ग बाट पनि प्रकट भैरहेका छन। आज राजधानीको विषय जुन छलफल छ प्रदेश राजधानी कहाँ राख्ने भन्ने विषय यसको नाम के गर्ने भन्ने विषय यो विषय कि प्रदेश यहि सांसद यहि सभा कक्ष भित्र मात्रै हुने विषय हो र यो भन्दा बाहिर छलफल हुनसक्दैन? यो विषयको अरू जिल्ला जिल्लामा छलफल हुन सक्दैन? यो कहाँ राख्ने भन्ने विषय कुनै नेताहरु विचमा छलफल हुन सक्दैन कुनै ठाउमा छलफलै भयो सरसल्लाहनै भयो, भन्दैमा केहोलो मच्चाउनु पर्ने केहि आवश्यकता छैन वास्तवमा यो निर्णय हुने यो सार्वभैम सभाबाट नै हो।

यसमा त अझै मैले त कुनै पार्टि नेता नेतृत्वलाइ खेद प्रकट गरेका कुराहरु पनि यहाँ आए, त्यो कुराहरु असान्दर्भिक छ र कुनै पनि कुरा के नेकपाको संसदिय दलमा यो कुरा हुन सक्दैन ? के कांगेस संसदिय दलमा यो कुरा संग छलफल हुदैन छलफल हुन्छ, दलमा पनि छलफल हुन्छ कुनै दलमा वसेर छलफल हुन्छ र सर्वसंम्त हुन्छ भने यसलाइ कसलाइ के को आपत्ति आपत्ती गर्नु पर्ने कुरा छ ? त्यसकारण ले कुनै पनि कुरा यहाँ छलफल हुदा खेरी यो दल केको लागी होत। दल भनेको विभिन्न विषयमा छलफल गरेर सके टुङ्गोमा पुग्ने नभए आएर आ आफ्नो विचार राखेर यहाँ मतदान गर्ने हो। यस किसिमको हिसाब लिएर जुन संविधानको मार्यादा जुन त्यस अनुशारै हामी सबै अगाडि बढेका छौं र भन्नु पर्दाछ राजधानीको विषय ज्यादै महत्वपूर्ण विषय छ यो हाम्रो एउटाँ चाहि प्रदेश नम्बर ३ अलिकति भैगोलीक हिसाबले हामी १३ जिल्ला भए पनि विभिन्न हिसाबले हामी हरु बाडिएका छौं।

१३ जिल्लामा पनि मैले देखिरहेको छु यहाँ चार वटा कलस्टर छ। चार वटा कलस्टर मध्य चितवन मकवानपुर र सिन्धुली एउटा कलस्टर छ। रसुवा, नुवाकोट र धादिङ एउटा कलस्टर छ .त्यसै तै गरि रामेछाप दोलखा सिन्धुपाल्चोक काभ्रे एउटा कलस्टर छ र काठमाण्डौ एउटा

कलस्टर छ यो कलस्टरहरुको कारणले गर्दा खेरी यहिले राजधानीको हिसाबले चाहि यस भन्दा अगाडि पनि छलफलहरु हुने गरेका थिए के भन्दाखेरी अब राष्ट्रिय रुपबाट हेर्दाखेरी वास्तवमा हेर्ने हो भने अब कसरी यो राजधानी भन्ने कुरा कहाँ राख्ने भन्ने कुरा यो सदनको कुरा हो यो साध्य होइन साध्य भनेको यो प्रदेशको विकास हो प्रदेशको प्रगती हो प्रदेशका जनतालाइ कसरी सुखि र संवृद्धि कसरी वनाउने भन्ने कुरा हो। यसको लागी हामीहरु राजधानि पाच ठाँउ मध्य जुन ठाँउमा राजधानी भए पनि यदि अब हामीले चाहि कुनै जहाँ यतायात र सबै कुराको सुविधा पुगेको ठाँउमा मात्रै राजधानी राखेर हामी आनन्दले वस्ने होकि।

पुगेको छन त्यो ठाउँ पनि राजधानी राखेर अदि त्यस पछाडि चाहि हामीले सम्पुर्ण यातायात देखि लिएर सुविधाहरु सबै ठाँउमा पुर्याउने हो ? यस कुराहो हिसाबले पहिले यो ठाँउ जुन निक्योल गरियको छ जस्तो पहिले हर्क गुरुङ जी ले भन्नु भएको थियो कि पच्चिस वटा जिल्ला उहाँले चितवनलाइ राजधानीको प्रस्ताव गर्नु भएको थियो। आफ्नो समयमा यो क्षेत्र जुन अहिले हेटौडा अथवा मकवानपुर चितवन यो चाहि पहिले २०१५ सालमा यो १५६निर्वाचन क्षेत्र नम्बर मा पर्दछ र यो २०१३ सालमा यो राप्ती दुन अन्तर्गत व्यवस्थित विकास गरिएको क्षेत्र हो। यसलाइ विशेष प्लानिङ अन्तर्गत विकास गरिएको छ। त्यसकारणले गर्दा खेरि र काठमाण्डौको हिसाबले गर्दा खेरि काठमाण्डौ ठुलो जनसङ्ख्या भयो त्यस पछि त्यो जनसङ्ख्यलाइ कसरी बाहिर बस्ने वातावण बनाउने? कसरी बाहिरी क्षेत्र पनि विकास गर्ने कसरी समग्र क्षेत्रको विकास गर्ने भनेर संघीयतामा गएका हौं प्रदेश भएको हो त्यस हिसाबले राजधानीको निक्योल गर्नु पर्दछ।

यसकुराको हिसावले हेर्दा खेरि काठमाण्डौ र काठमाण्डौको केन्द्रिय राजधानी भएको ठाउँमा प्रदेशको राजधानी हुदैन नगरौं भन्ने कुरा भयो यस कुराको हिसावले मेरो विचारमा मैले भक्तपुर भनै अथवा हामीले चाहि बनेपा अथवा धुलीखेल भनु जे गरे पनि त्यो काठमाण्डौको जनघनत्वलाइ बढाउने कुरा हो यसले काठमाण्डौको संङ्ख्यलाइ नै बढाउछ यसकारणले गर्दा खेरी अहिले जुन प्रकारले मकवानपुर भनिएको छ चितवनले पनि आफ्नो राजधानी चाहेका थिए चितवनवासीको तर्फ बाट तर हामी हरुले चितवनले मकवानपुरलाइ समर्थन गर्दछौ र हेटौडामा राजधानी राखियोस भन्ने कुरा हामी राख्न चाहान्छौ र यहाँ बाट चितवन भनेको ७८ किलोमिटर हो काठमाण्डौ भनेको ८०

किलो मिटर हो यदि सुरुङ मार्ग भयो भने चितवन भन्दा काठमाण्डौ नजिक हुन्छ। यस कुराको हिसावले पनि हेटौडाको महत्व छ। अब मेरो विचारमा नेपाली कङ्ग्रेस को सरकार भएको बेलामा शेरबाहादुर ज्यूले नै यहाँ प्रस्तावित गरेको हुनाले नेपाली कङ्ग्रेस भित्र त यहाँको राजधानीको विषयमा कुनै समस्या छैन।मेरो विचारमा कुनै समस्या छैन उहाँहरुको सर्वसंम्त रुपमा आफ्नो नेतृत्वले भने अनुसार त्यस अनुशार राखिसकेको कुरालाइ मान्नु हुन्छ भन्ने मलाइ लाग्छ। अब नेकपामा पनि त्यसमा छलफल हुदैछ र स्वातन्त्र सार्वभैम सांसदहरुले पनि यसमा राख्नु हुने छ अर्को कुरा के छ भने तपाइहरु बुझिराख्नु भएको छ अन्तराष्ट्रिय सिद्धन्त अनुशार पनि अग्राअधिकार भन्ने हुन्छ कुनै ठाँउमा सिचांइ भैरहेको छ भने त्यहाँ अर्को ठाँउमा खेति भयो भने पहिले कुलो बाट जसको सिचाइ भैरहेको छ त्यसलाइ पुर्याएर मात्रै अर्कोलाइ लैजान पाइन्छ।

पहिले भएको ठाँउ काटेर अर्को ठाँउमा गर्न सकिदैन। अग्राअधिकारको हिसावले पनि मकवानपुर अस्थायी राजधानी तोकिसकेको छ।यस कारणले गर्दा खेरी त्यहाँ आइसकेको राजधानीलाइ अब हामीले यसलाइ चाहि राजधानीका लागि जुन प्रकारको यहाँ पूर्वाधार पनि यहाँ विकास भैसकेको छ। प्रकारको पूर्वाधार पनि यहाँ विकास भैसकेको छ। १९ वटा जिल्लाको सदरमुकाम त्यस प्रकारको पूर्वाधार पनि तयार भएर तयार गरि सकेको हुनाले यसलाइ एउटा राजधानीको यस क्षेत्रको जनताको जुन आकांक्षा छ त्यस आकाक्षालाइ पुरा गरेर र यसमा एउटा राष्ट्रीय राजनितिक आवश्यकता हिसावले काठमाण्डौको जुन जनघनत्व छ त्यसलाइ चाहि बाहिर ल्याएर काठमाण्डौलाइ राम्रो र सुन्दर बनाउने कम जनसङ्ख्याया राखेर सुन्दर बनाउने भन्ने जुन कुराहरु छ यस कुराको हिसावले पनि काठमाण्डौ सबै कुराको हिसाबले पनि मकवानपुर गर्न उपयूक्त र सन्दर्भिक छ।

र यस पछि हामीले फेरी सार्वभौम संसद यहीलेत हामी दुइ वर्ष विताइ सकेका छौ अर्को तीन वर्ष अर्को ठाउँमा राजधानीको पूर्वधार तयार गर्न लाग्ने हो कि विकास कहिले गर्ने हामीले अर्को पाँच वर्ष पछाडि केहि गरेर देखाउनका लागि आएका होइनौ यहि पाचँ वर्षमा जनतालाइ केहि विकास गर्न परिवर्तन गर्न लागी भनेर हामी आएका हौ यसकुराको हिसावले पनि हामीले यहि समय मा केहि गर्नु पर्छ त्यसैले यहाँ राजधानीको कुरा भएको छ यसलाइ कार्यन्वयन गरौ।

पाँच वर्ष दश वर्ष पछाडि सार्वभैम संसदले फेरी अर्को ठाँउमा लैजान सक्छ। यसको कुराको हिसावले पनि गम्भिरता पूर्वक सोचेर हामीले हाम्रो प्रदेश को विकासको लागी यहाँहरुले सोच्नु हुने छ भन्ने कुराको आशा र विश्वास गर्दै यसले चाहि छूटौ निश्कर्षमा आइपुग्ने छौ भन्दै आफ्ना भनाइ टुङ्गाउछु धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अव म माननीय शान्ती प्रसाद पौडेललाइ अनुमति दिन्छु समय ५ मिनेट

**<u>माननीय शान्ती प्रसाद पौडेल (नेपाली कांग्रेस)</u>:-** माननीय सभामुखज्यू आज हामी प्रदेशको राजधानीको सन्दर्भमा कार्यदलले अगाडि सारेका प्रतिवेदनका छलफल को क्रममा छौं।यो कार्यदलले आफ्नो मेहिनतका साथ जुन प्रतिवेदन प्रस्तुत गर्नु भएको छ कार्यदललाइ विषेश गरि धन्यवाद दिन चाहान्छु।

ढिलै भए पनि यो संसदमा छलफलको विषय भनेको छ त्यसका लागि पनि म धन्यवाद दिन चाहान्छु। हामीले चाहेको संघियता त्यसको कार्यन्वयन राज्य बाट प्रभाह हुने सेवा र सुविधाहरु सबैका लागि सहज पहुचको आधारमा वितरण हुन पर्छ त्यसका लागि हामीले संघियता चाहेका हौं। त्यसै भएको हुनाले हामी राजधानीको सन्दर्भमा कुरा अगाडि बढाइरहेका छौ भन्ने लाग्छ।

यो संसदले आफ्नो अधिकार प्रयोग गरिरहदा ३ नम्बर प्रदेशको ५५ लाख २९ हजार ४ सय ५२ जना जनसङ्ख्या मध्य ४२ लाख ४४ हजार ७ सय ९५अथवा ७७ प्रतिशत जनतालाइ काभ्रेमा पाएक पर्ने देखिन्छ।त्यसै गरि हेटौडाले १२ लाख ८४ हजार ६ सय ५७ अर्थात २३ प्रतिशत जनताको प्रतिनिधित्व गर्ने गरि आएकोछ हामी देखि रहेका छौं, भौगोलीक हिसाबले सिन्धुलीको गडि पूर्वको खण्डलाइ अझै जोड्ने हो भने त्यो संङ्ख्या अझै काभ्रेमा प्लस हुने देखिन्छ।२ लाख ९६ हजार १९२ जनसङ्ख्या रहेको सिन्धुलीको गढि पूर्वको खण्ड एक लाख भन्दा बढि जनसङ्ख्या काभ्रे संग नजिक देखिन्छ यहि कुरा देखि रहेका छौ यसका बारेमा संसदमा गम्भिर हुन्छ भन्ने कुरा म राख्न चाहान्छु।भुगोलको हिसावले २० हजार ३ सय वर्गकिलोमिटर रहेको ३ नम्बर प्रदेश ६९ प्रतिशत जमिन काभ्रेको पक्षमा देखिन्छ भने हेटौडाले ३१ प्रतिशतको

प्रतिनिधित्व गर्दछ। हामीले खोजेको विषय के हो हामीले खोजेको सामाजीक न्याय केहो भन्ने बारे मा संसाद गम पनि हुन् पर्छ भन्ने कुराम राख्न चाहान्छु।

यो ३ नम्बर प्रदेश काठमाण्डौ भ्यालीले ४६ प्रतिशत जनताको प्रतिनिधित्व गर्दछ ४५ प्रतिशत जनप्रतिनिधिहरु काठमाण्डौ भ्याली भित्र हुनुन्छ।१९ प्रतिशत जनसमुदाय दोलखा रामेछाप सिन्धुपाल्चोक र काभ्रेले प्रतिनिधित्व गर्दछ भने नुवाकोट धादिङ र रसुवाले १२ प्रतिशत। मकवानपुर चितवान सिन्धुलिले जम्मा २३ प्रतिशतको प्रतिनिधित्व गरिरहेको अवस्था छ। यसलाइ हामी सहज ढङ्गले सहजताका साथ जानका लागि यो सदन गम्भिर रुपले अघि बढनु पर्छ र यसले आफ्नो ऐतिहासीक जिम्मेवारी पुरा गर्नु पर्छ भन्ने कुरा पनि म राख्न चाहान्छु।हामी एउटा सर्कल भित्र छौं यो सर्कलमा सकेसम्म सबै जिल्लाहरु रेडियस बाट यसको डिस्टेन्स पार गर्न सकियो भने सबैका लागि न्याय हुन्छ।

होइन डायमिटरका हिसाबले जाने हो भने कुनै जिल्ला बाट पनि डायमिटर बाट आउने गरि हाम्रा संरचनाहरु बनेका छैनन। हामी वक्ररेखामा नै हिडिरहेका छौ।हामीले हाम्रा भुगोलहरु लाइ हामिले पक्कै पनि महसुस गर्नु पर्छ। रसुवाको रसुवा गडिबाट पनि हामीआउन पर्छ होला, दोलखा को लामा वगर बाट पनि आउनु पर्छ होला, रामेछापको लाहचैर बाट पनि आउनु पर्छ होला सिन्धुपाल्चोक को पेम्वाथान बाट पनि आउनु पर्छ होला, धादिङको रुविभ्याली बाट पनि आउनु पछ होला, सिन्धुलीको सोल्पाथान बाट पनि हामी आउनु पर्छ। हो यसका बारेमा हाम्रो ध्यान पुगेको छ कि छैन हाम्रो कार्यदलले यी विषयहरु अध्यायन गर्यो कि गरेन, खाली हामी केन्द्रलाइ हेरेर केन्द्र संग जोडेर मात्र हाम्रो प्रतिवेदन आइरहेको हुनाले यस भित्र यो प्रतिवेदन भित्र यो संसद गम्भिर भएर अगाडि बढनु पर्छ भन्ने कुरा पनि म यहाँहरुको विचमा राख्न चाहान्छु र विषेश गरि काठमाण्डौ र काठमाण्डौ आसपासमा रहेका जुनजुन उत्पिडनमा परेका जुन क्षेत्र समुदाय छ।

त्यसको नेतृत्वगर्ने काठमाण्डौ भ्यालीको हो काठमाण्डौ भ्यालीले त्यो नेतृत्व गर्नु हुन्छ कि हुदैन भन्ने कुरामा हामी आशावादि छौ न्याय सबैका लागी हुन पर्छ यो न्याय प्राप्त गर्ने कुरामा संसद सफल हुन सक्छ भन्ने भनाइका साथ मेरो भनाइ अन्त्य गर्न चाहान्छु हस्त धन्यवाद।

**माननीय सभामुखः-** अब म माननीय रिता माझीलाइ अनुमती दिन्छु समय ५ मिनेट

**माननीय रिता माझी (राष्ट्रिय प्रजतन्त्र पार्टी):-** माननिय सभामुख महोदय आज हामी निकै ढिलो भए पनि प्रदेश नम्वर ३ को स्थायी राजधानी तोक्ने विषयमा छलफलमा बढि रहेका छौं। मलाइ लाग्छ अन्तै यो प्रदेश सभाले पाएको अधिकार भन्दा हामी निकै पछाडि परिसकेका छौ।

हामीले समयमानै यो प्रदेश सभाको प्रदेशको स्थायी राजधानी तोक्न नसक्दा साच्चै प्रदेश सरकारले संम्पादन गर्ने कार्यहरु र प्रदेश सभाले प्रदेश ३ का जनतालाइ दिनु पर्ने सुविधाहरु बाट प्रदेश ३ कै जनताहरु घाटा बेहेरि रहेका छन। यसकारणले हामिले ढिलै भए पनि यो प्रदेश सभामा आज राजधानीको विषयमा छलफल सुरु भएको छ पक्कै पनि केहि दिनमा यसको टुङ्गो लाग्ने छ भन्ने मा विश्वास्त छु। मलाइ अत्यतै खुसि पनि लागिरहेको छ हामिले निरन्तर रुपमा भनिरहेका थियौ जव सम्म नेपालमा निरन्तरता सहितको परिवर्तनलाइ हामी संस्थागत गर्न सक्दैनै तव सम्म कुनै पनि राजनितिक दलले बहमतै ल्याए पनि यसलाइ कठिनाइ पर्दो रहेछ भन्ने कुरा यहाँ स्पष्ट भैसकेको छ। म स्वागत गर्न चाहान्छु।

नेकपाको सचिवालयले गरेको निर्णयलाइ उहाँहरु एउटा ट्रयक मा आउनु भएको छ अन्त्यतै खुसि लागेको छ उहाँले ढिलै भए पनि निरन्तरता सहितको परिवर्तनलाइ सुधारेर लानु पर्छ भन्ने बाटोमा आउनु भएको छ। र गत यो भन्दा अगाडिको सरकारले निर्णाय गरेर जुन राजधानी र राजधानीको नाम र अस्थायी राजधानीलाइ टुङ्गोलाइ सकेको विषयलाइ त्यहि ठाँउमा स्थायी वनाउनु पर्छ भन्ने एक खालको निर्देशन अथवा सल्लाह अथवा उहाँहरुको जे जसुकै भनै उहाँहरुको सचिवालयको निर्णय छ त्यो निर्णय ले पकै पनि प्रदेश सभामा प्रतिनिधित्व गर्नु हुने माननीय सांसदहरुको लागी एउटा मार्ग दर्शक भन्ने छ भन्ने कुरामा विश्वास्त छु।

यसै पनि यो प्रदेश सभाको सार्वभैमसत्ता सम्पन्न अधिकार भित्र पर्दछ र पनि हामी एउटा दलिय प्रणाली बाट दलले दिएको निर्वाचन दलले दिएको टिकट मार्फत आएको कारण पकै पनि त्यो दलको निर्णयलाइ मानेर यो स्थायी राजधानी यो अस्थायी रुपमा रहेको यो हेटौडाको राजधानी

लाइ स्थायी रुप दिनका लागी हामी सफल हुन्छौं भन्ने कुराम विश्वास्त छु त्यति मात्रै होइन आज नेपाली जनताले, प्रदेश ३ को जनताले तिरेको कर त्यहि कर मार्फत आएर प्रदेश नम्बर ३मा पनि आएर संघीय सरकारले दिएको छ। त्यो कर बाट सच्चै प्रदेश ३ को सरकार प्रदेश तीनको यो संसद सचिवालय देखि लिएर यावत खर्च साच्चै कसैको पनि व्यक्तीगत खर्च भएको छैन।

नेपाली जनताले प्रदेश नम्वर तीन को जनताले तिरेको एक एक करको हामीले खर्च गरिरहेका छौं। साच्चैयहाँ बाट राजधानी सार्दा नेपालि जनताले तिरेका ती कर हरु व्यार्थो थिए अनी हाम्रो दुइ वर्षको को लागी यस आराम र यहाँ बाट आफ्नो जिल्लामा पुग्नको लागी मात्र दिएको कर थियो त। त्यो करको औचित्य के थियो त हामिले साच्चै दुइ वर्ष सम्म त्यो कर सदुपयोग गर्नका लागि र त्यो फजुल खर्च होइन साच्चै दिएको कर हामीले सहि तरिकाले सदुपयोग गरिरहेका छौ र हामिले भोली यहाँ बाट अस्थायी राजधानी अर्को ठाँउमा स्थायी बनाउनको लागी लगिरहदा खेरी यहाँ परिरहेको व्यावहार के सांसद हरुले व्योहर्ने हो अथवा प्रदेश सरकारले व्यहोर्न सक्छ त? कि जनताले हामीलाइ गरिरहेको दुइ वर्षको खर्च जनताले हामीलाइ त्यो कर फिर्ता गर्न सक्छौ?

त्यसकारणले यो कुरालाइ विषेश मध्यनजर गर्दै भनिन्छ नेपालमा हरेक कुराको जव जव समस्या आउछ त्यहाँ सबै राजनितिक दलहरु विचको समन्वयात्मक सहमती बाट नेपाली जनतालाइ निकाश दिइरहेको अवस्था छ। यस कारण म विश्वस्त छु यो प्रदेश सभा प्रदेश नम्बर ३ ले पनि यो आपतको घडिमा विपतको घडिमा नेपाली जनता, प्रदेश नम्वर ३ को आम जनता ले प्रदेशको स्थायी राजधानी नपाइ रहेको समयमा सम्पूर्ण राजनीतिक दलहरु सबै जना एकै ठाँउमा उभिएर यसलाइ स्थायीत्व दिन सक्यौ भने पक्कै पनि भोली हामीले लिएको लक्ष्य संवृद्धि तर्फ उन्मुख हुन सक्छ जस्तो मलाइ लाग्छ।

त्यती मात्रै होइन प्रदेश नम्वर दुइको खतरनाक संकेतलाइ पनि प्रदेश नम्वर ३ को स्थायी राजधानी हेटौडालाइ बनायो भने त्यसले संवोधन गर्न सक्छ त्यति मात्रै होइन सुरक्षा को दृष्टिले यहाँको क्षेत्रीय निर्देशन कार्यलय पनि सन्चालन भैसकेको हिसावले पनि यो अन्त्यतै उपयूक्त छ हामी सबैलाइ व्यक्तीगत रुपमा त फाइदा नहोला तर प्रदेश तीनको आम भला र आम चाहि भोली भविष्यको लागि राम्रो हुन्छ भन्ने विषयमा यो राजधानी हेटौडा उपयूक्त छ।

मलाइ लाग्छ नेपाली राजनितिक दलका नेताहरुले बेला बेलामा सर्पले काँचुली फेरि जसरी वचन फेरि रहनु हुन्छ। वचन हिजो राणा शासन हुदा, राजसस्था हुदा, आज गणतन्त्र हुदा त्यहि व्यक्तिहरुले त्यहि पार्टि हरुले फेरी अनि घरिघरि अवसर लिनु हुन्छ अनि फेरी जव जव त्यो शासन र पद्धतिलाइ फेरी उहाँहरुले छोड्दौ जानु हुन्छ अनि त्यहि पद्धती लाइ गाली गर्नु हुन्छ। अब आइन्दा त्यस्तो नहोस यदि हामीले त्यो बोली फेर्दै जाने हो भने भोली प्रदेश नम्वर ३ को जनता नेपाली जनतालाइ हामीले वचन र काचुँली फेरे जस्तै हामीले फेरेर जाने हो भने फेरि नेपाली जनता र प्रदेश ३ को जनता को देशै प्रदेशै फेरिने तिरत जाने होइन? त्यो खतराको संकेत देखिएको छ।

त्यसकारणले पुन म के भन्न चाहान्छु भने हामी आम प्रदेश वासी जनताको लागी र यहाँ जतिपनि खर्च भएको छ नेपालि जनताको करको त्यो खर्चको सहि सदुपयोगको लागी भन पनी प्रदेश नम्वर ३ को स्थायी राजधानी हेटौडालाइ हामी सबै राजनीतिक दलको सर्वसहमती बाट पारित गराउन भन्ने जोडदार माग गर्न चाहान्छु। धन्यवाद जय राष्ट्र जय जनता

**<u>माननीय सभामुखः</u>-** अबम माननीय चन्द्र लामालाइ अनुमती दिन्छु समय ५ मिनेट

**<u>माननीय चन्द्र लामा (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननिय सभामुखज्यू यो सदनमा कम्यूनीष्ट पार्टीको कार्यकर्ता धेरै माननीय ज्युहरुले बोलि सक्नु भयो यो विषयमा। उहाँहरुले आफ्नो ढङ्गले जे जे विषयवस्तु आफ्नो ढङ्गले धारणा राख्नु भयो उहाँहरुको सम्मान गर्न चाहान्छु। मैले संविधानको धारा २८८ (२) बमोजिम यो सदनमा काभ्रेमा स्थायी राजधानी हुनु पर्छ भनेर ७४ /१२/१४ गते म आफै प्रस्तावक रहेर माननीय रत्न ढकाल माननीय वशुन्दारा हुमागाइ माननीय लक्ष्मण लम्साल समर्थक रुपमा रहेर प्रस्ताव दर्ता गर्यो।

विभिन्न चरणमा यहि सधनमा पटक पटक यो विषयमा सबै भन्दा आवाज उठाउने सांसद भित्र पर्छु जस्तो मालइ लाग्छ म फेरि पनि ढिलै भए पनि ल्याउनु भयो त्यसको निम्ति माननीय दिपक निरौला लगाएत उहाँको टिम र सभामुख ज्युलाइ विषेश धन्यवाद प्रकट गर्न चाहान्छु। मैले त्यतीकै काभ्रे भनेको होइन, काभ्रेमा पूर्ववक्ता माननीय ज्यूहरुले भनि सक्नु भयो कतिपय

माननीयज्युहरुले आ आफ्नो ढङ्गले प्रस्तुत गर्नु भयो। काभ्रेमा पूर्वाधार हिसावले भुकम्प पश्चात मात्रै विभिन्न घरेलु, शिक्षा, स्वास्थ्य, लगाएत नौ वटा त नयाँ भवन छ।

हामीले प्रश्ताव गरेको आइटि पार्कमा दुइ वटा ठुला भवन सहित पाच वाट बल्कमा क्वाटर रहने गरि व्यवस्थापन छ। त्यो संगै हजारै रोपनी सरकारी जग्गा छ काभ्रे मेडिकलको हिसाबले धुलीखेल हस्पिटल, काठमाडौ यूनीभसिटि सबै हिसाबले पनि राम्रौ छ। सग सगै दुइ वटा हाइओया विपि राज मार्ग र अरनिको राजमार्ग अहिले अर्को राजमार्ग पनि निर्माण हुदैछ। त्यो सगसंगै त्यसको मात्रै कुरा होइन १३ वटा जिल्लाको केन्द्र विन्दुको रुपमा छ। कि छैन मैले ढाटोर भन्नु पर्दैन नम्वरी सुनै कसिलाउनु पर्दैन।

काभ्रे जिल्ला सबै जिल्लाको केन्द्र विन्दु हो। १३ वटा जिल्लाको भुगोल हेर्नुस सबैलाइ छर्लङगै छ। काठमाडौ बाट ३ बटा उपत्यका भित्र बाट पर्ने हो भने उपत्यका भित्र संघिय राजधानि छ भने वाहिर पनि छ। त्यो हिसावले पनि काभ्रे उपयुक्त छ। अर्को कुरा हामीले अरु माननीय ज्यू हरुले मकवानपुर यस्तो अरु कता कस्तो भन्नु भयो अहिले यो हामी यो हलमा दुइ वर्ष भयो बसेको कुरो ले चिउरो भिझ्दैन यो थाम तपाइ को भाषणले हट्छ ?काभ्रेमा अहिले भखरै यो हामीले अहिले भखरै यो सधन आजको मितिमा सारैयो भने पनि शिक्षा को एउटा भवन छ। तलिम केन्द्र जसम चारवटा सभामुखउपसभामुख बस्ने क्वाटर बस्ने गरि पनि छ।

अहिले भख्खरै हामी सर्ने हो भने यो भन्दा धेरै राम्रो हल छ यो प्रति संभव्यता अध्यायन समितिमा जाने माननीय ज्यूहरुले देखेरै आउनु भयो भएको छ ढाट्नु पर्दैन अघिनै भने त्यो स्थिति काभ्रेमा छ आइटि पार्कमा त्यो दुइ वटा भवनमा मुख्य मन्त्रिको कार्यलय, अर्को मा मन्त्रालय हरु राखेर अर्को निर्माण गर्ने भने सिहदरवार को ठ्य्कै अवधारणा ल्याउन सक्छ। भवन बनाउने त्यहि भित्र सबै क्वाटर वनाउन सक्ने स्थिति छ काभ्रेमा। त्यो अध्यायन समितिमा जाने माननीय ज्युहरुलाइ सबै थाहा छ। त्यो नापी तालिम केन्द्र होस यहाँ विभिन्न कार्यलयहरु हुन्छ सबै हिसावले प्रयाप्त छ मैले भन्नु पर्छ यो कुरा। अर्को कुरा हावा पनि को दृष्टिकोण ले धुलीखेल जाडो हो चिसो, चैत वैशाखमा पनि लगभग २५ -२६ डिग्रिको तापक्रम।

यहाँ जस्तै चाहियो भन्ला फेरी, पाचँखाल जाउ भकुन्डे जाउ ठ्याकै हटौडाको पेरीफेरीमा हावापानी छ। यो कारणले पनि सबै माननीयहरुलाइ स्वीइटेवल छ त्यहाँ। अली गर्मिमा बसौं पाँचखाल जाउँ, भकुण्डो जाउँ, होइन चिसोमा बस्सौ भने धुलोखेलमा जाउँ। सबै हिसावले पनि, हावा पानीको हिसावले पनि काभ्रे उपयूक्त छ। र हाम्रो संविधानले निर्दिष्ट गरेको विषय पनि सिंहदरवारको अधिकार जनताको घरदैलोमा भनेको छ। हेटौडामा राखेर आयो अहिले सबैलाइ थाहा छ माननीयज्यूहरुलाइ हैरान छ नाइटिको कुरा यहि बाट चल्छ। यहि बाट भाषण चल्छ राम्रौ गर्ला आउदाँ खेरी दक्षिणकाली बाट यता आए पछि मुटु चाहि आफु संग छ कि छैन।

गाडिको टायर बाटोमा हुन्छ कि हुदैंन, भिमफेदि नआइ जेल सम्म हेटौडा आउछ कि आउदैन थाहा छैन। तैपनि राम्रो छ भन्ने कुरा चाहि बोल्यैबोलैइ छन सम्मान गर्छु म माननीय ज्यूको कुरा हरुलाइ। यो भएको हुनाले कुरा सबैको सुनौ दलको पनि सुनौ, वावु आमा को पनि सुनौ, नेताको पनि सुनौ यो आत्मा साक्षि राखेर जनतालाइ जे कुरा गरेर आएको छ त्यो चाहि हामीले टिक लागाउने बोलमा सईन गर्ने बेलामा लाम बद्ध भएर सबै कुरा सुनै, आत्म चाहि नमारौ को आत्मा ले जे भन्छ त्यो गरौं हामी, स्वाभिमान पनि प्रस्तुत गरौं यहाँ।

म भन्न चाहान्छु आर्को कुरा अरु माननीयज्यूहरुले भन्नु भयो इतिहासको कुरा कसले के भन्यो मेरो बाजे ले घ्यू खायो हात सुग्नु पर्छ, सुग्नु हुन्छ भने सुग्ने अधिकार पनि छ सुग्नुहोस केहि छैन। अर्को कुरा यो सदनमा भन्नु पर्छ मैले भैसी व्यापारी र किन्न आउने विचको मोलमालाइ र गन्थन जस्तो नगरौ। भैसी किन्न आउने मान्छे ले भैसीको दुध कति आउछ भन्छ, दुधको कुरौ नगरौन कति माटो छ, सिंगङ् हेर्न कति घुमेको छ कती चिल्लो छ कति कालो छ भन्दै जाने अनि दुधको चाहि कुरौ नगर्ने यसो पनि हुन्छ हामी राजधानीको कुरा गर्दै छौ यो एउटा कोणबाट गर्दै जाने कुरा बाटा खन्डन गर्दौ जाने कुरा होइन यर्थाथलाइ म त कम्यूनीष्ट पार्टिको कार्यकर्ता, नेताहरुले न ढट्नु, जनताको हितमा बोलून जनताको मात्र काम गर्नु भनेर सिकाएको।

मैले अस्ति चुनावमा भेट पनि त्यसै गरि मागेको हो तपाइहरुको कुरा मात्रै उठाउछु तपाइ हरुलाइ सिरमा राखेर काम गर्छु भनेर आएको हो म त्यो भएको हुनाले यो कुरा लाइ पनि जनतालाइ सर्वपरी ठानेर जनताको हितमा जनतालाइ सिरमा राखेर हामी ले सहिन गरौं काभ्रे सबै

हिसाबले सबै दृष्टिले सबै भन्दा उत्कृष्ट छ त्यसमा भोट हाल्नको निम्ती मुख्य मन्त्री मन्त्री सबै ११०जनै संसादहरुलाइ माननीयहरुलाइ सभामुखज्युले लास्टमा एक भोट पुगेन भने उहाँले काभ्रेमा नै हाल्नु हुन्छ मलाइ थाहा छ उहाँ देखि सबैलाइ अनुरोध गर्दै तपाइहरुको विवेक प्रयोग गर्नु हुन्छ भन्ने विषयमा म ढुक्क छू विश्वस्त छु। यसमा केहि अलमाल छ भने नि आझै केहि दिन बाकी छ सोच्नुहोस सबै हिसावले सोच्नु होस सबैं हिसावले विचार गरेर झ्याप चाहि काभ्रेको पक्षमा साईन गर्नको निम्ति म भेट पनि माग्न चाहाछु नमस्ते अभिवादन।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय गोमा भुर्तेललाइ समय दिन्छु समय ५ मिनेट

**<u>माननीय गोमा भुर्तेल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुख महोदय, आज हामी यो महत्वपूर्ण बैठकमा जुन हामीले छलफल गरिरहका छौ। एक वर्ष अघि जुन कार्य समिति बनेर अध्यायन गर्न पठाउदा खेरि जुन हाम्रो काभ्रे जिल्ला लाइ एक नम्बरमा पारेर प्रतिवेदन बुझाउनु भएको थियो। एक नम्बर काभ्रे, दुइ नम्बर चितवन, तीन, नम्बर नुवाकोट, चार नम्बर भकत्तपुर र पाँच नम्बर मकवानपुरमा।

र एक वर्ष स्थगित भएर रोकियो त्यसकारणले आज हामी एक दमै महत्वपूर्ण छलफल गरिरहेका छौं। छलफल गर्दा कति खुसि लागेको छ किन खुसि लागेको छ, भन्दा अब हाम्रो वस्ति वस्ति गाउँ गाउमा चाहि विभिन्न खालको गित गाइरहेका थिए। अब कतै पार्टिले हस्तक्षप कतै के भन्ने खालको कुरा थियो जुन आज विधि र प्रकृया अनुसार जुन यहाँ छलफल गर्न पाउदा हामीलाइ खुसि लागेको छ र यहाँ हाम्रा माननीय ज्यूहरु बाट धेरै कुराहरु आइसके मैले दोह्याउनु पर्छ जस्तो लाग्दैन धेरै भैगोलीक हिसाबले हेर्दा धेरै जिल्ला आठ ओटा जिल्ला जोडिएको कारणले काभ्रे जिल्ला मा जुन एक नम्वरमा, जुन प्रतिवेदन वुझाउदा खेरी एक नम्बर गरेर बुझाउनु भएको थियो मैले ढिलै भए पनि धन्यवाद दिन चाहान्छु र साथीहरुको धेरै भनाइ यहाँ आइसक्यो।

जुन एउटा राजधानीको बारेमा चाहि र नामाकरणको बारेमा छलफल गरिरहदा खेरी काभ्रे जिल्लामा चाहि धेरै हिसाबले अगाडि छ भन्ने खालको कुरा यहाँहरुलाइ आयो। र त्यति मात्रै होइन हाम्रा नेता हरु हरेक खालका पार्टिका नेताहरु चाहि काम गरेर थाकेर आरम गर्ने ठाउँ पनि

धुलीखेल हो मैले अर्को कुरा मलाइ याद आयो २०७२ साल माघ १८ गते चाहि हाम्रा कर्णाली जस्तो ठाउँ चाहि अहिले जुन अदक्ष ज्यूले चाहि काभ्रेमा राख्नु हुन्छ भनेर बोल्नु भएको थियो त्यो कुरो नि मलाइ याद आयो। त्यस कारणले यहाँहरु सम्पूण माननीय ज्यूहरालाइ पनि के जानकारी गराउन चाहाछु गराउछु भने विभिन्न यो भिविष्यको सोचलाइ पनि अलिकति यहाँ राखेर र यहाँ भौतिक पूर्वाधार विकास कार्यलय जुन भवनकै कुरा गर्दा यस्तो ठाउँ जस्तो पनि छैन त्यहा त ठुलो त्यहँ त।

सभा वस्ने सक्ने ठाउँ छ त्यस कारण मैले यहाँ हरु सबैलाइ चाहि यो एउटा छलफल बाटै निष्कर्ष निकाल्लेर काभ्रे जिल्लालाइ चाहि राजधानी घोषणा गर्दुनु हुन्छ भन्ने विश्वास गर्दै म आफ्नो भनाइ यहि टुङ्गाउछु हस्त धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय रमा आले मगर लाइ समय दिन्छु समय ५ मिनेट

**<u>माननीय रमा आले मगर (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुखज्यू, आज हामी इतिहासको महत्वपूर्ण क्षणमा छौं। किनकि लामो समय अर्थात दुइ वर्ष पछाडि हामी तीन नम्वर प्रदेशको अस्थायी राजधानीलाइ स्थायी बनाउने र स्थायी राजधानीको नामाकरण गर्ने क्षणमा छौ। यसअर्थ यो महत्वपूर्ण क्षणमा हामी उभिएका छौ।

यो महत्वपूर्ण क्षणमा उभिरहदा खेरी मलाइ त लाग्छ राजधानीको नामाकरण र राजधानी स्थायी तोक्ने सन्दर्भमा तिन नम्वर प्रदेश लामो समयको प्रसवको पिडा भोगी रहेको, झेली रहेको अवस्थामा राजधानी संभाव्यता अध्यायन विषेश समिति मार्फत त्यो पिडा मुक्त हुदैछ। यसअर्थ त्यो पिडा बाट मुक्त गराउनको निम्त राजधानी संभाव्यता अध्यायन विषेश समितले आफ्नो व्यस्त समय, घाम पानी र कुनै पनि दुख पिडालाइ झन्जटिलो नसम्झीकन संभावित अथवा प्रस्तावित पाचौं वटा जिल्लाहरुमा पुगेर वस्तु स्थिती यर्थाथ रुपमा प्रतिवेदन मार्फत बाहिर लिएर आएको छ।

यसर्थ त्यस समितिको संयोजक अथवा अदक्ष्य माननीय दिपक निरौलाको टिमलाइ म हार्दिक धन्यवाद पनि दिन चाहान्छु।यो संभाव्यता अध्यायन विषेश समितिले चितवन, नुवाकोट, भक्तपुर, मकवानपुर र काभ्रेको जुन प्रस्तावित जिल्लाहरुको अध्यायन पछाडि, अगाडि बढिरहदा खेरी मलाइ

यो प्रतिवेदन र राजधानीको नाम तोकीरहदा खेरी हिजो पछाडि जन्मे मेरो दोष त होईन मेरो अग्रजहरुले, मेरो पूर्खाहरुले धेरै रगत र पसिना बगाएइर यो ठाउँ सम्म ल्याइ पुर्याउनु भयो। म जति बेला ६२/६३को आन्दोलनमा घुमिरहदा खेरी त्यो क्षणको यहिले यो ठाउँमा उभिरहदा खेरी सम्झना आहिरहेको छ। किनकी हामीले संघियता राज्य पुर्नर संरचनाको बारेमा धेरै जनताले आफ्नो जिवनको आहुती दिनु भयो र धेरैले हात खुट्टा भाँच्नु भयो र धेरैले टाउको फुटाउनु भयो र धेरैले आफ्नो रगत पसिना भगाउनु भएको छ। त्यसो हुदा खेरी त्यो अवस्था लाइ सम्झिरहदा खेरी हामीले संघियता र राज्यको पुर्नसंरचना भनेको केहो भन्ने मलाइ लाग्छ भने जुन बेला हामीले लडाइ लड्यो जुन बेला हामीले आन्दोलनलाइ अगाडि बढायौं। त्यो आन्दोलन पश्चात सफलता प्रप्त गरिसके पछिडि हामीले तीन वटा राज्यको पछाडि को चाहि परिकल्पना र त्यसलाइ संविधान मार्फत हामीले अगाडि बढायौं जसको परिणाम स्वरुप स्थानिय सरकार प्रदेश सरकार र संघीय सरकार हाम्रो विचमा अगाडि बढिरहेको छ।

यो अगाडि बढिरहेको रहदा खेरी यो किन हामिले तीन वटा सरकारको परिकल्पना गयौ र त्यसलाइ हामीले संविधानमा हामीले किन कोट गर्यौं भन्ने मलाइ लाग्छ भने हिजो एकात्मक राज्यसंरचना को कारणले गर्दा खेरि हुम्लामा रहेको, जनताले रामेछापमा रहेको ठोसेमा रहेको जनताले त्यसलाइ एकात्मक राज्य संरचनाको कारणले सहि किसिमको र सुलभ सन्दर्भ ढङ्गले चाहि सेवा सुविधा प्राप्त गर्न सकेन त्यसो हुदा खेरी संघियता र राज्यपुर्नरसंरचनाको परिकल्पना गरेको हो भन्ने मलाइ लाग्छ त्यसो हुदा हामीले त्यो आन्दोलन बाट अगाडि बढिरहदा खेरी अहिले राजधानीको नामाकरणलाइ र राजधानी तोकिरहदा हामिले चाहि त्यो संघियता जनतालाइ दिने सेवा र सुविधा संग सान्दर्भिक रहदा हामीले मैले एउटा हेटौडा, मकवनपुर, नुवाकोट र काभ्रेको सन्दर्भ संग कुरा गरिरहेको छैन।

मैले यति मात्रै भन्न खोजिरहेको छु कि हिजो हामीले जुन आन्दोलन लड्यौं जसको लागी आन्दोलन गर्यौं त्यो आन्दोलन पछाडि हामीले जुन सेवा सुविधा प्राप्त गरिरहेका छौं त्यो सेवा सुविधा भनेको केहो भने जे हामीले अर्परचुनिटि वा जिम्मेवारी पाएका छौं त्यो जिम्मेवारी भनेको एउटौ मात्र कुरा मैले वुझेको थिएकी हामीले रामेछापमा रहेको ठोसेको जनताले रसुवामा रहेको चिन संग

जोडिएको जनताले सर्वसुलाभ ढङ्ले सेवा सुविधा प्राप्त गर्न सिकोस भन्ने कामनाका साथ अथवा सोचाईका साथ यो भनाइ लडेको भन्ने मलाइ लाग्छ त्यसो हुदा खेरी त्यो मर्म र भावनालाइ बुझेर अहिले यहाँ धेरैले भन्ने गर्छन सांसदले दुख पायो सांसदको समय धेरै व्यतित भयो सांसदलाइ काठमाण्डौबाट, रसुवा, बाट रामेछापबाट आउदा खेरी हेटौडामा दुख भयो त्यो होइन सांसदले जनतालाइ पार्टिको झण्डा मुनि रहेर जनताले मतदान पश्चात यो ठाउँमा पुगिसके पछाडि म भन्छु मलाइ यो ३ नम्वर प्रदेशको चाहे रामेछापको ठोसेमा लगेर जिम्मेवारी दियोस चाहे जोडिएको रसुवा संग लगेर जिम्मेवारी दियोस त्यो हामीले पुरा गर्नु पर्छ।

तर हामीले जिम्वारी पूरा गरिरहदा खेरी सेवा सुविधालाइ सर्वसुलभ डङ्गले दिन सकिन्छ कि सकिदैंन भन्ने कुरा हिमीले सोच्नु पर्छ जस्तो मलाइ लाग्छ। यसो हुदा खेरी मैले लामो कुरा यहाँहरुको विचमा नराखिकन मैले यति मात्र भन्न चाहाछु की संविधान ले दिएको जुन अधिकार छ त्यो अधिकारलाइ प्रयोग गरेर यो सम्मानीत सभा मा हामीले सांसदहरुलाइ दिएको जुन अधिकार छ त्यो अधिकार लाइ प्रयोग गरेर जनतालइ सेवा सुविधा प्रधान गर्नको निमित्त सर्वसुलभ ढङ्गले दिन उपयोग हुने पाएक हुने पाएक हुने ठाँउमा हामीघे राजधानी तोक्नु पर्छ।र ति भोली हामीले राजधानी तोकिरहदा खेरी हामिले नामाकरण गरिरहदा खेरि हाम्रो पुस्ताले सराप्ने हाम्रो पुस्ताले धिक्कार्ने अवस्था सृजना नहोस र हुदैन भन्ने कुरा म यहाँहरुको विचमा राख्दै मेरो छोटो भनाइ यहि अन्त्य गर्छु हस्त धन्यवाद नमस्कार।

<u>**माननीय सभामुखः**</u>- माननीय सदस्यहरु प्रतिवेदन माथिको छलफल यहि स्थिगित हुन्छ बाकीं भएका माननीय सदस्यहराले आफ्नो धारणा भोलीको बैठकमा राख्नु हुने छ।

माननीय सदस्यहरु अब अर्को बैठक मिति २०७६ साल पुस २४ गते विहीवार दिनको ३ बजे वस्ने गरि यो बैठक स्थिगित हुन्छ।

**(तदनन्तर बैठक २०७६ साल पुस २४ गते विहीवार दिनको ३:०० बजेसम्मका लागि स्थगित भयो।)**

**अन्त्य - दिनको ५:१० बजे।**

# प्रदेश सभा
# प्रदेश नं ३
# पाँचौ अधिवेशन
# कारवाहीको सम्पूर्ण विवरण

२४ पुस, २०७६

विहीबार

(बैठक संख्या - ३)

**प्रदेश सभाको पाँचौ अधिवेशको आजको बैठक माननीय सभामुख श्री सानुकुमार श्रेष्ठको अध्यक्षतामा दिनको ३:०० बजे प्रारम्भ भयो।**

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु प्रदेश नम्बर ३ को प्रदेश सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरु आज शुन्य समय र विशेष समयको कार्यक्रम नरहने ब्यहोरा जानकारी गराउदछुँ।

माननीय सदस्यहरु माननीय दिपक निरौलाले पेश गर्नुभएको प्रदेश राजधानी सम्भाब्यता अध्ययन विशेष समितिको प्रतिवेदन माथिको आजको छलफल सुरु हुन्छ।

सर्बप्रथम म माननीय राजेन्द्र प्रसाद पाण्डेलाई अनुमति दिन्छु, समय ५ मिनेट।

**माननीय राजेन्द्र प्रसाद पाण्डे (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))ः-** माननीय सभामुख ज्यू, माननीय दिपक निरौला ज्यू बाट प्रदेश राजधानी सम्भाब्यता अध्ययन कार्यदलको तर्फबाट विभिन्न समयमा विभिन्न जिल्लाहरुमा गएर प्राप्त भएको त्यसको सम्पूर्ण निचोड प्रतिवेदन पेश भएको छ र त्यो प्रतिवेदन उपर सम्भाब्यता अध्ययन समितिको प्रतिवेदन उपर म आफ्ना धारणाहरु ब्यक्त गर्न चाहान्छु।

धेरै पटक माननीय सदस्यहरुले यो संसदमा २ वर्ष लगातार प्रदेशको राजधानी र प्रदेशको नामाकरण बारे पटक पटक आवाज उठाउनु भयो, फ्लोरबाट। विशेष समय लिएर बोल्नुभयो तर यो संसदमा छलफल गराउने काम कहिल्यै हुन सकेन। जसको कारण आज हामी एउटा नयाँ परिस्थितिमा यो छलफल गर्न प्रवेश गरेका छौं। हामी कति स्वतन्त्र भएर छलफल गर्दै छौं, आफ्नो विवेक कति प्रयोग गरेर छलफल गर्दै छौं त्यो पनि सोचनीय विषय बनेको छ।

संविधानको धारा २८८ को (२) मा यस संविधान बमोजिमका प्रदेशको राजधानी सम्बन्धी प्रदेश सभामा तत्काल कायम रहेका सदस्य संङ्ख्याको दुई तिहाई बहुमतबाट निर्णय भए बमोजिम हुने छ। यो राजधानी छनौट गर्ने सन्दर्भमा हामीले ७२ सालमा जारी गरेको संविधानमा यहि कुरा उल्लेख छ। म त्यो जारी भएको संविधानले हामी सांसदहरुलाई दिएको विशेष अधिकार हो भन्ने ठान्दछु र त्यो विशेष अधिकार अनुसार यो हाउसले प्रदेशको राजधानी र नामाकरण तोकोस् निर्णय गरोस् भन्ने पनि चाहान्छु। सभामुख महोदय, राजधानी कहाँ उपयुक्त हुन्छ भन्ने खालको कुरा यो समितिले अध्ययन गर्यो।

स्थलगत अध्ययन गरेर पेश गरेको विवरणनै पढ्दा पनि मैले के देख्छु भन्दा भौगोलिक सुगमताको हिसाबलेऽ औचित्यताको, सामर्थ्यताको, सम्भाब्यताको सबै दृष्टिकोणले हेर्दा यो प्रदेशका १३ वटा जिल्लाहरु मध्ये र ६६ वटा प्रदेशको निर्वाचन क्षेत्र मध्ये रसुवा, नुवाकोट, धादिङ, काठमाण्डौ, ललितपुर, भक्तपुर, सिन्धुपाल्चोक, काभ्रे, दोलखा, रामेछाप र सिन्धुलीको पनि १ लाख जति जनसङ्ख्याको भुभाग यहि प्रदेश सँग एउटा भागलाई

नजिक पर्दो रहेछ र सिन्धुलीको एउटा भाग र मकवानपुर र चितवन यो हेटौंडालाई नजिक पर्दो रहेछ।

यस्तो देखियो र यो हिसाबले हेर्दा खेरि ३२ लाख जनसंङ्ख्या बसोवास गर्ने क्षेत्रले काभ्रेलाई माझ ठान्दा रहेछन् र १३ लाख जति जनसंङ्ख्या बसोवास गर्ने जनसंङ्ख्याले हेटौडालाई नजिक ठान्दा रहेछन्। यस्तो खालको स्थिति देखियो, यो सबैकुरा हेर्दा खेरि म चाहि हेटौडाको विरोधी होईन तर म जनतालाई सुविधा दिलाउनको लागि हामीले ल्याएको संघियता भएको नाताले भौगोलिक सुगमता र राज्यको त्यो सिंहदरबारको शासनलाई तल विकेन्द्रिकृत गर्दै जनताको बिचमा ल्याउन सुगमताको हिसाबले प्रशासनीक सुगमताको हिसाबले पनि काभ्रे उपर्युक्त छ भन्ने मेरो आफ्नो मत जाहेर गर्न चाहान्छु र विशेष गरि हामी यो काभ्रे मेरो ब्यक्तिगत, म धादिङको मान्छे हुँ, धादिङमा जन्मिएको हुँ। म यो प्रदेश भरिकै नेता हुँ।

त्यसो हुनाले मेरो लागि कहि नजिक या टाढा होईन। तर त्यहाँ जनताको लागि टाढा या नजिक भन्ने खालको कुरा निर्धारण गर्ने हामी न्यायधिश हौं अहिले। यो न्यायधिश न्यायलयमा बस्ने न्यायाधिशले त्यो आफ्नो तराजुमा निर्णय दिदाँ हामी संयम भएर धेरै कुराहरु सोचेर दिनुपर्छ। दाङ राजधानी भयो भने हामी कर्णली प्रदेशमै जान्छौ भनेर बाँके बर्दियाले बोलिसकेको छ।

यस्तै खालको सुगमता भोलि यो प्रदेशलाई भएन भने १० जिल्लाले सभामुख महोदय म टुङ्ग्याउछु १० जिल्लाले यो राजधानी हामी छुट्टै घोषणा गर्छौं भन्ने दिन नआओस्। र म यहि पनि भन्न चाहान्छु हाम्रो राजधानी अपायक ठाँउमा निर्णय गर्ने ब्यक्ति र पार्टीलाई सजायँ दिउ भनेर अर्को चुनावमा जनताले भन्ने दिन नहोस् र म अन्तमा जनताको बहुदलिय जनवादले परिकल्पना गरेका स्वतन्त्र संसद, सार्वभौम आफैंमा शक्तिशाली र जनमुखी हुन्छन्।

जहाँ शक्तिकेन्द्रहरु ले प्रवेश नै पाउदैंनन्, त्यसो भएको हुनाले हामीले नेपालको आवश्यकता र औचित्यतालाई मध्यनजर गरि जबज मार्फत नयाँ खालको संसदीय ब्यवस्था स्वीकार गरेका हौं यहि कुरालाई ध्यानमा राखेर हामी यो प्रदेशको राजधानीको

टुङ्गो गरौं र मैले यो पनि प्रस्ताव राखेको छु प्रदेशको राजधानी काभ्रे र हेटौंडा दुईटै राखौं यहाँ हिँउदे अधिवेशन गरौं, वहाँ वर्षे अधिवेशन गरौं। यो दुईटै पनि हुन सक्छ, जर्मनीमा दुईटा राजधानी छ, दक्षिण अफ्रिकामा तिनवटा राजधानी छ, पाकिस्तानमा एक समय दुईटा राजधानी थियो ...

**<u>माननीय सभामुख</u>ः-** अब म माननीय प्रेम बहादुर पुलामीलाई अनुमति दिन्छु, समय ५ मिनेट।

**<u>माननीय प्रेम बहादुर पुलामी (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>ः-** माननीय सभामुख ज्यू, माननीय सदस्यहरु। आज म यहाँ यो राजधानी सम्भाब्यता अध्ययन समितिले ल्याएको प्रतिवेदनको छलफलको क्रममा मैले आफ्नो तर्फबाट कुनै दलिल र कुनै आधारहरु पेश गर्नु भन्दा पनि म खुसी ब्यक्त गर्न यहाँ उपस्थीत भएको छु।

खास गरिकन ६ महिनामा सकाउनु पर्ने थियो यो विषय २ वर्ष सम्म यस्तो हालतमा चैं बसियो मलाई एउटा पुरानो कथाको पनि याद आउछँ। एउटा गाँउबाट एकजना युवक पल्टनमा जागीर खान जान्छ, लामो समय पछि उसको घरमा चिठ्ठी आउछँ। त्यो चिठ्ठि पढ्न सक्ने गाँउभरि कोहि मान्छे हुदैंन र सबैले के हल्ला फैलिन्छ भने त्यो गाँउभरिको एकजना भेडा गोठालो हुन्छ त्यो भेडा गोठालोलाई चिठ्ठि पढ्न आउँछ भन्ने बुझ्छ र गाँउले सबैले भेडा गोठालोलाई घेरेर लिएर आएर त्यो पढ्न लगाँउछ। जब त्यो भेडा गोठालोले पत्र खोल्दै गर्छ र उनी बेस्कन रुन थाल्छ।

पल्टनमा गएको छोरा उनको परिवार र उनका गाँउका सबैले कुरा बुझ्छ कि पल्टनमा गएको कतै यो चाहि लडाईमा मान्छे बितिसकेको हुन सक्छ र कोहि पनि खुसी हुन सक्दैन सबै जना रोएर बसेको हुन्छ तेतिखेर। अनि करीब एक डेढ घण्टा ,दुई घण्टा रोईसकेपछि अनि सबैले सम्हालिदैं के भन्छ त्यो भेडा गोठालालाई भने तिमी अरु जे सुकै भएपनि माथिको पत्र नपढ माथि खराब कुराहरु लेखेको हुन्छ, मृत्यु सम्मको कुरा लेखेको हुनुपर्छ। त्यसै भएर उनि रोए चिठ्ठि खोल्ने बित्तिकै। माथिको नपढेपनि तलको त

पढ्न भनिन्छ अनि उसले के भन्छ भने त्यो तलको मात्र पढ्न जान्ने भैदिएको भए म माथिको पनि सबै पढिहाल्थे नि भन्छ के त्यतिखेर।

जता जादाँ पनि स्थायी राजधानी कहिले भन्थ्यो, अब मेरो हालत पनि त्यस्तै थियो हेर्नुस्। म एउटाले सम्भव थिएन त अहिले यो पाचौं अधिवेशन स्थायी राजधानी टुङ्गयाउदै छ त्यसैले मलाई खुसी लागेको छ। मैले यहाँ उभिएर दलिल पेश गर्नु छैन। क्लासको पछाडी बेन्चमा बसेको विद्यार्थीपनि एक नम्बरमा आउन सक्छ मैले यत्ति कुरा मात्रै राख्दै मलाई अर्को कुरा के लाग्छ भने यहाँ प्रतिपक्ष दलको केहि माननीय सदस्यहरुले के कुरा बोल्नु भयो भने हाम्रो सभापति शेर बहादुर देउवा जिले ल्याउनु भएको हेटौंडा राजधानी भन्नुभो। जब कि यो कुरालाई हामीले यसो गरि पनि बुझ्न पाए राम्रो हुन्थ्यो। राजनितिक सहमतिमा अस्थायी राजधानी तोकिएको थियो। त्यो बारेमा कहि पनि कतै पनि नगर्ने हाम्रो सभापतिले ल्याएको मात्रै भन्ने।

तपाईको सभापतिले ल्याउनु भएको भए त स्थायी बनाउनको निम्ति हामी सबैजना यतै तिर लागौं भन्नु पो पर्थ्यो त। बाटोको वैद्यको जस्तो निर्णय गरेर नेकपाले जे गर्छ त्यो पर्ख र हेरमा छौं हामी भन्ने खालको यस्तो निर्णय गरेको देख्दा मलाई एकदम अफ्ठ्यारो महशुस भएको छ। आग्रह गर्न चाहान्छु, तपाईहरुले यस्तो कुरा गर्नु भन्दा कमसेकम स्थायी तोक्नको लागि चैं सबैजना लागौं यहि कुरा म राख्न चाहान्छु।

मैले धेरै कुरा राख्नु छैन, धेरै माननीय ज्यूहरुले आ आफ्नो तर्कहरु पेश गर्नु भएको छ। म मकवानपुरको, म हेटौंडाको सन्दर्भमा के कुरा भन्न चाहान्छु भने दृष्टि बाहेक सृष्टि र सिर्जनामा हेटौंडा अत्यन्तै उपर्युक्त छ। पहिचान नबिगारिकन हेटौंडालाई नै स्थायी राजधानी बनाउनको निम्ति सम्पूर्ण माननीय सदस्यहरुलाई आग्रह अनुरोध गर्दै मेरो भनाईलाई यहिँ टुङ्गयाउन चाहान्छु। धन्यवाद, नमस्कार।

**<u>माननीय सभामुख</u>ः-** अब म माननीय रिना गुरुङलाई अनुमति दिन्छु, समय ५ मिनेट।

**माननीय रिना गुरुङ (राष्ट्रिय प्रजातन्त्र पार्टी - संयुक्त)**:- माननीय सभामुख महोदय, राजधानी सम्भाब्यता अध्ययन समितिको म पनि एकजना सदस्य थिएँ। सदस्यको नाताले धेरै जिल्लाहरुको अनुगमन पनि भयो, अनुगमन पनि गरें। त्यसमा सिफारिसमा ५ जिल्ला पर्यो। नुवाकोट, काभ्रे, भक्तपुर, चितवन र मकवानपुर।

मैले समितिको तर्फबाट पनि मैले मेरो दलबाट र मेरो ब्यक्तिगत रुपबाट भनिराख्दा खेरि नुवाकोट, काभ्रे, भक्तपुर, चितवन र मकवानपुर कुनै जिल्ला पनि कुनै जिल्ला भन्दा कम थिएन अन्तिममा आएर काभ्रे भर्सेस मकवानपुर देखिएपनि मैले नुवाकोटलाई पनि कुनै पनि दृष्टिकोणले कम्ति देखेन। नुवाकोट पनि धेरै राम्रो जिल्ला थियो र त्यस्तै भक्तपुर र चितवनको कुराकानी गर्दा खेरि भक्तपुर र चितवन त्यो रेडिमेड भनिन्छ नि एउटा रेडिमेड राजधानी केही गर्नै नपर्ने त्यस्तो थियो।

तर सभामुख महोदय यता मैले आफ्नो विचार प्रस्तुत गरिराख्दा खेरि मैलेपनि यताबाट चितवनको लागि पनि चितवनलाई राजधानी बनाउन पर्छ मैले भनिराख्दा पनि मैले अहिलेपनि भन्दा खेरि हामीहरुले ५० वर्ष होईन हामीहरुले हजार वर्षको कुनै ईष्टमेट गर्यौं भने हजार वर्षको लागि हामीले राजधानी बनायो भने अहिले पनि त्यो चितवन नै सबैभन्दा बेस्ट हो। तर अहिले जुन मोडमा हामीहरुको राजनिति उभिएको छ, राष्ट्रिय राजनिति उभिएको छ। केहि कुटनितिक रुपमा केहि राष्ट्रियताको रुपमा आज हामीहरु कहि न कहि त्रसित पनि छौं कुनै समयमा भोलिको समयमा हामीहरु आधा जनता चाईनिज नेपाली र आधा जनता भारतिय नेपाली भनेर कुनै दिन हाम्रो यो पहिचान पनि हुन सक्छ। त्यो भएर यस्तो कुराहरु भोलि भविष्यमा नआओस् त्यसको लागि मैले पनि अहिले म मेरो राजनितिक दलबाट र मैले सासंदको रुपमा मकवानपुर नै अहिलेको अवस्थामा सबैभन्दा उपर्युक्त राजधानीको रुपमा स्थापित गर्न सकिन्छ भन्ने मैले यताबाट आफ्नो मत जाहेर गर्न चाहें।

र कति माननीय सांसदहरुको तर्फबाट के कुरा आयो भने नजिक र टाढा को विषयको पनि धेरै कुराहरु आए तर मैले अध्ययन गर्दा खेरि यो नजिक र टाढा भन्ने कुरा राजधानीको विषयमा मैले देखिन। मैले कति हरेक जिल्लाको मैले धेरै जनताहरुलाई

फोन गर्दा उहाँहरुसँग फोनमा संवाद हुदाँ यो दुई वर्ष बितिसक्यो तपाईहरु चैं हाम्रो राजधानी हेटौंडामा आउनु भयो कि भएन भन्दा खेरि आएन। किन आएन सोध्दा खेरि कामै परेन भन्नु भयो। केहि पनि काम परेन र भन्दा वहाँले के भन्नु भयो भने सबै काम त हाम्रो स्थानीय तहबाटै हुन्छ।

हाम्रो हामीले काम परेन यो मात्रै भन्नुभयो। त्यो पनि मैले मुल्याङ्कन गरिराख्दा खेरि आम जनताको जति पनि काम पर्दछ त्यो स्थानीय तहमै पर्दछ त्यो भएर बरु प्रदेशबाट हामीहरुले के गरौं भने अधिकार धेरै भन्दा धेरै अधिकार स्थानीय तहमा हामीहरुले विभाजित गरौं। स्थानीय तहले धेरै भन्दा धेरै अधिकार दिउँ र त्यो स्थानीय तहले अधिकार दिएपछि मलाई लाग्छ कि हाम्रो प्रदेश राजधानीमा आउने ब्यक्तिहरु को हुन्छ भने राजनितिक दलका नेताहरु।

उता विकास निर्माणमा संलग्न रहेका स्थानीय नेताहरु धेरै भन्दा धेरै हुन्छ त्यो भएर वहाँहरुको प्रायोरीटि देखि लिएर वहाँहरुको जब कामनै जनताको ठेक्का लिएर बस्ने छ भने वहाँहरु त राजधानीमा टाढा भएपनि नजिक भएपनि आउनै पर्यो भन्ने म मत राख्न चाहान्छु र कहिँ न कहिँ भोलिका दिनमा हामीहरुले राजधानी कुन हुनुपर्छ, काभ्रेनै हुनुपर्छ, हेटौंडा हुनुपर्छ या नुवाकोट हुनुपर्छ यो के हुनुपर्छ यो हामीले यो जनमत संग्रह गरायो भने एउटा अप्सन चैं प्रदेश नै नराखौं कुनमा साईन गर्नुहुन्छ। मलाई लाग्छ धेरै भन्दा धेरै जनता काभ्रेको जनता पनि, चितवनको जनता पनि, हेटौंडाको जनतापनि बरु हामीले राजधानी चाहिदैंन तपाई यो संघियतै हटाईदिनुस् साँच्चि भन्दाखेरि जनमत संग्रहमा यस्तो साईन पनि हुन्छ। हामीले यो कुरा पनि मनन गरौं, माननीय ज्यूहरु।

र यो राजधानीको कुरा चलिरहदाँ नामको कुरा देखि लिएर कुन ठाँउ ठिक होला कुरा चलिराख्दा खेरि मैले राजा महेन्द्रलाई पनि सम्झन चाँहे। राजा महेन्द्रले जुन पाँच विकास क्षेत्रको अवधारणा लिएर आउनुभयो त्यसमा हेटौंडालाई नै त्यो बेलामा क्षेत्रीय निर्देशनालय जुन राखियो थियो त्यो एकदम वैज्ञानिक थियो, त्यो भएर अहिले नाम बागमती, कर्णाली गण्डकी यो धेरै कुराहरुमा यो हाम्रो नेताहरुले अनुमोदन गरिसक्नु भएको छ।

तर कहि न कहि हाम्रो राजा महेन्द्रको दुरदर्शिताले चै पूर्ण रुपमा अनुमोदन गर्नको लागि अब भोलिको दिनमा मुटु माथि ढुङ्गा राखेर हैन बरु देशको लागि मुटु पनि निकाल्न पर्यो भने निकाल्दिम र राष्ट्रको लागि हामीहरुले हेटौंडालाई नै राजधानीमा कायम गरौं भनेर म आफ्नो मत जाहेर गर्दै बिदा हुन चाहान्छु। धन्यवाद।

**<u>माननीय सभामुख </u>:-** अब म माननीय केशवराज पाण्डेलाई अनुमति दिन्छु, समय ५ मिनेट।

**<u>माननीय केशवराज पाण्डे (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** सभामुख महोदय, आज हामी एउटा महत्वपुर्ण विषयमा छलफल गरिरहेका छौं। यो छलफलमा गईरहदाँखेर जुन समिति बनिरहेको थियो, त्यो बन्ने क्रममा मैले भनेको सम्झिरहेको छु। प्रदेश सभामा सभामुख ज्यूले अब राजधानीको बारेमा तपाईहरुले कहाँकहाँ उपर्युक्त हुन्छ निवेदन दर्ता गर्नुस् नभनिकन हामीले राजधानी मागेका हौं।

वास्तवमा त्यो नै एउटा गलत प्रक्रिया थियो भन्ने मलाई लाग्छ। यो सम्भाब्यता अध्ययन समितिले पनि जस्ले जस्ले राजधानी माग्यो त्यहि त्यहि मात्र अध्ययन गरेर त्यहि चैं प्रस्तावित हो भन्ने स्थिति बन्यो। यस्ले त अध्ययन गर्नु पर्थ्यो सम्भाब्यता ठाँउ कहाँ छ, कुन उपयुक्त भनेर पेश गर्नु पर्थ्यो, राय पनि पेश गरेको मैले देख्दिन। यस्ले अध्ययन गर्दा खेरि कहाँ कति बिल्डिङ छ, रोड कहाँबाट कति टाढा छ भन्ने अध्ययन गर्यो। हामी यहाँ आउनका लागि हतार थियो किनकि प्रदेश सभाको निर्वाचन भईसकेको थियो, संसद बस्नुपर्ने, मन्त्रीमण्डल बनाउनुपर्थ्यो, सभाहल चाहिन्थ्यो।

कहाँ कहाँ छ भनेर खोज्यौं। अब हामीले स्थायी तोक्दाखेरि हामीलाई हतार थिएन। हामी एकदुई वर्ष यहि बस्न सक्थ्यौं, उवर्युक्त ठाँउ कहाँ हो हाम्रो प्रदेशले पनि रकम छुट्याएको थियो। संरचना बनाउन सक्थ्यौ र जान सक्थ्यौं तर यहाँ त्यस्ता खाले कुराहरु आएनन्। अब हामीले नुवाकोट यो प्रदेशको राजधानी बनाउन पर्छ भन्दा नुवाकोटमा हाम्रो घर भएर होईन, नुवाकोटको सदरमुकाममै म डेरा लिएर बसेको छु। त्यहाँ पनि म डेरा नै लिएर बसेको छु। तर दुईटा कुरा हामीले धेरै उठायौं। एउटा

काठमाण्डौको जनघनत्वको बारेमा हामीले कुरा उठायौं त्यसलाई पर लैजाने ठाँउ कुन हुन सक्छ भन्दा त्यो उपर्युक्त ठाँउ नुवाकोट हुन सक्छ।

अर्को हामीले बुझेको के हो भन्दा आर्थिक सम्वृद्धिको कुरा हामीले गरिराखेका छौं। अहिलेसम्म हामी गरिब ठाँउबाट धनी ठाँउमा आएर त्यहाँ खर्च गरिरहेका छौं। कम्तिमा नुवाकोट, काठमाण्डौ भन्दा बाहिर जादाँखेर त्यहाँबाट अलिअलि आर्थिक सम्वृद्धिका कुराहरु पनि पर सर्ने, शहरीकरणका कुराहरु पनि पर सर्ने स्थिति बन्न सक्छ भन्ने आशयले नै हामीले नुवाकोट सबैभन्दा उपर्युक्त हो भनेका हौं। पुर्वाधारको हिसाबले, यातायातको हिसाबले अरु सबै हिसाबले पनि अत्यन्तै उपर्युक्त छ। बिल्डिङकै कुराकानी गर्ने हो भने त हामीले वहाँहरुलाई १२७ वटा बिल्डिङहरु देखायौं, यि बिल्डिङहरु छन् भनेर।

बिल्डिङको मात्रै राजधानी माग गरिएको होईन, यि धेरै कुराहरु अध्ययन गरेर आउनु पर्थ्यो। यसलाई अहिले पनि फेरि बजार बिस्तार गर्ने। काठमाण्डौको जनसंङ्ख्या वितरण गर्ने हो भने नुवाकोट नै हो नुवाकोट नै उपर्युक्त हो भन्ने मेरो ठम्माई छ, अहिले पनि त्यो लाग्छ तर हामी यहाँ छलफल गरिरहदाँ खेर म हाम्रो नेकपाको नेताहरुसँग आग्रह गर्न चाहान्छु। हामी तिन दिन देखि लगातार हाम्रो संसदीय दलको बैठक बसिराखेका छौं। अरु पार्टीहरुसँग पनि छलफल चलाउनुहोस् सँगसँगै। यहाँ रहेका सबै दलसँग र यहाँ हामी रहेका सभामुख भन्दा बाहिर १ सय ९ जनाले एकै ठाँउमा मत हाल्ने गरि छलफल चलाउन जरुरी छ र त्यो चलाउनुपर्छ भन्ने म ठान्छु।

मैले यसो हेरेको एक वर्षमा जम्मा तिस दिन आउनुपर्ने रहेछ संसद चलेको हिसाबले, मकवानपुर आउदाँखेर। त्यो सभासद् हरुको लागि साँच्चै कष्ट परेको स्थिति होईन तर पनि यसमा कसरी जाने भन्ने विषयमा छलफल जरुरी थियो र यो हामी छलफल गरौं। अब हामी नेकपाले निर्णय गरेको कुरामा पनि कतिपय साथीहरुको साँच्चै हिजो गम्भिरका साथ वहाँहरुले नै लागु गर्नुपर्ने हो कि जसरी कुराहरु उठाउनु भयो।

म त मान्दिन पनि भन्नु भो, नमान्न पाईन्छ। तपाईहरुले मान्दिएको भए पार्टीको निर्णय मान्दिएको भए मनमोहन अधिकारी प्रधानमन्त्री नै बन्नु हुदैंन थियो, नमान्दिनु

भएकोले वहाँ प्रधानमन्त्री बन्नु भो, फेरि पनि नमान्दिदा हामीलाई केहि आपत्ती छैन, त्यो कुरालाई ख्याल गर्नुस्। हामी एउटा पार्टीका तर्फबाट उम्मेद्वार भएर आएका मान्छेहरु हौं, पार्टीमा छलफल हुन्छ। पार्टीले यसो गर्न उपर्युक्त हुन्छ कि भन्ने निर्देशन पनि दिन्छ सुझाव पनि दिन्छ। त्यसकै आधारमा हामी छलफल गर्छौं।

दलको बैठकले त्यसलाई निर्णय गर्छ, त्यो निर्णयलाई हामी यहाँ आएर कार्यान्वयन गर्छौं र त्यहाँ यति ढुक्क हुनुस् नेकपाको संसदीय दलमा विभाजन भएर यहाँ आफु यतापट्टि हाल्छ कि यहाँ यतापट्टि हाल्छ कि भनेर फरक फरक ठाँउको मत गर्ने काम नगर्नुस्, यो नेकपाको मत सबै एकै ठाँउमा आउछ र सबै ठाँउमा हामी हाल्छौं र म सबै यहाँका दलका साथीहरुसँग पनि एउटै ठाँउमा मत हाल्नको निम्ति आग्रह गर्न चाहान्छु र मेरा भनाईहरु यहि टुङ्ग्याउन चाहान्छु। धन्यवाद, नमस्ते।

**<u>माननीय सभामुख</u>ः-** अब म माननीय ओम बहादुर ग्लानलाई समय दिन्छु, समय ५ मिनेट।

**<u>माननीय ओम बहादुर ग्लान (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>ः-** माननीय सभामुख ज्यू, हामी यो प्रदेश राजधानी सम्भाब्यता अध्ययन विशेष समितिको प्रतिवेदन माथि छलफल गरिराखेका छौं। धेरै माननीय ज्यूहरुले बोलिसक्नु भा छ। म सबैभन्दा पहिला वहाँहरुलाई धन्यवाद दिन चाहान्छु।

वहाँहरुले थप सम्भावनाहरु पनि देखाई दिनु भएको छ र म हिजो देखि अस्ति देखि सोच्दै थिएँ मैले एउटा बोल्ने भाषा के हो भने कुनै पनि कुरा हामीले राजनिति गर्छौं भने सामाजिक न्यायको आधारमा हामीले सोच्नु पर्छ। त्यो कुरामा कोही पनि दुविधा हुनुहुदैंन किनभने हामी नेता हौं हामी सामाजिक सेवामा लागेका मान्छे हौं। तर कहिले काँहि के हुदों रहेछ भने मान्छेका अंग सबभन्दा महत्वपूर्ण कुन हुन्छ भनेर सोध्यो भने कसैले भन्छ टाउको कसैले भन्छ मुटु यस्तै यस्तै।

शायद यो कुरामा हामी सबै सहमत छौं। मैले हिजो यसो आफैंलाई उभ्याएर नापेर हेरें बिच भाग कहाँ पर्दो रहेछ भनेर नापेर हेरें टाउको पनि निकै छेउमा पर्यो,

मुटुपनि ठ्याक्कै बिचमा परेन। भने पछि हामीले बिच भाग खोज्ने कि महत्वपूर्ण भाग खोज्ने। राष्ट्रियताको कुरा तपाईँ हामी सबै बुझ्छौं, मैले त्यहि भएर तपाईहरु सबैलाई धन्यवाद दिएको तपाईहरुले थप सम्भावनाहरु देखाउनु भयो। यहाँ अब नामअनुसारको प्रतिवेदन फेरि ठिक छ। म समतिका सभापति ज्यूलाई अथवा समितिका प्रमुखलाई पनि म धन्यवाद दिन चाहान्छु। र मैले यो हिसाबले कुरा गरिरहदाँ खेरी मकवानपुरको थप विशेषता के हुन सक्छ भनेर मैले पनि अलिकता सम्भावना मैले पनि अलिकता तपाईहरुलाई भन्नु पर्ने भयो फेरि।

मकवानपुर भनेको सबैभन्दा बढी जातिको बसोवास भएको जिल्ला रहेछ। मैले गने तामाङ, क्षेत्री, बाहुन, चेपाङ, वनकरीया, बोटे, जिरेल, शेर्पा गन्दै गन्दै गएको यो सबै जिल्लाहरुमा भन्दा यहि जिल्लामा बढी समुदायको बसोवास रहेछ। अर्थ के हुन्छ भने सबै जातिले, सबै समुदायले यो हेटौंडालाई मन पराएको रहेछ भन्ने मेरो निष्कर्श भयो। मैले हेटौंडा राजधानी हुन पर्छ कि पर्दैन मैले धेरै ब्याख्या नगरौं। यो राजधानीको पाटोमा भयो। र यहाँ कसैले शेरबहादुर जिले भन्नु भो, कसैले अब बाघ बहादुर जिले भन्नुहोला तर मैले बुझेको के हो भने हिजो यहि मैले अघि भनेको तथ्यको आधारमा यसको रणनितिक सामरिक महत्वकै आधारमा यो हिजो राजनितिक सहमतिको आधारमा टुङ्गिएको हो। यो सत्यतालाई भुलेर कसैलाई सस्तो लोकप्रियताको निम्ति त्यति धेरै नाम उच्चारण गरेर शब्दको खेर फालिरन पर्छ जस्तो मलाई लाग्दैन।

त्यसकारण हिजो राजनितिक सहमतिको आाधारमा भएको कुरालाई हामीले अहिले स्थापित गर्नको लागि यसको रणनितिक महत्वलाई सबैले बुझेर अगाडी बढ्नुपर्छ, मेरो भनाई यहिनै हो। र हामीले पहिचानको कुरापनि उठाएका छौं, यसको बिचमा माथिबाट एउटा हामीलाई एसएमएस आएको छ, पार्टीले एउटा सुझावपुर्ण निर्देन पठाएको छ। त्यो हाम्रो दलमा छलफल भईरहेको छ। र म साथीहरुलाई भन्न चाहान्छु यो एसएमएस् यो सुझावपूर्ण निर्देशन रुखलाई होईन घामलाई हो यत्तिमा ढुक्क हुनुहोला। धन्यवाद, नमस्कार।

**माननीय सभामुख**:- अब म माननीय राजेन्द्र गुरुङलाई अनुमति दिन्छु, समय ५ मिनेट।

**माननीय राजेन्द्र गुरुङ (नेपाली कांग्रेस)**:- माननीय सभामुख ज्यू, मलाई कस्तो लाग्छ भन्दा खेरी मुटु र टाउको जति ईम्पोर्टेन्ट हो घाँटी पनि त्यतिनै ईम्पोर्टेन्ट हो जस्तो लाग्छ मलाई किनभने त्यहाँ स्पाईनल कर्ड पनि छ त्यहाँनेर आएर श्वासनली पनि त्यहि पनि छ मलाई त्यस्तो लाग्छ। मैले भन्दै गर्दाखेरी नेपालको ईतिहासमै हामी पहिलो प्रदेश सरकार हामी। हामी पहिलो प्रदेश सरकार हुदैं गर्दा नागरिकलाई प्रत्यक्ष अनुभुति हुने गरेर हामीले के दिन सक्यौ अहिले सम्म हामीले।

यो प्रश्न मेरो होईन कि सम्पूर्ण नागरिकहरुलाई सोध्दाखेरी वहाँहरुले सोध्ने प्रश्न हो यो। त्यहि भएर हामीले अहिले अर्को ऐतिहासिक काम गर्दै छौं कि पछि भविष्यको पुस्तालाई समेत हुने खालको कुनै पनि संरचनाको लागि हामीले अहिले निर्णय गर्दै छौं। जुन हाम्रो राजधानीको विषय हो र हाम्रो नामाकरणको विषय हो। र हामीले कुनै पनि शिशुलाई जन्माउँदापनि एकदमै सुरक्षित स्थानमा जन्माउछौं किनभने उसको अंगभंगमा सबै राम्रो सग्लै जन्मोस् भन्ने हामी चाहान्छौं।

अनि शिशुको नामाकरण गर्दा पनि भविष्यमा उसलाई कसैले पनि नजिस्काओस् भन्ने हामी चाहान्छौं। उसको नाम पनि एकदमै ईम्पोर्टेन्ट हुन्छ, यो एकदमै संवेदनशिल कुरा हो। हामी त यो शिशुको नाममा हामी गईराखेका छैनौ र हामी वहाँको जन्मस्थानको बारेमा हामी गईराखेका छौं र हामी राजधानीको विषयमा र नामाकरणको विषयमा गईरहेका छौं। यो सबैजनाको लागि र हामीले भावि पुस्ताको लागि हामीहरुले वहाँहरुको भविष्यको लागि हामीले यो निर्धारण गर्न गईराखेका छौं।

र म अस्ति भर्खर पनि यहि माननीय ज्यूहरु सँग बेलुका ईभिनिङ वाक गर्दै गर्दा खेरी मैले एउटा के महशुस गरे भन्दा खेरी यहाँका मानिसहरुले चाहि के भन्दा खेरी त्यस्तो हतास नभएको, वहाँहरु कस्तो खालको छ भन्दा खेरी गाडी आउदाँ पनि एकदमै आफ्नै बाटोमा बिस्तारै आउने रैछन्। वहाँहरु मानसिक तनाब भएको मैले देखिन किनभने यो मानसिक तनाब कहाँनेर छ भन्दाखेरी मैले बुझ्दै गर्दाखेरी यो जहाँ राजधानी

छ अहिले काठमाण्डौमा त्यहाँ एकदमै मानसिक तनाब छ त्यहाँनेर किनभने त्यो राजधानीको चाप र सबै कुराले गर्दापनि।

अब यो राजधानी आउदैं गर्दा मैले भन्न खोजेको कुरा के भन्दा राजधानी आउदै गर्दा सबै राम्रो कुरा मात्रै आउने गर्दैन, त्यसमा नकारात्मक कुराहरु पनि आउने गर्छ। यो कुरापनि तपाईहरुले ख्याल गर्न एकदम आवश्यक छ। र म एउटा के भन्न चाहान्छु भन्दा तत्कालिन प्रधानमन्त्री शेर बहादुर देउवाले त्यतिबेला चैं सुरक्षाको दृष्टिकोणमा सबै विज्ञहरुसँग सरसल्लाह गरेर सबै पार्टीसँग सरसल्लाह गरेर यहाँ मकवानपुरमा राजधानी राख्दै गर्दाखेरी मेरो पनि आफ्नो धारणा के छ भन्दाखेरी वहाँ मेरो पनि सभापति हुनुहुन्छ म वहाँलाई सम्मान गर्छु र मेरो त्यो भन्दा अघिल्लो सभापति हाम्रो महामानव विपि कोईरालालाई पनि म एकदम सम्मान गर्छु।

वहाँको विचार, वहाँको सोच, वहाँको सपना के थियो भन्दा खेरी वहाँले जतिसक्दो पहाडी भुमागहरुलाई सदुपयोग गरौं र समतल जमिनहरुमा चैं उब्जाउ हुने जमिनहरुलाई पनि सक्दो सदुपयोग गर्ने, यो उब्जाउ हुने भुमि हो यसलाई कंक्रिटलाईजेशनहरु नगरौं। यसलाई पहाडहरुमा बस्ति बसालौं भन्ने वहाँको एउटा सपना थियो। यो हिसाबले हेर्दाखेरी पनि म आईटि पार्कको कुरा गर्दै छु, आईटि पार्कमा १ सय ९२ रोपनी जग्गा छ, त्यहाँ पुर्वाधार पनि पहिल्यै छ।

त्यहाँनेर निकै भवनहरु पनि पहिल्यै छन्। त्यहाँनेर हामीले भनौंन एउटा पेन्टागन जस्तै एउटा हामीले प्रशासन चलाउन पनि सक्छौं। त्यो पनि एकदमै उपर्युक्त छ जस्तो लाग्छ र अब यो रातो बत्ति बलिसक्यो, रातो बत्ति बलेको हुनाले मेरो एउटा भन्नै पर्ने कुरा म भन्न चाहान्छु। म राष्ट्रियताको बारेमा म एउटा कुरा गर्दै छु। राष्ट्रियताको बारेमा के कुरा गर्दै छु भने सबैजनाले ख्याल गर्नु भएको छ कि छैन हाम्रो लोगोमा चैं अहिले यो लिम्पियाधुरा अहिले यो सबै लिपुलेकको बारेमा कुरा उठ्दै गर्दा पनि हाम्रो लोगोमा यो हजुरको लोगोमा नेपालको म्याप हेर्नुस् म्यापमा हाम्रो लिपुलेक छैन यो तपाईले तत्कालै यो चेन्ज गर्नुहोला यो र यो म तपाईहरुलाई सुझाव पनि दिन्छु। यो अब हामी

राष्ट्रियताको ठुलाठुला कुरा गर्छौं, हाम्रो यो लोगोलाई चेन्ज गर्नुपर्ने मैले एकदम देखेको छु।

यो तपाईहरुलाई आफ्नो मनन पनि गर्नुहोला यो राजधानीको विषयको कुरा गर्दै गर्दा खेरी एकदम उपर्युक्त ठाँउ भनेको काभ्रेनै मैले देखेको छु यो भुगोलविदले पनि भनेको हो र सबै तपाईको यो हावा पानी सबै ईन्भारुमेन्टले पनि त्यहाँनै उपर्युक्त छ र अब यो पुर्वाधारको कुरा विकासको कुरा गर्ने हो भने त्यो पुर्वाधारको विकासको कुरा भनेको विस्तारै हुदैं गर्छन् नभए सुरुङ मार्ग नै बनाउने हो भने सिन्धुपाल्चोकमा पनि राजधानी राख्न सकिन्थ्यो होला नि।

त्यहाँपनि १५ मिनेटमा पुग्न सकिन्छ नि, यहाँ मात्रै किनचैं सुरुङ मार्ग बन्दा आधा घण्टामा आईपुग्ने हो र। त्यो पनि तपाईहरुले यसो विचार गर्नुस होला, माननीयहरुले आआफ्नो विवेक प्रयोग गर्नुहोला भन्दै म यति कुरा राख्न चाहान्छु। धन्यवाद।

**<u>माननीय सभामुख</u>:-** अब म माननीय जिवन डंगोललाई अनुमति दिन्छु, समय ५ मिनेट।

**<u>माननीय जिवन डंगोल (नेपाली कांग्रेस)</u>:-** आदरणीय सभामुख महोदय, हामी प्रदेश राजधानी प्रतिवेदन माथि छलफलमा छौं। म यस छलफलमा दुई अध्यायमा आफ्नो कुरा राख्न चाहान्छु। सर्वप्रथम मेरो प्रश्न छ यो प्रतिवेदनको औचित्य के हो ? प्रतिवेदनमा आए अनुसार संविधान प्रदत्त संसदीय अभ्यास प्रक्रियाबाट हुदैं छ ? संविधानको धारा २८८ को उपधारा २ बमोजिम संसदको दुईतिहाई बहुमतले राजधानी निर्णय गर्ने ब्यवस्था छ।

हुदाँहुदैं संविधानलाई चुनौति दिदैं प्रदेश संसदलाई कठपुतली बनाउदैं प्रदेश सभाको संवैधानीक अधिकार, विधायकी अधिकारलाई खोसेर अधिनायकवाद लाद्न खोजिएका छन्। संसदीय अभ्यासलाई आघात पार्न खोजिएका छन्। नेकपा पार्टीका सचिवालयबाट राजधानी र नामाकरणबारे निर्णय हुन्छ र निर्देशन जारी हुन्छ। दुई तिहाईको दम्भ संविधानलाई चुनौति दिन होईन संविधानलाई अक्षरस पालना गर्नलाई

जनताको विश्वास हो तर त्यो विश्वास आज राजधानी बनाउन होईन लाजधानी बनाउनमा प्रयोग हुन गईरहेको छ। त्यसैले मलाई टाउको मात्र दुखेको छैन १०६ डिग्रिको ज्वरो जनतामा आईसकेको छ, भोलि ब्रेन ह्यामरेज नहोस् र प्रदेश र संविधान लोकतन्त्र कोमामा नजाओस् भन्ने हाम्रो आग्रह हो।

नेकपाका नेताहरु के संविधान भन्दा माथि छन् ? ४६ साल पछि पनि राजा संविधान भित्र बसेका थिए भने आज कुनै पनि पार्टीमा अधिनायकवाद राजा जन्मदै छ भने त्यो कसैलाई मान्य हुने छैन। सभामुख महोदय अब म दोश्रो अध्यायमा जान चाहान्छु, राजधानी कहाँ हो ? सभामुख महोदय, २०७४ साल चैत्र १८ गते मैले पहिलो चोटि बोल्दै गर्दा राजधानीबारे आफ्नो पहिलो धारणा ब्यक्त गरेकि थिएँ।

एकात्मक र केन्द्रिकृत राज्यबाट समानुपातिक विकास र सम्वृद्धिको लागि सन्तुलित विकासको अवधारणाको आधारमा धुम्ति मोडलमा राजधानी रहनुपर्छ भनेकी थिए। केहि वर्षमा अथवा पाँच दश वर्षमा राजधानी स्थानान्तरण हुनुपर्दछ भन्ने मैले आफ्नो धारणा ब्यक्त गरेकी थिएँ। देश विदेशका उदाहरणहरु छन्, अष्ट्रेलियामा मेलबर्न, सिड्नी हुदैं क्यानबेरामा छन् भने त्यस्तै गरि अर्को हाम्रो जस्तै विविधताको देश दक्षिण अफ्रिकी मोडलपनि उपर्युक्त हुन सक्छ। जस्तै विधायकि, कार्यकारी, न्यायिक र ब्यापारिक राजधानी भिन्दा भिन्दै स्थानमा रहेको छ।

जोन्सबर्गमा संवैधानिक, केपटाउनमा संसद, ब्रिटोनियामा कार्यकारी, ब्रुफाउन्टेनमा सर्वोच्च अदालत रहेका छन्, उदाहरणहरुलाई आत्मसाथ गर्न सकिन्छ। अब फर्कन्छु १३ जिल्लाको आफ्नै प्रदेशमा। प्रतिवेदनमा आएको मात्रै होईन नुवाकोट र चितवन लगायत थानकोट नागढुङ्गा सुरुङ मार्ग बन्यो भने धादिङपनि उपर्युक्त हुन सक्छ। पाईपलाईनमा रहेको खुर्कोट र सिन्धुलीमाडी सुरुङमार्ग आयोजना सम्पन्न भए सिन्धुलीपनि किन उपर्युक्त हुदैंन र ? त्यसैले फाष्ट ट्र्याक र सुरुङ मार्ग बन्यो भने हेटौडा १ घण्टामा पुगिन्छ तर दुर्भाग्य अहिले चलिरहेको बाटो नै अस्तब्यस्त र अयोग्य साबित भईरहेको छ। आजपनि बत्ति मुनिको अध्यारो ऐतिहासिक साँस्कृतिक स्थल भक्तपुरलाई प्रदेशको राजधानी बनाउन पाए अति सुन्दर हुन्थ्यो जस्तो मलाई लाग्छ।

तर आज पूर्वाधार, भौगोलिक कारण, भौतिक, सामाजिक, साँस्कृतिक, मौलिक वर्चश्वता, औचित्य, सामर्थ्य र आवश्यकताको आधारमा सामाजिक न्यायको आधारमा र धेरैको आवाज र चासोको कारणले काभ्रेमा भए अझ सुन माथि सुगन्ध थपिने देखिन्छ र उपर्युक्त हुन्छ भन्ने स्पष्ट रुपमा भन्न चाहान्छु।

हेटौडा त विगत देखिनै विकास भईरहेको शहर हो त्यसैले एउटैमा विकास भईरहेको शहरमा चाप बढाउनु भन्दा नयाँ ठाँउमा शहरीकरण हुने निति अनुसार सन्तुलित विकासको अवधारणा समेत कार्यान्वयन हुने उद्देश्यले आजको दिनमा हेटौडा राजधानी उपर्युक्त हुदैंन भन्ने स्पष्ट रुपमा राख्न चाहान्छु। विकासका अवधारणा र विकासका कार्यहरु प्रत्येक जिल्लाले प्रतिस्पर्धात्मक रुपमा अघि बढोस्, पुर्वाधारहरु तयार गर्न सुरक्षा ब्यवस्थाहरु शसक्त बनाउन प्रतिश्पर्धा रहोस् भन्ने कामना गर्दछु, धन्यवाद। जय नेपाल।

**<u>माननीय सभामुख</u>:-** अब म माननीय मुनु सिग्देललाई अनुमति दिन्छु, समय ५ मिनेट।

**<u>माननीय मुनु सिग्देल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुख महोदय, राजधानी सम्बन्धमा सम्भाब्यता अध्ययन गर्न बनेको कार्यदलको प्रतिवेदन हामीले लगभग एक वर्ष अगाडीनै प्राप्त गरिसकेका थियौं र अहिले हामी राजधानीलाई स्थायी र नामाकरण र राजधानीलाई स्थायी बनाउनका लागि हामी अहिले यो चिसो मौसममा गरमागरम बहसमा छौं।

मलाई यतिखेर यो प्रतिवेदनको सन्दर्भमा प्रतिवेदन ढिलो आयो ढिलो छलफल भयो भनिरहेको सन्दर्भमा अघि हाम्रै जिल्लाको माननीय प्रेम पुलामीले कथा एउटा हाल्नु भो त्यहि कथा हालिरहदाँखेरी मलाई पनि एउटा स्मरण भयो हाम्रो मकवानपुर जिल्लाको कम्युनिष्ट पार्टीका संस्थापकनै हुनुन्थ्यो एक जना, अहिले त वहाँ बितिसक्नुभयो।

वहाँको बिहे मकवानपुर गढीमा भएको अनि मकवानपुर गढी बिवाह भएपछि त्यो पन्चरात गर्न जादाँखेरी खल्तीमा वहाँले ४ वटा कलम भिरेर जानुभएछ। पढेको

देखाउनुपर्यो ज्वाँईसाबले, अनि त्यो ससुरालीमा दुई तिन महिनादेखि एउटा चिट्ठि आको रैछ पढ्ने मान्छे नभएर थन्किएर बसिरहेको रैछ। अनि ज्वाँई साप ४ वटा कलम भिरेर आए पछि त अब पक्कै ज्वाँईले चिट्ठि पढ्नु हुन्छ भनेर बेलुका अब भोलि बिहान उज्यालो भएपछि ज्वाँईसाप चिट्ठि पढ्नु पर्छ भनेसी ज्वाँईसाब बिहान अब ट्वाईलेट जान पहिला त अहिले जस्तो त थिएन ट्वाग बोकेर खोल्सा तिर जानुपर्ने अनि वहाँ चै शौच गर्न जाने बाहानामा झर्नु भएछ।

वहाँको बेसिमा घर चैं फेरि बेसीमा। मकवानपुर गढीमा ससुराली घर बेसीमा। त्यो बोकेर गको मान्छे वहाँ गको गई, वहाँ ससुराली फर्किनु भएन। कहिले फर्किनु भयो भन्दा खेरी जहिले वहाँले त्यो चिट्ठि पढ्न सक्ने आएर मेहनत गर्नु भयो। अनिमात्रै ससुराली जानुभो। आज हाम्रो प्रतिवेदन पनि हामी ढिलै छलफल किन गरिरहेका छौं भने अब हामी पक्कापक्की राजधानी निर्णय गर्दै छौं। त्यसकारणले आज हामी अहिले छलफल गरिराखेका छौं।

र राजधानी सम्भाब्यता अध्ययन समितिले जुन प्रतिवेदन ल्याएको छ त्यो प्रतिवेदन हामी सबैले अध्ययन गरेका छौं र त्यो प्रतिवेदनले ५ वटा जिल्लाको सम्भाब्यताको कुरा गरिरहदाँ मकवानपुर जिल्ला एउटा महत्वपूर्ण सम्भाब्यता भित्र त्यो प्रतिवेदनमा पनि परेको छ। अब मकवानपुर जिल्लामा राजधानीको सम्बन्धमा हामीले धेरै कुराहरु राखिसक्यौं।

किन मकवानपुरमा अस्थायी राजधानी तोकियो होला। किन हामी अहिले त्यो प्रतिवेदनमा हेटौंडालाई एउटा सम्भाब्यता अध्ययनको अल्फाबेटको आधारमा पाँच नम्बरमा परेपनि यो पहिलो प्राथमिकतामा हो भन्ने कुरा हामी सबैले महसुस गरेकै कुरा हो। यसअर्थमा महसुस गरिएको कुरा हो, के हो भन्दा नेपालमा विभिन्न राज्यहरु हुदाँखेरी राज्य एकिकरण गर्ने सन्दर्भमा हाम्रो भारतमा अंग्रेजको शासन थियो र नेपाल खाल्डो भित्र अथवा यो नेपाल देश भित्र अंग्रेजको आक्रमणलाई रोक्नको लागि पृथ्वी नारायण शाहाले मकवानपुर गढीमा ससुराली बनाए।

गोर्खाका पृथ्वीनारायण शाहाले काठमाण्डौ रोक्नको लागि किन ससुराली बनाए होलान् त्यहाँ देखिको प्रसङ्ग हामीले जोड्नुपर्छ। मकवानपुरगढी एउटा महत्वपूर्ण गढी थियो जुन गढीले धेरै अङ्ग्रेजहरुलाई भारतको बिहार पटना सम्म पनि त्यहाँबाट आक्रमण गरेर सिंगो नेपाल राज्यलाई बचाउने एउटा मत्वर्पूण गढीको रुपमा मकवानपुर गढी, सिन्धुली गढी रहेको हामी सबैलाई थाहा छ।

१९ वटा जिल्लाको सदरमुकाम हेटौंडा किन राखियो होला ? त्यतिबेला पनि यो निर्णय गर्ने मान्छेहरु काठमाण्डौमै बस्थे। किन हेटौंडामा राखियो होला ? यो पनि एउटा महत्वर्पूण विषय छ हामीले बुझेका छौं। हामीले यो देशको एउटा महत्वर्पूण अंगको रुपमा हामी प्रदेश सभाका सदस्यहरु, हामीले बुझेका छौं त्यसैले यो राजधानी बनाउने कुरा भौतिक संरचना मात्रै होईन संघीयतालाई कार्यान्वयन गर्ने सन्दर्भमा हेटौडालाई विकासको हिसाबले, पुर्वाधारको हिसाबले हामीसँग धेरै पुर्वाधार थिएन होला र आज हामी यो अलि सानै हलमा बस्न परि राखेको छ। ठुल्ठुला भवनहरु त संघीय राजधानीमै छ नि अब हामी विकासलाई जहाँ विकास भएको छैन, त्यो पनि राजधानीको एउटा सम्भाब्यता भित्र पर्ने एउटा विषय हो हामी त्यो राजधानी बनाउन गईराखेका छौं। जहाँसम्म यहाँ धेरै चिन्ताहरु ब्यक्त भयो।

हामी संविधानको धारा २८८ अन्तर्गतनै हामी राजधानी निर्णय गर्छौं। हाम्रो अधिकार कसैले हस्तक्षेप गरेको छैन तर हामीलाई सपनामा आएजस्तरी हामी चिन्ता ब्यक्त गर्छौं। संविधाननै उल्लङ्घन हुन लाग्यो कि क्या हो, हिजो राती सपनामा देखेको जसरी आज हामी कुरा गरिराखेका छौं। हाम्रो अधिकार हामी संविधानको धारा अन्तर्गतनै दुईतिहाईले नाम र राजधानी हामीले निर्णय गर्छौं र हेटौंडामा राजधानी दुई वर्ष देखि हामी बसिराखेको छौं म सम्पूर्ण माननीय कमरेडहरु, माननीय साथीहरुलाई म के अनुरोध गर्न चाहान्छु भने म एउटा मकवानपुरबासीको मात्रै नभएर यो १३ वटै जिल्लाको प्रतिनिधिको हैसियतले दुई तिहाई मतले मकवानपुरमा राजधानी निर्णय गर्न हामी सबै लाग्ने छौं। यहि भन्न चाहान्छु, धन्यवाद।

**<u>माननीय सभामुख</u>:-** अब म माननीय आशामाया तामाङलाई अनुमति दिन्छु, समय ५ मिनेट।

**<u>माननीय आशामाया तामाङ (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुख ज्यू, आज हामी निकै गम्भिर विषयमा छलफल गरिरहेका छौं। सर्वप्रथम त राजधानी अध्ययन समितिका संयोजक माननीय दिपक निरौलाको टिमलाई हार्दिक धन्यवाद दिन चाहान्छु।

र हामीले विभिन्न पन्चायती, बहुदलिय हुँदै आज संघीय गणतन्त्रमा आईसक्यौ, लोकतन्त्र गणतन्त्रमा आईसक्यौं। ब्यवस्था परिवर्तन भईसक्यो तर सोचमा परिवर्तन हुन सकेन, विडम्बना यहि लाग्छ। आज ईतिहासको, संघीय संरचनाको पहिलो दिन प्रदेशको राजधानी तोक्ने विषयमा हामी छलफल गरिरहदाँ खेरी नाम र राजधानीको विषयमा सर्वप्रथम यस सदनमा प्रवेश भईसकेको विषयनै हो। यस विषयमा हामी छलफल गरिरहेका छौं, नाम शायद तिन वटा प्रवेश गरिसकेका छन्। नेपाल मण्डल, नेवाताम्सालिङ, गौरिशंकर र राजधानी काभ्रे, मकवानपुर, चितवन, भक्तपुर र नुवाकोट। नुवाकोट जिल्लाको एउटा प्रस्तावित जिल्ला मध्ये माननीय बद्री मैनालीको नेतृत्वमा नुवाकोट प्रस्तावित गरिसकेको छौं।

र त्यसमा सर्मथन माननीय हिरानाथ खतिवडा, माननीय शान्ती थिङ र म लगायत राजधानी प्रस्ताव नुवाकोट जिल्ला पनि एक नम्बरमा पर्छ। यसकारणले विषय राजधानीकै हो र नुवाकोटको सांसदको हैसियतले मैले नुवाकोटमै चाहिन्छ राजधानी भन्न खोजेको होईन तर हिजो पुर्ववक्ता माननीयहरुले धेरैले भनिसक्नु भयो। आफ्नै बारीको कान्लामा भयो भने मात्र ठिक अन्त भयो भने बेठिक, यो कुरा पनि उठाउनुभयो तर त्यो होईन। यदि हामीले सबै हिसाबले हेर्ने हो भने हामी म नुवाकोटको मात्रै सांसद नभएर हामी १३ जिल्लाको सांसद हो। त्यसकारणले मैले तथ्य र प्रमाण सहित नुवाकोट उपर्युक्त छ भनेर हामी नुवाकोटले डकुमेन्ट समेत तयार बनाएर शायद प्रत्येक माननीय ज्यू हरुले हेरिपनि सक्नुभएको छ।

नुवाकोट के कारणले उपर्युक्त छ र नुवाकोटनै हामीले राजधानीको माग गर्नको कारण पनि हाम्रो नुवाकोट एउटा ईतिहास बोकेको जिल्ला पनि हो। पृथ्वीनारायण शाहाले राज्य गरेको जिल्ला नुवाकोटमा अहिले पनि साततले दरबार अवगतनै छन् त्यसकारणले नुवाकोट हामीले भुगोलको हिसाबले, जनसंङ्ख्याको हिसाबले, सामरिक हिसाबले हामीले हावापानीको हिसाबले हरेक हिसाबले नुवाकोट उपर्युक्त छ भनेर मात्रै हामीले प्रस्ताव पेश गरेका हौं। तर नुवाकोट घर पाएक हुन्छ हामी नुवाकोटनै बस्न पाईन्छ भनेर हामीले प्रस्ताव पेश गरेका होईनौ र त्यहाँको जनताको जनभाव बुझेर पनि प्रस्ताव पेश गरेका हौं। यदि नुवाकोटलाई राजधानी रोज्नु भएन भने तपाईहरु अर्को ५ वर्ष पछि पनि पछुतोमा पर्नेछ, नुवाकोटको लागि।

म नामाकरणको विषयपनि मैले सकाए सभामुख ज्यू। नामाकरणको विषयपनि तिनवटा विषय प्रवेश गरिसकेका छन्। संघीयता, पहिचान खोलाले मागेको होईन, हामीले मागेको पहिचान हो त्यसले गर्दाखेरी प्रवेश भईसकेको विषयलाई हामीले नेवा-ताम्सालिङ नै हुनुपर्छ भनेर यस सभामा सभामुख मार्फत यस गरिमामय सदन मार्फत पुर्नविचार गरियोस् भन्दै मेरो भनाई यहि अन्त हुन्छ। हवस्, धन्यवाद।

**<u>माननीय सभामुख</u>:-** अब म माननीय रमेश पौडेललाई अनुमति दिन्छु, समय ५ मिनेट।

**<u>माननीय रमेश पौडेल (विवेकशिल साझा पार्टी)</u>:-** माननीय सभामुख महोदय, राजधानीको विषयमा सबैभन्दा पहिला राजधानी र नामाकरणको विषयमा बोल्दै गर्दा खेरी हामीले हाम्रो पार्टीले आजभन्दा करीब डेढ वर्ष अगाडीनै यस प्रदेशको राजधानी काभ्रेको धुलिखेल र नामाकरण बागमती उपयुक्त हुन्छ भनेर हामीले निर्णय गरिसकेका थियौं ।

तरपनि हरेक कुराको समय आउछँ त्यो बेलामा हामी छलफल गरौंला भनेर हामी मौन बसिराखेका थियौं। अब यहाँ कुनै ठाँउमा राजधानी किन बनाउने, त्यसको लागि दर्जनौं कारण दिन सकिन्छ। त्यो कारण हेटौडाको लागि पनि दिन सकिन्छ, नुवाकोटको

लागि पनि दिन सकिन्छ, काभ्रेको लागि पनि सकिन्छ। त्यसो भए किन हामीले काभ्रेलाई राजधानी बनाउनु पर्छ भनेर भन्यौ त।

यसमा मुख्य गरि दुईटा कुरा छ, दुईटा कारण छ, सभामुख महोदय। एउटा के त भन्दा खेरी जब मुलुक संघीयतामा गयो र आम नागरिकलाई संघीयता बुझाउने कुरा गर्दाखेरी दुईवटा कुरा भनियो। एउटा सामाजिक न्यायको कुरा गरियो। संघीयताले सामाजिक न्यायको सुनिश्चितता गर्छ भनियो, अर्को के भनियो भने संघीयताले हातैले भेट्ने ठाँउमा सरकार दिन्छ भन्यो। यहि दुईटा कुरालाई मात्रै टेकेर हामीले अहिले काभ्रेलाई भनिराखेका छौं। यद्यपि त्यहाँ धेरै कारणहरु छन्, पुर्वाधारका कुराहरु छन् म त्यतातिर गईन। अब आँकडा हेर्दाखेरी यहि हाउसमा अहिले के प्रस्तुत भयो भन्दाखेरी अलिकति यो २०६८ सालको जनगणनामा टेकेर हामी बोलिराखेका छौं।

अहिलेको संशोधित जनसंङ्ख्या हेर्यौं भनेदेखि करीब ६० लाख जनसंङ्ख्या यो प्रदेशमा हुन आउछँ। त्यसमध्ये ४८ लाख जनसंङ्ख्याले हेटौडालाई राजधानी बनायो भने उसले सरकार हातले त हैन सभामुख महोदय एकदिनभरि यात्रा गर्दा पनि खुट्टाले पनि भेटयाउदैन। म हेटौडाको विरोधी हैन, म १३ जिल्लाकै कुनै पनि ठाँउको विरोधी होईन। तरपनि स्थिति के हो त भन्दाखेरी ८० प्रतिशत नागरिकहरुले यो सरकार भेटयाउदैनन् त्यसैगरि १३ मध्ये १० जिल्लाले सरकार भेटयाउदैन, सभामुख महोदय। त्यो अर्थमा त्यहाँ समामाजिक न्याय त्यहाँनेर मर्न जान्छ।

त्यसले गर्दा जुनकुरा, जुन कमिटमेन्ट संघीयताले गरेको थियो त्यो दुईटै कमिटमेन्ट उल्लङ्घन हुन जान्छ त्यसले गर्दा काभ्रेको धुलिखेल राजधानीको लागि उपर्युक्त हुन्छ भन्ने हाम्रो मत रहेको छ। अब यहाँ राजधानीको कुरा गरिराख्दा खेरी हेटौडाको कुरा गरिराख्दा खेरी कतिपय तर्कहरु कस्तो आयो भने हाम्रो शेरबहादुर दाईले यहाँ तोक्नु भो भनियो, हैन यो त सहमतिमा गरेको हाम्रो कमरेडले तोक्नु भो पनि भन्ने कुराहरु आयो म के भन्छु भन्दाखेरी यो सम्मानित सदनमा यो हेटौंडालाई राजधानी तोकिराख्दाखेरी यो कुनै अध्ययन भएर तोकिएको थिएन।

यदि अध्ययन भएर तोकिएको थियो भने म सभामुख ज्यूलाई अनुरोध गर्न चाहान्छु, त्यो अध्ययनको प्रतिवेदन यहाँ बाढियोस्। हामीपनि हेरौं कुनकुन आधारमा त्यहाँ लेखिएको छ अनि तोकियो भनेर। नभएदेखि यस्ता गलत कुराहरु सम्प्रेषण गर्न संसदमा पाईदैंन। अध्ययन गरेर तोकिएको थियो भने यसरी प्रधानमन्त्रीको भाषामा भन्दाखेरी यस्तो धुरीखामो ठडाको ठाँउमा दुईदुईवर्ष हामी खुम्चेर बस्न पर्थ्यो।

यदि अध्ययन गरिन्थ्यो भन्दाखेरी, अध्ययन गरेर तोकिएको थियो भन्देखी यहाँ माननीय ज्यूहरुलाई एउटा टेबल राख्ने ठाँउ नभएर माननीय ज्यूहरुले कुनै कुरा समर्थन गर्नु पर्यो भने ताली बजाउनु पर्ने स्थिति हुन्थ्यो ? यदि अध्ययन गरेर तोकिन्थ्यो भन्दाखेरी यहाँ दर्शकदिर्घामा १० जना मान्छे नअट्ने गरि हामी दुई वर्ष खुम्चिएर बस्नु पर्थ्यो ? त्यसले गर्दा यो कुनै अध्ययन गरिएको थिएन सभामुख महोदय। खाली फगत के गरिएको थियो त भन्दाखेरी तात्कालिन राजनितिक दाउपेचको हिसाबले मात्रै यो निर्णय गरिएको थियो म यो कुरा राख्न चाहान्छु।

अब यति भनिसकेपछि मैले हेर्दै छु हिजोदेखिको यो बहसमा हिजो चैं गोली र बारुदका छर्राहरु नढलेका शाहसिक माननीय ज्यूहरु, हिजो जेलनेल भोगेका माननीय ज्यूहरु आज २ वर्षदेखि जसले धुलिखेलको पक्षमा बोलिराख्नु भो वहाँहरुको आवाज लर्बराईराखेको छ। वहाँहरुको खुट्टा थर्थराईरहेको छ। मैले बुझिन किन यस्तो भईराखेको छ तर आजै म यो संसदमा प्रवेश गरिसके पछि अगि भर्खरै यहाँ रेकर्ड भो वहाँहरुको त्यसको कारण के रहेछ भने काठमाण्डौको ठुलो ठुलो दरबारबाट वहाँहरुलाई एसएमएस आएको रहेछ। म अनुरोध गर्न चाहान्छु, यो खासगरि सत्तापक्ष नेकपालाई यो तपाईहरु यो एउटा हिस्टोरिक ब्लन्डर गर्न गईराख्नुभएको छ।

यो ईतिहासको महाभुल गर्न गईराख्नु भएको छ। भोलि यो गलत ठाँउमा राजधानी तोक्दा खेरी हुने सम्पूर्ण जुन क्षती छ त्यसको मुल्य त्यो काठमाण्डौबाट एसएमएस पठाउनेहरुले तिर्नेवाला छैनन्। त्यसको मुल्य यो ४८ लाख नागरिकहरु तिनका सन्तान दरसन्तानले तिर्नुपर्नेछ। यो कुरालाई हेक्का राखेर निर्णय गरौं। म यो कुरा अनुरोध गर्दै यहाँबाट बिदा हुन चाहान्छु, धन्यवाद।

**माननीय सभामुखः**- अब म माननीय राजकाजी महर्जनलाई समय दिन्छु, समय ५ मिनेट।

**माननीय राजकाजी महर्जन (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))**:- सभामुख महोदय, भर्खरै पेश गरिएको यो कार्यदलको प्रतिवेदन माथि छलफल गर्दैगर्दा खेरी म सर्वप्रथम यसको स्वागत गर्न चाहान्छु र धन्यवाद पनि भन्न चाहान्छु। मलाई लाग्छ सबैले ढिलै आएपनि राम्रै आयो भन्ने हिसाबले प्रस्तुत गरिराखु भएको छ।

र यो ढिला चैं आयो डेढ वर्ष अगाडी आउनु पर्ने थियो, ढिला आएपनि यो अलि गिलोगिलो आयो भन्ने चाहि मलाई लाग्छ। त्यति टेकिएर आएको जस्तो मलाई लागेन त्यसैले सबैको निर्देशन जारी गरेपछि निर्देशन पाईसकेपछि यो जुन प्रतिवेदन आएको छ यसले राम्रोसँग खुट्टा टेकेन भन्ने चाँहि मेरो बुझाई हो। त्यसैले लगभग करीब ५५ लाख २९ हजार देखि लगभग पछिल्लो आँकडादेखि लगभग ६० लाखको जुन आकडा पेश भएको छ त्यसमध्ये झण्डैझण्डै २० लाख जनसमुदायहरु १५ लाख जनसमुदाय नेवार समुदायहरु छन्, यो प्रदेशमा।

सरी १५ लाख जनसमुदाय तामाङ जनसमुदाय छ त्यसपछि गएर १२ लाख नेवार जनसमुदाय छ त्यसमध्ये अरु बाँकि रहेका अरु सबै ५६ प्रतिशत मध्ये लगभग जनजातीहरु यो प्रदेशमा बाहुल्यता रहेको म जानकारी गराउन चाहान्छु। र सँगसँगै यो प्रदेशको राजधानी केन्द्रित गर्दैगर्दाखेरी यि सबै समुदायकहरुको एउटा सापेक्षीक एउटा त्यसको महत्वको विषयमा पनि छलफल गर्न आवश्यक छ भन्ने हो। भुगोल पछि आउछँ र भुगोल सँगसँगै त्यसमा रहेका सम्पूर्ण जनसंङ्ख्याहरुको जनताहरुको एउटा भावना र त्यसको चैं मनोविज्ञानहरु हामीले बुझ्न आवश्यक छ।

त्यो नभईकन यसले कुनै पनि संघीयता र प्रदेशको एउटा विषयहरुलाई त्यसले सम्बोधन गर्न सक्दैन भन्ने विषयमा हामीले सुरुदेखिनै राख्दैपनि आएका छौं त्यसैले हामीले भन्यौ भुगोलमा जनसंङ्ख्या छ भुगोलमा जल जमिन र त्यसपछि गएर त्यसको सामथ्र्यका हिसाबले आर्थिक कोणबाट पनि हामीले विश्लेषण गर्दा खेरी हामीले यसलाई मुख्य आधार बनाउनुपर्छ भनेर हामीले भन्दै गर्दाखेरी म के राख्न चाहान्छु भन्दाखेरी

अहिले यो प्रदेश हरेक कोणबाट सबैको एउटा सेन्टरलाईज हुनेगरि सबैको मनोभावना बुझ्ने र बहुसंङ्ख्यक जनताहरुको मनोभावना बुझ्ने गरि काभ्रेमा रहदाँखेरी राम्रो हुन्छ भन्ने हिसाबले म यहाँ तर्क राख्न चाहान्छु ।

र सँगसँगै यसमा विशेषगरि अलिकति नमिलेको कुरा कहाँनेर छ भने अहिले हामीले जुन विषयवस्तुहरु राख्दैगर्दा यसमा तर्क म के गर्न चाहान्छु भने अहिले जुन हामीले आर्थिक सन्दर्भ पनि हामीले जोडेका छौं। हिजो पृथ्वीनारायण शाहाले धोती पनि लाउन नजानेको बेला तलेजु मन्दिर कृष्ण मन्दिर र पाँचतले दरबार पनि बनेको एउटा ईतिहास पनि हामीलाई थाहा छ। त्यसैले पृथ्वीनारायण शाहापनि यहि ठाँउमा हारेर उ यहि ठाँउमा हारेर सेल्टर लिन बाध्य भएको एउटा ईतिहास पनि थाहा छ र त्यसपछि गएर अहिले हाम्रो यो समुदायलाई यो जनजातिहरुको समुदायलाई खर्पनमात्रै पनि बोकाउने तपाईहरुको यो सदनको उद्धेश्य छ भने हामी खर्पन मात्रै बोक्दैनौं, हामी अरु विषयहरु पनि बोक्न हामी तयार छौं।

जनजातिहरु लडेर आफ्नो अधिकार पनि लिन हामी तयार छौं। त्यसैले यहाँ बलजफती गरेर हामीलाई जसरी यहाँ अगाडी लाने प्रयत्नहरु गरेको छ यसको भविष्यमा कुनै न कुनै संकेत अलि राम्रो हामीले अहिले यहाँ देखिरहेका छैनौं। त्यसैले मैले यो भन्न चाहान्छु सभामुख महोदय, लाज लाग्नु भन्दा पहिले नै लुगा फुकाल्नु कि नफुकाल्ने भन्ने कुरा चै तपाईले डिसिजन गर्नु पर्छ। यि कुराहरु सँगै लिएर जादाँखेरी हामी पछि हार्ने बेला सम्म या मानौं हारिसकेपछि हाम्रो चेत खुलेर हुदैंन।

यहाँको जनसमुदायहरुको एउटा सिंगो सम्बोधन हुनुपर्छ भन्ने विषयमा हामीले तपाईसँग राखीराखेका छौं। नेतृत्व प्रति हाम्रो विश्वास छ, नेतृत्व विश्वास पनि हो, क्षमता पनि हो, त्यसमा हामी कदर पनि गर्छौं र नेतृत्वले सधैं आदेश भन्दा पनि हामीले अल्पमत र त्यसपछि गएर वस्तुगत स्थितिको त्यसले चित्रण गर्नुपर्छ भन्ने कुरा हामीले राख्दै गर्दा खेरी अहिले हामीलाई नेताहरुले अलिकति सक्नेलाई आट्ने नसक्नेलाई ढाट्ने लाष्टमा गएर चैं तपाईहरु सदनले के साट्ने भोलि चुनावमा गएर पिठो साट्ने, कमण्डलु लिएर जानेखालको वातावरण तपाईले हामीलाई बनाउदैं हुनुन्छ।

भोलि गएर तपाईहरु पनि पिठो साट्ने ठाँउमा नपुगोस्, जोगी हुने ठाँउमा नपुगोस् भन्न म चाहान्छु। र सँगसँगै यसले चाँहि हरेक कुराहरुको थप एउटा छलफलको माग गर्दछ र हामीले राख्दै गर्दाखेरी विभिन्न कोणबाट चैं हामीले राख्नुपर्छ र हामीले भोलि सबै समुदायहरुले यो सदनको निर्णयलाई सहि ढङ्गबाट यहाँको जनसमुदायहरुले उपर्युक्त हुने हिसाबले डिसिजन गरोस् भन्ने हिसाबले हामीले राख्न चाहेका छौं। त्यसमध्ये मैले अहिले लास्टमा के राख्न चाहान्छु भने अब नेताले आदेश गर्ने भईसकेपछि यो ठाँउको नाम नेताबा राखौं भन्ने मेरो चैं बुझाई हो।

नेताबा भनेको के हो भने, फेरि ताली नबजाईहाल्नुहोला। नेताबा भनेको नेवा ताम्सालिङ बागमती। त्यसैले चैं अब नेताहरुले पनि निर्देशन दिने, त्यसैले यो काभ्रे सँगसँगै यसको हरेक कोणबाट राख्दाखेरी राम्रो हुन्छ भन्ने हिसाबले मैले राख्न चाहें र म अन्त्यमा के राख्न चाहान्छु भने विषयका हिसाबले हामी जुन एउटा छलफलहरु दुरगामी र सदनको गरिमालाई हामीले अगाडी बढाएको छौं। यसको गरिमा पनि अगाडी बढाउन सकौं र उपत्यका पनि एउटा विशेष ठाँउ र एउटा हरेक कोणबाट चैं महत्व बोकेको छ त्यसले सिंगो एउटा काभ्रे र सिंगो एउटा ठाँउको लागि पनि त्यसले सपोर्ट गर्छ र क्लष्टरका हिसाबले विभिन्न ढङ्गबाट आएका छन् यसको पनि कुनै यसको अहिले विभाजित गराईराख्नु पर्ने आवश्यक छ जस्तो मलाई लाग्दैन त्यसैले म यो सदन मार्फत के जानकारी गराउन चाहान्छु भने जुन हिसाबले अहिले नेवा ताम्सालिङको विषयहरु सँगसँगै काभ्रे राजधानी गरेर अगाडी बढाउदाँखेरी उपर्युक्त हुन्छ भन्ने म कुरा राख्न चाहान्छु। हवस् त धन्यवाद, नमस्कार।

**<u>माननीय सभामुख</u>ः-** अब म माननीय बिजुला बर्मा राणालाई अनुमति दिन्छु, समय ५ मिनेट।

**<u>माननीय बिजुला बर्मा राणा (नेपाली कांग्रेस)</u>ः-** सर्वप्रथम झण्डैझण्डै ४ महिनामा ढिलै भएपनि राजधानीको विषयलाई लिएर बिजनेज दिन सफल भएको यो सरकारलाई म बधाई दिन चाहान्छु। यो सरकारलाई अर्को बधाई पनि म दिन चाहान्छु केन्द्रीय

सरकारले पुच्छर नहल्लाईकन हाम्रो प्रदेश सरकारको टाउको हल्लिदैन त्यसैले पनि यो सरकारलाई म बधाई दिन चाहान्छु।

त्यसैगरेर २ वर्षसम्म कहिले प्रतिवेदनको नाममा त कहिले सम्भाब्यताको नाममा ए अब त राजधानी घोषणा हुन्छ रे भनेर हामीलाई जुरमुराउने कहिले सुस्तसुस्त सुन्न पनि लगाउने र टालटुल गरेर २ वर्ष हाम्रे समय यत्तिकै खेर फालेर अन्तमा आएर केन्द्रीय दरबारबाट आफ्नो पक्षमा निर्णय गराएर राजधानी हेटौंडानै हुनुपर्छ भन्ने हाम्रो मुख्यमन्त्रीज्यूलाई पनि म बधाई दिन चाहान्छु। वहाँको आउने दिन सफल रहोस् शुभकामना पनि दिन चाहान्छु। मैले अस्ति भर्खरै फेसबुकको स्टयाटसमा पढेको थिएँ।

हाम्रै माननीयज्यूले लेख्नुभएको रहेछ राजधानी जादाँ खेरी अब कस्तो खुसीको कुरा ,रमाईलो लाग्थ्यो राजधानी जान पाईयो भनेर तर अहिले त राजधानी जाने भनेपछि कस्तो मन दुखेर आउछँ खल्लो लागेर आउछँ भनेर लेखु भा रैछ बिहानै ७ बजे। यो हलमा रहनु भएका सबै माननीय साम्सदहरुलाई सोध्छौं तपाईंहरुको एसएमएस त आएको छ निर्णय भएर आएको छ तपाईहरुलाई खुसी लाग्छ हेटौंडा आउनको लागि यो राजधानी आउनको लागि खुसी लाग्छ ?

सत्यसँग आफ्नो विवेकलाई बन्धक नराखिकन यहाँ बोल्नुभयो भने हामी प्रश्न गर्न चाहान्छौं। हाम्रो खुसी र बेखुसीको कुरा होईन सहि र बेसहिको कुरा हो। यदि राजधानी नजिक र टाढाको कुरा हुदों हो भने सिन्धुली पनि भोलि सडक र अरु सबै हिसाबले त्यहाँ सुगम हुन सक्छ। सिन्धुलीनै राजधानी हुनुपर्छ भनेर मैले पनि भन्न सक्थें तर किन काभ्रेनै रोज्दै छु त।

किन काभ्रेनै हुनुपर्छ भनेर रोज्दैछु, किनकि त्यहाँ ५५ लाख जनसङ्ख्या मध्ये ४५ लाख जनसङ्ख्याको पायक पर्दछ काभ्रे त्यसैले मैले काभ्रे भन्दछु। हाम्रो संसदीय दलको पनि यो राजधानीको विषय आउदैं गर्दाखेरी छलफलहरु सुरु भए। हामीले त्यहाँ कुराहरु उठान गयौं अब बाम गठबन्धनको धेरै चिराहरु छ भित्रभित्र कोहि ५० जना यता हुनुहुन्छ कोहि ५० जना उता हुनुहुन्छ।

हामीले पनि यस्ता कुराहरु यसरी गर्नुपर्छ भनेर छलफलको विषयमा गयौ तर त्यहाँ मैले के भनैं भने कम्युनिष्टहरु चाहे १७ चिरा हुन् चाहे १० औं चिरा हुन् कम्युनिष्टहरुको मुहान भनेको एउटै हो। चाहे त्यो रसिया होस् ,चाहे त्यो चाइना होस्, चाहे त्यो उत्तर कोरीया होस् चाहे पुर्वि जर्मनी होस् त्यसैले जतिनै चिरा भएपनि अन्तत्वगता वहाँहरुको निर्णय सचिवालयकै हो र त्यसैमा वहाँहरु एकमत हुनुहुन्छ त्यसैले हाम्रो रणनिति के हो हामी त्यसरी जाँउ भनेर हाम्रो दलको नेतालाई भनेका थियौं आज त्यो चरितार्थ भएको छ। एकतन्त्रीय शासन लाद्रन झण्डैझण्डै प्रदेश सरकार सफलता तर्फ अगाडी बढेको छ त्यसैले कम्युनिष्टहरुको पानीको मुहानको सँस्कार जुन हो त्यो वहाँहरुले देखाउदैं हुनुहुन्छ र केन्द्रीय सरकारले लादेको प्रदेश सरकारको निहित अधिकार माथि ठाढो हस्तक्षेप र उल्लङ्घन गरेको कुरालाई वहाँहरुले शिर निहुराएर स्वीकार्दै हुनुहुन्छ यो आजको लोकतान्त्रीक शासनमा यो एउटा लाजमर्दो कुरा हो।

आज केन्द्रीय सरकारले यति मात्र होईन यो हाम्रो प्रदेशमा निहित अधिकारलाई जुन हस्तक्षेत गर्ने प्रयास गरेको छ कतिपय साथीभाईले भन्नुभएको छ माननीय ज्यूहरुले भन्नुभएको छ तपाईहरुलाई के को टाउको दुखाइको विषय। हाम्रो टाउको र पेट कतै दुखेको छैन, दुखेको छ लोकतन्त्रलाई दुखेको छ हाम्रो स्वतन्त्रतालाई दुखेको छ हाम्रो सार्वभौमतालाई दुखेको छ।

हामीलाई टाउको दुखेको होइन हामीले यो विषयलाई उठान गर्न खोजेका हौं यो कुरा यहाँहरुले बझ्न जरुरी छ।र प्रदेश राजधानी हेटौडानै हुनुपर्छ भन्दा जसरी एउटा बिहे गरेको बेहुलाले आफ्नी बेहुली लगीसकेपछि आफ्नो बेहुली सबैभन्दा राम्री लाग्छ उसलाई किन त भन्दा उ सँग जिवन बिताउनु छ, उ सँग उसले प्रेम गरेको छ, उ सँग सधैं आफ्नो दिनचर्या बिताउनु छ त्यसैले उ सँग स्वार्थ गाँसिएको छ र राम्रो भन्छ। तर त्यहाँ आएको जन्तिलाई बिना स्वार्थ निष्पक्ष निर्णय गर्नुस त भन्दा खेरी कसैलाई राम्री लाग्न सक्छ कसैलाई नराम्री लाग्न सक्छ।

त्यसैले हेटौडा पनि यहाँ स्वार्थ गाँसिएको लागि राम्रो होला, सबैले भन्नु भयो होला स्वार्थ गाँसिएर यहाँ आफ्नो राजनितिलाई माथि बढाउनको लागि वहाँहरुले भन्नुभयो होला

तर त्यो उपर्युक्त छैन र काभ्रे नै किन चाहिन्छ भन्दा भौगोलिक हिसाबले, सामाजिक हिसाबले र वैज्ञानिक हिसाबले र त्यहाँको पहुँचको हिसाबले जनताको भावनाको हिसाबले र ६६ निर्वाचन क्षेत्रमा झण्डै ५० निर्वाचन क्षेत्रको पायकको हिसाबले र ४५ लाख जनसंङ्ख्याको हिसाबले र भावी सन्ततीको हिसाबले काभ्रेनै सबैभन्दा उपर्युक्त हो र त्यो भन्दा बाहेक अन्त कतै निर्णय हुदैं छ भने त्यो सरासर गलत हो, हाम्रो बुझाई र हाम्रो भनाई यो हो।

अन्तमा जादाँ जाँदै केन्द्रीय सरकारबाट हाम्रो मतदान गर्ने हाम्रो अधिकारलाई हस्पक्षेप नहोस् होमी यो चाहि म यही बाट आग्रह गर्न चाहान्छु र हाम्रो दलको नेतालाई पनि हामीमाथि ह्वीप जारी नहोस्। हामी लोकतान्त्रिक पार्टीका सिपाही हौं र त्यसैले ह्वीप जारी नहोस् भन्ने आग्रह गर्दै म यहाँबाट बिदा हुन चाहान्छु। हवस्, धन्यवाद, जय नेपाल।

**<u>माननीय सभामुख</u>:-** अब म माननीय सन्त बहादुर प्रजालाई अनुमति दिन्छु, समय ५ मिनेट।

**<u>माननीय सन्त बहादुर प्रजा (नेपाली कांग्रेस)</u>:-** धन्यवाद सभामुख ज्यू, (यि धेरै अगाडीदेखि संचालन सेवपोरो समय खेतो झण्डै ४ वर्ष ४ महिना पछि यि सदन संचालन सेवामना वहम् यि सबै माननीय सांसद लम् बल चित्त दुखति महमोना। ओ कारण जान्ति यि छितो संविधानको भावना अनुसार आल्छफोरोखेतो। यि ढिलो स्यो कारणले गर्दा प्रदेश भरि १३ वटा जिल्लाको जनतालाम् निकाय नितिमना।) (चेपाङ भाषामा बोल्नुभएको)

आदरणीय सभामुख महोदय, आज हामी यस सदनमा प्रदेश सम्भावित अस्थायी राजधानी स्थायी राजधानीको स्थायी राजधानी सम्भावित छलफल गरिराख्दा खेरी हामी संविधान जारी गयौं र प्रदेश संरचनाको प्रदेश सरकार प्रदेश साँसदहरु हामी यहाँ भईराख्दा खेरी मैले मेरो ब्यक्तिगत तर्फबाट मैले स्वागत गर्नुपर्छ।

आज हामी संविधानलाई पहिचानको कुरा गर्दै गर्दा, संघियताको कुरा गर्दै गर्दा खेरी संघीयता पहिचानलाई कति दिन सक्यौं। आखीरमा त्यसैलाई लडाँई भाको हो। मैले भन्न खोजेको के हो भने आज म अनौठो हिसाब वा तपाईहरुलाई झल्काउने हिसबा वा

तपाईहरुले बिर्सेको कुरालाई म आज स्मरण गर्न आएको। यो चेपाङको जाबी भन्छ चेपाङको भाषामा झोला हो यो।

त्यसैगरि यो संसदको गरिमा यो संसदको जनताले दिएको र संविधानले ब्यवस्था गरेको यो कोट पनि लिएर आएको छु। अनि आफ्नो संस्कृती संस्कार भन्छ भाषा चेपाङ भाषा पनि मैले बोलेको छु। त्यसैकारणले गर्दा खेरी तपाईहरुमा तिनओटा कारण सुसुचित गर्नका लागि र यो राजधानीको विषयमा म छलफल गर्नको लागि म भाग लिन आएको हुँ।

त्यसैले गर्दाखेरी आज हामी ४ वटा जिल्लामा एउटा राजधानीको स्थायी राजधानीको प्रतिवेदन हामी हेर्दै गर्दा छलफल गरिराख्दा खेरी यस गरिमामय सदनमा छलफल भईराख्दाखेरी मलाई कताकता मैले दुख ब्यक्त पनि गर्नुपर्छ। र मैले खुसी पनि ब्यक्त गर्नुपर्छ कुन मानेमा हो भने आज स्वतन्त्र भन्छौं आफ्नो आत्मनिर्णयको कुरा भन्छौं त्यसलाई पनि आज कुण्ठित भएको हो कि भन्ने खालको मैले महसुश गरेको छु। र त्यता पट्टि नभईकन संविधानले २८८ बमोजिमको अशं २ ले भनेअनुसार संविधान प्रदेश सभाको दुईतिहाई सदस्य को बहुमतले चैं राख्न सकिन्छ भनेर संविधानले निर्देश गरिसकेपछि आज नेकपाको साथीहरु दुईतिहाई हुनुहुन्छ, तपाईहरु मतदान गर्नुस् मत गर्नुस।

राजधानी कहाँ राख्ने भन्ने विषयमा तपाईहरुलाई हामीले झलझल दिईराख्नु पर्दैन होला। सम्भावना भएर पुर्व प्रधानमन्त्री शेरबहादुर दाईले आज पार्टी सभापतिज्यूले यस मकवानपुरलाई आज क्षेत्रको हिसाबले, पुर्वाधारको हिसाबले भौगोलिकको हिसाबले सबै दृष्टिकोणले ठिक छ भनेर यसलाई राजधानी तोक्दै गर्दा त्यतिखेर १३ वटा जिल्लाका साथीहरुले १३ जिल्लाका जनताहरुले कतै आगो लगाउने, टायर बाल्ने, कतै चैं रेलिङ भाँच्ने कुराहरु जनताहरुले त्यसो गरेन।

आज हामी यहाँ कुन भावना हामी घुमिराख्या छौं, कुन हिसाबमा हामी आश्रयमा बोलि राख्या छौं भन्ने खालको जुन खालको हामीमा दुविद्वा छ मात्र द्धुविद्धा हो। त्यसकारणले गर्दा मकवानपुरको हेटौंडामा प्रदेश राजधानी हुन्छ, गर्नुपर्छ त्यतातिर मत

जाहेर गरेर सबै दुईतिहाईको माननीयहरुले र हामी दुईतिहाई नभाको माननीयहरुले पनि त्यतैतिर हेटौडा राजधानीलाई मत हालेर एउटा स्थायी राजधानी गरौं भन्ने माग राख्न चाहान्छु। र अर्को कुरा थोरै कुरा म राख्न चाँहे म विरोधी होईन।

काभ्रे, चितवन, हाम्रो नुवाकोट म विरोधी होईन। अर्को कुरा के छ भन्दा मकवानपुर अत्यन्तै राम्रो क्षेत्र, हाम्रो मुख्यमन्त्री पनि मकवानपुर जिल्लाबाट प्रतिनिधित्व गर्नुहुन्छ। कृषि मन्त्री चितवनबाट प्रतिनिधित्व गर्नुहुन्छ, वहाँहरु यति राम्रो मन्त्रीहरु हुनुहुन्छ। हाम्रो दलको नेता पर्यटन मन्त्री हुदाँखेरी यहाँ पारि पदमपोखरी बाट काठमाण्डौ एउटा प्लेन टेक्ने एउटा रनवे बनाएर चैं त्यहाँ हवाईमार्ग बनाउने भनेर त्यहाँ अध्ययन पनि गरिसकेको छ।

तत्काल बजेटको ब्यवस्था गरेर उतातिर नुवाकोट र काभ्रेको साथीहरु, सिन्धुलीका जनताहरुलाई चैं काभ्रे पाँचखालमा चै प्लेन टेक्ने हिसाबले त्यतातिर तत्काल डिपिआर गरेर केबलकारको ब्यवस्था पनि तत्काल काठमाण्डौबट चन्द्रागिरी हेटौंडा जोड्ने गरेर बजेटको ब्यवस्था गरेर छिटो नै यसलाई राजधानी भोलिनै आजनै यसलाई ढिलो भयो यसलाई पूर्णता दिएर अगाडी बढाँउ भन्ने अनुरोध पनि गर्दै र अलिकति यो नामको विषयमा दुईटै ठिक छ।

बागमती झन् सरकारले ल्याएको, नेवाताम्सालिङ ठिकै छ पहिचानले ल्याएको अझै चेपाङको पनि अलिकति थपेर ल्याएको भए राम्रो हुन्थ्यो हवस् धन्यवाद, जय नेपाल।

**<u>माननीय सभामुख</u>:-** अब म माननीय केशव प्रसाद पोखरेललाई अनुमति दिन्छु, समय ५ मिनेट।

**<u>माननीय केशव प्रसाद पोखरेल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u> :-** माननीय सभामुख महोदय, हामी हाम्रो अत्यन्त ठुलो कार्यभार प्रदेश नम्बर ३ को राजधानी तोक्ने सम्बन्धमा गहन छलफलमा छौं। धेरै कोणहरुबाट कुराकानी उठिरहेको छ। लामो समयदेखि हामीले पहिल्याउन नसकेको विषय, निर्णय गर्न नसकेको विषय जहाँ जादाँ पनि सोध्ने विषय राजधानी र नामाकरणको विषय हो।

सबैको चिन्ता र चासो हुने विषय पनि यहि नै हो । म आज यहाँ उभिएर बोलिरहदाँ राजधानीको विषयमा बोलेको म मात्र बोलेको लगभग आज चौथो पटक भएछ। मलाई आज अत्यन्त खुसी लागेको छ कि अब यहि सेसनमा टुङ्गिने गरि राजधानीको विषय आएको छ। २०७५ साल बैशाख १३ गते म प्रस्तावक भएर माननीय राजेन्द्र पाण्डे सहित ३४ जना माननीयज्यूहरु समर्थक भएर हामीले निवेदन दिएका थियौं।

त्यतिखेर पटकपटक यो राजधानीको विषयमा छलफल गराईयोस् भनेर माग गर्दा खेरी केहि सिप नलागेपछि हामीले निवेदन दर्ता गर्यौं। प्रस्ताव दर्ता गरेका थियौं। त्यसको भोलिपल्टै माननीय सभामुख महोदयले यसलाई एजेण्डा बनाईदिनु भो, कार्यदल बन्यो, कार्यदलले आफ्नो रिपोर्ट दियो। कार्यदलले केहि समय थपेरै म्याद मागेर रिपोर्ट दियो। रिपोर्ट दिएको पनि आज धेरै महिना भईसक्यो। यो रिपोर्टमाथि आज हामी छलफल गर्दैछौं। कार्यदलले यद्यपि प्राथमिकता तोकेको छैन। कुन जिल्लालाई यसो गर्ने भनेर प्राथमिकता तोकेको मैले पाईन। उसले विवरण संकलन गरेको स्थिति छ। यद्यपि कार्यदललाई जुन मेहनत गरेर साथीहरुले गर्नु भो म धन्यवाद दिन चाहान्छु।

हामी आज कुनै ईगो को विषय होईन, तेरो नजिक कि मेरो नजिक भन्ने विषयपनि होईन सिँगो रुपमा ३ नम्बर प्रदेशका आम जनताहरुलाई राहत महसुस हुने गरेर राजधानी कहाँ हामी कसरी तोक्दैछौं, यो गहन विषय हो। यो तेरो दाईले गरेको ठिक कि मेरो दाईले गरेको ठिक भन्ने विषय पनि होईन। यो कुनै अहम् को विषय पनि होईन।

यहाँ मुख्यमन्त्री बस्नुहुन्छ अथवा विपक्षी दलको नेता बस्नुहुन्छ त्यसैले यहिँ चाहिन्छ त्यस्तो विषय पनि होईन। त्यसैले हामीले आम रुपमा लगभग ६० लाख पुग्दै गरेको ३ नम्बर प्रदेशको जनसंख्यालाई सम्बोधन गर्ने गरि हामी कसरी संम्बोधन गर्छौं। त्यो चिन्ताको साथ हामीले अगाडी बढाउनुपर्छ जस्तो मलाई लाग्छ। नामाकरणको विषय पछि कुराकानीको लागि आउछौं होला, अहिले मात्रै राजधानीको विषय भनेको अत्यन्तै आज सबै ठाँउबाट हामीलाई हेरिरहेको विषय हो।

केन्द्रीय राजधानी भएको ठाँउ, यो प्रदेश सबै हिसाबले उत्कृष्ठ छ, सबल छ र सबै जिल्लाहरुका आआफ्नै पहिचान, सामर्थ्यका कुराहरु पनि छन्। हामीले मुख्य कुरो जनसंख्या हेर्नुपर्ने हुन्छ। त्यसको भुगोल हेर्नुपर्ने हुन्छ र सेवाग्राहीहरुले राजधानीसँग प्रशासनिक सँग जोडिने कुराहरु कहाँनेर प्रभावकारी हुन्छ त्यहाँ हेर्नुपर्ने हुन्छ। त्यसैले यहाँ कसैको अहम् सँग कसैको घमण्डसँग अथवा यहाँ कि त्यहाँ टाउको कि पुच्छर भनेर जोड्नु पनि जरुरी छैन। सबै मान्छेलाई हामी कसरी सेवाग्राहीलाई धेरै भन्दा धेरै गर्न सक्छौं। आज सांसदहरु फर्पिङदेखी यहाँ आउने धेरैले प्रयोग गर्ने बाटोको मात्रै चिन्ता होईन।

भोलिपर्सि सुरुङमार्ग बन्छ अनि राजधानी यहाँ ठिक छ भन्ने विषय पनि होईन। भोलिपर्स कहिले यो फाष्टट्र्याक बनिसक्छ त्यसो हुनाले यहिँ बनाउ भन्ने विषय पनि होईन। यहाँ हामी अहिले मुख्यमन्त्री ज्यू पनि प्रायजसो ओहोरदोहोर गर्ने बाटो, मन्त्रीज्यूहरु पनि प्रायजसो ओहोरदोहोर गर्ने बाटो आज २ वर्ष हुदाँ सम्म हामीले त्यसलाई २० २५ ठाँउमा मात्रै त्यसलाई वाईडिङ गरेको भए चौडा विस्तार गरेको भए आज दुईटा गाडी मज्जाले कुद्न सक्ने हुन्थ्यो।

हामीले त्यतातिर ध्यान दिन सकेनौं। वास्तवमा त्यसोहुनाले यहाँ आउने कुरामा पनि हामीले पहुँचलाई पनि ध्यान दिनुपर्ने कुराहरु हुन्छ। त्यसैले मलाई त के लागिरेको थियो भने हेटौंडालाई राम्रो औद्योगिक नगरको रुपमा विकास हुन्छ होला गर्नुपर्छ भन्ने लागिरहेको थियो। त्यसैले राजधानीको हिसाबमा सबै जिल्लाको लगभग केन्द्र अब भ्यालिका ३ वटा जिल्ला त केन्द्रिय राजधानी छ त्यहाँ राख्नेकुरा पनि त्यो उपर्युक्त मलाई लाग्दैन। त्यसैले सबै हिसाबले काभ्रे उपर्युक्त भनेर मलाई लागिरहेको थियो, मैले भन्दै पनि हिडेको थिए। त्यो छलफल पनि चलिरहेको थियो। मेरो विचारमा काभ्रे उपर्युक्त हुन्छ। त्यसका लागि अझ धेरै गहन रुपले सोचौं।

सबै जिल्लाहरुका आफ्ना सामथ्र्यहरु छन्, पहिचानका विषयहरु छन्, सबै जिल्लाहरुलाई कसरी अगाडी बढाउने एउटा समग्रमा भएउटा योजना पनि अगाडी बढ्याएर जाउँ। त्यसो गर्दाखेरी सबैलाई जवाफ दिन सकिन्छ। हामीले यहाँबाट

राजधानीको निर्णय गरेर गईरहदाँखेरी भोलि आ आफ्नो क्षेत्रमा गएर जिल्लामा गएर सोध्दा खेरी हामी के उत्तर दिन्छौं।

अधिकाशं हाम्रा सांसदहरुले माननीय ज्यूहरुले हामीले यो कारणले यहाँ छलफल गरिराखेका छौं राजधानीको विषय यसरी टुङ्गाएर आएका छौं भन्ने स्थिति बनाउन सक्दा राम्रो हुन्छ, त्यसैले होईन यो कुनै पनि कुरामा फेरि अर्को कुरा म के आग्रह गर्न चाहान्छु भने म एउटा सत्तापक्षको सांसद अगिन एसएमएसको कुराहरु उठ्यो, मलाई कुनै एसएमएस आएको छैन। हामीलाई कुनै ह्वीप जारी यहिँ गर भनेर भाको छैन। एउटा गतिशिल पार्टी नेपाल कम्युनिष्ट पार्टी जो आज राज्य हाँकिरहेको छ, प्रदेश सरकार हाँकिरहेको छ।

सफल एउटा नेतृत्व दिईरहेको छ, त्यो सरकारले छलफलै गर्न पाउदैंन अथवा त्यो दलले छलफलनै गर्न पाउदैन त्यस्तो होईन गतिशिल पार्टीमा छलफल हुन्छ। अहिले पनि हामी दलको बैठकमा छौं, छलफलको क्रममा छौं। सबै सांसदहरुले आफ्नो विवेक प्रयोग गर्ने स्थितिमा छौं। त्यै हुनाले अहिले पार्टीले एसएमएस दिईसक्यो, यसको आधारमा मात्रै सांसदहरु लागेको छन् भन्ने कुराहरु पनि गलत हो। त्यसैले हामी डबल स्ट्याण्डरमा नलागौ भन्ने पनि म आग्रह गर्न चाहान्छु।

मुख्यकुरा चैं हामी अहिले यो पर्याप्त रुपमा छलफल गरेर यसलाई हामी कसरी अगाडी बढाउन सक्ने। भोलि सबैले सोध्ने प्रश्नहरुलाई हामीले उचित हिसाबले जवाफ दिन सक्ने गरि राजधानीको विषय टुङ्ग्याउ भन्ने आग्रह गर्दै मेरा आफ्ना भनाई यहि टुङ्ग्याउँछु, हवस् धन्यवाद, अभिवादन।

**माननीय सभामुख**:- अब म माननीय जगत बहादुर सिम्खडालाई अनुमति दिन्छु, समय ५ मिनेट।

**माननीय जगत बहादुर सिम्खडा (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))**:- माननीय सभामुख महोदय, हामी झण्डै २ वर्ष पछाडी स्थायी राजधानीको विषयमा यो सदनमा छलफल गरिरहेका छौं। हामीले भन्नै पर्छ आज हामी कछुवाको गतिमा हिडिंरहेका छौं।

यो भनिरहदाँखेरी यो सत्तापक्षको कुरामात्रै होईन, प्रतिपक्षको कुरा पनि आउछँ, सरकारको मात्रै होईन। यदि प्रतिपक्षले ठिक ढङ्गले आफ्नो ड्युटी निर्वाह गरेको भएपनि यो अलि छिटो बढ्थ्यो होला। सत्तापक्षले पनि यसलाई ठिक ढङ्गले समयमा ल्याउन सक्न पर्थ्यो त्यसकारणले सत्तापक्ष प्रतिपक्ष दुवै कछुवाको गतिमा यो सदन भित्र छ भन्ने म पहिलो कुरा राख्न चाहान्छु।

दोश्रो कुरा १० वर्षे महान जनयुद्धले गणतन्त्र, संघीयता, धर्म निरपेक्षता, समानुपातिक ,समावेशीताको मुद्दालाई उठायो त्यो संविधानमा आज लिपिबद्ध भयो। यो संघीयता हामीले भन्ना साथ पहिचानका कुरा हामीले गर्नासाथ हिजोको दिनमा पनि संघीयताको कुराकानी गर्दा देश टुक्राउने कुरा गर्यो, विखण्डनकारी भन्ने आरोप लाग्थे, आज पहिचानको कुरा गर्दा पनि अब यो जातीय दंगा हुन्छ भन्ने हिसाबले पनि यो कुरा उठ्ने गर्छ। मलाई लाग्छ आज संसारका धेरै विकसित के त जातीयताको आधारमा संघीयता भाको छ के भाषाको हिसाबले त्यो चाँहि संघीयता अथवा प्रदेश प्रान्तहरुको नामले नामाकरण भएको छ।

त्यहि हामीले ईण्डियालाई हेर्यौं भने पनि बंगालीहरु बस्ने बंगाल भनेको छ, पंजाबीहरु बस्ने पंजाब भनेको छ, लगायतका छन्। जस्तै अरु देशलाई पनि लिन सकिन्छ त्यसकारणले आज पहिचानको मुद्दा उठाउना साथ हिजो जसरी संघीयताको कुराकानी गर्दा विखण्डनकारी, देश टुक्राउने भन्थे आज पहिचानको कुरा गर्दा जातीय द्धन्द्वको कुरा गरिरहेका छन्, त्यो सोच विखण्डनकारी हो, त्यो सोचनै आज चाँहि त्यो द्धन्द्व निम्त्याउने खालको छ भन्ने मलाई लाग्छ।

त्यसकारणले अहिले हाम्ले बुझ्ने कुरा यो अहिलेको संघीयता, अहिलेको संविधानले हामी हिजोको यो संघीयताको पक्षधर पनि आज हामी यो हलमा छौं, संघीयता विरोधी पनि यो हलमा छौं। संघीयता पक्षधरले यो संघीयतालाई ठिक ढङ्गले अगाडी बढाउन चाहान्छ होला संघीयता विरोधीहरुले यसलाई यो वा त्यो रुपमा चैं डाईभर्ट गर्न अथवा ट्वीस्ट गरेर यसलाई कार्यान्वयन नगर्न चाहान्छ होला।

यो बिचको हामीले बुझ्ने कुरा के हो भने हामी यो संघीयतालाई आत्मै देखी कार्यान्वयन गर्न चाहान्छौं र अर्को कुरा यहाँ नेपाल कम्युनिष्ट पार्टीको सचिवालय बैठकको पनि थुप्रै चर्चा पनि भयो हैन यो धेरै चर्चा गरिरहन जरुरी छैन। लोकतन्त्रको कुरा छ, कुन पार्टीमा कति लोकतन्त्र छ भन्ने कुरा हामी सबैलाई थाहा छ। अहिले सडकमा आएर लोकतन्त्रवादी भन्नेहरु सडकमै आएर आफ्नो पार्टी भित्रको आन्तरिक जिवनको लोकतन्त्र खोजिरहेको पनि हामीले देखिरहेका छौं त्यसकारण मैले कहाँनेर केन्द्रित गर्न खोजेको भने अहिले जुन हामीले भन्ने कहाँनेर हो भने एउटा जिवन्त पार्टीमा छलफल बहस हुन सक्छ।

कम्युनिष्ट पार्टीले आफ्नो पार्टी भित्र के गर्ने भन्ने विषयमा त्यो छलफल गर्न सक्छ। त्यो अरु प्रतिपक्षलाई त्यो कुनै निर्देशन होईन यहाँ त ठ्याक्कै अगि छलफलमा हिजो देखि सुन्दाखेरी के भो त भन्दा खेरी एउटै पार्टी, यो एउटै पार्टी हो, यहाँ अरु पार्टी छैन, कम्युनिष्ट पार्टी मात्रै हो। कम्युनिष्ट पार्टीको सचिवालयको बैठक बसेपछि त्यहाँ भाको छलफल यो सबैलाई लागु हुन्छ र त्यो निर्देशन सबैलाई भाको जस्तो गरेर सबै माननीय ज्यूहरुले यो भनिरहनु भाछ यो भनिरहनु जरुरी छैन।

राजधानीको कुरा गरिरहदाँ खेरी पुर्व सरकारका होईन पूर्व प्रधानमन्त्रीज्यूका नाम धेरै लिनु भयो, आज साँच्चिकै यो संघीयताको माया, यो देशको माया हिजो अस्थायी राजधानी तोक्दा खेरी देखिन्छ, मलाई लाग्छ देखिदैंन। आज तपाई १ नम्बर प्रदेशको राजधानी कहाँ छ ईण्डियाको बोर्डर ५ किलोमिटरमा छ। २ नम्बर प्रदेशको राजधानी कहाँ छ, ५ किलोमिटर ईण्डियाको बोर्डरमा छ, तपाई आज ५ नम्बरको राजधानी कहाँ छ, ५ किलोमिटरको बोर्डरमा छ। ७ नम्बरको राजधानी कहाँ छ, ५ किलोमिटरको बोर्डरमा छ।

यो संघीयताको माया, यो नेपाली जनताको माया भएर त्यो बोर्डरमा लगेरा राखेको हो ? मलाई लाग्दैन, त्यसकारणले जो ले जति कुराकानी गरेपनि हामी कति पानीमा छौं भन्ने कुरो हिजोको ब्यवहारले छर्लंग देखाएको छ त्यसकारणले म फेरि पनि भन्छु

हामीलाई छलफल बहस भा छ त्यसकारणले हामीलाई कुनै ह्वीप छैन। हामीलाई कुनै पार्टीले यहिँ गर्नुपर्छ भनेर निर्देशन छैन हामी छलफल बहस गर्छौं।

म अन्तमा के भन्छु भने यदि हेटौंडा राजधानी भयो भने पनि के यो हेटौंडा राजधानी सेन्टरमा पर्नु पर्छ ? के सर्नुपर्छ ? त्यसकारण मैले यत्ति राखें, हवस् त धन्यवाद।

<u>**माननीय सभामुख**</u>:- अब म माननीय न्हुछे नारायण श्रेष्ठलाई अनुमति दिन्छु। समय ५ मिनेट।

<u>**माननीय न्हुछे नारायण श्रेष्ठ (नेपाली कांग्रेस)**</u>:- माननीय सभामुख महोदय, आज हामी राजधानी सम्भाब्यता विशेष कार्यदलले बुझाएको प्रतिवेदनको छलफलमा छौं। यो प्रतिवेदन करीब १८ महिना अगाडी हाउसमा कार्यदलले पेश गरेको रहेछ। तर यो १८ महिनासम्म यो छलफलमा नआउनुमा यो प्रदेश सभा हामी कत्तिको जिम्मेवारी रहेछौं र प्रदेश सभाको नेतृत्व गर्नेहरु कत्तिको ईमानान्दार रहेछौं भन्ने ति बाट एउटा प्रश्न उब्जिएको छ। मलाई लाग्छ यो सम्भाब्यता अध्ययन कार्यदलनै गठन प्रक्रियानै गलत छ।

किनभने संविधानले तोकिएको जुन संविधानको धारा २८८ को उपधारा २ मा यो उपलब्ध प्रदेश सभा साँसदहरुले माननीयहरुको माध्यमबाट दुई तिहाईको बहुमतबाट जुन प्रदेशको राजधानी र स्थायी नामाकरण गर्न सकिन्छ भनिसकेपछि यसको सम्भाब्यता अध्ययन कत्तिको उचित छ कतिको उचित छैन भन्ने कुरा हामीले फेरि यो सम्भाब्यता अध्ययनलाई यो प्रतिवेदनलाई कुर्नुको अर्थ के हो। यो सचिवालयको निर्णय नभईकन यो के छलफलमा ल्याउन नहुने थियो र ? यो भन्दा ६ महिना अगाडी पहिलो अधिवेशनमा ल्याएको भए के हुन्थियो ? यो असारको २६ गते टेबल भईसकेको यो प्रतिवेदनलाई अहिलेसम्म १८ महिना सम्म अन्यौलमा पार्नु हामी सबैलाई अन्यौलमा पारिएको म यो कुरा बुझ्छु।

अर्को कुरो यो सम्भाब्य अध्ययन कार्यदलले जुन हामीले सोचेको हामीले भनेको त यो सम्भाब्यता अध्ययन कार्यदलले एउटा मात्रै नाम दिएको भए यो विवाद हुदैंनथ्यो तर यो ५ वटा नाम सिफारिस गरेर यसमा पनि हामीलाई अलमल्याएको जस्तो देखिन्छ। किनभन्दा यसले सम्भाब्यता अध्ययन सबै भौगोलिक हिसाबमा अध्ययन गरिसकेपछि सबैभन्दा उत्तममा नभनिकन कुन चैं उत्तम भनेर हामीले यहाँ छुट्याउनै नसक्ने र अक्षरको यो वर्णनुक्रम अनुसार क आको भएर पो काभ्रे १ नम्बर भएको रे। हामीले यो प्रतिवेदन राम्रो बुझदै नबुझिकन काभ्रे यो १ नम्बरमा राखेको भएर काभ्रेनै हुन्छ होला भनेर हामी सबैले सोचेको।

किन काभ्रे हुनुपर्छ भन्दा भौगोलिक हिसाबमा हरेक हिसाबमा र ६०% झण्डै झण्डै ७०-८०% जनतालाई पायक पर्ने हिसाबमा काभ्रे उचित हो भन्ने सबै माननीयहरुलाई थाहा भाको हुनाले पक्कै काभ्रे जान्छ होला भन्ने चैं हामीले सोचेका थियौं। २ वर्ष अगाडी यो ठाँउमा आउदौ गर्दा त्यो बेलाको सरकारको म्यान्डेटनै अस्थायी राजधानी तोक्ने मात्रै थियो। त्यो यदि संविधानमै ब्यवस्था भएर यहि सरकारले स्थायी राजधानी तोक्ने छ भनेको भए त्यहि बेलामानै स्थायी भएर आउँथ्यो होला तर त्यो बेलाको प्रधानमन्त्री शेरबहादुर देउवा, नाउँ किटेर भन्नु पर्छ।

त्यो बेलाको प्रधानमन्त्री भनेको संस्थापक अथवा हाम्रो अहिलेको पार्टीको सभापति नभएपनि त्यो तत्कालिन प्रधानमन्त्रीले यो ठाँउमा तोकेर पठाउदैं गर्दा हामीले त्योबेला धेरै यहाँका साथीहरुले स्वागत गर्यो। अहिलेका सत्तापक्षका साथीहरुलाई पनि भन्यौं ल तोकिसक्यो यसलाई स्थायी गरौं न त भनेर धेरै चोटि हामीले अनुनय विनय गर्दापनि हामीले होईन हुदैंन यो काँग्रेसले तोकेको ठाँउमा हामी कहाँ यहाँ राख्छौं भनेर एकदम हाम्रो ठाँउठाँउमा चिया गफमा पनि वहाँहरुले मान्नुहुने थिएन। लानुपर्छ यो, हामीलाई पनि पायक पर्दैन भन्ने हिसाबले वहाँहरु लाग्नु भाथ्यो।

मैले त पक्कै काभ्रे लैजान्छन् होला भन्ने चैं सोच्या थिए। मेरो लागि म १३ वटा जिल्लाको प्रतिनिधित्व गरेर म भोट खाएर म यो ठाँउमा प्रतिनिधित्व गर्दै गर्दा मेरो पनि एउटा जवाफदेहिता हुन्छ। मलाई हेटौंडा आउन जान त मलाई एकदम रमाईलो

भईराछ्, आजै पनि म साढें ६ बजे घरबाट हिडेको साँढे ९ बजे म हेटौंडा पुगिसकेको थिएँ। त्यति असहज हाम्रो लागि होईन, तैपनि सबै जनताहरुलाई पायक पर्ने हामीले जनतालाई सोध्यै गर्दा किन त्यो ठाँउमा लगेको भनेर भन्दै गर्दा मैले पनि भन्थे म एक्लोले केहि पनि गर्दैन, हाम्रो नेकपाको साथीहरु दुई तिहाईको हुनुहुन्छ, वहाँहरुले जहाँ भन्यो त्यहिँ हुन्छ, हामी ति जाने हो।हाम्ले लगेको ठाँउमा वहाँहरु जानुभयो भने अझ वहाँहरुलाई पनि हामी स्वागत गरौंला र समर्थन गरौंला।

भएन भने वहाँहरुले बसैलाई पायक पर्ने ठाँउमा लानुभयो भने हामी त्यसमा मन्जुर गर्छौं भन्ने मैले भन्दै आएको छु। तर यो अहिले म भन्दै गर्दा यो सम्भाब्यता अध्ययन कार्यदलले बुझाएको प्रतिवेदन वहाँहरुले धेरै दुख गर्नुभएको छ। धेरै साथीहरु त्यसमा लाग्नु भएको थियो। पक्कैपनि वहाँहरुले निष्पक्ष रुपमा एउटालाई मात्रै गर्नुभको धेरै राम्रो हुन्छ भन्ने मैले वहाँलाई सुझावको रुपमा लिई र अर्को मैले भन्नै पर्ने मेरो जिम्मेवारी पनि कुरा हो जवाफदेहिताको पनि कुरा हो.

मैले लेखा समितिको सभापति भएको कारणले गर्दाखेरी यो कार्यदलले खर्च गर्दै गर्दा यसको पनि एउटा प्रभावकारीता र एउटा हामी जेपनि एउटा उसमा विश्वास गर्ने भएको हुनाले यसको खर्चपनि यसमा साथसाथै यो कार्यदलले कति खर्च भो त यो कार्यदलको निष्कर्षले औचित्य के हो यो हामीले त्यत्रो गरिसकेपछि यो खर्च पनि साथसाथै कति खर्च भएको भनेर चाँहि यो कार्यदलको प्रतिवेदन साथसाथै आउनु पर्छ भन्ने माग राख्दै यो रातो बत्ती बलेको हुनाले म दुई शब्द यहि टुङ्ग्याउदै सबै साथीहरुलाई हाम्रो माग भनेको स्थायी राजधानी हो।

स्थायी राजधानी तोक्नलाई हाम्रो तपाईहरुलाई सबै सल्लाह गरेर सबैलाई पायक पर्ने हिसाबमा र सेन्टरलाईजको हिसाबमा सबैलाई यो वैज्ञानिक हिसाबमा जहाँ जे भन्छ त्यसैमा हामी मन्जुर गर्दछौं भन्ने भनाई राख्दै बिदा हुन्छु। हवस् धन्यवाद, जय नेपाल।

**<u>माननीय सभामुख</u>:-** अब म माननीय निमा लामालाई अनुमति दिन्छु, समय ५ मिनेट।

**माननीय निमा लामा (नेपाली कांग्रेस)**:- माननीय सभामुख महोदय, नेपालको संविधान २०७२ को यो प्रारम्भमै उल्लेख भए बमोजिम नेपाल एक बहुजातिय, बहुभाषिक, बहुधार्मिक र बहुसाँस्कृतिक राष्ट्र हो भन्ने कुरा हामीले संविधानमै ग्यारेण्टी गरिसकेको अवस्था हो र हामीलाई पूर्ण विश्वास पनि छ त्यो संविधान, संविधान भनेर डेकोरेसन गरेर राख्नको लागि मात्रै होइन त्यो संविधान अक्षरश कार्यान्वयन हुन्छ भन्ने कुरामा हामी विश्वस्त छौं र हामीले यो बहु भाषिय बहुजातीय बहुधार्मिक र बहुसाँस्कृतिक मुलुक भएको देशमा धेरै जातजातीका आदिवासी जनजाती देखी लिएर धेरै समुदायका यहाँ बसोवास गर्ने गर्दछ र ति आदिवासी जनजातीहरु सबैले आआफ्नै राष्ट्रिय चाडहरु जस्लाई सबै जातजातीले मनाउदैं आएको चाडहरुलाई राष्ट्रिय भनेर जुन संविधानमै उल्लेख गरेको थियो।

तर त्यो संविधानमा लेखिए बमोजिम कार्यान्वयनमा केहि छलकपट भयो कि भन्ने हामीलाई महसुस भएको छ। जस्तै दुई हप्ता अगाडी तमु गुरुङहरुको ल्होसार थियो। अब ल्होसार आएपछि अनि ठ्याक्कै एक हप्ता अगाडी तमु गुरुङहरु गएर सम्बन्धित निकायमा हामीलाई बिदा चाहियो भनेर जुलुस गर्नु पर्ने ज्ञापन पत्र बुझाउनु पर्ने। अब दुई हप्ता पछाडी सोनाम ल्होछार आउदैं छ त्यहाँ पनि त्यहि अवस्था होला, त्यसो भएको हुनाले सभामुख ज्यू मार्फत म सरकारको ध्यानाकर्षण गराउन चाहान्छु।

अब म यो आजको विषय प्रदेश नम्बर ३ को यो राजधानी स्थायी राजधानी सम्भाब्यता अध्ययन विशेष प्रतिवेदन माथि म छलफल गर्न अनुमति चाहान्छु। र म यो प्रतिवेदन यो विशेष समितिलाई धन्यवाद दिन पनि चाहान्छु। तपाईहरुले यो ५ वटा जिल्लामा गएर जुन अध्ययनको रिपोर्ट पेश गर्नुभएको छ त्यो रिपोर्ट झण्डै एक वर्षसम्म दराजमा थन्किन पुग्यो र त्यसलाई धेरै समयसम्म नथन्काउनको लागि हामीले विपक्षी दलले प्रमुख प्रतिपक्षी दलले यो सदनमा बारम्बार एउटै चिजको लागि संसद अवरुद्ध गरेको थियो भने हामीले हाम्रो पार्टीको कुनै अर्को लागि नभईकन यो प्रदेशको स्थायी राजधानी र नामाकरण तोक्नको लागि हामीले बारम्बार यहि सदनमा सदन अवरुध्ददेखी लिएर धेरै हामीहरुले आवाजहरु बुलन्द गरयौ।

त्यसैको प्रतिफल हुनुपर्छ एकवर्ष पछाडी आज यो प्रदेशको राजधानीको विषयमा छलफल गरिरहेका छौं। र छलफलमा ल्याउदा पनि यो प्रतिवेदन एक वर्ष भईसकेको हुनाले होला अलिकति यो ढुसी परेर आयो कि जस्तो लाग्छ। अलिकति यो त्यसमै हिजो पाँच वटा जिल्लामा जुन जुन माननीयहरुले जुन यो हाम्रो जिल्लामा पनि राजधानी राख्नु पर्यो भनेर जुन निवेदन दिनेहरुले पनि अहिले आएर त्यो बिर्सिसकेको हो कि जस्तो मलाई महसुस भयो हिजोको छलफलहरुको उसमा हेर्दा खेरी र म सिन्धुपाल्चोक जिल्लाबाट प्रतिनिधि गर्छु म सिन्धुपाल्चोक जादैं गर्दा खेरी सबै त्यहाँको जनप्रतिनिधिहरु देखि लिएर त्यहाँको स्थानीय सबैले माननीय ज्यू अरु धेरै हामी आश गर्दैनौं सबभन्दा पहिले स्थायी राजधानी र प्रदेशको नामाकरण टुङ्गाईदिनुस् भनेर बारम्बार अनुरोध गर्नुहुन्छ।

सायद त्यसैको प्रतिफल हो हामीले सदनमा बारम्बार हामीले त्यसको आवाजहरु बुलन्द गर्यौं र आज यो छलफलमा आएको छ। सभामुख महोदय, यो अनुसुचिहरुमा हामीले केलाउदै गर्दाखेरी सबै अनुसुचीहरुले के भन्छ भने सबै केलाउदै गर्दाखेरी यो प्रदेश नम्बर ३ को स्थायी राजधानीको लागि सबभन्दा उत्तम स्थल काभ्रे नै भनेर वहाँहरुले डाईरेक्टली नभनेपनि अनुसुचीहरुमा वहाँहरुको रिपोर्टले त्यहि बताउछँ। त्यसो भएको हुनाले म यहाँ के पनि अनुरोध गर्न चाहान्छु भने संघीयताको मुल मर्म भनेकै पहिचान हो र यो प्रदेश नम्बर ३ को सेन्टिमेन्ट पनि त्यतै तिर बगेको हुनाले भोलि प्रदेशको नामाकरणहरु गर्दाखेरी पनि पहिचानलाई पनि आधार मानेर अगाडी बढ्नको लागि म अनुरोध पनि गर्न चाहान्छु।

र यहाँ धेरै हिजो धेरै माननीय ज्यूहरुलले धेरै कुराहरु राख्नु भएको छ र नारायण गोपालको गित गाएर पनि वहाँहरुले मुटु माथि ढुङ्गा राखेर हाँस्नु पर्या छ भन्नु भाको छ म त के अनुरोध गर्न चाहान्छु भने मुटु माथि ढुङ्गा राखेर हाँस्नु पर्दैन छातीमा हात राखेर सर्ब नागरिकको चाहाना बमोजिम निर्णयमा पुग्नको लागि म अनुरोध पनि गर्दछु र अन्तमा यो सन् २०२० भ्रमण वर्ष पनि भएको हुनाले म पनि एउटा गित गाउन चाहान्छु घुम्न जाँउ घुम्न जाँउ घुम्न धुलिखेल भन्दै म मेरो भनाई यहि टुङ्ग्याउछु। धन्यवाद, जय नेपाल।

**माननीय सभामुख** :- अब म माननीय राजेन्द्रमान श्रेष्ठलाई अनुमति दिन्छु, समय ५ मिनेट।

**माननीय डा.राजेन्द्रमान श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))**:- सभामुख महोदय, हाम्रो प्रदेश नम्बर ३ को राजधानीबारे मलाई लागेको कुराहरु राख्दै छु। झण्डै २ वर्ष पछि यस विषयमा छलफल गर्दै छु। सर्वप्रथम सभामुख ज्यूलाई धन्यवाद दिन चाहान्छु, संविधानमा उल्लेखित प्रदेश सभा सदस्यको मताधिकार प्रयोग गर्ने एउटैमात्रै यो विषय हो।

त्यसैले यस विषयमा आम नागरिक देखी राष्ट्र प्रमुख, देश र विदेशमा समेत ध्यानआकर्षण भईरहेको होला। प्रदेशको सरकार, प्रदेशको प्रमुख कार्यालय रहने ठाँउ चयनमा आफ्नै ठाँउमा राख्न प्रयत्न हुनुपनि स्वभाविक हो। तर राजधानीको दैनिक आवश्यकता, राजनैतिक महत्व, दिर्घकालिन प्रभाव, आगामी दिनमा उत्पन्न हुन सक्ने सम्भावित समस्याहरु र समाधानका उपायहरुबारे मसिनो ढङ्गले ब्यापक छलफल गरेर मात्र टुङ्ग्याउनु पर्दछ। हामीले डेढ वर्ष पछि विभिन्न बहानामा मात्र यहाँ छलफल गरिरहेका छौं। एउटा प्रसव वेदना प्राकृतिक र सहज ढङ्गको हुनु पर्दछ।

प्राकृतिक हुन नसक्दा मात्रै वैकल्पिक रुपमा हामी शल्यक्रियामा पनि जानुपर्ने हुन्छ। राजधानी सम्भाब्यता अध्ययन समितिलाई पनि धन्यवाद छ। हामी सबैलाई यस विषयमा भोक जगाई दिएको छ। प्रतिवेदन पाएको लगत्तै सभामुख ज्यूलाई खबर गरेर प्राप्त प्रतिवेदनमा कसैको सहि न छाप छ भनेर भनेको थिएँ। हिजो प्रदेश सभा सचिवालय बैठकमा केहि फेरि थप छ कि भनेर बुझ्ने क्रममा पानै पिच्छे सहि भएको मैले पाएँ, म सँग दुईटा प्रतिवेदन छ।

डेढ वर्ष अगाडी दिएकोमा कुनै छाप, सहि थिएन। हिजो फेरि अर्कोमा मैले सहि भएको पाएँ यो मैले सभामुख ज्यूलाई तत्काले सुचना पनि गरेको थिएँ। समितिको प्रतिवेदन एकमतका साथ पेश भएको छ। प्रदेश राजधानीबारे विभाजित नभई केहि प्रकाश पारेको छ तर प्रतिवेदनले दिशावोध गर्ने, सम्भावित समस्याहरु र उपायहरुबारे

बोलेको छैन। राजधानीको विषय साध्य हुन सक्दैन यो त साधनमात्र हो। ठाँउ प्रधान होईन यो परिवर्तनशिल हो।

यो संघीयताको घाडौं हुन सक्दैन, यो जातौं बनाईनु पर्दछ।। प्रदेश विकासको प्रशासनिक साझा यन्त्र बनाईनु पर्दछ। आम प्रदेशवासीलाई सुविधा हुने गरि, पायक पर्ने गरि, सहज पहुँच पुग्ने र प्रभावकारी सेवा प्रवाहको केन्द्र बनाईनु पर्दछ। हाम्रो मानव शरीरको सबै अगंहरु उत्तिकै महत्वपूर्ण हुदाँ हुदैं पनि दिमाग अथवा स्नायु प्रणालीको सर्वोपरिता हुन्छ। त्यसैले राजधानी सिँगो प्रदेशको नियमनकारी निकाय र एकताको प्रतिकको रुपमा झल्किनु पर्दछ। यसको लागि दलगत र क्षेत्रगत स्वार्थ भन्दा माथि उठेर राजनितिक सहमति गर्न आजको आवश्यकता हो।

सभामुख महोदय, संघीय राजधानीमा प्रदेश राजधानी पनि खप्टाईनु बुद्धिमानी होईन, संघीयताको मूल मर्म र नयाँ ब्यवस्था प्रदेशलाई हलुङ्गो ढङ्गले लिने भुल गर्नु हुदैंन। काठमाण्डौ उपत्यकालाई ऐतिहासिक र साँस्कृतिक धरोहरको रुपमा जिवित राख्नु पर्दछ। प्रादेशिक मर्म स्थापित गर्न राजधानी काभ्रे चैं गरौं। कथमकदाचित काभ्रे उपयुक्त नलागे अहम् भाव त्यागेर मकवानपुरको फाखेलमा नयाँ शिराबाट सुरु गर्न आजैबाट बहस र छलफल सुरु गरौं।

फाखेल पनि उपयुक्त नभए प्रदेश सभाका अभयहरु, प्रदेश सरकारका अभयहरु मिलिजुली बाडँफाँड गरौं। काभ्रेमा कार्यपालिका, ललितपुरमा ब्यवस्थापिका र मकवानपुरमा न्यायपालिका राख्ने गरि शक्तिकेन्द्रहरु विन्यास गरौं। यसअर्थ हतारो नगरौं, चुपो लागेर पनि नबसौं। यसको लागि ब्यापक बहस, छलफल र अध्ययन गरि छिटै निर्णयमा पुगौं, धन्यवाद।

**<u>माननीय सभामुख</u>:-** अब म माननीय मिलनबाबु श्रेष्ठलाई अनुमति दिन्छु, समय ५ मिनेट।

**<u>माननीय मिलनबाबु श्रेष्ठ (नेपाली कांग्रेस)</u>:-** सभामुख महोदय, सभामुख महोदय मार्फत यो हलमा केहि कुरा राख्न चाहान्छु। यो राजधानी र प्रदेशको नामाकरण

सम्बन्धमा दिईएका प्रतिवेदन माथिको छलफलमा म केहि कुरा राख्न गईरहेको छु। सर्वप्रथम त मलाई सभामुखज्यू लाई एउटा कुरा राख्न मन लाग्यो।

कि वर्तमान यो अहिलेको हाम्रो प्रदेश नम्बर ३ सरकारले हामी यो समानुपातिको सांसद, यहाँ भन्न मिल्ने कि नमिल्ने। संविधानले दिएका सांसदहरु एकै प्रकार, निर्वाच प्रक्रिया दुई प्रकार होला। तर समानुपातिक र निर्वाचित सरकार भनेर हामीले यो सांसद विकास कोषको कुरामा पनि हामी दुई श्रेणीका सांसदहरु पो रहेछ। तर आवश्यकता त संविधानले दिएको बराबर रैछ कि हामी नामाकरण र राजधानीको तय गर्न जाँदा चैं सबै साँसद ज्यूहरु सँग सबै सांसदज्यूहरुको राय त राख्नुपर्ने त यो प्रावधान रहेछ।

यसले गर्दाखेरी संविधानको धाराले दिएको अधिकार प्रत्योजन गर्दा खेरी प्रयोग गर्दाखेरी हामीहरु सब एक समान सांसदहरुको नाताले यो प्रयोग गर्नुपर्दा हामीले भोलिका दिनमा पनि त्यो सोच गर्नु पर्ने र कार्यविधिमा पनि त्यहि परिवर्तित भएर आउनुपर्ने आवश्यकता छ र हामीहरुले धेरै कुरा गयौं राम्रा गरेका कामहरुलाई अब यो नामाकण र राजधानीका कुरा गर्दाखेरी राम्रा गरेका कुरालाई चैं हामीले राम्रा भन्न सक्नु पर्यो। कि पुर्व प्रधानमन्त्रीको कार्यकाल, शेरबहादुर देउवाको कार्यकालमा तत्कालिन माओवादीका पनि सरकार थिए, राप्रपाका पनि सरकार हुन्थ्यो।

संयुक्त सरकारले यो राजधानी, सातै प्रदेशको राजधानीको तय अस्थायी जुन संविधानले दिएको प्रदेशको प्रदेश सभाले गर्ने अधिकार भएको कारणले गर्दा मात्रै यो बाध्यता भयो त्यो बेला अस्थायी मुकाम भयो। तथापि म त एउटा ब्यक्तिगत रुपमा भन्नु पर्दा मैले चितवनको प्रतिनिधित्व गर्दाखेरी यो सबैकुराले उपत्यका भन्दा बाहिर सबै मात्रमा चितवननै उपयुक्त हो कि मलाई लागिरहेको छ। कि सबै दृष्टिकोणले हेर्दा खेरी चितवन उपयुक्त हो भन्ने कुरामा तपाई हामी सबैले त्यो कुरामा नलुकाईकन भन्नु पर्ने आवश्यकता छ र समावेशिका कुरा गर्दा पनि चितवनलाई पनि उपयुक्त छ र उपयुक्तता र त्यसलाई भौगोलिक हिसाबले हेर्दा पनि चितवन उपयुक्त हो भन्ने कुरामा दुई मत नहोला जस्तो लागिरहेको छ।

हामीले भोलिका दिनका कुरा गर्दा पनि हामीले सोच्नु पर्ने हुन्छ, राम्रा गरेका कुरालाई सबैले राम्रो गरेर सिक्नुपर्ने हुन्छ। ताकि अहिले मकवानपुर नै राजधानी राख्नुपर्ने कुरालाई आवश्यकता हो भने र मकवानपुर नै हो भन्ने कुरामा गर्दाखेरी त हिजो गरेका तत्कालिन सरकारले गरेका कुरालाई सबैले राम्रा गरेका कुरालाई त राम्रो हो भन्न सक्नुपर्ने यसमा सरकार पक्ष या प्रतिपक्ष नभनिकन सबैले समर्थन गर्नुपर्ने आवश्यकता पनि छ र तथापि हामीले यो सोच गर्दा खेरी मलाई के लाग्छ भने सबै कुराको मध्यनजर गरेर हामीहरुले यो राजधानीको कुरा गर्दाखेरी हाल सातै प्रदेशमा सभामुख महोदय हामीहरु भनौं, हेरौं कि अहिले भएका वर्तमान सरकारले संघीय सरकाले गरेका कुराहरुमा हामीहरु सबै आदेशको पालन नगरिकन आफु प्रदेश सभाको सचिवालयमा छलफलका साथ हामी अगाडी बढ्न सक्नुपर्ने आवश्यकता छन्।

यिनै कुराहरुलाई धेरै कुराको आवश्यकता पनि छन्। तथापि हामीहरुले हिजो ७ नम्बर प्रदेशमा कुरा गर्दैजादाँ यो पनि कुरा आउला ७ नम्बर प्रदेशमा मलाई लाग्छ ७-८ किलोमिटरको डिस्टेन्समा प्रदेश सभाले दुई तिहाई बहुमतले पास गरेर त्यसलाई सार्न सफल भयो कि भएन ति कुराहरुपनि छन्। र ति कुराहरु गर्दै जादाँ अहिलेको परिस्थितिमा हामीहरुले यो प्रदेशलाई नामाकरण गर्ने कुरामा म त भन्छु यो बागमतीको मात्रै कुरा होईन म त भनौ म चितवनको नाताले नारायणीको पनि नाम राखौं।

अर्को छ भने अर्को पनि राखौं तथापि यो दुई वर्ष पछि आएर पनि अब पनि यसलाई लम्बिने बाटो नगरिकन यसलाई छिटो छिटो एउटा संवैधानीक प्रक्रिया अनुसार अगाडी बढाउ र एउटा राजधानीको नामाकरण र प्रदेशको नामाकरण, राजधानीको तय गर्न जाऔं भन्ने कुरामा म अनुरोध गर्छु सभामुख महोदय र गरेको कुराहरुलाई हामीहरुले सिक्न पर्यो र नाम बङ्गाएर र हाम्रा आदरणीय अग्रजहरुलाई नाम बङ्गाएर यो शेरबहादुर, बाघबहादुर या के बहादुर यि भन्ने, यि शब्दहरुलाई पनि हामीले आफ्नो स्तर अनुसार यो बोल्न उचित होईन जस्तो मलाई लाग्छ। यिनै कुराहरु राख्दै म बिदा हुन चाहान्छु। हवस् त धन्यवाद, जय नेपाल।

**<u>माननीय सभामुख</u>:-** अब म माननीय लालकुमारी पुनलाई अनुमति दिन्छु, समय ५ मिनेट।

**<u>माननीय लालकुमारी पुन (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** सभामुख महोदय, माननीय सभामुखको अनुमतिले निकै लामो पछिको हाम्रो पाँचौ अधिवेशनको यो समयमा हामी एकदमै पेचिलो विषयमा छलफल गरिराख्या छौं। जनतालाई सार्वभौम अधिकार दिनको लागि आज हामी सम्पूर्ण माननीय ज्यूहरु अग्नी परीक्षाको दौरानमा अगाडी बढीरहेका छौं।

मलाई लाग्छ आज राजधानीको नामाकरण गर्दै गर्दा आज प्रतिवेदन प्रस्तुत गर्नुहुने माननीय रामेश्वर फुँयाल लगायत सम्पूर्ण माननीय ज्यूहरुलाई आभार ब्यक्त गर्न चाहान्छु। वहाँले निकै मिहेनत, धेरै अध्ययन गरेर आफ्नो प्रतिवेदन प्रस्तु गर्नु भएको छ मलाई लाग्छ वहाँहरुले आफ्नो त्यो समितिले पाएका अधिकारहरु प्रयोग गरेर नै आज दुई महिना अगाडी यो प्रतिवेदन हाम्रो यो हलमा आईपुग्न सफल भएको छ। आज हामी संविधानको कुरा गर्दै गर्दा, पहिचानको कुरा गर्दै गर्दा हामी कसै अनभिज्ञ छैनौं। नेपालमा लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको छ।

हामी जनतालाई सामाजिक न्याय दिन चाहान्छौं, हामी सम्पूर्ण नेपालीलाई सार्वभौमिक अधिकार सम्पन्न बनाउछौं भन्दै गर्दा आज हामीले कता कता आफ्नो अधिकार पनि प्रयोग गर्ने हिचकिचाहोकि भन्ने आभाष आईरहेको छ। म माननीय ज्यूहरुलाई आग्रह गर्न चाहान्छु, हामी आज संघीयताको पहिलो अभ्यासको पहिलो माननीय भएर माननीय सदस्य भएर आज हामी विभिन्न विधान प्रतिवेदन र कानूनहरु बनाउदै छौं। हामीले बनाएका कानूनहरु, हामीले बनाएका विधेयकहरु अहिले मात्रै नभएर दिर्घकालिन रुपमा पुस्तौ पुस्तासम्म लिपिवद्ध भएर बस्ने भएको कारणले गर्दा हाम्रा निर्णयहरु पनि दुरदर्शि र पछि सम्म स्थायीत्व र सबैलाई न्याय दिने खालका हाम्रा निर्णयहरु बनोस्, म यो आग्रह गर्न पनि चाहान्छु।

हामी संघीयताको पहिले सांसद हुदैं गर्दा हाम्ले बसालेका थिति र विधिहरु पनि कति राम्रा छन् र कति हामी सहि निर्णय गर्न सकिरहेका छौं भन्ने कुरा हामी सबैले हेक्का

राखौं त्यसैले म भन्न चाहान्छु आज संघीयता त्यतिकै आएको होईन। ति नेपाली आमाका सिन्दुरहरु पुछिएका छन्, ति नेपाली आमाबुबाका काख रित्तिएका छन्, सयौं नेपालीहरुको रगत बगेको छ, सयौं जनताहरु बेपत्ता भएका छन्, अगंभंग भएका छन्। आज सयौं चेलीहरु सामुहिक बलात्कार गरेर विस्थापित भएर जिउदैं आखा निकालेर, जिउदैं जलाएको ईतिहासले संघीयता आएको हो।

त्यसैले हामी एउटा निर्वाचन क्षेत्रलाई मात्रै केन्द्रित भएर होईन कि ६६ निर्वाचन र ६० लाख जनसंख्यालाई हामीले केन्द्रविन्दु राखेर पायक पर्ने ठाँउमा र हामी संघीयताको सहि कार्यान्वयन गरौं म यो आग्रह गर्दै सबै माननीय ज्यूहरुले आफ्ना आफ्ना सहि विवेक र सहि निर्णयको हामीले अधिकार प्रयोग गरौं त्यो आब्हान गर्न चाहान्छु र देश आज पहिचानको मुद्धा लिगेर अगाडी बढेको छ, म पहिचानको बुदाँमा पछि बोल्ने छु।

आज नामाकरणमा बोल्दै गर्दा हामीले रसुवाको जनता र रामेछापको जनता दोलखाका जनताहरुलाई पनि हामीले हेरेर र राजधानीलाई हामीले विवेकपूर्ण ढङ्गले आफुलाई आफ्नो विवेक पुर्याउँ भन्ने आग्रह गर्दै बिदा हुन्छु, हवस् त धन्यवाद। झोर्ले जदौ।

<u>माननीय सभामुख</u>:- अब म माननीय हिमाली गोलेलाई अनुमति दिन्छु, समय ५ मिनेट।

<u>माननीय हिमाली गोले (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u> :- माननीय सभामुख महोदय, सभामुखको अनुमतिले म आफ्नो केहि कुराहरु यहाँ राख्ने अनुमति माग्दछु अथवा लिदैं छु। यस ऐतिहासिक र चुनौतिपूर्ण घडीलाई सामना गर्नका लागि हामी यस जनताको कठघराबाट जनतालाई सार्वभौम अधिकार सुनिश्चित गर्नका लागि हिजोदेखि जुटिरहेका छौं र प्रदेश राजधानी सम्भाब्यता अध्ययन विशेष समितिको संयोजक माननीय दिपक निरौला लगायत सम्पूर्ण टिमलाई हार्दिक आभार एवम् कतज्ञता ब्यक्त गर्न चाहान्छु।

धारा २८८ को उपधारा २ मा उल्लेख भएअनुसार यस संविधान बमोजिमका प्रदेशको राजधानी सम्भावित प्रदेश सभामा तत्काल कायम रहेका सदस्य संख्याको दुई

तिहाई बहुमतबाट निर्णय भए बमोजिम हुनेछ भनिएको छ। तसर्थ संवैधानीक र सार्वभौम अधिकारलाई कन्जुस्याँई गर्नु हुदैन भन्ने हो। सभामुख महोदय, हिजो देखि आजसम्म यो राजधानीकै बारेमा हामीले छलफल बहस र आ आफ्नो तर्क भनाईहरु राख्दै यहाँसम्म दुई दिन बिति पनि सकेको छ।

म पनि के भन्छु भने यो ३ नम्बर प्रदेशको कर्णाली प्रदेश दोलखा जिल्लाबाट मात्र प्रतिनिधित्व नभएर हामी ३ नम्बर प्रदेशको प्रतिनिधित्व गर्दै आउने ब्यक्ति हौं तर पनि म दोलखा जिल्लाबाटै प्रतिनिधित्व भएको कारणले गर्दाखेरी यहाँ सभामुख मार्फत म प्रदेश सरकारलाई म के भन्न चाहान्छु भनेदेखी यो राजधानी दोलखाको लप्चिलेकबाट दोलखाको सदरमुकाम आउनको निमित्त त्यहाँको जनसमुदायहरु एक हप्ता लाग्छ, त्यसैगरेर काम सम्पन्न गरेर फर्किदा खेरी त्यहिँबाट चैं झण्डै एक महिना लाग्छ भने यो हेटौंडामा आउन कति उपयुक्त हुनेछ र कति वस्तुवादी, कति सहि हुनेछ भन्ने लाग्छ।

मलाई जहासम्म लाग्छ त्यहाँको बासिन्दा त्यहाँको जनसमुदायको आवाजहरु बुलन्द गर्नुपर्दा काभ्रे नुवाकोटमै सहि हो भन्ने लाग्छ किनकि त्यहाँ दोलखाको सदरमुकाम आउदाँखेरी त्यति समय लाग्छ भने काठमाण्डौ आउदाँखेरी हामीलाई त्यहाँको जनता हामीलाई आईपुग्नलाई १२ घण्टा लाग्छ अहिले बाटोको कारणले गर्दा खेरी यहाँ आईपुग्न कति लाग्छ होला तपाईहरु आफैं सोच्नुस् प्रश्न चिन्ह खडा छ यसमा। त्यो भएको हुदाँखेरी मलाई हरेक हिसाबले हरेक तवरले चैं काभ्रे ठिक हो भन्ने लाग्छ किनकी सबै दोलखा भनौं, सिन्धुपाल्चोक भनौं, रामेछाप भनौ नुवाकोट भनौं रसुवा भनौं यि सबै सबै जिल्लाई पायक पर्ने त्यहाँ हुन्छ जस्तो लाग्छ। किनभने हामी यतिखेर संघीयताको नाराहरु घन्काईरहेका छौं।

संघीयताको नारामा हामी केन्द्रित छौं त्यसो भएको हुनाले म चाँहि भन्छु यहाँ भन्दा त्यहि नै ठिक हो भन्ने लाग्छ किनकि हिजो सम्भाब्यता अध्ययन गर्ने समितिले पनि त्यहाँ वर्णानुक्रम अनुसार एक नम्बरमा राखेको कारणले गर्दा सबै हिसाबले त्यँहि ठिक हो भन्ने लाग्छ र यि भनाईहरु राख्दै आफ्नो छोटो सानो भनाई यहि अन्त गर्छु। हवस् त धन्यवाद, अभिवादन।

**<u>माननीय सभामुख</u>ः-** माननीय सदस्यहरु, प्रतिवेदन माथिको आजको छलफल स्थगित हुन्छ। बोल्न बाँकि माननीय सदस्यहरुले आफ्नो धारणा भोलि राख्नुहुनेछ।

माननीय सदस्यहरु, अब अर्को बैठक मिति २०७६ साल पौष २५ गते शुक्रबार दिनको ३:०० बजे बस्ने गरि यो बैठक स्थगित हुन्छ।

**(तदनन्तर बैठक २०७६ साल पुस २५ गते शुक्रवार दिनको ३:०० बजेसम्मका लागि स्थगित भयो।)**

**अन्त्य - दिनको ५:०० बजे।**

# प्रदेश सभा
# प्रदेश नं ३
# पाँचौ अधिवेशन
# कारवाहीको सम्पूर्ण विवरण

२५ पुस, २०७६

शुक्रबार

(बैठक संख्या - ४)

**प्रदेश सभाको पाँचौ अधिवेशको आजको बैठक माननीय सभामुख श्री सानुकुमार श्रेष्ठको अध्यक्षतामा दिनको ३:०० बजे प्रारम्भ भयो।**

**माननीय सभामुखः-** माननीय सदस्यहरु, प्रदेश सभाको आजको बैठकको कारवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरु, आज शुन्य समय र विशेष समयको कार्यक्रम नरहने व्यहोरा जानकारी गराउँदछु।

माननीय चेतनाथ संजेल ज्युलाई आफ्नो भनाई राख्न अनुरोध गर्दछु।

**माननीय चेतनाथ संजेल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा)):-** माननीय सभामुख ज्यू, ललितपुर जिल्ला निर्वाचन क्षेत्र नं. १ बागमती गाँउपालिका वडा नं. ५ ईपुटोल निवासि शिक्षक राम प्रसाद बजागाँई तथा बागमती गाँउपालिका वडा नं. ५ का वडा

सदस्यपारस बजाँगाईको घरमा बिहिबार २४ गते करेन्ट सट भई आगोलागी हुँदा करिब ५० लाख भन्दा बढीको धनमालको नष्ट भएको छ।

दिँउसो करिब १ बजे तिरबाट सुरु भएको आगोलागीसाँझपख सम्म सबै गाँउलेको सहयोगमा नियन्त्रणमा लिन सफल भएको थियो। आगोलागीबाट दुईवटा घरहरु नष्ट भएको छ। किसानको दुधको पैसा बाड्न लगेको चापागाँउ बैंकबाट निकालेर लगेको ९ लाख ५० हजार रकम जलेर नष्ट भएको छ। घरमा रहेको साढे आठ तोला सुनका गरगहनाहरु जलेर नष्ट भएको छ।

त्यसै घरको माथिल्लो तलामा पालिएका एक हजार कुखुराहरु नष्ट भएको छ। तोरी, मकै, धान, सिमि खाद्यान्नका सामाग्रीहरु नष्ट भएका छन्। शैक्षिक प्रमाणपत्र लगायत महत्वपुर्ण कागजपत्रहरु जलेर नष्ट भएका छन्। सहकारीको खाता लगायत महत्वपुर्ण कागज र सहकारीको दुई लाख पनि उक्त घरमै जलेर नष्ट भएको छ। माथि उल्लेखित रकम नोक्सानी हुँदा गाँउको किसान धेरै ठुलो समस्यामा पर्ने हुँदा परिवारको लागी राहात उपलब्ध गराउनको लागी सभामुख मार्फत प्रदेश सरकारसँग माग गर्दछु। साथै यस दुखद घडिमा धैर्यधारण गर्ने शक्ति सम्पुर्ण परिवारलाई मिलोस र सबै पक्ष सँग सहयोगको लागी अपिल पनि गर्न चाहान्छु। साथै गत साल पनि बागमती गाँउपालिकाको वडा नं. ३ मा गुण कुमारी घिमिरेको घर आगोलागीबाट नष्ट हुँदा मैले त्यतिखेर पनि गाँउपालिकाको रिफारिस सहित आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा बुझाएको थिए। त्यो अहिले सम्म पनि त्यसको निर्णय हुन सकेको छैन र हामिले त्यहाँ राहात उपलब्ध गराउछौ भनेर बचन दिएका थियौ।

र त्यो कुरा अहिले पनि सम्भव हुन सकेको छैन्। त्यसैगरि गत अषाढको अन्तिम साता आएको बर्षातले ललितपुरको दक्षिण पहाडि भेगमा धेरै ठुलो नष्ट भएको थियो। मान्छेहरुका घरबास विहिन भएको, गाँईबस्तुहरुको ठुलो क्षति भएको, कुखुराहरुको क्षति भएको र कतिपय ठाँउमा बसोवास नै नहुने खालको अवस्था भएको थियो। र हामि त्यो ललितपुरबाट त्यतिखेर पनि सबै जनप्रतिनिधीहरु सहित सबै मन्त्रीहरु सहित मुख्यमन्त्री लगायत सबै मन्त्रीहरु समक्ष हामिले यो निवेदन पनि दिएका थियौ र भेटघाटको

कुराकानि पनि भाको थियो। त्यतिखेर ५० लाख पैसा एउटा गाँउपालिकालाई जाने भन्नि कुरा थियो। अहिले सम्म पनि रकम नजादाखेरी विभिन्न त्यहाँका जो बाढी पिडित छन्। त्यहाँका बाढि पिडितहरुले अहिले पनि हामिलाई त्यो रकम खै किन प्रदेश सरकारले हामिलाई सहयोग गरेन् भन्ने खालका प्रश्नहरु उठेका छन्।

यि बिषयहरुलाई गम्भिर रुपमा प्रदेश सरकारको ध्यान जाओस् भन्दै म विदा हुन्छु। धन्यवाद।

**<u>माननीय सभामुख</u>**:- माननीय सदस्यहरु, प्रदेश राजधानी सम्भाव्यता अध्ययन विशेष समितिको प्रतिवेदन माथीको आजको छलफल सुरु हुन्छ।

सर्वप्रथम माननीय सरस्वती बाटिलाई अनुमती दिन्छु। समय ५ मिनेट।

**<u>माननीय सरस्वति बाटि (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>**:- सभामुख महोदय, प्रदेश राजधानी सम्भावित अध्ययन बिषय समितिले प्रस्तुत गरेको समितिको प्रतिवेदन माथिको छलफल सुरु भएको आज अन्तिम दिन। यो अवसरमा मैले यस बारे भन्नु भन्दा सर्वप्रथम यो राम प्रसाद बजाँगाईको जुन यो असामाहिक दुर्घटना आगोलागीबाट मृत्यु हुनुभएको वहाँको यो दयलाई हार्दिक श्रद्धान्जलि व्यक्त गर्न चाहान्छु।

र त्यो दुखद घडिमा उहाँहरु माथि सहानुभुति व्यक्त गर्न चाहान्छु। र वहाँहरुलाई सक्दो रुपमा छिटो राहात पुग्ने व्यवस्था प्रति सरकारले पनि पुर्याउन सकियोस भन्ने गरियोस भन्ने माग गर्न चाहान्छु।

सर्वप्रथम अब यो राजधानी सम्भाव्यता अध्ययन बिषेश समितिविशेष गरिकन यो प्रस्तुत भएको अध्ययन राजधानी कहाँ राख्नु पर्छ भर्ला भनेर जसरी चै दर्ता हुन आएको पाँचवटा जिल्लालाई भित्रको लागी सम्भाव्यता अध्ययनको घेराभित्र राखेर यहाँ छलफलमा ल्याएको छ। बिशेष गरीकन त्सो भएको कारणले गर्दाखेरी यसभित्र रहेको कुराहरु यो समितिले ल्याएको जुन प्रतिवेदन छ। यो ज्यादै मेहेनत गरेर ल्याएको छ।

त्यसकारणले गर्दाखेरी म सभामुख मार्फत र सभामुख सहित यो समितिको सम्पुर्ण माननीय ज्युहरुलाई हार्दिक धन्यवाद दिन चाहान्छु। यसमा धेरै कुराहरु आको छ।

राजधानी वास्तवमै पनि यो महत्वपुर्ण हामिले नामाकरण गर्ने विषयमा यो विगत तीन-चार दिनदेखि हामि यो छलफलमा जुटिरहेका छौं। धेरै कुरा पनि आइसकेको छ। वास्तवमा मलाई लागेको कुरा के छ भन्दाखेरी यो राजधानी हामिले राखिरहदा खेरी तोकिरहदा खेरि राजधानीले सेवा प्रदान गर्न सकिने कुराहरुको बारेका सरल, सुलभ तरिकाले कसरी नागरिकलाई हामि प्रदेश सरकारबाट प्रदान गर्ने कुराहरु पुग्न सक्छ भन्ने कुराहरुमा विशेषगरी ध्यानमा राखेर राजधानी निर्धारण गर्नुपर्छ।

राजधानी चाहे जुनसुकै ठाँउमा रहेको होस्। त्यो राजधानी जुनसुकै ठाँउमा रहदाँ पनि त्यो सेवा सुविधाहरु हामिले उपलब्ध गराउन सक्ने सहजता प्राप्त दिलाउन सक्ने अवस्था रहन गयो भने राजधानी जुनसुकै ठाँउमा तोक्दा पनि फरक नपर्न सक्छ। तर पाँचवटा जिल्लालाई अध्ययनको केन्द्र बनाएको छ। मलाई त्यस्तो लाग्दैन्। पाँचैवटा जिल्ला पनि सक्षम छ। पाँचैवटा जिल्ला पनि राम्रो हुन्छ।

अथवा भन्ने कुरा लाग्दैन किन भन्दा खेरी नेपालीहरु कतारको त्यस्तो ५० डिग्रिको तापक्रममा पनि बसेर गगन चुम्नि भवनहरु निर्माण गरेर उनिहरुले त्यहाँका नागरिकहरुलाई यस्तो सम्म पनि सुविधा दिएको छ कि त्यहँको मानव सुचकङरुधेरै माथि सम्म पुगेको अवस्थाहरुमा योगदान दिएर आउने नेपालीहरुको यो प्रदेश ३ नं. ले पनि त्यस्तो खालको प्रदेश चाहे त्यो पहाडै एउटा मैदान बनाएर त्यो ठाँउमा नागरिकहरुलाई सुविधा सम्पन्न बनाउने त्यस्तो सरल, सुलभ र मानवले साँच्चिकै मानव भएर बाँच्न सक्ने अवस्थाको जिवनयापन गर्ने ठाँउको छनोट हामि प्रदेश ३ ले एउटा उदाहरण योग्य प्रदेशको रुपमा चै हामिले नमुना मोडलको रुपमा चै प्रदेश राजधानीले त्यो काम गर्न सक्नुपर्दछ भन्ने मलाई लाग्दछ। र त्यस्तै गरिकन अहिले कतिपय कुराहरु आको छ ।

यो डाटाहरु पनि छ यति कलोमिटर टाढा उति किलोमिटर टाढा,टाढाको कुरा हुन सक्दैन। जस्तै प्रदेश सरकारले नागरिकलाई दिन सकिने सुविधाको कुराहरु विशेषत: पानीको, बाटोको कुराहरु रह्यो भने त्यस्तो हुन्छ। त्यस्तै अर्को कुरा के छ भन्दाखेरी यो संघियता, गणतन्त्रका कुराहरु हामि पार्टिगत रुपमा दलगत रुपमा प्रतिनिधीत्व भईरहेको सन्दर्भमा हामि अनुशासित, दल भित्रका माननीय ज्युहरु अनि त्यसो भएको कारणले

दलबाट यसरी प्रतिनिधीत्व हुँदा दलका आ-आफ्नो कुराहरु होलान् ,अन्तरिक कुराहरु होलान्। कतिपय पत्रकारले भेटघाटमा केही कुराहरु चै नमिलाईकन लेखेको होलान् ति कुराहरुको बारेमा चै हामि पछाडि दगुर्नु जरुरी लाग्दैन ।

त्यसो भएको कारणले गर्दाखेरी यो ह्वीप जारी गर्यो यस्तो गर्यो दलबाट प्रतिनिधीत्व हुँदा स्वभाविक रुपमा अनुशासनमा रहेर अगाडि बढ्नुपर्ने आवश्यकता रहन्छ। त्यसकारणले यो कुरा हामि त्यो तरिकाबाट अगाडी बढ्छन् भन्ने मलाई लाग्छ। किन भन्दाखेरी दलका आफ्ना उदेश्य हुन्छन् । यो लोकतान्त्रिक गणतन्त्रमा मात्र अन्तिम लक्ष्यहाम्रो होईन्। हाम्रो लक्ष्य भनेको समाजवाद साम्यवाद सम्म पुग्ने हाम्रा लक्ष्य हो र संघर्षका थुप्रै कुराहरु त्यसो भको कारणले गर्दाखेरी मेरो यो सानो भनाई यहि राख्दै धन्यवाद।

**<u>माननीय सभामुख</u>:-** अब म माननीय दिपेन्द्र श्रेष्ठलाई समय दिन्छु। समय ६ मिनेट।

**<u>माननीय दिपेन्द्र श्रेष्ठ (नेपाली कांग्रेस)</u>:-** सभामुख महोदय, सभामुखको अनुमतीले राजधानी सम्भाव्यत अध्ययन विषेश समितिको प्रतिवेदन माथि आफ्नो संक्षिप्त विचार राख्दै छु। धेरै सारगर्मित विचारहरु यहाँ स्फुलीत भैसके। वास्तवमै आज एउटा महत्वपुर्ण घडिमा हामि उभिएका छौ। प्रदेश सभा गठन भएको दुई बर्ष पछि र प्रतिवेदनले दिएको रिपोर्ट पछि झन्डै एक बर्ष पछि हामि आज एउटा निचोडमा पुग्ने अठोटका साथ दृढ सङ्कल्पका साथ अगाडि उभिएका छौ। प्रदेश सभालाई यसमा म स्वागत गर्न पनि चाहान्छु। वास्तवमा चाडै हामिले यसको निरोपण पनि गर्नेछौ। वास्तवमा अहिले सर्वप्रथम त म यो राजधानी सम्भाव्यता अध्ययन समितिले जुन प्रतिवेदन दियो त्यो प्रतिवेदन दिने दाताहरुलाई म दुःख प्रकट र असक्षमता वहाँहरुको प्रति दुःख प्रकट गर्न चाहान्छु।

किनकि वहाँले किटानका साथ यो उपयुक्त ठाँउ हो यसकारणले भनेर दिन सक्नु भएको छैन्। त्यसकारण पनि म यहाँहरुलाई चैनि यसप्रति रोस प्रकट गर्न चाहान्छु।

वास्तवमाअहिले चैनि हामिले सबैलाई अनुभुत गरेका छौ र सबैले आफ्ना बिचारहरु पनि राख्नु भएको छ। र भुगोलको हिसाबले सबै जिल्ला १३ वटै जिल्लालाई पाएक पर्ने गरी उपयुक्त ठाँउ नै राजधानीको लागि आधार नि हुन सक्छ र त्यसको लागी यहाँ सबैले आफ्ना कुराहरु पनि माननीय ज्युहरुले राखिसक्नु भएको छ। तर सुर्यलाई हत्केलाले छेकेको जसरी यल्लाई आफ्ना अभिव्यक्तिहरुलाई कुण्ठित माननीय ज्युको नैसर्गिक अधिकारबाट वन्चित गराउने अभिप्रायले आज हामिले देखिरहेको छौ ।

नेपालको पनि पार्टिको केन्द्रिय सचिवालयले एउटा प्रदेश सभामा जनताको भावनमलाई मुखित गर्न आउनुभएका माननीय ज्युहरुलाई अङ्कुस लगाईएको र वहाँहरु भयावक स्थितिमा बसिरख्नुभएको छ। आफ्ना विचारहरु कुण्ठित गरेर बस्नुपर्ने एउटा बाध्यात्मक परिस्थितिका कारणले यो कतै अन्यत्र जाने हो कि भन्ने कुराहरु पनि आईरहेको छ। यसमा म घोर घर्षणा गर्दै म नेपाल कम्युनिष्ट पार्टिको केन्द्रिय सचिवालयलाई सच्चिनलाई पनि आग्रह गर्छु । र प्रदेश सभाका मननीयलाई आफ्नो स्वबिवेकिय निर्णय गर्ने अधिकारबाट बन्चित नगराईयोस भनेर आग्रह पनि गर्न चाहान्छु।

वास्तवमा केही समय अगाडि पनि भुगोल विधहरुले एउटा ढृष्टिकोण दिनुभएको थियो र भुगोलको हिसाबले अत्यन्त पाएक पर्ने ठाँउ काभ्रे जिल्ला हुन सक्छ। त्यहाँ संरचना आटी पार्कहरु भवनहरु त्यसै लथालिङ्ग परेको अवस्थामा छ। वरीपरी मन्त्रालयहरु बस्ने हजारौ रोपनी जग्गाहरु त्यहाँ खालि पनि भौगोलिक अवस्था त्यहाँको पुर्वाधारको स्थिति पनि राम्रो थियो र जनघनत्व र वातावरणिय प्रभाव र सडक सञ्जाल जोडिने ठाँउहरु पनि सबै राम्रो र उपयुक्त भएको कारणले गर्दा त्यहाँ राख्नु ठिक छ भन्ने एउटा रिपोर्ट दिएको छ। र १३ वटै जिल्लाको लागी उपयुक्त ठाँउ,पाएक पर्ने ठाँउ पनि त्यहि हो र त्यहाँ काभ्रेमा नै राखिनुपर्छ भन्ने पनि म सुझाव दिन चाहान्छु। र आज म यदाकदा मलाई लागिरहेको छ आज पहुँचको आधारमा भन्नुपर्दा नेपाल कम्युनिष्ट पार्टिको संसदिय दलको नेता आदरणिय हाम्रा मुख्यमन्त्रीज्युको पनि हेटौंडा कै हुनुभाको छ।

र प्रतिपक्षदलको नेता हाम्रा कांग्रेसको आदरणिय नेता पनि हेटौंडा कै हुनुहुन्छ। र वहाँहरुको पहुँचको आधारमा कतै हेटौंडाको लागि दबाव सिर्जना भएको होकि अर्थात

यदी हो भने त्यसबाट उन्मुक्त हुनु जरुरि छ। म स्मरण गराउन चाहान्छु दुई सय चालिस बर्ष अगाडी पृविनारायण शाहले त्यति पढेका राजा पनि होईनन्। तिनले आफ्नो भुगोल आफ्नो गाँउ ठाँउलाई नै उपयुक्त ठाँउ बनाउनु थियो भने गोरखा पनि राजधानी राख्न सक्नु हुन्थियो नि।

वहाँहरुले कत्रो त्याग पुर्ण विचार कति दुरदर्शि विचार सबैलाई जनतालाई पाएक पर्ने भुगोलको हिसावले बनावटको हिसावले जनघनत्वको हिसावले यो उपयुक्त ठाँउ हुन सक्छ भनेर चै वहाँहरुले निर्णय गर्नुभएको । र त्यस्तै राष्ट्रवादी सोच हाम्रा दलका नेताहरुले हाम्रा प्रतिपक्ष दलका नेताले पनि हाम्रो नेतृत्व गरिराख्नु भएको आदरणिय दलको नेताले पनियसलाई चैनि पुर्न: विचार गरेर निष्पक्ष ढङ्गबाट प्रदेश सभाका माननीयलाई विना हस्तक्षेप बिना रोकतोक आफ्नो एउटा स्वबिवेकि निर्णय गर्ने अधिकारबाट बन्चित नगराईकन एउटा आफ्नो प्रदेश सभाको माननीयको अधिकारलाई स्खलित गर्ने अवसर प्रदान गर्नलाई सत्बुद्धि दियोस् भन्दै आफ्नो संक्षिप्त धारणा राख्दै विदा हुन्छु। धन्यवाद। नमस्ते। जयनेपाल।

**<u>माननीय सभामुख</u>:-** अब म माननीय मैना अछामिलाई समय दिन्छु। समय ५ मिनेट।

**<u>माननीय मैना अछामि (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** सभामुख महोदय, माननीय मन्त्रि ज्युहरु र यहँ माननीय साथिहरुमा हार्दिक नमस्कार। आज धेरै पछि राज्यको नाम र राजधानीको छलफलमा यहाँ हामि उभिरहेको छौ। चार दिन पछि मेरो बोल्ने पालो आएको छ। अब यो नबोलै कि भन्ने जस्तो लागेको थियो। अस्ति बोल्न पाको भए झन् राम्रो हुन्थ्यो । धेरै बोल्न ईच्छा हुँदाहुँदै पनि आज मेरो पालो आयो। र मैले बोल्न पर्छ। र यो राजधानीको विषयमा धेरै छलफल र एकदमै मन्थन भयो।

र हाम्रो दलमा एकदमै उचित ढङ्गले चै सरसल्लाह गरेर र हामि एकदमै राज्यलाई काहाँनेर राख्ने र के गर्ने भन्ने कुरा हाम्ले मात्रै गरेर भएन यो पहिलै नेताहरुले चाहिँ सर्वदलिय पार्टिहरुले नै मन्थन गरेरै यो ठाँउमा ल्याएर राख्नुभएको हो नि त।

अहिले यो पार्टिले उ गर्यो यो गर्यो भन्ने कुरै छैन्। हाम्रो पार्टिको कुरा भित्रि आन्तरिक कुरा केके हुन कसो हुन विपक्षलाई त कुनै टाउको दुख्ने कुरै भएन नि हैनर। पार्टिका कुरा सबै पार्टिमा छलफल हुन्छन्। छलफल मन्थन हुन्छन्। यो देश र जनताको लागी हितको लागि लागेको पार्टि आज मात्र टुसुक्क आएर हामि त भर्खरै आएको हो ।

हामिलाई त यो संसद दल भनेकै भर्खर थाहा भयो। न मेरो बाजेले गर्नुभो न बाउ बाजे कसैले पनि गर्नुभाथिएन। म यो ठाँउमा आइपुगेको छु। धेरै जस्ता साथिहरु हामि आज यो ठाँउमा भर्खरै मात्र आईपुग्या हौला। धेरै साथिहरु पहिला देखि नै केन्द्रिय राजनिति चलाउदै र जनताको मनभावना समावेशि र राजनिति सबै चलाउदै चै यहाँ सम्म आउनुभका साथिहरुले अब मलाई मन्थन गरेरै यो ठाँउमा ल्याउनुभको होला भन्ने मैले मैले चै पहिला देखि नै सोचेको थि। सोच्दै आउदा खेरी आज जे गर्यो केन्द्रले गरेपनी हामि प्रदेशले हामि सबै मिलेर ने.क.पा. ले गर्यो यो काम सबैले स्वागत मानेर चै यो ठाँउलाई सबैले स्वागत गर्नुपर्ने छ।

किन म काठमाडौंमा बस्छु। काठमाडौंमा मेरो राजधानी छ। राजधानी भएर मैले त्यहाँ सुविधा के पाको छु त । सुविधा त छैन नि त मलाई। हैन मेरो दैलोमा बाटो पुगेको छैन् अहिले सम्म, पानी आठ बर्ष भयो मैले पानी खान पाको छैन्। यि विभिन्न कुराहरु छ नि त राजधानीमा बसेर कुनै कुरो हुने होईन के। हामि मनदेखि जनताको भावना बुझेर काम गर्न सक्यो भने देखिराजधानी जहाँ लगेर राख्दा पनि जनताको काम गर्न सकिन्छ। हामि यो चार पाँच दिन देखि यै एउटा कुरामा रगडि राछौं।

तर सबैले मनले चै यहाँ राखै राखै कामले चै उता लैजाम भन्ने खालको यो कुरा नहोस्। हामि सबै यहाँ माननीय भएर आएका छौ। यो देश र जनताको भविष्यका लागी आएका छौ। र भोलि भावि सन्ततिले के गर्नि हाम्लाई गालि गर्छन्। ह्यान,त्यान गाली गर्दैनन् । तपाईहरुले चै उचित ठाँउमा रोज्नु भएछ भन्ने खालको पनि हुन्छ। भोलि त्यो कुरा पनि आउन सक्छ। र हामि आज एक मना एक साथ लागेर चै बागमती नाम र राजधानी हेटौंडा बनाउ भनेर आज जाउ। भोलि सबै जनताहरुले चै हाम्लाई गालि गर्ने हैन ।

हामि एकजना जानि हैन। केन्द्रका साथिहरुले पनि त प्रधानमन्त्रि हुनुभएको छ। उप-प्रधानमन्त्रि हुनुभाको छ। वहाँहरुले नि जनताको विचमा जान पर्छ नि। वहाँले नसोचिकन यो ठाँउमा राख्न लागनु भाको होला र। हामि सबैले सोच्न पर्छ के। विचार चै गर्नुपर्छ। त्यो भको कारणले हामि सबै हाम्रा माननीयहरु धेरै चारदिन देखि एकदमै कुर्लि कुर्लि कराउनुभाको छ। म यो साल देखि लाग्या म उ साल देखि लाग्या । यो गर्न आको हैन भन्नु भाछ। तर कोहि पनि नलागी यहाँ आएपुगिदैन। सबैजना लागेरै यो ठाँउमा आछन्। हामि सबै जनताको हितको लागी काम गर्नी हो राजधानी त्यहि लगेर मात्रै काम हुदैन। कसैले बजेटका कुरा गर्या छन्। कसैले के कुरा गर्या छन।

बजेटका लागी हैन जनताको सुख सुविधाको लागी हामी के गर्न सक्छौ। स्थानिय तह छ त्यहाँ । स्थानिय तहले पनि काम गर्छ नि। तिन तहको सरकार भनेको केहो त नि। हामिले बुझ्न पर्यो के त्यति कुरो चै। त्यो नबुझिकन चै हामिले यहाँ आएर कुर्लिएर विभिन्न किसिम गरेर हुदैन्। त्यही भको कारणले विपक्षिय दलले पनि हाम्लाई एकदमै आधी जसोले उता लानी आधी जसोले यहाँ राख्नि भन्ने कुरा छ। हैन हामि सबै एक मन एक मतको साथ अहिले यही राखेर जाउ। भोलि पर्सि त्यो राजधानीको वाटो खुल्ले पछि हाम्रो राजधानी उपत्यकामा नलैजाउ।

अनि काहाँ लान पर्ने पछि हामि हामि बसेर सल्लाह गरौला। केन्द्रले सबैले यि राख्नु भनेर हाम्रो सरकारले मात्रै भन्या होईन। विपक्ष दलले पनि भनेकै हो यो कुरा। विपक्ष दलले पनि भनेर यो ठाँमा ल्याएको हो। हाम्ले यहाँ ल्याएर राखेको पनि हैन्। हामि लिएर जान पनि सक्दैनौ। हामि यि राखेर जानि हो। त्यो सोच्नि सबै माननीयहरुले यो कुरा सोचेर धेरै नकुर्लिकन आज र भोलिमा यो कुरो छिनोफानो गरेर हामी यहाँबाट विदा हौ र बैठकमा मात्रै बोलम भन्नेहैसियतका साथ मैले यति कुरा बोलि सबैलाई राम्रो नलागे पनि राम्रो लागे पनि मैले यति कुरा बोले हस् धन्यवाद। नमस्कार।

**<u>माननीय सभामुख</u>:-** अब म माननीय शोभा शाक्यलाई अनुमती दिन्छु। समय ५ मिनेट।

**<u>माननीय शोभा शाक्य (विवेकशील साझा पार्टी)</u>**:- माननीय सभामुख महोदय, सर्वप्रथम हाम्रो ललितपुरमा भएको आगोलागीमा मृत्यु हुने र जनधन क्षति हुने प्रति म हार्दिक श्रद्धान्जलि व्यक्त गर्न चाहान्छु। र क्षति हुनेहरु छिटो स्वास्थ्य लाभ होस भन्ने पनि चाहान्छु। सर्वप्रथम म क्षमा चाहान्छु। मेरो स्वर आज सुकिरहेको छ। प्रदेश राजधानी सम्भाव्यता अध्ययन बिषय समितिबाटप्रस्तुत गर्नुभएको राजधानी बिषयमा ढिलै भए पनि प्रदेश राजधानी र नामाकरण बिषय सदनमा छलफल आयो यसमा स्वागत योग्य छ। एकजना बच्चा जन्मिदा खेरी चार दिनमा उसको ठाँउको व्यवस्था हुन्छ। छ महिनामा उसको नामाकरण हुन्छ। तर हाम्रो प्रदेशको नामाकरण राजधानी दुई बर्ष हुँदा सम्म अझ सम्म पनि टुङ्गो नलाग्नु यो खेदको कुरा हो। दुःखको कुरा हो।

यो चाडै नै गर्नुपर्ने थियो। अहिले ढिलै भए पनि अब छलफलमा आयो र आज भोलि हामि टुङ्गाउने तर्फमा गईरहेको छौ। यसमा हामी सबै मिलेर छिटो भन्दा छिटो टुङ्गाउन तर्फ लागौ भन्नि चाहान्छु। हाम्रो यो पच्पन्न लाख जनता पच्पन्न साट्ठि लाख जनतालाई पाएक पर्नि ठाँउ त्यो पनि त्यसमध्येमा पनि हाम्रो तेह वटा जिल्लालाई हामि प्रदेश राजधानीको अध्ययन भ्रमणले तेह्र वटा जिल्ला मध्ये पाँच वटा जिल्लालाई अध्ययन भ्रमण गरेर प्रस्तुत पनि गरिसक्केको अबस्था छ। त्यसमध्येमा पनि हामिले पनि प्रस्तुत गरिरहदा खेरी काभ्रे जिल्ला एकदमै आठ वटा जिल्लाले भेटिएको ठाँउ हो।

आठ वटा जिल्लालाई पनि आउन सजिलो ठाँउ काभ्रे जिल्ला हो। त्यसमध्ये यो हेटौंडामा तीन वटा जिल्ला सम्म मात्र छोएको छ। त्यसकारण हाम्रो पच्पन्न साट्ठी लाख जनतालाई सजिलो हुने काम चै होस् भन्न चाहान्छु। किनभने पच्पन्न लाख जनताले पनि यो प्रदेशको राजधानी अहिले सम्म पनि दुई बर्ष भइरहदा खेरी पनि प्रदेशको राजधानी कहाँ भनेर थाहा नहुनेहरु धेरै नै छ। त्यसकारण पनि यसबाट चै छिटो सबैलाई सहज होस् र पच्पन्न साट्ठि लाख जनताको लागी सहज काम होस भन्न चाहान्छु।

अहिले भर्खरै मुख्यमन्त्रीज्युले भन्नुभयो हाम्रो सबैको सहमतिमा राजधानिलाई टुङ्गाउ भन्नि कुरा हामी म भन्न चाहान्छु मुख्यमन्त्रीज्यु म चाँहि पचास प्रतिशत तपाईहरुको सहमतिमा छ। तपाईहरु चै मेरो पचास प्रतिशत सहमति गर्दिनुहुन म विनम्र अनुरोध गर्न

चाहान्छु। हामिलाई संविधानले दिएको अधिकारलाई हनन् नगर्नुस हनन् गर्न पाउदिन भन्न पनि चाहान्छु सरकारलाई। किनभने संविधानले हामिलाई एक सय दश जनाको अधिकार दिएको छ। एक सय दश जनाको अधिकारलाई चै हनन् गर्नि माथिको एक दुई जना नेताले भन्दैमा यो गर्नु पर्छ। त्यो गर्नु पर्छ भन्नेमा नलाग्न म विनम्र अनुरोध गर्दछु। किनभने एक सय दशैजनाको अधिकार हो कि यो राजधानी टुङ्गाउने नामाकरण राख्ने भन्ने कुरा त हाम्रो माननीय ज्युहरु सबै एक सय दश जनाको अधिकार हो।

त्यलाई चै हनन् नगर्न पनि म माथिबाट लादने काम पनि नगरियोस् भन्न चाहान्छु। त्यसरी लादन पनि पाईदैन भन्न चाहान्छु। कदापि यो लादनपनि हुदैन् पनि। यो लोकतन्त्र कै हनन् भएको जस्तो मलाई लागिराछ। त्यसकारणलोकतन्त्रको हनन् गर्न पाईदैन। म छिटै सक्याउछु सभामुख ज्यु। हामि यो राजधानीको बिषयमा छलफल गरिरहदा खेरी हामि सबैलाई थाहा छ सबै हामी यो बाटो देखि लिएर सबै ठाँउमाराजधानीको कुरामा हामि एकदमै अलमलमा परिरहेको हाम्रो तेह्र वटा जिल्लाको जनताहरुलाई आउन पायक पर्ने ठाँउ गर्न सकोस् र यसमा छिटो भन्दा छिटो गर्न सकियोस्। भन्दै मेरो भनाई यहि अन्त्य गर्न चाहान्छु। नेपालको जय होस्। हामि सबैको जय होस्।

**<u>माननीय सभामुख</u>:-** अब म माननीय सृजना शैजुलाई अनुमती दिन्छु। समय ५ मिनेट।

**<u>माननीय सृजना शैजु (नेपाल मजदुर किसान पार्टी)</u>:-** माननीय सभामुख महोदय, आज यो प्रदेशको राजधानी बारे छलफल चलिरहदा सबैभन्दा पहिला प्रदेश सरकार र शासक दल समक्ष एउटा आग्रह विनम्रता पुर्वक गर्दछु। जनताको विश्वास जित्न चाहानुहुन्छ र जनता जवाफदेहिता प्रति विश्वास गर्नु हुन्छ भने प्रदेश राजधानी र नामाङ्कन गर्ने असाध्यै ढिलाई गरेको प्रति माफि माग्नु बुद्धिमानी हुनेछ। दुई बर्ष भनेको यो प्रदेश सभाको अत्यन्त महत्वपुर्ण काल खण्ड हो।

दुई बर्षमा वल्ल प्रतिवेदन तयार भयो र तेस्रो बर्षमा छलफल सुरु भयो। प्रदेश सरकार र शासक दलको गति र मति जनताले बुझेसकेका छन्। साथै यो छलफल केबल धुवाको पर्दा हो या होईन्। जनता नजिकबाट नियालिरहेका छन्। जनताको आँखामा छारो हाल्ने ढाँटको राजनिति गर्नेहरु राजधानी प्रकरण संग संगै उदाङ्गो हुदै छन्। मैले तराजधानी मागेकै हो। फलानो विकास विरोधी दलले ल्याउन दिएन भन्न कै निम्ति राजधानी आफ्नो क्षेत्रमा माग्नेहरु समेत देखिए।

यो जति हाँस्ययास्सपद कुरा अरु के होला। सिस्नु रोपेर तुल्सि उम्रन्न । नेपाली कथन नै छ । प्रदेश राजधानी बारे अन्योल र अप्ठयारा अस्वभाविक किसिमले देखा पर्नुको एउटा कारण हिजो चुनावको कुरामा भएको गलत आश्वासनको खेति हो। प्रदेशको राजधानी र नामाङ्करण जस्ता गम्भिर बिषयलाई समेत सस्तो चुनावि नारामा परिणत गऱ्यौ। राजधानी ल्याईदिउला भनेर आश्वासनको खेति गऱ्यौ। त्यसकारण आज यो अप्यारो स्थितिमा पुग्यौ। त्यसको निम्ति शासक दलले आत्मालोचना गर्न आवश्यक छ। शासक दलहरुले गाँउ गाँउमा सिंहदरवार ल्याउने बाचा समेत गरेका थिए।

परिणाम भने उल्टो निस्कियो। सिंहदरवारको वेथिति भ्रष्टाचार गाँउ गाँउ पुग्यो। चुनाव जित्नको निम्ति जे पनि गर्ने र जेपनि बोल्ने गलत संस्कारको कारण आज जनता बर्वादि भोग्न बाध्य छन्। देश अस्त व्यस्त अवस्थामा पुग्दैछ। सिंहदरबारको अधिकार गाँउ गाँउ पुर्याउने सपना बाड्नेहरुलाई प्रश्न छ। आज प्रदेश सभाको अधिकार कता हरायो। कस्ले खोज्दैछ। हो कुनै पनि खेलमा रेफ्रि हुनु स्वभाविक छ तर रेफ्रि स्वयम मैदानमा खेल्न थाल्नु उचित होईन्। खेलमा हरेकको आ-आफ्नो स्थान, नियम, मर्यादा र सिमा हुने गर्दछ। प्रदेश सरकार होसमा आउन ढिलो भैसकेको छ। वैसाखीको भरमा हिड्ने बानी त्याग्न आग्रह गर्छु। प्रदेश सभाको साँचो कुनै अदृष्य दृष्य महाराजको पाँउमा चढाउने विश्वासघाति कार्य नगर्न अनुरोध विनम्रता पुर्वक फेरी गर्छौं।

प्रदेश सरकार र शासक दलको आत्माविसश्वास हिनता खस्कदो मानोवलर निरीह अवस्था यो भन्दा बढि हेरी बस्न अब जनता तयार छैन्। प्रदेश सरकारमा देखिएको ईमान्दारीको अभाव अल्पदृष्टि पक्षपाती सोच तथा प्रवृति कै कारण पनि राजधानीको बिषय

जटिल बन्दै गएको हो। विकासको प्राथमिकतामा पर्न राजधानी नै हुनुपर्ने बाध्यताबाट मुक्त गरी हरेक ठाँउको विकासको योजना निर्माण तथा ईमान्दारी पुर्वक कार्यान्वयन गर्न सकेको भए यस्तो स्थिति तयार हुने नै थिएन्। हरेक क्षेत्रलाई आफ्नै मौलिकता बिशेषता सहित विकास गर्ने र स्थानिय स्रोत तथा साधनको परिचालन गर्ने सोच राखेको भए र सहरमा पाईने सुविधा गाँउ पुऱ्याउन पाईला चालेको भए जनताको यति आक्रोस बढ्ने पनि थिएन। राजधानी जहाँ होस् तर विकास हरेक ठाँउको हुने र कुनै पनि ठाँउमा जनतालाई दुःख नहुने गरि कार्यासम्पादन गर्न विश्वास दिलाउन नसक्नु अर्को कमजोरी हो।

प्रदेश सरकारमा देखिएको पक्षपाती प्रकृति दिर्घकालिन सोचको अभाव र फराकिलो चिन्तनको कमी कै कारण राजधानीको बिषय बल्झिएको हो। जब सम्म प्रदेश सरकार आफै यि कमिकमजोरीबाट मुक्त हुदैन तव सम्म जनताको असन्तुष्टि एवम् आक्रोस घट्ने छैन्। राजधानी घोषणा हुने वित्तिकै सम्पुर्ण समस्याको समाधान हुने र रातारात विकास हुने मानसिकता फैलाईदैछ। त्यो स्वयम पनि प्रतिउत्पालक हुने तर्फ बेलैमा सचेत हुन आवश्यक छ। प्रदेशको राजधानी बारे निर्णय गर्दा संघियताको मुल मर्म विकेन्द्रिकरण तथा स्वायतताको सिद्धान्त र सन्तुलित विकासको सुनिश्चितता बारे स्पस्ट हुन परिहार्य छ। काठमाडौं उपत्यकाको सौन्दर्यता जोगाउन, शान्ति सुरक्षा कायम गर्न र अपराध न्युनिकरण गर्न प्रदुषण बढ्न नदिन ट्राफिक जामको समस्या हटाउन, विश्व सम्पदा तथा मोलिकता जोगाउन उपत्यका बाहिर सहर विकास गर्नुको कुनै विकल्प छैन्। व्यवस्थित तथा आधुनिक स-साना सहरको विकास उत्तम उपाय हुन सक्छ। काठमाडौंमा पाईने शिक्षा, स्वास्थ्य बजार लगायतका सुविधा र अवसर अन्य सहरमा सहजै उपलब्ध भएपछि जनजिवन आज जति कष्टकर हुने छैन्।

प्रदेशको राजधानी सामरीक दृष्टिकोण र भुराजनितिक संवेदनशिलता संग प्रत्यक्ष जोडिएको हुनाले उच्च संवेदनशिलताको खाँचो छ। जोडिएको प्रदेशको नाताले प्रदेशको प्रदेश नं.२ संगको हाम्रो घनिष्ट सम्बन्ध,आपसि सहयोग,बरोवरको अन्तरक्रिया तथा नजिक बसेर सुख दुखमा साथ दिने भावनाको विकास गर्न आवश्यक छ। प्रदेश नं.३ र

प्रदेश नं.२ ले हातमा हात मिलाएर राष्ट्रिय एकता भौगोलिक अखण्डता संप्रभूताको रक्षा र देशको दिर्घकालिन हितको निम्ती भुमिका निर्वाहा गर्नु बुद्धिमानी हुनेछ। धन्यवाद।

**मानानीय सभामुख**:- अब म माननीयसीता अधिकारीलाई अनुमती दिन्छु।

**माननीय सीता अधिकारी (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))**:- माननीय सभामुख महोदय हामि तीनदि देखी प्रदेशको स्थायी राजधानी सम्भाव्यता अध्ययन समितिले प्रस्तुत गरेको प्रतिवेदन माथि छलफल गरिरहेका छौ। यो छलफल समयमै हुन पर्थ्यो।

यो प्रतिवेदन पेश भएको अथवा पारित भएको डेढ बर्ष पछि हामिले यस माथि छलफल गरिरहेका छौ। राजधानी सम्बन्धी धेरै कुराहरु यहाँ उठिसके पछि यस सदनबाट सभामुखज्यु को पहलमा जुन समिति बन्यो राजधानी सम्भाव्यता अध्ययन समिति भनेर। यहाँ जुनजुन जिल्लाहरुबाट प्रस्तावहरु राजधानी स्थायी राजधानीको लागी प्रस्तावहरु दर्ता भए।

तत् जिल्लाहरुमा गएर समितिले आफ्नो अध्ययन गर्यो। र प्रतिवेदन तयार गर्यो। तर समितिले किटानिका साथ प्रथमिकतामा राखेर जिल्लाहरु सिफारिस गर्न सकेन। यो प्रतिवेदनको कमजोर पक्ष हो। जसले गर्दा आज निकै चलखेल गर्ने वातावरण सिर्जना भयो। तर मैले जवर्जस्त रुपमा प्रतिवेदन पढेर मैले बुझेको के हो भने प्रतिवेदनको फोकस भनेको काभ्रे जिल्ला हो। त्यहाँ त्यसका आधारहरु कारणहरु दिएर जुन फोकस गर्योर स्पस्ट साथ त्यसलाई किटान गर्न नसकेर वर्णानुक्रम अनुसार त्यसलाई पहिलो नम्बरमा राख्यो भन्ने मैले जवर्जस्त बुझे।

सायद मेरो त्यो गलत बूझाई पनि हुन सक्छ। हामि सहभागीता मुलक लोकतन्त्रको अभ्यासमा छौ। त्यसैले बहुसंख्यिक जनताको ईच्छा, चहाना र भावनालाई लोकतन्त्रले सम्वोधन गर्नुपर्छ। संघियता भनेको सत्ताको विकेन्द्रिकरण हो। सत्ता भनेको तख्ता पनि हो। जहाँ जनताले सहज पहुँच पुर्याउन सकुन।

यहाँ प्रदेश सरकारसँग जनताको त्यति सरोकार हुदैन भन्ने कुराहरु पनि यस सदनमा उठे। हामिले संविधानमा भएका साझा अधिकारका सुचि र एकल अधिकारका

सुचिहरुको अधिकारहरु प्रयोग गर्दै जादा त्यसको कार्यान्वयनमा जादा जनतासँग अथवा सरकारसंग जनताको सरोकार अवश्य बढ्नेछ। त्यसैले प्रदेशको राजधानी जनताको सहज पहुँच हुने स्थानमा तोकिनुपर्छ भन्ने मेरो धारणा हो।

प्रदेशको राजधानी सबै जिल्लाहरुलाई सहज पहुँच हुने स्थानमा तोकिनुपर्छ। शेर बहादुर देउवा नेतृत्वको काम चलाउ सरकारले प्रदेशको अस्थायी मुकाम तोक्ने बेलामा जुन उएटा प्रविधिक कार्यदल गठन गरेको थियो। त्यो कार्यदलले पनि भक्तपुर र काभ्रेलाई रिफारिस गरेको थियो। तर हामिले अझै पनि सोच्ने समय छ। हेटौंडालाई एउटा औद्योगिक नगरको रुपमा विकास गरौ।

र प्रदेश को राजधानी सबैलाई जनताको मनोभावना, ईच्छा, जनताको मनोविज्ञान अनुसार जनप्रतिनिधीहरुलाई तोक्नको लागी सहज वातावरण सिर्जना गरौ। म यही अपिल गर्न चाहान्छु। यही अनुरोध गर्न चाहान्छु। समय अझै बाँकि छ। यति भन्दै म आफ्नो भनाई अन्त्य गर्न चाहान्छु। हस्त धन्यवाद।

**<u>माननीय सभामुख</u>ः-** अब म माननीय योगोन्द्रराज संग्रौला लाई अनुमती दिन्छु। समय ५ मिनेट।

माननीय चेतनाथ संजेलके भन्न खोज्नु भएको, आफ्नो कुरा राख्नुहोस।

**<u>माननीय चेतनाथ संजेल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>ः-** ललितपुर जिल्ला क्षेत्र नं. १ बागमती गाँउपालिका वडा नं. ५ को आगोलागी घटना मानवीय क्षति कुनै नभएको मात्र हजार वटा कुखुरा जलेर नष्ट भएको माननीय ज्युहरुले बोल्ने सन्दर्भमा दुईजना माननीय ज्युहरुले श्रदान्जलि भनेर भन्नुभयो। त्यो रेकर्डबाट हटाईयोस भनेर म अनुरोध गर्न चाहान्छु।

**<u>माननीय सभामुख</u>ः-** धन्यवाद। रेकर्डबाट हटाउने जानकारी गराउन चाहान्छु। अब म माननीय योगोन्द्रनाथ सङ्ग्रौलालाई अनुमती दिन्छु। समय ५ मिनेट।

माननीय योगोन्द्रराज संग्रौलालाई अनुमती दिन्छु। समय ५मिनेट।

**माननीय योगोन्द्रराज संग्रौला (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))**:- माननीय सभामुख महोदय, हामि यो दगादार ४ दिनदेखि माननीय दिपक निरौला ज्युको सम्भाव्यता राजधानी सम्भाव्यता अध्ययन सम्बन्धी दिएको प्रतिवेदन उपर छलफल गरिरहेका छौं। र मैले बुझे अनुसार र मैले जाने अनुसार फेरी पनि अहिले यतिबेला प्रदेशको नाम र राजधानी तोक्ने बिषय संसदमा विधिवत प्रवेश गरेको छैन भन्ने कुरा मैले बूझेको छु। र त्यसको लागी आजको कार्य सुचिमा त्यो बिषय प्रवेश गरेको छ।

त्यसो हुनाले म कहाँ कुन राजधानी नाम के भन्ने बिषयमा म छलफल गर्न चाहान्न। त्यो फेरी पनि हामिले मौका पाउने छौ जस्तो मलाईलागिरहेको छ। मयति मात्रै भन्न चाहान्छु। यो छलफलको क्रम विगत ४ दिनदेखि चलिरहेको छ। र यो यतिबेला सदनमा यो बिषय अत्यन्तै ठिक समयमा आएको छ भन्नि मेरो ठहर छ। यो ढिलो पनि भाएकोछैन। यो चाडो पनि भाएको छैन।

किनकि यल्ले एउटा निश्चित निकास दिनुपर्ने थियो। त्यसो हुदाँ ठीक समयमा आएको हो। म एक दुईवटा कुराहरु भनु धेरै साथिहरुले यहाँ आफ्नो-आफ्नो मनका कुराहरु राख्नुभयो। मनका कुराहरु मात्रै राख्नुभएन्। आत्माको अन्तरआत्माको र परमात्माको समेत कुरा राख्नुभयो। बुझे सम्मका कुराहरु राख्नुभयो। तर संविधानको धारा २८८ को उदेश्य मनसाय र २९५ को मनसाय के हो भने देखि यो सत्तापक्षको मात्रै बिषय होईन। राम्रो कुरा छ । यतिबेला ने.क.पा.को ७९ मत छ यसले दुईतिहाई पुर्याउछ। चाहे त्यो नामको सवालमा होस् चाहे त्यो राजधानीको सवालमा होस् पुर्याउछ।

तर संविधानको मनसाय यो होईन। यतिबेला मानिलिउ यो सदनभित्र हङ्ग पार्लेमेन्ट जस्तो भाको भए के नाम र राजधानी तोकिदिने थियो। त्यस्तो बिषय होईन्। यो सत्ता पक्षको,प्रतिपक्षको अथवा अन्य पक्षको बिषय हो जस्तो मलाई लाग्दैन्। संविधानले आग्रह गरेको कुरा के हो त भन्दा खेरी यो सबै मिलेर सर्वसंवत बनाउने विषय हो भन्नि मेरो ठहर छ। संविधानको आशय यो हो। तर यहाँ फेरी पनि राजनितिक

मुद्दा जस्तो बनाएर कसो गर्ने के गर्ने भन्ने किसिमको कुराहरु छलफलको विषयहरु धेरै साथिहरुले बनाउनुभयो। कहाँ के कुरा भयो कहाँ कुन कुरा भयो।

लोकतन्त्र खोसियो अथवा हाम्रा संविधानका सबै धाराहरु खारेज भैसके। हाम्रो मौलिक अधिकारहरु हनन् भयो। यो किसिमका कुराहरु यो सदनमा उठे। यो बिल्कुल केहि पनि कुरा होईन्। संविधानको धारा २८८ र २९५ को यो मक्सदै होईन। यसमा सर्वसंमेत मतको आग्रह गर्दछ संविधानले। त्यसो हुनाले मेरो सबै साथिहरुलाई म के आग्रह छ भनिदेखि प्रदेशको राजधानी तोक्ने काम कहाँ हुन्छ।

सभामुखले पक्कै हामिलाई अर्को समय दिनुहुनेछ र नामाकरण के हुन्छ। त्यो के भने देखि विधिवत रुपमा यो सदनभित्र प्रवेश गरिसके पछि मत्रै हाम्रो आफ्ना-आफ्ना के भनिदेखि मतहरु अभिव्यक्त हुनेछन्। म यति मात्रै कुरा राख्न चाहान्छु। धेरै साथिहरुले विशेष गरेर सत्ता पक्षका मथि के भनेदेखि हाम्रो पार्टिका नेता देखि लिएर यहाँ अरु अरु कयौलाई संसदियको संसदभित्र बोल्नुपर्ने भाषा, मर्यादा पुरा भयो कि भएन।

यो ईतिहासमा भोलि के भनेदेखि एउटा दर्जा हुनेछ। यसको समिक्षा हुनेछ। म यति मात्रै भन्न चाहान्छु, कि सत्ता पक्षसंग यति बेला ७९ मत छ। यो सत्ते कुरा हो। यो नै काफि छ। तर म के चाहान्छु भने देखि त्यो ७९ मत मात्रै होईन। यो दूईवटा बिषयलाई टुङ्ग्याउनको लागी सर्वसंवत के विषय हुन सक्छ।

यसलाई धेरै भन्दा धेरै हाम्रो सबै राजनितिक दलहरु संग अर्को पनि के कुरा हुन सक्छ, यसलाई ७९ को वदलामा ११० नै पुर्याउन के गरेर सकिन्छ। यो हाम्रो अहम बिषय हो। त्यसो हुनाले मेरो आग्रह छ। संविधानको मर्मलाई र भावनालाई बुझौ र आफ्नो-आफ्नो कुराहरु राखौ भन्नि किसिमको म अनुरोध गर्दै आफ्नो भनाई यहि टुङ्ग्याउने अनुमती चाहान्छु। धन्यवाद। नमस्कार।

<u>**माननीय सभामुख**</u>:- अब म माननीय कुसुम कुमार कार्किलाई अनुमति दिन्छु। समय ५ मिनेट।

**माननीय कुसुम कुमार कार्कि (नेपाल कम्युनिष्ट पार्टी (नेकपा)):-** माननीय सभामुख ज्यु, आज हामि अत्यन्तै महत्वपुर्ण बिषयमा दुरगामी प्रभाव पार्ने विषयमा छलफल गरिरहेका छौं। निर्णय गरिरहँदा खेरि निर्णयहरु सामान्य प्रभावको हिसाबले तीन खाले हुँदा रहेछन्। एउटा निर्णय आज मिठो, भोली पनि मिठो, अर्को निर्णय आज तितो, भोलि मिठो, तेस्रो खाले निर्णय आज मिठो भोलि तितो। निर्णय गर्न जादैछौं। कुन खाले निर्णय यो गरिमामय सदनले गर्नेछ। त्यो समयले बताउने नै छ।

कतिपय प्रश्नका जवाफ अहिले खोजेर पाईदैन्। समयको प्रतिक्षा गर्नुपर्छ। समयले बताउछ। माननीय सभामुख महोदय, संघियतामा प्रदेशहरु बलियो हुनुपर्छ। प्रदेशहरु कामकाजी हुनुपर्छ। कामयावि हुनुपर्छ। जनताको पक्षमा अधिकतम सेवा सुविधा र जनताको जीवन सरल, सहज, सुविधायुक्त बनाउने गरी उसका निर्णयहरु प्रभावि हुनुपर्दछ। प्रदेशको राजधानीको बिषयमा छलफल गरिरहदा हामिले प्रशासनिक राजधानीको बिषयमा छलफल गर्दै छौ भन्ने लाग्छ मलाई।

प्रशासनिक राजधानी सुगमता सीत जोडिएको बिषय नागरिकहरुको पहुँचसित जोडिएको बिषय भएको हुनाले मेरो मत काभ्रेको पक्षमा। यति बेला निर्मम असंख्य प्रश्नहरु असंख्य जिज्ञाशाहरु छन्। जसको जवाफ मैले आज सम्म पनि खोजि गरेको छैन्। आज मैले प्रप्त गर्न सक्दिन्। समयको क्रममा भविष्यले मलाई बताउला। केहि प्रश्नहरु यहाँ राखेर जानुपर्छ भन्ने लागेको छ मलाई। संघिय व्यवस्थामा मैले पनि प्रदेशहरु बलियो हुनुपर्छ। हामि प्रदेश बलियो बनाउन निर्णय गर्दैछौं। या प्रदेश कमजोर बनाउन निर्णय गर्दैछौं। प्रदेश बलियो बनाउने गरि १ नं. थप्ने गरि निर्णय गर्दैछौं।

या १ नं. माईनस गर्ने गरी १ नं. घटाउने गरी निर्णय गर्दै छौं। यो महत्वपुर्ण सवाल हो। अहम प्रश्न हो। जसको जवाफ मैले आज प्राप्त गर्न सकिन समय क्रममा त्यो जवाफ मैले प्राप्त गरिनेछु भन्ने लाग्छ। अत्यन्त अहम प्रश्न हामि शासक हौ कि नागरिकका प्रतिनिधि हौ। अथवा जनप्रतिनिधि हौ।

शासक कोही प्रति जवाफदेहि हुनु पर्दैन्। कसैलाई उसले जवाफ दिनुपर्दैन्। र कसैले उसलाई जवाफ सोध्दैन्। र कसैले उसलाई प्रश्न गर्ने अधिकार राख्दैन। हामी

नागरिकका प्रतिनिधिहरु जनताका प्रतिनिधिहरु जनप्रतिनिधिहरु यहाँ गर्ने निर्णयलाई लिएर हामिले जवाफ दिनु पर्छ कि पर्दैन्। पहिलो पुस्ताले गल्ति गर्यो भने दोस्रो पुस्ता माथि विश्वास गर्ने, भर पर्ने, आश गर्ने आधार रहन्छ। दोस्रो पुस्ताले गल्ति गर्यो भने पहिलो पुस्तालेकरेक्सन गर्न सक्छ। दुईवटै पुस्ताले गल्ति गर्यो भने करेक्सन गर्ने गुन्जाईस रहन्छ कि रहदैन्। नागरिकहरुले कस्को भर पर्ने, को माथि विश्वास गर्ने यो अहम प्रश्न यतिबेला मेरो मनमा छ। मैले फेरी पनि भने सबै प्रश्नको जवाफ मैले प्राप्त गर्न सकिन।

यो समय क्रममा म यस्ता प्रश्नहरुको जवाफ प्रप्त गर्ने नै छु। डेमोक्रेसिमा डेमोक्रायाटिक व्यवस्थामा हरेक निर्णय गर्दा जस्टिफाईड हुनुपर्छ। आधार कारण प्रमाणहरुले त्यसलाई पुष्टि गर्नुपर्छ। निर्णय हामिले गर्यौं। त्यसलाई आधार कारण प्रमाणहरुले पुष्टि गर्नुपर्छ। डेमोक्राटिक व्यवस्था भनेको यहि हो। हामिले आधार कारणहरु प्रस्तुत गर्न सकेनौ। पुष्टि गर्न सकेनौ भने समय परिस्थिति परिवर्तन हुन सक्छ। भोली यो निर्णयलाई कसैले चुनौति दियो भने यो निर्णय मान्नुहोस उल्टयाईदियो भने त्यतिवेला हामिले प्रश्न गर्न पाउने ठाँउ रहन्छ कि रहदैन्। तसर्थ यतिबेला धेरै प्रश्नहरु छन्।

केहि प्रश्नहरु मैले यहाँ राखे। र अन्तिममा म सरकारलाई सुझाव पनि दिन चाहान्छु। हामिले प्रशासनिक राजधानी संगसंगै बिषयगत राजधानीको संबोधन गर्ने कि नगर्ने। हामिसित बिषयगत राजधानी यतिवेलाको विन विन सिचुवेशन हुन सक्छ। हामिले सबै १३ वटा जिल्लालाई बिषयगत राजधानी घोषणा गरेर गयो भने मलाई लाग्छ सबै नागरिकले सबै जनताले जितेको स्थिति आउन सक्छ। एउटालाई प्रशासनिक राजधानी भन्ने अरुलाई बिषयगत राजधानी बनाउन सकिन्छ।

काठमाडौंलाई चाहिन्छ भन्ने मलाई लाग्दैन्। मलाई यहाँ काठमाडौंको धेरै माननियहरु हुनुहुन्छ। वहाँहरुको पनि माग हुन्छ भन्ने लाग्दैन्। हामि नेपालकै राजधानी सिंगो देश कै राजधानी काठमाडौं भएपनि हामिलाई चाहिदैन्। मान्नुहोस उपत्यका पनि चाहिदैन्। तर कम्तिमा १३ वटा मध्ये १० वटा जिल्लालाई संबोधन गरौ। बिषयगत

राजधानी घोषणा गरेर जाऔं। यो माग मैले सभामुख मार्फत सरकार संग माग गर्दै आफ्नो भनाई यहि अन्त्य गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुख</u>ः-** अब म माननीय राजाराम कार्किलाई अनुमति दिन्छु। समय ५ मिनेट।

**<u>माननीय डा.राजाराम कार्कि (नेपाली कांग्रेस)</u>ः-** माननीय सभामुख महोदय, तथा माननीय सदस्य साथिहरु हामिले लगातार २-३ दिनदेखि प्रदेशको राजधानी कहाँ राख्रेर प्राप्त प्रतिवेदनमा छलफल गरिरहेका छौ। हामि अत्यन्तै ऐतिहासिक घडीमा ऐतिहासिक मोडमा आएर उभिएका छौ। र धैरै पुर्ववक्ता केहि साथिहरुले भन्नुभयो । तपाईहरुले टाउको दुखाउनु पर्ने विषय नै हैन् किन टाउको दुखाई रहनु भएको छ।

भनेर भन्नुभो। र म भन्छु यो टाउको हामि सबैले दुखाउनपर्ने विषय हो। र तपाईहरु हाम्रो मित्र हो हामिले शत्रु ठानेको छैन्। म त्यस सन्दर्भमा एउटा कोड भन्न चाहान्छु। Don’t interup your enemy if he is making mistake यो नेपोलियन बोनापार्टको भनाई हो। हामिले तपाईहरुलाई यत्रो ठुलो गल्तिगर्दै हुनुहुन्छ कि जस्तो लागिराछ। त्यो बाटोमा जानुहुदैन भनेर हामिले सचेत गराउन खोजेको यसलाई तपाईहरुले मित्रगत हिसाबले सम्झना गराउन खोजेको मात्र हो। यसलाई तपाईहरु टाउको दुखाएको भन्ठान्नु हुन्छ भने देखिन हामि टाउको नदुखाउन पनि तयार छौ।

र यो राजधानी तपाईहरुले जुन घोषणा गर्दै हुनुहुन्छ। जसको पक्षमा तपाईहरु जनमत तयार गर्दै हुनुहुन्छ। ह्वीप जारी गर्दै हुनुहुन्छ। त्यो हामिले पनि प्रस्ट बुझिसकेका छौ। यो नाटक मन्चन धैरै बेर गरेर केही अर्थ छैन्। ईतिहासको यो गम्भिर मोडमा अहिले यो प्रदेशको छपन्न लाख नेपाली जनता हाम्रो निर्णयलाई हेरिरहेको छ। तिन करोड नेपाली जनता हामिले गरेको कस्तो खालको निर्णय गर्छ। अकर्मडेय गर्छ कि कर्मडेय निर्णय गर्छ त्यो भनेर हेरिरहेका छन्। व्यतिगत स्वार्थ र गलत नियतिमा लागेर हामिले यदि गलत निर्णय गऱ्यौ भने देखि ईतिहासले हामिलाई कहिल्यै माफ गर्ने छैन्।

यो कुरा तपाईहरुले सम्झिराखुस। र प्रदेशको नामाकरणको बारेमा पनि म अलिकति भन्न चाहान्छु। प्रदेशको नामाकरणको कुरा गर्दाखेरीमा जातीबाद र राष्ट्रबाद एकै संगै जिउने कुरा हैन। राष्ट्रवाद पुर्वको यात्रा हो भनिदेखि जातिवाद पश्चिमको यात्रा हो। जातीबाद र राष्ट्रबाद हित र जातिय सदभाव हुन्छ। राष्ट्रिय एकता हुन्छ भनिदेखिन जातीवादमा द्धन्द्ध हुन्छ। यहाँहरु सबले देखुभएको छ स्मरण गर्नु भएको होला। रुवान्डामा के भयो। आफ्नो हट्टुहरुले टुट्सुको फिला काटेर खाएको मेरो आँखाले देखेको छु। टुटसुहरुले हट्टुहरुको फिला काटेर खाएको मेरो आँखाले देखेको छ। लाखौको ज्यान गयो तहस नहस भयो फेरी पनि यो जातिय द्धन्द्धले गर्दाखेरीमा देश तहसनहस भयो।

त्यसैले म आग्रह गर्छु जातीवादमा नजाऔ। हाम्रो नेता मेरो पनि नेता म अत्यन्त आदर गर्छु भिम बहादुर दाई जसले मलाई पनि म वहँको एउटा भनाई पनि यहाँ उद्धृण गर्न चाहान्छु। पहिचान भेटिने र द्धन्द्ध मेटिने बाटोमा हामि जानुपर्छ। त्यसको कुनै विकल्प छैन्। दश बर्ष सम्म लगातार जनयुद्धको मारमा परेर सत्र हजार मान्छे गुमाई सकेपछि ने.क.पा. माओवादीलाई पनि बाध्य हुन पर्यो। एउटा अवस्थामा कृस्टलाईज हुनको लागी एउटा अवस्थामा आउनको लागी। त्यसैले जातिय पहिचान भेटिने र द्धन्द्ध भेटिने खालको नाम यो प्रदेशले पाउनुपर्छ भन्ने मलाई लाग्छ। त्यस्तो खालको नाम कुन हुन सक्छ। बागमती हुनसक्छ, पशुपति हुनसक्छ, गणेश हिमाल हुनसक्छ, गौरीशंकर हुन्छ, लामटाङ हुनसक्छ। त्यस्ता थुप्रै नामहरु छन्।

त्यसमा हामि सहमती गर्न सक्छौ। त्यस्तै प्रदेशको राजधानीको बारेमा लामो मेहेनत गरेर आदरणिय मित्रहरुले दिपक निरौला लगायतका साथिहरुले गर्नुभयो। अलिकति ढिलो भएपनि वहाँहरुको मेहेनतलाई सम्झिदै वहाँहरुलाई धन्यवाद पनि दिन चाहान्छु। तर प्रदेशको राजधानीको कुरा गरिरहदा प्रदेशको राजधानी भनेको प्रदेशको केन्द्र तोक्ने हो। २ नं. प्रदेशको छेउमा बोर्डरमा १० मिनेटको बाटोमा आएर तपाईहरुले प्रदेशको राजधानी तोक्नुहुन्छ भने यो भन्दा गलत के हुन सक्छ।

विवेकलाई बन्दकि राखेर राजधानी तोक्नुहुन्छ भने यो भन्दा बढि गल्ति के हुन सक्छ। त्यसैले ह्वीप को पनि म कुरा गरौ। आज भोलि आउने उ ले विधयेक हामि निर्णयमा पुग्यौ भनेदेखि हेटौंडा राजधानी तोक्यौ भनेदेखि हामि यो निर्णय विवेकहिन निर्णय हुनेछ।

यो अन्याय पुर्ण निर्णय हुनेछ। यो अन्यायको भागि हामि हुनेछौ। र अहिले कुरा उठेको छ भोलिको सन्ततिले तपाईलाई मार्लान हामि जस्ता सबैलाई भनि मेरो बाउ असक्षम मान्छे हो, मेरो आमा असक्षम मान्छे हो। निर्णय लिन नसक्ने मान्छे हो। देशको भविश्यको बारेमा सोच्न नसक्ने नेपालि जनताको भावलाई बुझ्न नसक्ने मान्छे भन्ने छ। ईतिहासले तपाई हामिलाई धिकार्नि छ। त्यसैले मेरो अन्तिम अझै पनि सुझाव छ। आग्रह छ। सबैको केन्द्र पर्ने ठाँउ भनेको मेरो घर हैन।

मैले धादीङ्ग लानलाई भनिरहेको छैन। काभ्रे हो काभ्रेको लागी तयार हुनुपर्छ। हामि तयार हुनुपर्छ भन्नि मेरो मान्यता हो। र राजधानी राष्ट्रिय पहिचान बोक्ने कुनै पनि चिजलाई यसको नामाकरण गर्दा केही फरक पर्दैन। म यति आग्रह गरे मैले नबोल्न खोजेको प्रति यो ऐतिहासिक घडिमा मैले यो ठाँउमा उभिएर यो कुराहरु राखिन भनि मोरो ऐतिहासिक भुल हुन्छ भन्नि मेरो निश्कर्ष अनुसार मैले बुझेको छु। हुन सक्छ हामिले भोलि तपाईहरुले गल्ति गर्नुभो भनिदेखि पनि हाम्रो टाईम आयो भने हामि यो निर्णय सच्याएर त्यहि ठाँउमा काभ्रेमा फर्काउने छौ। त्यो हाम्रो पनि प्रतिबद्धता हो ।

अहिलेको निर्णयलाई तपाईहरुलाई स्वागतै छ गराउनुस् ल्याउनुस हेटौंडा ल्याउनुस। २ नं. को बोर्डरमा राख्नुस। तर कुनै दिन समय आयो भने भन्देखिन हामि सहि निर्णय गरेर देखाईदिन्छौ। धन्यवाद। जय नेपाल।

**<u>माननीय सभामुख</u>ः-** अब म माननीय जुनेली माया श्रेष्ठलाई अनुमति दिन्छु। समय ५ मिनेट।

**<u>माननीय जुनेली माया श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>ः-** माननीय सभामुख, सभामुखको अनुमतीबाट म आज यो ठाँउमा उभिराखेको छु। ढिलै भए पनि दुई बर्षको

अवधि झन्डै झन्डै सकिन लागेको बेलामा आज हामिहरु यो ठाँउमा उभिएर ऐतिहासिक कार्य गर्नका लागी हामिहरु लागिरहेका छौ। विशेष गरेर म राजधानी सम्भाव्यता अध्ययन टोलि बनाएर यो कार्यहरु अगाडी बढाउनका लागि माननीय दिपक निरौलाको नेतृत्वमा टोलि बनाएर जुन कार्यहरु गरेको जिल्लामा र जिल्ला तहमा गएर सरोकारवालाहरु संग छलफल गरेर धेरै मसिनो ढङ्गले वहाँहरुले एउटा जुन खालको प्रतिवेदन पेश गर्नुभयो।

र त्यो प्रतिवेदनमा हामि धेरैले के छ प्रतिवेदनमा किन आएन् प्रतिवेदन, किन यो चैनि नामाकरणको लागी यति ढिलो गर्यो भनेर हामि सबैको चासोको बिषय हुदा हुदै र आज यो अवस्थामा साच्चै भन्ने हो भने त्यो प्रतिवेदन आज टुङ्गो लाग्ने क्षणमा आईपुगेको छ। झन्डै झन्डै सधारमा आईपुगेको छ। वहँहरुलाई म त्यो टोलि दिपक माननिय लगायतका टिमलाई म हार्दिक धन्यवाद दिन चाहान्छु। आवहार व्यक्त गर्न चाहान्छु। खुसि व्यक्त गर्न चाहान्छु। र आज दुई बर्षको दौरानमा हिड्दै गर्दाखेरी हामिले यो कार्य पुरा गर्न लागिरहेका छौ।

र यहाँ म वादविवाद गर्उन उभिरहेको छैन्। हामिले १३ वटा जिल्लाको नेतृत्व गरिराखेका छौं। १३ वटा जिल्लाको प्रतिनिधीको रुपमा हामि उभिएका छौं। र हाम्रो यो प्रदेश सरकार पहिलो सरकार हामि भाग्यमानि सासंद भन्न चाहान्छु। र जसले ईतिहासलाई कोरिरहेको छ । यो ईतिहास कोर्ने हामिले धेरै अप्याराहरु त झोल्न पर्यो होला। हामि विचमा धेरै वादविवादहरु भयो होला। हाम्रा मनहरु कहिलेकाही तितो मिठो भयो होला। र पनि हामिले एउटा ईतिहास कोर्ने बेलामा हामि एक मना एकताका साथ जानुपर्छ। भन्ने कुरा म राख्न चाहान्छु। र यो कुरामा हामिले वादविवाद गर्नुपर्छ छलफल गर्नुपर्छ बहस गर्नुपर्छ। अन्तत त्यो वहसले टुङ्गोमा पुग्न पर्छ नै। त्यसो भएको हुनाले म यहाँ एउटा अनुरोध मात्रै गर्न चाहान्छु कि हामिले गरेका हाम्रो कार्यले भोलि पश्चताप गर्ने हाम्रो सन्ततिहरुले पश्चताप गर्ने बाटो नहोस्। र त्यसको लागी हामिले कम से कम यो राजधानी चैनि अस्थायि राजधानी राखेर अस्थायि मानसिकता लिएर हामिले काम गरिरहन

पर्ने अवस्था सिर्जना नहोस। र हामि त्यो नालायक सांसद नहोस्। जसले गर्दा खेरी हामिले भोलि हाम्रो शिर ठाडो बनाएरहिड्न सक्ने अवस्था हुदैन्।

भनेर नै आज छलफलको एउटा दायरा लाई साँघुर्याउदै ल्याउदाखेरी आज यो ठाँउमा आईपुगेको छ। मलाई खुसि लागेको छ हामि चाडै नै यो कुरा टुङ्गोमा पुर्याउन लागिराखेका छौ। ईतिहास कोर्न लागिरहेका छौ। ईतिहासको पानामा चैनि यो नाम र ठाँउको चै कुराहरु लेखेर हामिले सानदारका साथ हामि अगाडि बढाउन सक्नेछौ। र म एउटा कुरा भन्न चाहान्छु। हामिलाई अप्ठारो छ। १३ वटा जिल्ला धेरै कुना कन्दराबाट हामि यहाँ राजधानीमा आउदाखेरि अप्ठाराहरु छन्।

त्यसको लागी सप्ठारा बनाउने कुराहरु चै के के हो। हामि सबैको दिमाखले चै त्यो कुरा सोच्न पर्यो। र कसरी चैनि एउटा विधि विधानहरु बनाउन सकिन्छ कसरी हामिले आधुनिक किसिमले हाम्रा चैनि कार्यक्रमहरु ल्याउन सकिन्छ। ठाँउहरु कसरी व्यवस्थापन गर्न सकिन्छ। यि कुराले हाम्रो जनताहरुलाई दिने सेवा सुविधाको बारेमा हामिले अत्यन्त संवेदनशिल भएर हामिले त्यो कार्य व्यवस्था गरेर हामिले वहाँहरुलाई सरल ढङ्गले सुविधा पुर्याउन सक्ने जुन वातावरणको सिर्जना गर्न सक्नुपर्छ।

र त्यसको लागी हामि माननीयहरु हाम्रो सरकार यसमा अत्यन्तका साथ लागनुहुनेछ भन्ने कुरा पनि विश्वास लिएको छु मैले। र अन्त्यमा हामि एक मना हामि सबैजना यो ईतिहास कोर्ने बेलामा किन दुई तिन तिर फर्किनुपर्यो हामि सत्ता पक्ष र विपक्ष किन भन्न पर्यो हामि सबैजना एकै ठाँउमा उभिएर यो कार्यलाई एक मना हाम्रो एउटा म्यासेज पनि हामि दिन सक्छौ कि। सरकारले यति राम्रो काम गर्यो जसको चैनि विमति नै छैन्। हामि एकताको रुपमा एकताको प्रदर्शन गर्यौ भन्ने कुरा पनि म राख्न चाहन्छु। जो म अनुरोध गर्न चाहान्छु। सबै साथिहरुले यो कुरालाई मनन् गर्नुहुनेछ,विश्वास गर्नुहुनेछ र त्यही कार्यमा लागनुहुनेछ। भन्ने कुराहरु विश्वास राख्दै म आफ्नो भनाईहरु यहि अन्त्य गर्छु।

**<u>माननीय सभामुख</u>ः-** अब म माननीय कल्पना नेपाललाई अनुमति दिन्छु। समय ५ मिनेट।

**<u>माननीय कल्पना नेपाल (नेपाली कांग्रेस)</u>ः-** सभामुख महोदय, राजधानीको चर्चाले यतिवेला हेटौंडा तथा राजनितिक दल र राजनितिक दलका माननीयहरु तातिरहँदा खेरी म पनि मौन बस्न सकिरहिन्। राजधानीको बिषयमा यतिवेला धेरै चर्चा परिचर्चाहरु चलिरहे। यस्ता चर्चा परिचर्चाहरु चलिरहदा खेरी सबैले आफुलाई पायक पर्ने ठाँउहरु भने सबैले आफुलाई पायक पर्ने भन्दै गर्दाखेरी हामिले के बुझ्नुपर्छ भने हामिले आफ्नो पायकको कुरा गर्नुभन्दा पनि हामि जनताको लागी हामि जनताले चुनेर जनताको सुख दुखको साथि भएर हामि यहाँ सम्म आईपुगेको हौ।

हुनसक्छ कसैलाई हेटौंडा कसैलाई काठमाडौं,१३ जिल्लामा कसै न कसैलाई पायक पर्छ। त्यति पर्दा पर्दै पनि हामिले हाम्रो बारेमा होईन हामिलाई आफ्नो अमुल्य मत दिएर यहाँ सम्म ल्याएर आउने जनताको बारेमा सोच्नुपर्ने हुन्छ। केन्द्रिय राजधानीको कुरा गर्नुपर्दा खेरी पहिला चौध अञ्चल पचहतर जिल्ला हुदा खेरी सबैलाई पायक पर्ने ठाँउ राजधानी काठमाडौं थिएन होला।

धेरै दुख गरेर टाढा टाढाका जनताहरु राजधानी सम्म आईपुग्थे। त्यसलाई पनि हामिले मनन गर्नुपर्ने अवस्था आउछ। यति हुदा हुदै पनि म के भन्न चाहान्छु भने हामिले एक दिन एकचोटि घुम्न गएको ठाँउको त हामिलाई कति माया लाग्छ। सम्झेर घरीघरि त्यो ठाँउ जान मन लाग्छ याद आउँछ। हामि हेटौंडा आउन थालेको त दुई बर्ष भैसक्यो। यो आउँदा खेरी यो ठाँउको हामि प्रति माया धेरै बसिसकेको छ। यसलाई छोडेर जान हाम्रो मनले मान्दैन। र बाई चान्स यदि हामिले छोडेर जान पर्यो भने हाम्रो मन यो ठाँउलाई सम्झेर अवश्य रुनेछ। त्यति हुदा हुदै पनि त्यसरी हेटौंडालाई सम्झेर मन रोईरहदा खेरी पनि मेरो हृदयले हेटौंडालाई राजधानी मान्न तयार छैन।

किन भन्नुहुन्छ भने राजधानीको प्रस्ताव प्रतिवेदन बुझाईरहदा खेरी यदि हेटौंडा प्रस्तावकहरु राजधानीको अवलोकन गर्न भ्रमण गर्न जाँदा खेरी राजधानी नुवाकोट अवश्य हुन्छ। यो नुवाकोट हुन लायक छ भन्नुभयो भने म त त्यहि ठाँउका जन्मे त्यहि ठाँउमा

हुर्के। मैले हेटौंडालाई हुन्छ भन्नुभन्दा म मेरै नुवाकोटलाई हुन्छ भन्न चाहान्छु। म किन नुवाकोटलाई राजधानीको लागी प्रस्ताव गर्न चाहान्छु भने नुवाकोटका केहि कुराहरु म यहाँहरुलाई अवगत गराउन चाहान्छु। राजधानी संघिय राजधानीबाट नजिक छ नुवाकोट। नेपाल एकिकरणको ऐतिहासिक छ।

अझ म राजावादी माननीयहरुलाई त के भन्न चाहान्छु भने पृथ्विनारायण शाहाले एकिकरण गर्दा खेरीको ऐतिहासिक जिल्ला हो नुवाकोट। उहाँहरुले यसलाई सम्झेर मतदान दिन अनुरोध गर्दछु। र भौगोलिक उत्कृष्ट हावा पानी छ। कृषि,व्यापार र ठुला औद्योगिकको लागी आवश्यक जमिन पनि छ। बिद्युत त्रिशुलि जलबिद्युत आयोजना जो हामि आजभोलि यति उज्यालो त्यो पनि त्यहि त्रिशुलि जलबिद्युत आयोजनाको देन हो। पानी लगायत प्राप्त सुविधा प्रश्तावित सुरुङ्ग मार्ग,टोखा, छहरे,ककनी, जस्ता राजधानी जाने बाटो मार्गहरु, ऐतिहासिक ७ तले दरवार,देविघाट, नुवाकोट, भैरवि, दुग्देश्वर, कपिलास जस्ता धार्मिक स्थलहरु टाडि त्रिशुलि नुवाकोट जस्ता जिल्लाको जस्ता ईतिहास बोकेका नदिहरु र सातविसेको मलसुलि चामल अहिले यतिवेला मार्सि चामलको व्यापक चर्चा चलिरहेको बेला नुवाकोटको मनसुलि चामल मसिनो चामलको भात।

टाडि र त्रिशुलिकोलोकल माछाको स्वाद हामि माननीयहरु देश विकासमा तल्लिन हुन सक्छौ। यति मात्र नभएर यो त मैले सरसरति हेर्दाखेरी मेरो जिल्लाको बारेमा गरेका वयानहरु हुन्। तर यहाँहरुले त्यहाँ गएर हेरिरहदा खेरी र त्यहाँ गएर महसुस गर्दाखेरी यो भन्दा धेरै र यहाँहरुले धेरै नै महसुस गर्न पाउनुहुन्छ। यति भन्दै म के भन्न चाहान्छु भने अन्तिममा यहाँ भएका माननीयहरुले दायाँबायाँ नसोचिकन नुवाकोटलाई मतदान गरिदिनुहुन अनुरोध गर्दै बिदा हुन्छु। धन्यवाद। जय नेपाल।

**माननीय सभामुखः-** अब म माननीय रजनी अमात्य जोन्छेलाई अनुमति दिन्छु। समय ५ मिनेट।

**माननीय रजनीअमात्य जोन्छे (नेपाली कांग्रेस):-** सभामुख महोदय, आज हामि प्रदेश रमजधानी सम्भाव्यता अध्ययन समितिले बुझाएको प्रतिवेदन माथि छलफल

गरिरहेका छौं। यस प्रतिवेदन माथि आफ्नो भनाई राख्न चाहान्छु। राजधानीबारे धेरै माननीय सदस्य ज्युहरुले आफ्नो सुझाव टिका टिप्पणि आइसकेको छ।

सभामुख महोदय हेटौंडा राजधानी हाल अस्थायी राजधानी हो यो हुन अगाडि नै भक्तपुरलाई राजधानी राख्नको निम्ति नेपाल सरकारको विभिन्न मन्त्रालयका कर्मचारीहरु र सबै दलका नेताहरु स्थलगत परिक्षण गर्दा अवलोकन गरी प्रदेश ३ को राजधानी भक्तपुरमा नै राख्न उपयुक्त भएको भनि प्रतिवेदन उल्लेख गरिएको छ। यसबारे भक्तपुरका सबै दलका नेताहरु तथा बुद्धिजिवीहरुले प्रेस कन्फरेन्स गरेर समाचार समेत प्रकाशित भएको थियो। यो प्रतिवेदनको ज्ञापन पत्र तत्कालिन प्रधानमन्त्रीलाई पनि हामिले बुझाको स्मरण गर्न चाहान्छौं।

प्रदेश ३ को राजधानी भक्तपुरमा निर्धारण राख्नु पर्ने मुख्य कारण भक्तपुर एउटा सुन्दर, रमणिय ठाँउ, पर्यटकिय स्थल, बहुधार्मिक, बहुसाँस्कृतिक, बहुभाषिक,आदिवासि, जनजाति भएको ठाँउ संघियताको मुल मर्म अनुसार भएको जिल्ला हो। प्रदेश ३ को १३ वटा जिल्लामध्ये सबभन्दा सानो नक्सा अनुसार बिचमा परेको सबै जिल्लालाई पायक पर्ने उपयुक्त ठाँउ भनेको भक्तपुर जिल्ला नै हो। रसुवा, रामेछाप, दोलखा, सिन्धुलि, धादिङ्ग, नुवाकोट सबै जिल्ला तथा केन्द्र तह सम्मको लागि पायक पर्ने जिल्ला भनेको नै भक्तपुर हो।

सभामुख महोदय हामि जनप्रतिनिधिहरुले सोच्ने भनेकै जनताको भलाई, सुख, शान्ती र सुविधालाई हेर्ने हो। ख्याल गर्नुपर्ने कुरा सना नेता कृष्ण प्रसाद भट्टराईले भन्नुभएको जस्तै गाँस, बाँस, कपास व्यवस्था गर्ने दायित्व राज्यको हो। यो अनुसार सबै नि भक्तपुरमा उपयुक्त छ। सभामुख महोदय हामिले जुनसुकै कार्य गरे पनि भावि सन्ततिको लागि ख्याल गर्नुपर्छ।

भविष्यको कर्णधारको दृष्टिकोण बाट पनि यो प्रदेश नं. ३ धेरै नै उपयुक्त छ सभामुख महोदय। भक्तपुर राजधानी भएकोमा भक्तपुरको ठिमि शिक्षा कार्यालय, बोर्डको कृषि तालिम केन्द्र तथा खरीपाटि तालिम केन्द्रमा प्रदेश नं. ३ को कार्यलय संञ्चालनका सबै कार्य गर्नका निम्ति प्रशस्त ठाँउ भएकोले अर्थको पनि भार कम हुने देखिन्छ।

सभामुख महोदय,साँस्कृतिक कला सम्पदाले भरिपुर्ण ऐतिहासिक नगरी पुरातम साँस्कृतिले झल्किएको सहर भक्तपुर हो।

यो नगरीलाई राजधानी बनाउदा विश्व भरी यसको महत्व उच्च रहने छ। तसर्थ सबै माननीयहरुलाई मेरो विनम्र अनुरोध के छ भने सबैले आफ्नो तन मन र एकजुट भई भक्तपुर राजधानीलाई नै मत दिनुहुन भनी विनम्र अनुरोध गर्दै म आफ्नो भनाई यहि टुङ्गाउछु। धन्यवाद। जय नेपाल।

**<u>माननीय सभामुख</u>:-** अब म माननीय भिमसेन खत्रीलाई समय दिन्छु। समय ५ मिनेट।

**<u>माननीय भिमसेन खत्री (नेपाली कांग्रेस)</u>:-** सभामुख महोदय, यो हाम्रो माननीय दिपक निरौलाको संयोगकतामा गठित भएको राजधानी सम्भाव्यता अध्ययन प्रतिवेदनले हामिलाई के गरेको छ भन्दा राजधानी कहाँ कहाँ राख्नि केके गर्नेजिल्लाहरु उल्लेख भएको छ। र ति जिल्लाहरुमा के छ भन्दा एक किसिमको गाईडलाइन्स कहाँ राख्दा उपयुक्त हुन्छ।

भनेर चैनि त्यसबाट केहि कुराहरु आउँछ। त्यसप्रति संयोजक र त्यसका सदस्यहरु प्रति हार्दिक आभार प्रकट गर्दै मेरो केहि भनाईहरु राख्न चाहान्छु। अब योप्रदेश राजधानीका सम्बन्धमा विभिन्न ठाँउ विभिन्न बिचारहरु विभिन्न कुराहरु आईराको छ। र यसमध्ये के छ भन्दाखेरी यो २०४६ सालको जनआन्दोलन २०६२/६३ को आन्दोलन र त्यसपछि गएर २०७३ मा निस्किएको नेपालको संविधान अनुसार सार्वभौम सत्ता के हो भन्दाखेर जनतामा निहित र त्यहि संविधान अनुसार चैनि सार्वभौम सत्ता जनतामा निहित भएपछि हामि पनि के भयौ भन्दाखेरी जनताको प्रतिनिधित्व गरेर आउने चैनि हामि माननीय सदस्यहरु हौ।

हाम्रो दायित्व के हो त भन्दाखेरी जनताले के भन्छन, के चाहान्छन, कुन ठाँउ उपयुक्त हुन्छ, जुन विषयमा हामिले छलफल गर्ने आदि बारेमा त्यहाँ स्पष्ट रुपमा उल्लेख रहेको छ। र मलाई लाग्छ यो प्रदेश राजधानीको बारेमा मैले बारम्बार के भन्या छु

भन्दाखेरी सबभन्दा पहिला जनमत नै हो। जनमतको प्रतिबिम्व हेर्ने हो भने यही ठाँउबाट पनि जनमत कहाँ छ भन्ने कुरा चैनि स्पष्ट रुपमा देखिन्छ। संभवत त यहाँ बस्ने माननीय साथिहरुको चैनि ७० प्रतिशत भन्दा बढि अथवा त्यो भन्दा माथि पनि जाला के छ भन्दाखेरी प्रदेश राजधानी काभ्रे नै हो भनेर चै धेरैले आ-आफ्नो भावनाहरु व्यक्त गर्नुभएको छ। र मेरो भावना पनि प्रदेश राजधानी काभ्रे हुनुपर्छ।

कारण के हो त भन्दाखेरी यो पहिलाको चैनि अंञ्चलको हिसावले ८ वटा जिल्ला भएको बागमती अंञ्चल र त्यसबाट बाहेक त्यो के छ भन्दाखेरी सिन्धुली, रामेछाप, दोलखा र यसपछि गएर चितवन त्यसपछि गएर मकवानपुर जिल्ला यो पाँच वटा पछि थपेको जिल्लामा सबैभन्दा भुगोलको हिसावले पनि अनि एउटा गणितको हिसावले गणितमा के भन्छ भन्दाखेरी केन्द्र भनेको चै के हो त भन्दाखेरी जहाँ केन्द्र हो त्यस ठाँउमा सबै ठाँउमा सेवा सुविधाहरु मानिसलाई चाहिने आवश्यक पर्ने सेवा सुविधाहरु, साधनहरु, स्रोतहरु परिचालन गर्न सकिन्छ।

यो हामि जहाँ बसे पनि हुनत आखिर यो मकवानपुर पनि हाम्रै नेपालको एउटा महत्वपुर्ण जिल्ला हो। अरु पनि हो तर सेवा र सुविधा पहिला हामिले के भनेको थियौ भने जनताको अगाडी गएर सिंहदरवारको अधिकार गाँउ गाँउमा, घर घरमा, व्यक्ति व्यक्तिमा पुर्याउछौ भनेर भन्या थियौ। तर अहिले कता कता चैनि के छ भन्दाखेरी त्यो हाम्रो भनाइहरु त्यो नाराहरुलाई चैनि के भन्दाखेरी विर्सेर हामि सबैले विर्सेर के भनिराछौ भन्दाखेरी प्रदेश राजधानी बारेमा चैनी हेटौंडा हुनुपर्छ भन्ने एक किसिमको एउटा आवाजहरु आइराको छन्।

तर त्यसले के गरेराछ भन्दाखेरी जनताको मनोभावना जनताको ईच्छा आकांक्षामा कुण्डा भैराको छ। कुण्डा पुर्याइराछ। हामिलाई पनि कुण्डा लागिराछ। र म यो पार्टि त्यो पार्टि नभनौ कुनै एउटा पार्टिले के भन्देखि त्यसको सचिवालयबाट एउटा फर्मान चैनि जारी भएको छ। हेटौंडा चै राजधानी बनाउनुस प्रदेश राजधानी बागमती बनाउनुस भन्ने एउटा फर्मान जारी भाको छ। त्यो के छ भन्दाखेरी यो २०७३ सालको संविधान अनुसार एकदमै त्यो संविधानको भावना प्रतिकुल संविधानको चाहाना प्रतिकुल र जनताको

अधिकार खोस्ने काम गरेको छ त्यस प्रति हामिलाई के भन्दाखेरी दुख लागेको छ। दुख व्यक्त गर्न चाहान्छु।

त्यो भन्दा बढि भन्न सकिदैन। र अर्को कुरा के छ भन्दाखेरी अलिअलि गरेर सरकारले यो प्रदेश सरकारले भन्दा पनि संघिय सरकारले के छ भन्दाखेरी जनतामा भएको अधिकारहरु क्रमशः खोस्दै खोस्दै लैजाने अभियान गरेको छ। जसमा मिडिया काउन्सिलको विधेयक जस्तो भयो अथवा के छ भन्दाखेरी संवैधानिक परिषदमा विपक्ष दलको नेताको अनुपस्थितिमा पनि निर्णय गर्न सक्नि भनेपछि के छ भन्दाखेरी जनताले प्राप्त गरेको अधिकार खोस्ने काम भाको छ।

त्यस प्रति हामि के भन्न चाहान्छौ भन्दा नेपालि कांग्रेसको तर्फबाट यो घोर अन्यायर त्यो संविधान विपरीत छ त्यसलाई सुधार गर्नुपर्छ। सुधार के को आधारमा हुन्छ भन्दाखेरी यो स्थानिय तह प्रदेश र संघ बाट र करको भारबाट तिनैवटा सरकारले यति जनतालाई करको भार बोकाईदिएको छ। त्यो करको भारबाट पनि मुक्त हुनको लागी नयाँ किसिमको स्रोतको आवश्यकता छ। भन्ने भनाई राख्दै मेरो भनाइ यहि अन्त्य गर्न चाहान्छु। धन्यवाद। जय नेपाल।

**<u>माननीय सभामुख</u>ः-** अब म माननीय कुमारी मोक्तानलाई समय दिन्छु। समय ५ मिनेट।

**<u>माननीय कुमारी मोक्तान (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>ः-** माननीय सभामुख महोदय, माननीय दिपक निरौलाले पेश गर्नुभएको यो राजधानी सम्भाव्यता अध्ययन समितिको प्रतिवेदन माथि छलफलको क्रममा मेरो आफ्नो लागेको विषय बस्तुहरु यहाँ राख्न चाहान्छु। यो राजधानीको सम्भाव्यता अध्ययनबाट ल्याएको ढिला भयो चाडो भयो यसले ठिक गरेन अथवा राम्रो गरेन भन्ने भन्दा पनि मलाई लागेको कुरा के हो भने एकदम ठिक बेला ल्याएको छ।

समयका ल्याएको छ र अध्ययन समितिले ल्याएको पेश गरेको प्रतिवेदन असाध्यै गम्भिरता पुर्वक जिम्मेवारी पुर्वक र बुद्धिमल ढङ्गले पेश गरेको छ भन्ने कुरा मेरो बुझाई

छ। किनभने यसले सम्भाव्यता अध्ययनले पाँचवटा केन्द्रमा कहाँ कहाँ हुन सक्छ केके कारणले हुन सक्छ भन्दाखेरी यो यो कारणले हुन सक्छ भनेर यो सबै पाँचैवटा केन्द्रमा रहन नसक्ने भनेर लेखिएको छैन। र त्यसकारणले मेरो कुरा के हो भने राजधानीको केन्द्र कहाँ राख्ने अथवा जनताको मत अथवा हाम्रो मत आफ्नो अभिव्यक्ति अथवा आफुले मत जाहेर गर्ने छलफलमा भाग लिने कुरा एउटा कुरा हो।

तर मुख्य राजधानी कहाँ राख्ने भन्ने विषय बस्तु चै त्यसले ठुलो रोग निर्धारण गर्छ जस्तो लाग्दैन मलाई किनभने त्यसले निर्धारण गर्ने कुरा के हो भने राजधानीको केन्द्र जहाँ राखे पनि कामकारवाहिको रुपमा त्यसले सर्वसुलभ जनतालाई सजिलो अनि जनताको पहुँच जनतालाई असाध्यै सजिलो ढङ्गले त्यसको कामकारवाहिको कार्यालयहरुले संञ्चालनको काममा कठिनाइ आएन भने सबभन्दा राम्रो त्यहि हो। र जनताले चाहेको पनि त्यहि हो। र जनताको चाहाना पनि यहि हो कि हामिलाई सजिलो होस्। हामिलाई कठिनाइ नहोस भन्नि हो। त्यसकारणले गर्दा त्यसको चै कार्यालयहरु राख्दाखेरी प्रत्येक जिल्लामा छ। कामकारवाही हरु कार्यालयबाट जिल्लाबाट हुने हो।

र त्यसो हुँदा केन्द्र जहाँ राखे पनि जनतालाई प्रत्यक्षत्यसले त्यस्तो ठुलो अर्थ राख्दैन जस्तो लाग्दछ। र त्यसो हुँदाखेरी हामिले सत्ता सरकार संञ्चालनमा अनुभुति हुनेगरी जनतालाई सजिलो महसुस हुने गरी गर्नि हो संञ्चालनमा र अहिलेको चै यो सरकारको संञ्चालनको जनताको भावना संघिय लोकतन्त्रको मुल मर्म पनि यहि हो। त्यसो हुँदा यहाँ राख्दा र त्यहाँ राख्दा भन्नि भन्दा पनि मुख्य कारण यहि हो जस्तो मलाई लाग्छ।

त्यसो भएको हुनाले अब हामिले अहिले सबभन्दा राम्रो यो र त्यो भन्नु भन्दा पनि यो र त्यो ठिक हो भन्नु भन्दा पनिअहिले हामिले अस्थायि राजधानीको रुपमा मकवानपुर जिल्ला हेटौंडामा संञ्चालन भइराखेको छ।

र यसैलाई हामिले यहाँबाट अन्त लगौं भने भारको कुरा गरिराख्दा खेरी अब त्यहाँबाट अन्त लादा कति भार हुन सक्छ। हामिले किन भार खेपिरहनेअनि त्यसपछि गएर सबै सर्वसंमत बनाउनको निम्ति जनतालाई सजिलो बनाउनको निम्ति त हामिलाई

कठिनाई भनेको आउन जान हिड्न कठिनाई त हो। यो सरकारले जनतालाई सजिलो बनाउनको निम्ति बाटो घाटो सबै राम्रो यहाँबाट संञ्चालन गरेको मुख्य राजधानीले त्यो अहिले चै जहाँ कठिनाइ भेराखेको छ। दोलखा दोलखाको बाटोलाई राम्रो बनाउन त यहाँबाट संञ्चालन यो सरकारले संञ्चालन गर्न सकिहाल्छ।

यहाँबाट नुवाकोटलाइ संञ्चालन गर्न सकिहाल्छ। र नसक्ने कुरा होईन जहाँ नजिक पुर्याएर राख्दा खेरी पनि यो सरकारले अथवा राजधानीले ठिक ढङ्गले संञ्चालन गरेन भने त्यो अर्थ त घरभित्र लगेर राखेर अर्थ लाग्दैन्। मेरो बुझाई यो हो त्यसकारणले गर्दाखेरी माननीय ज्युहरुलाइ म के आग्रह गर्न चाहान्छु भने सबै हिसावले मकवानपुरको हेटौंडालाइ समर्थन गरिदिनको निम्ति अनुरोध गर्छु। र अर्को कुरा म पहिचानको कुरा यो नामाकरणको विषय बस्तु टुङ्गिन लाग्यो समय सिद्दिन लाग्यो। अहिले पहिचानको कुरालाइ किन यसले झगडा हुन्छ । यसले राम्रो गर्दैन भनिराख्दा खेरी म के आग्रह गर्न चाहान्छु भने अहिले पनि तपाईहरुले देखु भयो भने ३ नं. प्रदेश भित्र अदिवासि जनजातीहरुको बहुमत छ।

आदिवासि जनजातीहरुले अरु कुरा मागेको छैन। नामाकरण मात्रै बहुपहिचानको आधारमा राख्दियो भने राम्रो हुन्छ भनिराखेको बेलामा पशुपति अनि यो मात्रै किन हामिले बौद्ध राख्दिन सक्छौ नित त्यसो भए,स्वयम्भु राख्दिन सक्छौ नि त्यसो भए। हस् धन्यवाद।

**<u>माननीय सभामुख</u>:-** अब म माननीय केशव स्थापितलाई समय दिन्छु। समय ५ मिनेट।

**<u>माननीय केशव स्थापित (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** सभामुख महोदय, माननीय ज्युहरु यो सम्भाव्यता अध्ययन प्रतिवेदन भनेको प्रतिवेदन हो। प्रस्ट र किटानिका साथ भनेको सम्भावना छ भन्या है। जे छ त्यै भनेको हैन किटानि गरेको होईन। त्यसमा अलिकति सिर्जना थपियो यसमा अलि केही तत्व मिसाएर अलि कमरेट प्रचण्डको भाषणमा फ्यूजन गर्न पायो भने सुनमा सुगन्ध हुन्छ कि।

तर मढताले यो काखलाइ चै मुढा देख्छ क्या। सिर्जना थप्यो भने मुर्ति हुन्छ। पुज्याईयो भन्न सक्छ। यसकारणले मैले चै सङ्केत गरेको यो काठमाडौं उपत्यका हुदैन्। मैले त भने छेउ छेउ पनि हुदैन। धेरै ठाँउमा मत प्रकट गरियो। अझ केहि साथिहरुले त नुवाकोट कता कता भने त्यो पनि मलाई ठिक लागेन। भोट जगाउनलाई भन्नुभयो होला यस्तो भन्दा राम्रो होला। मैले भनेको यो हेटौंडाको ठाँउमा हेटौंडा उपमहानगरपालिका यहाँबाट गएपछि मनोहरी त्यसपछि खैरेनी त्यसपछि अर्को राप्ति रत्ननगर सम्म किन नजानि भनेको मुख्यमन्त्री पनि हृदउ ठुलो छ भन्लान।

यो उपमहानगरपालिका राजधानी नगरपालिका बनाउनु पर्ने के जरुरी भयो भनेको। अलि चित्त फुकाउन पाए कस्तो होला। यो ७० किलोमिटरको बाटोलाई यसलाई ८ बनाएर राप्तिको छेउछेउ मा चै बाटो बनाएर चुरेलाई संरक्षण गरेर यहाँको जिवजन्तुलाई संरक्षण गर्नि। यहाँ मैले पानीको स्टडि गरेको पानीको राम्रो संरक्षण गर्यो भने पानीको ७० करोड लिटर सम्म पानी प्राप्त गर्न सकिन्छ यहाँ। व्यापकता चितवनको माननीय लाई के फरक पर्यो। वरीपरिको माननीय फरक भो। केन्द्र परेन फरक पर्नि हो क्या। मैले भनेको रामेछाप र सिन्धुलि भन्दा वहाँहरुलाई चै अलि प्रमोसन गर्दिउ भनेर । यसो संकेत बुझ्नुस है यहाँ यति नै भन्नुपर्छ।

प्रमोसन गर्दिने भने १-२-३ भन्छन नि कक्षामा प्रमोसन गर्दिनि। अनि बारा पर्सालाई चै अलिअलि मित्र भन्दा आत्मासाथ गरेर यहि क्षेत्र मैले भनेको यो भुभागलाई मैले भने चितवन र मकवानपुर भनेको चि र म जोडेपछि चिम जस्तो हुन्छ। झललल हुन्छ। आठ लेनमा गाडि गुडाउदा क्या मजा हुन्छ। यो कोणबाट सोच्न सकिदैन।

सकिन्छ होला। त्यसैले अहिले पनि पुर्नर विचार गर्ने मुख्यमन्त्री यहाँ छ हेटौंडा भयो भन्नु अब त्यो पञ्चायतकालिन धङ्धङि छ भन्छ के भन्छ। हैन बाबा यहाँ कहाँ सम्म लम्बियो भने गैडा हेर्न आउ भनेको क्या मजा होला भनेको हात्ति हेर्न आउ हाम्रो प्रदेशमा भन्दा अब यो हेटौंडामा कहाँतिर हात्ति हेर्नु भन्ने लाग्छ। गैडा कहाँ हेर्ने भन्ने लाग्छ,तर्क गरिन्छ कित्यहाँ पनि विस्तार गरौला। यो बाटो त बिस्तार भएन यही ठाँउमा मुख्यमन्त्री भाको ठाँउमा अलिकति यो बाटो बिगत ३० बर्ष देखि विवादित एउटा बाटो

त भत्काउन सकेन के आश बोकेर जाने यहि हेर्नु न यो मुल बाटो कहिल्यै भत्केन केहि भएन। यसले मेरो अब अलिकती कुरा राखै।

केन्द्र बन्नि यसरी भो हाम्रो प्रदेशको नामाकरणको बारेमा पछि बोलौला। अब एउटा यसमा के देखियो भने यहाँ प्रस्शत ल्याण्ड छ पुर्वाधारहरु छ पानी छ जङ्गल छ जिवजन्तु छ, चराचुरुङ्गछ यो हाईवे छ, यति भए पुग्छ होला। अब के गरि यो निर्णयमा पुग्यो भने जग्गा बेचबिखन रोक्का गर्ने, यो म्यापिङ्ग गर्ने मास्टर प्लान बनाउने, आवश्यक ठाँममा चै यो मास्टर प्लान अनुसारको त्यो जग्गा अधिकरण गर्ने सरकारी जग्गा पहिचान भयो भनेर त्यहाँ त खेलकुद सबै विश्वले स्तरिय खेलकुल गरे भने त्यो ठाँउमा चै जिवजन्तुको अहिले त जरायो पाल्न पाउँछ। जिवजन्तु नै जिवजन्तु गरे पनि भो नि यस्तो धेरै सम्भावना छन्।

अलिकती दिमाखमा अलिकति खुलापन भयो भने यो प्रदेशका माननीयहरुको चित्त कति व्यापक छ भन्नि निर्णयले ठहर गर्दैन। त्यसैले चित्तको व्यापकता होस। हाम्रो अध्यक्ष कमरेड प्रचण्डले भन्नुहुन्छ नि क्रान्तिकारी छलाङ्गभनेको यहाँ नेर हुन्छ। जति हाम फाले पनि पञ्चायत कालको यो हेटौंडा अहिले पनि हेटौंडामा हाम फाले के को छलाङ्ग भनेको क्रान्तिकारीहरुले पनि झुङ्नुपर्दैन। छलाङ्ग गर्ने भए विचारमा चेतनामा छलाङ्ग मारौ यो दूई जिल्लालाई चै हामिले फ्युजन वहाँको भाषा यो पनि हो। फ्युजन गर्यो भने क्या गजव होला । सबैको बिवेक पुगोस्। धन्यवाद। नमस्कार।

<u>**माननीय सभामुख**</u>**:-** अब म प्रदेश राजधानी सम्भाव्यता अध्ययन बिषय समितिका सभापति माननीय दिपक निरौलालाई छलफलको क्रममा उठेको प्रश्नको जवाफ दिन अनुमति दिन्छु।

<u>**माननीय दिपक निरौला (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))**</u>**:-** माननीय सभापति ज्यु, तिन दिन देखि हामि यहि गरिमामय प्रदेश सभाले गठन गरेको राजधानी सम्भाव्यता अध्ययन समितिको प्रतिवेदन माथि छलफल गरिरहेका छौ। मलाई लाग्छ आजको छलफल सम्म आइपुग्दा ५५-५६ माननीय सदस्यहरुले आफ्ना बिचारहरु राख्नु भएको

छ। म आफ्ना बिचारहरु प्रस्तुत गर्नुहुने र ति विचारलाई गम्भिरता पुर्वक मनन् गर्नुहुने सबै माननीय सदस्यहरु प्रति समितिको तर्फबाट हार्दिक आभार र धन्यवाद व्यक्त गर्न चाहान्छु।

हामिले औपचारीक रुपमा पनि समितिको प्रतिवेदन बुझाइरहदा खेरी २०७६ असार २६ गतेको प्रतिवेदनमा पनि हाम्रो यो समितिलाई सहयोग गर्नुहुने माननीय सभामुख, माननीय उप-सभामुख, जिल्ला समन्वय समितिका पदाधिकारी, सदस्य, पत्रकार मित्रहरु, संघिय र प्रदेश माननीय लगायत सबै प्रति हामिले कृतज्ञता व्यक्त गरेका थियौ।

म यो अवसरमा पनि फेरी एकचोटि पुन यो हाम्रो सम्भाव्यताअध्ययन समितिलाई विविध क्षेत्रबाट सहयोग गर्नुहुने सबै प्रति हार्दिक कृतज्ञता र आभार व्यक्त गर्न चाहान्छु। छलफलमा धेरै बिषयहरु उठेका छन्। यो छलफलको बियषवस्तु आइरहदा खेरी मेरो मनमा धेरै बिषयहरु उब्जिएका थिए। कि वास्तवमा मैले यो संसदको यो रोस्ट्रम भित्र उभिएर जवाफ दिइराख्नु पर्ने आवश्यकता हो कि होईन्। मेरो जवाफको औचित्य हुन्छ कि हुदैन। मैले यो धेरै कोणबाट सोचे तर हामिले बनाएको कार्यविधी यस्तो रहेको छ कि मैले जुन मैले समितिको तर्फबाट मैले जवाफ दिनैपर्ने रैछ। तसर्थ म यो बाध्यकारी अवस्थाबाट म यहाँ उभिरहेको छु।

र यो मेरो बिचार भन्दा पनि मेरो समितिको बिचार रहनेछन्। तथापि उठेको केहि बिषयबस्तुहरुमा केहि मेरो व्यक्तिगत बिचार पनि आउन सक्ने सम्भावना छ। स्वाभिक आउने गर्छ। यसर्थ पनि हुन सक्छ कि म आफु रहेको समिति विगठन भैसकेको छ। मैले केहि बिषयको स्मरण गराउनु पर्ने पनि यहाँ जरुरि हुन्छ भन्ने ठानेको छु।

मैले यसर्थ स्मरण गराउनु पर्ने जरुरि हुन्छ कि माननीय सदस्यहरुले व्यक्त गर्ने बिचारको सिलसिलामा भन्नुभयो ढिलो प्रतिवेदन आयो भनेर। म मेरो विद्धान माननीयहरुको अध्ययन नै गर्ने बानी छैन त मैले कसरी भनौ।

म यो भन्न त सक्दिन माननीय सभामुख ज्यु। तर म यहाँ स्मरण गराउन चाहान्छु माननीय सदस्यहरुले सर्वपक्षिय यो प्रदेश सभामा प्रतिनिधीत्व गर्ने सबै दललाई

दलिय हिसाबले प्रतिनिधीत्व गर्ने गरिने संख्याको आधारमा तेह्र सदस्य समिति निर्माण गरिएको थियो र त्यो समितिको बैठकबाट मलाई सभापतिमा प्रस्ताव गरिएको थियो। मलाई संसदले यो सभाले सभापति बनाएको थिएन। हामितेह जना मध्येबाटै मलाई चै त्यहाँ सभापति छानिएको थियो। म एकपल्ट पुन मेरो टिमको साथिहरुलाई कृतज्ञता पनि व्यक्त गर्न चाहान्छु आभार पनि व्यक्त गर्न चाहान्छु।

र यो गरिमामय प्रदेश सभाले हामिलाई पैतालिस दिनको समय दिएको थियो। यो पैतालिस दिनको अध्ययनको समय दिईरहदा खेरी थोरै मैले समितिको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट क्षमा याचना गर्नै पर्छ। हो पन्ध्र दिनको समय हामिले ढिलो गरेको हो। मैले पन्ध्र दिनको समय ढिलो गरिरहेको बिषयबस्तु मैले किन क्षमा याचना गर्न मैले चाहे भने यो कुनै स्वार्थका कारणले गैर जिम्मेवारपनको कारणले गर्दाखेरी होईन। हामि अध्ययनको क्रममा जाने सिलसिलामा हामिले नुवाकोटबाट हामिले प्रस्थान गरेका थियौ।

काभ्रेबाट भक्तपुर आएर अध्ययनको सिलसिलामा त्यहाँ छलफलको क्रममा सहभागी भइरहेको अवस्थामा जव मैले काभ्रेको अध्ययन गरेर म साथिहरुसंग बिदा हुने खालको स्थिति बन्यो मेरो टिमका साथिहरु बिदा हुँदा खेरीम अचानक अस्वस्थ हुनको स्थिति बन्यो र मेरो स्वास्थको कारणले हतसम्म कामलाई अवरोध गर्ने खालको स्थिति बन्यो। म अध्ययन गर्न गएको पाँच वटा जिल्ला मध्ये चितवन जिल्लामा सहभागि हुन सकिन।

हो त्यहि कारणले गर्दाखेरी प्रतिवेदन लेख्नि अन्तिम टुङ्गो लगाउनको निम्ति स्वयम सभापतिको उपस्थिति आवश्यक हुन्छ भन्ने खालको समितिमा रहनु भएका साथिहरुको ठहरमा हामिले सभामुख संग निवेदन गर्यौं। र सभामुखले त्यो बिषयबस्तु यो गरिमामय प्रदेश सभालाई जानकार गराएर तपाई माननीयहरुले पन्ध्र दिन पनि थप दिनु भएपछि साठ्ठि दिनको समयभित्र हामिले हाम्रो प्रतिवेदन बुझाएका थियौ।

हामिले कहाँ नेर ढिलो गर्यौं। के तपाईहरु आफैले त्यो अधिकार प्रत्यायोजन गरेको बिषयलाई मैले आज यहाँ यसरी सम्झाउनु पर्दा म र मेरो समितिलाई दुख लागेको छ। मैले स्मरण गराउन मात्र चाहाको। अब यसपछि तपाईहरुले उठाउनु भएको

बिषयवस्तुहरुमा अर्को प्रश्न उठेको छ। यो समितिले किटानी व्यवस्थापन गरेर ल्यएर आउन सकेन । ठिकै बुझ्नु भएको रैछ। किटानी व्यवस्थापन चै नगरेकै हो। अनि यहाँ धेरै कोणबाट कुरा उठेको छ। प्रदेश सभाको अधिकार संविधानत: सँग अधिकार दिएका बिषयबस्तु खोसिएको छ। एकातिर हामि यो भनिरहेका छौ।

अर्को तिर समितिले किटानी लिएर आउन सकेको छैन यो कस्तो विरोधावास पुर्ण बिषय हो। हाम्रो संविधानले यो परिकल्पना गरेको छ। कि प्रदेश सभाले समिति गठन गर्ने अनि त्यो समितिले निर्णय गरेर निर्णयार्थ यहाँ प्रस्तुत गर्ने यो हाम्रो संविधानले पनि परिकल्पना गरेको छैन। यसर्थ सम्भाव्यता अध्ययन गरेर भनेको छ। तपाईहरुले दिएकै हामिलाई सम्भाव्यता अध्ययन गर्न हो किटानी गर्न दिनुइ भएन नि त।

अनि जुन अधिकार तपाईहरु नदिइ अनि त्यहि अधिकार नदिएको बिषयमा फेरी टिप्पणि गरेर लेर आउन सकेनौ। भनि त्यहाँ खेद व्यक्त गर्ने, दुखव्यक्त गर्ने,त्यहाँ आलोचना गर्ने मलाई त यस्तो लाग्यो कि यो गरिमामय प्रदेश सभाका माननीय सदस्यहरुले कतै आफैले आफ्नो लागि नै हिजो गरेका कमिकमजोरी गरिहाल्लेछ भनेर आफुलाई आत्मा साथ गर्न नसकेर समिति तर्फ पो औला ठड्याउनु भको हो कि। यदि त्यसो हो भनि त मलाई भन्नु केहि छैन। हैन भनेदेखि समितिको तर्फबाट मैले माननीय सभामुख मार्फत माननीय सदस्यहरुलाई यदि मात्र अनुरोध गरौ तपाईहरुले दिएको अधिकारलाई हामिले कुल्चिने दुस्शास गर्ने जरुरि किन गरेनौ। यसपछि यहाँ कति अन्य बिषयबस्तुहरु उठेका छन्। ति बिषयबस्तु मैले यो रोस्ट्रममा उभिएर जवाफ दिन आवश्यक छैन भन्ने लाग्छ। सबै प्रदेश सभाका माननीयहरुले हात हातमा आफ्नो कार्य सुचि लिएर बस्नुभएको छ।

माननीय सभामुखले हामि सबैलाई दिएको समय राजधानी सम्भाव्यता अध्ययन समितिकोप्रतिवेदन माथि नै छलफल गर्नु हो। न कि यसको अन्य बिषयबस्तुमा। हाम्रो समिति भन्दा बाहिर संग उठेका बिषयबस्तुको जवाफ दिईराख्नु सान्दर्भिक हो भन्नि मलाई लाग्दैन्। यो आफ्नो मेरो अधिकार क्षेत्र भित्र हो भन्नि मलाई लाग्दैन। यसर्थ माननीय सदस्यहरु आफैले मनन् गर्नुहोस। यि असार्दर्भिक बिषयमा म प्रवेश गर्न चाहान्न। अब

यहाँ अन्य कतिपय बिषयबस्तुहरु उठेका छन। ह्वीप लाग्न हुने कि नहुने कि दलले किन लगाउने म माननीय सदस्यहरुलाई विनम्रता आग्रह गर्न चाहान्छु।

हामि हाम्रा दलिय कुराहरु र दलिय व्यवस्थाका कुराहरुबाट नै हामि यहाँ आएका हौ। र दलका कुरा दल मै राख्ने खालको परम्पराको बिकास हुन जरुरी छ। यो गरिमामय सदनको गरिमा बढाउने खालको बिषयबस्तुमा हाम्रो ध्यान जान जरुरी छ। परिवारको बिचमा धेरै बिषयमा छलफल हुन्छ। घरभित्र धेरै कुराकानी हुन सक्छन। कहिलेकाँहि छिमेकि संग पनि राय, परामर्श, सल्लाहा लिन सकिन्छ। निर्णय त परिवारले नै गर्छ। त्यसकारणले यो प्रदेश सभा भित्र रहेका हामि विभिन्न आस्था राख्ने विभिन्न दलका माननीयहरु छौ। हामि एउटा विधि र प्रक्रियाबाट यहाँ आएका छौ।

त्यसकारण हाम्रो दल हाम्रो एउटा घर हो परिवार हो त्यो परिवारभित्र हामि के छलफल गर्छौं। त्यो अरुलाई सुनाई राख्नुपर्छ जरुरी छैन। छिमेकमा बसिसकेपछि छेउमा भएका घटनाक्रमहरु बाट प्रभावित हुन सकिएला सुन्न सकिएला त्यो दोस्रो विषयबस्तु हो। सुनेका सबै बिषयबस्तु गित गाइ राख्नुपर्छ मलाई लाग्दैन। अनि ति बिषयबस्तु ठिक कि बेठिक अनि यो समितिको दायरा पनि थिएन, अधिकार पनि थिएन।

अनि मैले म सभापति भएपछि म उभिएर जवाफ पनि दिनुपर्छ जस्तो मलाई लाग्दैन। त्यसकारणले गर्दा मैले धेरै बिषयबस्तु समितिबाट मैले जवाफ दिराख्नु पर्ने बिषय पनि मैले देखेको छैन। माननीय सभामुखज्यु यशर्त म यति मात्र निवेदन गर्न चाहान्छु कि तपाईहरुले जे बिषयबस्तु व्यक्त गर्नुभएको छ यि सबै बिषयबस्तुहरु प्रति हाम्रो समिति जुन तपाईहरुलेर जन्माउनु भएको थियो तपाईहरुलाई आभार व्यक्त गर्न चाहान्छ। तपाईहरुले हामिलाई जुन अवसर दिनुभयो। यसप्रति कृतज्ञता व्यक्त गर्न चाहान्छौ। यो संसद चलिरहदा खेरि हामि तेरै जनाको बिषयबस्तु गर्ने हो भने एकले अर्कालाई राम्रो संग चिन्न सकेका थिएनौ।

एकले अर्काको भावना बुझ्न सकेका छैनौ। तर यो बिशेष समिति गठन र तेह्र जना भित्रको एउटा आत्मियता हार्दिकता बढाउने खालको परिवेश बन्यो। संसदिय आत्मियता बिकास गर्ने खालको परिस्थिति बन्यो। एक अर्कालाई घुलमिल हुने खालको

अवसर जुन सिर्जना भयो। यो अवसर सायद धेरै समितिले प्राप्त नगर्न पनि सक्छ। तर हामिले त्यो अवसर प्राप्त गरेका छौ। यसर्थ हामि यो संसद प्रति माननीय सभामुख प्रति कृतज्ञता र आभार व्यक्त गर्न चाहान्छौ। यसर्थ फेरी पुन समय एकचोटि तपाईहरुलाई हामिले केके चै गरेका थियौ त अध्ययनका क्रममा कहाँ नेर लग्या थियौ भन्ने बिषयलाई धेरै प्रस्ट पार्ने मात्र प्रयास गर्नेछौ। मैले तेह्र जना माननीय सदस्यहरुको यहाँ नाम लिराख्नुपर्छ भन्नि मलाई लाग्दैन।

हाम्रो समितिले प्रतिवेदन लेखन गर्नको लागि एउटा उप-समिति गठन गरेको थियो। यसको संयोजक माननीय बिशाल खड्का, प्रभात तामाङ्ग, बिजय सुवेदी जि, रिना गुरुङ्ग, सुरेन्द्रराज गोसाई रहेको पाँच सदस्य प्रतिवेदन लेखन समिति हामिले गठन गरेका थियौ। भने अर्को प्रश्नावलि तयार गर्ने एउटा चै उप-समिति कार्यदल पनि हामिले निर्माण गरेका थियौ। यसको संयोजक माननीय छिरिङ्ग दोर्जे लामा हुनुहुन्थ्यो। सदस्यमा डा. राम कुमार अधिकारी, बिजय राज श्रेष्ठ, बसन्त मानन्दर, जगत बहादुर सिम्खडा रहेको हामिले प्रश्नावली समिति बनाएका थियौ। अनि हामिले एउटा आचार समित्ता पनि निर्माण गरेका थियौ। हामि तेह्र जनाको बिचमा कम्तिमा समितिमा रहुञ्जेल सम्म र समितिले प्रतिवेदन नबूझाउन्जेल सम्म हामि हाम्रा व्यक्तिगत राय र धारणाहरु सार्वजनिक गर्ने छैनौ भनेका छौ। तेह्रै जना प्रतिनिधिहरु हामिले कहिले पनि हाम्रा व्यक्तिगत राय र धारणालाई सार्वजनिक गरेनौ।

हामिले एकिकृत रुपमा एक जनाले बोल्ने मुलभुत रुपमा समितिको सभापतिले पत्रकार साथिहरु संग आफ्ना बिचारहरु समितिका बिचारहरु संप्रेषण गर्ने भन्ने हामिले एउटा हाम्रो लागी एउटा आचार संहित बनाएका थियौ। मलाई लाग्छ यो समिति कहिल्यै पनि यसर्थ विवादमा पर्ने स्थिति बनेन। यसपछि हामिले प्रश्नावलि बनाउन टि.ओ.आर प्राप्त गरेको माननीय सदस्यहरुको टिमले १७५ वटा जित प्रश्नहरु बनाइसकेछन्। यसलाई हामिले संक्षेपमा ढाल्ने क्रममा १२१ वटा प्रश्न त्यहाँ प्रदेशका राजधानी हुनको लागि आवश्यक पर्ने क्षेत्र के के हुन सक्छन। कतिवटा भवनहरु चाहिन सक्छन। कस्ता कस्ता कार्यालयहरु राख्नुपर्छ। यसको बिषयबस्तु तयार पारेर काठमाडौं जिल्ला

बाहेकका बाह्र वटा जिल्लालाई हामिले प्रश्नावलि जिल्ला बिकास समन्वयमा ईमेल मार्फत पत्राचार गरेका थियौ। वहाँहरु संग हामिले उत्तर माग्यौ।

हामिलाई ति उत्तरहरु आउन समय लागेपछि हामिले केहि समय त्यसमा थप गर्यौं। यो थप गरिरहदा खेरी सिन्धुपाल्चोक, ललितपुर, रामेछाप, मकवानपुर, भक्तपुर, नुवाकोट, चितवन, काभ्रे जिल्लाले मात्रै बाह्रवटा जिल्ला मध्ये यि जिल्लाले मात्रै हामिलाई हामिले पठाएको प्रश्नको जवाफ दिनुभएको थियो। नआएका जिल्लालाई पनि हामिले भन्यौ वहाँहरुले भन्नुभो हाम्रो लागि राजधानीको बिषयमा अध्ययन गरिराख्नु आवश्यक हामिले ठानेनौ यसर्थ तपाईहरुलाई हामिले नबुझाएका हौ। यो संसदको हामिले अपमान गर्न चाहेका हैनौ। बूझाउनै पर्छ भने त हामि बुझाउछौ।

तर यो आवश्यक छैन भन्ने खालको कुरा यहाँ गर्नुभयो। यिनै जिल्लाहरु मध्ये कतिपय जिल्लाहरुलाई हामिले फोन गरेपछि मात्र दोस्रो चरण फोन गरेपछि मात्रै वहाँहरुले उत्तर पठाउनु भयो। वहाँहरुले दिएको तथ्थाङ्कको आधारमा वहाँहरुले आफ्नो जिल्लाको बिषयमा दिएको रिपोर्टको आधारमा हामिले छलफल गर्यौं। हामि सदनमा दर्ता भयो कि भएन ठान्ने खालको बियषबस्तुमा हामिले हाम्रो अध्ययनलाई अगाडि बढाएका थिएनौ। माननीय सदस्यहरुलाई अवगत नै छ। गएको बर्खे अधिवेशनमा राजधानीको स्थान तय गर्ने कार्यविधि हामिले पास गरेका थियौ। मलाई लाग्छ यो आजको छलफलको समापन संग संगै बल्ल यो संसदमा औपचारिक रुपमा राजधानी कुन ठाँउमा राख्ने भन्ने बिषयले बल्ल प्रवेश प्राप्त गर्नेछ। आज सम्म त बिषय प्रवेश गरेकै छैन।

त्यसकारण हामिले कसले दर्ता गर्यो कि गरेन भन्ने बिषयबस्तुमा हाम्रो ध्यान गएन। हाम्रो ध्यान त हामिले बनाएका प्रश्नावलि र त्यो प्रश्नावलिको उत्तरमा आएका केन्द्रिकलाई केन्द्रबिन्दु बनाएर हामिहरुले छलफल गर्यौं। यो छलफलका आधारमा हामिले फिल्डमा जानुभन्दा अगाडि ति कागजि डकुमेन्टहरुलाई हामिले पर्याप्त मात्रामा अध्ययन र छलफल गर्यौं। हामिले केहि विज्ञहरु संग सरसल्लाह गर्ने खालको स्थिति बन्यो। त्यसको आधारमा पाँच वटा जिल्ला सम्म जान उपयुक्त हुन्छ भन्ने हाम्रो निस्कर्ष निस्कियो। हो यहि निस्कर्षको आधारमा हामिले पाँचवटा जिल्लामा गयौ। पाँचवटा

जिल्ला मध्ये पनि हामिले कुनै जिल्लालाई पहिलो या दोस्रो बिषयबस्तु बनाउन हामिले आवश्यक ठानेनौ। यसर्थ ठानौ कि तपाईहरुले दिएको अधिकारले त्यो थिएन। यो गरिमामय प्रदेश सभाले हामिलाई त्यो अधिकार नी दिएको थिएन। कसैलाई पहिलो राख कसैलाई अन्तिम राख भनेर अधिकार दिएको थिएन। त्यसकारणले गर्दाखेरी एउटा विधिको बिषयलाई सोचौ त्यो विधि के हुन सक्छ भन्दाखेरी वर्णानुक्रम अनुसार राख्दाखेरी सबैभन्दा उपयुक्त हुन सक्छ भन्ने खालको लाग्यो।

यो निस्कर्षका आधारमा प्रतिवेदन लेखन उप-समितिले पाँचवटा जिल्लाहरुको बस्तु स्थितिको आधारमा वर्णानुक्रम को आधारमा गर्न सिफारिस गरेको हो। हामिले त्यहि भनेका छौ। त्यहि आधारमा हामिले ल्याएका छौ। यहि ढङ्गले माननीय सदस्यहरु र आम जन समुदाय र पत्रकार मित्रहरुले यसैगरी बुझदिनु हुन्छ भन्ने हामिले फेरी पनि विश्वास लिएका छौ। मैले यि कुराहरु तपाईहरुलाई निवेदन गरिरहदा खेरी र यसपछिका बिषयबस्तुका हामिले जिल्लामा गईरहदा खेरी पाँचवटा जिल्लामका जाँदा खेरी हामिले संघिय संसदका माननीय ज्युहरुलाई हामिले त्यहाँ आमन्त्रण गयौ।

जिल्ला समन्वय समितिको सिङ्गगो परिवार त हामिले आयोजककै रुपमा हामिले त्यहाँ लिएका थियौ। स्थानिय पत्रकार साथिहरुलाई आमन्त्रण गरेका थियौ। राजनितिक कर्मिहरुलाई हामिले आमन्त्रण गरेका छौ। र जिल्ला समन्वय समितिले आवश्यक ठानेर अन्य व्यक्तित्वहरुलाई गरेको थियौ भने प्रशासनिक क्षेत्रको हिसाबले पनि त्यो जिल्लामा कार्यरत रहेको मालपोत, त्यो जिल्लाको नापि, वन लगायतका कार्यालय जिल्ला प्रशासन प्रमुख सि.डि.यो. लगायत हामिले त्यो कार्यक्रममा बोलाएका थियौ। सबैले भनाई र बिचारहरु हामिले टिपेट गर्नि, लिपिबद्ध गरेर त्यसलाई जस्ताको तस्तै गर्ने काम हामिले गरेका थियौ। जुन अनुसुचिमा हामिले उर्ल्लेख गरेका छौ। यो विधि र प्रक्रियाको आधारमा यसर्थ हचुवाको भरमा,मन लागेको भरमा,आग्रहका भरमा, लादिएको भरमा यि बिषयबस्तु आएका हैनन्।

गम्भिरता पुर्वक हामिले छलफल गरेर हामिले यि बिषयबस्तु ल्याएका हौ। हामि तेह्र जनाले त्यहाँ छलफल गरिरहँदा खेरी एउटा बिषयबस्तु चै हामिले बिर्सिएका थियौ

त्यो हो दल दलका विचार। हामि सबै संविधानले व्यवस्था गरेका निर्वाचनका दुई वटा विधिबाट निर्वाचित भएका माननीयहरु नै त्यहाँ रहेका थियौ। आज हामि संशोधन त्यही छ। हामि कोहि माननीयहरु पार्टिको टिकट लिएर जनताबाट प्रत्यक्ष अनुमोदित भएका माननीय आज यहाँ छौ। अनि कोहि माननीयहरु जनताले पार्टिलाई मत दियो र पार्टिलेखाममा राखेको नाम निर्वाचन आयोगलाई यो खाम भित्रका नामलाई मात्रै निर्वाचित गरियोस भनेर पार्टिले पुन फेरी पत्र दिएर निर्वाचित भएका माननीयहरु यहाँ छन्। विधि र प्रक्रिया त त्यहि भित्र बाट आएका छन्। तर पनि हामिले ति बिषयबस्तुलाई ठाटि राखेका थियौ नि त।

त्यसकारणले म समितिको तर्फबाट फेरी पनि यो विगठित समितिको सभापतिको तर्फबाट भन्नुस या वगठित समितिको तर्फबाट भनौ जसरी यो छलफलका लागि सहजता प्रदान गर्नका लागी सर्वसंवत ढङ्गले एउटा समिति मार्फत अगाडी बढ्नुपर्छ भन्ने जुन ठुलो हृदय बनाउनु भएको थियो माननीय सदस्यहरुले अब दलका नेताहरुले बनाउनु भएको थियो। तपाईहरु एकचोटि छलफल गरेर बस्नुस। एउटा साझा अवधारण पाँच वटा जिल्ला भित्रको साझा अवधारण लिएर एउटा स्थानको बिषय तपाईहरुले लिएर आउन सक्नुभयो भनि तपाई दलका नेताहरु र हामिले विश्वास गरेका दलका नेता हामिले चुनेका दलका नेताहरु प्रति जुन माननीय सदस्यहरुले विश्वास देखाउनु भएको छ।

माननीय सदस्यहरु र दलका नेताहरुले पनि त्यहाँ ध्यान दिन सक्नुभयो भने हामि सबैको गरिमा बढ्नेछ। यो प्रदेश सभाको गरिमा बढ्नेछ। त्यसकारणले म अझै पनि समय छ। दलका नेताहरु र हामि माननीयहरु त्यसकारण ध्यान दियौ। आफ्नो दल र दलका प्रति त्यसप्रति प्रेरित गरौ। साझ एउटा स्थान तोकेर यो प्रदेश सभाबाट हामि बाहिरिन सक्ने खालको स्थितिबनोस। यो शुभकामना दिन चाहान्छु। आजको आवश्यकता के हो यो हाम्रो समितिले ठहर गरेको विषयबस्तु यहि नै हो। म यो निवेदन गर्न चाहान्छु। अब यहाँ प्रश्न उठेको थियो कि यो समितिले कति खर्च गर्यो। धेरै पैसाहरु चै अनावश्यक ढङ्गले उठाउने काम पो गरेको छ कि ।

साच्चै राम्रै चकचकि गर्नु भो कि माननीय सदस्यहरुले भन्ने पनि छ। त्यहाँ भित्रका पिडा थिए कि थिएन म त्यता जान चाहान्न। दुख व्यहोर्नु पर्यो कि परेन भन्न चाहान्न। मैले अघि के भने त्यो त हाम्रो लागी अत्यन्त स्मरणिय दिनहरु बनेका छन्। ति साठ्ठि दिन हाम्रो लागि स्मरण योग्य रहेका छन। जसले गर्दा हामिलाई मित्रवत रुपमा अघि बढ्न प्रेरणा दिएको छ। त्यसकारणले त्यहाँ रहेका सबै पिडाहरु हाम्रा लागि सुखद भएका छन आज यसर्थ हामिले दुख दिएका छैनौ। खर्चको मितव्ययिता बन्नुपर्छ भन्निमा यो समिति उदाहरणिय बनोस भन्नि हामिले चाहेका थियौ। त्यही तर्फ हामि अग्रसर पनि रहेका थियौ। त्यसैले हामिले पहिलआ बैठक मै अनौपचारिक रुपमा हामिले के निर्णय गर्यौ भने हामिले टि.ए.डि.ए. लिनुपर्ने जरुरी हुदैन। यो एउटा परम्परा कायम हुन्छ हुदैन त्यो आफ्नो ठाँउमा छ। तर हामिले एउटा ईतिहास रच्ने ठाँउमा आएको छौ भने देखि हामिलेटि.ए.डि.ए. लिनु हुदैन भन्ने खालको बिषयबस्तु अगाडी बढ्यो।

हामिले वास्तवमा त्यता नलिने भनेर भयौ। हामिले संसद सचिवालय त्यो बिषयको जानकारी गरायौ। तर पनि संसदको काममा गएको कारणले गर्दा खेरी खानु त पर्यो बस्नु त पर्यो यातायातमा तेल त हाल्नै पर्यो यातायातको भाडा वापत भनेर हामिले यातायात नै भाडामा लिने काम भनेको मकवानपुरबाट चितवन जाने सिलसिलामा मात्रै हामिले एउटा गाडि भाडामालियौ। नभए हामि माननीय सदस्यहरुको गाडिलाई संघसंस्थाबाट तेल हाल्देर नै हामिले मितव्ययिता अपनाउने प्रयत्न गरेका छौ। यसो गरिहरदा खेरी १३ जनाले साच्चै राम्रै गर्नुभएछ र अलि वेशि नै धन्यवाद प्राप्त गरिएला भन्ने हामिलाई लागेको थियो।

तर बिडम्वना भन्नुपर्छ हाम्रा विद्धान माननीय सदस्यहरुले फजुल खर्च गरे भनेर प्रश्न उठाउनु भयो । म वहाँहरुलाई पनि धन्यवाद र आभार व्यक्त गर्न चाहान्छु समितिको तर्फबाट किनकी वास्तविक खर्च कति थियो आज हामिलाई पनि थाहा थिएन। तपाईहरु नपत्याउन सक्नुहुन्छ। तपाईहरुले प्रश्न गरिसकेपछि मात्रै संसद सचिवालयको लेखालाई हामिले गएर सोध्यौ मैले सोधे अनि मैले पनि मेरा टिममा रहनुभएका साथिहरुलाई त्यसपछि मात्रै जानकारी गराए कि माननीय सदस्यहरु हामिले गरेको खर्च

यति रैछ। मैले यो गरिमामय प्रदेश सभामा सभामुखको अनुमतीले यो सुनाउन पाउदा हामि प्रदेश यो समिति गौरवान्वीत भएका छौ। म वहाँहरुलाई आभार व्यक्त गर्न चाहान्छु। धन्यवाद दिन चाहान्छु। तपाईहरुले सकारात्मा सोचले माग्दिनु भएको थियो भन्ने ढङ्गले नै मैले यसलाई बुझेको छु। र हाम्रो समितिले ३,७४,९०३ रुपैयाँ खर्च गरेको रहेछ।

यो पाँच वटा जिल्लामा जादा खेरीको आवास खर्च जसमा मकवानपुर जिल्लाको आवास खर्च हामिले दिएका छैनौ। यहाँ हाम्रा आ-आफ्नो डेरा थिए डेरा नभएर होटलमा बस्ने माननीय साथिहरु पनि हुनुहुन्थ्यो। वहाँहरुले होटलको खर्च पनि आफैले व्यहोर्नु भयो। हामिले मकवानपुरको हकमा लिएका थिएनौ। बाँकि चारवटा जिल्लाको हकमा मात्रै हो। त्यसपछि प्रतिवेदन लेखनका सिलसिलामा पनि स्टेशनरीमा खर्च भए इन्धन मैले अगिनै भने हामिले हाम्रै यातायात साधन प्रयोग गरेर ति यातायातका साधन लाई चाहिने तेल चै हामिले संसद सचिवालय कै खर्च गरेका थियौ। ति चिजहरुको मात्र हामिले खर्च गरेका छौ। ति देखि बाहेक अन्य कुनै बिषयबस्तु पनि हामिले प्राप्त गर्ने प्रयत्न हामिले गरेनौ। त्यता तर्फ नजर घुमाउने दुस्सास पनि गरेनौ हामिले।

सोच पनि बनाएनौ। म यति माननीय सदस्यहरु संग निवेदन गर्न चाहान्छु। यो छलफलको प्रक्रियामा तपाईहरुको सक्रिय सहभागिता र यो अवसर प्रदान गर्नुहुने माननीय सभामुख कार्यपरामर्श लगायत सबैलाई पुन: एकपटक आभार र कृतज्ञता व्यक्त गर्दै हाम्रो समितिलाई जुन अवसर दिनु भो म सिङ्गो समितिको तर्फबाट सबै प्रति आभार र कृतज्ञता व्यक्त गर्दै मेरा आफ्ना विचारहरुलाई यहि अन्त्य गर्दछु। धन्यवाद।

**माननीय सभामुख:-** माननीय सदस्यहरु अब यो छलफल यहि समाप्त हुन्छ।

माननीय सदस्यहरु प्रदेशको स्थायी राजधानी तोक्ने सम्बन्धी कार्यविधि २०७६ को अनुसुचि १ बमोजिमको ढाँचामा प्रदेश राजधानी सम्भाव्यता अध्ययन बिषेय समितिले सिफारिस गरेको जिल्ला मध्येबाट प्रदेशको राजधानी सम्बन्धी प्रस्ताव दर्ता गर्न र प्रदेशको नामाकरण सम्बन्धी कार्यविधि २०७६ को अनुसुचि १ बमोजिमको ढाँचामा

प्रदेशको नामाकरण सम्बन्धि प्रस्ताव दर्ता गर्न चाहानु हुने माननीय सदस्यहरुलाई प्रदेश सभा सचिवालयमा प्रस्ताव दर्ता गर्नको लागि मिति २०७६ पौष २६ गते शनिवार बिहान ९ बजे देखि ११ बजे सम्म समय तोकिएको छ।

माननीय सदस्यहरु अब अर्को बैठक मिति २०७६ साल पौष २६ गते दिनको १ बजे बस्ने गरी यो बैठक स्थगित हुन्छ।

**(तदनन्तर बैठक २०७६ साल पुस २६ गते शनिवार दिनको १:०० बजेसम्मका लागि स्थगित भयो।)**

**अन्त्य - दिनको ५:३३ बजे।**

# प्रदेश सभा
# प्रदेश नं ३
# पाँचौ अधिवेशन
# कारवाहीको सम्पूर्ण विवरण

२६ पुस, २०७६

शनिबार

(बैठक संख्या - ५)

**प्रदेश सभाको पाँचौ अधिवेशको आजको बैठक माननीय सभामुख श्री सानुकुमार श्रेष्ठको अध्यक्षतामा दिनको १:०० बजे प्रारम्भ भयो।**

**माननीय सभामुखः-** माननीय सदस्यहरु, प्रदेश सभाको आजको बैठकको कारवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरु, आज शुन्य समय र विशेष समयको कार्यक्रम नरहने व्यहोरा जानकारी गराउँदछु।

माननीय सदस्यहरु प्रदेश सभा नियमवालि, २०७४ को नियम ९५ बोमोजिम अध्यादेश अस्वीकार गर्ने सम्बन्धमा कुनै सूचना प्राप्त नभएकोले माननीय मुख्यमन्त्री डोरमणि पौडललाई प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्ने बनेको अध्यादेश, २०७६ स्वीकृत गरियोस भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

**<u>माननीय डोरमणि पौडल, मुख्यमन्त्रीः</u>-** माननीय सभामुखज्यू सभामुखज्यूको अनुमतिले प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको अध्यादेश, २०७६ स्वीकृत गरियोस भन्ने प्रस्ताव सम्मानित सभामा पेश गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु माननीय मुख्यमन्त्री डोरमणि पौडलले प्रस्तुत गर्नुभएको प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्ने बनेको अध्यादेश, २०७६ स्वीकृत गरियोस भन्ने प्रस्तावलाई निर्णयर्था प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोस् ।

हुन्न भने आवज सुनिएन तसर्थ प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्ने बनेको अध्यादेश, २०७६ सर्वसहमतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु प्रदेश ३ नं. को राजधानी काभ्रेपलान्चोक जिल्लाको धुलिखेल तोकियोस भन्ने प्रस्तावका प्रस्तावक माननीय रमेश पौड्याललाई आफ्नो प्रस्ताव पेश गर्न अनुमति दिन्छु।

**<u>माननीय रमेश पौड्याल (विवेकशील साझा पार्टी)ः</u>-** माननीय सभामुख महोदय, आफ्नो प्रस्ताव वाचन गर्नु अगाडी प्रस्ताव किन राख्नु पर्यो भन्ने कुरा हो औचित्यमामा थोरै कुराहरु राख्न अनुमति चाहन्छु।

विगत २ वर्ष देखि संसदमा निरन्तरत बहस चलि राखेको छ। त्यो बहस के चाली राख्छ भन्दा खेरि यो प्रदेशको राजधानी काहाँ हुनु पर्छ ? र यहाँ अधिकांश मतहरु यहाँ दर्ज भएका छन। पटक पटक माननीयज्यूहरुले संसदमा मत दर्ज गर्नुभएको छ। म चाहिँ काभ्रेपलान्चोक जिल्लाको लागि अत्धिक रुपमामा दर्ज भएको छ।

यति मात्र होईन पहिलो प्रस्ताव रुपमा पनि काभ्रेपलान्चोलाई राजधानी बनाईयोस भनेर यहि हाउसमा प्रस्ताव पनि दर्ता भएको जानकारी गराउन चाहन्छु र अहिले आज म आफु प्रस्तापक र माननीय शोभा शाक्य र माननीय धिरभक्त श्रेष्ठ समर्थक गर्दै एउटा प्रस्ताव आज हामीले दर्ता गरेका छौ।

वास्तवमा यो हाम्रो प्रस्ताव होईन। यो सिङ्गो हाउसको प्रस्ताव हो। यो किन भने देखि यो एउटा परिक्षा काहाँ निर छ भन्दा खेरि हाउसमा अभिव्यक्त भएका विचारहरु, हाउसमा बोलेका रेकर्ड गरिएका विचारहरु कति सत्यमा आधारित छन। कति तथ्यमा आधारित छन भन्ने कुराको पनि निरुपण गर्ने यो बेला आएको छ भन्ने मलाई लाग्छ र यसै विचमा म के राख्न चाहन्छु भन्दा खेरि छलफलमा क्रममा गएको ७२ घण्टाको छलफलमा के हेरौ भन्ने ५२ जना माननीय सदस्यज्यूले आफ्नो राय राखु भएको छ।

त्यस मध्ये ८० प्रतिशत माननीयज्यूले चाहिँ मकवापुरको हेंटौडा राजधानी उनुपियुक्त छ भनेर मत दर्ज गनुभएको छ। त्यसैले गर्दा खेरि अहिले हामी यो निर्णयक भोडमा पुग्दा खेरि अब ति मतहरुले गर्दा खेरि हामीले राखिरहेको अगाडी बढाई रहको प्रस्तावलाई यो सिङ्गो हाउसको प्रस्तावको रुपमा हामीले लिएका छौ र यहि बिचमा धेरैलाई लाग्न सक्छ। बहसको क्रममा पनि आएको छ। राजधानी भन्नेको पिडिको डिलमा खोजेर पाईन्छ र भन्ने पनि प्रश्न आएको छ।

म निवेदन गर्न चाहन्छु। म प्रस्ताव र यो प्रस्तावको समर्थन गर्दे अरु २ जना सदस्यहरु हुन्छ। उहाँहरुको घर घडेरी काभ्रे जिल्लामा नरहेको व्यहोरा म यो सम्मानित संसदलाई जानकारी गराउँन चाहन्छु। त्यसले गर्दा यो हामीले पिडीको डिलमा राजधानी खोजेको विषय होईन।

६० लाख नागरिकहरुको अधिकार स्थापित खोजेको हो। उहाँहरुको पहुँच सुनिश्चत गर्ने खोजेको विषय हो। त्यो रुपमा मैले गमीरता पुर्वक यो संसदमा राख्न चाहन्छु। यति राखि राख्दा खेरि हामीले अन्तिम सम्म प्रत्यन गरौ। सके सम्म यो प्रस्ताव हामीले ल्याउने नपेको भए हुने थियो भनेर भन्यो। किन भने संसदको गाणीतको बारेमा हेका नभएको होईन सभामुख महोदय, हामीले के हौ त भन्दा खेरि सत्ताशिन

ने.क.पा लाई हेरौ। ६० लाख नेपालीको पक्षमा उहाँहरु उभिनु होला भनेर आशा गर्‍यौ। उहाँहरुबाट त्यो संकेत मिलेन।

त्यसपछि हामीले प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसलाई हेरौं। उहाँहरुबाट पनि त्यो खालको पहल कदम लिने स्थिति देखेनौ। त्यसैले गर्दा खेरि हामी चाहिँ आफैमा प्रस्ताव गर्ने भन्दा पनि हामी यो प्रस्तावलाई समर्थन गर्नको लागि बढी थियौ। बढी उसुकुत्स थियो। त्यो अवस हामीलाई मिलेन। त्यसैले गर्दा खेरि हामीले बाध भएर ६० लाख नारिगकको हक स्थापित गर्नको लागि यो ऐतिहासीक क्षणमा चाहिँ यो मत दर्ज गर्नको लागि हामी यो प्रस्ताव दर्ता गर्नुपर्ने ठाउँमा हामी पुगौ।

त्यसैले गर्दा म अन्त्यमा यो ऐतिहासीक विषय २ वर्ष देखि दर्ज हुँदै आएको विषय गएका ७२ घण्टामा दर्ज भएमा सबै विषय यहाँ जुन छन। त्यसैले गर्दा खेरि यो मेरो प्रस्ताव वा हाम्रो प्रस्तावको रुपमा नभईकन त्यो मतको लागि एउटा स्थानको रुपमा हामीले चाहिँ स्थान सुरक्षित गरेका छौ। यो कुरा म राख्न चाहन्छु र यति राखिसकेपछि म अहिलेको प्रस्ताव वाचन गर्न चाहन्छु।

साभमुख महोदय, माननीय सभामुखज्यू सभामुखज्यूको अनुमतिले नेपालको संविधान धारा २८८ को उप धारा २ बोमोजिमको प्रदेश नं.३ को राजधानी काभ्रेपलान्चोक जिल्लाको धुलिखेल तोकियो भन्ने प्रस्ताव साम्मानित सभा पेश गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब म उक्त प्रस्तावका समर्थक माननीय शोभा शाक्यालाई प्रस्तावको समर्थन गर्न अनुमति दिन्छु।

**<u>माननीय शोभा शाक्य(विवेकशील साझा पार्टी)</u>:-** माननीय सभामुखज्यू, माननीय रमेश पौडेलले पेश गर्नु भएको उक्त प्रस्तावको समर्थन गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब म उक्त प्रस्तावका समर्थक माननीय विराज भक्त श्रेष्ठलाई प्रस्तावको समर्थन गर्न अनुमति दिन्छु।

**<u>माननीय विराज भक्त श्रेष्ठ (विवेकशील साझा पार्टी)</u>:-** माननीय सभामुखज्यू, माननीय रमेश पौडेले पेश गर्नु भएको उक्त प्रस्तावको समर्थन गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुख</u>:-** माननीय सदस्यहरु प्रदेश नं.३ को राजधानी मकवापुर जिल्लाको हेंटौडा तोकिएयो भन्ने प्रस्तावका प्रस्तावक माननीय मुख्यीमन्त्री डोरमणि पौडेललाई आफ्नो प्रस्ताव पेश गर्न अनुमति दिन्छु।

**<u>माननीय डोरमणि पौडेल, मुख्यमन्त्री</u>:-** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले नेपालको संविधानको धारा २८८ को उपधारा २ बोमोजिम प्रदेश नं. ३ को राजधानी मकवापुर जिल्लाको हेटौडा तोकियोस भन्ने प्रस्ताव सम्मानित सभामा पेश गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुख</u>:-** अब म उक्त प्रस्तावका समर्थक माननीय ईन्द्र बहादुर बानियाँलाई प्रस्तावको समर्थन गर्न अनुमति दिन्छु।

**<u>माननीय ईन्द्र बहादुर बानियाँ (नेपाली कांग्रेस)</u>:-** माननीय सभामुख महोदय, मलाई यो प्रस्तावको समर्थन गर्दै गर्दा अलिकति केही कुरा राजनीति ईतिहासको बारेमा केही भन्न मन लाग्यो र इतिहास त्यसै रंचिदैन। इतिहास त्यसै कायम हुदैन।

स्वर्गीय गिराज प्रसाद कोईरालले बृहत शान्ति प्रकिया शुरुवता गर्दै गर्दा त्यो भन्दा अगाडी राजबाट बिघठित संसद, प्रतिनीधि सभालाई उहाँले भन्नु हुन्थो कि संसद पूर्नः स्थापित गर्छु भनेर र त्यो पूर्नः स्थापित संसदको विषयमा नेपाली कांग्रेस भित्र २ तिहाई कांग्रेसका नेता नेतृत्व र बिघठित सांसदहरुको यो गिराजा प्रसाद कोईराला हाम्रो नेताले नहुन सक्ने कुरा हुँदै नहुने कुरा यो थोत्रो कुरा लिएर आउँनुभयो भन्ने कुरा थियो।

त्यति बेला तत्कालिन ऐमालेले यो कुरा त संभव नै छैन भनेर भनेको थियो। तर बृहत्त शान्ति सझौता सहित नेपालमा २ तिहाई भन्दा बढीले अस्विकार गरेको संसद पूर्नः स्थापित भयो। त्यसकारणले युगलाई सम्झिने हो। नेता र नेतृत्वले गरेको निर्णयलाई

सम्झिने हो भने यो बृहत्त सम्झौतको जगमा र संसद पूर्न स्थापनाको जगमा संघीय लोकतन्त्रिक गणतन्त्र स्थापित भएको हो।

त्यसकारणले त्यो बेलामा पनि २ तिहाईको संसद पूर्न स्थापना असहमति थियो। तर भयो त्यसकारणले यो कुरा मैले दर्ज गर्ने पर्छ। त्यसकारणले विचार अनेक हुन्छ। एउटै पार्टी भित्र अनेक मन हुन्छ। फरक फरक मनहरु पार्टी भित्र हुन्छ र फरक फरक विचार पार्टीहरुको संसदयी प्रक्रिया हुन्छ।

तर फरक फरक विचार र फरक फरक मन कहिले कहि एकै ठाउँमा उभिन सक्छ। हामीले हिजो ईतिहासलाई सम्झनु पर्छ। त्यसकारणले यति कुरा भन्दै माननीय सभामुखज्यू, माननीय मुख्यमन्त्री डोरमणि पौडेले पेश गर्नुभएको उक्त प्रस्तावको समर्थन गर्दछु। जय नेपाल।

**<u>माननीय सभामुखः</u>-** अब म उक्त प्रस्तावका समर्थक माननीय रिता माझीलाई प्रस्तावको समर्थन गर्न अनुमति दिन्छु।

**<u>माननीय रिता माझी (राष्ट्रय प्रजातान्त्र पार्टी - संयुक्त)</u>:-** माननीय सभामुख महोदय, आज हामी अन्त्य महत्वपूर्ण क्षणमा छौं। सार्वप्रथम म आजको ऐतिहासीक क्षणमा यो प्रस्तावको समर्थन गर्नु भन्दा पहिला केही कुरा भन चाहन्छु। सार्वप्रथम पृथ्वीजन्यति, राष्ट्रय एकता दिवसको शुभअवसमा प्रदेश बासी तथा सम्पूर्ण नेपाली देश बासीहरुमा हार्दिक हार्दिक शुभकामना एवमं बधाई दिन चाहन्छु।

त्यसैगरि यो राष्ट्रय एकता दिवसलाई प्रदेश सरकारले पनि आगामी दिनमा सार्वजनिक बिदा स्वीकृत गरि भव्य र सभ्य पूरमा एकता दिवस मनाउँनको लागि विशेष अनुरोध गर्दछु। त्यसैगरि आज हामी महत्वपूर्ण क्षणमा आईपुगेका छौं। जब जब देशमा अन्त्यतै कठिन मोडहरु आईपुग्छ। त्यो समयमा कुनै पनि राजनीति दल कुनै पनि व्यक्ति त्यति मात्र होईन सारा नेपालीहरु एक जुट भएर त्यो समस्याको समाधन गर्ने बाटो तर्फ अग्रस भईरहेको समयमा आज हामी फेरि प्रदेश नं.३ प्रदेश सभामा प्रतिनीधित्व गर्ने सम्पूर्ण राजनीति दलहरु मध्ये हाम्रो आज राजधानीको प्रस्तावमा विवेकशील साझा

पार्टी बाहेक फेरि आज हामी एकै ठाउँमा उभिएर एउटा महत्वपूर्ण निर्णय गर्न गईरहेका छौ।

मलाई लाग्छ आगामी दिनमा पनि देशले आवश्यकता परेको ठाउँमा देशलाई आवश्यक परेको महत्वपूर्ण विषयहरुमा हामीले यस्तै यस्तै खालको सहकार्य, सहमति जुटाए अगाडी बढने हो भन्ने विषयान पूर्ण विस्वास छु। त्यति मात्रा होईन, राष्ट्रय प्रजातन्त्र पार्टी यो संघीयताको खारेजी यो संघीयता हुनु हुँदैन भन्ने एउटा महत्वपूर्ण पार्टीको रुपमा स्थापित भएता पनि हाम्रो पार्टी २०७२ सालमा घोषणा भएको संविधानको मर्म भावना अनुसार त्यही संविधानलाई टेकर भोलि राष्ट्रय प्रजातन्त्र पार्टी देशको अग्रही शक्ति बन्छ अनि देशमा राष्ट्रिय प्रजातन्त्र पार्टीले लिएको विचार र सिद्धान्तलाई स्थापित गर्नका लागि हामी द्धोन्द र युद्धको बाटो होईन हामी यहि संविधानलाई सहकार्य गरेर हाम्रो विचार स्थापित गर्छौ भन्ने मान्यतका साथ अगाडी बढेको राष्ट्रय प्रजातन्त्र पार्टी आज फेरि माननीय सभामुखज्यू माननीय मुख्यमन्त्री डोममणि पौडेलले पेश गर्नुभएको उक्त प्रस्तावको समर्थन गर्दछु। धन्यवाद, जय राष्ट्र, जय जनता।

**<u>माननीय सभामुखः</u>-** अब म उक्त प्रस्तावका समर्थक माननीय रीना गुरुङ्गलाई प्रस्तावको समर्थन गर्न अनुमति दिन्छु।

**<u>माननीय रीना गुरुङ्ग (राष्ट्रय प्रजातान्त्र पार्टी - संयुक्त)</u>:-** माननीय सभामुख महोदय, सार्वप्रथम प्रदेश नं.३ को स्थायी राजधानी तोकिनेको चाहिँ हामी निर्णय मोडमा आईपुगेका छौ र भोलि हामी ऐतिहासीक दिन पृथ्वी जयन्ती एकता दिवसको पूर्व सम्बन्धमा आज हामीहरु राजधानीको विषयलाई निर्णयक रुपमा प्रस्तुत गर्छौं र त्यसको लागि चाहिँ सम्पूर्ण प्रदेश बासीलाई यस प्रदेश सभा मार्फत शुभकामना र बदाई दिन चाहन्छु र हिजो पनि मन्त्रीपरिषद् छलफलमा मैले माग राखे थिए।

आज पनि त्यो माग पुन दोहोर्याउँन चाहन्छु। भोलि एकता दिवस राष्ट्रले नै मागेको छ। एकता दिवसको दिनमा भव्य र सभ्य रुपको एकता दिवस मनाउनको लागि एउटा राष्ट्रको माग छ। प्रदेश नं.३ बाट चाहिँ त्यो माग स्वीकृत होस भन्ने मैले

सरकारलाई आदणीय मुख्यमन्त्रीज्यूलाई सभामुख मार्फत मैले माग गर्न चाहे प्रदेश नं.३ मा बिदा पनि दियोस भनि माग गर्न चाहन्छु।

आज यस संदन भित्र राजधानी विषयमा छलफल गरिराख्दा खेरि पृथ्वीनारायण शाहलाई सम्झेको संसादहरु धेरै भेटाए पहिलेको प्राक्टीसमा के थियो भने कम्युनिष्ट साथीहरुबाट कम्युनिष्ट सांसदहरुबाट मैले पृथ्वीनाराण शाहको बारेमा कहिले पनि सुनेको थिएन। तर कम्युनिष्ट र प्रजातन्त्रीक दुवै सांसदको तर्फबाट मैले यस छलफल भईरख्दा धेरै पटक चाहिँ पृथ्वीनारायण शाहको गुगान गाईरहेको सुने एकदम खुशी पनि लाग्यो।

राष्ट्र निर्माताप्रति कम्युनिष्ट भए पनि, कांग्रेस भए पनि हामी राप्रप भए पनि सबैले सदभाव देखाउँनु भयो पृथ्वीनारायण शाह प्रति म सम्पूर्णलाई धन्यवाद दिन चाहन्छु। एक जना सांसदले राजवादी सांसदलेहरु तपाईहरुले भोट दिनुहोस भनेर पनि भ्याउँनु भयो त्यसको लागि यो संसदनको यस रोष्टबाट मैले यहाँहरुलाई धन्यवाद दिन चाहन्छु र आज पृथ्वी नारायण शाह नभएको भए लाग्ने थिएन। आज हामीहरु प्रदेश नं ३को राजधानीको विषयमा छलफल र निर्णयक रुपमा चाहिँ हामीहरु प्रस्तुत हुने थिएन सायद हामीहरु।

नेपाली मुलुकका चाईन, नेपाली मुलुका भारतीय हुने थियो होला। तर पृथ्वी नारायण शाह भएर आज हामीहरु यो संसदमा बोल्ने नेपाली भएर गौरवको रुपमा चाहिँ नेपाली भएर आफ्नो मत जाहेर गर्न पाएको छ। अभिमत जाहेर गर्न पाएको छु। उहाँले भन्नु भएको थियो। नेपाल भनेको दुई ढुगा बिचको तरुल हो। त्यो दुई ढुगा बिचको तरुल जुन छ।

भोलिको दिनमा चाहिँ हामीहरुको नेपाल अहिले पनि भारत र चाईना दुवैबाट चाहिँ पेलाम भन्न सकिन्छ। भोलिको दिनमा चाहिँ यो राजधानी पहाड र तराईको जुन संगम छ। मकवापुर भोलिको दिनमा यो मकवापुरले नै हाम्रो नेपाललाई एउटा चाहिँ रक्षकको रुपमा चाहिँ रुपमा प्रस्तुत हुने अवस पाईयोस भन्ने मैले आशा गरेको छु र अन्तिममा यो विषयलाई समर्थन गर्दै केरुगङ्ग हामीहरुको नाका छ। प्रदेश नं. ३मा चाईना सँग केरुगङ्ग नाका छ र भारत सँग कुनै पनि नाका छैन।

भोलिको दिनमा ठोरिलाई प्रदेश नं.३ को चाहिँ नाकाको रुपमा चाहिँ स्थापित गर्दै यताबाट चाहिँ पहल होस् भन्ने माग गर्दै माननीय मुख्यमन्त्री डोरमणि पौडेलज्यूले पेश गर्नुभएको उक्त प्रस्तावको समर्थन गर्दछु। जय राष्ट्र। जय जनता।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु प्रदेश नं.३को राजधानी काभ्रेपलान्चोक जिल्लाको धुलिखेल तोकियोस प्रस्तावका प्रस्तावक माननीय रमेश पौडेललाई प्रस्ताव माथि छलफल गरियोस पेश गर्न अनुमति दिन्छु।

**<u>माननीय रमेश पौड्याल (विवेकशील साझा पार्टी)</u>:-** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले नेपालको संविधानको धारा २०८८ को उपधारा (२) बोमोजिम प्रदेश नं.३को राजधानी काभ्रेपालन्चोक जिल्ला धुलिखेल तोकियोस भन्ने प्रस्ताव माथिछलफल गरियोस भन्ने प्रस्ताव सम्मानित सभामा पेश गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु प्रदेश नं.३को राजधानी मकवापुर जिल्लाको हेंटौडा तोकियोस भन्ने प्रस्तावप्रस्तावक माननीय मुख्यमन्त्री डोरमणि पौडेललाई प्रस्ताव माथि छलफल गरियोस भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु।

**<u>माननीय डोरमणि पौडेल, मुख्यमन्त्री</u>:-** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले नेपालको संविधानको धारा २०८८को उपधारा २ बोमोजिम प्रदेश नं.३को राजधानी मकवापुर जिल्ला हेंटौडा तोकियोस भन्ने प्रस्ताव माथिछलफल गरियोस भन्ने प्रस्ताव सम्मानित सभामा पेश गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु अब म माननीय रमेश पौडेल र माननीय मुख्यमन्त्री डोरमणि पौडेलले पेश गर्नुभएको दुवै प्रस्ताव माथिको छलफल प्रारम्भ हुन्छ।

उक्त छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरुले आफ्नो नाम चिटमा लेखि सभामुखको डास सँगै बसेका कर्मचारीलाई उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछु। छलफलमा भाग लिने माननीय सदस्यहरुलाई ५ मिनेटको समय निर्धारण गरेको छु।

सार्वप्रथम प्रेम बहादुर तामाङलाई अनुमति दिन्छु। समय ५ मिनेट।

**<u>माननीय प्रेम बहादुर तामाङ (स्वतन्त्र)</u>**:- सभामुख महोदय, हामी अन्त्यतै महत्वपूर्ण विषयमा छलफल गर्न केन्द्रित भई राखेका छौ। विषय अन्त्यतै गम्भीर छ र हामी गम्भीर मोडमा पनि हामी अलि अगाडी बढी राखेका छौ जस्तो मैले अनुभूति गरिराखेको छु।

दुई वटा ठाउँको राजधानीको विषयमा माननीयज्यूले प्रस्ताव पेश गर्नु भएको छ। दुई वटै प्रस्ताव प्रति मेरो दलमेरो असमर्थन छ। धुलिखेल स्भावैले अलिकति केन्द्र बिन्दु त हो। सबै ठाउँको लागि सबैको लागि यो ३नं. प्रदेश को केन्द्र खोज्दै जाने हो भन्ने धुलिखेलनै हो। फेरि पनि मलाई माननीय रमेश पौडेलले प्रस्ताव गर्नुभएको धुलिखेललाई राजधानी बनाईयोस भन्ने प्रस्ताव माथि असमर्थन किन गरे भनि मलाई राम्रो थाहाँ छ। मैले समर्थन गरेपनि त्यो राजधानी हुँदैन।

हानेका पछाडी किन लाग्नु जितेको पछाडी केही भएन भन्ने हानुको पछाडी किन लाग्नु भनेर मात्रै मैले समर्थन गरिन अर्को हेंटौडा हामी सबैलाई थाहा छ। ३ नं. प्रदेशमा १३ वटा जिल्ला छन। हेटौडाबाट हामीले हेर्ने हो भन्ने धेरै वटा जिल्लाहरु सपनामा पनि देख्दैनौ। रसुवा, रामेछाप, दोलखा लगाएताका जिल्लालाई हामीले सपनामा पनि देख्न सक्दैनौ। धेरै दुरु दर्जरामा पर्छ। मन्त्रीज्यूहरुलाई जाँन पनि अफ्ठ्यो पर्छ। सचिवज्यू र कर्मचारी साथीहरुको कुरै छोडि दिनुहोस् र त्यसो भएको कारणले गर्दा हामीले नेपाली जनतालाई धेरै दुःख दिएका छौ र ३नं. प्रदेशका जनतालाई पनि हामी दुःख दिन गईरहेका छौ। २ वर्ष त दुःख दियौ।

३ नं. प्रदेशका धेरै असंख्या जनताले लाखौ जनताहरुले यो ३ नं. प्रदेश हेटौडा कहाँ र यसका मन्त्रालय कहाँ कहाँ छन। कर्मचारीहरु कता कता बस्छन। के के काम भई राखेको छ भन्ने कुरा पनि थाहाँ छैन। फेरि पनि ति जनताहरुलाई छक्यार झुलाएर भुल्यार  हाम्रो स्थायी राजधानी हेटौडामा नै राख्दै छौ।

दुई तिहाई सरकार भएको बेलामा निर्णय हुँदै गरेको यो स्थायी राजधानी सला र हामीसाछौ भनेर फेरि अर्को चुनाव जान सक्नु हुन्छ। तर पत्याने ठाउँ छैन। जनताले थाहाँ पाईसक्यो। ने.क.पा।का साम सदस्यले डादो रहेछ भन्ने कुरो वुझि सकेको रहेछ। अब मलाई लागेको के हो भन्ने यसै उसै राजधानी हेटौडामा भई हाल्यो। म चाईना बोडरको मान्छे रसुवाको जनताको जनप्रनिधि अब मैले कोठा खोज्न डिलितिर जानु पर्छ भन्ने मैले महसुस गरेको छु र हिन्दी भाषामा अब टियुसन पढनु पर्छ।

यति भनौ मैले अन्तिममा यो हेटौडा राजधानी बनाईयोस भनेर प्रस्ताव माननीय मुख्यमन्त्री डोरमणि पौडेलज्यूलाई हार्दिक धन्यवाद चाहन्छु। त्यति मात्र बधाई दिन चाहन्छु। २ वर्ष सम्म हामीलाई किन चाहिँ अन्त्यत शंकाको घेरामा राख्नु भो किन चाहिँ रुमलि राख्नु भो, किन चाहिँ रसुवा देखि हेटौडा, रसुवा देखि हेटौडा, हेटौडा देखि दोलखा, हेटौडा देखि रामेक्षाप गराई राख्नु भो भन्ने मला२ लागि राखेको थियो। कहिले झोक पनि चल थियो। कहिले काहि रिस पनि उठ् थियो।

दुई तिहाई छ जे पनि गर्न पाउँनु हुन्छ। जे पनि गर्न पाउँने ठाउँ यो सरकार छ। हामीले देखि राखेका छौ। अहिले धेरै कुराहरु आएको छ। हाई बडिहरु छायाँ परिराखेका छन। नयाँ नयाँ चिजहरु आईराखेका छ। त्यसैले जे पनि गर्न मन लागदि गर्ने पाउँने ठाउँमा हामी छौ। फेरि पनि मुख्यमन्त्रीज्यूले किन राजधानी तोक्नु सक्नु भएन शंका लागि राखेको थियो। म उहाँको धैर्यता प्रति, सहनशीलता प्रति, लनगशीलता प्रति, हिमत प्रति र निर्णय गर्ने क्षमता प्रति रेड सालुड गर्दै बधाई गर्दै म बिदा हुन्छु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय सुरेन्द्र राज गोसाईलाई अनुमति दिन्छु। समय ५ मिनेट।

**<u>माननीय सुरेन्द्र राज गोसाई (नेपाल मजदुर किसान पार्टी)</u>:-** माननीय सभामुख महोदय, निर्णय मोडमा छौ। आज देशले काठमाडौं केन्द्रिय विकासको विल्कप खोजिरहेको छ। काठमाडौ उपत्यका आज भन्दा थप बरबाद असथव्यस्था नबनौस विस्पोटक स्थिति सँग नपुगौस भन्ने भावना जागृत भई रहेको छ।

काठमाडौ उपत्यका खानेपानीको समस्या, फोहोर मैले तथा ढल निस्कानको व्यवस्थापन टार्फिक जाम्मको समस्या , अव्यवस्थिति सहरीकारण, सडकको दुरदसा अदिलाई बिक्राल रुप लिदै छ। ऐतिहासीक सांस्कृत सम्पदाहरुको जनजन खतरामा पर्दैछ। कृषि उत्पादन शुन्यमा झरदैछ। संसारका प्रदुषित राजधानी मध्ये काठमाडौ अग्रह पंतिमा पर्ने समचारले बारबार झस्काउँ छ।

भूकम्पिय जोखिमको हिसाबले पनि उपत्यका अन्त्यत सवेदशील भएको यथार्थ हो। प्रकोप फैलिने सम्भावनाको आधारमा उपत्यका उच्च जोखीमा पर्दछ। त्यस्तो क्षेत्रमा देश भरको जनसंख्या केन्द्रित गर्नु भएनका दुर्घटनाको वातावरण हामी आफैले तयार गर्नु सावित हुने छ। तसर्थ काठमडौं उपत्यका भन्दा केही टाढा आधुनिक सहरको निर्माण गर्नु दिर्घकालिन हितको पक्षमा हुनेछ।

उपत्यकामा सहरीकारणको शीलशीलमा भएका गल्ति कमम्जोरी लापबाहि नदोहरिने गरि व्यवस्थिति सहर निर्माण गर्न सके जनसंख्या त्यतै तिर आकर्षित हुने निश्चत छ। त्यस्तो खालको सहरहरु निर्माण गर्ने प्रसस्ता सम्भावना भएका र व्यवस्थापकिय दृष्टिकोणले पनि उपयुक्त क्षेत्र बनेको यो प्रदेशको हकमा मकवापुर चितवन हो। कमसेकम अरु केही सय वर्षको निम्ति बन्दोबस्त र भूगाकको हिसाबले हिसाकले पनि अभाव नहुने कम मात्र अफठ्यार आउँने क्षेत्र रोजनुको हामी सँग तत्कालको लागि अर्को विकल्प छैन। काठमाडौं उपत्यकमा करिब २०लाख जनसंख्याको लागि व्यवस्थापन गर्न सहज हुने योजनाकारको अनुमान योजनाकारहरुले अनुमान गरेका थिए।

आज ५०-६०लाख बसोबास त्यहि खाल्डोमा भई रहेको छ। बढ्ने क्रम अझै जारी छ। केही गतिमा अपराधको संख्या बढ्दो छ। असुरक्षा, अशान्ति फैलिरहेको छ। अपराधिहरुको अश्रय स्थाल बन्दैछ। काठमाडौं नियत्रन्ण बाहिर जानु भन्दा अगाडी सुचबुजका साथ पाहिला चालन आवश्यक छ।

त्यो पाईला भनेकै काठमाडौं बाहिर सहर तथा व्यवस्थित बस्ति विकास हो। प्रदेशको राजधानी घोषणाले त्यसमा पनि केहि टेवा पुर्याउने विस्वास लिन सकिन्छ। आजको एउटा गम्भीर समस्या काठमाडौं केन्द्रित मानसिकता हो। देश विकासमा यो एउटा मानोवैज्ञिनक समस्या बन्दैछ। त्यस सोचमा फेरबदल ल्याउँन योजना बद्ध

प्रत्यनको आवश्यकता छ। घुमाई फिराई काठमाडौं मै केन्द्रित हुने सोच हरेक दृष्टिकोणले घात हुने छ। तसर्थ काठमाडौं भन्दा भौगोलिक दुरिको हिसाबले तुलनात्मक रुपमा टाढा तर सम्भावनाले युक्त ठाउँ मकवानपुर हो भन्ने हाम्रो बुझाई हो।

आजको मुख्य सवाल सन्तुलित विकास हो। राजधानी प्रतिको जनआक्रोस बढनुको एउटा कारण दुरदराजमा राज्यको नजर र उपस्थिति नपुग्नु र सिंहदबारको पक्ष प्रति विधि गति हो। हरेक जिल्ला र गाउँलाई बिना कुनै पक्षपात बजेट विनियोजना गरि आआफ्नो उत्पादन तथा विशेषताले युक्त बनाई अवसको सृजना गरि परिवर्तनको प्रतिभा भूति दिलाउँन कम्सेमक अब विलम्बन गर्नुहुँदैन र स्थानीय तहलाई सवल तथा जिम्मेवार बनाउँदै प्रदेश र स्थानीयतह बिच समवन्य बढाउँने तत्काल निम्ति एउटा उपाय हो। शिक्षा तथा स्वास्थ्य सुविधा र रोजगाराको अवसरमा प्रदेशका विभिन्न क्षेत्रहरुमा उपलब्ध गराउँन असम्भव छैन।

देशको विकासको अपेक्षा स्वरुप जनताले संघीयता खोजेका हुनु। संघीयताको मुल मर्म विकेन्द्रितको सिद्धान्त, स्थानीय तहको स्वायतार सन्तुलित विकासको गुरु मन्त्रलाई हरदम सिरो दारि गरि प्रदेश र देशको विकासमा जुटेर मात्र जनभावनको कदर गर्न सक्ने छौ। जनआन्दोलनको वास्तविक उपलब्धि जनता समक्षा प्रस्तुत गर्न सक्ने छौ। संघीयताको आवज उठेको १२ वर्ष पुग्दा नपुग्दै केन्द्रिय तिर पाईला चाल्नु भनेको प्रतिगम नै हो। यी सम्पूर्ण पक्ष माथि विधेयक पुर्याउँदा प्रदेशको राजधानी हेटौंडा राखु उपयुक्त हुने हाम्रो ठहर हो। यो देशको भूराजनीतिक सावेदशीलता, समाजिक दृष्टिकोण, संघीयतामा गईसकेपछि देशको दरिलो आन्तरिक तथा बाह्परिस्थिति, सुरक्षा प्रतिबन्ध आदिलाई समेत गम्भिरता पूर्वक नियालदा तत्कालको निम्ति प्रदेशको राजधानी हेंटौडा हुनु पर्ने हाम्रो बुझाई हो।

देशको साभौवतिता, रक्षा , स्वतन्त्र तथा भूअखण्डाता हाम्रो पहिलो प्राथमिकता विषय हो। राष्ट्रय एकताको निर्माण वैदेशीक हस्तपेक्ष विरुद्धको संगसको समयको आवश्यकता हो। एउटा स्वतन्त्र देश आर्थिक रुपमा अगाडी बढ्न र आत्मनिर्भर बन्न तुलनात्मक हिसाबले त्यति समय नलाग्ने विश्व ईतिहासले बताउँछ। प्रदेश नं .२ दुई

सँग पनि हात मिलाउँन आर्थिक उन्यमा सहकार्य गर्न सहज वातावरण बनाउँन भौगोलिक दुरिको हिसाबले पनि नजिक स्थानमा प्रदेशको राजधानी राख्न एक अर्का आपत विपतमा समेत जुन सुनकै सहयोग पुर्याउँन सहज हुने र आपसि उन्यमा सहयात्रा गर्न सहज बन्ने आवधारणा बोमोजिम पनि यो प्रदेशको राजधानी हेंटौडा कायम गर्नु व्यार्पक दृष्टिकोण दुर र दृष्टि दिर्घकालिन हित तथा राष्ट्रय स्वार्थको परिटक्या बर्ने हाम्रो बुझाई हो।

सभामुख महोदय केन्द्रिय राजधानीको निश्चत भार समेत बहन गर्ने त्यस माथि दबा या आक्रोस न्यूनिकरण गर्ने र केन्द्रिय राजधानी रक्षा समेत टेवा पुर्याउँने भूमिका निर्वाह गर्न सके यो प्रदेशको महत्व गौरव र प्रतिष्ठानको अझ उच्चाईमा पाउँने छ। जनताको विस्वास प्राप्त हुने यस प्रकाशमा हेर्दा पनि प्रदेको राजधानी हेटौडा उपयुक्त हुने छ।

साथै हेटौडा साचिकै राजधानीमा हुनु पर्ने गुणले युक्त बनौस। प्रदेशको राजधानी आज जनताले आशा अपेक्षा र अवश्यकता गरे बोमोजिम बनौस। कसैले कहिले पछुताउँन नपरोस। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय शोभा शाक्यलाई अनुमति दिन्छु।समय ५ मिनेट।

**<u>माननीय शोभा शाक्य (विवेकशील साझा पार्टी)</u>ः-** माननीय सभामुख महोदय, आज हामी अन्त्यतै महत्वपूर्ण विषयमा छलफल गर्दछौ। आज एकदमै हाम्रो ऐतिहासीक दिन पनि हो। आज चाहिँ हामीले प्रदेश नं.३को राजधानी कहाँ तोक्ने, के गर्ने भने विषयमा आज छलफलमा छौ। यस छलफलमा मेरो भनाई भन्नु पर्दा खेरी सार्वप्रथम यो काभ्रे जिल्लाको धुलिखेल अन्त्यतै राम्रो ठाउँ हो।

किन भने मैले भनुपर्दा पनि यहाँ उपस्थिति हुनु भएका माननीय ज्यूलेहरुले ४ दिन सम्म लगातार काभ्रे जिल्लालाई सबैले राख्नु पर्छ भन्ने विषयमा चाहिँ यहाँहरु सबैले सुनि सक्नु भएको छ र काभ्रे जिल्ला सबैको सहमतिमा तपाईहरुले चाहिँ मत दिनलाई पनि म विम्रन अनुरोध गर्दछु। किन भन्ने ४ दिन सम्म बोलेको कुरालाई झुठो नगरिदिनु हुनु पनि माननीयज्यूमा पनि म विम्रन अनुरोध गर्दछु।

त्यसकारण आज हामीले चाहिँ काभ्रे जिल्लालाई चाहिँ राजधानी तोकियोस भन्ने कुरामा चाहुँ मु जोडदार माग गर्न चाहन्छौ। त्यसैगरि प्रदेश राजधानी किन हुन्छ भन्दा खेरि त्यो राजधानी भनेको एउटा मिडल ठाउँमा हुनु पर्छ र त्यस मध्येमा पनि सबै जिल्लाले छोएको र सबै जिल्लाको जनता हाम्रो ६०लाख जनतालाई आउँन पाएक पर्ने र राजधानी भयो भन्ने हामी सबैको काम सहज हुन्छ र ३नं. प्रदेशको काम चाहिँ सहज हुँदा खेरि हाम्रो ३ नं. प्रदेश नै एकदम सम्वृद्ध हुनु सक्ने भएको कारणले गर्दा पनि काभ्रेलाई चाहिँ राजधानी बनाईयोस र राजधानीको लागि माननीयज्यूहरुले सबैले भोट हालि दिनुहुन पनि विम्रन अनुरोध गर्दछु।

यो हेटौडालाई मैले किन नगरेको भन्नु पर्दा खेरि यो हेंटौडा हामी २ वर्ष सम्म आई रहन्दा खेरि अघि भर्खरै माननीयज्यूले भन्नु भयो दुरदराजको जनताहरुले हेंटौडाको राजधानी कहाँ छ ? के गर्छ ? भनेर खोज जान पनि धेरै अफ्ठ्यो परेको मैले देख्या छु। त्यस मध्येमा पनि भनु पर्दा खेरि यो दुई वर्षको अन्योलनमा टर्चलाई बालेर हामीले हेटौडा खोज्नु पर्ने अव्यवस्था भई रहेको छ। हाम्रो राजधानी कहाँ छ ? भनेर टर्चलाई बालेर आउँनु पर्ने अवस्था पनि हामीले देखि राखेका छौ।

त्यसकारणले पनि यस हेंटौडालाई मैले नराम्रो विकासको हिसाबले जिल्लाको हिसाबले म विरोधि होईन। म १३ वटा जिल्लाको समर्थन गर्दछु। त्यस मध्ये पनि हामीलाई प्रस्तुत गर्नु भएको जम्मा ५ वटा जिल्लाको लागि चाहिँ राजधानी निवेदन परेको थियो। त्यसमध्ये पनि सब भन्दा राम्रो १३ वटा जिल्लाको मिदलमा परेको जिल्ला चाहिँ काभ्रे जिल्ला हो भन्न चाहन्छु।

त्यसकारण यो काभ्रे जिल्लालाई चाहिँ एकदमै सबैले सहयोग गरिदिनु हुन म अनुरोध गर्दछु। किन भन्ने म काभ्रे जिल्लाको बासी होईन। मेरो जिल्ला त ललितपुर हो। मेरो स्वार्थको हिसाबले भन्ने हो भन्ने म ललितपुर जिल्लामा राजधानी ल्याउँ भन्न चाहन्छु। किन मैले चाहिँ स्वार्थको लागि मैले कुरा गरिरहेको छैन।

हाम्रो ५५-६० लाख जनताको हितको लागि सबैको सहजको लागि म बोल्दैछु। त्यसकारण म यहाँहरु सबैलाई चाहिँ पूर्ण एक चोटि म काभ्रे जिल्लालाई भोट हालि दिनु हुन भोलि चुनावको बेलामा भोट हाली दिनु हुन विम्रर अनुरोध गर्दै म बिदा हुन चाहन्छु। हाम्रो देश को जय होस। हाम्रो नेपालको जय होस र

**<u>माननीय सभामुखः</u>-** अब म माननीय बिराज भक्त श्रेष्ठलाई अनुमति दिन्छु। समय ५ मिनेट।

**<u>माननीय विराज भक्त श्रेष्ठ (विवेकशील साझा पार्टी)</u>:-** सभामुख महोदय, सार्वप्रथम धनुषा उत्खानको विरोध गर्ने दिलिप कुमार महतोको हत्याको घोर बक्षना गर्दछु र हत्या गर्ने हत्यारहरुको काडा भन्दा कडा कारबाहिकको माग पनि गर्दछु। स्वसन्त परिवारमा हार्दिक सवेदना पनि व्यक्त गर्दछु। संहिदबार गाउँमा आउँछ भन्ने अपराधिहरु गाउँमा आएको छ। आफ्नो ठाउँको रक्षा गर्नको लागि बचाउँनको लागि जाँदा खेरि मान्छे मर्नु पर्ने अवस्थामा आएका छौ।

यो विषयमा प्रवेश गर्दा खेरि माननीयज्यूहरुलाई के पनि भन्न चाहन्छु। के पनि सभामुख मार्फत निवेदन गर्न चाहन्छु भन्दा राजधानी कहाँ वस्छ भन्ने कुरा अब गण भई सकेको छ। हामी सबै जनालाई मनमा थाहाँ छ। तर राजधानी कुन प्रक्रियामा बस्दै छ भन्ने धेरै महत्पूर्ण भएको छ। कुनै ठाउँको पक्ष वा विपक्षको कुरा होईन। यो चाहिँ प्रदेश सभाको स्वायता, संधिनताको माथि भएको हस्तक्षेपको कुरा हो।

तपाईहरुले गर्नु भएको लोकतन्त्रिक अभ्यास गर्नुभएको साथीहरु, त्यत्रो कान्तिकारी साथीहरु, त्यत्रो टायर बाल्यको, बन्दुक बोकेको कुराहरु कान्तिकारी भए खा कान्तिकारी हुने ठाउँ चाहिँ यो संसद हो। आज तपाईहरु सँग विकल्प छ। आज बिहान सम्म सलसल्ला गर्दा खेरि केही हामीले त्यो नाम दर्ता नगरेको भए विकल्प हुँदैन थियो। तपाईहरु कान्तिकारी हो भन्ने देखि साचिकै लोकतन्त्रिक हो भन्ने देखि आज देखाउँने कुरा छ। फ्यालो क्रस गर्नेमा पनि धेरै कुरा आयो फ्योर क्रस गर्नेको होईन। म तपाईहरुलाई के निवेदन गर्न चाहन्छु भन्दा आज फ्योर क्रस गर्ने साथीहरुले फ्योर क्रस गरेको होईन।

तपाईहरुको नेतृत्वले हाम्रो सार्वभौतमा हस्तेक्षप गरेर उहाँहरुले फ्लोर क्रस गर्नु भएको हो। त्यहि भएर तपाईहरु सँग विकल्प छ। हिजो सम्म थिएन। विवेकशील नेपाली दल र विवेकशील साझा पार्टी किन चाहिँ किन यो प्रस्ताव हाल्नु पर्यौं भन्दा लोकतन्त्र बचाउँनलाई पनि हाल्न पर्यौं। संघीयतालाई बचाउँनलाई पनि हाल्न पर्यौं। कति निरास हुने होला। यस्तो सभामा नामहरु उठेको छ। कहाँ राख्न परौ दर्ता कसैले पनि गर्ने हिमत गर्नुहुनु केको कातन्त्रिकारी, लोकतन्त्रिक भयो यदि हामीले आज हामी दर्ता नगने हो भन्ने यो संसद आजको दिनबाट एकदमै निरास हुन्थ्यो। अब तपाईहरु विकल्प छ।

अनि विवेकशील साझा पार्टी , विवेकशील दल चाहिँ एउटा वैकल्पि शक्तिको हिसाबमा आउँदा खेरि आज पनि हामी आफुले आफुलाई चाहिँ सावित गरेका छौ। अब आफुले आफुलाई कान्तिकारी, लोकतन्त्रिक सावित गर्नु पर्दछ। माननीय सभामुख महोदय यो विषयमा आउँदा खेरि मलाई चित दुखेको कुरा मैले के सोचको थिए भन्दा नामको कुरा धेरै नामहरु आउँछ होला नेपाल मण्ड आउँछ होला। नेवार तामसलिङ आउँछ होला। तर यस्तो एकात भएको कि नाम प्रश्न प्रस्ताव गर्ने माननीयज्यूले समर्थक सम्म नि भेटनु भएन भन्ने पछि यस्तो संगस त्यस्तो गाउँगाउँको मान्छे लडाएर यस्तो देशलाई बन्दि बनाएर आएको संघीयताले त त्यो प्रतिबद्धताहरु केही पनि पुरा गरेन सभामुख महोदय यो स्थापित गर्नको लागि भए पनि विवेकशील नेपाली दलले काभ्रेको धुलिखेल ठाउँलाई दर्ता गरेको छ।

माननीय सभामुख महोदय म माननीय सदस्यहरुलाई सभामुख मार्फत के अनुरोध गर्दछु भन्ने आज तपाईहरुको परिक्षा हुँदैछ। नेपालको जय होस।

<u>**माननीय सभामुखः**</u>**-** माननीय सदस्यहरु अब यो छलफल यहि अन्त्य हुन्छ।

माननीय सदस्यहरु अब अर्को बैठक आझै ३० मिनेट पछि बस्ने गरि बैठक अन्त्य हुन्छ।

**(तदनन्तर बैठक २०७६ साल पुस २६ गते आजै २:३० बजे सम्मका लागि स्थगित भयो।)**

**अन्त्य - दिनको १:५८ बजे।**

# प्रदेश सभा
# प्रदेश नं ३
# पाँचौ अधिवेशन
# कारवाहीको सम्पूर्ण विवरण

२६ पुस, २०७६

शनिबार

(बैठक संख्या - ६)

**प्रदेश सभाको पाँचौ अधिवेशको आजको दोश्रो बैठक माननीय सभामुख श्री सानुकुमार श्रेष्ठको अध्यक्षतामा दिनको २:३० बजे प्रारम्भ भयो।**

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, प्रदेश सभाको आजको बैठकको कारवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरु, आज शुन्य समय र विशेष समयको कार्यक्रम नरहने व्यहोरा जानकारी गराउँदछु।

माननीय सदस्यहरु प्रदेश नम्बर ३ को नामाकरण बागमती कायम गरियोस् भन्ने प्रस्तावका प्रस्तावक माननीय ईन्द्र बहादुर बाँनीयालाई आफ्नो प्रस्ताव पेश गर्न अनुमति दिन्छु।

**<u>माननीय ईन्द्र बहादुर बाँनीया (नेपाली कांग्रेस)</u>:-** सभामुख महोदय, सभामुखको अनुमतिले नेपालको संविधानको धारा २९५ को उपधारा (२) बमोजिम प्रदेश नम्बर ३

को नामाकरण बागमती कायम गरियोस् भन्ने प्रस्ताव सम्मानित सभामा पेश गर्दछु। धन्यवाद। जय नेपाल।

**<u>माननीय सभामुख</u>ः-** अब म उक्त प्रस्तावका समर्थक माननीय रामेश्वर फुँयाललाई प्रस्तावको समर्थन गर्न अनुमति दिन्छु।

**<u>माननीय रामेश्वर फुँयाल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>ः-** माननीय सभामुख महोदय, माननीय ईन्द्र बहादुर बाँनीयाले पेश गर्नु भएको उक्त प्रस्तावको समर्थन गर्दछु। लाल सलाम। जय नेपाल।

**<u>माननीय सभामुख</u>ः-** अब म उक्त प्रस्तावका समर्थक माननीय रिता माझीलाई प्रस्तावको समर्थन गर्न अनुमती दिन्छु।

**<u>माननीय रिता माझी (राष्ट्रिय प्रजातन्त्र पार्टी)</u>ः-** माननीय सभामुख महोदय, आज हामी प्रदेश नम्बर ३ को अत्यन्तै अर्को महत्वपूर्ण निर्णय गर्न गईरहेका छौं। हामीलाई लाग्छ यो प्रदेश नम्बर ३ प्रदेश सभाले गरेको यो निर्णय नै प्रदेश नम्बर ३ को अर्को ऐतिहासिक निर्णय हुनेछ भन्ने कुरामा म विश्वस्त छु।

त्यतिमात्रै होईन राष्ट्रिय प्रजातन्त्र पार्टी निरन्तरता सहितको परिवर्तनलाई आत्मसात गर्दै आएको छ। अहिले हामी देशमा नेपाल कम्युनिष्ट पार्टीको दुईतिहाई बहुमतको सरकार संचालन भईरहेको छ तर वहाँहरुलाई कताकता अफठ्यारो भईरहेको छ। के कारणले अफठरयारो भईरहेको छ भने वहाँहरुले क्रम भगंताको सिद्धान्तलाई आत्मसात गर्दा आज बहुमत हुदाँपनि कता कता अफठ्यारो महशुस गरिराख्नु भएको छ।

त्यसकारणले आज हामीले सर्वसहमतिबाट बागमतीलाई प्रदेशको राजधानी बनाउनुपर्छ भनेर हामीले यहाँ प्रस्ताव र समर्थनको प्रक्रियामा छौं। मलाई अत्यन्त खुसी पनि लागेको छ। माझीहरुको महान् पर्व लदी पुजा, कोशीको पुजा, खोलीको पुजा आज माझीहरुको एउटा देउताको नाम राखेर यहाँ प्रदेश राजधानीको नामाकरण गरिदैं छ। हामीले खोलालाई पुजा गर्छौं हाम्रो लागि सबैभन्दा मान्ने ठुलो देउतानै हाम्रो लागि खोला हो।

त्यसैले बागमतीले माझीका मात्रै खोला देउतालाई सभ्यता जनाउदैंन आम नेपालको सुरुदेखीनै नेपालको सभ्यता कायम रहेको नेपालीलाई चिनाउने अर्को महत्वपूर्ण नदीका नाममा रहेको बागमतीलाई प्रदेशको राजधानी बनाउनको लागि हामीले यहाँ आज छलफल गरिरहेका छौं, यसको लागि आज हाम्रो यो प्रदेशमा निकै जातिवादका कुराहरु उठे, जातिलाई अगाडी ल्याउनुपर्छ, जातिय नाममा चैं प्रदेशको राजधानीको नामाकरण गराउनुपर्छ भन्ने खालका कुराहरु पनि उठिएका थिए तर यो कुरामा होईन कि हाम्रो प्रदेशमा असिमित आदिवासी जनजातिहरुको बसोवास छ त्यो जातजातिको धर्म,संस्कार र संस्कृतिको रक्षा गर्दै त्यो जातिको भाषा र शिक्षामा अग्रसरता कायम गर्दै वहाँहरुलाई हरेक ठाँउमा पहुँच पुऱ्याउने ठाँउमा, राज्यका हरेक निकायमा पुऱ्याउने हाम्रो दायित्व हो।

त्यसकारणले हाम्रो त्यो दायित्वलाई पुरा गर्नको लागि हामीले हाम्रो जातिको नाराले होईन हामीले वहाँहरुको क्षमता, गरीबीको आधारमा हामीले वहाँहरुलाई माथि उकास्यौं भने पक्कै पनि प्रदेश नम्बर ३ को सरकार अगाडी बढ्छ भन्नेमा विश्वस्त रहदैं आज यो माननीय सभामुख ज्यू, माननीय ईन्द्र बहादुर बाँनीयाले पेश गर्नु भएको उक्त प्रस्तावको म पूर्ण समर्थन गर्दछु। धन्यवाद, जय राष्ट्र, जय जनता।

**<u>माननीय सभामुख</u>:-** अब म उक्त प्रस्तावका समर्थक माननीय रिना गुरुङलाई प्रस्तावको समर्थन गर्न अनुमती दिन्छु।

**<u>माननीय रिना गुरुङ (राष्ट्रिय प्रजातन्त्र पार्टी-संयुक्त)</u>:-** माननीय सभामुख महोदय, आज बागमती प्रदेशको नामाकरण गरिराख्दा खेरी मैले एउटा कुरा सम्झन चाँहे। पहिले बागमती भन्दा खेरी एउटा पवित्रताको नाम बागमती भन्ने नेपालमात्रै होईन भारतलाई पनि नेपालबाट पानी पुर्याउने बागमती तर अहिलेको खण्डमा बागमती पवित्र छैन।

बागमतीमा फोहोरै फोहोर छ। बागमतीले नेपालमा होईन कि काठमाण्डौमा समेत पानी पुर्याउन परेको अवस्था छैन मेलम्चीले पुर्याईरहेको छ काठमाण्डौ। भोलिको दिनमा हामीहरुले अहिले बागमती नाम प्रस्तावित गरिराख्दा खेरी भोलिको दिनमा जुन बागमतीको अहिलेको अवस्था छ भोलिको दिनमा हाम्रो प्रदेशको अवस्था त्यस्तो नपुगोस्

भन्ने कुरा म अहिले सुरुमै मैले चिन्ता ब्यक्त गर्दछु। तर मैले बागमती नाममा हामीहरुले पहिल्यै देखिनै समर्थन गरिराखेको र बागमती नाम राखिराख्दा खेरी मैले राजा महेन्द्रलाई पनि सम्झन चाहे।

राजा महेन्द्रको पालामा १४ अञ्चल ५ विकास क्षेत्र हुँदाखेरी हामीहरु अहिले मकवानपुर भएको मध्यमाञ्चल जुन थियो त्यो जनकपुर, नारायणी र बागमती यो तिन अञ्चलको एउटा मध्यमाञ्चल जुन थियो त्यसमा चैं हामीहरुले फेरि राजा महेन्द्रकै पालामा जुन ५ विकास क्षेत्रलाई हामीहरुले हेर्दाखेरी ५ विकास क्षेत्रबाट ७ विकास क्षेत्रतिर गईयो र त्यसको पछि अञ्चलहरुकै नाममा बागमती, गण्डकी, कर्णाली, भोलिको दिनमा लुम्बिनी, सुदुरपश्चिमाञ्चलको नाममा सुदुरपश्चिम यि नामहरुचैं हामीहरुले पुन रिपिट नै गरेको अवस्था छ।

कहिँ न कहिँ राजा महेन्द्रको पालामा गरेका विकासहरु र वहाँले राखेका नामहरु ठिक रहेछ भन्ने कुरा आज सर्वरुपमा सर्वपक्षिय रुपमा हरेक दलले प्रतिपादन गरेको अवस्था छ त्यो भएर हामीहरुले जुन प्रदेशको राजधानी निर्णायक रुपमा हामीहरुले गर्न लागेको छौं त्यसको पुर्वसन्ध्यामा मैले राजा महेन्द्रलाई पनि सम्झन चाँहे र वहाँले जुन बेलामा नामहरु प्रतिपादन गर्नुभएको छ, यो नामहरु राखुभएको थियो त्यसको वैज्ञानिकताको आधारमा यताबाट वहाँ यता नरहेपनि वहाँलाई धन्यवाद दिन चाहान्छु र यति धन्यवाद दिदैं म नेकपालाई के आग्रह गर्न चाहान्छु भने राजनितिमा विभिन्न कालखण्ड आएका हुन्छ। विभिन्न कालखण्डमा जनताले बेवकुफ बनाउने काम गर्न हुन्न।

जनताले कुनैपनि आशा देखाउने काम गर्न हुन्न वहाँहरुले आफ्नो राजनितिलाई अगाडी बढाउनको लागि वहाँहरुले विभिन्न जातजातिलाई तपाईहरुलाई यस्तो दिन्छु भन्दा खेरी वहाँहरुले जुन जातियतालाई अगाडी बढाएर जुन भोट बैंक बनाउनु भएको थियो। अहिले वहाँहरुले राजनैतिक रुपमा बेवकुफ पनि बनाउनु भएको छ त्यस्तो दुर्घटना भोलिको दिनमा नगर्नुहोला भन्ने आग्रह गर्दै म माननीय ईन्द्र बहादुर बाँनीयाले पेश गर्नु भएको उक्त प्रस्तावको समर्थन गर्छु। धन्यवाद, जय राष्ट्र, जय नेपाल।

**<u>माननीय सभामुख</u>:-** अब म उक्त प्रस्तावका समर्थक माननीय रमेश पौडेललाई प्रस्तावको समर्थन गर्न अनुमति दिन्छु।

**<u>माननीय रमेश पौडेल (विवेकशिल साझा पार्टी)</u>:-** माननीय सभामुख महोदय, खासमा जति ठुलो दल भयो त्यति ठुलो चौडा छाती त्यति ठुलो उदारता हुनुपर्ने हो। हाम्रो प्रस्तावमा वहाँहरु समर्थन गर्नुहुन्न तर हामी वहाँहरुलाई निसर्त समर्थन गर्दछौं। यस अर्थमा म यहाँ उभिएको छु तर यस बिचमा म एउटा कुरा यहाँ राख्न चाहान्छु सभामुख महोदय।

यहाँ रेड स्यालुटको कुरा आयो, लाल सलामको कुरा आयो यो सबभन्दा पहिला आयातित शब्दहरु हो र यो चैं निश्चित वर्ग र निश्चित विचारधारालाई समेट्ने शब्द हो र हाम्रो संसदमा चैं बहुविचारधाराहरुलाई बोक्ने मान्छेहरु भएको कारणले गर्दाखेरी औपचारिक हिसाबले जिम्मेवार मान्छेहरुले त्यो शब्द राख्न मिल्छ कि मिल्दैन यसमा गम्भिर भएर ध्यान दिउँ, न हुदाँहुदैं भोलि मुष्ठि कस्नु पर्ने हो कि अभिभावदन गर्नलाई।

फेरि पार्टी कार्यालय कुन हो संसद कुन हो हामीलाई भेद छुट्याउन गाह्रो पर्ने होला त्यसमा विचार गरौं भन्ने कुरा म राख्न चाहान्छु। यति भनिसकेपछि म माननीय ईन्द्र बहादुर बाँनीयाले पेश गर्नु भएको उक्त प्रस्तावको समर्थन गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुख</u>:-** अब म उक्त प्रस्तावका समर्थक माननीय शोभा शाक्यलाई प्रस्तावको समर्थन गर्न अनुमति दिन्छु।

**<u>माननीय शोभा शाक्य (विवेकशिल साझा पार्टी)</u>:-** माननीय सभामुख ज्यू, आज हाम्रो अत्यन्तै महत्वपूर्ण दोश्रो विषय हाम्रो राजधानीको नामाकरणको लागि प्रस्ताव र समर्थकमा हामी छौं। अहिले म बागमतीको नामाकरणलाई किन समर्थन गर्न जादैंछु भन्दा खेरी बागमती भन्ने बित्तिकै हाम्रो १३ वटै जिल्लाका जनताहरुका मुखमा झुण्डिसकेको नाम भएको कारणले म बागमतीलाई स्वीकार गरेको हो र त्यसमध्येमा पनि मेरो ब्यक्तिगत धारणा भन्नु पर्दा मलाई नेवाताम्सालिङ, नेपालमण्डल अतिनै मन पर्ने थियो।

त्यसमध्यमा पनि नेवा ताम्सालिङ भनिरहदाँ खेरी अलिकति लामो हुने भएर र नेपालमण्डल भन्दाखेरी अलिकति खुम्चिएको हो कि जस्तो पनि लागेको भएर र यसमा यो नामाकरणमा धर्मको विषयमा, जातको विषयमा नआओस् भन्ने कारणले पनि मैले यो बागमतीलाई स्वीकार गरेको हो। त्यसकारण हाम्रो जनताहरु ५५-६० लाख जनताको मुखमा झुण्डिएको र बागमतीको नामबाटै सुन्ने वित्तिकै हाम्रो यो प्रदेश नम्बर ३ बागमती जस्तै कलकलकल बगोस् पनि भन्न चाहान्छु। पहिला हामीले देखिरहेका छौं हामी सानो बेलामा बागमती कलकलकल बगिरहेको अहिले फोहोरै फोहोरको बागमती बगिरहेको छ, यसलाई पनि ध्यानाकर्षण गर्न चाहान्छु, सभामुख मार्फत। किनभने हाम्रो बागमती नै राम्रो भयो भने हाम्रो बागमतीको गंगालाई पवित्र हुन्छ।

त्यसकारण यो बागमती नामकरण चाहि ठिक छ जस्तो लाग्छ त्यसकारण आफ्नो मुटु माथि ढुङ्गा राखी भनौ आफुलाई मन परेको नेवाताम्सालिङ, नेपालमण्डललाई पनि छोडेर हामीले बागमतीलाई समर्थन गर्यौं त्यसमध्येमा पनि हामीले हाम्रो विवेकशिल साझा पार्टीले डेढ वर्ष पहिला नै यो बागमतीको नामाकरण राख्ने र हाम्रो यो प्रदेशको राजधानी चैं काभ्रेमा राख्ने भनेर हामीले निर्णय गरिसकेका छौं।

त्यसको कारणले गर्दाखेरी पनि हामीले बागमतीलाई नै जोड दिन चाहेका हौं। आज माननीय सभामुख ज्यू, आज जुन माननीय ईन्द्र बहादुर बाँनीयाले पेश गर्नु भएको उक्त प्रस्तावको म समर्थन गर्न चाहान्छु। हाम्रो देशको जय होस्, हामी सबैको जय होस्।

**<u>माननीय सभामुख</u>ः-** माननीय सदस्यहरु प्रदेश नम्बर ३ को नामाकरण बागमती कायम गरियोस् भन्ने प्रस्तावका प्रस्तावक माननीय ईन्द्र बहादुर बाँनीयालाई प्रस्तावमाथि छलफल गरियोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु।

**<u>माननीय ईन्द्र बहादुर बाँनीया (नेपाली कांग्रेस)</u>ः-** माननीय सभामुख महोदय ज्यू, सभामुखको अनुमतिले नेपालको संविधानको धारा २९५ को उपधारा २ बमोजिम प्रदेश नम्बर ३ को नामाकरण बागमती कायम गरियोस् भन्ने प्रस्तावमाथि छलफल गरियोस् भन्ने प्रस्ताव सम्मानित सभामा पेश गर्दछु। धन्यवाद, जय नेपाल।

**माननीय सभामुखः-** माननीय सदस्यहरु, अब म माननीय ईन्द्र बहादुर बाँनीयाले पेश गर्नु भएको प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ। उक्त छलफलमा भाग लिन चाहानुहुने माननीय सदस्यहरुले आआफ्नो नाम चिटमा लेखी सभामुखको ड्याससँगै बसेका कर्मचारीहरुलाई उपलब्ध गराईदिनु हुन अनुरोध गर्दछु।

छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यलाई ५ मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय प्रेम बहादुर तामाङलाई अनुमति दिन्छु। समय ५ मिनेट।

**माननीय प्रेम बहादुर तामाङ (स्वतन्त्र )ः-** सभामुख महोदय, यो विषयमा मलाई अब यो सदनमा बोल्न मन लागिराखेको थिएन। फेरिपनि उत्पिडित जाति, वर्ग, क्षेत्र, लिङ्ग जस्ले यो सदनमा भरिभराउ राता मान्छेहरुलाई यो सदन भित्र पसाउनको निमित्त महत्वपूर्ण निर्वाह गर्नु भयो वहाँहरुको मत दर्ज गर्ने म मात्र एउटा अभागी रहेछु त्यो कारणले गर्दा यो अभागी ति जनताहरुको, ति उत्पीडित जाति वर्ग र क्षेत्रहरुको भावना पोख्ने अनुमति चाहान्छु। मलाई धेरै कुरा बोल्न मन लागेको छैन म आज अलि भावुक, यो विषयमा कुरा गर्दै गर्दा मलाई अत्यन्त पिडा महशुस भईराखेको छ।

म भावुक पनि भईराखेको छु, फेरिपनि म ति मान्छेहरु जो मान्छेको रगतको आहालमा पौडी खेलेर केहि छोटा बुद्धी भएको छोटा राजाहरुले कुर्चीहरु प्राप्त गर्न पुगे ति मान्छेहरुलाई धिक्कार गर्नको निमित्त ति शहिदका परिवारहरुले, ति शहिदका परिवारका आशुँहरुले मलाई यहाँ उपश्थित गराई राखेको छ। यो मेरो रहर होईन बाध्यता हो। स्वभावैले म पनि अत्यन्तै सानो उमेरमा आत्मनिर्णयको अधिकारको कुरा, अग्राधिकारको कुरा, समावेशिताको कुरा, पहिचानको कुरा मन परेर जीवन मरणको लडाँईमा होमिएको थिए, होमाईएको थियो र म जस्ता कयौं मान्छेहरु यहि पहिचानको मुद्दा स्थापित गर्नको निमित्त शहिद पनि हुनु भएको थियो, बेपत्ता हुनुभएको छ, अपाङ्ग हुनुहुन्छ धेरै युवाहरु आज। ति युवाहरुको राम्रो ब्यवस्थापन नभएको कारणले गर्दा कतारको घाममा आफ्नो पाखुरीहरु बजारीराखेको छ र उनीहरु कतारबाट पनि अहिले ३ नम्बर प्रदेशको अस्थायी केन्द्र रहेको हेटौंडामा हेरिरहेका छन्।

ति राता मोन्छेहरु जसले हामीलाई आत्मनिर्णयको अधिकार आश्वासन दियो, अग्राधिकारको आश्वासन दियो, पहिचानको आश्वासन दियो उनिहरु के गर्दैछन् भनेर नियाली राखेका छन् र मलाई त्यो नियाल्नको निमित्त यहाँ पठाएको छ। मैले मेरो आवाजहरु रुद्र पाख्रीनको सपनासँग जोडेर यहाँ ब्यक्त गरिराखेको छु। मेरा आवाजहरु दिलमाया योञ्जनको सपनासँग जोडेर म यहाँ राखिराखेको छु र वहाँहरुले नसुन्नुहोला तर वहाँहरुको परिवारलाई भन्न चाहान्छु तपाईको परिवारले पहिचानको निमित्त बगाएको रगत आज खेर गएको छ आज तपाँइको परिवारले जुन जिवन अर्पण गर्यो त्यो फगत एउटा ब्यक्तिको स्वार्थ पूर्ति गर्नको लागि मात्रै रहेछ भनेर मैले यि शहिद परिवारहरुलाई यो मञ्चबाट भन्नै पर्ने हुन्छ। मलाई आज अत्यन्तै दुख लागेको छ, धेरै दुख लागेको छ। यो सदन ति राता मान्छेहरुले भरिभराउ छ। यो सदनमा अग्राधिकारको कुरा गरेर आत्मनिर्णयको अधिकारको कुरा गरेर नथाक्ने मान्छेहरुको भिड छ यो सदनमा तर त्यो उत्पीडित वर्ग जाति क्षेत्रको आवाजलाई यो सदनमा दर्ज गर्नको निमित्त आज ति मान्छेहरुको एउटा प्रतिनिधिले समर्थक पनि पाएको छैन।

फेरि पनि म यो सदन मार्फत ति जनताहरुलाई आव्हान गर्न चाहान्छु, अनुरोध गर्न चाहान्छु। बेईमानहरुले, मुर्खहरुले, धुर्तहरुले दोबाटोमा छोडेको तपाई शहिदहरुको, तपाई उत्पीडित जाति क्षेत्रको नासोलाई आज प्रेम तामाङले मुटुमा राखेको छ र यो युगौंयुगसम्म रहने छ। दुख लागेको छ, दुईतिहाई भन्दा बढी अथवा हामी ११० जना मध्येबाट पनि २ जना मान्छे उत्पीडित जाति वर्ग क्षेत्र लिगंको पक्षमा समर्थन गर्ने मान्छे नपाउदाँ मलाई त यसै दुख लागेको छ धेरै मान्छे दुखी भएको छ। त्यसैकारणले गर्दा म अन्तिममा यहि अनुरोध गर्न चाहान्छु बागमती नाम ३ नम्बर प्रदेशको उत्पीडित जाति वर्ग क्षेत्रका जनताले चाहेको नाम होईन।

उत्पीडित जाति वर्ग क्षेत्र र ३ नम्बर प्रदेशका जनताले खोजेको नाम नेवा-ताम्सालिङ्ग नै हो र नेवा-ताम्सालिङ्ग विडम्बना भन्नुपर्छ दर्ज हुन सकेन त्यसमा अत्यन्तै दुखी हुदैं यो बागमतीमा मेरो दल र मेरो नो भोट हुनेछ र यो मुद्दा जनताको बिचमा गएर फेरि बहस सिर्जना गर्दै अब धोका नदिने गद्दारी नगर्ने जनताका प्रतिनिधिहरुले

फेरिपनि अर्को पटक यो मुद्दालाई दर्ज गर्ने छ भन्ने विश्वासका साथ फेरिपनि म गर्व गर्छु।

म यति धन्यवादको पात्र छु, युद्धकालमा लेलिनले भन्नुहुन्थ्यो संसद भनेको बाहिर खसीको टाउको झुण्डाएर भित्र कुकुरको मासु बेच्ने थलो हो रे स्वभावैले यो चरितार्थ आज यो सदनले गरेको छ त्यसको लागि पनि तपाईहरु सबैलाई धन्यवाद दिदैं म यहाँबाट बिदा हुन्छु। धन्यवाद, जय नेवा-ताम्सालिङ।

**<u>माननीय सभामुख</u>:-** अब म मानीय सुरेन्द्रराज गोसाईलाई अनुमति दिन्छु, समय ५ मिनेट।

**<u>मानीय सुरेन्द्रराज गोसाई (नेपाल मजदुर किसान पार्टी (नेमकिपा))</u>:-** सभामुख महोदय, माननीय ईन्द्र बहादुर बाँनीया ज्यूले प्रस्तुत गर्नुभएको प्रस्तावमाथि म छलफलमा भाग लिन चाहान्छु। आज हामी यो प्रदेशको अत्यन्त महत्वपूर्ण विषयमा छलफल गर्दै छौं। नामांकनको विषयमा अब धेरै अल्झिनु नहुने विषयबारे हामी सबै सहमत छौं। प्रदेशको नाम आफैं सम्पूर्ण अवश्य होईन तर यसले ऐतिहासिक महत्व राख्छ र साँस्कृतिक पहिचान तथा विशेषता झल्काउछँ।

देशमा तत्कालिन अवस्थामा राज्य पुर्नसंरचनाको विषय उठ्दा होस् या जातिय मुद्धा उठिरहदाँ नै किन नहोस् नेमकिपाले भाषा, धर्म, क्षेत्र र जातजातिको आधारमा राज्य विभाजन गर्न नहुने धारणा प्रस्तुत गरेको म पुन स्मरण गराउन चाहान्छु। कुनैपनि खालको साम्प्रदायिक तथा क्षेत्रीय भावना, संकृणता र असहिश्गुणता बढाउने गतिविधिबाट समाजलाई टाढै राख्नुपर्ने धारणा नेमकिपाले राखेको सर्वविधितै छ। जातिय तथा धार्मिक युद्धको बिउ रोप्नु भनेको देश बिखण्डनको बाटोमा लानु हुनेछ भनि नेमकिपाले प्रष्ट पारेको कसैबाट लुकेको छैन। नेमकिपाले भाषिक तथा जातिय दमन विरुद्धपनि संघर्ष गर्दै आईरहेको घाम जत्तिकै छर्लगं छ। बडाराष्ट्र अहंकार विरुद्ध पनि नेमकिपाले निरन्तर संघर्ष गर्दै छ।

नेमकिपा वर्गिय राजनितिमा विश्वास गर्छ र वर्गिय मुक्तिका निम्ति संघर्ष गर्छ। जातिय सवालमा अल्झाएर बामपन्थी तथा कम्युनिष्ट आन्दोलन कमजोर पार्दै मजदुर

वर्गको एकता छिन्न भिन्न बनाउने साम्रज्यवादीहरुको जालझेलमा नेमकिपा हिजोपनि फसेन र आज पनि त्यसको विरुद्ध दृढता पुर्वक संघर्ष गर्छ। वर्गिय मुक्तिसँगै विभिन्न जातजाति तथा भाषाभाषीहरुको पनि मुक्ति सम्भव हुने हाम्रो अध्ययनको सार हो। नेपाल जस्तो जातजाति, भाषाभाषीको देशमा उच्च संवेदनशिलता एवम् सर्तकता आवश्यक हुने निर्विवाद छ। यस अर्थमा यो प्रदेशको नाम कुनै जाति, समुदाय, धर्म आधारमा राख्नु भन्दा प्रदेशको मौलिकता, भुगोल, ईतिहास, सभ्यता र सँस्कृतिको परिचय झल्कने गरि राख्न उपयुक्त हुने विचार प्रारम्भ देखि प्रष्ट रुपमा राख्दै आएका छौं। छिमेकी देश भारतमा विभिन्न कालखण्डमा भएका धार्मिक दंगा, जातिय भिडन्त र विभाजनबाट नेपाली जनताले शिक्षा लिनुपर्ने बारे नेमकिपाले सुझबुझका साथ छलफल बहस चलाउदैं आएको ईतिहास साक्षी छ।

तसर्थ यो प्रदेशको नाम बागमती राख्न उपयुक्त हुने हाम्रो अभिमत छ। संविधान सभाबाट संविधान लेखन कार्य अगाडी बढिरहदाँ नेमकिपाले आधिकारिक रुपमा प्रस्तुत गरेको अवधारणामा पनि यो प्रदेशको नाम बागमती र राजधानी हेटौंडा राख्नु पर्ने बारे उल्लेख भएको आज पुन स्मरण गराउन चाहान्छु। हामीलाई याद छ, नाम संक्षिप्त हुनु राम्रो हो। नाम सहज एवम् बोधगम्य हुनुपर्छ, नाम दुईअर्थि पनि हुनुहुदैंन। नामले जात धर्मको घेरा नाघ्नु पर्छ। नामले कसैको आत्मस्वाभिमानमा चोट पुऱ्याउनु हुदैंन। यस आधारमा पनि यो प्रदेशको नाम बागमती हुने हाम्रो मत छ, साथै नदीनाला सबैको साझा सम्पत्ती हो। मानव सभ्यताको विकासक्रममा भुगोलको प्रभाव, अनुभव र शिक्षाको आधारमा प्राकृतिक सिमा निर्धारण गर्ने, प्रकृतिको आधारमा नाम राख्ने चलन बसेको हुनुपर्छ।

हो, नदीनाला पहाड पर्वत आफैले संघीयता मागेको जरुर होईन बरु राजनितिक स्तर र समस्याले संघीयता मागेको हो। विश्वमा क्रान्ती, परिवर्तन नदी पहाडले मागेको ल्याएको ईतिहास पनि त छैन। राजनितिक तथा सामाजिक परिवर्तन समयको आवश्यकता, चेतनाको विकास र राष्ट्रिय तथा अन्तराष्ट्रिय परिस्थितिमा भईरहेको क्रमिक विकासको प्रभाव स्वरुप हुने गर्दछ। यस आधारमा पनि बागमती नामले संघीयताको

मर्ममा आँच पुऱ्याउछ भन्नु सहि होईन साथै सबैले स्वीकार्नै पर्छ प्रदेशको नाम भन्दा काम महत्वपूर्ण हुन्छ। कामदार वर्गिय भावनाको विकासनै अहम् प्रश्न हो।

आशा गरौं भोलिका दिनमा कामबाट र जनताको निस्वार्थ सेवाबाट यो प्रदेशलाई माथि उठाउन सम्भव हुनेछ। समाजमा विद्यमान अन्याय, उत्पिडन, शोषण, दमन, तथा भेदभाव निमिट्यान्न पार्ने व्यवहारीक पाईला चाल्नु महत्वपूर्ण सवाल हो। धन्यवाद।

**<u>माननीय सभामुख</u>ः-** माननीय सदस्यहरु, अब यो छलफल यहिँ समाप्त हुन्छ।

माननीय सदस्यहरु अब अर्को बैठक मिति २०७६ पौष २७ गते बिहान ९:०० बजे बस्ने गरि यो बैठक स्थगित हुन्छ।

**(तदनन्तर बैठक २०७६ साल पुस २७ गते आईतबार विहान ९:०० बजेसम्मका लागि स्थगित भयो।)**

**अन्त्य - दिनको ३:०३ बजे।**

# प्रदेश सभा
# प्रदेश नं ३
# पाँचौ अधिवेशन
# कारवाहीको सम्पूर्ण विवरण

२७ पुस, २०७६

आईतबार

(बैठक संख्या - ७)

**प्रदेश सभाको पाँचौ अधिवेशको आजको बैठक माननीय सभामुख श्री सानुकुमार श्रेष्ठको अध्यक्षतामा बिहान ९:०० बजे प्रारम्भ भयो।**

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, प्रदेश सभाको आजको बैठकको कारवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरु, आज शुन्य समय र विशेष समयको कार्यक्रम नरहने व्यहोरा जानकारी गराउँदछु।

माननीय सदस्यहरु प्रदेश नं. ३ को राजधानी काभ्रेपल्चोक जिल्लाको धुलिखेल तोकियोस भन्ने प्रस्तावका प्रस्तावक माननीय श्री रमेश पौड्यललाई छलफल क्रममा उठेको प्रश्नको जवाफ दिन समय दिन्छु।

**<u>माननीय रमेश पौडयल (विवेकशील साझा पार्टी)</u>:-** माननीय सभामुख महोदय, मैले प्रस्ताव गरेको काभ्रेको धुलिखेललाई यस प्रदेशको स्थायी राजधानी तोकियोस भन्ने प्रस्तावमा ४ जना माननीय सदस्यहरुले छलफलको क्रममा भाग लिनु भयो।माननीय सुरेन्द्र राज गोसाई, माननीय प्रेम तामाङ, माननीय विराज भक्त श्रेष्ठ र माननीय शोभा शाक्य भाग लिनु भयो उहाँहरुलाई धन्यवाद दिन चाहन्छु।

मैले किन यो ४ जना माननीयलाई नाम लिएर धन्यवाद दिए यसको विशेष अर्थ छ, सभामुख महोदय। यो ऐतिहासीक क्षणमा काभ्रेको धुलिखेलमा राजधानी प्रस्ताव गर्दै गर्दा खेरी ११० जना रहेको सम्मानित सदनमा ४ जना सदस्यले मात्र उठेर बोल्ने हिम्मत गर्नु भयो। त्यस मध्ये २ जना मेरो प्रस्तावकै सामर्थ पनि हुन्थ्यो। त्यस हिसाबले हेर्दा खेरी एउटा ठूला र उन्मूख वातावरण स्वतन्त्र हिसाबले अभिव्यक्ति राखेने काम २ जना माननीयज्यूले गर्नु भयो।

म उहाँहरुलाई ह्रदय देखि धन्यवाद दिन चाहन्छु। यस अर्थ अहिलेको सत्ता सिन ने.क.पा. ११० संख्यमा ८० सिट सामर्थ राख्दछ।सभामुख, उपसभामुखज्यूलाई घटाउँदा खेरि ७८ सिटको सामर्थ राख्द छ। त्यसबाट त्यो पंतिबाट काभ्रेको धुलिखेललाई राजधानीको प्रस्ताव गर्दै गर्दा कुनै पनि आवज दर्ता हुन आएको छैन। त्यसै गरि प्रमुख विपक्षि नेपाली कांग्रेस जो उहाँहरु २२ सिटको सामर्थ यहाँ राखु हुन्छ। उहाँहरुको पनि काभ्रे धुलिखेललाई प्रस्ताव राख्दै गर्दा कुनै पनि अफिसियल दर्ता हुन आएको छैन। काभ्रेको धुलिखेललाई सामर्थ हुन्छ कि विरोद गर्नु हुन्छ।

त्यो दोस्रो कुरा हो। म त्यसमा पछि आउँछु सभामुख महोदय सब भन्दा पहिलो कुरा आजको यो ऐतिहासीक क्षणमा यो संसदमा के रेर्डक गर्न चाहन्छु यल्ती भने यति महत्वको यति सघन महत्वको विषयमा सत्ता पक्ष र प्रमुख विपक्षीबाट कुनै पनि आवज अफिसियली यहाँ रेकर्ड भएको छैन। विगतमा कसले के बोल्यो त्यसको यहाँ खासै रकर्ड छैन। औपचारीक रुपमा यो सदनमा प्रस्ताव गरिसकेपछि कुनै पनि आवज रकर्ड भएको छैन। सब भन्दा पहिला म यो राख्न चाहन्छु। छलफलकै क्रममा एउटा माननीयज्यूले प्रश्न उठानु भएको छ। धुलिखेल त ठिकै हो सेन्टर हो।तर तपाई हार्नु हुन्छ।

तपाईलाई किन मत दिनु म उहाँको जवाफबाट शुरु गर्न चाहन्छु। जब मैले भर्खरै राखे सिङ्गो सदनमा २ जना सदस्यले मात्र बोल्नु भयो।

म यसलाई के बुझौ यो धुलिखेलको पक्षमा के यो विरोद हो। कि यो सामर्थन हो। किन भन्ने त्यो जाने मौका पाएका छैनौ। त्यसले गर्दा धुलिखेल हार्छ भन्ने स्थिति रहेन सभामुख महोदय अब यहाँ ह्वीपको विषय चलको छ। ह्वीपको कुरा चलेको छ। मैले थोरै जवाफकै क्रममा जोडिन पर्ने भएर मैले राख्न पर्ने हुन्छ। संसदीय व्यवस्थमा फ्लोर मनेजमेन्टको र लागि ह्वीप लगाउने गरिन्छ। संसदीय व्यवस्थाको जननि भनेको ब्रिटिसहरुले शुरु गरेको व्यवस्था उनीहरुले मात्तलाई आफ्नो उप निवेश बनाए त्यहाँ प्रक्कटिस गरे इडियामा पनि त्यो छ। हामी कहाँ पनि त्यो छ। संसदीय व्यवस्थामा ह्वीप लाग्छ। त्यो स्वाभिक कुरा हो। तर ह्वीपका आफ्ना प्रक्रियाहरु पनि छन। ह्वीप केमा लाग्छ केमा लाग्दैन भने कुरा पनि छ। अहिले ह्वीपका विभिन्न प्रकारहरु एक लाईन ह्वीप, दुई लाईन ह्वीप, तिन लाईन ह्वीप हुन्छ।

अहिले इडियामा पनि तपाईको ननएपिकेबल ह्वीप पनि छ।त्यहाँ भनेको प्रान्तिय विद्यायहरुले राष्ट्रपति चयन गर्नलाई भोट हाल्छन। राष्ट्रपति चयन गर्न हाल्ने भोट हालने त्यहाँ ह्वीप लाग्दैन। स्वाभिक हो कि आफ्नो पार्टीको मान्छेहरुले समान्य यो जितेन हुन्छ। स्थिति तर ह्वीपको बनदेज त्यहाँ निर लगाईएको हुन्दैन। त्यसै गरि सभामुख महोदय नेपालको संविधानले २०७२ सालमा जारि भयो। त्यो जारी भएको संविधानमा त्यसको एउटा कपि म सँग छ।त्यसमा के थियो भन्दा खेरि त्यहि संविधान सभाले संविधान सभाको काम गर्थ्यो र साथै व्यवस्थापिका संसदमा पनि काम गर्थ्यो। जुन बेला संविधान सभाको काम गर्थ्यो त्यो बेला ह्वीप लागेको थिएन।यो सदन म आफुलाई धन्य महसुस गर्दछु

कि त्यो ऐतिहासीक सभामा काम गर्नु भएका धेरै माननीयज्यूहरु यहाँ हुनु हुन्छ। उहाँको सामित्य, उहाँको ज्ञान, बुद्धी र अनुभवबाट सिक्ने हामी सबेले मौका पाएका छौ। कसैले उठेर कसैले यो विषय जानकारी गराउँनु सक्नु हुन्छ कि संविधानमा ह्वीप लागेको थियो। त्यस्तो थिएन त्यसले गर्दा खेरि २०७२ सालमा जुन संविधान जारी

भयो। ह्वीप बेगरको संविधान थियो। त्यहि संविधानको २८८ को (१) ले के भन्यो भन्ने नेपालको राजधानी काठमाडौमा रहेने छ भयो।त्यहाँ कुनै ह्वीप लागेन महोदय बिना ह्वीपको निर्णय हो। त्यसको अर्थ के हो भन्दा खेरि जनप्रतिनीधिहरुले सत्वपूर्ण निर्णय गर्न सकुन भनेर त्यो खालको एक्सरसाईज भयो।आज २८८ को (२) नं. धारामा आएर ह्वीप लागेको छ।त्यहाँ के भनेको छ भन्ने २ नं. को विषय यस संविधान धारा २८८को २ ले यस संविधान बमोजिमका प्रदेशको राजधानी सम्बन्धित सभामा तत्काल कायम रहेका सदस्यहरुको दुई तिहाई बहुमत निर्णय भए बमोजिम हुने छ।एउटै संविधानको एउटै संविधानको पहिलो उप धारा ह्वीप लागेन।दोस्रो धारामा ह्वीप लाग्यो।

अब यहाँ भन्नु होला। यो त पार्टीको अधिकारको कुरा हो। अरुले किन पिर गर्नु पर्‍यो। कुरा त्यतिमा सिमित छैन। सभामुख महोदय पार्टीको अधिकारको कुरामा सीमित छैन। जब य विषय संसदमा ठोकिन्छ भने देखि यो संसदको विषय हो।यदि पार्टीकै अधिकार हुन्थ्यो भने कि हामीले संसदहरुलाई विशेष अधिकार भनेर किन राख्छौ।अधिवेशन चलि रहेको बेला पक्राउँ गर्न पर्यो भने सभामुखको अनुमति किन लिनु पर्छ। त्यसले गर्दा खेरि आफ्नो ठाउँमा पार्टीको महत्व होला। तर पार्टी नै सबै हो। तर कोठामा चुकुल लागारेर बहस गरि सक्यौ। त्यसकारणले बोल्नु पर्दैन भन्ने तर्क गर्ने हो भन्ने यो संसद चाहिँ एउटा छाप लगाउँने थलो कागज माथि छापा लगाउने थलो बन्छ। त्यसैले गर्दा खेरि यो संसदको गरिमायलाई हामीले स्वीकार गरेको हामीले बनाएको नियमवलिले पनि दिएको छ। संसदको विशेष अधिरकारलाई पनि थाहाँ दिएनौ भने ह्वीपको प्रंसगमा धेरै सचेत हुनु पर्ने आवश्यकता छ।

अब मलाई यहाँ भने असजीलो भईरहेको छ।सभामुख महोदय नेपालको कम्युनिष्ट आन्दोलन चाहिँ एउटा शास्त्रीय धारमा गईरहेको बेला जसशुत्र वादी भाषामा चाहिँ जागी रहेको बेला नेपालमा एक जना नेताको उदय भयो।स्वर्गीय मदन भण्डारी उहाँले के भन्नु भयो त भन्दा खेरि कम्युनिष्ट आन्दोलनलाई लोकतन्त्रीक करण गर्नु भयो। आवधी निर्वाचन, मानव अधिकार जस्ता विषयहरुलाई विश्व व्यापिक मान्यतालाई स्वीकार गरेर कम्युनिष्टहरु पनि लोकतन्त्री चरीत्र हुन सक्छन भन्ने उहाँले सुरु गर्नु भयो।मलाई दुख छ। आज त्यही मदन भण्डारीको पार्टीले आज ह्वीपको तरवार हल्लाएर राजधानी तोक्न

विषयलाई ह्वीप लगाएको छ। त्यसै गरि सभामुख महोदय यहाँ अर्को विश्ववर प्रसाद कोईराला पार्टी छ। समाजवादीक चिन्तक, राजनीतिक पार्टीले ह्वीप लगाको छ। त्यो पनि अन्त्यत अस्वभाविक देखको छु। खास गरि गएको एक हप्तामा हेंटौडामा जस्तै नाटकिय घटनाक्रममहरु अगाडी बढी रहेको छ। यहि सदनमा कति अभिव्यक्तिहरु आए।

अझ नेपाली कांग्रेसका कतिपय माननीय सदस्यहरुले यो पनि भन्न भ्याउनु भो ने.क.पा. जस्तो हामी होईनौ। हामी लोकतन्त्रीक हौ।तर आज के भयो उहाँहरुले पनि आफ्नो सदस्यहरुलाई ह्वीपको तरवार टाउँकोमा झुडाई दिनु भो। त्यसैले गर्दा खेरि म यहाँ जोडेर भन्न चाहन्छु। यो विषय समान्य विषय होईन।त्यसले गर्दा संसदको गरिमाको विषय हो। संसदको विशेष अधिकारको विषय हो र त्यो आज संकुचन हुन पुगेको छ। मैले उप सभामुखलाई भने। अब यहि तफतारमा हामी गईराखेको भन्ने मलाई के लाग्छ भन्ने यो संसदले त्यति फल दायी कामहरु गर्न सक्दैन भन्ने देखिएको छ सभामुख महोदय।अब अर्को ईन्टरटीङ्ग कुरा के भयो भन्दा खेरी नेपाली कांग्रेस र ने.क.पा. सत्ताघारी प्रमुख विपक्षि एकै ठाउँमा आउँने यो राम्रो मिलेर जानु त्यसमा कुनै मेरो केसमा चाहिँ थप कुरा केही पनि छैन।

तर हामीले के ध्यान दिनु पर्छ भन्ने दुईवटा हात्तिहरुले प्रेम गरे पनि युद्ध गरे पनि गरिव किसानको तोरी बारीमा माडिन्छ। यसमा हामी ख्याल राख्नु पर्छ। किन भने लोकतन्त्रमा सत्ता पक्षको आफ्नो भूमिका हुन्छ। प्रतिपक्षमा आफ्नो भूमिका हुन्छ। प्रतिपक्षले त्यो आलोचनात्मक चेत राख्न सकेन भने प्रतिपक्षले आवश्यकता अनुसार खबरदारी गर्न सकेन भन्ने देखि सत्ता के हुन्छ।स्वेक्षयारी बाटो तिर जाँन्छ। त्यसैले गर्दा मेरो थोरै चिन्ता काहाँ नेर छ भन्दा खेरि भोलि कतै सुशानको मुद्धामा क्म्परमाईज तिर गई रहेका छैनौ नि किन भन्ने मैले देखि राखेको छु। माननीय मुख्यमन्त्रीज्यू हेटौडाको हुनु हुन्छ।प्रमुख विपक्ष माननीय पनि हेटौडाकै हुनु हुन्छ। उहाँहरुको केमिन्ट्री खुब मिलेको छ। उहाँहरु दाजुभाई जस्तै देखिनु हुन्छ। यसको अर्थ के हो त? भन्दा भोलि हेटौडाको खेतको पाटोमा ओल्लो छेउमा दाजुको घर पल्लो छेउमा भाईको घर बिचमा

राजधानी राख्ने अनि फोनबाट कुराकानी मिलाएर यो सदनमा छाप लगाएर अरु निर्णय गर्दै जाने हो त ?त्यसरी हामी चलाउँने हो त ?त्यो दिशामा हामी जान खोजेको हो त ? म यो प्रश्न राख्न चाहन्छु। किन भने यो लोकतन्त्र सँग गासिएको कुराले गर्दा खेरि यसमा गम्भिर हुनु पर्छ भन्ने मलाई लाग्दछ सभामुख महोदय। अब अर्को कुरा यहाँ के छ भन्दा खेरी खास गरी ने.क.पा.लाई के म विनम्र अनुरोध गर्न चाहन्छु भने देखि तपाईहरुले सोभियत संघ र युगोस्लानियाको एउटा उदाहण हेर्नु भएको भए।

ति मुलुकहरु ईतिहासमा आजको मानचित्रमा ति मुलुकहरु खोजेर भेटिदैन। विगतमा तिनीहरु थिए। संविधान तिनीहरु के थियो भन्ने संघीय व्यवस्था थियो। संघीय व्यवस्था भएको त्यो मुलुकहरुमा के हुन्थ्यो भने लेलिनवादी केन्द्रियता अपानाएर चाहिँ सानो सानो विषयहरुमा केन्द्रले डिटेक्ट गर्थ्यो र आज मुलुकमानति कम्युनिष्ट पार्टी रहे र त्यो मुलुक नै रह्यो। आजको मानचित्रमा तपाईले सोभियतसंघ पनि खोजेर भेटनु हुन।युगोस्लामिया खोजेर भेटनु हुन्न त्यसबाट पनि पाठ सिकौ भन्ने म अनुरोध गर्न चाहन्छु।

त्यसै गरी अर्को माननीयज्यूले छलफलको क्रममा राख्नु भएको छ। मकवानपुरको सुरक्षाको प्रश्नले चाहिँ मकवानपुर उचितै हो कि भनेर राख्नु भएको छ। माननीयज्यूको तर्कलाई सम्मान गर्दै के भन्न चाहन्छु भने जुन बेला मकवानपुरलाई हेटौडा अस्थायी राजधानी तोकियो। यो कुनै अध्यन गरेर तोकिएको होईन।कुनै इटेलिजेन्सको रिर्पोटले चाहिँ प्रदेशको राजधानी हेटौडामा राखे सुरक्षित हुन्छ, अन्त राखे असुरक्षित हुन्छ भनेर तोकिएको छैन।त्यसले गर्दा खेरि यो त के हो भन्दा खेरी यो त सत्ताले एउटा आम नागरिकलाई अलमल्याउँन थालेको अशत्र हो।

अहिले आएर चाहिँ जुन बेला निर्वाचन हुँदै थियो। निर्वाचन पछि एउटा नतिजा आयो।त्यो नतिजाले गर्दा जुन एउटा राजनीतिक दाउपेचको हिसाबले यहाँ आयो।अहिले त्यसलाई लेप लाउँनको लागि के भनियो भने सुरक्षाको कुरा अब आम सर्वसाधारणले सुरक्षाको मोटो कुरा बुझ्दैन।त्यसले गर्दा सजिलै यिनिहरुलाई मुर्ख बनाउँन सकिन्छ भनेर यो सुरक्षाको कुरा अघि सारेको छ। यसमा कुनै तर्क पनि छैन। कुनै दम पनि छैन।

कुनै यथार्थ पनि छैन। छ भने त्यस्तो रिपोर्ट चाहिँ बाहिर ल्याउँन म अनुरोध गर्न चाहन्छु।

त्यसैले गर्दा खेरी कुनै पनि भ्रम नराखौ भन्न चाहन्छु। अब अन्त्यमा मैले छलफलमा भाग लिएका माननीय सदस्यहरुको जवाफ दिए सभामुख महोदय अन्त्यमा म खास गरी शुरु देखि नै हेटौडाको पक्षमा जसले बोलि राख्नु भएको छ।म उहाँहरुलाई खासै भन्नु छैन। गुनासो छैन। किन भन्ने राजनीतिमा एउटा मतको कुरा हुन्छ।आफ्नो मान्यताको कुरा हुन्छ। आफु उभिएको कुरा हुन्छ।त्यसले गर्दा खेरी म उहाँहरुलाई सम्मान गर्दछु।तर मेरो म जाँदा जादै मेरो प्रश्न कहाँ निर छ भन्दा खेरी जुन सुरुवती दिन देखि काभ्रेको धुलिखेल राजधानी ठिक छ भनेर जुन यहाँ भन्ने माननीय संसादज्यूहरु हुनु हुन्छ। मन्त्रीज्यूहरु हुनु हुन्छ। कतिले संसदमा बोल्न सक्नु भएन होला। बाहिर फोरममा गएर बोल्नु भएको छ। विभिन्न समितिका सभापतिज्यूहरु हुनु हुन्छ। म तपाईहरुलाई के मात्र अनुरोध गरौ भने आजको ऐतिहासीक निर्णय लिदै गर्दा आउँदा केही मिनेटहरु अन्त्य महत्वपूर्ण छ।

ति हाम्रा लागि मात्र नभएर हाम्रा सन्तान दरन्तानका लागि महत्वपूर्ण छ। त्यसैले गर्दा खेरी हामीलाई धादिङ देखि, रसुवा देखि, नुवाकोट देखि काठमाडौ उपत्यकका ३ नै जिल्ला काठमाडौ, ललितपुर, भक्तपुर देखि हामीलाई चाहिँ काभ्रेपलान्चोक, सिन्धुपालोचक देखि हामीलाई चाहिँ रामेक्षाप र दोलखा देखि र सिन्धुलिको आदि भू-भागका जनताले हामीलाई हेरि रहेका छन। हामीलाई सुनि रहेका छन। त्यसले गर्दा उनीहरुलाई तपाईले कुनै बेला प्रशिक्षण दिदाँ भन्नु भयो होला। विद्रोह गर्ने जनताको अधिकार हो।

तपाईले यो पनि भन्नु भो होला। नेतृत्वले गल्ति गर्‍यो भनेत हेडक्वाटरमै हमला गर्नु पर्छ भनेर, नेतृत्व गद्धार भो भन्ने त हेडक्वाटरमै हमला गर्नु पर्छ। तपाईले यो पनि भन्नु भो होला। त्यसले गर्दा भोलिका दिनमा त्यहाँ जनतालाई जवाफ दिनको लागि म खास गरी यहाँका माननीय सदस्यहरुलाई म के सोध्न चाहन्छु भने नताको प्रश्नको जवाफ तपाई सँग छ कि छैन ? त पाई के भन्नु हुन्छ उहाँहरुको सामुन्ने जाँदा खेरी कि यसो भन्नु हुन्छ। म मन्त्री भएको थिए।

त्यसले गर्दा म झण्डा र डण्डा नसा लाग्यो। त्यो छोड्न सकिन। त्यसले गर्दा आफ्नो विचार दबाए भन्नु हुन्छ। कि तापाई यसो भन्नु हुन्छ। म कुनै विकास समिति वा कुनै अरु समितिको सभापति थिए। त्यसै गर्दा खेरी मैले त्यो पद त्यान सकिन। त्यसैले गर्दा म आफ्नो विवेक दवाए तपाई यसो भन्नु हुन्छ। कि तपाई यसो भन्नु हुन्छ। मैले आफ्नो विवेक प्रयोग गर्दा खेरी मेरो त संसाद पद नै खोसिने भो त्यसैले गर्दा म रिक्स लिन सकिन। त्यो खतरा मोल्न सकिन कि यसो भन्नु हुन्छ।

कि अथवा यसो पनि भन्नु हुन्छ। अथवा केही मन्त्रालयहरु खाली छन्त्रे मन्त्रीहरु थपिदै छन्त्रे मलाई पनि दिन्छु भनेका छन। त्यहि भएर मैले आँट गर्न सकिन कि त्यसो भन्नु हुन्छ। तपाईहरुले एउटा जवाफ दिनु पर्ने छ र मैले दिनु पर्ने जवाफ दिए। तपाईहरुले आफ्नो जवाफ तयार गर्नु होला। यो ऐतिहासीक क्षणमा आउँदा खेरी केही मिनेटहरु अन्त्यत महत्वपूर्ण छन। आफुलाई समझेर आफ्नो विवेकलाई समझेर भावि पुस्ताहरुलाई समझेर निर्णयमा पुग्नको लागि विम्रर अनुरोध गर्दै र काभ्रेको धुलिखेलको पक्षमा पून एक चोटि सकारात्मक हिसाबले सोचि दिनु हुन र त्यसमा मतदान गरिदिनु हुन अनुरोध गर्दै आफ्ना भनाईहरु यहि अन्त्य गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुख</u>:-** माननीय सदस्यहरु प्रदेश नं.३को राजधानी मकवापुर जिल्लाको हेटौडा तोकियोस भन्ने प्रस्तावका प्रस्तावक माननीय मुख्यमन्त्री डोरमणि पौडयललाई छलफलको क्रममा उठेका प्रश्नको जवाफ दिन समय दिन्छु।

**<u>माननीय डोरमणि पौडेल, मुख्यमन्त्री</u>:-** सभामुख महोदय, आज अन्त्यतै महत्वपूर्ण र गम्भिर विषयमा हामी छलफल गर्न गईरहेका छौ। मलाई लाग्छ यो पहिलो पटक हामी लगातार एक हप्ता भन्दा बढी यो विषयमा केन्द्रित भयौ र हाम्रो सदन पनि ७ दिन लगाता चलिरहेको छ। यो बिचमा धेरै कुराहरु भए। धेरै कुराहररु भए , धेरै बहसहरु भए, धेरै छलफलहरु भए यहाँ सम्म भयो कुनै पार्टीले गरेको निर्णय अर्को पार्टीले यो निर्णय किन गरिस भन्ने सम्मका तहका कुराहरु भए।

मेरो पार्टीले गरेको निर्देशन तैले किन आफ्ना कार्यकर्ता लई यस्तो निर्देशन दिईस भन्ने कुरा पनि भए। म के भन्न चाहन्छु भने यो संसादीय व्यवस्था हामीले धेरै लामो

समय देखि अभ्यास गरि राखेका छौ र कसले भन्छ संसादीय व्यवस्थामा पार्टीले कार्यकर्तालाई निर्देशन गर्न सक्दैन भनेर मेरो पार्टीको सचिवालयले गरेको निर्णयका विरुद्धमा आवज उठाउँने हैसियत कसले राख्न सक्दछ यहाँ पार्टीको निर्णय गर्न सक्छ। आफ्ना कार्यकर्तालाई सुझाव दिन सक्छ। निर्देशन दिन सक्छ।

यो विषयमा मलाई लाग्छ धेरै टिका टिप्पणि गरिराख्नु पर्ने उठाउँनु पर्ने विषय होईन। अब अहिले भर्खर हाम्रा माननीय सदस्यज्यूले धेरै कुरा भनेर जाँनु भएको छ र उहाँमा एउटा आक्रोस पनि छ। अब यो धेरै समय छैन। अदालतले फसैला गरि सके पछि संभवत उहाँ फेरि यो रोष्टममा यो हैसियतले उपस्थित हुन सक्नु हुन्छ वा सक्नु हुन्न त्यो आफ्नो ठाउँमा छ।

जहिले सम्म उहाँले आफ्नो हैसियत राख्नु भएको छ।त्यति बेला सम्म भन्ने कुरा पनि ठूलो कुरा रहेन भन्नु भो मलाई के लाग्छ भनने उहाँले धेरै कुरा गर्नु भो धेरै विषयहरु उठाँउनु भो हाम्रा पार्टीका वरिष्ठ हाम्रा श्रद्धेय नेताहरुका बारेमा, विगत नेताका कुरा पनि उठाउँनु भो र धेरै पाठ सिकाउँनु भयो।लोकतन्त्रका पाठ, गणतन्त्रका पाठ, प्रजातन्त्रका पाठ उहाँले सिकाउनु भो धेरै हामीले सुनौ गम्भिरताका साथ हामी त वस्तवामा बच्चौ रहेछौ नी त।

हामीले लोकतन्त्रको केही बुझेकौ रहेन छ हामीले त्यो अर्थमा उहाँले जुन ढंगले अभिव्यक्ति दिनु भो म त्यसको घोर आपत्ति गर्न चाहन्छु र यस्ता खालका गैह संवैधानिक क्रियाकलाप, गहिरो संसदीय कियाकलपमा सहभागि नहुन सबै साथीहरुलाई हार्दिक अनुरोध पनि गर्न चाहन्छु। अब एउटा पार्टीले निर्णय गर्छ। अर्को पार्टीले टाउँको दुखाउँछ। सब भन्दा गजबको कुरा त्यहाँ छ। टाउँको अर्को पार्टी दुखाउँछ। अर्को पार्टीले निर्णय गर्छ। कुनै पार्टी विशेषले गरेको निर्णयलाई अर्को पार्टीले टाउँको दुखाएर त्यसलाई विषय बनाउनुको अर्थ के हो? अब मैले काभ्रेका साथीहरु अब यहाँ २ वटा प्रस्ताव यहाँ दर्ता भएका छन। काभ्रे र मकवानपुरका पक्षमा प्रस्ताव दर्ता भएका छन। म काभ्रेका साथीहरुलाई केही भन्न चाहन्न यो गलत थियो। म यहाँ दिनु पर्छ भन्दिन।

तर विषय के हो भन्ने यो लहडका भरमा कसैका ईन्ट्रेस्ट भरमा यो प्रस्ताव आएको होईन।

यो लहडका भरमा आएको होईन। मेरो घर यहाँ छ। त्यस अर्थमा मकवानपुर हुनु पर्छ भनेर भनिरहेको छैन। मैले प्रति पक्ष नेताको घर यहाँ छ। त्यो अर्थमा यहाँ आउँन पर्छ भनेर भन्ने को होईन। यो आज भन्दा २ वर्ष अगाडी २ वर्ष अगाडी तत्कालिन सरकारले अस्थायी राजधानी रुपमा तोकिएको ठाउँ हो यो। त्यसैको निरन्तरता बाहेक हामीले केही भनेका छैनौ। त्यसलाई निरन्तार दिन किन पर्छ भन्ने कुरा म यहाँहरु समक्ष राख्न चाहन्छु। अब सबै हामी तयारी आवस्थामा बसि सकेका छौ। हामी अहिले कहाँ भोट गर्न जाछौ ? कहाँ अहिले लाईन लाग्छौ।त्यो मेन्टल्लि हामी सबै तयार भई सकेका छौ होईन। यो धेरै व्यख्या गरी रहन पर्ने यसलाई फुल बुट्टा भर्नु पर्ने र यस्तो हो यसैकारणले यहाँ भोट दिनु पर्छ भन्नु पर्ने जरुरी छैन।हामी सबै भोट दिनको निम्ति तमतयारा भएर बसी सकेका छौ।

अब धेरै पटक कुराहरु उठे अहिले अलोचना पनि भए यो रणनीतिक महत्वको ठाउँ हो भनेर हामीले भन्यौ।हामीले किन भनिरहेका छौ भने हिजो क्षेत्रीय कार्यलय जम्मा १९ वटा जिल्लाको क्षेत्रीय कार्यलय यहाँ भएको ठाउँ, क्षेत्रको सदरमुकाम रहेको ठाउँ र त्यो अर्थमा पनि यसको महत्व छ। तत्कालि सरकारले, तत्कालिन सत्ताले मेचि देखि महाकालिन सम्मका सबै जिल्ला प्रसाशन कार्यलयहरु तपाईले हेर्नु भयो भने सबै बोडर बोडरमा किन राखिएको छ। किन लालबन्दीमा नभएर मलेगवामा राखिएको छ। किन चन्द्रनिगापुरमा नभएर गौरमा राखिएको छ। यो सबै हेर्दै जानु भयो भने मेचि देखि महाकालि सम्म सबै बोडरमा सुरक्षाका तैनाथ गरीएको छ।

यस अर्थमा कुनै नकुनै हिसाबले त्यसको महत्व छ भन्ने बुझ्न जरुरी छ भन्ने मलाई लाग्छ। अब मकवानपुरको हेटौडा यति मात्र होईन एउटा ऐतिहासीक महत्वको ठाउँ पनि हो। यही मकवानपुर गढी हो। जाहाँ तपाईहरु घुम्न जानु भएको छ। हेरि सक्नु भएको छ। अंग्रेजका फौजलाई लखेट्ने पृथ्वी नारायण शाहले कब्जा गरेको ठाउँ हो। फौजहरुलाई लखेट्ने ठाउँ हो।

त्यसको ऐतिहासीक महत्व पनि यति नै छ र सामरी कमहत्वको हिसाबले यसको महत्व छ भन्ने कुरा त्यसले पनि देखाउँछ। अब हामीले धेरै कुरा केले जोडेका छौ भन्ने यो बाटो घाटो एक्सेसका कुरा गर्छौं। पहिलो कुरा त राजधानी हुनको निम्तिम आधारभूत कुराहरु के के हुन। के कुराको आवश्यकता पर्छ। राजधानीका लागि कुन कुरा आवश्यकता पर्छ भन्ने कुरालाई हेर्नु जरुरी छ। यो हेटौडाको राजधानी यो हेटौडा नगरपालिकामा मात्र २४४ स्कवायर किलोमिटरमा बस्दैछ र यसमा प्रसस्त जग्गाहरु छन। हामीले जस्ता सुकै सहरहरु निर्माण गर्न सक्छौ। यसमा कुनै फरक छैन। यसमा धेरै लोथर देखियहाँ सम्म हिसाब गर्ने हो भन्ने ६० किलोमिटर बढी यो पूर्व पश्चिम फैलिएको एउटा ठूलो फाँट यसले सिन्धुली सम्म जोड्दा खेरी त्यसले गर्दा खेरी यसको महत्व ठाउँ विशेषले त्यति नै महत्व छ भन्ने एक्सेसका हिसाबले तपाई कुनै एउटा जिल्ला देखाउँनु जहाँ ६ वटा राजमार्ग जोडिएको छ।

६ वटा राजमार्ग जोडिएको। यो हेटौडालाई आगमनको दुःख छ। कठिनाई छ भन्ने कुरा कति ठिक छ। हो अहिले बाटो बनि सकेको छैन। बाटो त यहाँ मात्र होईन। थानकोट जाने बाटो कलंकिबाट राजधानीको मुटुमा तपाई हामी जाहाँ छौ। त्यहाँ बन्न त ६ वर्ष लाग्यो। अनि हामीले फुमन्तर गर्ने बितिकै बाटो बनेन भनेर बाटो बनाउन सकेन। बाटो छैन भन्ने कुरा कति न्यायोचित छ। चाहेर पनि हामी अहिले तपाईको १ वर्षमा बाटो मात्र होईन। तपाई हामी सबैको मेहनत परिश्रम र कमीन्टमेन्टका साथ हामीले बोल्यौ भन्ने सुरुङ्ग मार्ग बनाउँछौ। २ वर्षमा यहाँ सुरुङ्ग मार्ग निर्माण हुन्छ र आगमी वर्ष सुरुङ्ग मार्ग बनाउँने प्रतिबदका साथ सरकार अगाडी बढेको छ। त्यसको डि.पि.आर अहिले भई रहेको छ।

फागुन भरिमा त्यसलाई ठेक्का लगाउँने क्रममा हामी लागिरहेका छौ। सरकार लागि रहेका छन। त्यो अर्थमा अबका दिनमा यो बाटाहरु जुन अफ्ठ्यारो बाटोहरु अनुभव गरि रहेका छौ। ति सबै बाटोहरुलाई तयारी मेन्टेसन निम्त निर्माणका निम्ति फैलाउँने काममा निम्ति त्यसका तयारीहरु पनि भईरहेका छन। काम पनि सुरु भई सकेको छ। त्यसैले म माननीय सदस्य साथीहरुलाई के भन्छु भन्ने अब हामीले यो बाटोकै कारणले एउटा कुनामा परेको कारणले एउटा क्षेत्रमा यहाँहरुलाई म अनुरोध

गर्छु। यो कुनामा भयो हो। केही न केही हिसाबले जनघत्वको हिसाबले जनताको बसो बासको हिसाबले यो कुनै साईडमा छ। तर यसको अर्थ यो होईन कि संसारका ईतिहासमा म भन्दा धेरै यहाँले पढनु भएको छ। बुझनु भएको छ। ईतिहास पढ्नु भएको छ।

किताब पढ्नु भएको छ। कुन ठाउँको राजधानी काहाँ छ। कस्ता ठाउँमा राजधानी रहेका छन र त्यसैले निरन्तार पाईरहेको छ। यो पनि हामीले हेरेकै होलाम भने पछि यति प्रस्ष्ट हुँदा हुँदै तपाई कहि जानु पर्दैन २ नं. प्रदेशको राजधानी ठोरी देखि जनकपुर जानु पर्छ।ठोरी र जनकपुर बिचको २००/२५० किलो मिटर दुरी २००/२५० किलो मिटर हामी एकदम सुगम ठाउँ र राम्रो ठाउँ होईन अब पहाड नभएकए तराई भएको ठाउँमा ठोरी देखि जनकपुरको राजधानी २००/२५० किलो मिटर हिड्नु पर्छ भने यो कुनै टाढा होईन। हामीले यो बाटो निर्माण गर्ने बितिकै ५०किलो मिटरमा राजधानी भित्रिन्छौ। राजधानी भित्रिने बाटाको एक्सेस यती छ। हामी संभव भए सम्म एर्यपोटको निमार्ण गर्ने कुरालाई २ पटक सम्म प्रविधिहरु ल्याएर देखाई सकेका छौ। त्यसको जग्गा छ।

प्रयाप्त जग्गा छ। प्रविधिहरुले एक पटक हेरेर उहाँले ठिक छ भनेर गईसक्नु भयो छ। डिडेल साईटडी भयो भन्ने भोलि यहाँ एर्यपोट पनि बन्छ। सुरुङ्ग मार्ग पनि बन्छ। फास्ट ट्राकले जोडिदै छ। फास्ट ट्रायाक यहाँबाट जान १६किलो मिटर पर्छ। त्यसपछि १ घण्टामा फेरि काठमाडौ। यहाँबाट १६ किलो मिटर बाटो फास्ट ट्रायाकमा जोडन्छ। त्यो जोड्ने बितिकै हामी त्यहाँबाट फेरि काठमाडौ पुग्छौ। यी सबै सुगमता सुगताले भरिएको यहाँ हरेका चिजको प्राप्तता छ। यहाँ कुनै चिजको कमि छैन। मात्र एउटा साडईमा परेको कुराले थोरै तपाईहरुलाई प्रभावित पारेको छ। यहाँ हिजो कुरा उठ्यो। यो जम्मा २ वटा जिल्लालाई मात्र पाएक पर्छ। यो बाटो बन्ने बितिकै मदन भण्डारी राजमार्गले रामेछापलाई यहाँ डोरयाउँछ।

अब रामेछाप काठमाडौ उता जानु भन्दा यता तिर नजिक पर्छ। सिन्धुली त सोह जोडि सक्यो सो ट्राक हो सिन्धुली, रामेछाप हामी यहाँबाट जोडन सक्छौ। भन्ने पछि

हामी कहाँ चाहिँ त्यति टाढाका ठाउँमा पुगेका छौ। कहाँ त्यतो ठाउँ छ। ७ वटा जिल्ला छोएकै कुरा गर्ने हो भन्ने त काभ्रे यहाँ जोडि सकेको छ। काभ्रे पनि जोडेको छ। सिन्धुलि पनि यहाँ जोडिएको छ भने पछि ७ वटै जिल्लाले यहाँ छुन छ। धादिङ, काठमाडौ, ललितपुरले छुन छ। मकवानपुर ७ वटा जिल्लाले छोएको यो मकवानपुर जिल्लालाई हामी एकदमै दुर दराजमा छौ भनेर कसरी सक्छौ ? दुर दराज जोडिएको छ। एक आपसमा जोडएको जिल्लाहरु हुन।त्यसैले मात्रै हामी अहिले काभ्रे जोड्ने सडक निर्माण गरि राखेका छौ र निर्माण गर्छौ।

जम्मा ९८ किलो मिटरमा पनौति पुग्छ।त्यो बाटो पनि अहिले निर्माणको क्रममा छ र पहिलो प्राथमिकता म भन्न छु अबका दिनमा सब भन्दा पहिलो प्राथमिकता काभ्रेका साथीहरुले जे कुरा अलिकति चिन्ता जाहेर गरिनु भएको छ। त्यो बाटोलाई जोडेर पहिलो प्राथमिकतामा राखेर काभ्रे जोडिने बाटो पनि बन्छ भने पछि यी चौतफि रुपमा चारै तिरबाट जोडीएको अन्त्यतै सेन्टरमा पर्ने र सबै कुरा सबै हिसाबले प्रर्यप्तता भएको यो ठाउँलाई मलाई लाग्छ। यसमा विवाद गरि राख्न पर्ने यो अफ्ठ्यरो मानु पर्ने कुनै विषय छैन। हामीले अर्को विषय किन मैले यहाँ भनि रहेको छु। एउटै अठान थियो। सुरु देखि अडान त्यो अडान भन्नेको काठमाडौ उपत्यका भित्र राजधानी हुनु हुँदैन। कुनै हालतमा हुनु हुँदैन।

काठमाडौ उपत्यका भित्र रहेको ६० लाख भन्दा बढी चापलाई तपाईले कसरी बाहिर ल्याउँने अब हामी त्यो स्टाटीजीम जानु पर्छ। लामो समय देखि त्यो अध्यान गरेका छौ। २० वर्षौ वर्ष देखि म अनुमान सेक्टरमा २० वर्षौ देखि त्यसका धेरै अध्यानहरु भए र काठमाडौलाई सुव्यवस्थित र राम्रो सहर बनाउँनको निमित हामीले एउटा जब सम्म काठमाडौका Population लाई डाईभर्ट गर्न सक्दैन। त्यति बेला सम्म काठमाडौलाई राम्रो सहर बनाउँन सक्दैनौ। त्यो अन्तिम विशेषण हो। अब त्यो अवस्थामा काठमाडौका मान्छेहरुलाई यता ल्याउँनु पर्ने ठाउँमा हामीले फेरि भएका राजधानी पनि त्यहि काठमाडौमा लैजाने अनि त्यहि सिंह दबारको छाया भित्र तपाईको प्रदेशको राजधानी रह्यो भन्ने तपाई हैसियत र मेरो हैसियत सबैको हैसितय के हुन्छ? सिंहदबारको छायाँमा हामी कति दिन रहन सक्छौ।

अनि सिंहदबारको छाया भित्र हाम्रो भूमिका के हुन्न सक्छ र त्यो कुरालाई पनि ध्यान दिन जरुरी छ। त्यहाँ भएको Population यता ल्याउँनु पर्ने ठाउँमा सबै उता तिर ल्याने हो भन्ने के हुन्छ? त्यसले गर्दा काठमाडौ उपत्यका भित्र राजधानी हुनु हुँदैन भनेर मैले भनेकै कुरा हो। साचो कुरा हो। म आज पनि भन्छु र अर्को कुरा हामीले लामो समय सम्म विकेन्द्रिकरणको बोकालत गरौ। लामो समय सम्म डेबुलेशनको कुरा गरौ। अब अधिकार सम्पन्न स्थायीय तह बनाउँन पर्छ भनौ अधिकार सम्पन्न स्थायी तह बनाउँनु पर्छ भनेर लामो समय सम्म आन्दोलन गरौं भूमिका निर्वाह गरौ। संविधान बन्यो।स्थयी तह बलियो भो अधिकार सम्पन्न स्थायीतह भयो जसका लागि लडाई हामी लडि राखेका छौ।आज संविधान बन्यो। संविधान सबै अधिकार सम्पन्न गरायो। अब अहिलेको समस्या भनेको हामीले सिंहदबार घर-घरमा ल्याउँने बनायौ।

त्यसले आधारमा तर अहिले सम्म प्रर्यप्त जनभत्तीको अभावमा हामीले भनेको जस्तो सेवा दिन सकि राखेका छैनौ। सबै भन्दा ठूलो समस्या यो हो। हामीले चाहेको सेवा दिन सकेको छैनौ। अन्था सबै काम समस्या स्थायी तहबाट सबै गाउँपालिका, सबै नगरपालिकाले सबै समस्या हल गर्न सक्छ। यो केन्द्र सम्म दाही रहन्न पर्ने आम जनतालाई केन्द्र सम्म दाही रहन पर्ने यो विषय छैन। किन भने सिफारिस गर्न आई रहनु पर्दैन। यहाँ नागरिकता लिन आउँनु पर्दैन। यहाँ अरु कुनै काम विशेषले आउँनु पर्दैन। सबै नेतृत्व तहमा, जन निर्वाचित प्रतिनीधिहरुको मात्र भूमिका बढी हुन्छ। त्यसैले गर्दा खास आधारभूत जनताहरु जसलाई खास जनता भन्छौ र उहाँहरुको त्यो सँग यति ठूलो एक्सेस जरुरी छैन। त्यसले गर्दा खेरी तपाई हामी जुन तहमा छौ। यो तहका सम्म मात्रै बढी रिलेटेर हुन्छ।

त्यसैले पनि धेरै उठाउँन पर्ने, उछलनु पर्ने भन्ने विषय मलाई लाग्दैन र अर्को कुरा हामीले डिसेन्ट्लाडेपेभनको कुरा गर्दा खेरी विकेन्द्री कारण कुरा गर्दा खेरी सबै कुरा काठमाडौमा मात्र केन्द्रित गर्ने विकासका आयमहरु बाहिर लैजाने जिल्ला भन्दा काठमाडौ भन्दा बाहिर लैजाने विभिन्न ठाउँमा यो मोडलले के हुन्छ भन्दा खेरी सबै ठाउँमा समान ढगले समानुपातिक विकासका जुन अवधारण हामी छ। हामीले भनि रहेका छौ। समानुपातिक विकास हुनु पर्छ। त्यो समानुपातिक विकास गर्नको निम्ति राजधानी

काठमाडौ भ्याली भन्दा बाहिर हुनु पर्छ। मेरो एकदम सन्तुलित विकासको कुरा गरिरहेका छौ। समानुपातिक विकासका कुरा गर्छौं। अब पर्यटकीय हिसाबले पनि यसको महत्व छ। अब हेटौडा आफैमा पनि एउटा पहिचान बोकेको सहर हो। हेटौडा मकवानपुरमा एउटा पहिचान बोकेको सहर छ। तपाई सबै किसिका सेवा र सुविधा यहाँ प्राप्त गर्न सक्नु हुने छ। थप सेवा सुविधाको पनि हामी उचित व्यवस्था गरि रहेका छौ र त्यसले गर्दा खेरी ५ वटा विकास क्षेत्र मध्ये एउटा यो विकास क्षेत्र हो। जहाँ १९ जिल्लाको मैले अघिनै भनि सके अब सुरक्षाको दृष्टिले पनि यसको महत्व छ।

अघि मैले किन भन्ने भने मेची देखि महाकालि सम्मका सबै सुरक्षा निकायहरु बोर्डरमा राख्नुको त्यसका कुनै तात्वीक अर्थ छ र त्यसैले पनि यो सुरक्षाका हिसाबले पनि यसको त्यतिनै रणनीतिक महत्व राख्द छ भन्ने कुरा यहाँ सम्म राखे र अब हेटौडा अहिले कुरा गर्दा धेरै कुराहरु अन्तराष्ट्रिय खेल मैदान त्यो आजको होईन पञ्चायत कालमा पञ्चायत कालमा नै त्यो रगशालको निर्माण सुरु भएको थियो र आज मलाई लाग्छ ४०/४५ वर्ष देखि त्यो बन नसकेर बनि रहेको अवस्थामा त्यसलाई हामीले अहिले निर्माणको प्रकियामा छ जोड सँग काम भई रहेको छ। त्यो हुने बितिकै हामीले चाहिँ धेरै कुरा खेलकुदका कुरा त्यहाँ हुन्छ र खेलकुदको एउटा अन्तराष्ट्रिय स्तरको गेम गराउँन हामी सामर्थ हुन्छौ र यति मात्र होईन। हामीले अरु धेरै यसका विकासका आयमहरु पनि थपिदै जाने छ र तपाईहरुलाई एउटा आस्वस्त के गराउँछु भन्ने तपाईहरुले जुन खालको अहिलेको अहिल हामीले गएको वर्षमा पनि हाम्रा नीति र कार्यक्रम हामीले स्वभाकि रुपमा संसाद भवनहरु निर्माण गर्ने काम भनेर हामीले भनेका थियौ। अहिले सम्म बनि सक्यौ होला।

यदि हामीले डेढ वर्ष अगाडी निर्णय गर्न सकेको भए निर्णय गर्न नसक्दा खेरी हामीले त्यसलाई थाति राखेकाछौ। म यहाँहरुलाई के विश्वास दिलाउँन चाहन्छौ भन्ने हामी यो वर्ष बजेट विनियोजन गरेर संसाद आवास पनि हामी बनाउँने छौ र य काम पनि सबैको सहयोग पुग्ने छ भन्ने विस्वास लिएको छु र अन्त्यमा मैले धेरै कुरा भनु भन्दा पनि मैले सबै अहिलनै भने हामी सबैले एउटा प्रतिबद्धता जाहेर गरिसक्छौ। उहाँ कसैले

पनि हेटौडा विषयमा मकवानपुरका विषयमा तपाईलाई थोरै पनि किन भनेर प्रश्न उठाउँन पर्ने अथवा यस्तो चिन्ता जाहेर गर्नु पर्ने चित्त दुखाउन पर्ने अवस्था छैन। अहिले सम्म भएका जे जति कमि कम्मोरी छन। त्यो सबैलाई भोलिका दिनमा सच्चाउदै सबैलाई हामी कुनै विभेद नगरिकन हामी सबै एक हौ भन्ने एउटा सन्देश दिनु जरुरी छ। हामी सबै अहिले कुन प्रति पक्ष कुन चाहिँ सत्ता पक्ष यो मामिलामा जुन एकता हामी देखाउँन गईरहेका छौ।

यो नै एउटा ऐतिहासीक महत्व राख्छ र यसलाई नै देश व्यापि रुपमा सन्देश लैजान्छ। के अरुलाई पनि त्यसले पाठ सिकाउँछ त्यसैले सबै माननीय सदस्यज्यूहरुलाई पनि यसका बारेमा यसका बारेमा धेरै चिन्ता नलिकन अबका दिनमा अब भोलिका दिनमा कसरी अगाडी बढ्ने भन्ने कुरामा हामी व्यापक रुपमा छलफल गरौ। बहस गरौ र यो ३ नं. प्रदेशलाई साचै नै नमूना प्रदेशको रुपमा स्थापित गरौ। म यति भन्दै यहाँहरु सँग बिदा हुन्छु। धन्यवाद नमस्कार

**<u>माननीय सभामुख</u>ः-** माननीय सदस्यहरु प्रदेश नं. ३ को राजधानी काभ्रेपलान्चोकको धुलिखेल तोकियोस भन्ने प्रस्तावलाई प्रस्तावक माननीय रमेश पौडयललाई उक्त प्रस्ताव फिर्ता लिन चाहनु हुन्छ भन्ने फिर्ता लिन समय दिन्छु।

**<u>माननीय रमेश पौडयल (विवेकशील साझा पार्टी)</u>ः-** काभ्रेको धुलिखेललाई प्रदेशको राजधानी बनाईयोस भन्ने मेरो प्रस्ताव यर्थावत रहेको जानकारी गाउँछु। धन्यवाद।

**<u>माननीय सभामुख</u>ः-** माननीय सदस्यहरु माननीय श्री रमेश पौडयलले प्रदेश नं३को राजधानी काभ्रेपलान्चोक जिल्लाको धुलिखेल तोकियोस भन्ने प्रस्ताव फिर्ता लिन नचाउँनु भएकोले माननीय श्री रमेश पौडयललाई उक्त प्रस्ताव पारित गरियोस भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु।

**<u>माननीय रमेश पौडयल (विवेकशील साझा पार्टी)</u>ः-** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले प्रदेश नं.३को राजधानी काभ्रेपलान्चोक जिल्लाको धुलिखेल तोकियोस भन्ने प्रस्तावलाई पारित गरियोस भन्ने प्रस्तावलाई सम्मानित सभामा पेश गर्दछु। धन्यवाद

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, अव म नेपालको संविधानको धारा २८८ को उपधारा (२) तथा प्रदेश सभा नियमावली, २०६४ को नियम २८ को उपनियम (१) को खण्ड (ख) बमोजिम प्रदेशको राजधानी सम्वन्धि प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा मत विभाजन गरी मत संकलन गरिने व्यहोरा माननीय सदस्यहरुलाई जानकारी गराउदछु।

माननीय सदस्यहरु, अब म मत विभाजन गर्दा अपनाइने प्रक्रियाको सम्बन्धमा जानकारी गराउँछुः

१. विभाजन गर्नुअघि सभाकक्ष बाहिर हुनु भएका माननीय सदस्यहरुलाई सभाकक्षमा प्रवेश गर्ने मौका दिन ५ मिनेटसम्म विभाजन घण्टी बजाइनेछ।

२. विभाजन घण्टी बजेपछि सभाकक्ष वाहिर हुनुभएका माननीय सदस्यहरु सभाकक्षभित्र प्रवेश गर्नु पर्नेछ।

३. विभाजन घण्टी बन्द गरेपछि सभामुख आसनको अगाडिको दर्शक दिर्घाको स्थान र बायाँतर्फको सभाकक्ष संगै जोडिएको उपकक्ष खाली गराइनेछ।

४. सभामुख आसनको अगाडितर्फ रहेको दर्शक दिर्घा स्थित बगैंचा तर्फको दर्शक प्रवेश गर्ने ढोका, सभाकक्ष रहेको भवनको मुल ढोका, सभाकक्षको माननीय सदस्यहरु प्रवेश गर्ने ढोका, सभामुखको आसनको बाँया तर्फ रहेको उपकक्षवाट वाहिर निस्कने ढोका र सो उपकक्षमा रहेका अन्य ढोकाहरुलाई बन्द गरिने छन्।

५. उल्लेखित ढोकाहरु बन्द गरिएपछि मतसंकलन कार्य सम्पन्न नहुञ्जेलसम्म बाहिर रहेका माननीय सदस्यहरु लगायत कसैलाई पनि सभाकक्ष एवं उल्लेखित उपकक्ष तथा दर्शक दिर्धाको स्थानहरुमा प्रवेश गर्न र बाहिर जान दिइने छैन।

६. सभामुख आसनको अगाडिको दर्शक दिर्घाको स्थान र बायाँतर्फको सभाकक्ष संगै जोडिएको उपकक्षहरुमा माननीय सदस्यहरुको वर्णानुक्रमानुसारको नामावली राखिएका छन्।

७. (क) प्रस्तावको पक्षमा रहनुहुने माननीय सदस्यहरु अर्थात् "हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरु सभामुख आशनको अगाडिको दर्शक दिर्घा रहेको स्थानमा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रमानुसारको आ आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नु पर्नेछ।

(ख) प्रस्तावको विपक्षमा रहनुहुने माननीय सदस्यहरु अर्थात् "हुन्न" भन्ने पक्षका माननीय सदस्यहरु सभामुख आसनको बायाँतर्फ रहेको उपकक्षमा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रमानुसारको आ आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नु पर्नेछ।

८. माननीय सदस्यहरुको सहयोगको लागि उक्त स्थानहरुमा सचिवालयका कर्मचारीहरु रहनेछन्।

९. कुनै माननीय सदस्यले आफ्नो मत सच्याउन चाहेमा मतदान कार्य सकिएको ३ मिनेटभित्र माग गरेमा सच्याउन दिइनेछ।

१०. माननीय सदस्यहरु, अब ५ मिनेट विभाजन घण्टी बजाउन आदेश दिन्छु।

११. माननीय सदस्यहरु, अब म सभामुख आसनको अगाडितर्फ रहेको दर्शक दिर्घा स्थित बगैंचा तर्फको दर्शक प्रवेश गर्ने ढोका, सभाकक्ष रहेको भवनको मुल ढोका, सभाकक्षको माननीय सदस्यहरु प्रवेश गर्ने ढोका, सभामुखको आसनको बाँया तर्फ रहेको उपकक्षवाट वाहिर निस्कने ढोका र सो उपकक्षमा रहेका अन्य ढोकाहरुलाई बन्द गर्न आदेश दिन्छु।

१२. माननीय सदस्यहरु, अव म "प्रदेश नम्बर तीनको राजधानी काभ्रेपलाञ्चोक जिल्लाको धुलिखेल तोकियोस।" भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु।

१३. मा० सदस्यहरु, यस प्रस्तावको पक्षमा अर्थात् "हुन्छ" भन्ने पक्षमा रहनुहुने मा० सदस्यहरु सभामुख आशनको अगाडिको दर्शक दिर्घा रहेको स्थानमा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रमानुसारको आ आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नुहोला र प्रस्तावको विपक्षमा अर्थात् "हुन्न" भन्ने पक्षमा रहनुहुने

मा० सदस्यहरु सभामुख आसनको बायाँतर्फ रहेको उपकक्षमा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रमानुसारको आ आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नुहोला।

१४. (क) माननीय सदस्यहरु, प्रस्तावको पक्षमा अर्थात् “हुन्छ” भन्ने पक्षमा रहनुहुने माननीय सदस्यहरु सभामुख आशनको अगाडिको दर्शक दिर्घा रहेको स्थानमा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रमानुसारको आ आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नुहोस्।

(ख) माननीय सदस्यहरु, प्रस्तावको विपक्षमा अर्थात् “हुन्न” भन्ने पक्षमा रहनुहुने माननीय सदस्यहरु सभामुख आसनको बायाँतर्फ रहेको उपकक्षमा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रमानुसारको आ आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नुहोस्।

१५. मा० सदस्यहरु, तपाईहरु मध्ये कसैले आफ्नो मत सच्याउन चाहनु हुन्छ भने मत सच्याउनको लागि ३ मिनेटको समय दिन्छु। सो समयभित्र डायसमा आई आफ्नो मत सच्याउन सक्नु हुनेछ।

१६. मा० सदस्यहरु, अव बन्द गरिएका सभाका सबै प्रवेशद्वारहरु खोल्न आदेश दिन्छु।

१७. मा० सदस्यहरु, अब म मत विभाजनको परिणाम घोषणा गर्दछु। मा० सदस्यहरु प्रदेश नं. तीनको प्रदेश सभामा ११० जना माननीय सदस्य रहेको व्यहोरा जानकारी गराउदछु।

१८. मानानीय सदस्यहरु, आजको मतदानमा उपस्थित माननीय सदस्य हरुको संख्या १०४ रहेको छ।

१९. माननीय सदस्यहरु, “प्रदेश नम्बर तीनको राजधानी काभ्रेपलाञ्चोक जिल्लाको धुलिखेल तोकियोस।” भन्ने प्रस्तावको पक्षमा अर्थात् “हुन्छ” भन्ने पक्षमा जम्मा

३ मत र प्रस्तावको विपक्षमा अर्थात् "हुन्न" भन्ने पक्षमा जम्मा १०१ मत परेको छ।

२०. माननीय सदस्यहरु, "देश नम्बर तीनको राजधानी काभ्रेपलाञ्चोक जिल्लाको धुलिखेल तोकियोस।" भन्ने प्रस्तावको क्षमा ३ मत परेकोले उक्त प्रस्तावको पक्षमा प्रदेश सभामा तत्काल कायम रहेका सदस्य संख्याको दुई तिहाई बहुमत नपुगेकोले नेपालको संविधानको धारा २८८ को उपधारा (२) वमोजिम "प्रदेश नम्बर तीनको राजधानी काभ्रेपलाञ्चोक जिल्लाको धुलिखेल तोकियोस।" भन्ने प्रस्ताव अस्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु, अब "प्रदेश नम्बर तीनको राजधानी मकवानपुर जिल्लाको हेटौडा तोकियोस।" भन्ने प्रस्तावका प्रस्तावक माननीय मुख्यमन्त्री डोरमणी पौडेललाई उक्त प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने फिर्ता लिन समय दिन्छु।

**<u>माननीय डोरमणि पौडयल (मुख्यमन्त्री)</u>:-** मैले यो यो प्रस्ताव फिर्ता लिए भन्ने त होल प्रकिया नै गलत ढंगले जान्छ त्यसैले प्रस्तावलाई यथावत मात्र होईन। यो पूर्ण रुपमा फिर्ता नलिने कुरो दोराउँन पर्दैन जस्तो लाग्छ। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु माननीय मुख्यमन्त्री डोरमणि पौडयलले प्रदेश नं.३ को राजधानी मकवानपुर जिल्लाको हेटौडा तोकियोस भन्ने प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले माननीय मुख्यमन्त्री डोरमणि पौडयललाई उक्त प्रस्ताव पारित गरियोस भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु।

**<u>माननीय डोरमणि पौडयल (मुख्यमन्त्री)</u>:-** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले प्रदेश नं.३ को राजधानी मकवानपुर जिल्लाको हेटौडा तोकियोस भन्ने प्रस्तावलाई पारित गरियोस भन्ने प्रस्ताव सम्मानित सभामा पेश गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, अव म नेपालको संविधानको धारा २८८ को उपधारा (२) तथा प्रदेश सभा नियमावली, २०६४ को नियम २८ को उपनियम (१) को खण्ड (ख) बमोजिम प्रदेशको राजधानी सम्वन्धि प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा

मत विभाजन गरी मत संकलन गरिने व्यहोरा माननीय सदस्यहरुलाई जानकारी गराउदछु।

माननीय सदस्यहरु, अब म मत विभाजन गर्दा अपनाइने प्रक्रियाको सम्बन्धमा जानकारी गराउँछुः

१. विभाजन गर्नुअघि सभाकक्ष बाहिर हुनु भएका माननीय सदस्यहरुलाई सभाकक्षमा प्रवेश गर्ने मौका दिन ५ मिनेटसम्म विभाजन घण्टी बजाइनेछ।

२. विभाजन घण्टी बजेपछि सभाकक्ष वाहिर हुनुभएका माननीय सदस्यहरु सभाकक्षभित्र प्रवेश गर्नु पर्नेछ।

३. विभाजन घण्टी बन्द गरेपछि सभामुख आसनको अगाडिको दर्शक दिर्घाको स्थान र बायाँतर्फको सभाकक्ष संगै जोडिएको उपकक्ष खाली गराइनेछ।

४. सभामुख आसनको अगाडितर्फ रहेको दर्शक दिर्घा स्थित बगैंचा तर्फको दर्शक प्रवेश गर्ने ढोका, सभाकक्ष रहेको भवनको मुल ढोका, सभाकक्षको माननीय सदस्यहरु प्रवेश गर्ने ढोका, सभामुखको आसनको बाँया तर्फ रहेको उपकक्षवाट वाहिर निस्कने ढोका र सो उपकक्षमा रहेका अन्य ढोकाहरुलाई बन्द गरिने छन्।

५. उल्लेखित ढोकाहरु बन्द गरिएपछि मतसंकलन कार्य सम्पन्न नहुञ्जेलसम्म बाहिर रहेका माननीय सदस्यहरु लगायत कसैलाई पनि सभाकक्ष एवं उल्लेखित उपकक्ष तथा दर्शक दिर्धाको स्थानहरुमा प्रवेश गर्न र बाहिर जान दिइने छैन।

६. सभामुख आसनको अगाडिको दर्शक दिर्घाको स्थान र बायाँतर्फको सभाकक्ष संगै जोडिएको उपकक्षहरुमा माननीय सदस्यहरुको वर्णानुक्रमानुसारको नामावली राखिएका छन्।

७. (क) प्रस्तावको पक्षमा रहनुहुने माननीय सदस्यहरु अर्थात् "हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरु सभामुख आशनको अगाडिको दर्शक दिर्घा रहेको स्थानमा

प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रमानुसारको आ आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नु पर्नेछ।

(ख) प्रस्तावको विपक्षमा रहनुहुने माननीय सदस्यहरु अर्थात् "हुन्न" भन्ने पक्षका माननीय सदस्यहरु सभामुख आसनको बायाँतर्फ रहेको उपकक्षमा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रमानुसारको आ आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नु पर्नेछ।

८. माननीय सदस्यहरुको सहयोगको लागि उक्त स्थानहरुमा सचिवालयका कर्मचारीहरु रहनेछन्।

९. कुनै माननीय सदस्यले आफ्नो मत सच्याउन चाहेमा मतदान कार्य सकिएको ३ मिनेटभित्र माग गरेमा सच्याउन दिइनेछ।

१०. माननीय सदस्यहरु, अब ५ मिनेट विभाजन घण्टी बजाउन आदेश दिन्छु।

११. माननीय सदस्यहरु, अब म सभामुख आसनको अगाडितर्फ रहेको दर्शक दिर्घा स्थित बगैंचा तर्फको दर्शक प्रवेश गर्ने ढोका, सभाकक्ष रहेको भवनको मुल ढोका, सभाकक्षको माननीय सदस्यहरु प्रवेश गर्ने ढोका, सभामुखको आसनको बाँया तर्फ रहेको उपकक्षवाट वाहिर निस्कने ढोका र सो उपकक्षमा रहेका अन्य ढोकाहरुलाई बन्द गर्न आदेश दिन्छु।

१२. माननीय सदस्यहरु, अव म "प्रदेश नम्बर तीनको राजधानी मकवानपुर जिल्लाको हेटौडा तोकियोस।" भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु।

१३. मा० सदस्यहरु, यस प्रस्तावको पक्षमा अर्थात् "हुन्छ" भन्ने पक्षमा रहनुहुने मा० सदस्यहरु सभामुख आशनको अगाडिको दर्शक दिर्घा रहेको स्थानमा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रमानुसारको आ आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नुहोला र प्रस्तावको विपक्षमा अर्थात् "हुन्न" भन्ने पक्षमा रहनुहुने मा० सदस्यहरु सभामुख आसनको बायाँतर्फ रहेको उपकक्षमा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रमानुसारको आ आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नुहोला।

१४. (क) माननीय सदस्यहरु, प्रस्तावको पक्षमा अर्थात् "हुन्छ" भन्ने पक्षमा रहनुहुने माननीय सदस्यहरु सभामुख आशनको अगाडिको दर्शक दिर्घा रहेको स्थानमा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रमानुसारको आ आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नुहोस्।

(ख) माननीय सदस्यहरु, प्रस्तावको विपक्षमा अर्थात् "हुन्न" भन्ने पक्षमा रहनुहुने माननीय सदस्यहरु सभामुख आसनको बायाँतर्फ रहेको उपकक्षमा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रमानुसारको आ आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नुहोस्।

१५. मा० सदस्यहरु, तपाईहरु मध्ये कसैले आफ्नो मत सच्याउन चाहनु हुन्छ भने मत सच्याउनको लागि ३ मिनेटको समय दिन्छु। सो समयभित्र डायसमा आई आफ्नो मत सच्याउन सक्नु हुनेछ।

१६. मा० सदस्यहरु, अब बन्द गरिएका सभाका सबै प्रवेशद्वारहरु खोल्न आदेश दिन्छु।

१७. मा० सदस्यहरु, अब म मत विभाजनको परिणाम घोषणा गर्दछु। मा० सदस्यहरु प्रदेश नं. तीनको प्रदेश सभामा ११० जना माननीय सदस्य रहेको व्यहोरा जानकारी गराउदछु।

१८. मानानीय सदस्यहरु, आजको मतदानमा उपस्थित माननीय सदस्य हरुको संख्या १०८ रहेको छ।

१९. माननीय सदस्यहरु, "प्रदेश नम्बर तीनको राजधानी मकवानपुर जिल्लाको हेटौडा तोकियोस।" भन्ने प्रस्तावको पक्षमा अर्थात् "हुन्छ" भन्ने पक्षमा जम्मा १०५ मत र प्रस्तावको विपक्षमा अर्थात् "हुन्न" भन्ने पक्षमा जम्मा ३ मत परेको छ।

२०. माननीय सदस्यहरु, "प्रदेश नम्बर तीनको राजधानी मकवानपुर जिल्लाको हेटौडा तोकियोस।" भन्ने प्रस्तावको पक्षमा १०५ मत परेकोले उक्त प्रस्तावको पक्षमा प्रदेश सभामा तत्काल कायम रहेका सदस्य संख्याको दुई तिहाई बहुमत

भएकोले नेपालको संविधानको धारा २८८ को उपधारा (२) वमोजिम "प्रदेश नम्बर तीनको राजधानी मकवानपुर जिल्लाको हेटौडा तोकियोस।" भन्ने प्रस्ताव प्रदेश सभाको दुईतिहाई बहुमतले पारित भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु अब अर्को बैठक आजै १५ मिनेट पछि बसने गरि स्थगित हुन्छ।

**(तदनन्तर बैठक २०७६ साल पुस २६ गते आजै ११:३० बजेसम्मका लागि स्थगित भयो।)**

**अन्त्य - दिनको ११:१५ बजे।**

# प्रदेश सभा
# प्रदेश नं ३
# पाँचौ अधिवेशन
# कारवाहीको सम्पूर्ण विवरण

२७ पुस, २०७६

आईतबार

(बैठक संख्या - ८)

**प्रदेश सभाको पाँचौ अधिवेशको आजको दोश्रो बैठक माननीय सभामुख श्री सानुकुमार श्रेष्ठको अध्यक्षतामा बिहान ११:३० बजे प्रारम्भ भयो।**

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, प्रदेश सभाको आजको दोश्रो बैठकको कारवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरु, आज शुन्य समय र विशेष समयको कार्यक्रम नरहने व्यहोरा जानकारी गराउँदछु।

माननीय सदस्यहरु प्रदेश नं. ३ को नामकारण बागमती कायम गरियोस भन्ने प्रस्तावका प्रस्तावक माननीय ईन्द्र बहादुर बानियाँलाई छलफलको क्रममा उक्त प्रस्ताव माथि उठेका प्रश्नको जवाफ दिन समय दिन्छु।

**<u>माननीय ईन्द्र बादुर बानियाँ (नेपाली कांग्रेस)</u>** :- सभामुख महोदय, वास्तवमा आज ऐतिहासीक दिन यो छलफलमा बागमतीको विषयमा उठेका प्रश्नको जवाफ दिनको लागि मलाई यहाँ आज उभिई रहेको छु। वास्तवमा त्यति धेरै बामगतीको सम्बन्धमा धेरै उठान पनि छैन र विषय एउटै यो नामकारणको हकमा प्रवेश गरेको छ। दुई जना माननीयज्यूहरुले आफ्नो विचार राख्नु भएको थियो।

त्यसमा पहिचानका कुराहरु थियो। सभ्यता कुरा, संस्कृतको कुरा, जातिय कुरा यी सबै हाम्रा पहिचानका विषयहरु हुन। त्यसकारणले सभ्यात, सांस्कृती र जात यो सबै पहिचान हो। त्यसकारण त्यसप्रति म उच्च समान व्यक्त गर्दै हाम्रो ५० औ वर्ष लोकतन्त्रिक संघीय गणतन्त्र रहेको भारतमा पनि जातिय कुरा त थियो। त्यहाँ पनि पंजाव राज्य छ। बंगाला राज्य छ। तिलङ्गा छ। त्यसैगरि धेरै राज्यहरु जातिय नाममा राज्यमा छन। तर के छ भनि त्यो भन्दा पनि अझै जातिय राज्यमा जाँदा खेरि जातको नामबाट जाँदा खेरि अलिकति द्धन्द थियो।

भोलि पनि द्धन्द नगरिकन जातिय कुरालाई भन्दा हामीले सबै भन्दा साझा के हुन सक्छ भन्ने विषयमा हेर्दै जाँदा खेरि सभ्याता, सांस्कृति यो सबैलाई हेर्दै जाँदा बागमती एउटा सभ्यता हो। बागमती एउटा साझा हो। नदी सबैको साझा हुन्छ। त्यसकारणले यो बागमतीको सम्बन्धमा मलाई लाग्छ हामीले बागमतीको लागि सबैको एउटै मात्र प्रस्ताव पनि दर्ता भएको अवस्था रहेको हुनाले यता पट्टि हामी केन्द्रित भएका छौ र भर्खरै पनि हामीले चाहिँ के भने ऐतिहासीक निर्णय गरेका छौ। ऐतिहासिक दिन पनि हो। हामीले नेपाललाई कल्पना गर्दै गर्दा नेपाल सम्झिदै गर्दा नेपाललाई स्मरण गर्दै गर्दा आज हामीले दुई वटा ऐतिहासिक निर्णय गरिरहेका छौ।

एउटा राजधानी एउटा ऐतिहासिक निर्णय टुंग्यो लागि सकेको छ। हेटौडा राजधानी दुई तिहाई भन्दा अधिकतम सहमतिमा राजधानी हेंटौडा टुंगी सकेको अवस्था छ र स्थायी राजधानी हेंटौडा भई सकेको अवस्था छ। आज ऐतिहासिक दिन हामीले स्मरण गर्नै पर्छ। नेपाल र नेपालीले स्मरण गर्नै पर्छ। आज पुस २७ गते हामीले भननै पर्दा

खेरि हामीले स्मरण गने पर्दा खेरि सम्मान व्यक्त गर्दै गर्दा खेरि एकताका प्रतिक हाम्रा चाहिँ पृथ्विजयन्ति आज एकताको प्रतिक म विशेष गरि भन्न चाहन्छु। राष्ट्रपिता पृथ्विनारायण शाहको आजको दिन हामीले चाहिँ के छ भन्ने ऐतिहासिक नेपाललाई आज नेपाल भन्दै गर्दा खेरि नेपाल भित्र नेपाली भएर राजनीतिक गर्दै गर्दा खेरि पृथ्विनारायण शाहलाई पनि हामीले स्मरण गनै पर्छ समान व्यक्त गर्नु पर्छ र मकवापुर पनि त्यस्तै एउटा ऐतिहासिक स्थाल पनि हो।

जाहाँ पृथ्विनारायण शाहले २२से -२४से राज्य हुंदा खेरि मकवापुरलाई पनि एउटा राज्यमा थियो।त्यहाँ तत्कालिन सेन वंशि राजाहरु थिए भने त्यस बेलाको तत्कालिन मन्त्री बानियाँ नै थिए। मेरो जिजु बाबुहरु नै हुन्थ्यो। त्यसकारणले त्यो ऐतिहासिक घडिमा पुर्खाको पनि मेरो पनि योग्दान रहयो। अहिले हामी सबैको सँगै मेरो पनि योग्दान रहयो कि यो प्रदेशको राजधानी र नामकारण बनाउँने गर्दै गर्दा हाम्रो पार्टी हामी सबै सांसदको प्रदेश सभाको सबैको रहयो। त्यसकारणले मैले पृथ्विनारायण शाहलाई मैले हृदय देखि समान गर्दै उहाँको चाहिँ आज लगभग लगभग पृथ्विनारायण शाह यो धर्ति नरहे पनि हामीले आज उहाँको स्मरण गर्दै एकताको दिन हामीले सबै संसद एकता मै हामीले चाहिँ सबैको अपनत्व भएको यो राजधानी हिजो जे-जे अनेक मन भित्र जे-जे आए पनि हामीले के छ भने एकवहुता जाहेर गरेर हुन त यहाँ हवीप सुईवका कुरा पनि आए। हामी सबैले यसलाई चाहिँ एकता बद्धता जाहेर गरि दललिय व्यवस्था भित्र आ-आफ्नो मान मर्यादा त छ गर्दै छ।

त्यहि पनि साझा सहमतिको रुपमा यो राजधानी मेरो हेंटौडा बासीको यो मकवापुर बासीको होईन। यो राजधानी सबै दृष्टिकोणले हामी सबैको राजधानी साझा हाम्रो सम्पत्ति हो। यो प्रदेशको साझा सम्पत्ति हो। नामकारण पनि साझा सम्पत्ति हो। त्यसकारणले मैले यति भन्दै आफ्नो भनाई र मैले समेट्न खोजेको ज-जसले जे-जे कुरा राखु भएको थियो। त्यसमा सभ्यातको कुरा र जातिय कुरा पनि मैले समेटर पक्कै मैले भने होला जस्तो लाग्छ र यति भन्दै आफ्नो भनाई यहि टुंग्याउँदै पून राष्ट्रपिता पृथ्विनारायण शाह लाई स्मरण गर्दै ऐतिहासिक दिन हामी सबैले देशलाई सम्झिदा पृथ्विनारायणलाई सम्झिदा यो प्रदेशको आज हामीले घोषणा गर्दै संजोगले सम्योगले आज यहि दिन परेछ नामकारण

र आज राजधानी टुंग्याउने त्यसकारण ऐतिहासिक कुरालाई राम्रा कुरालाई राम्रो कुरालाई हामीले पनि आज संजोयकले हुन गयो या हामीले जानी जानी गयौं। जे भए पनि यो राम्रो भाको छ। धन्यवाद, जय नेपाल।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु प्रदेश नं.३ को नामकारण बागमती कायम गरियोस भन्ने एक मात्र प्रस्ताव पेश भएकोले उक्त प्रस्तावका प्रस्ताव माननीय ईन्द्र बहादुर बानियाँलाई उक्त प्रस्ताव पारित गरियोस भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु।

**<u>माननीय ईन्द्र बादुर बानियाँ (नेपाली कांग्रेस)</u>ः-** माननीय सभामुखज्यू सभामुखको अनुमतिले प्रदेश नं. ३ को नामकारण बागमती कायम गरियोस भन्नेप्रस्तावलाई पारित गरियोस भन्ने प्रस्ताव सम्मानित सभामा पेश गर्दछु। धन्यवाद जय नेपाल।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, अव म नेपालको संविधानको धारा २९५ को उपधारा (२) तथा प्रदेश सभा नियमावली, २०६४ को नियम २८ को उपनियम (१) को खण्ड (ख) बमोजिम प्रदेशको राजधानी सम्वन्धि प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा मत विभाजन गरी मत संकलन गरिने व्यहोरा माननीय सदस्यहरुलाई जानकारी गराउदछु।

माननीय सदस्यहरु, अब म मत विभाजन गर्दा अपनाइने प्रक्रियाको सम्बन्धमा जानकारी गराउँछुः

१. विभाजन गर्नुअघि सभाकक्ष बाहिर हुनु भएका माननीय सदस्यहरुलाई सभाकक्षमा प्रवेश गर्ने मौका दिन ५ मिनेटसम्म विभाजन घण्टी बजाइनेछ।
२. विभाजन घण्टी बजेपछि सभाकक्ष वाहिर हुनुभएका माननीय सदस्यहरु सभाकक्षभित्र प्रवेश गर्नु पर्नेछ।
३. विभाजन घण्टी बन्द गरेपछि सभामुख आसनको अगाडिको दर्शक दिर्घाको स्थान र बायाँतर्फको सभाकक्ष संगै जोडिएको उपकक्ष खाली गराइनेछ।

४. सभामुख आसनको अगाडितर्फ रहेको दर्शक दिर्घा स्थित बगैंचा तर्फको दर्शक प्रवेश गर्ने ढोका, सभाकक्ष रहेको भवनको मुल ढोका, सभाकक्षको माननीय सदस्यहरु प्रवेश गर्ने ढोका, सभामुखको आसनको बाँया तर्फ रहेको उपकक्षवाट वाहिर निस्कने ढोका र सो उपकक्षमा रहेका अन्य ढोकाहरुलाई बन्द गरिने छन्।

५. उल्लेखित ढोकाहरु बन्द गरिएपछि मतसंकलन कार्य सम्पन्न नहुञ्जेलसम्म बाहिर रहेका माननीय सदस्यहरु लगायत कसैलाई पनि सभाकक्ष एवं उल्लेखित उपकक्ष तथा दर्शक दिर्धाको स्थानहरुमा प्रवेश गर्न र बाहिर जान दिइने छैन।

६. सभामुख आसनको अगाडिको दर्शक दिर्घाको स्थान र बायाँतर्फको सभाकक्ष संगै जोडिएको उपकक्षहरुमा माननीय सदस्यहरुको वर्णानुक्रमानुसारको नामावली राखिएका छन्।

७. (क) प्रस्तावको पक्षमा रहनुहुने माननीय सदस्यहरु अर्थात् "हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरु सभामुख आशनको अगाडिको दर्शक दिर्घा रहेको स्थानमा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रमानुसारको आ आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नु पर्नेछ।

(ख) प्रस्तावको विपक्षमा रहनुहुने माननीय सदस्यहरु अर्थात् "हुन्न" भन्ने पक्षका माननीय सदस्यहरु सभामुख आसनको बायाँतर्फ रहेको उपकक्षमा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रमानुसारको आ आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नु पर्नेछ।

८. माननीय सदस्यहरुको सहयोगको लागि उक्त स्थानहरुमा सचिवालयका कर्मचारीहरु रहनेछन्।

९. कुनै माननीय सदस्यले आफ्नो मत सच्याउन चाहेमा मतदान कार्य सकिएको ३ मिनेटभित्र माग गरेमा सच्याउन दिइनेछ।

६. माननीय सदस्यहरु, अब ५ मिनेट विभाजन घण्टी बजाउन आदेश दिन्छु।

७. माननीय सदस्यहरु, अब म सभामुख आसनको अगाडितर्फ रहेको दर्शक दिर्घा स्थित बगैंचा तर्फको दर्शक प्रवेश गर्ने ढोका, सभाकक्ष रहेको भवनको मुल ढोका, सभाकक्षको माननीय सदस्यहरु प्रवेश गर्ने ढोका, सभामुखको आसनको

बाँया तर्फ रहेको उपकक्षवाट वाहिर निस्कने ढोका र सो उपकक्षमा रहेका अन्य ढोकाहरुलाई बन्द गर्न आदेश दिन्छु।

८. माननीय सदस्यहरु, अव म "प्रदेश नम्बर तीनको नामकारण बागमती कायम गरियोस" भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु।

९. मा० सदस्यहरु, यस प्रस्तावको पक्षमा अर्थात् "हुन्छ" भन्ने पक्षमा रहनुहुने मा० सदस्यहरु सभामुख आशनको अगाडिको दर्शक दिर्घा रहेको स्थानमा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रमानुसारको आ आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नुहोला र प्रस्तावको विपक्षमा अर्थात् "हुन्न" भन्ने पक्षमा रहनुहुने मा० सदस्यहरु सभामुख आसनको बायाँतर्फ रहेको उपकक्षमा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रमानुसारको आ आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नुहोला।

१०. (क) माननीय सदस्यहरु, प्रस्तावको पक्षमा अर्थात् "हुन्छ" भन्ने पक्षमा रहनुहुने माननीय सदस्यहरु सभामुख आशनको अगाडिको दर्शक दिर्घा रहेको स्थानमा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रमानुसारको आ आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नुहोस्।

(ख) माननीय सदस्यहरु, प्रस्तावको विपक्षमा अर्थात् "हुन्न" भन्ने पक्षमा रहनुहुने माननीय सदस्यहरु सभामुख आसनको बायाँतर्फ रहेको उपकक्षमा प्रवेश गरी त्यहाँ राखिएको वर्णानुक्रमानुसारको आ आफ्नो नामावलीको दस्तखत महलमा दस्तखत गर्नुहोस्।

११. मा० सदस्यहरु, तपाईहरु मध्ये कसैले आफ्नो मत सच्याउन चाहनु हुन्छ भने मत सच्याउनको लागि ३ मिनेटको समय दिन्छु। सो समयभित्र डायसमा आई आफ्नो मत सच्याउन सक्नु हुनेछ।

१२. मा० सदस्यहरु, अव बन्द गरिएका सभाका सबै प्रवेशद्वारहरु खोल्न आदेश दिन्छु।

१३. मा० सदस्यहरु, अब म मत विभाजनको परिणाम घोषणा गर्दछु। मा० सदस्यहरु प्रदेश नं. तीनको प्रदेश सभामा ११० जना माननीय सदस्य रहेको व्यहोरा जानकारी गराउदछु।

१४. मानानीय सदस्यहरु, आजको मतदानमा उपस्थित माननीय सदस्य हरुको संख्या १०८ रहेको छ।

१५. माननीय सदस्यहरु, "प्रदेश नम्बर तीनको नामकरण बागमती कायम गरीयोस" भन्ने प्रस्तावको पक्षमा अर्थात् "हुन्छ" भन्ने पक्षमा जम्मा १०८ मत र प्रस्तावको विपक्षमा अर्थात् "हुन्न" भन्ने पक्षमा कुनै मत परेन।

१६. माननीय सदस्यहरु, " प्रदेश नम्बर तीनको नामकरण बागमती कायम गरीयोस" भन्ने प्रस्तावको पक्षमा १०८ मत परेकोले उक्त प्रस्तावको पक्षमा प्रदेश सभाको सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमत भएकोले नेपालको संविधानको धारा २९५ को उपधारा (२) वमोजिम "प्रदेश नम्बर तीनको नामकरण बागमती कायम गरीयोस" भन्ने प्रस्ताव प्रदेश सभाको दुईतिहाई बहुमतले पारित भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु नेपालको संविधानले प्रदेशको राजधानी नामकारण तोक्ने जिम्मेवारी प्रदेश सभालाई दिएकोमा संविधानले दिएको ऐतिहासिक जिम्मेवारी हामीले पुरा गरेका छौ। यो जिम्मावारी पुरा गर्न मतदानमा सहभागि भई पुर्याउँनु भएको सहयोगको लागि माननीय सदस्यहरुलाई धन्यवाद ज्ञापन गर्दै माननीय सदस्यहरु लगाएत सम्पूर्ण प्रदेशका नागरिकलाई हार्दिक बधाई दिन चाहन्छु।

प्रदेशको राजधानी र नामकारणको लागि सहयोग गर्नुहुने राष्ट्रसेवक कर्मचारीहरु, पत्रकार, मर्यादपालक तथा सुरक्षा कर्मि लगाएत सम्पूर्णमा धन्यवाद दिन चाहन्छु।

माननीय सदस्यहरु अब प्रदेश सभाको बैठक अर्को सूचना भएपछि बसने गरि यो बैठक स्थागीत हुन्छ।

**(तदनन्तर बैठक अर्को सूचना भएपछी वस्नेगरी स्थगित भयो।)**

**अन्त्य - दिनको १२:२० बजे।**

# प्रदेश सभा
# बागमती प्रदेश
# पाँचौ अधिवेशन
# कारवाहीको सम्पूर्ण विवरण

३ माघ, २०७६

शुक्रबार

(बैठक संख्या - ९)

**प्रदेश सभाको पाँचौ अधिवेशको आजको बैठक माननीय सभामुख श्री सानुकुमार श्रेष्ठको अध्यक्षतामा दिनको ४:०० बजे प्रारम्भ भयो।**

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, प्रदेश सभाको आजको बैठकको कारवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरु, आज शुन्य समय र विशेष समयको कार्यक्रम नरहने व्यहोरा जानकारी गराउँदछु।

माननीय सदस्यहरु प्रदेश भित्र सुशासनको प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई अनुमति मागन् प्रस्ताव माथि कुनै माननीय सदस्यहरुको विरोधको सूचना प्राप्त नभएकोले प्रदेश सभा नियमवलि, २०७४ को नियम १०६ को उपनियम

(२) बोमोजिम प्रदेश भित्र सुशासनको प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्ने बनेको विधेयक प्रस्तुत गर्ने अनुमति प्राप्त भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु अब माननीय मुख्यीमन्त्रीको तर्फबाट आन्तरिक मामिला तथा कानून मन्त्री माननीय शालिकराम जम्कट्टेललाई प्रदेश भित्र सुशानको प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्ने बनेको विधेयक प्रस्तुत गर्न अनुमति दिन्छु।

<u>माननीय शालिकराम जम्कट्टेल, मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय</u>:- माननीय सभामुखज्यू, प्रदेशको सार्वजनिक प्रसाशनलाई स्वच्छ, सक्षम, निष्पक्ष, प्रारदर्शि, भ्रष्टार मुक्त, जनउत्तरदायी र सहभागिता मूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा, सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चत गर्न आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुलश व्यवस्थापन जस्ता असल साशसन आधारभूत मान्यतालाई आत्मसात गरि प्रदेशका जनता माझ सुशासनको प्रत्याभूति दिनको लागि प्रदेश सुशासन ऐन आवश्यक रहेको माननीय सभामुखज्यूको अनुमतिले प्रदेश भित्र सुशासनको प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्मानित सभामा पेश गर्दछु। धन्यवाद।

<u>माननीय सभामुख</u>:- माननीय सदस्यहरु अब म माननीय भूमि व्यवस्था कृषि तथा सहकार्यमन्त्री श्री दावा दोर्जे लामालाई प्रदेश दूग्ध विकास बोर्ड ऐन २०७५ लाई संशोधन गर्ने बनेको विधेयक प्रस्तुत गर्न अनुमति दिन्छु।

<u>माननीय दावा दोर्जे लामा, मन्त्री, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय</u>:- माननीय सभामुखज्यू, प्रदेश दूग्ध विकास बोर्ड ऐन, २०७५ अनुसार प्रदेश दूग्ध विकास बोर्डको उपध्याक्ष नियुक्त गर्न प्रक्रिया अगाडी बढाउनको लागि ऐनमा भएका केहो अस्पष्ट प्रवधानहरु समेतलाई संशोधन गर्नुपर्ने भएकोले माननीय सभामुखको अनुमतिले प्रदेश दूग्ध विकास बोर्ड ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक सम्मानित सभामा पेश

गर्दछु। धन्यवाद।साथै सोनाम ल्होसार २०७६ को पवन अवर्समा सम्पूर्ण माननीयज्यूहरु मार्फत यो सोनम लोहसारको हार्दिक मंलमय शुभकामना व्यक्त गर्न चाहन्छु। धन्यवाद।

माननीय सदस्यहरु अब अर्को बैठक २०७६ साल माघ १३ गते सोमबार दिनको ११:३० बजे बस्ने गरि यो बैठक स्थागित हुन्छ।

**(तदनन्तर बैठक २०७६ साल माघ १३ गते सोमवार बिहान ११:३० बजेसम्मका लागि स्थगित भयो।)**

**अन्त्य - दिनको ४:१५ बजे।**

# प्रदेश सभा
# बागमती प्रदेश
# पाँचौ अधिवेशन
# कारवाहीको सम्पूर्ण विवरण

१३ माघ, २०७६

सोमबार

(बैठक संख्या - १०)

**प्रदेश सभाको पाँचौ अधिवेशको आजको बैठक माननीय सभामुख श्री सानुकुमार श्रेष्ठको अध्यक्षतामा बिहान ११:३० बजे प्रारम्भ भयो।**

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, प्रदेश सभाको आजको बैठकको कारवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरु, आज शुन्य समयको कार्यक्रम नरहने व्यहोरा जानकारी गराउँदछु।

माननीय सदस्यहरु सर्वप्रथम मन्जुश्री संवत २८५६ सोनाम ल्होसार जेवाल्लको अवसरमा प्रदेश सभामको तर्फबाट तथा मेरो व्यक्ति तर्फबाट बागमती प्रदेश सभाका माननीय मन्त्रीहरु, प्रदेश सभाका माननीयहरु, राष्ट्र सेवक कर्मचारी, सुरक्षा कर्मि, पत्रकार तथा सम्पूर्ण नेपाली नागरिकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

मानननीय सदस्यहरु अब विशेष समयको कार्यक्रम प्रारम्भ हुन्छ।

माननीय सदस्यहरु विशेष समयमा बोल्नको लागि दलिय आधारमा माननीय सदस्यको नाम प्राप्त हुन आएको छ। म उहाँहरुलाई बोल्न समय दिन्छु।

सर्वप्रथम माननीय मुनु सिग्देल। समय ५ मिनेट।

<u>माननीय मुनु सिग्देल (नेपाल कम्युनिष्ट पार्टी, (ने.क.पा.))</u>:- सभामुख महोदय, आज म २-३ वटा विषयहरु भर्खरै यस मकवानपुर जिल्ला सँग सम्बन्धित रहेर भएका घटानहरुको सम्बन्धमा म केही कुराहरु राख्न चाहन्छु। २०७६ माघ ४ गते अल्पसंख्या तेस्रो लिङ्गिको रुपमा अधिकारका लागि काम गरिरहनु भएकि अजीता भुजेलको रहस्यमय तरिकाबाट हत्या भयो र बिहान नग अवस्थामा उहाँको शव फेला पर्यो। मकवानपुर जिल्लाको वडा नं. ७ क्यापाडाँडामा त्यसपछि उहाँको शवलाई पोष्टमाटको लागि हेंटौडा अस्पातलमा त्यसको सहि मार्टम पोष्ट नहोला भनेर त्यो शवलाई काठमाडौ पढाईएको छ।

आज सम्म पनि उनका हत्यारा यतिका दिन भईसक्दा पनि हतायारका पत्ता लगाएको छैन। यस सभामुख मार्फत अधिकारकर्मी अजीता भुजेलको हत्यारालाई पत्ता लगाई सुरक्षित एउटा अधिकारको क्षेत्रमा काम गर्ने व्यक्तिहरुको सुरक्षाको सवालमा सरकारलाई म ध्यानाकर्षणगराउँन चाहन्छु। तत्काल हत्यारा पत्तालगाई कारवाहीको दायरामा ल्याउँन पनि म यो अनुरोध गर्न चाहन्छु। २०७६ माघ ८ गते नयाँ वर्ष मनाउँने सन्दर्भमा भारताका केरेला राज्यबाट आएका पर्यटकहरुको एउटा सपरिवार मकवानपुर जिल्लाको थाहाँ नगारपालिकाको एभेष्ट पनरोंमा होटेलमा उहाँहरुको एउटा निसारिएर मृत्यु भयो। हामी पर्यटन वर्ष मनाईरहेका छौं।

पर्यटन वर्षमा आज हाम्रो गन्तव्यको रुपमा रहेको नेपालमा भारतिय पर्यटकहरु त्यसमाथि पनि केरेला राज्य एउटा विकासित ठाउँबाट जुन नेपालमा उहाँ आउँनु भयो। एउटा सुरक्षाको व्यवस्था नहुँदा खेरि आज हामीले हाम्रो प्रदेशको पर्यटनको क्षेत्रमा पनि यो एउटा महत्वपूर्ण होटलको रुपमा रहेका होटलहरु आज असुरक्षित बन्दै गईरहेको छ। हामीले यसलाई ध्यान पुराउँन सकेनौ भन्ने हामीले यसको मापदण्डका साथ

कडायुनका साथ दायरामा ल्याउँन सकेनौ भन्ने हामीले पर्यटन वर्ष नारामा मात्र सिमित हुन्छ। सुरक्षाको हिसाबले पनि अन्त्यत संवेदनशील विषयलाई लापर्वाही तरिकाले जुन खालको घट्ना घट्यो त्यो तर्फ पनि म ध्यानाकर्षण गराउँन चाहन्छु र त्यसको चाहिँ प्रदेशको तर्फबाट पनि छानबिन होस र अरु होटेल व्यवसायीहरुमा पनि अनुगमन होस भन्ने माग गर्न चाहन्छु। विगत केही समय देखि हेटौडाको आसपास हेंटौडा नगरमा आसपासमा लागु औषध प्रयोकर्ता संख्या बढी राखेको छ।

स्कूल पढ्ने नानीहरु साना साना नानीहरु केजल पल्स्टु पढने नानीहरु आज छोराछोरीहरु जुन एउटा लतमा फसि राखेका छन। यो तर्फ पनि सुरक्षा र संयन्त्र र त्यो क्षेत्रमा एउटा सुरक्षाको लागि कलेज क्षेत्रमा मैले एउटा व्यक्तिगत रुपमा जिल्लाका हिसाबले धेरै पटक कुरा राखिसकेको छु। तर एउटा विद्यालय कलेजमा निर्वाह रुपमा लागु औषध कारोवारहरु भै राखेको छ। यो तर्फ पनि म प्रदेश सरकारको ध्यानाकर्षण गराउँन चाहन्छु र हामीले एउटा सुरक्षित सिङ्गो भविष्न उज्वल भविष्य बोकेका नानीहरुलाई त्यो खालको द्धुवेसनबाट मुक्ति दिलाउँनको लागि अथवा यो क्षेत्रमा भईरहेका यस्ता गतिविधिहरु नियन्त्रणगर्नु हाम्रो दाहित्व र जिम्मेवारी हो। त्यस तर्फ पनि ध्यानाकर्षण गराउँन चाहन्छु र म अन्यतमा सभामुख मार्फत यो सोनाम ल्होसारको अवसरमा सम्पुर्ण साथीहरुलाई शुभकामना पनि दिदै आफ्नो कुरा यहि टुंग्याउँछु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय विजय के.सीलाई बोल्न समय दिन्छु। समय ५ मिनेट।

**<u>माननीय विजय के.सी. (नेपाली कांग्रेस)</u>ः-** माननीय सभामुखज्यू, यहि जनवरी १ गते देखि हामी नेपाली पर्यटन वर्ष २०२० लाई धुमधामका साथ मनाई रहेका छौं। २० लाख पर्यटन भित्राउने आन्तरिक पर्यटन बढाउने विश्व मन्चमा नेपालको साहख र मान बढाउने हाम्रो लक्ष्य छ र साथै आर्थिक वृद्धि गर्ने पनि हाम्रो लक्ष्य छ। हामी सबै खुशी छौं। उत्साही छौ भने नेपाल राष्ट्रको लागि अवसर हो र चूनौति पनि हो।

पर्यटन वर्षलाई सफल पार्न सरकारले ठूलो लगानी गरेको छ। जो अति आवश्यक छ। तर प्राकृति भन्दा पनि हाम्रो अदुरदर्शिता अकर्मणियताको कारण यही जनवरी महिनामा घटेका २-४ वटा घटनाले पर्यटन वर्षको पहिलो गासमा ढुंगा लागेको छ। यि घटना नदोरियोस कसैले फेरि नघटियोस भन्ने कुरा म संसदको ध्याआकर्षण गराउँन चाहन्छु। यहि जिल्लाको दामन स्थिति २० वर्ष पुरानो सुविधा सम्पन्न मानेको एभेष्ट पानरोमा रिष्टोमा यहि माघमा ६ गते अथता जनवरी २० दिनको दिन ८ जना भारतिय पर्यटनहरुको निधन, पर्यटनहरुको कार्वडा मनोअक्साईड ग्याँसको विशाक्तताको कारणले निधन भएको छ।

यी लगाएत त्यस्तै प्रदेशमा धेरै-धेरै दुर्घटनाहरु बढेको छ। यसै सम्बन्धमा निधन भएका पर्यटकहरु नागरिकहरु प्रति हार्दिक श्रद्धान्जलि अपरण गर्न चाहन्छु र दुःख व्यक्त गर्न चाहन्छु। यो कुनै दामनमा घटेको घटना कुनै नियोजित दुर्घटना थिएन। यो लापबाहीले ल्याएको मृत्यु भन्न सकिन्छ र जुन रोक्न सकिन्यो भनेर विज्ञाहरुले भन्ने गरेका छन। यस्तो जाडोमा जाडोको विकल्पमा एसि नहुनु बन्द कोठा भित्र गाडेन ग्याँस हिटर लगेर फिट गरि दिनु, ग्याँस राख्दा भेलिटरको व्यवस्था कस्तो हुनु पर्ने हो।

त्यति सामाननीय ज्ञान पनि होटल व्यवस्थापनलाई थाहाँ नहुनु कति सम्मको लापबाही भन्ने प्रश्न जता ततै उठन थालेको छ। २०३८ को संशोधित होटेल व्यवस्थापन नियमको ठाडै उल्गन भएको यसले यस घटना पुष्टि गरेको छ। यसलाई फेरि पनि प्रदेश सरकारले विचार गरोस भने म मार्ग राख्न चाहन्छु। सभामुख महोदय त्यसै अनपूर्ण बेस क्यापको वरिपरि ७ जना पर्यटक गाईड समेत हराउनु भयो दुखद घटना हो।

अर्को अष्ट्रेलियामा सताबदिकै भन्याक आगजी भएर जनधन पशुपन्छी वातावरणको अत्धिक नोसानी भएर जन जीवन महा कष्टकर र राष्ट्रि संकट र शोक परेको बेलामा हम्रो पर्यटन मन्त्रीज्यू पर्यटन वर्षको शुभारम्भ गर्न र निम्ता दिन जन्ति जस्तै लाभा लसकर लिएर जानु त यहाँको स्थानीय प्रहारीले रोक्नुको कतिको दुभाग्य लाज मर्दो कुराले यो पनि हामीले विचार गर्नुपर्छ जस्तो मलाई लागेको छ।

विदेशीहरुले हामीला नेपालीहरुलाई कुन नजरले हेर्छ भनेर पनि हामीले मनन गर्नु पर्ने बेला भएको मलाई लागेको छ। सभामुख महोदय पर्यटन वर्षको कुरा गर्दा कुनै पनि पर्यटनकले पहिला वेभसाईट नेपालको पर्यटन बोर्डको वेभसाईट हेर्छ। वईसाईटमा एउटा बोर्डमा अध्यक्ष समेतर पदाधीकारी नभएको वेभसाईट हेर्दा विदेशीकले के कुराको कल्पना गर्छ होला? र पर्यटन बोर्डमा अहिले पनि अध्यक्ष लगाएता पदाधिकारी नियुक्त नहुनु कुन चाहिँ भागबजोल सत्ता शक्तिले अवोध गरौं। यसलाई पनि विचार गरियोस।

यो महिनमा कति पर्यटक आए र कति बसे कति आम्दानी भए। कति उनीहरुले आन्द लिए। यो कुराको लेखाजोखा राखौ। तर आउँदो ११ महिनाको लागि हामी गम्भीर सोच्ने कि नसोच्ने सभामुख महोदय फेरि यहि जनवरी महिनाकको सेरोफेरोमा जान चाहन्छु। नेपाली महिलाको नेतृत्व सहभागि, महिलाको क्षमता, दक्षता, कियाशीलता, व्यक्तित्वमा, निस्कलक्तालाई प्रील्ट सत्ता सत्ताले कसरी धकलेको छ भन्ने कुराको चर्चा परिचर्चा मिडियमा धेरै सुन पाईयो। सत्ता शक्ति र प्रितृ सत्ता, संविधानको मर्म, राज सत्ता र आचार संहिता भन्दा पनि निकै शक्तिशाली भएको प्रमाणित भयो भन्ने विज्ञहरुले भन्ने गरेका छन। त्यस्तै प्रितृ सत्ता यो प्रदेशमा पनि नदोहोरीयोस यसै भन्दै बिदा हुन्छु। जय नेपाल।

**<u>माननीय सभामुखः</u>-** माननीय शोभा शाक्यलाई बोल्न समय दिन्छु। समय ५ मिनेट।

**<u>माननीय शोभा शाक्य (विवेकशील साझा पार्टी)</u>:-** माननीय सभामुख महोदय, सर्वप्रथम मञ्जुश्री सोनाम ल्होसार उपलक्षमा नेपालमा हुनु भएका र विदेश हुनु भएका सम्पूर्णलाई हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु। आज हाम्रो यस प्रदेश सम्मानित सभामा संघीयता के हो? प्रदेश सभा के हो? प्रदेश सांसदको भूमिका के हो? भन्ने विषयमा प्रश्न राख्न चाहन्छु। सभामुख महोदय हाम्रो गरिमाय संसदमा विषय हाम्रो भावना प्रतिविम्बित हुने यो राज्य व्यवस्थाको सबै भन्दा उन्नत व्यवस्था पनि हो। त्यसपनि हामी संघीयताको अभ्यास पनि गरिरहेका छौ। हाम्रो संघीयता के हो? प्रदेश के हो? हामी

सांसदहरुको भूमिका के हो? त्यसमा पनि म सम्मानित सभाको सदस्य पनि छु। तर मलाई कहिले काँही म आफैलाई म प्रश्न पनि सोध्छु।

हामीले यो देशलाई जनतालाई न्याय दिएका छैन त, हाम्रो भूमिका के हो? र म देखछु। मेयहरको कुरै छोड मेरो एक जना साथी वडा अध्यक्ष यो हैसियत पनि यो संसदको छैन। अहिले यो अवस्थामा वडा अध्यक्ष भनेर अन्यथा नठानि दिनु होला। यो वडा अध्यक्ष पदको अव मूल्याङकन गरेको होईन। त्यो जति भन्दा पनि कम हामी प्रदेश सांसाद छैन। त्यसमा पनि हाम्रो नाम अगाडी माननीय भन्ने शब्द झुडाईएको छ। तर अस पनि हामी यो गरिमाय सदनको सांसद पनि भन्छौ।

अब यो आफै बहस गरौ। हामी बहस गरौ। हाम्रो साचिकै ओचित्या छ त ? त्यसै यस विषयमा बहस गरौ। बहस गरौ भन्ने साचिकै हाम्रो संवैधानिक व्यवस्था अनुसारको जुन एउटा उन्नत लोकतन्त्र, यो संविधान मर्म विकेन्द्रि कारणका आधारभूत सिद्धान्तहरु जनतालाई चाहिँने ईम्पावर गर्ने, त्यसमा संघीयताको मर्म अनुसार तल्लो तह सम्म राजनीतिक पावर प्रक्षेप्प हुने त्यसको अभ्यासमा लागेका छौ भन्ने त्यसमा पनि हामी संघीय सरकार, प्रदेश सरकार, हाम्रो राजनीतिक दल र हामी सबै नेताहरु ईमान्दार हुनु पर्यो। हार्डेव भने हामी आफैले मूर्ख बनाईरहेका छौ त ? जनतालाई ठग्येको पनि छौ।

देशलाई मूर्ख बनाई राखेका पनि छौ। हामी आफैलाई मूर्ख रहेका छौ। अब देखि यो काम नगरौ। अब म यो भन्दा धेरै कुरा घुमाएर भन्न चाहन्न। म राजनीतिक पनि होईन ? राजनीतिक रुपमा जान्दिन पनि मलाई क्षमा गरिदिनु होला। केही तल माथि पर्ो भन्ने म यो भन्न चाहन्छु कि संविधनानको मर्म अनुसार यो संसद यो संरचना यो प्रदेश क्रियाशील हुनु पर्यो। कि त्यस्तो ठाउँ दिनुहोस। म क्रियाशील हुन चाहन्छु। संच्चीकै प्रदेश सांसदको रुपमा मैले तलब भत्ता खाईरहेको छु। मेरो पूर्ण रुपमा समय दिएको छु।

मलाई माननीय भनु हुन्छ भन्ने मलाई उकुसमुकुस लाग्छ केहीलेकाही यो जनताको जनभावना यो हाम्रो देश गरिव छ। अनेक वेतिथित छ। विसंगति छ। म जनताको प्रतिनीधि हो। यो राज्य व्यवस्थाको राज्य शक्तिको एक हिसाबले सर्वोच्च मन्च

पनि हो। तर मलाई अल्मल छ। त्यसको अधिकार के हो ? यहाँ म बोलेर के हुन्छ। हामी गफ गर्छौं कि सारभूत कुरा गर्दै छौ। साचिकै अब हामी ईमान्दारीताका साथ बहस गरौ र माननीय सभामुखको के ध्यानाकर्षण गर्न चाहन्छु भन्ने यो बहस आजै बाट सुरु गरौं र यहिबाट सुरु गरौ। यो एउटा बागमती प्रदेश भनेको यो एउटा सिर्फ प्रदेश मात्र होईन। यो संघीय राजधानी भएको प्रदेश पनि हो। यो राजधानीको सचेत जनताहरुको प्रतिनीधि गर्छौं हामी यो अरु प्रदेश भनदा छुट्टै महत्व प्रदेश पनि हो र बहस यहि संसदबाट सुरु होस भन्ने म आवहन गर्न चाहन्छु।

प्रदेशको भूमिका के हो? प्रदेश सांसदको भूमिका के हो? म कन्फुजमा के हो यो? हामीहरु सांसद भएर आएको पनि २ वर्ष भईसक्यो। अब हामी संक्रमण-संक्रमण भनेर पनि अब हामी बस्ने सुविधा हामी सँग छैन। हामी माननीयहरुलाई सभामुख महोदय जसरी भए पनि अब हामीहरुले स्थाई राजधानी पाईसक्यो। बागमती प्रदेश नामकारण पनि पाईसक्यो। अब यो संसदमा सांसदहरुलाई यो संघीय राज्य व्यवस्थाले दिईएको अधिकार अनुसार काम गर्नको लागि आजै देखि बहस गरौं। यो गरिमाय सभामा छलफल होस भन्न म चाहन्छु। हामी सबैको जय होस। हाम्रो नेपालको जय होस।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय जीवन खड्कालाई समय दिन्छु।

**<u>माननीय जीवन खड्का (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुअख महोदय, म सभामुख महोदय मार्फत म केही जनताको भवानाहरु र समस्याहरुको बारेमा उजगार गर्न चाहन्छु र हाम्रो राष्ट्रिय गौरवका आयोजना फाष्ट ट्याकमा कमा रहेको समस्याको बारेमा पटक-पटक यो गरिमाय संसदमा राख्दै आएको थिए र त्यहाँका जनसमुदायहरुले जुन मग गरेको उचित मुआब्जाको बारेमा बहस चलिरहेको अवस्था पनि पून फेरि ४ सय किसानहरुको जमिन अधिकरण भैरहेको छ र त्यो अधिकारण अगाडीको समस्या रहँदा रहँदै पनि पून फेरि ४ सय किसानहरुलाई अधिकरणको उचित मूल्याङकन गरेर अधिकरणको रकम उचित मूल्य दिनु पर्छ भन्ने म गरिमाय संसद मार्फत राख्न चाहन्छु।

साथ साथै त्यस क्षेत्रका गुठीको जमिनहरु अधिकरणमा परेका छन र त्यो गुठीको जमिनहरुबाट आधा जस्तो व्यक्तिको जमिनहरु किसानले कमाए बढी आधा मोहयानी लाग्छ भन्ने अहिले गुठीले जम्मै अधिकरणमा परेका जमिनको रकम आफैले मात्र राखि राखेको छ। किसानहरुले पनि आधा पाउँनु पर्ने कुरा पनि म यस गरिमाय संसद अन्तर्गतबाट माग राख्न चाहन्छु। साथ-साथै अहिले निर्माणका जम्मा बागमती सम्यता विकास परियोजनाले नदी किनारका बाटो बनाउने क्रममा नखुखोलामा कोरिडोर २०२१ सालको नापी नक्सा अनुसार गरिकन केही टाठाबाटाहरुले नदीको जग्गाहरु जो छोडेको जमिनहरुलाई आफ्नो नाम लिएर विभिन्न ढंगले प्रयोग गरिरहेका छन्।

तसर्थ यो २१ सालको नापी अनुसारले नै बाटो निर्माण हुनु पर्छ भन्ने कुरा पनि म राख्न चाहन्छु। साथ-साथै यो गरिमाय संसदले ७ महिना अगाडी पास गरेको बजेट पास गर्यो र स्थानीय पालिकाहरुमा हाल सम्म पनि रकम निकास नहुने ७ महिना सम्म निकास नभईरहेका अवस्था छ। त्यसले गर्दा विकास निर्माणका कामहरुमा बाधा भएको छ। तसर्थ सिघ्र निकासा होस भन्ने पनि यस संसद मार्फत आफ्नो भनाई राख्छु। धन्यवाद।

<u>माननीय सभामुखः</u>- माननीय रिता माझीलाई समय दिन्छु।

<u>माननीय रिता माझी (राष्ट्रिय प्रजातन्त्रिक पार्टी)ः</u>- माननीय सभामुख महोदय,सर्वप्रथम अस्थाई राजधानी राख्नको लागि सहयोग गर्नुहुने निभर्वतमान सरकारका प्रमुख प्रधानमन्त्री शेर बहादुर देवउवाज्यू, त्यसै गरि उपप्रधानमन्त्री कमल थापाज्यू, त्यसै गरि वर्तमान सरकारका प्रमुख सम्मानय के.पी. शर्मा ओलीज्यू, प्रदेश सरकारका मुख्यमन्त्रीज्यू, प्रदेश सभामा प्रतिनीधि गर्नुहुने राजनीतिक दल प्रदेश सभाकामाननीय सदस्यज्यूहरु, त्यसैगरि सभामुख, त्यसैगरि उपसभामुखज्यू सम्पूर्ण कर्मचारी मित्रहरु यस राजधानीको अस्थाई राजधानीलाई स्थाई राजधानी बनाउनेको लागि सहयोग गर्नुहने सम्पूर्णमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छु।

त्यसै गरि हामीले अधिक सहमतिमा स्थाई राजधानी बनाईसकेका छौ र पुर्ण सहमतिमा सबै दलहरुको सहमति मार्फत राजधानीको पून हार्दिक बधाई तथा नामकारण पनि टुंगो लगाई सकेको अवस्था छ। त्यसै गरि म पार्टीको तर्फबाट शुभकामना दिन चाहन्छु। हामी अहिले विभिन्न पर्वहरु बिदा दिने क्रममा प्रदेश सरकार अग्रपतिमा आईरहेको कुरा सुनम पाईरहेको छु। त्यसै सन्दर्भालाई जोड्दै म फागुन ७ गते प्रजातन्त्र दिवसलाई पनि निर्वतमान सरकारले विदाको रुपमा सूचिकृत गरेर भव्य र सव्य रुपमा मनाउँदै आईरहेको थियो।

तर अहिले हाल वर्तमान सरकारले बिदा कटौति गरेर मनाउँन छोडी रहेको अवस्थामा प्रदेश सरकारले यो बिदा सूचिकृत गरेर भव्य र सव्य रुपमा यो प्रजातन्त्र दिवसलाई मनाउँनको लागि पनि विशेष अनुरोध र आग्रह गर्न चाहन्छु। त्यसै गरि यो अहिले यो अन्त्यतै मकवानपुरमा कुरा चलिरहेको छ। राज्यले यो भन्दा अगाडी पनि ठूलो लगानी गरेर सभा गृह र राजा विरेन्द्रको शालिक जुन बनाईरहेको थियो।

त्यसलाई भत्काएर फेरि एउटा भ्यूटावर निर्माण गर्ने कुरा चलि रहेको छ। साचै यो निर्माण कार्य गर्नका लागि हेंटौडा उपमहानगरपालिकाले निर्णय गरेको हो। यदि निर्णय गरेर यो कामलाई कार्यान्वयन गर्दैछ भन्ने कृपया यो निर्दय सचाउँनको लागि विशेष अनुरोध र आग्रह गरे। त्यति मात्र होईन। यो कार्यमा प्रदेश सरकार पनि संमग्न छ र प्रदेश सरकारले पनि यो कार्यलाई प्रोसात्हान गरिएको छ। भत्काएर साचै भ्यूटावर बनाउँनु पर्छ भने तर्फ लागेको छ भने प्रदेश सरकारले यो निर्णय गरेको छ भने तुरुन्तै यो निर्णयलाई सचाएर फिर्ता गरेर यो निर्णय फिर्ता लियोस भन्न चाहन्छु। त्यति मात्र होईन। यदि साचै हामीलाई भ्यूटावरको आवश्यकता छ भन्ने हेंटौडाका विभिन्न त्यस्ता महत्वपूर्ण ठाउँहरु छन।

त्यो ठाउँहरुमा लगेर चाहिँ भ्यूटावर निर्माण गरौ। यो राजधानीको यो मकवानपुरको मध्य भाग, मध्य सहरमा त्यो भईरहेको निर्माण भईरहेको अथवा भईरहेको जुन शाली र भवन छ। भत्काएर भ्यूटावर निर्माण गरि राख्नु पर्ने आवश्यकता र जरुरी छैन जस्तो मलाई लाग्छ। त्यसकारणले हामीले किन यो कुरा गरिरहेकाछौ भन्ने साच्चै

प्रदेश सरकार, संघीय सरकार आउँने अनि विगतमा बनाएका त्यस्ता सभा गृहहरु, शालीहरु भत्काउँदै जाँने हो भन्ने हामीले कस्तो खालको सिस्टम बसालि रहेका छौ। कि अहिले यो सरकार सधैं भरि टिकि रहन्छ। भोलि कुनै सरकार आउँन सक्ला हिजो कुनै सरकार थियो। सरकारले गरेको केही कामहरु भोलिका दिनमा आउँने सरकारहरुले भत्काउँदै जाने अनि राज्यको अरबौ, खरबौ राजस्व करहरुले हामीले त्यसैगरि नै स्वाह पार्दै जाने नीति पो अहिले सरकारले लिन लागिरहेको छ कि यो प्रति विशेष ध्यानाकर्षण गराउँन चाहन्छु।

अहिले द्वन्द कालको घाउहरु बल्झी नै रहेको छ। साचै द्वन्दकालमा अहिले राजनीतिक भाग बन्डाको आधारमा सत्य निरुपण आयोमा चाहिँ व्यक्तिहरु नियुक्ति हुन्छन। त्यसैले साच्चै द्वन्दकालका घाउहरु मेटिन सक्छ त द्वन्द पीडितहरुलाई न्याय दिन सक्छ त यो विषयमा पनि प्रदेश सरकारको मार्फत संघीय सरकार ध्यानाकर्षण गराउँन चाहन्छु। त्यति मात्र होईन। द्वन्द कालमा एक पक्षका जनता मात्र द्वन्दमा परेका थिए त ? हरेका ठाउँमा हरेक पक्षका द्वन्दमा परेका व्यक्तिहरुको सहि र सत्य तरिकाले निरुपण निष्पक्ष लगाउनका लागि हामीले तरिकाले छानबिन गरेर उहाँहरुलाई हामीले सान्तवना दिने र विगतको घाउलाई मलम पट्टि कुन चाहिँ बाटो रोज्दा उपयुक्त हुन्छ। साचै एक पक्षलाई हामीले न्याय दिदा खेरि द्वन्द कालमा परेका अन्य पक्षहरु चाहिँ अर्को पीडामा परिरहेका छन। त्यो कुरालाई पनि सचेत हुनु जरुरी छ भन्दै बिदा हुन चाहन्छु। धन्यवाद। जय राष्ट्र जय जनता।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय रजनी आमात्य जोन्छेलाई समय दिन्छु। समय ५ मिनेट।

**<u>माननीय रजनी आमात्य जोन्छे (नेपाली कांग्रेस)</u>ः-** माननीय सभामुख महोदय, वेपत्ता छानबिन तथा सत्य तथा मेलमिलाप आयोग ऐन, २०७१ को उपदफा २ मा अध्यक्षको नियुक्ति पूर्व न्यायधिस तथा अन्य सदस्यमा मानव अधिकार आयोगका अध्यक्ष वा सदस्य र कानून दक्षता द्वन्द विश्लेसक समाजशात्री, महिला अधिकार कर्मि मध्ये बाट

हुन पर्नेमा राजनीतिक नियुक्ति भएले त्रुटी पूर्ण रहेको द्वन्द पिडीतहरुको भनाई रहेको छ।

त्यसैले हिजो आयोग असफल हुनुको मुख्य कारण त्रुटी पूर्ण ऐन, हो भने जँदा जाँदै पनि ऐन, संशोधन र आयोग गठन प्रक्रियामा विधि लगायत सरकारवालहरुको विरोधका बाबजुद बिना कुनै प्रकिया मापदण्डबाट दलका खेतालाहरुलाई सत्य र वेपत्ता आयोगमा जागिर खुवाउँको लागि मात्र भएको छ। सत्य निरुपण तथा मेलमिलाप आयोग र वेपता पारिका व्यक्तिहरुको छानबिन आयोग विगत ७ वर्षका आयोगको असफताको समिक्षा समेत नगरि नयाँ आयोगहरु सिफारिस गरिएको छ।

यी आयोगहरुको नेपालको संक्रमण कालिन न्याय प्रक्रियालाई निष्पक्ष र स्वतन्त्र ढंगबाट अघि बढाउँन नसक्ने भएकोले यस बारे सत्य तथ्य परिपूर्ण जस्ता विधेयकहरुका आधारभूत अधिकारको सुनिश्चत हुन सक्ने भएको जानकारी गराउँदै आफु पनि द्वन्द पीडितको नताले सम्पूर्ण द्वन्द पीडीतहरुको तर्फबाट यस गरिमामय सदनमा मार्फत सम्बन्धित निकायको ध्यान आकर्षति गर्न चाहन्छु। माननीय सभामुखज्यू हाल बागमती प्रदेशको राजधानी हेंटौडा भएकोले हामीहरु ज्यादैनि खुशी भएका छौ।

तर हामीहरुर मध्ये ८०-८५ जान माननीयहरु कर्मचारीहरु काठमाडौ उपत्यकाबाट आउँने जाने गर्दछ। विभिन्न नाकाबाट प्रदेश राजधानी हेंटौडा आउँने जाने धेरै बाटो भएता पनि सबै बाटो निम्न स्तरीया भएकोले आउँने जाने असुविधा नै भईरहेको बेला हामीहरु सबैले महसुस गरिरहेकाछौ। त्यसैले छिटो भन्दा छिटो यहि हिउँदे अधिवेसनमा भित्र एउटा भए पनि निमन स्तरी बाटो मर्मत गरि सुधार गरियो भन्ने सम्बन्धित मन्त्रीज्यूलाई अनुरोधन गर्न चाहन्छु। सभामुख महोदय संविधान र कानूनलाई दोस दिने कुनै ठाउँ नभएको र दल भित्रको संरचना महिला मैत्री बन्न नसकेकोले कुनै पनि प्रदेशमा मुख्यमन्त्री बनाउने नसकेको कुरा सत्य हो ? तर बागमती प्रदेश मन्त्री मण्डलमा हाल सम्म पनि महिला मन्त्री नभएको तितो सत्य बोल्दै छु।

त्यसकारण छिटो भन्दा छिटो अब हुने मन्त्री मण्डलमा महिला मन्त्री समावेश होस भनि जोडदार मार्ग गर्दछु। अन्यतमा मन्जुश्री सोनाम ल्होसार उपलक्ष्यमा शुभकामना गर्न चाहन्छु। धन्यवाद। जय नेपाल।

__माननीय सभामुखः-__ अब म डा.राम कुमार अधिकारीलाई समय दिन्छु। समय ५ मिनेट।

__माननीय डा. राम कुमार अधिकारी (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))ः-__ माननीय सभामुख महोदय, मैले सर्वप्रथम नेपलीहरुको महान पर्व सोनाम ल्होसारको पुनितःउपलक्ष्यमा मुलुक भित्र रहनु भएका मुलुक बाहिर रहनु भएका सम्पूर्ण नेपालीहरुलाई हार्दिक शुभकामना उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

म एउटा दुःखद घटनाको बारेमा बताउँन गईरहेको छु। यहि २०७६ साल माघ ७ गते धादिङ जिल्लाको एउटा ठूलो पर्यटकिय स्थल झोला मण्डलिमा पुजा गरेर फकिरहेको एउटा ट्रक धादिङको निलकठ नगरपालिका वडा नं ८ मैदि भज्याङ नजिक दुर्घटा ग्रस्त हुदाँ खेरि करिब ३७ जना घाईते र ७ जनाको घटना स्थलमा मृत्यु केही व्यक्तिहरु विभिन्न काठमाडौका केही अस्पतालहरुमा सिरियस अवस्थामा उपचार गराई रहनु भएको छ।

त्यसैले ति मृतक प्रति भावपूर्ण श्रदान्जलि परिवार प्रति सवेदना घाईतेको शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु र प्रदेश सरकारले पहिले पनि गरेको सहयोगको भाव स्वरुप सहयोगको नजिर अनुसार अरु व्यवस्था गरेर घाईतैको लागि उपचार मृतकको निम्ति सहयोगको लागि माननीय सभामुख मार्फत आवहन गर्न चाहन्छु।

त्यसै गरि प्रदेश सरकारले सहीद सप्ताह मनाईरहेको छ। यसको सफलातको पनि हार्दिक कामना गर्न चाहन्छु र मैले अर्को विषय बागमती प्रदेशकै राष्ट्रकै गौरवको योजना रहेको बुढीगण्डकी बहुउद्धेश्य परियोजना जुन नेपालको १०८ वर्ष भो बिजुली उत्पादन गर्न थालेको १०८ वर्षमा अहिले सम्म करिवि ११ सय ३४ मेघावाट बिजुली बनायौ भन्ने बुढीगण्डकी एउटा प्रोजेटले १२ सय मेघावाट बिजुली बनाउँछ। त्यसको लागि

मुआब्जा वितरणमा केही कमजोरी भएको कुरा सबैले स्विकार गरेर जनताहरु मारमा परि रहनु भएको छ।

त्यसको लागि पनि माननीय सभामुख महोदय मार्फत समाधानका लागि पहलको लागि आब्हान गर्न चाहन्छु। अन्त्यमा म के भन्छु भन्ने हामी नेपाल राष्ट्र निर्माणको महाअभियानमा छौं। यस वर्षको पहिलो चौमासीकमा आयत घटेको निर्यात बढेको मुद्रा सन्चित बढेको शेधानान्तर घाटामा कमि आएको त्यसै गरेर विदेशी मुद्रा सन्चितमा र सुधार आएको व्यपार घाटा कम भएको एउटा सुखत अहिले स्थिति रहेको छ। Global Hunger Index मा नेपालले सुधार गरेको नेपालले Doing Business Index मा ११०बाट सुधार गरि ९४ आएको त्यस्तै गरेर भष्टाचारको Transperancy International ले भ्रष्टाचार मापन गर्दै संसारमा सञ्चार भर गत साल १२४ औ स्थानमा थियौ हामी अहिले भ्रष्टाचारमा हामी धेरै भष्टाचारको अवस्थालाई सुधार गर्दै १२४ बाट ११३ औ स्थानमा झरेका छौ।

यो एउटा सुखद खबर र धनी र गरिवको खाडललाई कम हुँदै गएको जिनि क्फीसेन्ट इन्डिकेटर पनि सुखद रहेको, धनी र गरिवको खाडल कम हुँदै गएको हाम्रो संविधानमा उलेखित भएको समाजवाद तर्फ समाजवादि समाज निर्माण गर्ने महा अभियानमा हामी सकारात्मक सूचकहरु सकारात्मक संकेत पाईएको कुरा पनि म यो सम्मानित सभामा व्यक्त गर्न चाहन्छु। यति भन्दै मेरो भनाई टुंग्याउँछु। हस् त धन्यवाद।

<u>**माननीय सभामुख**</u>**:-** अब म माननीय सुरेन्द्र राज गोसाईलाई समय दिन्छु। समय ५ मिनेट।

<u>**माननीय सुरेन्द्र राज गोसाई (नेपाल मजदुर किसान पार्टी)**</u>**:-** माननीय सभामुख महोदय, माघ १० गते नेपाल मजदुर किसान पार्टी स्थापनाको ४५ वर्ष पुरा भो ४६ औ वर्षमा प्रवेश भर्यो। हिमाल, पहाड र तराई कामदार जनता सप्ताह व्यापि रुपमा पार्टी स्थापना दिवस विभिक्त गतिविधिका साथ मनाउदै छ। ने.म.कि स्थापना २०३१ माघ

१० गते भएको हो। माक्सवाद, लेलनवाद तथा माओत्सेतुङ्ग विचार धाराबाट मार्ग निर्देशन सिद्धान्त हो।

मजदुर किसान देश भक्त, बुद्धिजीवि, राष्ट्रयी पुँजी वर्ग, सा-सान उद्योगि सा-साना व्यापारीहरुको आन्दोलन तथा संघर्षको माध्यबाट जनताको प्रजातन्त्र हुँदै समाजवाद र साम्यवाद सम्म पूगो ने.म.कि.पा को पुग्ने उद्धेश्य हो। तत्कालिन उद्धेश्य जनताको प्रजान्त्रा हो भन्ने दिर्घकालिन उद्धेश्य समाजवाद र साम्यवाद हो ने.म.कि.पा पुजुवादी निर्वाचनबाट समाजवाद स्थापना हुनेमा विश्वास गर्दैन। ने.म.कि.पाको स्थापना संशोधनवाद र अवसरवादको विरोधमा किसान आन्दोलन तथा वर्ग संघर्षलाई निरतन्ता दिने उद्धेश्यका साथ भएको हो। रातो झण्डा खसाल्न रातो झण्डा उचालने गर्है माक्सवादीहरु विरुद्ध ने.म.कि.पा सैद्धान्तिक रुपमा संघर्ष अगाडी बढाएको हो। सोनिएत संशोधनवाद समाजिक साम्राजयवादमा परिणत भएको ने.म.कि.पा.को विशलेष्ण रह्यो। तत्कालिन पाकिस्तानको विभाजनमा भारतिय हस्तक्षेपमा वा भूमिकाको ने.म.कि.पाले कडा शब्दमा भाषामा गार्यो।

भारतीय विस्तावाद एका अधिकार पुजी नेपाली समाजको शत्रु भएको ठहर ने.म.कि.पा.ले स्पष्ट ठहर पार्यौ। ने.म.कि.पा स्थापना यी केही सैद्धान्तिक तथा बैचारिक आधारहरु हुन ने.म.कि.पा किसान आन्दोलन बलियो जगमा टेकेर अगाडी बढैको कम्युनिष्ट पार्टी हो। ने.म.कि.पाले गरेका मोहियानी हक सुरक्षित, बाली काट्ने आन्दोलन, भरपाई आन्दोलन आदि नेपाली किसान आन्दोलनमा स्वर्णिम अक्षरले लेखिने छन। भ्रष्टाचार विरोधि आन्दोलन ने.म.कि.पाको नाम थप उज्जलो बनाएको यथार्थ सबै सामु छलेगै छ।

संशोधनवाद तथा अवसरवादको दलदलमा उम्किनै नसक्ने गरि फसदै गरेको नेपाली कम्युनिष्ट आन्दोलनलाई जोगाउँने र गति प्रदान गर्ने काम ने.म.कि.पा को स्थापनाले गार्यो। पार्टी जनताबाट अलग हुँदै गई रहेको बेला लेनलेनवादी नीति बोमोजिम निर्वाचन उपयोगको नीति कम्युनिष्ट आन्दोलनलाई सुझाएर पूर्नजीवन दिने अभिभार ने.म.कि.पा.ले बहन गरेको अस्वीकार गर्न सकिदैन। ने.म.कि.पा एक्लै भए पनि क्रातन्त्रीकारी संसदवादको झण्डा उचो पार्छैं छ। ने.म.कि.पाले ३० वर्ष पञ्चायर्ती विरुद्ध

निर्वाह गरेको भूमिका, वि.स. २०४६ को ऐतिहासिक जनआन्दोलन २०५८ साल देखि २०६२-६३ सम्म चलेको प्रतिगमन विरोधि आन्दोलनमा ने.म.कि.पा.को थिक योगदानलाई कसैले अस्वीकार गर्न सक्दैन। ऐतिहासी साक्षी छ।

ने.म.कि.पामा पुग्ने लोभमा कुनै पद वा लाभ प्राप्तिमा सिमित राख्ने संकिर्ण संघर्ष सोचका साथ यी आन्दोलनमा सहभागिता जनाएकि थिएका। जोगि बन्न राजनीतिक गरेका होईनौ भन्ने चरम अवसरवादी तथा राजनीतिक ठगहरु विरुद्ध ने.म.कि.पा. संघर्ष जारी छ। ने.म.कि.पा.ले व्यक्ति हत्याको अरापकतावादी विचार विरुद्ध समयमै आलोचना गर्यौं। भारतिय विस्तावादको बुई चढेर नेपालमा क्रान्तीको सपना देख्ने अराष्वकतावादी विरुद्ध ने.म.कि.पाले सैद्धान्तिक तथा वैचारिक संघर्ष गर्यौं। यो पनि सत्य हो कि भारतिय विस्तावाद ट्रोजन हर्सको विरोध गर्दा ने.म.कि.पा एक्लो थियो। नागरिकता विधेयकको विरोध गर्दा ने.म.कि.पा एक्लो थियो। लगानी बोर्डको विरोध गर्दा ने.म.कि.पा एक्लो थियो। भारतिय नाका बन्दी वरु संसदमा संघर्ष गर्दा ने.म.कि.पामा एक्लो थियो। जनता अनुभव गर्दै छन।

ने.म.कि.पाले ठिक गर्यौं र सहि थियो। ने.म.कि.पा. कमसेकम देशमा सच्चाईको पक्षमा लड्ने कोही त बाँकी छन। स्थापना काल देखि ने.म.कि.पाले सामराज्यवाद विरोधि संघर्षको नेतृत्व गर्यौं। सारा अमेरिकाद्धारा भियतनाम र हिन्द चिनमा गरेको वरवर हमालको विरुद्ध ने.म.कि.पाले आन्दोलन गर्यौं। त्यसै गरि अफगानीस्तान ईराक सिरिया, लिविया, भेनेजुगला, ईराना लगाएताका देशमा सारा अमेरिका सामराज्यवाद र नाटोदेशद्धारा गरिएको हस्तक्षेपको युद्धको निरन्तर विरोध गर्दै छ। सामराज्यवादी युद्ध विरुद लडिरहेका विश्वासको शान्तिकामि तथा विश्वका न्याय प्रेमि जनताको संघर्षमा ने.म.कि.पाले एक्यवद्धता जनाई अन्त राष्ट्रिय कर्तव्य पुरा गर्दै छ। साम्राराज्यवाद विरोधी संघर्षमा उल्लेखनीय योगदान दिदै अग्रंपत्तिमा ने.म.कि.पा रहेको जाहेर छ।

ने.म.कि.पा अग्रहजहरुले सुस्ता भायी भारतिय विस्तारवादको हस्तक्षेपको विरुद्ध संघर्ष गरि पञ्चायती जेलनेल भोग्नु भयो। ने.म.कि.पाले भारतद्धारा निरन्तर भई रहेको सिमा अतिक्रमण राजनीतिक हस्तक्षेप, सांस्कृति अतिक्रमण र नेपालको सर्वभौमिकयता,

स्वतन्त्रा, स्वाधिन्ता माथि ठाडो हस्तक्षेपको निरन्तर विरोध गरि देश भक्तिको आन्दोलनको अगुवाई गर्दै छ। कोशी गण्डकी देखि महाकाली कणाली सम्म भएका देश घाती सन्धीको विरोधमा होस वा भारतिय नाकाबन्दी, लिम्पिया, कालापानी माथि भएको हस्तक्षेप सबैमा ने.म.कि.पाले दृढता पूर्वक देशको पक्ष लियो ने.म.कि.पा जनता बिच एउटा सचा देश भक्त पार्टीको रुपमा समेत परिचित छ भन्न पाउँदा गौरववान्ती छौ।

अब ने.म.कि.पा सारा अमेरिकाद्धारा अघि सारिएको मिलेनीयम च्यालेनज कपोएसन र हिन्द प्रशान्त रणनीतिको विरुद्धमा संघर्षरत छ। सर्त सहितको सहयोग अस्वीकार गर्न र सहयोग स्विकार गर्ने नाममा देश स्वाधिता, स्वतन्त्रा र सर्वभौमिकता बन्धकमा नराख्न सरकार समक्ष आब्हान गर्दै छ। मगन्ते प्रकृति त्यागेर आत्म निर्भता र आत्म गौरवको बाटो रोज्न शासक दलले हिम्मत देखाउँन पर्ने नेपाली जनताको आवज जोडद्धारा ठंगमा राख्दै छ।

देश साम्राराज्यवादी सेनाको रणभूमि बन्ननिदने एसियाको अर्को अफगानीस्तान बन्न नदिन ने.म.कि.पा संघर्ष रच छ। एम.सि.सिको अस्वीकार विरोध गरी देशलाई संम्भावित भयान दुर्घटनाबाट जोगाउँ आफ्लै आँखाले देश धुजाधुजा भएको हेर्न यदि मन्जुर छैन भने यदि देशका शासकहरु अन्य कयौ देशमा चाहिँ सामराज्यवादीबाट झुड्ईएको वा गोलिले उडाईएको सुन्न देख्न यदि मन्जुर छैन भन्ने एम.सि.सि सदाको लागि अस्वीकार गर्नुको विकल्प छैन। ४६ औ स्थापनामा दिवसमा ने.म.कि.पा सन्देश जनता बिच ल्याउँदै छ। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय लालकुमारी पुनलाई समय दिन्छु। समय ५ मिनेट।

**<u>माननीय लालकुमारी पुन (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))ः</u>-** माननीय सभामुखज्यू, यो गरिमामय संसदमा सभामुखको अनुमतिले केही महत्वपूर्ण एजेन्डाहरु राख्न चाहन्छु। सर्वप्रथम त निकै लामो पछिको अस्थायी राजधानी स्थायी राजधानी बनाएका छौ। अस्थायी राजधानीको बेलामा पनि मैले यो रोष्टमाबाट भनेको थिए। म सभामुख

मार्फत सरकारको ध्यानाकर्षण गराउँन चाहन्छु अथवा सम्बन्धित पक्षलाई मैले ध्यानाकर्षण गर्न चाहन्छु।

हामी यहि बाटोमा दिन दिनै जनताहरु हिड्ने गर्नु हुन्छ। हामी हाउसको बेलामा हिड्छौ। अब हामी स्थायी मानसिकता हाम्रा कार्य सम्पादन सबै अस्थायी नै भन्ने हामी सबैले नारा लगाउँदै हिडि रहेका थियौ। तर आज स्थायी भईसक्यौ। यो बल्खु देखि मकवानपुर सम्मको बाटो कहिले बन्ने म सरकारलाई प्रश्न गर्न चाहन्छु ? ध्यानाकर्षण गराउँन चाहन्छु। यति वेतिथि छ कि बाटो घण्टामा आउँने बाटो ४ घण्टा हिडने अवस्था भएको छ। छिटो भन्दा छिटो सम्बन्धित निकायले बाटोको मर्मत संभार गरेर यो बाटोलाई जनतालाई यो प्रदेशमा आउँने सांसदहरुलाई सलर र राम्रो बनाई दियोस् भन्ने मैले सभामुख मार्फत ध्यानाकर्षण गराउँन चाहन्छु। अर्को कुरा भर्खरै पनि तराईमा घटना घटेको थियो। जो प्राकृति साधनहरुको दोहो जो बालुवा, गट्टीहरुको क्रसररहरुको कुरा आएको छ। त्यसै गरेर यो प्रदेश भित्रमा पनि ललितपुर जिल्लामा हाम्रा पत्रपत्रिकामा निकै रङ्गिएका छन।

सम्बन्धित निकायले कसले अनुगमन गर्ने त्यहाँ व्यवस्थित चलाउँने हो कि होईन ? अथवा सरकारलाई कर तितेर चलाउँने हो कि व्यक्तिको मनोमान्जि र कसैको पावर प्रयोग गरेर चलाउँने हो ? सम्बन्धित मन्त्रालय, सम्बन्धित व्यक्तिले ध्यानाकर्षण होस। छिटो भन्दा छिटो त्यहाँ दोहन भएका प्रकृति स्रोत साधनहरुलाई रोक्ने काम र अनुगमन गरेर व्यवस्थित गरेर दर्ता गरेर चलाउने काम सरकारले गरोस। म यो पनि ध्यानाकर्षणगराउँन चाहन्छु।

अर्को कुरा भर्खरै हाम्रो मकवानपुर जिल्लाको दामनमा भारतिय नागरिकहरुले यो भ्रमण वर्ष २०२० को भ्रमण वर्ष मनाउँदै गर्दा हामीले आफ्नो आन्तरिक पर्यटक र बाहिरी पर्यटक कसरी हामीले सवशुलभ आकर्षण बनाउनेको लागि हाम्रा भौतिक पूर्वधाराहरु होटलका अवस्थाहरुलाई कसरी सुधार्ने यसमा सम्बन्धित निकायले ध्यान पुर्याओस ता कि हामीले भ्रमण वर्ष मनाउँदै गर्दा त्यहाँको कोठाको सिट क्षमता अथवा त्यहाँ कोठामा हुने भौतिक पूर्वधाराहरु के के सुविधा हुनु पर्ने त्यसमा ध्यान पुगोस।

अनुगमन गरोस। मापदण्ड नभएका होटलहरुलाई छिटो भन्दा छिटो सरकारले कारवाही गरोस र मापदण्ड अनुसार सन्चालन गर्नकोलागि निर्देशन गरौस।

म यो आव्हान पनि गर्न चाहन्छु र अन्त्यमा मैले जो गत वर्षमा पास गरेका हाम्रा बजेटहरु अहिले सम्म पनि धेरै ठाउँमा अख्तियारीहरु पैसाहरु निकास भएको छैन। हामीले बनाएका निर्देशिकाहरुलाई पनि कसरी कार्यान्वयन गर्ने अहिले सम्म गाउँपालिका स्थानीय निकायहरुमा पैसा निकास भएको छैन। कोलिनिकाबाट यो कसरी गर्ने हो ? हामीले अब आर्थिक वर्षको बजेटहरु र हामीले व्यवस्थित गर्ने बजेटहरुलाई बनाउनेक लागि हामीले पाईला चाल्दै गर्दा गत सालको बजेटलाई पनि छिटो भन्दा छिटो कसरी कार्यान्वयन गर्ने यसको सरल कार्यविधिको लागि सहज सम्बन्धित मन्त्रालयले गरोस म ध्यानाकर्षण गर्छु। हस त धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय विराज भक्त श्रेष्ठ समय ५ मिनेट।

**<u>माननीय विराज भक्त श्रेष्ठ (विवेकशील साझा पार्टी)</u>ः-** माननीय सभामुख महोदय,सर्वप्रथम म लोकतन्त्रीक पद्धतीबाट अस्थायी राजधानी स्थायी भएकोमा सम्पूर्ण सभा सदस्य प्रदेश बासीहरुलाई शुभकामना व्यक्त गर्दछु। तर प्रदेश राजधानी हुँदै गर्दा केही चिजहरु चाहिँ सरकारले पनि ध्यान दिनु हुन अनुरोध गर्दछु। विकास सँग सम्बन्धित विनास तथा विसोगतीहरु नित्याउँछ। अहिले नै हामीले हेरि राख्दा खेरि बुद्ध चोकमा ट्राफिक जाम्म हुन थालि सकेको छ।

यहाँको सार्वजनिक सरकारी सम्पतिहरुको दुरुपयोग नहोस। माफियाहरुको आँखा नलागोस। नदीहरु जस्तै हेटौडाको हावा पानी एकदमै राम्रो यो राजधानी भईसके पछि यो अनियन्त्रीत हिसावले भए पछि। किन भन्ने काठमाडौमा जन्मेको हुर्को ठाउँमा त्यो ठाउँ कस्तो थियो र अहिले कस्तो भयो भन्ने कुरा प्रत्यक्ष अनुभव गरेको छु। हेंटौडाले त्यो अन्याय खेप्न नपरोस भन्ने कुरामा सचेत हुन प्रदेश सरकारलाई अनुरोध गर्दछु। अर्को कुरा सभामुख महोदय मार्फत म प्रदेश सरकारको र सार्वजनिक लेखा समितिको गम्भिर ध्यानाकर्षण गराउँन चाहन्छु। भर्खरै प्रारम्भिक जानकारी आएको अनुसार क्रसर

उद्योगहरु राजनीतिक संरक्षणहरुमा खास गरिकन ललितपुर र काभ्रेको क्रसर र उद्योगहरु त्यहाँ कानूनै छ कि छैन भन्ने हिसाबले नै चलि रहेको छ।

स्थानीय मान्छेहरु जस्तै चापा गाउँतिरको मान्छेहरु यो क्रसर उद्योगको आतकमा नै पारि सकेको छ। प्रशासनले केही गर्न जाँदा खोज्दा खेरी उच्च अवदाको प्रहरी देखि लिएर तल्लो आवहेदाको प्रहरीहरु त्यहाँ चाहिँ राजनीतिक संरक्षणले गर्दा कामै गर्न नसक्ने भएको कुराको ध्यानाकर्षण गराउँन चाहन्छु। यो सँग सँगै वातावरणको कुराहरु अब तपाईहरुलाई जानकारी भयो होला। ग्रीसमा पनि महिला प्रधानमन्त्री हुनु भएको छ। उहाँ चाहिँ वातावरण अधिकार कर्मि नै हो। विश्वमा नै वातावरण अधिकार कर्मिहरु त्यो नेतृत्वको तहमा पुगेर काम गरि राख्नु भएकोमा हामी चाहिँ हामी धेरै छुटेको जस्तो लाग्छ मलाई अष्ट्रेलियामा भएको जुन त्यो डढेलो छ।

यो पालि हामीले संवेदशील भएनौ भन्ने हाम्रो देशमा त्यस्तो खालको भयो भन्ने चाहिँ त्यो नियन्त्रण गर्न एकदमै गारो हुने भएकोले क्रसर उद्योग देखि लिएर यो सबै चिज चाहिँ जोडेको भएर यसमा ध्यान दिनु हुन। सार्वजनिक लेखा समितिले पनि अनुगमनहरु गरेको जानकारी आएको छ। त्यसको कार्यान्वयन के भएको छ। त्यो बारेमा पनि म ध्यानाकर्षण गराउँन चाहन्छु। भर्खरै भिजिट नेपाल २०२० भनेर जुन वियपतिहरु राखेको छ। यो यति मैलै बुझनै सकिन संघ सरकारले के गर्न खोजेको हो। अहिले बसन्तपुरमा जुन यति राखेको छ। त्यहाँको समुदायको अस्था विपति भयो भनेर हिजो स्थायीहरुले र गएर त्यसलाई जुन यतिमा लागेको रङलाई आफैले स्प्रे लगाई दिएको छ। हामीले कस्तो भ्रमण वर्ष बनाउने खोजिरहेका छौ।

जहाँ चाहिँ स्थानीयहरुले त्यो भ्रमण वर्षलाई आफ्नो नै मान सकिराखेको छैन। मैले भने कसैको लहैलहैमा लागेर त्यो बजेट खर्च गर्नलाई गरि राखेको हो भने त्यसैले केही पनि पुष्टी गर्ने वाल छैन। हिजो त्यसले गर्दा एउटा द्वन्द निमतिएको थियो। जुनले गर्दा चाहिँ त्यहाँका स्थानीयहरु भएर नगर प्रहरी काठमाडौ महा नगरका नगेर प्रहरीनै बसेर जुन चाहिँ यतिलाई चाहिँ अर्कै कलरको स्प्रे पनि गदैछ। समन्य गरेर सबैको अपनत्व हुने गरेर पर्यटन वर्ष मनाउँन सक्नु पर्छ।

सो यो भ्रमण वर्षको बजेट सकाउने हिसाबले काम भ्रमण गरेर वर्ष सफल चाहिँ हुँदैन। भ्रमण वर्षको लागि पूर्व तयारीहरु केही पनि छैन। श्रोत साधन छ न जनशक्ति उत्पादन गरेको छ। नअष्ट्रेलियमा, युरोपमा बजेट खर्च गरेर चाहिँ त्यो सफल हुँदैन। यहि कुराहरु सदनलाई जानकारी गराएर आफ्नो कुराहरु यहि टंग्याउँछु। जेपालको जय होस।

**<u>माननीय सभामुखः</u>-** माननीय रीना गुरुङ्गलाई समय दिन्छु। समय ५मिनेट।

**<u>माननीय रीना गुरुङ्ग (राष्ट्रिय प्रजातन्त्र पार्टी)</u>ः-** माननीय सभामुख महोदय, सर्वप्रथम बागमती प्रदेशका सम्पूर्ण तामाङ समुदाय लगाएत सम्पूर्ण समुदायमा म सोनाम ल्होसारको हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु र हामी स्थायी राजधानी र नामकारण बागमती प्रदेश नामाकरण पछी हिजो देखि पहिलो सदन र पहिलो अधिवेशन भन्नु पर्छ। स्थानीय राजधानी भईसके पछि तर स्थानी राजधानी भन्दा पहिलै यो रोष्टमा पटक-पटक स्थायी राजधानी भएन सबैले अस्थायी मनोस्थिती भयो। सदन पनि राम्रो सँग सुचारु गर्न सनेन भनेर पटक-पटक आवज गुन्जीरहेको अवस्था थियो। आज त्यो आवज पछि परेर आज चाहिँ स्थायी राजधानी पाएका छौं।

तर सदन भित्र उपस्थिति देखिन पर्ने हो। सदन भित्र उसाह देखिन पर्ने हो। त्यो कहि पनि देखिएन। सभामुख महोदय त्यही भएर भोलिको दिनमा यो राजधानी बनि सके पछि जुन सांसदहरुको भूमिका हुन्छ। सांसदहरुको जुन उपस्थिति हुन्छ। यसमा मैले सभामुख मार्फत यसमा ध्यानाकर्षण गराउँन चाहे। सभामुख महोदय, अर्को विषयमा कुरा गरि राख्दा खेरी भिजिट नेपाल २०२० बनाई रहेका छौं। भिजिट नेपाल २०२० बनाई रहन्दा खेरि चाहिँ ईन्टनेशनल्ली हरेक देशका नागरिकहरुले नेपालमा नेपालको कुरा गरिराख्दा खेरि बागमती प्रदेशको कुरा गर्छु।

हामीहरुले उहाँहरुलाई ईन्भाइट गरिराखेका छौं। र उहाँहरुले ईन्भाइट गरि राख्दा खेरि हाम्रो बागमती प्रदेशमा दुखद घटना घट्यो। दामनमा पनरोमा रिसोर्टमा भारतिय नागरिक भारतीय पर्यटकहरुको निधन यो घटनाले चाहिँ भिटिज नेपाल २०२०

भनि राख्दा खेरि हाम्रो विश्व व्यापी रुपमा चर्चा परिचर्चा पोजेटिलि हुन्छ कि नेगेटिलि भन्ने आफुमा यति ठूलो प्रश्न हो। यतिबेला भिजिट नेपाल २०२० भनेर लाखौ करोडौ होईन अरबौको बजेट हामीहरुले भिजिट नेपालको प्रदेश लगाएत केन्द्रको बजेट हामीहरुले भिजिट नेपाल २०२० खन्याई रहेको अवस्था छ र अर्को तिर हाम्रो न कुनै पूर्वधारा छ। न कुनै पब्लि सिटि छ। मैले भिटिज नेपाल २०२० भनेर वईसाईट होला भनेर सोचेको थिए। केन्द्रको वईसाईट आयो। तर हामीहरुले प्रदेश सरकारले जापना, अष्ट्रेलिया, मिडलईष्ट लगाएत विभिन्न देशका नागरिक नेपाली भाषा बुझदैन अंग्रेजी चादिन्छ। उहाँहरुले बागमती प्रदेशमा किन आउँने कुन कुन ठाउँमा, कहाँ आउँने, केको लागि आउँने कसरी भनिन्छ।

हामीहरुले मैले यताबाट भाषण गरेर अन्तक्रिया गरेर विभन्न ठाउँमा भनेर पक्का पनि पर्यटकहरु नेपालमा आउँनेवाला छैन। त्यो भएर यसमा पनि सरकारको ध्यानाकर्षण होस भन्नेमा सभामुख मार्फत मैले अनुरोध गर्न चाहे र सभामुख महोदय पछिलो समयमा चाहिँ कोरोना भाईसरको संक्रमणबाट नेपालमा पनि एउटा व्यक्ति संक्रमित व्यक्ति फेला परेको छ। २ जना माथि उहाँ संक्रमित हुनु हुनु छ वा हुनु भनि अनुसन्धान पनि भई रहेको छ। यो एकदम विश्वमा जटिल विषय पनि छ। किन कि संक्रमण फैलिएको पक्का पनि अलि ठूलै क्षेति हुने संम्भावना पनि रहेको छ। हामीहरुको चिन देखि प्रदेश बागमती प्रदेशको नाका पनि जोडिएको छ।

रसुवा गढीमा चाहिँ नाकाउता पनि सरकारको ध्यानाकर्षण होस। फाईटवार मात्र होईन उतावाट मानव ओसार पोसार हुँदा खेरि पनि त्यो संक्रमित व्यक्तिहरु चाहिँ प्रवेश गर्न सकिन्छ। त्यही भएर उता तिर पनि प्रदेश सरकारको ध्यानाकर्षण होस भन्नेमा ध्यानाकर्षण गराउँन चाहन्छु। सभामुख महोदय र अन्तिम विषयमा प्रवेश गरिराख्दा खेरि यो गत हप्ता देखि हाम्रो पुरा सोसल मिडिया लगाएत एउटा कुराले तरङ्गित भएको छ। हिजो देखि सदन पनि तरङ्गित भएको छ। हाम्रो बागमती प्रदेशको सरकारले राज्यमन्त्रीहरु थपिदै छ भनेर चाहिँ एउटा फरक खालको समचार आईरहेको छ म प्रश्न गर्न चाहन्छु ? हाम्रो प्रदेशमा राज्यमन्त्रीहरुको अवश्यकता किन परे छ र के को लागि परे छ ? राज्यमन्त्रीहरुले भ्याई नभ्याई भएर, उहाँहरु माथि लोड परेर कार्यकर्ता नेता

व्यवस्थापन गर्नको लागि राज्यमन्त्री भन्ने शब्द आएको छ। या फेरि महिलाले कहीनकही महिलाले स्थान पाएन राज्यमन्त्री भए पनि थन्क्याई दिउन राज्यमन्त्री भएपछि एउटा पद उनत भनेर विषय आएको छ।

हामीहरुको लाखौ नेपालीहरु विदेशमा छ खुन पसिना रगतले चाहिँ रेमिन्टेन्सनको थ्रो हाम्रो अर्थतन्त्रले गरिएको छ। माथि उहाँहरुको रगत पसिना विभिन्न नेपालको विभिन्न राज्यमन्त्री, मन्त्री हामी सांसदहरु माथि पनि नखन्याओस हामी जनताको खुन पसिना रगतले जुन कर उहाँहरुले चाहिँ नेपालमा दिईरहेको छ। हाम्रो तलव राज्यमन्त्रीको गाडी मन्त्रीको गडी तिर नयन्कओस भन्ने म आग्रह गर्दै सरकारको यसमा जवाफ आऔस र राज्यमन्त्रीं बागमती प्रदेशले किन चाहिँयो भन्ने आग्रह गर्दै बिदा हुन्न चाहन्छु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय ओम बहादुर ग्लान। समय ५ मिनेट।

**<u>माननीय ओम बहादुर ग्लान (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))ः</u>-** माननीय सभामुखज्यू, हामी यो सदनमा विशेष समयमा धेरै माननीयज्यूहरु बोलि सक्नु भए छ। सबै भन्दा पहिला यो सोनाम ल्होसारको शुभकामना भन्न चाहन्छु। यो कन्फ्युजनहरुको बारेमा म यो सोनाम ल्होसार के हो ? हामीले चन्द्र पात्रो अनुसार मन्जु श्री संवत २८५६ सोनाम ल्होसारको रुपमा यो हामीले मनाएका छौ। यो एउटा सुंगुर वर्ष फाकुलोको अन्त्य जीवलो मुसा वर्गको शुवतको रुपमा मनाएको कुरा म जानकारी गराउँन चाहन्छु र यहाँ म एउटा हामी एउटा निकुञ्जको आसपासमा बसोबास गरेका हाम्रा समुदायहरु जंगली जनावरको निरन्तर आक्रमणमा परेको कुरा हामीले सुन्दै आईरहेका छौ। त्यो फेरि दोरिएको छ।

मनहरी गाउँपालिकाको वडा नं. ३ बस्ने वर्ष ८० ठूलीमाया गोदार नजिकै जगलमा आपँ खोल्सीमा एउटा जगली हात्तीको आक्रमणबाट उहाँको मृत्यु हुन पुग्यो। यो दुखद घटना भयो र उहाँ प्रति हार्दिक श्रान्दाजलि व्यक्त गर्न चाहन्छु र परिवारजनमा संवेदना प्रकट गर्न चाहन्छु र सरकारलाई निरन्तर भईरहेको घटना छ र अथवा उहाँको हत्या भयो र उहाँको मृत्यु भयो त्यस तर्फ सरकारको ध्यानाकर्षण गराउँदै आवश्यक

क्षतिपुर्ती प्रदानको लागि उहाँको परिवार मैले सुने अनुसार सबै परिवार अंपाग छ। त्यो परिवारको पनि रेखदेख हुने गरि प्रदेश सरकारले सम्बन्धित तहको सरकारलाई निर्देशन गर्ने गरि म ध्यानाकर्षण गराउँन चाहन्छु र यहाँ कोरोना भाईसरको कुरा अघिनै आईसक्यो। चिनबाट भाईसरको संक्रमण शुरु भयो।

चिनको डाटालाई हेर्ने हो भन्ने ४० जनाको मृत्यु भईसकेको हामीले सुन पाउँछौ। २०० जना बढीमा यसको संक्रमण त्यहाँ भेटाईएको छ। नेपालमा पनि अहिले टेकु हस्पिटलमा २ जनालाई निगरानीमा राखिएको छ। हामी डेगुको संक्रमणलाई रोक्न जति गाह्रो परेको थियो। जुन हामी सँग स्रोत साधान थियो। आज यो भाईसर संक्रमण भईरहँदा खेरि यो धेरै ठूलो चूनौतिको रुपमा रहेको छ। संघीय सरकारको केन्द्रिय राजधानी त्यो देखिएको छ र प्रदेश बागमती प्रदेशमा यो देखिएको छ। त्यसकारण नेपाल सँग यो बागमती प्रदेश सँग जोडिएको सिमानमा आवज जावत र व्यापारीक प्रभाव हुनेभएकोले यो तर्फ प्रदेश सरकारले विषेश ध्यान दिओस म यो भन्न चाहन्छु। हामी सँग भएको साधन स्रोतको आधारमा एउटा हिजो अस्ति सोनाम ल्होसार मनाईरहन्दा टुडिखेलमा जहाँ चाहिँ हाम्रो महा महामहिम राष्ट्रपति आउँने कुरा थियो। त्यहाँ कार्यक्रममा उपस्थिति हुनु भएन र त्यहाँ समुदायले जसले सोनाम ल्होसार पर्व मनाईरहेको थियो।

त्यसमा हामी धेरै दुखित भएका छौ। राष्ट्रको अभिभावले अनुपस्थित जनाई दिदा खेरी त्यहाँ धेरै ठूलो चित दुखाई भएको छ। यो साँच्चैने सोचनिए कुरा छ। हामी सबैको अभिभावक सबै समुदायको अभिभावक हुन सक्छौ कि सक्दैनौ ? भन्ने कुरालाई हाम्रो प्रदेश सरकार मार्फत संघीय सरकारको पनि म ध्यानाकर्षण गराउँन चाहन्छु र सोनाम ल्होसार मनाईरहँदा खेरि जुन हठात रुपमा यो सदन बोलाउँने काम भएको छ। यसले हाम्रो धेरै कार्यक्रमहरु हामीले फुर्सद पूर्व सोनाम ल्होसार मनाउँने कुरालाई अफ्ठायो बनाई दिएको छ। आगमी दिनहरुमा त्यसको कुरा नहोस।

यो बिदाको कुरा पनि हामीले भिक माग्ने रुपमा प्रदेश सरकारले नगरोस। आउँने दिनमा सहजता पूर्व २-३ दिन बिदाको व्यवस्था निरन्तर रुपमा गर्दै जाओस किन कि

नेवा तामसालीङको कुर गरि रहदा यो कुरा बारबार पनि गर्दै आएका छौ र अन्त्यमा यो पिजन होलमा एउटा बुकलेट राख्ने कुरा बडा हास्यमद कुरा पनि भयो। हामी नेवा-तामसालीङ किन भन्ने एउटा बुक लेट राख्न खोजेम कहिले यता घुम्यो, कहिले उता घुम्यो लास्टमा हामीले त्यो राख्न पर्यो। पिजन होल भनेको के हो? यसको परिभाषा हामीले जान्यौ कि जानेनौ।

पिजन होलमा बेर्थ डेको काड हुन्छ। एउटा निमन्त्रण काड हुँदा खेरि हामीले एउटा बुकलेट किन राख्न पाएनौ ? किन सक्नौ सहजता पूर्व यो प्रश्न हाम्रो सचिवालयलाई उठेको छ ? यो सभालाई उठेको छ। यस्तो कुराहरुमा मन फराकिलो बनाएर आउँदा दिनहरुमा अगाडी बढोस म यहि कुराहरुलाई म तपाईहरुको ध्यानाकर्षण गराउँदै। फेरि अन्त्यमा यो सोनाम ल्होसारको शुभकामना भन्दै बिदा हुन्छु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय जीवन डंगोल। समय ५ मिनेट।

**<u>माननीय जीवन डंगोल (नेपाली कांग्रसे)</u>ः-** आदरणीय सभामुख महोदय, सर्वप्रथमा सहिद सत्तामा सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु नतमस्तक भई हार्दिक श्रान्दाजलि व्यक्त गर्न चाहन्छु र ल्होसार पर्वको पनि उत्साह पूर्व शुभकामना व्यक्त गर्न चाहन्छु। सभामुख महोदय हामी जनताको प्रतिस्पधत्मक बहुदलिय लोकतन्त्री असशान प्रणालीको अभ्यासमा छौं। सरकार सत्ता पक्षको, संसद विपक्षको भन्ने चलन छ। अल्प मतको सम्मान हुनु नै लोकतन्त्रको सुन्दर पक्ष हो।

प्रति पक्षको आवज नै लोकतन्त्रको धन हो। सम्पति हो। लोकतन्त्रीक पद्धति हो। हाम्रो देशको, हाम्रो प्रदेशको असल कम्युनिष्ट बने खोज्ने सरकारले राजधानी र नामकारण लगातै उत्साह पूर्वक धन्यवादको बदला लोकतकन्त सुन्दर पक्षलाई लोकतान्त्रीक पद्धतिलाई अस्वीकार मात्र गरेन आक्रमण अधिनायकबाट लादन खोजेका छन। संसदिय अभ्यासलाई अबहेलना गरेका छन। प्रमुख प्रति पक्ष र विपक्ष संविधानले जन्माएको गरिमामय संसदमा आफ्नो कुरा राख्न खोज्दा आफ्नो भावना व्यक्त गर्दा तिम्रो हैसियत के हो भन खोज्ने यो कस्तो लोकतन्त्री पद्धति हो? कस्तो संसदीय व्यवस्था हो

? हेपने संसदलाई हेप्ने, लोकतन्त्रलाई हेप्ने लोकतन्त्रलाई संविधानलाई हेपने हैसियत सरकारलाई कसले दियो ? यो प्रश्नका साथै खेद प्रकट गर्दछु। आज हामी जुन राजनीतिक उपलब्धि प्राप्त गरेका छौं। त्यो पद यात्रा सहज थिएन। राणा साशन हटाउँने देखि आज संघीय लोकतन्त्रीक गणतन्त्रात्मक साशन व्यवस्था सम्म आईपुग्दा आन्दोलनको विभिन्न काल खण्डहरु पार गरेका छौं। जसमा महिलाको ईच्छापूर्ण ईतिहासमा संघर्षका कथाहरु, पाईलाहरु नेपालको राजनीतिक ऐतिहासीमा स्वर्णमय र गौरवमय ईतिहासमा हाम्रो सामु छ।

२००४ सालमा नेपालको राजनीतिक आन्दोलनका महिला संघर्षका जननी आदरणयी मगंला देवि सिँह देखि आदरणयी साहना प्रधान, सैलजा आचर्या दिव्य र नेता कोईरालाका गौरवमय ईतिहासले संमित र प्रतिक्षित हुँदै २०६२/६३को जनआन्दोलनमा महिलाहरुको उत्साह पूर्ण त्यग समर्पित, बलिदान मुलक सभागिता तथ्यले ऐतिहासीको पाना मात्रै थपिएन उपलब्धिको रुपमा महिलाको सहभागिताको अनिवार्य हुनु पर्ने संविधानको पापानामा पनि भरियो। संविधानको प्रस्तावनामै समानुपातिक समावेशी र सहभागिता मुलक सिद्धान्तका आधारमा समातमुलक समाजको निर्माण गर्ने संकल्प गरेका छन।

संविधानको प्रस्तावनाको परिकल्पनाको अवस्थामा धारा ३८ को उप धारा (४) मा राज्यको सबै निकायमा महिलालाई समानुपातिक समावेशी, सिद्धान्तको आधारमा सहभागि हुने हक हुने छ भन्ने उल्लेख छ। त्यस्तै धारा १६१ को उप धारा (९) मा समावेशी सिद्धान्त बोमोजीम प्रदेश मन्त्री परिषद् गठन गर्ने भन्ने व्यवस्था छ। संविधानको मर्यादलाई पालन गर्ने चट्टान स्वरुप उभिन सक्ने महिला शक्तिलाई आगो अगाडी मैन बत्ती सरद पलाग्ने पितृ सतात्मक सोचको स्कूलीङ्ग भएको यो सरकारले संविधान माथि अधिनाएकवाद लादन संविधानको परिकल्पनाको विपतित लाग्ने दुसाहस गरेका छन। आज यो प्रदेश मन्त्री परिषद् गठन भएको २ वर्ष पुरा भएको छ। जसमा महिलाको सहभागिता शून्य हुनु हास्यास्पद मात्र होईन। संविधान विपरित भएको स्पष्ट छ।

संविधान विपरित र संविधान माथि रहन कुनै नागरिकलाई हक छैन र कुनै पनि सरकारलाई हक छैन।त्यसैले यो बागमती प्रदेशको सरकार असंवैधानिक सरकार सावित भएको म व्यक्त गर्न चाहन्छु।त्यसैले संविधानको अक्षरता पालन गरियोस भन्दै यो सरकार अविलम्बन पूर्नः गठन गरेर ३३ प्रतिशत महिलाको सहभागिता गराओस भन्ने जोडदार माग गर्दछु र संविधानको सम्मान गरियोस भनि सभामुख मार्फत सरकारलाई संविधान कार्यान्वयन गर्न निर्देशन दिनको लागि पनि माननीय सभामुख समक्ष बिनम्र आग्रह गर्दछु। आधा आकश ओगटेको महिला प्रत्येक महिला पुरुषलाई जन्म दिने जननि हु।देशको मुलक कानून र जननि उल्लंधन गर्ने हक कसले दियो भन्दै मैले र यो संसदले मात्र होईन।प्रदेशका आम ५७ लाख जनाले सोधने छन। सरकारको हैसियत के, तिम्रो हैसियत के, संविधान माथि कोही छैन। धन्यवाद जय नेपाल।

**<u>माननीय सभामुखः</u>-** माननीय दिपक निरौलालाई बोलन समय दिन्छु। समय ५ मिनेट।

**<u>माननीय दिपक निरौला (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुखज्यू, मुलुक राणा शाही आन्दोलनमा सहदात प्राप्त गर्ने देखि लिएर वर्तमान व्यवस्था प्राप्ति लागि आफ्नो जीवन आहुति गर्ने सहिदहरुको स्मृतिमा शताह व्यापी कार्यक्रम मनाई रहेको क्षणमा हामी उभिरहेका छौ।

म यस क्षणमा ति सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रान्दाजलि व्यक्त गर्न चाहन्छु। यसै गरि तामाङ समुदायले मनाउँने पर्व सोनाम ल्होसारको पनि म सम्पूर्णमा शुभकामना व्यक्त गर्न चाहन्छु। म मेरा विचारहरु राख्न अनुमति चाहन्छु। माननीय सभामुखज्यू म प्रदेश सभा मार्फत प्रदेश सरकार, प्रदेश सरकार मार्फत संघीय सरकारको ध्यानाकर्षण गराउँनका लालि मेरा विषयहरु अघी सानै गईरहेको छु।विकास निर्माणको सम्बन्धमा सडक सञ्जालको भूमिका अन्त्यत महत्वपूर्ण हुन्छ। यसमा दुईमत छैन।विधमान हाम्रा कतिपय कानून र व्यहारिक पाटाहरुका कारणले ति बाटाहरुका

निर्माणका अमना प्रतिकुलताहरु उत्पन्न हुने खालको स्थीति बनेको छ।मैले निर्वाचन क्षेत्रति विषय वस्तु भोग्नु परेको छ।

मलाई लाग्छ। निर्वाचन क्षेत्र सँग सम्बन्धित नभएर सिङ्गो उपत्यकाको विषय वस्तु हो भन्ने मैले ठानेको छु। गुठी जग्गाको व्यवस्थापनका विषयमा केही समस्या हाम्रा बिचमा रहेका छन। खास गरिकन सबै विस्तारको शिलशिलमा गुठी जग्गा संस्थानको मातहतमा हुने त्यसको जोताहाहरुको मोहिको रुपमा रहने खालको स्थिति रहेको छ। तर बोटो विस्तारको शिलशिलमा जग्गा धनिले जो जोताहा छ।

जोताहा मोहिले आफ्नो जग्गा छोएर बाटो विस्तार गर्न राज्यलाई सहयोग गरिरहेको अवस्थामा पनि गुठी संस्थानले त्यो छोडिएको जग्गाको स्वमीत्वबाट प्राप्त हुने आर्जन जुन खालको छ। रकम चाहिँ गुठी संस्थानमा नै बुझाउँनु पर्ने स्थितिलाई बाटो निर्माणको क्रममा अवरोध सृजना हुने खालको स्थिति बनेको छ।त्यस्तो खालको व्यवस्थालाई परिर्वतन गर्ने खालको लागि आवश्यक प्रक्रिया अगाडी बढाईयोस।त्यो अवरोध हटाउँने खालकोमा संघीय सरकारको ध्यानाकर्षण गराउँन प्रदेश सरकारको ध्यान जाओस भन्ने म यो गरिमामय प्रदेश सभामा निवेदन गर्न चाहन्छु।

त्यसै गरि हाल साविकको सम्बन्धमा पनि केही व्यवहारिक समस्यामा हुने खालको स्थिति बनेको छ। विगतका दिनहरुमा दर्ता खुलेका समयमा हाल साविक गरिने खालका शिलशिलमा विधिधि कारणले हाल साविकको प्रक्रिया अगाडी बढने सकेन अथवा दर्ता गर्न छुटेका अवस्था रहेका छन। ति छुट भएका कुराहरुलाई वर्तमानमा हाल साविक गरिरहेका अवस्थामा म प्रसशानीक रुपमा अनिमियता छ भनेर मैले भन्न चाहेको होईन। तर परिस्थिति त्यस तर्फ उन्मूख हुने खालको परि स्थिति बनेको छ र घटि कायम हुने अवस्थामा धेरै समस्या हुँदैन।

तर आफ्नो ४ किला सिमानमा कम्पाड घेरेर राखेका जग्गाहरुमा वड कायम हुने खालको स्थिति बन्यो भन्ने ७५ प्रतिशत बढी वड कायम हुने खालको स्थिति देखिन थाल्दा पनि अन्यत्र सिमानमा रहेका सघियारहरुको हक दावि नहुने खालको स्थिति बन्दा खेरि पनि त्यो बड कायम भएको जग्गालाई कानून सम्मतदगंल राज्यलाई कर तिरेर

व्यक्तिले आफ्नो बनाउने पर्ने स्थितिले गर्दा पनि अन्य खालका वैकल्पिक मार्गहरु अपनाउँनु पर्ने खालको परिस्थितिमा निर्माण भएको छ। यसले अनियमितताता बनाउँने खालको काम गरेको छ। एकातीर भने अर्को तीर राज्यले प्राप्त गर्ने राजस्व पनि गुमाउने स्थीती बनेको छ। यस त्यो बड कायम गर्दा खेरि दर्ता छुट् भएका अवधी सदेखिनै दर्ताको राजस्व तत्कालिन अवस्थाको राजस्व अथवा केही पेनाल्टि सहित जरिवान सहित दर्ता गर्ने खालको विषयवस्तु बनाउने हो भने यसले अनियमिता अथवा चल खेलको प्रक्रिया पनि रोक्ने राज्य राजस्वको आम्दानीको विषय पनि बढ्न सक्छ।यस तर्फ पनि संघीय सरकारको ध्यानाकर्षण गराउँन पर्छ कि भन्ने मलाई लाग्द छ।

हदवन्दी सम्बन्धित मोहिकको हदवन्दीको सम्बन्धमा पनि विधामान कानून परिवर्तन भएर नयाँ कानून आउँने खालको बनेको छ। तथापि केही समस्याहरु रहने स्थिति हो कि भन्ने लाग्छ। अहिले भईरहेको मोहियानी हक खासगरी गुठी जग्गा लगाएत मोहियानी हकको सम्बन्धमा जे व्यवस्था रहने १० रोपनी जग्गा मात्र मोहिको रहने भन्ने खालको स्थिति बनेको छ। त्यसलाई वृद्धि गर्ने तर्फ पनि राज्यको ध्यान जानु पर्छ होला भन्ने विषयलाई म यहाँ राख्न चाहन्छु। यसै गरि जग्गाको वर्गीकारण महत्वपूर्ण विषय वस्तु रहेको छ। अहिले जग्गाको वर्गीकरण रहने स्थीति बनेको छैन। त्यसकारण कुन जमिन खेति योग्ग जमिन हो।

कुन जमिन आवस योग्य जमिन हो भन्ने खालको स्थितिलाई छुटाउँने त्यसका आधार ति कामहरु कियाकलाप गर्न दिने खालको विषय वस्तुलाई अगाडी बढ्न दिने खालको बनाईयो भन्ने त्यो राम्रो हुन्छ भन्ने विषय वस्तु यो सदन समक्ष राख्दै संघीय सरकारको ध्यानाकर्षण गरियोस भन्ने निवेदन गर्दै बिदा हुन्छु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु विशेष समयमा माननीय सदस्यहरु बोल्ने क्रम यहि समाप्त हुन्छ।

माननीय सदस्यहरु, अब ५ मिनेटको लागि यो वैठक स्थगित हुन्छ।

**माननीय सभामुखः-** माननीय सदस्यहरु ५ मिनेटको लागि स्थगित भएको वैठकको कारवाही प्रारम्भ हुन्छ।

अब म माननीय मुख्य मन्त्रीको तर्फबाट माननीय आन्तरिक मामीला तथा कानुन मन्त्री श्री शलिकराम जम्कट्टेललाइ प्रदेश भित्र शुसानको प्रत्यभुती गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि विचार र गरियोस भन्ने प्रस्ताव पेश गर्न अनुमती दिन्छु।

**माननीय शलिकराम जम्कट्टेल, मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालयः-** माननीय सभामुख ज्यू माननीय सभामुख ज्यूको अनुमतीले प्रदेश भित्र शुसासनको प्रत्यभूती गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको प्रस्ताव गर्ने बनेको विधेयक माथि विचार गरियोस भन्ने प्रस्ताव सम्मानीत सभामा पेश गर्दछु धन्यवाद

**माननीय सभामुखः-** माननीय सदस्यहरु अब प्रदेश भित्र शुसासनको प्रत्यभुती गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक माथी विचार गरियोस भन्ने प्रस्ताव माथि अर्थात विधेयक माथिको सामाननीय छलफल प्रारम्भ हुन्छ।

माननीय सदस्यहरु यस छलफलमा विधेयकको सौद्धन्तीक पक्षमा मात्र छलफल हुने व्यवहोरा अनुरोध गर्दछु। माननीय सदस्यहरु उक्त छलफलमा भाग लिन चाहानु हुने माननीय सदस्यले आ आफ्नो नाम चिटमा लेखी रसभामुखको ड्याक्स संगै बसेको कर्मचारीहरुलाइ उपलब्ध गराउन हुन अनुरोध गर्दछु।

छलफलमा भागलिने प्रत्येक माननीय सदस्यलाइ ३ मिनेटको समय निर्धारण गरिएको छ। सर्वप्रथम म माननीय बेलीमाया घलेलाइ समय दिन्छु। समय ३ मिनेट

**माननीय बेलीमाया घले (नेपाल कम्युनिष्ट पार्टी (नेकपा)):-** माननीय सभामुख महोदय सभामुख मार्फत यो सहिद सप्ताह चलिरहदा हाम्रो देशको आहुतिको लागी हामीलाइ यहाँ सम्म ल्याउनको लागी सघर्षको मैदानमा आफ्नो जिवन उत्सर्ग गर्नु भएका वीर सहिदहरुलाइ सभामुख मार्फत हार्दिक श्रद्धन्जली ज्ञापन गर्दछु।

जो घाइते हुनु भएको छ उहाँहरुको सिघ्र स्वास्थ्यलाभको लागी कामना व्यक्त गर्दै भर्खरै सम्पन्त २८५६ सोनाम लोसारको सम्पूर्ण देशवासीहरुलाइ सभामुख मार्फत हार्दिक शुभकामना व्यक्त गर्दौ म प्रदेशिक शुशासन प्रत्यभुती व्यवस्था गर्न बनेको विधेयकको सौद्धन्तीक छलफलमा भाग लिन चाहान्छु। हामीले यो दुइ वर्षको दौरानमा ४५ वटा विधेयकहरु पारित गरिसक्यौ त्यो विधेयकहरु कत्तिको शुसासित छन। कत्तिको जनउत्तरदायी छन त्यो विषयमा हामी प्रदेश सरकारको माननीयहरुले सभामुख मार्फत हाम्रो सरकारले यो कत्तीको कामयावी भयो त्यसमा विषेश ध्यान होस भन्दै म यसको सौद्धन्तिक असाध्यौ राम्रा कुराहरु ल्याइएको छ।

यो दुइ वर्षको दौरानमा यो विधेयक चाहिनि अगाडि ल्याउन मैले अध्यायन गरिरहदा यो विधेयक अझै अगाडि ल्याउन पर्ने जस्तो मलाइ लाग्यो। किन पनि मैले यो भनिरहेको छु भने यसको उद्देश्य र कारणमै यहाँ सबैलाइ समानता दिने भनीएको छ तर हाम्रो सरकार दुइ वर्षको दौरानमा अगाडि बढिरहेको सरकारले हामी ११० जना भित्र पनि ४४ जनालाइ असाध्यौ असमानता गर्यौ सायद यहि विधेयक नआएको कारणले होला। अब यो विधेयक आइसके पछि ११० जनालाइ समान हौसियतको दायारा भित्र राखिने मैले आशा गरेको छु।

यस विधेयक असाध्यौ राम्रो छ। यसको सौद्धन्तीक पक्ष कारणहरु असाध्यौ राम्रो छ तर मलाइ अझै पनि सरकार समक्ष आशंका यहाँ निर लाग्छकी यो अक्षर अस्त कार्यन्वयन हुने होकि होइन यो विधेयक बनाइ रहदा क्याबिनेटबाट कामकारवाहिहरु अगाडि बढाइरहदा यो हाउस भित्रका माननीयहरुलाइ समान हौसियत प्रधान गरोस त्यस पछिडि हाम्रा पिछडि पारीएका जनसामुदायहरुलाइ विधेयकले न्यायचित ढङ्गले आफ्नो काम कारवाहि अगाडि बढाओस भन्दै म यसको सौद्धन्तीक पक्षमा यतिनै आफ्ना धारणहरु राख्दै सभामुख मार्फत यो विधेयक मेहिनतका साथ ल्याउन प्रेयत्न गर्नु हुने सम्पूण टिमलाइ हार्दिक कृतज्ञता ज्ञापन गर्दौ आफ्नो भनाइ यहि अन्त्य गर्छु हस्त धन्यवाद अभिवादन

**<u>माननीय सभामुखः</u>-** अबम माननीय न्हुक्षनारायण श्रेष्ठलाइ समय दिन्छु समय ३ मिनेट

**<u>माननीय न्युक्षनारायण श्रेष्ठ (नेपाली कांग्रेस)</u>:-** माननीय सभामुख महोदय, आज हामी प्रदेश भित्र शुशासनको प्रत्यभूती गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि सौद्धन्तीक छलफल गर्दौ छौं। साच्चिकै भन्नु पर्दा अघि माननीय ज्युले भन्नु भयो हाम्रो हैसियत र हाम्रो अधिकार हामी आफै खोज्दै छौं। कुन अवस्था मा छ भन्ने हिसावमा यसमा पनि यो शुशासन भन्ने सम्वन्धी ४७ नम्वरमा हामी छलफल गर्दौ गर्दा यसमा हामीलाइ तपसिलमा लेखिएका साक्षिकनारा भन्ने जस्तो गरेर विधेयक बनाइएको छ।

करिव २३ ठाँउमा तोकिए बमोजिम हुने भनेर लेखिएको छ यसमा। तोकिए बमोजिम हुने भने पछि यसको तात्पर्यता के हो त यो यो हामीले बनाएर के हामीले छलफल गर्नुको कुनै तात्पर्य छ यसको मैले यो ठान्दिन यो दफा ४४ र ४५मा हामीले जति सुकै नियमहरु बनाए पनि यो सबै कारपाले गर्दा नियम, निर्देशीक, दिग्दर्शन बनाएर लागु गर्ने छ भने पछि यसको उद्देश्य यो शुशासन यो हाम्रो नेपालमा केन्द्रयी सरकारको जुन नारा सवृद्ध नेपाल सुखि नेपाली को सुखिनेपाली बनाउने शुशासन कायम नभैकन हुदैन यो शुशासन नै नभएरै यो समन्वय कारी जुन कार्य सेवा गर्ने कार्यलय नभएर अहिले सम्म सात महिना वितिसक्दा यो प्रदेशको बजेटमा १० प्रतिशत पनि खर्च भएको छैन यो खर्च किन भएन भन्दा यो शुशासनको कारणले गर्दा हो।

यो ४७ नम्वरको विधेयक आउदै गर्दा हामी यो छलफलमा भाग लिदै गर्दा यो अहिले हामीले भाग लिदै गर्दा यसको कुनै अर्थनै छैन भन खोजेको मैले भन्न खोजे किन भन्दा यस मा तोकिए बमोजिमाको नलेखिकन साथिहरुलाइ म यो सभामुख मार्फत के अनुरोध गर्छु भने यसमा तोकिए बमोजिमाको सबै कार्य के के गर्ने हो त्यो तोकिए बमोजिम के के गर्ने हो त्यसमा किटानी साथमै यसमा छलफल गरेर हुन्छ यसमा के गरेर हुन्छ हामीले यो विधेयक बनाएर कार्यन्वयन गर्ने पाटो पढाउदै गर्दा यो सबै कार्यन्वयनको पाटोमा पठाउदै गर्दा यो तोकिएको भन्ने शब्द हटाएर यो यो कमि हुने छ

भनेर किटानका साथ यो हाउसमा पठाँउन पर्छ भन्ने सैद्धन्तीक माग गर्दौ विदा हुन्छु हस्त धन्यवाद। जय नेपाल

**<u>माननीय सभामुखः</u>-** अबम माननीय सृजना सैजुलाइ समय दिन्छु समय ३ मिनेट

**<u>माननीय सृजना सैजु (नेपाल मजदुर किसान पार्टि)</u>:-** माननीय सभामुख महोदय सार्वजनिक प्रशासन सामाजिक परिवर्तन देश विकासको निम्ती जिम्मेवार एवंम सम्वेदन शिल पक्ष हो। त्यसले निवाह गर्ने भुमिका र संरचनाको प्रकृतीको आधारमा स्थायी सरकार समेत भनिएको हो। तर सार्वजनिक प्रशासन जहाँ सक्षम भ्रष्टीर पक्षपाती हुन्छ त्यो देश वा प्रदेशमा विकास अशंभव हुन्छ या अत्यन्तै ढिलो हुन्छ परिवर्तनको अनुभाव जनताले कहिलै गर्न पाउदैन।

सार्वजनिक प्रशासन सेवा भावले यो एउटा मार्यादित व्यवस्थित र प्रविधिले युक्त इमान्दार र जनताप्रति जवाफदेहि नबने सम्म सेवा प्रभावकारी, छिटो, छरितो र उपलब्धीमुलक हुने छैन। जब आफै रोगी हुन्छ तव उसले सन्तोस जनक सेवा कसरी दिन्छ सार्वजनिकि प्रशासन भ्रष्टचार अनियमितता ढिलासुस्ती बाट मुक्त बनाउन नसके सम्म सुशासनको अपेक्षा गर्नु व्यर्थ हुने छ। शुसासनको निम्ती राजनितिक हस्तक्षेप आज ठुलो तगारोको रुपमा खडा छ सक्षम योग्य र दक्षलाइ भन्दा पनि राजनितिक निकटता तथा लेनदेनको आधारमा नियूक्तीको प्रचलनको कारण पनि आज सार्वजनिक प्रशासन जनविश्वास समेत गुमाउदै छ।

शासक दलहरुले भित्राएको भागबन्डाको माहा रोगको कारण आज देशका हरेक निकाए डुब्दैछ। गम्भिर प्रकृतीको अपराधहरु मा सम्लग्न कर्मचारीहरुलाइ राजनितिक संरक्षण दिने छुट दिने र अझ पुरस्कृत समेत गरिने जस्ता गलत अभ्यासको कारण आज सार्वजनिक प्रशासन आज आलोचित छ र बदनाम छ सरकार प्रतिजनविश्वास घटिरहेको छैन बरु आक्रोस बढ्दो छ साथै कर्मचारीहरुमा मनोबल घट्दै गैरहेको प्रष्ट छ यस्ता स्थिति कायम राखेर शुशासनको आश्वासन दिनु भनेको जग हसाउने कार्यवाहेक केहि हुने छैन वर्तमान स्थितिमा पुरै होरफेर ल्याउने सोच प्रतिबद्धता व्यपारीक पाइला आजको

आवश्यकता हो हिजो भएका गल्ती कमिकमजोरीहरु प्रति सार्वजनिक रुपमा क्षमायाचना गर्दै यो ति नदोर्याउने इमान्दारीका साथ प्रतिवद्धता जनाउनु शुशासन पहिलो ढोका खोल्नु हुने छ।

अन्यथा शुशासन जनता ठाग्ने नयाँ नारा बाहेक केहि हुने छैन। यस कार्यको थालनि प्रदेश बाट गर्न असम्भव देखिन्न यो हाम्रो प्रदेशलाइ परम्परागत व्यथिति एवमं विसंगती बाट टाढा राखी सकारात्मक तथा रचनात्मक अभ्यासको थालनी गर्ने थलोको रुपमा विकास गर्न सके केहि हद मा जनतालाइ शुशासन को प्रत्याभुती दिलाउनेमा विश्वास गर्न सकिएला।

सार्वजनिक प्रशासनको सन्चालन परिचालन तथा नियन्त्रण स्वायम राजनितिक विषय पनि हो त्यसको निम्ती प्रथमत जिम्मेवार सरकारनै हुने गर्दछ तसर्थ सरकार र शासक दल स्वायम खराब छ असक्षम छ भ्रष्ट छ र जनउत्तरदायित्व प्रति विश्वास राख्दैन भने शुशासन आकासको फल सावित हुनु अस्वाभाविक होइन शुशासनले सबै भन्दा पहिला असल तथा कुशल शासकको माग गर्दछ धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अबम माननीय रत्नप्रसाद ढकाल समय ३ मिनेट

**<u>माननीय रत्न प्रसाद ढकाल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुख ज्यू, प्रदेश भित्र शुशासनको प्रत्याभुती गर्ने सम्वन्धमा जुन विधेयक यहाँ छलफल चलिरहेको छ यो अन्यन्तै महत्वपूर्ण विषय हो र खास गरि संघियताको कार्यन्वयन र सरकारले आफ्नो सम्पूर्ण गतिविधिहरु संसद र सरकार छ भन्ने प्रत्याभुती दिलाउनको निम्ती यो विधेयक अन्यतै महत्वपूर्ण छ भन्ने मलाइ लाग्छ।

अब यो विधेयकको सैद्धन्तीक कुरा गर्दा खेरी यो प्रशासनिक जुन संयन्त्र छ अथवा प्रशासन छ यसलाइ स्थायी सरकार पनि भन्न सकिन्छ। जसले मुलुक चलाइ रहेको हुन्छ हाम्रो सरकारको यहिले को चाहि यो चौमासीक विवरण खर्च भएको कामको कार्यसम्पादनको हेर्ने हो भने एकदमै निरासाजनक छ। त्यसकारणले गर्दा खेरि सुसासन हामी कसरी दिलाउन सक्छौं जनतालाइ हामीले कसरी सेवा पुर्याउन सक्छौ भन्ने हामीले

यो कुरा अत्यन्तै महत्वपूर्ण रहेको छ। यो बारेमा मलाइ के लाग्छ भने यो खास गरि संविधान र संघियताको कार्यन्वयनको सन्दर्भमा हाम्रो सरकारले सैद्धन्तीक हिसाबले म भन्न चाहान्छु। कि जनतालाइ सेवा प्रवाहा गर्नको निम्ती हिजो हामी ले भन्दै आएको सिंहदरवार का अधिकारहरु गाउँ गाउँ पुग्छन भनेर हामीले सिंहदरबारका अधिकारहरु सिंहदरबारमा नै छन कतै कतै सिंहदरवारका अधिकारहरु हेटौडामा आएर केन्द्रत भएका छन त्यसकारण जनता दुर दराजमा छ र ३ नम्बर प्रदेश १३ जिल्लामा विभाजित छ।

भैगोलीक हिसाबमा कुन आधारमा छ तपाइहामी सबैलाइ भोगेको विषय वस्तू हो। त्यस कारण प्रदेश सरकार यो सार्वजनिक सेवा अब यसको सेवा लाइ हामीले कसरी दिन्छौ हेटौडा बाटै सबै सेवा सुविधादिन खोज्छौं अथवा हामीले यसलाइ विकेन्द्रिकरण गर्ने छौं। र यसको मुल मर्म विकेन्द्रकरण हो र विकेन्द्रिकरण गर्ने उद्धेश्यका साथ सेवा कार्यलयहरु मन्त्रालय मन्त्रालय पछिका सबै कार्यलयहरु हिजो विघठन जिल्लाबाट विस्थापन भएका कार्यलयहरु पुर्नस्थापित गर्ने र अरु मन्त्रालय मातहतका कार्यलयहरु विकेन्द्रित गरेर सबै जिल्लाहरु राहत पुर्याउने उद्धेश्यले यदि यो गरिएन भने यसको धेरै अर्थ हुदैन।

५ लाखका २ लाखका ३ लाखका योजनाहरु बोकेर तीन दिन चार दिनको यात्रा हेटौडा तय गरेर आउने उपभोक्ता समितिले के प्रशासनको सेवा दिनु र हाम्रो कर्मचारी संमयन्त्र कस्तो छ यसलाइ पनि एक चोटि होइन दुइ चोटि होइन तीन चोटि सम्म उपभोक्ता समितिलाइ बोलाउने प्रशासन संयन्त्र छ त्यसकारण हामीले के को प्रत्यभुतिको अनुभव गर्नु पर्ने सरकार छ भन्ने अनुभुती जनतामा छैन त्यसकारण जनतालाइ सरकार छ भन्ने अनुभुती गर्नको निम्ति सरकार सफल हुनको निम्ति यो प्रदेश सफल हुनको निम्ती संयतालाइ सहि ढङ्गले कार्य गर्ने हो भने यसलाइ यो कुरामा छलफल हुन जरुरी छ हाम्रो सबै निर्देशनालयहरु हटौडा भन्दा बाहिर हुन्छ कि हुदैन।

हाम्रा सबै जिल्लाहरुमा पुग्छकि पुग्दैन विषयगत कार्यलयहरु जो हिजो थिए सिंहदरबारका अधिकारहरु गाउँगाउँमा आउछन भैरहदा खेरि तल भएका कार्यलयहरु विस्थापित हुदा खेरी कित हामीले यी सबै अधिकारहरु स्थानिय तहमा पठाउन सक्नु पर्यो

नत्र भने प्रदेश भित्र सिंहदरबारमा रहेका अधिकारहरु सिहदरबारमा नै हुने र बाकीँ रहेका अधिकारहरु हटौडामा आएर केन्द्रत हुने हो भने त्यस पछि जनताले यो शुशासनको प्रत्याभुती गर्न सक्दैनन। यो कुरामा छलफल नगरिकन शुशासन अगाडि बढ्न सक्दैन र यो कुरामा हाम्रो सरकार ले गम्भिरता पूर्वक यधि ध्यानदिएन भने सरकार सफलताको दिशा तर्फ होइन असफलताको दिशा तर्फ जान्छ धन्यवाद

**<u>माननीय सभामुखः</u>-** अबम माननीय रिना गुरुङलाइ समय दिन्छु समय ३ मिनेट

**<u>माननीय रिना गुरुङ (राष्टिय प्रजातन्त्रा पार्टी - संयुक्त)</u>:-** माननीय सभामुख महोदय, सर्वप्रथम म बागमती प्रदेश सरकारलाइ प्रदेश भित्र शुशासनको प्रत्यभूती गर्न सम्बन्धमा व्यवस्था गर्ने गर्न बनेको विधेयक प्रस्तुत गरेको मा म बधाइ दिन चाहान्छु। र सभामुख महोदय हामीहरु पटक पटक राजनितिक कर्मि जनप्रतिनिधि सबै जना सबै जनाले पटकपटक के भन्ने गर्दछौ भने हाम्रो नेपालको व्युरोक्रेसी क्रअपभयो यस्तो सिस्टम भयो एउटा सन्जाल भयो जुन एउटा यस्तो चक्रव्यूह भयोयो चक्रव्युहमा मुख्य मन्त्री, प्रधानमन्त्री कुनै पनि मन्त्रीले भोदि गर्न सक्दैन कहिले पनि यो व्युरोक्रेसी यस्तो जालो छ यो जालोलाइ हामीले पार गर्नसक्दैन भन्ने धेरै पटक विभिन्न नेताहरुको पनि टिकाटिप्पडि हुदै आएको छ।

यहि कुरा जहाँ सम्म लाग्छ हाम्रो प्रदेश बागमती प्रदेश मा पनि नभएको होइन होला तर यो व्युरोक्रेसिले सन्चालन गर्ने कस्ले यो व्युरोक्रेसीले चाहि कसकसको निगरानी गर्ने पकै पनि यो व्युरोक्रेसीले निगरानि गर्ने भनेको बागमती प्रदेशको सरकारनै होला नेपाल सरकार होला। त्यहि भएर सभामुख महोदय मैले हाम्रो सरकार बागमती प्रदेशको सरकार समक्ष के अनुरोध गर्न चाहान्छु भने व्युरोक्रेसीले कन्ट्रल गर्ने हो भने ब्यरोक्रेसीले चाहि राम्रो बाटो डोराउने हो भने व्युरोक्रेसीले भ्रष्ट्रचार मुक्त बनाउने हो भने पहिला सरकार भ्रष्टचार आफै भ्रष्टचार मुक्त र आफै एउटा लाइनमा हुने पर्दछ।

म के देख्दछु भने बागमती प्रदेश मात्र होइन सम्पूर्ण नेपाल भरिकै मन्त्रि नेता सबै जना चाहि के छ भने पटक पटक कुनै संस्थाको कुनै सहकारीको साधारण सभा

हुन्छ कुनै एन्जिवको साधारण सभा हुन्छकि स्कुलको साधारण सभा छ कुनै प्रइभेटलिमिटेडको पनि साधारण सभा छ भनि त्यसको रिबन काट्ने उद्घघाटन लगाएतका कुराहरुमा मन्त्री सांसद सबै जनाको प्रत्यक्ष उहाँहरु प्रत्यक्ष गएर रिवन काट्नु हुन्छ त्यहि भएर शुशासन कायम गर्ने हो भने पहिले हाम्रो प्रदेश हाम्रो बागमती प्रदेशको सरकार बाट शुशासन कायम गर्नको लागि सरकारले एउटा प्रटोकोल के बनाएदियोस भने प्रदेश का मन्त्रिहरुले कुनै पनि कार्यक्रममा रिवन काट्ने काम गर्ने होइन।

मन्त्री हरुले आफ्नो काम गर्ने हो उहाँहरुको काम भनेको आफ्नो मन्त्रालय अन्तर्गत रहेका विभिन्न काम र एउटा हाम्रो प्रशासनलाइ हेर्ने काम रहोस भन्ने एउटा प्रटोगोल बनाएर अगाडि बढ्यो भने भोलि को दिनमा आफ्से आफ जुन एउटा धेरै समय जुन रिवन काट्ने भाषण दिने जुन व्यतित हुन्छ पक्का पनि प्रदेश मा विभिन्न सेवा सन्चालन सुचारु रुपमा भयो भएन त्यसमा केन्द्रत हुने छ भोलीको दिनमा त्यो भएर प्रदेश भित्र शुशासनको प्रत्यभूती भन्ने विधेयक को नाम मात्रै नहोस प्रदेश भित्र रहेको सम्पुर्ण जनताले यसको प्रत्यक्ष प्रत्यभूती गर्न पाओस भन्दै विदा हुन चाहान्छु नमस्कार।

**<u>माननीय सभामुखः</u>-** अबम माननीय विजया श्रेष्ठ केशीलाइ बोल्ने समय दिन्छु समय ३ मिनेट

**<u>विजया श्रेष्ठ केसी (नेपाली कांग्रेस)</u>ः-** माननीय सभामुख ज्यू, प्रदेश भित्र शुशासनको प्रत्यभूती गर्ने सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक हाम्रो हातमा परेको छ। अन्यन्तै महत्वपूर्ण मानिएको यस विधेयक सैद्धन्तिक छलफलमा आफ्ना केहि धारणा राख्न अनुमती चाहान्छु।

सभामुख महोदय कानुनको शासन जनताको पहुच पारर्दशिता जवाफ देहिता समानता र समावेशिता, आर्थिक नियमितता समयसिमा सहभागिता लगाएताका सिद्धान्तहरु शुशासनका आधारभुत स्तम्भ मानिन्छन। आशा गर्नु आउदै गरेको यो विधेयकमा यि बुदाँहरुले महत्वपूर्ण स्थान पाउने छ भन्ने अनुभुति जनताले गर्न पाओस कानुनको निगरानिमा रहेर भ्रष्ट्राचार कम भएको सबैले देख्न पाउ सभामुख महोदय भर्खरै मात्रै

टास्फरेसी इन्टरनेस्नल ले प्रकासीत गरेको एक रिपोर्ट अनुशार नेपालमा भ्रष्ट्राचारको सुचकमा अलिकति सुधार आएको देखाएको छ।

१८० राष्ट्रमा गरिएको अध्यायनमा नेपाल ११३औं स्थानमा रहेको छ जसले हामीलाइ खुसी दिएको छ। भने सन्तोष हुने कुनै ठाउँ छैन हामी संवृद्धि नेपाल खुसी नेपालीको नारा लिएर हिडिरहा छौं तर संवृद्धिको लक्षण देखा परेको छैन संवृद्ध भन्नाले झट्ट हेर्दा आर्थिक विकास भन्ने बुझिन्छ तर वास्तविक अर्थमा संविद्ध शब्दले राजनेतिक आर्थिक धार्मिक लगाएत को ठुलो दायरा ओगटोको हुन्छ जसमा शुशासनको मुख्य भुमिका हुन्छ शुशाशनमा शुशासनलाइ खोलाउने नेतृत्वको प्रवृत्तिले अझ मुख्य भुमिका खेलेको उदाहरणहरु प्रस्तै हामीले देखेका छौं।

सभामुख महोदय अहिले हामी सहिद दिवस मनाउदै रहेका छौं सहिदहरुको त्यागर बलिदान पछि आएको गणतन्त्रमा आजहामी शुशासन नाममा आत्मत्याग भन्दा परिवारवाद हावि भएको हामी देखि रहेका छौ। राजनितिक परिवर्तन भयो तर प्रवृत्ति परिवर्तन भएन सत्यतथ्यलाइ घाटिँ निमोठेर शुसासनको नाममा मनोमानी गर्ने भरौटेहरुको जग जगि छ भन्ने जनगुनासो जस्ता को तस्तै छ सभामुख महोदय मन्त्रिपरिषद्को निर्णय र कार्यन्यवन अख्तियारले हेर्न नपाउनु जनताले प्रश्न गर्न नपाउनु नपाउने हो भने यो शुसासनको शब्दले परिवर्तन कदापी ल्याउने छैन।

ट्रान्सपोरेन्सी इन्टर्नेस्नलको रिपोर्टले भ्रष्ट्चार र कुशाशनको जिम्मेवार पहिलो नम्वरमा राजनेतिक नेत्रृत्वलाइ देखाएको छ भने दोस्रो नम्बरमा स्थायी सरकार लाइ अथवा कर्मचारी तन्त्रलाइ देखाएको छ त्यसकारण यस आउदो यो शुशासनमा यो शुशासनको यो विधेयक ल्याउने हाम्रो सरकारले हो भने हामीले प्रवृत्तीलाइ मनन गरेर प्रवृत्तीलाइ कसरी बदल्ने यस कुरामा ध्यान जाओस भन्दै विदा हुन्छु जय नेपाल।

**<u>माननीय सभामुखः</u>-** अबम माननीय शान्ती प्रसाद पौडेल समय ३ मिनेट

**<u>माननीय शान्ती प्रसाद पौडेल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुख ज्यू प्रदेश शुशासन ऐन २०७६को सैद्धन्तीक छलफल मा छौं। यो विधेयकमा

सार्वजनिक प्रशासनलाइ पारदर्शि जवाफदेहि र इमान्दारी साथ विषयहरुलाइ कार्यन्वयन गर्ने उद्देश्य राखेर यो ऐन प्रश्तावित भएको छ।

राज्यबाट प्राप्त हुने सेवा र सुविधालाइ नजिक पुर्याउन र समय मा सम्पन्न गर्न के गर्न सकिन्छ त्यसका विषयहरु यसमा समावेश छन। आर्थिक अनुशासन कायम गर्न आवश्यक ऐन हो यो ऐन घुम्ती सेवा प्रदान गर्ने सुचना प्रविधिलाइ प्रयोग ल्याउने, सरकारको मातहतमा रहेको निकायहरुले गरेका कामहरु सार्वजनिक गर्ने, र गराउने, निर्णयमा पारदर्शिता, अनुगमनमा पारदर्शिता, कार्यन्वयनमा पारर्दिशिता भन्ने उद्देश्य राखेर आएको छ। यसले सामाजिक न्याय गरिबी न्युनीकरण नागरिकवडा पत्रको व्यवस्था, प्रत्येक मन्त्रालयमा शासकिय सुधार को गठन गर्नेको कुरा सार्वजनिक सुनुवाइको व्यवस्था गुनासो व्यवस्थापन र प्रत्यक मन्त्रालय र कार्यलय हरुमा प्रवक्ताको व्यवस्था लगाएत का विषयहरु अगाडि सारिएका छन।

यि विषयहरुलाइ सम्पन्न गर्नको लागी सम्पन्न गर्ने जुन जनशक्ती छ त्यो जनशक्ति कत्तिको इमान्दार रहन्छ भन्ने विषय यसले समेट्नु पर्छ भन्ने लाग्छ। अनुसुची र धेरै विषय तोकिय बमोजिम हुने अथवा यो चाहि पुन अर्को नियमावली बनाएर व्याख्या गर्ने खालको विषयहरु अलि बढि छन ती विषयहरु घटन सकेको भए सबै राम्रो हुन सक्थ्यो अनुसुचीको व्यवस्था यसमा देखिएन, त्यो कुरा पनि जरुरी छ। भन्ने लाग्छ। किन भने नागरिक वडा पत्र लगाएतका अनुसुचीहरु जरुरी छ त्यसै गरि शुशासनमा ल्याउने, आर्थिक अनुशान र निर्णयको पारर्दशिता गर्ने विषयहरु प्रवक्ताले अगाडि सार्ने विषयहरु अनुसुचि संग सम्वन्धित छन भन्ने लाग्छ र त्यो कुरा पनि यसमा समेटिएर ल्याउन सकियो भने अझै राम्रो हुने छ भन्ने कुरा म राख्न चाहान्छु।

अन्तिममा यो शुशासन लाइ आफ्ना कार्यलयहरु प्रत्येक जिल्लाबाट सेवा प्रवाह गराउन सक्ने खालको व्यवस्था यो ऐनले गर्न सक्न पर्थ्यो त्यो कुरा आएको छैन यो कुरा थपिनु पर्छ धन्यवाद नमस्कार

**मानिनीय सभामुखः-** माननीय रमेश पौड्याल समय ३ मिनेट

**<u>माननीय रमेश पौड्याल (विवेकशील साझा पार्टी)</u>:-** माननीय सभामुख महोदय प्रस्तुत शुशासनको विधेयक भनेर सैद्धान्तिक पक्षमा छलफल गर्दौगर्दा सबै भन्दा मुल प्रश्न चाहिँ यो शुसासन हुन नसक्नुको मुख्य कारण केछ भन्देखी मन्त्रीपरिषद् चाहि त्यो संघको होस अथवा प्रदेशको, मन्त्रिपरिषद्ले नितीगत निर्णयको नाममा चाहि अन्य प्रशासनिक निर्णयहरुलाइ पनि गोप्य राख्ने कारणले गर्दा त्यहाँ अख्तियार प्रवेश गर्न नसक्ने, पारदर्शिता कायम नहुने कारणले गर्दा खेरी शुशासन होइन कुशासन मैलाइ रहेको स्थिति हो।

म एउटा मात्रै उदाहरण दिन चाहान्छु। ६३ देखि ७० साल सम्म चाहि लडाकु शिविरमा जुन राज्यको तत्कालीन शान्ती मन्त्रालय बाट ३० अर्व जति पैसा निकासी भयो त्यो तलब भत्ता शिविर व्यवसव्थापन खर्च मात्र भनेर। त्यसको लागि चाहि त्यहाँ चार अर्व भन्दा वढि घोटाला भयो भनेर ५ असोज २०६९ मा तत्कालीन नेकपा एमालेको भातृ संगठनले अख्तियारमा मुद्दा दियो तर यो मुद्दा लाइ तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टाराइ को चार शब्दको एउटा निर्णयले ४ अर्वचाहि छानविन नगर्ने स्थिति बनायो त्यो निर्णय के थियो भन्दा खेरी शान्ती तथा पुर्ननिर्माण मन्त्रालयखर्च समर्थन गरि पेश्की फर्चौट एवं मिनाह गर्ने भन्ने उहाँले निर्णय गर्दुनु भयो त्यो नितिगत निर्णय होभनेर भनिदिनु भयो त्यसले गर्दा खेरी यो समस्या अहिले पनि ज्यूको तिउँ छ।

अहिले पनि नयाँ कानुन डाफ्ट हुदै गर्दा खेरी प्रदेश सरकार र संघिय सरकारलाइ यो नितिगत निर्णयहरु भनेर चाहि जुन एउटा सहुलियत दिन खोजिएको छ त्यसले गर्दा खेरी हामी कुरा शुशासनको गर्छौं काम कुशाशनको भैरहेको छ सभामुख महोदय। त्यसै गरि जुन अहिले यो विधेयक यहाँ आएको छ यो विधेयकमा चाहि मैले के देखे भन्दा खेरी अव यहाँ कुरा आइसकेको छ अव केहिलाइ त राज्य मन्त्रि साहायक मन्त्रि बनाएर व्यवस्थापन गरौंला बाकीं अन्य धेरै लाइ पनि कताकता के के गर्नु पर्ने हुन सक्छ। त्यसले गर्दा मैले देखेको यो विधेयकमा जति बटा दफा राखेको भए पनि मुख्य दफा चाहि ५ र दफा ३४मा छ दफा ५ मा आवश्यक निकाय गठन गर्न सक्ने भन्ने छ। दफा ३४ मा सल्लाहकार नियुक्ती गर्न सक्ने भन्ने छ।

अरु कुरा चाहि खास भन्नको लागि भनिएको हो यसले कुनै पनि किसिमले सुसासन कायम गर्नेवाल छैन खाली के त भन्दा खेरी यि बेरोजगार मान्छे हरुलाइ केहि आसेपासेहरुलाइ नातागोताहरुलाइ मावलीहरुलाइ कि ससुराली काका भतिज र आफ्ना इष्टमित्रहरुलाइ व्यवस्थापन गराउन यसले मद्दत पुर्याउने मैले देखेको छु। धन्यवाद

**मानननीय सभामुखः-** माननीय रिता माझी समय ३ मिनेट

**माननीय रिता माझी (राष्ट्रिय प्रजातन्त्र पार्टी)ः-** माननीय सभामुख महोदय आज हामी प्रदेश भित्र शुशासनको प्रत्यभुती गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकको सैद्धान्तीक छलफलमा छौं। साँचैं प्रदेश सरकारलाइ बल्ल दुइ वर्ष पछाडि शुशासन चाहिने रहेछ आवश्यक रहेछ भन्ने कुराको महसुस बल्ल दुइ वर्ष पछाडि हुदै छ भने यसको कार्यन्यवन कति पछाडि हुन्छ होला यो प्रश्न गर्न चाहान्छु। त्यसैले वास्तवमा सरकार जनता प्रती कती जिम्मेवार रैछ भन्ने कुरा पुन यो विधेयकले अर्को चोटि झस्काएको छ। किनकि यो विधेयक अत्यन्तै महत्वपूर्ण विधेयक हो कि सरकार आफ्नै तरिकाले मनोगढ्ते तरिकाले शुशासनको शासन चलाइ रहको छ कुनै निति नियम र कानुन बमोजिम अहिले चलिरहेको छ यो प्रश्न गर्न चाहान्छु यति मात्रै होइन जब जब हामी जनताप्रति जवाफदेहि, पारर्दशी र जिम्मेवारी हुदैनौं तव सम्म सरकारले जति सुकै राम्रा काम गरोस, जति सुकै यो भन्दा बाहेकका अन्य नियम कानुनहरु ल्याएर शासन सत्ता सन्चालन गरोस यसले प्रत्येक ठाउँमा सरकार प्रतिप्रश्न गरिरहेको हामीले पाइरहेका छौं हुन्छ पनि त्यो स्वाभावैले त्यस कारण म के भन्न चाहान्छु भने सान्चै जनताले अव शुशासनको प्रत्यभूती गर्न पाउने महसुस गर्न पाउने दिन आउलात।

यो आज भन्दा अगाडि धेरै कानुन हरु बनेका थिए के सन्चै हामीले यो शुशासन सम्वन्धि कानुन नआउदा पनि विभिन्न कानुनलाइ टेकेर सन्चालन गरिरहेका छौं कि सन्चै हामीले शुशासन नियम अनुशार सन्चालन गरेका थियौ त तपाइहरु आफैले मुल्याङ्कन गर्नुहोस सरकार आफैले मुल्याङ्कन गर्न सक्छकि हामीले गरिरहेको काम कतिको जिम्मेवारी जनताप्रति जवाफदेहि खालको छ।

सान्चै हामी शुशासनालाई टेकेर गरिरहेका थियौं कि थिएनौ यो फेरी हामीले आफैलाइ आफैले मुल्याङकन गर्नु पर्ने दिन आएको छ त्यती मात्रै होइन यो विधेयकमा आएको छ गुनासो व्यवस्थापन सम्बन्धी आम जनताको आवाज उठाउने प्रदेश सभामा हामीले बारम्बार जनताको समस्याको विषयमा गुनासो हरु उठाइ रहदा त्यो गरिमामय ठाँउमा त त्यो सुनुवाइ भएको छैन भने सच्चै भोली जनताले त्यो गुनासो पेटिकामा राखेको गुनासो सम्बोधन हुन्छ त यो प्रश्न गर्न चाहान्छु।

ती संग संगै अहिले म के भन्न चाहान्छु भने देशमा अहिले लोकतन्त्रको नाममा हरेक निकायमा यो उमा मात्रै होइन जनप्रतिनिधि होस या कर्मचारी होस हरेक ठाउँमा हरेक निकाएमा लुटतन्त्र मच्चिएको छ त्यो लुटतन्त्र को अन्त्य होस ताकी यो नियम कानुन बनाएसके पछाडि त्यो लुटतन्त्र नमच्चियोस भन्न चाहान्छु धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय मिना ज्ञवाली समय ३ मिनेट

**<u>माननीय मिना ज्ञवाली (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुख ज्यू आज हामी प्रदेश भित्र शुशासनको प्रत्यभुत गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकको सैद्धान्तिक छलफलमा उपस्थित भैरहेका छौं यो विधेयक वास्तवमा अलिकति ढिलै आएपनिको मलाइ पनि महसुस भएको छ किन भने हामी दुइ वर्ष पुरा गरिसकेका छम यो असाध्यै महत्वपूर्ण विधेयक हो।

ढिलै आउपनि यो सरकारले ल्याएको विधेयकको हार्दिक स्वागत गर्न चाहान्छु। आजको हाम्रो महत्वपूर्ण अथवा विषेश समस्या भनेको वास्तवमा भ्रष्टाचार हो भष्ट्राचार निवारणको लागि हामी यो सार्वजनिक प्रशासनलाइ चुस्त दुरुस्त बनाउनका लागी पनि यो विधेयकले महत्वपूर्ण भुमिका खोल्छ भन्ने मलाइ लागेको छ अघि पनि माननीय ज्युले भनिसक्नु भएको छ नेपाल भ्रष्ट्रचारको १२४औं स्थान बाट अलिकति तल झरेको छ अर्थात ११३औं स्थानमा आएको कुरा ट्रस्फरेन्सी इन्टरनेस्नलको अध्याय बाट यो कुरा देखिन्छ देखिएको हामीले पाएका छौं।

र अब हामीले यसलाइ जति सक्यौ तल अर्थात कम भ्रष्ट्राचारमुक्त मुलुकको रुपमा रुपान्तरण गर्नु पर्छ। र त्योस भित्र हामिले हाम्रो प्रदेशलाइ शुन्य भ्रष्ट्राचारमा झार्ने प्रयत्न गर्नु पर्छ त्यसका लागि शुशासन सम्बन्धि आएको विधेयकले यसमा महत्वपूर्ण भुमिका खोल्ने छ र हामीले लोकतन्त्र ल्याएको पनि वास्तवमा जनतालाइ शुशासनको अनुभुती होस सिंहदरवारको अधिकार गाउँ गाउँ पुगोस भन्ने हो। यसै अन्तर्गत हामिले सार्वजनीक प्रशासनलाइ चुस्त दुरुस्त बनाउने हो भने हाम्रो राजधानी बाट मात्रै सार्वजनिक सेवा प्रवाह गरेर पुग्दैन, अब हामिले घुम्ती सेवा र एकिकृत सेवा सार्वजनिक सेवाको यहाँ हाम्रो विभिन्न मन्त्रालय बाट हुने कामहरुलाइ जिल्ला जिल्लामा लगेर अब हामीलाइ त्यहाँ एकिकृत रुपमा सेवा विस्तार गर्नु पर्छ।

त्यसका लागि पनि यो शुशासन त्यहाँ पनि हाम्रो शुशासन होस भ्रष्ट्रचार नहोस र जनताले दुख नहोस र प्रविधिको विषयमा पनि अब हामीले विषेश ध्यान दिनु पर्छ त्यसका लागि यहाँ उल्लेख गरिएको छ यो विधेयकमा प्रवृद्धि मैत्रिक होस हाम्रो सार्वजनिक सेवा र हामीलाइ के लागेको छ भने अब काम त हुने अब समयलाइ ध्यान नदिएर गरेको काम पनि वास्तवमा त्यती महत्वपूर्ण हुदैन त्यसकारणले समयलाइ पनि भ्रष्ट्रचार मुक्त हुनकालागी यो एक वर्षमा हुने कामलाइ पाँच वर्षलागाइयो भने पनि त्यहाँ बढि भ्रष्ट्रचार हुन्छ यस कारणले समयलाइ पनि विषेस ध्यान दिने अवस्था आओस र शुशासन प्रत्याभुत गर्न बनेको यो विधेयक को हार्दिक स्वागत गर्दै म जनतालाइ सुविधा दिने घुम्ती सेवा सच्चालनगर्ने सुचना प्रणालीलाइ प्रविधिलाई पनि ध्यान दिने कुरा यसमा उल्लेख भएको मा आफ्नो सानो भनाइ यहि अन्त्य गर्छु। धन्यावाद नमस्कार।

**<u>माननीय सभामुखः</u>-** माननीय विराज भक्त श्रेष्ठ समय ३ मिनेट।

**<u>माननीय विराज भक्त श्रेष्ठ (विवेकशील साझा पार्टी)</u>:-** माननीय सभामुख महोदय सर्वप्रथम म यो विधेयकको स्वागत गर्दछु। र एउटा सम्मान पनि व्यक्त गर्दछु र आन्तरिक मामिला मन्त्री तथा कानुन मन्त्रि ज्यूले जुन खालको अध्यायन गरेर

शुशासनको लागी पहिलो अध्यायन गरेर त्यसको अभ्यास गर्न खोजी राखु भएको छ म त्यसको प्रसंशा गर्न चाहान्छु।

त शुशासनको कुरा गरि राख्दा खेरी हामीले के कुरा पनि ध्यान दिनु पर्छ भन्दा खेरी हामीले यो विधेयक ल्याउनपरेको किन भन्दा खेरी हामीले के स्विकार्योको हो भन्दा खेरी कुशासन छ, भनेर स्विकारे गरेर शुशासन विधेयक ल्याउनु परेको हो। कुशाशन नभएको भए हामीले शुशासन विधेयक ल्याउनै पर्दैनथ्यो। अनि विधेयक ले मात्रै हुदैन व्यवाहार पनि परिवर्तन गर्न सक्नु पर्छ यो गर्दा खेरि हामीलाइ केहि कुराहरुलाइ अलिकति डायोग्नसिस गर्नु पर्ने कुरा के छ भन्दा कुशासन किन भैरहेको छ भ्रष्ट्रचार किन भैरहेको छ।

भ्रष्ट्राचार भन्दा खेरी माननीय सभामुख महोदय मैले आर्थिक मात्रै भनिरहेको छैन, यहाँ आर्थिक देखी नैतिक देखि लिएर दुरुपयोगका कुराहरु यिनिहरु पनि छन। भने पछि एउटा विधेयकले सबै कुरा एकै चोटि समेट्न चाहि सक्दैन तर त्यसलाइ हामिले डायोग्नोसिस गरेर समस्या कहाँ बाट आइरहेको छ भनेर भन्दा त्यहाँ दुइ तीन वटा कुराहरु ध्यान दिनु पर्ने देख्छु अहिले मुल्य वुद्धि देखि लिएर सबैकुराहरुले गर्दा कर्मचारीहरुलाइ गार्यो भएको कुरा एउटा छ।

अर्को चाहि पन्चाएत देखिनै हाम्रो देशमा व्यवस्थाहरु धेरै चोटि परिवर्तन भयो तर स्थायी सरकार कर्मचारीको व्यावहार परिवर्तन भएको छैन हामीकहाँ तपाइको जुन कर्मचारीहरु पन्चाएत देखिनै आउदा खेरि त्यसको ह्याङ्गओभरहरु एकदमै धेरै बाकीं छ अहिले पनि तपाइहरु अरु सर्वसाधारणहरु आम नागरिकहरु छोड्दिनुस हामीनै सरकारी कार्यलय जादा खेरि त्यो सुविधाहरु पाउदैनौं पाउन सकेका छैनौं यसलाइ हामीले गर्न सकेका छैनौं भने पछि यसलाइ गर्न सक्ने दुइवटा पाटो छ जस्तो लाग्छ एउटा किन भैरहेको छ त्यसलाइ संवोधन गर्ने र अर्को चाहि भ्रष्ट्रचार न्युनिकरण गर्ने औजारहरु टुलहरु त्यसमा अपनाउने जस्तै पेपरलेस व्युरोक्रेसी/ मैले यसको बारेमा एउटा लेख पनि लेखेको छु यो पेपरलेस व्युरोक्रसी भनेको सटेनचिजहरुमा आज प्रवृत्ती मैत्री भएर हामीले बत्तीको इन्टरनेटको पैसा फोन बाट किन्न सक्छौं यातायातका कुराहरु इसेवा फोन यस्तो

व्यपाक डिजिटल प्यालटफर्महरु तिरेर प्रयोग गरेर तिर्न सक्ने भयो भन्देखिन यसले न्यूनिकरण गर्दै लैजान्छ।

कर्मचारीहरुमा एकदमै स्वाविवेकिय अधिकारले गर्दा खेरी पनि यो कुशासन चाहि मैलाइ रहेको छ भने पछि स्वाविवेकिय अधिकारलाइ अब त यहाँ सार्वभैम सदन छ। सदनले निर्णय गरेर त्यसमा चाहि ठेट भाषामा के को जरिवान कति के गर्दा कति जरिवान हुन्छ भन्ने कुरा हरु चाहि हामीले तोकेरै पठाउनु पार्यौ हामिले उद्योग पर्यटनहरुको विधेयक हरुमा पनि यो कुराहरु गर्न खोजेका थियौ यो संभव भएको छैन। यो कुराहरुमा पनि ध्यान दिन हुन अनुरोध गर्दछु। हामिले शुसासनको प्रत्यभुती को कुरा गरिरहेका छौं र अनुभुती पनि गराउनु सक्नु पर्छ।

अर्को कुरा म के पनि निवेदन गर्न चाहान्छु भन्दा खेरि हो अहिले कानुन पर्याप्त छैन एकदम काचो छ भन्ने कुरा तर हामीले के विर्सिनु हुन्न भन्दा खेरी संघियताको जगमा हामी बसेका छौं हामीले अहिले कस्तो अभ्यास गर्छौं हामीले स्याउ रोप्यौ भने स्याउ नै फल्छ सुन्तला फल्दैन। भने पछि अहिले भनेर वा राजनेतीक नेतृत्व तपाइहामी सबै जना इमान्दार हुनु पर्ने रहेछ यो हामी सबैको शुशासनको प्रमुख जिम्मेवारी हो भन्ने कुरा हरु राख्दै तपाइहरु बाट विदा हुन्छु हस्त धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय मैना अछामीलाइ समय दिन्छु समय ३ मिनेट।

**<u>माननीय मैना अछामी (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))ः</u>-** धन्यवाद सभामुखज्यू यो शुशासनको प्रत्यभुती सम्वन्धमा छलफल भाग लिदै जादाँ खेरी मैले धेरै खुसी लागेको छ। धेरै पछि यो शुशासनको विधेयक आयो र छलफलमा भाग लिदै जादाँ खेरी हामी सबैलाइ खुसी लाग्नु पर्ने कुरा कस्तो हो भनि अहिले सम्मका विधेयक आउदा खेरी धेरै हामीले छलफलमा भाग लिएम यो शुशासन भन्ने चिज चाहि मैले यो यसो बुझिरहदा खेरी शुशासन आयो कसका लागि के का लागी भन्ने भनाइ राख्दा यो शुशासन चाहि सबैलाइ कानुन बनाएर धेरै ठाउँमा हुन सक्ने भन्ने कुरा तोकिएको छ।

तोकिय बमोजिम भन्ने कुरा भएको छ तोकिएर भन्दा खेरी विभिन्न छ शुशासन लागु गरिरहदा खेरी हामीले चाहि विभिन्न जात जाति, भाषा, भाषी, महिला, दलित, जनजातीलाइ यो शुशासनको दायरामा ल्याएर चाहि सबैलाइ प्रत्यभुती हुने यो सरकारले लागु गरोस भन्ने मैले महसुस गरेको छु।

यो हामीले शुशासन गरिरहदा खेरी अलिकति बोलवाला हुनेखानी मात्रैं नहोस शुशासन भने पछि शुशासनमा चाहि हामी सबैलाइ एउटै दायरामा ल्याएर शुशासन विधिविधानमा चाहि हामी सबै लाइ चाहि शुशासनको अनुभुती गर्ने माध्यम बाट हामी यो प्रदेशमा हामीले धेरै दुख कष्ट भोगेर यो ठाँउमा हामी आएका छौं. शुसासन भैसके पछि अब राज्यले नै नितिनियम बनाएर चाहि यो शुशासन मा चाहि सबैलाइ दलित जनजाति सबैलाइ शुशासनको दायरामा ल्याएर यो सरकारले लागु गरोस भन्ने भनाइ राख्दै टायम थेरै भएको कारणले मेरो भनाइ यहि टुङ्गाउछु हस्त धन्यवाद नमस्कार।

**<u>माननीय सभामुखः</u>-** अब म माननीय शोभा शाक्यलाइ समय दिन्छु समय ३ मिनेट

**<u>माननीय शोभा शाक्य (विवेकशील साझा पार्टी)</u>ः-** माननीय सभामुख महोदय, प्रदेश भित्र शुशासनको प्रत्यभुती गरिने सम्वन्धमा व्यवस्था गर्न भनेको विधेयक ढिलै भए पनि आयो यसको लागि म स्वागत गर्न चाहान्छु। हाम्रो देशलाइ अतिनै आवश्यक परेको यो विधेयक हाम्रो देशमा शुशासन नभएको कारणले गर्दा खेरी विभिन्न ठाउँमा विभिन्न जिल्लामा विभिन्न प्रदेशमा भ्रष्ट्राचारै भ्रष्ट्रचारले मुक्त भएर एक दमै देश विग्रिरहेको अवस्थामा यो देश बनाउने एउटा मुख्य विषयको रुपमा यो शुशासन अतिनै आवश्यक छ।

यो शुशानको विधेयकले गर्दा खेरी सर्वप्रथम म भन्छु कि राजनितिज्ञ भन्ने वितिकै यहाँ भ्रष्ट्रचारहो भन्ने बुझिरहेको अवस्थामा सर्वप्रथम हामी बाटै सुरु गरौं भन्न चाहान्छु म। यो हाम्रो ३ नम्वर प्रदेश नमुना को रुपमा शुशासनको लागी नमुनाको रुपमा अगाडि बढोस भन्न चाहान्छु।

हामी विभिन्न काम गरिरहदा खेरी भ्रष्ट्रचारै भ्रष्ट्रचार जुनमा पनि हामिले देखि रहेका छौंकि बाटो बनाइरहदा खेरी को अवस्थामा बाटोको लागी हामीले बजेट विनियोजन गर्छौं र त्यसको लागि भ्रष्ट्रचार रोक्ने शुशासनलाइ गर्ने शुशासन पालना गराउने मान्छे को भन्न चाहान्छु म हामीले ठोक्का दिन्छौं ठोक्का माथि ठोक्का ठोक्का माथि ठोक्का हुदा हुदा बाटो बनाउने बेला मा त्यो शुशासनत कताहो कता चार इन्च पिच भनेको एक इन्चिमा सिधिन्छ त्यसको लागि पनि अतिनै आवश्यक छ त्यसकारण आफै बाट सुरु गरौं सर्वप्रथम / सर्वप्रथम आफैबाट सुरु गरेर हाम्रो यो शुसासनालाइ पुरै देशमा चाहि गर्न नसके पनि यो हाम्रो प्रदेशलाइ मात्रै भएपनि हामीले गरेर हाम्रो प्रदेश ३ नम्वर प्रदेश हाम्रो राजधानी भएको प्रदेश यो प्रदेशलाइ हामीले शुशासित व्यक्तीहरु वसेको प्रदेश भनेर पनि अरु प्रदेशलाइ पनि चिनाउन सकुन भन्ने कामना पनि गर्दछु।

हामीले वर्तमानलाइ चाहि एकदमै ध्यानमा राखेर काम गर्नको लागि पनि यो शुसासन अतिनै आवश्यक छ। अहिले हामीले भविष्यको ज्ञान भविष्यबाट ज्ञान दिएर वर्तमानलाइ चाहि राम्रो गर्न सक्यौ भने वर्तमानलाइ शुशासन तर्फ धकेल्न सक्यौं भने यो अझ राम्रो हुन्छ जस्तो मलाइ लाग्दछ। यो सम्मानीत सभाबाट सरु गरियोस भनि अपिल गर्दै मेरो भनाइ यहि टुङ्गाउछु। हाम्रो देशको जय होस हामी सबैको जय होस

**<u>माननीय सभामुखः</u>-** अब म माननीय रामलाल महतो समय ३ मिनेट

**<u>माननीय रामलाल महतो (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>ः-** माननीय सभामुख ज्यु, प्रदेश भित्र शुशासन प्रत्यभुति गर्ने सम्वन्धमा व्यवस्था गर्ने विधेयकको बारेमा हामी छलफल गरिरहेका छौ। वास्तवमा शुशासन नभएको कारणले गर्दा खेरी हाम्रो देश पछिडि परेको कुरामा हामी सबैलाइ आम चाहे त्यो जनप्रतिनिधि होस, चाहे सरकार होकि, चाहे त्यो आम सर्वसाधारण होस तर शुसासन वास्तवमा सरकारले गर्ने होकि जनप्रतिनिधिले गर्ने होनि जनताले गर्ने हो।

यो कुरा चाहि महत्वपूर्ण कुरा हो कुनै पनि चिज हामी समय मा गर्दैनौं यो वास्तवमा कुशासनको सरुवात त्यहाँ बाट भयो हामीले यही उदाहरण दियौं। हामी यहि

बागमती प्रदेशले पारित गरेको असार भन्दा अगाडि नै बजेट पारित गरिसकेका छौ तर बजेट कार्यन्वयन भएको छ महिना वितिसक्दा पनि कतिपय उहरु चाहि योजनाका उ हरु गैसकेका छन भने पछि कसरि चाहि विकास निर्माणका हुनसक्छ। अर्को कुरा समय कति महत्वपूर्ण हुन्छ मैले समयको विषयमा मात्रै अलिकति वढि केन्द्रित गर्न चाहे। एउटा उदाहरणको निम्ती कुनै एउटा उद्योग रैछ त्यहाँ सय जना कर्मचारीहरु काम गर्दा रहेछन।

मजदुरहरु तर त्यो उद्योगले धेरै राम्रो चिज उत्पादन गर्दै गर्दापनि त्यो घाटामा गर्यो त्यस पछि त्यसको मालीकले अनुसन्धान गर्नलाइ एउटा विज्ञलाइ बोलायो किन चाहि मेरो उद्योगमा चाहि माल पनि राम्रौ उत्पादन भएको छ तर घाटा परिरहेको छ ? भने पछि उसले चारै तिर उद्योग हेर्यो हेरे पछि उसले के देख्यो भने उसले सुझाव दियो तपाइको चाहि समय चाहि त्यहा मजदुरहरुले दिनभरि काम गर्दा आठ घण्टा काम गर्दा खेरी पिसाव गर्ने ठाउँ चाहि अलिकति टाढा रैछ तीन मिनेट लाग्दो रैछ। त्यो हिसाव गर्द खेरी सयजनाको तीन मिनेटको हिसावले गर्दा खेरी चाहि समय धेरै घण्टा लाग्यो।

हिसाव गरौ हामी एक जना मान्छे स्वास्थ्य मान्छे तीन चोटि पिसाव गर्न गयो भने तीन मिनेट लग्यौ भन्ने सय जनाले गर्दा कति लाग्ने भयो त्यसकारणले यो कुरा चाहि हामिले ख्याल गर्यै भने त्यो सय जना मजदुरले महिना भरिमा चाहि चार बटा शनिवार कटाएर चाहि हिसाव गर्ने हो भने अव २६ दिनमा चाहि ३ मिनेट हिसावले चाहि कती भयो ? हिसाव गर्यौ त्यसकारणले त्यो लगभग २४ दिन भन्दा बढि चाहि खेरा जान्छ। त्यस कारणले तपाइको उद्योग यो कारणले गर्दा चाहि घाटामा गएको हो। भने पछि अझ नजिक बनाउने वित्तीकै तीन मिनेट भित्रमा त यदि हामीले त्यसलाइ डेडि मिनेट झार्न सक्यौ भनेत १२ दिन बढि काम गरेको देखिन्छ। त्यसकारण एउटा मजदुरले चाहि काम गर्दा खेरी बाह्र दिन गर्दा उद्योग त मपाले चलिहाल्छ।

त्यसकारण यो कुराको ख्याल गर्न जरुरी छ अर्को कुरा के छ भने शुसासन भनेको हामी सधै अर्का लाइ उडाउछौं। सरकारले गरेन हामीले गरेनौं कर्मचारीले गरेनन दोष दिन्छौं भनेर शुशासन भनेको मेरो बुझाइमा श्वशासन आफुबाट गर्ने होनित। हामीले

जसले नबुझेको निम्ती यो कानुन चाहि बनाएर त्यसलाइ लागु गर्ने कुरा हो। नत्र भनेत बुझेको मान्छेले त आफैबाट सरुवात गर्न पर्‍यौंनि।

त्यसकारणले समाज परिवर्तन गर्नको निम्ति हामीले सधै अर्कालाइ परिवर्तन गर भन्छौ तर आफै बाट सरु गरौं भने निश्चित रुपमा हामीले देखेको सपना हामीले देखेको प्रत्ययभूती दिने जनतालाइ दिने शुशासनको प्रत्यभुती प्रति विकास निर्माण हाम्रो संवृद्धिमा साच्चीकै जान्छौं भन्ने लाग्छ हस्त धन्यवाद।

<u>**माननीय सभामुखः**</u>**-** अबम माननीय मुख्य मन्त्रीको तर्फबाट माननीय आन्तरिक तथा कानुन मन्त्री श्री शालिकराम जमरकट्टेललाइ छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमती दिन्छु।

<u>**माननीय शालिकराम जम्कट्टेल मन्त्री, आन्तरिक मामिला तथा कानुन मन्त्रालयः**</u>**-** माननीय सभामुख ज्यू प्रदेश भित्र शुशासनको प्रत्यभुती सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक को हामी सैद्धान्तीक छलफलमा छौं .सर्वप्रथम म यो सैद्धान्तीक छलफलमा सहभागी हुने १३ जना माननीय ज्युहरुले आ आफ्नो धारण राखु भयो। यहाँहरुलाइ म हार्दिक धन्यवाद दिन चाहान्छु। र म यहाँहरुको सबै विचार र धारणहरुलाइ म सम्मान गर्न चाहान्छु।

र यो किन आवश्यक पर्यो भन्ने कुरा र यो किन चाहियो भन्ने कुरा मलाइ लाग्छ मैले सबै माननीय ज्युहरुको हातमा यो विधेयकको प्रती छ र यो भनेको हाम्रो सैद्धान्तीक छलफल हो। विधेयकलाइ पूर्णता दिने कुरा विधेयकमा लेखिएका त्रुटिहरु कमिकमजोरीहरु थपघट गर्नु पर्ने विषयहरु समितिमै प्रयाप्त छलफल हुन्छ। माननीय ज्यूहरुलाइ यसमा संशोधन हाल्ने पनि स्वाभाविक ढङ्गले भैहाल्छ। त्यसैले मलाइ के लाग्छ भने हामीले विगततिर फर्केर धेरै आशंका र हामी धेरै आलोचना र टिकाटिप्पणीहरु गरिरहन आवश्यक छ जस्तो मालइ लाग्दैन। किन भने हामी सबैले भोगेरै आएको छौ हामी सबैले पढेरै आएका छौं देखेर आएका छौं हामी आफ्फै को के हौं मलाइ लाग्छ सबैलाइ थाहै छ। अहिले कोहि सरकारमा छौं कोहि छैनौं अथवा कोहि कुनैमा छौं कोहि

कुनैमा छौं केहि भूमिकामा छौ त्यसकारणले गर्दा खेरी प्रस्तुत हुने बेलामा तपाइको चाहि स्वाभाविक ढङ्गमा भुमिकामा भएको जो हुन्छ तत् समय मा प्रस्तुत हुने कुराहरु भै नौ हाल्छ यो हाम्रो राज्य व्यवस्थाको निती हो। नियम हो कानुन हो हामीले चलाउदै आएको।

यो प्रचलन पनि हो त्यसकारणले गर्दा खेरी मलाइ के लाग्छ भने यसको उद्धेश्यमै प्रष्ट छ। माननीय ज्यूहरुले मैले पढेर दोर्होर्याउनु पर्छ जस्तो मलाइ लाग्दैन। यसमा तोकिय बमोजिम भन्ने कुरा हरु यो हामीले बनाउने, तपाइको चाहि अब कार्यविधिहरु, तपाइको दिग्दर्शनहरु अथवा जति पनि हामी नियमहरु बनाउछौ मुल ऐनभन्दा बाजिने गरि हामीले त्यो बनाउन पाउदैनौं। मलाइ लाग्छ त्यो कुरा हामी सबैले बुझेकैछौं यो भन्दा बाहिर गएर हामीले बनाउन पाउदैनौं यसैमा त्रुटि छ भने त्यो अलग कुरा हो यसमा त्रुटि छैन भने अथवा हामी यसलाइ पास गर्न बेला सम्म यसलाइ राम्रो बनायौं भने मलाइ लाग्छ त्यसले केहि पनि फरक पार्दैन जहाँ सम्म तोकिए बमोजिम हुने छ भन्ने कुरा शुशासन भन्ने कुरा असाध्यै भास्ट विषय हो यो अहिले हेर्दा खेरी चाहि आर्थिक रुपमा भएको भ्रष्ट्रचारलाइ मात्रै हामी चाहि हाम्रो शुशासनको यो बाधक हो भनेर बुझिराखेका छौं।

यहाँ प्रश्न हरु उठ्यो वास्तवमा शुशासन भनेको स्व शासन पनि हो। आफुले आफुलाइ शासन गर्ने कुरा पनि हो हामीले कस्तो चाहि व्यवहार अपनाइरहेका छौ हामीले हाम्रो समग्र राजनितिक प्रणालीलाइ हेरौं भने अहिले सम्म जसरी चलेर आइरहेका छौं अघि यहाँ विराज भक्त माननीय ज्यूले भन्नु भयो कुरा ठ्याकै त्यहि हो के हो भने राजनितिक परिवर्तन सगसगै जनताको आशा अपेक्षा जो बढ्छ। जनताले जो आशा अपेक्षा गरेको हुन्छ। त्यसलाइ हामीले व्यवहारमा दिनु पर्छ व्यवहारमा दिने कुरामा चाहि हामी परिवर्तन नभएकै हो त्यसकारण नेपालमा पटक पटक आन्दोलन भएको पटक पटक क्रान्ती भएको हो।

अहिले पनि तपाइ हेर्नु न गणतन्त्र आयो यत्रो समानुपातीक समावेशी छ संविधानमा त्यत्रो अधिकार छ कार्यन्वयन गर्ने कुराम जहाँ कार्यन्वयन गर्ने ठाउँहरु छ

निकायहरु त्यहाँ गएर तपाइ हेर्नु भयो भने ढिलासुस्ती लाइ हेर्नुस यो व्यवस्थालाइ बुझ्ने सवालाइ हर्नुहोस, बुझाइहरु हेर्नुहोस, अभिव्यक्तीहरु हर्नुहोस त्यो सबै हेर्दा खेरी स्वाभाविक ढङ्गले जनतामा एउटा निराशा बढ्दै जान्छ। जनतामा एउटा तपाइको चाहि जुन आशा अपेक्षा व्यवस्था प्रति जनताले गरेको हुन्छ त्यो प्रतित स्वाभावीक ढङ्गले प्रश्न उठ्दै जान्छ अनि विस्तारै जो जो आए पनि त्यहि हो जति परिवर्तन भए पनि त्यहि हो।

त्यहि भएर मैले हरेक ठाउमा जोडदिने गरेको छु कि हामी व्यवस्था परिवर्तन गर्यो तर आफुलाइ परिवर्तन गर्न सकेनै र हामीले काम गर्ने तैलतरिकालाइ परिवर्तन गर्न सकेनौ भन्ने कुरा मैले जोडदार ढङ्गले सधै उठाउने गरिरहेको छु। त्यसैले यसमा के लाग्छ भने यसमा मलाइ त्यति धेरै आशंखा गरौं किनभने यसलाइ राम्रो संग अध्यायन नगरौं यसलाइ संशोधन हाल्यौं यसलाइ तपाइको पुरा गयौं। र यो नियूक्ती गर्न कार्यविधिहरु बनाएर नियुक्ती गर्न भाग पुर्याँउनको लागी ल्याएको पैक्कै होइन। अहिलेको तपाइ हामीलाइ थाहा छ हामी लोकतन्त्रमा छौं, लोकतन्त्र भन्ने वित्तिकै हामी सबै पक्ष समान हुन्छौं हामीलाइ थाहा छ हामी बराबर छौं। हामीले गरेका कतिपय राम्रा कामको प्रसंसा पनि हुन्छ।

हामिले गरेको नराम्रो कामको तपाइको चाहि आलोचना टिकाटिप्पणी पनि हुन्छ यहाँ कुरा हरु उठ्यो त्यो अस्ती हाम्रो समाज कस्तो छ, हामी कस्तो बाट गाइडेड छौं भन्दा मैले एउटा न्यूज सुने यो भन्दा चार पाच दिन अगाडि संघीय संसादको सभामुखमा अग्निप्रसाद सापकोटा प्रस्तावित भैसके पछि त्यहाँ के न्युज आयो भने विहान न्युन सुन्दैगर्दा खेरी तपाइको सबेरै ६बजेको न्युजमा हत्याआरोपी अग्नी सापकोटा सभामुखमा प्रस्तावित। तपाइ हाम्रो समाज कस्तो छ भने हामीले दिने सन्देश कस्तो छ भने हामी नेगेटिपकुरा बाट सुरुवात गर्छौं होइन। त्यो कहाँको सन्दर्भ थियो के थियो अथवा कस्तो छ तपाइ सभामुखले उम्मेदवार दर्ता गरेको छ। तर तपाइको चाहि हत्या आरोपी शिर्षकै त्यहि छ मैले पछि पत्रिका हेरे त्यो पत्रीकामा पनि त्यहि छ।

राष्ट्रिय दैनिक तपाइ भनुहोस न यो बुझाइ के छ। समाजलाइ कता लान खोजीरहेका छौं। हामी कती गम्भीर छौ विषय वस्तु हेर्दा त हामी त होनित जनयुद्ध

लडेर आएको यहाँ सिविरको कुरा उठ्यो म यहाँहरुलाइ विश्वास्थ दिलाउन चाहान्छु। म पनि पूर्वमाओवादी जनयुद्धको म ५२ सालकै होल टाईमर हु, पूर्णकालीन हुम। मलाइ राम्रो संग थाहा छ जहाँ सम्म शिविरको कुरा उठ्यो शिविरमा भएको कुराहरु उठ्यो त्यो कुन सन्दर्भमा कसरी उठेको थियो। कसरी उठ्योको थियो त्यसको सरकारले त्यसको छानविन गरेन ? शान्ती मन्त्रालयमा चाहि शान्ति मन्त्रालयका प्रतिनिधिहरु शिविरमा थिएनन कतिपय विधि प्रकृया नपुगेका कुराहरु खर्च गर्ने सन्दर्भमा विधिप्रकृया नपुगेका कुराहरु, सुरु सुरुको चरणमा थोरै अलिअलि कोइसनहरु टिकाटिप्पणि हरु उठ्यकै हो। तर चार अर्व भ्रष्टचार यो मुलुकमा के तपाइको चाहि अन्धोछ।

को लाटो छ चारअर्व भ्रष्ट्रचार कसले गयौं, कहाँ गयौ त्यो यस्तो वाइहात कुराहरु जुन कुरा तपाइको मिडियाले लेख्दिन्छ। होइन हामी तपाइको चाहि त्यसैमा बहकिन्छौ र यहि हो यहि यहि हो भन्दै हिड्छौं। त्यसकारणले गर्दा खेरी हामीले सकारात्मक कुरा बाट सुरुवात गर्नु पर्छ। अहिले हामीले नकारात्मक कुराबाट शुरुवात गरेर हामी निश्कर्षमा पुग्दैनौं। यो व्यवस्था सफल हुदै हुदैन। जसले हामीले यो व्यवस्था राम्रो बनाउन खोजिराखेका छौं यो व्यवस्थालाइ हामीले टिकाउन खोजी राखेका छौं अथवा संस्थागत गर्न खोजीराखेका छौं विश्वले हामीलाइ सलुट गरिरहेको छ। शान्ती प्रकृया टायायर तपाइको संविधान सभा मार्फत नयाँ संविधान दिएर नयाँ व्यवस्था अहिलेको दुनियाँमा यतिको समानुपातिक समावेशि अधिकार भएको व्यवस्था छैन।

संघीयतामा गएका मुलुकहरु जो २९ वटा मुलुकहरु संघीय शासन प्रणालीमा छन यसमध्यमा हाम्रो संघियताका आफ्नौ विषेशताहरु छन। हाम्रो आफ्नै मौलीकताहरु छन जसलाइ विश्वाले तपाइ हामी सबै नेपालीलाइ सलुट गरिरहेको छ सम्मान गरिरहेको छ। विश्वाले चाहि नेपालीहरुले गरेको यो शान्ती प्रकृयाको जो शान्ति प्रकृया टुङ्गाउने र तपाइको नयाँ व्यवस्थालाइ रुपान्तरण गर्ने राजतन्त्रलाइ हटाउने तपाइको जुन एकात्मक व्यवस्थालाइ हटाउने। जुन कुरा तपाइको चाहि सहमतीको आधारमा संवभ भो त्यो त विश्वालाइ नयाँ नमुना दिएको छ, नि।

त्यसकारणले गर्दा खेरी हामीले यीनै नेताहरुलाइ गाली गर्ने यीनैलाइ आशंकानगर्ने र यीनै प्रति सधैको आशंकीत भैरहने। .हामीले अरु के खोजीरहेका छौं, कहाँ जान खोजी रहेका छौं, हामी होइन हाम्रा मत हरु छनि त हामी यहाँ बाट पनि बोली रहेका छौं। संवैधानीक राजतन्त्र चाहिन्छ भने र, राजा चाहिन्छ भनेर, आ आफ्नो मत र विचार त हुनीहो तर के भने कतीपय कुराहरु हामीले बोल्दा खेरी तथ्यमा आधारीत भएर बोलेनम भने मलाइ लाग्छ त्यस्ता कुराको कुनै तुक हुदैन। कोहि मनको तितो फाल्ने मात्रै हुन्छ त्यसकारणले गर्दा खेरी यो सम्मानीत हामी प्रदेश सभा भनेको जनताको प्रदेशको एउटा सार्वभैम संस्था हो।

जनताबाट निर्वाचित प्रतिनिधि हौं यहाँ यो सभा भित्र पसिसके पछि बराबर छौं। अभिव्यक्तीमा कहिले कहिँ आक्रेसामा केहि न केहि कुराहरु आउला तर मुलकुरा भनेको कसैले कसैलाइ विभेद गर्दौन हामी सबै समान हैसियतका उत्तिकै भोट जनताककै भोट हाम्रो दुइवटा निर्वाचन प्रणाली छ एउटा प्रत्यक्ष र एउटा समानुपातीक मलाइ लाग्छ यो दुइवटै जनताको ले संगसंगै दुइवटा चाहि बाकस संग संगै भोट हालेर हामी आएका हौं। त्यसकारणले गर्दा खेरी माननीयज्यूहरु यहाँहरुले जति पनि सुझाव राखु भएको छ त्यसलाइ आगामी दिनमा अझै यसलाइ व्यवस्थित ढङ्गले संशोधन मार्फत यहाँहरुले दिनुहोस। मलाइ लाग्छ प्रदेश सरकार निकैनै गम्भीर छ यो विषयमा अहिले हामीले सोचेको अनुसार काम गर्न सकेका छैनौं, बजेट खर्च गर्न सकेका छैनौं हाम्रा संरचनाहरु छैनन हामीलाइ अफ्ठेरो परिरहेको छ तपाइको अब मकवानपुरका मान्छेहरु हिजो जिल्लाबाट लिने सेवा लिन गजुरी जानु पर्ने अनि त्यसपछि सिन्धुलीका मान्छेहरु कहाँ जानु पर्ने, यस्ता थुप्रै रामेछापका मान्छे दोलखा सिन्धुपाल्चोक मान्छेहरु कता जानु पर्ने यस्ता थुप्रै कुराहरु छ।

हामी ले यो विधेयक पास भैसके पछि मलाइ लाग्छ यो विधेयक पास भैसके पछि हामीले आवश्यक संरचनाहरुमा पनि सुधार गर्छौं यसमा सबै कुरा छ तपाइको मन्त्रीले गर्नु पर्ने कुराहरु छ सचिवले गर्नु पर्ने कुराहरु छ खोल्न पर्ने भुमिकाहरु, निभाउनु पर्ने भुमिकाहरु उत्तरदाइत्वहरु सबै कुरा छ यत आफैलाइ आफैले बाध्ने हो। यो विधेयक

पास गरिसके पछि हामी आफैबाधीने सरकार आफै बाधिने हो कर्मचारी संयन्त्र आफै बाधिने हो। त्यसकारणले गर्दा खेरी यो यसैको निम्ती ल्याएको हो, ।त्यसैले यसलाइ आवश्यक संशोधन सहित यसलाइ पास गरौं। समितिमा यहाँहरुलाइ चाहि आफ्ना संशोधनहरु राखौं र यसलाइ राम्रो गरौं र यसलाइ प्रदेश सरकार लाइ तपाइ हामी सबैको इतिहासीक पनि हो। यो पहिले यो प्रदेश सभा मा हामी छौं।

यो संघियताको पहिलो तपाइको चाहि संघियता कार्यन्वयनको पहिले फेजमा हामी भएको हुनाले हाम्रो यो पाँच वर्ष अतिनै महत्वपूर्ण हुन्छ। हामीले गर्ने कामहरु हामीले दिने संन्देशहरु तपाइको चाहि अतिनै महत्वपूर्ण हुन्छ, ढिला भन्ने कुरा त मलाइ त बास्तवमा अहिले महशुस के भैरहेको छ भने अहिले यो सबै हेर्दा खेरी तपाइको चाहि हामी त प्रदेश सभा सुरु हुने वित्तीकै घम्सा घंम्सी गरेर राजधानी र नाम टुङ्गाउन पर्ने रहेछ। सुरुमा त्यस पछि मात्रै अगाडि बढ्नु पर्ने रहेछ चाहे एक महिना जान्थ्यो होला चाहे दुइ महिना जान्थ्यो होला।

सबै रोकेर त्यो ढिला भएछ अहिले त्यो ढिला भयो हामीलाइ दुइ वर्ष लाग्यो हामीलाइ त्यो गर्न। त्यसकारणले गर्दा अब यस्तै छ सिक्दै जाने हो होइन अब आगामी दिनमा हामीले सिक्ने हो यत्ति कुरा राख्छु। हस्त धन्यवाद

**<u>माननीय सभामुखः</u>-** अब यो छलफल यहि समाप्त हुन्छ।

माननीय सदस्यहरु अब म प्रदेश भित्र सुशासनको प्रत्याभूती गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि विचार गरियोस भन्ने प्रस्तावलाइ निर्णाय प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तर्सथ प्रदेश भित्र सुशासनको प्रत्यायभूती गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि विचार गरियोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु अब म माननीय भूमी व्यवस्था कृषी तथा सहकारी मन्त्री श्री दावादोर्जे लामालाइ प्रदेश दुग्ध विकासवाई ऐन, २०७५ लाइ संशोधन गर्न बनेको विधेयक माथि विचार गरियोस भन्ने प्रस्ताव पेश गर्ने अनुमती दिन्छु।

**माननीय दावादोर्जे लामा, मन्त्री, भुमीव्यवस्था, कृषि तथा सहकारी मन्त्रालयः-** माननीय सभामुख ज्यू सभामुख ज्यूको अनुमतीले प्रदेश दुग्ध विकास ऐन२०७५ लाइ संशोधन गर्न बनेको विधेयक माथि विचार गरियोस भन्ने प्रस्ताव सम्मानीत सभामा पेश गर्दछु धन्यवाद।

**माननीय सभामुखः-** माननीय सदस्यहरु अब प्रदेश दुग्ध विकास ऐन२०७५ लाइ संशोधन गर्न बनेको विधेयक माथि विचार गरियोस भन्ने प्रस्ताव माथि अर्थात विधेयक माथिको सामाननीय छलफल प्रारम्भ हुन्छ। माननीय सदस्यहरु यस छलफलमा विधेयकको सैद्धान्तीक पक्षमा मात्रै छलफल हुने व्यहोरा अनुरोध गर्दछु।

माननीय सदस्यहरु उक्त छलफलमा भाग लिनचाहानु हुने मानननीय सदस्यहरुले आ आफ्नो नाम चिटमा लेखि सभामुख को डोक्याससगै वसेको कर्मचारीहरुलाइ उपलाब्ध गराउन हुन अनुरोध गर्दछु। छलफलमा भाग लिन चाहानु हुने प्रत्येक माननीय सदस्यलाइ ३ मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय रमेश पौड्याललाइ समय दिन्छु समय ३ मिनेट

**माननीय रमेश पौड्याल (विवेकशील साझा पार्टी):-** माननीय सभामुख महोदय, यो दुग्ध विकास ऐनको जुन संशोधन आएको छ यसमा मैले हेर्दौं गर्दा खेरी के देखे भने २०७५ साल भदौ १८ गते यो सभाले पहिलो मुल विधेयक पारित गरेको रहेछ।

२०७५ साल असोजको १४ गते चाहि प्रमाणीकरण भएको रहेछ। भन्नेले आज भन्दा ठिक १६ महिना अगाडि चाहि मन्त्री ज्यूलाइ यो हातमा यो विधेयक पारित भएको र आज १६ महिना पछाडी वरको सिन्कोपर पनि नसारी कन फेरी संशोधनमा आयो कहिन कहि गडवडित पक्कै भैरहेको छ त्यता तिर हामी हेर्नेकि नहेर्ने? किनभने यो विधेयकको मुल स्प्रिड वोर्ड गठन गर्ने भनेको थियो र वोर्डको कार्यकारी प्रमुख उपाध्यक्ष राख्ने भन्ने व्यवस्था थियो उपाध्यक्ष राख्न उहाँले सक्नु भएन भने पछि हामीले कहिन कहि त्रूटि गरिरहेका छौंकि कमि गरिराखेका छौं कि, भनेर कतै तितर आवाज उठ्यो भने कतै फरक विचार उठ्यो भने कतै आलोचना को स्वार उठ्यो भने त्यसलाइ कसरी लिने हो यो सरकारको जिम्माको कुरा हो यो मन्त्री ज्युको जिम्माको कुरा हो।

त्यसरी फरक विचार उठाउनेहरालाइ त्यसरी आलोचनात्मक चेत उजागर गर्ने हरुलाइ हैसीयत सोधेर ठोगान लागाइदिने हो कि त्यसलाइ स्वागत गर्ने हो ? त्यो पनि सरकारले जानोस त्यो पनि मन्त्रीजीले जान्नु होला। मैले के देखे भन्दा खेरी यहाँ भ्रष्टचारको कुरा अघिनै उठिसकेको छ, भ्रष्टचार आर्थिक मात्रै हुदैन धेरै कोण बाट भ्रष्टचार भैरहेको हुन्छ। यो १६ महिना सम्म संसदले पारित गरेर दिएको ऐन चाहि कार्यन्वयनामा आउन नसक्नुमा यो भ्रष्ट्रचारहो कि होइन।

यो कमिकमजोरीको जिम्मा कसले लिन्छ मन्त्रीज्यूले लिनु हुन्छ कि क्याविनेटले लिन्छकि अथवा कि हैसियत सोधेर हिड्ने हरुले यसको जिम्मा लिन्छन ? कसैनकसैले जिम्मेवारी लिनुपर्छ सभामुख महोदय मैले कुरा राख्न चाहान्छु। ऐनहरु बन्छन र समयको क्रममा त्यसको संशोधन पनि हुन्छ तर ऐन बनेर वरको सिन्को पर नसार्दै १६ महिना विताउने र फेरी संशोधनमा आउने यस्तो पनि हुन्छ त्यसले गर्दा म अनुरोध गर्न चाहान्छु।

मन्त्री ज्यूलाइ उहाँको ड्रफटिक कमिटि होला कमिटिमा पनि विधायन अध्यायन गर्ने समिती होला उहाँले त्यहाँ भित्र गएर रीभ्यू गर्ने होकि ? एक चोटि आफ्नो समिक्षा आफै वसेर गर्ने होकि तृतीत कहिन कहि भैरहेको छ मन्त्रीज्यू मेरो विनम्र अनुरोध छ। त्यसले गर्दा खेरी विपक्ष आवाजहरुको मुख थुन्न तिर लाग्नु भन्दा आफुभित्र रहेको कमि

कमजोरी, आफुमा लागेको धुलो टकटयाउन समय खर्च गर्नु होस मेरो शुभकामना छ धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** अबम माननीय भूभी व्यवस्था कृषि तथा सहकारी मन्त्री श्री दावा दोर्जे लामालाइ छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमती दिन्छु।

**<u>माननीय दावा दोर्जे लामा, मन्त्री भुमी व्यवस्था कृषी तथा सहकारी मन्त्रालयः</u>-** माननीय सभामुखज्यू माननीय सदस्यज्यूहरु प्रदेशिक दुग्धविकास वोर्डको ऐनमा केहि संशोधन गर्नु पर्ने प्रस्ताव माथि यहाँ छलफल भयो। सैद्धान्तीक छलफल भयो हामी नयाँ प्रक्टिसमा छौं हामीले विधेयक निर्माण गरौं त्यस मा सबै साथी हरुको सहभागीता छ माननीय ज्यूहरुको। हामीले यो व्यापक समितिमा पनि छलफल भएको हो तर केहि संशोधन नगरि नहुने बाझीयका सवालहरु देखा पर्यौं।

त्यसकारणले दुइ तिनवटा विषय अत्यन्त चाहि एउटा प्रमाणीत गर्ने सन्दर्भमा उपाध्यक्षले प्रमाणीत गर्ने भनेको छ तर उपाध्यक्ष नियुक्ती भएको छैन उपाध्याक्षले प्रमाणीत गर्ने भएपछि गार्यो भए पछि सदस्यसचिव र तोकिएको दुइ जनाले प्रमाणीत गर्न भन्ने र संशोधन बनाएको छ। अर्को उपाध्यक्ष नियुक्ती गर्ने भन्ने सन्दर्भमा मन्त्रालयले नियुक्ती गर्न सक्ने छ भन्ने पनि छ अनि प्रदेश सरकारले नियुक्ती गर्ने भन्ने चाहि मन्त्रालयको सिफारीसमा प्रदेश सरकारले नियुक्ती गर्ने भन्ने ऐनको भावना पनि हो त्यो स्प्रिड पनि हो। त्यसकारणले त्यहाँ केहि कुराहरु कमजोरी रहेको ले त्यसलाइ सच्चाउने गरि अगाडि बढ्कोलागी यो संशोधन प्रस्ताव आएको हो।

अब ढिला भयो प्रदेश दुग्धविकास वोर्ड गठन गर्न केहि समय ढिला भएकै हो र ढिला कसरी भयो भने यो चाहि विविध कारणले भएको छ। अब मैले चाहि अरु भन्दा पनि यो विषय संशोधन गरेर हामी बास्तवमा सुखि नेपाली सवृद्ध नेपाल नेपाली जनतालाइ नेपालमै रोजगारी सृजना गरेर, व्यपाकरुपमा दुग्ध जन्य पर्दार्थहरु गाइ भैसी तथा बाख्रा जस्ता दुग्ध जन्य पालन गरेर चैरीजस्तो पालन गरेर धैरै मान्छेहरुलाइ रोजगारी सृजना

गरेर। चिजको उद्योगहरु दुधको उद्योगहरु स्थापना गरेर जाने गरि हामीले यो वोर्ड गठन गरेको हो।

हामीले यो वर्षमै यहाँ प्रदेशको दुधको प्यालन्टको पाउडर उद्योग हेटौंडामा स्थापना गर्ने सूचना लगभग अन्तिम तयारीमा छ र त्यसको डिपीआर निर्माण गर्ने तयारीमा छौं। र अर्को चितवनमा एउटा दुध बाट बन्ने चक्लेट लगाएत विभिन्न परिकारहरुबन्ने उद्योग स्थापना गर्ने पनि हामी तयारीमा छौं। र विभिन्न ठाउँमा दुग्ध जन्य पर्दार्थहरु धेरै गर्ने र मान्छे हरुलाइ रोजगारी सृजनागरेर मान्छेहरुलाइ विभिन्न ढङ्गले विदेशमा जानु भन्दा स्वादेशमै मान्छेहरु विभिन्न ढ्ङले वस्न सफल होस भन्ने हिसावले पनि यो दुग्धविकास वोर्ड गठन भएको छ।

र दुग्धविकास वोर्डले स्वादेशमा रहेको गाइ मात्र होइन यदि संभव भयो भने विभिन्न देशमा रहेका छिमेकि देश अथवा अन्य देशमा रहेका गाइहरू उन्नतखालको गाइहरु ल्याएर तपाइको चाहि दिन सक्ने। मान्छेहरुलाइ एउटा उदाहरण काठमाडौंमा प्रफेसरले एउटा चाहि गाइ पालन गरेको छ यहाँहरुले हेर्दिनु होला मैले अनुरोध गर्न चाहान्छु। अनि त्यहाँ गएर हेरेको २२० वटा गाइ रहेछ। २२० वटा गाइ मध्य एउटा गाइले चाहि ५५ लीटर दुध दिने रहेछ। यो त यसो हेर्दा खेरी हामीले सुन्दखेरी अनैठोलाग्छ।

अरु देशमा २५ लिटर भन्दा कम दुध भयो भने त्यो गाइ राख्दैनन हाम्रो मा २५ लिटर भन्दा माथी दुध भयो भने धेरै ठुलो कुरा हुन्छ। त्यसो भएको कारणले यो दुध विकास वोर्डको गठनमा संशोधनको प्रस्तावमा भावनामा कुनै खालको अफ्ठोरो हुने खालको ल्याएको होइन माननीय ज्यूहरुले राखेको जुन सवालहरु छ त्यसलाइ पनि हामी कहाँ बाट सपिनेकिन ढिला भयो भन्ने कुरा हामीलाइ लागेको छ।

त्यहि भएर हामीलाइ लागेको कुरा तपाइले भन्नु भयो तपाइको भाषा प्रति त स्वागत छ। त्यसकारणले यसलाइ व्यवस्थित गरेर जाउ हामी यो संशोधन प्रस्ताव पास गरेर हामी दुध विकास वोर्ड चाहि अब नयाँ संशोधनका साथ अगाडि वढ्यौ भन्ने मात्रै मैले खोजेको हो यति नै भनाइ राख्न चाहान्छु धन्यवाद

**<u>माननीय सभामुखः</u>-** अब यो छलफल यहि समाप्त हुन्छ।

अबम प्रदेश दुध विकास ऐन, २०७५ लाइ संशोधन गर्न बनेको विधेयक माथि विचार गरियोस भन्ने प्रस्तावलाइ निर्णय प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ प्रदेश दुग्धविकास ऐन २०७५ लाइ संशोधन गर्न बनेको विधेयक माथि विचार गरियोस भन्ने प्रस्ताव सर्वसम्मती ले स्विकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु अब अर्को बैठक २०७६ साल माघ १७ गते शुक्रबार दिनको १ बजे बस्ने गरि यो बैठक स्थिगीत हुन्छ।

**(तदनन्तर बैठक २०७६ साल माघ १७ गते शुक्रवार दिनको १:०० बजेसम्मका लागि स्थगित भयो।)**

**अन्त्य - दिनको २:२१ बजे।**

# प्रदेश सभा
# बागमती प्रदेश
# पाँचौ अधिवेशन
# कारवाहीको सम्पूर्ण विवरण

१७ माघ, २०७६

शुक्रबार

(बैठक संख्या - ११)

**प्रदेश सभाको पाँचौ अधिवेशको आजको बैठक माननीय सभामुख श्री सानुकुमार श्रेष्ठको अध्यक्षतामा दिनको १:०० बजे प्रारम्भ भयो।**

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, प्रदेश सभाको आजको बैठकको कारवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरु, आज शुन्य समय र विशेष समयको कार्यक्रम नरहने व्यहोरा जानकारी गराउँदछु।

माननीय सदस्यहरु, अब शून्य समयको कार्यक्रम प्रारम्भ हुन्छ। शून्य समयमा बोल्न चाहनु हुने माननीय सदस्यहरुको लागि १ मिनेटको समय निर्धारण गरेको छु। निर्धारित समय भित्र माननीय सदस्यहरु आफ्नो भनाई राख्न अनुरोध गर्दछु।

सर्वप्रथम म माननीय आशा माया तामाङलाई बोल्न समय दिन्छु।

**<u>माननीय आशा माया तामाङ (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुख ज्यू, हामी दोस्रो चौमासिकमा अहिले छलफल भईरहदा खेरि पहिलो चौमासिकको केहि काम भैरहेको छैन् र दशै अगाडी नै हामीले जुन मर्मत सम्भार भनेर छुट्टाएको रकम त्यसको पनि अहिले सम्म कुनै अख्तीयारी गएको छैन् र पहिलो चौमासिकको अहिले सम्म कुनै सम्झौता पनि भएको छैन् र टेन्डर प्रक्रिया अगाडी बढेको छैन्। यसको लागि म प्रदेश सरकार संग ध्यानाकर्षण गर्न चाहन्छु। धन्यवाद।

**<u>माननीय सभामुख</u> :-** अब म माननीय रमेश पौडेललाई अनुमति दिन्छु।

**<u>माननीय रमेश पौडेल (विवेकशील साझा पार्टी)</u>:-** माननीय सभामुख ज्यू यो ने.क.पा. को सरकारले चाहि ६ वर्ष अवधि बाकि छदा छदै गोकर्ण गल्फ रिरोर्ट चाहि यति होलडिङसलाई दिएको छ र त्यो पनि बदनियत पुर्ण तरिकाले ऐन संशोधन गरेर। यो खुला प्रतिस्पर्धामा जादा खेरि राज्यलाई ठुलो नाफा हुने अवस्थामा हुदाहुदै यो ठुलो घोटाला भएको छ र यो चाहि यो याराना पुजिँवादको भद्दा नमुना यहा देखाई रहेको छ। यसका अरु धेरै पक्ष र पाटाहरु छन्। ति सबैको अनुसन्धान गरिनु पर्छ र यसमा संलग्न भएका मन्त्री होस, प्रधान मन्त्री होस प्रदेशका अरु कोहि मन्त्रीहरु पनि छन् भने सबैको चाहि यथार्थ छानबिन गर्नुपर्छ भन्ने माग म राख्न चाहन्छु। हव्स धन्यवाद।

**<u>माननीय सभामुख</u> :-** माननीय रजनी अमात्य जोन्छे।

**<u>माननीय रजनी अमात्य जोन्छे (नेपाली कांग्रेस)</u>:-** माननीय सभामुख ज्यू, बागमती प्रदेशको राजधानि हेटौंडा भएकोमा हामी गौरब नै मान्छौ। तर काठमाडौं उपत्यका र अन्य ठाँउ बाट हेटौंडा आते जाते गर्दा ज्यादै न्यून स्तरको बाटो भएको कठिनाई भैरहेको व्यहोरा यस गरिमामय सदनलाई जानकारी गराउन चाहन्छु। यहाँ आउने जाने बाटो धेरै छन तर धेरै नै खाल्टो खुल्टो छ त्यसैले यहि हिउदो अधिवेशन भित्र कम्सेकम

एउटा भए पनि स्तरीय बाटोको व्यवस्थाको लागि माननीय सभामुख मार्फत सम्बन्धीत मन्त्रालयलाई ध्यानाकर्षण गरि चाडो भन्दा चाडो बाटो सुधार होस भनि जोरदार माग गर्दछु। धन्यवाद। जय नेपाल।

**<u>माननीय सभामुख</u>:-** माननीय गणेश प्रसाद दुलाल।

**<u>माननीय गणेश प्रसाद दुलाल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुख महोदय, उमेर ५७ वर्ष भो ३ दिन अगाडि हेटौंडा बाट काठमाडौं गएको आज ३ दिन पछाडि फर्कीदा खेरि आज ह्वीलचेयर किन्नु पर्ने स्थिति आएको छ।ति खाल्डाखुलडिले गर्दा यति समस्या भयो।म ५७ वर्षको मान्छेलाई यति समस्या भयो भने जेष्ठ नागरिकहरु त्यो बाटमा कसरी हिड्छन्।प्रदेश सरकारको म ध्यानाकर्षण गर्न चाहन्छु। धन्यवाद।

**<u>माननीय सभामुख</u> :-** माननीय देवकी श्रेष्ठ।

**<u>माननीय देवकी श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुख महोदय, म शुन्य समयमा केहि कुरा राख्न चाहन्छु।नेपालका सामुदायिक विद्यालय देखि विश्वविद्यालय तह सम्मको शैक्षिक गुणस्तर अत्यन्तै कमजोर रहेको ब्यापक जनगुनासो सुनिन्छ।यसलाई बदलिदो परिवेश अनुसारको शिक्षकहरुलाई प्रभावकारी तालिम संञ्चालन गरि शिक्षकहरुलाई जिम्मेवार बनाउन पर्दछ।यसका लागि प्रदेश सरकारले विद्यालयहरुको शैक्षिक गुणस्तर उठाउन प्रभावकारी निति तथा कार्यक्रमहरु ल्याउनु पर्दछ।धन्यवाद।

**<u>माननीय सभामुख</u>:-** माननीय छिरिङ्ग दोर्जे लामा।

**<u>माननीय छिरिङ्ग दोर्जे लामा (नेपाली कांग्रेस)</u>:-** माननीय सभामुखज्यू, यहि मिति २०७६ माघ १६ गते ललितपुर स्थित फिट एण्ड फाईन जिम खानामा सोना वाथ लिएर नुहाउने क्रममा ज्यान गुमाउनु हुने दम्पती हस्त गर्वुजा मगर एवं श्रीमति नेत्रकुमारी

गर्वुजा मगरमा हार्दिक श्रद्धानजलि र सगोल परिवार प्रति हार्दिक समवेदना ब्यक्त गर्न चाहन्छु। दुबैको ग्यास गिजरमा नुहाउदा निसासिएर मृत्यु भएको भन्ने आशंका गरिएको छ। यस्तै किसिमको घटना गत साता मकवानपुरको पर्यटकिय क्षेत्र दामनमा एक रिसोर्टमा एउटै कोठा भित्र सुतेको अवस्थामा ८ जना पर्यटकहरुको पनि मृत्यु भएको थियो। माथिको दुबै घटना व्यवसायीको चरम लापरवाहिको उदाहरण मात्र हुन। करोडौको लागतमा संञ्चालनमा ल्याईने यस्ता पर्यटकिय साथै सामुदायिक स्वास्थ्यमा काम गर्ने व्यवसाहिहरु कसरी चलिरहेको छन्।

के कस्तो तरिकाले चलाएको छ। त्यहा जाने ग्राहकको जिउ ज्यानको सुरक्षाको भरर्पर्दो व्यवस्था गरेको छ कि छैन्। संञ्चालन पुर्व लागु गरेको उपयुक्त प्रवधानहरु पालना गरेको छ छैन्। सबै कुरा सम्बन्धीत निकायले नियमित रुपमा बुझ्न जरुरी छ। अबको दिनमा ठुलो रकम खर्च गरेको व्यवसाय मात्र राम्रो भन्ने भ्रमलाई त्यागेर त्यस्ता व्यवसायहरु सेवाग्राहीको लागि कतिको....।

<u>माननीय सभामुख</u>**:-** माननीय मैना आछामी।

<u>माननीय मैना आछामी (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>**:-** सभामुख महोदय, ललितपुरको १४ नं. वडामा १५ गते बेलुका ७ बजे सोना बाथ लिन जानु भएका हस्त कुमार गर्वुजा र उहाँको श्रीमति दुबै जाना बिसाल चोकको चाहि ठुलो ५ तल्ले घरमा सोना बाथको त्यहा जिम र सोना बाथ भन्ने खोलेको रैछ त्यहा जादा खेरि दुबै जानाको निसासियर मृत्यु भए छ र पाटन हस्पिटलले बेग्लै वहा दुई जाना बेग्ला बेग्लै चाहिँ बाथ रुममा गएर नुहाउदा खेरि यस्तो भएको भनेर चाहि गलत रिपोर्ट दिएको हुनाले प्रदेश सरकारले चाहि अलिकति छानबिन गरेर त्यो तथ्य सत्यमा आधारित रहेर चाहि छानबिन गरोस भन्ने भनाई राख्छु र त्यो पाटन हस्पिटलले गरेको होकि पुलिस प्रशासनले चाहि गलत रिपोर्ट दिरहेको छ। त्यो छानबिन नगरिकन यी व्यवसाय गर्ने हरुलाई पनि सक्दोमा कारवाहि गरेर....।

<u>माननीय सभामुख</u>**:-** माननीय शोभा शाक्य।

**<u>माननीय शोभा शाक्य (विवेकशील साझा पार्टी)</u>:-** माननीय सभामुख महोदय, गएको १३ गते हामीलाई एउटा म्यासेज आयो, माननीय ज्यू मिति २०७६ माघ १३ गते साँझ ५ बजे होटल एभोकार्डो मा मुख्यमन्त्री तथा मन्त्रीपरिसद्को कार्यालय द्वारा धन्यवाद ज्ञापन सहित रात्रि भोजको आयोजना हुने भएकोले उपस्तिथिको लागि जानकारी गराईन्छ भनेर म्यासेज पठाई दिएछ। त्यहाँ पुगे पछि मुख्यमन्त्रीज्यूले बोल्दा खेरि प्रदेश प्रमुखको आज परिचय गर्ने भन्नु भएको छ र हाजिर गराउदा फेरि अर्कै आएको छ।

आज मिति ०७६ साल माघ १३ गते सोमबारको दिन बागमती प्रदेश सरकार द्वारा गरिने योजनाहरुको कार्यन्वयन तथा अनुगमनको प्रभावकारीता लगायत अन्य बिबिध विषयहरुमा छलफल गर्नका लागि माननीयज्यू, माननीय मुख्यमन्त्रीज्यूले प्रदेश सभाको सम्पुर्ण माननीयहरु सहितको बैठक बसी देहाए बमोजिम उपस्थिति भयो भनेर हामीलाई हाजिर गराईयो। मुख्यमन्त्रीज्यू यो के पारा हो। यो के गर्न खोज्नु भएको हो। म यसको जवाफ जान्न चाहन्छु। धन्यवाद।

**<u>माननीय सभामुख</u>:-** माननीय सरस्वती बस्नेत।

**<u>माननीय सरस्वती बस्नेत (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** माननीय सभामुख महोदय, संविधानको धारा १८ ले मौलिक हक अन्तर्गत सबै बिभेदलाई अन्त्य गर्ने भनेर भनिएको छ र धारा २४ ले छुवाछुतलाई गम्भिर अपराध ठानिएको छ। तर अहिले हाम्रो बागमती प्रदेश भित्र धेरै ओटा ठाँउमा चाहि मन्दिरहरुमा छुवाछुत गरिएको छ।

जस्तै मकवानपुरको चिसापानी गढिको बटुकभैरव मन्दिरमा त्यहा कोहि पनि महिलाहरु पस्न नदिने धादिङ्गको ढोलामन्डलि मन्दिरमा पस्न नपाउने त्यसै गरि दोलखाको माहांकाल मन्दिरमा, ललितपुरको हनुमान मन्दिरमा लगनखेलमा पस्न नपाउने, धनकुटाको जाल्पादेबि मन्दिरमा पनि त्यहा महिलाहरु पस्न नपाउने, ताप्लेजुङको पाथिभारा मन्दिरमा चाहिँ गर्भवती परिवारको कोहि पनि पस्न नपाउने अहिलेको यो हामी संविधान

कार्यान्वयन गर्ने अवस्था र हाम्रो यो सरकारले चाहि कतिपए केन्द्रले हेर्नु पर्ने केन्द्रीय सरकारले अहिले प्रदेश सरकार मार्फत माग गर्छु र यस प्रदेश भित्र भएको....।

**<u>माननीय सभामुख</u>ः-** माननीय सरस्वती बाटी ।

**<u>माननीय सरस्वती बाटी (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>ः-** सभामुख महोदय, प्रदेश ३ मा परेका सम्पुर्ण नगरपालिका, गाँउपालिकामा के कति सार्वजनिक प्रति वनका जग्गाहरु छन् ।तथ्याङ्कन तयार गर्नु पर्दछ र त्यो पहल गर्नको लागि आवश्यक कारवाहि अगाढि बढाउनको लागि हार्दिक अनुरोध गर्न चाहन्छु। किन भन्दा खेरि यो जग्गा वर्गिकरण भैसके पछि कृषि छेत्र, आवास छेत्र र भौतिक पुर्वाधार छेत्र व्यवस्थित ढंग बाट यो बागमती प्रदेशले गर्न सकिने भएको हुनाले यो गर्न आवश्यक छ भन्ने कुराहरु राख्न चाहन्छु। धन्यवाद।

**<u>माननीय सभामुख</u>ः-** माननीय रामलाल महतो।

**<u>माननीय रामलाल महतो (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>ः-** सभामुख ज्यू भरतपुर महानगरपालिका वडा नं. ६ गितानगरमा सहकारीहरुको संयुक्त लगानिमा चाहि यो गाई, भैसिको पशुहरुको दाना उद्योग खोल्न प्रकृया अगाडि बढाएको।हामीले उद्योग ऐन पनि बनाई सकेका छौ तर उद्योग दर्ता नगरिदिएको कारणले गर्दा खेरि मकै किनेर तपाईको १० लाख भन्दा बढि मकैको किनेको छ।कुहिएर जान लागि सक्यो यो कुन कसरी के कारणले रोकिएको छ।यो म प्रदेश सरकारको ध्यानाकर्षण गर्न चाहन्छु। धन्यवाद।

**<u>माननीय सभामुख</u>ः-** माननीय योगेन्द्र राज संग्गैला ।

**<u>माननीय योगेन्द्र राज संग्गैला (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>ः-** माननीय सभामुख महोदय,प्रदेशको राजधानी नतोकुन्जेल सम्ममा मानिसहरुको धेरै चासो प्रदेशको राजधानि तोकियोस, काहाँ हुन्छ, कैले हुन्छ, कैले सक्नु हुन्छ भनेर बारम्बार धेरै ठाँउ बाट प्रश्न आउथो।हामीले प्रदेशको राजधानी हेटौडा तोक्यौ र नामाकरण पनि गर्‍यौ।

अब यति बेला मानिसहरुको आम मानिसहरुको चासो के छ भने राजधानी प्रदेशको राजधानी आउनको लागि जुन बाटोहरु छन्, थुप्रै बाटोहरु छन् तर स्तरीय बाटो एउटा पनि छैन्। धेरै मानिसहरुले अहिले यति बेला के भनिरहेका छन् भने अब राजधानी तोकिसके पछि बाटोको स्तर उन्नति गर्नुहोस यो के भन्दा खेरि यहि किसिमको बाटो अब त राजधानीलाई सुहाएन भन्ने किसिमको आम नागरिक बाट कुरा आएको छ, जनता बाट कुरा आएको छ। म सभामुख मार्फत सरकारको ध्यानाकर्षण गर्न चाहन्छु। धन्यवाद।

**<u>माननीय सभामुख</u>ः-** माननीय जगत बहादुर सिम्खडा ।

**<u>माननीय जगत बहादुर सिम्खडा (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>ः-** माननीय सभामुख महोदय, यहि माग ७ गते खनियाँबास गाउपालिका वडा नं. ४ मा गुन्डाहरुले ने.क.पा खनियाँबास वडा नं. ४ का पार्टी सचिब सन्त बहादुर तामाङ माथि आक्रमण गरि जो हत्या गरिएको छ र रबिन तामाङ शक्त घाईते हुनु भएको छ र यो अपराधिहरुलाई कडा भन्दा कडा कारवाहि र मृतक परिवारलाई क्षतिपुर्तीको लागि माग गर्दछु।

त्यस्तै यो त्रिवेणी यति पोलिकम बोरा फ्याकट्रिमा चाहि राष्ट्रिय कल्याण कोष श्रम कार्यालय र सरकारको प्रतिनिधि सहितको अनुगमन टोलि जादा खेरि भित्र पस्न पनि दिएको थिएन भने पछि हाम्रो कर्मचारी प्रशासन र हाम्रो मन्त्रालयको हैसियत त्यहा बाट प्रश्न चिन्ह खडा भएको छ र यो त्रिवेणी यति पोलिकम बोरा फ्याकट्रिलाई चाहि तत्काल कारवाहिको लागि म यस सभा मार्फत जोडदार माग गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुख</u>ः-** माननीय सदस्यहरु,शुन्य समयमा माननीय सदस्यहरुले बोल्ने क्रम यहि समाप्त हुन्छ।माननीय सदस्यहरु, अब म मुख्य मन्त्री माननीय डोरमणि पौडेललाई प्रदेश भित्र सुशासनको प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई दफावार छलफलको लागि सम्बन्धी समितिमा पठाईयोस भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु।

**माननीय डोरमणि पौडेल, मुख्यमन्त्रीः-** माननीय सभामुख ज्यू, माननीय सभामुख ज्यूको अनुमतिले प्रदेश भित्र सुशासनको प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक दफावार छलफलको लागि सम्बन्धी समितीमा पठाईयोस भन्ने प्रस्ताव सम्मानित सभामा पेश गर्दछु। धन्यवाद।

**माननीय सभामुखः-** अब प्रदेश भित्र सुशासनको प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक दफावार छलफलको लागि सम्बन्धी समितिमा पठाईयोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन, तसर्थ प्रदेश भित्र सुशासनको प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक दफावार छलफलको लागि सम्बन्धी समितीमा पठाईयोस भन्ने प्रस्ताव सर्वसमेतले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु,अब माननीय भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री श्री दावा दोर्जे लामालाई प्रदेश दुग्ध बिकास बोर्ड ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक माथि दफावार छलफल सदनमा गरियोस भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु।

**माननीय दावा दोर्जे लामा, मन्त्री, भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयः-** माननीय सभामुख ज्यू, माननीय सभामुखको अनुमतिले प्रदेश दुग्ध बिकास बोर्ड ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक माथिको दफावार छलफल सदनमा गरियोस भन्ने प्रस्ताव सम्मानित सभामा पेश गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुख</u>:-** अब प्रदेश दुग्ध बिकास बोर्ड ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक माथिको दफावार छलफल सदनमा गरियोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन,तसर्थ प्रदेश दुग्ध बिकास बोर्ड ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक माथिको दफावार छलफल सदनमा गरियोस भन्ने प्रस्ताव सर्वसमेतले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु अब उक्त प्रदेश दुग्ध बिकास बोर्ड ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक माथिको छलफल प्रारम्भ हुन्छ।छलफलमा विधेयकका दफाहरु तथा अनुसाङ्गिक अन्य दफाहरु मात्र छलफल गर्न सकिने व्यहोरा पनि माननीय सदस्यहरुलाई जानकारी गराउदछु। माननीय सदस्यहरु उक्त छलफलमा भाग लिन चाहानुहुने माननीय सदस्यहरुले आ-आफ्नो नाम चिटमा लेखि सभामुखको ड्यास सँगै बसेको कर्मचारीलाई उपलब्ध गराईदिन अनुरोध गर्दछु।छलफलमा भाग लिन चाहानु हुने प्रत्येक माननीय सदस्यहरुलाई ३ मिनेटको समय निर्धारण गरेको छु।

सर्वप्रथम माननीय बुद्धिमान माझिलाई छलफलमा भाग लिन समय दिन्छु।

**<u>माननीय बुद्धिमान माझि (नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा))</u>:-** माननीय सभामुख ज्यु, प्रदेश दुग्ध बोर्ड ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक माथि दफावर छलफलमा हामि सहभागि भएका छौ।र यसको पहिलो प्रस्तावनामा नै प्रदेश दुग्ध बोर्ड ऐन, २०७५ लाई संशोधन गर्न बाल्छनिय भएकोले प्रदेश नं. ३ को प्रदेश सभाले यो ऐन बनाएको छ भन्नुको सट्टा बागमती प्रदेश संशोधन गर्न म यो गरिमामय सदनमा अनुरोध गर्न चाहान्छु।माग गर्न चाहान्छु।धन्यवाद।

**<u>माननीय सभामुख</u>** **:-** माननिय छिरिङ्ग दोर्जे लामा।

**<u>माननिय छिरिङ्ग दोर्जे लामा (नेपाली कांग्रेस)</u>:-** माननीय सभामुख ज्यु, यो हामि अहिले हामि दफावार छलफलमा छौ।यो संशोधनको दौरानमा यो समयमा हामिले संशोधन परेको छैन भन्ने जानकारी पनि पाएको छौ।तर यो दफावार छलफल पक्कै पनि हामिले यो सभामा गर्छौं भनेर यो सभामा भाग लिने नै हो भनेर हामिले यो सभामा नै उठाउनुपर्छ।

र मलाई जहाँ सम्म लाग्छ यो उठाएका कुरा अहिले मैले जुन कुरा उठाउन लागेको को अझ मन्त्री ज्युले संम्बोधन गर्नुहुन्छ भन्ने पनि मैले विश्वास लिएको छु।हामिले यो ऐन बनाउदै गर्दाखेरी विधेयक पास गर्दै गर्दा खेरी हामिले उपाध्यक्षलाई चै एउटा कार्यकारी अधिकार दिएको जस्तो गरेर हामिले यो ऐन व्यवस्था गरिदिएको छौ उपाध्यक्षलाई।यो कार्यकारीले चै तपाईको चै बैठकको चै ल्कोजिङ्ग नगरिकन २ सदस्यलाई भनेको छ।

मेरो अनुरोध के छ भन्दाखेरी हो बरु त्यसलाई लिगलाईज गर्न अलिकति ब्रोड वेवमा लानि हो अथवा तपाईलाई साच्चै नै सदस्यमा लाई अपनत्व ग्रहण गराउने हो भने उपाध्यक्ष सहित एकजना सदस्य र सदस्य सचिवले गर्ने भनेर लिएर आउनुपर्छ भन्ने मेरो कुरा हो।र साथै यो अघि माननीयज्युले कुरा उठाउनु भाछ।यो हामिले संशोधनको दौरानमा हामिले अहिले यो बागमती प्रदेश नामाकरण गरिसकेकोले गर्दाखेरी यो प्रदेश नं. ३ को सट्टा बागमती प्रदेश भनेर राख्नको लागी पनि म अनुरोध गर्न चाहान्छु। धन्यवाद।जय नेपाल।

**<u>माननीय सभामुख</u>:-** माननीय रमेश पौडेल ।

**<u>माननीय रमेश पौडेल (विवेकशील साझा पार्टी)</u>:-** माननीय सभामुख महोदय, सबैभन्दा पहिला त यो जुन यो सभाले पारित गरेर प्रदेश प्रमुखले प्रमाणिकरण गरेर चै जुन २०७५ साल असोज १४ गते कानुनको मन्त्रीज्यूको हातमा पुग्यो।त्यसपछि यो

१६ महिना सम्म कहि कतै केहि प्रगति नहुदै फेरी यसले एउटा आएको छ। यसले के देखाउँछ त भन्दाखेरी मन्त्री जी सफल हुनु भएको हो कि असफल हुनु भएको हो। यो सरकार सफल भाको होकि असफल भाको हो एउटा प्रश्न यहाँ नेर जन्मिएको छ। यसमा अब अर्को १६ महिनापछि फेरी अर्को संशोधन लिएर आउनि र बिचमाद कुनै प्रगति नहुने स्थिति पनि रहने होकि भन्नि कुरा पनि म यहाँ राख्न चाहान्छु।

त्यसैगरी छलफलको क्रममा उठेको छ। खासगरी बैठकको एउटा सामान्य प्रक्रिया के हो भन्दा खेरी मिटिङ्गको माईन्युट लेखिसके पछि मिटिङ्गको माईन्युटलाई कोल्ज गर्ने अधिकार भनेको कार्यकारी अधिकार जसमा निहित रहन्छ यसैले गर्ने कुरा हो र यो तपाईको होल विधेयकको जुन स्प्रिटको हिसावले दुग्ध विकास बोर्डको उपाध्यक्ष कार्यकारी हुनि भनिसकेपछि वहाँले नै त्यो चै माईन्युट कोल्ज गर्नि कुरा चै स्वभाविक हुन जान्छ भन्ने कुरा मलाई लाग्दछ र यहाँ उपाध्यक्ष बेगर अथवा कार्यकारी अधिकार नभएको व्यक्तिले पनि यसलाई कोल्ज गर्ने हुँदा खेरी फेरी पनि यो उपाध्यक्ष नियुक्ति गर्न तिर नलागिकन अर्कै ढङ्गले काम गर्न खोजेको होकि भन्ने आसङ्का जन्मिएको छ। यो आसङ्कालाई निवारण गर्नि काम सबैको हो भन्ने लाग्दछ। धन्यवाद।

<u>माननीय सभामुख</u>:- अब म माननीय भुमि व्यवस्था,कृषि तथा सहकारी मन्त्री श्री दावा दोर्जे लामालाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु।

<u>माननीय दावा दोर्जे लामा, मन्त्री, भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय</u>:- माननीय सभामुखज्यू, माननीय सदस्यज्यूहरु यो प्रदेश दुग्ध विकास बोर्डल भन्ने हामिले पहिला बनायौ। भर्खरै हामिले बागमती प्रदेश नामाकरण गर्यौं। र नामाकरण जतिखेर भयो त्यतिखेर यो प्रदेश नं.३ भनेर प्रस्ताव आईसक्या अवस्था थियो। त्यसकारणले यो प्राविधिक मिस्टेक भएको हो।

यो चै बागमती प्रदेश चै रओस भनेर माननीय ज्युहरुले प्रस्ताव राख्नुभाको छ। त्यो चाहि एकदम सहि कुरा हो। म त्यो कुरा स्वीकार गर्न चाहान्छु। बाँकि अर्को सवाल उठाउनुभाको छ। एउटा चै कार्यकारी पोस्ट भएको उपाध्यक्षलाई प्रमाणित गर्ने जिम्मा

नदिएर दुई सदस्य र त्यो चै अर्को एकजना सदस्य सचिवलाई कसरी दियो भन्ने सन्दर्भमा छलफल भएको हो। तर हामि सँग अहिले उपाध्यक्ष नियुक्ति भएको छैन्।

सदस्य सचिव हामिले कर्मचारीहरु चै राखेर नियुक्ति गर्न पाउने भएको हुनाले सदस्य सचिव अहिले राखि सकेको अवस्थामा अहिले भईरहेको बैठकहरुको प्रमाणित कसरी गर्ने भन्दाखेरी त छैन। उपाध्यक्षता छैन, उपाध्यक्ष नभईसकेपछि अहिले चै सदस्य सचिव र अब आउने सदस्यहरुले दुईजनाले प्रमाणित गरौ भन्ने हिसाबले यो प्रस्ताव ल्याएको कुरा यहाँहरुलाई जानकारी गराउन चाहान्छु। म अहिलेलाई यहाँहरुको भावना बुझि सकारात्मत हिसावले आउनुभाको छ। र म यहाँहरुको भावनालाई सम्मान र स्वागतपनि गरेर यसलाई अगाडि बढाँउ भन्ने कुरा राख्न चाहान्छु। धन्यवाद।

<u>माननीय सभामुख</u>ः- अब प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७५ लाई संशोधन गर्न बनेको बिधेयक माथिको दफावार छलफल यहि समाप्त हुन्छ।

माननीय सदस्यहरु,माननीय सदस्यहरुले राख्नुभएको तथा विधेयक प्रस्तुत कर्ताले स्वीकार गर्नुभएको अनुसाङ्गिक सुझावको संशोधनलाई प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकको अङ्ग बनोस भनि निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन, तसर्थ विधेयक प्रस्तुतकर्ता माननीय सदस्यहरुले स्वीकार गर्नुभएको विषयहरु प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७५ लाई संशोधन गर्न बनेको बिधेयकको अङ्ग बनेको घोषणा गर्दछु।

अब म प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७५ लाई संशोधन गर्न बनेको बिधेयकको दफा २ देखि ६ सम्म प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७५ लाई संशोधन गर्न बनेको बिधेयकको अङ्ग बनोस भन्ने निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन, तसर्थ प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७५ लाई संशोधन गर्न बनेको बिधेयकको दफा २ देखि ६ सम्म प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७५ लाई संशोधन गर्न बनेको बिधेयकको अङ्ग बनेको घोषणा गर्दछु।

अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउछु।

**प्रस्तावनाः** प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७५ लाई संशोधन गर्न बाल्छनिय भएकोले बागमती प्रदेशको प्रदेश सभाले यो ऐन बनाको छ।

**संक्षिप्त नाम र प्रारम्भः** यस ऐनको नामप्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७५ पहिलो संशोधन २०७६ रहेको छ।यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।अब म विधेयकको प्रस्तावना र नाम प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकको अङ्ग बनोस भन्नि निर्णयात प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले “हुन्न" भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन,तसर्थ प्रस्तावना र नाम प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकको अङ्ग बनेको घोषणा गर्दछु।

माननीय सदस्यहरु, अब म माननीय भुमि व्यवस्था,कृषि तथा सहकारी मन्त्री श्री दावा दोर्जे लामालाई प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक पारित गरियोस भन्ने प्रस्ताव पेश गर्न अनुमती दिन्छु।

**<u>माननीय दावा दोर्जे लामा, मन्त्री, भुमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय</u>ः-** माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक पारित गरियोस भन्ने प्रस्ताव सम्मानित सभामा पेश गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुख</u>ः-** अब प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकलाई पारित गरियोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन,तसर्थ प्रदेश दुग्ध विकास बोर्ड ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयकको सर्वसम्मतीले पारित भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु अब अर्को सुचना भएपछि बस्ने गरी यो बैठक स्थगित हुन्छ।

**(तदनन्तर बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो।)**

**अन्त्य - दिनको ५:०५ बजे।**

# प्रदेश सभा
# बागमती प्रदेश
# पाँचौ अधिवेशन
# कारवाहीको सम्पूर्ण विवरण

२७ माघ, २०७६

सोमबार

(बैठक संख्या - १२)

**प्रदेश सभाको पाँचौ अधिवेशको आजको बैठक माननीय सभामुख श्री सानुकुमार श्रेष्ठको अध्यक्षतामा दिनको ३:०० बजे प्रारम्भ भयो।**

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, प्रदेश सभाको आजको बैठकको कारवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरु, आज शुन्य समय र विशेष समयको कार्यक्रम नरहने व्यहोरा जानकारी गराउँदछु।

माननीय सदस्यहरु अब प्रश्न उत्तरको समय प्रारम्भ हुन्छ सर्वप्रथम म माननीय उद्योग वन पर्यटन तथा वातावरण मन्त्री अरुण प्रसाद नेपाल लाइ रोस्टममा आमन्त्रण गर्दछु।

अब म प्रश्न नम्वर दुईका प्रश्न कर्ता माननी रमेश पौड्याललाइ आफ्नो प्रश्न राख्न अनुमती दिन्छु।

**<u>माननीय रमेश पौड्याल (विवेकशील साझा पार्टी)</u>:-** माननीय सभामुखज्यू सभामुखज्युको अनुमतीले म मन्त्रीज्यूलाइ सभामुख मार्फत प्रश्न राख्न चाहान्छु। मेरो प्रश्न यस प्रकार रहेको छ।

हाल सन्चालीत भिजिट नेपाल २०२०को लागी मान्त्रलय बाट गरिएको खर्च र लगानी कारण २०२०मा यस प्रदेशमा भ्रमण गर्ने स्वादेशी तथा विदेशी पर्यटकहरुले पाइरहेको सेवा सुविधा को अतिरिक्त थप के के सुविधा प्राप्त गर्दछ।

**<u>माननीय सभामुख</u>:-** माननीय सदस्यहरु अब म माननीय उद्योग बन पर्यटन तथा वातावरण मन्त्री अरुण प्रसाद नेपाललाइ माननीय रमेश पौड्यालले राख्नु भएको प्रश्नको उत्तर दिन समय प्रदान गर्दछु।

**<u>माननीय अरुण प्रसाद नेपाल, मन्त्री, उद्योग बन पर्यटन तथा वातावरण मन्त्रालय</u>:-**माननीय सभामुखज्यू हाल प्रदेश सरकारले नेपालको भ्रमणवर्ष २०२०का लागि चालु आर्थिक वर्ष २०७६।७७ का लागी प्रचार प्रसारका लागि रु १० लाख विनियोजन गरेको छ नेपाल भ्रमण वर्ष २०२० का लागी भनेरनै प्रदेश सरकार यो पर्यटन वन तथा वातावरण मन्त्रालयले प्रत्यक्ष रकम विनियोजन नगरे पनि पर्यटनविकास पूर्वाधारले भ्रमण वर्षलाइ टेवा पुर्याउने छ।

पर्यटन पूर्वाधार विकासकालागी १ अर्व ६१ करोड विनियोजन भएको छ जुन कार्यन्वयन भैरहेको जानकारी गराउदछु। नेपाल भ्रमण वर्ष २०२०का लागि प्रदेश सरकारले पर्यटन प्रवर्दन योजना बनाइ कार्यन्वायनको लागी १ करोड २१ लाख थप रकम आर्थिक मामीला तथा योजना मन्त्रालयमा माग गरि पढाएको छ। हालै पर्यटक मेला महोत्सवका लागी एक निर्वाचन क्षेत्र एक मोल महोत्सव कार्यक्रम अन्तर्गत महोत्सवमा ३ करोड ३० लाख विनियोजन भै कार्यन्वयन भैरहेको छ।

स्वादेशी तथा विदेशी पर्यटकको आगमनले नयाँ गन्तव्य तथा नयाँ पर्यटनको पहिचानतथा विकास हुने छ अर्थतन्त्र चलयामान भै स्थानीय तहमा रोजगारि सृजना आयवृद्धि हुने छ पर्यटन विकास बाट आन्तरीक तथा बाह्रय पर्यटकमा रिक्रियसन अफरचुनोटि प्राप्त हुने छ प्रदेश सरकारले पर्यटन क्षेत्रको पूर्वाधार विकास बाट स्वादेशी तथा विदेशी पर्यटकका लागी नया गन्तव्य बन्ने छन ती स्थानहरुमा नयाँ सुविधाहरु प्राप्त हुने छ।

नीजि तथा समुदायीक क्षेत्र पर्यटन व्यावसायमा आर्कषित हुने छन पर्यटनको वसाइ समेत पर्यटकको वसाइ लम्विने छ। प्रदेश सरकारले पर्यटन क्षेत्रमा लगानी गरेवापत स्वादेशी तथा विदेशि पाहुनाहरुले सहज पहुच, सहज वासस्थान र सहज मनोरञ्जन प्राप्त गर्ने छन धन्यवाद।

**माननीय सभामुखः**-प्रश्न कर्ता माननीय सदस्यको कुनै पुरक प्रश्न भए राख्न अनुमती दिन्छु।

**रमेश पौड्याल (विवेकशील साझा पार्टी)**:- माननीय सभामुख महोदय म यो माननीय सभामुखज्यु मार्फत मन्त्रीज्यूलाइ धन्यवाद दिन चाहान्छु र पूरक प्रश्नको रुपमा म के राख्न चाहान्छु भने जसरी प्रदेशले चाहि मन्त्रालय मार्फत यो खर्चहरु गरिरहेको छ यसले चाहि देखिने गरि खास गरि जुन पर्यटन क्षेत्रमा जुन संलग्न सेवा प्रदायकहरु छन होटलहरु छन ट्रामल टुर्स कम्पनीहरु छन।

अरु पर्यटकीय स्थलको कुराहरु छ त्यस्ता ठाउँहरुमा ठोस रुपमा के काम भैरहेको छ ताकी अब हामीलाइ २०२० मा भित्र भिजिट गर्न जाउ जाउ लाग्ने होस किन भने हामी सबै जना नि पर्यटक नै हो पर्यटक भनेको विदेशी मात्र होइन स्वादेशी पनि हो त्यसले गर्दा खेरी मन्त्रालयले गरेको लगानी ले मन्त्रालयले गरेको खर्चको कारणले गर्दा खेरी कुन त्यस्तो वातावरण सृजना भएको छ र हामीलाइ चाहि यो २०२० मा हाम्रो प्रदेश भित्र हाम्रो देश भित्र भ्रमण गरिहालै। जस्तो लाग्ने स्थिति भएको छ म यो पुरक प्रश्नको रुपमा राख्न चाहान्छु। धन्यवाद

**माननीय सभामुखः-** माननीय मन्त्रीज्युलाइ पूरकप्रश्नको उत्तर दिन अनुमती दिन्छु।

**माननीय अरुण प्रसाद नेपाल, मन्त्री, उद्योग बन पर्यटन तथा वातावरण मन्त्रालयः**-हामीले हाम्रो प्रदेशमा खास गरि सरकारले चाहिने हाम्रो संवृद्धीको आधार हाम्रो रोजगारीको वृद्धि को निमित्ति पर्यटन क्षेत्र धेरै महत्वपूर्ण छ। र यो क्षेत्रमा चाहि सरकारको राम्रो बजेट लगानी गर्नु पर्छ भन्ने माननीयताको आधारमा अघिल्लो वर्षपनि हामीले ठिकै ढङ्गले हामीले काम गरेका थियौं र यो वर्ष १ अर्व ६५ करोड रुपैया हामीले त्यसलाइ विनियोज गरेका छौं र त्यसलाइ हामीले पूर्वाधार निर्माणमा काम गरिरहेका छौं हाम्रो देशमा एउटा समस्या के छ भने पर्यटन क्षेत्रमा पर्यटक बाहिर बाट आउछन काठमाण्डौमा अन्तर्राष्ट्रिय एरपोर्टमा अवतरण गर्छन दुइ दिन घुमेपछि काठमाण्डौं सकिन्छ अनि पोखरा जान्छन पर्यटकहरु पोखरामा दुइदिन घुमेपछि सकियो।

अनि चितवन आउछन त्यहाँ एक दुइ दिन घुमेपछि सकियो। यदी बुद्धिजम संग सम्वन्धित मान्छे रैछ भने लुम्विनी जान्छ नत्र भने पर्यटक पाँच सात दिन घुमेपछि सकिन्छ। र हामीले हाम्रो देशमा आएको पर्यटकहरुलाइ लामो समय सम्म राख्नु पर्छ जति उहाँहरुलाइ लामो समय सम्म राख्न सकियो त्यती हामीले वेनिफिट दिन सक्छौं त्यसो भएको हुनाले नयाँ गन्तव्यको विकास गर्नु पर्छ। भित्र रहेका गन्तव्य जो बाहिर आएका छैनन त्यसलाइ सोसल गर्नु पर्छ बाहिर ल्याउनु पर्छ प्रचारमा ल्याउनु पर्यो। र नयाँ गन्तव्य निर्माण पनि गर्नु पर्यो भनेर हामी ले मुल बाट निर्माण को काममा हामीले ध्यान केन्द्रत गरेका छौं। म यो संम्मानीत सदनलाइ जानकारी पनि गराउन चाहान्छु। हाम्रो देशमा हिलस्टेसनको कन्क्सेप्ट थिएन अरु हरु देशमा थियो हाम्रो देशमा थिएन।

हामीले हाम्रो प्रदेशमा १० वटा हिलस्टेसन विकास गर्ने योजना बनाएका छौं र यहि वर्ष सात वटा हिलस्टेसनको काम हुन्छ र कतिपय टेन्डरमा गहिरहेको छ र कतिपय टेन्डरको क्रममा छ अव ३ वटा हिलस्टेसन चाहि अध्यायनको क्रममा छ र ती हिलस्टेसनहरु हाम्रो एउटा पर्यटकीय गन्तव्य बन्न सक्छ भनेर हामीले एउटा योजना बनाएका छौं। त्यसै गरि हामीहरु सँग अरु ठाँउहरु पनि छ जस्तो उदाहरणको लागि

दोलखा र रामेछापको सैलुङ त्यो यतिधेरै सुन्दर खालको ठाँउ छ। त्यसलाइ राम्रो व्यवस्थित गर्ने भने हाम्रो प्रदेशको एउटा महत्वपूर्ण गन्तव्य हुन सक्छ यसमा हामीले काम गरिरहेका छौं।

जुगल हिमालको बारेमा हामीले आरोहण गर्यौं जुगल हिमाल पहिलो पटक मान्छेको पाहिला टेकिएको छ र त्यो प्रदेश सरकारको इनिसेटिपमा त्यो काम भएको छ र हामीले के गरेका छौं भने केहि छोटो अवधिमा हिमाल चढ्न चाहानु हुन्छ भने जुगल हिमाल जान सकिन्छ भने कुरालाइ स्थापित गरेका छौं। यो लगाएतका धेरै कामहामीले गरेका छौं। खास गरि भैतीक निर्माण गरेका छौं र एउटा हामीले घोषणा पनि गरेका छौं अब यसलाइ वर्ष वर्ष दिनको मात्र गरेर भएन यसलाइ दशकको रुपमा लानुपर्छ भनेर यसलाइ २०२० देखि २०३० को अवधी चाहि पर्यटन क्षेत्रको भैतीक पूर्वाधार निर्माण दशक भन्नु पर्छ भनेर निती कार्यक्रममा घोषणा पनि गरिएको छ।

तदअनुकुल बजेटको व्यवस्था पनि गरिएको छ यो आगामी यो वर्षमा पनि जान्छ त्यसो भएको हुनाले हाम्रो जति नि स्रोत छ जति हाम्रो सधान छ जति हाम्रो क्यापासिटि छ त्यो आधारमा पर्यटन क्षेत्रमा पर्यटन क्षेत्रको विकासको निमित्त हामी फुल गतिका साथ काम गरिरहेका छौं भन्ने म यो सम्मानीत सधानलाइ जानकारी गराउछु धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय मन्त्रीज्यू आसन ग्रहण गर्न सक्नु हुने छ माननीय सदस्यहरु आजको बैठकमा आजको बैठकमा माननीय विकास मन्त्री युवाराज दुलालले सार्वजनिक महत्वको विषयमा जानकारी दिन समय माग्नु भएको छ म उहाँलाइ बोल्न समय दिन्छु।

**<u>माननीय युवराज दुलाल, मन्त्री, सामाजिक विकास मन्त्रालयः</u>-** माननीय सभामुखज्यू, नोवल कोरोना भाइरस २०१९ एन सि ओ भी सक्रमण नियन्त्रण सम्वन्धि प्रदेश सरकारको तयारी बारे म संक्षिप्त संवोधन गर्न चाहान्छु।

सर्वप्रथम २०१९ नोवल कोरोना भाइरस को बारेमा यो सम्मानीत सभामा सक्षिप्त जानकारी गराउन चाहान्छु। अङ्ग्रेजी वर्ष सन १९को अन्तिम दिन ३१ डिसेम्बर

२०१९ तदनुशार १५ पुष २०७६का दिन हाम्रो छिमेकी मित्र राष्ट्रचिनको हुवेरि प्रान्तको उहान शाहरमा भटिएका निमोनियाका विरामीको कारण अज्ञात रहेको कुरा चिनियाँ स्वस्थ्य अधिकारी मार्फत विश्वा स्वस्थ्या संगठन चीन स्थित अफिसमा रिपोट भएको थियो। चीनियाँ राष्ट्रिय स्वास्थ्या आयोगको रिपोट अनुशार उहान सिटिको एक सिफर मार्केटबाट यो भाइरस आउटव्रिट भएको विश्व स्वासथ्या संगठनले जनवारी ११ मा जानकारी दिएको छ।

७ जनावरी २०२० मा चिँनिया स्वास्थ्या अधिकारीले यो नयाँ प्रकारको भाइरस भएको पत्ता लागएका जसको तर्दर्थ नाम २०१९ एन सि ओ भी नोवेल कोरोना भाइरस दिइयो। जसलाइ अहिले नोवल कोरोना भाइरसको नामले चिनिन्छ। यो भाइरस मानवमा पहिले पटक देखिएको हो। नोवल कोरोना भाइरस जनावर बाट जनावर, जनावर बाट मानिस र मानिस बाट मानिसमा सरेको पाइयो। सभामुख महोदय, स्मरणका लागि भाइरस को इतिहासलाइ हेर्दा सविर एक्यूड रेस्पिरेटोरी सिङ्ड्रोम सार्श कोरोना भाइरस, सिवेट क्याट्सबाट मानीसमा सरेको थियो भने, मिडिल एज रेस्पिरेटोरी सिङ्ड्रोम मर्स कोरोना भाइरस डोमेन्ड्रि क्यानेस बाट मानिसमा सरेको थियो।

सार्श संक्रमित मध्य करिव दश प्रतिशातको र मर्शसंक्रमित माध्य करिव ३७ प्रतिशतको मृत्यू भएको थियो। २०१९ नोवल कोरोना भाइरस बाट सक्रमितको मृत्यू दर करिव हाल सम्म २ दशमलव २ प्रतिशत रहेको छ। नेपालमा पहिलो पटक २०२० जनावरी २३ तदनुशार माघ ९, २०७६ मा परिक्षण गर्दा चीनबाट आएका एक नेपाली नागरिकलाइ सक्रमण भएको भेटियो हाल उक्त सक्रमित व्यक्तीलाइ स्वास्थ्यालाभ भएको छ। र नेपालमा त्यसयता नोवेल कोरोना भाइरस को कुनै पनि रिपोट छैन। नेपालमा यो रोग बाट हाल सम्म कसैको मृत्यू भएको छैन ज्वारो, खोकी, सिग्र एवम कडा श्वासप्रश्वस र श्वास फेर्न कठिनाइ, निमोनिया र मिर्गौलाले काम नगर्नु नोवल कोरोना भाइरसको लक्षण र चिन्ह पाइएको छ।

थाइल्याड जापान कोरिया हुदै अहिले विश्वाका २४ देशमा यो भाइरस को सक्रमित भेटिएको पुष्टि डब्लु एच ओ ले गरेको छ। नोवल कोरोना भाइरसका कारण ९

फुर्वरी सम्म विश्वास्तरमा ३७५५८ व्यक्ति संक्रमित भटिएको जस मध्यसबै भन्दा बढी ३७२५१ रहेको छ जसमध्य ६१८८ जना गम्भीर विरामी छन भने सक्रमित मध्य ८१२ जनाको मृत्यू भएको छ। चीन बाहिर एक जनाको मृत्यू भएको छ। नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको अनुसार चीनको उहान प्रान्तमा भएका नेपाली विद्यार्थीलाइ स्वादेश झिकाउने तयारी अगाडि बढाएको छ र त्यहाँबाट आउने व्यक्तिलाइ राख्नको लागि क्यारान्टाइनको व्यवस्था हुदै छ।

विश्व स्वास्थ्य संघ डब्लु एच ओ ले २०१९ नोवल कोरोना भाइरस विश्वास्तरमा उच्च जोखिम रहेको चेतावनी दिए संगै नेपाल सरकारले यस बारेमा पहलकदमी लिए संगै बागमती प्रदेश सरकारको तर्फ बाट सामाजीक विकास मन्त्रालयले आवश्यक कार्यगरिरहेक छ। हाल सम्म निम्न कार्य भएको छ नोवेल कोरोना भाइरस २०१९ को नियन्त्रणको लागि रोकथामको रणनिति अबलम्वन गरिएको हो। रणनिति यस प्रकार रहेक छ व्यक्ति व्यक्ती बाट हुने सक्रमणलाइ सिमित गर्ने खचा खचको अवस्था र स्वास्थ्या कर्मीको विच हुने सक्रमण बाट बच्ने सक्रमण वृद्धिगर्ने परिस्थितिलाइ रोक्ने। अन्तराष्ट्रिय स्तर बाट हुने सक्रमणको अवस्था लाई रोक्ने। रोगको पहिचान पृथकीकरण रेखदेख र रोगीको आवश्यक उपचार गर्ने।

जनावरको स्रोत बाट हुने सक्ने जोखिम को पहिचान र रोकथाम गर्ने। मिल्दा जुल्दा भएको माहामारीको पहिचान र व्यवस्थापन गर्ने। जोखिम पूर्ण व्यवहार जमघटको बारेमा समुदायलाइ जानकारी गराउने। अपबाहरुलाइ समयमा नै चिर्ने। बहुपक्षिय सहकार्यमा सामाजिक र आर्थिक नकारात्मक प्रभाव लाइ कम गर्ने। प्रदेश सरकार बाट भएका थप क्रियाकलाप एक मुख्य मन्त्रि तथा मन्त्रिपरिषद् को कार्यलय बाट चासो र माननीय मुख्य मन्त्री ज्यु बाट निर्देशन प्राप्त भएको। सामाजिक विकास मन्त्रालयमा आवश्यक छलफल र बैठक वसि सचिवको नेतृत्वमा अनुगमन समिति गठन गरि कार्य गरिरहेको। उक्त समिति यस प्रकार रहेको छ संयोजक गोकर्ण मणि दुवाडी सचिव सामाजीक विकास मन्त्रालय सदस्यहरु रमेश प्रसाद अधिकारी निर्देशक स्वास्थ्या निर्देशनालय बद्रि बाहादुर खड्का निर्देशनालय, प्रदेश स्वास्थ्य तलिम केन्द्र, वसन्त अधिकारी प्रेदश स्वास्थ्य आपूर्ती व्यवस्थापन केन्द्र नारायण कार्की प्रदेश जनस्वास्थ्य

प्रयोगशाला सदस्य सचिव डाक्टर पुरुसोत्तम सेढाइ अस्पताल तथा चिकिस्सा माहासाख प्रमुख मन्त्रालय।

३ प्रदेश स्तरीय द्रुत प्रतिकारी टोली आर आर टिको बैठक र विभिन् क्रियाकलाप सन्चालन गरिरहेको। स्वास्थ्य निर्देशनालाइ आर आर टि निम्न अनुशारको रहेको छ संयोजक रमेश प्रसाद अधिकारी निर्देशक स्वास्थ्य निर्देशनालय, सदस्य प्रहरी प्रमुख, प्रदेश मस्यतथा पशुपक्षी निर्देशनालय का प्रमुख सदस्य, प्रमुख सामाजीक विकास माहाशाखा विकास मन्त्रालय सदस्य मोडिकल शुपरीटेन्डेन हेटौडा अस्पताल सदस्य प्रमुख स्वास्थ्य कार्यलय मकवानपुर सदस्य सदस्य सचिव डाक्टर अर्जुन सापकोटा निर्देशनालय प्रत्येक तालिम एवम गोष्टिहरुमा नोवल कोरोना भाइरस छोटो सत्र राखी कार्यक्रमको कार्यक्रम गर्न परिपत्र गरियको।

५ प्रदेश अस्पताल हरुमा पृथ्यक कोठा आइसोलेसन रुम र संकास्पद बिरामी र विरामीको व्यवस्थापन गर्ने व्यवस्था मिलाइएको। ६ विभिन्न आमसन्चार माध्यमहरु बाट नोवल कोरोना भाइरसको बारे जानकारी गरिएको, जस्तै पर्मप्लेट पोस्टर फेल्यक्स एफेम रोडियो टिभी आदि। ७ प्रत्येक अस्पताल र आयुर्वेद चिकिस्सालाइ निर्देशन र मन्त्रालयको तर्फबाट निन्तर सहयोग गरिरहेको ८ संक्रमण रोकथामको लागी अन्य आवश्यक व्यवस्थापन गर्नको लागि निर्देशन र बजेटको व्यवस्था गरिएको अस्पताल हरुको लागि। ९ तातो पानी रसुवागडि र भरतपुर विमानस्थलमा सय कक्ष स्थापना र सन्चालन गरिएको १० कन्टिन्यूउ मेडिकलएजुकेशन कन्टिन्यूउ नर्सिङ एजुकेशनमा यो विषय छलफल गर्न लगाइएको ११ इन्फारेट थर्मीमिटर खरित गरि अस्पताल पठाइकएको र थप आवश्यक खरिद गर्न अस्पताल लाइ निर्देशन दिइएको, १२ स्वास्थ्य कर्मिले लगाउनु व्यक्तीगत सुरक्षा उपकरण पर्सनल प्रटेक्सन इक्कुमेन्ट पि पिइ खरिद गरि आवश्यक कार्य गरिएको र आन्तरिक भएको लागी प्रयोगमा ल्याउने व्यवस्था गरिएको। १३ स्कुल हेल्थ नर्स मार्फत सुचना सन्देश जानकारी गराइएको।

माननीय सभामुखज्यू सक्रमण बाट बच्ने अचुक उपाइ व्यवहारीक अभ्यास भएको ले निम्न अनुशार व्यवहारीक अभ्यास गर्न जोड दिने गरि कार्यक्रम अगाडि बढाइएको छ

१ रोगको सरु अवस्था पत्ता लागइ बिरामीलाइ छुट्टैराखेर उपचार गर्न जनावर बाट मानिसमा सर्न सक्ने भएको ले शर्तकता अपनाउन जनचेतना अभिवृद्धि गर्न यस बारेको नयाँ र थप कुरा पत्ता लगाउन अनावश्यक अवाह फैलिन नदिन पटक पटक सावुन पानीले हात धुन, खोक्दा हछ्यूँयु गर्दा मुख छोप्न हातको सट्टा पाखुरा खुम्चाएर प्रयोग गर्न आखाँ नाक मुखमा पटक पटक हात नलैजान नछुन, ज्वारो आएको व्यक्ति संग दुरी करिब ३ फिटकायम गरि सम्पर्क गर्न, र ज्वारो आएको व्यक्तीले नजिकको स्वास्थ्य सस्थामा सम्पर्क गर्न संकास्पद जनावरको संम्पर्क बाट बच्च।

मासु अण्डा लगाएतका खाने कुरा पकाएर मात्र खाने अन्तमा बागमती प्रदेश सरकारले २०१९ नोवल कोरोना भाइरस को विश्वास्तरमा बढ्दै गैरहेको सक्रमणको जोखिमलाइ गम्भिर रुपले लिएको छ। यस बाट प्रदेश भित्र वसोवास गर्ने सबैलाइ सुरक्षीत राख्न सक्रमित व्यक्ती फेलापरेमा आवश्यक प्रक्रिया अनुशार उपचार गर्न र थप सक्रमण विस्तार हुन नदिन भगिरथ प्रयत्न गर्ने छ। यसकार्य लगाएत डेङ्गो स्क्रवटाँइफस जस्ता रोगहरु बाट बच्न प्रदेश सरकारको तर्फबाट उच्च सक्रियता र गम्भिरताका साथ भुमिका निर्वाह गरिने छ साथै प्रदेश सरकार प्रदेश सभा मार्फत समेत यथोचित भुभीका निर्वाह गर्नको लागि प्रदेश भित्रका सम्पूर्ण स्थानिय तहका सरकार आम सन्चार माध्यम आम सचेत जनसमुदायलाइ हार्दिक अनुरोध गर्दछ।

अफवाहको पछि नलागी सयतथ्य पत्तालगाएर मात्रै कुनै प्रर्तिकृया दिन। कुनै निर्णय गर्न सम्वन्धित सबैमा आवाह्न गर्दछ। यस्ता किसिमका माहामारीमा सबै पक्षको साझा प्रयत्न बाट बच्न सकिन्न छ धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु यस विषयमा केहि प्रश्न छ भने राख्न समय दिन्छु।

माननीय रमेश पौड्याल

**<u>माननीय रमेश पौड्याल (विवेकशील साझा पार्टी)</u>ः-** माननीय सभामुखज्यू म बखैरै मन्त्रीज्यूले नोवल कोरोना भाइरस को बारेमा राख्नु भएको विषय वस्तु प्रति उहाँलाइ

धन्यवाद दिन चाहान्छु। र साथसाथै म के राख्न चाहान्छु भन्देखी यो १८० जना नेपाली नागरिकहरुले चाहि चाइनाको उहान प्रान्त बाट उहाँहरुले हामी घर फर्कन पाउभनेर उहाँले फार्म भर्नु भयो र कुनै पनि राष्ट्रको पहिचान भनेको उसको सक्षमताको परिक्षण भनेको कुन बेला हुन्छ भन्दा खेरी सभामुख महोदय संकटकको बेलाम हुन्छ।

आज यत्रादिन वितिसक्दा खेरी विकसित राष्ट्रहरुले आफ्नो नागरिक उहिलेनै उद्धार गरेर आफ्नो देशमा लैसके। त्यस्तो भन्दा खेरी नेपालत विकसीत होइन हामीले त कहाँ सकछौं भनिएला नेपाल जस्तो हाराहारीमा रहेका इरान, श्रीलङ्का जस्ता देशले आफ्नो नागरिक फिर्ता लैसक्दा खेरी आज जुन अहिले मन्त्रि ज्युको जुन अहिले व्यक्तव्य आएको छ त्यसले चाहि कहिले सम्म उहान बाट यहाँ फर्किन पाउछन त्यसले कुनै सन्देश व्यक्त भएको छैन।

यो नितान्त दुखको कुरा छ सभामुख महोदय त्यसले गर्दा म सभामुख मार्फत जोडदार माग के गर्न चाहान्छु भन्दा खेरी जति सकै छिटो ती नेपालीहरुलाइ चाहि यता फिर्ता गर्ने वातावरण बनोस किनभन्दा खेरी आज ती नेपालीको परिवारहरु मन्त्रालय मन्त्रालय चाहारेर मन्त्रि मन्त्री गुहारेर हिड्ने स्थिति बनेको छ। यो अत्यन्त दुखद स्थिति हो पहिलो कुरा दोस्रो कुरा म के राख्न चाहान्छु भने सभामुख महोदय यो प्रदेश को कुरा गर्दा खेरी मन्त्री ज्यूले अहिले भर्खरै राख्नु भएको तातो पानी नाका रसुवागडि नाका र भरतपुर एर्पोटमा चाहि उहाले मेरो विचारमा होल्थडेक्स जस्तो लाग्छ उहाले त्यो व्यवस्था गरियो भन्नु भयो प्रदेश बाट त्यसको लागी म धन्यवाद दिन चाहान्छु सरकारलाइ। साथै म के प्रश्न गर्न चाहान्छु भने के त्यो पर्याप्त छ त यो हिमालबाट हिउँ पग्लेर नदि चाहि उत्तर बाट दक्षिण वगेजस्तो कोरोना भाइरस माथिबाट तलमात्र त बग्ने होइन होला उत्तर बाट दक्षिण मात्र आउने होइन होला यो दक्षिण बाट उत्तरमा पनि आउन सक्छ होला तलबाट माथि पनि जान सक्छ होला।

यो चाइनाबाटमात्र आउने कुरा होइन यो संसारको कुनै पनि देश बाट आउनसक्छ। हाम्रो चाहि जतिपनि स्थलनाकाहरु छन ती सबै ठाउँबाट आउन सक्छ यहि प्रदेशामा रहेको चितवनको ठोरीनाकाबाट पनि आउन सक्छ जति पनि हाम्रो

यातायात सन्जाल एउटै छ त्यसले गर्दा यो प्रदेश ले जे गरिरहेको छ त्यसलाइ अङ्ग्रजीमा भन्दा खेरी टु लिटिल टु लेट भन्छ यो नगन्यमात्रमा मात्रै प्रयास भैरहेको देखिन्छ त्यसले गर्दा यतिको प्रयासले पुग्दैन अलि कति सरकारको तहबाट गर्ने अलिकति देखिने गरि प्रयास हुनु पर्यो भनि राख्न चाहान्छु धन्यावद।

**<u>माननीय सभामुखः</u>-** माननीय विजया केसी

**<u>माननीय विजया के.सी. (नेपाली कांग्रेस)</u>ः-** सभामुख महोदय, मेरो पनि दुइवटा प्रश्न छ नम्बर १ माननीय रमेश पौड्याल ज्युले जुन प्रश्न राख्नु भएको थियो त्यो मैले पनि राख्न चाहेको छु। उहानमा भएका विद्यार्थीहरु अत्यन्त निराशा जनकअवस्थामा छन उनिहरुले बार बार गुहारीरहेका छन हाम्रो देशमा फिर्ता गरियोस भनेर।

तर हाम्रो सरकारले बल्ल अहिले आइसोलेसन वार्ड र आइसोलेसन आवासको व्यवस्था गर्ने खोजी अहिले गर्दै छ। सार संसारको देशले आफ्नो विद्यार्थी आफ्नो नागरिक फिर्ता लगिसके बेलायतमा पनि हिजो लास्ट ट्रीपपनि लगिसके हाम्रो किन यस्तो निराशा जनक अवस्था आयो। यसलाइ किन महत्वपूर्ण दीइएन सरकारले अझ पनि आज भन्दै थियो न्युजमा अझैपनि १०\१२ दिन लाग्छ होला यो अवस्थाको कहिले निराकण हुन्छ होला एउटा प्रश्न यो छ अर्को टेकुअस्पताल जस्तै यो कोरोना भाइरस स्वाइनफ्ल्यु जस्तो सक्रमण कालीन रोगहरुको जाच ने त्यो क्यालीटिको एउटै हस्पिटल हो जो चिलिस पचास वर्ष पुरानो भैसक्यो र त्यहा अहिले पनि अलि राम्रो खालको मेसिन पनि छैन र दक्ष प्रविधिक पनि छैन भन्ने हामीले मिडियामा सुनेका छौं। यसको लागी सरकारले के व्यवस्था गरेको छ।

दोस्रो कोइसन मेरो यो। तेस्रो कोइसन के छ भने मैले सामाजीक सन्जालमा नै पढेको कुरा हो त्यहाँ विज्ञहरुको को र डाक्टरसवहरुको नै कम्प्पेलन थियो। विभाग अहिले मैले विर्से कुन चाहि नि विभागमा दक्ष डाक्टर चाहिने ठाउँमा यो आयुर्वेदिक हस्पिटलको डाक्टरलाइ यो पार्टिको भागबन्डामा पारेर त्यसरी लगेको रैछ यो पनि एकदमै निराशाजनक भयो उहाँले जव त्यो विषयमा थाहा छैन भने भागबन्डामा लाग्ने

जिन्दगीको सवालमा भागबन्डाको खोल नखेलुन सरकारले भनेर उहाहरुको भनाइ रहेछ यो पनि के हो भनेर म वुझ्न चाहान्छु। धन्यावद जय नेपाल।

**<u>माननीय सभामुखः</u>-** माननीय सुरेन्द्र राज गोसाइ

**<u>माननीय सुरेन्द्र राज गोसाइ (नेपाल मजदुर किसान पार्टी )</u>ः-** सभामुख महोदय अहिले विश्वामा अत्यन्त चर्चित र मानवजिवन संग अत्यन्तै जोडिएको प्रसङ्गमा यहाँ माननीय मन्त्रिज्यूले जुन भनाइ राख्नु भयो त्यसको निम्ती हार्दिक आभार व्यक्त गर्दछु।

र उहाँले माननीय मन्त्रीज्यूले आफ्नो अभिव्यक्ती राख्ने क्रममा उहान प्रान्त उल्लेख गर्नु भयो त्यो बास्तवमा उहान प्रान्त होइन हुवेहि प्रान्त हो। हुवेहि प्रान्तको एउटा महत्वपूर्ण शहर उहान हो र साथ साथै कोरोना भाइरस बारेमा सचेतना आवश्यक छ र यसबारेमा जुन किसिमले विभिन्न हल्लाहा भै रहेका छन त्यो हल्लाहरु चिर्ने बारेमा कसरी के योजना छ त्यस विषयमा पनि जनमानसमा सरकारले प्रष्टपार्न आवश्यक छ साथ साथै विश्वाका विभिन्न देश हरुले चीन मा आइपरेको यो एक प्रकारको प्रकृतीक सकटको विषयलाइ लिएर सहयोगको हात अगाडिबढाइ सकेको अवस्था छ।

नेपाल सरकार साथ साथै हाम्रो प्रदेश सरकारले त्यो सहयोग दिने अथवा भनै सक्दो सहयोग भनै साङ्केतीक सहयोग दिने योजना छ। कि छैन? र अन्यत्र बाट यदि हामी जोडिएको देश ले त्यो सहयोग एक्यैवद्धता जनाउन सक्दैन्यौं भने त्यो पनि एक प्रकारको कमजोरी हुने छ। त्यो जिज्ञासा म राख्न चाहान्छु। सहयोग दिने हाम्रो योजना छ या छैन या दिइसकेका छौं भने त्यो के कस्तो स्थितिमा छ।

साथ साथै उहान बाट फर्काइने हाम्रा नेपाली हाम्रा दाजुभाइ दिदि वहिनीहरु उहान बाट फर्काइने हाम्रा दाजुभाइ दिदि बहिनिहरु लाइ नेपालका घना वस्तिहरुमा राखीने त्यो किसिमको तयारी अगाडि बढाइ रहेको भन्ने समाचार आएको छ। विषेश गरेर काठमाण्डौ उपत्यकामा भक्तपुर र काडमाण्डौं राखिने चर्चा छ यदि त्यो हल्ला यदि सरकार तयारीको रुपमा अगाडि बढिरहेको छ भने त्यसबाट पनि संभावीत दुर्घटनालाइ पनि ध्यान पुर्याउनु पर्ने आवश्यकता छ।

घना वस्तीहरुमा नराखीकन कुनै एउटा विषेश तयारी का साथ एउटा क्वारान्टाइन राम्रो वन्दवस्त र राम्रो तयारी भैसके पछि मात्र अगाडि वढ्नु पर्ने अहिलेको नेपाली जनताको अथवा सचेत दाजुभाइ तथा दिदिवहिनीहरुको त्यो आवाज छ त्यस विषयमा सरकारको हाम्रो प्रदेश सरकारको तयारी के छ भन्ने म प्रश्न जोड्न चाहान्छु हस्त धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय नरोत्तम बैद्य

**<u>माननीय नरोत्तम बैद्य (नेपाली कांग्रेस)</u>ः-** यो कोरोना भाइरसको जुन माहामारी अहिले संसार भरि फैलिरहेको छ त्यो सिलसिलामा मन्त्री ज्यूले आफ्नो देशमा त्यो प्रदेश अन्तर्गत के के गर्न सकिन्छ र के के गर्दै छौं भन्ने बारेमा जुन जानकारी छ त्यो उहाले दिनु भयो त्यसको लागी मन्त्री ज्यू प्रती आभारी छु विशेषगरि नेपाल, चीन र भारत संग च्यापिएको देश भारत संग खुल्ला सिमाना चाइना चाहिनि खुला सिमाना नभए पनि अलिकति क्लोज त्यसैले।

तातो पनि नाकामा क्वारान्टाइन चेक पोष्ट राख्ने त्यहा उ गर्ने कुरा चाहि सकारात्मक छ तर चाइनाको चेकपोष्ट त्यो तातो पानी नाकामा मात्रै होइन त्यता तिर पनि हाम्रो ध्यान चाइना बाट हाम्रो ध्यान त्यो चाइना बाट अहिले ससार भरि फैलिएको भएता पनि सबै भन्दा बढि मृत्यू हुने सबैभन्दा पहिला रोगको सरुवात हुने चाइनामा भएको कारणले गर्दा बढि ध्यान चाहि हाम्रो चाइनाम नै जानु पर्छ बढी सतर्कता चाइनाबाट आउने मान्छेहरु बाटै हुनु पर्छ। त्यसको लागि प्रदेश ले पनि विषेश पहल गर्न जरुरी छ अहिले जति गरेको छ। त्यो अलिकती पुगेनकि भन्ने कुरा हो।

अनि दोस्रो कुरा के भने अहिले सरकार प्रती यो चाहिने विश्वासनै घुमे अहिले त्यो चाइनामा भएका नेपाली हरु नेपाली विद्यार्थी हरु मानवअधिकार आयोगमा गुहार माग्ने गहिरहेको अवस्था छ। आजको अखबार हेर्दा खेरी रोएर गुहार मागेको अवस्था छ।

त्यसैले सरकारले यसलाइ संवेदनशिल रुपमा नलिदा खेरी यो अन्तर्राष्टिय रुपमा गुहार माग्न जाने अवस्था हरु सृजना हुदै गएको छ त्यसैले सरकारले यस प्रती बढि ध्यान दियो भन्ने कुरा मेरो आग्रह हो।

**<u>माननीय सभामुखः</u>-** माननीय प्रभात तमाङ्

**<u>माननीय प्रभात तमाङ् (नेपाली कांग्रेस)</u>ः-** माननीय सभामुखज्यू माननीय मन्त्रीज्युले राख्नु भएको कोरोना भाइरसको बारेमा एउटा कुरा मलाइ कन्फ्यूजन छ त्यो कन्फ्यूजन दुर गर्दिन हुन अनुरोध गर्दछु। त्यो कन्फ्यूजन के हो भने नेपालमा पनि एक जना कोरोना भाइरस को सक्रमित देखिएको भनेर उहाँले भन्नु भयो।

त्यो सक्रमीत कुन हस्पिटल ले कहाँबाट सटिफाई भयो त्यो पनि भन्दिनु होला। यदि नेपालमा साच्चीनै त्यो भाइरस सक्रमित देखियो भने माननीयमन्त्रीज्यूको यो अभिव्यक्तीले यहाँ त्रसित हुने छ त्यसकारणले गर्दा यो सर्टिफाइ नभएको कुरालाइ माननीय मन्त्रीज्यूले भन्नु भएको होकि भन्ने मेरो आशंका हो त्यती मात्रै प्रश्न हो मेरो

**<u>माननीय सभामुखः</u>-** माननीय केशव पोखरेल

**<u>माननीय केशव प्रसाद पोखरेल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>ः-** माननीय सभामुख महोदय माननीय समाजिक मन्त्रिज्यूले हालै आतंकित भनाइरहेको नोवेल कोरोना भाइरसको सम्वन्धमा र प्रदेश सरकारबाट भएका गतिविधि हरुको बारेमा रोकथामकालागी चालेका कदमहरुको बारेमा जुन प्रस्तुत गर्नु भएको छ म धन्यावाद दिन चाहान्छु।

सरकारलाइ विषेश गरि अहिलेको स्वास्थ्य जगतमा सबै भन्दा ठुलो चुनौती भनेको यस्ताखालका सरुवा रोगहरु विषेश गरि यो ट्रस्मिटेट रोगहरु अहिले विश्वाव्यापी रुपमा चुनौती हुदै छन। एक पछि अर्को आवरणमा एक पछि अर्को आकार प्रकारमा विश्वास्वास्थ्य जगतलाइ एउटा चुनौती दिने रोगहरु आइरहेको छ। यो नयाँ स्वारुप अहिलेको कोरोना भाइरस हो। जे जहा बाट आएपनि समस्या आइसकेपछि मात्रै

सावधानीका कुराहरु गर्नु भन्दा अबको युग भनेको यस्ता रोगहरु को युग हो। त्यसकारणले अब यो प्रदेश सरकारले मलाइ लाग्छ यो पछाडि यस्ता खालका आउने सक्ने संवाभित रोगहरुको बारेमा व्यापक प्रचारका कुराहरु र सवधानीको कुराहरु गर्नको लागी छुट्टै सम्यन्त्र नै खडा गरेर जानु पर्छ भनेर मलाइ यो मैले एउटा सुझाव दिन चाहेको।

र अर्को चाइनामा रहेका विद्यार्थीहरु लगाएत नेपालीहरुलाइ तत्काल रेस्क्यू गर्ने र यहाँ ल्याएर राख्ने ठाउँमा हामीले केन्द्रिय सरकारलाइ पनि ध्यानाकर्षण गराउनु पर्छ भन्ने माग गर्न चाहान्छु। अहिले यो विचमा सरकारले खोलेको भुमिका लाइ म धन्यावाद ज्ञापन गर्दै अबका दिन हरुमा मैले विशेष गरि हाम्रो मा अपनाइएको आएको कुरा पनि मन्त्रिज्यूले उठाउनु भएको छ। हामी कतिपय चेतना कमजोर भएको समाज हाम्रो छ। यो समाजमा धेरै अफवाहहरु छ।

सबै झाक्री हुने सबै डाक्टर हुने पनि परम्परा छ चेतना कम भएको ठाउँमा। त्यसैले हामीले हाम्रा विचमा रहेको स्वास्थ्य केन्द्र मार्फत उपस्वास्थ्य चौकी, स्वास्थ्य चौकी अन्तर्गत रहेका स्वायम सेविकाहरुलाइ ब्यापक रुपमा परिचालन गर्ने कार्यक्रम के भन्दै छ उनीहरुलाइ परिचालन गरेर घर घरमा हाम्रा सन्देश हरु पुर्याउने एउटा जरुरी छ भन्ने लाग्छ। भनेको अहिले जनमानसमा एक खालको आतङक छ यो आइसक्यो के केन हुन्छ त्यस्तै सब वर्वाद पार्यो कि भन्ने आतङक छ त्यो आतङ्कले गर्दा मान्छे झन अतासिने र सामाननीय रुपमा कमन कोल्ड हुदा खेरी रुघाखोकी मात्रै हुदा खेरी मान्छे अत्तालीएर दश ठाउमा धेरै थरिका औषधीहरु गरेका कुराहरु छ त्यो देखिन्छ।

विगतमा पनि भाइरलले पनि त्यस्तो खालको स्थिति बनाएको थियो त्यो हुन नदिनको लागी कम्तीमा यो रोगको सावधानी के के हुन सक्छ हामीले के के सावाधानी अपनाउनु पर्छ र तत्काल भैसके पछि स्वास्थ्य केन्द्रमा जाने खालको कुराहरु हाम्रा हेल्थडेक्सहरुमा हेल्थडेक्सहरुलाइ बढाएर त्यहाँ जानेखालमा जोड गर्न र घर घर सन्देश पुर्याउन समय निर्माण गर्नु पर्छ भन्ने लाग्छ। प्रदेश सरकारको आफ्नो संयन्त्रत परिचालीत

भएको मन्त्री ज्युले बताउनु भयो अरु नाकाहरुमा पनि ध्यान दिनु जरुरी छ भने लाग्छ हस्स त धन्यवाद।

**माननीय सभामुखः-** माननीय राजकाजी महर्जन

**मानननीय राजकाजी महर्जन (नेपाल कम्युनिष्ट पार्टी (नेकपा)):-** सहभामुख महोदय यो विपतको जुन हामी यो प्रकृतीक विपतको पूर्वतयारीको हिसावले मन्त्रीज्यूले आफ्नो तयारी गर्नु भएको छ र प्रदेश सरकारको तर्फबाट जुन एउटा तयारी गर्नु भएको एउटा सुचना जारी गरिएको छ त्यसको लागी विषेश धन्यवाद दिन चाहान्छु।

र एउटा प्रकृतीक रोग संग हामी लड्नको लागी सिङ्गो राष्ट्र सगं अहिले जुन एउटा हामीले तयारीको फेजमा हामीले आफ्नो छलफल चलाइरखेका छौं र यसमा विषेश गरि अलिकति अहिले हामीले ध्यान दिनुपर्ने विषय कोरोना भाइरसको विषयमा अहिले जुन एउटा छलफलको क्रममा पनि जसरी एउटा समुहिकताको हिसावले यसलाइ अगाडि बढाउने हिसावमा कमि भएको छ।

यसलाइ सामुहिक रुपमा यसको चाहि सामना गर्ने राष्ट्रीय स्तरको एउटा छलफलको आवश्यकता हामीले महसुस गरेका छौं यसैमा हामी टेकेर फेरी पनि यसलाइ सिङ्गो इकाइमा लगेर देशभरिमा सिङ्गो इकाइहरुमा लगेर प्रदेश भरिमा सिङ्गो इकाइमा लगेर यसको जनचेतना फैलाउन सायद पहिलो काम गर्नु पर्छ भन्ने मलाइ लाग्छ विभेद गरि सघ र प्रदेशका विभिन्न निकायहरुले यो रोगलाइ यो भाइरसलाइ चाहि हामीले निमितेन्न गर्नको लागी र यसको भनै यसको उपचार त्यसको संगसँगै यसलाइ निर्मुल गर्नको लागी हाम्रो तर्फबाट पनि जसरी संघको सरकारले र प्रदेशको सरकारले चीन सरकारलाइ जसरी अहिले माक्स चाहि संकट परेको बेलामा अभाव भएको बेलामा त्यसलाइ पठाउने काम पनि भएको छ। यो पनि एउटा सकारात्मक सन्देश जुन बाहिर गएको छ।

यो संग सँगै हाम्रो पनि नेपालको एउटा कन्ट्रीवीउट जसरी हामीले चीन सरकारलाइ गरेका छौं। यो संग संगै फेरी पनि अब देश भरीका सम्पूर्ण स्वास्थ्य चौकी

र सम्पूर्ण एउटा ठाउँहरुमा यसलाइ चेक जाच र त्यस पछि गएर यसको उपचार विधिका विषयका पनि जनचेतना जगाउने एउटा मुख्य कार्यभार हाम्रो प्रदेश सरकारलाइ पनि छ भन्ने मलाइ लाग्छ र सगसंगै उपत्यकाको विषयमा विदेशबाट जस्तै चीनमा रहनु भएका सबै जो विद्यार्थि हुनुन्छ त्यहाँ पढ्न गएका सम्पूर्ण विद्यार्थीलाइ उचित ढङ्गबाट हामीले एउटा तुरुन्त हामीले एउटा सोफ ल्यान्डिङ गर्ने गरि सुरक्षित स्थान दिने गरि हामिले सायद हामीले पनि सहयोग गर्नु पर्ने र प्रदेश सरकार र संघको सरकारलाइ पनि सचेत गराउने गरि प्रदेश सरकारले एउटा चाहि विषेश कदमहरु चालियोस भन्ने प्रश्नहरु पनि गर्नु चाहान्छु। धन्यावद।

**<u>माननीय सभामुखः</u>-** माननीय डा. राजेन्द्रमान श्रेष्ठ

**<u>माननीय डा. राजेन्द्रमान श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>:-** सभामुख महोदय सामाजीक विकास मन्त्रीज्यूले भर्खरै नोवेल कोरोना भाइरसको सक्रमणको बारेमा जुन समसामहीक विषयको जानकारी दिनु भयो यसको लागि म धन्यावाद दिन चाहान्छु। यति खेर मित्र राष्ट्र चीनमा कोरोना भाइरसले निकै ठुलो जनतालाइ निकै ठुलो संक्रमण भएको क्षण हो यसको विरुद्ध त्यहाँको सरकार त्यहाको कम्निष्ट पार्टि जनताहरु अत्यन्तै महिनतका साथ यस विरुद्ध लागि रहेका छन उहाँहरुले छिट्टै सफलता पाउने म विश्वास गर्छु। शुभकामना पनि दिन चाहान्छु।

चीन बाट नेपाली हरुलाइ फर्काउने सन्दर्भमा अन्योल रहेको मैले ठानेको छु जहाँ सम्म नेपाली विद्यार्थी हरु नेपाल यति खेर आउने कुरा स्वाभावीक हो आफ्ना घर फर्कने भन्ने धेरै ठुला राष्ट्रहरुले अन्य राष्ट्रहरुले आफ्ना नागरीक हरुलाइ स्वादेश फर्काउने काम गरिसके। हामीले गरेका छैनौं। चीनियाँ सरकारले कुनै पनि देशका नागरिकहरुलाइ ७२ घण्टे सुचना अगाडि नै सुचना दिनु पर्छ भनि रहेको छ।

यो उसको आन्तरिक तयारीको हिसाबमा अत्यन्तै राम्रो कुरा छ। यति खेर आम जनताको विचमा भ्रम के परिरहेको म देख्छु भने चीन बाट नेपाल फर्कने अथवा चीन बाट विदेशमा यति खेर फर्कने हरु विरामी होइनन स्वास्थ्य नागरीक हुन। नेपालमा

फर्कने ती नेपाली विद्यार्थीहरु बिरामी भएको खण्डमा उनिहरु नेपालमा फर्कन पाउदैनन चीनमै राखेर उपचार गर्ने छन। स्वास्थ्य भएर फर्कने हो अथवा निरोगीताक प्रमाण सहित नेपाली हरु फर्कन पाउछ। जहाँ सम्म सक्रमीत देश बाट हाम्रो देशमा नेपाली विद्यार्थीहरु फर्कने कुरा छ फर्कीसके पछि पनि अन्तराष्ट्रीय कानुन अनुशार स्वास्थ्यको नियम अनुशार क्वारान्टाइनमा परिक्षित हुनु पर्दछ त्यो १५ दिन सम्म रहनु पर्ने बाध्यताले गर्दा खेरी स्थान चयनको कुराहरु भैरहेको हो उता पाइरहेको हाल भन्ने लाग्छ।

तर यो ढिला भैरहेको छ जति सक्यौ उती छिट्टौ खुला स्थानमा यसको व्यवस्थापन गर्न आवश्यकता छ। सभामुख महोदय यो कोरोना भाइरस आइरहेको जस्तै कुनै बेला भेलीका दिनमा अरु कुनै पनि भाइरस फेरी पनि आउन सक्दछन यस्ता प्रकृतीक विपत्तीहरु दोहोरीन सक्छन। कहिले भुगर्भ भित्रको ठुलो गणपतिले ठुलो भुकम्प २०७२ बैशाख १२, २९ मा गयो कुनै वेला नेपालमा महाभुकम्प जान सक्दछ महाभुकम्पको तयारी पनि हामीले आजको दिनमा नै गर्नु पर्छ किनकी यो पूर्वसुचना दिएर आउने होइन। यसैले मयो कोरोना भाइरस बाट सक्रमीत नेपाली दाजुभाइहरु त्यहाँ पनि आत्तीनु नपर्ने हो स्वाभिक रुपमा संक्रमण भैरहेको मरिरहेको क्षण बाट स्थानबाट आफ्नो फर्कने भन्ने उहाँ नेपाली विद्यार्थी हरुको भावना साचे हो यर्थाथ हो सम्मान गर्नु पर्छ।

धैर्य गर्नु पर्छ नेपाल सरकारले तत्कालै नेपाल फर्काउने व्यवस्था फर्काउने व्यवस्था गर्नु पर्दछ। जनताले बुझ्ने र बुझाउने कुरालाइ जनतालाइ अधिकारीक व्यक्तीहरुले सुचना दिने अधिकारीक स्थान बाट अधिकारीक निकाय बाट आम जनतालाइ यसको बारेमा सुचना दिलाउने काम हरु नपुग भएको सचेतनाका कामहरु नपुग भएको हुदै नभएका भ्रभ हुने कुराहरु अन्याल हुने कुराहरु धेरै भएको ले त्यस्ता कुराहरु धेरै भएको ले चिर्ने काममा हाम्रा आज सामाजीक विकास मन्त्री ज्यूले पहल गर्नु भएको जस्तै अन्य धेरै कुराहरुमा प्रष्ट पार्ने सचेतना अभियान आजैको दिन बाट सुरु गरियोस भनेर अनुरोध गर्न चाहान्छु धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय विशाल खड्का

**माननीय विशाल खड्का (नेपाल कम्युनिष्ट पार्टी (नेकपा)):-** माननीय सभामुख महोदय, सर्वप्रथम सामाजीक विकास मन्त्रालय प्रति म हार्दिक आभार प्रकट गर्दछु। वास्तवमा चिनियाँवासी चिनियाँ भुगोलमा वसोवास गर्ने मानव समुदाय माथिको यो समस्या त्यस बाट जोगिने उपाय र हामिलाइ पर्ने संभावित असरको बारेमा हामी उत्तिकै सचेत छौं।

तर मलाइ एउटा जिज्ञासा के लागिरहेको छ भने यो मान्छे चीनमा वस्ने पृथीवी को यति ठुलो संख्या पृथिविमा बसोबास गरिरहनु भएको छ उहाँहरुको मानवले सृजित गरेको समस्या हो र यो चीनको सिमाना कटाउने वित्तिकै यो समस्या समाधान हुनलाइ। आज यो प्राकृतीक र यो स्वास्थ्या सम्बन्धी समस्या विस्तारै सामाजीक र राजनितिक हिसावले पनि यसको विश्लेषण गर्नु पर्ने ठाउमा हामी पुगेका छौं की अहिलेको समाज २१ औ शताब्दी मानव समाजत मानबहरुको परेको विपत माथी सिङ्गो पृथीवीमा परेको मानवको उत्तिकै सचेतना हुनु पर्ने हो।

यो दोहोरो निति यसको मतलाव अहिले जुन हाम्रो सावधानीको उपाय र पहिला आफ्नो नागरिकहरुको सुरक्षा को लागि सुरक्षित ठाउँमा ल्याउने कुरालाइ त्यसलाइ सम्मान गर्दै यसको सगँ सगैं हाम्रो कर्तव्य भनेको चीनमा जुन विपत परेको छ त्यस्तै दोहोरो निति लिनु पर्छ हाम्रा सहयोगहरु हामीले गर्ने साथ सहयोगहरु उत्तिकै सगसगैं रहनु पर्छ जस्तो लाग्छ। अन्यथा यो प्रकृतिक विपद भन्दापनि मान्छे ले मान्छेलाइ अब कुनै भनेको युद्ध चलेको देश बाट त्यहाँको आफ्नो नागरिक निकाल्ने निति र एउटा सरुवा रोग चलेको ठाउबाट चाहि आफ्नो नागरिक बोलाउने एउटैखालको निति बाट चाहि सरकार चलेको हो जस्तो लाग्छ। त्यसो गर्दा स्वास्थ्य सम्बन्धि समस्या चाहि हावा बाट यो बायु बाट चलेको होला तर हामी नाकालाइ मात्रै होरिरहेका छौ चिनियाँलाइ मात्रै देखिरहेका छौ।

यो अलिकति हाम्रो दायारालाइ बढाउनु पर्छ त्यो चाहि बागमती प्रदेश पर्छ त्यो चाहि सिमानामा पनि पर्छैं यो सिमानामा बाट त्यो हिसावले साकेंतीक रुपमा भए पनि

दोहोरोनिती हामिले पनि साथ सहयोग हामीले पनि चिनियाँ सरकार प्रति एउटा भाव दिने हिसाबले दोहोरोनिती लिनु पर्छ यहि सुझाव राख्न चाहान्छु धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय शान्ती प्रसाद पौडेल

**<u>माननीय शान्ती प्रसाद पौडेल (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>ः-** माननीय सभामुख महोदय कोरोना भाइरसको सन्दर्भमा चीनमा भैरहेको जुन समस्या छ। यो समास्या बाट नागरिक बोलाएर त्यो नागरिक लगेर त्यसको समाधान हुन्छ कि त्यहि समाधान गर्ने हो भन्ने बारेमा अलिकति ध्यान दिनु पर्छ जस्तो लाग्छ। यो चाहि मान्छे ल्याउने कुरा एउटा कुरा हो रोग ल्याउने चाहि अलिफरक होला त्यसो भएको हुनाले हाम्रो सरकारले यदि त्यो चाहि बिरामी भएको हरुलाइ उपचार गर्ने टोलि पढाउने कुरा र सपोट गर्ने कुरामा ध्यान दिनु पर्छ।

स्वास्छ नागरिकहरु यता विरामी नभएको हरुलाइ ल्याउन पर्ने हुन्छ त्यो ल्याउने पर्ने हुन्छ त्यो ल्याउदा खेरी चाहि घनावस्ती नभइकन उच्तम २० डिग्रि भन्दा चिसो ठाँउमा भएको मात्रै त्यो भाइरसको ग्रोथ कम हुन्छ त्यसकारण त्यो कुरामा सरकारको ध्यान जानु पर्छ भन्ने कुरा चाहि म राख्न चाहान्छु र यदि यातायातको असुविधा भयो भने त्यसमा हेलिकप्टरको व्यवस्था गरेर भए पनि यो बनाइने केन्द्र चाहि एकदमै चिसो ठाँउमा भयो भने यो फैलने कुरा चाहि रोक्ने काम हुन्छ त्यो चिनको अहिले को जुन भैरहेको ठाँउ छ यो २० डिग्री भन्दा बढि ठाउमा चाहि भाइरसको ग्रोथ रोसियो बढि हुन्छ यसमा ध्यान पुग्न पर्छ भन्ने कुरा राख्न चाहान्छु धन्यावद।

**<u>माननीय सभामुखः</u>-** माननीय मिना ज्ञवाली

**<u>माननीय मिना ज्ञवाली (नेपाल कम्युनिष्ट पार्टी (नेकपा))</u>ः-** माननीय सभामुखज्यू आजको यस सधनमा सामाजीक विकास मन्त्रीज्यूले समसामहिक विषयको सन्दर्भमा कोरोना भाइरसको सक्रमणको बारेमा राख्नु भएको विषय प्रति हामीले धन्यवाद ज्ञापन गर्न चाहान्छु। यो भाइरसको कारण आज चीन सबै भन्दा बढि प्रभावित भएको छ। नोवेल

कोरोना भाइरसको कारण ज्यान गुमाउने चीनियाँ नागरिक प्रती हार्दिक श्रद्धन्जिलि अर्पण गर्न चाहान्छु।

यस्तो विपतको अवस्थामा चीन सरकार चिनियाँ जनतामा शोकलाइ शक्तीमा बदल्ने आत्मबल मिलोस भन्ने शुभकामना पनि यहि बाट दिन चाहान्छु। र नेपाल सरकारले चीनमा रहेका विद्यार्थी हरुलाइ सकेसम्म छिटो आफ्नो देशमा ल्याउने व्यवस्था गरोस यसकालागि पनि हामी यहिँबाट ध्यानाकर्षण गराउन चाहान्छौं। सबै माननीय हरुले राख्नु भएका सन्दर्भहरु प्रति आफ्नो पनि समर्थन जनाउन चाहान्छु धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** यस विषयमा उठेको प्रश्नको जवाफ दिन माननीय सामाजीक विकास मन्त्री युवाराज दुलालाइ अनुमती दिन्छु।

**<u>माननीय युवराज दुलाल, मन्त्री, सामाजिक विकास मन्त्रालयः</u>-** माननीय सभामुख, महोदय माननीय सांसद ज्युहरुले नोवेल कोरोना भाइरसको सवालमा प्रदेश सरकारले तयारी र यो संग सम्वन्धित विषयमा राख्नु भएको जिज्ञासाको बारेमा मैले केहि संवोधन गर्ने कोशिस गर्ने छु। करिव १२ जना ११ र १२ जना धेरै माननीय सदस्यज्युहरुले बोल्नु भयो त्यसकारणले प्रश्न हरु टिपोट राम्रो संग नभएको पनि हुन सक्छ तैपनी म साझा जिज्ञासाहरु भएको कारणले समेट्नी कोशिस गर्ने छु हामी सबैको चासो सबै भन्दा पहिला चीनमा रहेका नेपाली नागरिकहरु खास गरिकन हुवेहि प्रान्तको उहान शहरको आसपासमा भएका नेपाली विद्यार्थीहरु लगाएत नेपाली नागरिकहरुलाइ सरकारले देश भित्र ल्याउने सवालमा पहिला धेरै माननयी ज्युहरुको जिज्ञासा रहेको छ।

यो अलिकति म यो सन्दर्भमा यहि मौकामा थप विषयहरु स्पष्ट पार्न चाहान्छु। अहिले नेपालमा यो डब्लु एचवको रणनीतीमा हामीले हेरेका छौं र केहि कुराहरु मैले उल्लेख पनि गरेको छु। क्वारेन्टाइन र आइसोलेसन वार्डलाइ फरक तरिकाले बुझ्नु पर्छ हामीले नेपालमा चीन लगाएत संसारमा रहेको नागरिक आए पछि सक्रमण छ कि छैन भनेर केहि समय करिव दुइ हप्ता निगरानीमा राख्ने समय हुन्छ त्यसलाइ क्वारेन्टाइन

भनिन्छ। त्यो रोग लागेको आइडेन्टिफाइ भएका व्यक्तीहरुलाइ त्यहाँ राखिदैन त्यहाँ चाहि निरोगीलाइ नै राख्ने हो।

जसलाइ सक्रमण देखिएको छैन त्यो मान्छेहरुलाइ निश्चीत परिक्षण अवधिको भरमा राख्ने हो एउटा कुरा दोस्रो कुरा नोवेल कोरोना भाइरसको लक्ष्यण र केहि चिन्हहरु अहिले डब्लु एचवले र चीनले पत्तालगाए अनुशार यहाँ उल्लेख गरिएको छ लक्षण नदेखिन पनि सकिन्छ भन्ने पनि कुराहरु पनि संगसंगै छ त्यस लक्षण एकातीर सक्रमण भएको लाइ लक्षण नदेखिने कुरा अर्को तिर क्वारेइन्टाइन भनेको बिरामीलाइ राख्ने ठाउहोइन नभएकैमान्छेलाइ राख्ने ठाउ हो जसलाइ सक्रमण देखिएको छ उसलाइ तत्काल आइसोलेसनमा वार्डमा राखेर उपचार पद्धतीमा लागिन्छ त्यसकारणले यो रणनीतिमा पनि भनिएको छ अफवाह नफैलाउनको लागी यस्तो माहामारिमा हामीले अफबाह फैलाउन हुदैन।

र हामीले कतिपय कुरा हरु सुने पछि राखेका छौं कहाँ राख्न कहाँ नपाइने कहा दिने कहाँ नदिने नागरिक स्थर बाट विभिन्न कुराहरु विभिन्न तहमा भएका कुराहरु पनि छन। त्यो राम्रो कुरा होइन त्यसकारणले त्यस्ता कुराहरु बाट हामीहरु सबै सचेत रहनु पर्छ हामीलाइ थाहा छ उच्च जनघनत्वभएका ठाउँहरुमा यस्ता सक्रमक व्यक्तिहरुलाइ राख्नु हुदैन त्यस्ता ल्याव हरु पनि राख्नु हुदैन त्यो आफ्नो ठाँउमा छ तर पनि हामीले सापेक्षित रुपमा तत्काल रोस्कुयु गर्नको लागि सापेक्षित कम जनघनत्वभएका र सरकार मा उपलब्ध पूर्वाधार भएका ठाँउमा राख्नु पर्ने हुन्छ त्यसकारण यता तिर सकारात्मक बाटो बनोस कम्तीमा हामी सबै प्रदेश सभा मार्फत त्यो खालको पहल कदमी सबै स्थानीय तह सबै तीन होस भन्ने पनि म सरकारको तर्फ बाट अनुरोध गर्न चाहान्छु।

र यहि सम्मानीत सभा मार्फत सबै सम्वन्धित सबै मा आह्वान गर्न चाहान्छु। हामीले क्वारेन्टाइनलाइ त्यहि अनुसारले बुझ्नु पर्छ र क्वारेन्टाइनलाइ वुझ्ने सवालमा माननीय ज्यूहरुले पनि राख्नु भएको छ। हामी संसारका सबै नागरिक बराबर हैं हामीले सबै लाइ समान दृष्टिले हेर्न पर्छ र हरिनु पर्छ। आफ्नो सन्तानलाइ ल्याउन जति हामीलाइ हतार छ त्यसै गर त्यसरी ल्याइएको सन्तान खुरुक्क घर जान पाउने होइन त्यो

क्वारेन्टाइनमा राख्ने हो त्यसकारणले हामी कसैले यहाँ हुन्छ हुन्न भनेर सोच्दा खेरी पनि आफ्नो सन्तान हुदा के हुन्छ अर्को सन्तान हुदा के हुन्छ भन्ने समान दृष्टिबाट हेर्नु पर्ने एउटा आवश्यकता र एउटा दृष्टिकोण निर्माण गर्नु पर्ने आवश्यकता छ। संक्रमक रोगहरु ल्याउने होइन डब्लु एचओको रणनिति जसलाइ हामीले अबलम्व गर्ने भनेका छौं।

सक्रमण एक बाट अर्को ठाउमा फैलन दिने उपायहरु पनि हामिले यसमा अवलम्वन गर्नु पर्ने हुन्छ। त्यस कारणले सरकारले जोखिम हेरीरहेको छ। मैले बेलुका ढिला पनि नेपाल सरकार स्वास्थ्य तथा जनसङख्या मन्त्रालयमा यो सवालमा खासगरिकन यो समाजिक सन्जालमा आएको विभिन्न अभिभावकहरुले आफ्ना चिन मा रहेका आफन्तहरुलाइ नेपाल ल्याउन पहल गरेको लगाएतका कुराहरुलाइ लिएर सम्पर्क गरेको थिए र त्यती वेला पनि नेपाल को सरकारको तर्फ बाट छनिभुत तयारी भएको मात्रै मिति यहि दिन ल्याउने भन्ने मिती तोक्ने एउटा कानुनी प्रकृया बाहेक अरु कुराहरु पुरा भएको भन्ने बारे सवाफ आएको छ र त्यहि कुरालाइ मैले लेखेको छु र यहाँ नेपाल सरकारकै कार्यक्षेत्र भएको कारणले प्रदेश सरकारको तर्फबाट यस कुरालाइ थप स्पष्ट पार्नको लाएर यदि छुटो ल्याउनको हकमा छिटोल्याउनको लागि प्रदेश सरकारको तर्फ बाट पहल गरिने छ।

अर्को हामीले जति हेल्थडेक्सहरु राखेका थियौं यो प्रायाप्त छ भन्ने जिज्ञासामा बागमती प्रदेश देशको राजधानी रहेको प्रदेश जहाँ सरकारले पनि यो विषयमा घनिभुत तरिकाले काम गरिरहेको छ जुन कुरा यहा सबै यसमा समिटिएको छैन। र हाम्रो प्रदेश संग अरु छिमेकी प्रदेश हरु पनि हुन्छ र त्यहाँ बाट पनि हामीले यो काम भएको अपेक्षा गर्नु पर्छ। र सबै ले साझा प्रयत्न गर्ने भन्ने कुरा यहा सबै कुरा उल्लेख गरिएको छ हामीहरु सबै ठाउँ जान मिल्दैन सक्दैनौ। तथापी यहिले संगसंगै हाम्रो रणनीतिमा के भनिएको छ भने यसलाइ यसलाइ धेरै ठुलो अफबाहको रुपमा यसबाट पर्न सामाजिक र आर्थिक क्षेति हुन सक्ने कुरालाइ नै सर्तक रहनु पर्छ भनेर डब्लु एचवले भनेको छ। त्यो भनेको आज नेपालमा कति खतरा छ त नेपालमा एकै ठाँउमा भेला हुन नहुने स्थिति हो त भन्दा होइन।

त्यसकारणले यस्ता कुरा नहोस जसले सामाजिक र आर्थिक क्रियाकलाप हरुमा असर गर्न सक्छ भनेर विश्वा स्वास्थ्य सगठनले हामीलाइ रणनितिबाट चेतावनि दिएको छ। त्यसकारणले अहिले हामी भनेको अर्लि इएरको फेडमा हो पूर्वतयारीकै फेजमा हो र यहाँ भन्दा बढि हामिले सर्वश्वा के के न भैहाल्यो भन्ने हिसाबले पनि जानु उपयूक्त छैन केहि हुदैन यो समाननीय कुरा हो बस्ने अवस्थामा पनि हामी छैनौं। त्यसकारणले अनावश्यक अफबाह फैलाउने र जनमानसमा नकारात्मक भ्रमर त्रास फैलाउन पनि दिनु भएको छैन हामिले र संभावित सक्रमण चाहि प्रवेश गर्नको लागि कुनै पनि ठाँउमा प्रवेश र विस्तार हुन नदिन पनि हामी ले त्यो अनुशार पनि हामीले काम गरिराखेका छौं।

ठोरिलगाएत केहि नाकाहरुको कुराहरु हाम्रो रोकर्डमा छ तर आवश्यकताको महशुस भएपछि सरकारले यसलाइ विस्तार गर्दौं जानु पर्छ म लगाएत का अरु कुराहरु म राख्न चाहान्छु। केहि माननीय ज्युले माननीय विजया केशि ज्युले टेकु अस्मतालमा राम्रो जनशक्ती र मेशिन छैन भन्ने सुनेको छु भन्ने उहाँले जिज्ञासा राखु भएको छ टेकुमा शुक्रराज ट्रपिकल हस्पिटल नेपाल सरकार अन्तर्गत रहेको अस्पताल हो र प्रदेश सरकारको हाम्रो खासै त्यो संग सम्वन्ध हुदैन र यो विषयको जवाफ मैले दिनु राम्रो हुदैन। माननीय सुरेन्द्र राज गोसाइले हुबे प्रान्तको उहान शहर भन्नु भएको थियो मैले लेखेको पनि त्यहि छ। र मैले पढे जस्तो पनि लाग्छ तर मिस्टेक भएछ भने अन्यथा नहिनु होला म त्यो किल्यर छु र त्यो डब्लु एचवको मैले आफैले नै रिसर्च गरेर मन्त्रालय को टिम सँग सहकार्य गरेर तयार गरेको हो र म धेरै कुराहरुमा किल्यर छु।

यो हुवेहि प्रान्तको उहान शहर नै हो र त्यहाँबाट आउट ब्रेक भएको हो र त्याहाँको त्यहाँको एउटाँ सिफुट सेन्टर बाट र मैले त्यहि भने जस्तो लाग्छ अन्यथा भए सच्याउछु। नेपाल सरकारले सहयोग गरेको सन्दर्भमा मलाइ लाग्छ हामी धेरै जानकार नै छौं सरकारका परराष्ट्र मन्त्री माननीय परराष्ट्र मन्त्रिज्यू माननीय स्वास्थ्य तथा जनसख्यङया मन्त्रीज्यु को संयूक्त उपस्थितिमा चिनियाँ राजदुत माहमहिम संग नेपाल सरकारको तर्फ बाट करिव एक लाख माक्स नेपालको तर्फबाट पठाएको कुरा हामीले थाहा पाएका छौं र हामीले बाह्रिमाध्यम र आन्तरिक माध्यम दुवै तर्फ बाट अन्य केहि छिटफुट सहयोग भएको भन्ने कुरा हामीलाइ थाहा छ।

ठोरीनाकाको बारेमा माननीय नरोत्तम बैद्धयज्युले राख्नु भएको थियो मैले जवाफ दिए। माननीय प्रभात तमाङले एक जना सक्रमण केहो कहाँ प्रमाणीत भयो भन्ने जिज्ञासा राख्नु भएको छ हाम्रो नेपाल सरकार स्वास्थ्य तथा जनसङख्या मन्त्रालय ले दिएको रिपोट पनि हो। र जसमा चाहि १८ जना केहि त्यहि मैले दिएको डेटको हारा हारीमा १८ जना नागरिक हरु केहि संका लागेर सक्रमण परिक्षण गर्न आउनु भएको थियो १७ केश नेगेटिभ देखियो र एउटा केश पोजेटिभ देखिएको हो बाइलक्की त्यो केशले कसैलाइ सक्रमण नभएको र मैले अघिनै भने सम्वन्धित व्यक्तिलाइ पनि थप स्वास्थ्य असर नपरेको कुरा मैले राखिनै सकेको छु।

र नेपालमा अहिले छैन भन्ने कुरा पनि यहिँ नै हो। माननीय केशव पोखलले छुटौं समयन्त्र भन्नु भएको छ हामी सगँ दुइवटा संयन्त्र नेपाल सरकार र प्रदेश सरकार संग हुन्छनै यस्ता माहामारी रोगहरुको लागी एउटा चाहि द्रुतप्रतिगामी बोलि आर आर टि भनै यस्तै कार्यको लागि स्थापना भएको हुन्छ अर्को इमर्जिक डिजिजहरुको लागि भिभिआरटिसि भन्ने हाम्रो यहिँ नै हटौंडामा पनि नेपाल सरकारको एउटा स्था यहि नै छ यस्तो स्टेन बाइ सरकारको हुन्छ माननीय राजकाजी मर्हजन लगाएत माननीय ज्युहरुले पनि राख्नु भएको छ।

माननीय राजेन्द्रमान श्रेष्ठ लगाएत अन्य माननीय ज्यूहरुले पनि यहि नागरिक फर्काउने तयारीको सवालमा राख्नु भएको छ माननीय विशाल खड्काले अलि फरक तरिकाले यो चाहि रोगका कारणले यो चीनमा आएको जुन सकंट छ त्यो सबैको साझा सकट हो त्यसमा चाहि हामी सबैले एउटा साझा भावनाका साथ हेर्नु पर्छ र आफुमात्रै बच्ने तरिकाले नेपाल सरकारले प्रदेश सरकारले त्यस्तो निती लिनु हुदैन सबैलाइ बच्ने र बचाउने तरिकाबाट यसलाइ सोच्नु पर्छ भन्ने हिसावले र सरकारको तर्फबाट सहयोगको दोहोरो निती लिनु पर्छ भन्ने कुरा छ यसलाइ प्रदेश सरकारले मद्दत गर्छ माननीय शान्ती प्रसाद पौडेलले यो चिसो ठाँउमा यो क्वारेन्टइन राख्ने कुरा गर्नु भएको छ।

यो सुझावलाइ हामी ग्रहण गर्ने छौं फर्वाड गर्ने छौं। माननीय मिना ज्ञावालीले पनि पूर्व माननीय ज्युहरुले बोल्नु भएका कुराहरुलाइ सहमती व्यक्त गर्दौ यहाँ ले चीनमा

भएको दुखद घटना यो माहामरी बाट दिव्वंगत भएका नागरिकहरु प्रति श्रद्धन्जली र चीन प्रति सहानुभूती र उहाँले प्रकट गर्नु भएको छ यसमा हाम्रो समर्थन रहेको छ। र जति पनि केहि कुराहरु माननीइ ज्युले राखु भएका केहि कुराहरु मैले भने धेरै भएको हुनाले टिप्न केहि छुटेको पनि हुन सक्छ। तथापी मैले दोह्रयाउदा खेरी अहिले हामी आन्तक्कीत हुनु पर्ने अवश्था होइन चुपलागेर बस्नु पर्ने अवस्थामा पनि होइन र छैनौं।

र हामी वसेका पनि छैनौं नेपाल सरकार प्रदेश सरकार दुबै सरकारले आफ्नो सम्पूर्ण हाम्रो क्षमता भए अनुशार र यसलाइ नेपाल भित्र थप सक्रमण नहोस भन्ने कुरा मा सचेत रहे हुन्छ धन्यवाद।

**माननीय सभामुखः-** माननीय सदस्यहरु प्रमुख प्रतिपक्ष दलका नेता माननीय इन्द्र बाहादुर बानियाँले बोल्न समय माग्नु भएको छ म उहाँलाइ बोल्ने समय दिन्छु।

**माननीय इन्द्र बाहादुर बानियाँ (नेपाली कांग्रेस):-** माननीइ सभामुख महोदय, प्रश्न उत्तर हुदै धेरै विषयहरु विषेश गरि कोरोना भाइरस देखि लिएर धेरै कुराहरु यहाँ उठे म आज फरक प्रदेश सभाम यहाँ उठेको भन्दा अली फरक विषय मैले भन्न गहिरहेको छु।

सभामुख महोदय हामि लोकतन्त्र हुदै प्रजातन्त्रको संस्थागत विकास गर्दै मुलुकलाइ संघिय गणतन्त्रमा हामी सबैको सहकार्यमा सहमतीमा यो व्यवस्था हामीले ल्याएका हौं र यो व्यवस्था भित्र स्वातन्त्र निकाय हस्तक्षेप नगरिकन निश्पक्ष रुपमा काम गर्न दिने निकायहरु खडा गरिएको थियो त्यो हाम्रा स्वार्गिय नेता र गणतन्त्रका चाहि जो मुलुकाम राजा विहिन परिकल्पना गर्ने स्वागिय गिरिजा प्रसाद कोइरालाले जसले अख्तियारको सुरुमा जुन नेपालमा चाहि स्वातन्त्र निकाय भ्रष्टचार मुलुकको जनताको रगत पसिनाले जनप्रतिनिधी हुनेहरु नेपाल राष्ट्र सेवाक गर्ने हरु ले कहि गल्ति गरे भने तिनिहरु लाइ कारवाहि गर्नु पर्छ र दण्डित गर्नु पर्छ भनेर मुलुकमा त्यो किसिमको स्वतन्त्रनिकाय अख्तिहार दुरुपयोग आयोगको चाहि जुन किसिमको शक्तीशाली आयोग गिरिजा प्रसाद कोइराला को पालमा नेपालमा सुरुवात गरिएको हो।

तर आज हामीले अख्तियार लाइ दिन प्रतिदिन स्वातन्त्र निकाय राजनितिक हस्तक्षप गर्दौ राजनितिक भर्ति केन्द्रको रुपमा के आज संसदिय मर्यादा संसदिय प्रक्रियामा

के आज विपक्षाको तेजोवाद घटाउदै मुलुकलाइ एक पक्षिय ढङ्गले आफुले मुलुक जुन ढ्ङगले चलाउन खोजिएको छ यसले मुलुक कतै दुर्घटामा त जादैन। यदि वास्तवमा निश्पक्ष ढङ्गले यदि अख्यातीयारले एउटा संवैधानीक निकायले निस्पक्षा ढङ्गले कार्य गर्ने हो भने तत्कालीन मन्त्री जो भूमतथा भुमी व्यवस्था मन्त्रालय नवोकेको हाम्रा दलको उपनेता संघीय प्रतिनिधि सभाका उपनेता विजय कुमार गञ्क्षादार जो हिजोको दिनमा प्रधानमन्त्री को आग्रहमा मान्त्रालय समालेर आफ्नो स्वायं मन्त्रालय थिएन, त्यसकारणले त्यो मन्त्रालय प्रशताव लिएर जान पर्ने प्रधानमन्त्रीको आग्रहमा लिएर जानु पर्ने अनि त्यहि क्याविनेटले गरेको निर्णय मा प्रधानमन्त्री चाहि त्यसमा कहि पनि नपर्नि अनि मन्त्रि पर्नु पर्ने यस्तो पनि विभेदकारी अन्याय कारी अनि यस्तो किसिमाको निर्णय जुन किसिमले आज अख्यतियारले मुद्दादायर विषेश अदालतमा गरेको छ।

हामी भन्ने चाहान्छौं अपराधी केहि पनि नछुटोस गल्ति गरेको भए केहि पनि त्यसमा छुट्नु हुदैन र स्वायम हाम्रा उपनेता ले त्यो प्रमाण र तथ्याको आधारमा गल्ति गरेको रहिछन भने छोड्नु भएन तर यहा चाहि गल्ति गरेको छुट्दै जाने निर्दोश चाहि पर्दैजानु हुनु भएन त्यसकारण यो आवजलाइ संघिय सरकारले पनि सुनोसकि आज संघिय सरकार देखि आज स्वास्तन्त्र निकाय हरु त्राइमाम भएको छ यदि आफुले भनेको कुरा नमान्दा महाअभियोग हुन सक्ने संवैधानीक अङ्गको चाहे त्यो अख्तियार प्रमुख होस चाहो चाहि त्यो अदालतको त्यो सर्वच्च न्यायलयका न्याधिस हुन त्यकारणले आज त्राइमा भनाएर आज त्रासै त्रास फैलाएर यो किसिमको अहिले जुन गरिएको छ।

यो अहिले एक पक्षिय ढङ्गले गरेको कुरामा विषेश अदालतमा विषेश किसिमले यसलाइ हेरिएला केलाइएला र कहि छुटेकाहरुलाइ पनि कारबाहि हुनु पर्छ र यो मुद्धामा जाहाँ आज छुटोर जहाँ आज पेश गर्न सकेको छैन तिनिहरुलाइ पनि अदालतले कोटेर त्यसलाइ खोतलेर की अवचाहि ति प्रमाण र तथ्य को आधारमा ती निर्णयको आधारमा तिनलाइ पनि अदालतले बयान लिनु पर्ने र बोलाउनु पर्ने र मुद्दा दायर अख्तियारले गरेको मा थप अनुसन्धान अदालतले विषेश अदालतले गर्ने संभावना अझै रहेको छ। त्यसकारण त्यता प्रति पनि ध्यान जाओस।

र निर्दोश यदि प्रस्ताव लादैमा दोषी हुदैन त्यसकारणले निर्दोश माथि कारवाहिको प्रक्रिया अगाडि नबढनको लागी हामी आज यहाँ बाट निवेदन गर्ने चाहान्छौं कि स्वातन्त्र निकाय हरुलाइ र राजनेतिक सहमती को आधारमा र चाहि कारवाहि गर्दै जाने र एक पक्ष ढङ्ले एउटालाइ दोषी देखाउने अर्को त्यहि निर्णयमा निर्दोश हुने आज हाम्रो धर्म शास्त्रमा भन्छन्नि विष्णु विष्णु भनेपछि यसले धेरै पाउने काम गरे पछि के रे लालपुर्जा पनि फिर्ता गरे पछि त्यहि चाहि अख्तियारको मुद्दा नलाग्नी अख्तियारलागे पैसा छ।

भने घुस खायो भने फिर्ता गरे भने मुद्दा नलाग्ने हो कि त्यसकारणले यस्तो कुरा प्रती केन्द्रयसरकारको संघिय सरकारको ध्यान जाओस र सँग सँगै अर्को कुरा अहिले तत्कालै समाजिक सन्जालमा एउटा घटाना एउटा चाहि के छ भने एउटा अचम्म किसिमको अनुशन्धान गर्नु पर्ने र त्यसलाइ विषेश रुपमा हेर्न पर्ने अहिले पुर्व सचिव अर्जुन कार्की जो आफ्ना धर्म पत्नी घरमा अचेत अवस्थामा धारीलो हतियारले हिर्काएर र अहिले भेन्टिलेटरमा राखेको अवस्था र त्यहि घरमा काम गर्ने विजय चौधरी दाङका आज चाहि झुन्डाएर मृत्य अवस्थामा रहेको अवस्थामा फेला परेको छ भर्खरै।

त्यसकारणले यो घटना प्रती केन्द्रिय सरकार प्रदेश सरकारको पनि विषेश ध्यान जाओस कि अपराधी केहि पनि नछुटुन आज राज्यको मुटुमा विषेश श्रेणिबाट अवकाश पाएका घर भित्र परिवारको सदस्य मृत्य अवस्थामा फेला परेको र भेन्टिलेटरमा राख्नु पर्ने र काम दार झुण्डाइनु पर्न र संगठित अपरात हो कि के हो र आज बच्चालिएर त्यहि घरमा काम गर्ने चौधरीको श्रिमती भनिने बाच्चालिएर त्यहि चाहि स्कुलामा अर्जुन बाहादुर कार्को जो चाहि पूर्व सचिवको छोरा स्कुल पुर्याउनै जादै गर्दा अनि अर्जुन बाहादुर कार्की पशुपतीको दर्शन गर्न जादै गर्दा घरमा घटना घटेको अवस्था छ।

त्यसकारणले आज तपाइको चाहि के छ भने कुमन्डोल र लगभग त्यो के छ भने सानेपाको त्यो चाहि विचमा रहेको एरियामा बस्ने सानेपामा वस्नि पूर्व सचिव घर भित्र यस्तो घटना भएको छ मृतक प्रति म चाहि यो के छ भने संवेदना प्रकट गर्न चाहन्छु र यो जुन घटना प्रति गम्विर छानविन हुन को लागी म आग्रह पनि गर्न चाहान्छु। सरकारलाइ अनुरोध पनि गर्न चाहान्छु। कुरा आयो कोरोना भाइरस यो कोरोना भाइरसले

जुन आज नेमाली नागरिकहरु जो स्वास्थ्य छन उनि हरु लाइ सरकारले तत्काल चाँडो भन्दा चाँडो जसको कुनै किसिमको कोरोना देखिएको छैन।

भाइरस देखिएको छैन त्यसलाइ आफ्ना परिवारजनामा ल्याउने र विधि प्रक्रिया कति दिन राख्ने हो स्वास्थ्या को मापदण्ड भित्र त्यो किसिमको व्यवस्था मिलाएर ल्याउन पर्यो सरकार ले यो सायौंनै हामी चाहि एकदमै निरिहे एकदमै लज्जित अवस्थामा देखिएको छ आफन्त जसले आफ्नो परिवारले आफ्नो सदस्य सहि सलामत छ तर कुनै रोग छैन तर आउन खोज्दा बारा बारा आग्रहले पनि आउन पाएको अवस्था छैन त्यसलाइ तत्काललै गरियोस जसलाइ सक्रमणले छोएको छ मेरो त सरकार प्रति आग्रह पनि छ अनुरोध पनि छ सभामुख मार्फत जसलाइ हाम्रो नेपाली विद्यार्थी कसै लाइ रोग लागेको छ। भने नेपालको काठमाण्डौ भ्याली भित्र भक्तपुर ललितपुर काठमाण्डौं कहि पनि लेरआएर राख्नु हुदैन। किन त्यो यरिया घना त्यो वस्तिमा घना डबल चौवर हुदै त्यहाँ ठुलो विपत्ति आउन सक्छ त्यसकारणले त्यसैले त्यसलाइ विषेश रुपमा ल्याउने हो भने सरकारले जिम्मेवारी वोक्ने हो भने त्यसलाइ छुटौ ठाँउ को व्यवस्था गर्नु पर्छ।

भ्याली भन्दा वाहिर होइन भने नेपाल भन्दा आज नेपालमा तीन वर्षमा ठोक्का दिएको एउटा पुल १५ वर्षमा भन्दैन आज कोरोना भाइरस लागेको चाइनाले ३ दिन भित्र एक हजार वेडको अस्पताल बनाएको छ। तीन दिन भित्रमा स्टिल स्टक्चर बाट। यदि कसैलाइ लागेको छ। भने त्यसलाइ उहिँ राम्रो सग विभिन्न प्रविधिर विभिन्न प्रविधिकको कारणले त्यहाँ तत्कालै उपचार गर्न सकिन्छ त्यसकारणले जसलाइ लागेको छ र हाम्रो स्वास्थ्यको डाक्टर सहितको टिम गएको उनिहरुलाइ कसरि भेट्न सकिने उनिहरुलाइ कसरि के गरेर यहाँ बाट टिम पठाएका छौं। नेपाल सरकारले हाम्रो स्वास्थ्यको टिम गाको छ जसलाइ रोग लागेको थियो त्यो प्रति सरकार जिम्मेवार छ भनेर हाम्रो डाक्टर किन नजाने त्यसकारण रोगीहरुको हकमा यहाँबाट डाक्टर जाने यहाँबाट परिवारजन जान चाहेमा परिवार जनलाइ परिवरालाइ पनि लिएर जाने सरकारले त्यो किसिमको व्यवस्था मिलाउने र उहि उपचार गर्न रोगीलाइ यहाँ ल्याउने काम यहा गर्नु हुन्न र यहाँ त्यसकारण दुनियाँलाइ चकितपारेर उहाँ आज विकास गरेको चिनालाइ

आज हामीले चनौती लिएर बिरामी यहा ल्याउने होइन त्यसकारण पनी सरकारको ध्यान जाओस भन्दै मैले गम्भिर अख्यातीयार प्रति चाहि सरकारले जुन किसिमले त्रास देखाएर जुन किसिमले एक पक्षिय निर्णय गरेको छ यसको घोर भर्सना गर्न चाहान्छु।

र यस्तो गतिविधि नगरियोस यस्तो गतिविधिवले कि न्याय सबैलाइ समान होस न्याय स्वातन्त्र होस न्याय सबैले विश्वास गर्न लाएक होस आज शहर बजारमा छरप्रष्ट जनताको मन मनमा के छ भने यो एक पक्षिय यो सरकारले आफ्नो तागत र तुजक देखाएर आज जुन किसिमको भाछ आज कारवाहिको प्रक्रिया अगाडि बढेको छ यसले सडक देखी केन्द्रय संसद सम्म यो कुरा उठेको छ। हाम्रा साथी हरुको विचमा भयो संसद अवरुद्ध गर्नेकी मैले भने किन अवरुद्ध गर्ने यो केन्द्रको संघिय संसदमा संसद अवरुद्ध भएको छ। संसदमा चाहि आज चाहर्योभने अख्यातीयार प्रमुखलाइ अख्तीयारका सदस्यलाइ र सर्वच्चका न्याधिसलाइ महाअभियोग लाग्न सक्छ यो संसदलाइ हामीले हामी लाग्न पनि सक्दैनौ र त्यसकारणले आज त्यहाँ अवरोध छ सहमती त्यहि हुन्छ अवरोध खुलाउने कि के गर्ने कारवाहिको प्रक्रियामा चलेको विषयमा कसरी जाने हामी आवाज राख्ने हो हामीले एक पक्षिय भयो भन्ने हो र यो एक पक्षिय नहोस कारवाहि सबैलाइ समान होस दोषी नउम्किउन निर्देशालाइ नपरोस यस्तो किसिमको विवेध पूर्ण कार्य नगरियोस यसले जनतामा केछ भने जुन आक्रोस पैदा गर्छ एक पक्षिय भएको कारणले गर्दा आक्रोस पैदा गर्यो भने त्यसले अर्को कोष लिन सक्छ त्यसकारणले हामी यो व्यवस्था प्रति इमान्दार छौं प्रतिवद्ध छौं यो व्यवस्था हामी सबै मिलेर ल्याएको हो यो व्यवस्था भित्र कमजोर गरेका जनतालाइ गरिवको पसिना र रगतमा होली खेलाका जोकोहि हरु पनि भ्रष्टचार दलदलमा फसेकाहरु उम्किन हुदैन।

कारवाहि हुनु पर्छ त्यो जो केहि होस प्रधानमन्त्री होस या भोलीको दिनमा आज देखिएको छकि अख्तियारका प्रमुख हरु पनि परेको छ। जो केहि पनि पर्न सक्छ भन्ने विश्वास जगाउनसक्नु पर्यो सरकारले होइन भने नजागाइकन एक पक्षिय ढङ्गले चलाउदा खेरी देश अन्तै जान सक्छ र कहिले काहिँ अनावश्यक ढङ्गले कारवाहि गर्दा जन्मेर

विद्रोह अन्त्यही जानसक्छ यो प्रति पनि सरकार गम्भिर होस भन्दै आफ्नो भनाइ यहि टुङ्गाउछु हस्त धन्यावद जय नेपाल

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु १० मिनेट पछि बस्ने गरेर यो बैठक स्थगित गर्दछु।

**<u>माननीय सभामुख</u>ः-** माननीय सदस्यहरु १० मिनेटको लागि स्थगित बैठक पुनः प्रारंभ हुन्छ।

माननीय सदस्यहरु प्रदेश सभाको मिति २०७६ माघ १३ गतेको विशेष समय र १७ गतेको शुन्य समयमा माननीय सदस्यहरुले उठाउनु भएको प्रश्नहरुको जवाफ दिन माननीय आन्तरिक मामिला तथा कानून मन्त्री शालिकराम जमकट्टेललाई अनुमति दिन्छु।

**<u>माननीय शालिकराम जमकट्टेल मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय</u>ः-** माननीय सभामुख ज्यू, माघ १३ गते प्रदेश सभाको बैठकमा १४ जना माननीय सदस्य ज्यूहरुले प्रदेश भित्र घटेका केहि घटनाहरु त्यसैगरि सरकारले गर्नुपर्ने अथवा भईराखेका कामहरुको बारेमा सरकारको ध्यानाकर्षण गराउनु भएको थियो। त्यहि विषयमा म सभामुखज्यूको अनुमतिले म केहि कुराहरु राख्न चाहान्छु।

सर्वप्रथम हामीले यो प्रदेश सभाबाट अत्यन्तै सुझबुझका साथ एउटा महत्वपूर्ण दुई वर्ष देखि थाति रहेको एउटा महत्वपूर्ण निर्णय हामीले यो प्रदेश सभाबाट प्रदेशको नामाकरण र प्रदेशको स्थायी राजधानी टुङ्गाएका छौं। यद्यपि त्यसमा हाम्रा आफ्ना धारणाहरु, आफ्ना मतहरु, आफ्ना विचारहरु प्रदेश सभामा हामीले आफ्ना दलहरुमा स्वभाविक ढङ्गले दर्ज गरेका छौं, राखेका छौं। जनतामा जानका लागि हामीले आफ्ना मतहरु सुरक्षित राखेका छौं।

तैपनि अहिलेको विशिष्ट परिस्थिति र मुलत यो संघीयता कार्यान्वयनको पहिलो र एउटा ऐतिहासिक काम नै यो प्रदेश सभाको नामाकरण र राजधानीसँग जोडिएको विषय

हो त्यसैले प्रदेश सभामा हामी रहेका माननीय सदस्यहरु मध्ये अथवा यहाँ प्रतिनिधित्व गर्ने राजनितिक दलहरु मध्ये हामी अधिकाशंको सहमतिमा अझ प्रदेश सरकारको नेतृत्व गर्ने दल र प्रतिपक्ष दलको साझा प्रस्तावमा हामीले प्रदेशको स्थायी राजधानी र नामाकरणको निर्णय गर्न सक्नु यो हाम्रो प्रदेश सभाको सबभन्दा ठुलो उपलब्धी हो र यो मानेमा म प्रदेश सरकारको तर्फबाट सबै माननीय सदस्यज्यूहरुलाई हार्दिक धन्यवाद दिन चाहान्छु।

मलाई लाग्छ यो निर्णय ठिक कि बेठिक, नामाकरण बागमती ठिक हो कि बेठिक हो अथवा हेटौंडा स्थायी राजधानी उपयुक्त अनुपयुक्त के हो भन्ने भन्दापनि हामीले यो प्रस्तावलाई टुङ्गाउन नसक्दा दुई वर्षदेखि हामी जसरी रुमलिरहेका थियौं र हामी माथि संघीयताको पक्षपाती हामीमाथि जुन खालका प्रश्नहरु उठिराखेका थिए। दुई वर्षसम्म आफ्नो प्रदेशको नामाकरण गर्न नसक्ने, आफ्नो प्रदेशको स्थायी राजधानी तोक्न नसक्ने यो प्रदेश सभाले अरु के काम गर्न सक्छ भन्ने जस्ता प्रश्नहरु यत्रतत्र उठिरहेका थिए र यहि प्रदेश सभामा पनि तपाँई हामीहरुले पनि पटक पटक यि कुराहरु उठाईरहेका थियौं र यो सन्दर्भमा हामीले जुन निर्णयहरु गरेका छौं मलाई लाग्छ संघीयता कार्यान्वयनको सन्दर्भमा हामीले गरेको निर्णय अत्यन्तै महत्वपूर्ण छ।

म पहिलो कुरा यो राख्न चाहान्छु। माननीय सभामुख ज्यू, विशेषत १४ जना माननीय सदस्यहरुले माघ १३ गते विशेष समय लिएर ३ ४ वटा घटनाहरु उठाउनु भएको छ। पहिलो माघ ४ गते यहि मकवानपुरको हेटौंडामा भएको अनिता भुजेलको हत्याकाण्डको बारेमा अथवा वहाँको मृत्युको बारेमा यहाँ उठाउनु भएको थियो। अहिले नेपाल प्रहरीको असाध्यै धेरै मिहेनत पश्चात म आफैंले पनि नेपाल प्रहरीको बागमती प्रदेशको डिआईजी त्यसैगरि मकवानपुर जिल्ला प्रहरी प्रमुखलाई बोलाएर यो घटनाको बारेमा सत्यतथ्य छिटो पत्ता लगाउनु पर्यो भनेर मैले आफैले पनि भनेको थिएँ र त्यसपछि वहाँहरुले नेपाल प्रहरीको तर्फबाट अपराध अनुसन्धानको टोलि माथिबाटै वहाँहरुले काठमाण्डौबाटै मगाउनु भयो।

र वहाँहरुले १८ वटा टोलि बनाएर एकदम राम्रोसँग अनुसन्धान गर्दै जादाँ वहाँहरुले घटनाको सम्पूर्ण विवरण बाहिर ल्याई सक्नु भएको छ र घटनामा संलग्न सबैलाई पक्राउ गरिसकिएको छ र वहाँहरु अहिले कानूनी प्रक्रियामा हुनुहुन्छ। त्यसैगरी कानुनी कारबाहीको प्रक्रियामा दोषीहरु अहिले हुनुहुन्छ त्यसैगरि अहिले अर्को माघ ६ गते बेलुका मकवानपुरको थाहा नगरपालिकाको दामनको जो पानारोमा रिसोर्टमा विशेषगरि भारतको केरलाबाट आएका पर्यटकहरु जुन होटलमा बस्नुभएको थियो।

त्यसको घटनाको बारेमा माननीय सदस्य ज्यूहरुले जसरी उठाउनुभएको थियो त्यो घटनाको बारेमा बाहिर जे आएको छ हामीले सुरक्षा निकायहरुबाट जानकारी लिदाँ खेरी घटना त्यहि नै सत्य हो र अहिले सम्म जो ६ जना विशेष गरि ८ जना ब्यक्तिहरु त्यहाँ सुतेको ठाँउमा वहाँहरुको त्यहाँ जो दुखद निधन भयो, वास्तवमा वहाँहरुले एउटा पछि सबै घटनाहरु बुझ्दा खेरी वहाँहरु ९ बजे पोखराबाट त्यो होटलमा आईपुग्नु भएको रहेछ।

राति दुई बजेसम्म वहाँहरु सुत्नु भएको रहेनछ, त्यो चिसोको कारणले त्यहाँ विविध विवादहरु पनि भएको रहेछ र अन्तिममा हामी सुत्नै सक्दैनौं भनिसकेपछि बाहिर जुन सामुहिक रुपमा रहेको एउटा ठुलो ग्यासँबाट बाल्ने जो हिटर हो त्यो हिटर होटेलको म्यानेजमेन्टको मान्छेहरुले त्यो नलानुस् भन्दा भन्दै वहाँहरुले जबरजस्ती हाम्रो बच्चाहरु मर्छ हामीले यो लिएर जान्छौ भनेर वहाँहरुले लिएर जानु भएको रहेछ। र त्यो भेन्टिलेशन नभएको ठाँउमा यो ठुलो हिटर लगेर बालेर वहाँहरु सुत्नुभयो। त्यसपछि अक्सिजन पुगेन वहाँहरुको निधन भयो र यसले हामीलाई धेरै ठुलो क्षती भएको छ किनभने दामन भनेको एउटा पर्यटकीय ठाँउ हो।

असाध्यै धेरै मानिसहरुको आवतजावत हुने ठाँउपनि हो र त्यो स्थापित एउटा प्रतिष्ठान पनि हो, टुरिजम क्षेत्रको। र अहिले हामी पर्यटन वर्ष मनाउदैं गर्दा, पर्यटन वर्षको कार्यक्रम अगाडी बढाउदै गर्दा हाम्रो पर्यटकहरुको महत्वपूर्ण आगमन हुने देश भनेको भारत हो। भारतबाट आएका पर्यटकहरुको त्यहाँ जुन दुखद निधन भयो त्यसले हामीलाई अत्यन्तै क्षती बनाएको छ र म वहाँहरु सबैप्रति सरकारको तर्फबाट हार्दिक

श्रद्धान्जली ब्यक्त गर्न चाहान्छु र अहिले वहाँहरुको सबै डेथ बडीहरु फिर्ता भईसकेको छ र अहिलेसम्म लिखित रुपमा कहि पनि उजुरीहरु परेको छैन र सुन्नमा आएको कुरा हामीले प्रशासन मार्फत बुझ्दा खेरी सुन्नमा आएको कुरा संघीय सरकार मार्फत क्षतिपूर्तिको दाबी भएको छ।

भारतिय राजदुतावास मार्फत नेपाल सरकार सँग भन्ने हामीले सुनेका छौं र यसमा अहिले सम्मको अनुसन्धानमा के देखिन्छ भने घटना जे जसरी भएपनि त्यो चिसो ठाँउमा हिटरको ब्यवस्था गर्न नसक्नु होटलको ब्यवस्थापनको लापरवाही हो भन्ने सुरक्षा निकाय र प्रशासनको निचोड छ। वहाँहरुले अहिलेसम्म त्यहि कुरा हामीलाई रिपोर्ट गर्नु भएको छ र त्यसपछि मकवानपुरमा होटलहरुको अनुगमन गर्ने कामलाई हामीले राम्रो सँग मकवानपुरको प्रमुख जिल्ला अधिकारी, त्यसैगरी स्थानीय तह लगायत सबैलाई हामीले भनेका छौं। प्रहरी प्रशासनको पनि सक्रियता बढेको छ। त्यसैगरी अर्को घटनाकै सन्दर्भमा २०७६ साल माघ ७ गते घादिङ जिल्लाको ज्वालामुखी गाँउपालिका वडा नम्बर ४ मा एउटा झोला मण्डली भन्ने एउटा देवीको मन्दिर छ। त्यो मन्दिर कस्तो छ भने त्यहाँ बाख्राको पाठी लगेर त्यहाँ काट्नु पर्छ।

त्यहाँ भोग दिनु पर्छ र त्यहाँ महिलाहरु जानु हुदैंन। त्यहाँ पुरुष मात्रै जानु पर्छ। त्यहाँ रक्सी लगेको त्यो देवीको मन्दिरमा पोखाउनु पर्छ अनि त्यसपछि तपाईको त्यहाँ जुन काटिएको बाख्राका पाठीहरु हुन्छन् त्यसको मासु घर ल्याउनु हुदैन। त्यो ल्यायो भने दुर्घटना हुन्छ र त्यहाँ पटकपटक मदिरा प्रशस्त लान पाउने, लानै पर्ने चढाउनलाई अनि महिला जान नहुने अनि बाख्राको पाठी लिएर जानु पर्ने, पुरुष मात्र जान पर्ने र अहिले त अरुअरु जिल्लाहरुबाट पनि त्यहाँ पुजा गर्न आउने त्यो चलिराखेको छ। विगतमा धेरै घटनाहरु मस्तसँग तपाईको त्यहाँ वहाँहरुले मदिरा सेवन गर्ने लगेको मदिराहरु र दुर्घटनाहरु धेरै भईरहने भएको हुनाले म संविधान सभाको सदस्य थिएँ र मैले ६५ सालमा त्यहाँ मदिरा लान नपाउने भनेर हामीले त्यो ब्यवस्था सिडियो कार्यालयबाट गरेका थियौं।

पछि फेरि त्यो खुकुलो हुदौ गयो यो रितिरिवाजको यो धर्मसँस्कृतिको विरुद्धमा गयो। प्रायजसो फेरि त्यहाँ जाने जनजातिहरुको बढि जाने त्यहाँ। अरु जाति भन्दा पनि जनजाति अलि बढी जाने भएको हुनाले अनि फेरि त्यो कुरा खुकुलो हुदै गयो र अहिले फेरि त्यहि प्रक्रिया चलेको हुनाले र आईचर गाडीमा झण्डै ठुलै संख्यामा ३०-४० जनाको संख्यामा भक्तजन भनौं अथवा त्यहाँ पुजा गर्ने मान्छे त्यहाँ जानुभयो र फर्किने क्रममा त्यो दुर्घटना हुन गयो। सात जना मान्छेको घटनास्थलमै मृत्यु भयो र त्यपछि झण्डै २०-२१ जना मान्छेहरु घाईते हुनुभयो। वहाँहरुको त्यो गाडी सामाननीयत त्यो गाडी धनीपनि गरीब मान्छे नै हुनुहुदौं रहेछ।

हामीले सबै त्यो बुझयौं र घाईतेहरुको उपचारको कुरा जो यो प्रदेश सभामा माननीय ज्यूले उठाउनु भएको थियो र म अस्ति मात्रै पनि गृह मन्त्रालयमा मैले गृह मन्त्रीसँग भेटैं। यहि प्रदेश सभाको सदस्य माननीय राजेन्द्र पाण्डे पनि त्यहाँ हुनुहुन्थ्यो। अरु पार्टीका नेता साथीहरु पनि हुनुहुन्थ्यो। वहाँहरुको उपचार खर्च जो माग गर्नु भएको थियो त्यो उपचार खर्च हस्पिटलको कागजात आईसकेपछि त्यो उपचार खर्च दिने भन्ने सहमति गृह मन्त्रलायमा भएको छ र त्यो उपचार खर्च प्राप्त गर्ने क्रममा छ र त्यसैगरी त्यहि दिन बेलुका धादिङको खनीयाँबास गाँउपालिकाको वडा नम्बर ३ मा एउटा घटना घटेको छ। त्यसमा एक जना ब्यक्ति सन्त बहादुर तमाङ भन्ने मान्छेको मृत्यु भएको छ भने अर्को रत्न भन्ने रविन तामाङ घाईते हुनुहुन्छ र त्यो घटनामा संलग्न ४ जना अहिलेसम्म पक्राउ परेका छन् र ४ जना फरार रहेका छन् र उनिहरु माथि मुद्दा दायर भएर कानूनी कारबाहीमा वहाँहरु हुनुहुन्छ।

त्यसैगरि अर्को माननीयज्यूहरुले अत्यन्तै गम्भिरतापूर्वक उठाएको कुरा बल्खु देखि हेटौंडासम्म आउने बाटो कहिले बन्छ, सरकारको के छ भन्ने कुरा उठाउनु भएको छ। हामीले अत्यन्तै जोडतोडको साथ हामीले यो हेटौंडा आउने बाटो निर्माणको कामलाई मर्मतको कामलाई त्यसलाई अत्यन्तै तिव्रताको साथ त्यसलाई अगाडी बढाईराखेका छौं, काम भईराखेको छ। तैपनि सोचे अनुसार हुन सकेको छैन। सरकारले छुट्याएको बजेटहरु खर्च हुन सकेको छैन।

यतापट्टि दक्षिणकालीबाट सिस्नेरी हुदैं आउने बाटो पनि धेरै पटक म आफैं पनि मुख्यमन्त्री ज्यू सहित बसेर ठेकेदारसँग बसेर कुराकानी पनि भयो तर त्यो सोचे अनुसार काम हुन सकेको छैन तर अहिले हेटौंडा स्थायी राजधानी तोकिईसकेपछि छिटो भन्दा छिटो त्यो बाटो बनाउनु पर्छ भन्नेमा हामी सबैको सरकारको ध्यान छ। यहाँहरुले जो कुरा अत्यन्तै हामीलाई अफठ्यारो छ। बाटो राम्रो छैन हामीले त्यो आउने क्रममा त्यहाँबाट आउने क्रममा अत्यन्त सास्तीहरु भोगिराखेका छौं।

त्यतातिर सरकारको ध्यान अत्यन्तै गम्भिरतापूर्वक लागेको छ र मलाई लाग्छ छिटो भन्दा छिटो त्यो बाटो हामीले मर्मत गर्ने त्यसको त्यसको अलिअलि चौडा गर्ने र सिस्नेरीको बाटो पनि छिटो भन्दा छिटो त्यसको काम सक्नुपर्छ भन्नेमा सरकारले जोड गरिराखेको छ। माननीय सभामुख ज्यू, त्यसैगरी अर्को अत्यन्तै माननीय ज्यूहरुले उठाउनुभएको कुरा विकास तर्फको बजेट खर्च भएन, सरकारले काम गर्न सकेन भन्ने कुराहरु। यसमा के छ भने यहाँहरुले भन्या कुरा ठिकै हो, माननीय ज्यूहरुले उठाउनु भएको कुरा ठिकै हो यसमा मेरो आफ्नो तर्फबाट विमती छैन तर किन खर्च भएन भन्दा मलाई लाग्छ हामी यहाँ जति उपस्थित छौं सबैलाई थाहा छ।

किन खर्च हुदैन, बजेट किन खर्च भईराख्या छैन। मैले आज बिहान मात्रै हिजो सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा एउटा बैठक भएका रहेछ काठमाण्डौमा पेपरहरुमा हेर्दा खेरी। त्यहाँ न्युजहरु हेरैं, तपाईहामी सबैले त्यहि हेरेका छौं अनि हामीलाई अलिकति सरकारले काम गरेन किन गरेन भन्ने परिराख्या छ तर के हो भने हाम्रो विधि प्रक्रियाले हामीलाई छेकि राखेको छ। मैले पटकपटक मलाई लाग्ने कुरा मैले माननीय ज्यूहरुसँग पनि विभिन्न फोरमहरुमा राख्ने गरेको छु कि हाम्रो विधि प्रक्रियाले हामीलाई काम गर्न दिएको छैन। हाम्रो राजनितिक नेतृत्व कमजोर छ। स्थायी संयन्त्र बलियो छ।

संसदले पास गरेका बजेटहरु खर्च गर्ने क्रममा फेरि थुप्रै प्रक्रियाहरु पुरा गर्नु पर्ने र त्यो पुरा गर्दा गर्दै महिनौ लाग्ने। अहिले माननीय ज्यूहरुले उठाईराखु भएको छ प्रदेश क्षेत्र विकास कोषको पैसाको अख्तीयारीनै गएन। मलाई लाग्छ अर्थ मन्त्रालयले

अख्तियारी पहिल्यै पठाएको त्यो कहाँ रोकिएको छ। यस्ता थुप्रै कुराहरु छन् जुन तपाईं हामीले हाम्रो यो राज्य ब्यवस्थामा भोगिराखेका छौं र प्रदेश सरकार ति सबै कुराहरुलाई सुधार्ने त्यसलाई नयाँ बनाउने र छिटो भन्दा छिटो सरकारले ल्याएका बजेटहरु तपाई हामीले यो प्रदेश सभाबाट पास गरेका बजेटहरु खर्च गर्नु पर्छ भन्ने कुरामा सरकार अत्यन्तै चिन्तित छ। मेरो कुरा यति राख्छु। हवस् त धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय मैना अछामी, के कुरा राख्न खोज्नु भएको ?

माननीय मैना अछामीले राखेको कुरा म सरकारको ध्यानाकर्षण गराउन चाहान्छु।

माननीय सदस्यहरु, अब म माननीय मुख्यमन्त्रीको तर्फबाट माननीय आन्तरिक मामिला तथा कानून मन्त्री शालिकराम जमकट्टेललाई प्रदेश लोकसेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक सभामा पेश गर्न अनुमति दिन्छु।

**<u>माननीय शालिकराम जमकट्टेल, मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालयः</u>-** माननीय सभामुख ज्यू, सभामुख ज्यूको अनुमतिले प्रदेश लोकसेवा आयोग ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक सम्मानित सभामा पेश गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुखः</u>-** माननीय सदस्यहरु, अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, ब्यवहार र सुविधा सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकलाई अनुमति माग्ने प्रस्तावमाथि कुनै पनि माननीय सदस्यको विरोधको सुचना प्राप्त नभएकोले प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ को उपनियम (२) बमोजिम र प्रदेश बासिन्दाको समान सुरक्षा, ब्यवहार र सुविधा सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक प्रस्तुत गर्न अनुमति प्राप्त भएको घोषणा गर्दछु।

माननीय सदस्यहरु अब म माननीय मुख्यमन्त्रीको तर्फबाट माननीय आन्तरिक मामिला तथा कानून मन्त्री शालिकराम जमकट्टेललाई अन्तर प्रदेश बासिन्दाको समान

सुरक्षा, ब्यवहार र सुविधा सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक सभामा पेश गर्न अनुमति दिन्छु।

**<u>माननीय शालिकराम जमकट्टेल, मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय</u>ः-** माननीय सभामुख ज्यू, सभामुख ज्यूको अनुमतिले प्रदेश बासिन्दाको समान सुरक्षा, ब्यवहार र सुविधा सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक सम्मानित सभामा पेश गर्दछु। धन्यवाद।

**<u>माननीय सभामुख ः-</u>** माननीय सदस्यहरु अब अर्को बैठक मिति २०७६ साल माघ २८ गते मंगलबार दिनको ३ः०० बजे बस्ने गरी यो बैठक स्थगित हुन्छ।

**(तदनन्तर बैठक २०७६ साल माघ २८ गते मंगलवार दिनको ३:०० बजेसम्मका लागि स्थगित भयो।)**

**अन्त्य - दिनको ५:२५ बजे।**